www.rtf-usa.com

# वेस्टमिन्स्टर विश्वासको स्वीकारमा टिप्पणी:

ईश्वरशास्त्रीय विद्यार्थीहरू र बाइबल कक्षाहरूका लागि प्रश्नहरूको साथ

# A COMMENTARY ON THE WESTMINSTER CONFESSION OF FAITH

WITH QUESTIONS FOR THEOLOGICAL STUDENTS AND BIBLE CLASSES

ए. ए. होज

A. A. HODGE

RTF-USA WESTMINSTER STANDARDS SERIES

# वेस्टमिन्स्टर विश्वासको स्वीकारमा टिप्पणी:

# ईश्वरशास्त्रीय विद्यार्थीहरू र बाइबल कक्षाहरूका लागि प्रश्नहरूको साथ

**A Commentary on the**
**Westminster Confession of Faith:**

**With Questions for Theological Students and Bible Classes**


**ए. ए. होज द्वारा**
**डब्लु. एच. जी.**

**by A. A. Hodge**
**Edited by W. H. Goold**

**Originally published as *A Commentary on the (Westminster) Confession of Faith,* by A. A. Hodge.**

Published in London by T. Nelson and Sons, 1870.

Nepali Edition © 2024 by:

**Reformation Translation Fellowship (RTF-USA)**
3026 6th Ave.
Beaver Falls, PA 15010
www.rtf-usa.com

Contact Information: rtfdirector@gmail.com

FOR FREE DISTRIBUTION ONLY – NOT FOR SALE

# ब्रिटिस संस्करणको भूमिका
# (PREFACE to BRITISH EDITION)

वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्ति यस्तो लेखोट हो जसलाई जति होसियारिपूर्वक अध्ययन गरियो त्यति बढी बुझिनेछ । त्यहाँ कतिपय त्यस्ता उदाहरणहरू छन् जहाँ यसले साँच्चै जे सिकाउँछ त्यसको बारेमा गलत बुझाइको कारण कतिपय विमति वा आपत्तिहरू जनाइएका छन् । यो त यसलाई अपनाएका मण्डलीहरूको एक अधीनस्थ मापदण्ड मात्रै हो । यदि यो त्योभन्दा उच्च र पवित्र केही थियो – यदि यो जाँचपडताल र संशोधन गर्न नमिल्ने थियो भने– एक शब्दमा भन्नुपर्दा, यदि यसलाई कुनै अर्थ वा स्तरमा प्रेरित लेखोटका रूपमा व्यवहार गरिन्थ्यो भने– विश्वासको स्वीकारोक्तिका रूपमा स्पष्ट रूपमा यो लेखोट व्यर्थको हुनेथियो । किनकि मण्डलीले पवित्रशास्त्रलाई मात्र त्यसरी संशोधन गर्न नसकिने पवित्र लेखोटका रूपमा मान्दछ । तसर्थ यस्तो लेखोट मण्डलीद्वारा परीक्षणको लागि सदैव खुला राखिनुपर्छ : वर्तमान मान्यताहरू अनुरूप यसका सबै धर्मसिद्धान्तहरू परमेश्वरको वचनको सर्वोच्च र अचूक शिक्षाको मापदण्ड अनुकूल छन् कि छैनन् भन्ने निश्चय गर्नका लागि मात्रै होइन, तर यसका कथनहरू धर्मसिद्धान्तको सन्दर्भमा पूर्ण रूपमा शास्त्रसम्मत भए तापनि लक्षित अर्थ अझै सटीक तथा स्पष्ट रूपमा व्यक्त गर्नका लागि परिमार्जन गर्न सकिन्छ कि भन्ने निश्चय गर्न समेत । यस्तो विश्वासको स्वीकारोक्ति परिमार्जन गर्ने प्रस्ताव वास्तवमा यसप्रति साँचो श्रद्धा हुनसक्छ, समग्रतामा यसप्रति मण्डलीको धारणा र मतैक्य अभिव्यक्त गर्ने प्रशंसनीय उपायका रूपमा । यस्तो प्रस्तावलाई यस स्वीकारोक्तिका कुनै पनि सिद्धान्तप्रति विमतिबाट उत्पन्न भएको मान्नु आवश्यक छैन ।

यसबाहेक, असल विश्वासमा यसमा केही संक्षेपिकरणको लागि अनुरोध गर्न सकिन्छ, यसकारण कि यसमा यस्ता कतिपय कथनहरू छन् जुन आवश्यक छैनन्, या त पदीय जिम्मेवारीको जाँचको रूपमा वा मण्डलीको प्रभुभोजको सेवा कति पटक सञ्चालन गर्नुपर्छ भन्ने सन्दर्भमा, यद्यपि यी कथनहरू आफैमा

आपत्तिजनक नहुन सक्छन् । तर वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्तिचाहिँ मण्डलीद्वारा परिमार्जन वा काँटछाँट गरी संशधन गर्न सकिने मानवीय दस्तावेज हो भन्ने कुरा यसरी खुल्ला रूपमा स्वीकार गरेपछि, यसमा कुनै पनि असावधान छेडछाड हुन नदिने उत्तम उपायका रूपमा यसको शिक्षाको सारतत्त्व र दायरालाई राम्ररी बुझ्नु बाञ्छनीय छ ।

धर्मशास्त्रीय प्रमाण तथा उद्धारक कृपासँग तिनीहरूको सम्बन्धको जगमा यसमा निहित सत्यताहरू जुन अनुपातमा मानिसहरूको हृदय र विवेकमा ल्याइन्छन्, यो विश्वासको स्वीकारोक्तिले पवित्र आत्माको मन व्यक्त गरेको सीमासम्म यसलाई रूखो औपचारिकताका रूपमा मात्र लिइनेछैन; अनि यसले प्रकट गर्ने तार्किक सटीकता तथा सत्यताको सुसंगततामा, यसलाई इमानदारी र समझसाथ ग्रहण वा स्वीकार गर्नेहरूका लागि यो दस्तावेज आत्मिक जागृति र स्थिरता अनि सान्त्वनाको स्रोत प्रमाणित हुनेछ ।

यस पुस्तकमा डा. आर्चिबाल्ड अलेक्जेन्डर होजले उत्कृष्ठ काम गर्नुभएको छ । यो विस्तारित र विस्तृत टिप्पणी होइन, तर स्पष्ट रूपमा शिक्षाको लागि तयार पारिएको छ । विश्वासको स्वीकारोक्तिका प्रमुख बुँदाहरूलाई पर्याप्त पूर्णता र विशिष्ट स्पष्टतासाथ यसले कक्षाको शिक्षकलाई उनलाई चाहिने सबै सामग्री प्रदान गर्दछ, तर असान्दर्भिक विवरणद्वारा कहिल्यै अलमल्याउँदैन वा बोझ दिँदैन ।

लेखकको तर्क वा भाषामा समेत कुनै पनि हस्तक्षेपबिना अमेरिकी संस्करणमा भएका त्रुटिहरू सच्याउन, बाइबल सन्दर्भहरूको संख्या बढाउन, अनि यो संस्करणलाई ब्रिटिस प्रेस्बिटेरियन मण्डलीहरूका लागि अनुकूलन बनाउन ध्यान दिइएको छ ।

यो संस्करणलाई पूरा गर्नको लागि लेखकका पिता, प्रिन्सटन थियोलोजिकल कलेजका प्रतिष्ठित तथा आदरणीय व्यक्तित्व डा. चार्ल्स होजद्वारा प्रेस्बिटेरियन ईश्वरशास्त्रका बारेमा लेखिएको पुस्तिकाको पूरै खण्ड संलग्न गर्नु उचित ठानिएको छ । व्याख्यात्मक टिप्पणीको अन्त्यतिर यसको बारेमा बारम्बार चर्चा गरिएको छ, अनि त्यो पुस्तिका आफैमा प्रेस्बिटेरियन प्रशासनको यस्तो निपुण कथन हो कि यस पुस्तकमा त्यो पुस्तिका समावेश भएको पाउँदा पाठक अवश्य

आभारी हुनेछन् । अमेरिकी प्रस्बिटेरियन मण्डलीमा कुन अर्थमा यो विश्वासको स्वीकारोक्तिलाई ग्रहण गरिएको छ भन्ने बारेमा तिनै निपुण लेखकको एउटा लेख पनि समावेश गरिएको छ । यो पुस्तकका लेखक अमेरिकी मण्डलीका सदस्य हुनुभएको कारण धर्म र मण्डलीको सन्दर्भमा प्रशासकको शक्तिसँग सम्बन्धित खण्डहरूमा आवश्यक ठानिएका परिवर्तनहरू गरिएका छन् अनि विभिन्न प्रेस्बिटेरियन मण्डलीहरूले यस विषयमा पालन गर्ने कुराहरू छोटकरीमा संकेत गरिएका छन् ।

डब्लु. एच. जी.
(W. H. Goold)

# लेखकको भूमिका
## (Author's Preface)

सन् १८६८ मा अल्बानीमा भएमा आयोजित महासभाको क्रममालेखकले त्यस सहरको स्टेट स्ट्रिट मण्डलीका पास्टर रेभ. जि. सि. हेकम्यान (डि.डि.) बाट निमन्त्रणा पाएँप्रत्येक आइतबार दिउँसो मण्डलीमा सञ्चालन गरिने एउटा ठूलो र बुद्धिमान् कक्षाको भ्रमण गर्ने निमन्त्रणा प्रापत गरें । त्यो कक्षालाई आदरणीय एल्डर तथा सुसमाचारमा सहकर्मी इ. पी. डुरान्ट, स्काइरले विश्वासको स्वीकारोक्ति सिकाउने गर्नुहुन्थ्यो । ढाँचा तथा सफलता दुवैमा यो अभ्यास विश्वव्यापी रूपमा अनुकरणको योग्य देखियो ।

त्यो कक्षाको उद्देश्य सम्पूर्ण मण्डलीमा परमेश्वरका कुराहरूको अझै उच्च ज्ञान फैलाउनु, अनि हाम्रो आफ्नै सम्प्रदायको धर्मशिक्षा तथा सैद्धान्तिक मानकहरूको अझै जोसिलो र बुद्धिमान् बुझाइ विस्तार गर्नु साथै प्रशासक एल्डर, सबाथ स्कुल र बाइबल कक्षाका शिक्षक र साधारण प्रचारक आदिको महत्त्वपूर्ण जिम्मेवारीका लागि प्रत्येक युगमा यसका उत्तम सदस्यहरूलाई शिक्षित गर्नु रहेको थियो । सदस्यहरूको संख्या, चरित्र, बुद्धिमान् चासो र नियमित उपस्थितिले यसको सफलताको प्रमाण दिएका छन् जुन निकै अद्भुत तथा आनन्ददायी रहिआएको छ ।

त्यही समयमा विश्वासको स्वीकारोक्ति माथिको यो "व्याख्यात्मक टिप्पणी" तयार पार्ने योजना बनेको थियो । यसमा प्रमाणहरू र दृष्टान्तहरूसहित यसका अध्यायहरू र खण्डहरूको विश्लेषण समावेश गरिएको छन् अनि विद्यार्थी र शिक्षक दुवैको सुविधाको लागि प्रश्नहरू पनि दिइएका छन् ।

यो कुनै पनि अर्थमा विवादास्पद छैन । यसले पाठको स्वाभाविक, स्पष्ट र आम रूपमा स्वीकृत अर्थ खोल्ने लक्ष्य राख्छ । यसको उद्देश्य बाइबल कक्षाका विद्वानहरू, ईश्वरशास्त्रका विद्यार्थीहरू, प्रशासक एल्डरहरू र सेवकहरूका माझमा यो ख्रीष्टियन सत्यताको उत्कृष्ठ सँगालोको अध्ययनलाई प्रेरित गर्नु र सहजीकरण गर्नु नै हो । उहाँहरू सबैको निम्ति यो पुस्तक समर्पित गरिन्छ ।

हालसालै प्रेस्बिटेरियन मण्डली परिवारहरूका साझा मापदण्डहरूप्रति ठूलो कदर देखाइएको छ । सबै परिभाषाजनक खण्डहरू खारेज गर्दै वर्तमान समयमा दुई ठूला सम्प्रदायहरू यी "शुद्ध र सरल मानकहरू" को जगमा एकीकृत हुने सम्भावना देखिन्छ । हामी यसलाई खुशीसाथ स्वागत गर्छौं अनि हरेक पक्षबाट यी मापदण्डप्रति बढ्दो चासो र अध्ययनको कृतज्ञतापूर्वक अपेक्षा गर्दछौँ । कुनै पक्षले यो सामग्रीको कुनै खण्डको व्याख्या गर्न चाहेमा यो सानो "व्याख्यात्मक टिप्पणी" ले त्यसलाई रोक्ने नियत राख्दैन । यो त निष्पक्ष भावनमा यस्तो अध्ययन प्रवर्द्धन गर्ने अनि यिनीहरूलाई हार्दिकतापूर्वक प्रेम गर्ने र यिनीहरूका वरिपरि एकाकार हुनेहरूको सामु र निम्ति यी मापदण्डहरूको सरल र स्वाभाविक अर्थ खोलिदिने निष्कपट चाहनासाथ लेखिएको हो ।

ए. ए. एच.
(A. A. Hodge)
एलेगेमी सिटी, पिए, अप्रिल ३०, १८६९

# विषय सूची

**ब्रिटिस संस्करणको भूमिका(Preface to British Edition)**.............. iii
**लेखकको भूमिका(Author’s Preface)**.................................................. vii

## परिचय

### अध्याय १. –विश्वासका सार र स्वीकारोक्तिहरूको संक्षिप्त इतिहास

धर्मशास्त्र विश्वास र अभ्यासको एक मात्र मानक– व्याख्याको सन्दर्भमा मानिसको भूमिका– विश्वासका सारहरूको उत्पत्ति– विश्वासका सार र स्वीकारोक्तिहरूको साँचो प्रयोग– व्यक्ति र सार्वजनिक अधिकारीहरूमाथि फरक फरक शर्तहरू लागु हुन्छन्– मूल सिनोडको "अङ्गीकार गरिएको" – वर्तमान रूपमा मापदण्डहरूको अन्तिम अनुकूलन, सन् १७८८ – १. सम्पूर्ण मण्डलीको विश्वासको प्रतिनिधित्व गर्ने प्राचीन विश्वासका सारहरू; अर्थात् प्रेरितहरूको विश्वासको सार, निसियाको विश्वासको सार, अथानासियसको विश्वासको सार, अनि एफिसस र चाल्सिडोनका परिषदहरूका – २. धर्मसुधारको समयदेखि मण्डलीका विभिन्न शाखाहरूको विश्वासका सार र स्वीकारोक्तिहरू: (१) रोमी मण्डलीको धर्मशिक्षाको मापदण्ड – (२) ग्रिक मण्डलीको धर्मशिक्षाको मापदण्ड – (३) लुथरन मण्डलीका स्वीकारोक्तिहरू – (४) रिफर्म्ड वा काल्विनिस्ट मण्डलीहरूका स्वीकारोक्तिहरू – अमेरिकाका प्रेस्बिटेरिएन र कंग्रिगेसनालिस्टहरूद्वारा वेस्टमिन्स्टर स्वीकारोक्ति र प्रश्नोत्तरमाला अङ्गिकार.......................................................................................... xxix

### अध्याय २. – वेस्टमिन्स्टर स्वीकारोक्ति र प्रश्नोत्तरमाला विकासको संक्षिप्त विवरण

प्रोटेस्टेन्ट स्वीकारोक्तिहरू सामान्यतया कस्तो भावमा सृजना गरिन्थे "डोर्टको सिनोडका मापदण्डहरू" र द "वेस्टमिन्स्टर स्वीकारोक्ति"– स्कटल्याण्डको धर्मसुधार, यसको विकास, चरित्र, र राजनीतिक प्रभाव – "राष्ट्रिय करार," सन्

१६८८, र "गम्भीर संघ र करार," सन् १६४३ – इंग्ल्याण्डको धर्मसुधार, यसको विकास, चरित्र, र प्रभाव –स्टुआर्टहरूको अत्याचार – दीर्घ संसद् – वेस्टमिन्स्टरमा धर्मगुरूहरूको सभा आह्वान गर्ने अध्यादेश – सभाको बनोट – यसको संरचना –प्रतिनिधित्व गरिएका विभिन्न –"आराधना, प्रशासन र अनुशासन निर्देशिका" को तयारी –विश्वासको स्वीकारोक्ति र प्रश्नोत्तरमालाको – संसद्द्वारा प्रेस्बिटेरियन मण्डलीको स्थापना – संसद् र स्कटल्याण्डको सभाद्वारा विश्वासको स्वीकारोक्ति अनुमोदन – दीर्घ संसद्को विगठन – अमेरिकामा मौलिक प्रेस्बिटेरियन सिनोडद्वारा वेस्टमिन्स्टर मापदण्डहरूको अनुमोदन सन् १७२९ – प्रशासकीय अधिकृतहरू सम्बन्धी खण्डहरूबारे अपवाद र परिवर्तन.......... xlvii

## विश्वासको स्वीकारोक्तिमाथि व्याख्यात्मक टिप्पणी

## अध्याय १. – पवित्र धर्मशास्त्रका बारेमा

खण्ड १. यसले सिकाउँछ — (१) प्रकृतिको प्रकाशको कारण मानिससँग कुनै बहाना छैन । (२) तर यो मुक्ति प्राप्त गर्नको लागि पर्याप्त छैन । (३) त्यसैकारण परमेश्वरले विभिन्न समयमा मानव जातिका कृपाप्राप्त अंशकहाँ आफ्नो अलौकिक प्रकटीकरण दिनुभएको छ । (४) यो प्रकटीकरण लिपिबद्ध गरिएर पवित्र धर्मशास्त्रमा मात्रै उपलब्ध छ ।

खण्ड २ र ३ ले सिकाउँछ – (१) यी पवित्र शास्त्रमा पुरानो र नयाँ करार र त्यहाँ नाम तोकिएका सबै पुस्तकहरू समावेश छन् । (२) "अपोक्रिफा" वा अस्पष्ट पुस्तकहरू पवित्रशास्त्रको प्रमाणिक मापदण्डमा पर्दैनन् । (३) सबै प्रामाणिक पुस्तकहरू परमेश्वरद्वारा प्रेरित थिए, त्यसैले विश्वास र अभ्यासका अचूक र आधिकारिक नियम हुन् ।

खण्ड ४ र ५ ले सिकाउँछ – (१) पवित्र धर्मशास्त्रको अख्तियार मण्डलीमा होइन, तर सिधै परमेश्वरमा भर पर्छ (२) यसका आन्तरिक विशेषताहरूले पवित्र

धर्मशास्त्र ईश्वरीय लेखोट भएको प्रमाणित गर्छन्, (३) यसको उच्चतम प्रमाण चाहिँ हृदयमा आत्माको प्रत्यक्ष काम हो ।

खण्ड ६ ले सिकाउँछ – (१) पवित्र धर्मशास्त्र विश्वास र अभ्यासको *पूर्ण* नियम हो । (२) वर्तमान युगमा यसमा केही पनि थप्नु पर्दैन वा यसको स्थान लिन सक्दैन । (३) तापनि प्रत्येक व्यक्तिको लागि पवित्र आत्माद्वारा आत्मिक व्याख्यात्मक प्रकाश आवश्यक छ । (४) परमेश्वरको अगुवाइअनुसार मानिसहरूले व्यावहारिक विवरणहरूमा प्रकट गरिएका सिद्धान्तहरू लागु गर्नुपर्छ ।

खण्ड ७. ले पुष्टि गर्छ कि पवित्र धर्मशास्त्र सुस्पष्ट छ ।

खण्ड ८ ले सिकाउँछ – (१) विश्वासको पूर्ण नियम मौलिक भाषाहरूमा लेखिएको पवित्र धर्मशास्त्र हो । (२) हामीसँग वास्तवमै शुद्ध र भरपर्दो पाठ छ । (३) त्यसलाई सबै मानिसहरूका भाषाहरूमा अनुवाद गरिनुपर्छ ।

खण्ड ९ र १० ले सिकाउँछ – (१) पवित्रशास्त्रको व्याख्याको लागि एक मात्र अचूक नियम पवित्रशास्त्र स्वयं हो । (२) धर्मसम्बन्धी सबै विवादहरूमा पवित्रशास्त्र नै सर्वोच्च न्यायाधीश हो । ........................................................................ 1

## अध्याय २. – परमेश्वर र पवित्र त्रिएकत्वका बारेमा

खण्ड १ र २ ले सिकाउँछ – (१) एक मात्र जीवित र सत्य परमेश्वर हुनुहुन्छ । (२) परमेश्वर शारीरिक अंगहरू वा मानवीय संवेगबिनाका स्वतन्त्र आत्मा हुनुहुन्छ, (३) उहाँ आफैमा सारा पूर्णता छ । (४) उहाँका सृष्टिको सन्दर्भमा उहाँसँग सारा सापेक्ष पूर्णता छ । (५) उहाँ आफै अस्तित्वमा रहने अनि आफ्ना सबै सृष्टिको पूर्ण रूपमा स्वतन्त्र पारिपालक, मालिक र प्रबन्धक हुनुहुन्छ ।

खण्ड ३ ले सिकाउँछ – (१) पिता, पुत्र, र पवित्र आत्मा प्रत्येक समान रूपमा एक परमेश्वर हुनुहुन्छ, अनि उहाँहरूमा साझा रूपमा सबै ईश्वरीय सिद्धताहरू छन् । (२) उहाँहरू तीन अलग व्यक्तिहरू भए तापनि एकै तत्त्वका हुनुहुन्छ । (३)

उहाँहरू एकअर्कामा निश्चित व्यक्तिगत गुणहरू र कामका शैलीहरू र प्रकटीकरणद्वारा भिन्न हुनुहुन्छ– जस्तै, आदि । ............................................ 29

## अध्याय ३. – परमेश्वरको अनन्त अभिप्रायका बारेमा

खण्ड १ र २ । ले सिकाउँछ – (१) परमेश्वरले अनन्ततादेखि नै आफ्ना सबै कार्यमा एउटा अपरिवर्तनीय योजना पछ्याउनुभएको छ । (२) यो योजनाले हुन आउने सबै कुरा र घटनाहरू समावेश गर्छ । (३) यो योजना समग्र रूपमा र यसका सबै खण्डहरूमा पूर्ण रूपमा सार्वभौम अभिप्राय हो । (४) यो अभिप्राय यसका सबै उद्देश्यहरूको सन्दर्भमा निश्चय नै प्रभावकारी छ । (५) यो यसका सबै खण्डहरूमा उहाँको आफ्नै सिद्धतासँग सुसंगत छ (६) यो यसद्वारा प्रभावित सारा सृष्टिसँग सिद्ध रूपमा सुसंगत छ ।

खण्ड ३, ४ र ५ ले पुष्टि गर्छ– (१) परमेश्वरको अनन्त उद्देश्यले कस-कसलाई विश्वासद्वारा प्रभावकारी रूपमा उद्धारमा बोलाइनेछ, अनि बाँकीचाहिँ तिनीहरूको पापको लागि दोषी ठहरिनेछन् भन्ने निर्धारण गर्छ । (२) यो निर्णय अपरिवर्तनीय छ । (३) यो पहिल्यै देखिने विश्वास मा वा आज्ञाकारितामा भर पर्दैन, तर उहाँको आफ्नै बुद्धिअनुसार सार्वभौम रूपमा निर्धारण गरिएको हुन्छ । (४) उहाँको चुनाउको अन्तिम उद्देश्य उहाँको महिमित अनुग्रहको प्रशंसा हो ।

खण्ड ६ ले पुष्टि गर्छ–(१) परमेश्वरको सर्वव्यापक उद्देश्यले उहाँले ल्याउनु चाहनुभएका सबै साधन र सर्तहरू साथै सबै अन्तिम लक्ष्य निर्धारणा गर्दछ, अनि तार्किक क्रममा अन्तिम लक्ष्य साधनभन्दा पहिले आउँछ । (२) मानव जातिको छुटकाराको सन्दर्भमा "लक्ष्य" भनेको चुनिएकाहरूको उद्धार हो— "साधन" चाहिँ ख्रीष्टद्वारा छुटकारा, पुनर्जीवन, पवित्रिकरण हो, आदि । (३) त्यसकारण "साधन" तिनीहरूका लागि मात्रै प्रयोग गरिनुपर्छ जसको लागि "लक्ष्य" निर्धारित गरिएको छ; अर्थात् ख्रीष्टद्वारा छुटकारा दिइएका, प्रभावकारी रूपमा बोलाइएकाहरूका लागि मात्रै, आदि ।

खण्ड ७ ले पुष्टि गर्छ –(१) कतिपयलाई अनुग्रहको लागि सार्वभौम रूपमा नियुक्त गरिएको छ भन्ने कुरामा नचुनिएकाहरूलाई त्यो अनुग्रह दिइएको छैन भन्ने कुरा पनि समावेश छ (२) परमेश्वरले नचुनिएकाहरूसँग कठोर न्यायको सिद्धान्तको आधारमा व्यवहार गर्नुहुन्छ र तिनीहरूलाई तिनीहरूको पापका लागि दोषी ठहर्याउनुहुन्छ ।

खण्ड ८ ले सिकाउँछ कि यो सिद्धान्त एउटा ठूलो रहस्य हो र यसलाई विशेष होसियारीसाथ चलाउनुपर्छ । ........................................................................ 51

## अध्याय ४. – सृष्टिका बारेमा

खण्ड १ ले सिकाउँछ–(१) न त प्राथमिक पदार्थ न त ब्रह्माण्डको रूप न त यसको कुनै पनि खण्ड स्व-अस्तित्ववान वा अनन्त छ । (२) त्रिएक परमेश्वरले मूल रूपमा ब्रह्माण्डका प्राथमिक पदार्थहरू शुन्यताबाट सृष्टि गर्नुभयो र तिनीहरूले लिने सारा रूपहरू व्यवस्थित गर्नुभयो; अनि यो पृथ्वीलाई छ दिनमा यसको वर्तमान अवस्थामा पुनःसंरचना गर्नुभयो । (३) पूरा गरिँदा, परमेश्वरका सबै कामहरू धेरै असल थिए, प्रत्येक आ-आफ्नै जात-जातका । (४) उहाँको सृष्टिमा परमेश्वरको अन्तिम लक्ष्य उहाँको आफ्नै महिमाको प्रकटीकरण थियो ।

खण्ड २ ले सिकाउँछ–(१) मानिस सबै प्राणीहरूभन्दा अन्तिममा परमेश्वरद्वारा सृष्टि गरिएको थियो । (२) सम्पूर्ण मानव परिवार एउटै जोडीबाट आएको छ । (३) परमेश्वरले मौलिक रूपमा मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो –(क) एक व्यक्तिगत आत्मा– (ख) अन्य प्राणीहरूमाथि अधिकार भएको एक बुद्धिमान्, धर्मी, र पवित्र आत्मा । (४) परमेश्वरले आदमलाई एक सिद्ध अवस्थामा नैतिक स्वभाव र उहाँको इच्छाको एक सकारात्मक प्रकाश दिनुभयो । (५) तर आज्ञाकारिताको योग्य हुँदाहुँदैपनि आदमलाई एउटा विशेष जाँचअन्तर्गत भूलचूक गर्नसक्ने क्षमता दिइएको थियो । ....................................................... 75

**अध्याय ५. – ईश्वरीय प्रबन्धका बारेमा**

खण्ड १ ले सिकाउँछ—(१) परमेश्वरले उहाँको सबै सृष्टिलाई अस्तित्वमा कायम राख्नुहुन्छ, उहाँले तिनीहरूलाई दिनुभएका गुण र सक्रिय शक्तिको स्वामित्व र अभ्याससाथ (२) परमेश्वरले उहाँका सृष्टिका सबै कार्यहरूलाई तिनीहरूको आ-आफ्नो गुण र सम्बन्धअनुसार निर्देशित गर्नुहुन्छ । (३) यो ईश्वरीय नियन्त्रण उहाँका सबै सृष्टि र तनीहरूका सबै कार्यहरूमा विस्तार हुन्छ । (४) यो समयको क्रममा उहाँको अनन्त उद्देश्यको सुसंगत कार्यान्वयन हो । (५) यसको अन्तिम लक्ष्य उहाँको आफ्नै महिमाको प्रकटीकरण हो ।

खण्ड २ र ३ ले सिकाउँछ–(१) प्रत्येक प्राणी र घटनामाथि परमेश्वरको ईश्वरीय नियन्त्रण निश्चय नै प्रभावकारी छ । (२) तरिकाको सन्दर्भमा, प्रत्येक मामिलामा यो निश्चय नै यसको अधीनमा पात्रको स्वभावसँग सुसंगत छ । (३) परमेश्वरले सामान्यतया आफ्ना उद्देश्यहरू द्वितीय कारणहरूका पात्रद्वारा पूरा गर्नुहुन्छ । (४) तथापि, कहिलेकहीँ आफ्नै सामर्थ्यको प्रत्यक्ष शक्तिद्वारा तुरुन्तै ।

खण्ड ५ ले सिकाउँछ–(१) परमेश्वरले पापमय कार्यहरूलाई अनुमति मात्रै दिनुहुन्न, तर उहाँले तिनीहरूलाई निर्देशन र नियन्त्रण गर्नुहुन्छ । (२) तथापि, ती कार्यहरूको पापीपन त्यो पाप गर्ने कर्ता वा पात्रबाट मात्रै आएको हुन्छ अनि कुनै पनि अवस्थामा परमेश्वर पापको स्रोत/कर्ता वा अनुमोदनकर्ता हुनुहुन्न ।

खण्ड ५, ६ र ७ ले सिकाउँछ–(१) परमेश्वरको आम प्रबन्धमा विभिन्न अलग अलग प्रणालीहरू समावेश छन् । (२) तिनीहरू एकअर्कामा एउटा निश्चित क्रममा अधीनस्थ छन् – सामान्य प्रणाली विशेष प्रणालीको अधीनमा, भौतिक नैतिकको अधीनमा र नैतिक आत्मिकको अधीनमा । (३) पवित्र आत्माको अनुग्रही प्रभावसँग ईश्वरीय प्रबन्धको सम्बन्ध अनि "प्रभावकारी" अनुग्रहसँग "आम" अनुग्रहको सम्बन्ध । (४) परमेश्वरका मानिसहरूको अनुशासन । (५) पापीहरूको न्यायिक परित्याग । ........................................................................ 91

# अध्याय ६. – मानिसको पतन, पाप र त्यसको दण्डका बारेमा

खण्ड १ ले सिकाउँछ-(१) हाम्रा प्रथम आमाबाबु पवित्र सृष्टि गरिए तापनि र पर्याप्त ज्ञान पाएर पनि पाप गरे । (२) उनीहरूको पाप निषेधित फल खानु थियो । (३) उनीहरू शैतानद्वारा परीक्षामा पारिए । (४) ईश्वरीय अनुमतिद्वारा हुन आएको यो पाप ईश्वरीय योजनामा थियो (५) परमेश्वरले यसलाई उहाँको आफ्नै महिमाको लागि तयार पार्नुभएको थियो । पापको उत्पत्तिमा संलग्न दोहोरो रहस्य कथन र विचार गरिन्छ ।

खण्ड २ ले सिकाउँछ-(१) यस पापद्वारा उनीहरू परमेश्वरसँगको संगतिबाट तुरुन्तै अलग गरिए । (२) अनि फलस्वरूप सबै मौलिक धार्मिकता गुमाए । (३) अनि पापमा मृत र पूर्ण रूपमा अपवित्र बने । (४) यो नैतिक भ्रष्टता आत्मा र शरीरका सबै क्षेत्र र खण्डहरूमा फैलिएको छ ।

खण्ड ३ र ४ ले सिकाउँछ-(१) आदमसारा मानव जातिका प्राकृतिक र प्रशासनिक (करारगत) शिर दुवै थिए । (२) उनको पापको दण्डका परिणामहरू उनका सबै सन्तानहरूमाथि वास्तवमै लागु भयो । (३) त्यसैकारण तिनीहरू सबैले उनको नैतिक भ्रष्टता उत्तराधिकारमा प्राप्त गर्छन् । (४) यो जन्मजात भ्रष्टता असल कुराप्रति पूर्ण रूपमा वितृष्णा र अक्षमता अनि सबै खराबप्रति झुकाव राख्छ । (५) यस भित्री अवस्थाबाट सबै वास्तविक पापहरू गरिन्छन् ।

खण्ड ५ र ६ ले सिकाउँछन् - (१) जन्मजात नैतिक भ्रष्टता उनीहरू जीवित रहुञ्जेल नयाँ जन्म पाएको व्यक्तिमा समेत रहन्छ । (२) उनीहरूका लागि यो ख्रीष्टको खातिर क्षमा गरिन्छ । (३) यसलाई सामान्यतया क्रमिक रूपमा पवित्र आत्माद्वारा अधीनतामा ल्याइन्छ । (४) यसमा बाँकी रहेको सबै कुरामा पाप स्वभाव निहित हुन्छ । (५) मौलिक पाप (आत्माको भ्रष्ट बानी) वास्तविक अपराध जत्तिकै परमेश्वरको व्यवस्थाको उल्लंघन हो । (६)मौलिक होस् वा वास्तविक, सबै पापदण्डको योग्य छ । (७) अनुग्रहले नरोकेसम्म सबै पाप मृत्यु हो । ......... 111

## अध्याय ७. – मानिससँग परमेश्वरको करारका बारेका

खण्ड १ र २ ले सिकाउँछ - (१) प्रत्येक प्राणी यसका सृष्टिकर्ताप्रति एक जरुरी र असीमित ऋणमा छ । (२) तर सृष्टि गरिएका प्राणीद्वारा सृष्टिकर्ताको फल सार्वभौम अनुग्रहको कुरा हो । (३) मानिसहरू र स्वर्गदूतहरूले उनीहरूले पालन गर्नुपर्ने आज्ञाकारिता पालन गरेको खण्डमा परमेश्वर उनीहरूलाई इनाम दिन प्रसन्न हुनुहुन्छ ।

(४) यो करारमा आदम उनका सन्तानहरूका प्रतिनिधि हुन् । (५) यो करारको प्रतिज्ञा जीवन अनि यसको शर्त सिद्ध आज्ञाकारिता थियो ।

खण्ड ३ र ४ –अनुग्रहको करारबारे आर्मिनिसवादीर काल्विनवादी दृष्टिकोणको भिन्नता । काल्विनवादी दृष्टिकोण कथन र प्रमाणसाथ समर्थन ।

खण्ड ५ र ६ - (१) विभिन्न रूपमा लागु गरिएको भए तापनि यो करार एउटै हो । (२) पुरानो करार अन्तर्गत यसको कार्यान्वयन कथन । (३) नयाँ करार अन्तर्गत यसको कार्यान्वयन कथन । ........................................................................ 137

## अध्याय ८. – मध्यस्थकर्ता ख्रीष्टका बारेमा

खण्ड १ ले सिकाउँछ- (१) करारद्वार मण्डलीको प्रमुख परमेश्वर-मानव हुनुहुन्छ । (२) उहाँको मध्यस्थकर्ताको पदले अगमवक्ता, पुजारी र राजाका तीन वटा कार्यहरू समावेश गर्छ । (३) मध्यस्थकर्ताका रूपमा, ख्रीष्ट आफ्नो मण्डलीको शिर, सबै थोकका उत्तराधिकारी र संसारका न्यायकर्ता हुनुहुन्छ ।

खण्ड २ ले सिकाउँछ-(१) ख्रीष्ट साँचो मानिस हुनुहन्थ्यो । (२) उहाँ पूर्ण रूपमा पापरहित हुनुहुन्थ्यो । (३) उहाँ परमेश्वर नै हुनुहुन्थ्यो, त्रिएकत्वका दोस्रो व्यक्ति । (४) परमेश्वर-मानव एक व्यक्ति हुनुहुन्थ्यो । (५) यी एकल व्यक्ति पिताका अनन्त पुत्र हुनुहुन्थ्यो । (६) उहाँका दुई भिन्न स्वभावहरू कायमै छन् ।

खण्ड ३ र ४ ले सिकाउँछ- (१) ख्रीष्टको मानव स्वभाव उहाँको देहधारणाद्वारा निक्कै उच्च पारियो । (२) परमेश्वर-मानवका रूपमा ख्रीष्टले सबै मध्यस्थकारी कार्य गर्नुहुन्छ । (३) पिताद्वारा उहाँको नियुक्तिको आधारमा ख्रीष्टले कार्य गर्नुहुन्छ । (४) उहाँले स्वेच्छाले यो काम गर्नुहुन्छ । (५) उहाँले आफ्नो महिमिकरणको अवस्थामा र (६) आफ्नो नम्रताको अवस्थामा मध्यस्थकर्ताको रूपमा कार्य गर्नुहुन्छ ।

खण्ड ५ र ६ ले सिकाउँछ -(१) ख्रीष्टले आफ्ना मानिसहरूको लागि मूल्य तिर्नुभयो (क) उहाँको आज्ञाकारिताद्वारा, (ख) उहाँको कष्टभोगद्वारा । (२) उहाँले कठोर न्यायमा तिनीहरूका लागि पूर्ण रूपमा मूल्य तिर्नुभयो । (३) उहाँले तिनीहरूको लागि प्राप्त गरिदिनुभयोः (क) पापको क्षमा, (ख) एक अनन्त उत्तराधिकार । (४) यो छुटकाराका लाभहरू उहाँका मानिसहरूमा पवित्र आत्माद्वारा लागु गरिन्छन् ।

खण्ड ७ लेसिकाउँछ- (१) ख्रीष्टका प्रत्येक स्वभावका गुणहरू मध्यस्थकर्ताका रूपमा उहाँका सबै कार्यहरूमा अभ्यास गरिन्छन् । (२) व्यक्तिका रूपमा उहाँ कुनै पनि स्वभावमा हुन सक्नुहुन्छ अनि कुनै पनि स्वभावका गुणहरू उहाँमा हुन सम्भव छ ।

खण्ड ८ ले सिकाउँछ-(१) मध्यस्थकारी राजाका रूपमा ख्रीष्टले उहाँको छुटकारा तिनीहरूमा लागु गर्नुहुन्छ जसलाई उहाँले प्रायश्चित गर्नुभयो । (३) यो (क) अन्तर्बिन्ती, (ख) प्रकाश, (ग) प्रभावकारी बोलावट र (घ) ईश्वरीय प्रबन्धहरूद्वारा लागु हुन्छ ।

(३) उहाँले निश्चय नै यो छुटकारा "ती सबैका लागि लागु गर्नुहुन्छ जसको लागि उहाँले यसलाई किन्नुभएको छ ।" ........................................................................ 157

## अध्याय ९. – स्वतन्त्र इच्छाशक्तिका बारेमा

खण्ड १ ले सिकाउँछ कि मानिसलाई तार्किक र आत्म-निर्णयको नैतिक शक्ति

प्रदान गरिएको छ ।

खण्ड २, ३, ४ र ५ लेमानव स्वतन्त्रताका विशिष्ट अवस्थाहरूबारे सिकाउँछ । (१) मौलिक निर्दोषिताको अवस्थामा । (२) पापको वर्तमान अवस्थामा । (३) पृथ्वीमा सन्तहरूको अपूर्ण रूपमा पवित्रीकरण गरिएको अवस्थामा । (४) महिमाको अवस्थामा । .................................................................................................... 199

**अध्याय १०. – प्रभावकारी बोलावटका बारेमा**

खण्ड १ र २ ले सिकाउँछ-(१) कि मानिसहरूलाई उद्धार गर्नको लागि भित्री तथा बाहिरी बोलावट आवश्यक छ । (२) यो चुनिएकाहरूसँग मात्रै सम्बन्धित छ । (३) पवित्र आत्माले सत्यताद्वारा यसलाई चलाउनुहुन्छ । (४) यसमा ईश्वरीय शक्तिको प्रभावकारी कार्य संलग्न हुन्छ । (५) यसले सम्पूर्ण मानिसको नैतिक अवस्थामा आमूल रूपान्तरण ल्याउँछ ।

खण्ड ३ ले सिकाउँछ कि शिशुहरू र सत्यता थाहा पाउन नसक्ने अरूलाई सत्यताबिना नै पवित्र आत्माले पुनर्जीवन दिनुहुन्छ ।

खण्ड ४ ले सिकाउँछ-(१) नचुनिएकाहरू निश्चय नै नष्ट हुनेछन्, तर तिनीहरूले स्वतन्त्र रूपमा ख्रीष्टलाई इन्कार गरेको कारण । (२) मानिसहरू ख्रीष्टद्वारा मात्रै बचाइन सक्छन् । (३) मानसिक रूपमा स्वस्थ वयस्कहरूको मामिलामा ख्रीष्ट र उहाँको कामको ज्ञान आवश्यक छ । ........................................................ 215

**अध्याय ११. – धर्मीकरणका बारेमा**

खण्ड १ र २ ले सिकाउँछ - (१) प्रभावकारी रूपमा बोलाइएकाहरू मात्रै धर्मी ठहराइनछन् । (२) धर्मीकरण परमेश्वरको न्यायिक कार्य हो अनि धर्मी ठहराइएको व्यक्ति कानुनको नजरमा धर्मी वा सही छ भन्ने घोषणा हो । (३) कुनै व्यक्तिमाथि यो ख्रीष्टको धार्मिकता प्रदान गरिएपछि यसो हुन्छ । (४) यो धार्मिकता

प्रदान विश्वासमा आधारित हुन्छ । (५) यो विश्वास परमेश्वरको वरदान हो (६) विश्वासले मात्रै धर्मी ठहराउँछ तर त्यो विश्वास एकलै हुँदैन ।

खण्ड ३ ले सिकाउँछ-(१) ख्रीष्टद्वारा कानूनी रूपमा पूरै तिरिएको मूल्यद्वारा धर्मीकरण प्राप्त हुनछ । (२) तापनि यो सित्तैँको अनुग्रहको एक अद्‌भुत कार्य हो ।

खण्ड ४ ले सिकाउँछ कि तिनीहरूले ख्रीष्टमा विश्वास नगरेसम्म चुनिएकाहरू धर्मी ठहर्रिँदैनन् ।

खण्ड ५ र ६ ले सिकाउँछ- (१) कि धर्मी ठहराइएका मानिसहरू पापको कारण अस्थायी रूपमा परमेश्वरको क्रोधमा पर्न सक्छन् तर अन्त्यमा त्यागिने छैनन् । (२) पुरानो करारका विश्वासीहरू पनि नयाँ करारका विश्वासीहरूजस्तै सोही सिद्धान्तका आधारमा धर्मी ठहराइका थिए । ............................................ 233

## अध्याय १२. – परमेश्वरका सन्तानका रूपमा ग्रहणका बारेमा

पुनर्जीवन, विश्वास, धर्मीकरण, पवित्रीकरण र सन्तानका रूपमा ग्रहणको सम्बन्ध । सन्तानका रूपमा ग्रहण गरिनुका तत्त्व र परिणामहरू । ....................... 255

## अध्याय १३. – पवित्रीकरणका बारेमा

योअध्यायले सिकाउँछ - (१) पुनर्जीवनमा प्रत्यारोपित अनुग्रही सिद्धान्त पवित्रीकरणमा क्रमशः विकसित हुन्छ । (२) पवित्रीकरण नकारात्मक र सकारात्मक दुवै हुन्छ । (३) यसले सम्पूर्ण व्यक्तिलाई समावेश गर्छ । (४) यस जीवनमा यो कहिल्यै पनि सिद्ध हुँदैन । (५) ताथापि, अनुग्रहमार्फत यो कहिल्यै विफल हुने छैन । ............................................................................. 259

## अध्याय १४. – उद्धारक विश्वासका बारेमा

उद्धारक विश्वास परिभाषित गरिन्छ । खण्ड १ ले सिकाउँछ-(१) उद्धारक

विश्वासको पवित्र आत्माको काम हो, (२) वचनद्वारा, (३) अनि यो पवित्र विधि र प्रार्थनाद्वारा बलियो बनाइन्छ ।

खण्ड २ ले सिकाउँछ-(१) उद्धारक विश्वास वचनमा बोल्नुहुने परमेश्वरको सत्यतामा अडेको हुन्छ । (२) यसले वचनका सबै सामग्री समेट्छ । (३) यो मनको एक जटिल अवस्था हो जुन यसको विषयवस्तुहरूसाथ भिन्न हुन्छ । (४) धर्मी ठहराउने विश्वासको विशिष्ट कार्यमा (क) सहमति र (ख) भरोसा समावेश हुन्छन् ।

खण्ड ३ ले सिकाउँछ-(१) साँचो विश्वास विभिन्न व्यक्तिहरूमा फरक स्तरमा हुन्छ अनि उही व्यक्तिमा पनि विभिन्न समयमा फरक स्तरमा हुन्छ । (२) यसमाथि आक्रमण गरिन्छ र अक्सर कमजोर बनाइन्छ तर यसले सधैँ जित हासिल गर्छ । (३) समय क्रममा यो वृद्धि हुँदैजान्छ र पूर्ण निश्चयताको नापसम्म पुग्छ । ... 273

## अध्याय १४. – जीवनको निम्ति पश्चात्तापका बारेमा

खण्ड १ र २ ले सिकाउँछ कि - (१) साँचो पश्चात्ताप (क) अपराध र पाप बोध, (ख) ख्रीष्टमा दया पाइने आशामा अडेको हुन्छ । (२) यसमा (क) पापप्रति घृणा, (ख) परमेश्वरतर्फ फर्कने (ग) एक नयाँ आज्ञाकारिताको प्रयत्न काम समावेश हुन्छ । (३) यो कर्तव्य र अनुग्रह दुवै हो । (४) यसलाई विश्वासयोग्यतासाथ प्रचार गरिनुपर्छ ।

खण्ड ३, ४ र ५ ले सिकाउँछ-(१) पश्चात्ताप आफैमा हामीलाई योग्य बनाउने कुनै धार्मिकता छैन । (२) पश्चात्ताप गरेपछि सबैभन्दा ठूलो पाप समेत क्षमा हुनेछ । (३) हामीले हाम्रो स्वभावको पापीपन, हामीले गरेको हरेक पापमय कार्यको पश्चात्ताप गर्नुपर्छ ।

खण्ड ६ ले सिकाउँछ-(१) कि प्रत्येक मानिसले परमेश्वरको सामु व्यक्तिगत रूपमा पाप स्वीकार गर्नुपर्छ । (२) चोट लागेको व्यक्तिसँग चोटहरू र सार्वजनिक

अपराधहरू मण्डलीको सामु स्वीकार गर्नुपर्छ । (३) इसाईहरूले पश्चाताप गर्ने अपराधीहरूलाई क्षमा गर्नुपर्छ ........................................................................ 285

## अध्याय १६. – असल कामहरूबारे

खण्ड १ र २ ले सिकाउँछ- (१) असल हुनको लागि प्रत्येक काम (क) आज्ञा दिइएको हुनुपर्छ; (ख) असल मनसायबाट जन्मेको हुनुपर्छ । (२) असल कामका प्रभावहरू निम्नानुसार विभिन्न छन्:

खण्ड ३ ले सिकाउँछ-(१) असल काम गर्न सक्ने क्षमता सम्पूर्ण रूपमा परमेश्वरबाट हो । (२) पुनर्जीवन दिने साथसाथै निरन्तर पवित्र तुल्याउने अनुग्रह पनि आवश्यक छ । (३) ताथापि हामी आफैले पनि मेहनत गर्नुपर्छ र त्यसका साधनहरू प्रयोग गर्नुपर्छ ।
खण्ड ४, ५र ६ ले सिकाउँछ- (१) "गर्नुपर्ने भन्दा बढी" काम गर्न असम्भव छ । (२) विश्वासीहरूका उत्तम काम पनि असिद्ध छन् । (३) तथापि ख्रीष्टमार्फत तिनीहरू ग्रहण गरिन्छन् र उहाँको खातिर इनाम पाउँछन्

खण्ड ७ ले सिकाउँछ- (१) पुनर्जन्म नपाएका मानिसहरूको काम तिनीहरूका मित्रहरूको सापेक्षतामा असल हुन सक्छन् (२) तर परमेश्वरको सापेक्षतामा तिनीहरू छन् सबै अधार्मिक र अस्वीकार्य छन् । ........................................ 301

## अध्याय १७. – सन्तहरूको सुरक्षाबारे

यो अध्यायले सिकाउँछ-(१) साँचो विश्वासी अन्तमा विश्वासबाट कहिल्यै पतन हुन सक्दैन । (२) यो निश्चित दृढताको आधार विश्वासीमा होइन, तर परमेश्वरको उद्देश्य, प्रतिज्ञा र अनुग्रहमा छ । (३) तथापि साँचो विश्वासी अस्थायी रूपमा विश्वासबाट पतन हुन सक्छ जसका अवस्था र प्रभावहरू यस प्रकार छन् । .. 323

## अध्याय १८. – अनुग्रह र मुक्तिको निश्चयताबारे

खण्ड १ र २ ले सिकाउँछ- (१) त्यहाँ झूठो निश्चयता पनि छ जसले निराश तुल्याउँछ

। (२) त्यहाँ एक साँचो निश्चयता छ जसले अचूक सुनिश्चितता दिन्छ । (३) यो यसमा अडेको हुन्छ (क) प्रतिज्ञाहरूको ईश्वरीय सत्यतामा, (ख) अनुग्रहको भित्री प्रमाणमा, (ग) आत्माको साक्षीमा ।

खण्ड ३ र ४ ले सिकाउँछ -(१) यो निश्चयता विश्वासको सारतत्त्व होइन । (२) यो प्राप्य छ र एक ठूलो लाभका रूपमा खोज गरिनुपर्छ (३) विभिन्न तरिकाले गुमाइन सकिन्छ । (४) साँचो विश्वासी कहिल्यै अन्तिम निराशामा पर्ने छैन अनि एक पटक गुमेको निश्चयता फेरि प्राप्त गर्न सकिन्छ । ............................................... 333

## अध्याय १९. – परमेश्वरको व्यवस्थाबारे

खण्ड १ र २ ले सिकाउँछ-(१) एक सिद्ध नैतिक नियमको अधीनमा बस्नका लागि मानिस एकनैतिक प्राणीका रूपमा सृष्टि गरिएको थियो । (२) मानव जातिको प्राकृतिक शिर आदमलाई परमेश्वरले आज्ञाकारिताको जाँच अन्तर्गत परीक्षणकालमा राख्नुभयो । (३) आदिम पतनको समयदेखि यता यो व्यवस्था मुक्तिको शर्तका रूपमा रहेको छैनतर जीवन र चरित्रको स्तरका रूपमा जारी छ । (४) यसलाई संक्षेपमा दश आज्ञामा समेटिएको छ ।

खण्ड ३, ४ र ५ ले सिकाउँछ-(१) परमेश्वरले यहुदीहरूलाई धार्मिक विधानका नियमहरू पनि दिनुभयो । (२) न्यायिक कानुनको प्रणाली पनि । (३) अहिले ख्रीष्टियन युगमा ती दुवै लागु हुँदैनन् । (४) अर्कोतर्फ, नैतिक कानुन उत्तिकै बलियो रूपमा जारी छ ।

खण्ड ६ र ७ ले सिकाउँछ- (१) पतनको समयदेखि मानिस व्यवस्थाद्वारा बचाइन सक्दैन । (२) उद्धारको शर्तका रूपमा विश्वासीहरू व्यवस्थाको अधिनमा छैनन् । (३) तथापि सुसमाचारको युगमा पनि व्यवस्थाका धेरै उपयोगिता छ, जस्तै...349

## अध्याय २०. – ख्रीष्टियन स्वतन्त्रता र विवेकको स्वतन्त्रताबारे

खण्ड १ ले सिकाउँछ-(१) ख्रीष्टियन स्वतन्त्रता विश्वासीहरूका लागि सबै युगमा

समान छ र यसमा यी कुरा समावेश हुन्छन् (क) पापको दोषबाट, (ख) र भ्रष्टताको बन्धनबाट छुटकारा, (ग) परमेश्वरसँग शान्ति, (घ) शैतानको बन्धनबाट छुटकारा, (ङ) कष्ट र मृत्यु, (च) अनि चिहानको अन्त्य । (२)पुरानो व्यवस्थामा भन्दा नयाँ व्यवस्थामा यो स्वतन्त्रता ठूलो छ ।

खण्ड ३ र ४ ले सिकाउँछ- (१) परमेश्वर मात्रै विवेकमाथि प्रभु हुनुहुन्छ । (२) उहाँको इच्छा धर्मशास्त्रमा मात्रै प्रकट गरिएको छ । (३) यसकारण मानिसका शिक्षामा विश्वास गर्नु वा गर्न लगाउनु परमेश्वरको विरूद्धमा विद्रोह हो । (४) तथापि ख्रीष्टियन स्वतन्त्रताको उचित लक्ष्य र सीमा छ । (५) परमेश्वरले मण्डली र राज्य दुवै स्थापना गर्नुभएको छ, दुवैप्रति आज्ञाकारिताको माग गर्नुहुन्छ (६) मण्डलीसँग प्रशासन र अनुशासन अध्यास गर्ने ईश्वरीय अधिकार छ । ........................ 369

**अध्याय २१. – धार्मिक आराधना र शबाथ दिनका बारेमा**

खण्ड १ र २ ले सिकाउँछ - (१) आराधनाको कर्तव्य प्रकृतिको आदेश हो । (२) हामीले कसरी परमेश्वरको आराधना गर्नुपर्छ भनी पवित्र धर्मशास्त्रले निर्धारण गर्छ, अनि सबै मानव-निर्धारित रूपहरू पापमय छन् । (३) पिता, पुत्र, र पवित्र आत्मा मात्रै आराधनाको योग्य हुनुहुन्छ अनि सबै आराधना ख्रीष्टमार्फत चढाइनुपर्छ । (४) सन्त र स्वर्गदूतहरूको आराधना पापमय छ

खण्ड ३ र ४ ले सिकाउँछ- (१) प्रार्थना आराधनाको प्रमुख खण्ड हो । (३) सबै मानिहरूका लागि प्रार्थना चढाइनुपर्छ । (३) ग्रहणयोग्य प्रार्थनाका शर्तहरू यसप्रकार छन् । (४) प्रार्थनाका विषय वस्तु यसप्रकार छन् ।

खण्ड ५ र ६ ले सार्वजनिक, पारिवारिक, र निजी प्रार्थनाबारे सिकाउँछ, आदि । खण्ड ७ र ८ ले शबाथको नियम अनि यसको पालनाको उचित विधि सिकाउँछ । ........................................................................................................ 387

## अध्याय २२. – वैध शपथ र वाचाका बारेमा

खण्ड १, २, ३ र ४ ले सिकाउँछ - (१) वैध शपथको प्रकृति । (२) जसको नाममा मात्रै शपथ खानु वैध छ । (३) वैध अवसरहरूमा शपथ लिनुको औचित्य । (४) शपथको व्याख्या जुन गर्नमा गरिनुपर्छ । (५) यसको बाध्यकारी हद र आधार । खण्ड ५, ६, र ७ ले शपथ प्रकृति र बाध्यकारिता सिकाउँछ ........................ 417

## अध्याय २३. – सरकारी अधिकृतका बारेमा

खण्ड १ र २ ले सिकाउँछ - (१) नागरिक सरकारको मानिसहरूबाट होइन तर परमेश्वरबाट सुरु भएको हो, प्रमाणित गरिन्छ (२) तत्कालको लक्ष्य समुदायको भलाइ; अन्तिम लक्ष्य परमेश्वरको महिमा । (३) ख्रीष्टियन सरकारी अधिकृतहरूले धार्मिकतालाई बढावा दिनपर्छ, आदि (४) ख्रीष्टियनहरू सरकारी अधिकृत बन्नु वैध छ । (५) जायज युद्ध छ वैध ।

खण्ड ३ र ४ ले रोमी इरास्टिएन त्रुटिको विपरीत सिकाउँछ कि राज्य र मण्डलीले एकअर्कालाई हस्तक्षेप गर्नुहुँदैन । ........................................................................ 431

## अध्याय २४. – विवावह र सम्बन्धविच्छेदका बारेमा

खण्ड १ र २ ले सिकाउँछ- (१) विवाह एक ईश्वरीय संस्था हो अनि एक धार्मिक साथसाथै सामाजिक करार पनि हो । (२) यो संस्थाका उद्देश्यहरू यस प्रकार छन् । (३) एक समयमा एउटा स्त्री र एक पुरूषका बिचमा मात्र वैध । (४) विवाह सबै मानिसहरूका लागि वैध र असल । (५) फरक फरक धर्मका व्यक्तिहरूबिच अन्तरविवाह गर्नु हुँदैन ।

खण्ड ४, ५ र ६ ले यिनको बारेमा ईश्वरीय कानुन सिकाउँछ - (१) हाडनाता सम्बन्ध । (२) सम्बन्धविच्छेद ........................................................................ 447

## अध्याय २५. – मण्डलीका बारेमा

खण्ड १, २ र ३ ले सिकाउँछ-(१) अदृश्य विश्वव्यापी (क्याथोलिक) मण्डलीको सन्दर्भमा धर्मशास्त्रीय सिद्धान्त । (२) दृश्यवान विश्वव्यापी मण्डलीको सन्दर्भमा । (३) कि यो दृश्यवान विश्वव्यापी मण्डलीलाई अनुग्रहको साधन प्रदान गरिएको छ । (४) कि यसभन्दा बाहिर सामान्यतया मुक्तिको कुनै सम्भावना छैन ।

खण्ड ४, ५ र ६ ले सिकाउँछ - (१) कि दृश्यवान विश्वव्यापी मण्डली शुद्धता र दृश्यतामा विभिन्न समय र स्थानहरूमा भिन्न हुन्छ । (२) कि यो कहिल्यै पतन हुन सक्दैन । (३) कि ख्रीष्ट मात्रै मण्डलीको शिर हुनुहुन्छ .................................. 461

## अध्याय २६. – सन्तहरूको संगतिका बारेमा

यो अध्यायले सिकाउँछ-(१) ख्रीष्ट र उहाँका मानिसहरूको एकता । (२) त्यसको परिणाम स्वरूप उनीहरूसँग उहाँको संगति । (३) एकअर्कासँग उनीहरूको एकता । (४) त्यसको परिणाम स्वरूप उनीहरूको संगति । (५) उनीहरूको परस्पारिक कर्तव्य । .................................................................................. 477

## अध्याय २७. – पवित्र विधिहरूका बारेमा

खण्ड १ र २ ले सिकाउँछ (१) पवित्र विधि ख्रीष्टद्वारा स्थापित नियम हो । (२) यसमा यी कुरा समावेश छन् (क) एक दृश्यवान चिन्ह; (ख) यसद्वारा संकेत गरिएको एक भित्री, आत्मिक अनुग्रह । (३) चिन्ह र अनुग्रहबिचको पवित्र विधिमा एकताको प्रकृति र त्यसका परिणामहरू (४) पवित्र विधिहरू विश्वासीहरूका निम्ति ख्रीष्टका लाभहरू "प्रतिनिधित्व गर्न, मोहर लगाउनु र लागु गर्नु" का लागि । (५) अनि हाम्रो विश्वासको घोषणाका प्रतीक हुन् ।

खण्ड ३ ले सिकाउँछ -(१) कि पवित्र विधिको शक्ति त्यसमा अन्तर्निहित छैन । (२) कि यो पवित्र विधि दिने व्यक्तिको धार्मिकता वा "नियत" मा भर पर्दैन । (३) तर (क) ईश्वरीय नियुक्ति, (ख) पवित्र आत्माको सार्वभौम अनुग्रहमा भर पर्छ ।

खण्ड ४ ले सिकाउँछ कि त्यहाँ दुई वटा मात्रै पवित्र विधि छन् ।

खण्ड ५ ले सिकाउँछ कि पुरानो र नयाँ व्यवस्थाको पवित्र विधिहरू सारभूत रूपमा उही हुन् । ........................................................................ 487

## अध्याय २८. – बप्तिस्माका बारेमा

खण्ड १, २ र ३ ले सिकाउँछ (१) बप्तिस्मा नयाँ करारको पवित्र विधि हो (२) यो भनेको त्रिएक परमेश्वरको नाममा पानीले धुने काम हो । (३) यसको लक्ष्य ख्रीष्टमा हाम्रो कलमी बाँधिने काम र उहाँको बन्न हाम्रो मगनीलाई जनाउनु र छाप लगाउनु हो ।

खण्ड ४ ले सिकाउँछ कि धार्मिक विश्वास घोषणा गर्ने व्यक्तिलाई मात्रै होइन, "तर एक वा दुवै विश्वासी आमाबाबुका बालबालिकालाई पनि बप्तिस्मा दिइनुपर्छ ।"
खण्ड ५, ६ र ७ ले सिकाउँछ -(१) मुक्तिका लागि बप्तिस्मा आवश्यक छैन । (२) तथापि यसको पालन गर्नु कर्तव्य हो । (३) यसको प्रभावकारिता यो कुन समयमा दिइएको थियो भन्ने कुरासँग जोडिएको छैन । (४) यो जीवनमा एक पटक मात्रै दिइनुपर्छ । ........................................................................ 503

## अध्याय २९. – प्रभु भोजका बारेमा

खण्ड १ ले सिकाउँछ - (१) यो विधि कहिले र कसद्वारा स्थापित गरियो भन्नेबारे । (२) यसलाई सधैँ पालन गर्नुपर्ने दायित्व । (३) यसको ढाँचा र प्रभाव

खण्ड २, ३, ४ ५ र ६ ले निम्न गल्तीहरूको विपरीत सत्य शिक्षा सिकाउँछन् : (१) तत्त्व परिवर्तन । (२) सामग्रीको बलिदान । (३) तत्त्वलाई उचाल्ने र आराधना गर्ने काम । (४) आम विश्वासीलाई कचौराबाट पिउन नदिने । (५) व्यक्तिगत प्रभुभोज ।

खण्ड ७ र ८ ले सिकाउँछ- (१) रोटी दाखरस अनि ख्रीष्टको मासु र रगत बिचको सम्बन्ध कनैतिक मात्रै । (२) ख्रीष्टको देह भावनात्मक रूपमा मात्रै उपस्थित हुन्छ

। (३) विश्वासीहरूले विश्वासद्वारा मात्रै उहाँमा भोजन गर्छन्, (४) उनीहरूले अरू समयमा उहाँमा भोजन गरेजस्तै । ........................................................................ 525

## अध्याय ३०. – मण्डली अनुशासनका बारेमा

खण्ड १ ले सिकाउँछ - (१) ख्रीष्टले मण्डलीको निम्ति एक प्रशासन नियुक्त गर्नुभएको छ, (२) जुन राज्यको भन्दा भिन्न छ ।

खण्ड २, ३, र ४ ले सिकाउँछ - (१) मण्डलीको शक्तिको प्रकृति र क्षेत्रबारे । (२) अनुशासनको उद्देश्यबारे । (३) यसको कार्यान्वयनका विधिहरूबारे । ...... 541

## अध्याय ३१. – सिनोड र परिषद्हरूका बारेमा

खण्ड १ ले सिनोड (महासभा) र परिषद्हरू अनि तिनीहरूको सभा बोलाउने मण्डलीका पदाधिकारीहरूको अधिकारबारे सिकाउँछ ।

खण्ड २ र ३ र ४ ले सिकाउँछ- (१) सिनोड र परिषद्हरूको अधिकार क्षेत्रभित्र पर्ने विषयहरूको वर्गीकरण । (२) तिनीहरूको बाध्यकारी शक्तिको आधार । (३) तिनीहरूको निर्णयप्रति अधीनताको सीमा । ................................................ 551

## अध्याय ३२. – मृत्युपछि मानिसहरूको अवस्था र मृतकहरूको पुनरुत्थानका बारेमा

खण्ड १ ले सिकाउँछ - (१) मानिसमा आत्मा र शरीर हुन्छ । (२) मृत्युपछि शरीर सड्छ र विश्वासीको आत्मा (क) तत्काल सिद्ध तुल्याइन्छ, (ख) सचेत र आनन्दित रूपमा जारी रहन्छ, (ग) ख्रीष्टसँग हुन्छ । (घ) दुष्टहरूका आत्मा शैतानसँग सचेत कष्टमा हुनछन् । (ङ) यी अवस्थाहरू अपरिवर्तनीय छन् । (च) शुद्धीकरण (पर्गेटरी) आदिबारे रोमको मण्डलीले दिने शिक्षा गलत प्रमाणित भएको छ ।

खण्ड २ र ३ ले सिकाउँछ - (१) धर्मी र अधर्मी दुवैको एक साथ पुनरुत्थान हुनेछ । (२) त्यस समयमा जीवितहरू परिवर्तन हुने छन् । (३) चिहानमा राखिएका

शरीरहरू जीवित तुल्याइने छन् । (४) सन्तहरूका "शारीरिक" शरीरहरूलाई "आत्मिक" बनाइने छन् । (५) अधर्मीहरूको शरीर अपमानको लागि जीवित तुल्याइने छन् । ........................................................................................ 563

## अध्याय ३३. – अन्तिम न्यायका बारेमा

खण्ड १ र २ ले सिकाउँछ - (१) परमेश्वरले सबैको न्यायको निम्ति एक दिन नियुक्त गर्नुभएको । (२) उहाँले न्यायको जिम्मा मध्यस्थकर्तालाई सुम्पिनुभएको छ । (३) न्याय गरिने व्यक्तिहरूमा स्वर्गदूतहरू र सम्पूर्ण मानव जाति समावेश हुन्छन् । (४) यस्तो न्याय शब्द र कार्यहरू साथसाथै विचार र भावनासम्म पुग्नेछ । (५) यसले परमेश्वरको न्याय प्रमाणित गर्नेछ र उहाँको अनुग्रह प्रदर्शन गर्नेछ । (६) धर्मीहरू अनन्त आदर र आनन्दमा उचालिने छन् । (७) अधर्मीहरू अनन्तताको लागि सचेत कष्ट र अपमानमा फालिने छन् ।

खण्ड ३ ले सिकाउँछ - (१) यो तथ्यको निश्चयता तर (२) त्यो न्यायको समयको अनिश्चितता र त्यो अनिश्चितताको लक्षित प्रभाव । ...................................... 577

# परिचय
# (INTRODUCTION)

# अध्याय एक
# (CHAPTER I )

## विश्वासका सार र स्वीकारोक्तिहरूको संक्षिप्त परिचय
## (A SHORT HISTORY OF CREEDS AND CONFESSIONS)

यो विश्वासको स्वीकारोक्तिको पहिलो अध्यायमा बताइएको र यस व्याख्यात्मक टिप्पणीमा पुष्टि गरिएको छ कि पुरानो र नयाँ करारको पवित्र धर्मशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिएको कारण वर्तमान अवस्थामा मानिसको लागि विश्वास र अभ्यासको एक मात्र र सर्वपर्याप्त नियम हो । मानिसले परमेश्वरको बारेमा विश्वास गर्नुपर्नेर परमेश्वरले मानिसबाट चाहनुहुने सम्पूर्ण कर्तव्यहरू यसमा प्रकट गरिएका छन् अनि यसमा समावेश गरिएको कारण विश्वास र पालन गरिनुपर्छ किनकि यो परमेश्वरको वचन हो । त्यसकारण यो ईश्वरीय वचन धर्मशिक्षाको एक मात्र मापदण्ड हो जसमा मानिसहरूको विवेकमाथि अख्तियार छ । अन्य सबै मापदण्डहरूमा त्यो सीमासम्म मात्रै मूल्य वा अख्तियार छ जहाँसम्म तिनीहरूले पवित्र धर्मशास्त्रले सिकाउने कुरा सिकाउँछन् ।

पवित्र धर्मशास्त्र परमेश्वरबाटको भए तापनि, त्यसलाई बुझ्ने जिम्मेवारी मानिसहरूको हो । मानिसहरूले धर्मशास्त्रको प्रत्येक विशेष खण्डलाई उत्तम तरिकाले अलग्गै व्याख्या गर्नुपर्छ । त्यसपछि प्रत्येक विषयमा धर्मशास्त्रले सिकाउने सबै कुराहरूलाई एक सुसंगत पूर्णतामा जोड्नुपर्छ र त्यसपछि विभिन्न विषयहरू उनीहरूको शिक्षालाई पारस्परिक सामञ्जस्यको प्रणालीका खण्डका रूपमा समायोजन गर्नुपर्छ । बाइबलको प्रत्येक विद्यार्थीले यसो गर्नुपर्छ; उनीहरूले मानवीय विश्वासका सार र स्वीकारोक्तिहरूको औचित्य स्वीकार

गर्छन् वा अस्वीकार गर्छन् भन्ने कुरा उनीहरूले आफ्नो प्रार्थना र धार्मिक प्रवचनमा प्रयोग गर्ने शब्दहरूद्वारा सबैले स्पष्ट बनाउनुपर्छ ।

यदि उनीहरूले मण्डलीद्वारा लामो समयदेखि व्याख्या र परिभाषित गरिएका धर्मसिद्धान्तका कथनहरूको सहायता इन्कार गर्छन् भने, उनीहरूले अरूको सहायताबिना आफ्नै बुद्धिद्वारा आफ्नै विश्वासको सार निर्माण गर्नुपर्छ । अक्सर बहाना गरिएझैँ वास्तविक प्रश्न परमेश्वरको वचन र मानिसको विश्वासको सारका बिचमा होइन, तर परमेश्वरका मानिसहरूको सामूहिक जाँचिएको र प्रमाणित विश्वास, र यस्तो विश्वासको सारको विरोध गर्नेहरूको निजी धारणा र समझको बिचमा चाहिँ हो ।

हामीले अपेक्षा गरेझैँ, यो सत्य हो कि धर्मशास्त्रको सही व्याख्या र यसले प्रकट गर्ने सत्यता बताउने महान् धर्मशिक्षाहरूलाई परिभाषित गर्ने यो काममा मण्डलीले निकै बिस्तारै प्रगति गरेको छ । मण्डलीको ध्यान एउटा युगमा कुनै विशेष धर्मशिक्षाको अध्ययनमा केन्द्रित भएको छ भने अर्को युगमा अर्कै धर्मशिक्षामा सुसमाचारको सत्यता खुट्याउने कार्यमा यसरी मण्डली क्रमशः अगि बढ्दाविभिन्न अवधिमा मण्डलीले प्राप्त गरेका समझका नयाँ उपलब्धिहरूलाई संरक्षण र आम मानिसहरूको शिक्षाको लागि विश्वासका सार र स्वीकारोक्तिहरूमा सटीक रूपमा व्यक्त गरेको छ । यस बिचमा, विधर्मीहरू सबै अवसरहरूमा देखापर्छन् जसले पवित्रशास्त्रलाई विकृत तुल्याउँछन्, सत्यताका निश्चित पक्षहरूको बढाइचढाइ गर्छन् र अन्य उत्तिकै महत्त्वपूर्ण पक्षहरूलाई इन्कार गर्छन् अनि यसरी परमेश्वरको सत्यतालाई झूटमा परिणत गर्छन् । यसकारण आत्म-रक्षाको महान् सिद्धान्तअनुसार, सम्पूर्ण सत्यता समावेश गर्दै सबै त्रुटि हटाउनका लागि गलत रूपमा व्याख्या गरिएको प्रत्येक धर्मशिक्षालाई सट ीक रूपमा परिभाषित गर्न मण्डली बाध्य छ । साथै समग्र सत्यतालाई यसरी बृहत् रूपमा प्रकट गरिने छ कि कुनै एक खण्डलाई अनावश्यक रूपमा बढाइचढाइ गरिने वा घटाइने छैन तर समग्रतामा सत्यताको रक्षा गरिनेछ ।

साथसाथै, मण्डलीको अनुशासनका लागि अनि उही उद्देश्यमा सँगसँगै काम गरेको बताउनेहरूको वास्तविक सहायता प्राप्त गर्नका लागि समेत व्यवस्था

गरिनुपर्छ । ता कि उही समुदायका शिक्षकहरूले एकअर्काको विपरीत शिक्षा नसिकाउन् अनि एउटाले निर्माण गर्ने प्रयास गरेको कुरा अर्कोले नभत्काओस् । सम्भव भएसम्म साझा सहमति र सार्वजनिक अख्तियारसाथ मण्डलीका सदस्यहरू र विशेष गरी बालबालिकाको शिक्षाको लागि सूत्रहरू पनि तयार गरिनुपर्छ ।

त्यसैकारण विश्वासका सार र स्वीकारोक्तिहरू मण्डलीका सबै युग र शाखाहरूमा आवश्यक भएको अनि यिनको दुरुपयोग नगरिएमा निम्न उद्देश्यहरूका लागि उपयोगी भएको पाइएको छ: (१) मण्डलीको कुनै पनि शाखाले यसको विकासको कुनै पनि संकष्टको चरणमा प्राप्त गरेका ख्रीष्टियन सत्यताको ज्ञानका उपलब्धिहरूको हेक्का राख्न, प्रचार गर्न रसंरक्षण गर्न । (२) सत्यतालाई झूटा शिक्षकहरूको फुलबुट्टादेखि खुट्याउन अनि यसलाई यसको समग्रता र उचित अनुपातमा प्रस्तुत गर्न । (३) एकतामा सँगसँगै काम गर्न सक्नेगरी सहमत हुनेहरूबिच मण्डलीका रूपमा संगतिको आधारको रूपमा कार्य गर्न । (४) आम मानिसहरूको शिक्षाको महान् कार्यमा साधनको रूपमा प्रयोग गरिन ।

तथापि यी विश्वासका सार तथा स्वीकारोक्तिहरू मानिसहरूको विवेकमाथि त्यहाँसम्म मात्रै बाध्यकारी बन्नुपर्छ जहाँसम्म यो विशुद्ध रूपमा धर्मशास्त्रीय छ भन्ने कुरा याद राखिनुपर्छ । अनि जुन रूपमा यो कुरा बताइएको छ, यो तिनीहरूमाथि मात्रै बाध्यकारी छ जसलेस्वेच्छापूर्वक यो विश्वासको स्वीकारोक्तिलाई ग्रहण गरेका छन् । सबै मण्डलीहरूमा व्यक्तिलाई मण्डलीको सदस्यका रूपमा स्वीकार गरिने शर्त अनि शिक्षा र शासनको पवित्र जिम्मेवारीका पदाधिकारीहरूका रूपमा नियुक्त गरिने शर्तहरूका बिचमा भिन्नता कायम गरिएको छ । जुन कुरालाई ख्रीष्टले उद्धारको शर्त बनाउनुभएको छैन, मण्डलीलाई पनि त्यो कुरालाई सदस्यताको शर्त बनाउने अधिकार छैन । मण्डली ख्रीष्टको गोठ हो । पवित्र विधिहरू उहाँको करारका छापहरू हुन् । सत्य धर्मको विश्वसनीय स्वीकारोक्ति जनाउने सबै जनासँग त्यसमा प्रवेशको दावी गर्ने अधिकार छ; अर्थात् जो ख्रीष्टका मानिसहरू हुन् भन्ने अनुमान गर्न सकिन्छ । तर यो विश्वसनीय स्वीकारोक्तिमा ख्रीष्टियन धर्मका आधारभूत शिक्षाहरूको ज्ञान;

ख्रीष्टमा व्यक्तिगत विश्वास र उहाँको सेवाको निम्ति समर्पणको घोषणा; अनि त्यसअनुरूपको मानसिक र आचरणगत स्वभाव समावेश हुन्छ । अर्कोतर्फ, त्यस्तो कुनै पनि मानिसलाई कुनै पनि पदमा नियुक्त गर्न सकिनेछैन जसले उसले संरक्षण र लागु गर्नुपर्ने विधान र नियमहरूको सत्यता र बुद्धिमा विश्वास जनाउँदैन । अन्यथा सोचाइको सद्भाव र काममा सहकार्य असम्भव हुनेछ ।

अमेरिकन प्रेस्बिटेरियन मण्डलीको मूल सिनोडले सन् १७२९ मा वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्ति र प्रश्नोत्तरमालालाई मण्डलीको धर्मशिक्षाको मापदण्डका रूपमा गम्भीरतापूर्वक अपनायो । यसको अभिलेख निम्नानुसार छ :

> "अहिले सिनोडका उपस्थित सबै अठार जना सेवकहरूले,एक जनाबाहेक जसले आफूलाई पूर्वतयार नभएको घोषणा गरे, [तर जसले अर्को बैठकमा समर्‌थन जनाए] वेस्टमिन्स्टरका ईश्वरशास्त्रीहरूको सभाले तयार पारेको विश्वासको स्वीकारोक्ति अनि लामो र छोटो प्रश्नोत्तरमालाका कुनै धारा वा अभिव्यक्तिप्रति कुनै विमति भएमा सो जनाउने प्रस्ताव गर्दै सर्वसम्मत रूपमा त्यस्तो विमतिका सन्दर्भमा अध्याय बीस र तेइसका 'सरकारी अधिकृतहरूबारे' का केही धाराहरूबाहेक यो विश्वासको स्वीकारोक्ति र प्रश्नोत्तरमालालाई आफ्नो विश्वासको स्वीकारोक्तिका रूपमा घोषणा गरे ।"

फेरि सन् १७८८ मा, महासभाको गठनको तयारीमा "सम्पूर्ण कुराको समीक्षा गरी यो सिनोड यसद्व ारा संशोधन र परिमार्जन गरिएको प्रशासनको प्रारूप र अनुशासनको मस्यौदालाई पूर्ण रूपमा विचार गर्दै यसलाई अमेरिकाको प्रेस्ब िटेरियन मण्डलीको संविधानको रूपमा अनुमोदन गर्दछ; अनि यसलाई आफ्नो मातहतका सबै न्यायाधीशहरूलाई उनीहरूको कामकारबाहीको नियमका रूपमा मान्न र कडाइका साथ पालन गर्न आदेश दिन्छ ।

> "आराधना निर्देशिकाको मस्यौदा परिमार्जन र संशोधनपछि सिनोडले त्यसलाई अनुमोदन गरेको छ अनि यस ैद्वार ा सोही निर्देशिका लागु

गरेको छ । अनि त्यो परिमार्जित निर्देशिकालाई अमेरिकाको प्रेस्बिटेरियन मण्डलीमा परमेश्वरको आराधनाको लागि तोकेको छ । साथै यसले वेस्टमिन्स्टरको छोटो तथा लामो प्रश्नोत्तरमालामाथि पनि विचार विमर्श गर्दै लामो प्रश्नोत्तरमालामा सानो संशोधनपछि अमेरिकाको प्रेस्बिटेरियन मण्डलीको प्रश्नोत्तरमालाका रूपमा ती दुवै प्रश्नोत्तरमाला अनुमोदन र लागु गरेको छ । ती आराधना निर्देशिका अनि छोटो र लामो प्रश्नोत्तरमालालाई छापेर विश्वासको सार अनि प्रशासन र अनुशासनको प्रारूपसँग एउटै पुस्तकका रूपमा राख्न यो सिनोड आदेश दिन्छ । यसरी ती समग्र पुस्तक हाम्रो धर्मशिक्षा, प्रशासन, अनुशासन र आराधनाका मापदण्डका रूपमा लिइनुपर्छ जसलाई सम्भव भएसम्म वर्तमान सिनोडको अधिवेशनबाट पारित गरियोस् ।"

यहाँ ख्रीष्टियन मण्डलीका विभिन्न शाखाहरूका प्रमुख विश्वासका सार तथा स्वीकारोक्तिहरूको एक अति संक्षिप्त र आम इतिहास प्रस्तुत गरिन्छ । यहाँ तिनीहरूको समय क्रम र तिनीहरूको पालना गर्ने मण्डलीअनुसार ती समूहबद्ध गरिएका छन्:-

## – प्राचीन विश्वासका सारहरू जसले सम्पूर्ण मण्डलीको साझा विश्वास अभिव्यक्त गर्छन् ।

धर्मसुधारपूर्व रचिएका विश्वासका सारहरू निकै थोरै छन्, इसाई धर्मका आधारभूत सिद्धान्तहरू विशेष गरी त्रिएकत्व र ईश्वर-मानवको व्यक्तिसँग सम्बन्धित छन् अनि सम्पूर्ण मण्डलीका साझा सम्पत्ति हुन् ।

१. *प्रेरितहरूको विश्वासको सार* - यो प्रेरितहरूद्वारा लेखिएको थिएन तर अलग-अलगमण्डलीहरूद्वारा अंगिकार गरिएका र उनीहरूका सदस्यहरू स्वीकार गर्न प्रयोग गरिएका विश्वासका सारहरूबाट साझा सहमतिद्वारा क्रमशः विकास भएको थियो । यो यसको वर्तमान रूप र सबै मण्डलीहरूबिच विश्वव्यापी प्रयोगमा दोस्रो शताब्दीको अन्त्यतिर पुग्यो ।

संसद्को आदेशद्वारा प्रकाशित पहिलो संस्करणमा यो विश्वासको सारलाई प्रभुको प्रार्थना र दश आज्ञासाथ छोटो प्रश्नोत्तरमालासँगै राखियो । "प्रेरितहरूद्वारा रचना गरिएको वा प्रमाणिक पवत्रशास्त्र जस्तै ठानिनका लागि होइन, ......तर यो परमेश्वरको वचनसँग सहमत र ख्रीष्टका मण्डलीमा प्राचीन कालदेखि नै ग्रहण गरिएको ख्रीष्टियन विश्वासको संक्षिप्त सार भएको कारण ।" यसलाई हाम्रो संविधानका निर्माताहरूद्वारा प्रश्नोत्तरमालाको एक खण्डका रूपमा कायमै राखियो ।[1] यो यसप्रकार छः- "म विश्वास गर्दछु एक परमेश्वर सर्वशक्तिमान् पिता, स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुनेमाथि; अनि उहाँका एकले पुत्र, हाम्रा प्रभु येशु ख्रीष्टमाथि; जो पवित्र आत्माको शक्तिद्वारा गर्भधारण हुनुभयो, कन्या मरियमदेखि जन्मनुभयो, जसले पन्तियस पिलातसको अधीनमा दुःख भोग्नुभयो, जो क्रुसमा टाँगिनुभयो, मर्नुभयो अनि गाडिनुभयो; उहाँ नरक (पाताल) मा जानुभयो; तेस्रो दिनमा मरेकाहरूबाट बिउँतनुभयो; स्वर्गमा चढिजानुभयो अनि सर्वशक्तिमान् परमेश्वर पिताको दाहिने हातपट्टि बस्नुभएको छ; जहाँदेखि उहाँ जिउँदा र मरेकाहरूको न्याय गर्नलाई फेरि आउनुहुनेछ । म विश्वास गर्दछु पवित्र आत्मामाथि; विश्वव्यापी मण्डलीमाथि; पवित्रहरूको सङ्गतिमाथि; पाप मोचनमाथि; शरीरको पुनरुत्थानमाथि र अजम्मरी जीवनमाथि ।" आमेन ।

२. *निसियाको विश्वासको सार* - यो विश्वासको सार प्रेरितहरूको विश्वासको सारको आधारमा गठन भएको छ; सन् ३२५ मा बिथ ानियाको नाइस ियामा आयोजित महासभाले ख्रीष्टको सहईश्वरत्वस ँग सम्बन्धित धाराहरू थप्यो; अनि सन् ३८१ मा कन्स्ट्यान्टिनोपलमा आयोजित दोस्रो महासभाले पवित्र आत्माको ईश्वरत्व र व्यक्तित्वसँग सम्बन्धित धाराहरू थप्यो; अनि सन् ५६९ मा स्पेनको टोलेडोमा आयोजित पश्चिमी मण्डलीको महासभाले "र पुत्रबाट" भन्ने खण्ड थप्यो । वर्तमान स्वरपमा यो सम्पूर्ण ख्रीष्टियन मण्डलीको विश्वासको सार हो जसमा ग्रीक मण्डलीले अन्तिममा थपिएको धारालाई मात्र अस्वीकार गर ेको छ । यो निम्नानुसार छ :

[1] महासभाको मुखपत्र, पृष्ठ ११ ।

"म विश्वास गर्दछु एक परमेश्वर सर्वशक्तिमान् पिता, स्वर्ग र पृथ्वी, अनि दृश्य र अदृश्य सबै थोक सृष्टि गर्नुहुनेमाथि; अनि परमेश्वरका जन्माइएका एकले पुत्रर प्रभु येशु ख्रीष्टमाथि; जो सारा संसारभन्दा पहिला उहाँका पिताबाट जन्माइनुभएको थियो, जो परमेश्वरबाटका परमेश्वर, ज्योतिबाटका ज्योति, सत्य परमेश्वरबाटका सत्य परमेश्वर हुनुहुन्छ । सृष्टि गरिएका होइन तर जन्माइएका, पितासँग उही सारतत्त्वका, जसद्वारा सबै थोक बनिए; जो हामी मानिस र हाम्रो उद्धारको लागि स्वर्गबाट आउनुभयो, पवित्र आत्माको शक्तिद्वारा गर्भधारण हुनुभयो, कन्या मरियमदेखि जन्मनुभयो, जो मानिस बन्नुभयो, अनि हाम्रो लागि पन्तियस पिलातसको अधीनमा क्रुसमा टाँगिनुभयो । उहाँले दुःख भोग्नुभयो अनि गाडिनुभयो; अनि पवित्रधर्मशास्त्र अनुसार तेस्रो दिन उहाँ मरेकाहरूबाट बिउँतनुभयो र स्वर्गमा चढिजानुभयो, अनि परमेश्वर पिताको दाहिने हातपट्टि बस्नुभएको छ । उहाँ जिउँदा र मरेकाहरूको न्याय गर्नलाई फेरि आउनुहुनेछः  जसको राज्यको अन्त्य कहिल्यै हुने छैन । म विश्वास गर्दछु जीवनका प्रभु र दाता पवित्र आत्मामाथि, जो पिता र पुत्रबाट आउनुहुन्छ; पिता र पुत्रसँगै उहाँको आराधना र महिमा गरिनुपर्छ; जो अगमवक्ताहरूद्वारा बोल्नुभयो । अनि विश्वास गर्छु एक विश्वव्यापी र प्रेरितीय मण्डलीमाथि; म विश्वास गर्छु पाप मोचनको लागि एक बप्तिस्मामाथि अनि म विश्वास गर्छु मृतकहरूको पुनरुत्थानमाथि र आउने संसारको जीवन जीवनमाथि ।"

३. ख्रीष्टको व्यक्तित्वको संरचनाबारे मण्डलीमा विधर्मी विचारहरू उत्पन्न भएपछि, सत्यताका थप परिभाषा र प्रमाणहरू दिन मण्डली बाध्य भयो । एउटा विधर्मी प्रवृत्ति नेस्टोरियनवादमा परिणत भयो, जसले दावी गर्छ कि ख्रीष्टक ो ईश्वरीय र मानवीय स्वभावले दुई वटा व्यक्तित्व कायम गर्छ । यसलाई सन् ४३१ मा एफिससको परिषद्ले गलत ठहऱ्यायो । त्यसको ठिक विपर ीत विधर्मी प्रवृत्ति युटिकिएनवादमा परिणत भयो जसले दावी गर्छ कि ख्रीष्टमा ईश्वरीय र मानव ीय स्वभावहरू यसरी एकीकृत हुन्छन् क ि ती

एकै स्वभाव बन्छन् । यसलाई सन् ४५१ मा चाल्सिडोनको परिषद्ले गलत ठहऱ्यायो । *एक व्यक्ति*मा *दुई स्वभाव* स्वीकार गर्ने मण्डलीको विश्वासलाई परिभाषित गर्ने यी विश्वासका सारहरूलाई सम्पूर्ण मण्डलीले ग्रहण र सदर गरेको छ । तिनीहरूलाई निम्न "टिप्पणी" मा पर्याप्त मात्रामा उद्धृत गरिएको छ ।

४. *अथेनासिएसको विश्वासको सार*- यो विश्वासको सार अथेनासिएस नामका महान् ईश्वरशास्त्रीको मृत्यु भएको धेरै समयपछि अनि माथि उल्लिखित एफिसस र चाल्सिडोनका परिषद्हरूद्वारा विवादहरू बन्द गराइएपछि र परिभाषाहरू स्थापित गरिएपछि सृजना गरिएको थियो । यो एक परमेश्वरमा व्यक्तित्वको त्रिएकत्व अनि एक ख्रीष्टमा दुई वटा स्वभाव जस्ता ईश्वरभक्तिका महान् रहस्यहरूबारे सम्पूर्ण मण्डलीको अतुलनीय विश्वासको भव्य र अद्वितीय स्मारक हो । यो यहाँ पूर्ण रूपमा उद्धृत गर्नका लागि धेरै लामो छ । ईश्वर-मानवको व्यक्तित्वसँग सम्बन्धित खण्डहरू यस प्रकार छन् :

"२७ तर यो आवश्यक छ कि अनन्त उद्धारका लागि उसले हाम्रा प्रभु येशु ख्रीष्टको शारीरिक जन्ममा पनि विश्वासयोग्यतापूर्वक विश्वास गर्नुपर्छ । २८ यसकारण यो सत्य विश्वास कि हामी विश्वास र स्वीकार गर्छौं कि हाम्रा प्रभु येशु ख्रीष्ट परमेश्वर र मानिस दुवै हुनुहुन्छ । २९ उहाँ अनन्ततादेखि नै पिताबाट आउनुभएका परमेश्वर हुनुहुन्छ; आफ्नी आमाबाट समयको एक बिन्दुमा जन्मनुभएका मानिस हुनुहुन्छ । ३० सिद्ध परमेश्वर अनि विवेकशील आत्मा र मानवीय शरीर भएका सिद्ध मानिस । ३१ उहाँको ईश्वरत्वमा पिता समान, उहाँको मानवत्वमा पिताभन्दा कम । ३२ उहाँ परमेश्वर र मानिस हुनुभए तापनि दुई होइन, तर एक ख्रीष्ट हुनुहुन्छ । ३३ तर ईश्वरत्वको शरीरमा रूपान्तरणबाट होइन, तर उहाँको मानवत्व परमेश्वरमा समाहित भएर । ३४ सारतत्त्वको मिश्रणबाट होइन तर व्यक्तिको एकत्वबाट एक । ३५ किनकि जसरी विवेकशील आत्मा र शरीर मानिस हो, त्यसैगरी परमेश्वर र मानिस एक ख्रीष्ट हुनुहुन्छ," आदि ।

## ख. *धर्मसुधारको समयदेखि मण्डलीका विभिन्न शाखाहरूका विश्वासका सार र स्वीकारोक्तिहरू*

### १. रोमी मण्डलीको धर्मशिक्षाका मापदण्डहरू ।

धर्मसुधारको अभियानको प्रगतिको विरोध गर्नका लागि पोप तृतीयले ट्रेन्टमा अन्तिम महान् परिषद् आह्वान गरे (१५४५-१५६८) । "ट्रेन्टको परिषद्का मापदण्ड र घोषणाहरू" शीर्षकमा यस परिषद्ले जारी गरेको दस्तावेज त्यस मण्डलीको निम्ति धर्मशिक्षाका उच्चतम नियमहरू हुन् । त्यसका घोषणामा धर्मशिक्षाका सकारात्मक कथनहरू समावेश छन् । मापदण्डले चाहिँ ती घोषणाहरूको व्याख्या गर्छन्, संक्षिप्त शीर्षकमा विषयवस्तुहरू प्रस्तुत गर्छ अनि प्रत्येक बुँदामा त्यसको विपरीतको प्रोटेस्टेन्ट धर्मशिक्षाको प्रतिवाद गर्छ ।

ट्रेन्टको परिषद्का मापदण्डहरू व्याख्या र लागु गर्ने रोमी प्रश्नोत्तरमाला पोप पायस चौथोको अख्तियारद्वारा सन् १५५६ मा तयार र जारी गरिएको थियो ।

रोमी मण्डलीका सबै पादरी र उम्मेद्वारहरू अनि अन्य मण्डलीहरूबाट धर्मान्तरण गरी आउनेहरूमाथि ट्राइडेन्टाइन (परम्परागत, ल्याटिन) विश्वासको स्वीकारोक्ति लागु गरिन्थ्यो ।

यीबाहेक, पोपहरूका विभिन्न उर्दी तथा निजी लेखोटहरूसमेत पोपहरूको अख्तियारद्वारा साँचो विश्वासको मापदण्डका रूपमा स्थापित गरिएका छन्, जस्तैः  सन् १६०३ को बेलारमाइन प्रश्नोत्तरमाला अनि १७११ को क्लेमेन्ट ११ औँको युनिजेनिटस उर्दी । यस्ता पोपहरूले निकालेका मापदण्डहरूको ईश्वरशास्त्र आर्मिनियसवादी छन् ।

### २. ग्रीक मण्डलीको धर्मशिक्षाका मापदण्डहरू ।

प्राथमिक रूपमा राजनीतिक र मण्डलीको प्रशासनिक कारणहरूबाट अनि द्वितीय रूपमा धर्मशिक्षा र अनुष्ठानसँग सम्बन्धि कारणहरूबाट प्राचीन मण्डली दुई ठूला खण्डमा विभाजित भयो- पूर्वी वा ग्रीक मण्डली, र पश्चिमी वा ल्याटिन मण्डली । यो विभाजन सातौँ शताब्दीमा उत्कर्षमा पुग्न थाल्यो र एघारौँ शताब्दीमा पूरा भयो । ग्रीक मण्डलीले ग्रीस, टर्की साम्राज्यका अधिकांश ख्रीष्टियनहरू अनि

रूसका सभ्य बासिन्दाहरूको ठूलो समूहलाई समेट्छ । धर्मसुधारमार्फत सबै प्रोटेस्टेन्ट मण्डलीहरू पश्चिमी वा रोमन मण्डलीबाट उत्पत्ति भएका छन् ।

माथि उल्लेख गरिएका त्रिएकत्वको सिद्धान्त र ख्रीष्टको व्यक्तित्वलाई परिभाषित गर्ने धर्मशिक्षाहरू प्राचीन मण्डलीको पूर्वीय खण्डमा प्रतिपादन गरिएको यसकारण एक विशिष्ट अर्थमा ती यस मण्डलीको उत्तराधिकार भएको कारण यो मण्डलीले गर्वसाथ आफूलाई "अर्थोडक्स" अर्थात् सही मण्डलीको संज्ञा दिन्छ । यो मण्डलीले विस्त ार गरेका र विशिष्ट रूपमा कायम राखेका यी प्राचीन विश्वासका सारहरूले समेटेको क्षेत्रभन्दा बाहिर ग्रीक ईश्वरशास्त्र कत्ति पनि विकास भएको छैन र अपूर्णै छ ।

यससँग अझै आधुनिक मितिका थप केही स्वीकारोक्तिहरू पनि छन्, जस्तै किभका मेट्रोपोलिटन बिशप पिटर मोगिलासको सन् १६४२ को "सत्य विश्वासको स्वीकारोक्ति"; सन् १४५३ को गेनादिएसको विश्वासको स्वीकारोक्ति ।

## ३. लुथरन मण्डलीको विश्वासको स्वीकारोक्ति ।

धर्मसुधारको समयदेखि सम्पूर्ण प्रोटेस्टेन्ट जगत मण्डलीहरूका दुई विशाल परिवारमा विभाजित रहिआएको छ- लुथरन जसमाती सबै मण्डलीहरू पर्छन् जो ती महान् व्यक्ति लुथरबाट विशेष रूपमा प्रभावित भएका छन्; अनि अर्कोतर्फ रिफर्म्ड जसमा ती सबै मण्डलीहरू पर्छन् जसले काल्विनबाट आफ्नो चरित्र प्राप्त गरेका छन् ।

लुथरन परिवारका मण्डलीहरूमा अग्सबर्ग विश्वासको स्वीकारोक्ति पालना गर्ने जर्मनी र रसियाको बाल्टिक प्रान्तका सबै प्रोटेस्टेन्टहरू साथसाथै डेनमार्क, नर्वे र स्विडेनका राष्ट्रिय मण्डलीहरू अनि अमेरिकामा त्यो नाम लिएको ठूलो सम्प्रदाय पर्छन् ।

उनीहरूका विश्वासको स्वीकारोक्तिका पुस्तकहरू यी हुन् :

(१) अग्सबर्ग विश्वासको स्वीकारोक्ति जसको संयुक्त लेखन लुथर र मेलांक्थनले गरेका थिए । प्रोटेस्टेन्ट राजा र अगुवाहरूले हस्ताक्षर गरेपछि यसलाई सन् १५३० मा अग्सबर्गमा सम्राट र राजकीय सभासामु प्रस्तुत गरिएको थियो । यो सबैभन्दा पुरानो प्रोटेस्टेन्ट विश्वासको स्वीकारोक्ति, लुथरन

ईश्वरशास्त्रको मुख्य आधार र लुथरन मण्डलीहरूको एक मा त्रविश्वव्यापी रूपमा स्वीकृत मपदण्ड हो ।

(२) सन् १५३० मा मेलांक्थनद्वारा तयार पारिएको अनि सन् १५३७ मा स्मलकाल्डमा प्रोटेस्टेन्ट ईश्वरशास्त्रीहरूद्वारा अंगिकार गरिएको अग्सबर्ग विश्वासको स्वीकारोक्तिको बचाउ (प्रतिरक्षा) ।

(३) सन् १५२९ मा लुथरद्वारा तयार पारिएको ठूलो र सानो प्रश्नोत्तरमाला, "पहिलो प्रचारक र शिक्षकहरूको प्रयोगको लागि, दोस्रो युवाहरूलाई मार्गदर्शनका लागि निर्देशनका रूपमा ।''

(४) सन् १५३६ मा लुथरद्वारा लेखिएका अनि सन् १५३७ फेब्रुअरीमा इभान्जेलिकल ईश्वरशास्त्रीहरूले अंगिकार गरेको स्माल्काल्डका लेखोटहरू जुन शहरको नामबाट यसको नाम रहेको छ ।

(५ ) सन्१५७७ मा एन्ड्रिया र अन्य व्यक्तिहरूद्वालागी द उद्देश्य को बसोबास गर्दै केहि विवादहरू जुन लुथरन मण्डलीमा उत्पन्न भएका कतिपय विवादहरू विशेषगरी (क) पुनर्जीवनमा परमेश्वरीय कृपा र मानव इच्छाको सापेक्ष कार्य, (ख) प्रभु भोजमा प्रभुको उपस्थितिको प्रकृतिका बारेमा उठेका विवादहरू समाधान गर्न तयार पारिएको सुसंगत सूत्र (फर्म अभ कंकर्ड) ।

यो विश्वासको स्वीकारोक्तिमा उनीहरूको अन्य कुनै पनि सार्वजनिक विश्वासको स्वीकारोक्तिका पुस्तकहरूमा भन्दा बढी लुथरन धर्मसिद्धान्तको वैज्ञानिक र पूर्ण रूपमा विकसित कथन पाइन्छ । यसको तर, अख्तियारलाई उच्च लुथरन समूह (विधिविधानमा बढी जोड दिने, रोमन विश्वव्यापी मण्डलीसँग बढी मिल्ने) द्वारा मात्रै स्वीकार गरिएको छ; अर्थात् मण्डलीको त्यो पक्षद्वारा जसले लुथरन ईश्वरशास्त्रका अलग विशेषताहरूलाई सबैभन्दा पूर्ण तार्किक रूपमा विकास गर्छ ।

## ४. रिफर्म्ड वा काल्विनवादी मण्डलीहरूको विश्वासको स्वीकारोक्ति ।

रिफर्म्ड मण्डलीहरूमा जर्मनीका सबै मण्डलीहरू पर्छन् जसले हाइडेलबर्ग प्रश्नोत्तरमाला अंगिकार गर्छन्; स्विट्जरल्याण्ड, फ्रान्स, हल्याण्ड, इंग्ल्याण्ड, र

स्कटल्याण्डका प्रोटेस्टेन्ट मण्डलीहरू; इंग्ल्याण्ड र अमेरिकाका स्वतन्त्र मण्डलीहरू र ब्याप्टिस्टहरू; अनि इंग्ल्याण्ड र अमेरिकाका प्रेस्बिटेरियन मण्डलीका विभिन्न शाखाहरू ।

रिफर्म्ड विश्वासका स्वीकारोक्तिहरू विभिन्न छन् तथापि तिनीहरूले सिकाउने धर्मसिद्धान्तको प्रणालीको सन्दर्भमा तिनीहरू सबै धेरै मात्रामा सहमत छन् । सामान्यतया अधिकांश रूपमा स्वीकार गरिएका र उच्चतम अख्तियारका मापदण्डका रूपमा मान्यता प्राप्त स्वीकारोक्तिहरू यस प्रकार छन् :

(१) सन् १५६४ मा बुलिङ्गरद्वारा तयार पारिएको दोस्रो हेल्वेटिक स्वीकारोक्ति ।"यसलाई बास्ले (जुन पुरानो, अर्थात् *पहिलो हेल्वेटिक* स्वीकारोक्तिमै सन्तुष्ट रह्यो) बाहेक स्विट्जरल्याण्डका सबै रिफर्म्ड मण्डलीहरू अनि पोल्याण्ड, हंगेरी, स्कटल्याण्ड र फ्रान्सका रिफर्म्ड मण्डलीहरूद्वारा अंगिकार गरिएको थियो"[2] अनि सबै रिफर्म्ड मण्डलीहरूद्वारा उच्चतम अख्तियारका रूपमा सधैँ मानिएको छ ।

(२) सन् १५६२ मा अर्सिनस र ओलेभियानसद्वारा तयार पारिएको हाइडेलबर्ग प्रश्नोत्तरमाला । यो स्वीकारोक्ति राइन नदीको दुवैतर्फ रहेको तत्कालीन प्यलाटाइन राज्यमा धर्मसिद्धान्तको मानकका साथसाथै मण्डलीहरूको लागि धार्मिक शिक्षाको साधनको रूपमा नागरिक अख्तियारद्वारा स्थापित गरिएको । यसलाई डोर्टको सिनोडद्वारा अनुमोदन गरिएको थियो अनि यो जर्मनी र हल्याण्डका रिफर्रम्ड मण्डलीहरूको अनि अमेरिकामा रहेका जर्मन र डच रिफर्रम्ड मण्डलीहरूको विश्वासको स्वीकारोक्ति हो ।

(३) मण्डली अफ इंग्ल्याण्डका उनन्चालिस लेखोटहरू । यी मूल रूपमा सन् १५५१ क्रयान्मेर र रिड्लेद्वारा प्रतिपादन गरिएका थिए अनि सन् १५६२ रानी एलिजाबेथको आदेशमा विशपहरूद्वारा संशोधित र वर्तमान संख्यामा घटाइएका थिए । यी लेखहरू सिद्धान्तमा काल्विनवादी छन्, अनि इंग्ल्याण्ड, स्कटल्याण्ड, अमेरिका र उपनिवेशहरूका एपिस्कोपल मण्डलीहरूका धर्मसिद्धान्तका मानकहरू हुन् ।

---

[2] सेडको ख्रीष्टियन धर्मशिक्षाको इतिहास ।

(४) डोर्टको सिनोडका मापदण्डहरू । यो प्रसिद्ध सिनोड आर्मिनियसका चेलाहरूले विवादमा ल्याएका प्रश्नहरू समाधान गर्ने उद्देश्यले स्टेट जनरलको अख्तियारद्वारा हल्याण्डको डर्टमा आह्वान गरिएको थियो । यसका बैठकहरू सन् १६१८ नोभेम्बर १८ देखि १६१९ को मे ९ तारिखसम्म बसेका थिए । यसमा पास्टरहरू, एल्डरहरू र हल्याण्डका मण्डलीका ईश्वरशास्त्रका प्राध्यापकहरू अनि इंग्ल्याण्ड, स्कटल्याण्ड, हेस्से, ब्रेमेन, प्यालाटाइन, र स्विट्जरल्याण्डका मण्डलीका प्रतिनिधिहरू सहभागी थिए, तरफ्रान्सेली प्रतिनिधिहरूलाई उनीहरूका राजाको आदेशद्वारा उपस्थित हुनबाट रोकिएको थियो । यस सिनोडका मापदण्डहरू सबै रिफर्म्ड मण्डलीहरूद्वारा काल्विनवादी ईश्वरशास्त्रीय प्रणालीको साँचो, सटीक, उच्च रूपमा आधिकारिक प्रकटनका रूपमा स्वीकार गरिए । हाइडेलबर्ग प्रश्नोत्तरमालासँगै तिनीहरू हल्याण्डको रिफर्म्ड मण्डली र अमेरिकाको [डच] रिफर्म्ड मण्डलीको धर्मसिद्धान्तको स्वीकारोक्ति हुन् ।

(५) वेस्टमिन्स्टर सभाको विश्वासको सार र प्रश्नोत्तरमाला । यो सभाको उत्पत्ति र संरचना अनि यसले रचना गरेको धर्मसिद्धान्त र त्यसलाई कसरी ग्रहण गरियो भन्नेबारे छोटो विवरण अर्को अध्यायमा दिइएको छ । इंग्लिस र स्कटिस धारका सबै प्रेस्बिटेरियन मण्डलीहरूको धर्मसिद्धान्तको साझा मानक हो । साथै यो सबै विश्वासका सारहरूमध्ये इंग्ल्याण्ड र अमेरिकाका कंग्रिगेसनलिस्टहरूद्वारा सबैभन्दा बढी स्वीकृत विश्वासको सार पनि हो । र

क्रमवेलले सन् १६५८ मा लन्डनको सेभोइमा आह्वान गरेको कंग्रिगेसनल सभाले वेस्टमिन्स्टर सभाको विश्वासको स्वीकारोक्ति र प्रश्नोत्तरमालाको सैद्धान्तिक खण्डप्रति उनीहरूको अनुमोदनको घोषणा गऱ्यो । उनीहरूको आफ्नै दस्तावेज सेभोइ स्वीकारोक्तिलाई पनि यो अनुरूप बनायो । वास्तवमा, "यी दुई विश्वासका स्वीकारोक्तिहरू बिचको भिन्नता यति सानो छ कि आधुनिक स्वतन्त्र मण्डलीहरूले एक प्रकारले सेभोइ स्वीकारोक्तिलाई आफ्ना

परिवारहरूमा प्रयोग गर्न छोडेका छन् अनि वेस्टमिन्स्टर सभाको प्रश्नोत्तरमालाको प्रयोगमा प्रेस्बिटेरियनहरूसँग सहमत भएका छन् ।"[3]

आफ्ना मण्डलीहरूको धर्मसिद्धान्तको आधारलाई व्यवस्थित गर्ने उद्देश्यले न्यु इंग्ल्याण्डमा बोलाइएका सबै सभाहरूले यो विश्वासको स्वीकारोक्ति र यी प्रश्नोत्तरमालाहरूलाई उनीहरूको आफ्नै विश्वासको सटीक व्याख्याका रूपमा समर्थन वा स्पष्ट रूपमा अंगिकार गरेका छन् । सन् १६४७ जुनमा अनि फेरि सन् १६४८ को अगस्टमा म्यासाचुसेट्सको क्याम्ब्रिजमा भेला भएको सिनोडले तयार पारेको क्यामब्रिज प्लेटफर्म (घोषणा) ले त्यसो गऱ्यो । फेरि सेप्टेम्बर १६७९ अनि मे १६८० मा बोस्टनमा बसेको र बोस्टनको स्वीकारोक्ति रचना गरेको सिनोडद्वारा समेत अंगिकार गरेका छन् । फेरि १७०८ मा कनेक्टिकटको सेब्रुकमा बसेको र सेब्रुक घोषणा जारी गरेको सिनोडले पनि यसलाई अंगिकार गऱ्यो ।

## प्रश्नहरू

१. विश्वासको एक मात्र पूर्ण र अनिवार्य रूपमा आधिकारिक मापदण्ड के हो ?
२. सबै मानव‍ीय विश्वासका सारहरूले तिनीहरूको अख्तियार कहाँबाट प्राप्त गर्छन् ?
३. सम्पूर्ण धर्मशास्त्रले कुनै विषयमा सिकाएको कुरालाई एकसाथ संकलन गर्ने अनि त्यस विषयमा तिनीहरूको शिक्षलाई सत्यताको प्रणालीका सबै अन्य तत्त्वसँग सामन्जस्य गराउने खाँचो र दायित्व कसमाथि छ ?
४. एक व्यक्तिको लागि आफ्न‍ा सँगी -ख्रीष्टियनहरूको बृहत् शरीरको सहायताबिना वा सहायतासाथ यी विचारहरू निर्माण गर्नु असल हुन्छ ?
५. यी विषयहरूमा ख्रीष्टियन मण्डलीको बृहत् समुदायका विचारहरू कस्तो रूपमा व्यक्त र संरक्षित गरिएको छ ?

[3] निलः प्युरिटानहरू, २. १७८ ।

६. त्यस हो भने, विश्वासका सार र स्वीकारोक्तिहरू कुन *पहिलो* महान् उद्देश्यका लागि उपयोगी हुन्छन् ?
७. *दोस्रो* महान् उद्देश्य के हो ?
८. *तेस्रो* उद्देश्य के हो ?
९. *चौथो* उद्देश्य के हो ?
१०. यस्ता स्वीकारोक्तिहरूका *सामग्री* मानिसहरूको विवेकमाथि कुन आधारमा र कतिसम्म बाध्यकारी छन् ?
११. यस्ता स्वीकारोक्तिहरूको *रूप* कसलाईर कुन आधारमा बाध्यकारी छ ?
१२. कुन कुन शर्तहरूमा व्यक्तिहरूलाई मण्डलीका सदस्यका रूपमा स्वीकार गरिन्छ ?
१३. कुन कुन शर्तहरूमा प्रचारकहरू र प्रशासकहरूलाई मण्डलीका पदीय जिम्मेवारीहरूमा नियुक्त गरिन्छ ?
१४. यी दुई मामिलामा शर्तहरू किन त्यति धेरै भिन्न हुनुपर्छ ?
१५. वेस्टमिन्स्टर विश्वासका सार र स्वीकारोक्तिहरूलाई कहिले र अमेरिकी प्रेस्बिटेरियन मण्डलीको कुन प्रतिनिधि निकायद्वारा विश्वासका मापदण्डहरूका रूपमा पहिलो पटक अपनाइएका थिए ?
१६. अंगिकार ऐन पढ्नुहोस् ।
१७. जनरल सिनोडले सन् १७८८ मा सदर गरेका कार्यहरू पढ्नुहोस् ।
१८. धर्मसुधारभन्दा पहिलेका सबै विश्वासका सारहरू कुन विषयसँग सम्बन्धित थिए ?
१९. प्रेरितहरूको विश्वासको सारको सुरुआत कसरी भयो ?
२०. के यसले हाम्रो प्रश्नोत्तरमालामा सधैँ स्थान पाइआएको छ ?
२१. यसलाई पढ्नुहोस् ।
२२. निसियाको विश्वासको सारको कहिले र कुन परिषदहरूद्वारा रचिएको थियो ?
२३. यसलाई पढ्नुहोस् ।

२४. यसपछि ख्रीष्टको व्यक्तित्वको सन्दर्भमा मण्डलीमा के कस्ता परस्पर विपरीत विधर्मी प्रवृत्तिहरू देखापरे ?
२५. एफिससको परिषद्को विश्वासको सारको मिति र संरचना के थियो ?
२६. चाल्सिडोनको परिषदको विश्वासको सारको मिति र संरचना के थियो ?
२७. महान् एथेनासियसलाई झूटो रूपमा जिम्मेवार ठहराइएको विश्वासको सारको उत्पत्ति कसरी भएको थियो ?
२८. यसमा ख्रीष्टको व्यक्तित्वसँग सम्बन्धित खण्ड पढ्नुहोस् ।
२९. रोमको मण्डलीका धर्मसिद्धान्तका मापदण्डहरू के के छन् ?
३०. तिनीहरूले सिकाउने ईश्वरशास्त्रको चरित्र के हो ?
३१. मध्य युगका मण्डलीहरू कहिले, किन, र कति वटा खण्डमा विभाजित भए ?
३२. ग्रीक मण्डलीका सीमाभित्र कुन कुन देशहरू पर्छन् ?
३३. ग्रीक मण्डलीका धर्मसिद्धान्तका मापदण्डहरू के के छन् ?
३४. धर्मसुधारका मण्डलीहरू कुन दुई वटा ठूला खण्डमा विभाजित भए ?
३५. लुथरन मण्डलीहरूको साझा विशेषता के हो ?
३६. रिफर्म्ड मण्डलीहरूको साझा विशेषता के हो ?
३७. कुन कुन मण्डलीहरू लुथरन परिवारमा पर्छन् ?
३८. तिनीहरूको प्रमुख र विश्वव्यापी रूपमा स्वीकार गरिएको विश्वासको मापदण्डको नाम, मिति, र सुरुआत के हो ?
३९. तिनीहरूका विश्वासका सारका अन्य पुस्तकहरू के के छन् ?
४०. सुसंगत सूत्र (फर्म अभ कंकर्ड) को उत्पत्ति, उद्देश्य र चरित्र के हो अनि यसलाई कुन स्थानमा राखिएको छ ?
४१. रिफर्म्ड वा क्याल्विनवादी परिवारमा कुन कुन मण्डलीहरू समावेश छन् ?
४२. यहाँ दोस्रो हेल्वेटिक स्वीकारोक्तिको कस्तो विवरण दिइएको छ ?
४३. यहाँ हाइडेलबर्ग स्वीकारोक्तिको कस्तो विवरण दिइएको छ ?
४४. यो कुन मण्डलीहरूको मान्यता प्राप्त मापदण्ड हो ?

४५. इङ्ग्ल्याण्डको मण्डलीका उनन्चालिस वटा लेखोटहरूबारे यहाँ के भनिएको छ ?

४६. डर्टको सिनोड कसद्वारा, कहाँ, कहिले, र कुन उद्देश्यका लागि बोलाइएको थियो ?

४७. यसमा कुन कुन पक्षधरहरू समावेश थिए ?

४८. यसका "मापदण्डहरू" लाई कुन स्थानमा राखिएको छ अनि तिनीहरू कुन मण्डलीहरूका मापदण्ड हुन् ?

४९. वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्ति र प्रश्नोत्तरमाला कुन मण्डलीहरूका विश्वासका मापदण्ड हुन् ?

५०. तिनीहरूलाई इंग्ल्याण्डका कंग्रिगेसनलिस्टहरूले कत्तिको ग्रहण गरेका छन् ?

५१. तिनीहरूलाई न्यु इंग्ल्याण्डका कंग्रिगेसनलिस्टहरूले कुन अवसरहरूमा र कुन हदसम्म ग्रहण गरेका छन् ?

# अध्याय २
# (CHAPTER II)

## वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्ति र प्रश्नोत्तरमालाको सुरुआतको संक्षिप्त विवरण

## (SOME ACCOUNT OF THE ORIGIN OF THE WESTMINSTER CONFESSION AND CATECHISM)

रिफर्म्ड र लुथरन मण्डलीहरूका अधिकांश विश्वासका स्वीकारोक्तिहरू एकल लेखकहरूद्वारा वा ईश्वरशास्त्रीहरूको एउटा सानो समूहद्वारा रचना गरिएका थिए जसलाई धर्मसिद्धान्तको एउटा मापदण्ड निर्माण गर्न जिम्मेवारी तोकिएको थियो । यसरी, लुथर र मेलांक्थन अग्सबर्ग विश्वासको स्वीकारोक्तिका प्रमुख लेखकहरू थिए जुन लुथरन मण्डलीहरूको विश्वासको साझा मापदण्ड अनि एकताको बन्धन थियो । दोस्रो हेल्वेटिक विश्वासको स्वीकारोक्ति बुलिंगरद्वारा रचिएको थियो जसलाई केही स्विस ईश्वरशास्त्रीहरूद्वारा त्यो काम सुम्पिइएको थियो; अनि चर्चित हाइडेलबर्ग प्रश्नोत्तरमाला उर्सिनस र ओलेभियानसद्वारा रचना गरिएको थियो जसलाई पालाटिनेका युवराज फ्रेडरिक तृतीयद्वारा त्यो कामको लागि नियुक्त गरिएको थियो । पुरानो स्कटिश विश्वासको स्वीकारोक्ति जुन वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्ति अंगिकार गर्नुअगि स्कटल्याण्डको प्रेस्बिटेरियन मण्डलीको लागि लगभग एक सय वर्षसम्म विश्वासको स्वीकारोक्तिका रूपमा रहेका थियो, त्यो छ जना ईश्वरशास्त्रीहरूको समितिद्वारा रचना गरिएको थियो जसका प्रमुख स्कटिश संसदद्वारा नियुक्त जोन नक्स थिए । मण्डली अफ इंग्ल्याण्ड र एपिस्कोपल मण्डली अफ अमेरिकाका उनन्चालिस वटा लेखोटहरू सन् १५५१ आर्चबिशप क्रयान्मर र रिड्लेद्वारा प्रतिपादन गरिएका थिए अनि सन् १५६२ रानी एलिजाबेथको आदेशमा बिशपहरूद्वारा संशोधन गरिएका थिए ।

अर्कोतर्फ, सबै रिफर्म्ड मण्डलीहरूका माझमा उच्च अख्तियार भएको डोर्टको सिनोडले स्थापित गरेको मापदण्ड अनि हल्याण्डको मण्डलीका मापदण्ड नेदरल्याण्डको स्टेट जनरलद्वारा डर्टमा आयोजित अन्तर्राष्ट्रिय सिनोडद्वारा सृजना गरिएका थिए । त्यो सिनोडमा फ्रान्सका बाहेक सबै रिफर्म्ड मण्डलीहरूका प्रतिनिधिहरू सहभागी थिए । अनि हाम्रो मण्डलीको विश्वासका स्वीकारोक्ति र प्रश्नोत्तरमालाहरू इंग्ल्याण्डको वेस्टमिन्स्टरमा १ जुलाई १६४ देखि २२ फेब्रुअरी १८४८ सम्म दीर्घ संसद्द्वारा आयोजना गरिएको धर्मगुरूहरू र नागरिकहरूको ठूलो र प्रख्यात राष्ट्रिय सभाद्वारा निर्माण गरिएको थियो । यस अध्यायमा यसको बारेमा निकै संक्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

स्कटल्याण्डमा धर्म सुधारले सन् १५२७ मा युरोपका लुथर र मेलांक्थनबाट शिक्षा पाएका प्रसिद्ध प्याट्रिक ह्यामिल्टनबाट गति प्राप्त गरेको थियो । यो कुनै पनि रूपमा राजनीतिक क्रान्ति थिएन न त यो शासक वर्गबाट उत्पन्न भएको थियो । यो जनसमूह र मण्डलीकै माझमा चलेको विशुद्ध रूपमा एक धार्मिक क्रान्ति थियो जसले विभिन्न समयमा विभिन्न प्रतिष्ठित अगुवाहरूबाट निर्देशन प्राप्त गर्‍यो जसमध्ये प्रमुख जोन नक्स र एन्ड्र्यू मेलभिल थिए । "स्कटल्यान्डको मण्डलीले आफ्नो विश्वासको स्वीकारोक्ति र यसको अनुशासनको पहिलो पुस्तक सृजना गर्‍यो अनि व्यवस्थापिका संसद्बाट स्वीकृति प्राप्त गर्नुभन्दा सात वर्ष पहिल्यै आफ्नो पहिलो साधारण सभामा आफ्नै प्रशासनका लागि यसलाई अनुमोदनसमेत गरेको थियो । यसको पहिलो महासभा १५६० मा आयोजना गरिएको थियो भने यसलाई राष्ट्रियमण्डलीको रूपमा मान्यता दिने संसद्को पहिलो ऐन १५६७ मा पारित भएको थियो ।"[4]

राजा जेम्सले इंग्ल्याण्डको राज्यारोहण नगरेसम्म यसले सरकारी नियन्त्रणबाट स्वतन्त्रता र प्रेस्बिटेरियन मण्डलीको रूपमा आफ्नो निष्ठा कायम राखिरह्यो । त्यसपछि इंग्ल्याण्डको प्रभाव र राजाको बढ्दो शक्तिद्वारा स्कटल्याण्डको मण्डलीको स्वतन्त्रता अस्थायी रूपमा नष्ट भयो । स्कटल्याण्डमा उनीहरूको धार्मिक स्वतन्त्रतामाथि आक्रमणको विरोधमा स्वतन्त्रता अनि

[4] हेदरिङ्टनद्वारा लिखित वेस्टमिन्स्टर सभाको इतिहास, पृष्ठ ८८ ।

सत्यधर्मका पक्षधर कुलीन वर्ग, पादरी र जनताहरूले एडिनबर्गमा २८ फेब्रुअरी १६३८ मा सदा-स्मरणीय राष्ट्रिय प्रतिज्ञापत्रमा हस्ताक्षर गरे अनि इंग्ल्याण्ड र स्कटल्याण्ड राज्यहरूका बिचमा १६४३ मा गम्भीर संघ र प्रतिज्ञापत्रमा हस्ताक्षर भयो । "स्कटल्याण्डको महासभा, इंग्ल्याण्डको संसद् र वेस्टमिन्स्टर सभाद्वारा अंगिकार गरिएको यो गम्भीर संघ र प्रतिज्ञापत्रले संयुक्त राज्यहरूलाई स्कटल्याण्डको मण्डलीमा शिक्षा, आराधना, अनुशासनर प्रशासनमा सत्यधर्मको संरक्षण गर्न अनि इंग्ल्याण्ड र आयरल्याण्ड राज्यहरूमा परमेश्वरको वचन अनुसार धर्म सुधार गर्न बाध्य बनायो ।"[5]

दुवै राज्यमा धार्मिक स्वतन्त्रता, अझै सिद्ध सुधार र मण्डलीको मामिलामा एकरूपता निश्चित गर्नका लागि स्कटल्याण्डका मानिसहरूले चार्ल्स प्रथमसँगको संघर्षमा इंग्ल्याण्डको संसद्लाई सहानुभूतिपूर्ण प्रभावकारी समर्थन दिए अनि स्कटल्याण्डको मण्डलीले आफ्ना सबैभन्दा प्रतिष्ठित मानिसहरूलाई प्रतिनिधिका रूपमा वेस्टमिन्स्टर सभामा पठायो ।

इंग्ल्याण्डमा धर्मसुधार अभियानका दुई वटा स्पष्ट चरणहरू छन् । एउटाअनुग्रहको साँचो काम हो भने अर्कोचाहिँ राजनीतिक र मण्डली प्रशासनको क्रान्ति । पहिलो चरित्रमा यो परमेश्वरको वचनको प्रकाशनद्वारा भएको थियो – १५१७ मा अक्सफोर्डमा प्रकाशित इरास्मसको ग्रीक भाषाको बाइबल अनि टिन्डेलद्वारा बाइबलको अंग्रेजी अनुवाद जुन १५२६ मा जर्मनीको वर्म्सबाट इंग्ल्याण्डमा पठाइएको थियो । साँच्चै पवित्र पादरीहरू र साधारण मानिसहरूका साथसाथै अंग्रेजी बाइबलद्वारा त्यो राष्ट्रको धर्ममा लोकप्रिय क्रान्ति ल्याइयो अनि यसको हृदय स्थायी रूपमा प्रोटेस्टेन्ट बनाइयो । क्र्यान्मर, रिडले, हुपर, ल्याटिमर र जेवेल जस्ता इंग्ल्याण्डका वास्तविक सुधारकहरू साँच्चै सुसमाचारवादी र पूर्ण रूपमा काल्विनवादी थिए । उनीहरू स्विट्जरल्याण्ड र जर्मनीका महान् ईश्वरशास्त्रीहरू र प्रचारकहरूप्रति पूर्ण सहानुभूतिमा र निरन्तर पत्राचारमा थिए । यो कुरा उनीहरूको लेखनमा चित्रण गरिएको छ; १५५१ को एडवार्ड छैठौँका बयालिस लेखोटहरूमा; १५६२ को इंग्ल्याण्डको मण्डलीका वर्तमान धर्मशिक्षाका

[5] हेदरिङ्टनद्वारा लिखित वेस्टमिन्स्टर सभाको इतिहास, पृष्ठ १८७ ।

लेखोटहरूमा; अनि आर्चबिशप ह्वाइट गिफ्टद्वारा १५९५ मा तयार पारिएको ल्याम्बेथ लेखोटहरूमा ।

वास्तविक सुधारको यो पहिलो कार्यलाई हेनरी आठौँद्वारा सुरु गरिएको राजनीतिक र मण्डलीसम्बन्धी क्रान्तिद्वारा भौतिक रूपमा सहायता पुगेको र उनकी छोरी रानी एलिजाबेथद्वारा समर्थन गरिएको भए तापनि, यही कुराले यसलाई ठूलो बाधा पनि पुग्यो र समयभन्दा पहिले नै यसलाई अवरोध गरियो । "सर्वोच्चता ऐन" ले सम्राटलाई यस संसारमा मण्डलीको शिर बनायो अनि धर्मशिक्षा, मण्डलीको व्यवस्था र अनुशासनका सबै प्रश्नहरूलाई उनको पूर्ण अधीनमा राख्यो । साथै यसले एलिजाबेथलाई ठिक त्यही समयमा सुधारको प्रकियाद्वारा मण्डलीको संवैधानिक परिवर्तनलाई नियन्त्रण गर्न अनि तिनको सांसारिक लालसा र शक्तिको मोहअनुसार चल्न सक्षम तुल्यायो । कुलीन वर्गले स्वाभाविक रूपमा दरबारको पक्ष लियो अनि मानिसहरूको धार्मिक र नागरिक स्वतन्त्रता दुवै दमन गर्नमा सम्राटको सहज साधन बन्यो । जेम्स प्रथम र चार्ल्स प्रथमको शासनकालको सम्पूर्ण अवधिमा एकातर्फ प्युरिटन र अर्कोतर्फ दमनकारी दरबार पक्षका बिचको द्वन्द्वअझै तीव्र र तीतो बन्दै गयो । निरंकुश दरबार पक्षले स्वाभाविक रूपमा मण्डलीका संस्थापकहरूको काल्विनवादलाई त्यागेर आर्मीनियनवाद अपनायो जुन सधैँ निरंकुश शक्तिका परजीवीहरू अनि मण्डलीका विधिविधानवादी भिक्षुहरूका माझमा फैलिएको थियो ।

सबै सुधारको इन्कार अनि "एकरूपताको ऐन" को अथक कार्यान्वयनले सबै विमतिको दमन गर्दै जनताको प्रत्येक धार्मिक स्वतन्त्रता हरण गर्‍यो जसको निश्चित परिणाम शाही विशेषाधिकारको यस्तो विस्तार र मनमानी कदम र हिंसातर्फ डोर्‍यायो कि जनातको नागरिक स्वतन्त्रता पनि कुल्चिइयो । अन्त्यमा स्टार चेम्बर र उच्च आयोगको सभामार्फत एघार वर्षसम्म राष्ट्रमाथि शासन गर्ने प्रयास गरेपछि अनि त्यो वसन्तमा बैठक बसेको बागी संसद्को सत्र अन्त्य गरेपछि, राष्ट्रलाई अपिल गर्न राजा फेरि बाध्य भए जसले नोभेम्बर १६४० मा पछि गएर दीर्घ संसद्को नामले चिनिने प्रतिष्ठित निकाय स्थापना गर्‍यो ।

अर्को वर्षको मे महिनामा यो संसद्ले एउटा ऐन पारित गर्दै यसको आफ्नै सहमतिमा मात्रै यो विगठन हुन सक्छ भन्ने कुरा स्थापित गरी आफैलाई

व्यावहारिक रूपमा राजाको स्वेच्छाचारिताबाट स्वतन्त्र रूपमा प्रस्तुत गऱ्यो । अनि त्यही समयमा दुई जनाबाहेक दुवै सदनका सबै सदस्यहरूले आफैलाई उनीहरूको स्वतन्त्रता र प्रोटेस्टेन्ट धर्मको प्रतिरक्षा गर्न बाध्य पार्ने करारमा हस्ताक्षर गरे । सोही वर्ष संसद्ले उच्च आयोगको सभा र स्टार चेम्बर खारेज गरिदियो अनि नोभेम्बर १६४२ मा यस्तो घोषणा गरियो कि नोभेम्बर ५, १६४३ पछि आर्चबिशप र बिशपको कार्यालय अनि मण्डलीका सम्पूर्ण उच्च प्रशासनको संरचना खारेज गरिनुपर्छ ।

१२ जुन १६४३ मा संसद्ले "इंग्ल्याण्डको मण्डलीको प्रशासन र धार्मिक अनुष्ठान निर्धारण गर्न अनि उक्त मण्डलीका शिक्षालाई झूटा दोष र व्याख्याहरूबाट शुद्धीकरण गर्ने सन्दर्भमा परामर्श दिन ईश्वरशास्त्रीहरू साथसाथै अन्य मानिसहरूको सभा बोलाउनका लागि संसद्का माथिल्लो तथा तल्लो सदनका सांसदहरूको अध्यादेश" नामक ऐन पारित गऱ्यो । बिशपहरूद्वारा मण्डली प्रशासन चलाइने पहिलेको व्यवस्था अन्त्य भए तापनि इंग्ल्याण्डमा ख्रीष्टको मण्डली कायमै रहेको कारण महासभामा मण्डलीका प्रतिनिधिहरूलाई बोलाउन सक्ने विश्वव्यापी रूपमा मान्यता प्राप्त एक मात्र अधिकारप्राप्त निकाय राष्ट्रिय विधायिका थियो । त्यो सभामा सहभागी बन्ने सदस्यहरू अध्यादेशमा उल्लेख गरिएका थिए अनि त्यस युगको मण्डलीका उत्तम व्यक्तिहरू थिए जसमा अनुपस्थित सदस्यहरूको परिपूर्ति गर्न पछिबाट एक्काइस जना सेवकहरू थपिए । सुरुको सूचीमा दश जना लर्ड (माथिल्लो सदनका सदस्यहरू) र बिस जना कमनर (तल्लो सदनका सदस्यहरू) अनि एक सय बिस जना ईश्वरशास्त्रीहरू थिए । त्यो प्रतिष्ठित सभामा मण्डली प्रशासनका बारेमा विभिन्न प्रकारका धारणा राख्ने मानिसहरू समावेश थिए- एपिस्कोपलियनहरू, प्रेस्बिटेरियनहरू, स्वतन्त्रहरू, र इरास्टियनहरू । "मौलिक अध्यादेशमा चार जना बिशपको नाम उल्लेख गरिएको जसमध्ये एक जना मात्रै पहिलो दिनमा उपस्थित थिए । अर्का बिशप कुनै जरुरी कामको बहानामा अनुपस्थिति रहे । बोलाइएका अरू पाँच जना पछि गएर बिशप भए अनि करिब पच्चिस जनाले उपस्थित हुन इन्कार गरे, आंशिक रूपमा किनभने त्यो राजाद्वारा बोलाइएको नियमित सभा थिएन अनि अर्को कारणचाहिँ त्यो गम्भीर संघ र प्रतिज्ञापत्रलाई राजाले स्पष्ट रूपमा निन्दा

गरेका थिए ।"[6] स्कटल्याण्डको महासभाले पनि वेस्टमिन्स्टरमा आफ्ना उत्तम मानिसहरू प्रतिनिधिहरूका रूपमा पठायो । पास्टर अलेक्जेन्डर हेन्डरसन जो प्रतिज्ञापत्रका लेखक थिए, जर्ज गिलेस्पी, शमुएल रूथरफोर्ड र रबर्ट बेइली; अनि एल्डरहरू लर्ड जोन मेटल्याण्ड र सर आर्चिबाल्ड जोनस्टन ।

पहिलो दिन ६० जना मात्रै उपस्थित भए अनि संसद्को अवरुद्ध बैठकमा ६० जनाको उपस्थिति थियो अनि लामो समयसम्म चलेको अधिवेशनको क्रममा साठीदेखि असी जनाको उपस्थिति रह्यो । एपिस्कोपलियनहरू गम्भीर संघ र प्रतिज्ञापत्रमा हस्ताक्षर गर्नबाट पछि हटेपछि यीमध्ये बाँकी रहेकाहरू अधिकांश प्रेस्बिटेरियनहरू थिए । प्युरिटान धर्मसेवकहरूको विशाल बहुमतयुरोपका सबै रिफर्म्ड मण्डलीहरूको उदाहरणपछि प्रेस्बिटेरियनवादतर्फ ढल्केका थिए अनि धेरै ठाउँहरूमा, विशेष गरी लन्डन शहर र यसको छिमेकमा प्रेस्बाइटेरीहरू (धर्मसेवकहरूको दल) खडा गरेका थिए ।

त्यो सभामा डा. थोमस गडविन र रेभ. फिलिप न्याइको नेतृत्वमा पाँच जना मात्र प्रमुख स्वतन्त्र प्रतिनिधिहरू थिए । उनीहरूको विरोधी धारणाको कारण उनीहरूलाई "पाँच जना बागी दाजुभाइहरू" भनिन्थ्यो । उनीहरूको संख्या थोरै भए तापनि उनीहरूले सभाको राष्ट्रिय मण्डली निर्माणको काममा ठूलो बाधा पुर्याए र अन्त्यमा रोकिदिए । अनि तिनीहरूले सभाभन्दा बाहिरका राजनीतिज्ञहरूबाट, दीर्घ संसद्मा, सेनामा अनि सबैभन्दामाथि त क्रमवेल स्वयंबाट प्राप्त गरेको समर्थनको कारण तिनीहरूको प्रभाव बढेको थियो ।

इरास्टियनहरूले मण्डलीमा क्रिस्चियन पास्टरहरूचाहिँ शिक्षकहरू मात्रै हुन्, शासकहरू होइनन् भन्न ठान्थे । सम्पूर्ण मण्डली तथा नागरिक शक्ति सरकारी प्रशासक मात्रै निहित हुन्छ भन्ने त्यो समूहलाई थोमस कोलम्यान र जोन लाइटफुट नामक केवल दुई जना पास्टरहरूद्वारा विधानसभामा प्रतिनिधित्व गरिएको थियो जसलाई जोन सेल्डन नामक विद्वानद्वारा सक्रिय सहयोग गरिएको थियो । संसद्ले तिनीहरूलाई सहानुभूति दिएको थियो र वास्तवमा सबै सांसारिक

[6] हेदरिङ्टनद्वारा लिखित वेस्टमिन्स्टर सभाको इतिहास, पृष्ठ ९९ ।

राजनीतिज्ञहरूले तिनीहरूलाई समर्थन गरेको कारण तिनीहरूको प्रभाव ठूलो थियो ।

संसद्ले नियुक्त गरेका प्रोलोक्युटर वा सहजतर्ता डा. ट्विसे थिए अनि उनको मृत्युपछि श्री हार्लेले त्यो जिम्मेवारी सम्भाले । जुलाई १, १६४३ मा प्रोलोक्युटरबाट वेस्टमिन्स्टरको अब्बी मण्डलीमा एउटा प्रवचन सुनेपछि हेनरी सातौँको च्यापलमा सभा आयोजना गरियो । मौसम चिसो भएपछि उनीहरू "वेस्टमिन्स्टरको एबीको सुन्दर कक्ष" यरूशलेम चेम्बरमा भेला भए । जब सम्पूर्ण सभालाई आआफ्नो जिम्मेवारीको कामको लागि तीन वटा बराबर संख्याका समितिमा विभाजन गरियो अनि तिनीहरूले त्यही काम जिम्मा लिए जुन पहिलो पटक उनीहरूलाई संसद्को जिम्मा दिइएको थियो अर्थात् ३९ धाराहरूको संशोधन, इंग्लिस मण्डलीको विद्यमान विश्वासको सार । तर १२ अक्टोबरमा, गम्भीर संघ र प्रतिज्ञापत्र अनुमोदन गरेलगत्तै, संसद्ले त्यो सभालाई "परमेश्वरको पवित्र वचनसँग मिल्दो अनुशासन र प्रशासनको बारेमा आपसमा विचार विमर्श गर्न" निर्देशन दियो । फलस्वरूप तिनीहरू प्रशासन, आराधना र अनुशासन निर्देशिका तयार गर्ने काममा तुरुन्तै प्रवेश गरे । तर स्वतन्त्र र इरास्टियन समूहहरूसँग निरन्तर विवादले ढिलाइ भएकाले १६४४ को अन्त्यतिर मात्रै त्यो विखण्डको काम पूरा गरे । त्यसपछि तिनीहरूले विश्वासको स्वीकारोक्ति रचनाको लागि तयारी गर्न थाले अनि यसमा समेटिनु पर्ने मुख्य कथनहरू तयार पार्न र व्यवस्थित गर्नका लागि एउटा समिति नियुक्त गरियो । त्यो समितिमा निम्न व्यक्तिहरू रहेका थिए : डा. होइल, डा. गाउज, अनि श्रीहर्ले, गेटेकर, टकनी, रेनोल्ड्स र भाइन्स ।

समितिले सुरुमा विश्वासको स्वीकारोक्ति र प्रश्नोत्तरमाला एकैसाथ तयार गर्ने काम गर्‍यो । 'दुवै काममा केही प्रगति भएपछि सभाले पहिले विश्वासको स्वीकारोक्ति पूरा गर्ने त्यसपछि त्यसको ढाँचामा प्रश्नोत्तरमाला रचना गर्ने निर्णय गर्‍यो ।" तिनीहरूले पूरा भएको विश्वासको स्वीकारोक्ति डिसेम्बर ३, १६४६ मा संसद्मा प्रस्तुत गरे जहाँ "त्यो स्वीकारोक्तिको प्रत्येक खण्ड पवित्रशास्त्रबाट प्रमाणित गर्नका लागि त्यो सभाले सीमान्त टिप्पणी संलग्न गर्नुपर्छ" भनी सभालाई

फेरि जिम्मा दिइयो । अन्ततः तिनीहरूले प्रत्येक अलग कथनको लागि पवित्रशास्त्रबाट प्रमाणसहित पूरा गरेरअप्रिल २९, १६४७ मा प्रस्तुत गरे ।

छोटो प्रश्नोत्तरमाला पूरा भयो र नोभेम्बर ५, १६४७ मा संसद्मा प्रस्तुत गरियो अनि लामो प्रश्नोत्तरमाला अप्रिल १४, १६४८ मा पूरा भयो । २२ मार्च १६४८ मा, विश्वासको स्वीकारोक्तिबारे दुई सदनका विचारहरू तुलना गर्न तिनीहरूको संयुक्त सभा आयोजना गरियो, जसको नतिजा रशवर्थले यसरी बताएका छन् :

"आजको दिन (मार्च २२), तल्लो संसद्ले एउटा सभामा माथिल्लो सभाको सामु आफूले अनुमोदन गरेको विश्वासको स्वीकारोक्ति प्रस्तुत गर्‍यो , जसमा केही परिवर्तनहरू (विशेष गरी अनुशासनका प्रश्नहरूका बारेमा) गरिएका छन्, जस्तै: कि तिनीहरू माथिल्लो संसद् र धर्मसभासँग सैद्धान्तिक पक्षमा सहमत छन् र यो कुरा सार्वजनिक गरिएको चाहन्छन् ताकि यो अधिराज्य र ख्रीष्टियन धर्मका सबै मण्डलीहरूले इंग्ल्याण्डको संसद् धर्मशिक्षाको विषयमा फरक मत राख्दैन भन्ने कुरा बुझुन् ।"[7]

वेस्टमिन्स्टरमा विश्वासको स्वीकारोक्ति, सार्वजनिक आराधना निर्देशिका अनि लामो र छोटो प्रश्नोत्तरमालाका सबै खण्डहरू पूरा हुनासाथ स्कटल्याण्डको महासभाले अनुमोदन गरेको थियो ।

अक्टोबर १३, १६४७ मा, दीर्घ संसद्ले इंग्ल्याण्डमा प्रयोगात्मक रूपमा प्रेस्बिटेरियन मण्डली स्थापना गर्‍यो, "संसद्को अर्को अधिवेशन अन्त्य नभएसम्म जुन त्यो मितिको एक वर्षपछि हुने थियो ।" तर त्यो मितिभन्दा पहिल्यै त्यो संसद् क्रमवेलको सेनाको शक्तिको अधीनमा परिसकेको थियो । प्रेस्बिटेरीहरू र सिनोडहरू चाँडै नै उनको 'छानबिन समिति' द्वारा छायाँमा पारिए भने १६६२ मा चार्ल्स द्वितीयद्वारा प्रेस्बिटेरियन सेवकहरूलाई सामूहिक रूपमा हटाइयो ।

विश्वासको स्वीकारोक्तिको समापनपछि धेरैजसो सदस्यहरू चुपचाप तितरबितर भएर आ-आफ्नो घर फर्किए । लन्डनमा रहनेहरू मुख्य रूपमा त्यस्ता सेवकहरूको जाँचमा भए जसले आफूलाई अभिषेकको लागि वा रिक्त पदहरूमा नियुक्तिका लागि प्रस्तुत गरेका थिए । तिनीहरूको औपचारिक

---

[7] हेदरिङ्‌टनद्वारा लिखित वेस्टमिन्स्टर सभाको इतिहास, पृष्ठ २४५ ।

अस्तित्व २२ फेब्रुअरी १६४९ अर्थात् राजाको हत्याको लगभग तीन हप्ता पछिसम्म जारी रह्यो । यसरी तिनीहरू पाँच वर्ष, छ महिना र बाइस दिन अस्तित्वमा रहे जुन अवधीमा तिनीहरूले एक हजार एक सय त्रिसठ्ठी सत्रहरू आयोजना गरेका थिए ।

त्यसपछि तिनीहरूलाई सेवकहरूको छानबिन र जाँच सञ्चालन समितिमा परिणत गरियो अनि तिनीहरूले त्यस उद्देश्यका लागि प्रत्येक बिहीबार बिहान बैठकहरू आयोजना गरे । तर २५ मार्च १६५२ माओलिभर क्रमवेलले जबरजस्ती दीर्घ संसद्, जसको अधिकारमा धर्मसभा पहिलो पटक बोलाइएको थियो, विघटन गरेपछि त्यो समिति पनि टुट्यो अनि कुनै औपचारिक विगठनबिना विगठन भयो ।"

वेस्टमिन्स्टर सभाको अपनाएको को विश्वासको स्वीकारोक्ति अनि लामो र छोटो प्रश्नोत्तरमालालाई उत्तर अमेरिकाको मूल सिनोडद्वारा १७२९ मा" यो मण्डलीको विश्वासको स्वीकारोक्ति" का रूपमा अपनाइयो । अनि यसलाई स्कटल्याण्ड, इंग्ल्याण्ड, आयरल्याण्डर अमेरिकाका प्रेस्बिटेरियन मण्डलीका सबै शाखाहरूद्वारा विश्वासकोमानकका रूपमा ग्रहण गरिएको छ र अत्यन्तै सम्मानित छ; अनि यसका प्रश्नोत्तरमालाहरू सार्वजनिक शिक्षाको माध्यमका रूपमा विश्वभरिका प्युरिटान सम्प्रदायका सबै मण्डलीहरूद्वारा प्रयोग गरिएको छ ।

वेस्टमिन्स्टर सभाले आफ्नो विश्वासको स्वीकारोक्तिबाट इरास्ट्रियन मतका त्रुटिको गन्ध आउने सबै थोकलाई दृढतापूर्वक बहिस्कार गरे तापनि, मण्डली संस्थापनाको सन्दर्भमा उनीहरूका विचारहरूले सरकारी प्रशासकहरूका सम्बन्धमा र धार्मिक कुराहरूका सम्बन्धमा (*(circa sacra)*) यस्तो धारणा सृजना गऱ्यो जसलाई अमेरिकामा सधैँ इन्कार गरिएको छ । त्यसकारण, मौलिक "अनुमोदन ऐन" मा सिनोडले घोषणा गऱ्यो कि यसले विश्वासको स्वीकारोक्तिमा यस बिन्दुसँग सम्बन्धित त्यस्ता कुनै पनि खण्डहरू ग्रहण गरेन "जसले धर्मसेवाको अधिकारको प्रयोगको सन्दर्भमा सरकारी प्रशासकसँग सिनोडहरूमाथि नियन्त्रण गर्ने शक्ति छ; वा कसैको धर्मको लागि उसलाई दण्डित गर्न उसँग कुनै

शक्ति छ, वा ग्रेट ब्रिटेनको सिंहासनमा प्रोटेस्टेन्ट उत्तराधिकारको विरुद्धमा उसको शक्ति छ भन्ने अर्थ देउन् । ''

फेरि, जब सिनोडले १७८७ मा महासभा आयोजना तयारीको लागि आफ्नो मापदण्ड परिमार्जन र संशोधन गऱ्यो , "यसले वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्तिको बीसौं अध्यायको अन्तिम अनुच्छेद; तेईसौं अध्यायको तेस्रो अनुच्छेद; र एकतिसौं अध्यायको दोस्रो अनुच्छेदबारे विचार विमर्श गऱ्यो ; अनि केही परिमार्जन गरेर सहमति गरिएका ती उक्त अनुच्छेदहरू विचार विमर्शका लागि परिमार्जित रूपमा छापिउन् ।"

यसरी परिवर्तित र संशोधित भएपछि, यो विश्वासको स्वीकारोक्ति र प्रश्नोत्तरमलाहरूलाई १७८८मा अमेरिकाको प्रेस्बिटेरियन मण्डलीको संविधानको दस्तावेजको खण्डको रूपमा अपनाइयो र ती आजसम्म कायम छन् ।

सरकारी प्रशासकको सम्बन्धमा वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्तिका मूल लेखहरू र अमेरिकी मण्डलीको विश्वासको स्वीकारोक्तिहरूमा भएका संशोधन यसप्रकार छन्:-[8]

| **वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्ति** | **अमेरिकी विश्वासको स्वीकारोक्ति** |
|---|---|
| अध्याय २०.४: कतिपय अपराधीहरूका बारेमा यसो भनिएको छः "तिनीहरूका विरुद्धमामण्डलीको अभियोजनद्वारा र सरकारी प्रशासकको शक्तिद्वारा कारबाही गर्न सकिनेछ ।"<br>अध्याय २३.३: "सरकारी प्रशासक आफैले वचन र पवित्र विधिको सेवा, वा | अध्याय २०.४: तिनीहरूलाई मण्डलीको अभियोजनद्वारा कानुनसम्मत रूपमा जवाफदेही बनाउन र कारबाही गर्न सकिनेछ ।"<br>अध्याय २३.३: "सरकारी प्रशासक आफैले वचन र पवित्र विधिको सेवा, वा स्वर्गको राज्यका साँचाहरूको शक्ति चलाउन; वा विश्वासको मामिलामा कत्ति पनि हस्तक्षेप गर्न |

[8] परिशिष्ट, नम्बर ३ हेर्नुहोस् ।

| | |
|---|---|
| स्वर्गको राज्यका साँचाहरू चलाउन सक्दैन । तथापि उसँग मण्डलीमा एकता र शान्ति कायम रहोस् भनी आदेश दिने अधिकार र कर्तव्य हुन्छताकि परमेश्वरको सत्यता शुद्ध र सुरक्षित राखियोस्, ताकि सबै ईश्वर-निन्दा र झूठा शिक्षाहरूलाई दबाइयोस्, आराधना र अनुशासनका सबै भ्रष्टता र गलत कुरा रोकिउन् वा सुधार गरिउन्, अनि परमेश्वरका सबै विधानहरूविधिवत रूपमा निर्धारित होउन्, लागु गरिउन् र पालन गरिउन् । यसकोअसल कार्यान्वयनको लागि उनीसँगसिनोडहरूको बैठक बोलाउने, त्यहाँ उपस्थिति हुने अनि त्यहाँ जे छलफल गरिन्छ त्यो परमेश्वरको मनअनुसार होस् भनी रायसल्लाह उपलब्ध गराउने अधिकार हुनेछ ।"<br><br>अध्याय ३१. १: "मण्डलीको असल प्रशासन र थप सुधारको लागि, त्यहाँ सिनोड वा परिषदहरू जस्ता सभाहरू हुनुपर्छ ।" | सक्दैन, तथापि हेरचाह गर्ने बाबुका रूपमा ख्रीष्टियनहरूको कुनै एक सम्प्रदायलाई अरूभन्दा प्राथमिकता नदिई हाम्रा एकै प्रभुको मण्डलीको रक्षा गर्नु सरकारी प्रशासकहरूको कर्तव्य हो । त्यो काम यसरी गरिनुपर्छ कि जुनसुकै मण्डलीका सबै व्यक्तिहरूले कुनै हिंसा वा जोखिमबिना आफ्नो पवित्र कर्तव्य पालन गर्ने पूर्ण, स्वतन्त्र र बेरोकटोक स्वतन्त्रता उपभोग गर्न सकुन् । अ नि येशु ख्रीष्टले आफ्नो मण्डलीमा अनाशासन र प्रशासन नियुक्त गर्नुभएको हुँदा, कुनै पनि राष्ट्रमण्डलले ख्रीष्टियनहरूको कुनै पनि सम्प्रदायमा उनीहरूको विश्वासअनुसारको अभ्यासमा हस्तक्षेप गर्नुहुँदैन । आफ्ना सबै मानिसहरूको जिउधन र प्रतिष्ठाको यस्तो प्रभावकारी तरिकाले संरक्षण गर्नु प्रशासकहरूको कर्तव्य हुनेछ ताकि न त धर्म वा अविश्वासको बहानामा कुनै अन्य व्यक्तिलाई अपमान, हिंसा, दुर्व्यवहार, वा चोट पुर्याउने कामबाट कुनै पनि व्यक्ति पीडित नहोस् । साथै सबै धार्मिक र तथा मण्डलीका सभाहरू दुर्व्यवहार वा बाधाबिना आयोजित हुन सक्ने |

| | |
|---|---|
| २: "धर्मको विषयमा सरसल्लाह र परामर्श गर्नको लागि प्रशासकले वैधानिक रूपमा धर्मसेवकहरू र अन्य योग्य व्यक्तिहरूको सिनोडको बैठक बोलाउन सक्छ । त्यसर्थ यदि प्रशासक मण्डलीप्रति खुल्ला शत्रु बनेमाख्रीष्टका सेवकहरूले आफ्नो पदीय दायित्वको आधारमा आफैवा मण्डलीहरूबाट प्रतिनिधिका रूपमा पठाइएका अन्य योग्य व्यक्तिहरूसँगै मिलेर यस्ता सभाहरूका रूपमा भेला हुन सक्नेछन् ।" | व्यवस्था मिलाइदिनु पनि उनीहरूको कर्तव्य हुनेछ ।" अध्याय ३१. १: "मण्डलीको असल प्रशासन र थप सुधारको लागि, त्यहाँ सिनोड वा परिषदहरू जस्ता सभाहरू हुनुपर्छ । अनि उनीहरूको पदिय दायित्व र ख्रीष्टले उनीहरूलाई दिनुभएको शक्तिको जगमा विनाशको निम्ति नभएर सुधारको निम्ति सम्बन्धित मण्डलीहरूका अगुवाहरू र अन्य प्रशासकहरूसँग यस्ता सभाहरू नियुक्त गर्ने, अनि मण्डलीको भलाइको निम्ति उनीहरूले उपयुक्त ठानेबमोजिम यस्ता सभाका रूपमा भेला हुने अधिकार रहनेछ ।" |

## प्रश्नहरू

१. लुथरन र रिफर्म्ड मण्डलीहरूका अधिकांश विश्वासका स्वीकारोक्तिहरू कसरी रचिएका थिए ?

२. डोर्टको सिनोडका क्यान्स (धार्मिक शिक्षाका मापदण्डहरू) र वेस्टमिन्स्टर विश्वासका स्वीकारोक्ति र प्रश्नोत्तरमालाहरूको बारेमा कुन कुरा अद्वितीय वा अनौठो छ ?

३. स्कटल्याण्डमा धर्मसुधारको आम चरित्र बताउनुहोस् ।

४. गम्भीर संघ र प्रतिज्ञापत्रका चरित्र र ढाँचा के थिए, अनि यो कुन पक्षहरूका बिचमा अनुबंधित थियो ?

५. इंग्ल्याण्डमा धर्मसुधारको आम चरित्र के थियो ?

६. त्यो काम कुन मुख्य संयन्त्रद्वारा सम्पन्न गरिएको थियो ?
७. इंग्ल्याण्डका प्रारम्भिक धर्मसुधारकहरूको ईश्वरशास्त्रको चरित्र के थियो अनि तिनीहरू कतातर्फ सहानुभूति राख्थे ?
८. इंग्ल्याण्डको धर्मसुधारमा त्यहाँका सुरुमा प्रोटेस्टेन्ट शासकहरूले पारेको प्रभाव के थियो ?
९. सम्राटले धार्मिक स्वतन्त्रता दमन गर्ने प्रयास गर्दा नागरिकमा त्यसको प्रभाव के पर्यो ?
१०. दीर्घ संसद्का सुरुका कतिपय ऐनहरू वर्णन गर्नुहोस् ।
११. वेस्टमिन्स्टरमा कहिले र कुन उद्देश्यका लागि ईश्वरशास्त्रीहरूको सभा बोलाइएको थियो ?
१२. त्यो सभामा समावेश व्यक्तिहरूको संख्या र चरित्र के थियो ?
१३. स्कटल्याण्डको मण्डलीका प्रतिनिधिहरू को थिए ?
१४. यस सभाका सदस्यहरू कुन तीन वटा प्रमुख पक्षमा विभाजित गरिएका थिए ? अनि कुन पक्षमा सभाको विशाल बहुमत थियो ?
१५. त्यो सभा कसरी संगठित गरिएको कसरी थियो ?
१६. त्यो सभाले गरेको पहिलो काम के थियो ?
१७. तिनीहरूले विश्वासको स्वीकारोक्ति तयार पार्ने काममा कहिले र कसरी अगि बढे ?
१८. तिनीहरूले प्रश्नोत्ततरमाला तयार पार्ने काममा कसरी अगि बढे ?
१९. सभाको कामको सन्दर्भमा दीर्घ संसद्को काम के थियो ?
२०. सभाको कामको सन्दर्भमा स्कटल्याण्डको महासभाको काम के थियो ?
२१. इंग्ल्याण्डमा प्रेस्बिटेरियन संस्थापन पक्षको अन्तिम नियति के भयो ?
२२. वेस्टमिन्स्टर विश्वासको स्वीकारोक्ति कुन मण्डलीहरूको संवैधानिक मानक सिद्धान्त हो ?
२३. त्यो विश्वासको स्वीकारोक्तिलाई अमेरिकाको प्रेस्बिटेरियनले मण्डलीले कहिलेर कुन अपवादसहित अपनायो ?
२४. कहिले, र किन, र कुन खण्डहरूमा त्यस्तो परिमार्जन गरियो ?

# विश्वासको स्वीकारोक्ति
# (CONFESSION OF FAITH)

## अध्याय १
## (CHAPTER I )
## पवित्र धर्मशास्त्रका बारेमा
## (OF THE HOLY SCRIPTURES)

**खण्ड – १ प्रकृतिको प्रकाश, सृष्टिको काम र ईश्वरीय प्रबन्धले परमेश्वरको भलाइ, बुद्धिर शक्ति यति धेरै मात्रामा प्रकट गरेका छन् कि मानिसहरूसँग क्षमा पाउनको लागि कुनै बहाना छैन ।[9] तथापि तिनीहरू मुक्तिको लागि आवश्यक परमेश्वर र उहाँको इच्छाको ज्ञान पर्याप्त छैनन् ।[10] यसकारण प्रभुले विभिन्न समयमा र विभिन्न तरिकाले आफूलाई प्रकट गर्नुभयोर आफ्नो मण्डलीलाई उहाँको इच्छा घोषणा गर्नुभयो ।[11] पछिबाट सत्यताको अझै उत्तम संरक्षण र प्रचारको लागि अनि पापस्वभावको भ्रष्टतता र शैतानको घृणाको विरूद्ध मण्डलीको सान्त्वना र दृढताको निम्ति त्यसलाई पूर्ण रूपमा लिपिबद्ध गराउनुभयो[12] जसले पवित्र धर्मशास्त्रलाई अति आवश्यक बनाउँछ[13] किनकि आफ्ना मानिसहरूलाई परमेश्वरको इच्छा प्रकट गर्ने पहिलेका तरिकाहरू अब बन्द भएका छन् ।[14]**

यो खण्डले निम्न कथनहरू पुष्टि गर्दछ :

---

[9] रोमी २:१४, १५; १:१९, २०; भजन ११९:१-३; रोमी १:३२; २:१ ।
[10] १ कोरिन्थी १:२१; २:१३, १४ ।
[11] हिब्रू १:१ ।
[12] हितोपदेश २२:१९-२१; लुका १. ३, ४; रोमी १४:४; मत्ती ४:४, ७, १०; यशैया ८:१९, २० ।
[13] २ तिमोथी ३:१५; २ पत्रुस १:१९ । हिब्रू १:१, २ ।
[14] हिब्रू १:१, २ ।

१. कि त्यहाँ एक परमेश्वर हुनुहुन्छ भन्ने तथ्य बुझाउन अनि केही हदसम्म उहाँको स्वभाव र चरित्रबारे बुझाउन प्रकृतिको प्रकाश, सृष्टिका कार्य र ईश्वरीय प्रबन्ध पर्याप्त छ, त्यसैकारण मानिसहरूको अनाज्ञाकारिताको निम्ति कुनै बहाना छैन ।

२. तथापि यसप्रकार प्राप्त गर्न सकिने ज्ञानको मात्रा र प्रकारले कसैलाई पनि मुक्ति प्राप्त गर्न सक्षम बनाउन सक्दैन ।

३. फलस्वरूप परमेश्वरले आफ्नो सार्वभौम अनुग्रहमा विभिन्न तरिकाले र विभिन्न समयमा आफ्नो बारेमा र आफ्ना अभिप्रायहरूका बारेमा मानव जातिको चुनिएको एक अंशलाई अलौकिक प्रकाश दिनुभएको छ ।

४. कि पछिबाट परमेश्वले त्यो प्रकाशलाई लिपिबद्ध गराउनुभएको छ जुन अब पवित्र धर्मशास्त्रमा मात्रै पाइन्छ ।

१. प्रकृतिको प्रकाश, सृष्टिको कार्य र ईश्वरीय प्रबन्ध त्यहाँ एक परमेश्वर हुनुहुन्छ भन्ने तथ्य अनि केही हदसम्म उहाँको स्वभाव र चरित्रबारे मानिसहरूलाई बुझाउन पर्याप्त छ त्यसैकारण तिनीहरूको निम्ति कुनै बहाना छैन ।

तिनीहरूको वर्तमान परिस्थितिमा, परमेश्वरको अस्तित्व र चरित्रको कुनै सकारात्मक ज्ञान प्राप्त गर्न मानिसहरूको क्षमताको सन्दर्भमा तीन वटा भिन्न प्रकारका गलत धारणाहरू प्रचलित छन् ।

(१) सबै चरम तर्कवादीहरूको धारणा जसले हाम्रा ज्ञानेन्द्रीयहरूले पत्ता लगाउन सकिने प्राकृतिक संसारभन्दा बाहिरको कुनै पनि संसारको अस्तित्वलाई अस्वीकार गर्दछ । विशेष गरी फ्रान्समा अगस्ट कोम्टेद्वारा सुरु गरिएको अनि इंग्ल्याण्डमा जोन स्टुआर्ट मिल र हर्बर्ट स्पेन्सरद्वारा प्रतिनिधित्व गरिएको सकारात्मक दर्शन (Positive philosophy) जसले सबै सम्भव मानव ज्ञान हाम्रो अनुभवको तथ्य अनि ती तथ्यबाट निसृत हुने निष्कर्षलाई नियमन गर्ने समान नियमहरूमा सीमित छ भन्ने दावी गर्छ । यस दर्शनअनुसार अहिलेको मानव मस्तिष्कले प्रकृतिको सरल क्रमबाट निरपेक्ष प्रथम कारणसम्म पुग्न वा सबै थोक निर्माण र व्यवस्थापन गर्ने सर्वोच्च बुद्धिमत्ताका परमेश्वरसम्म पुग्न सम्भव छैन, त्यस्ता परमेश्वर वास्तवमै अस्तित्वमा हुनुभए तापनि । साथसाथै, यसले तर्क गर्छ

कि परमेश्वर अस्तित्वमा हुनु भए वा नभए तापनि वास्तवमा उहाँ प्रकट गरिनुभएको छैन, अनि प्रकट गरिनुभए तापनि मानिसको वर्तमान मानसिक क्षमताद्वारा सिद्धान्ततः उहाँलाई पहिचान गर्न सकिँदैन ।

यो मान्यता यी तथ्यद्वारा गलत प्रमाणित गरिन्छ- (क) सबै राष्ट्रहरु, युग, र संस्कृतिहरूका स्तरमा मानिसहरूले प्रकृतिका काम र ईश्वरीय प्रबन्धमा अनि उनीहरूको आफ्नै आत्माको काममा एक परमेश्वरको उपस्थितिको प्रमाण पाएका छन् । यो कुरा विज्ञानको ज्योति नपाएका व्यक्ति, समुदाय वा पुस्ताहरूको सन्दर्भमा मात्रै होइन तर आधुनिक वैज्ञानिक युगमा सकारात्मक विज्ञानका कतिपय प्रथम शिक्षकहरूको सदर्भमा समेत सत्य रहिआएको छ, जस्तै सर आइज्याक न्युटन, सर डेभिड ब्रुस्टर, डा. फाराडे, आदि । (ख) यो तथ्यद्वारा कि प्रकृतिका काम र ईश्वरीय प्रबन्धमा योजनाबद्ध कामका संकेत प्रसस्त मात्रामा देखिन्छन् अनि तिनै संदिग्धवादीहरूद्वारा तिनीहरूलाई वैज्ञानिक रूपमा व्याख्या गरिन सकिन्छ । तर त्यसो गर्नका लागि समेत ती कामहरूको आपसी सम्बन्धले संकेत गर्ने अनि प्रकृतिका काम र प्रबन्धमा स्पष्ट रूपमा देखिने "उद्देश्य " छ भन्ने कुराको पहिचान र सटीक रेखांकन आवश्यक छ । (ग) विश्वव्यापी र मानव स्वभावको एक अविनाशी तत्त्व अन्तर्विवेकले अनिवार्य रूपमा एक व्यक्तिगत नैतिक ईश्वरीय शासकप्रति हाम्रो जवाफदेहितालाई संकेत गर्दछ अनि वास्तवमा मानिसहरूलाई समान रूपमा उहाँको अस्तित्व र उहाँसँग उनीहरूको सम्बन्धको पहिचानमा डोर्याएको छ भन्ने तथ्यद्वारा पनि त्यो कुरालाई गलत प्रमाणित गरिन्छ ।

(२) कतिपय ख्रीष्टियनहरूले यस विषयमा अतिवादी विचार राखेका छन्, जस्तै कि अलौकिक प्रकाशको पूर्ण अनुपस्थितिमा प्रकृतिको प्रकाशबाट वर्तमान अवस्थामा मानिसले परमेश्वरको सत्य र निश्चित ज्ञान प्राप्त गर्न सक्दैन; कि परमेश्वर अस्तित्वमा हुनुहुन्छ भन्ने कुनै पनि प्रकारको निश्चित ज्ञानको लागि साथै उहाँको स्वभाव र उहाँका अभिप्रायको ज्ञानका लागि हामी यस्तो प्रकटीकरणमा पूर्ण रूपमा निर्भर छौँ ।

यो धारणा गलत प्रमाणित गरिन्छ-(क) पवित्र धर्मशास्त्रको प्रत्यक्ष गवाहीद्वारा । रोमी १:२०-२४; २:१४, १५ । (ख) स्वाभाविक समझद्वारा प्रकृतिका तथ्यहरूबाट

मात्रै पनि स्पष्ट निष्कर्षहरू निकालिएका छन् कि एक बुद्धिमान् व्यक्तिगत आत्मा जो धर्मी नैतिक शासक समेत हुनुहुन्छ, उहाँ नै सबै थोकलाई अस्तित्वमा ल्याउनुहुने महान् प्रथम कारक हुनुहुन्छ । यो तर्क अनुत्तरित रहन्छ भन्ने तथ्यले देखाउँछ कि विशुद्ध प्राकृतिक स्रोतबाट निष्कर्ष निकालिने प्रक्रिया वैध छ । (ग) तिनीहरू अलौकिक प्रकाशबाट जतिसकै बञ्चित रहेको भएतापनि, सबै जातिहरूसँग परमेश्वरको बारेमा केही ज्ञान रहेको छ । अनि असभ्य जातिहरूमध्ये सबैभन्दा ज्ञान प्राप्त गरेका जातिमा प्राकृतिक धर्मले ठूलो मात्रामा प्राकृतिक ईश्वरशास्त्र जन्माएको छ ।

तथापि, ख्रीष्टभन्दा अगाडिका कतिपय उत्कृष्ठ जातिका ईश्वरशास्त्रीय लेखोटहरूले जनाएझैँ अलौकिक प्रकाशबिना मानिसहरूले उनीहरूको स्वाभाविक शक्तिको आधारमा प्रकृतिका काम र ईश्वरीय प्रबन्धबाट मात्रै प्राप्त गर्ने ईश्वरीय चरित्रको ज्ञान अनि अर्कोतर्फ यस युगमा अलौकिक प्रकाश स्पष्ट ज्योतिसाथ प्रकृतिको अध्ययनबाट प्राप्त गर्नको बिचमा हामीले भिन्नता छुट्याउनुपर्छ । आधुनिक तर्कवादीहरूको प्राकृतिक ईश्वरशास्त्र स्पष्ट रूपमा यसका सबै विशेष उत्कृष्ठताहरूका लागि ख्रीष्टियन प्रकाशप्रति ऋणी छ जसलाई यसले विस्थापित गर्ने नियत राख्छ ।

(३) यस विषयमा आफ्नो सृष्टिलाई प्रभाव नपार्ने ईश्वरमा विश्वास गर्ने एकेश्वरवादीहरू (डेइस्ट) र/वा ईश्वरहरू छन् भन्ने राख्ने तर्कवादीहरू (थिइस्टिक र्यासनालिस्ट) को तेस्रो गलत धारणा के हो भने उचित रूपमा प्रयोग गरिएमा प्रकृतिको ज्योति मानिसहरूलाई परमेश्वरको अस्तित्व, स्वभाव र उद्देश्यहरूका बारेमा आवश्यक सबै ज्ञान दिन आफैमा पूर्ण रूपमा पर्याप्त छ । कतिपय जर्मन तर्कवादीहरूले ख्रीष्टियन धर्मशास्त्रमा अलौकिक प्रकाश दिइएको कुरा स्वीकार गरे तापनि यसको एक मात्र काम प्रकृतिको प्रकाशद्वारा पहिल्यै दिइएका सत्यताहरू स्पष्ट पार्नु हो जुन आफैमा पर्याप्त छन् अनि मानिसहरूले उचित रूपमा ध्यान नदिने कारण फेरि बुझाउनु हो भन्ने तर्क गरेका छन् ।

तर यसको विपरीत यो विश्वासको स्वीकारोक्तिले सिकाउँछ कि-

२. प्रकृतिको प्रकाशद्वारा प्राप्त हुने ज्ञानले कसैलाई पनि मुक्ति प्राप्त गर्न सक्षम तुल्याउँदैन । यो सत्य प्रमाणित हुन्छ - (१) धर्मशास्त्रबाट । १ कोरिन्थी १:१;

२:१३, १४ बाट । (२) परमेश्वरसँग मानिसको नैतिक सम्बन्ध पापद्वारा तोडिएको छ भन्ने तथ्यबाट । तर्कको प्राकृतिक प्रकाशले पतित नभएको प्राणीलाई उसले कसरी परमेश्वरको सामु जानुपर्छ र उहाँको सेवा गर्नुपर्छ भनी स्वतस्फुर्त रूपमा सिकाउन सक्ला, अनि पतीत प्राणीलाई परमेश्वरको स्वभावले पापको दण्ड स्वरूप के माग गर्न भनी सिकाउन सक्ला तर पाप क्षमा, प्रतिस्थापन, पवित्रीकरण, पुनर्स्थाना आदिको निम्ति परमेश्वरले सार्वभौम रूपमा के गर्नुहोला भन्ने बारेमा यसले केही पनि सिकाउन सक्दैन । (३) ईश्वरीय प्रकाशको ज्योतिबाट वञ्चित ख्रीष्टभन्दा अगि र पछिका सबै राष्ट्रहरूको विगत इतिहासमा प्रस्तुत तथ्यहरूबाट । तिनीहरूले अँगालेका सत्यताहरू अपूर्ण र गम्भीर त्रुटिसँग मिश्रित भएका छन् । तिनीहरूको विश्वास अनिश्चित छ; तिनीहरूका धार्मिक संस्कारहरू पतित हुँदैगइरहेका छन्, तिनीहरूको जीवन अनैतिक बनिरहेको छ । ख्रीष्टियन राष्ट्रका केही तर्कवादीहरूको मामिलामा मात्रै यो तथ्यको स्पष्ट अपवाद पाइन्छ अनि तिनीहरूको धर्म मान्ने अरू राष्ट्रहरूभन्दा तिनीहरूको श्रेष्ठता वास्तवमा तिनीहरूले इन्कार गरेको अलौकिक धर्मका प्रणालीका प्रभावहरूको कारण हो, तर तिनीहरूले त्यसको शक्ति बहिष्कार गर्न सक्दैनन् ।

यसर्थ विश्वासको यस स्वीकारोक्तिले यस खण्डमा सिकाउँछ-

३. फलस्वरूप उहाँको सार्वभौम अनुग्रहमा विभिन्न तरिकाहरू र फरक फरक समयमा मानव जातिका एक चुनिएको अंशलाई आफ्नै बारेमा र आफ्नो उद्देश्यको बारेमा अलौकिक प्रकाश दिन परमेश्वर प्रसन्न हुनुभयो । अनि -

४. पछिबाट परमेश्वले त्यो प्रकाशलाई लिपिबद्ध गराउनुभएको छ जुन अब पवित्र धर्मशास्त्रमा मात्रै पाइन्छ ।

माथि देखाइएअनुसार प्रकृतिको प्रकाश मुक्तिको लागि परमेश्वरको र उहाँको इच्छाको ज्ञान प्राप्त गर्न मानिसहरूलाई सक्षम बनाउन अपर्याप्त भएको कारण - (१) मानिसको लागि अलौकिक प्रकाश पूर्ण रूपमा आवश्यक छ; अनि (२) परमेश्वरको चरित्रको बारेमा प्राकृतिक धर्मले हामीलाई जे सिकाउँछ त्यस अनुसार समेत उहाँको तर्फबाट त्यस्तो प्रकाश दिइने सम्भावना निकै उच्च छ । मानिस तात्विक रूपमा एक नैतिक प्राणी भएको कारण उसलाई स्पष्ट रूपमा प्रकट गरिएको नियम चाहिन्छ; अनि एक धार्मिक प्राणी भएको कारण

परमेश्वरसँग संगतिको चाहना गर्छ । उसको प्राकृतिक अवस्थामा यी दुवै खाँचो अपूरा रहन्छन् । तर परमेश्वर मानव स्वभावका मालिक हुनुहुन्छ । उहाँको बुद्धिमताले हामीलाई विश्वास दिलाउँछ कि उहाँले आफ्ना सबै कामहरू पूरा गर्नुहुनेछ अनि एक धार्मिक स्वभावलाई त्यसको खाँचो पूरा गर्ने व्यावहारिक रूपमा पर्याप्त धर्म उपलब्ध गराउनुहुनेछ । परमेश्वरको भलाइले हामीलाई आशा दिन्छ कि उहाँले आफ्ना सृष्टिहरूलाई को तिनीहरूको अवस्था र कर्तव्यहरूका सन्दर्भमा अलमल र ज्योतिको अभावको कारण विनाशमा छोड्नुहुने छैन । अनि उहाँको धार्मिकताले यो आशा दिन्छ कि कुनै समय उहाँ आफ्ना मानिसहरूको विवेकमा स्पष्ट र अख्तियारपूर्ण भाषामा बोल्नुहुनेछ । (३) साँच्चै, परमेश्वरले यस्तो प्रकाश दिनुभएको छ । वास्तवमा उहाँले मानव इतिहासको कुनै पनि युगमा आफैलाई साक्षीबिना छोड्नुभएको छैन । पहिलो तीन हजार वर्षभरि मानव जातिसँग उहाँको सञ्चार धेरै "विभिन्न तरिकाले" भएको थियो, जस्तै कि स्वर्गदूतहरूका रूपमा प्रकटीकरण र सुन्न सकिने आवाजहरूद्वारा, सपना, दर्शन, उरिम र तुम्मिम, अनि अगमवाणीय प्रेरणाद्वारा । अनि त्यस्ता सञ्चारका परिणामहरू परम्पराको माध्यमद्वारा फैलाइए र कायम राखिए ।

यस्तो प्रकाश दिइएको छ र हामी यसलाई ख्रीष्टियन धर्मशास्त्रमा पाउँछौँ भन्ने तथ्यलाई "ख्रीष्टियन धर्मका प्रमाणहरू" कहलिएको प्रमाणको संगालोले पुष्टि गर्छ । यो प्रमाणका प्रमुख विखण्डहरू यस प्रकार छन् :

(क) परमेश्वरको वचन भए वा नभएतापनि, पुरानो र नयाँ करारमा वास्तविक र प्रामाणिक ऐतिहासिक अभिलेखहरूका सबै चिन्हहरू छन् ।

(ख) यी धर्मशास्त्रमा अभिलेख गरिएका आश्चर्यकर्महरू प्रशस्त प्रमाणद्वारा तथ्यका रूपमा स्थापित छन् अनि तथ्यका रूपमा स्वीकार गरिँदा तिनीहरूले यो धर्म परमेश्वरबाटको हो भन्ने देखाउँछन् ।

(ग) धर्मशास्त्रमा समावेश गरिएका र पहिले नै पूरा भइसकेका धेरै वटा स्पष्ट भविष्यवाणीहरूको सन्दर्भमा पनि यही कुरा सत्य छ ।

(घ) तिनीहरूले सिकाउने नैतिक प्रणालीको अनुपम सिद्धता अनि सबै युगमा सबै मानवीय चरित्र र अवस्थाहरूमा अनुकूलन गरिँदा तिनीहरूले पत्ता लगाउने अलौकिक बुद्धिमता ।

(ङ) यसका संस्थापकको सम्पूर्ण रूपमा सिद्ध उत्कृष्टता ।

(च) व्यक्तिहरूको धार्मिक अनुभवमा अनि समुदाय र राष्ट्रहरूका पुस्ता-पुस्ताहरूमाथि यसले पारेको व्यापक प्रभावमा समेत देखिएको ख्रीष्टयन धर्मको आत्मिक शक्ति ।

परमेश्वरले दिनुभएको यो प्रकाश सम्पूर्ण रूपमा पवित्र धर्मशास्त्रमा समावेश भएको छ भन्ने बारेका प्रश्नहरूको लागि तल हेर्नुहोस् ।

## खण्ड – २ पवित्र धर्मशास्त्रको वा परमेश्वरको लिखित वचनको नाम अन्तर्गत अब पुरानो र नयाँ करारका सबै पुस्तकहरू समावेश छन् जुन यी हुन् :

### पुरानो करारका

| | | | |
|---|---|---|---|
| उत्पत्ति | १ राजाहरू | उपदेशक | आमोस |
| प्रस्थान | २ राजाहरू | श्रेष्ठगीत | ओबदिया |
| लेवी | १ इतिहास | यशैया | योना |
| गन्ती | २ इतिहास | यर्मिया | मीका |
| व्यवस्था | एज्रा | विलाप | नहुम |
| यहोशू | नहेम्याह | इजिकएल | हबकुक |
| न्यायकर्ताहरू | एस्तर | दानिएल | सपन्याह |
| रूथ | अय्यूब | होशे | हाग्गै |
| १ शमुएल | भजनसंग्रह | योएल | जकरिया |
| २ शमुएल | हितोपदेश | | मलाकी |

### नयाँ करारका

| | | | |
|---|---|---|---|
| मत्ती | २ कोरिन्थी | १ तिमोथी | १ पत्रुस |
| मर्कुस | गलाती | २ तिमोथी | २ पत्रुस |
| लुका | एफेसी | तितस | १ युहन्ना |

| | | | |
|---|---|---|---|
| **युहन्ना**<br>**प्रेरितहरूका कामहरू**<br>**रोमीहरूलाई पत्र**<br>**१ कोरिन्थी** | **फिलिप्पी**<br>**कलस्सी**<br>**१ थेसलोनिकी**<br>**२ थेसलोनिकी** | **फिलेमोन**<br>**हिब्रूहरूलाई पत्र**<br>**याकुबको पत्र** | **२ युहन्ना**<br>**३ युहन्ना**<br>**यहुदा**<br>**प्रकाश** |

**जुन सबै परमेश्वरको प्रेरणाद्वारा विश्वास र जीवनका नियम हुन दिइएका छन् ।**[15]

**खण्ड – ३ सामान्यतया एपोक्रिफा भनिने पुस्तकहरू ईश्वरीय प्रेरणाद्वारा नभएको कारण धर्मशास्त्रको मापदण्ड (क्यानन) का खण्ड होइनन्, त्यसकारण परमेश्वरको मण्डलीमा तिनीहरूको कुनै अख्तियार छैन, अनि तिनीहरूलाई मानव लेखोटहरू भन्दा अन्य कुनै रूपमा मान्यता दिइनु वा प्रयोग गरिनु हुँदैन ।**

यी खण्डहरूले निम्न कथनहरू पुष्टि गर्छन्:-

१. कि धर्मशास्त्रको सम्पूर्ण मापदण्डले पुरानो र नयाँ करार गरी दुई वटा ठूला खण्डमा यहाँ नाम उल्लेख गरिएका सबै पुस्तकहरू समावेश गर्दछ ।

२. कि एपोक्रिफा भनिने पुस्तकहरू पवित्रशास्त्रको मापदण्डमा पर्दैनन् अनि तिनीहरूमा अन्य मानवीय लेखोटहरू भन्दा बढी अधिकार भएको मानिनु पर्दैन ।

३. कि मापदण्डमा पर्ने सबै प्रामाणिक पुस्तकहरू परमेश्वरद्वारा प्रेरित थिए अनि यसरी विश्वास र अभ्यासका आधिकारिक नियमका रूपमा हामीलाई दिइएका थिए ।

[15] लुका १६:२९, ८१; एफेसी २:२०; प्रकाश २२:१८, १९, २ तिमोथी ३:१ । लुका २४:२७, ४४; रोमी ३:२; २ पत्रुस १:२१ ।

१. धर्मशास्त्रको सम्पूर्ण मापदण्डले पुरानो र नयाँ करार गरी दुई वटा ठूला खण्डमा यहाँ नाम उल्लेख गरिएका सबै पुस्तकहरू समावेश गर्दछ ।

पुरानो करार अनुग्रहको करारको पुरानो व्यवस्थाको समयमा परमेश्वरले उहाँको मण्डलीलाई दिनुभएको प्रेरित लेखहरूको संग्रह हो, अनि नयाँ करार ती प्रेरित लेखहरूको संग्रह हो जुन उहाँले त्यो करारको नयाँ वा ख्रीष्टियन व्यवस्थाको समयमा दिनुभयो ।

प्रमाणहरूको जाँचद्वारा हामी यो क्यानन वा ईश्वरीय मापदण्डमा कुन-कुन पुस्तकहरूले स्थान पाउँछन् भनी निर्धारण गर्छौं जसले देखाउँछ कि तिनीहरूमध्ये प्रत्येक अलग-अलग प्रेरणा पाएका अगमवक्ता वा प्रेरितद्वारा लेखिएको थियो जसको नाममा त्यो पुस्तक नाम राखिएको छ । अथवा मर्कुस र लुकाको सुसमाचार जस्ता पुस्तकको मामिलामा चाहिँ कुनै प्रेरितको सुपरीवेक्षणमा लेखिएको र अख्तियारद्वारा प्रकाशित गरिएको थियो । पवित्र धर्मशास्त्रको मामिलामा प्रमाण चाहिँ कुनै पनि अन्य प्राचीन लेखोटहरू जस्तै कि होरेस वा हेरोडोटसका कृतिहरूको ऐतिहासिक र आलोचनात्मक प्रमाण जस्तै हो जसमा सबै प्राज्ञिक व्यक्तिहरू भर पर्छन् । सामान्यतया यो प्रमाण (क) आन्तरिक, जस्तै भाषा, शैली, र तिनीहरूमा समावेश विषयवस्तुको चरित्र हो; (ख) बाह्य, जस्तै समकालीन लेखकहरूको गवाही, समकालीन पाठकहरूको विश्वव्यापी सहमति अनि स्वतन्त्र विश्वसनीय स्रोतहरूबाट लिइएको पुष्टि गर्ने इतिहास ।

अहिले सबै प्रोटेस्टेन्टहरूले ग्रहण गरेका पुरानो कराका प्रामाणिक पुस्तकका रूपमा रहेका पुस्तकहरूको सत्यता यसप्रकार स्थापित हुन्छः-

(१) ख्रीष्ट र उहाँका प्रेरितहरूले तिनलाई त्यो समयमा यहुदी धर्मशास्त्रका वास्तविक र प्रामाणिक पुस्तकहरूका रूपमा समर्थन गर्छन् ।

(क) परमेश्वरको वचनका रूपमा ख्रीष्टले यहुदी धर्मशास्त्रका भिन्नभिन्न पुस्तकहरू र विभिन्न खण्डहरू अक्सर उद्धरण गर्नुहुन्छ । जस्तै व्यवस्था, अगमवक्ताहरू,र पवित्र लेखोट वा भजनसंग्रहका पुस्तकहरू । मर्कुस १४:४९; लुका २४:४४; युहन्ना ५:३९ । (ख) प्रेरितहरूले पनि तिनीहरूलाई परमेश्वरको वचनजस्तै उद्धरण गरेका छन् ; २ तिमोथी ३:१५, १६; प्रेरित १:१६ । (ग) ख्रीष्टले

यहुदीहरूलाई अनाज्ञाकारिताको लागि अक्सर हप्काउनुभयो तर तिनीहरूको धर्मशास्त्रमा जालसाजी गरिएको वा थपघटद्वारा भ्रष्ट बनाएको भनी कहिल्यै हप्काउनु भएन । मत्ती २२:२९ ।

(२) यसरी ख्रीष्ट र उहाँका प्रेरितहरूद्वारा अनुमोदन गरिएको प्रमाणिक यहुदी धर्मशास्त्रका पुस्तकहरू अहिले हामीसँग भएकै पुस्तकहरू हुन् । (क) नयाँ करारका लेखकहरूले हामीले चिनेका लगभग प्रत्येक पुस्तकलाई नै धर्मशास्त्रका रूपमा उद्धरण गरेका छन्, अरू कुनै पुस्तकलाई होइन ।

(ख) सेप्टुआजिन्ट, वा हिब्रू धर्मशास्त्रको ग्रीक अनुवाद मिश्रमा इशापूर्व २८५ मा गरिएको थियो जुन ख्रीष्ट र उहाँका प्रेरितहरूद्वारा बारम्बार उद्धरण गरिएको थियो । त्यसले हाम्रा प्रतिलिपिहरूमा समावेश हरेक पुस्तक समावेश गर्छ । (ग) सन् ८७ मा जन्मिएका जोसेफसले तिनको विभाजन अनुसार तिनै पुस्तकहरूलाई हिब्रू धर्मशास्त्रका रूपमा गणना गर्छन् । (घ) प्रारम्भिक ख्रीष्टियन लेखकहरूको गवाही हरेक पुस्तकको सन्दर्भमा प्राचीन यहुदीहरूको गवाहीसँग सहमत हुन्छ । (ङ) ख्रीष्टको समयदेखि नै प्रतिद्वन्द्वी र शत्रुतापूर्ण पक्षहरू भएता पनि यहुदी र ख्रीष्टियनहरू दुवैले अलग अलग रूपमा पुस्तकहरूको सोही मापदण्ड कायम राखेका छन् अनि प्रत्येक पुस्तकको वास्तविकता र प्रामाणिकताको सन्दर्भमा पूर्ण रूपमा सहमत छन् ।

नयाँ करारका विभिन्न पुस्तकहरूको प्रामाणित अख्तियार स्थापित गर्ने प्रमाणलाई यसप्रकार उल्लेख गर्न सकिन्छ : (क) संसारका सबै खण्डका प्रारम्भिक ख्रीष्टियन लेखकहरूले हामीले प्राप्त गरेका पुस्तकहरूलाई प्रेरितीय अख्तियारप्राप्त पुस्तकका रूपमा उद्धृत गरेका छन् भने तिनीहरूले अन्य सबै समकालीन लेखोटहरूलाई उदाहरणका रूपमा मात्रै उद्धृत गर्छन् । (ख) प्रारम्भिक मण्डलीका पिताहरूले उनीहरूद्वारा प्रेरितीय पुस्तकका रूपमा ग्रहण गरेका पुस्तकहरूको सूची उपलब्ध गराएका छन् जुन अधिकांश पुस्तहरूसँग सहमत छन् । पछि लेखिएका वा कम मात्रामा चलनचल्ती वा प्रचार प्रसारमा ल्याइएका कतिपय पुस्तकहरूका सन्दर्भमा मात्रै केही भिन्नता रहेको पाइन्छ । (ग) धर्मशास्त्रको सबैभन्दा पहिलेका अनुवादहरूले प्रमाणित गर्छन् कि ती अनुवाद गरिएको समयमा ती पुस्तकहरूलाई धर्मशास्त्रका रूपमा मान्यता

दिइएको थियो । पेशिटो अर्थात् प्रारम्भिक सिरियाक अनुवाद लगभग पूर्ण रूपमा हाम्रोसँग सहमत छ, अनि जेरोमले सन् ८८५ मा तयार पारेको भुल्गेट इटालेली वा सुरुको ल्याटिन संस्करणमा आधारित थियो अनि हाम्रोसँग सम्पूर्ण रूपमा सहमत हुन्छ । (घ) आन्तरिक प्रमाणले पनि सबै पुस्तकहरूको सन्दर्भमा बाह्य गवाहीलाई समर्थन गर्छ । यसमा ती पुस्तकहरू लेखिएको भाषा र वाक्यपद्धति, रूप र परिस्थितिमा ठूलो विविधताका बिचमा समेत सबै अत्यावश्यक मुद्दाहरूमा संगति, सबै पुस्तकहरूको उच्च आत्मिकता धर्मशिक्षागत एकरूपता, अनि मानिसहरूको विवेक र हृदयमाथि तिनीहरूको व्यवहारिक शक्ति ।

२. एपोक्रिफा भनिने पुस्तकहरू प्रमाणिक पवित्र धर्मशास्त्रका अंश होइनन्, र तिनीहरूमा अन्य कुनै पनि मानव लेखोटहरूभन्दा बढी अधिकार छैन । एपोक्रिफा (लुकेको कुनै कुरा) भन्ने शब्द कतिपय प्राचीन लेखोटहरूका लागि प्रयोग गरिएको छ जसको लेखकत्व स्पष्ट छैन अनि जसलाई प्रमाणिक पुस्तकहरूको स्थानमा स्थापित गर्नको लागि निराधार दाबीहरू गरिएको छ । यीमध्ये कतिपय पुरानो र कतिपय नयाँ करारसँग सम्बन्धित छन् । तथापि, यस स्वीकारोक्तिको यस खण्डमा यो नाम मुख्यतया ती नक्कली लेखोटहरूका लागि प्रयोग गरिएको छ जसलाई पुरानो करारका प्राणिक पुस्तकहरूका रूपमा स्थान दिइनुपर्छ भनी रोमी मण्डलीद्वारा दाबी गरिएको छ । यी हुन् *तोबित, बुद्धि, जुडिथ, उपदेश (इक्लेजियास्टिकस), बारुक* ,र *मक्काबीहरूका दुई वटा पुस्तक* । तिनीहरूले दानिएलको पुस्तकको अगाडि *सुसन्नाको इतिहास* पनि थप्छन्, अनि तेस्रोमा अध्यायमा *तीन जना बालबालिकाको गीत* पनि घुसाउँछन् अनि अन्त्यमा *बेल र दैत्यको इतिहास* पनि थप्छन् ।

प्रमाणिक धर्मशास्त्रमा यी पुस्तकहरूको कुनै स्थान छैन भन्ने कुरा निम्न तथ्यहरूद्वारा प्रमाणित हुन्छ: (१) तिनीहरू कहिल्यै पनि हिब्रू धर्मशास्त्रका अंग थिएनन् । तिनीहरूलाई यहुदीहरूले सधैँ इन्कार गरेका छन् जसको संरक्षकत्वमा पुरानो करारका धर्मशास्त्रहरू सुम्पिइएका थिए । (२) ख्रीष्ट वा प्रेरितहरूद्वारा तिनीहरूमध्ये कुनैलाई पनि उद्‌धृत गरिएन । (३) प्रारम्भिक मण्डलीका पिताहरूद्वारा तिनीहरूमध्ये कुनैलाई पनि प्रामाणिक धर्मशास्त्रका पुस्तकहरूको सूचीमा राखिएको थिएन; अनि रोमी मण्डलीमा समेत ट्रेन्टको

परिषद्‌ले सोह्रौँ शताब्दीको अन्त्यतिर तिनीहरूलाई विश्वासको सारमा समावेश नगरिएसम्म अधिकांश विद्वान तथा इमानदार मानिसहरूद्वारा ती पुस्तकहरूको अख्तियार स्वीकार गरिएको थिएन । (४) तिनीहरूको सामग्रीद्वारा प्रस्तुत गरिएको आन्तरिक प्रमाणले तिनीहरूका दावीहरूलाई गलत प्रमाणित गर्छ । तिनीहरूमध्ये कुनैले पनि परमेश्वरको प्रेरणा दाबी गर्दैन भने तिनीहरूमध्येको उत्तमले त्यस्तो प्रेरणाद्वा नलेखिएको चाहिँ दाबी गर्छ । तिनीहरूमध्ये कतिपयमा केटौले दन्त्यकथाहरू छन् जसले खराब नैतिकता सिकाउँछन् ।

अनि यो खण्डले सिकाउँछ-

३. प्रमाणिक धर्मशास्त्रका सबै पुस्तकहरू परमेश्वरबाट प्रेरित थिए अनि यसकारण विश्वास र अभ्यासका एक आधिकारिक नियमका रूपमा हामीलाई दिइएका छन् ।

धर्मशास्त्रका पुस्तकहरू मानिसहरूको माध्यमद्वारा लेखिएका थिए अनि तिनीहरूका लेखकहरूका राष्ट्रिय र व्यक्तिगत विशेषताहरू तिनीहरूको लेखोटमा स्वतन्त्र रूपमा व्यक्त भएको स्पष्ट देखिन्छ । अनि तिनीहरूको स्वाभाविक बौद्धिक र नैतिक विशेषताहरू ती लेखोटहरूको उत्पादनमा स्वतन्त्र रूपमा प्रयोग गरिएको छ जसरी अन्यकुनै पनि अन्य लेखोटका लेखकहरूले गर्छन् । तथापि यी प्रत्येक पुस्तकहरू विचार र भाषिक अभिव्यक्तिमा, सारतत्त्व र रूपमा पूर्ण रूपमा परमेश्वरका वचन हुन् जसले मानिसले थपेको वा मिसाएको कुराबिनापरमेश्वरले सञ्चार गर्न चाहनुभएको कुरा पूर्ण शुद्धता र ईश्वरीय अधिकारसाथ बताउँछन् । यो काम पवित्र लेखकहरूका आत्माहरूमाथि परमेश्वरका आत्माको अलौकिक प्रभावद्वारा गरियो जसलाई "प्रेरणा" भनिन्छ जहाँ उनीहरूले लेखेका कुरामा समान रूपमा रह्यो अनि जसले उनीहरूको मानसिक क्षमताको स्वतन्त्र कामलाई बाधा नगरे तापनि उनीहरूले लेखेका सबै कुरामा उनीहरूलाई निर्देशित गऱ्यो  शब्दहरूमा अचूक अभिव्यक्ति सुनिश्चित गऱ्यो  । हो, अन्य कुनै आश्चर्यकर्ममा जस्तै यो ईश्वरीय प्रभावको प्रकृतिबारे हामी बुझ्न सक्दैनौँ । तर यसका प्रभावहरू स्पष्ट र निश्चित छन्, अर्थात् यस अन्तर्गत लेखिएको सबै कुरा परमेश्वरको वचन हो जसमा अचूक सत्यता छ अनि जसमा

ईश्वरीय अख्तियार छ । अनि यो अचूकपना र अख्तियार त्यसरी दिइएको प्रकाश स्वयंमा जस्तै त्यो प्रकाशको भाषिक अभिव्यक्तिमा समेत निहित छ ।

धर्मशास्त्रका लेखोटहरू यसरी प्रेरित छन् भन्ने तथ्य प्रमाणित हुन्छ किनभने तिनीहरूले आफ्नै बारेमायो दाबी गर्छन् अनि किनभने तिनीहरूलाई या त यस सन्दर्भमा सत्य भनी स्वीकार गरिनुपर्छ, या त सबै सन्दर्भमा झूटा भनी अस्वीकार गरिनुपर्छ । साथसाथै किनभने परमेश्वरले तिनीहरूका लेखकहरूका दाबीहरूलाई तिनीहरूको शिक्षासँगै "चिन्हहरू र अचम्मका कामहरू र विभिन्न आश्चर्यकर्महरू" द्वारा प्रमाणित गर्नुभयो । हिब्रू २:४ । जहाँ परमेश्वरले उहाँको "चिन्ह'' पठाउनुहुन्छत्यहाँ उहाँले विश्वास गर्ने आदेश दिनुहुन्छ; तर सत्यता अचूक रूपमा सञ्चार नगरिएको भए उहाँले त्यसमा विश्वास गर्ने आदेश दिन असम्भव छ ।

(१) पुरानो करारका लेखकहरूले प्रेरणा पाएको दाबी गरे । व्यवस्था ३१:१९-२२, ३४:१०, २६३१:२८, २९ । २ शमुएल २३:२ । उनीहरूको विशेषता के छ भने, उनीहरू परमेश्वरको नाममा यसो भन्दै बोल्छन्, "परमप्रभु यसो भन्नुहुन्छ," "परमप्रभुको मुखले यसो भनेको हो ।" व्यवस्था २८:२१-२२; १ राजा २१:१९; यर्मिया ९:१२, आदि ।

(२) नयाँ करारका लेखकहरूले यस्ता सूत्रहरूसाथ पुरानो करारबाट उद्धरण गर्छन्, "पवित्र आत्मा भन्नुहुन्छ," हिब्रू ३:७ । "पवित्र आत्माले देखाउनुहुन्छ," हिब्रू ९:८;"परमेश्वर भन्नुहुन्छ," प्रेरित २:१७; १ कोरिन्थी ९:९, १०; "जसले पवित्र आत्माद्वारा आफ्ना सेवक दाऊदका मुखबाट भन्नुभयो," प्रेरित ४:२५; "परमप्रभुले दाऊदद्वारा अघि भनिएकै कुरा फेरि भन्नुभयो," हिब्रू ४:७ ।

(३) पुरानो करार परमेश्वरको प्रेरणाबाट हो भन्ने कुरा नयाँ करारमा स्पष्ट रूपमा पुष्टि गरिएको छ । लुका १:७०; हिब्रू १:१; २ तिमोथी ३:१६; १ पत्रुस, १:१०-१२; २ पत्रुस १:२१ ।

(४) ख्रीष्ट र उहाँका प्रेरितहरूले पुरानो करारलाई पूरा हुनुपर्ने अचूक शास्त्रका रूपमा निरन्तर उद्धृत गर्छन् । मत्ती ५:१८; युहन्ना १०:३५; लुका २४:४४; मत्ती २:१५-२३, आदि ।

(५) प्रेरितहरूलाई प्रेरणाको प्रतिज्ञा गरिएको थियो । मत्ती १०:१९; २८:२०; लुका १२:१२; युहन्ना १३:२०; १४:२६; १५:२६, २७; २६:१३ ।

(६) तिनीहरूले दाबी गरे कि ख्रीष्टको प्रतिज्ञा पूरा भएको प्रमाण स्वरूपमा तिनीहरूले पवित्रआत्मा पाएका थिए, प्रेरित २२:३३; १४:२८; १ थेसलोनिकी १:५; परमेश्वरका अगमवक्ताहरूका रूपमा बोल्नका लागि, १ कोरिन्थी ४:१; १ थेसलोनिकी ४:८; तिनीहरू पूर्ण अधिकारसाथ बोले,१ कोरिन्थी २:१३; २ कोरिन्थी १३:२-४; गलाती १:८, ९ । तिनीहरूले आफ्नो लेखनलाई पुरानो करारकै स्तरमा राखे । २ पत्रुस ३:१६; १ थेसलोनिकी ५:२७ ।

**खण्ड – ४ पवित्र धर्मशास्त्रको अधिकार जसको लागि यसलाई विश्वास गरिनुपर्छ र आज्ञापालन गरिनुपर्छ, यसको अधिकार कुनै पनि मानिस वा मण्डलीको गवाही निर्भर छैन तर पूर्ण रूपमा परमेश्वरमा (जो आफै सत्यता हुनुहुन्छ) जो यसका लेखक हुनुहुन्छ, यसकारण यसलाई ग्रहण गरिनुपर्छ किनभने यो परमेश्वरको वचन हो ।**[16]

**खण्ड – ५ हामी मण्डलीको गवाहीद्वारा पवित्र धर्मशास्त्रप्रति उच्च आदरको लागि प्रेरित हुन सक्छौँ,**[17] **अनि यसको ईश्वरीयपनाप्रति, यसको धर्मशिक्षाको प्रभावकारिता, यसको शैलीको भव्यता, यसका सबै खण्डको संगति, यसको समग्र चासोको क्षेत्र (जुनचाहिँ परमेश्वरलाई सारा महिमा दिनु हो), मानिसको उद्धारको एक मात्र बाटोको पूर्ण खोज,अन्य धेरै अतुलनीय उत्कृष्ठताहरू र तिनको सम्पूर्ण सिद्धता यस्ता तर्कहरू हुन् जसद्वारा यसले आफूलाई परमेश्वरको वचन भएको प्रशस्त प्रमाण दिन्छ । तापनि, यसको अचूक सत्यता र यसको ईश्वरीय अख्तियारबारे हाम्रो विश्वास र निश्चयताचाहिँ पवित्र आत्माको भित्री कामबाट हो जसले वचनसँग र वचनद्वारा हाम्रो हृदयमा गवाही दिनुहुन्छ ।**[18]

---

[16] २ पत्रुस १:१९, २१; २ तिमोथी ३:१६; १ युहन्ना ५:९; १ थेसलोनिकी २:१३ ।

[17] १ तिमोथी ३:१५ ।

[18] १ युहन्ना २:२०, २७; युहन्ना १६:१३, १४; १; कोरिन्थी २:१०-१२; यशैया ५९:२१ ।

यो खण्डले निम्न कुरा सिकाउँछ :

१. कि प्रेरित धर्मशास्त्रको अख्तियार मण्डलीको गवाहीमा होइन तर सिधै परमेश्वरमा भरपर्छ ।

यो कथन रोमी झूटा शिक्षलाई इन्कार गर्नका लागि सृजना गरिएको हो मण्डली नै सारा ईश्वरीय ज्ञानको उच्चतम स्रोत हो अनि लिखित धर्मशास्त्र र मण्डलीकोपरम्पराको विश्वसनीयता समान रूपमा मण्डलीको आधिकारिक अनुमोदनमा भर पर्छ । यसरी तिनीहरूले धर्मशास्त्रलाई मण्डलीद्वारा पवित्रआत्माले सृजना गर्नुभएको कुरा बनाउँछ जबकि वास्तवमा, मण्डली त वचनद्वारा पवित्र आत्माले सृजना गर्नुभएको हो । यो साँचो हो कि धेरै पुस्तकहरूका लेखकहरू प्रेरितहरू थिए भन्ने प्रारम्भिक मण्डलीको गवाही निकै महत्त्वपूर्ण । जसरी कुनै पनि नागरिकले राजगद्धीको उत्तराधिकारीको पहिचानको गवाही दिन सक्छ, तर जसरी त्यो राजाको अख्तियार ऊ वैधानिक उत्तराधिकारी हो भनी प्रमाणित गर्ने त्यो नागरकिबाट आउँदैन, त्यसरी नै पवित्र धर्मशास्त्रको अख्तियार मण्डलीबाट आउने होइन ।

२. कि धर्मशास्त्रमा निहित र यसबाट अलग गर्न नसकिने ईश्वरीय उत्पत्तिको आन्तरिक प्रमाण आफै निर्णायक छ ।

यो खण्ड १ मा चर्चा गरिएका ख्रीष्टियन धर्मका प्रमाणहरूको अंश हो । बाइबलको ईश्वरीय उत्पत्तिका चिन्हहरू यसप्रकार छन्-(१) यसले अलौकिक बुद्धिमताको विशेषता प्रस्तुत गर्दछः सोह्रौँ शताब्दीको अन्तरालमा चालिस जना भिन्न लेखकहरूद्वारा लेखिएका छैसठ्ठी वटा अलग पुस्तकहरू भए तापनि यसको सम्पूर्ण संरचनामा पाइने एकत्व; हरप्रकारका तथ्य र विचारहरूका सन्दर्भमा यो पुस्तक लेखिएको युगका सबै भूल गल्तीरहित; सबै सम्भाव्य सम्बन्ध र परिस्थितिहरूमा मानव स्वभावबारे यसले प्रदर्शन गर्ने अद्‌भुत ज्ञान; मानव इतिहास र नियतिका सबैभन्दा अन्धकार समस्याहरूको समाधानका लागि यसले उपलब्ध गराउने मौलिक तथा उज्जवल समाधान । (२) यसको नैतिक प्रणालीको अतुलनीय सिद्धता: परमेश्वर, उहाँको व्यवस्थार नैतिक शासनबारे यसले दिने उच्च दृष्टिकोणमा; प्रस्ताव गरिएको र प्रभावकारी रूपमा लागु गरिएको यसको उच्च तर व्यावहारिक र हितकारी नैतिकता प्रणालीमा; मानव विवेकमाथि यसको

अद्‌भुत शक्तिमा, अनि मानिसहरूका समुदायहरूमाथि यसको अतुलनीय र स्थायी प्रभावमा ।

३. तथापि धर्मशास्त्रको सत्यता र अख्तियारमा सबै उच्च र प्रभावशाली विश्वासचाहिँ हाम्रो हृदयमा पवित्र
आत्माको प्रत्यक्ष काम हो ।

नयाँ जन्म नपाएको मानिसको लागिचाहिँ धर्मशास्त्र दृष्टिविहीन मानिसको लागि उज्यालो जस्तै हो । दृष्टिविहीन व्यक्तिले सूर्यको किरण महसुस गरेझैँ धर्मशास्त्रको महसुस गर्न त सक्ला तर पूर्ण रूपमा देख्न सक्दैन । पवित्र आत्माले दृष्टिविहीनको आँखा खोलिदिनुहुन्छ अनि रोगी हृदयलाई आवश्यक संवेदनशीलता दिनुहुन्छ अनि यसरी निश्चयता आत्मिक अनुभवको प्रमाणसाथ आउँछ । नयाँ गरी जीवित तुल्याइँदा सुरु सुरुमा उसले धर्मशास्त्रलाई अनुभवको जाँचमा राख्छ अनि उ जति अगि बढ्दैजान्छ धर्मशास्त्र सत्य छ भन्ने कुरा उसले त्यति बढी प्रमाणित गर्दैजान्छ अनि त्यसको असीमित चौडाइ र पूर्णता साथसाथै सबै सम्भाव्य परिस्थितिमुनि सबै मानवीय आवश्यकताहरूका लागि यसको ढाँचा गरिएको कुरा पत्ता लगाउँछ ।

**खण्ड – ६ उहाँको आफ्नै महिमा, मानिसको उद्धार, विश्वासर जीवनका लागि आवश्यक सबै थोकको बारेमा परमेश्वरको सम्पूर्ण अभिप्राय या त धर्मशास्त्रमा स्पष्ट रूपमा उल्लेख गरिएको छ या त उचित र आवश्यक परिणामसाथ धर्मशास्त्रबाट निष्कर्ष निकाल्न सकिन्छः जसमा कुनै पनि समयमा केही पनि थपिने छैन, चाहे त्यो आत्माको नयाँ प्रकाशद्वारा होस् वा मानिसहरूका परम्पराहरूद्वारा होस् ।[19] तापनि, परमेश्वरको वचनमा प्रकट गरिएका कुराहरूको उद्धारक समझका लागि हामी परमेश्वरका आत्माको भित्री प्रकाश स्वीकार गर्छौं ।[20] अनि परमेश्वरको आराधनाबारे र मण्डलीको प्रशासनबारे सबै मानवीय कार्य र समाजहरूमा कतिपय**

---

[19] २ तिमोथी ३:१५-१७; गलाती १:८, ९; २ थेसलोनिकी २:२ ।

[20] युहन्ना ६:४५; १ कोरिन्थी; २:९-१२ ।

**परिस्थितिहरू छन् जसलाई सधैँ पालन गरिनुपर्ने परमेश्वरको वचनका आम नियमहरूअनुसार प्रकृतिको प्रकाश र ख्रीष्टियन विवेकद्वारा व्यवस्थित गरिनुपर्छ ।**[21]

यो खण्डले निम्न कुराहरू सिकाउँछ :

१. पुरानो र नयाँ करारको प्रेरित धर्मशास्त्र विश्वास र अभ्यासको एक पूर्ण नियम हो :

परमेश्वरले अहिले मानिसहरूलाई दिनुहुने जुनसुकै अलौकिक प्रकाश तिनीहरूमा समावेश छ, अनि तिनीहरू मानिसहरू वा समुदायहरूका सबै व्यावहारिक आवश्यकताहरूको निम्ति प्रशस्त मात्रामा पर्याप्त छन् ।

यो कुरा प्रमाणिक हुन्छः (१) पवित्र धर्मशास्त्रको उद्देश्यसाथ संरचनाबाट । यसले हामीलाई परमेश्वरकहाँ लैजाने कुरा बताउँछ । त्यो उद्देश्यका लागि जे आवश्यक छ, यसले हामीलाई त्यो सिकाउनु पर्छ । यदि कुनै पूरक ज्ञान आवश्यक छ भने, यसले त्यसलाई संकेत गर्नुपर्छ । यस्तो उपक्रममा अपूर्णताचाहिँ झूट हुनेछ । तर (२) ख्रीष्टर उहाँका प्रेरितहरूले धर्मशास्त्रलाई आधिकारिकनियमको रूपमा निरन्तर उल्लेख गरेता पनिन त उनीहरूले न त धर्मशास्त्र आफैले ईश्वरीय प्रकाशको कुनै अन्य स्रोत उल्लेख गरेका छन् । त्यसकारण धर्मशास्त्रले आफैमा पूर्णता छ भन्ने अद्‌भुत विशेषाधिकार राख्दछ ।

युहन्ना २०:३१; २ तिमोथी ३:१५-१७ । अनि (३) तथ्यपरक रूपमा , धर्मशास्त्रले धर्मशिक्षाको एक सिद्ध प्रणाली अनि व्यक्ति, समुदाय र मण्डलीहरू जीवनको व्यावहारिक नियमनका लागि आवश्यक सबै सिद्धान्तहरू सिकाउँछ । मानिसहरू बाइबलको अध्ययनमा जति बढी लगनशील बनेका छन् र यसका निर्देशनहरूलाई व्यवहारमा लागु गर्न जति बढी मेहनत गरेका छन्, परमेश्वरको बारेमा र मानिसबाट परमेश्वरले चाहनुभएको कर्तव्यको बारेमा यसका सिद्ध नियमहरू अपूरा छन् भन्ने कुरा विश्वास गर्न उनीहरूका लागि त्यति नै कम सम्भव भएको छ ।

---

[21] १ कोरिन्थी ११:१३, १४; १ कोरिन्थी १४:२६, ४० ।

२. वर्तमान युगमा आत्माकोनयाँ प्रकाशद्वारा वा मानिसहरूका परम्पराद्वाहरूरा विश्वासको यो पूर्ण नियममा कुनै कुरा थप्नु हुँदैन । अब आत्माको कुनै नयाँ प्रकाशको अपेक्षा गरिनुपर्दैन- (१)-किनकि उहाँले हामीलाई पूर्ण र सर्व पर्याप्त नियम पहिल्यै दिइसक्नुभएको छ ।(२) किनकिपुरानो करारले नयाँ करारको भविष्यवाणी गरेको भए तापनि, नयाँ करारले ख्रीष्टको दोस्रो आगमनअगि कुनै थप प्रकाशको अपेक्षा गर्नुपर्ने कुरा उल्लेख गर्दैन यसले :सधैँ लाई अपेक्षा गरिनुपर्ने अर्को "देखापर्नुहुने काम" वा उहाँ "आगमन" ख्रीष्टको अलौकिक घटनाकारूपमा ३) चर्चा गर्छन् ।)वास्तवमा , प्रेरितहरूको समयदेखि यता आत्माका कथित प्रकाशहरूहरूमा अलौकिक प्रकाशको "चिन्हहरू" पाइएका छैनन् । बरु यसको विपरीत स्विडेनबर्ग र मोर्मोनहरूका जस्ता सार्वजनिक गरिएकै सबै प्रकाशहरू धर्मशास्त्रको सत्यतासँग असंगत छन्, धर्मशास्त्रको अख्तियारको सिधै विरूद्धमा छत्र खराब नैतिकता सिकाउँछन् । व्यर्थमा जोशिनेहरूले व्यक्तिगत प्रकाशहरूको दावी गरेका छन् तर ती प्रमाणीकरण गर्न सकेका छैनन् ।

विश्वासको नियमका रूपमा मानिसहरूका परम्पराहरूलाई धर्मशास्त्रमाथि थप पूरकका रूपमा काम गर्न अनुमति दिन सकिँदैनकिनभने - (१) धर्मशास्त्रले मानिसहरूलाई परमेश्वरको उद्धारक ज्ञानतर्फ डोर्याउने भए तापनि, यसले यस्तो कुनै पनि पूरक नियमलाई अख्तियार दिँदैन । (२) ख्रीष्टले फरिसीहरूमा यस्तो व्यवहारलाई हप्काउनुहुन्छ मत्ती १५:३-६; मर्कुस ७:७, ८ । (३) परम्परा धर्मशास्त्रको पूरक बन्न सक्दैन, कारण धर्मशास्त्र निश्चित, पूर्णर स्पष्ट छ भने परम्परा तात्विक रूपमा अनिश्चित, अस्पष्ट, र अल्प छ । (४) विश्वासको नियमको रूपमा धर्मशास्त्रको प्रतिद्वन्द्वी बन्ने बहाना गर्ने एक मात्र मण्डली प्रणालीको परम्परा रोमी मण्डलीको प्रणाली हो । त्यसका अधिकांश परम्पराहरू आधुनिक समयमा सुरु भएका छन् । ती कुनै पनि प्रेरितीय युगसम्म पुगेको पाइँदैन, प्रेरितीय उत्पत्तिको त कुरै भएन । तिनीहरू धर्मशास्त्रको स्पष्ट शिक्षासँग अनि त्यो मण्डलीमा विगत युगका अधिकांश सर्वोच्च अधिकारीहरूको विचारसँग समेत मिल्दैनन् ।

३. तापनि प्रत्येक मामिलामा अनि धर्मशास्त्रमा समेटिएको सत्यताको व्यावहारिक र उद्धारक ज्ञानको लागि पवित्र आत्माको शक्तिद्वारा व्यक्तिगत आत्मिक प्रकाश आवश्यक छ । यो आवश्यकता धर्मशास्त्रको लिखित प्रकाशमा पूर्णता वा स्पष्टताको अभावको कारण उब्जने होइन, तर यो तथ्यबाट कि प्राकृतिक अवस्थामा मानिस शारीरिक छ अनि परमेश्वरका आत्माका कुराहरू बुझ्न असमर्थ छ । त्यसकारण आत्मिक प्रकाश प्रेरणाभन्दा यस अर्थमा भिन्न हुन्छ, (१) यसले कुनै नयाँ सत्यताको ज्ञान दिने होइन तर धर्मशास्त्रमा पहिले नै वस्तुगत रूपमा प्रस्तुत गरिएको सत्यताप्रति आत्मिक बुझाइ र कदरको लागि व्यक्तिको मन र हृदयलाई खोलिदिन्छ, अनि (२) यो परमेश्वरका सबै सन्तानहरूको पुनर्जीवनमा साझा तत्त्व हो, अगमवक्ताहरू वा प्रेरितहरूको लागि मात्रै होइन; र यसकारण (३) यो प्रयोगमा निजी र व्यक्तिगत हुन्छ, सार्वजनिक होइन ।

४. कि विश्वास र अभ्यासका लागि धर्मशास्त्र पूर्ण नियम भएता पनि र धर्मश ास्त्रमा स्पष्ट रूपमा वा लाक्षणिक रूपमा नसिकाइएको कुनै पनि कुरा विश्वासको सारका रूपमा लिइनु वा विवेकमाथि बाध्यकारी धार्मिक कर्तव्यका रूपमा लिइनु नहुने भएता पनिधर्मशास्त्र आफै विस्तृत व्यावहारिक , विवरणका रूपमा नआई आम सिद्धान्तहरूको रूपरेखा प्रदान गर्ने हुनाले मानिसहरूलाई अनुभवको प्रकाश र बदलिँदा परिस्थितिहरूसँग अनुकूलन गर्नै उनीहरूको प्राकृतिक विवेक अभ्यास गर्न पवित्र आत्माको पवित्र तुलयाउने प्रभावमा छोडिदिन्छन् । निश्चय नै यो स्वतन्त्रता वचनमा सिकाइएका सिद्धान्तहरूको कठोर व्याख्या अनि परिवर्तनशील परिस्थितिहरूप्रति विस्तृत समायोजनमा ती सिद्धान्तहरूको वैध प्रयोग अनि व्यक्तिको र मण्डलीको व्यावहारिक जीवनको नियमनको सीमाभित्र मात्रै उपलब्ध हुन्छ ।

**खण्ड – ७ सबै कुरामा धर्मशास्त्र समान रूपमा सरल छैन, न त सबैका लागि समान रूपमा स्पष्ट छ;[22] तापनि उद्धारका लागि जुन कुराहरू जान्नु, विश्वास गर्नु र पालन गर्नु आवश्यक छ, ती सबै कुराहरू धर्मशास्त्रको कुनै**

[22] २ पत्रुस ३:१६ ।

**न कुनै खण्डमा यसरी स्पष्ट रूपमा व्याख्या गरिएका र खोलिएका छन् कि विद्वान मानिसहरूले मात्रै होइन तर अशिक्षितहरूले पनि साधारण माध्यमहरूको उचित प्रयोगद्वारा तिनको पर्याप्त बुझाइ प्राप्त गर्न सक्छन् ।**[23]

यस खण्डले यो कुरा पुष्टि गर्छः

१. धर्मशास्त्र यस अर्थमा स्पष्ट छ कि मानिसको उद्धारको लागि वा कर्तव्यमा उसलाई व्यावहारिक मार्गदर्शनको लागि उसले जान्नु आवश्यक सबै कुराहरू धर्मशास्त्रबाट सिक्न सकिन्छ; र-

२. धर्मशास्त्र विद्वान साथसाथै र साधारण मानिसहरूको व्यक्तिगत प्रयोगको लागि तयार पारिएको छ अनि उनीहरूको मार्गदशनका लागि अनुकूलन गरिएको छ ।

धर्मशास्त्रमा प्रकट भएका धेरै सत्यताहरू तिनीहरूको आफ्नै प्रकृतिमा मानव समझभन्दा परका छन् अनि धेरै भविष्यवाणीहरू उद्देश्यसाथ अस्पष्ट रहन्छन् जबसम्म इतिहासको विकासमा तिनीहरूको पूरा भएर व्याख्या गरिँदैनन् भनी प्रोटस्टेन्टहरूले स्वीकार गर्छन् । तापनि, प्रोटेस्टेन्टहरूले स्वीकार गर्छन्न्र रोमवादीहरूले अस्वीकार गर्छन्-(१) विश्वास र अभ्यासको नियमको प्रत्येक आवश्यक विश्वासको सार धर्मशास्त्रबाट स्पष्ट रूपमा सिक्न सकिन्छ, अनि (२) साधारण ख्रीष्टियनहरूलाई पनि व्यक्तिगत रूपमा धर्मशास्त्रको व्याख्या गर्न अनुमति दिन सकिन्छ । अर्कोतर्फ, यो सत्य हो कि ऐतिहासिक र आलोचनात्मक ज्ञानको प्रगतिसँगै र विवादहरूको माध्यमद्वारा मण्डली समुदायले धर्मशास्को सही व्याख्या र त्यहाँ प्रकट गरिएको सत्यताको सम्पूर्ण प्रणालीको पूर्ण समझमा प्रगति गरेको छ ।

यस विषयमा प्रोटेस्टेन्ट धर्मशिक्षा सत्य छ भन्ने कुरा यसरी प्रमाणित हुन्छ – (क) यस तथ्यबाट कि सबै ख्रीष्टियनहरूलाई स्पष्ट रूपमा धर्मशास्त्रमा खोजी गर्न आदेश दिइएको छ । २ तिमोथी ३:१५-१७; प्रेरित १७:११; युहन्ना ५:३९ ।

---

[23] भजन ११९:१०५, १३० ।

(ख) यस तथ्यबाट कि धर्मशास्त्र या त मानिसहरूलाई कि त सम्बोधन गरिएको छ या त विश्वासीहरूको सम्पूर्ण शरीरलाई ।

व्यवस्था ६:४-९; लुका १:३; रोमी १:७; १ कोरिन्थी १:२; २ कोरिन्थी १:१; अनि तिमोथी र तितसलाई बाहेक अन्य सबै पत्रका अभिवादनहरू ।

(ग) धर्मशास्त्र स्पष्ट छ भन्ने पुष्टि गरिएको छ । भजन ११९: १०५, १३०; २ कोरिन्थी ३:१४; २ पत्रुस १:१८, १९; २ तिमोथी ३:१५-१७ ।

(घ) धर्मशास्त्रले मानिसहरूलाई पालन गरिनुपर्ने ईश्वरीय नियम र मुक्तिको लागि मार्गदर्शकको रूपमा सम्बोधन गर्छ । यदि व्यावहारिक रूपमा धर्मशास्त्र स्पष्ट छैन भने त्यो भ्रामक छ र आफ्नो दावीलाई झूटो तुल्याउँछ ।

(ङ) अनुभवले एक समान रूपमा प्रोटेस्टेन्ट धर्मशिक्षाको सत्यता प्रमाणित गरेको छ । ती मण्डलीहरू जसले सबैभन्दा विश्वासयोग्यतासाथ मानिसहरूका स्थानीय भाषाहरूमा धर्मशास्त्र वितरण गरेका छन् तिनीहरूले सम्पूर्ण रूपमा धर्मशास्त्रको सरल र निश्चित अर्थलाई विश्वास र अभ्यासमा पुष्टि गरेका छन् । तर धर्मशास्त्रलाई पुजारीहरूको हातमा बन्द गर्ने मण्डलीहरू नै अक्षर भाव दुवैमा धर्मशास्त्रदेखि टाढा गएका छन् ।

**खण्ड – ८ पुरानो करार हिब्रू भाषामा (जुन पुरानो परमेश्वरका मानिसहरूको मूल भाषा थियो) र नयाँ करार ग्रीक भाषामा (जुन नयाँ करार लेखिएको समयमा राष्ट्रहरूमा सबैभन्दा प्रचलित भाषा थियो) परमेश्वरद्वारा सिधै प्रेरित र उहाँको विशेष संरक्षण र प्रबन्धमा सबै युगहरूमा शुद्ध राखिएका छन् ।[24] त्यसकारण नयाँ र पुरानो करार दुवै प्रामाणिक छन् अनि धर्म बारेका सबै विवादहरूमा मण्डलीले अन्त्यमा तिनकहाँ अपिल गर्नुपर्छ ।[25]**

[24] मत्ती ५:१८ ।
[25] यशैया ८:२०; प्रेरित १५:१५ ; युहन्ना ५:३९, ४६ ।

तर परमेश्वरका सबै मानिसहरूले यी मौलिक भाषाहरू नबुझ्ने भएकाले धर्मशास्त्रमाथि अधिकार र चासो भएका अनि परमेश्वरको भयमा त्यसलाई पढ्न र खोजी गर्न[26] आज्ञा दिइएका हुनाले तिनीहरू प्रत्येक राष्ट्रका साधारणा मानिसहरूले बोल्ने भाषाहरूमा अनुवाद गरिनुपर्छ,[27] 'ता कि परमेश्वरको वचन तिनीहरू सबैमा प्रशस्त मात्रामा बास गरोस्, तिनीहरूले ग्रहणयोग्य रूपमा उहाँको आराधना गर्न सकून्,[28] अनि धर्मशास्त्रको धैर्य र सान्त्वनाद्वारा तिनीहरूले आशा प्राप्त गर्न सकून् ।[29]

यो खण्डले सिकाउँछ :

१. कि पुरानो करार मूल रूपमा हिब्रू भाषामा लेखिएको थियो अनि नयाँ करार ग्रीक भाषामा- जुन आ-आफ्ना युगमा मण्डलीको ठूलो अंशका साझा भाषाहरू थिए - ती भाषाहरूमा लेखिएको धर्मशास्त्र विश्वासको पूर्ण नियम अनि सबै विवादहरूमा अन्तिम अख्तियार हो ।

२. कि मौलिक पाठ हामीकहाँ पूर्ण शुद्धतामा आएको छ ।

३. कि धर्मशास्त्र सबै मानिसहरूका स्थानीय भाषाहरूमा अनुवाद गरिनुपर्छ अनि यसका प्रतिहरू पढ्न सक्षम सबै व्यक्तिहरूको हातमा पुग्नुपर्छ ।

प्राचीन धर्मशास्त्रको साँचो पाठ निम्न पाठहरूको होसियार संकलन र तुलनाको माध्यमद्वारा पुष्टि गरिएको छः-

१. प्राचीन पाण्डुलिपिहरू । सबैभन्दा प्राचीन उपलब्ध हिब्रू पाण्डुलिपिहरू नवौँ वा दशौँ शताब्दीका छन् । सबैभन्दा पुराना ग्रीक पाण्डुलिपिहरू चौथोदेखि छैठौँ शताब्दीका छन् । यीमध्ये धेरै पाण्डुलिपिहरू सयौँ प्रख्यात विद्वानहरूले संकलन गरेका छन् जसको आधारमा आधुनिक हिब्रू र ग्रीक करारका पाठहरू बनेका छन् । तिनीहरू बिचका भिन्नताहरू खासै महत्त्वपूर्ण छैनन् अनि हामीसँग भएका पुस्तकको सत्यता स्थापित हुन्छ ।

---

[26] युहन्ना ५:३९ ।

[27] कोरिन्थी १४:६, ९, ११, १२, २४, २७, २८ ।

[28] कलस्सी ३:१६ ।

[29] रोमी १४:४ ।

२. प्रारम्भिक ख्रीष्टियनहरूका लेखोटहरूमा पाइने उद्धरणहरू । यी यति धेरै छन् कि सातौँ शताब्दीभन्दा अगिका लेखकहरूका कृतिहरूबाट सम्पूर्ण नयाँ करार सृजना गर्न सकिन्छ अनि तिनीहरूले त्यो समयमा लेखिएका पुस्तकहरूको सटीक अवस्था प्रमाणित गर्छन् ।

२. अन्य भाषाहरूमा प्रारम्भिक अनुवादहरू । यीमध्ये प्रमुख सामरी पञ्चपुस्तक हुन् जुन सामरीहरूले दश कुलबाट प्राप्त गरेका थिए; इसापूर्व २८५ कोग्रीक सेप्टुआजिन्ट; इश्वी संवत् १०० को पेशितो वा पुरानो सिरियाली संस्करण; इश्वी संवत ८८५ को जेरोमको ल्याटिन भुल्गेट; पाँचौँ शताब्दीको कोप्टिक र अन्य कम महत्त्वका महत्त्वपूर्ण पुस्तकहरू ।

**खण्ड – ९ धर्मशास्त्रको व्याख्या गर्ने अचूक नियम धर्मशास्त्र आफै हो । यसकारण जब त्यहाँ धर्मशास्त्रको साँचो र पूर्ण अर्थ (जुन धेरै वटा होइन तर एउटै हुन्छ) बारे कुनै प्रश्न उब्जन्छ, तब त्यसलाई अन्य त्यस्ता ठाउँमा खोजिनुपर्छ र बुझिनुपर्छ जसले अझै स्पष्टतासाथ बताउँछन् ।**[30]

**खण्ड – १० जसद्वारा धर्मका सबै विवादहरूको निर्णय गरिनुपर्छ अनि परिषद्का सबै आदेशहरू, प्राचीन लेखकहरूका विचारहरू, मानिसहरूका शिक्षाहरू र व्यक्तिगत आत्माहरूजाँच गरिनुपर्छ, अनि जसको निर्णयमा हामी अडिनुपर्छ त्यो सर्वोच्च न्यायाधीश धर्मशास्त्रमा बोल्नुहुने पवित्र आत्मा मात्रै हुन सक्नुहुन्छ ।**[31]

यी खण्डहरूले सिकाउँछन् :

१. कि धर्मशास्त्रको व्याख्या गर्नका लागि अचूक र एक मात्र सत्य "नियम" धर्मशास्त्र आफै हो ।

२. कि धर्म सम्बन्धी सबै विवादहरूमा धर्मशास्त्र नै सर्वोच्च "न्यायाधीश" हो ।

---

[30] २ पत्रुस १:२०, २१; प्रेरित४:१५, १६ ।

[31] मत्ती २२:२९, २१; एफेसी २:२०; प्रेरित २८:२५ ।

विश्वासको सर्वोच्च नियमको रूपमा धर्मशास्त्रको अख्तियार यही तथ्यमा अडेको छ कि धर्मशास्त्र परमेश्वरको वचन हो । धर्मशास्त्रका यी सबै लेखोटहरू एउटै प्रकाश भएको कारण अनि धर्मको बारेमा परमेश्वरद्वारा मानिसहरूलाई दिइएको उहाँको इच्छाको एक मात्रै प्रकाश भएको कारण यो निष्कर्ष निस्कन्छ : (१) कि प्रकाशका रूपमा तिनीहरू आफैमा पूर्ण छन् अनि अन्य कुनैस्रोतबाट लिइएको प्रकाश तिनीहरूको पूरक बन्नु हुँदैन वा व्याख्या गर्नु हुँदैन ।

(२) कि यो प्रकाशका विभिन्न खण्डहरू पारस्परिक रूपमा एकअर्काको पूरक बन्छन् वा एकअर्काको व्याख्या गर्छन् । धर्मशास्त्रलाई प्रेरणा दिनुहुने पवित्र आत्मा मात्रै उहाँका आफ्नै शब्दहरूको योग्य व्याख्याता हुनुहुन्छ अनि परमेश्वरका सबै सन्तानलाई प्रकाश र सत्यताका आत्माका रूपमा उहाँको प्रतिज्ञा गरिएको छ । उहाँको निर्देशनमा भर पर्दै साँचो शिक्षाका सबै सहायताहरू प्रयोग गरेर तिनीहरूको अर्थ पत्ता लगाउन ख्रीष्टियनहरूले धर्मशास्त्रको अध्ययन त गर्नुपर्छ नै तर यो अर्थ सम्पूर्ण धर्मशास्त्र स्वयंको प्रकाशमा खोजिनुपर्छ, परम्परा वा को दर्शनशास्त्रको प्रकाशको आधारमा होइन ।

"*नियम* भनेको निर्णयको मापदण्ड हो; *न्यायाधीश* चाहिँ निश्चित मामिलाहरूमा त्यो नियमको व्याख्याता र कार्यान्वियनकर्ता हो ।"

रोमी सिद्धान्त के छ भने पोपको मण्डली धर्मको मामिलामा मानिसहरूको अचूक शिक्षक हो; कि फलस्वरूप, मण्डलीले आधिकारिक रूपमा यी कुरा निर्धारण गर्दछ, (१) धर्मशास्त्र के हो; (२) परम्परा के हो; (३) धर्मशास्त्रको साँचो अर्थ र परम्पराको अर्थ के हो; अनि (४) विश्वास वा अभ्यासको हरेक विशेष प्रश्नमा त्यो नियमको प्रयोग के हो ।

प्रोटेस्टेन्ट सिद्धान्त हो, - (१) धर्मशास्त्र नै विश्वास र अभ्यासको एक मात्र नियम हो; (२) (क) नकारात्मक रूपमा, धर्मशास्त्रको व्याख्या गर्न वा विशेष प्रश्नको निर्णयमा संगी-ख्रीष्टियनहरूमाथि तिनीहरूका शिक्षाहरू लागू गर्न योग्य वा अधिकार प्राप्त मानिसहरूको कुनै समूह छैन; (ख) सकारात्मक रूपमा , मण्डलीमाधर्मशास्त्र मात्रै आधिकारिक कथन हो जसलाई प्रत्येक व्यक्तिले आफूमाथि लागु गर्नुपर्छ जसका लागि संगी-ख्रीष्टियनहरूको सहायता लिन सकिन्छ तर अख्तियारद्वारा होइन । रूपका सन्दर्भमा, विश्वासका सार र

स्वीकारोक्तिहरूले स्वेच्छिक रूपमा तिनलाई स्वीकार गर्नेहरूलाई मात्रै बाध्य बनाउँछन्; अनि सारतत्त्वका सन्दर्भमा, तिनीहरू त्यो सीमासम्म मात्रै बाध्यकारी हुन्छन् जहाँसम्म तिनीहरूले बाइबलले जे सिकाउँछ बाइबलले त्यो सिकाएको कारण साँच्चै त्यसको पुष्टि गर्छन् ।

यो सत्य हुनुपर्छ-(१) किनकि हामीलाई मुक्तिको बाटो सिकाउने दावी गर्ने धर्मशास्त्रले धर्मको बारेमा हामीलाई धर्माशास्त्रबाहेक वा माथि अन्य कुनै मापदण्ड वा न्यायधीशकहाँ जाने सल्लाह दिँदैन । प्रेरितहरूको समयदेखि यता मानिसहरूको अन्य कुनै समूहले प्रेरितहरू जस्तै आफ्ना संगीहरूका निम्ति न्यायकर्ताको रूपमा काम गर्ने योग्यता वा अख्तियार पाएको छैन । (२) किनकि हामीले बुझेझैँ धर्मशास्त्र आफैमा पूर्ण र स्पष्ट छ । (३) किनकि सबै ख्रीष्टियनहरूलाई धर्मशास्त्रमा खोजी गर्न अनि शिक्षा र आफैलाई शिक्षक दावी गर्नेहरूको जाँच गर्न आदेश दिइएको छ । युहन्ना ५:३९; १ युहन्ना २:२०, २७; ४:१, २; प्रेरित १७:११; गलाती १:८; १ थेसलोनिकी ५:२१ ।

(४) किनकि उनीहरूलाई सत्यताको समझ र व्यवाहारिक प्रयोगका निम्ति सबै ख्रीष्टियनहरूलाई पवित्र आत्माको प्रतिज्ञा गरिएको छ । रोमी ८:९; १ युहन्ना २:२०, २७ ।

## प्रश्नहरू :

१. पहिलो खण्डमा के कस्ता कथनहरू पुष्टि गरिएका छन् ? परमेश्वरको बारेमा ज्ञान प्राप्त गर्नक ा लागि मानिसहरूको क्षमता बारेको पहिलो झूटो धारणा के हो ?

२. योझूटो हो भन्ने कुराकसरी प्रमाण ित हुन्छ ?

३. बताइएको दोस्रो झूटो धारणा के हो ?

४. यो झूटो हो भन्ने कुरा कसरी प्रमाण ित हुन्छ ?

५. बताइएको तेस्रो झूटो धारणा के हो ?

६. यो झूटो हो भन्ने कुरा कसरी प्रमाण ित हुन्छ ?

७. कसरी देखाउन सकिन्छ कि परमेश्वरबाट मानिसलाई अलौकिक प्रकाश पहिल्यै दिइन सम्भव छ ?

८. यस्तो प्रकाश पहिलो पटककुन माध्यमद्वारा दिइएको थियो ?

९. त्यसपछि यो कुन रूपमा संकलन गरिएको र सञ्चार गरिएको छ ?

१०. ख्रीष्टियन धर्मशास्त्रमा यस्तो प्रकाश समावेश गरिएको छ भन्ने तथ्य कसरी प्रमाणित हुन सक्छ ?

११. दोस्रो र तेस्रो खण्डले के सिकाउँछन् ?

१२. पुरानो करार के हो ?

१३. नयाँ करार के हो ?

१४. कुनै पुस्तक प्रामाणिक धर्मशास्त्रभित्र पर्छ कि पर्दैन भन्ने कुरा हामीले कुन सिद्धान्तहरूद्वारा निर्धारण गर्नुपर्छ ?

१५. प्रोटेस्टेन्टहरूद्वारा ग्रहण गरिएका पुरानो कराका सबै पुस्तकहरूको सत्यता कसरी स्थापित गरिन्छ ?

१६. नयाँ पुरानो कराका पुस्तकहरूको सत्यता कसरी प्रमाणित हुन्छ ?

१७. एपोक्रिफा के हुन् ?

१८. तिनीहरू पवित्र धर्मशास्त्रका अंश होइनन् भन्ने कुरा कसरी प्रमाणित गर्न सकिन्छ ?

१९. प्रेरणा भनेको के हो ?

२०. प्रेरणाका प्रभावहरू के छन् अनि धर्मशास्त्रको मामिलामा तिनीहरू कहाँसम्म जान्छन् ?

२१. धर्मशास्त्र प्रेरित छ भन्ने कुराका प्रमाणहरू बताउनुहोस् ।

२२. धर्मशास्त्रकोअख्तियार मण्डलीको गवाहीमा भर पर्दैन भन्ने कुरा देखाउनुहोस् ।

२३. धर्मशास्त्रका दावीहरूलाई पुष्टि गर्ने आन्तरिक प्रमाणहरू के छन् ?

२४. पवित्र आत्माले कसरी धर्मशास्त्रको पक्षमा गवाही दिनुहुन्छ ?

२५. विश्वास र अभ्यासको नियमको रूपमा धर्मशास्त्र पूर्ण छ भन्नु अर्थ के हो ?

२६. यो कुरा कसरी प्रमाणित गर्न सकिन्छ ?

२७. प्रमाणित गर्नुहोस् कि वर्तमान युगमा पवित्र आत्माको थप प्रकाशको अपेक्ष ा गर्नु पर्दैन ।

२८. प्रमाणित गर्नुहोस् कि मानिसहरूका परम्पराहरूलाई स्वीकार गरिनु हुँदैन ।

२९. आत्मिक प्रकाश प्रेरणाभन्दा कसरी भिन्न छ ?

३०. धर्म सम्बन्धी विषयहरू बुद्धिमानीपूर्वक क्रमबद्ध गर्नेबारे धर्मशास्त्रले तर्क र मानिसहरूको

३१. छनोटलाई के कस्तो स्वतन्त्रता दिन्छ ?

३२. धर्मशास्त्र स्पष्ट छ भन्नुको अर्थ के हो ?

३३. यस विषयमा प्रोटेस्टेन्टहरूले के स्वीकार गर्छन् र के पुष्टि गर्छन् ?

३४. धर्मशास्त्र स्पष्ट छ भन्ने कुरा प्रमाणित गर्नुहोस् ।

३५. आठौँ खण्डले कुन कथन पुष्टि गर्छ ?

३६. हाम ीसँग भएका हिब्रू र ग्रीक धर्मशास्त्रक ा पुस्तकहरूका आधुनिक प्रतिलिपिहरूको सत्यता कसरी स्थाप ित गरिन्छ ?

३७. नवौँ र दशौँ खण्डहरूले कुन कथनहरू पुष्टि गर्छन् ?

३८. धर्मशास्त्रको व्याख्या धर्मशास्त्रद्वारा नै गरिनुपर्छ भन्ने कुरा देखाउनुहोस् ।

३९. विश्वास र अभ्यासको प्रश्नमा मण्डलीको अधिकारबारे रोम ी शिक्षा के हो ?

४०. "नियम" र "न्यायाधीश" बिचमा के भिन्नता छ ?

४१. विवादहरूमा साँचो न्यायाधीशबारे प्रोटेस्टेन्ट सिद्धान्त क ेहो ?

४२. प्रोटेस्टेन्ट शिक्षाको सत्यता प्रमाणित गर्नुहोस् ।

# अध्याय २
# (CHAPTER II)
# परमेश्वर र पवित्र त्रिएकत्वका बारेमा
# (OF GOD AND OF THE HOLY TRINITY)

**खण्ड – १ त्यहाँ एक मात्र[32] जीवित र सत्य परमेश्वर[33] हुनुहुन्छ जो अस्तित्व र सिद्धतामा असीमित हुनुहुन्छ[34], अत्यन्त शुद्ध आत्मा,[35] अदृश्य,[36] शरीर, अंगप्रत्यंग[37] वा मानवीय संवेगबिनाका[38] स्वतन्त्र आत्मा, अपरिवर्तनीय,[39] अपार,[40] र अनन्त,[41] अगम्य,[42] सर्वशक्तिमान,[43] अति बुद्धिमान्,[44] अति पवित्र,[45] अति स्वतन्त्र,[46] अति पूर्ण,[47] आफ्नो महिमाको लागि[48] आफ्नै अपरिवर्तनीय र अति धर्मी इच्छाको अभिप्रायअनुसार काम गर्नुहुने;[49] अति प्रेमिलो,[50] कृपालु, दयालु, धीर, भलाइ र सत्यतामा प्रचूर, अधर्म, अपराध र**

[32] व्यवस्था ५:१; १ कोरिन्थी ८:४, ६ ।
[33] १ थेसलोनिकी १:९; यर्मिया १०:१० ।
[34] अय्यूब ११:७-९; २६:१४ ।
[35] युहन्ना ४:२४ ।
[36] १ तिमोथी १:१७ ।
[37] व्यवस्था ४:१५, १६ ; युहन्ना ४:२४; लुका २४:३९ ।
[38] प्रेरित १४:११, १६ ।
[39] याकुब १:१७; मलाकी ३:६ ।
[40] १ राजा ८:२७; यर्मिया २३:२३, २४ ।
[41] भजन ९०:२; १ तिमोथी १:१७ ।
[42] भजन ११४:३ ।
[43] उत्पत्ति १६:१; प्रकाश ४:८ ।
[44] रोमी १६:२७ ।
[45] यशैया ६:३ ; प्रकाश ४:३ ।
[46] भजन ११५:३ ।
[47] प्रस्थान ३:१४ ।
[48] हितोपदेश १६:१; रोमी ११:३६ ।
[49] एफेसी १:११ ।
[50] १ युहन्ना ४:८, १६ ।

**पाप क्षमा गर्नुहुने;[51] यत्नपूर्वक उहाँलाई खोज्नेहरूलाई इनाम दिनुहुने;[52] अनि आफ्नो न्यायमा अति धर्मी र भयानक;[53] सबै पापलाई घृणा गर्नुहुने[54] र दोषीलाई कुनै पनि हालतमा निर्दोष नठहराउनुहुने ।[55]**

**खण्ड – २ परमेश्वरसँग आफैमा सम्पूर्ण जीवन,[56] महिमा,[57] भलोपन,[58] आनन्द[59] छ; अनि उहाँ मात्रै आफैमा र आफ्नै निम्ति पूर्ण हुनुहुन्छ, उहाँले बनाउनुभएको कुनै पनि थोकको खाँचो छैन,[60] त्यसैले उहाँलाई तिनीहरूबाट कुनै महिमाको खाँचो छैन[61] तर तिनीहरूमा, तिनीहरूद्वारा, तिनीहरूलाई र तिनीहरूमा आफ्नो प्रकट महिमा प्रकट गर्नुहुन्छ: उहाँ मात्रै सबै थोकको मूल हुनुहुन्छ,जसबाट, जसद्वारा र जसको निम्ति सबै थोक छन्;[62] अनि तिनीहरूमाथि उहाँको सार्वभौम प्रभुत्व छ, तिनीहरूद्वारा, तिनीहरूको निम्ति, वा तिनीहरूमाथि उहाँलाई जसो गर्न इच्छा लाग्छ त्यसै गर्न ।[63] उहाँको दृष्टिमा सबै थोक खुल्ला र प्रकट छन्;[64] उहाँको ज्ञान असीम छ, अचूक र सृष्टिबाट स्वतन्त्र,[65] त्यसकारण कुनै पनि कुरा उहाँको लागि आकस्मिक वा अनिश्चित छैन,[66] उहाँ आफ्ना सबै अभिप्रायमा,**

---

[51] प्रस्थान ३४:६, ७ ।
[52] हिब्रू ११:६ ।
[53] नहेम्याह ९:३२, ३३ ।
[54] भजन ५:५, ६ ।
[55] नहेम्याह १:२, ३; प्रस्थान ३४:७ ।
[56] युहन्ना ५:२६ ।
[57] प्रेरित ७:२ ।
[58] भजन ११९:६८ ।
[59] १ तिमोथी ६:१५; रोमी ९:५ ।
[60] प्रेरित १७:२४, २५ ।
[61] अय्यूब २२:२, ३ ।
[62] रोमी ११:३६ ।
[63] प्रकाश ४:११; १ तिमोथी ६:१५; दानिएल ४:२५,३५ ।
[64] हिब्रू ४:१३ ।
[65] रोमी ११:३३, ३४: भजन १४७:५ ।
[66] प्रेरित १५:१८ ; इजकिएल ११:५ ।

**आफ्ना सबै काममार आफ्ना सबै आज्ञाहरूमा अति पवित्र हुनुहुन्छ । [67]उहाँ नै स्वर्गदूतहरू, मानिसहरू र हरेक अन्य प्राणीबाट सबै आराधना, सेवा वा आज्ञाकारिता ग्रहण गर्न योग्य हुनुहुन्छ ।[68]**

यी खण्डहरूले निम्न कुरा सिकाउँछन्:-

१. एक मात्र जीवित र सत्य परमेश्वर हुनुहुन्छ ।

२. परमेश्वर शारीरिक अंगहरू वा मानवीय संवेगबिनाका स्वतन्त्र आत्मा हुनुहुन्छ ।

३. उहाँ आफैमा सारा सिद्धता छ ।

४. उहाँका सृष्टिको सन्दर्भमा उहाँसँग सारा सापेक्ष सिद्धता छ ।

५. उहाँ आफै अस्तित्वमा रहनुहुन्छ र पूर्णरूपमा स्वतन्त्र हुनुहुन्छ अनि आफ्ना सबै सृष्टिको पूर्ण रूपमा स्वतन्त्र परिपालक, मालिक र प्रबन्धक हुनुहुन्छ ।

१. एक मात्र जीवित र सत्य परमेश्वर हुनुहुन्छ ।

त्यहाँ असंख्य झूटा ईश्वरहरू छन् अनि "ईश्वर" वा देवको दर्जा तिनीहरूको आत्मिकता र उच्च उत्कृष्ठताको कारण स्वर्गदूतहरूका लागि (भजन ९७:७); अनि तिनीहरूको अख्तियारको कारण उच्च प्रशासकहरूका लागि (भजन ८२:१, ६) समेत प्रयोग गरिएको छ; अनि दुष्टहरूमाथि उसको प्रभुत्वको कारण शैतानलाई "यस संसारको देव" (२ कोरिन्थी ४:४) भनिएको छ । तसर्थ, सबै झूटा दाबीहरूको विपरीत अनि यो शब्दको सबै लाक्षणिक प्रयोगबाहेक, यो पुष्टि गरिन्छ कि त्यहाँ एक मात्र सत्य परमेश्वर, एक मात्र जीवित परमेश्वर हुनुहुन्छ ।

यस पुष्टिमा दुई वटा कथन समावेश छन्: (क) त्यहाँ एक मात्र परमेश्वर हुनुहुन्छ । (ख) यी एक मात्र परमेश्वर विभाजित गरिन असम्भव एक पूर्ण एकाई हुनुहुन्छ ।

त्यहाँ एक मात्र परमेश्वर हुनुहुन्छ भन्ने कुरा यसरी प्रमाणित हुन्छ :

---

[67] भजन ११४:१७; रोमी ७:१२ ।

[68] प्रकाश ५:१२-१४ ।

(१) यो तथ्यबाट कि परमेश्वरको अस्तित्व स्थापित गर्ने हरेक तर्कले एकमात्र परमेश्वरको अस्तित्वको संकेत गर्छ । त्यहाँ एउटा पहिलो कारण वा कर्ता हुनुपर्छ, तर त्यहाँ एकभन्दा धेरै कर्ता छन् भन्ने कुनै प्रमाण छैन । त्यहाँ एक योजनाकार बुद्धिमत्ता र एक नैतिक शासक हुनुपर्दछ, तर न ता योजना न ता विवेकबाटको तर्कले एकभन्दा बढी ईश्वरको संकेत गर्छ ।

(२) यसको सम्पूर्ण सीमासम्म सृष्टि एक प्रणाली हो, जसको ढाँचाले पूर्ण एकता प्रस्तुत गर्छ, यसकारण यो एक योजनाकार बुद्धिमत्ताबाट उत्पन्न भएको हो भन्ने कुरा स्पष्ट हुन्छ ।

(३) ईश्वरीय प्रबन्धको प्रशसानिक प्रणालीको सन्दर्भमा पनि त्यही कुरा सत्य छ ।

(४) मानिसमा जन्मसिद्ध रूपमा पाइने नैतिक जवाफदेहिताको भावनाले सबै पूर्ण अख्तियारको एकताको प्रमाण दिन्छ ।

(५) सबै संवेग र अभ्यासद्वारा विकसित गरिएका विवेका आदतहरूले अनुभूत संसारको बहुलतालाई अझै

(६) पवित्र धर्मशास्त्रले लगातार यो सत्यता पुष्टि गर्छ । व्यवस्था ६:४; १ कोरिन्थी ८:४ ।

यी एक परमेश्वरको अविभाज्य एकता उही तर्कहरूद्वारा प्रमाणित हुन्छ । किनकि एक ईश्वरत्वमा विभाजन  हुने हो भने त्यसको परिणाम दुई वटा ईश्वर हुन्छ । त्यसबाहेक, धर्मशास्त्रले हामीलाई सिकाउँछ कि ख्रीष्टियन त्रिएकत्वचाहिँ एक अविभाजित परमेश्वर हुनुहुन्छः "म र मेरा पिता एक हौँ ।" युहन्ना १०:३० ।

२. यी परमेश्वर शारीरिक अंगहरू वा मानवीय संवेगबिनाका स्वतन्त्र आत्मा हुनुहुन्छ ।

त्यहाँ एक धेरै पुरानो, प्रचलित र स्थायी विचारधारा छ, जुन हाम्रो वर्तमान समयको साहित्यमा व्यापक रूपमा व्याप्त छ, जसले परमेश्वरलाई संसारसँग मिलाउन अनि उहाँलाई प्रकृतिका नियमहरूसँग, सृष्टिको क्रमबद्धता र सुन्दरतासँग जोड्न खोज्छ । एक वा अर्को रूपमा उहाँलाई प्रकृतिका घटनासँग आत्मा र शरीरको सम्बन्धझैँ, वा पूर्णता र खण्डखण्डको सम्बन्धझैँ वा स्थायी पदार्थलाई क्षणिक रूपहरूसँगको सम्बन्धमा झैँ विचार गरिन्छ । परमेश्वरको

अस्तित्व स्थापित गर्ने सबै तर्कहरू उहाँलाई संसारभन्दा भिन्न, एक व्यक्तिगत आत्माको रूपमा स्थापित गर्ने कुरामा धर्मशास्त्रसँग सहमत हुन्छन् ।

आत्मा भन्नाले हामी त्यो व्यक्तिलाई बुझ्छौं जसमा सक्रिय गुणहरूको रूपमा बुद्धिमत्ता, भावना, र इच्छा जस्ता विशेषताहरू हुन्छन् । जहाँ यी एकजुट हुन्छन् त्यहाँ छुट्टै व्यक्तित्व हुन्छ । ढाँचाको तर्कले प्रमाणित गर्दछ कि महान् पहिलो कर्ता, जसद्वारा ब्रह्माण्डीय प्रणाली चलायमान छ भनी बुझिनुपर्छ, उहाँसँग लक्ष्य छनोट गर्ने बुद्धिमत्ता, भलोपना र इच्छा दुवै छ, अनि साधनहरूको छनोट गर्दा र अनुकूलन गर्दा ती लक्ष्यहरूलाई प्रभाव पार्ने क्षमता छ । त्यसकारण उहाँ एक व्यक्तिगत आत्मा हुनुहुन्छ । सबै मानिसहरूमा जन्मसिद्धरूपमा रहने नैतिक जवाफदेहिताको तर्कले प्रमाणित गर्छ कि हामी सर्वोच्च कानुनदाताको अधीनमा छौँ, जो उहाँले शासन गर्नुहुने व्यक्तिहरूभन्दा बाहिर र उच्च हुनुहुन्छ; जसले हाम्रो बारेमा जान्नुहुन्छ, अनि हामीबाट सख्त व्यक्तिगत जवाफदेहिता खोज्नुहुनेछ । त्यसकारण उहाँ एक व्यक्तिगत आत्मा हुनुहुन्छ, जो उहाँले शासन गर्नुहुने व्यक्तिहरूभन्दा भिन्न यद्यपि तिनीहरूसँग घनिष्ठ रूपमा सम्बन्धित हुनुहुन्छ ।

हामी आत्मालाई आत्म-चेतनाद्वारा, अनि परमेश्वर आत्मा हुनुहुन्छ भन्ने कुरा स्वीकार गरेर जान्दछौँ :

(१) हामी स्वीकार गर्छौं कि उहाँसँग असीम पूर्णतामा ती सबै गुणहरू छन् जुन हाम्रो आत्मासँग सम्बन्धित छन्, (क) किनभने धर्मशास्त्रले पुष्टि गर्छ कि हामी उहाँको स्वरूपमा सृष्टि भएका छौँ; (ख) किनभने यी सबै गुणहरू उहाँमा छन् भनी धर्मशास्त्रले विभिन्न रूपमा बताउँछ; (ग) किनभने हाम्रो धार्मिक स्वभावले हामीलाई उहाँमा ती गुणहरूलाई पहिचान गरेको चाहन्छ; (घ) किनकि तिनीहरूको अभ्यास सृष्टि र प्रबन्धका उहाँका कार्यहरूमा प्रमाणित हुन्छ; (ङ) किनकि तिनीहरूले ख्रीष्टमा ईश्वरीय स्वभाव धारण गरेका थिए । अनि

(२) हामी इन्कार गर्छौं कि उहाँमा वस्तुका गुणहरू जस्तै शारीरिक अंग र संवेगहरू छन् । हामी यो इन्कार गर्छौं- किनभने उहाँमा यस्तो कुनै गुण छ भन्ने कुनै प्रमाण छैन; र, (ख) किनभने पदार्थको स्वभाव र यसको संवेग वा भावना ती असीम र पूर्ण सिद्धतासँग असंगत छ जुन उहाँका सारभूत गुण हुन्, जस्तै सरलता, अपरिवर्तनीयता, एकता, सर्वव्यापकता आदि ।

जब धर्मशास्त्रले हाम्रो कमजोरीलाई ध्यानमा राख्दै हामीलाई बुझाउनका लागि, परमेश्वरको कान छ जसद्वारा उहाँले सुन्नुहुन्छ भन्छ वा उहाँसँग शक्ति छ भन्ने कुरा जनाउन उहाँको हातको चर्चा गर्छ, त्यो स्पष्ट रूपमा रूपक अलंकार हो, किनभने मानिसहरूको सन्दर्भमा आत्मिक गुणहरू शारीरिक अंगहरूमार्फत अभ्यास गरिन्छन् । त्यसैगरी उहाँले पश्चात्ताप गर्नुहुन्छ, दुःखित बन्नुहुन्छ वा ईर्ष्या गर्नुहुन्छ भन्ने कुरा बताउँदा, पवित्रशास्त्रले रूपक अलंकारको भाषा प्रयोग गरेको हुन्छ, हामीलाई यो सिकाउँदै कि यस्ता भावनाहरूमा चल्दा एक मानिसले जसरी व्यवहार गर्छ उहाँले पनि हामीसँग त्यस्तै व्यवहार गर्नुहुन्छ । यस्ता रूपकहरू नयाँ करारको भन्दा पुरानो करारका विशेषता हुन्, अनि अधिकांश रूपमा काव्यात्मक र अगमवाणीय पुस्तकहरूका भावनापरक वा लाक्षणिक परिच्छेदहरूमा पाइन्छन् ।

३. उहाँ आफैभित्र र आफैमा सारा सिद्धता छ ।

४. उहाँका सृष्टिको सन्दर्भमा उहाँसँग सारा सापेक्ष सिद्धता छ ।

परमेश्वरका विशेषताहरू उहाँका सारा सिद्ध स्वभावका गुणहरू हुन् । ती निरपेक्ष गुणा हुन् जुन परमेश्वरलाई अरूबाट अलग रूपमा विचार गर्दा उहाँमा मात्रै पाइन्छन्: स्व-अस्तित्व, विशालता, अनन्तता, बुद्धिमता, आदि । उहाँको सृष्टिसँगको सम्बन्धमा उहाँलाई चित्रण गर्ने सापेक्ष गुणहरू यी हुन्: सर्वव्यापकता, सर्वज्ञान, आदि ।

यो स्पष्ट छ कि हामी परमेश्वरका त्यस्ता गुणहरू मात्रै थाहा पाउन सक्छौँ जुन उहाँले हामीलाई प्रकट गर्नुभएको छ । त्यसकारण प्रश्न यो होः परमेश्वरले आफ्नो वचनमा उहाँका सिद्धताहरूमध्ये हामीलाई कुन प्रकट गरिदिनुभएको छ ?

(१) परमेश्वर आफ्नो अस्तित्वमा अनन्त हुनुहुन्छ भनिएको छ । त्यसकारण उहाँ समय र स्थानको कुनै पनि सीमामा रहन सक्नुहुन्न । उहाँ अनन्त हुनुपर्छ अनि उहाँले सारा फैलावट वा विशालतालाई भर्नुपर्छ । त्यसकारण यी तीन वटै गुण उहाँको सारतत्त्वका साझा सिद्धता हुनुपर्छ: उहाँ आफ्नो अस्तित्वमा असीम, अनन्त र सर्वव्यापी हुनुहुन्छ; आफ्नो बुद्धिमा असीम, अनन्त र सर्वव्यापी हुनुहुन्छ,आफ्नो शक्तिमा, आफ्नो न्यायमा, आदि । परमेश्वर आफ्नो ज्ञान वा

शक्तिमा असीम हुनुहुन्छ भन्नुमा हाम्रो अर्थ यही हो कि बिना कुनै सीमा उहाँले सबै थोक जान्नुहुन्छ अनि उहाँले चाहनुभएको सबै थोक गर्न सक्नुहुन्छ । उहाँ आफ्नो सत्यतामा असीम हुनुहुन्छ , वा उहाँको न्याय, वा उहाँको भलाइमा अनन्त हुनुहुन्छ भन्नुमा हाम्रो अर्थ निरपेक्ष सिद्धतासाथ उहाँमा यी गुणहरू छन् भन्ने हो ।

(२) उहाँको विशालता । जब हामी परमेश्वरमा यो सिद्धता छ भन्छौँ, हाम्रो अर्थ यो हो कि उहाँको सारतत्त्वले सारा स्थान वा अन्तरिक्ष भर्छ । यो काम उहाँको सारतत्त्वको गुणनात्मक वृद्धिद्वारा गर्न सकिँदैन किनकि उहाँ सदा एक र अविभाज्य हुनुहुन्छ; न ता यसको इथर वा हावा जस्तै अन्तरिक्षमा विस्तार वा फैलावट गरेर, किनभने यो शुद्ध आत्मा हो । मानिसको आत्मा जस्तै, परमेश्वरको आत्मा विस्तार वा आयामबिनाको एक निरपेक्ष एकाइ हुनुपर्छ तसर्थ, सम्पूर्ण अविभाज्य ईश्वरत्व उहाँको अस्तित्वको समग्रतामा सबै स्थानको हरेक बिन्दुमा हरेक समयमा एकैसाथ उपस्थित हुनुपर्छ । उहाँ अनन्ततादेखि नै पूर्ण रूपमा विशाल हुनुहुन्छ । उहाँ सृष्टिदेखि नै आफ्नो सारमा र यसका सबै गुणहरूमा सृष्टिको हरेक परमाणु र तत्त्वमा सर्वव्यापी हुनुहुन्छ । परमेश्वर अनिवार्य रूपमा समान रूपमा सबै प्राणीहरूकहाँ सर्वव्यापी हुनुभए तापनि, उहाँले विभिन्न समयमा विभिन्न रूपमा आफैलाई प्रकट गर्नुहुन्छ अनि उहाँका बुद्धिमान् प्राणीहरूकहाँ यसरी आफैलाई राख्नुहुन्छ कि उहाँ विशेष रूपमा तिनीहरूकहाँ प्रकट हुनुभयो भनिन्छ । यसरी, परमेश्वर मोशाकहाँ जलिरहेको पोथ्रामा उपस्थित हुनुभयो । प्रस्थान ३:२-६ । अनि ख्रीष्टले दुई कि तीन जना उहाँको नाममा भेला हुँदा तिनीहरूका बिचमा उपस्थित हुनुहुने प्रतिज्ञा गर्नुभएको छ । मत्ती १८:२० ।

(३) उहाँको अनन्तता । परमेश्वर अनन्त हुनुहुन्छ भन्ने कुरा स्वीकार गर्दा, हाम्रो अर्थ हो कि उहाँको अवधिको कुनै सीमा छैन, अनि असीम अवधिमा उहाँको अस्तित्व पूर्ण रूपमा सिद्ध छ । उहाँको कुनै शुरुआत हुन सम्भव थिएन, उहाँको अन्त्य हुन सक्दैन, अनि उहाँको अस्तित्वमा विचार, भावना वा उद्देश्यहरूको कुनै श्रृंखला हुन सक्दैन । उहाँकोज्ञानमा कुनै वृद्धि हुन सक्दैन, उहाँको उद्देश्यमा कुनै फेरबदल हुन सक्दैन । त्यसकारण विगत र भविष्य उहाँको निम्ति तत्काल र वर्तमान जस्तै अपरिवर्तनीय रूपमा उपस्थित हुनुपर्छ । त्यसकारण उहाँको अस्तित्व एक सदा कायम रहने, सबैलाई समेट्ने वर्तमान हो जुन उहाँका सृष्टिका

निरन्तर प्रवाहित समयसँग सधैँ समकालीन हुन्छ । कहिल्यै बदलिन नसक्ने उहाँको ज्ञानले उहाँको सृष्टिका र तिनीहरूका क्रियाकलापहरूलाई तिनीहरूका सबै समयमा पहिचान गर्छ । अनि उहाँको अपरिवर्तनीय उद्देश्यमा उहाँका सृष्टिहरूमाथि पूर्वनिर्धारित उहाँका कार्यहरू सटीक क्षणहरूमा उहाँबाट तिनीहरूमाथि लागु हुन्छन् ।

तसर्थ उहाँको अस्तित्वमा र त्यसका सबै रूप र अवस्थाहरूमा परमेश्वर बिल्कुल अपरिवर्तनीय हुनुहुन्छ । उहाँको ज्ञान, उहाँका भावनाहरू, उहाँका उद्देश्यहरू अनि यसकारण उहाँको सृष्टिसँग उहाँको संलग्नतामा उहाँ हिजो, आज र सधैँभरि समान हुनुहुन्छ । "परमप्रभुको अभिप्राय सदासर्वदा रहन्छ, उहाँको हृदयका विचारहरू सबै पुस्ताहरूसम्म ।" भजन ३३:११ ।

(४) सर्वज्ञता र पूर्णरूपमा सिद्ध बुद्धिसहित परमेश्वरको असीम बुद्धिको बारेमा धर्मशास्त्रमा स्पष्ट रूपमा सिकाइएको छ । परमेश्वरको ज्ञान छ असीम छ, यसले समेटेका वस्तुहरूको दायराको सन्दर्भमा मात्रै होइन तर यसको सिद्धताको सन्दर्भमा पनि । (क) हामीले कुनै पनि कुरालाई हाम्रो ज्ञानेन्द्रियद्वारा मात्रै र तिनीहरूको गुणका आधारमा मात्रै जान्दछौँ; तर परमेश्वरले तिनीहरूलाई तत्काल, उहाँको आफ्नै बुद्धिको प्रकाशमा र तिनीहरूको तात्विक स्वभावमा जान्नुहुन्छ । (ख) हामी चिजबिजहरूका बारेमा क्रमिक रूपमा जान्दछौँ, तिनीहरू हामीकहाँ आएपछि वा हामीले तर्कद्वारा अनुमान गर्दै ज्ञातबाट पहिले अज्ञात रहेका कुराहरू । तर परमेश्वरले सबै कुराहरू अनन्त रूपमा जान्नुहुन्छ, एक प्रत्यक्ष, सर्व-व्यापी अन्तर्ज्ञानद्वारा । (ग) हाम्रो ज्ञान निर्भर छ; परमेश्वरको ज्ञान स्वतन्त्र छ । हाम्रो टुक्रा टुक्रा छ; परमेश्वरको समग्र र पूर्ण । हाम्रो ज्ञान धेरै हदसम्म क्षणिक छ; परमेश्वरको ज्ञान स्थायी छ ।

परमेश्वरले आफैलाई जान्नुहुन्छ- उहाँको आफ्नै असीम र अनन्त अस्तित्वको गहिराइ, उहाँको स्वभावको संरचना, उहाँको तार्किकताको विचार, उहाँकोशक्तिको स्रोतसाधन, उहाँको इच्छाको अभिप्राय । उहाँको शक्तिको स्रोतसाधनको ज्ञानमा, उहाँलाई सबै सम्भव कुरा थाहा छ । उहाँको इच्छाको अपरिवर्तनीय अभिप्रायको ज्ञानमा, त्यो अभिप्रायको कारण अस्तित्वमा रहेका वा अस्तित्वमा आउने सबै थोक उहाँलाई थाहा छ ।

बुद्धिमताले ज्ञान छ भन्ने संकेत गर्छ, अनि यो परमेश्वरको सम्पूर्ण रूपमा सिद्ध बुद्धि र इच्छाद्वारा उहाँको अनन्त ज्ञानको उत्कृष्ठ व्यावहारिक प्रयोग हो । यो सामान्य र विशेष अन्तिम परिणामको चुनाउमा प्रयोग गरिन्छ, अनि ती परिणाम प्राप्त गर्नको लागि छानिने साधनको छनोटमा; अनि परमेश्वरको सृष्टि, प्रबन्धर अनुग्रहको कार्यको सिद्ध प्रणालीमा त्यो बुद्धिमता महिमित रूपमा चित्रण गरिएको छ ।

(५) 'परमेश्वरको सर्वशक्तिमानता असीम क्षमता हो जुन ईश्वरीय सारतत्त्वमा निहित हुन्छ र त्यसबाट अलग गर्न सकिँदैन, जसले उहाँको आफ्नै स्वभावको पूर्ण र अपरिवर्तनीय सिद्धताबाहेक कुनै पनि सीमिततबिना उहाँले चाहनुभएको काम गर्छ । परमेश्वरको शक्ति यसको दायरामा असीमित अनि यसको कार्यको शैलीमा अनन्त रूपमा सिद्ध दुवै हुन्छ । (क) हामी सचेत छौँ कि हाम्रो इच्छामा निहित शक्तिहरू धेरै सीमित छन् । हाम्रो इच्छाले हाम्रो विचारको मार्ग र केही शारीरिक कार्यहरूमाथि मात्रै प्रत्यक्ष रूपमा कार्य गर्न सक्छर धेरै असिद्ध रूपमा मात्रै यिनीहरूमाथि नियन्त्रण राख्न सक्छ । परमेश्वरको इच्छामा रहेको शक्तिले यसको लक्षित वस्तुहरूमाथि प्रत्यक्ष रूपमा कार्य गर्दछ अनि उहाँले चाहनुभएको सबै कुरामा पूर्ण रूपमा र बिनाशर्त प्रभाव पार्छ । (ख) हामी माध्यममार्फत काम गर्छौं; त्यसको प्रभाव प्रायः  टाढै रहन्छ, अनि हाम्रो कार्य बाह्य परिस्थितिद्वारा प्रभावित हुन्छ । परमेश्वरले आफ्नो इच्छाअनुसार तत्काल माध्यमद्वारा वा माध्यमबिना कार्य गर्नुहुन्छ । जब उहाँले माध्यमद्वारा काम गर्नुहुन्छ यो भनेको उहाँले त्यो माध्यमलाई दया गरेर अवसर दिनुभएको हो, किनभने त्यो माध्यमले त्यसको सारा प्रभावकारिता उहाँबाटै प्राप्त गर्दछ, उहाँको शक्ति त्यो माध्यमबाट प्राप्त हुने होइन । अनि परमेश्वरको शक्ति उहाँको आफ्नै पूर्ण सिद्ध स्वभावभन्दा बाहिरीका सबै कुराबाट पूर्ण रूपमा स्वतन्त्र छ ।

परमेश्वरको शक्ति उहाँको पूर्ण सिद्ध, स्व-अस्तित्ववान सारतत्त्वको शक्ति हो । उहाँको स्वभावले उहाँलाई इच्छा लागेअनुसार जे पनि गर्नका लागि उहाँसँग पूर्ण रूपमा असीमित शक्ति छ । तर यो शक्ति उहाको स्वभाव विरुद्ध निर्देशित हुन सक्दैन । विवेकको अनि नैतिक सही र गलतको उच्चतम सिद्धान्त ईश्वरीय शक्तिका उत्पादन होइनन् तर ईश्वरीय स्वभावका सिद्धान्तहरू हुन् । परमेश्वरले

सही र गलत आदिको स्वभाव परिवर्तन गर्न सक्नुहुन्न, किनकि उहाँले आफैलाई बनाउनुभएको होइन, अनि उहाँको आफ्नै अनन्त सिद्धतामा यिनीहरू निर्धारित छन् । उहाँले मूर्खतापूर्वक वा अन्यायपूर्वक कार्य गर्न सक्नुहुन्न; त्यो कार्य गर्नको लागि शक्तिको अभाव भएर होइन तर त्यो कार्य गर्ने चाहना नभएरको कारण, किनकि परमेश्वर अनन्तदेखि अपरिवर्तनीय रूपमा , अनि सबैभन्दा स्वतन्त्र र स्वतस्फुर्त रूपमा बुद्धिमान् र धर्मी हुनुहुन्छ ।

उहाँका सृष्टि र प्रबन्धका कामहरूमा परमेश्वरको सर्वशक्तिमानको व्याख्या गर्न सकिन्छ तर कहिल्यै पूर्ण रूपमा सकिँदैन । परमेश्वरको शक्ति उहाँको इच्छामा प्रयोग गरिन्छ, तर शक्तिको वास्तविक अभ्यासपछाडि त्यहाँ सधैँ एक अनन्त सम्भावनाको भण्डार रहन्छ, किनकि सृष्टिकर्ता सधैँ असीम रूपमा उहाँको सृष्टिभन्दा महान् हुनुहुन्छ ।

(६) परमेश्वरको पूर्णतया सिद्ध भलोपन । परमेश्वरको नैतिक सिद्धता एक पूर्ण रूपमा सिद्ध धार्मिकता हो । उहाँका सृष्टिको तुलनामा उहाँको असीम नैतिक सिद्धताले सधैँ त्यो पक्षलाई प्रस्तुत गर्दछ जुन त्यो मामिलामा उपयुक्त छ भनी उहाँको असीम बुद्धिले निर्णय गर्दछ । उहाँ वैकल्पिक रूपमा कृपालु र धर्मी हुनुहुन्न, न त आंशिक रूपमा कृपालु र आंशिक रूपमा धर्मीतर अनन्त रूपमा र पूर्ण रूपमा कृपालु र धर्मी हुनुहुन्छ । दुवै सही छन्; दुवै समान र स्वतस्फुर्त रूपमा उहाँको स्वभावमा छन्; अनि दुवै पूर्णतया र स्वतन्त्र रूपमा त्यो स्वभावको असीमित ज्ञानद्वारा संगत छन् । उहाँको भलोपनमा यी गुण समावेश हुन्छन् (क) उपकार, वा उहाँको सृष्टिका प्राणीहरूको खुशी प्रवर्द्धन गर्ने उहाँको स्वभावको भलोपन; (ख) प्रेम वा बुद्धिमान् प्राणीहरूको खुशी प्रवर्द्धन गर्ने, अनि तिनीहरूको उत्कृष्ठतामा सन्तुष्टि जनाउने उहाँको स्वभावको भलोपन; (ग) कृपा, वा दुःखीहरूका लागि देखाइने भलोपन; (घ) अनुग्रह वा अयोग्यलाई देखाइने उहाँको भलोपन ।

अयोग्यहरूप्रति परमेश्वरको अनुग्रह स्पष्ट रूपमा उहाँको सार्वभौम इच्छामा भर पर्छ (मत्ती ११:२६; रोमी ९:१५), अनि हामीलाई सकारात्मक प्रकाशको माध्यमद्वारा मात्रै सुनिश्चित गरिन सक्छ । उहाँको आफ्नै विशेष प्रकाशबिना, स्वतन्त्र रूपमा उहाँ दोषीहरूप्रति अनुग्रही बन्नुहुनेछ भन्ने कुरा न त तर्क बुद्धि, न

त अन्तरविवेक न त प्रकृतिको अवलोकनले हामीलाई आश्वस्त पार्न सक्छ । हाम्रो कर्तव्य भनेको चोटहरू क्षमा गर्नु हो, किनकि व्यक्तिका रूपमा हामीसँग पाप क्षमा गर्ने कुनै शक्ति वा सरोकार छैन । परमेश्वरको भलोपन पूर्णरूपमा सिद्ध र अपार छ भन्ने कुरा हाम्रो विश्वव्यापी अनुभवबाट साथसाथै धर्मशास्त्रबाट पनि प्रमाणित हुन्छ । याकुब १:१७; ५:११ । तथापि यस्तो भलोपन निरपेक्ष र निःशर्त रूपमा उहाँकासृष्टिको सुखलाई नै लक्ष्य बनाउनका लागि होइन तर उहाँको आफ्नै महिमा र तिनीहरूको उत्कृष्ठताको सर्वोच्च लक्ष्यका लागि उहाँको बुद्धिद्वारा नियन्त्रित छ ।

(७) परमेश्वर सम्पूर्ण रूपमा सत्य हुनुहुन्छ । यो सबै ईश्वरीय सिद्धता र कार्यहरूको साझा विशेषता हो । उहाँको ज्ञान पूर्ण रूपमा सटीक छ; उहाँको बुद्धि अचूक; उहाँको भलोपनर न्याय उहाँको आफ्नै स्वभावको मापदण्डप्रति पूर्ण रूपमा सत्य । उहाँका सबै गुणहरूको अभ्यासमा परमेश्वर सधैँ आफ्नो स्वभावअनुसार चल्नुहुन्छ । साथै उहाँ आफ्ना सबै सञ्चारमा उहाँका सृष्टिहरूप्रति सधैँ पूर्ण रूपमा सत्य, आफ्ना प्रतिज्ञा र चेताउनीहरूमा इमानदार अनि तिनीहरूलाई पूरा गर्ने काममा विश्वासयोग्य हुनुहुन्छ ।

यसले हाम्रो आफ्नै स्वभावको संरचना र बाह्य संसारको सुव्यवस्थामा साथसाथै परमेश्वरद्वारा मान्यता प्राप्त, अलौकिक प्रकटीकरण सबै तर्कसंगत भरोसाको लागि जग बसाल्छ । यसले हाम्रा इन्द्रियहरूले दिने जानकारीको वैधता, बुद्धि र विवेकको स्वबुझाइको सत्यता, समझको निष्कर्षको सटीक अनि मानव गवाहीको आम विश्वसनीयता, र प्रेरित पवित्रशास्त्रको प्रत्येक शब्दको उच्च विश्वसनीयताको निश्चयता दिन्छ ।

(८) परमेश्वरको अनन्त न्याय । यसलाई सम्पूर्ण रूपमा हेर्दा, परमेश्वरलाई आफैमा विचार गर्दा उहाँको सिद्ध धार्मिकता हो । सापेक्षिक रूपमा हेर्दा, उहाँका बुद्धिमान् प्राणीहरूको नैतिक प्रशासकका रूपमा यो उहाँको छ असीम धर्मी स्वभावको अभ्यास हो: धर्मी कानुनहरू लागु गर्नुमा र तिनको धर्मी कार्यान्वयनमा । यो उहाँको शासनको आम प्रशासनलाई समग्र रूपमा हेर्दा देखिन्छ अनि उहाँका आफ्नै करार र उनीहरूका आफ्नै दोषहरू अनुसार व्यक्तिहरूसँग उहाँका अलग अलग उचित व्यवहारमा देखिन्छ । परमेश्वर अत्यन्तै धर्मी हुनुहुन्छ

तर उहाँको न्याय उहाँको स्व-अस्तित्ववान अस्तित्व जस्तै उहाँको इच्छाको वैकल्पिक फल होइन । यो त उहाँको ईश्वरीय विधानको अपरिवर्तनीय सिद्धान्त । उहाँका "शुद्ध आँखाले दुष्ट्याइँ हेर्न सक्दैनन् अनि उहाँले अधर्म हेर्न सक्नुहुन्न ।" हबकूक १:१३ । "उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न ।" २ तिमोथी २:१३ । परमेश्वरले इच्छा मात्रै गरेर माग गर्नुहुन्न तर ती धर्मी भएको कारण उहाँले तिनीहरूको इच्छा गर्नुहुन्छ ।

उहाँको अपरिवर्तनीय अस्तित्वको असीम धार्मिकताले उहाँलाई सबै पापहरूलाई भित्रैदेखि घृणित र सजायको योग्य रूपमा व्यवहार गर्न बाध्य बनाउँछ । पापको दण्ड र यसले ल्याउने निरुत्साह नै उहाँको शासनमुनि रहने मानिसहरूको निम्ति साधारणतया एक स्पष्ट लाभ हो । यो परमेश्वरमा धार्मिकताको एउटा प्रकटीकरण हो, अनि तिनीहरूमा नैतिक उत्कृष्ठताका लागि एक शक्तिशाली उत्प्रेरक हो । तर परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ किनभने यो आन्तरिक रूपमै घृणित छ अनि यसलाई दण्ड दिनुहुन्छ किनभने यस्तो सजाय आन्तरिक रूपमै धर्मी छ । यो प्रमाणित हुन्छ :

(क) धर्मशास्त्रका प्रत्यक्ष दावीहरूबाट: "बदला र *साटो* लिने काम मेरै हो ।" व्यवस्था ३२:३५ । "तिनीहरूले गरेअनुसार उहाँले तिनीहरूलाई *साटो लिनुहुनेछ* ।" यशैया ५९:१८, "परमेश्वर *न्यायी* हुनुहुन्छ तिमीहरूलाई दुःख दिनेहरूलाई परमेश्वरले *दुःख दिनुहुनेछ* ।" २ थेसलोनिकी १:६ । "यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि ।" रोमी १:३२ ।

(ख) धर्मशास्त्रले सिकाउँछ कि ख्रीष्टद्वारा उनीहरूको सट्टामा उहाँका जनहरूले भोग्नुपर्ने दण्ड भोग्नु आवश्यक थियो ताकि परमेश्वर "धर्मी" रहिरहनुहोस् साथसाथै "येशुमा विश्वास गर्नेहरूलाई धर्मी पनि ठहऱ्याउन सक्नुभएको होस् ।" रोमी ३:२६ । "यदि व्यवस्था पालनद्वारा धर्मी ठहरिने भए ता ख्रीष्ट व्यर्थैमा मर्नुभयो ।" गलाती २:२१ । "यदि जीवित पार्नसक्ने व्यवस्था दिइएको भए, धार्मिकता साँच्चै व्यवस्थाद्वारा हुनेथियो ।" गलाती ३:२१ । अर्थात् यदि परमेश्वरले न्यायसंगत रूपमा पापीहरूलाई प्रायश्चितबिना क्षमा गर्न सक्नुहुन्थ्यो भने "वास्तवमा" उहाँले आफ्ना पुत्रलाई व्यर्थमा बलिदान गर्नुहुने थिएन ।

(ग) तिनीहरूको पाप सजायको योग्य छ अनि अपरिवर्तनीय धार्मिकताले यसको माग गर्छ भन्ने बोध नै सचेत पापीहरूको विश्वव्यापी न्याय हो । अनि ज्ञान प्राप्त गरेका मानिसहरूको नैतिक चेतनाले सबै अपराधहरूका सन्दर्भमा विश्वव्यापी रूपमा घोषणा गर्ने दण्ड पनि यही हो ।

(घ) मोशाको समयमा परमेश्वरले तोकिदिनुभएको विधानले पनि धर्मिकताको त्यही अपरिवर्तनीय सिद्धान्त सिकाउँथ्यो: "व्यवस्थाअनुसार प्राय सबै थोक रगतद्वारा शुद्ध पारिन्छन्; अनि रगत नबगाई पापको क्षमा हुँदैन ।" हिब्रू ९:२२ । यो पनि सबै गैरयहुदी जातिहरूका बलिदानका संस्कार र सबै मानवीय कानुन र दण्डहरूमा चित्रित गरिएको पाइन्छ ।

(९) अनन्त पवित्रताका परमेश्वर । कहिलेकहीँ यो शब्द उहाँको सिद्ध पवित्रता व्यक्त गर्नको निम्ति परमेश्वरको लागि प्रयोग गरिन्छ: "आफूलाई अर्पण गरेर पवित्र होओ, किनकि म पवित्र छु ।" लेवी ११:४४ । त्यस सन्दर्भमा, यो उहाँको सिद्ध धार्मिकताको तत्त्व हो । "परमप्रभु आफ्ना सबै मार्गमा धर्मी हुनुहुन्छ र आफूले रचेका सबै थोकप्रति कृपालु हुनुहुन्छ ।" भजन १४५:१७ । कहिलेकहीँ यसले उहाँको अलौकिक रूपमा भव्य र पूज्य महिमा व्यक्त गर्छ जुनचाहिँ उहाँका सबै सुसंगत र आपसमा मिलेका सिद्धताहरूको एक पूर्ण र अनन्त उत्कृष्टतामा सिद्धता हो: “अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दै थिए: सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ ।" यशैया ६:३ ।

५. परमेश्वर आफै अस्तित्वमा रहनुहुन्छ र पूर्णरूपमा स्वतन्त्र हुनुहुन्छ अनि आफ्ना सबै सृष्टिको पूर्ण रूपमा स्वतन्त्र परिपालक, मालिक र प्रबन्धक हुनुहुन्छ । परमेश्वर अनन्त हुनुभएको अनि शून्यबाट आफूबाहेक अरू सबै थोकका सृष्टिकर्ता हुनुभएको कारण, निष्कर्ष निस्कन्छ (१) कि उहाँ आफैमा आफ्नो अस्तित्वको कारण हुनुपर्छ अर्थात् उहाँ स्व-अस्तित्ववान हुनुहुन्छ; (२) कि उहाँ आफ्नो अस्तित्व, अभिप्रायर कार्यहरूमा अन्य सबै थोकबाट पूर्ण रूपमा स्वतन्त्र हुनुहुन्छ; अनि (३) कि अन्य सबै थोकहरू उहाँको अधिकारमा छन् अनि वास्तवमा तिनीहरूको अस्तित्वको लागि उहाँमा पूर्ण रूपमा निर्भर हुन्छन्, तिनीहरूका कार्य र नियतिहरूमा उहाँको अधीनमा हुन्छन् ।

परमेश्वरको सार्वभौमसत्ता भनेको उहाँको इच्छाअनुसार उहाँका आफ्नै हातका कामहरूमाथि शासन गर्ने र परिपालन गर्ने उहाँको पूर्ण अधिकार हो । यो सार्वभौमसत्ता उहाँको इच्छामा अमूर्त रूपमा मात्रै होइन तर उहाँको प्रेमिलो व्यक्तित्वमा निहित छ । यसर्थ यो एक असीम रूपमा बुद्धिमान्, धर्मी, परोपकारी र शक्तिशाली सार्वभौमसत्ता हो जुन उहाँको आफ्नै सिद्धताभन्दा बाहिरको कुनै पनि कुराद्वारा सीमित हुँदैन ।

उहाँको सार्वभौमसत्ताका आधारहरू यी हुन् - (१) उहाँको असीमित सर्वोच्चता । (२) उहाँद्वारा सृष्टि गरिएको कारण सबै थोकहरूमाथि उहाँको पूर्ण स्वामित्व । (३) अस्तित्वको लागि सबै थोकको अनि आनन्दको लागि सबै बुद्धिमान् प्राणीहरूको उहाँमाथि स्थायी र पूर्ण निर्भरता । दानिएल ४:२५, ३५; प्रकाश ४:११ ।

## खण्ड – ३ ईश्वरत्वको एकतामा तीन व्यक्ति हुनुहुन्छ जो सारतत्त्व, शक्ति, र अनन्ततामा एकै हुनुहुन्छ; परमेश्वर पिता, परमेश्वर पुत्र, र परमेश्वर पवित्र आत्मा ।[69] पिता कसैबाट हुनुहुन्न, न त जन्मइनुभएको, न त निस्कि आउनुभएको; पुत्र अनन्तामा पिताबाट जन्माइनु भएको हो;[70] पवित्र आत्मा अनन्ततामा पिता र पुत्रबाट निस्कि आउनु भएको हो ।[71]

त्यहाँ एक मात्र जीवित र सत्य परमेश्वर हुनुहुन्छ, अनि उहाँका सार गुणहरूमा सबै सिद्धताहरू समेटिएका छन् भन्ने कुरा माथि नै देखाइएको कारण, यस खण्डले थप बताउँछ :

१. कि पिता, पुत्र, र पवित्र आत्मा, प्रत्येक समान रूपमा एउटै परमेश्वर हुनुहुन्छ; अनि अविभाज्य ईश्वरीय सारतत्त्व अनि सबै ईश्वरीय सिद्धता र विशेषाधिकारहरू प्रत्येकसँग उही अर्थ र मात्रामा छन् ।

[69] १ युहन्ना पद ७; मत्ती ३:१६, १७; २८:१९; २ कोरिन्थी १३:१४ ।
[70] युहन्ना १:१४, १८ ।
[71] युहन्ना १५:२६; गलाती ४:६ ।

२. कि पिता, पुत्र, र पवित्र आत्माका यी नामहरू, उही व्यक्तिका भिन्न-भिन्न सम्बन्धमा भिन्न-भिन्न नामहरू होइनन्, तर भिन्न-भिन्न व्यक्तिहरूका नामहरू हुन् ।

३. कि यी तीन ईश्वरीय व्यक्तिहरू निश्चित व्यक्तिगत विशेषताहरूद्वारा एकअर्काबाट अलग हुनुहुन्छ, अनि अस्तित्व र कार्यसञ्चालनको एक निश्चित क्रममा प्रकट गरिनुभएको छ ।

यी कथनहरूमा त्रिएकत्व (एकतामा तीन) को ख्रीष्टियन धर्मशिक्षा समेटिएको छ, जुन प्राकृतिक धर्मको अंश होइन; यद्यपि यो कुरा अत्यन्त स्पष्ट रूपमा प्रेरित धर्मशास्त्रमा प्रकट गरिएको छ - सायद पुरानो करारमा अलि अस्पष्ट रूपमा तर नयाँ करारमा विशिष्ट स्पष्टातासाथ ।

१. पिता, पुत्र, र पवित्र आत्मा, प्रत्येक समान रूपमा एउटै परमेश्वर हुनुहुन्छ; अनि प्रत्येकसँग अविभाज्य ईश्वरीय सारतत्त्व अनि सबै ईश्वरीय सिद्धता र विशेषाधिकारहरू उही अर्थ र स्तरमा छन् ।

त्यहाँ एक मात्र परमेश्वर हुनुभएको कारण, जो असीम र निरपेक्ष प्रथम कारण वा कर्ता हुनुहुन्छ, उहाँको सारतत्त्व आत्मिक भएकाले विभाजित हुन सक्दैन । यदि पिता, पुत्र र पवित्र आत्मा ती एउटै परमेश्वर हुनुहुन्छ भने, उहाँहरू प्रत्येकमा समान रूपमा उही सारतत्त्व हुनुपर्छ । अनि परमेश्वरका गुणहरू उहाँको सारतत्त्वका अन्तर्निहित विशेषताहरू भएको कारण, ती गुणहरू त्यो सारतत्त्वबाट अविभाज्य छन् । तसर्थ यदि पिता, पुत्र र पवित्र आत्मामा एउटै संख्यात्मक सारतत्त्व छ भने, उहाँहरूमा उही साझा विशेषतहरू छन्, अर्थात् उहाँहरूमा एक साझा बुद्धिमता र एक साझा इच्छा छ, आदि ।

पवित्र धर्मशास्त्रमा यस मौलिक सत्यताका प्रमाणहरू प्रशस्त छन् । पिता परमेश्वर हुनुहुन्छ कि हुनुहुन्न भनी कहिल्यै प्रश्न गरिएको छैन । पुत्र सत्य परमेश्वर हुनुहुन्छ भनी निम्न विचारहरूद्वारा प्रमाणित हुन्छ:-

(१) कन्यबाट जन्मनुभन्दा पहिल्यै ख्रीष्ट अस्तित्वमा हुनुहुन्थ्यो । (क) "संसारको उत्पत्ति हुनुभन्दा पहिल्यै" उहाँ पितासँग हुनुहुन्थ्यो । युहन्ना ८:५८; १७:५ । (ख) "उहाँ संसारमा आउनुभयो" - "उहाँ स्वर्गबाट ओर्ली आउनुभयो ।" युहन्ना ३:१३; १६:२८ ।

(२) परमेश्वरका *सबै* नाम र पदवीहरू बारम्बार ख्रीष्टका लागि प्रयोग गरिएका छन्, अनि पिता र पवित्र आत्माबाहेक अरू कसैका लागि प्रयोग गरिएका छैनन्: जस्तै यहोवा, यर्मिया २३:६; -पराक्रमी परमेश्वर, सनातनका पिता, यशैया ९:६;-परमेश्वर, युहन्ना १:१; हिब्रू १:८;-सबैमाथि परमेश्वर, रोमी ९:५; -सत्य परमेश्वर, र अनन्त जीवन, १ युहन्ना ५:२०;-अल्फा र ओमेगा, सर्वशक्तिमान, प्रकाश १:८ ।

(३) सबै ईश्वरीय गुणहरू उहाँमा आरोपित गरिएका छन्: अनन्तता, युहन्ना ८:५८; १७:५; प्रकाश १:८; २२:१३;- अपरिवर्तनीयता, हिब्रू १:१०, ११; ८:८;-सर्वव्यापकता, मत्ती २८:२०; युहन्ना ३:१३; -सर्वज्ञान, मत्ती ११:२७; युहन्ना २:२४, २५; प्रकाश २:२३; -सर्वशक्तिमानता, युहन्ना ५:१७; हिब्रू १:३ ।

(४) धर्मशास्त्रले सबै ईश्वरीय कार्यहरूको जश ख्रीष्टलाई दिन्छ: सृष्टि, युहन्ना १:३-१०; कलस्सी १:१६,१७;-संरक्षण र ईश्वरीय प्रशासन, हिब्रू १:३; कलस्सी १:१७; मत्ती २८:१८;-अन्तिम न्याय, युहन्ना ५:२२; मत्ती २५:३१, ३२; २ कोरिन्थी ५:१०; -अनन्त जीवन दिने, युहन्ना १०:२८;-पवित्र आत्मा पठाउनुहुने, युहन्ना १६:७;-पवित्रीकरण, एफेसी ५:२५-२७ ।

(५) धर्मशास्त्रले घोषणा गर्छ कि उहाँलाई ईश्वरीय आराधना चढाइनुपर्छ: हिब्रू १:६; प्रकाश १:५, ६; ५:११, १२; १ कोरिन्थी १:२; युहन्ना ५:२३ । येशुको नाममा साथसाथै पिता र पवित्र आत्माको नाममा मानिसहरूलाई बप्तिस्मा दिनुपर्छ । प्रेरितीय आशीर्वादमा येशुको अनुग्रहको आशिष् बोलिएको छ ।

पवित्र आत्मा साँचो परमेश्वर हुनुहुन्छ भन्ने कुरा पनि त्यसरी नै प्रमाणित गरिन्छ ।

(१) उहाँलाई परमेश्वर भनिएको छ । आत्माले जे भन्नुहुन्छ यहोवाले भन्नुहुन्छ । तुलना गर्नुहोस् यशैया ६:८, ९ लाई प्रेरित २८:२५, २६ सँग; अनि यर्मिया ३१:३३ लाई हिब्रू १०:१५, १६ सँग । पवित्र आत्मा छ झूठो बोल्नु भनेको परमेश्वरसँग झूठो बोल्नु हो । प्रेरित ५:३, ४ ।

(२) उहाँमा ईश्वरीय सिद्धता आरोपित गरिएको छ: सर्वज्ञान, १ कोरिन्थी २:१०, ११; -सर्वव्यापकता, भजन १३९:७; - सर्वशक्तिमानता, लुका १:३५; रोमी ८:११ ।

(३) उहाँलाई ईश्वरीय कार्यहरूको श्रेय दिइएको छ: सृष्टि, अय्यूब १६:१३; भजन१०४:३०; - आश्चर्यकर्म,१ कोरिन्थी १२:९-११; - पुनर्जीवन, युहन्ना ३:६; तीतस ३:५ ।

(४) उहाँलाई ईश्वरीय आराधना गरिनुपर्छ । प्रेरितीय आशीर्वादमा उहाँका कृपालु प्रभावहरूको आह्वान गरिन्छ । २ कोरिन्थी १३:१४ । हामीलाई उहाँको नाउँमा बप्तिस्मा दिइएको छ । पवित्र आत्मा विरुद्धको निन्दालाई कहिल्यै क्षमा गरिने छैन । मत्ती १२:३१, ३२ ।

२. पिता, पुत्र, र पवित्र आत्माका यी नामहरूउही व्यक्तिका भिन्न-भिन्न सम्बन्धमा भिन्न-भिन्न नामहरू होइनन्, तर भिन्न-भिन्न व्यक्तिहरूका नामहरू हुन् ।

पिता, पुत्र र पवित्र आत्मामा एक मात्र अविभाज्य र अलग गर्न नसकिने आत्मिक सारतत्त्व भएको कारण, अनि उहाँहरूसँग एक असीम बुद्धि, शक्ति, इच्छा, आदि साझा भएको कारण, जब हामी उहाँहरू भिन्न व्यक्तिहरू हुनुहुन्छ भन्छौं, हामीले भन्न खोजेको कुरा एउटा मानिसदेखि अर्को भिन्न हुन्छ भनेझैँ उहाँहरू पनि एकबाट अर्को भिन्न हुनुहुन्छ भन्ने होइन । एकै सारतत्त्वमा उहाँहरूको अस्तित्वको शैली हाम्रो निम्ति सधैँ गहन रहस्य रहिरहनेछ, किनकि यो कुनै उपमा वा तुलनाभन्दा बाहिरको कुरा छ । हामीलाई प्रकट गरिएको कुरा यति हो किपिता, पुत्र र पवित्र आत्मा यसरी अलग अलग र सम्बन्धित हुनुहुन्छ कि—

(१) एकअर्कासँग वा एकअर्काको बारेमा बोल्दा उहाँहरूले म, तपाईं, उहाँ जस्ता व्यक्तिगत सर्वनामहरू पारस्पारिक रूपमा प्रयोग गर्नुहुन्छ । यसरी ख्रीष्टले निरन्तर पितालाई सम्बोधन गर्नुहुन्छ अनि पिता र पवित्र आत्माको बारेमा यसो भन्नुहुन्छ: "म पितलाई बिन्ती गर्नेछु र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ" युहन्ना १४:१६; "अब हे पिता, संसारको सृष्टि हुनुअघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्," युहन्ना १७:५ । यसरी ख्रीष्टले पवित्र आत्माको बारेमा कुरा गर्नुहुन्छ: "म उहाँलाई पठाइदिनेछु;" "उहाँले मेरो बारेमा गवाही दिनुहुनेछ;" "जसलाई पिताले मेरो नाममा पठाउनु हुनेछ" युहन्ना १४:२६ र १५:२६ ।

(२) उहाँहरूले एकअर्कालाई प्रेम गर्नुहुन्छ, एकअर्कमाथि र एकअर्कामार्फत काम गर्नुहुन्छ, र आपसमा सल्लाह गर्नुहुन्छ । "पिताले पुत्रलाई पठाउनुहुन्छ," युहन्ना १७:३; अनि पिता र पुत्रले पवित्र आत्मालाई पठाउनुहुन्छ, भजन १०४:३० । पिताले पुत्रलाई आज्ञा दिनुहुन्छ, युहन्ना १०:१८; पवित्र आत्माले "आफ्नै बारेमा बोल्नुहुनेछैन" - "उहाँले गवाही दिनुहुन्छ" र ख्रीष्टको "महिमा गर्नुहुन्छ" । युहन्ना १५:२६; १६:१३-१५ ।

(३) उहाँहरू अनन्त रूपमा एकआपसमा पिता र पुत्र र आत्माका रूपमा सम्बन्धित हुनुहुन्छ । अर्थात् पिता पुत्रका पिता हुनुहुन्छ, अनि पुत्र पिताका पुत्र हुनुहुन्छ, र आत्मा पिता र पुत्रका आत्मा हुनुहुन्छ ।

(४) उहाँहरू एक सिद्ध सामञ्जस्यपूर्ण व्यवस्थामा सृष्टिमाथि सँगसँगै काम गर्नुहुन्छ; - पिताले सृष्टि गर्नुहुन्छ र आम प्रशासन नियन्त्रण गर्नुहुन्छ; पुत्रले मानव स्वभावमा देहधारण गर्नुहुन्छ अनि ईश्वर-मानव (Theanthropos) का रूपमा मध्यस्थकारी अगमवक्ता, पुजारी र राजाको भूमिका निर्वाह गर्नुहुन्छ; पवित्र आत्माले आफ्नो अनुग्रह सर्वव्यापी बनाउनु हुन्छ र यसलाई उहाँको शरीरका सदस्यहरूका शरीर प्राणमा लागु गर्नुहुन्छ: पिता जीवन र व्यवस्थाका पूर्ण उत्पत्ति र स्रोत; पुत्र प्रकटकर्ता; पवित्र आत्मा कार्यान्वियनकर्ता ।

त्यहाँ धर्मशास्त्रका धेरै खण्डहरू छन् जहाँ तीनै जनालाई भिन्न-भिन्न तर ईश्वरीय व्यक्तिका रूपमा वर्णन गरिएको छ : मत्ती २८:१९; २ कोरिन्थी १३:१४; मत्ती ३:१३-१७; युहन्ना १५:२६; १ युहन्ना ५:७ आदि ।

३. यी तीन ईश्वरीय व्यक्तिहरू निश्चित व्यक्तिगत विशेषताहरूद्वारा एकअर्काबाट भिन्न हुनुहुन्छ अनि अस्तित्व र कार्यसञ्चालनको एक निश्चित क्रममा प्रकट गरिनुभएको छ ।

परमेश्वरका "गुणहरू" भनेका ईश्वरीय तत्त्वका विशेषताहरू हुन्, त्यसकारण तीन व्यक्तिहरू प्रत्येकमा साझा छन्, जो "सारतत्त्वमा समान" त्यसकारण "शक्ति र महिमा समान" हुनुहुन्छ । अर्कोतर्फ, प्रत्येक ईश्वरीय व्यक्तिका "गुणहरू"व्यक्तिगत अस्तित्वका ती विशिष्ट शैली हुन् अनि कार्यसञ्चालनका ती विशिष्ट क्रम हुन् जसले प्रत्येक व्यक्तिलाई अरूबाट भिन्न तुल्याउँछन्र अरूसँग प्रत्येकको सम्बन्ध निर्धारण गर्छन् । यो कुरा मुख्य रूपमा प्रकट गरिएका

उहाँहरूका व्यक्तिगत नामहरूद्वारा हामीलाई व्यक्त गरिएको छ । पहिलो व्यक्तिको विशिष्ट व्यक्तिगत विशेषता पिताको पदवीद्वारा व्यक्त गरिएको छ । एकव्यक्तिका रूपमा उहाँ अनन्त रूपमा उहाँका एकमात्र जन्माइएका पुत्रका पिता हुनुहुन्छ । दोस्रो व्यक्तिको विशिष्ट व्यक्तिगत विशेषता पुत्रको पदवीद्वारा व्यक्त गरिएको छ । एक व्यक्तिका रूपमा उहाँ सदाको लागि पिताका एकमात्र जन्माइएका पुत्र हुनुहुन्छ, त्यसकारण उहाँको दृष्यमान रूप र परमेश्वरसँग आदिमा अनन्त वचन हुनुहुन्छ । तेस्रो व्यक्तिको विशिष्ट व्यक्तिगत विशेषता आत्माको पदवीद्वारा व्यक्त गरिएको छ । यो उहाँको सारतत्त्वको अभिव्यक्ति होइन, किनभने उहाँको सारतत्त्व नै पिता र पुत्रको पनि सारतत्त्व हो । यसले निश्चय नै अन्य दुई ईश्वरीय व्यक्तिहरूसँग उहाँको अनन्त व्यक्तिगत सम्बन्धको बारेमा बताएको हुनुपर्छ, किनभने एक व्यक्तिका रूपमा उहाँलाई निरन्तर पिताका आत्मा र पुत्रका आत्माको रूपमा वर्णन गरिएको छ । उहाँहरू सबैका बारेमा धर्मशास्धमा एउटै स्थिर क्रममा बताइएको छः पिता पहिले, पुत्र दोस्रो, आत्मा तेस्रो । पिताले पुत्र र र आत्मालाई पठाउनुहुन्छ अनि पुत्र र आत्मा दुवैद्वारा काम गर्नुहुन्छ । पुत्रले आत्मालाई पठाउनुहुन्छ अनि आत्माद्वारा काम गर्नुहुन्छ । दुवै सन्दर्भमा त्यसको विपरीत कहिल्यै हुँदैन अर्थात् आत्माले पिता वा पुत्रलाई पठाउनुहुन्न । पुत्र पिताद्वारा पठाइनुहुन्छ, पिताको निम्ति कार्य गर्नुहुन्छ, र पितालाई प्रकट गर्नुहुन्छ । आत्मा पिता र पुत्र दुवैद्वारा पठाइनुहुन्छ, दुवैको निम्ति कार्य गर्नुहुन्छ, र दुवैलाई प्रकट गर्नुहुन्छ । यी व्यक्तिहरू सारतत्त्व जत्तिकै अनन्त हुनुहुन्छ, आदर, शक्ति, र महिमामा बराबर । यी तीन व्यक्तिहरू एक परमेश्वर हुनुहुन्छ, सारतत्त्व र ईश्वरीय सिद्धताहरूमा समान । "म र मेरा पिता एकै हौं ।" युहन्ना १०:३० । "पिता ममा हुनुहुन्छ र म पितामा ।" युहन्ना १०:३८ । "जसले पुत्रलाई देखेको छ, उसले पितालाई पनि देखेको छ ।" युहन्ना १४:९-११ ।

त्रिएकत्वको सिद्धान्तको बारेमा सबै बुँदाहरूको सबैभन्दा प्राचीन र विश्वव्यापी रूपमा स्वीकृत कथन सन् ३२५ को नाइसको परिषदको विश्वासको सारमा पाइन्छ, जसलाई कन्स्टान्टिनोपलको परिषदले सन् ३८१ मा संशोधन गरेको थियो । यो संस्करणको परिचयको पहिलो अध्यायमा यो विश्वाकसको सारको पूर्ण पाठ दिइएको छ ।

## प्रश्नहरू

१. पहिलो र दोस्रो खण्डहरूमा के कुरा सिकाइएका छन् ?
२. "परमेश्वर" को पदवी कसका लागि प्रयोग गरिएको छ ?
३. त्यहाँ एक मात्रै जीवित र सत्य परमेश्वर हुनुहुन्छ भनिँदा कुन दुई वटा कथन संलग्न छन् ?
४. त्यहाँ एक मात्रै परमेश्वर हुनुहुन्छ भन्ने सत्यता कसरी प्रमाणित गर्न सकिन्छ ?
५. ती एक परमेश्वरको अविभाज्य एकता कसरी प्रमाणित हुन सक्छ ?
६. परमेश्वर एक व्यक्तिगत आत्मा हुनुहुन्छ भन्ने कुरा कसरी प्रमाणित हुन सक्छ ?
७. परमेश्वर आत्मा हुनुहुन्छ भन्नुमा हाम्रो अर्थ के हो ?
८. धर्मशास्त्रले परमेश्वरका शारीरिक अंग र भावनाहरू छन् भनी बताएको तथ्यलाई कसरी व्याख्या गर्न सकिन्छ ?
९. परमेश्वरका शारीरिक अंग र संवेगहरू हुँदैनन् भन्ने कुरा कसरी प्रमाणित गर्न सकिन्छ ?
१०. परमेश्वरका निरपेक्ष र सापेक्ष सिद्धताबिचको भिन्नता के हो ?
११. परमेश्वर अनन्त हुनुहुन्छ भन्नुमा हाम्रो अर्थ के हो ?
१२. परमेश्वरको विशालता र सर्वव्यापकताको बिचमा के भिन्नता छ ?
१३. कुन अर्थमा परमेश्वर सर्वव्यापी हुनुहुन्छ ?
१४. कुन विभिन्न तरिकामा उहाँ आफ्ना सृष्टिकहाँ उपस्थित हुनुहुन्छ ?
१५. परमेश्वरको अनन्तता उहाँका सृष्टिको अस्थायी अस्तित्वदेखि कसरी भिन्न हुन्छ ?
१६. उहाँ अनन्त हुनुहुन्छ भन्ने भनाइमा कुन कुन कुरा संमावेश हुन्छन् ?
१७. कुन अर्थमा परमेश्वर अपरिवर्तनीय हुनुहुन्छ ? उहाँ त्यस्तो हुनुहुन्छ भन्ने प्रमाणित गर्नुहोस् ।
१८. परमेश्वरको अनन्त बुद्धिले कुन दुई वटा मुख्य खण्डलाई समेट्छन् ?
१९. परमेश्वरको थाहा गर्ने शैली हाम्रोभन्दा कसरी भिन्न छ ?

२०. परमेश्वरको ज्ञानमा कुन कुन कुरा समावेश हुन्छन् ?

२१. बुद्धि के हो, अनि परमेश्वरको बुद्धि कसरी अभ्यास गरिन्छ, अनि कुन कुन विखण्डहरूमा यो स्पष्ट देखिन्छ ?

२२. परमेश्वरको शक्ति अनन्त छ भन्ने भनाइमा कुन कुरा समावेश छ ?

२३. उहाँको शक्तिको प्रयोग हाम्रोभन्दा कसरी भिन्न छ ?

२४. परमेश्वरको शक्तिका सीमाहरू के हुन् ? अनि किन परमेश्वरले बुद्धिहीन वा अधर्मी काम गर्न सक्नुहुन्न ?

२५. के परमेश्वरको नैतिक चरित्रले असंगत तत्त्वहरू समावेश गर्नसक्छ ?

२६. परमेश्वरको निरपेक्ष वा पूर्ण भलोपनमा कुन कुरा समावेश हुन्छ ?

२७. अनुग्रहचाहिँ सार्वभौम इच्छामा आधारित छ भन्ने कुरा कसरी प्रमाणित हुन सक्छ ?

२८. परमेश्वरको निरपेक्ष वा पूर्ण भलोपन कसरी प्रमाणित हुन सक्छ ?

२९. त्यो भलोपनले आफ्नै निम्ति कुन भव्य लक्ष्य निर्धारण गर्छ ?

३०. परमेश्वर निरपेक्ष रूपमा सत्य हुनुहुन्छ भन्ने कथनमा कुन कुरा समावेश छ ?

३१. यो ईश्वरीय विशेषताले कुन कुराको लागि जग बसाल्छ ?

३२.परमेश्वरको निरपेक्ष र सापेक्षिक न्याय बिचको भिन्नता के हो ?

३३. परमेश्वरको सापेक्ष न्याय कसरी अभ्यास गरिन्छ ?

३४. परमेश्वरको न्याय उहाँको स्वभावको एक अपरिवर्तनीय सिद्धान्त हो भन्ने कुरा देखाउनुहोस् ?.

३५. परमेश्वरले किन पापलाई दण्ड दिनुहुन्छ ?

३६. माथिको जवाफका प्रमाणहरू दिनुहोस् ।

३७. परमेश्वरको अनन्त पवित्रताको अर्थ के हो ?

३८. परमेश्वरको निरपेक्ष सार्वभौमिकताभित्र कुन कुरा समावेश हुन्छ ? उहाँसँग त्यो गुण छ भन्ने कुरा प्रमाणित गर्नुहोस् ।

३९. खण्ड ३ मा के-कस्ता कथनहरू सिकाइएका छन् ?

४०. "त्रिएकत्व" भन्ने शब्दको अर्थ के हो अनि यसले व्यक्त गरेका सत्यताहरूको ज्ञान कुन स्रोतबाट प्राप्त हुन्छ ?

४१. यदि त्यहाँ एकमात्र परमेश्वर हुनुहुन्छ, अनि यदि पिता, पुत्र र पवित्र आत्मा ती एक परमेश्वर हुनुहुन्छ भने, ईश्वरीय सारतत्त्वसँग उहाँहरूको सम्बन्ध कस्तो हुनुपर्छ ?

४२. पुत्र सत्य परमेश्वर हुनुहुन्छ भन्ने प्रमाण दिनुहोस् ।

४३. पवित्र आत्मा सत्य परमेश्वर हुनुहुन्छ भन्ने प्रमाण दिनुहोस् ।

४४. पिता, पुत्र र पवित्र आत्मा भिन्न व्यक्तिहरू हुनुहुन्छ भन्ने कुरा कसरी प्रमाणित गर्न सकिन्छ ?

४५. परमेश्वरका विशेषताहरू अनि पिता, पुत्र, र पवित्र आत्माका व्यक्तिगत गुणहरूका बिचमा के भिन्नता छ ?

४६. पिताका व्यक्तिगत गुणहरू के हुन् ?

४७. पुत्रका व्यक्तिगत गुणहरू के हुन् ?

४८. पवित्र आत्माका व्यक्तिगत गुणहरू के हुन् ?

४९. यो सिद्धान्त नाइसियाको विश्वासको सारमा कसरी परिभाषित गरिएको छ ?

# अध्याय ३
# (CHAPTER III)
# परमेश्वरको अनन्त अभिप्रायबारे
# (OF GOD'S ETERNAL DECREE)

**खण्ड – १ परमेश्वरले अनन्ततादेखि आफ्नै स्वतन्त्र इच्छाको अत्यन्त बुद्धिमान् र पवित्र अभिप्रायद्वारा हुनआउने कुराहरू स्वतन्त्र र अपरिवर्तनीय रूपमा ठहराउनुभएको छ ।[72] तथापि त्यसद्वारा न त परमेश्वर पापका कर्ता हुनुहुन्छ,[73] न त सृष्टिका प्राणीहरूहरूको इच्छामाथि बलजफ्ती गरिन्छ, न त दोस्रा कारणहरूको स्वतन्त्रता वा आकस्मिकता हटाइन्छ, बरु स्थापित गरिन्छ ।[74]**

**खण्ड – २ परमेश्वरले सबै सम्भाव्य अवस्थामा हुन सक्ने वा घट्न सम्भव सबै थोक जान्नुहुन्छ;[75] तथापि उहाँले पहिल्यै भविष्यको रूपमा देख्नुभएको कारण, त्यस अवस्थामा घट्ने कुनै कुरा त्यसरी नै होस् भनी निर्धारण गर्नुभएको छैन ।[76]**

यी खण्डहरूले निम्न कुरा पुष्टि गर्छन् :

१. उहाँको सृष्टिको सन्दर्भमा परमेश्वरसँग अनन्तकालदेखि नै एक अपरिवर्तनीय योजना रहिआएको छ ।

२. यो योजनाले हुन आउने सबै कुरा र घटनाहरू समावेश गर्छ ।

३. यो सर्वसमावेशी योजनासमग्र रूपमा र यसका सबै खण्डहरूमाअरूमाथि भर पर्दैन । यो कुनै पनि रूपमा घटनाहरूबारे उहाँको पूर्वज्ञानमा निर्भर छैन नता

---

72 एफेसी १:११; रोमी ११:३३; हिब्रू ६:१७: रोमी ९:१५, १८ ।

73 याकुब १:१३, १७; १ युहन्ना १:५ ।

74 प्रेरित ११:२३; मत्ती १७:१२ ; प्रेरित ४:२७, २८; युहन्ना १९:११; हितोपदेश १६:३३ ।

75 प्रेरित १५:१८; १ शमुएल २३:११, १२; मत्ती ११:२१, २३ ।

76 रोमी ९:११, १३, १६, १८ ।

उहाँको अभिप्रायमा समाहित वा निर्धारित नै छ । यो एक पूर्ण रूपमा सार्वभौम अभिप्राय हो, जुन "उहाँको इच्छाको बुद्धिमान् र पवित्र अभिप्राय" मा मात्रै निर्भर गर्दछ ।

४.यो अभिप्राय यसले समेटेका सबै थोकको सन्दर्भमा निश्चय नै प्रभावकारी छ ।

५. यो यसका सबै खण्डहरूमाउहाँको आफ्नै अत्यन्त बुद्धिमान्, उपकारी र पवित्र स्वभावसँग सुसंगत छ ।

६. यो यसद्वारा विभिन्न रूपमा समावेश सारा सृष्टिका स्वभाव र शैलीसँग सिद्ध रूपमा सुसंगत छ ।

१. उहाँको सृष्टिको सन्दर्भमा परमेश्वरसँग अनन्तकालदेखि नै एक अपरिवर्तनीय योजना रहिआएको छ ।

अनन्तरूपमा बुद्धिमान् एक सृष्टिकर्ता र ईश्वरीय शासकका रूपमा , उहाँले सृष्टि गर्नुभएका सबै थोकको अस्तित्व र नियतिको सन्दर्भमा परमेश्वरसँग एक निश्चित अभिप्राय हुनुपर्छ । एक सर्वसिद्ध प्रणाली जसमा उहाँको मुख्य उद्देश्य समावेश हुन्छ अनि अरू सबै उद्देश्य र साधनहरूलाई त्यो मुख्य उद्देश्यमा समाहित हुन्छन् । अनि उहाँ एक अनन्त र अपरिवर्तनीय अस्तित्व हुनुभएको कारण, उहाँको योजना यसका सबै तत्त्वहरूमा अनन्ततादेखि नै सिद्ध र अपरिवर्तनीय रहेको हुनुपर्छ । उहाँ एक असीमित, अनन्त, अपरिवर्तनीय, अनि पूर्ण रूपमा बुद्धिमान्, शक्तिशाली, र सार्वभौम व्यक्ति हुनुभएको कारण, उहाँका उद्देश्यमा उहाँको आफ्नै अस्तित्वको तात्विक विशेषताहरू समावेश हुनुपर्छ । अनि परमेश्वरको बुद्धि पूर्ण रूपमा सिद्ध र उहाँको योजना अनन्त भएको कारण, अनि उहाँको अन्तिम लक्ष्य उहाँको आफ्नै महिमा हो भन्ने कुरा प्रकट भएको हुनाले, सृष्टि र प्रबन्धको सम्पूर्ण कार्यमा एउटा प्रणाली बनेको देखिने हुनाले, उहाँको योजना पनि एउटै देखिन्छ । अर्थात् , एक महान् अभिप्राय जसले सबै माध्यम र शर्तहरू साथसाथै चुनिएका लक्ष्यहरूको लागि सबै थोक उपलब्ध गराउँछ ।

२. परमेश्वरको योजनाले हुन आउने सबै प्रकारका थोक र घटनाहरू समावेश र निर्धारण गर्छ ।

(१) यो कुरा यस तथ्यबाट निश्चित हुन्छ कि परमेश्वरको सृष्टि र प्रबन्धका सबै कामहरू मिलेर एउटा प्रणाली बन्छन् । भौतिक वा नैतिक संसारमा, न ता स्वर्ग वा पृथ्वीमा कुनै पनि घटना पृथक छैन । परमेश्वरका सबै अलौकिक प्रकाश र मानव विज्ञानको हरेक प्रगतिले यो सत्यतालाई अझै स्पष्ट रूपमा उज्यालो बनाउने काम गरेका छन् । त्यसकारण एउटा घटनालाई निर्धारण गर्ने मौलिक नियतले त्यससँग सम्बन्धित अरू प्रत्येक घटना, कारण, अवस्था, वा त्यसको प्रत्यक्ष र अप्रत्यक्ष, तत्काल वा टाढाको नतिजालाई पनि निर्धारण गर्नुपर्छ । तसर्थ, आम लक्ष्य निर्धारण गर्ने योजनाले त्यो प्रणालीका सबैभन्दा सूक्ष्म तत्त्वहरू समेत निर्धारण गर्नुपर्छ । स्वतन्त्र कर्ताहरूको स्वतन्त्र कार्यहरू त्यस्तो प्रणालीका निकै महत्त्वपूर्ण र प्रभावकारी तत्त्व हुन्छन् । यदि परमेश्वरको योजनाले यस वर्गका घटनाहरू निर्धारण गरेन भने, उहाँले केही पनि निश्चित गर्न सक्नुहुने थिएन अनि यस संसारको शासन आकस्मिक र अरू कुनै कुरामा निर्भर हुनेथियो, अनि उहाँका सबै उद्देश्यहरू विफल र परिवर्तनशील हुनेथिए ।

(२) धर्मशास्त्रले उहाँको सत्यता स्पष्ट रूपमा घोषणा गर्छ:-

(क) समग्रमा सम्पूर्ण प्रणालीको । उहाँले "सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ ।" एफेसी १:११ ।

(ख) आकस्मिक घटनाहरू । हितोपदेश १६:३३; मत्ती १०:२९, ३० ।

(ग) मानिसहरूका स्वतन्त्र कार्यहरू । "राजाको हृदय परमप्रभुको हातमा हुन्छ, खोलाको पानीझैँ जता मन लाग्यो उतै उहाँले फर्काउनुहुन्छ ।" हितोपदेश २१:१ ।"किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशुमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी तीबमोजिम हिँडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो ।" एफेसी २:१० ।"उहाँको इच्छा अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ ।" फिलिप्पी २:१३ ।

(घ) मानिसहरूका पापी कार्यहरू । "परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशुलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रुसमा टाँगेर मार्नुभयो ।" प्रेरित २:२३

"किनभने साँच्चै तपाईंले अभिषेक गर्नुभएका, तपाईंका पवित्र सेवक येशुको विरुद्धमा हेरोद र पन्तियस पिलातस दुवै जना, अन्यजाति र इस्राएलीहरूसँग यसै सहरमा भेला भएका थिए । त्यही गर्नलाई जे तपाईंको बाहुलीबाट र तपाईंको योजनाअनुसार अघिबाटै ठहराइएको थियो ।" प्रेरित ४:२७, २८ । तुलना गर्नुहोस् उत्पत्ति २७:२८ र उत्पत्ति ४५:७, यशैया १०:५ ।

तथापि, यो याद राख्नुपर्छ कि पापी मानिसहरू र दुष्ट स्वर्गदूतहरूका कार्यहरूको सन्दर्भमा परमेश्वरका अभिप्रायहरूले खराबी गर्न लगाउँदैनन्,न त तिनीहरूको अनुमोदन नै गर्छन् तर दुष्ट काम गर्नेलाई त्यसो गर्ने अनुमति मात्रै दिन्छन्, त्यसपछि उहाँको आफ्नै अति बुद्धमानी र पवित्र उद्देश्यका लागि त्यसलाई उल्ट्याइदिन्छन् । त्यही असीम रूपमा सिद्ध र स्वयंमा सुसंगत अभिप्रायले त्यो नैतिक नियम स्थापित गर्छ जसले सबै पापलाई निषेध गर्छ र सजाय दिन्छ साथसाथै त्यस्तो पाप हुन अनुमति पनि दिन्छ, त्यसलाई सीमित गर्दै र कुन खास माध्यमबाट त्यो हुन्छ, कुन खास उद्देश्यतर्फ त्यसलाई निर्देशित गरिन्छ भन्ने निर्धारण गर्दै अनि भलाइका लागि यसका परिणामहरूलाई उल्टाउँदैः "तिमीहरूले मेरो विरुद्धमा हानि गर्ने विचार गरेका थियौ, तर परमेश्वरले त्यही कामद्वारा भलाइ गर्ने विचार गर्नुभयो, ताकि जसरी आज भइरहेको छ त्यसरी नै धेरै जना मानिसहरू बाँचिरहून् ।" उत्पत्ति ५०:२० ।

८. यो व्यापक उद्देश्यसमग्र रूपमा वा यसको कुनै पनि खण्डमासशर्त छैन । यो कुनै पनि रूपमा घटनाहरूबारे उहाँको दूरदर्शिता वा पूर्वज्ञानमा भर पर्दैन न ता उहाँको उद्देश्यमा समाहित वा त्यसद्वारा निर्धारित नै हुन्छ । यो पूर्ण रूपमा सार्वभौम हुन्छ, "उहाँको आफ्नै बुद्धिमान् र पवित्र अभिप्रायमा" मात्रै निर्भर हुन्छ ।

यस सन्दर्भमा एउटा निकै स्पष्ट भिन्नता सधैँ ध्यानमा राख्नुपर्छः अन्य घटनाहरूमाथि निर्भर एउटा घटना, अनि त्यो घटना निर्भर बनाइएको सन्दर्भमा परमेश्वरको अभिप्रायका बिचमा । काल्विनवादीहरू विश्वास गर्छन्, जसरी सबै मानिसहरूले गर्नुपर्छ, कि सबै घटनाहरू तिनीहरूका कारणहरूमा निर्भर हुन्छन्, अनि सर्तहरूमा अडेका हुन्छन् । अर्थात् , यदि कुनै मानिसले बिउ छर्दैन भने, उसले कटनी गर्नेछैन; यदि उसले छर्छ भने र सबै अनुकूल जलवायुका

प्रभावहरू उपलब्ध छन् भने, उसले कटनी गर्नेछ । यदि कुनै मानिसले विश्वास गर्छ भने, उसले उद्धार पाउनेछ; यदि उसले विश्वास गर्दैन भनेउसले उद्धार पाउनेछैन । तर परमेश्वरको सबै थोक समेट्ने व्यापक उद्देश्यले कारण र अवस्था वा शर्तका साथसाथै तिनीहरूमा अडेका घटनाहरू समेत निर्धारण गर्दछ । अभिप्रायले घटनाहरूको प्रकृति, र तिनीहरूका आपसी सम्बन्धहरू परिवर्तनको सट्टानिर्धारण गर्दछ । यसले तिनीहरूका कर्ताहरूको सन्दर्भमा स्वतन्त्र कार्यहरूलाई स्वतन्त्र अनि आकस्मिक घटनाहरूलाई तिनीहरूको शर्तको सम्बन्धमा आकस्मिक बनाउँछ । साथसाथै, यसले घटनाहरूको सम्पूर्ण प्रणालीलाईर त्यसमा समेटिएको प्रत्येक तत्त्वलाई निश्चय नै भविष्य बनाउँछ । निरपेक्ष वा निशर्त अभिप्राय त्यस्तो अभिप्राय होजसले धेरै सशर्त घटनाहरूलाई तिनीहरूको शर्त निर्धारण गरेर निर्धारण गर्न त सक्छ, तर यो स्वयं भने कुनै शर्तमा अडेको हुँदैन ।

सशर्त अभिप्राय त्यस्तो अभिप्राय हो जसले निर्धारण गर्दछ कि अभिप्राय नराखिएको कुनै अन्य घटना घटेमा एक निश्चित घटना घट्नेछ,जुन अभिप्राय नराखिएको घटनामाथि अभिप्राय साथसाथै अभिप्राय राखिएको घटना पनि अडेको हुन्छ ।

यस खण्डमा यो स्वीकारोक्तिले सिकाउँछ कि परमेश्वरका सबै अभिप्रायहरू निशर्त छन् ।

ईश्वरीय प्रशानमा विश्वास गर्ने सबै जना काल्विनवादीहरूसँग सहमत छन् कि आवश्यक कारणहरूद्वारा उत्पन्न घटनाहरूसँग सम्बन्धित परमेश्वरका अभिप्रायहरू निशर्त छन् । मानिसहरू र स्वर्गदूतहरूका स्वतन्त्र कार्यहरूसँग सम्बन्धित अभिप्रायहरूका बारेमा मात्रै विवाद छ । (सोसिनियनहरू र तर्कवादीहरूले भन्छन् कि परमेश्वरले निश्चित रूपमा स्वतन्त्र कार्यहरू पहिल्यै देख्न सक्नुहुन्न, किनभने ती कार्यहरू सम्पादन नगरिएसम्म तिनीहरूको स्वभावबाटै तिनीहरू अनिश्चित हुन्छन् । उहाँले निश्चय नै ती कार्यहरू पहिल्यै देख्नुहुन्छ भनी आर्मिनिएनहरू स्वीकार्छन्,तर उहाँले तिनीहरूको निर्धारण गर्नुहुन्छ भन्ने कुरा अस्वीकार गर्छन् । काल्विनवादीहरू स्वीकार गर्छन् कि उहाँले

तिनीहरूलाई निश्चित रूपमा भविष्यका कुराका रूपमा पहिल्यै देख्नुहुन्छ किनभने उहाँले तिनीहरूलाई त्यस्तै हुन निर्धारण गर्नुभएको छ ।

काल्विनवादी दृष्टिकोणको सत्यता प्रमाणित हुन्छ-

(१) माथि देखाइएझैँ यस तथ्यबाट, कि परमेश्वरका अभिप्रायहरूले घटनाहरूका सबै वर्गहरू निर्धारण गर्छन् । यदि हुन आउने प्रत्येक घटना पूर्वनिर्धारित छ भने, यो स्पष्ट छ कि अब त्यहाँ निर्धारण नगरिएको केही पनि बाँकी छैन जसमाथि त्यो अभिप्राय अडेर रहोस् ।

(२) किनभने परमेश्वरका अभिप्रायहरू सार्वभौम छन् । यो स्पष्ट छ- (क) किनभने परमेश्वर सबै थोकका अनन्त र निरपेक्ष सृष्टिकर्ता हुनुहुन्छ । परमेश्वरको योजनाको कारण सृष्टिका सारा थोकहरू अस्तित्वमा छन् अनि जस्ता छन् त्यस्ता छन् अनि तिनीहरूका विशिष्ट गुणहरू छन् र तिनीहरू जुन अवस्थामा रहेका छन् त्यसमै कार्य गर्छन् । (ख) यो कुरा धर्मशास्त्रमा प्रत्यक्ष रूपमा बताइएको छ । दानिएल ४:३५; यशैया ४०:१३, १४; रोमी ९:१५-१८; एफेसी १:५ ।

(३) परमेश्वरको अभिप्रायले घटनाहरू निर्भर हुने माध्यम र अवस्थाहरू साथै घटनाहरू स्वयंलाई पनि समावेश गर्छ र निर्धारण गर्छ: "जसरी उहाँले हामीलाई संसारको सृष्टि हुनुभन्दा अघि उहाँमा चुन्नुभयो, कि हामी पवित्र हुनुपर्दछ ।" एफेसी १:४ । "अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो ।" एफेसी २:८ । "सुरुदेखि नै पवित्र आत्माको पवित्र तुल्याउने कामद्वारा र सत्यतामाथिको विश्वासद्वारा बाँच्नलाई परमेश्वरले तिमीहरूलाई चुन्नुभयो ।" २ थेसलोनिकी २:१३ । पावलको जहाज दुर्घटनाको सन्दर्भमा, परमेश्वरले पहिले पावललाई प्रतिज्ञा गर्नुभयो कि कसैको पनि मृत्यु हुनेछैन । प्रेरित २७:२४ । तर पावलले भने, पद ३१, "यी मानिसहरू जहाजमा बसेनन् भने, तपाईंहरू बाँच्न सक्नुहुनेछैन ।"

(४) धर्मशास्त्रले बताउँछ कि व्यक्तिहरूको मुक्ति व्यक्तिगत विश्वासको कार्यमा निर्भर हुन्छ, साथसाथै व्यक्तिहरूको मुक्तिको सम्बन्धमा परमेश्वरको अभिप्राय "उहाँको आफ्नै अभिप्राय," "उहाँकै इच्छा" मा मात्रै निर्भर हुन्छ ।"जुम्ल्याहा बालकहरू जन्मनु अघिबाटै, तिनीहरूले कुनै असल वा खराब गर्न अघि नै, कर्मले होइन तर उहाँको बोलावटअनुसार परमेश्वरका चुनाउको उद्देश्य

ठहरिओस् भनेर," आदि । रोमी ९:११ ।"उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार ।" एफेसी १:११; १:५; मत्ती ११:२५, २६ ।

४. परमेश्वरको उद्देश्य यसले समेटेका सबै थोकको सन्दर्भमा निश्चय नै प्रभावकारी छ ।

परमेश्वरको अभिप्राय उहाँको उद्देश्य नै हो जुन उहाँले आफ्नो सृष्टि र प्रबन्धको काममा कार्यान्वयन गर्नुहुन्छ । परमेश्वरका सबै अभिप्रायहरू निश्चय नै प्रभावकारी छन् भन्नुको अर्थ यो होइन कि तिनीहरू घटनाहरूका सन्निकट कारक मात्रै हुन्, तर तिनीहरूले सृष्टि र प्रबन्धको व्यवस्थाअन्तर्गत त्यहाँ समेटिएका प्रत्येक घटनालाई पूर्ण रूपमा निश्चित तुल्याउँछन् । यो स्पष्ट हुन्छ-

(१) एक असीम रूपमा बुद्धिमान् र शक्तिशाली व्यक्ति र पूर्ण सार्वभौमका रूपमा परमेश्वरको स्वभावबाट ।

(२) यस तथ्यबाट कि उहाँका अभिप्रायहरू अपवादबिना सबै घटनाहरूसँग सम्बन्धित छन्, अनि सार्वभौम र निशर्त छन् ।

(३) यस्ता घटनाहरूको सन्दर्भमा धर्मशास्त्रले घोषणा गर्छ कि जस्तै निर्धारित थियो त्यस्तै हुनु जरूरी छ ।

मत्ती १६:२१; लूक २४:४४; २२:२२ ।

१. यो उद्देश्य सबै थोकमा उहाँको आफ्नै अत्यन्त बुद्धिमान् उपकारी र , पवित्रस्वभावसँग सुसंगत हुनुपर्छ ।

एक अनन्त, पूर्ण रूपमा सिद्ध, र अपरिवर्तनीय अस्तित्वको रूपमा परमेश्वरको स्वभावबाट स्वयं स्पष्ट सत्यता हो । उहाँका अभिप्रायहरू बुद्धि र धार्मिकतामा पूर्ण रूपमा सिद्ध हुनुपर्छ ।

पापको अनुमतिको समस्या हाम्रोलागि समाधानहीन छ, कारण यसको व्याख्या गरिएको छैन । तथ्य निश्चित छ, कारण पत्ता लगाउन नसकिने छ । यदि परमेश्वर असीम रूपमा बुद्धिमान् र शक्तिशाली हुनुहुन्छ भने, उहाँले यसलाई रोक्न सक्नुहुनेथियो । यो स्पष्ट छ कि पूर्ण धार्मिकताले यसलाई अनुमति दिन र त्यसपछि यसलाई उल्टाउन सम्भव छ । आर्मिनियनहरू स्वीकार गर्छन् कि उहाँले स्थापना गर्नुभएको सृष्टिका सर्तहरूमा पाप र कष्ट पक्कै हुनेछ भन्ने कुरा

परमेश्वरलाई पहिल्यै थाहा थियो । त्यसकारण काल्विनवादी जस्तै ऊ पनि व्याख्या गर्न असमर्थ हुन्छ किन त्यो निश्चित ज्ञानको बावजुद परमेश्वरले ती अवस्थाहरू परिवर्तन गर्नुभएन । तथापि, यो निश्चित छ- (१) कि परमेश्वर पापका कर्ता हुनुहुन्न, (क) किनभने उहाँ पूर्ण रूपमा पवित्र हुनुहुन्छ; (ख) किनभने पाप यसको सारतत्त्वमा परमेश्वरको इच्छाको उल्लंघन हो; (ग) किनभने एक स्वतन्त्र कर्ताको रूपमा मानिस उसका आफ्नै कार्यहरूका कारणको निम्ति जिम्मेवार छ । (२) कि परमेश्वरले धार्मिकता र उपकारको हितमा यसलाई उल्टाउने उद्देश्यको लागि पापलाई अनुमति दिनुभएको छ- परमेश्वरको सर्वोच्च महिमा र नैतिक प्राणीको उत्कृष्ठताको निम्ति ।

६. यसद्वारा विभिन्न रूपमा समावेश सारा सृष्टिका स्वभाव र शैलीसँग परमेश्वरको अभिप्राय सिद्ध रूपमा सुसंगत छ ।

यो निश्चित छ-

(१) किनभने परमेश्वरको एक अनन्त, स्व-संगत, सबै समेट्ने अभिप्रायले कर्ताको स्वभाव, उसको उचित कार्य विधि, र त्यसबाट सृजना हुने प्रत्येक कार्य निर्धारण गर्दछ । परमेश्वरको अभिप्राय आफैसँग असंगत हुन नसक्ने भएकाले, कर्ताको स्वभाव निर्धारण गर्ने यसको तत्त्व कर्ताको कुनै निश्चित कार्य निर्धारण गर्ने तत्त्वसँग असंगत हुन सक्दैन ।

(२) परमेश्वरका अभिप्रायहरू घटनाका निकटतम कारकहरू नभएको कारण; तिनीहरूले कुनै घटनालाई निश्चित रूपमा भविष्य मात्रै बनाउँछन् । यसले पुष्टि गर्छ कि स्वतन्त्र कर्ताहरू स्वतन्त्र कर्ताहरू हुनेछन् अनि स्वतन्त्र कार्यहरू स्वतन्त्र कार्यहरू हुनेछन्; अनि कुनै स्वतन्त्र कर्ता अस्तित्वमा रहनेछ र उसले निश्चित शर्तमा निश्चित स्वतन्त्र कार्य गर्नेछ । अब, त्यो स्वतन्त्र कार्य निश्चय नै भविष्य भएको कारण, त्यो कार्यमा संलग्न कर्ताको पूर्ण स्वतन्त्रतासँग त्यो स्पष्ट रूपमा असंगत छैनः

(क) किनकि सबैले स्वीकार गर्छन् कि स्वतन्त्र कर्ताहरूका स्वतन्त्र कार्यहरू परमेश्वरले निश्चित रूपमा पहिले नै जान्नुहुन्छ, र यदि त्यसो हो भने, ती कार्यहरू निश्चित रूपमा भविष्यमा हुनुपर्छ, तथापि स्वतन्त्र । (ख) परमेश्वरका कार्यहरू स्वतन्त्र भए तापनि पक्कै पवित्र छन्; अनि स्वर्गमा भएका सबै महिमित

आत्माहरूका सन्दर्भमा पनि त्यो सत्य छ । (ग) शैतानका कार्यहरू, अनि अन्ततः पतित मानिसहरू र स्वर्गदूतहरूका कार्यहरूसधैँको लागि निश्चित रूपमा दुष्ट, तथापि स्वतन्त्र र जिम्मेवार हुनेछन् ।

**खण्ड – ३ परमेश्वरको अभिप्रायद्वारा, उहाँको महिमा प्रकटनको लागि, कतिपय मानिस र स्वर्गदूतहरू[77] अनन्त जीवनका लागि पूर्वनियुक्त छन्, अनि अरू कतिपयचाहिँ अनन्त मृत्युको लागि पूर्वनियुक्त छन् ।[78]**

**खण्ड – ४ यसरी पूर्वनिर्धारित र पूर्वनियुक्त स्वर्गदूतहरू र मानिसहरू विशेष गरी र अपरिवर्तनीय रूपमा तोकिएका छन्, र तिनीहरूको संख्या यति निश्चित र सटीक छ कि यो बढाइन वा घटाइन सकिँदैन ।[79]**

**खण्ड – ५ जीवनका लागि पूर्वनियुक्त मानव जातिका सदस्यहरूलाई परमेश्वरले संसारको जग राखिनुअगि नै उहाँको अनन्त र अपरिवर्तनीय उद्देश्यअनुसार अनि उहाँको अगम्य अभिप्राय र इच्छाअनुसार अनन्तसम्म महिमाको लागि ख्रीष्टमा चुन्नुभएको छ ।[80] उहाँको स्वतन्त्र अनुग्रह र प्रेमद्वारा, पहिल्यै उनीहरूको विश्वास वा असल काम नदेखी नै, यीमध्ये कुनैमा तिनीहरूको लगनशीलता वा सृष्टिका कुरामा कुनै पनि अन्य कुरालाई शर्त वा कारणहरूले उहाँलाई त्यसो गर्न प्रेरित नगर्दै,[81] र उहाँको महिमित अनुग्रहको प्रशंसाको लागि उहाँले तिनीहरूलाई चुन्नुभयो ।[82]**

---

[77] १ तिमोथी ५:२१, मत्ती २५:४१ ।
[78] रोमी ९:२२, २३; एफेसी १:५, ६; हितोपदेश १६:४ ।
[79] २ तिमोथी २:१९; युहन्ना १३:१८ ।
[80] एफेसी १:४, ९, ११; रोमी ८:३०; २ तिमोथी १:९; १ थेसलोनिकी ५:९ ।
[81] रोमी ९:११, १३, १६; एफेसी १:४, ९ ।
[82] एफेसी १:६, १२ ।

अघिल्ला खण्डहरूले परमेश्वरको अनन्त, सार्वभौम, अपरिवर्तनीय, निशर्त अभिप्रायले हुन आउने प्रत्येक वर्गका सबै घटनाहरू निर्धारण गर्दछ भन्ने कुरा पुष्टि गरिसकेका हुनाले, यी खण्डले अझै स्पष्ट पार्दै निम्न कथनहरू पुष्टि गर्छन्:-

१. परमेश्वरको अभिप्रायले निर्धारण गर्दछ कि, पतित मानव जातिमध्येबाट, केही व्यक्तिहरूले अनन्त मुक्ति प्राप्त गर्नेछन्, अनि बाँकीलाई तिनीहरूका पापहरूका लागि न्यायसंगत रूपमा व्यवहार गरिनका लागि छोडिनेछ ।

२. त्यो निर्णय अपरिवर्तनीय छ ।

३. यो कुरा परमेश्वरद्वारा पहिल्यै देखिएको तिनीहरूको विश्वास वा असल कर्म वा स्थिरतामा अडेको छैन, तर प्रत्येक मामिला यो उहाँको इच्छाको गोप्य अभिप्रायअनुसार सार्वभौम अनुग्रह र व्यक्तिगत प्रेममा भर पर्छ ।

४. उहाँको चुनाउमा अन्तिम लक्ष्य वा उद्देश्य उहाँको आफ्नै महिमा, उहाँको महिमित अनुग्रहको प्रशंसा हो ।

१. परमेश्वरको अभिप्रायले निर्धारण गर्दछ कि, पतित मानव जातिमध्येबाट, केही व्यक्तिहरूले अनन्त मुक्ति प्राप्त गर्नेछन्, अनि बाँकीलाई तिनीहरूका पापहरूका लागि न्यायसंगत रूपमा व्यवहार गरिनका लागि छोडिनेछ ।

सोसिनियनले मान्दछ कि मानिसका स्वतन्त्र कार्यहरू तिनीहरूको स्वभावमै अनिश्चित भएको कारण निश्चित भविष्यका रूपमा तिनीहरूको पूर्वज्ञान लिन सम्भव छैन । त्यसकारणकसले पश्चात्ताप र विश्वास गर्छ भन्ने कुरा परमेश्वरलाई पूर्वज्ञान नहुनाले, उहाँको चुनाउ सबै विश्वासीहरूलाई एक वर्गको रूपमा उद्धार गर्ने उहाँको आम उद्देश्य भन्दा बढी हुँदैन ।

आर्मीनियनले मान्दछ कि कसले पश्चात्ताप र विश्वास गर्नेछ भन्नेबारे परमेश्वरसँग अनन्तकालदेखि नै पूर्वज्ञान भएको हुँदा, यसरी निश्चित रूपमा पूर्वज्ञात विश्वास र पश्चात्तापको त्यो शर्तमा ती व्यक्तिहरूलाई अनन्त जीवनको लागि चुन्नुहुन्छ ।

काल्विनवादीले मान्दछ कि त्यसका माध्यम र शर्तहरूसहित उहाँको सार्वभौम इच्छाको जगमा परमेश्वरले केही व्यक्तिहरूलाई अनन्त जीवनकोलागि चुन्नुभएको छ । उहाँले तिनीहरूलाई विश्वास र पश्चात्तापकोलागि चुन्नुहुन्छ

तिनीहरूको विश्वास र पश्चात्तापको कारण होइन । परमेश्वरले अनन्त जीवनको लागि व्यक्तिहरूलाई छान्नुहुन्छ भन्ने कुरा निश्चित छ ।

(१) ती पात्रहरूलाई धर्मशास्त्रमा सधैँ व्यक्तिहरूका रूपमा सम्बोधन गरिएको छः "अनन्त जीवनको लागि नियुक्त भएकाहरू जतिले विश्वास गरे ।" प्रेरित १३:४८; २ थेसलोनिकी २:१३; एफेसी १:४ ।

(२) चुनिएकाहरूका नामहरू "स्वर्गमा लेखिएका छन्," र "जीवनको पुस्तकमा" छन् भनिएको छ । फिलिप्पी ४:३; हिब्रू १२:२३ ।

(३) जुन आशिषका लागि मानिसहरू चुनिएका छन्, ती व्यक्तिहरूसँग सम्बन्धित छन्, समुदायहरूसँग होइन । तिनीहरूलाई यी आत्मिक योग्यताहरूका लागि चुनिएको रूपमा वर्णन गरिएको छ, तिनीहरू त्यस वर्गका हुन् भन्ने आधारमा होइन । तिनीहरू "मुक्तिको लागि" चुनिएका छन्, "सन्तानका रूपमा ग्रहण गरिन," "उहाँको सामु प्रेममा पवित्र र दोषरहित हुन ।" (२ थेसलोनिकी २:१३; गलाती ४:४, ५; एफेसी १:४ । )

२. यो चुनाउ अपरिवर्तनीय छ । यो स्वतः स्पष्ट छ ।

३. यो पहिल्यै देखिएको विश्वास वा पश्चात्तापमा भर पर्दैन होइन, तर प्रत्येक मामिलामा उहाँको इच्छाको गुप्त अभिप्रायअनुसार सार्वभौम अनुग्रह र व्यक्तिगत प्रेममा ।

(१) यो काममा भर पर्दैन भनी स्पष्ट रूपमा बताइएको छ; तर पहिल्यै देखिएको विश्वास र पश्चात्ताप काम हो । रोमी ११:४-७; २ तिमोथी १:९.

(२) विश्वास र पश्चात्तापलाई स्पष्ट रूपमा चुनाउका फलहरू भनिएको छ, ती त्यसकारण त्यस्तो चुनाउका लागि शर्तहरू हुन सक्दैनन् । तिनीहरूलाई परमेश्वरका वरदानहरू पनि भनिएको छ, त्यसकारण ती त्यस्ता शर्तहरू हुन सक्दैनन् जसमाथि उहाँको उद्देश्य भरपर्छ । एफेसी २:१०; १:४; १ पत्रुस १:२; एफेसी २:८; प्रेरित ५:३१; १ कोरिन्थी ४:७ । "पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्...र मलाई पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ ।" युहन्ना ६:३७, ३९; "तर तिमीहरू विश्वास गर्दैनौ, किनभने तिमीहरू मेरा भेडामध्येका होइनौ ।" युहन्ना १०:२६ । "र

जतिलाई अनन्त जीवनको निम्ति नियुक्त गरिएको थियो तिनीहरूले विश्वास गरे ।" प्रेरित १३:४८ ।

(३) धर्मशास्त्रले मानिसहरूलाई तिनीहरूको स्वभावमा "अपराध र पापहरूमा मरेका" भनी वर्णन गरेको छ, अनि विश्वास र पश्चात्ताप जस्ता कामलाई पुनर्जीवन पाएका आत्माहरूको अभ्यासका रूपमा अनि पुनर्जीवनलाई परमेश्वरको कामको रूपमा , एक "नयाँ जन्म," "नयाँ सृष्टि," "मृतकबाट जीवित तुल्याउने काम" भनी वर्णन गरेको छ । त्यसकारण विश्वास र पश्चाताप परमेश्वरको पवित्र उद्देश्यमा भर पर्छन्, उहाँको उद्देश्य तिनीहरूमा भर पर्न सक्दैन । एफेसी २:१; युहन्ना ३:३, ५; एफेसी २:५, १० ।

(४) धर्मशास्त्रले स्पष्ट रूपमा बताएको छ कि चुनाउ चाहिँ "परमेश्वरको इच्छा" मा भर पर्छः "उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशुद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, उहाँमाजसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार...आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ ।" एफेसी १:५,११; मत्ती ११:२५, २६; युहन्ना १५:१६, १९ ।

(५) परमेश्वरले सार्वभौम, निशर्त चुनाउको उहाँको विशेषाधिकारको दाबी गर्नुहुन्छ: "के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँड़ो, र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र ?" रोमी ९:२१ । यदि माटोको ढिका एउटै हो भने, भिन्नता माटोमा छैन ।"यसकारण मानिसको इच्छा वा प्रयासमाथि यो निर्भर गर्दैन, तर परमेश्वरको कृपामाथि निर्भर गर्दछ ।" रोमी ९:१६

४. चुनाउमा परमेश्वरको अन्तिम उद्देश्य उहाँको महिमित अनुग्रहको प्रशंसा हो ।

यो कुरा एफेसी १:५, ६, १२ मा स्पष्ट रूपमा बताइएको छ । सृष्टिबारेको अध्यायमा यो कुरा देखाइनेछ कि आफ्ना सबै कामहरूमासमग्रमा परमेश्वरको लक्ष्यउहाँको आफ्नै महिमाको प्रकटीकरण हो । यदि यो समग्रताको अन्तिम लक्ष्य हो भने यो सबै खण्डहरूको पनि लक्ष्य हुनुपर्छ ।

**खण्ड – ६ जसरी परमेश्वरले चुनिएकाहरूलाई महिमाको निम्ति नियुक्त गर्नुभयो, त्यसैगरी उहाँलेआफ्नो इच्छाको उद्देश्यअनुसार त्यसका सबै माध्यमहरू पनिपूर्वनिर्धारित गर्नुभएको छ ।[83] त्यसकारण तिनीहरू जो चुनिएका छन्, आदममा पतन भए तापनि ख्रीष्टद्वारा उद्धार गरिएका छन्;[84] अनि उचित समयमा काम गर्नुहुने उहाँका आत्माद्वारा ख्रीष्टमा विश्वास गर्नको लागि प्रभावकारी रूपमा बोलाइएका छन् । तिनीहरू धर्मी ठहराइएका, सन्तानका रूपमा ग्रहण गरिएका, पवित्र तुल्याइएका,[85] अनि विश्वासद्वारा उहाँको शक्तिमार्फत उद्धारको निम्ति सुरक्षित राखिएका छन् ।[86] चुनिएकाहरू बाहेक अरू कोही पनि ख्रीष्टद्वारा छुटइएका, प्रभावकारी रूपमा बोलाईएका, धर्मी ठहराइएका, सन्तानका रूपमा ग्रहण गरिएका, पवित्र तुल्याइएका र बचाइएका छैनन् ।[87]**

यस खण्डले पुष्टि गर्दछः-

१. परमेश्वरको अभिप्राय एक अनन्त, सबै थोकलाई समेट्ने इरादा भए तापनि, यसमा समेटिएका विभिन्न तत्त्वहरू अनिवार्य रूपमा एकअर्कासँग साधन र साध्यको सम्बन्धमा रहन्छन् । उहाँले पूरा गर्न चाहनुभएका साध्य वा लक्ष्यहरू निर्धारण गर्दा, परमेश्वरले सोही समयमै त्यो साधन पनि निर्धारण गर्नुहुन्छ जसद्वारा उहाँले तिनीहरूलाई पूरा गर्न चाहनुहुन्छ । अनि साध्यको सन्दर्भमा परमेश्वरको उद्देश्य आवश्यक रूपमा र तार्किक क्रममा पहिले आउँछ अनि साधनको सन्दर्भमा उहाँको उद्देश्यलाई निर्देशन गर्छ ।

२. मानिसहरूको उद्धारको मामिलामा, परमेश्वरले रूपमा निर्धारण गर्नुभएको लक्ष्य निश्चित व्यक्तिहरूको मुक्ति थियो जसलाई "चुनिएकाहरू" भनिन्छ । उहाँले त्यस उद्देश्यका लागि ख्रीष्टद्वारा छुटकारा, प्रभावकारी बोलावट,

---

[83] १ पत्रुस १:२; एफेसी १:४, ५; २:१०; २ थेसलोनिकी २:१३ ।
[84] १ थेसलोनिकी ५:९ तितस २:१४
[85] रोमी ८:३०; एफेसी १:५; २ थेसलोनिकी २:१३ ।
[86] १ पत्रुस १:५ ।
[87]युहन्ना १७:९; रोमी ८:२८; युहन्ना ६:६४, ६५; १०:२६, ८:४७; १ युहन्ना २:१९ ।

धर्मीकरण, सन्तानका रूपमा ग्रहण, पवित्रिकरण अनुग्रहमा मृत्युसम्मै स्थिरतालाई साधनका रूपमा ठहराउनुभयो ।

३. साधनहरू लक्ष्य प्राप्तिको लागि नियुक्त गरिने हुनाले तिनीहरूलाई ती मानिसहरूका लागि अभ्यास गरिनुहुँदैन जसको उद्धार त्यो लक्ष्यका रूपमा ग्रहण गरिएको छैन । चुनिएकाहरूबाहेक कोही पनि ख्रीष्टद्वारा छुटाइएको,वा प्रभावकारी रूपमा बोलाएको, वा धर्मी ठहराइएको, वा सन्तानकका रूपमा ग्रहण गरिएको वा पवित्र तुल्याइएको छैन ।

१. परमेश्वमरका उद्देश्यहरूले एकअर्कासँगको सम्बन्धलाई साध्य र साधनको सम्बन्धको रूपमा कायम राख्छन् भन्ने कुरा स्पष्ट छ-

(१) यस तथ्यबाट कि उहाँका उद्देश्यहरू असीमित बुद्धिमत्ताका उपज हुन्, जसको खास काम नै एक महान् लक्ष्य पूरा गर्नको लागि साधनहरूको एउटा महान् प्रणाली समन्वय गर्नु हो ।

(२) सृष्टि र प्रबन्धको उहाँको काममा परमेश्वरले आफ्ना अनन्त उद्देश्यहरू पूरा गर्नुहुन्छ । अनि यी दुवैको सञ्चालनमा उहाँले पूर्वनिर्धारित लक्ष्यहरूका सहयोगीको रूपमा साधनहरूका प्रणालीहरू प्रयोग गर्नुहुन्छ ।

(३) पूर्वनिर्धारित सबै घटनाहरूले लक्ष्यहरूको सम्बन्धमा तिनीहरूको अधीनतामा रही काम गर्छन् । त्यसकारण तिनीहरू ईश्वरीय अभिप्रायमा त्यही क्रममा समेटिएका हुनुपर्छ ।

(४) परमेश्वरले हामीलाई स्पष्ट रूपमा बताउनुहुन्छ कि उहाँले अर्को कुरा पूरा गर्नका लागि एउटा कुरा निर्धारण गर्नुहुन्छ । "पवित्र आत्माको पवित्र तुल्याउने कामद्वारा र सत्यतामाथिको विश्वासद्वारा बाँच्नलाई," "उहाँको अनुग्रहको महिमाको प्रशंसाको लागि" उहाँले मानिसहरूलाई मुक्तिको लागि पूर्वनिर्धारित गर्नुहुन्छ । २ थेसलोनिकी २:१३; एफेसी १:६ ।

२. पापको प्रायश्चितको लागि ख्रीष्टको वरदान अनि पुनर्जीवन दिन र पवित्र तुल्याउनको लागि पवित्र आत्माको वरदान उहाँका चुनिएकाहरूको मुक्ति सुरक्षित गर्ने उद्देश्यका साथ ईश्वरीय योजनामा छन् भन्ने कुरामा कतिपय ईश्वरशास्त्रीहरूले शंका गरेका छन्, तर यो कुरा यो स्वीकारोक्तिको यस खण्डमा सकारात्मक र नकारात्मक दुवै ढंगले स्पष्ट रूपमा पुष्टि गरिएको छ । यो

स्वीकारोक्ति लेखिएको समयमा, "छुटकारा दिनु" भन्ने वाक्यांशलाई उही अर्थमा प्रयोग गरिएको थियो जुन अर्थमा हामी अहिले "प्रायश्चित गर्नु" वाक्यांश प्रयोग गर्छौं । यो स्वीकारोक्तिले पहिले सकारात्मक रूपमा पुष्टि गर्छ कि ख्रीष्टलाई अनन्तदेखि नै चुनिएकाहरूलाई बचाउनका लागि प्रायश्चित गर्नको लागि नियुक्त गरिएको थियो । दोस्रो, नकारात्मक अर्थमा, उहाँले अरू कसैको लागि प्रायश्चित गर्नुभएको छैन ।

यस बिन्दुमा यो स्वीकारोक्तिसँग सहमत नहुने ईश्वरशास्त्रीहरूको समूहले मानिसको मुक्ति र मुक्तिदाता बन्नको लागि ख्रीष्टको वरदानलाई परमेश्वरको उद्देश्यमा क्रमशः निम्न क्रममा हेर्छन्: असीम दया र वैश्विक उपकारको कारण परमेश्वरले पतनद्वारा नष्ट भएको सारा मानिस जातिलाई व्यवस्थाको श्रापबाट मुक्त गर्नको लागि आफ्ना पुत्रलाई मर्न दिनुभयो; तरयदि सबै मानिसहरूलाई उनीहरूकै चालमा छोडिदिने हो भने उनीहरूले निश्चय नै ख्रीष्टलाई इन्कार गर्नेछन् र पापमै मर्नेछन् भन्ने कुरा पहिल्यै देखेर, मानव जातिको छुटकाराको उहाँको योजना पूरा गर्न र लागु गर्नका लागि, अनि केही व्यक्तिहरूप्रति विशेष प्रेमबाट प्रेरित भएरपवित्र आत्माको विशेष प्रभावकारी अनुग्रह प्राप्त गर्ने र मुक्ति प्राप्त गर्ने व्यक्तिहरू बन्नका लागि परमेश्वरले मानवजाति मध्येबाट उनीहरूलाई चुन्नुभयो । यस स्वीकारोक्तिमा सिकाइएको र अधिकांश रिफर्म्ड मण्डलीहरूले मानेको सिद्धान्तचाहिँ के हो भने, विशेष व्यक्तिगत प्रेमबाट प्रेरित भएर परमेश्वरले पतित मानव जातिमध्येबाट कतिपय मानिसहरूलाई मुक्तिको निम्ति चुन्नुभयो, अनि त्यो उद्देश्य पूरा गर्नको लागि उहाँले तिनीहरूको निम्ति मर्नको लागि ख्रीष्टलाई पठाउने अनि तिनीहरूलाई नयाँ र पवित्र तुल्याउनका निम्ति पवित्र आत्मालाई पठाउने निर्णय गर्नुभयो ।

स्वीकारोक्तिको यो धारणा सत्य छ भन्ने कुरा स्पष्ट छ-

(१) मामिलाको कथन स्वयंबाट । चुनिएकाहरूको निम्ति मर्नको लागि ख्रीष्टको उपहार तिनीहरूको मुक्तिको अभिप्राय पूरा गर्नको लागि अत्यन्तै प्रभावकारी माध्यम हो । तर अर्कोतर्फ, चुनिएकाहरूलाई मात्रै पवित्र आत्माको प्रभावकारी प्रभाव उपलब्ध गराउने अभिप्राय ख्रीष्टको बलिदानद्वारा सबै मानिसहरूलाई उद्धार गर्ने उद्देश्यको निम्ति निकै अपर्याप्त माध्यम हो । सबैको

उद्धार गर्ने उद्देश्य अनि केहीको मात्रै उद्धार गर्ने उद्देश्य परमेश्वरको मनमा सँगसँग रहनु सम्भव छैन ।

(२. ) परमेश्वरका सबै उद्देश्यहरू अपरिवर्तनीय, आफैमा मिलेको र निश्चय नै प्रभावकारी भएको कारण, समयसँग घट्ने घटनानाहरूसँग पूर्ण रूपमा मिलापमा रहनुपर्छ । उहाँले तिनीहरूलाई र तिनीहरूलाई मात्रै मुक्तिको लागि पूर्वनियुक्त गर्नुभएको हुनुपर्छ जो वास्तवमै बचाइए । अनि उहाँले तिनीहरूलाई मात्र ख्रीष्टले छुटकारा दिनुपर्छ भन्ने योजना गर्नुभएको हुनुपर्छ जसले वास्तवमै छुटकारा पाए । ख्रीष्टलाई उपहारका रूपमा दिने परमेश्वरको उद्देश्य कुनै पनि रूपमा व्यर्थ हुन सक्दैन ।

(३) ख्रीष्टले स्पष्ट रूपमा भन्नुहुन्छ, "म भेडाहरूका निम्त आफ्नो प्राण अर्पण गरिदिन्छु ।" युहन्ना १०:१५ ।

३. ख्रीष्टले चुनिएकाहरू, वा प्रभावकारी रूपमा बोलाईएका, वा धर्मी ठहराइएकाहरू, वा सन्तानका रूपमा ग्रहण गरिएका, वा पवित्र तुल्याइएकाहरू बाहेक अरू कसैलाई बचाउनुहुन्न ।

यो वास्तवमा उही सत्यताको नकारात्मक कथन मात्र हो जसले सकारात्मक कथनलाई अझै स्पष्ट र प्रभावकारी बनाउँछ ।

ख्रीष्टको बलिदानमा परमेश्वरको सिद्धान्तको ढाँचाको बारेमा यो स्वीकारोक्तिको अध्याय ८ मा फेरि पनि बताइएको छ र त्यहाँ थप छलफल गरिनेछ ।

## खण्ड – ७ उहाँको सृष्टिमाथि उहाँको सार्वभौम शक्तिको महिमाको लागि, उहाँको आफ्नै इच्छाको अगम्य अभिप्रायअनुसार जसद्वारा उहाँले जसलाई चाहनुहुन्छ उसलाई दया देखाउनुहुन्छ वा देखाउनुहुन्न, परमेश्वरले बाँकी मानवजातिलाई यत्तिकै छोडिदिनुभयो अनि उहाँको महिमित न्यायको प्रशंसाको लागि तिनीहरूको पापको खातिर तिनीहरूलाई सरम र क्रोधको लागि नियुक्त गरिदिनुभयो ।[88]

[88] मत्ती ११:२५, २६; रोमी ९:१७, १८, २१, २२; २ तिमोथी २:१९, २०; यहुदा ४; १ पत्रुस २:८ ।

यस खण्डले निम्न कुरा सिकाउँछ:-

१. परमेश्वरले चुनिएका भनिने निश्चित व्यक्तिहरूलाई अनुग्रहद्वारा सार्वभौम रूपमा उद्धारको निम्ति नियुक्त गर्नुभएको छ, त्यसैले उहाँले सार्वभौमिक रूपमा बाँकी रहेका मानिसहरूदेखि आफ्नो अनुग्रह रोक्ने निर्णय गर्नुभएको छ; अनि अनुग्रह रोक्ने यो उहाँको इच्छाको अगम्य अभिप्रायमा भर पर्छ अनि यो उहाँको सार्वभौम शक्तिको महिमाको लागि हो ।

२. फलस्वरूप तिनीहरूका पापहरूमा छोडिएका सबैलाई तिनीहरूको आफ्नै पापअनुसारसटीक न्यायअनुसार व्यवहार गर्ने परमेश्वरले निर्णय गर्नुभएको छ, उहाँको न्यायको प्रशंसाको लागि,जसले प्रायश्चित नगरिएको पापको लागि सजायको माग गर्दछ ।

दण्डको यस अभिप्राय परमेश्वरको अनन्त उद्देश्यको त्यस्तो पक्ष हो जुन मानव जातिको त्यो अंशसँग सम्बन्धित छ जुन अन्त्यमा तिनीहरूका पापका लागि दोषी ठहरिनेछ ।

यसमा दुई वटा तत्त्व समावेश छन्- (१) नकारात्मक, जहाँसम्म यसले तिनीहरूलाई छोडिदिने र तिनीहरूलाई जीवनको लागि चुनाउ गर्न इन्कार गर्ने निर्णय गर्छ । (२) सकारात्मक, जहाँसम्म यसले तिनीहरूलाई कठोर न्यायका सिद्धान्तहरूअनुसार व्यवहार गर्ने निर्णय गर्छ, तिनीहरू जुन कुराका योग्य छन् ठिक त्यसैअनुसार । यसको नकारात्मक पक्षमा, निन्दा भनेको चुनाउमा नपर्नु नै हो अनि यो पूर्ण रूपमा सार्वभौम छ, उहाँको इच्छामा मात्रै भरपर्छ, किनकि छोडिएकाहरू चुनिएकाहरू भन्दा खराब छैनन् । यसको सकारात्मक तत्त्वको सन्दर्भमा, दण्ड सार्वभौम होइन तर विशुद्ध न्यायिक कार्य हो, किनकि इन्कार गरिएकाहरूसँग परमेश्वरले पूर्ण न्यायको दृष्टिकोणबाट तिनीहरूका पापअनुसार व्यवहार गर्ने निर्णय गर्नुभएको छ । हाम्रा मापदण्डहरू यो बुँदालाई स्पष्ट रूपमा रक्षा गर्न धेरै होसियार छन् । यस खण्डले भन्छ कि परमेश्वरले नचुनिएकाहरूलाई "तिनीहरूको पापको कारण अपमान र क्रोधको निम्ति अनि उहाँको महिमामय न्यायको प्रशंसाको निम्ति" नियुक्त गर्नुभयो । यही कुरा लामो प्रश्नोत्तरमालाको १३ औं प्रश्नमा लगभग उस्तै भाषामा दोहोर्याइएको छ ।

यो सिद्धान्तपूर्ण न्यायका सिद्धान्तहरूसँग असंगत हुनुको सट्टा, यस मामिलामा ती सिद्धान्तहरूको प्रयोगबाट जरूरी रूपमा निसृत हुन्छ ।

(१) सबै मानिसहरू समान रूपमा "स्वभावद्वारै क्रोधका सन्तान" छन् अनि तिनीहरूको मुक्तिदाता बन्नको लागि ख्रीष्टको उपहारभन्दा अगि न्यायसंगत रूपमा व्यवस्थाको दण्डमुनि छन् । यस तिनीहरू त्यस अवस्थामा भएको कारण नै कसैको पनि उद्धारको लागि तिनिहरूको सट्टामा कसैले परमेश्वरको न्याय भोग्नु आवश्यक थियो, नत्रताप्रेरितले भनेझैँ, "ख्रीष्ट व्यर्थैमा मर्नुभयो ।" तसर्थ यदि कोही बचाइने हो भने, न्याय आफैले तिनीहरूको मुक्तिलाई तिनीहरूको अधिकार होइन तर परमेश्वरबाटको सार्वभौम छुट हो भन्ने मान्यता दिनुपर्छ भनी माग गर्दछ । कसैसँग पनि मुक्तिको लागि प्राकृतिक अधिकार छैन । अनि एकको मुक्तिले अर्कोलाई मुक्तिको अधिकार दिन सक्दैन ।

(२) मुक्तिलाई यसको सारतत्त्वमै अनुग्रहको कुरा भनिएको छ । र यदि अनुग्रहको हो भने, यसका पात्रहरूको चयन अपरिहार्य रूपमा ईश्वरीय विवेकको कुरा हो । विलाप ३:२२; रोमी ४:४; ११:६; एफेसी १:५-७; युहन्ना ३:१६; १ युहन्ना ३:१६; ४:१० ।

माथि भनिएझै यो सिद्धान्त सत्य छ-

(१) किनभने यो अघिल्ला खण्डहरूमा सिकाइएका चुनाउका बारेमा धर्मशास्त्रीय सिद्धान्तसँग मिल्छ ।

(२) यो सिद्धान्त धर्मशास्त्रमा स्पष्ट रूपमा सिकाइएको छ: "यसकारण जसलाई उहाँले दया गर्नुहुन्छ, उहाँलाई दया गर्नुहोस्, र जसलाई उहाँले कठोर बनाउनुहुनेछ ।" रोमी ९:१८; १ पत्रुस २:८; प्रकाश १३:८; यहुदा ४ ।

(३) परमेश्वरले यसमा आफ्नो अधिकारलाई धर्मी विशेषाधिकार भनी जोड दिनुहुन्छ: "तब तिमी मलाई भन्छौ, “परमेश्वरले अझै किन दोष लगाउनुहुन्छ ? किनकि उहाँको इच्छालाई कसले विरोध गर्न सक्छ ?” तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ ? के ढालेर बनाएको वस्तुले आफूलाई बनाउनेलाई “मलाई किन यस्तो बनाएको ?” भन्छ र ? के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँडो, र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र ? यदि परमेश्वरले आफ्नो क्रोध प्रकट गर्न र आफ्नो

शक्ति प्रदर्शन गर्नलाई विनाशको लागि तयार पारिएको क्रोधका पात्रहरूलाई अत्यन्त धैर्यसाथ सहनुभएको छ भने, के भयो त ? यदि महिमाको निम्ति अघिबाटै तयार पार्नुभएको उहाँका कृपा-पात्रहरूलाई आफ्नो महिमाको सम्पत्ति प्रकट गर्नलाई उहाँले यसो गर्नुभयो भने, के भयो त ?" रोमी ९:१९-२३ ।

**खण्ड – ८ नियुक्ति (पूर्वनियति) को यो महान् रहस्यको सिद्धान्त विशेष बुद्धिमानी र होसियारीसाथ चलाउनुपर्छ[89] ताकि उहाँको वचनमा प्रकट गरिएको परमेश्वरको इच्छा बुझ्नाले र त्यसप्रति आज्ञाकारिता जनाउनाले मानिसहरूले उनीहरूको प्रभावकारी बोलावटको निश्चयताबाट उनीहरूको अनन्त चुनाउको बारेमा निश्चित हुन सकुन् ।[90] यसरी यो सिद्धान्तले ईमानदारीपूर्वक सुसमाचार पालन गर्ने सबैलाई[91] परमेश्वरको प्रशंसा, आदर र स्तुति[92] को लागि अनि नम्रता, लगनशीलता र प्रचुर सान्त्वनाको लागि विषयवस्तु उपलब्ध गराउन सक्छ ।**

यस खण्डले सिकाउँछ कि पूर्वनियुक्तिको यो महान् रहस्य विशेष बुद्धिमानी र होसियारीसाथ चलाइनुपर्छ । यस तथ्यलाई ध्यानमा राख्दै यसो गर्नु आवश्यक छ कि अक्सर यसको दुरूपयोग गरिन्छ र यसको उचित प्रयोग निकै महत्त्वपूर्ण छ ।

अनुग्रहको वितरणमा ईश्वरीय सार्वभौमिकताको सिद्धान्त निश्चय नै धर्मशास्त्रमा प्रकट गरिएको छ, बुझ्न कठिन छैन, अनि र परमेश्वरको महानता र स्वतन्त्रता, उहाँको अनुग्रहको निश्चित प्रभावकारिता र उहाँका प्रतिज्ञाहरूको सुरक्षा अनि तिनीहरूको आफ्नै पाप र पूर्ण निर्भरताको बारेमा मानिसहरूलिई विश्वास दिलाउनका लागि ठूलो व्यावहारिक उपयोगिता छ । तर उहाँको सृष्टि गरिएका प्राणीको स्वतन्त्रतासँग अनि नैतिक दुष्टतासँग उहाँको सार्वभौम

---

[89] रोमी ९:२०; ११:३३; व्यवस्था २९:२९ ।
[90] २ पत्रुस १:१०
[91] रोमी ११:५, ६, २०; पत्रुस १:१० । रोमी ८:३३; लुका १०:२० ।
[92] एफेसी १:६; रोमी ११:३३ ।

उद्देश्यको सम्बन्धबारेको धर्मशास्त्रमा प्रकट गरिएको छैन, अनि मानव तर्कद्वारा पत्ता लगाउन सकिँदैन, त्यसकारण यसको बारेमा प्वाक्क बोलिहाल्नु हुँदैन । साथसाथै, यो सत्यतालाई यस प्रणालीमा यसको उचित स्थानभन्दा बढी बढाइचढाइ पनि गर्नुहुँदैन जुन प्रणालीमा मानिसको स्वतन्त्रता र सबैको लागि सुसमाचारको उपलब्धता जस्ता उत्तिकै निश्चित सत्यताहरू पनि समावेश छन् ।

सबै अनुग्रहको जगमा सार्वभौम चुनाउको सिद्धान्त स्पष्ट रूपमा प्रकट गरिएको भए तापनि, विशेष व्यक्तिहरूको चुनाउ भएको वा नभएको बारे धर्मशास्त्रमा प्रकट गरिएको छैन । मानव कर्तव्यको लागि परमेश्वरको आदेशात्मक इच्छा नै नियम हुनुपर्छ, उहाँको अभिप्रायजनक इच्छा होइन । परमेश्वरको निम्ति चुनाउ पहिले, त्यसपछि अनुग्रह आउँछ । तर मानिसको निम्ति कर्तव्य र अनुग्रह पहिले आउँछ, अनि अनुग्रह प्राप्त गरेपछि मात्रै आफ्नो व्यक्तिगत चुनाउ भएको छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । पश्चात्ताप गर्ने र विश्वास गर्ने आज्ञा कुनै भेदभाव नगरी सबै मानिसहरूलाई दिइएको छ अनि त्योदायित्व सबैमाथि समान रूपमा रहन्छ । जिज्ञासुको चासो यो तथ्यसँग मात्रै यो हो कि अनुग्रह उपलब्ध छ अनि उसले स्वीकार गरेको शर्तमा उसलाई निश्चयता साथसाथै त्यसलाई स्वीकार र वृद्धि गर्नु उसको कर्तव्य हो । पछिबाट उसको अनन्त बोलावट र चुनाउको तथ्यलाई निश्चित तुल्याउनु विश्वासीको ठूलो विशेषाधिकार हो, विश्वासमा सद्‌गुणमा थपेर, अनि सद्‌गुणमा ज्ञान, आदि; किनकि यदि उसले यी काम गर्छ भने उ कहिल्यै पतन हुनेछैन । २ पत्रुस १:५-१० ।

## प्रश्नहरू

१. के पहिलो र दोस्रो खण्डमा सिकाइएको *पहिलो* कुरा के हो ?

२. त्यहाँ सिकाइएको *दोस्रो* कुरा के हो ?

३. *तेस्रो* कुरा के हो ?

४. *चौथो* कुरा के हो ?

५. *पाँचौँ* कुरा के हो ?

६. *छैटौं* कुरा के हो ?
७. परमेश्वरसँग उहाँका कामहरूमा अनन्तकालदेखि नै एक निश्चित योजना थियो भन्ने कुरा कसरी देखाउन सकिन्छ ?
८. त्यो योजनाका आम विशेषताहरू के हुनुपर्छ ?
९. हामीले परमेश्वरका अभिप्रायहरू *एउटै उद्देश्य* हुन् भन्नुको अर्थ के ह ?
१०. सम्बन्धबाट देखाउनुहोस् जसमा सबै थोकहरू एकअर्कासँग सम्बन्धित हुन्छन् ताकि परमेश्वरका उद्देश्यहरू हरेक प्रकारका सबै घटनाहरूसँग सम्बन्धित हुनुपर्छ र निर्धारण गर्नुपर्छ ।
११. यसलाई धर्मशास्त्रबाट प्रमाणित गर्नुहोस् ।
१२. मानिसहरूका पापपूर्ण कार्यहरूसँग परमेश्वरको अनन्त उद्देश्यको सम्बन्ध कस्तो हुन्छ ?
१३. कुनै घटना सशर्त हुनुर त्यो सशर्त हुनुका बारेमा परमेश्वरको अभिप्राय बिचको भिन्नता के हो ?
१४. निशर्त अभिप्राय र सशर्त अभिप्राय के हो ?
१५. कस्ता प्रकारका घटनाहरूमा परमेश्वरका अभिप्रायहरू सशर्त छन् भनी आर्मीनियनहरू विश्वास गर्छन् ?
१६. प्रमाणित गर्नुहोस् कि परमेश्वरका कुनै पनि उद्देश्यहरू सशर्त छैनन् ।
१७. परमेश्वरका सबै अभिप्रायहरू निश्चित रूपमा प्रभावकारी हुँदैनन् भन्नुमा तपाईंको अर्थ के हो ?
१८. तिनीहरू त्यस्ता छन् भन्ने प्रमाणित गर्नुहोस् ।
१९. प्रमाणित गर्नुहोस् कि परमेश्वरका अभिप्रायहरू उहाँको सिद्धताअनुरूप हुनुपर्छ ।
२०. प्रमाणित गर्नुहोस् कि परमेश्वर पापका कर्ता हुनुहुन्न ।
२१. प्रमाणित गर्नुहोस् कि परमेश्वरका अभिप्रायहरू स्वतन्त्र कर्ताको स्वतन्त्रतासँग असंगत छैनन् ।
२२. देखाउनुहोस् कि कुनै स्वतन्त्र कार्यको निश्चयता त्यस कार्यमा संलग्न कर्ताको स्वतन्त्रतासँग असंगत छैन ।
२३. तेस्रो, चौथो र पाँचौखण्डमा सिकाइएको पहिलो कथन के हो ?

२४. त्यहाँ सिकाइएको *दोस्रो* कथन के हो ?

२५. त्यहाँ सिकाइएको *तेस्रो* कथन के हो ?

२६. त्यहाँ सिकाइएको *चौथो* कथन के हो ?

२७. मुक्तिको लागि व्यक्तिहरूको चुनाउको सन्दर्भमा क्रमशः सोसिनियन, आर्मीनियन, काल्विनवादी सिद्धान्तहरू बताउनुहोस् ।

२८. धर्मशास्त्रमाबाट देखाउनुहोस् कि अनन्त जीवनको लागि परमेश्वरले व्यक्तिहरू चुन्नुभएको छ, वर्ग वा समूह होइन ।

२९. धर्मशास्त्रमाबाट देखाउनुहोस् कि यो चुनाउ त्यसरी चुनिएको व्यक्तिको विश्वास र पश्चात्तापबारे परमेश्वरको पूर्वज्ञानमा आधारित छैन ।

३०. यस्तो चुनाउ परमेश्वरको इच्छामा मात्रै आधारित छ भन्ने कुरा देखाउनुहोस् ।

३१. चुनाउमा परमेश्वरको अन्तिमलक्ष्य के हो ?

३२. छैटौं खण्डमा पुष्टि गरिएको *पहिलो* कथन के हो ?

३३. *दोस्रो* कथन के हो ?

३४. *तेस्रो* कथन के हो ?

३५. एउटा उद्देश्य पूरा गर्नको लागि परमेश्वरले अर्को उद्देश्य प्रयोग गर्नुहुन्छ भन्ने कुरा तपाईंले कसरी प्रमाणित गर्न सक्नुहुन्छ ?

३६. यस खण्डअनुसार चुनिएकाहरूको मुक्ति निश्चित गर्ने परमेश्वरको उद्देश्यसँग ख्रीष्टलाई उपहारको रूपमा दिने परमेश्वरको उद्देश्यको सम्बन्ध के हो ?

३७. यस विषयमा प्रस्तुत गरिएका दुई वटा फरक दृष्टिकोण बताउनुहोस् गर्नुहोस् ।

३८. यस खण्डमा यो विषयलाई (१) नकारात्मक रूपमा , (२) सकारात्मक रूपमा कसरी बताइएको छ ?

३९. यस खण्डमा प्रस्तुत गरिएका परमेश्वरका उद्देश्यहरूको क्रम स्वाभाविक र सत्य छ भन्ने देखाउनुहोस् ।

४०. सातौँ खण्डमा सिकाइएको *पहिलो* कुरा के हो ?

४१. त्यहाँ सिकाइएको *दोस्रो* कुरा के हो ?

४२. दुष्टहरूलाई परमेश्वरको दण्डमा संलग्न नकारात्मक तत्त्व बताउनुहोस् ।
४३. यसमा संलग्न सकारात्मक तत्त्व बताउनुहोस् ।
४४. विश्वासको स्वीकारोक्ति र लामो प्रश्नोत्तरमालाले होसियारीपूर्वक यो भिन्नता कायम राखेका छन् देखाउनुहोस् ।
४५. यो सिद्धान्त अत्यन्तै न्यायपूर्ण वा धर्मी छ भन्ने देखाउनुहोस् ।
४६. यो सत्य छ भन्ने देखाउनुहोस् ।
४७. आठौँ खण्डमा के सिकाइएको छ ?
४८. यो सिद्धान्तलाई किन सावधानीपूर्वक चलाउनुपर्छ ?
४९. यसका व्यावहारिक को प्रयोगहरू के छन् ?
५०. मानवीय कर्तव्यको नियमा के हो ?
५१. धार्मिक जिज्ञासुको ठूलो चासो के हो ?
५२. कुनै मानिसको व्यक्तिगत चुनाउको तथ्यलाई कसरी निश्चित गरिनुपर्छ ?

# अध्याय ४
# (CHAPTER IV)
# सृष्टिबारे
# (OF CREATION)

**खण्ड – १ उहाँको अनन्त शक्ति, बुद्धि र भलाइको महिमा प्रकट गर्नको लागि,[93] आदिमा शून्यबाट संसार र त्यसमा भएका सबै थोक, चाहे दृश्य वा अदृश्य, छ दिनको अवधीमा सृष्टि गर्न वा बनाउन परमेश्वर पिता, पुत्र र पवित्र आत्मालाई असल लाग्यो[94] अनि उहाँले सृष्टि गर्नुभएको सबै थोक सुन्दर थियो ।[95]**

यस खण्डसँग ठूलो प्रश्नोत्तरमालाका प्रश्न १५ र १६ तुलना गर्नुहोस् ।

यो खण्डले सिकाउँछ:-

१. न त संसार (दृश्य ब्रह्माण्ड) न त त्यहाँको कुनै पनि थोक पदार्थ वा रूपको सन्दर्भमा स्व-अस्तित्ववान वा अनन्त छ ।

२. एउटै परमेश्वर, जो पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ, उहाँले सुरुमा संसारका तत्त्वहरूलाई शून्यबाट सृष्टि गर्नुभयो, र तिनीहरूलाई वर्तमान रूपमा ल्याउनुभयो, अनि यो कामका विशिष्ट चरणहरू जुन उत्पत्तिको पुस्तकमा अभिलेख गरिएका छन्, ती छ दिनको अवधीमा पूरा भएका थिए ।

३. जब परमेश्वरले सृष्टिको काम पूरा गर्नुभयो सबै थोक धेरै असल थिए, तिनीहरूका जात-जातअनुसार ।

४. सृष्टिमा परमेश्वरको ढाँचा वा उद्देश्य उहाँको आफ्नै महिमाको प्रकटीकरण थियो ।

---

93 रोमी १: २० ; यर्मिया १०:१२; भजन ५४:२४; ३३:५, ६ ।

94 हिब्रू १:२; युहन्ना १:२, ३; उत्पत्ति १:२; अय्यूब २६:१३; ३३:४ ।

95 उत्पत्ति १:१, देखि अन्त्यसम्म; हिब्रू ११:३; कलस्सी १:१६; प्रेरित १७:२४ ।

१. पदार्थहरूको तत्त्व र ती तत्त्वहरूको समेटिने रूपहरूका बिचमा धेरै स्पष्ट भिन्नता छ । हाम्रो अनुभवमा वस्तु वा थोकहरू निर्माण गर्ने अक्सिजन, हाइड्रोजन र यस्ता अरू प्राथमिक तत्त्वहरू स्थायी हुन्छन् भने तिनीहरूको संयोजन हुने जैविक र अजैविक रूपहरू निरन्तर परिवर्तन भइरहेका हुन्छन् । व्यक्तिगत आत्माहरू र ब्रह्माण्डका भौतिक तत्त्वहरू समेटिने विभिन्न रूपहरू स्वयम् अस्तित्ववान छैनन् वा अनन्त छैनन् भन्ने कुरा स्वयंसिद्ध छ । अनि तिनीहरूमा हुने परिवर्तनहरूको विश्वव्यापकता, स्थिरता, र तीव्रतालाई विज्ञानको हरेक प्रगतिले अझै स्पष्ट र निश्चित तुल्याएको छ । सबै थोकहरूका प्राथमिक तत्त्व वा पदार्थहरू शून्यबाट सृष्टि गरिएका हुन् भनेर प्राचीन गैरयहुदी वा गैरख्रीष्टियन दार्शनिकहरूले कहिल्यै विश्वास गरेनन् तर यो ख्रीष्टियन ईश्वरवादको एक आधारभूत सिद्धान्त हो । यो कुरा निम्न चिन्तनद्वारा प्रमाणित हुन्छ:-

(१) धर्मशास्त्रले त्यस्तो समयको बारेमा बताउँछ जब संसारको अस्तित्व नै थिएन । ख्रीष्टले त्यो महिमाको कुरा गर्नुहुन्छ "जुन संसारको सृष्टि हुनअघि तपाईंको सम्मुख थियो ।" युहन्ना १७: ५, २४ । "तपाईंले पृथ्वी र संसार सृजनुभन्दा अघि, अनादिदेखि अनन्तसम्म तपाईं नै परमेश्वर हुनुहुन्छ ।" भजन ९०:२ ।

(२) "सृष्टि गर्नु" भनी अनुवाद गरिएको अनि परमेश्वरले संसार सृष्टि गर्नुभयो भन्ने तथ्यलाई प्रकट गर्न मोशाले प्रयोग गरेको हिब्रू शब्द, परमेश्वरको प्रकाश प्राप्त हुनुभन्दा अगिको कुनै पनि मानव भाषाले पूर्ण सृजनाको विचार व्यक्त गर्नको लागि प्रदान गरेको सबैभन्दा उत्तम शब्द हो । यो स्वर्ग र पृथ्वीको उत्पत्तिको विवरणको सुरुमा प्रयोग गरिएको छ । सुरुमा- पूर्ण सुरुमा-परमेश्वरले सबै थोक (स्वर्ग र पृथ्वी) सृष्टि गर्नुभयो । त्यसपछि त्यहाँ अस्तव्यस्तता छायो, अनि त्यसपछि परमेश्वरका आत्माले अथाह समुद्रमाथि परिभ्रमण गर्दै सुव्यवस्थित संसारलाई अस्तित्वमा ल्याउनुभयो । सृष्टि अस्तव्यस्ततभन्दा पहिले आयो, जसरी अस्तव्यस्तता वर्तमान स्वरूपमा सबैथोक ल्याइनुभन्दा पहिले आयो । यसकारण सबै थोकका तत्त्वहरूका साथसाथै तिनीहरूका वर्तमान रूपहरूको पनि सुरुआत भएको हुनुपर्छ ।

(३) धर्मशास्त्रले कुनै पनि वस्तुको अस्तित्वको लागि सधैँ विशुद्ध रूपमा परमेश्वरको "इच्छा," "वचन," "सास" लाई श्रेय दिन्छ अनि कहिल्यै पनि अप्रत्यक्ष

रूपमा समेत तिनीहरूको अस्तित्वको अन्य कुनै पनि तत्त्व वा अवस्थाको उपस्थितिलाई संकेत गर्दैन, जस्तै कि पूर्व-अस्तित्ववान पदार्थ: "विश्वासद्वारा हामी बुझ्छौं कि संसारहरू परमेश्वरको वचनद्वारा बनाइएका थिए, देखिएका कुराहरू देखिने कुराहरूबाट बनेका थिएनन्," हिब्रू ११:३; भजन ३३:६; १४८: ५ ।

(४) यदि परमेश्वर *शून्यबाट* पदार्थका सृष्टिकर्ता हुनुहुन्न भने साथै संसार र सबै थोकभन्दा अगाडिदेखि नै अस्तित्ववान नियन्ता हुनुहुन्न भने, उहाँ आफ्नो अभिप्रायमा वा सृष्टि, प्रबन्ध वा अनुग्रहका कामहरूमा पूर्ण रूपमा सार्वभौम हुन सक्नुहुन्न । प्रत्येक पक्षमा उहाँ पहिल्यै अस्तित्ववान पदार्थको स्व-अस्तित्वका गुणहरू र तिनीहरूको अनन्त परिणामहरूद्वारा सीमित र शर्तको अधीनमा रहनुहुनेछ । तर धर्मशास्त्रले परमेश्वरलाई सधैँ सार्वभौम र सबै थोकका मालिकका रूपमा चित्रण गर्छ ।

रोमी ११:३६; १ कोरिन्थी ८:६; कलस्सी १:१६; प्रकाश ४:११; नहेम्याह ९:६ ।

(५) संसारमा विद्यमान पदार्थको समायोजनमा प्राथमिक र मूल गुणहरू र नियमहरूमा योजनबद्ध ढाँचा र संगति स्पष्ट रूपमा अवलोकन गर्न सकिन्छ । यदि संसारका विद्यमान रूपहरूमा ढाँचाका निशानहरूले सबै थोकभन्दा अगाडिदेखि नै अस्तित्ववान एक बुद्धिमान् नियन्ताको अस्तित्वलाई प्रमाणित गर्दछ भने, त्यसैगरी पदार्थको प्राथमिक संरचनामा ढाँचाका निशानहरूले ती तत्त्वहरूलाई शून्यताबाट सृजना गनुहुने एक बुद्धिमान् सृष्टिकर्ताको अस्तित्वलाई प्रमाणित गर्दछन् ।

२. यसकारण ईश्वरशास्त्रीहरूले *शून्यबाट* सृष्टिको जन्म वा वस्तुहरूको प्रारम्भिक पदार्थको *पहिलो सृष्टि* , र *दोस्रो सृष्टि* वा तत्त्वहरूको संयोजन र वस्तुहरूको गठन अनि ब्रह्माण्डको प्रणालीमा तिनीहरूको पारस्परिक समायोजनका बिचमा भिन्नता देखाएका छन् । यस खण्डले यी दुवै अर्थमा सृष्टिको श्रेय एक सत्य परमेश्वर, पिता, पुत्र र पवित्र आत्मालाई दिन्छ ।

धर्मशास्त्रले सृष्टिको श्रेय दिन्छ- (१) व्यक्तिको भिन्नता नछुट्याई सम्पूर्ण रूपमा परमेश्वरलाई । उत्पत्ति १:१, २६ । (२) पितालाई । १ कोरिन्थी ८:६. (३) पुत्रद्वारा पितालाई । हिब्रू १:२ । (४) पवित्र आत्माद्वारा पितालाई । भजन १०४:३ ।

(५) पुत्रलाई । युहन्ना १: २, ३ । (६) पवित्र आत्मालाई । उत्पत्ति १:२; अय्यूब ३३:४ ।

यो खण्डले, धर्मशास्त्रका सटीक शब्दहरू, प्रस्थान २०:११, प्रयोग गर्दै घोषणा गर्छ कि यसको वर्तमान रूपमा परमेश्वरले ब्रह्माण्डको रचना र समायोजन सृष्टिको कार्य "छ दिनको अवधीमा" पूरा गर्नुभयो । यो विश्वासको स्वीरोक्ति लेखिएको समयदेखि यता भूविज्ञानको विकास भएको छ र यसले यो संसार र सम्भवतः अन्तरिक्षीय ब्रह्माण्ड वर्तमान अवस्थामा आउनुअगि पार गरेका विभिन्न अवस्थाहरूका बारेमा अज्ञात रूपमा रहेका धेरै तथ्यहरू प्रकाशमा ल्याएको छ ।

यी तथ्यहरू तिनीहरूको आम चरित्रमा निर्विवाद रहन्छन् अनि समयको विशाल अवधीमा परमेश्वरद्वारा नियन्त्रित विकासको प्रक्रियालाई संकेत गर्छन् । उत्पत्तिको पहिलो अध्यायमा पाइने प्रेरित अभिलेखसँग त्यो विज्ञानको निष्कर्ष समायोजन गर्न कोही-कोहीले पहिलो पद सम्पूर्ण रूपमा पहिलो सृष्टिसँग सम्बन्धित छ, अनि एक विशाल अन्तरालपछि, जुन अवधिमा विज्ञानले पत्ता लगाएका परिवर्तनहरू भए, दोस्रो पद र त्यसपछिका पदहरूले कसरी परमेश्वरले लगातार छ दिनमा संसार र यसका बासिन्दाहरूलाई मानिसको निवासको लागि पुनर्निर्माण र तयार पार्नुभयो भनेर वर्णन गर्दछ भन्ने मान्छन् । कतिपयले त्यहाँ उल्लेख गरिएका दिनहरू प्राकृतिक दिनहरू होइनन्, तर विशाल अवधिका चक्रहरू हुन् भन्ने धारणा राखेका छन् । हालसम्म सुझाव गरिएको कुनै पनि समायोजनले सबै कठिनाइ हटाउन सकेको छैन । निश्चित तथ्यहरू यस प्रकार छन्: (१) उत्पत्तिको अभिलेख ईश्वरीय प्रकाशद्वारा दिइएको हो, त्यसैकारण यो अचूक रूपमा सत्य छ । (२) ईश्वरीय प्रकाशको पुस्तक र प्रकृतिको पुस्तक दुवै परमेश्वरबाट हुन्, अनि जब दुवैलाई पर्याप्त रूपमा व्याख्या गरिन्छ, दुवै पूर्ण रूपमा मिलापमा रहेका पाइनेछन् । (३) भूविज्ञानको विज्ञानमा आधारित तथ्यहरू अझै निकै अपूर्ण रूपमा सङ्कलन गरिएका छन् र अझै धेरै अपूर्ण रूपमा बुझिएका छन् । त्यो समय अझै आएको छैन जहाँ यी दुई अभिलेखहरू बिच लाभदायी तुलना र समायोजन गर्ने प्रयास गर्न सकियोस् । (४) उत्पत्तिको अभिलेख संक्षिप्त र आम भए तापनि पूर्ण सृष्टिकर्ता र सबै थोकहरूभन्दा पहिल्यै

अस्तित्ववान अनि सबै थोकमाथिका प्रबन्धकारी शासकका रूपमा यहोवामा बौद्धिक विश्वासको जग बसाउनको लागि योजना गरिएको र सराहनीय रूपमा अनुकूलित गरिएको थियो । तर यसलाई सबै विद्यमान घटनाहरूको वैज्ञानिक व्याख्यालाई रोक्न वा त्यसको स्थान लिनको लागि योजना गरिएको थिएन । न त परमेश्वरले मानिसहरूलाई पत्ता लगाउन अनुमति दिनुभएको संसारको विगतको इतिहासका सबै निशानहरूलाई रोक्न वा तिनको स्थान लिनको लागि नै योजना गरिएको थियो । अपूर्ण ज्ञानको कारण मात्रै स्थापित सत्यताहरूमा भिन्नताहरू देखिका हुन सक्छन् । परमेश्वरले हामीलाई विश्वास गर्न र सिक्न लगाउनुहुन्छ । उहाँले वर्तमान समयमा हामीमाथि नम्रता र धैर्य दुवैको खाँचो राखिदिनुभएको छ ।

३. परमेश्वर स्वयंले आफ्ना हातका सबै कामहरू पूरा भएपछि तिनलाई धेरै असल भनी घोषणा गर्नुभयो । उत्पत्ति १:३१ । यसको अर्थ सीमित र भौतिक थोकहरूमा पूर्ण सिद्धता थियो भन्ने होइन, न त तिनीहरूसँग तिनीहरूको प्रकृति अनुरूप उच्चतम उत्कृष्ठता थियो । तर यसको अर्थ-(१) यस संसारमा भएका सबै थोक त्यो समयमा आ-आफ्नो जातिअनुसार उत्कृष्ठ थिए- मानव जाति नैतिक कर्ताको नियमअनुसार नैतिक रूपमा उत्कृष्ठ थियो, अनि संसार र यसमा भएका सबै थोकहरू तिनीहरूका विभिन्न स्वभाव र सम्बन्धअनुसार उत्कृष्ठ थिए । (२) प्रत्येक र सबै थोक तिनीहरूको सृष्टिमा परमेश्वरको आम र विशिष्ट ढाँचाअनुसार सिद्ध रूपमा असल थिए ।

४. ब्रह्माण्डको सृष्टिमा परमेश्वरको अन्तिम लक्ष्यको सन्दर्भमा ईश्वरशास्त्रीहरूले दुई भिन्न विचार अगि सारेका छन्: (१) परमेश्वरले आफ्नो अन्तिम लक्ष्यको रूपमा उहाँका सृष्टिहरूको खुशी वा उत्कृष्ठता चाहनुभयो । (२) परमेश्वरले आफ्नै लागि आफ्नो महिमाको प्रकटीकरण चाहनुभयो ।

यो स्पष्ट रूपमा निकै महत्त्वपूर्ण प्रश्न हो । प्रत्येक प्रणालीको साधन र कर्ता माध्यमहरूको मुख्य लक्ष्यले त्यो सम्पूर्ण प्रणालीलाई नियन्त्रण गर्नुपर्छ र त्यसको चरित्र निर्धारण गर्नुपर्छ, त्यसकारण उहाँका कामहरूमा परमेश्वरको मुख्य लक्ष्यबारे हाम्रो दृष्टिकोणले उहाँको सृजनात्मक, प्रबन्धात्मक र अनुग्रही प्रावधानहरूका बारेमा हाम्र सबै दृष्टिकोणलाई प्रभाव पार्छ । हाम्रो स्वीकारोक्तिले

निकै स्पष्ट रूपमा यो अडान लिन्छ कि परमेश्वरका अनन्त उद्देश्यहरूमा अनि सृष्टि र प्रबन्धमा समयको उचित बिन्दुमा तिनीहरूको कार्यान्वयनमा उहाँको मुख्य लक्ष्य उहाँको आफ्नै महिमाको प्रकटीकरण हो । अध्याय ३:३, ५, ७; ४:१; ५:१; ६:१; ३३:२; लामो प्रश्नोत्तरमाला प्रश्न १२, १८; छोटो प्रश्नोत्तरमाला प्रश्न ७ । यो धारणा सत्य हो भन्ने कुरा निम्त आधारमा प्रमाणित हुन्छ-

(१) धर्मशास्त्रले स्पष्ट रूपमा बताउँछ कि सृष्टिमा परमेश्वरको मुख्य लक्ष्य यही हो, कलस्सी १:१६; हितोपदेश १६:४; र सृष्टि गरिएका थोकहरूको पनि मुख्य लक्ष्य यही हो, प्रकाश ४:११; रोमी ११:३६ ।

(२) यसले सिकाउँछ कि उहाँका अनन्त अभिप्रायहरूमा परमेश्वरको मुख्य लक्ष्य त्यही हो । एफेसी १:५, ६, १२ ।

(३) उहाँका सृष्टिमाथि परमेश्वरको प्रबन्धात्मक र कृपालु शासन र व्यवस्थापनको लक्ष्य पनि त्यही हो । रोमी ९:१७, २२, २३; एफेसी ३:१० ।

(४) यसलाई सबै कुरामा आफ्नो व्यक्तिगत लक्ष्यका रूपमा अपनाउन सबै नैतिक प्राणीहरूको कर्तव्य बनाइएको छ । १ कोरिन्थी १०:३१; १ पत्रुस ४:११ ।

(५) उहाँको आफ्नै महिमाको प्रकटीकरण नै आधारभूत रूपमा उच्चतम र सबैभन्दा योग्य लक्ष्य हो जुन परमेश्वरले आफ्नै निम्ति योजना गर्न सक्नुहुन्थ्यो ।

(६) यस सर्वोत्तम लक्ष्यको उच्चतम प्राप्तिले सृष्टिका सबै थोकको लागि सम्भव भएसम्म सबैभन्दा धेरै भलाइ ल्याउँछ ।

(७) पूर्ण सृष्टिकर्ता र सार्वभौमसत्ताका रूपमा परमेश्वरले आफ्नो कार्यका अन्तिम लक्ष्य वा उद्देश्यहरू आफूभन्दा बाहिर राख्न सक्नुहुन् । अन्यथा परमेश्वरका सबै कार्यहरू सीमित र सृष्टि गरिएका लक्ष्यहरूका अधीनमा हुनेथिए जसलाई उहाँले आफ्ना अन्तिम उद्देश्यका रूपमा ग्रहण गर्नुभएको थियो ।

## खण्ड – २ परमेश्वरले अरू सबै प्राणीहरू सृष्टि गर्नुभएपछि, मानिसलाई पुरुष र स्त्री[96] गरी ज्ञान, धार्मिकता, र साँचो पवित्रतासहित तिनीहरूको

---

[96] उत्पत्ति १:२७ ।

**हृदयमा परमेश्वरको व्यवस्था लेखिएको[97] र त्यो व्यवस्था पालन गर्ने शक्तिसहित[98] विवेकशील र अमर आत्मासाथ[99] उहाँको आफ्नै स्वरूपमा[100] सृष्टि गर्नुभयो । तापनि, तिनीहरूको परिवर्तनशील इच्छाको स्वतन्त्रतामा छोडिँदा तिनीहरूमा उहाँको व्यवस्था उल्लङ्घन गर्ने सम्भावना पनि थियो ।[101] तिनीहरूको हृदयमा लेखिएको त्यो व्यवस्थाबाहेक, तिनीहरूले असल र खराबको ज्ञान दिने रूखको फल नखाने आज्ञा पनि पाएका थिए;[102] जसलाई पालन गरून्जेल तिनीहरू परमेश्वरसँगको सम्बन्धमा खुशी थिए र अरू प्राणीहरूमाथि प्रभुत्व राख्दथे ।[103]**

यस खण्डलाई अध्याय ६ को १ र ३ सँग तुलना गर्नुहोस्; अनि लामो प्रश्नोत्तरमाला प्रश्न १७ र छोटो प्रश्नोत्तरमाला प्रश्न १० ।

यस खण्डले सिकाउँछ:-

१. यस पृथ्वीका सबै बासिन्दाहरूमध्ये अन्तिममा, मानिसलाई परमेश्वरले आफ्नै हातले सृष्टि गर्नुभयो ।

२. परमेश्वरले एक मानव जोडी सृष्टि गर्नुभयो, जसबाट सम्पूर्ण मानव जाति पुस्तापुस्ता हुँदै आए ।

३. परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो, (१) विवेकशील र अमर आत्मासहित, (२) ज्ञान, धार्मिकता र साँचो पवित्रताले पूर्ण भएको रूपमा , अनि तल्लो सृष्टिमाथि प्रभुत्व जमाउने रूपमा ।

४. परमेश्वरले आदमलाई उनको मार्गदर्शनको लागि पर्याप्त ज्ञान प्रदान गर्नुभयो- उनको हृदयमा लेखिएको व्यवस्था, र उहाँको इच्छाको विशेष बाहिरी प्रकाश ।

---

[97] रोमी २:१४, १५ ।

[98] उपदेशक ७:२९ ।

[99] उत्पत्ति २२: ७; उपदेशक ३:७; लुका १:२३:४३; मत्ती १०:२८ ।

[100] उत्पत्ति १:२६; कलस्सी ३:१०; एफेसी ४:२४ ।

[101] उत्पत्ति ३:६; उपदेशक ७:२९ ।

[102] उत्पत्ति २:१७, ३:८-११, २३ ।

[103] उत्पत्ति १:२६, २८ ।

५. आदमलाई पवित्र र आज्ञा पालनको लागि योग्य सृष्टि गरेर अनि उनलाई असल र खराबको ज्ञान दिनेको रूखको फल खान निषेध गर्दै आज्ञाकारिताको विशेष परीक्षाको अधीनमा राखेर, परमेश्वरले उनलाई पाप गर्न पनि सक्ने गरी छोडिदिनुभयो ।

१. मानिसलाई परमेश्वरले आफ्नै हातले र सृष्टिहरूमध्ये सबैभन्दा अन्तिममा सृष्टि गर्नुभयो । परमेश्वरको क्रमिक सृष्टिको योजनाअनुसार अनि संरचना र दान वरदानको जटिलता र उत्कृष्ठतामा क्रमिक विकासअनुसार, यस तल्लो सृष्टिको तत्कालीन लक्ष्य र मुकुटको रूपमा मानिसको वास्तविक स्थान अन्तिममा सृष्टि गरिनु नै हो । जैविक विकासको परिकल्पनाका वैज्ञानिक प्रवक्ताहरूले मानिसलाई परमेश्वर आफैले प्रत्यक्ष सृष्टि गर्नुभएको हो भन्ने कुरा अस्वीकार गर्छन् अनि उच्च र जटिल जीवित प्राणीहरू क्रमश र चरणबद्ध रूपमा तल्लो र सरल प्राणीहरूबाट विकसित भएका हुन् भन्ने दाबी गर्छन् । संसारको भौतिक अवस्था विस्तारै तिनीहरूको अस्तित्वको लागि अनुकूल हुँदैगयो र आफूभन्दा ठिक मुनिको प्राणीबाट विकसित भएर मानिस ठिक समयमा सबैको अन्तिममा आयो भन्ने उनीहरू मान्छन् । यसको विपरीत, मानिस परमेश्वरले प्रत्यक्ष रूपमा सृष्टि गर्नुभएको थियो, उसको शरीर पहिले नै सृष्टि गरिएको पार्थिव सामग्रीबाट र उसको आत्मा शून्यबाट सृष्टि गरियो भन्ने कुरा निम्न प्रमाणहरूद्वारा निश्चित गरिएको छ: -

(१) क्रमिक विकासको परिकल्पना पवित्रिकरण नभएको तर्कको कल्पना मात्रै हो जसको कुनै तथ्य प्रमाण छैन । अस्तित्वमा रहेका असंख्य प्रजातिहरूमध्येबाट एउटै पनि प्राणी तल्लो प्रजातिबाट उच्च प्रजातिमा संक्रमणको क्रममा रहेको फेला परेको छैन, न चट्टानका जीवाश्म अभिलेखमा नै त्यस्तो संक्रमणको कुनै प्रमाण पाइएको छ । ह्युग मिलर, अगासिज, लायल, ओवेन जस्ता श्रेष्ठ वैज्ञानिकहरूले पनि यस्तो परिकल्पनालाई अस्वीकार गरेका छन् ।

(२) धर्मशास्त्रले मानिसको प्रत्यक्ष सृष्टिको तथ्यलाई स्पष्ट रूपमा पुष्टि गर्दछ । उत्पत्ति १:२६, २७; २:७ ।

(३) मानिसलाई उभन्दा तत्काल मुनिका प्राणीबाट अलग गर्ने ठूलो भिन्नताले पनि यो सत्यतालाई स्पष्ट रूपमा पुष्टि गरेको छ; मात्रामा साथसाथै जाति वा प्रकारमा मानिसको अतुलनीय श्रेष्ठताले ।"परमेश्वर हाम्रा आत्माका पिता हुनुहुन्छ" र हामी अमर छौं, "ख्रीष्टसँग साझे उत्तराधिकारी" भनी प्रकट तथा अनुभव गरिएको तथ्यबाट पनि यो कुरा पुष्टि हुन्छ । हिब्रू ११:९; रोमी ८:१७ ।

२. परमेश्वरले एउटा मानव जोडी सृष्टि गर्नुभयो, जसबाट पुस्तापुस्ता हुँदै विभिन्न जातजातिहरू बन्नपुगे । यो ख्रीष्टियन प्रकाशको मौलिक सत्यता हो ।

सर चार्ल्स लायल जस्ता वैज्ञानिकहरूले फेला परेका मानव अवशेषहरूका अवस्था र सम्बन्धहरूबाट निष्कर्ष निकालेका छन् कि आदमभन्दा हजारौँ वर्ष पहिले पृथ्वीमा मानिस अस्तित्वमा थियो, जसलाई एक विशेष प्रजातिको मात्रै पूर्वज मानिन्छ । यी सबै कुराले धर्मशास्त्रको प्रमाणसहितको सकारात्मक शिक्षाको विरुद्धमा कत्ति पनि वजन राख्दैनन्, किनकि जुन तथ्यमा यी निष्कर्षमा आधारित छन् ती सबै तथ्यहरू निश्चित रूपमा प्रमाणित छैनन् र राम्ररी अध्ययन गरिएका छैनन् । साथै मानव जातिसँग आदमको सम्बन्धको बारेमा केही पनि प्रमाणित गर्न सक्दैनन्, तर यति मात्रै बताउँछन् कि हामीले सोचेभन्दा धेरैअगि आदमको सृष्टि गरिएको थियो ।

अर्को समूह जसका अगुवा प्रोफेसर अगासिज हुन्, तिनको तर्क छ कि मानव जातिका विभिन्न प्रजातिहरू बिचका भिन्नताहरू यति ठूला र स्थायी छन् कि तिनीहरू एउटै आमाबाबुबाट उत्पन्न हुन असम्भव छ अनि प्रत्येक प्रजातिका पूर्वजहरू तिनीहरूका उपयुक्त भौगोलिक केन्द्रहरूमा अलग-अलग सृजना गरिएका थिए । विज्ञानको यो निष्कर्ष यसभन्दा माथि उल्लेख गरिएको अर्को ठिक विपरीत निष्कर्षद्वारा काटिन्छ । यदि यस मुद्दाका सबै तथ्यहरूलाई ध्यानमा राखेर, दार्शनिकहरूको एक समूहले मानिस, बाँदर र कुकुरहरू आदि विभिन्न परिस्थितिहरूका प्रभावमा एकै पूर्वजहरूबाट आएका हुन् भन्ने निष्कर्षमा पुग्न सम्भव छ भने अर्को समूहले सबै जातका मानिसहरू एउटै आमाबाबुबाट आउनु असम्भव छ भन्ने दाबी गर्नु मूर्खता हो । यस खण्डको सिद्धान्त साँचो छ भन्ने कुरा यसरी प्रमाणित हुन्छ-

(१) मानव परिवारका प्रजातिहरू बिचका भिन्नताहरू ज्ञात भएका पशुहरूका साझा वंशका सदस्यहरूबिच अवस्था र तालिमको भिन्नताले प्रभाव पारेका भिन्नताभन्दा ठूला छैनन् ।

(२) मानव परिवार एउटै प्रजाति हो, फरक प्रजाति होइनन् ।

(क) किनभने विभिन्न जातिहरू सहज रूपमा मिसिन्छन् र स्थायी रूपमा प्रजनन शक्ति भएका सन्तान उत्पादन गर्छन् । (ख) किनभने तिनीहरूका मानसिक, नैतिक र आत्मिक स्वभावहरू उस्तै छन् ।

(३) सबै पुरातात्विक, ऐतिहासिक, र भाषाशास्त्रीय अनुसन्धानले सबै जातिहरूको एउटै साझा उत्पत्तिलाई संकेत गर्दछ ।

(४) धर्मशास्त्रले यस तथ्यलाई प्रत्यक्ष रूपमा जोड दिन्छ । प्रेरित २७:२६; उत्पत्ति १० । अनि मौलिक पाप र छुटकाराको धर्मशास्त्रीय सिद्धान्तहरूले यसलाई आधारभूत र आवश्यक अवस्थाको रूपमा मान्छन्, १ कोरिन्थी १५:२१, २२; रोमी ५:१२-१९ ।

३. परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । यस कथनमा निम्न तत्त्वहरू समावेश छन्:-

(१) मानिसलाई परमेश्वरको स्वरूपमा सृष्टि गरिएको थियो, उसको स्वभावको भौतिक संरचना- एक विवेकसंगत, नैतिक, स्वतन्त्र, व्यक्तिगत आत्मा । यो तथ्य अनिवार्य शर्त हो जसमा परमेश्वरलाई चिन्न सक्ने हाम्रो क्षमता साथसाथै नैतिक शासनमुनि रहन सक्ने हाम्रो क्षमता निर्भर गर्दछ । अनि यस सन्दर्भमा यो समानता अविनाशी छ ।

(२) उसलाई उहाँको स्वभावको सिद्धता र सत्यताको सन्दर्भमा परमेश्वरको स्वरूपमा सृष्टि गरिएको थियो । यसमा (क) ज्ञान (कलस्सी ३:१०), वा आत्मिक थोकहरूको सही समझको लागि क्षमता समावेश छन् । आत्मिक प्रकाशको अनुग्रहमा पापीले पुनर्जीवन पाएपछि यो पुनर्स्थापित हुन्छ । (ख) धार्मिकता र साँचो पवित्रता (एफेसी ४:२४), आत्माको अनि मुख्य भावना र इच्छाको चरित्रको सिद्ध नैतिक अवस्था ।

(३) सृष्टिको यस विखण्डको प्रमुखको रूपमा उसलाई प्रदान गरिएको मर्यादा र अख्तियारको सम्बन्धमा । उत्पत्ति १:२८ ।

पेलागियनहरूले सृष्टि गरिएको पवित्रतालाई अर्थहीन मानेका छन्; आत्माको स्थायी स्वभाव वा बानीमा नैतिक चरित्र हुनको लागि यो स्व-निर्णित हुनुपर्छ, अर्थात् इच्छाको निष्पक्ष छनोटद्वारा निर्मित । त्यसकारण तिनीहरू मान्छन् कि परमेश्वरले आदमलाई उनको स्वभावको कुनै पनि असल वा खराब प्रवृत्तिबाट पूर्णतया निष्पक्ष, नैतिक कार्यको लागि आवश्यक सबै शारीरिक तथा मानसिक क्षमतासाथ एक नैतिक कर्ता वा पात्रका रूपमा सृष्टि गर्नुभयो, र उनलाई आफ्नै नैतिक चरित्र निर्माण गर्न, उनको आफ्नै इच्छाद्वारा उनको प्रवृत्ति निर्धारण गर्न छोडिदिनुभयो । तर यो धारणा सत्य छैन, किनकि-

(१) यो अर्थहीन छ । बौद्धिक वयस्क नैतिक पात्रमा नैतिक उदासीनताको अवस्था हुनु असम्भव छ । यस्तो उदासीनता आफैमा पाप हो । यो नैतिक असलको सार हो कि यसले आत्माका इच्छा र सबै भावनाहरूलाई बाध्य बनाउँछ ।

(२) यदि परमेश्वरले मानिसलाई सकारात्मक नैतिक चरित्र प्रदान नगर्नुभएको भए, उसले कहिल्यै त्यस्तो चरित्र प्राप्त गर्न सक्ने थिएन । स्वेच्छाको भलाइ यसलाई प्रेरित गर्ने स्वभाव वा प्रेरणाको सकारात्मक भलाइबाट मात्रै उत्पन्न हुन्छ । तर यदि आदमलाई आत्माको सकारात्मक पवित्र स्वभावबिना नै सृष्टि गरिएको थियो भने, उनको पहिलो इच्छा या त अन्तर्निहित भलाइको अभावको कारण पापी भएको हुनुपर्छ, वा उत्तम भएमा उदासिनसम्म । तर यो स्पष्ट छ कि कुनै पापी वा उदासिन इच्छाले यसबाट निसृत हुने कुनै पनि स्वभाव वा बानीलाई पूर्ण पवित्र नैतिक चरित्र दिन सक्दैन ।

(३) आदमलाई "धार्मिकता र साँचो पवित्रता" मा सृष्टि गरिएको हो भनी धर्मशास्त्रले सिकाउँछ । एफेसी ४:२४ ।

(क) परमेश्वरले आफ्ना सबै कामहरू "धेरै असल" भनी घोषणा गर्नुभयो । उत्पत्ति १:३१ तर नैतिक पात्रको "असलपन" मा अनिवार्य रूपमा पवित्र चरित्र समावेश हुन्छ ।

(ख) उपदेशक ७:२९: "परमेश्वरले मानिसलाई सोझो बनाउनुभयो, तर मानिसचाहिँ अनेक परिकल्पनाको खोजीमा लागेको छ ।"

(ग) उत्पत्ति १:२७ बताइएको छ कि मानिस "परमेश्‍वरको स्वरूपमा " सृष्टि गरिएको हो, एफेसीमा ४: २४ र कलस्सी ३:१०, पुनर्जीवनमा मानिसहरू "परमेश्वरको स्वरूप" मा पुन: सृष्टि भएको घोषणा गरिएको छ । पुनर्जीवन भनेको मानव स्वभावलाई यसको सुरुको सिद्ध अवस्थामा पुनर्स्थापित गर्नु हो, त्यो स्वभावलाई नयाँ स्वरूपमा परिवर्तन गर्नु होइन । त्यसकारण नयाँ जन्ममा हामी पापमा पतनको कारण गुमेको परमेश्वरको स्वरूपमै पुनर्स्थापित हुनुपर्छ । तर त्यो स्वरूप "ज्ञान, धार्मिकता र साँचो पवित्रता" हो ।

(४) ख्रीष्ट नमूना मानिस हुनुहुन्छ (१ कोरिन्थी १५:४५, ४७), कन्याको ईश्वरीय शक्तिद्वारा प्रत्यक्ष रूपमा रचिनुभएका, पापरहित मात्र होइन, तर पवित्रताको लागि सकारात्मक रूपमा पूर्वनिर्धारित । आफ्नी आमाको गर्भमा उहाँलाई "पवित्र बालक" भनियो । लुका १:३५ ।

४. परमेश्वरले आदमलाई उनको मार्गदर्शनको लागि पर्याप्त ज्ञान प्रदान गर्नुभएको हुनुपर्छ भन्ने तथ्य आदम एक पवित्र नैतिक पात्र र परमेश्वर एक धार्मिक नैतिक शासक हुनुहुन्थ्यो भन्ने तथ्यमा निहित छ । उनका भ्रष्ट र पतित सन्तानहरूलाई समेत "कुनै बहाना छैन" किनकि उनीहरूको हृदयमा लेखिएको व्यवस्थाको कारण उनीहरूसँग पर्याप्त प्रकाश छ भनिएको छ । रोमी १:२०; २:१४, १५ । यसबाहेक, आदमले परमेश्वरबाट विशेष र प्रत्यक्ष प्रकाशको अवसर पाएका थिए अनि असल खराबको ज्ञान दिनेको रूखको फलको प्रयोगको सन्दर्भमा उनले विशेष गरी परमश्वरको इच्छाको बारेमा निर्देशन पाएका थिए । यसको बारेमा हामी विशेष गरी अध्याय ६.१ र ७.२ मा चर्चा गर्नेछौं ।

५. आदम, पवित्र र आज्ञापालनका लागि सक्षम रूपमा सृष्टि भए तापनि उनी पतन हुन पनि सम्भव थियो भन्ने कुरा घटनाबाट स्पष्ट हुन्छ । स्वर्गदूत र मानिसहरू दुवैलाई यस्तो नैतिक अवस्थामा सृष्टि गरिएको देखिन्छ । यो स्पष्ट रूपमा कुनै पनि प्राणीको स्थायी अवस्था बनोस् भन्ने उद्देश्य त्यहाँ थिएन । यो एउटा यस्तो विशेष तत्त्व पनि हो जसको हामीले अनुभव वा अवलोकनबाट कुनै ज्ञान पाउन सक्दैनौं । जसरी परमेश्वर स्वतन्त्र हुनुहुन्छ, त्यसैगरी स्वर्गदूत र महिमामा पुगेका सन्तहरू पनि स्वतन्त्र छन्, तर निश्चित रूपमा र अचूक रूपमा उनीहरूलाई पवित्रतातर्फ उत्प्रेरित गर्ने स्वभावका साथमा । शैतान र पतित

मानिसहरू पनि स्वतन्त्र छन्, तर उनीहरूको स्वभावले अनिवार्य रूपमा उनीहरूलाई दुष्टतातर्फ उत्प्रेरित गर्छ । अपूर्ण रूपमा पवित्र ख्रीष्टियन दुई विरोधाभासी अन्तर्निहित प्रवृत्तिहरूको पात्र हो, शरीरका अंगहरूमा एउटा व्यवस्था अनि आत्माको व्यवस्था । यस्तो मानिसको एउटै सुरक्षाको भावना यही हो कि ऊ "मुक्तिको लागि विश्वासद्वारा परमेश्वरको शक्तिद्वारा सुरक्षित राखिन्छ ।" यो बुँदा फेरि अध्याय ६.५ मा आउनेछ ।

## प्रश्नहरू

१. पहिलो खण्डमा सिकाइएको *पहिलो* कुरा के हो ?
२. त्यहाँ सिकाइएको *दोस्रो* कुरा के हो ?
३. *तेस्रो* कुरा के हो ?
४. *चौथो* कुरा के हो ?
५. सृष्टिका दुई वटा चरणमा के स्पष्ट भिन्नता राखिनुपर्छ ?
६. परमेश्वरले शून्यबाट तत्त्वहरू सृष्टि गर्नुभयो जसबाट विभिन्न थोकहरू बनेका छन् भन्ने विभिन्न प्रमाणहरू बताउनुहोस् ?
७. धर्मशास्त्रले सृष्टिको काम कसले गर्नुभयो भनी बताउँछ ?
८. यो काम पिताले, पुत्रले, र पवित्र आत्माले गर्नुभयो भनी धर्मशास्त्रले बताउँछ भन्ने देखाउनुहोस् ।
९. उत्पत्तिको पहिलो अध्यायले संसार र यसका बासिन्दाहरूलाई तिनीहरूको वर्तमान स्वरूपमा ल्याउन लागेको समयको बारेमा के सिकाउँछ ?
१०. यस विषयमा भूविज्ञानका आम संकेतहरू के हुन् ?
११. प्रेरित अभिलेख (बाइबल) र विज्ञानको निष्कर्षबिच के कस्तो समायोजन प्रस्ताव गरिएको छ ?
१२. यस प्रश्नको सन्दर्भमा ख्रीष्टियनहरूको वर्तमान कर्तव्य के हो ?
१३. कुन अर्थमा सबै थोकलाई "धेरै असल" भनिएको थियो ?

१४. सृष्टिमा परमेश्वरको अन्तिम लक्ष्यको सन्दर्भमा कुन दुई फरक विचारहरू राखिएका छन् ?
१५. यो प्रश्नको ठूलो महत्त्व देखाउनुहोस् ।
१६. यस विषयमा यो विश्वासको स्वीकारोक्तिको सिद्धान्त के हो, अनि यो कुन खण्डमा र कुन सन्दर्भमा सिकाइएको छ ?
१७. प्रमाणित गर्नुहोस् कि उहाँका सबै उद्देश्यहरूमा र तिनको कार्यान्वयनमा परमेश्वरको मुख्य लक्ष्य उहाँको आफ्नै महिमा हो ।
१८. दोस्रो खण्डमा सिकाइएको *पहिलो* कथन के हो ?
१९. त्यहाँ सिकाइएको *दोस्रो* कथन के हो ?
२०. त्यहाँ सिकाइएको *तेस्रो* कथन के हो ?
२१. त्यहाँ सिकाइएको *चौथो* कथन के हो ?
२२. त्यहाँ सिकाइएको *पाँचौँ* कथन के हो ?
२३. मानिसको उत्पत्तिको बारेमा के कस्ता विभिन्न विचारहरू राखिएका छन् ?
२४. मानिस परमेश्वरद्वारा प्रत्यक्ष रूपमा सृष्टि गरिएको प्रमाण दिनुहोस् ?
२५. एउटै जोडीबाट सम्पूर्ण जातिको विस्तार भएको तथ्यका बारेमा के कस्ता भिन्न विचारहरू राखिएका छन् ?
२६. यसबारेमा झूटा सिद्धान्तहरूको खण्डन गर्नुहोस् ?
२७. मानव जातिको प्रजातिगत एकता अनि आदम र हव्वाबाट यसको वंशजको प्रमाण बताउनुहोस् ।
२८. यो तथ्य किन मौलिक महत्त्वको छ भन्ने देखाउनुहोस् ।
२९. "परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो" भन्ने कथनमा कस्ता तत्त्वहरू समावेश छन् ?
३०. आदम सृष्टि गरिएको नैतिक अवस्थाको बारेमा पेलागियन सिद्धान्त के हो ?
३१. यो सिद्धान्तमा एउट व्यर्थता छ भन्ने कुरा देखाउनुहोस् ।
३२. आदमलाई सकारात्मक रूपमा पवित्र प्राणीका रूपमा सृष्टि गरिएको थियो भन्ने कुरा प्रमाणित गर्नुहोस् ।

३३. आदमलाई उनको मार्गदर्शनको लागि पर्याप्त ज्ञान उपलब्ध गराइएको थियो भन्ने देखाउनुहोस् ।

३४. एक नैतिक पात्रका रूपमा आदमको अवस्थाको विशेष विशेषता के थियो ? अनि उनको अवस्था हामीलाई जानकारी भएका वर्तमानका सबै नैतिक पात्रहरूको भन्दा कसरी फरक थियो ?

# अभ्याय ५
# (CHAPTER V)
# ईश्वरीय प्रबन्धका बारेमा
# (OF PROVIDENCES)

**खण्ड – १ सबै थोकका महान् सृष्टिकर्ता परमेश्वरले ठूलादेखि साना[104] सबै सृष्टि, कार्य र थोकहरूलाई सम्भाल्नुहुन्छ,[105] निर्देशन गर्नुहुन्छ, परिपालन गर्नुहुन्छ र शासन गर्नुहुन्छ ।[106] उहाँको सबैभन्दा बुद्धिमान् र पवित्र प्रवन्धद्वारा,[107] उहाँको अचूक पूर्वज्ञान[108] अनि उहाँको आफ्नै इच्छाको स्वतन्त्र र अपरिवर्तनीय अभिप्रायअनुसार[109] उहाँको बुद्धि, शक्ति, न्याय, भलाइ, र कृपाको महिमाको प्रशंसाको लागि उहाँले त्यसो गर्नुहुन्छ ।[110]**

परमेश्वरको अनन्त र अपरिवर्तनीय अभिप्रायले हुनआउने जुनसुकै कुरा पनि निश्चित रूपमा पूर्वनिर्धारित गरेको हुनाले, उहाँले आफ्नो सृष्टिका काममा मात्र होइन तर उसैगरी उहाँका सबै प्राणीहरू र तिनका सबै कार्यहरूमाथि आफ्नो उद्देश्यलाई उहाँको पूर्ण नियन्त्रणमा कार्यान्वयन गर्नुहुन्छ । यसकारण यस खण्डले सिकाउँछ:-

१. परमेश्वरले जुन तत्त्वबाट सबै वस्तुहरू बन्छन्, ती तत्त्वहरूलाई शून्यबाट सृष्टि गर्नुभयो, ती तत्त्वहरूलाई तिनीहरूका आ-आफ्ना गुण र शक्तिहरू दिनुभयो, अनि तिनीहरूबाट सबै जैविक र अजैविक वस्तुहरू बनाएर उहाँले तिनीहरूलाई विभिन्न गुण र क्षमताहरू प्रदान गर्नुभयो । उहाँले तिनीहरूको

---

104 हिब्रू १:३ ।

105 दानिएल ४:३४, ३५; १३५:६; प्रेरित १७: २५, २६, २८; अय्यूब ३८, ३९, ४०, ४१ ।

106 मत्ती १०:२९-३१ ।

107 हितोपदेश १५:३ भजन १०४:२४ ११४:१७ ।

108 प्रेरित १५:१८; भजन ९४:८-११;

109 एफेसी १:११; भजन ३३:१०, ११ ।

110 यशैया ६३:१४; एफेसी ३:१०; रोमी ९:१७; उत्पत्ति ४५:७; भजन ११४:७ ।

अस्तित्वको सम्पूर्ण अवधिमा ती गुणहरूको अस्तित्व र स्वामित्वमा र अभ्यासमा उनीहरूलाई कायम राख्न जारी राख्नुहुन्छ ।

२. परमेश्वरले आफ्ना प्राणीहरूका सबै कार्यहरू तिनीहरूको आ-आफ्ना गुण र सम्बन्धअनुसार निर्देशित गर्नुहुन्छ ।

३. उहाँको प्रबन्धात्मक नियन्त्रण उहाँका सबै प्राणीहरू र तिनीहरूका सबै प्रकारका सबै कार्यहरूमा फैलिएको छ ।

४. उहाँको प्रबन्धात्मक नियन्त्रण सबै हिसाबले उहाँको अनन्त, अपरिवर्तनीय र सार्वभौम उद्देश्यको सुसंगत कार्यान्वयन हो ।

५. उहाँको प्रबन्धको अन्तिम लक्ष्य उहाँको आफ्नै महिमाको प्रकटीकरण हो ।

१. आफूले बनाउनुभएका कुराहरू सम्भाल्न र कायम राख्न परमेश्वर कसरी सम्बन्धित हुनुहुन्छ भन्ने प्रश्नको सन्दर्भमा तीन वटा फरक-फरक मत प्रचलित छन्:-

(१) ईश्वरवादी (डिइस्ट) र तर्कवादीहरूले सामान्यतया परमेश्वरले उहाँका कामहरूमा कारणहरू र प्रभावहरूको शृङ्खलाको पहिलो सम्बन्धबाहेक अरू कुनै सम्बन्ध राख्नुहुन्न भ ठान्छन् । उहाँ सृष्टिमा यसको सुरुआत मा मात्र संलग्न बन्नुभयो र सबै थोकलाई आफूभन्दा बाहिरै स्थायी स्वतन्त्र दिनुभएर उहाँले तिनीहरूलाई तिनीहरूको आफ्नै क्षमताको स्वतन्त्र अभ्यासमा छोडिदिनुभयो ।

(२) सर्वेश्वरवादीहरू (प्यान्थिइस्ट) ले ब्रह्माण्डका हरप्रकारका थोकलाई एउटै ब्रह्माण्डीय तत्त्वका विभिन्न रूपहरू मात्र मान्छन् । तत्त्व एक, रूप धेरै; तत्त्व रहन्छ, रूपहरू द्रूत रूपमा एकपछि अर्को आउँछन्; तत्त्व ईश्वर हो, रूपहरूलाई हामी वस्तुहरू भन्छौं । कतिपय साँचा ख्रीष्टियन ईश्वरशास्त्रीहरूले संसारसँग परमेश्वरको सम्बन्धको सन्दर्भमा त्यस्तो दृष्टिकोण राख्छन् जुन यो ठूलो सर्वेश्वरवादी झूटाशिक्षा सँग ठ्याक्कै मेल नखाए पनि जोखिमपूर्ण रूपमा यसको नजिक आउँछ । यो दृष्टिकोण अनुसार प्रत्येक वस्तुलाई बारम्बार प्रत्येक क्षण सृजना गर्नमा परमेश्वरको शक्ति निरन्तर प्रयोग भइरहेको छ । सृष्टि गरिएका थोकहरूको आफ्नै कुनै वास्तविक अस्तित्व छैन, र तिनीहरू प्रत्येक पल सृजनात्मक उर्जाको उपजको रूपमा अवस्थित छन्; अनि त्यसकारण कुनै पनि

सृष्टिको अवस्था वा कार्यको एक क्षणको प्रत्यक्ष कारण यसको अगिल्लो क्षणको अवस्था वा कार्य होइन तर ईश्वरीय सृजनात्मक शक्तिको प्रत्यक्ष कार्य हो ।

यदि त्यसो हो भने, यो स्पष्ट छ कि परमेश्वर ब्रह्माण्डमा एक मात्र वास्तविक कर्ता हुनुहुन्छ; यसरी उहाँ सबै दुष्ट भावना, विचार र कार्यहरूसहित सबै थोकका प्रत्यक्ष कारण हुनुहुन्छ । अनि चेतना सम्पूर्ण रूपमा भ्रम हो, अनि मानिसको स्वतन्त्र पात्र वा कर्ता भाव र नैतिक जवाफदेहिता व्यर्थको कल्पना मात्रै हो ।

(३) तेस्रो दृष्टिकोण सत्य हो, र यो माथि उल्लिखित दुई चरम दृष्टिकोणको बिचमा खडा छ । यसलाई निम्नानुसार बताउन सकिन्छः-

(क) परमेश्वरले सबै भौतिक र आत्मिक दुवै तत्त्वहरूलाई वस्तुहरूका रूपमा वास्तविक र स्थायी अस्तित्व दिनुभयो ।

(ख) तिनीहरूसँग वास्तवमै त्यस्ता सबै सक्रिय र निष्क्रिय गुणहरू छन् जुन परमेश्वरले तिनीहरूलाई विभिन्न रूपमा दिनुभएको छ ।

(ग) यी गुणहरूसँग दोस्रा कारणको रूपमा वास्तविक प्रभावशारिता छ, देखिएजस्तो लाग्ने प्रभावकारिता मात्रै होइन ।

(घ) तर यी सृष्टि गरिएका पदार्थहरूमा परमेश्वरभन्दा बाहिर वास्तविक अस्तित्व भए तापनि र कारणहरूका रूपमा वास्तविक प्रभावकारिता देखाए तापनि, तिनीहरू स्व-अस्तित्ववान छैनन् । अर्थात् , तिनीहरूको निरन्तर अस्तित्वको आधार परमेश्वरमा छ, तिनीहरूमा होइन । तिनीहरूलाई परमेश्वरसँगै मिसाउनु त हुँदैन, तर तिनीहरूलाई उहाँबाट अलग पनि गरिनुहुँदैन, तर तिनीहरू "*उहाँमा* जिउँछन्, र चलहल गर्छन्, र उहाँमा तिनीहरूको अस्तित्व छ ।"

(ङ) ईश्वरीय ऊर्जाको अभ्यासको खास स्वभाव जसद्वारा परमेश्वरले ब्रह्माण्डमा आफ्नो उपस्थिति जनाउनुहुन्छ, यसलाई र यसका सबै थोकहरूलाई आफ्नो शक्तिमा समेट्नुहुन्छ, र तिनीहरूलाई अस्तित्वमा राख्नुहुन्छ, त्यो स्वभाव प्रकट गरिएको छैन र वास्तवमा त्यो अबोधगम्य छ ।

तिनीहरूलाई अस्तित्वमा राख्न अनि तिनीहरूका गुणहरूलाई अधिकार र प्रयोग गर्न उहाँले बनाउनु भएका सबै थोकहरूमा परमेश्वरले सदैव आफ्नो

सर्वशक्तिमान शक्ति अभ्यास गरिरहनुभएको छ भन्ने कुरा निम्न तथ्यबाट प्रमाणित हुन्छ-

(१) यस तथ्यबाट कि सृष्टि गरिएको कुनै पनि थोक वा प्राणी निरन्तर निर्भर रहन्छ । त्यस्तो सृष्टिको निरन्तर अस्तित्वको स्थायी कारण सधैँ परमेश्वरमा हुनुपर्छ, किनकि त्यो आफैमा त्यस्तो कारण छैन ।

(२) परमेश्वरसँग उहाँको सृष्टिको सम्बन्ध कुनै मानव कौशल निर्मित वस्तुको सम्बन्ध उक्त मानवसँग भएजस्तो हुन सक्दैन । किनिक मानिस आफ्नो कामभन्दा बाहिर हुन्छ । तर परमेश्वरको बुद्धि र शक्ति उहाँको कामको प्रत्येक तत्त्वमा सदा सर्वव्यापी हुन्छ ।

(३) निरन्तर अस्तित्व, शक्ति, र आशिषित अवस्था वा आनन्दको लागि परमेश्वरमा पूर्ण निर्भरताको भावना सबै मानिसको धार्मिक चेतनामा अंकित छ ।

(४) यो कुरा धर्मशास्त्रमा स्पष्ट रूपमा सिकाइएको छ: "उहाँद्वारा सबै थोकहरू छन् ।" कलस्सी १:१७. "उहाँले आफ्नो शक्तिको वचनद्वारा सबै थोकलाई सम्हाल्नुहुन्छ ।" हिब्रू १:३ । "उहाँमा हामी जिउँछौं, चलहल गर्छौं र उहाँमै हाम्रो अस्तित्व छ ।" प्रेरित २७:२८ । "हाम्रा परमेश्वरको स्तुति गर...उहाँले हाम्रा जीवनलाई सुरक्षित राख्नुभएको छ ।" भजन ६४:८, ९; ६३:८; ३६:६ ।

२. परमेश्वरले आफ्ना सृष्टिहरूका कार्यहरू नियन्त्रण गर्नुहुन्छ; अनि

३. उहाँको शासन उहाँका सबै सृष्टि र तिनीहरूका सबै कार्यहरूसम्म विस्तारित छ भन्ने कुरा निम्नअनुसार प्रमाणित हुन्छ, -

(१) मानिसको धार्मिक स्वभावले यो सत्यताको पहिचानको माग गर्दछ भन्ने तथ्यद्वारा । सबै धार्मिक भावनामा यस्तो निर्भरता र नैतिक शासनको अधीनताको भावना संलग्न हुन्छ अनि यो कुरालाई सबै धर्महरूले मान्यता दिन्छन् ।

(२) यो बाहिरी प्रकृतिको सञ्चालनमा सबैतिर मौजुद बुद्धिमत्ताका संकेतहरूमा प्रमाणित हुन्छ । मिलाप, उचित अनुपात र कार्यहरूको उत्कृष्ट सुसंगति, जुन निरन्तर परिवर्तनहरूको क्रममा धेरै तत्त्वहरूबिच जारी रहन्छ, तिनले त्यहाँ सबैलाई अँगाल्ने र प्रत्येकलाई निर्देशित गर्ने बुद्धिमत्ता छ भन्ने कुरा स्पष्ट रूपमा प्रमाणित गर्छन् ।

(३) लामो समय र विशाल क्षेत्रहरूमा असंख्य पात्रहरूलाई समेट्ने मानव इतिहासको विकासमा स्पष्ट रूपमा पालन गरिएको बौद्धिक ढाँचामा पनि त्यस्तै संकेत पाइन्छ, "इतिहासमा परमेश्वर हुनुहुन्छ" भन्ने निष्कर्ष साँचो विज्ञानको तथा सत्य धर्मको निष्कर्ष हो ।

(४) धर्मशास्त्र मा पूरा भएका र पूरा हुन बाँकी भविष्यवाणीहरू अनि प्रतिज्ञा र चेताउनीहरू प्रशस्त छन् । यी मध्येधेरै सामान्य सिद्धान्तहरूका कथन मात्रै होइनन्, तर तिनीहरूको आचरणको आधारमा व्यक्तिहरूप्रतिको उहाँको व्यवहारको सन्दर्भमा उद्देश्यका विशिष्ट घोषणाहरू हुन् । यिनीहरूको पूर्तिलाई प्रकृतिको सामान्य मार्गमा छोड्न सकिँदैन, किनकि त्यहाँ प्रतिज्ञा गरिएको चेताउनी र तिनीहरू अडेका शर्तहरूका बिचमा कुनै प्राकृतिक सम्बन्ध हुँदैन । त्यसकारण, परमेश्वरले सबै थोकको प्रणालीको निरन्तर नियमनद्वारा आफ्ना सृष्टिहरूलाई उहाँको आफ्नै वचन कार्यान्वयन गर्नुपर्छ ।

(५) धर्मशास्त्रले स्पष्ट रूपमा घोषणा गर्दछ कि यी कुरामाथि यस्तो ईश्वरीय प्रबन्धात्मक नियन्त्रण लागु गरिएको छ- (क) भौतिक संसारमामाथि । [क] आम रूपमा । अय्यूब ३७:६-१३; भजन १०४:१४; १३५:६, ७; १४७:१५-१८ । [ख] जति सानातिना भए तापनि प्राकृतिक संसारका विशिष्ट घटनाहरूमाथि । मत्ती १०:२९ । (ख) आकस्मिक घटनाहरूमाथि । अय्यूब ५:६; हितोपदेश १६:३३ । (ग) पशुपक्षीहरूमाथि । भजन १०४:२१-२७; १४७:९ । (घ) मानिसहरूका आम मामिलाहरूमाथि । अय्यूब १२:२३; यशैया १०: १२-१५; दानिएल २:२१; ४:२५. (ङ) व्यक्तिहरूका परिस्थितिहरूमाथि । १ शमुएल २:६-८; हितोपदेश १६:९; याकुब ४:१३-१५ । (च) मानिसहरूका स्वतन्त्र कार्यहरूमाथि । प्रस्थान १२:३६; भजन ३३:१४, १५; हितोपदेश २९:२१; २१:१; फिलिप्पी २:१३ । (छ) मानिसहरूका पापपूर्ण कार्यहरूमाथि । २ शमुएल १६:१०; भजन ७६:१०; प्रेरित ४:२७, २८ । (ज) विशेषगरी सिद्धान्तमा वा कार्यमा मानिसमा जे असल छ, त्यसको लागि परमेश्वरको निरन्तर कृपालु नियन्त्रणलाई श्रेय दिइएको छ । फिलिप्पी २:१३; ४:१३; २ कोरिन्थी १२:९, १०; एफेसी २:१०; भजन ११९:३६; गलाती ५:२२-२५ ।

४. परमेश्वरद्वारा सबै थोकमाथि प्रवन्धात्मक नियन्त्रणचाहिँ समयको बिन्दुमा उहाँको अनन्त र अपरिवर्तनीय उद्देश्यको निरन्तर कार्यान्वयन हो भन्ने कुरा निम्न आधारमा स्पष्ट हुन्छ

(१) मुद्दाको कथनबाट । परमेश्वरको अनन्त उद्देश्य हुन आउने सबै कुरासँग सम्बन्धित हुने तिनलाई निर्धारण गर्ने भएकाले अनि यो अपरिवर्तनीय भएकाले, सबै थोकमाथि उहाँको प्रबन्धात्मक नियन्त्रण उहाँको उद्देश्यको कार्यान्वयनमा हुनुपर्छ । अनि उहाँको उद्देश्य अनन्त रूपमा बुद्धिमान्, धर्मी, र भलो र पूर्ण रूपमा सार्वभौम भएको हुनाले (माथि देखाइएझैँ), उहाँको अभिप्रायको प्रबन्धात्मक कार्यान्वयनमा पनि उही विशेषताहरू हुनुपर्छ । (२) यही कुरा धर्मशास्त्रमा स्पष्ट रूपमा घोषणा गरिएको छ: "उहाँले सबै कुरा आफ्नै इच्छाको अभिप्राय अनुसार गर्नुहुन्छ ।" एफेसी १:११; यशैया २८:२०; प्रेरित १५:१८ ।

५. यो स्पष्ट छ कि उहाँको अनन्त उद्देश्यमा र उहाँको सृष्टिका कार्यहरूमा परमेश्वरको मुख्य उद्देश्य नै उहाँका सबै ईश्वरीय व्यवस्थाहरूमा उहाँको मुख्य लक्ष्य पनि हुनुपछ । यो उहाँको आफ्नै महिमाको प्रकटीकरण हो भनेर माथि देखाइएको छ । यो उहाँको ईश्वरीय प्रबन्धको अन्तिम लक्ष्य हो भन्ने कुरा पनि प्रत्यक्ष रूपमा बताइएको छ । रोमी ९:१७; ११:३६ ।

## खण्ड – २ पहिलो कारणका रूपमा परमेश्वरको पूर्वज्ञान र अभिप्रायको सम्बन्धमा सबै थोक अपरिवर्तनीय र अचूक रूपमा हुन आउँछन्;[111] तापनि, उही प्रबन्धद्वारा उहाँले तिनीहरूलाई या त अनिवार्य रूपमा , स्वतन्त्र रूपमा , वा आकस्मिक रूपमा दोस्रो कारणहरूको स्वभावअनुसार हुनआउने आदेश दिनुहुन्छ ।[112]

## खण्ड – ३ परमेश्वरले आफ्नो सामान्य प्रबन्धमा माध्यहरू प्रयोग गर्नुहुन्छ,[113]

[111] प्रेरित २:२३ ।

[112] उत्पत्ति ८: २२; यर्मिया ३१:३५; प्रस्थान २१:१३; व्यवस्था १९:५ । १ राजा २२:२८, ३४; यशैया १०:६, ७ ।

[113] प्रेरित २७:३१, ४४; यशैया ५५:१०, ११; होशे २:२१, २२ ।

**तर उहाँको इच्छामा तिनीहरूबिना,[114] तिनीहरूमाथि,[115] र तिनीहरूको विरुद्धमा[116] समेत काम गर्न स्वतन्त्र हुनुहुन्छ ।**

यी खण्डहरूले सिकाउँछन्:-

१. एक अनन्त र सार्वभौम उद्देश्यको कार्यान्वयनको रूपमा , प्रत्येक प्राणी र घटनाको मामिलामा परमेश्वरको प्रबन्धक नियन्त्रण निश्चित रूपमा प्रभावकारी छ ।

२. उहाँले आफ्ना प्राणीहरू र तिनीहरूका कार्यहरूलाई नियन्त्रण गर्ने तरिका र तिनीहरूद्वारा आफ्ना उद्देश्यहरूलाई पूरा गर्ने तरिका प्रत्येक अवस्थामा प्राणीको प्रकृति र उहाँको कार्यसँग पूर्ण रूपमा मेल खान्छ ।

३. परमेश्वरले सामान्यतया आफ्ना उद्देश्यहरू माध्यमहरूबाट पूरा गर्नुहुन्छ; अर्थात् उहाँको नियन्त्रणमा रहेका दोस्रा पात्रहरूमार्फत ।

४. तर उहाँसँग उहाँको सामर्थ्यको प्रत्यक्ष शक्तिद्वारा आफ्नो उद्देश्यलाई सिधै प्रभाव पार्ने शक्ति छ र कहिलेकहीँ उहाँको सार्वभौम इच्छामा त्यसो गर्नुहुन्छ ।

१. परमेश्वरले आफ्ना सबै प्राणीहरू र तिनीहरूका सबै कार्यहरूमाथि प्रयोग गर्ने ईश्वरीय नियन्त्रण सधैँ निश्चित रूपमा प्रभावकारी हुन्छ भन्ने कुरा निम्नानुसार छ: (१) उहाँको आफ्नै असीम बुद्धि र शक्तिबाट । (२) पहिल्यै प्रमाणित तथ्यबाट कि उहाँको अनन्त उद्देश्यले घट्न आउने सबैको घटना निर्धारण गर्छ, अनि अपरिवर्तनीय र निश्चित रूपमा प्रभावकारी हुन्छ । (३) यो तथ्यलाई धर्मशास्त्रमा स्पष्ट रूपमा घोषणा गरिएको छ । अय्यूब २३:१८; भजन ३३:११; विलाप २:१७ ।

२. परमेश्वरले आफ्ना सृष्टिहरू र तिनीहरूका कार्यहरूलाई नियन्त्रण गर्ने र तिनीहरूद्वारा उहाँका उद्देश्यहरू पूरा गर्ने तरिका प्रत्येक मामिलामा प्राणीको स्वभाव र उहाँको कार्यशैलीसँग पूर्ण रूपमा मेल खान्छ, भन्ने कुरा निश्चित छ-

(१) यस तथ्यबाट कि परमेश्वरले आफ्नो सृष्टि र प्रबन्धका कामहरूमा उही अनन्त, स्वयं-सुसंगत उद्देश्यका विभिन्न खण्डहरू कार्यान्वयन गर्नुहुन्छ । उही

---

[114] होशे १:७ । मत्ती ४:४; अय्यूब ३४:१० ।

[115] रोमी ४:१९-२१ ।

[116] २ राजा ६:६; दानिएल ३:२७ ।

अपरिवर्तनीय योजनाको कार्यान्वयनमा परमेश्वरले पहिले सबै थोक सृष्टि गर्नुभयो, यसलाई यसका गुणहरू प्रदान गर्नुभयो, यसको कार्य विधि र अन्य सबै चिजहरूमा यसको पारस्परिक सम्बन्ध निर्धारण गर्दछ, अनि पछि पनि यसलाई यसको गुणहरूको स्वामित्व कायम राख्न र तिनीहरूको प्रयोगमा मार्गदर्शन गर्न जारी राख्छ । जसरी परमेश्वर सधैँ आफ्नै योजनामा एकरूप हुनुपर्छ, त्यसैगरी त्यस योजनाद्वारा तिनीहरूको अस्तित्व र विधान निर्धारण गरिएका प्राणीहरूमा उहाँको कार्यशैली सधैँ तिनीहरूको स्वभाव र यसरी निर्धारित कार्यको शैलीसँग एकरूप हुनुपर्छ ।

(२) हाम्रो साझा अनुभव र अवलोकनले पनि यही तथ्य प्रमाणित हुन्छ । हामी स्वतन्त्र पात्रका रूपमा हाम्रो विधानको कानुनअनुसार स्वतन्त्र रूपमा काम गर्न सचेत छौं । (अगमवक्ताहरू र प्रेरितहरूका लेखहरूमा पनि, जसले तिनीहरूको शब्द चयनलाई समेत अचम्म रूपमा सही तुल्याउँदै एक विशिष्ट ईश्वरीय प्रभावमुनि रहेर लेखे, हामी स्पष्ट रूपमा देख्न सक्छौं कि ती लेखकहरूका विशेषताको सहज अभिव्यक्तिलाई न त छायामा पारियो न त जबरजस्ती गरियो । ) भौतिक र पशु जगतमा पनि प्रत्येक वस्तुले परिवर्तित परिस्थितिहरूमा यसको प्रकृतिको स्थायी नियमअनुसार निरन्तर कार्य गरेको देखिन्छ ।

(३) यससँग पूर्ण संगतिमा, हामी भौतिक संसारमा, व्यक्तिगत मानिसहरूको जीवनमा, र सम्पूर्ण मानव इतिहासमा उद्देश्य पूरा गर्नको लागि तत्त्व र पात्रहरूको समायोजन र संयोजनका स्पष्ट प्रमाणहरू देख्छौं । सैद्धान्तिक रूपमा यो मानिसले आफ्नो उद्देश्य पूरा पार्न प्राकृतिक पात्रहरूलाई नियन्त्रण गर्ने विधिहरू जस्तै हो, यद्यपि यो मानिसले गरेभन्दा धेरै सिद्ध हुन्छ । यदि प्रकृतिका नियमहरू र वस्तुका गुणहरू अपूर्ण रूपमा बुझिँदा समेत मानिसको प्रबन्धको अधीनमा ल्याउन सकिन्छ भने, यो कुरा विश्वास गर्न पक्कै पनि कुनै कठिनाई हुन सक्दैन कि ती परमेश्वरको अझै धेरै नियन्त्रणमा छन् जसले तिनीहरूलाई बुझ्नु मात्रै हुन्न तर तिनीहरू उहाँको उद्देश्यको अधीनमा रहन सकून् भनेर तिनीहरूलाई बनाउनुभएको थियो । यो परमेश्वरको समायोजनको सिद्धता नै हो कि प्रत्येक घटना साथै आम परिणामहरू उहाँको अभिप्रायद्वारा निर्धारण गरिन्छन् । मानव आत्माले पनि स्वतन्त्र कर्ताको अभ्यासमा आवश्यकता बाहेक आफ्नै कानुन

अनुसार कार्य गर्दछ तर निश्चितता बाहेक त होइन । स्वतन्त्र कार्यको मूल आत्मामा नै छ । तापनि, यी अन्य मानिसहरूको प्रभावबाट कर्ता वा पात्रको स्वतन्त्रतामा हस्तक्षेप नगरी प्रभावित हुन्छन् भने, तिनीहरू पक्कै पनि अनन्त बुद्धिमत्ताको नियन्त्रणभन्दा बाहिर रहन सक्दैनन् जो स्वयंले आत्मा सृष्टि गर्नभयो छ अनि सबै अवस्थाहरू निर्धारण गर्नुभएको छ जस अन्तर्गत यसको चरित्र निर्माण भएको छ र यसका गतिविधिहरू अभ्यास गरिएको छ ।

३. परमेश्वरले सामान्यतया आफ्नो उद्देश्यलाई माध्यमहरूद्वारा पूरा गर्नुहुन्छ, अर्थात् दोस्रो कारणका पात्रहरूमार्फत जुन उहाँको नियन्त्रणको अधीनमा हुन्छन् भन्ने कुरा निम्त आधारमा पनि स्पष्ट छ-

(१) यस तथ्यबाट कि उहाँले सुरुमा उनीहरूलाई अस्तित्व र गुणहरू दिनुभयो, अनि यिनै उद्देश्यहरूको कार्यान्वयनमा तिनीहरूको सम्बन्ध समायोजन गर्नुभयो । सृष्टि र ईश्वरीय प्रबन्धमा एउटै ढाँचा पछ्याइएको छ । त्यसकारण सृष्टिमा उपलब्ध गराइएका साधनहरू अनि सुरु गरिएका प्रक्रियाका विधिहरू प्रबन्धका पछिल्ला चरणहरूमा निरन्तर रूपमा पछ्याइनुपर्छ ।

(२) विश्वव्यापी अनुभव र अवलोकनले पनि हामीलाई त्यही तथ्य सिकाउँछन् । साधारण प्रबन्धमा र अनुग्रह प्रदानको अलौकिक प्रशासनमा, भौतिक प्रकृतिको क्षेत्रमा अनि बुद्धिमान् र जिम्मेवार पात्रहरूको नैतिक शासनमा, हामीले देखेको पूर्ण संसारको शासनमा अनि विगतमा पृथ्वी र संसारहरूको गठनको सारा इतिहासमा, परमेश्वरले विश्वव्यापी रूपमा आफ्ना उद्देश्यहरू दोस्रो कारणहरूका पात्रहरूमार्फत पूरा गर्नुहुन्छ, जुन उहाँका सर्वव्यापी आत्माद्वारा यही लक्ष्यका लागि समायोजन गरिएका, जोडिएका, सम्भालिएका र प्रभावकारी तुल्याइएका हुन्छन् ।

(३) सृष्टिकर्ता र बुद्धिमान् सृष्टि बिचको सञ्चारको माध्यमको रूपमा अनि सृष्टिको बौद्धिक र नैतिक शिक्षाका लागि प्रकृतिको स्थापित व्यवस्थालाई समाहित गर्ने र लक्ष्यका लागि साधनहरूको बुद्धिमतापूर्ण अनुकूलनमा चल्ने एक प्रणाली आवश्यक छ । यसरी मात्रै बुद्धि, धार्मिकता वा भलाइका ईश्वरीय गुणहरू प्रयोग वा प्रकट गर्न सकिन्छ; अनि यसरी मात्रै स्वर्गदूत वा मानिसले परमेश्वरको

चरित्र बुझ्न सक्छन्, उहाँको इच्छाको अनुमान गर्न सक्छन्, वा समझदारीपूर्वक र स्वेच्छासाथ परश्वरको योजनासँग सहकार्य गर्न सक्छन् ।

४. दोस्रा कारणहरूको हस्तक्षेपबिना नै परमेश्वरसँग आफ्नो लक्ष्य प्रत्यक्ष रूपमा पूरा गर्ने शक्ति छ भन्ने कुरा स्वयं स्पष्ट छ । साथ, उहाँले कहिलेकहीँ आफ्नो सार्वभौम इच्छामा यो शक्ति प्रयोग गर्नुहुन्छ भन्नेबारे स्पष्ट र सन्तोषजनक प्रमाण पाइन्छ ।

(१) परमेश्वरले सबै दोस्रा कारणहरू सृष्टि गर्नुभयो र तिनीहरूलाई तिनीहरूका गुणहरू प्रदान गर्नुभयो, अनि तिनीहरू उहाँको इच्छाका साधन बन्न सकून् भनेर तिनीहरूलाई अस्तित्वमा राख्न जारी राख्नुहुन्छ, तिनीहरूको सबै प्रभावकारिता उहाँबाट आएको हो । उहाँले तिनीहरूद्वार जे गर्न सक्नहुन्छ, उहाँले तिनीहरूबिना प्रत्यक्ष रूपमा पनि त्यो काम गर्न सक्नुहुन्छ, अनि तिनीहरूलाई उहाँको इच्छाअनुसार सीमित गर्न, परिमार्जन गर्न वा तिनलाई उल्ट्याउन सक्नुहुन्छ ।

(२) परमेश्वरको शक्तिले वास्तवमा प्रकृतिका सबै सामान्य प्रक्रियाहरूमा काम गर्छ अनि उहाँको इच्छा प्राकृतिक नियममा व्यक्त गरिएको छ; तर यसको अर्थ उहाँको सम्पूर्ण शक्ति ती प्रक्रियाहरूमा प्रयोग भएर समाप्त हुन्छ भन्ने होइन, न त उहाँको सम्पूर्ण इच्छा ती नियमहरूमा व्यक्त हुन्छ । आफ्नो अनन्त र अपरिवर्तनीय उद्देश्यहरूको कार्यान्वयनमा दोस्रा कारणहरूको प्रणालीलाई त्यसैअनुसार उहाँको नियमित साधनको रूपमा प्रयोग गरेर अनि यसै बिचमा उहाँको शक्ति र उहाँका इच्छाका घोषणाहरूको स्वतन्त्र अभ्यासद्वारा उहाँका अलौकिक विशेषाधिकार र शक्तिहरू प्रकट गर्दै परमेश्वर असीम रूपमा महान् रहनुहुन्छ ।

(३) साधन र कानुनको सामान्य प्रणालीको सम्बन्धमा कहिलेकहीँ परमेश्वरको शक्तिको प्रत्यक्ष अभ्यास आवश्यक देखिन्छ । दोस्रा कारणहरू सृजना गर्न र पात्रका रूपमा तिनिहरूको काम सुरुआत गर्नका लागि मात्रै होइन, तर पछि पनि उहाँको नैतिक शासनका पात्रहरूलाई उहाँको स्वतन्त्र व्यक्तित्व र तिनीहरूका मामिलामा उहाँको प्रत्यक्ष चासो प्रकटीकरण गर्न । जे भए तापनि कहिलेकहीँ यस्तो प्रत्यक्ष कार्य र प्रकटीकरण मानिस जस्ता प्राणीको शिक्षाको

लागि उसको वर्तमान अवस्थामा निश्चय नै आवश्यक छ । कतिपयले आपत्ति जनाएका छन् कि दोस्रो कारणहरूको स्वभाविक कार्यमा हस्तक्षेप गर्ने आश्चर्यकर्महरू वा ईश्वरीय शक्तिका प्रत्यक्ष कार्यहरू परमेश्वरको असीम सिद्धताहरूसँग असंगत छन्, किनकि तिनीहरूले या त उहाँको उद्देश्यको अस्थिरता वा अदलीबदलीलाई संकेत गर्छन्, या त उहाँले सुरुमा चाहनुभको लक्ष्य पूरा गर्नका लागि उहाँको सृष्टिमा रहेको अपर्याप्ततालाई संकेत गर्छन् । तथापि, यो स्मरण गर्नुपर्छ कि परमेश्वरको अनन्त र अपरिवर्तनीय योजनामा सुरुदेखि नै प्रकृतिको सामान्य प्रकृयाका साथसाथै आश्चर्यकर्मलाई समेटिएको थियो । ईश्वरीय शक्तिद्वारा बिनासाधन गरिएको कुनै आश्चर्यकर्म आफैमा कुनै लक्ष्यको लागि योजनाको एउटा माध्यम र खण्ड हो । सबै प्राकृतिक नियमको जन्म परमेश्वरबाटै हुन्छ, अनि यो कुनै उद्देश्यलाई प्रभाव पार्ने उहाँको इच्छाको अभिव्यक्ति हो । यो शब्दको यो उच्चतम र सर्वसमावेशी अर्थमा, आश्चर्यकर्महरू पनि नियमअनुसार नै हुन्छन्- तिनीहरू घटित हुने काम परमेश्वरको अनन्त योजनाद्वारा निश्चित गरिएको हुन्छ । अनि तिनीहरूले निश्चित व्यक्तिहरूसँग सञ्चार गर्ने र तिनलाई शिक्षा दिने उहाँको माध्यमको रूपमा निश्चित लक्ष्यहरू पूरा गर्छन् । तिनीहरू कुनै अर्थमा प्रकृतिको क्रमको उल्लङ्घन होइनन्, तर नयाँ शक्ति र ईश्वरीय इच्छाको आकलझुकल प्रकटीकरण मात्रै हुन् जुन अनन्त रूपमा पूर्वनिर्धारित गरिएका हुन्छन् । प्रकृतिको क्रम ईश्वरीय इच्छाको एक साधन मात्र हो, अनि एक उच्च नैतिक शासनको एउटा उपकरण मात्रै जसलाई सहायता गर्न आश्चर्यकर्महरू गरिन्छन् । यसरी प्रकृतिको क्रम र आश्चर्यकर्महरू आपसमा द्वन्द्वमा नभई, एक बृहत् प्रणालीका घनिष्ठ रूपमा सहसंबद्ध तत्त्वहरू हुन् ।

**खण्ड – ४ सर्वशक्तिमान शक्ति, अगम्य बुद्धि, र परमेश्वरको असीम भलोपन उहाँको प्रबन्धमा यसरी प्रकट हुन्छन् कि तिनले मानिसको पहिलो पतन अनि स्वर्गदूतहरू र मानिसहरूका अन्य सबै पापहरूलाई समेत**

**समेट्छन्,[117] त्यो पनि अनुमतिद्वारा मात्रै होइन ।[118] तर यो अति बुद्धिमान् र शक्तिशाली संयोजनद्वारा,[119] अनि तिनीहरूलाई व्यवस्थित र शासन गर्ने काममा विभिन्न प्रबन्धमा, उहाँका आफ्नै पवित्र उद्देश्यहरूका लागि;[120] तापनि यसरी कि पापीपन सृष्टिबाट मात्र निसृत हुन्छ, परमेश्वरबाट होइन, जो अति पवित्र र धर्मी हुनुभएकाले न त पापका कर्ता न त अनुमोदनकर्ता हुन सक्नुहुन्छ ।[121]**

यो खण्डले नैतिक ब्रह्माण्डमा पापको उत्पत्तिमा र उहाँका सृष्टिहरूका पापी कार्यहरूको नियन्त्रणमा उहाँका उद्देश्यहरू पूरा गर्ने सम्बन्धमा परमेश्वर प्रबन्धात्मक कार्यहरूको प्रकृतिलाई व्याख्या गर्न कुनै प्रयास गर्दैन । यसले धर्मशास्त्रमा प्रकट गरिएका उहाँका सृष्टिहरूका पापहरूसँग उहाँको प्रबन्धहरूको सम्बन्धको सन्दर्भमा महत्त्वपूर्ण तथ्यहरू मात्र बताउँछ । यी बुँदाहरू हुन्-

१. परमेश्वरले पापी कार्यहरूलाई अनुमति मात्रै दिनुहुन्न, तर उहाँले आफ्नै उद्देश्यहरूको निर्धारणका लागि तिनीहरूलाई निर्देशन र नियन्त्रण गर्नुहुन्छ ।

२. तथापि यी कार्यहरूको पापीपन पाप गर्ने पात्रबाट मात्र निसृत हुन्छ अनि कुनै पनि मामिलामा परमेश्वर पापका कर्ता वा अनुमोदनकर्ता हुनुहुन्न ।

१. अरू सबै कुरा जस्तै, पापमय कार्यहरू पनि परमेश्वरको अनुमतिद्वारा मात्रै हुनआउँछन् अनि उहाँको उद्देश्यअनुसार हुन्छन्, ताकि मानिसहरूले दुष्टतापूर्वक जुन काम गर्छन् ती काम हुनआउनका लागि परमेश्वरले प्रबन्ध गर्नुभएको थियो भनी धर्मशास्त्रमा घोषणा गरिएको छ । उत्पत्ति १४: ४, ५; प्रस्थान ७:१८; १४:१७; प्रेरित २:२८; ३:१८; ४:२७, २८ । अनि उहाँले मानिसहरूलाई

---

117 रोमी ११:३२-३४; २ शमुएल २४:१; १ इतिहास २१:१; १ राजा २२:२२, २३ ; १ इतिहास १०:४, १३, १४ । २ शमुएल २६:१०; प्रेरित २:२३; ४:२७, २८ ।

118 प्रेरित १४:१६ ।

119 भजन ७६:१०; २ राजा १९:२८ ।

120 उत्पत्ति ५०:२०; यशैया १०:६, ७, १२ ।

121 याकुब १:१३, १४, १७; १ युहन्ना २:१६; भजन ५०:२१ ।

तिनीहरूका पापहरूमा निरन्तर रोकटोक र नियन्त्रण गर्नुहुन्छ, भजन ७६:१०; २ राजा १९:२८; यशैया १०:१५; अनि भलाइको लागि तिनीहरूका पापहरूलाई उल्टाउनुहुन्छ, प्रेरित ३:१३; उत्पत्ति ५०:२० ।

२. परमेश्वरको प्रबन्धले पाप गराउनु वा अनुमोदन गर्नुको सट्टा, यसलाई सकारात्मक कानुनद्वारा निषेध गर्न, धम्की र वास्तविक दण्डहरूद्वारा यसलाई निरुत्साहित गर्न, यसलाई नियन्त्रण गर्न र यसलाई आफ्नै प्रकृतिको विरुद्धमा असलतर्फ लगाउन निरन्तर कार्य गरिरहेको छ ।

**खण्ड – ५ अति बुद्धिमान्, धर्मी र अनुग्रही परमेश्वरले प्रायः आफ्ना छोराछोरीहरूलाई विभिन्न परीक्षाहरू र तिनीहरूका आफ्नै हृदयको भ्रष्टता छोडिदिनुहुन्छ, तिनीहरूलाई तिनीहरूका पुराना पापहरूको लागि दण्ड दिन, वा तिनीहरूसामु भ्रष्टताको लुकेको शक्ति र तिनीहरूको हृदयको छल प्रकट गरिदिनका लागि, ताकि तिनीहरू विनम्र हुन सकून् ।[122] अनि तिनीहरूलाई उहाँमाथिको अझै घनिष्ठ र निरन्तर निर्भरतामा उचाल्नको लागि र तिनीहरूलाई भविष्यमा हुने पापका सबै अवस्थाहरू विरुद्ध अझ सतर्क बनाउनका लागि र धेरै अन्य उचित र पवित्र उद्देश्यका लागि समेत उहाँले त्यसो गर्नुहुन्छ ।[123]**

**खण्ड – ६ ती दुष्ट र अधर्मी मानिसहरूका सम्बन्धमा जसलाई परमेश्वरले एक धर्मी न्यायकर्ताका रूपमा पहिलेका पापहरूको कारण दृष्टिबिहीन (बेसमझ) र कठोर बनाइदिनुहुन्छ,[124] तिनीहरूबाट उहाँको अनुग्रहलाई रोकेर मात्रै होइन, नत्रता तिनीहरूले आफ्नो समझमा बुद्धिमान् बन्न सक्थे र तिनीहरूको हृदयमा काम गर्न सक्थे;[125] तर कहिलेकहीँ तिनीहरूसँग**

[122] २ इतिहात ३२:२५, २६, ३१; २ शमुएल २४:१ ।
[123] २ कोरिन्थी १२:७-९; भजन ७३; ७७:१, १०, १२ मर्कुस १४:६६ देखि अन्त्यसम्म; युहन्ना २१:१५-१७ ।
[124] रोमी १:२४, २६, २८ ; ११:७, ८ ।
[125] व्यवस्था २९:४ ।

**भएका वरादनहरू पनि फिर्ता लिनुहुन्छ,[126] र तिनीहरूलाई त्यस्ता कुराको सम्पर्कमा ल्याइदिनुहुन्छ जहाँ तिनीहरूको भ्रष्टताले पापको अवसर पाउँछ ।[127] अनि उहाँले तिनीहरूलाई तिनीहरूको आफ्नै अभिलाषा, संसारको परीक्षा र शैतानको शक्तिमा सुम्पिदिनुहुन्छ,[128] जसद्वारा तिनीहरूले त्यस्ता साधनहरूअन्तर्गत समेत आफैलाई कठोर बनाउँछन् जसलाई परमेश्वरले अरूलाई विनम्र बनाउन प्रयोग गर्नुहुन्छ ।[129]**

## खण्ड – ७ परमेश्वरको प्रबन्धले सामान्यतया सबै सृष्टिलाई समेटझैँ, विशेष रूपमा यसले उहाँको मण्डलीको वास्ता गर्छ अनि त्यसको भलाइको निम्ति सबै थोक परिचालन गर्छ ।[130]

हामीले देखेका छौं कि परमेश्वरको प्रबन्धक शासन, जुनचाहिँ उहाँको अनन्त र अपरिवर्तनीय उद्देश्यलाई समयको बिन्दुमा कार्यान्वयन गर्ने काम हो, त्यो एक अन्तरसम्बन्धित प्रणाली हो अनि त्यसले सृष्टि गरिएका सबै थोक र तिनीहरूका सबै कार्यहरूलाई समेट्दछ । यससँग पूर्ण सहमतिमा, यी खण्डहरूले सिकाउँछन्:-

१. प्रत्येक प्राणीलाई यसको प्रकृति अनुसार अंगाल्ने र व्यवहार गर्ने परमेश्वरको आम प्रबन्ध एउटा प्रणाली भए तापनि यसले विभिन्न अधीनस्थ प्रणालीहरूलाई एक समग्रताका खण्डहरूका रूपमा घनिष्ठ रूपमा समेटेको छ । तथापि ती विभिन्न प्रणालीहरू आफ्नो प्रशासनका विधिहरूमा र तत्कालको लागि तोकिएको लक्ष्यका सन्दर्भमा भिन्न छन् । यीमध्ये प्रमुख केही यसप्रकार छन्, भौतिक ब्रह्माण्डमाथि परमेश्वरको प्रबन्ध; बौद्धिक ब्रह्माण्डमाथि परमेश्वरको

---

126 मत्ती १३:१२; २५:२९ ।

127 व्यवस्था २:३०; २ राजा ८:१२, १३ ।

128 भजन ८१:११, १२; २ थेसलोनिकी २:१०-१२ ।

129 प्रस्थान ७:३; ८:१५, ३२; २ कोरिन्थी २:१५, १६; यशैया ८:१४; १ पत्रुस २:७, ८; यशैया ६:९, १०; प्रेरित २८:२६, २७ ।

130 १ तिमोथी ४:१०; आमोस ९:८, ९; रोमी ८:२८; यशैया ४३:३-५, १४ ।

आम नैतिक शासन; यस संसारमा आम रूपमा मानव जातिमाथि परमेश्वरको नैतिक शासन; अनि उहाँको मण्डलीको लागि परमेश्वरको प्रबन्धको विशेष अनुग्रही व्यवस्था ।

२. यी खण्डहरूले यो पनि सिकाउँछन् कि यी धेरै प्रबन्धहरूका विभिन्न प्रणालीहरूका बिचमा एकअर्काप्रति अधिनताको सम्बन्ध रहेको छ जुन तिनीहरूलाई समावेश गर्ने बृहत् प्रणालीमा एक साधनका रूपमा रहन्छन् । यसरी भौतिक ब्रह्माण्डको प्रबन्धकारी प्रशासन लक्ष्यको माध्यमको रूपमा परमेश्वरको नैतिक प्रशासनको अधीनस्थ छ जुन उहाँले आफ्ना बुद्धिमान् प्राणीहरूमाथि लागु गर्नुहुन्छ जसको निवास, निर्देशन र विकासको लागि भौतिक ब्रह्माण्ड सृष्टि गरिएको थियो । यसरी आम मानवजातिमाथि परमेश्वरको प्रबन्धात्मक शासन उहाँको मण्डलीप्रतिको उहाँको अनुग्रही प्रबन्धको लक्ष्यका लागि साधनका रूपमा अधीनस्थ छ, जसद्वारा उहाँले यसलाई हरेक जाति र राष्ट्रहरूबाट भेला गर्नुहुन्छ, अनि सबै थोकलाई तिनीहरूको भलाइको लागि काम गर्न लगाउनुहुन्छ जो उहाँको उद्देश्यअनुसार बोलाइएका छन् (रोमी ८:२८), साथै निश्चय नै सम्पूर्ण शरीरको उच्चतम विकास र महिमाको लागि । विश्वासका पिताहरूको, अब्राहमको, मोशाको र ख्रीष्टियनहरूको युगहुँदै मुक्तिको इतिहास आम रूपमा मानव दर्शनशास्त्रको कुञ्जी हो । मानव जाति सुरक्षित राखिएको छ, महाद्वीपहरू र टापुहरूमा बस्ती बसाइएका छन्, राष्ट्रहरू साम्राज्यका रूपमा उचालिएका छन्, दर्शनशास्त्र र व्यावहारिक कलाहरू, सभ्यता र स्वतन्त्रताहरू उन्नत भएका छन्, ताकि मण्डली जुनचाहिँ थुमाको दुलही हो, आफ्ना सम्पूर्ण शरीरमा सिद्ध हुन सकोस् र आफ्ना दुलाहाको लागि सुशोभित हुन सकोस् ।

सबै मानिसहरूमाथि परमेश्वरको नैतिक शासन र विशेष गरी उहाँको मण्डलीको शासनमा व्यक्तिहरूको बाहिरी परिस्थितिहरू क्रमबद्ध गर्ने एक बाहिरी प्रबन्धबाहेक पनि, एक आन्तरिक आत्मिक प्रबन्ध समावेश छ जसमा तिनीहरूको हृदयमा उहाँका आत्माका प्रभावहरू समावेश छन् ।"सामान्य अनुग्रह" को रूपमा , शक्तिका विभिन्न स्तरहरूमा तिनीहरूको स्वभावको भ्रष्टतालाई रोक्दै अनि प्रकृति वा प्रकाशको ज्योतिमा प्रकट भएका सत्यतहरूद्वारा तिनीहरूको हृदय र अन्तस्करणलाई प्रभाव पार्दै यो आत्मिक

प्रभाव अपवादबिना सबै मानिसहरूसम्म पुग्छ । परमेश्वरले उहाँको सार्वभौम इच्छामा यसलाई उपलब्ध गराउन सक्नुहुन्छ वा न्यायिक रूपमा रोक्न सक्नुहुन्छ । "प्रभावकारी" र "उद्धारक अनुग्रह" को रूपमा , यो आत्मिक प्रभाव चुनिएकाहरूसम्म मात्र विस्तार हुन्छ, र तिनीहरूमाथि यस्तो समयमा र त्यस्ता स्तरहरूमा प्रयोग गरिन्छ जुन परमेश्वरले सुरुदेखि नै निर्धारण गर्नुभएको छ ।

४. यसैले तिनीहरूको आफ्नै भलाइको लागि अनुशासनको रूपमा तिनीहरूका पापहरूलाई नष्ट गर्न र तिनीहरूका अनुग्रहहरूलाई बलियो बनाउनका लागि परमेश्वरले प्रायः बुद्धिमान् र कृपाल रूपमा - तर कहिल्यै पनि अन्तिम रूपमा त होइन- एक अवधी र एक हदसम्म आफ्ना सन्तानहरूबाट आत्मिक प्रभावहरू फिर्ता लिन सक्नुहुन्छ अनि "तिनीहरूलाई तिनीहरूको आफ्नै हृदयका विभिन्न लालच र भ्रष्टताहरूमा छोडिदिनुहुन्छ ।"

५. यसकारण परमेश्वरले प्रायः तिनीहरूका पापहरूको उचितदण्डको रूपमा , भक्तिहीन मानिसहरूबाट न्यायिक रूपमा उहाँको आत्माका बन्धनहरू हटाइदिनुहुन्छ, फलस्वरूप उहाँको उपस्थितिले उपलब्ध गराएका सतही वरदानहरू जे जस्ता भए तापनि, र यसरी तिनीहरूलाई परीक्षाहरूको प्रभावमा, तिनीहरूको अभिलाषाको अनि यन्त्रित नियन्त्रण र शैतानको शक्तिमा छोडिदिनुहुन्छ । यसकारण सुसमाचारका सत्यताहरू र मण्डलीका नियमहरू जुन कृपालु रूपमा अशिष् पाएकाहरूका लागि जीवनका सुबास्ना हुन, तर तिनीहरूको पापका लागि परमेश्वरद्वारा परित्याग गरिएका मानिसहरूका लागि ती मृत्युका बास्ना हुन् र तिनीहरूको पापको लागि थप दण्ड हुन् ।

## **प्रश्नहरू**

१. परमेश्वरले आफ्ना अभिप्रायहरू कसरी कार्यान्वयन गर्नुहुन्छ ?

२. पहिलो खण्डमा सिकाइएको *पहिलो* कथन के हो ?

३. त्यहाँ सिकाइएको *दोस्रो* कथन के हो ?

४. त्यहाँ सिकाइएको *तेस्रो* कथन के हो ?

५. त्यहाँ सिकाइएको *चौथो* कथन के हो ?

६. त्यहाँ सिकाइएको *पाँचौँ* कथन के हो १

७. परमेश्वरले संसारसँग कायम राख्नुभएको सम्बन्धको बारेमा तर्कवादी दृष्टिकोण के हो ?

८. त्यसको बारेमा सर्वेश्वरवादी दृष्टिकोण के हो ?

९. केही ख्रीष्टियन ईश्वरशास्त्रीहरूले कस्ता जोखिमपूर्ण कथनहरू दिएका छन् ?

१०. तिनीहरूले प्रतिनिधित्व गर्ने दृष्टिकोणप्रति आपत्तिहरू बताउनुहोस् ।

११. यस विषयबारे साँचो दृष्टिकोणमा के कस्ता बुँदाहरू समावेश छन् ?

१२. परमेश्वरले आफ्ना सबै प्राणीहरूलाई अस्तित्वमा राख्न जारी राख्नुहुन्छ भन्ने प्रमाण बताउनुहोस् ।

१३. परमेश्वरले आफ्ना सृष्टिहरू र तिनीहरूका कार्यहरूमाथि ईश्वरीय प्रबन्धकारी नियन्त्रण प्रयोग गर्नुहुन्छ भन्ने प्रमाण बताउनुहोस् ।

१४. परमेश्वरको प्रबन्धकारी नियन्त्रण सामान्य रूपमा भौतिक सृष्टिमाथि, र विशेष गरी प्रत्येक घटनामाथि र पशुपक्षीमाथि समेत रहन्छ भन्ने कुरा धर्मशास्त्रबाट प्रमाणित गर्नुहोस् ।

१५. मानिसहरूका आम मामिलाहरू र व्यक्तिहरूको परिस्थितिका बारेमा पनि त्यो कुरा प्रमाणित गर्नुहोस् ।

१६. मानिसहरूका स्वतन्त्र कार्यहरू, तिनीहरूका पापपूर्ण र असल कार्यहरूका बारेमा पनि सोही कुरा प्रमाणित गर्नुहोस् ।

१७. परमेश्वरको ईश्वरीय प्रशासन उहाँको अनन्त उद्देश्यको कार्यान्वयन हो भन्ने कुरा प्रमाणित गर्नुहोस् ।

१८. ईश्वरीय प्रबन्धमा परमेश्वरको मुख्य लक्ष्य उहाँको आफ्नै महिमाको प्रकटीकरण हो भन्ने कुरा प्रमाणित गर्नुहोस् ।

१९. दोस्रो र तेस्रो खण्डमा सिकाइएको *पहिलो* कथन के हो ?

२०. त्यहाँ सिकाइएको *दोस्रो* कथन के हो ?

२१. *तेस्रो* कथन के हो ?

२२. *चौथो* कथन के हो ?

२३. प्रमाणित गर्नुहोस् कि परमेश्वरद्वारा सबै थोकमाथि उहाँको प्रबन्धात्मक नियन्त्रण सधैँ प्रभावकारी हुन्छ ।
२४. सृष्टिसँग ईश्वरी प्रबन्धले कायम राख्ने सम्बन्धबाट प्रमाणित गर्नुहोस् कि परमेश्वरले कुनै पनि प्राणीलाई नियन्त्रण गर्ने तरिका यसको स्वभाव अनुरूप हुनुपर्छ ।
२५. विश्वव्यापी अनुभव र अवलोकनबाट सोही कुरा प्रमाणित गर्नुहोस् ।
२६. यस्तो नियन्त्रणको आम प्रमाण हामीले के देख्छौं ?
२७. के यो सम्भव छ कि मानव इच्छाको स्वतन्त्र कार्यहरूलाई उनीहरूको स्वतन्त्रता नष्ट नगरी नियन्त्रण गर्न सकिन्छ ?
२८. आफ्ना उद्देश्यहरूलाई परमेश्वरले प्राय माध्यमहरू प्रयोग गरेर पूरा गर्नुहुन्छ भन्ने विश्वासका प्रमाणहरू बताउनुहोस् ।
२९. के तपाईं परमेश्वरले यस्तो प्रणाली अपनाउनुपर्ने कारण बताउन सक्नुहुन्छ ?
३०. उहाँको इच्छाको प्रत्यक्ष शक्तिद्वारा, माध्यमको प्रयोग नगरी परमेश्वरले आफ्नो इच्छा पूरा गर्न सक्नुहुन्छ भनी प्रमाणित गर्नुहोस् ।
३१. कहिलेकहीँ परमेश्वरले त्यसरी काम गर्नुहुन्छ भनी हामीले किन अपेक्षा गर्नुपर्छ ?
३२. परमेश्वरलाई आश्चर्यकर्मको श्रेय दिनुचाहिँ उहाँको ईश्वरीय सिद्धताको निम्ति अपमानजनक छ भनी कुन दुई आधारमा जोड दिइएको छ ?
३३. व्यवस्थाअनुसार आश्चर्यकर्महरू कुन अर्थमा हुन्छन् ?
३४. माथिका विरोध वा आपत्तिहरूको भ्रम देखाउनुहोस् ।
३५. परमेश्वरले मानिसहरूका पापपूर्ण कार्यहरूलाई कसरी नियन्त्रण गर्नुहुन्छ भनी पूर्ण रूपमा व्याख्या गर्न सम्भव छ ?
३६. मानिसहरूका पापहरूसँग परमेश्वरको सम्बन्धको बारेमा धर्मशास्त्रले कुन कुराहरू निश्चित गर्छ ?
३७. उहाँले आफ्नो उद्देश्यअनुसार सबै पापमय कार्यहरू नियन्त्रण गर्नुहुन्छ भन्ने कुरा धर्मशास्त्रबाट प्रमाणित गर्नुहोस् ।

३८. प्रमाणित गर्नुहोस् कि उहाँले तिनीहरूलाई रोक्नुहुन्छ र भलाइका लागि तिनीहरूलाई उल्टाइदिनुहुन्छ ।

३९. देखाउनुहोस् कि ईश्वरीय प्रबन्धलाई पाप सृजना गरेको वा अनुमोदनको दोष लगाउन सकिँदैन

४०. पाँचौँ, छैटौं र सातौँ खण्डमा सिकाइएको *पहिलो* सत्यता के हो ?

४१.त्यहाँ सिकाइएको *दोस्रो* सत्यता के हो ?

४२. त्यहाँ सिकाइएको *तेस्रो* सत्यता के हो ?

४३. त्यहाँ सिकाइएको *चौथो* सत्यता के हो ?

४४. त्यहाँ सिकाइएको *पाँचौँ* सत्यता के हो ?

# अध्याय ६
# (CHAPTER VI)
# मानिसको पतन, पाप, दण्डको विधि
# (OF THE FALL OF MAN, OF SIN, AND OF THE PUNISHMENT THEREOF)

**खण्ड – १ हाम्रा आदि पितापूर्खाले शैतानको परीक्षा र छलको कारण मनाही गरिएको फल खाएर पाप गरे । उनीहरूलाई त्यो पाप गर्न परमेश्वरले आफ्नो बुद्धि र पवित्र परामर्श अनुसार स्वतन्त्र छाडिदिनुभयो ।[131] उहाँले आफ्नो महिमाको निम्ति एउटा थिति बसाल्नका लागि सो हुन दिनुभयो ।[132]**

परमेश्वरले भर्खरै गर्नुभएको पवित्र सृष्टिमा आदम र हब्वाको शरीरमा प्राण हालिदिनुभएपछि तिनीहरूलाई असल–खराकको ज्ञान बुझ्नसक्ने सबै क्षमता पनि हालिदिनुभयो । अब उनीहरूले उहाँको इच्छा पालन गर्न सक्थे । शारीरिक वा मानवीय कमजोरी हुनसक्दथ्यो, तापनि परमेश्वरको आज्ञा पालन गर्न उनीहरू सक्षम थिए ।

यस खण्डले निम्न कुरा सिकाउँछ –

१. आदम र हब्वाले पाप गरे ।

२. तिनीहरूले गरेको पाप भनेकै तिनीहरूलाई नखानू भनि मनाही गरिएको फल

खाएकोले गर्दा हो ।

३. शैतानको चलाकीपूर्ण ठगी र परीक्षामा लोभिएर पापमा फँसे ।

४. तिनीहरूले त्यो पाप गर्ने छुट पाएझैं भयो र परमेश्वरको सार्वभौम उद्देश्य अनुसार नै

---

131 उत्पत्ति ३:१३; २ कोरिन्थी ११:३ ।

132 रोमी ११:३२ ।

तिनीहरू पापमा फसे ।

५. यही कुरालाई परमेश्वरले एउटा विधिमा मिलाएर आफ्नो महिमाको खातिर योजना

बनाउनुभयो ।

यी सबै कुरा परमेश्वरको सामान्य योजनाकै एउटा खण्डका रूपमा देखापरेका छन् । यी प्रवलरूपमा बुद्धिमानी र धार्मिक छन् । एउटा खास समयमा नयाँ सिर्जना गरिएका सबै विषयहरूको नैतिक प्रभुत्वबारे चिनाउनका लागि उहाँले त्यो हुन दिनुभयो । यसैका आधारमा उहाँले तिनीहरूको स्थायी चरित्र निर्माण गरिदिनुभयो जुन कुरा तिनीहरूको आफ्नो कामले निर्धारिण गर्दथ्यो । उहाँले तिनीहरूलाई पवित्र हुनेगरी सृष्टि गर्नुभयो, तापनि तिनीहरू पापमा फँस्न सक्नेथिए । त्यही अवस्थामा उहाँले तिनीहरूलाई नैतिकताको कसीमा जाँचिनुपर्ने मानिसहरू बनाउनुभयो । यदि तिनीहरू परीक्षामा उत्तीर्ण भए भने तिनीहरूका लागि इनाम दिने कुरा निश्चित थियो । त्यो इनाममा तिनीहरूको नैतिक चरित्र ठिक कि बेठिक के हो भनि अडान लिन सक्ने क्षमता दिइएको थियो । त्यही आधारमा तिनीहरूले सधैँका लागि अविनाशी आशीर्वाद पाउनुपर्ने हुन्थ्यो । तर यदि तिनीहरू असफल वा पतन हुने भएमा न्यायिकरूपमा तिनीहरू परमेश्वरको हिमायति बन्न र सदासर्वदै उहाँसँगको सहभागितामा रहनबाट बञ्चित हुनेथिए । त्यही कुरा प्राप्त गर्न तिनीहरू असफल भएनन् मात्रै, तिनीहरूले नैतिकरूपमा र अनन्तका लागि मृत्यु वरण गरे । यो तरीका नै उहाँले नयाँगरी सृष्टि गर्नुभएका स्वर्गदूतहरू र मानिसहरूसँगको व्यवहारमा पनि लागु गर्नुभयो । मानव जातिको सवालमा हाम्रा प्रथम माता–पिताले सामना गर्नुपरेको त्यो परीक्षा त्यो एउटा अमूक रूखको फल टिपेर खानबाट परै रहनू भन्नेमात्रै होइन । जसरी यो नैतिकरूपमा उस्तो फरक नदेखिने किसिमको एउटा सामान्य नियम बनेको छ, त्यसैगरी यसलाई मानिसहरूले जानीबुझीकन परमेश्वरलाई नटर्ने एउटा जाँचको रूपमा लिन सकिन्छ । उनीहरूकै सम्पूर्ण विश्वास र समर्पणताका कारण यो निकै चर्चाको विषय बनेको छ ।

उत्पत्तिको पुस्तकमा उल्लेख गरिएअनुसार आदम र हब्वाले गरेको पाप आफैमा भयानकझैँ लाग्दथ्यो, तथापि त्यो एउटा रूखको फल टिपेर खाएको

घटना मात्रै थियो । त्यसको खास कारणचाहिँ तिनीहरूले देखाएका यी कुराहरू हुन्— (१) अविश्वासः तिनीहरू ईश्वरीय बुद्धि र निषेधको रूपमा नखानू भनि दिइएको मनाहीमाथि नै शङ्का गर्न अघिसरे । त्यो निषेधाज्ञा आफैमा परमेश्वरद्वारा तोकिएको चेतावनी थियो । (२) अनाज्ञाकारिताः तिनीहरूले आफ्नो इच्छालाई परमेश्वरको इच्छाका विरूद्ध उभ्याए ।

फल खाएकै आधारमा त्यस्तो भयानक पापको सुरुआत कसरी भयो तथ्यका आधारमा मानिसहरूले सोध्ने खास दुईवटा प्रश्नहरू छन्, जसको उचित जवाफ पाउन निकै चुनौतिपूर्ण र असम्भवप्रायः छ ।

क. पवित्र आत्माद्वारा बनाइएको आदि मानव, आदम र हब्बाजस्ता नैतिकरूपमा पवित्र प्राणहरूभित्र कसरी पाप गर्ने वा दिइएको आज्ञा उल्लङ्घन गर्ने चाहना आयो ? आफूलाई मनपर्ने वा आफ्नो चाहना पूरा हुने कुरा केही देखेमा मानिसहरू त्यसको खुबै चाह गर्छन् । ती कुराहरू पवित्र हुन् भने उनीहरूको चाहना पनि पवित्र नै हुनेछ । तिनीहरूले गर्ने चाह तिनीहरूकै प्राणमा रहेको नैतिक मानकले निश्चित गर्छ । यदि तिनीहरूको प्राण पवित्र छ, तिनीहरूका चाहनाहरू पनि पवित्र नै हुनेछन् । तिनीहरूका प्राण पापमा रमाइरहेका छन् भने तिनीहरूको चाहना पनि पापतिर लागेका हुन्छन् । ख्रीष्टले भन्नुभयो, "असल मानिसले उसको असल हृदयबाट असलै कुरा प्रकट गर्छ, दुष्ट मानिसले आफ्नो हृदयको दुष्टताबाट दुष्टै कुराहरू प्रकट गर्छ ।" पहिले रूखलाई असल बनाओ र त्यसको फल पनि असल हुन्छ अथवा रूखलाई खराब रहन देओ र त्यसले खराबै फल फलाउने छ" (मत्ती १२:३३, ३५) । तर प्रश्न उठाउन सकिन्छ, आदमको हृदयलाई पवित्रतामा सृष्टि गरिएको थियो नि त, अनि उसको काम कसरी पापतिर आकर्षित भयो त ?

हाम्रा सम्पूर्ण अनुभवले यस प्रश्नलाई अझै जटिल बनाउने कुरा गर्छन् । पतित मानिसको पापी प्राणले पवित्र कार्य गर्दैनन्, जबसम्म त्यसलाई ईश्वरीय अनुग्रहद्वारा नयाँ तुल्याइँदैन । स्वर्गदूतहरू र स्वर्गमा महिमित तुल्याइएका पवित्र जनहरूका आत्माहरू भने सबैखाले पापपूर्ण चाहना र कार्यहरू गर्ने तिनका क्षमताबाट अलग्याइएका हुन्छन् । यी दुवै सन्दर्भमा पाप स्वभाव मूलबाट निस्केर बगेको पानीको धाराझैँ निरन्तर बगिरहेको हुन्छ ।

त्यसो भएको हुनाले, तथापि हामी आदमको पवित्र प्राणले कसरी पाप गऱ्यो भन्ने कुराको सही सारांश बताउन सक्दैनौँ त्यो कुरा हाम्रो बेपर्बाही जीवनशैलीमा भने त्यो समस्या प्रस्टै देखिन्छ । हामीमध्ये कोही पनि हाम्रा मानवीय स्वतन्त्र स्वभावको उही अवस्थाको अनुभव गर्न सक्दैनौँ, जुन कुरा आदमको स्वभावका लागि दिइएको थियो । हामी प्रायजसो सधैँभरि नै भ्रष्ट स्वभावको बन्धनमा बाँधिएका हुन्छन्, जबसम्म हामीलाई अलौकिक अनुग्रहद्वारा प्राप्त हुने स्वभाव केही क्षणका लागि भए पनि सहभागी हुन सहायता गरिन्न । अब, हाम्रा कामहरू पवित्र होऊन् भन्नाखातिर हामीभित्रको पवित्र र सकारात्मक चाहनाबाट त्यो प्रस्फुटन भएको हुनुपर्छ । तथापि ती हाम्रो हृदयका सहोदर होइनन् । त्यसकारण अनुग्रहबिना हामी पवित्र कार्य गर्न सक्दैनौँ । तर आदम एक प्रकारले भन्नुपर्दा अन्तरिम कालमा थिएः पवित्र तापनि कमजोर । स्वर्गमा रहेका स्वर्गदूतहरू र मरिगएका सन्तजनहरू पतन उन्मुख हुँदैनन्, अर्थात तिनीहरूमा पाप गर्ने चाहना हुँदैन । तापनि पापलाई परहेज गर्ने क्षमता तिनीहरूको आफ्नो स्वभावबाट आएको होइन, बरु त्यो ईश्वरीय अनुग्रहद्वारा अलौकिक तवरले दिइएको क्षमता हो, जुन सोझै परमेश्वर स्वयंको शक्तिले गर्दा थामिराखेको हो । पवित्रता आफैमा परमेश्वरको प्रेममा जरा गाडिएको हुनाले सदैव सकारात्मक हुनुपर्ने कुरा हो । त्यसको ठिक विपरीत हुँदा पाप सुरु हुन्छ । यो सकारात्मक सहभागिताका लागि नभएर सावधानी हुनुपर्ने चाहनाले गर्दाः क्षणिक रूपमा उन्नति हुने स्वभाव र शरीरले स्वतः भोक मेटाउन चाह गर्ने वा चेतनाको उच्च शक्तिमाथि प्राणको वैधानिक स्वभावले यसो गर्न लगाउँछ ।

यस बाहेक हाम्रा आदि पुर्खालाई उनीहरूकै जीवनमा आइलागेका बाह्य प्रभावहरू र विषयगत अभिप्रायहरूले लोभ्याएर यस्तो भयानक पापमा फँसाए । तथापि सुरुमा तिनीहरूलाई त्यो पापै होइन भन्ने लागेको थियो । तर केही बेरपछि भने त्यही कुरा उनीहरूको दिमागले त्यसलाई पापको रूपमा स्वीकार गर्नथाल्यो र उनीहरूलाई त्यसले ईश्वरीय प्रावधानका विपरीत अन्यत्रै लतारेर लग्यो । उनीहरूः

क) १. फलको आकर्षणमा लोभिएर स्वाभाविक भोकमा परे ।

२. ज्ञानको स्वभाविक चाहनामा तानिए ।

३. शैतानको इच्छा वा प्रबल विचारको प्रभावमा घिसारिए । यस पछिल्लो तथ्यमा भन्नुपर्दा, तिनीहरू शैतानको परीक्षा र पासोमा परे । यही रहस्यमय कुरामा समाधान पनि रहेको छ । त्यसअघि नै शैतान र उसका दूतहरूको जसरी पतन भएको थियो, आदम र हब्बामा पनि ठिक त्यही कुरा लागु भएको थियो भनि बुझ्नुपर्छ । तैपनि त्यो किन र कसरी हुन आयो अर्थात् पापको साँचो सुरुआत किन र कसरी हुन आयो भन्ने विषयमा हामी अति थोरैमात्र जान्दछौँ ।

ख. पापको प्रारम्भ कसरी हुन आयो भन्ने रहस्यको विषयमा अझै अर्को तत्त्व चाहिँ परमेश्वर आफैले सो हुन दिनुभएकोले गर्दा हो ।

४. यसबाट के भन्न सकिन्छ भने, परमेश्वरले मानिसको जीवनमा पापलाई प्रवेश हुन दिनुको पछाडि खास अनन्त उद्देश्य रहेको छ ।

यस सवालमा जेजस्तो कुरा हुन आयो त्यसमा कुनै आशङ्का रहँदैन । (१) आदमलाई जस्तो अवस्थामा बनाइएको थियो र उसले जे गर्न सक्ने वा नसक्ने भन्ने कुरा परमेश्वरलाई अघिबाटै थाहा थियो । परमेश्वर जान्नुहुन्थ्यो, आदमले पाप गर्नेछ, त्यसैअनुसार उसले पाप गऱ्यो । तापनि उहाँको पूर्वज्ञान हुँदाहुँदै पनि परमेश्वरले त्यस प्राणीलाई बनाउनुभयो र उसलाई त्यस अवस्थामा पर्न दिनुभयो । यसरी उसको पापद्वारा सबै असल कामहरूमाथि अधिकार जमाउने कुरा निश्चित गरिदिएर तिनीहरूलाई कुनै प्रकारले हस्तक्षेप नगर्न आफ्नो सार्वभौम शक्तिको प्रयोग नगरेर उहाँले पाप हुन दिनुभयो । यसरी पाप आफैमा भविष्यमा हामीमाथि विनाशकारी परिणाम ल्याउने तत्त्व बन्यो । (२) अर्कोतर्फ, न ता परमेश्वरले आदमको पापलाई सिर्जना गर्नुभयो, न त्यस पापको पक्षमा सम्मति जनाउनुभयो । उहाँले त्यो मनाही गर्नुभयो र यो जहाँबाट उत्पन्न भएर आउँथ्यो त्यसैको अभिप्राय उहाँले प्रकट गरिदिनुभयो । उहाँले आदमलाई पवित्र स्वभावको र आज्ञा पालन गर्नमा पूरै सक्षम व्यक्तिको रूपमा सृष्टि गर्नुभएको थियो । उसलाई आफ्नो कर्तव्यका बारेमा पनि पर्याप्त ज्ञान थियो । एकप्रकारले उसको परिपक्वताको सो अवस्थामा उसलाई परीक्षामा पारिएको थियो । त्यसकारण पनि प्रश्न उठाउन सकिन्छ, पापलाई कत्ति पनि नसहनुहुने – त्यसलाई घृणा गर्नुहुने र अझ भन्नुपर्दा आफ्नो सृष्टिका कुनै पनि प्राणीहरूमा उच्चकोटीको खुशी–आनन्द मनपराउनुहुने परमेश्वरले किन त्यो पाप हुन दिनुभयो नि त ? सार्वभौम शक्तिसम्पन्न हुँदाहुँदै पनि

उहाँले कसरी पाप हुन दिनुभयो ? किन उहाँले आदमलाई हस्तक्षेप गरेर रोक्नुभएन ? उहाँले किन पाप र दुष्टताको मूल बगिरहन छुट दिनुभयो ? जानाजान पाप गर्ने जो कोहीलाई उहाँले किन रोक्नुभएन ? सबै दुःखकष्टहरू उदाङ्गो पारिए र एउटा रहस्योद्घाटन गरियो । यस्तो अवस्थामा हामीले भन्न सक्ने एउटामात्रै कुरा होः "जेसुकै भए तापनि हे पिता तपाईंको दृष्टिमा जे कुरा उचित छ, सो हुन दिनुहोस् ।"

५. सुरुदेखि नै परमेश्वरले आदमकै पापलाई पनि आफ्नो महिमाको निम्ति प्रयोग हुनेगरी तय गर्नुभयो भन्ने कुरा हामीले सृष्टि र प्रावधानजस्ता अध्यायहरूमा चर्चा गरिसकेका छौँ: (१) परमेश्वरले उहाँको सृष्टिका प्राणीहरू (मानिस) ले गरेका पापहरूलाई असलै परिणाम ल्याउनेगरी निस्तेज गरिदिनुभयो । (२) परमेश्वरका सम्पूर्ण उद्देश्य तथा कामहरूको आखिरी लक्ष्य नै उहाँको आफ्नो महिमा प्रकट गराउनु हो ।

## खण्ड – २ आफूले गरेको पापद्वारा उनीहरू आफ्नो सुरुको धार्मिकता र परमेश्वरसँगको संसर्ग वा सङ्गतीबाट पतन भए[133] र परिणामस्वरूप तिनीहरू पापमा मरे ।[134] तिनीहरू आफ्नो जीवनको प्राण र शरीरका सम्पूर्ण अङ्गप्रत्यङ्गहरूमा अशुद्ध भए ।[135]

यस खण्डले सुरुमा पाप गर्ने व्यक्तिहरूको जीवनमा त्यसले तत्काल के प्रभाव पार्दछ भन्ने कुरा सिकाउँदछ । पाप गर्दाको परिणाममा यी कुराहरू हुन आउँछन्:

१) यही पापद्वारा तत्कालै परमेश्वरका पवित्र आत्माको संसर्ग तथा सहभागिताबाट

तिनीहरू अलग्याइए ।

---

133 उत्पत्ति ३:६-८; उपदेशक ७;२९; रोमी ३:२३ ।
134 उत्पत्ति २:१७; एफिसी २:१ ।
135 तीतस १:१५; उत्पत्ति ६:५; यर्मिया १७:९; रोमी ३:१०-१८ ।

२. परिणामस्वरूप तिनीहरूले परमेश्वरबाट प्राप्त भएको सुरुको धार्मिकता गुमाए ।

३. त्यही घडी तिनीहरू पापमा मरे र तिनीहरू सम्पूर्ण रीतिले अशुद्ध भए ।

४. तिनीहरूमा प्रवेश भएको त्यो नैतिक भ्रष्टता तिनीहरूका प्राण र सबै अङ्गप्रत्यङ्गमा

फैलियो ।

प्राकृतिक प्राणीको रूपमा मानिस पनि परमेश्वरले कायम राख्नुहुने सृष्टिको नियम वा शक्तिमा निर्भर हुन्छ । उहाँको यस नियमले सबै कुराहरूलाई अस्तित्त्वमा रहने अवसर दिन्छ तर नैतिक तथा धार्मिक चरित्र धारण गर्नसक्ने प्राणी भएको नाताले आत्मिक जीवन जीउनका लागि उसले परमेश्वरका आत्माको प्रेमिलो र घनिष्ट सङ्गतीमा निर्भर भएको हुनुपर्छ । त्यसो भएमा मात्रै उसको जीवनमा सही नैतिक स्वभाव र काम देखिन सक्छ । त्यसकारणः

१) त्यही पापद्वारा मानिस तत्कालै पवित्र आत्माको प्रेमिलो संसर्गबाट अलग्याइयो । त्यो पापको कुनै पनि स्वाभाविक प्रकृया वा नियम अन्तर्गत पर्ने कुरा हुनुपर्दथ्यो । त्यसअघि सृष्टि हुँदा नै, जुन नियम अन्तर्गत मानिसलाई परमेश्वरको अनुग्रही सम्बन्धमा राखिएको थियो, जसमा उसलाई बगैँचाको खास रूखको फल खान मनाही गरिएको थियो र खाएमा मर्नेछस् भनि प्रस्टै चेतावनी दिइएको थियो, त्यसैको परिणाममा मानिसको लागि सबै किसिमका आत्मिक र नैतिक प्रावधानहरूबाट तत्कालै अलग्याइयो (पढ्नुहोस् अध्याय ७ को खण्ड –२, उपत्ति २:१७) । त्यसकारणः

२) आत्मिक जीवनको सिद्धान्तअनुसार त्यो पहिलो पापको दण्डको रूपमा आशिष्मय अवस्थाबाट तिनीहरूले च्यूत हुनु नै पर्दथ्यो । हाम्रा आदि माता–पिताले त्यही कारण आफूले परमेश्वरको प्रत्यक्ष संगतिबाट पाएको धार्मिकता त्यसैबेला गुमाए । तिनीहरूको

बफादारिता वा प्रतिबद्धता ध्वस्त भयो, तिनीहरूको विश्वास चकनाचूर भयो र तिनीहरूका हृदयलाई प्रेमले काबूमा राख्न छाड्यो । र त्यसकारणः

३) तिनीहरू त्यस पापमा मरिगए र तिनीहरू सम्पूर्ण दृष्टिले भ्रष्ट वा कामै नलाग्ने बने ।

४) तिनीहरूमा प्रवेश भएको त्यो भ्रष्टता तिनीहरूको जीवनका सबै पक्षहरूमा फैलियो । यसको अर्थ के होइन भने, कुनै पनि मानिस जति खराब हुनुपर्थ्यो, त्यही एउटा पापको कारण आदम उति नै खराब भइहालेको होइन । अथवा उनी आफै त्यसपछि दुष्ट भएको पनि होइन । तर जब उनको हृदयमा मृत्यु प्रवेश भयो र त्यसले उनका सबै अङ्गहरूलाई मार्न थाल्यो, त्यसरी उनको जीवनबाट परमेश्वरको लगाव र सङ्गती हटेर गयो । (१) आज्ञाकारिताको अपरिहार्य सिद्धान्त अर्थात् सुरुको धार्मिकता समाप्त भयो; (२) परमेश्वरबाट अलग्गिने आदमको छनौट पूरा भयो । परमेश्वर सिद्ध आज्ञाकारिता चाहनुहुन्छ तर आदम यहाँनेर विद्रोही बनेको देखियो; (३) आदमको प्राणले परमेश्वरबाट सङ्गतीबिच्छेद गर्ने कुरा प्रस्तुत भयो । जवाफमा बोलेको उनको आवाजले परमेश्वरलाई नै दोष्याउने कुरा गऱ्यो । त्यसले डर, अपत्यार, विद्रोह र लगातार भैरहने पापको श्रृङ्खला बनायो; (४) यसरी उनको सम्पूर्ण स्वभाव नै अनैतिक बन्यो । उनको चाहनाले परमेश्वरको इच्छाविरुद्ध लडाइँ सुरु गऱ्यो, उहाँसँगको समझदारी अँध्यारो बन्यो, अभिलाषा जागेर आयो, सद्भाव र संवेग अलग्गियो, मानिसको सोच गलत र छली बन्यो, शारीरिक चाहनाले डोहोऱ्याउन थाल्यो र शरीरका सबै अङ्गप्रत्यङ्गहरू नै अधर्मी क्रियाकलापतिर लागे ।

**खण्ड – ३ सबै मानवजातिको मूल आदम नै भएको कारण त्यस पापको दोष उनीपछिका सबै पुस्तामा सर्दै आयो ।[136] त्यही पाप र भ्रष्टतामा आइलागेको मृत्यु तिनका सन्तान–दरसन्तानसम्म फैलियोः तिनीबाटै आएका सबै पुस्ताहरूमा त्यो पाप र मृत्यु सर्दैआयो ।[137]**

**खण्ड – ४ सुरुको त्यही भ्रष्टताबाट हामी सबै पनि पापमै जाकिइँदै आयौँ । हामी त्यही पापमा आशक्त बन्यौँ । हामीले सकेसम्म सबै प्रयासबाट खराबी**

---

[136] उत्पत्ति १;२७, २८; २:१६,१७; प्रेरित १७:२६; रोमी ५:१२, १५-१९; १ कोरिन्थी १५:२१, २२, ४५, ४९ ।
[137] भजनसंग्रह ५१:५; उत्पत्ति ५:३ अय्युब १४:४; १५:१४ ।

**नै गयौँ ।[138] हामी सम्पूर्ण रीतिले खराबीतिर झुक्यौँ,[139] हामीले सम्भव भए जति सबै किसिमका अपराधहरू गर्नसक्ने योग्यता नै आर्जन गर्‍यौँ ।[140]**

यी खण्डहरूले हामीलाई निम्न कुराहरू सिकाउँछन्ः

सुरुमा गरिएको पापले आदमपछिका पुस्ताहरूलाई कसरी पिरोल्दैआयो र त्यसको प्रतिफल हरेक पुस्तासम्म कसरी फैलिँदै आयो ? त्यही पापमा रत्तिएर जीवन बिताउने भएकोले हामीबाट पनि यी कुराहरू पुष्टि हुन्छन्ः

१. आदम सम्पूर्ण मानव जातिका जैविक तथा प्राकृतिक मूल वा पिता थिए (हेर्नुहोस् —

अध्याय ७; प्रश्नोत्तरमालामाला (धार्मिक विधिको सारांश) २२ र २५ तथा संक्षिप्त १६ र

प्रश्नोत्तरमालामाला १८) ।

२. परिणामस्वरूप त्यस पापको दोष र दायित्त्वको प्रतिफल अहिलेसम्मैका सबैले भोग्दै

आउनुपरेको छ । हाम्रा स्वभावमा पाप गढेको छ । त्यसको दोष हामीले व्यहोर्नुपरेको

छ । सबै मानिस जन्मैदेखि पापमा लहसिएको छ ।

३. फलस्वरूप आएको नैतिक भ्रष्टताले हामीबाट परमेश्वरका पवित्र आत्मा हटाएर लग्ने

परिणाममा हामीलाई पुर्‍यायो, जुन कुरा हाम्रा आदिपिताबाटै आयो । अनि त्यही कुरा

साधारण किसिमले जन्मिँदै आएका सबै मानिसहरूमा समेत अपरिहार्य परिणामका

रूपमा आइलाग्यो ।

---

138 रोमी ५:६; ८:७; ७:१८; कलस्सी १:२१ ।

139 उत्पत्ति ६:५; ८:२१; रोमी ३:१०-१२ ।

140 याकुब १:१४, १५; एफिसी २:२, ३; मत्ती १५:१९ ।

४. पैतृक वा वंशानुगतरूपमा हाम्रा हृदय वा प्राणमा पनि त्यही विकृत स्वभाव सर्दै आयो

। त्यसैको परिणाममा हामी अति दुर्बल, दुष्ट, निकृष्ट, परित्यग्त वा घृणित तथा सबै असल

कुराहरूको बिरोधी र पूरै खराबीतिर लहसिने किसिमको बन्यो ।

५. त्यही स्वभावजन्य दुष्टताले हामीलाई वास्तवमै पाप–अपराध वा खराबीको हदैसम्म

घिसारेर लग्यो ।

यी बुँदाहरूमा हामी निम्नअनुसार चर्चा गर्नेछौँ:

१. आदम सबै मानव जातिका स्वाभाविक तथा वास्तविक मूल वा आदिपिता थिए ।

तथापि सबै मानिस भन्दैगर्दा ख्रीष्टलाई अपवादका रूपमा लिनुपर्छ ।

२. परमेश्वरले आदमसित स्थापित गर्नुभएको करारको प्रकृति वा प्रावधानको विषयलाई त्यसकै ठाउँमा उचित मान्यता दिएर चर्चा गर्नुपर्छ (हेर्नुहोस् : अध्याय ८, खण्ड – २) । यहाँनेर हाम्रो ध्यानाकर्षण गराउने खास विषय के हो भने, आदमसित त्यो करार स्थापित गर्दैगर्दा परमेश्वरले उनलाई त्यसपछि जन्मिने सबै पुस्ताहरूको प्रतिनिधिका रूपमा व्यवहार गर्दै सबैका लागि जिम्मेवार ठहऱ्याउनुभयो । हामीले बुझेको धर्मशास्त्रमा यो कुरा अत्यन्तै प्रस्टसँग बताइएको छ । यस पुस्तकको अध्याय ७, खण्ड – २ मा बताइएको छः "मानिससित बाँधिएको पहिलो करार कामको करार हो, जसमा आदमका लागि जीवनको प्रतिज्ञा गरिएको थियो, उनैमा उनका सबै पुस्ताहरूलाई पनि त्यही प्रतिज्ञा दिइएको थियो, जसका लागि राखिएको सर्त भने व्यक्तिगत र सिद्ध आज्ञापालन हुनुपर्छ भन्ने थियो ।" बृहत् धार्मिक विधि २२ मा पनि यस्तै कुरा लेखिएको छ, "आदमसित बाँधिएको करारले उनलाई धेरैको प्रतिनिधि पात्र वा सार्वजनिक व्यक्तित्त्व तुल्याएको हुँदा उनी आफैमात्र दोषी हुने थिएनन्, उनी आफूपछिको सम्पूर्ण पुस्ताको निम्ति जिम्मेवार हुने थिए । त्यसकारण उनी पछिका सबैले उनमा पाप गरे र सबै नै पापका दोषी ठहऱ्याइए ।" त्यसैगरी संक्षिप्त धार्मिकविधिको कथन १६ ले बताएको छ, "आदमसँग करार बाँधिएको, त्यो उनको लागिमात्रै

नभएको र उनका सन्तान सबैमा सो लागु हुने हुनाले त्यसपछि जन्मिएका सम्पूर्ण मानव पुस्ताका सबैले उनमा पाप गरेका, उनीसँगै पापमा फँसेका र उनीसँगै सबै अपराधी गनिएका हुन्छन् ।"

हामीले यसअघि नै चर्चा गरेका छौँ, नयाँगरी सिर्जना गरिएका नैतिक प्राणीहरू सबै नै पापमा फँस्न सक्ने सम्भावनाका हुन्छन्, तिनीहरूलाई कुनै समयमा परीक्षा गर्ने हो भने तिनीहरूका निश्चित र स्थायी नैतिक चरित्र आफैमा पुष्टि हुन्छ — तिनीहरूका कामले नै पापका निम्ति तिनीहरू कति कमजोर छन् भन्ने देखाउने छ । यही कुरा स्वर्गदूतको सवालमा त्यस्तो पाइँदैन । तिनीहरू पनि असंख्यरूपमा सृष्टि गरिएका प्राणीहरू हुन् र असंख्यरूपमा नै तिनीहरूलाई व्यक्ति–व्यक्ति गरेर परीक्षा गरिएको छ । तीमध्ये कति असफल भए र अरू धेरैले आफूलाई सिद्ध देखाए — तिनीहरू परीक्षित हुँदा आफूलाई सिद्ध, शुद्ध र पवित्र राख्न सफल भए । तर कुनै पुस्ता वा जातिलाई एउटा श्रृङ्खलामा परीक्षा गर्ने हो भने, हरेक व्यक्तिले आफूलाई शिशुझैँ गाड्धन र बहुमूल्य मोती

पावलको सेवाकाइबाट परमेश्वरको राज्य ख्रीष्टको प्रदर्शन भएको थियो, उनले ख्रीष्टलाई पछ्याएका थिए र खेत पूरै किनेका थिए । उनी विश्वास र प्रेमद्वारा सञ्चालित थिए। पापप्रति अनजान देखाउन र आफूलाई क्रमसः नैतिक दृष्टिले परिपक्क देखाउन यी तीनओटा अवस्थामध्ये एउटा वा सबैमा पुष्टि गर्नसक्नुपर्छ — (१) सम्पूर्ण जातिले नै संयुक्तरूपमा आफूलाई पाप वा खराबीमा पक्राउ पर्नबाट मुक्त राख्नका लागि पवित्र वा पवित्रतामा खुशी राखिराख्नुपर्छ । (२) हरेक व्यक्तिले एकलाएकलै शैशव अवस्थाबाट बाल्यावस्था पुग्दासम्म आफूलाई दोषमुक्त राख्नसकेको हुनुपर्छ । (३) अथवा हरेक पुस्ता वा जातिले आफ्नो मूल आदममा आफूलाई परीक्षाबाट सफल बनाएको हुनुपर्छ । यी योजनाहरूको विषयमा स्वीकृत नैतिक पक्षको लेखाजोखा गर्ने पक्षमा छैनौँ तर पनि हामी के कुरा सहजै देख्न सक्छौँ भने तेस्रोचाहिँ आफैँमा अरूसित तुलना गर्नै नमिल्नेगरी दोस्रोभन्दा प्रशस्तमात्रामा तर्कपूर्ण, धर्मी र कृपालु छ ।

तथ्य कुरो के हो भने परमेश्वरले अघिबाटै हाम्रो चरित्र र परिणति दुवै तोकिदिनु भएको थियो र आदमलाई दोषी ठहऱ्याएर बगैँचाबाट निकाल्दादेखि नै उनीसितै हामी पनि त्यही हालतमा छाडिएका छौँ । यो कुरा यसकारण सही थियो

— (१) किनभने परमेश्वरले आफैँ सार्वभौम सृष्टिकर्ता, असीमरूपमा बुद्धिमान, धर्मी उहाँले सृष्टि गरेका सबै प्राणीहरूको कृपालु अविभावक हुनुभएको हुँदा जे कुरा उहाँले गर्नुभयो, त्यो उहाँको दृष्टिमा सही ठहरिन्छ । (२) किनभने हामीले अहिले नै पनि कल्पना गर्न सक्ने अन्य कुनै योजनाभन्दा यो बढी फाइदाजनक देखिएको छ । आदमलाई त सबैभन्दा बढी फाइदा लिन सकिने स्थानमा रहनेगरी सृष्टि गरिएको थियो र उनी कुनैपनि बाधा र परीक्षाको सामना गर्न सक्षम थिए । यही कुरामा उनले सबैभन्दा बढी लाभ उठाउन सक्थे र जोखिम पनि उनीमाथि आइलाग्ने थिएन । उनले अतुलनीय फाइदा लिए र उनको जीवनबाट सकेसम्म कुनै पनि जोखिमलाई टारिदिने व्यवस्था परमेश्वरले मिलाउनुभएको थियो । यदि उनले खास समयसम्मका लागि आफूमाथि आइलागेका बाधा र परीक्षाहरूको बाबजुद पनि उनी स्वयम् परमेश्वरबाट बच्न उहाँको महिमाले भरिपूर्ण भएका थिए । (३) किनभने यस प्रतिज्ञाको मुख्य कर्ता आदम आफैँ ठहरिए, त्यही बुझाइमा ख्रीष्ट येशुमा पूरा हुने महिमित करारमा उनी सहभागी हुनसक्थे ।

आदम हाम्रा लागि उच्चस्तरको नमूना थिए भन्न सकिन्छ, "उनी सार्वजनिक व्यक्तित्त्व ठहऱ्याइए ।" त्यही आधारमा यो करार उनीसँग बाँधियो । त्यो "उनको लागि मात्रै, बरु उनका सन्तान–दरसन्तानहरूका लागि पनि यो करार लागु हुन्छ ।" यही कुरा सत्यको रूपमा पुष्टि हुन्छः

(१) उनैलाई एउटा जैविक नाम दिइयो, "आदम" अर्थात् आदम – मान्छे ।

(२) परमेश्वरले आज्ञा गर्नुभएका, प्रतिज्ञा गर्नुभएका अथवा चेतावनी दिनुभएका सबै

कुराहरू आदमकै लागि भएजस्तै र उनका सन्तानहरूका लागि पनि लागु हुन्छन् ।

यसरी आदमको "आज्ञाकारिता", "भूमिमाथिको श्राप", "मृत्युको राज्य", "प्रसव वेदना"

र त्यसपछि स्त्री सन्तानद्वारा आउने छुटकाराजस्ता कुराहरू जसरी त्यसबेला हाम्रा

आदिपितामा लागु हुने देखिन्थे, त्यसरी नै ती हामीसम्म लागु हुन आइपुगेका छन् ।

(३) तथ्यको कुरा गर्ने हो भने जुन दण्डको घोषणा आदमका लागि भनेर गरिएको थियो र

जुन दण्ड आदमलाई दिइयो, त्यही दण्ड उनीपछिका सबै सन्तानहरूमाथि जन्मैदेखि

आइलागेको हुन्छ । हामी सबै नै आत्मिक रीतिले मृत्युमा जन्मिएका छौँ । हामी सबै

स्वभावैले "क्रोधका सन्तान" भएका छौँ ।

२. त्यसबेलाको सो पापको दोष उनका सबै सन्ताहरूमा सर्दैआयो । तिनीहरू

जन्मँदैदेखि उक्त पापको दण्ड भोग्न योग्य तुल्याइए ।

"दोषी" शब्दको अर्थ यहाँ कोही मानिसले आफैँले गरेको पापको कारणले आएको १) अदमले गरेको पहिलो पापको दोष; (२) प्रारम्भमा दिइएको धार्मिकताको चाहना; (३) आदमको सम्पूर्ण स्वभावमा आइलागेको भ्रष्टता, जसलाई समान्य भाषामा सुरुको पाप भनिएको छ । त्यसबाटै सुरु भएका सबै किसिमका पाप–अपराध जनाउने कुराहरू नै यसका उदाहरण हुन् । हामीले निर्धारण गरेको मापदण्डको विषयमा बताइएका पाप सर्दै आउनुपर्ने सबै कारणहरू अनुसार आदमको पहिलो पाप नै उनका सबै सन्तानहरूमा कानुनीरूपमा दण्डित गराउने पर्याप्त आधार बन्यो — यसरी ती सबैले आदमकै पहिलो पापमा पाप गरे" (बृहत् धार्मिकविधि, प्रश्न २२ संक्षिप्त धार्मिकविधि प्रश्न १६) । आदमले एउटा सार्वजनिक व्यक्तिको भूमिका निर्वाह गरेको र त्यो पहिलो करार उनैमा बाँधिएको कारण "त्यो उनको लागि मात्रै नभएर उनका सबै सन्तानहरूसम्म त्यो पापको प्रभाव पुग्यो" (बृहत् धार्मिकविधि, प्रश्न २२ संक्षिप्त धार्मिकविधि प्रश्न १६) ।

यही कुरामा जोड दिइएको छ, परमेश्वरले उचित ठहऱ्याउनुभएको विधानद्वारा आदमले गरेको पापको परिणाम भोग्न उनका सबै सन्तानलाई उत्तिकै जिम्मेवार बनाइयो । तिनीहरू सबै स्वभावतः आदमको पापमा जाकिए र ती सबै उनकै पापको दण्डमा सहभागी गराइए । उनकै जस्तो सबै मानिसहरूले उनैमा दण्ड भोगे, जसरी उनले असल काम गरेका भए त्यसबापत उनले पाउने इनाममा

पनि तिनीहरू उत्तिकै भागीदार हुने थिए । त्यसैगरी तिनीहरू सबै नै उनको अविश्वास र अनाज्ञाकारितामा जिम्मेवार ठहऱ्याइए ।

डोर्टको सिनोडमा लेखिएको धर्मविधानका धाराहरूले पनि यही कुरा प्रस्ट गर्छन्: आदमका सबै पुस्ताहरू उनका पापको बोझले थिचिएका र नैतिकरूपमा तिनीहरूले कष्ट भोग्नुपर्दथ्यो । यो सबै कुरा परमेश्वरको न्यायिक जाँचबुझका आधारमा हुन आउने छ" (हेर्नुहोस्, अध्याय ३, खण्ड – २) । यो कुरा धर्मशास्त्रमा अत्यन्तै प्रस्ट हुनेगरी लेखिएको छ । पावलले रोमीहरूलाई लेखेको पत्र (५:१२–२१) मा यही कुरा सिकाएका छन्: (१) आत्मिक तथा शारीरिक मृत्युको नियम, जसको अधीनमा हामीले जन्म लिएका छौँ, सबै नै आदमले सार्वजनिकरूपमा गरेको अबज्ञाको परिणाम हो । त्यसैगरी (२) त्यो आफैमा दण्डको "फैसला" थियो, सजाय पाउने योग्य भनि दण्डित गरिएको थियो, जुन कुरा आदमकै पापको दण्डाज्ञा थियो । "त्यसैकारण एकै जनाको पाप–अपराधको कारण सबै मानिसहरूमाथि दण्ड र दण्डको फैसला तोकियो ।" (३) आदमको पापको कारण उनलाई दिइएको दण्ड जसरी त्यही मात्रमा हामीसम्म आएको छ, ठिक त्यही तरीका वा मात्रामा उहाँमाथि विश्वास गर्नेहरूसम्म ख्रीष्टमा उपलब्ध हुने पाप क्षमा र आशिष् पनि हामीसम्म आइपुगेको हो । "त्यसकारण एउटै दण्डको आज्ञाको रूपमा आएको त्यो फैसलाद्वारा सबै मानिसहरूमा दण्डको आज्ञा आयो ।" त्यसो भए तापनि एउटै मानिसको आज्ञाकारिताको कारण सबै मानिसहरूमा जीवनको आशिष् तथा धार्मिकता आयो ।" यसरी मानिसले कठोर परिश्रम नगरीकन नै ख्रीष्टको धार्मिकता सारियो (रोमी ४:६), त्यसअघि अनिवार्य सर्तका रूपमा हाम्रो पक्षमा भने असलै काम वा कुराहरू खण्ड लाग्यो । यसकारण आदमले गरेको पापको दोष उनका सन्तानहरूले आफै खास गल्ती नगरेकै अवस्थामा पनि भोग्नुपऱ्यो । त्यसअघि नै सोही पापको कारणले गर्दा आइलागेको दोष र सुरुमा प्राप्त भएको धार्मिकतामाथि अपूरणीय हानी भोग्नुपऱ्यो । उहिल्यै स्वीकार गरिएको आदमको त्यो पहिलो पाप नै अहिले पनि उनका सबै सन्तानमाथि "सारियो" र उनले गरेको त्यो पहिलो पाप र विद्रोहको सबै दोष आफूमाथि सारिएको छ भनि "उनैमा पाप गरेको" भनि मानिएको छ । अहिले प्रकट गरिएको पापको कारणले भन्छ, उनले उसैबेला हाम्रो प्रतिनिधित्व गरेका

थिए । त्यसै हुनाले हामी उनको चरित्र र नियति जाँच्नका लागि लिइएको परीक्षामा बढी जिम्मेवार रहेका छौँ । उनको पहिलो पाप, दण्डको आज्ञा पाइसकेपछि उनले त्याग्नुपरेको सङ्गती र सुबिधा हाम्रो निम्ति पनि उही मात्रमा गनिए, त्यसको लगत्तै उनी आफूमात्रै जिम्मेवार रहनेगरी एकलो वा निजी व्यक्ति ठहऱ्याइए ।

आदममाथि घोषणा गरिएको दण्ड र त्यो परीक्षा हुँदैगर्दा उनले जो-जतिको प्रतिनिधित्त्व गरेका थिए, ती सबैका लागि जीवन दिनुहुने पवित्र आत्माको उपस्थिति अब उसो हटाइयो र त्यसले ल्याउने अपरिहार्य परिणामचाहिँ नैतिक र शारीरिक मृत्यु बन्यो । त्यसैकारण सो घटनापछि नयाँगरी सृष्टि गरिएका सबै प्राणहरू वैधानिकरूपमै जीवन दिनुहुने पवित्र आत्माको प्रभावबाट अलग्याइएका हुन्छन् । त्यसकारण तिनीहरू सबै नै पापमा नैतिक र शारीरिकरूपमा नै मरेका हुन्छन् । अरूचाहिँ कति समयमा हुने पाप र कष्टले पनि उत्तिकै मात्रामा यही जन्मैदेखिको दण्ड भोग्न बाध्य गराउँछन् तर धर्मशास्त्र र हाम्रो आफ्नो विवेकले पनि के कुरा पुष्टि गर्छ भने उसबेला भएका ती सबै पाप–अपराधहरू हामी आफैँले गरेजत्तिकै प्रबल र दण्डनीय हुन्छन् । त्यसै आधारमा हामीले क्षणिक समयमा भोग्नुपर्ने दण्ड होस् वा पापकै परिणामस्वरूप अनन्तसम्मै आइलाग्ने कष्ट होस्, ती दुवैको खास कारण भने एउटै हो । हामीले यी सबै कष्टहरू उनै आदमको पापको परिणामको रूपमा सामना गर्नुपरिरहेको हुन्छ ।

३. यसरी यसले यी कुरा पछ्याउँछ: जुन कुरा आदमले गरेको विद्रोहको दोष हामीलाई लाग्छ यदि भने उनका सबै प्राकृतिक सन्तानहरूमा पनि त्यही कुरा लागु हुन्छ । परिणामस्वरूप पवित्र आत्माले तिनीहरूको जन्मकै घडीदेखि आफूलाई वैधानिकहरूपमा तिनीहरूबाट हटाउनुहुन्छ । त्यही कारणबाट आउने नैतिक भ्रष्टता पनि सोही क्रममा बढ्दै जान्छ । हाम्रा प्रथम मातापिताबाट आएको त्यो पाप, भ्रष्टता र परमेश्वरबाट टाढिएको अवस्थाले यसरी उनीहरूदेखि आजपर्यन्तसम्म जन्मिएका सबै मानिसहरूमा सर्दै आउँछ । यही "भ्रष्ट स्वभाव" को विषयमा यहाँ धेरै कुरा बताइएको छ ।

४. त्यसैको परिणाम हो, "हामी प्रस्टसँग बेकामे, परित्याग हुन योग्य र सबै असल कुराहरूको विरोधी बन्यौँ र सम्पूर्ण रीतिले खराबीतिर घिसारिइयौँ ।"

५.मानिसको स्वभावमा आइलागेको त्यही “सुरुको भ्रष्टताबाट” हामी आफै पनि “वास्तविक अपराधी कर्मतिर” खुशीसाथ लाग्यौँ ।

यहाँ सिकाइको कुरा: (१) नैतिक चेतनाको सुरुआत भएदेखि नै सबै मानिसहरू पापमा फँसे (२) त्यसका पछाडि मानिसको नैतिकता भ्रष्ट बन्यो । ऊ जसरी पनि खराबी गर्नतिर मन लगाउने भयो र सम्भवभए जति सबै किसिमका दुष्टतातिर मानिसले नराम्रो झुकाव राख्दै आयो (३) यो नैतिक भ्रष्टता यतिबिघ्न लबस्तरो र आशक्त बन्यो, यसले कुनै हालतमा पनि असल कुरा सोच्नै नचाहने हुन थाल्यो र स्वाभाविकरूपमा असल गर्ने नैतिक कार्यका लागि यो ज्यादै दुर्बल र बेकामे बन्यो (४) यो अवस्था हामीमा जन्मैदेखि तथा स्वाभाविक दृष्टिले आफैमा अविच्छिन्न वा अलग गर्नै नसकिनेझैँ बनेर आयो ।

मानिसको यस प्रतिनिधित्त्वले निम्न कुराहरूमा सहमति जनाउँछ: (१) यसमा विश्वव्यापी अनुभव जोडिएको छ । सबै मानव पुस्ताका सबै उमेर वा समयका र सबैखाले परिस्थितिको अनुभव गरेका मानिसहरूले पापको विषयमा पर्याप्त शिक्षा पाएका छन्, जानाजान नै पापमा छन् र ती सबै पाप वा अनैकि काम गर्नमा खुबै योग्य साबित भएका छन् । यो कुरा जसरी विश्वव्यापी समस्याको रूपमा आएको छ, त्यही रूपमा यो तथ्य पनि विश्वव्यापी र व्यापक बनेको हो । यो कुरा हाम्रो स्वभाव वा चरित्रमा प्रायजसो उस्तै वा उही मात्रामा छ, हामी सबै सँगसँगै पापको प्रभावमा पतन भएका छौँ ।

(२) धर्मशास्त्रको सम्पूर्ण शिक्षामा यही कुरा प्रस्ट गरिएको छ । (क) सबै मानिसहरू पापी छन् भनि यसले घोषणा गरेको छ (रोमी १ अध्यायदेखि ३ अध्यायको १–१९ सम्म) । (ख) पापजन्य कामहरू हृदयको पापपूर्ण स्वभाव र त्यसको अधोगतिबाट आउँछन् (मत्ती १५:१९, लुका ६:४३–४५) । (ग) पापजन्य कार्यहरू सबै “पाप” हुन्, त्यसैलाई नैतिक भ्रष्टता भनिन्छ (रोमी ६:१२, १४, १७, ७:५–१७, गलाती ५:१७, २४, एफेसी ४:१८–१९) । (घ) यस भ्रष्टतामा दिमागको नैतिक तथा आत्मिक अन्धोपना समावेश हुन्छ । त्यसमाथि हृदयको कठोरता यसमा अझै प्रबल हुन्छ र कसैप्रति दया देखाउने वा संवेदनशील हुने कुरामा यसले पर्दा लगाएको हुन्छ (१कोरिन्थी २:१४, १५एफेसी ४:१८) । (ङ) यो नैतिक भ्रष्टता साथै पाप गर्नतिर डोऱ्याउने चाहना हाम्रा मनमा जन्मैदेखि आउने कुरा हो

(भजन ५१:५, एफेसी २:३, युहन्ना ३:६) । (च) मानिस आफ्नो प्राकृतिक स्वभावैले पापमा र अपराधमा मरेको छ (एफेसी २:१, युहन्ना ३:४, ५) । (छ) मानिसले आफ्नो प्रयासमा नैतिक सुधार गर्छु भनेर आफ्नो जीवनको खास नियतिमा परिवर्तन ल्याउँछु भनेर पुग्दैन, बरु "नयाँ जन्म" वा "नयाँ सृष्टि" वा "नयाँगरी जन्मिएको" वा "मृत्युबाट जीवनमा ब्युँताइएको" आदि संज्ञा दिइएको परिवर्तन दिलाउने महान् शक्तिको माध्यमबाट आफूलाई बदल्न सक्छ (एफेसी २:५, १०,४:२४,युहन्ना ३:१०, १युहन्ना ५:१८) ।

पाप वा खराबीको स्वीकारोक्ति गर्नुपर्ने विषयमा खास के कुरा सिकाइएको छ भने मानिसको पापी स्वभावले असल काम गर्ने क्षमता राख्दैन । उसको दुष्ट स्वभावको परिणामका रूपमा उसलाई आदिपिता आदमकै अवस्थामा हेरिएको छ (अध्याय ६ हेर्नुहोस्) ।

**खण्ड – ५ स्वभावमै भ्रष्टता भएकोले जीवनमा जे कुरा रहन्छ, त्यसैमा मानिसहरूले नयाँगरी जन्मने[141] भन्ने कुराको अर्थ बुझ्न सहज हुन्छ । तथापि यो कुरा ख्रीष्टको मृत्युद्वारा हासिल गरिएको क्षमादानबाट मात्रै आउनसक्छ । उहाँको बलिदानी मृत्यु र माफी दुवैद्वारा अनन्त उद्धारको उपाय सुरु हुन्छ, त्यसबाहेक हुने कुनै पनि प्रयास आफैमा अपूरो र अधुरो हुन्छ । किनभने मानिसले गर्नसक्ने कुनै पनि "असल" कार्यले आफैलाई पापबाट मुक्त गर्न सक्दैन, त्यसकारण उसका सबै उपलब्धीहरू पनि वास्तवमै पापमा नै पाइएको हुन्छ ।[142]**

**खण्ड – ६ जन्मनुअघिकै होस् वा हामी आफैले गरेको वास्तविक पाप होस्, सबैखाले पाप कर्महरू परमेश्वरको धार्मिकताको विधिका विरुद्धमा हुन्छन् ।[143] तापनि तिनले आफ्नो स्वभावअनुसारको काम गर्छन् र पापलाई**

---

141 १ यूहन्ना १:८, १०; रोमी ७:१४, १७, १८, २३; याकुब ३:२; हितोपदेश २०:९; उपदेशक ७:२० ।

142 रोमी ७:५, ७, ८, २५; गलाति ५:१७ ।

143 १ यूहन्ना ३:४ ।

**दोष्याउँछन् ।[144] होइन भने त मानिस परमेश्वरको क्रोधमा[145] र व्यवस्थाको श्रापमा[146] पर्ने निश्चित छ । यसरी ऊ मृत्युमा पुग्ने सुनिश्चित भैसकेको छ ।[147] यस्तो अवस्थामा ऊसँगै आत्मिक संकष्ट,[148] अस्थायी[149] भए पनि आत्मिक[150] परित्याग भएको अनुभूति र अनन्तसम्मै दण्ड हुनुपर्ने बाध्यता आदि ।**

यी खण्डहरूले हामीसँग -भ्रष्ट चरित्रको विषयमा कुरा गर्छन्, जुन पुनर्जीवन दिइएको वा नयाँगरी जन्मिएको व्यक्तिका हृदयमा अझै पनि रहिरहेको हुन्छ । पाप स्वभाव हृदयमा रहिरहनु भनेको त्यसले गर्ने पाप र त्यस पापको परिणामका रूपमा परमेश्वरले ल्याउनुहुने दण्ड पनि त्यही भ्रष्ट चरित्रसँग जोडिएर रहिरहेकै हुन्छ । यस विषयमा प्रथमत यस्तो कुरा सिकाइएको छः

१. सुरुको पाप, जसलाई मनुष्य जीवनमा गडेको नैतिक भ्रष्टता पनि भनिन्छ, त्यो ख्रीष्टमा नयाँगरी
जन्मिएका प्राणहरूमा बाँचुन्जेलसम्म रहिरहन्छन् ।

२. मानिसका सबै पापहरू ख्रीष्टको बलिदानद्वारा क्षमा गरिएको छ ।

३. ख्रीष्टको क्षमादानमा शुद्ध तुल्याउने पवित्र आत्माको कामद्वारा क्रमशः पापलाई
नियन्त्रणमा ल्याइन्छ, त्यसलाई मरेतुल्य र निस्तेज बनाइन्छ ।

४. त्यसो भए तापनि मानिसका हृदयमा त्यसले गहिरो छाप पारिराखेको हुनाले पाप
स्वभावकै वास्तविक प्रस्फुटनको रूपमा प्रायजसो केही संकेत वा कृयाकलाप देखिने

---

144 रोमी २:१५; ३:९, १९; ।
145 एफिसी २:३ ।
146 गलाती ३:१० ।
147 रोमी ६:२३ ।
148 एफिसी ४:१८ ।
149 रोमी ८:२०; विलाप ३: ३९ ।
150 मत्ती २५:४१; २ थेसलोनिकि १: ९ ।

गरेको हो ।

यी सबै बुँदाहरूको विषयमा मानिसका प्राणलाई धर्मीकरण गराउने प्रक्रियामा सम्बोधन गरिएको

हुन्छ (हेर्नुहोस्, धर्मी तुल्याउने विषय, अध्याय ११ र पवित्र तुल्याउने विषय अध्याय १३) । यस

सवालमा दोस्रो महत्त्वपूर्ण कुरा निम्न बुँदाहरूले प्रस्ट गर्छन् :

“सुरुको पाप” : पाप र त्यसप्रतिको लगाव मानव प्राणमा रहेको निहित भ्रष्ट स्वभावको

प्रस्फुटन हो, जसले परमेश्वरद्वारा स्थापित नियमलाई वास्तवमै जानीजानी उल्लङ्घन

गरेको वास्तविक पापको रूप लियो ।

२. सबै तहमा हुने पापले तिनका आफ्नो स्वाभाविक दोष र दण्ड ब्यहोर्नुपर्ने देखियो, जसले दण्ड भोग्नै

पर्ने थियो ।

३. व्यक्ति आफैले गरेको पापको परिणाम भोग्नुपर्ने थियो, त्यसलाई अनुग्रहले दखल नपुऱ्याउजेलसम्म

त्यसले निम्त्याउने मृत्यु नै हो, जसमा आत्मिक, आंशिक वा अनन्तसम्मै कष्ट ल्याउने कुरा समावेश

हुन्छ ।

सुरुको पाप र मानिसले आफैले गरेको वास्तविक पाप दुवै परमेश्वरको व्यवस्था उल्लङ्घन गर्नु हो । बृहत् धार्मिकविधि (प्रश्न २४; संक्षिप्त धार्मिकविधि प्रश्न १४) ले पापको परिभाषा यसरी दिएको छ, “परमेश्वरको व्यवस्थाका विरुद्धमा काम गर्ने चाहना, तोकिएको सीमा नाघेर केही गर्ने, विधि उल्लङ्घन गर्ने कामलाई पाप भनिन्छ ।”

प्रेरित युहन्नाले ठिक यही कुरा सिकाएका छन् : “पाप (ἁμαρτία) भनेको कुनै पनि प्राणीले परमेश्वरको व्यवस्था वा वचनको विरुद्धमा गरिने जुनसुकै काम हो” (१युहन्ना ३:४) । यसले निम्न कुराहरू पुष्टि गर्छ :

(१) किनभने नैतिक नियमले त्यसको आधारभूत सर्तको रूपमा पूरा सिद्धताको माग गर्छ, जसमा मानिसले गर्ने हरेक कामका साथै चरित्र र मनैदेखिको शुद्धता समावेश हुन्छन् । जे कुरा सही छ, त्यो वास्तवमै हाम्रा लागि अपरिहार्य र पालन गर्नैपर्ने अनिवार्य पनि छ । त्यसैगरी जे कुरा खराब छ, त्यो त्यतिकै अनिवार्यरूपमा त्यागिन योग्य छ । परमेश्वरले हामीबाट पवित्रताको चाहना गर्नुहुन्छ, हामीले गर्ने काम पनि शुद्ध–पवित्र हुनुपर्छ भन्ने चाहनुहुन्छ । परमेश्वर आफ्नो विषयमा यस्तो घोषणा गर्नुभएको छ, "म तिमीहरूका हृदयका कुराहरू जाँच्ने छु" (प्रकाश २:२८) ।

(२) हामीमा निहित भ्रष्टताले देखाउने झुकावले हामी सुरुको पापतिर घिसारिएका छौँ भन्ने देखाउँछ । त्यही झुकावले हामीलाई पाप गर्न लगाउँछ । हाम्रो मरणशील शरीरमा पाप र त्यसप्रतिको आशक्ति जगाउँछ र त्यसैले हामीलाई वशमा पार्छ । पापले हामीमाथि अधिकार गर्छ । उद्धार नपाएका सबै मानिसहरूलाई "पापका कमाराहरू" भनिएको छ (रोमी ६:१२–१७,७:५–१७, गलाती ५:१७, २४, एफेसी ४:१८–१९) ।

३) मानिसका नैतिक भ्रष्टता र लागिपरी खराबी गर्ने आचरणलाई परमेश्वरले परित्याग गर्नुहुनेछ र सबै किसिमको खराबी गर्न अग्रसर हुने, हृदयको कठोरता प्रदर्शन गर्ने तथा आत्मिक रूखोपन आदि दण्डको योग्य हुने नै छन् (मर्कुस १६:१४, एफेसी २:३) ।

४) पाप स्वीकार गर्नका लागि तोडिएको हृदयको सबैखाले अवस्थाले आत्मिक स्थितिलाई बेस्सरी धमिल्याउने काम गर्छ । यसले प्राणको दोष र स्वभावलाई दुषित बनाउने काम गरेको छ । त्यो पनि हामीले के गर्‍यौँ भन्ने आधारमा नभएर हामी आफैमा को हौँ भन्ने कुराले फरक पार्छ । त्यो बोझले हामीलाई हाम्रो आफ्नो स्थायी अवस्था के रहेको छ भन्ने आधारमा होइन, बरु हामीले कुन पाप जानीजानीकन कस्तो वा कुन पाप गर्‍यौँ भन्ने प्रश्नमा ध्यान दिनुपर्ने हो । अहिले पनि पीडाजन्य अवस्थामा पुर्‍याउने पापलाई केही होइन भन्ने विचार प्रवाह गर्दै हाम्रो वास्तविक अपराधको विषयमा बढी चिन्तित बस्नु परेको छ । त्यसकारण, मानिसले गर्नुपर्ने सबैभन्दा व्यग्र चाहना वा रोदन भनेकै "दुष्ट हृदयको अविश्वासप्रति क्षमायाचना गर्नु हो," जसमा मरणशील अवस्थालाई ईश्वरीय क्षमा

दिइयोस् भनेर याचना गरिन्छ । त्यसैगरी “प्राणको स्थायी स्वभावको कारण परमेश्वरबाट सदाको लागि अलग्ग गरिएको अवस्थाबाट छुटकारा पाउनुपर्ने” चाहना पनि त्यतिकै प्रबल हुन्छ । “हाय, म कस्तो दुःखी मानिस यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला ?” (रोमी ७:२४, भजन ५१:५–६) ।

४. यसले स्वाभाविकरूपमा सुरुको पापको परिणामलाई पछ्याउँछ । त्यसका साथै मानिस आफैले गरेको पापको परिणाम पनि थपिएर आउने निश्चित हुन्छ । व्यवस्थाबाट आउने श्राप सबैमाथि पर्छ । व्यवस्थाले अस्वीकृत गरेको, पाप भनि दण्डयोग्य ठहऱ्याएको सबै कुरा श्राप अन्तर्गत पर्दछन् । यो आफै प्रस्ट छः

(१) यसकै आधारमा हामीले परमेश्वरको न्यायको विषयमा सिक्दछौँ (अध्याय २, खण्ड – १ र २) ।

(२) मानिसमाथि सर्वत्र एकै किसिमको दण्ड आइलाग्ने छ भन्ने कुरा यसैबाट पुष्टि हुन्छ, किनभने हामी हरेकका लागि पाप एउटा घातक रोग र त्यसलाई पन्छाउनै पर्छ । त्यसो भए मात्रै सबै मानिसहरू दण्ड पाउने योग्यका ठहरिने छैनन् ।

(३)पवित्र आत्माले मानिसलाई उसका पापको निम्ति दोषी ठहऱ्याउनुहुन्छ भन्ने तथ्यमा सबै नै दण्डका योग्य बनाइएका छन् भन्ने कुरा पनि पुष्टि हुन्छ (युहन्ना १६:८) ।

(४)मानिसहरू स्वभावैले “क्रोधका सन्तान” हुन् (एफेसी २:३) ।

(५)शिशुहरूलाई पनि ख्रीष्टले उद्धार गर्नुहुन्छ । तिनीहरूको सवालमा अरू सबैमा लागु भएझैँ उहाँले तिनीहरूलाई “व्यवस्थाको श्रापबाट” छुटाउनुहुन्छ, जुन तिनीहरूमाथि श्रापै बनेर थोपरिएको हुन्छ (गलाती ३:१३) ।

५. परिणमस्वरूप अनुग्रहको हस्तक्षेप भएन भने सुरुको पाप (आदमबाट आएको) तथा आफैले गरेको पापको दोषी ठहऱ्याइएको कुनै पनि व्यक्ति मृत्युको अधीनमा परिसकेको छ । त्यो मृत्युमा तीनवटै प्रकारका परिणामहरू समावेश गरिएको हुन्छ — क्षणिक, आत्मिक तथा अनन्तको क्लेश र कष्ट ।

क्षणिकरूपमा मानिसमाथि आइलाग्ने कष्टले निकै दुःख दिन्छ, त्यो परमेश्वरलाई चित्त दुखाएको वा उहाँलाई मन नपर्ने कुनै काम गरेको परिणामका रूपमा आउँछ । यसलाई बृहत् धार्मिकविधिमा सारांशमा व्याख्या गरिएको छ

(प्रश्न २८), "हाम्रो कारणले सबै प्राणीहरूमाथि परमेश्वरले घोषणा गर्नुभएको सराप र हाम्रा शरीर वा समस्त जीवन तथा हाम्रा नामहरू, अवस्थाहरू, सम्बन्धहरू र व्यवसायहरूमाथि नै आइलाग्ने सबैखाले दुष्टताहरू र मृत्युसमेत सबैले व्यहोर्नु परेको छ ।" अवश्य नै यो कुरा अझै पनि विश्वास नगर्नेहरू ख्रीष्टमा धर्मी नतुल्याइएका सबै मानिसहरूमाथि पर्ने हो । किनभने सम्पूर्ण मानव पुस्ताले हँदैसम्म पापको परिणाम भोग्नु नै पर्दछ । त्यसबाहेक धर्मशास्त्रमा बताइएका भयानक संकष्टहरू, जुन धर्मी तुल्याइएका मानिसहरूलेसमेत यस जीवनमा सामना गर्नुपर्छ, ती सबैको दण्डका लागि नै तय गरिएका हुन् । तापनि त्यसबाट ख्रीष्ट येशुको योजना पूरा हुन्छ, त्यसको लाभ उहाँलाई नै हुन्छ र ती सबै खराबीको दण्डका रूपमा वा उहाँको क्रोध देखाउने वा ज्यादै असन्तुष्ट बनेर न्याय गर्नेमात्रै नभएर स्वर्गका पिताको प्रेम झल्काउने उद्देश्यले नै आइलाग्ने हुन् ।

क्षमा नपाएका मानिसहरूमाथि पापले ल्याउने परिणाम आत्मिक क्लेश वा दुःख हो । यस जीवनमा आइलाग्यो त्यो क्लेश खासगरी "दिमागको अन्धोपना, विद्रोही भावना, खराबीतिर जबरजस्ती लागेको मन, हृदयको कठोरता, आतंककारी विवेक र भलाइका कुरा सोच्नै नसक्नेगरी ढाकिएको प्रवृत्ति" जस्ता कुराहरूको परिणामका रूपमा आउँछ" (हेर्नुहोस्, एफेसी ४:१८, रोमी १:२८, २ थिस्सोलोनिकी २:११, रोमी २:५, यशैया ३३:१४, उत्पत्ति ४:१३, मत्ती २७:४, रोमी १:२६, साथै बृहत् धार्मिकविधि प्रश्न २८) ।

क्षमा नगरिएको पापको परिणामको रूपमा आइलाग्ने यी अनन्तसम्म नटुगिने क्लेश र दुःखकष्टहरू अघिबाटै "परमेश्वरको सुखद उपस्थितिबाट सदासर्वदाका लागि अलग्याउने, कत्ति पनि नरोकिने गरी शरीरमाथि लगातार दिइने कष्ट र नरकको आगोमा शरीर र प्राणलाई दिइने निरन्तरको ताडना" हुने छन् भनि तय गरिएको छ" (२थिस्सोलोनिकी १:९, मर्कुस ९:४३–४४, ४६, ४८, लुका १६:२४, बृहत् धार्मिकविधि प्रश्न २९) ।

## प्रश्नहरू

१. यस अध्यायको पहिलो खण्डमा प्रस्ताव गरिएको पहिलो शिक्षा के हो ?

२. यसमै सिकाइएको दोस्रो शिक्षा के हो ?
३. तेस्रो शिक्षा के हो ?
४. चौथो शिक्षा के हो ?
५. पाँचौँ शिक्षा के हो ?
६. नयाँगरी सृष्टि गरिएका नैतिक प्रतिनिधिहरूसित उचित व्यवहार गर्नका लागि परमेश्वरले तय
गर्नुभएको साधारण योजना के हो ?
७. उहाँले प्राणीहरूसँग व्यवहार गर्ने दुईओटा आज्ञा वा निर्देशनहरू के के हुन् ?
८. मानिसको सवालमा के कुरालाई परीक्षाको रूपमा तय गरियो ? त्यस उद्देश्यका लागि किन त्यो
योजना अत्यन्तै प्रशंसनीय प्रकारले मिल्न आउने कुरा के थियो ?
९. हाम्रा आदि मातापिता (आदम र हब्वा) ले गरेको पापको प्रकृति कस्तो देखिएको छ ?
१०. "सुरुको पाप" को रहस्यको पहिलो प्रभावकारी तत्त्व के हो ?
११. पवित्र प्राणीले पाप गर्न थाल्दछ भन्ने कुरा ग्रहण गर्न हामीलाई किन गाह्रो भएको ?
१२. एउटा नैतिक व्यक्तिका रूपमा आदमलाई के के आधारमा हामीभन्दा फरक छ ?
१३. एउटा पापी प्राणीले किन पवित्र काम सुरु गर्न सक्दैन ?
१४. सुरुको पाप हाम्रा लागि सकारात्मक विनियोजन हो कि त्यो बढी घातक हो ?
१५. हाम्रा आदि मातापितालाई प्रभावमा पार्ने आकर्षणको कारण के हो भन्ने देखिन्छ ?
१६. सुरुको पाप भनि औँल्याउनका लागि कसले गरेको पापलाई देखाउनुपर्छ ?
१७. "सुरुको पाप" को रहस्यको दोस्रो प्रभावकारी तत्त्व के हो ?

१८. आदमको पापलाई ईश्वरीय आदेशकै एउटा पक्षको रूपमा हुन दिइयो भन्ने कुरा पुष्टि गर्नुहोस् ।
१९. परमेश्वरले त्यो पाप न ता आफैले अनुमति दिनुभएको हो, न त्यसो हुने सम्मति नै दिनुभएको हो भनि
पुष्टि गर्नुहोस् ।
२०. परमेश्वरले ती कुराहरू हुन दिनुका पछाडि सबैथोकबाट महिमा लिनुथियो भनि पुष्टि गर्नुहोस् ।
२१. यस अध्यायको दोस्रो खण्डमा प्रस्ताव गरिएको पहिलो शिक्षा के हो ?
२२. यस खण्डमा प्रस्ताव गरिएको दोस्रो शिक्षा के हो ?
२३. तेस्रो शिक्षा के हो ?
२४. चौथो नि त ?
२५. आत्मिक जीवन जिउनका लागि मानव प्राणले आड लिने कुरा के हो ?
२६. मानिसले पाप गरेको पापको दण्ड पाउना बित्तिकै जीवनको भरथेग गर्नुहुने पवित्र आत्मालाई फिर्ता
गरियो भन्ने कुरा प्रस्ट गर्नुहोस् ।
२७. पवित्र आत्मालाई फिर्ता लग्ने बित्तिकै देखिएको परिणाम के थियो ?
२८. हाम्रा आदि मातापिताको जीवनमा पापको दण्डको परिणामस्वरूप देखापरेको प्रभाव के थियो ?
२९. यस अध्यायको तेस्रो र चौथो खण्डमा प्रस्ताव गरिएको पहिलो शिक्षा के हो ?
३०. यहाँ प्रस्ताव गरिएको दोस्रो शिक्षा के हो ?
३१. तेस्रो प्रस्ताव के हो ?
३२. चौथो प्रस्ताव के हो ?
३३. पाँचौँ प्रस्ताव नि त?
३४. कुन खण्ड –को कुनचाहिँ शब्दमा हामीले तोकेकै स्तरमा आदमको कामको करार र उनीपछिको
सम्पूर्ण पुस्ताका लागि प्रस्टसाथ सिकाइएको शिक्षा के थियो ?

३५. मानव पुस्ताका जोकोहीलाई उन्मुक्ति दिने सवालमा कुन कुन तीन ओटा योजनाहरू सम्भव हुन्छन्
?
३६. हामीलाई आदमसँगै क्षमा दिएर उन्मुक्ति दिने योजना किन बुद्धिमानी र लाभदायक कुरा हुनसक्छ,
देखाउनुहोस् ।
३७. हामी सबै मानव पुस्ताका सबै मानिसहरूको एकमात्र केन्द्रीय प्रतिनिधित्त्व आदमले गर्दछन् भन्ने
कुरा पुष्टि गर्नुहोस् ।
३८. हाम्रो आफ्नो स्तरमा "दोष" को परिभाषा दिने सटीक भाव के हुनसक्छ ?
३९. "गाभिएको" भन्ने शब्दको प्रयोग कुन अर्थ प्रयोग भएको छ ?
४०. कुन खण्ड –को कुनचाहिँ शब्दमा हामीले तोकेकै स्तरमा आदमले गरेको सुरुवाती पापको दोष
उनका सबै सन्तानहरूलाई कुन हदसम्म उत्तरदायी बनाइएको थियो ?
४१. उनले गरेको त्यस पापको दोष हाम्रा थाप्लामा सारिदिनुपर्ने खास कारण के थियो ?
४२. धर्मशास्त्रबाट पुष्टि गर्नुहोस् :अदमको पाप हामीमाथि सारियो ।
४३. आदमको सुरुको पाप नै हामीमाथि किन सारिएको ?
४४. त्यही पापको खातिर हामीलाई कसरी दण्डित गराइन्छ ?
४५. हामीमाथि आइलाग्ने त्यस दण्डको आवश्यक प्रभाव के हो ?
४६. यी खण्ड –हरूमा स्वभावतः मानिसको नैतिक अवस्था कस्तो हुन्छ भनि बताइएको छ ?
४७. यिनले सिकाउने विषयमा दिइएका विभिन्न बुँदाहरू के के हुन् ?
४८. यहाँ सिकाइएको सिद्धान्त मानिसको विश्वव्यापी अनुभवसित मेलखान्छ भनि पुष्टि गर्नुहोस् ।
४९. धर्मशास्त्रमा मानिसको कष्ट र क्लेश, उसको स्वभाव र बढ्दो प्रभावका विषयमा धर्मशास्त्रमा धेरै

कुराहरू सिकाइएको छ, उसले भोग्नुपर्ने दण्ड वा कष्टको विषयमा पनि धैरै कुरा सिकाइएको छ
भनि पुष्टि गर्नुहोस् ।

५०. यस अध्यायको पाँचौँ र छैठौँ खण्डमा के के विषयहरू सिकाइएको छ ?

५१. नयाँगरी जन्मिएको व्यक्तिमा पनि पापको प्रभाव पछिसम्म देख्न सकिन्छ भन्ने कुरा पुष्टि गर्नुहोस् ।

५२. अहिले पनि हाम्रा हृदय र मस्तिष्कमा पाप गर्न झुकाव राख्ने अन्तर्मनदेखिको एउटा अभिलाषाले
काम गरिरहेको छ र यसले नै हामीलाई सुरुको पापझैँ परमेश्वरको वचन विरूद्ध विद्रोही बनेर खडा
हुन लगाउँछ । यो कुरा धर्मशास्त्रबाटै प्रमाणित गर्नुहोस् ।

५३. "पाप गर्नतिरको झुकाव" र सुरुको पापले पाउने दण्ड उस्तै हो भनि पुष्टि गर्नुहोस् ।

५४.सुरुको पापकै कारणले कुनचाहिँ क्षणिक वा केही समयसम्मको दुखकष्टमा हामीलाई पुग्नेपर्ने
बनायो ?

५५.धर्मी ठहऱ्याइएका विश्वासीहरूसित अहिले सबैले भोग्नुपर्ने क्षणिक अपराधको दण्ड कसरी जोडिएर
आउन सक्छ ?

५६. पापको कारणले कुनचाहिँ आत्मिक कष्ट ज्यादै चर्को पर्न गएरको थियो ?

५७. त्यही पापको कारणले, अनन्तसम्म तोकिएको पापको कुनचाहिँ दण्डले ल्याउने परिणाम त्यसको
सही मूल्याङ्नको कारण बन्यो ?

# अध्याय ७
# (CHAPTER VII)
# मानिससँग परमेश्वरको करार
# (OF GOD'S COVENANT WITH MAN)

**खण्ड – १ परमेश्वर र उहाँको सृष्टिको बिचको दूरी निकै फराकिलो छ । सृष्टिका प्राणीहरूले उहाँप्रतिको यथोचित आज्ञा पालन गरे तापनि अन्ततः ती कसैले पनि त्यो स्तरअनुसार उहाँको सामुन्ने आफ्ना कामले आफैलाई योग्य वा धर्मी तुल्याउन सक्ने छैनन् । कैले पनि आफ्नो परिश्रमबाट उहाँको आशिष् र इनाम बटुल्न उहाँलाई प्रभाव पार्न सक्ने छैनन् । बरु परमेश्वर आफैले सृष्टिसित आफ्नो करार स्थापित गर्दै केही सहानुभूति देखाउनु भएका उदाहरणहरू धर्मशास्त्रमा पाइन्छन् ।[151]**

**खण्ड – २ परमेश्वरले मानिससित बाँध्नुभएको पहिलो करारलाई कामको करार भनिएको छ ।[152] त्यसमा आदमका लागि जीवनको प्रतिज्ञा गरिएको थियो र उसकैमा उसका सबै वंशका लागि पनि जीवनको प्रतिज्ञा विस्तार गरियो,[153] तर त्यसका लागि सबैले व्यक्तिगतरूपमा सिद्ध आज्ञा पालन गरेको हुनुपर्ने सर्त पनि साथैमा राखिएको थियो ।[154]**

यी खण्डहरूले निम्न कुरा सिकाउँछन् —

१. सृष्टिको सबैभन्दा बुद्धिमान प्राणीले आफ्ना सृष्टिकर्ताबाट पाएको जिम्मेवारी सुरुदेखि नै अलग्याउन, पन्छाउन नमिल्नेगरी अपरिहार्य बनाइएको थियो ।

---

151 यशैया ४०:१३-१७; अय्युब ९:३२, ३३; १ शमुएल २:२५; भजनसंग्रह ११३:५, ६; १००:२, ३; अय्युब २२:२, ३; ३५:७, ८; लुका १७:१०; प्रेरित १७: २४, २५ ।

152 गलाती ३:१२ ।

153 रोमी १०:५; ५:१२-२० ।

154 उत्पत्ति २:१७; गलाती ३;१० ।

२. यसमा सृष्टिकर्ताकै पूर्णता र प्रेममा आनन्द मनाउन सकिने कुरा राखिएको थियो, तथापि त्यो उहाँको सित्तैमा दिइएको सार्वभौम अनुग्रहको कारणले गर्दा प्राप्त हुने थियो । त्यो अनुग्रह प्राप्त गर्न सृष्टिकर्ताको इच्छामाथि सम्पूर्ण रीतिले निर्भर हुनुपर्ने थियो ।

३. मानिस र स्वर्गदूतको सवालमा परमेश्वरले आदमका सन्तानहरूले पनि खास सर्तहरू पालन गरेमा प्रतिज्ञा गरिएको ती आशिषहरू प्राप्त गर्न सक्दथे, यसैलाई प्रतिज्ञाको करार भनिएको हो ।

४. मानिसको सम्बन्धमा दिइएको सो पहिलो करारमा परमेश्वरले उसका सम्पूर्ण सन्तान–दरसन्तानहरूको प्रतिनिधि आदमलाई नै ठहऱ्याउनुभयो ।

५. यस करारको खास प्रतिज्ञाले जीवनलाई निश्चित गर्दथ्यो, तर यसका लागि व्यक्तिगतरूपमा सबैले आज्ञा पालन गर्नुपर्ने सर्त मान्नुपर्ने थियो ।

१. सृष्टिको बुद्धिमान प्राणीले पालन गर्नुपर्ने पहिलो कर्तव्य अपरिहार्य ठहऱ्याइयो । त्यो कर्तव्य कुनै रीतिले पनि पन्छाउन वा 'म गर्दिनँ' भन्न पाउने प्रकारको थिएन । (१) नमानी नहुने बाध्यात्मक निर्देशनको रूपमा यो करार दिइयो, जुन आफैमा नैतिक बन्धन हो, जसले मानिसको इच्छामाथि नै परमेश्वरको अधिकारको अभ्यास गर्छ र मानिसको कुनै पनि अधिकार यसले स्वीकार गर्दैन । (२) मानिस आफैमा सृष्टि गरिएको प्राणी हो भन्ने तथ्यका आधारमा उसले परमेश्वरमाथि निर्भर हुनुपर्ने आशय यस करारमा प्रस्ट गरियो । त्यही यर्थाथमा रहेर मानिसले आफ्नो बुद्धि, विवेक, नैतिकतालाई सम्पूर्ण रीतिले परमेश्वरमा समर्पण गरेर उहाँको इच्छाको पालन गर्दै बाँच्नुपर्ने र सारा जगतका एकमात्र अधिपति तथा शासक परमप्रभु परमेश्वरको अधीनमा रहन स्वीकार गर्नुपर्ने बाध्यात्मक सर्त तोकियो ।

२. त्यसका अलावा, यस करारमा सृष्टिकर्ता परमेश्वरको अधिक अनुग्रहमा सारा सृष्टिले उहाँको पूर्णता र प्रेममा आनन्द मनाउन पाउने छन् । सृष्टिकर्ताको असल इच्छामा भर परेर जिउन पाउनु आफैमा आशिष्को प्रस्ट अनुभव हो । यस करारले खासमा गर्ने पहिलो काम नै सम्पूर्ण सृष्टिलाई उहाँको आज्ञा पालनमा ल्याउनु हो । त्यसकारण सबै नै उहाँको आज्ञा पालन गर्न बाध्य हुन्छन् । तर यस करारले कतै पनि सृष्टिकर्तालाई सृष्टिको इच्छा पालन गर्न बाध्य पारिएको छैन,

त्यसकारण उहाँलाई हाम्रा इच्छा पालन गर्न बाध्य पार्न सकिँदैन । सृष्टि स्वयम् नै उहाँको आज्ञा पालनका लागि सिर्जना गरिएको हो भन्ने सङ्केत हो । सृष्टिका यावत् प्राणीहरू उहाँको अनुग्रहका पात्रहरू हुन् । कसैले पनि अझै अनुग्रह चाहियो भनेर माग दावी गर्न सक्दैन । उदाहरणको लागि, मानौँ, परमेश्वरले सुरुमै मानिसलाई एउटा मात्रै आँखा भएको प्राणीका रूपमा सृष्टि गर्नुभएको भए उसले त्यसैमा चित्त बुझाउनु पर्नेमात्रै होइन, बरु दुईओटा आँखा हुनुपर्ने विचारै उसमा आउने थिएन । उहाँले जसलाई आँखा दिनुभयो, त्यसलाई देख्न सक्ने ज्योति पनि दिनुभयो । उसले जे-जति देख्थ्यो, त्यसैमा ऊ सृष्टिकर्ताप्रति धन्यवादी बन्न सक्थ्यो, त्यसकारण उसलाई दोस्रो आँखाको दरकार नै पर्ने थिएन ।

त्यसका साथै परमेश्वरले मानिसलाई एउटा धार्मिक स्वभावसहित बनाउनुभयो, त्यसकारण उसले स्वविवेकको प्रयोग गर्नसक्छ, जुनकुरा विश्चितरूपमा परमेश्वरबाट प्राप्त गरिएको वरदान हो । त्यो परमेश्वरको कहिल्यै नटल्ने प्रेम र अनुग्रहलाई उसले आफ्नो तुल्याउने काम गर्न सक्छ । परमेश्वरले सबै प्राणीलाई स्वाभाविकरूपमा त्यसको सम्पूर्ण क्षमतामा उहाँसँगको घनिष्टता स्थापित गरिदिनुहुन्न । यदि उहाँले त्यसो गरिदिनु हुने हो भने पनि त्यो उहाँको आफ्नो सार्वभौम अनुग्रहको कारणले गर्दा भएको हो भनेर हामीले स्वीकार गर्नुपर्छ ।

३. मानिस र स्वर्गदूतको सन्दर्भमा, परमेश्वरले एउटा सर्वव्यापी पहुँच राख्ने प्रकृतिको प्रतिज्ञा गर्नुभयो । उहाँले स्थापित गर्नुभएको यस प्रतिज्ञालाई ससर्त करार भनिएको छ । परमेश्वरले स्वर्गदूतका लागि पनि उहाँको व्यक्तिगत प्रेम र जीवन प्रदान गर्ने समाज दिनुभयो, त्यही बहुमूल्य वरदान उहाँले प्रथम मानव जोडीलाई पनि दिनुभएको थियो, जसका लागि एउटा सर्त उहाँले तोक्नुभयो । परमेश्वरले अदनको बगैँचामा आदमसँग गर्नुभएको प्रतिज्ञालाई करार नै भनिरहनुपर्दैन भन्ने तर्क कतिले अघिसारेका छन्, किनभने सृष्टि गरिएका कुनै पनि प्राणीको इच्छा के हो भन्ने प्रवाह नगरीकन सृष्टिकर्ताले आफै तोकिदिनुभएको एउटा संविधान थियो त्यो  तर त्यस तर्कका लागि उपयुक्त जवाफ यो हो । (१) आदमको इच्छाको प्रवाह नगरिएकै भए पनि उसको इच्छामाथि कुनै प्रश्न नउठाईकन उहाँको यस ईश्वरीय संविधानमा सहमति जुटाइएको थियो,

त्यसकारण यस प्रतिज्ञामा एउटा करारमा हुनुपर्ने सबैकुरा समावेश गरिएको पाइन्छ । (२) बाइबलमा प्रस्ट गरिएका धेरैजसो करारमा परमेश्वर र मानिसको बिचमा केही सर्तहरू बाँधिएका र ती अनुसार लेनदेन गरिएका उदाहरणहरू छन् । भनौँ न, यदि परमेश्वरले नोआ (उत्पत्ति ९:११–१२) र अब्राहाम (उत्पत्ति १७:१–२१) सित बाँधेको करारमा त्यसप्रकारको लेनदेन भएको थियो भने आदमसित उहाँले बाँध्नुभएको करारका त्यसभन्दा बाहेक अर्को कुरा के भयो त भनेर प्रश्न गर्न सकिन्छ ।

कुनै पनि करारको राम्ररी विश्लेषण गर्ने हो भने यी तत्त्वहरू त्यसमा हुन्छन्ः (क) दुई वा सोभन्दा बढी पक्षहरू, (ख) प्रतिज्ञा, (ग) सर्तहरू, (घ) खण्ड —सजाय आदि । करारका फरक पक्षहरूको विषयमा यसपछिको बुँदाले प्रस्ट सिकाउने छ ।

४. पहिलो करारमा जे कुरा मानिसका लागि तोकियो, त्यसमा आदमलाई उसका सम्पूर्ण सन्तान–दरसन्तानहरूको प्रतिनिधि ठहऱ्याइयो । त्यसका दुई पक्षमा एकतिर परमेश्वर र अर्कोतिर आदम थिए । आदमले त्यसपछि हुन आउने सम्पूर्ण मानव जातिको प्रतिनिधित्त्व गरेको ठहर गरियो । यसरी आदमले आफू पछिका सबै मानिसको पक्षमा आफूलाई उभ्याउनुपर्थ्यो । यसरी भन्नुपर्दा आदम त्यस करारको पालन वा उल्लङ्घन भए बापतआउने लाभ कि हानीका भागीदार हुने नै थिए, त्यसमा उनले जे इच्छा गरे त्यही हुने थियो । उनले इनाम पाउने कि दण्ड पाउने भन्ने कुरा आफै छनौट गर्नसक्थे । तोकिएको समयमा उनले त्यस करारप्रति जेजस्तो व्यवहार गरे त्यसले दण्ड कि इनाम ल्याउने थियो । त्यो कुरा अघिबाटै एउटा नियमका रूपमा स्थापित गरिएको थियो । यसरी उक्त करारले हाम्रा लागि एउटा सिद्धान्त र अनुशासनको स्तर दुवै मापदण्ड तोकिदिएको थियो (अध्याय ६, खण्ड – ४ र ५) । यस करारको थप प्रकृतिका बारेमा यसपछिको बुँदाले यही विषय सिकाएको छ ।

५. यसद्वारा गरिएको प्रतिज्ञा जीवन थियो । यसको सर्त सिद्ध आज्ञा पालन थियो, र यसको दण्ड भने मृत्यु थियो (बृहत् धार्मिकविधि प्रश्नोत्तरमाला २०, संक्षिप्त धार्मिकविधि प्रश्नोत्तरमाला १२) । यस करारलाई विभिन्न दृष्टिले प्रस्ट गर्न सकिन्छ । यस करारमा उल्लेख भएका एक वा धेरैवटा तत्त्वहरूले यसलाई एउटा ढाँचामा

प्रस्तुत गरेको छ । त्यसकारण यसलाई “कामको करार” भनिएको हो । किनभने यसको सर्त नै सिद्ध आज्ञा पालन थियो । यसैलाई “वैधानिक करार” पनि भनिएको छ । किनभने यसले नैतिक विधि भनेर तोकिएका केही दावीहरूको अक्षरसः पालन गरिएको हुनुपर्ने भनि अपेक्षा गरेको छ । यहाँ यी विधिहरूलाई परमेश्वरले मन पराउनुभएका सर्तहरूको रूपमा बुझ्न पनि सकिन्छ । यो करारलाई आधारभूतरूपमा नै अनुग्रहको करार भनेर पनि चिन्न सकिन्छ । यसमा अनुग्रहपूर्वक जीवन दिने प्रतिज्ञा गरिएको थियो । त्यो जीवन परमेश्वरसितको सङ्गतीमा रहने थियो, जुन उहाँको आज्ञा पालनको इनामका रूपमा कुनै थप सर्त नराखीकन सित्तैमा दिइने उपहार थियो । जसै भए तापनि यो करार “कामको करार” थियो, जसमा एउटा व्यवस्था स्थापित गरिएको थियो, जसमा केही खास कुराको माग र सर्त तोकिएको थियो ।

१) करारको प्रतिज्ञाका रूपमा जीवन दिने कुरा यसरी पुष्टि हुन्छः (क) दण्डको प्रकृतिका आधार, जुन कुरा प्रस्ट शब्दमा लेखिएको छ । यदि अनाज्ञाकारिता मृत्युसित जोडिएको थियो भने आज्ञा पालन पक्कै पनि जीवनसित जोडिएको हुनुपर्छ । (ख) धर्मशास्त्रका धेरै खण्ड –हरूमा यो कुरा प्रस्टसित सिकाइएको छ । रोमी १०:५ मा पावल भन्छन्, “मोसाले लेखिदिएका छन् ‘व्यवस्थामा आधारित रहेको व्यवस्था पालन गर्ने मानिस त्यसैबाट जिउने छ ।” (हेर्नुहोस्, मत्ती १९:१६, १७, गलाती ३१२, लेवी, १८:५, नहेम्याह ९:२९) ।

प्रतिज्ञा गरिएको जीवनको अर्थ सामान्यतः लगातार बाँचिरहनसक्नु मात्रै होइन; (क) किनभने सर्त उल्लङ्घन गरेबापतआइलाग्ने मृत्यु आफैमा जीवनको समाप्ति हुने अवस्था थिएन । आदमले मनाही गरेको फल खाएकै दिन मृत्युको अनुभव गरे । त्यो मृत्यु वास्तवमा शरीरको अस्तित्त्व समाप्त नभएर परमेश्वरसितको संगति वा संवादबाट अलग्ग भएको अनुभव थियो । किनभने यस करारमा प्रतिज्ञा गरिएको जीवनमा ईश्वरीय सङ्गतीको संलग्नता थियो, त्यसकारण पनि त्यो जीवन स्वतः उत्कृष्ट हुनु र खुशीमा पुग्नु पर्दथ्यो । (ख) यही तथ्यका आधारमा जीवनको अस्तित्त्व तहसनहस नहुने कुरा देखिन्छ । तथापि यो तथ्यमात्रै नभएर यो आफैमा जीवनको स्वभाव बन्यो, जुन निरन्तर अस्तित्त्वमा रहन्छ र पुनः आज्ञा पालनको प्रस्ट प्रतिबद्धता पाउँनासाथ परमेश्वरले मृत्युलाई हटाइदिनु हुन्छ

। (ग) धर्मशास्त्रमा “जीवन” र “मृत्यु” जस्ता शब्दहरू प्रयोग गरिएको कारण दुई फरक आत्मिक अवस्थाबारे लगातार बताउनु हो । हाम्रो प्राणले परमेश्वरमाथि भर पर्नुपर्ने तथ्य यसबाट जाहेर भएको छ (युहन्ना ५:२४; ६:४७; रोमी ६:१३; ११:१५; एफेसी २:१–३; ५:१४; प्रकाश ३:१) ।

२) यस तथ्यबाट प्रस्ट हुन्छ, उक्त करारको खास सर्त भनेकै सिद्ध आज्ञा पालन होः (क) ईश्वरीय व्यवस्थाले त्यसभन्दा थोरै अपेक्षा गर्ने कुरै भएन । आज्ञा पालन गर्नुपर्ने यो कुरा आफैमा महत्त्वपूर्ण मात्रै होइन, वास्तवमा यो बाध्यकारी पनि हुन्छ ।

याकुब लेख्छन्, “जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ” (याकुब २:१०; गलाती ३:१०; व्यवस्था २७:२६) । (ख) यस करारमा तोकेरै दिइएको आज्ञा चाहिँ ‘असल र खराबको ज्ञान दिने रुखको फल नखानू’ भन्ने थियो । यसमा दुई भिन्न कुराहरू उल्लेख गरिएका थिए र त्यसमा नाइनास्ति बिनाको आज्ञा पालनको अपेक्षा गरिएको थियो, जुन आफैमा असीमित र सम्पूर्णतः सास्वत थियो ।

३) यस करारलाई उल्लङ्घन गरेमा त्यसको दण्ड मृत्यु हुनेछ भनि प्रस्टै बताइएको थियोः “जुन दिन तैले त्यस फलबाट खानेछन्, त्यसैदिन तँ मर्नेछन्” (उत्पत्ति २:१७) । यसले जीवनमा निकै दुःखद अस्तित्त्वको विषय उठाएको छ । अस्तित्त्व नै समाप्त हुने नभए तापनि शारीरिक तथा नैतिकरूपमा सम्बन्ध तोडिने सङ्केत यसले गरेको छ । यसबाट शरीर र प्राणका बिचमा हुने द्वन्द र एकले अर्कोलाई सुधार्नै नमिल्ने अवस्था इङ्गित गरिएको छः (क) शरीर र प्राणको सम्बन्धका बिचमा दिगो समाधान आउनुभन्दा हजारौँ वर्ष पहिले नै त्यस अनाज्ञाकारिताले हाम्रा प्रथम मातापिताको जीवनमा असर पुर्‍यायो । (ख) ती आदि मातापिताबाट जन्मिने सम्पूर्ण सन्तानहरूको नैतिक र आत्मिक अवस्था कस्तो हुन्छ र त्यस अवस्थाबाट ख्रीष्ट येशुको मृत्युद्वारा तिनीहरूले कसरी छुटकारा पाउने छन् भन्ने विषयमा धर्मशास्त्रमा लगातारजसो व्याख्या गरिएको छ (प्रकाश ३:१; एफेसी २:१–५; ५:१४; युहन्ना ५:२४) ।

यो मृत्यु पापको बढ्दो परिणामको रूपमा आउने थियो, जीवनकै स्रोत त्यसले समाप्त गर्ने थियो । त्यसले मानिसको सम्पूर्ण व्यक्तित्त्वलाई असर पार्छ र त्यो कारण जहिलेसम्म रहिरहन्छ, पापको असर पनि रहिरन्छ ।

**खण्ड – ३ पतनको कारण मानिसले आफैलाई करारद्वारा सुनिश्चित गरिने जीवनका लागि असक्षम बनायो । त्यसकारण परमेश्वरले दोस्रो करार बनाउनुभयो,[155] त्यो अनुग्रहको करार थियो, जसद्वारा उहाँ पापीलाई सित्तैमा जीवन प्रदान गर्नुहुन्छ, जुन जीवन येशुद्वारा प्रदान गरिएको उद्धारमा प्राप्त हुन्छ । यो जीवन पाउनका लागि पापीले उहाँमा विश्वास गर्नुपर्छ । अघिल्लो करारमा आज्ञा पालनको माग गरिएझैँ यसमा विश्वासको माग गरिएको छ । विश्वासद्वारा नै कुनै पनि पापीको उद्धार हुनसक्दछ ।[156] अर्थात् विश्वास गर्नेलाई अनन्त जीवन दिने प्रतिज्ञा गरिएको छ । जो-जसलाई पवित्र आत्माले अघिबाटै रोज्नु र अभिषेक गर्नुभएको छ, ती सबैले उहाँको उद्धार पाउन सक्छन् । यहाँ पवित्र आत्माको कामचाहिँ पापीलाई येशुमा विश्वास गर्ने मन हालिदिएर उद्धारमा डोऱ्याउनु हो ।[157]**

**खण्ड – ४ अनुग्रहको यो करार धर्मशास्त्रमा घरि-घरि बताइएको करार हो । यसलाई नयाँ करार पनि भनिएको छ, जुनचाहिँ येशुको मृत्युद्वारा औपचारिकरूपमा स्थापित गरिएको छ । उहाँले यसलाई कहिल्यै नतोडिने अनन्त उद्धारको निम्ति प्रदान गर्नुभयो । उहाँ आफै यसमा सामेल भैदिएर मुक्तिको लागि एउटा उपाय छाडिदिनुभयो ।[158]**

सिद्ध आज्ञाकारिताद्वारा स्थापित गरिएको पछिल्लो करारबाट आदम आफू चुकेको हो र त्यसै आधारमा उनका सबै सन्तानहरू पनि चुके । यसरी

[155] गलाती ३:२१; रोमी ८:३; ३:२०, २१; उत्पत्ति ३:१५; यशैया ४३:६ ।
[156] मर्कुस १६:१५, १६; यहुन्ना ३:१६; रोमी १०:६, ९; गलाती ३:११ ।
[157] इजकिएल ३६:२६, २७; युहन्ना ६:४४, ४५ ।
[158] हिब्रु ९:१५-१७; ७:२२; लुका २२:२०; १ किरिन्थी ११:२५ ।

अनाज्ञाकारितासँगै जोडिएर आउने मृत्युमा तिनीहरू सबै नै सामेल गराइए । यसबाट के कुरा हुन आउँछ भने, यदि पुरानो व्यवस्था वा विधानको विकल्पमा अर्को कुनै कुरा राख्न, बदल्न वा सुधार्न नमिल्ने हुन्छ भने त्यसैबाट मानिस पतन भैसकेको हो भनेर बुझ्नुपर्छ । त्यसो त यदि मानिसले उद्धार पाउनुपर्छ भने परमेश्वरद्वारा नै नयाँ प्रकारको अनुग्रही हस्तक्षेप हुनुपर्छ, अन्यथा उहाँबाहेक अरू कसैले व्यवस्थामा हेरफेर गर्न सक्ने कुरै भएन । अनि, यदि परमेश्वरले नै मानिसलाई बचाउन त्यस व्यवस्थामाथि हस्तक्षेप गर्नु हुन्छ भने ता त्यो आफैमा एउटा प्रस्ट योजनाबाट आएको हुनुपऱ्यो र खासगरी पहिल्यै सुनिश्चित गरिएको, बताइएको र सबै सर्त ठिक तरीकाले पूरा गरिएको हुनुऱ्यो ।

यसको अर्थ, जसले उद्धार पाउनुपर्ने हो, तिनीहरूका सामुन्ने नयाँ करारलाई प्रस्टसित चिनाउनुपर्ने हुन्थ्यो, त्यसबाट जीवन प्राप्त गर्न सकिने कुरा प्रस्ट गरिएको हुनुपर्थ्यो र

अघिल्लो विधानभन्दा यो केकति कुराले फरक छ र यसमा केकस्ता फरक सर्तहरू छन् भन्ने पनि प्रस्ट गरिएको हुनुपर्थ्यो । त्यसो भए धर्मशास्त्रमा त्यस करारका दुवै पक्षहरूका बिचमा के कुराहरू सर्त तोकिएका वा प्रतिज्ञा गरिएका छन् र यसद्वारा के के कुराहरूलाई बेकम्मा बनाइएका छन् भन्ने प्रश्न उठ्छ ।

यसमा आर्मेनियन धारणाले भन्छ, सिद्ध आज्ञाकारिताको माग गर्ने पहिलो करार भङ्ग गरेपछि आदमले गुमाएको जीवन र त्यसका आशिषहरूबाट बिमुख हुनुपरेको अवस्थाबाट दोस्रो करारले ख्रीष्टको मृत्युले सिद्ध न्याय ल्यायो । ख्रीष्टकै खातिर परमेश्वरले 'अर्को' नयाँ करार चिनाउनुभयो । त्यो अनुग्रहको करार थियो । आदमले गुमाएको जीवन हरेक मानिसहरूले फिर्ता पाऊन् भनेर पहिलेभन्दा कम स्तरको सर्त तोकिदिनुभयो र विश्वास र साक्षीको जीवन जिउने (आज्ञाकारिता) का सहज सर्तहरू पूरा गरे पुग्ने बनाइदिनुभयो । यस धारणाअनुसार, यो नयाँ करार भनिए पनि पुरानो जत्तिकै कामको करार हो । फरक के मात्रै भने यसमा पहिलेजस्तो सिद्ध आज्ञा पालनको काम गर्नुजस्तो मुस्किल छैन र विश्वासको अनुशासन पालन गर्नका लागि पनि हामीलाई अनुग्रहद्वारा उल्टै आत्माको सहायता पर्याप्त दिइएको हुन्छ । यसअनुसार विश्वास र सुनाइएको सुसमाचार ग्रहण गर्ने वा सामान्य साक्षी स्वीकार गर्ने कामद्वारा नयाँ

करारमार्फत प्रदान गरिने अनन्त जीवन सुनिश्चित गर्न सकिन्छ, जसरी पुरानो करारअनुसार सिद्ध आज्ञाकारिताको माग गरिएको हुन्छ ।

यो धारणा सुसमाचारको प्रकृतिसित तादाम्य बन्दैन । सुसमाचारमा उद्धार प्राप्त गर्नका लागि तोकिएको विधिमा सिद्धान्तमाथि सम्झौता हुन नसक्ने कुरा छ । यसमा कुनै पनि मापदण्डलाई कम स्तरको बनाउन नमिल्ने बनाइएको छ । ख्रीष्टले सम्पूर्ण रीतिले पुरानो करारको वैधानिक मापदण्ड पूरा गर्नुभएको छ । त्यसपछि, उहाँले जे पूरा गर्नुभयो, त्यसैको जगमा हामी आफ्नो विश्वास वा भरोसाका अभ्यास गर्छौं । त्यसैमा हामी उहाँको धार्मिकताका सहभागी हुन्छौ र उहाँको अनुग्रहको लाभ उठाउँछौँ । ख्रीष्टले सुसमाचारमा चुस्तरूपमा प्रस्तुत गर्नुभएको विश्वास वास्तवमा ‘काम’ होइन । सुसमाचार ग्रहण गर्नु भनेकै ख्रीष्टको उद्धार ग्रहण गर्नु हो । हामीले त हाम्रा उद्धारकर्ताले पूरा गरिसक्नुभएको काममा हात हाल्छौ मात्रै, जुनचाहिँ उद्धारको साँचो जग हो । अर्कोतर्फ, काल्भिनियन अवधारणाले भने आदमको पतनमा हराइरहेका आम मानिसहरूमध्येबाट परमेश्वर आफैले अघिबाटै चुन्नुहुन्छ भनेको छ । परमेश्वरले गर्नुहुने पूर्वचुनावको आधारमा कसले उद्धार पाउने भन्ने कुरा पहिल्यै निश्चित गरिएको हुन्छ । यसैका लागि उहाँले हाम्रो स्वभाव धारण गरेर मानव रूपमा आफ्ना पुत्रलाई देहधारण गराउनुभयो । उनै पुत्र परमेश्वर, ख्रीष्ट हाम्रा लागि परमेश्वरसित मध्यस्थ बिन्ती गर्नुहुने मानव–परमेश्वरलाई दोस्रो आदम तुल्याउनुभयो । उहाँले मानवमात्रको एकमात्र जिम्मेवार प्रतिनिधिका रूपमा ख्रीष्टलाई खडा गर्नुभयो, उहाँमा नै सबैले अनन्त उद्धार पाउँछन् । उनै दोस्रो आदम आफै नै त्यस करारभित्र प्रवेश गर्नुभयो र आदमका सन्तान सबैका निम्ति सिद्ध बलिदान बन्नुभयो ।

यस करारमा मध्यस्थकर्ताले उहाँका चुनिएकाहरूको पक्षमा खडा भैदिएर कामको पुरानो करारमा भङ्ग गरिएका सबै कुराहरू पूरा गरिदिनुभयो । आदम जे कुरामा चुके, त्यही कुरा उहाँले पूरा गरिदिनुभयो । आदम आज्ञा पालन गर्नबाट चुकेका थिए र फलस्वरूप जीवन गुमाएका थिए, उनले पाप गरेर र परिणाममा मृत्युको कहिल्यै नसिद्धिने दण्डका भागीदार बने । त्यसकारण ख्रीष्टले त्यही दण्ड भोग्नुभयो र जोजतिका लागि पुरानो करारको दण्डको प्रतिनिधित्त्व उहाँले गर्नुभएको थियो, ती सबैको पक्षमा सो दण्डलाई तिनीहरूमाथि आइपर्नबाट

हटाइदिनुभयो । ठिक त्यसैघडी उहाँले प्रधानपूजाहारीले गर्नुपर्ने जिम्मेवारी पनि निभाएर आज्ञा पालन गर्नुभयो । त्योचाहिँ जुन सर्तमाथि सुरुमा अनन्त जीवनको प्रतिज्ञा गरिएको थियो, ठिक त्यही सर्त उहाँले पूरा गरिदिनुभयो । परमेश्वरसँगको करारको मुख्य पक्षको रूपमा सम्पूर्ण मानव जातिको प्रतिनिधित्व गर्दै ख्रीष्टले यो बलिदानको काम सम्पन्न गर्नुभयो ।

त्यसलगत्तै यस करारको परिपालन तथा कृपालु प्रयोगका रूपमा मध्यस्थकर्ता ख्रीष्टले विश्वासको सर्तद्वारा सबै मानिसका लागि तयार गरिएको आशिष् सुरक्षित गरिदिनुभयो । त्यसको निम्ति उहाँले सबै मानिसहरूका लागि तिनीहरूले गर्न विश्वासको माध्यमबाट तोकिएका सबै आशिषहरू प्रदान गर्नुभयो । उहाँले तिनीहरूका लागि गर्नुभएको प्रतिज्ञा यही होः जोजसले विश्वास गर्छन्, ती सबैले निश्चय नै त्यस आशिष्मा आनन्द मनाउने छन् । उहाँकै मध्यस्थताको माध्यमबाट उहाँका सबै मानिसहरू आफ्नो विश्वास र आज्ञाकारितामा असफल बन्ने छैनन् भनि प्रतिज्ञा गर्नुभयो ।

सरलताको खातिर केही काल्भिनी धर्मशास्त्रविदहरूले यी दुवै करारलाई सही प्रकारले अवलम्बन गरेबापतप्राप्त हुने मानव–छुटकाराको लागि एउटा ईश्वरीय विधि प्रस्तुत गरेका छन् । पहिलो, 'छुटकाराको करार' का लागि प्रथम पक्ष बनेर चुनिएकाहरूको अनन्त उद्धारको योजना अनन्तमा पिता परमेश्वर र ख्रीष्टले तय गर्नुभयो । दोस्रोचाहिँ, 'अनुग्रहको करार' द्वारा भने सबै मानिसका लागि विश्वासको सर्त तोकेर जीवनको प्रतिज्ञा गर्नुभयो । यसमा उहाँले चुनिएकाहरूको उद्धार प्रदान गर्नुहुँदै उहाँ आफैद्वारा तिनीहरूलाई सुरक्षित गर्नुभयो, जसमा तिनीहरूका लागि नयाँ करारको सर्त (विश्वास) पूरा गर्न सहज वातावरण तय गरिदिनुभयो ।

हाम्रो आफ्नो विश्वासको सवालमा यी दुवै करारको विषयमा केही पनि भनिएको छैन । हामीले मानिलिएको मापदण्डमा अनुग्रहको करारलाई छुटकाराको करारभन्दा फरक देखाइएको छैन । तर यस विषयमा चर्चा गर्ने थुप्रै खण्ड –हरूमा एउटा खास करारको परिकल्पना गरिएको छ, जसको लागि परमेश्वरद्वारा चुनिएका सबै मानिसहरूको पक्षमा ख्रीष्टले आफूलाई करारको एउटा पक्षका रूपमा उभ्याउनुभएको छ (अध्याय ७, खण्ड – ३, बृहत्

धार्मिकविधि प्रश्नोत्तरमाला ३१, संक्षिप्त धार्मिकविधि, प्रश्नोत्तरमाला २०) । यी सबैबाट के स्वीकार गरिएको छ भने करार धेरैवटा नभएर एउटै छ, जसमा परमेश्वरले अनन्तमा चुन्नुभएका सम्पूर्ण मानिसहरूका लागि ख्रीष्टले त्यसको सर्त अस्वीकार गर्नुभएको छ । उहाँले नै सबैका लागि त्यसको समापन गरिदिनुभएर सुसमाचारले ल्याउने आशिषहरू सुनिश्चित गराउनुभएको छ । उहाँले यो काम पवित्र आत्माको कृपालु प्रभाव सबैमा प्रवाहित गरिदिएर सम्पन्न गर्नुभएको छ । यस विषयमा बृहत् धार्मिकविधिले अनुग्रहको करार उहाँका मानिसहरूको खातिर कसरी ख्रीष्टमा अस्वीकार गराइयो भनि सिकाइएको छ । यस पुस्तकको सातौँ अध्यायमा पनि ख्रीष्टले कसरी उक्त करारको कार्यान्वयन गरिदिनुभयो भनि सिकाइएको छ ।

यस करारको विषयमा धर्मशास्त्रमा बताइएका चारओटा मापदण्डहरूको व्याख्या निम्न प्रस्तावहरूमा प्रस्ट गरिएको छः

१. मानव उद्धारको जग बसाल्नका लागि एउटा अनन्त करार स्थापना गरियो, त्यसमा परमेश्वर पिताले सम्पूर्ण त्रीएकत्त्वको प्रतिनिधित्त्व गर्नुभयो, पुत्रले समयको पूर्णतामा मानवमात्रको प्रतिनिधित्त्व गर्दै चुनिएकाहरूका लागि मध्यस्थकर्ता तथा तिनीहरूको पापको सट्टामा बलिदान हुनुहुने थुमा बनिदिनुभयो । धर्मशास्त्रले प्रस्ट गरेको छ, यस कार्यका लागि पिता र पुत्रका बिचमा राम्रो समझदारी थियोः (क) जोजसले उद्धार पाउनुपर्थ्यो, (ख) तिनीहरूलाई उद्धार गर्नका लागि ख्रीष्टले जे गर्नुपर्थ्यो, (ग) तिनीहरूको व्यक्तिगत उद्धार जसरी पूरा हुनुपर्थ्यो, (घ) तिनीहरूको उद्धारमा जे-जति कुराहरू फाइदा वा आशिष्को रूपमा प्राप्त हुनुपर्थ्यो र (ङ) केही खास वैधानिक इनामहरू, जुन कुरा मुक्तिदाताले आज्ञाकारी बनिदिएर तिनीहरूका लागि उपलब्ध गराउनुभएको आशिष् जे हुनुपर्थ्यो ।

१) पिताले उहाँको कामकै उपजको रूपमा उद्धारका लागि मध्यस्थकर्ता दिने प्रतिज्ञा गर्नुभएको कुरा धर्मशास्त्रमा प्रस्टै बताइएको छ, जसले “आफ्नो प्राणको अट्टहासपूर्ण बेदनाबाट” मुक्ति उपलब्ध गराउनुभयो (यशैया ५३:१०–११, ४२,६–७, भजन ७९:३–४) ।

२) ख्रीष्टले अघिबाटै आफूले पिताबाट जिम्मेवारी प्राप्त गरेको कुरा घरि-घरि बताउनुभयो (युहन्ना १०:१८, लुका २२,२९) । त्यसैगरी सो जिम्मेवारीबाट प्राप्त हुने इनामको विषयमा पनि उहाँले बताउनुभयो (युहन्ना १७:४–५) ।

३) मध्यस्थकर्ताको रूपमा ख्रीष्टले आफूलाई पिताका मानिसहरूसाथै उहाँको महिमा समेत दिइएको छ भनि बताउनुभयो (युहन्ना १७:२, २४) ।

२. यस करारको निम्ति गरिएको प्रतिज्ञा यस्तो थियो: (१) ख्रीष्टले आफ्ना कामको लागि आवश्यक पर्ने सम्पूर्ण तयारी (हिब्रू ५:५) । (२) उहाँको काममा आवश्यक पर्ने सम्पूर्ण सहायता (लुका २२:४३) । (३) एउटा महिमित इनाम: (क) उहाँ आफै नै मानव स्वरूपमा आउनुभएका मध्यस्थकर्ताको रूपमा गर्ने काम

(युहन्ना २:२२, भजन ११०:१) । (ख) उहाँको हातमा करारमार्फत उपलब्ध हुने अमूल्य अनुग्रह तथा आशिष्को विश्वव्यापी वितरण गर्ने काम (मत्ती २८:१८, युहन्ना १:१२, ७:३९; १७:२, प्रेरित २:३३) ।

(ग) चुनिएकाहरूको उद्धारमा अनुग्रहका सबै सामान्य तथा विशेष प्रावधानहरू, जस्तैः नयाँ जन्म, धर्मीकरण, शुद्धीकरण, अनन्त सुरक्षा र महिमा (तितस ३:५–६, यर्मिया ३१:३३, ३२:४०; यशैया ३५:१०; ५३:१०–११) ।

३. यस करारको सर्त यो थियो — (१) उहाँ (मध्यस्थकर्ता) स्त्रीबाट जन्मिएको हुनुपर्थ्यो । उहाँले व्यवस्थाको अधीनमा जन्मनुपर्ने थियो (गलाती ४:४,५) ।

(२) उहाँले आफ्ना चुनिएकाहरूको पक्षमा कामको करारका सबैजसो जिम्मेवारी र सर्तहरू आफ्नो काँधमा बोक्नुभयो र त्यसको जिम्मेवारी बहन पनि गर्नुभयो (मत्ती ५:१७–१८) — क) एउटा सिद्ध आज्ञाकारिता, जुनचाहिँ पुरानो करारको प्रतिज्ञाहरूका लागि तोकिएको सर्त हो (भजन ११:८; ४२:२१; युहन्ना ८:२९; ९:४, ५; मत्ती १९:१७) । त्यसैगरी, ख) पुरानो करार उल्लङ्घन गरेबापत आइलाग्ने मृत्युको दण्ड भोग्नुपर्ने दायित्त्व (यशैया ५३; २कोरिन्थी ५:२१; गलाती ३:१३; एफेसी ५:२) ।

४. मध्यस्थता गरिदिनुहुने राजाको रूपमा ख्रीष्टले उहाँको करारका सहभागी पक्षहरू भएको कारण प्राप्त हुने सबै फाइदाहरू प्रदान गर्नुहुनेछ । उहाँले यसरी प्रदान गर्नुहुने उहाँको वचन र आत्माद्वारा उहाँले आफ्नो इच्छाअनुसार तिनीहरूलाई धेरैभन्दा धेरै आशिष् ग्रहण गर्ने बनाउनु हुनेछ । उहाँले यी

फाइदाहरू सुसमाचारमा विश्वास गर्ने सबै मानिसहरूलाई दिनुहुनेछ । तिनीहरूलाई जे सर्तहरू तोकिएको हो, सो पालन गर्ने सर्तमा उहाँले यी सबै आशिषहरू दिनु हुनेछ । उहाँका आफ्नो मानिसहरूको सवालमा भने उहाँले तिनीहरूमा विश्वास हालिदिने काम पनि गरिदिनुहुन्छ । तिनीहरूकै सट्टामा दुःख भोगिदिएर सबै असल कुराहरू तिनीहरूका निम्ति जुटाइदिनु हुनेछ । खासगरी जे कुरा तिनीहरूबाट खोसिएको थियो वा जे तिनीहरूले गुमाएका थिए, ती सबै नै उहाँले तिनीहरूका निम्ति पुनः स्थापना गरिदिनुहुनेछ ।

हाम्रो अनुभवको सम्पूर्ण क्षेत्रमा हरेक ख्रीष्टियनको कर्तव्य भनेको अनुग्रही बन्नु हो । किनभने हाम्रो सट्टामा बलिदान भैदिन आउनुभएका हाम्रा मुक्तिदाताले हामीलाई दिनुभएको अनुग्रहको मात्रा अनुसार नै हामी पश्चाताप गर्नुपर्ने सर्त पूरा गर्न सक्छौँ । ख्रीष्टियनहरूले देखाउनुपर्ने अनुग्रह आफैमा तिनीहरूको कर्तव्य हो । ख्रीष्टले एकैपटकमा हामी सबैका लागि उद्धार कमाउनुभयो र त्यो उद्धार हामीमा लागु भयो । त्यसले हामीलाई खास कामहरू गर्ने आज्ञा दिन्छ र हामीमा आज्ञाकारिता सिर्जना गर्ने काम गर्छ । यसले हामीमा ससर्त जीवनको प्रतिज्ञा प्रदान गर्छ । यसरी हामीमा अनुग्रह सँगसँगै अनन्त जीवन हुन्छ । उहाँले हामीलाई जे दिनुहुन्छ, त्यसको प्रयोग हामीले गरौँ- भन्ने अपेक्षा उहाँ गर्नुहुन्छ ।

परमेश्वरको दृष्टिले हेर्दा विश्वास र पश्चाताप दुवै पुत्रले हामीलाई दिनुहुने वरदान हुन् । यसैलाई मानवीय दृष्टिले हेर्दा, यी दुवै हाम्रा कर्तव्य र अनुग्रही अनुभव हुन् । उद्धारका लागि दिइने पहिलो लक्षण त्यतिबेला प्रकट हुन्छ, जतिबेला हामीलाई थप अनुग्रह प्राप्त गर्नुपर्ने खाँचो महसुस हुन्छ । यही कुरालाई अनुग्रहको करारका दृष्टिले हेर्दा भने यी दुवै पिताले पुत्रका लागि बाँध्नुभएको प्रतिज्ञामै गाभिएर आउने कुराहरू हुन्, जुन कुरा उहाँको मध्यस्थकार्यमाथि सर्त बाँधिएको थियो । अनि उद्धारको दृष्टिले हेर्दा भने यी दुवैको सुरुआत र सर्तबन्द एउटा क्रममा सूचीबद्ध भएर आउँछ र ती कुनै पनि पहिल्यै सम्पन्न भैसकेका हुँदैनन् ।

ख्रीष्टले भर्खरै सम्पन्न गर्नुभएको कामअनुसार यो करार एक अर्थमा यसले प्रस्टतः करारको एकल वा एकपक्षीय तुलना गर्छ र करारका थुमाको मृत्यु भएपछिको परिणामअनुसार मात्रै यसले काम गर्छ । हिब्रू शब्द 'दियाबाइकन'को

अनुवाद गर्दा अनुवादकहरूले सही अर्थ लगाएको पाइन्छ (हिब्रू ९:१६, १७) । किनभने ख्रीष्ट सदावहार, हिजो आज अनि सदासर्वदै समान हुनुहुन्छ । यो शब्दले उहाँको वर्तमान उपस्थिति तथा उहाँले प्रदान गर्नुहुने उद्धारको वितरण सबैका लागि उत्तिकै उपलब्ध हुने कुरा बताएको छ । त्यसकारण उहाँको कामलाई करार भन्नुभन्दा पनि नियमहरूको बन्धनबाट मुक्त गरिएको वा छुटकारा प्रदान गरिदिनु भएको भन्ने अर्थमा बुझ्नु यचित हुन्छ (२कोरिन्थी ३:६, १४; गलाती ३:१५; हिब्रू ७:२२; १२:२४; १३:२०) ।

**खण्ड – ५ व्यवस्था कायम रहेको समयमा र सुसमाचारको समयमा यस करारको उपयोग फरक प्रकारले गरिएको थियो ।[159] व्यवस्थाको अधीनमा यसको उपयोग प्रतिज्ञा, अगमवाणी, बलिदान, खतना, निस्तारको थुमा तथा यहुदी मानिसहरूलाई छुटकारा दिलाउने प्रयासमा गरिएका अन्य धार्मिक विधिहरूको प्रयोगद्वारा गरिएको थियो । यी सबै क्रियाकलापहरू ख्रीष्ट (प्रभुको पहिलो) आगमनतिर लक्षित हुन्थे ।[160] त्यस समयका लागि यी प्रयत्नहरू आफैमा पर्याप्त र पूर्ण थिए । प्रतिज्ञा गरिएका मसिहामा चुनिएकाहरूलाई सिकाउन र आत्मिकरूपमा निर्माण गर्न पवित्र आत्माले गर्नुहुने कामद्वारा यी सम्पन्न हुन्थे ।[161] जसद्वारा तिनीहरूका सबै पापहरू क्षमा हुने थिए, उहाँमा नै तिनीहरूले अनन्त उद्धार पाउने थिए, जसलाई पुरानो करार भनिन्छ ।[162]**

**खण्ड – ६ सुसमाचार अन्तर्गत ख्रीष्ट नै सबै धार्मिक विधि तथा क्रियाकलापहरूका पूरक हुनुहुन्छ ।[163] उहाँलाई पुरानो करारका सबै धार्मिक पर्व र बलिदानहरूको परिपूर्तिका रूपमा प्रस्तुत गरिएको छ । उहाँमा सबै विधिहरू सम्पन्न गरिएका छन् । यस करारमा तोकिएका**

[159] २ कोरिन्थी ३:६-९ ।
[160] हिब्रु ८:९,१०; रोमी ४:११; कलस्सी २:११, १२; १ कोरिन्थी ५:७ ।
[161] १ कोरिन्थी १०:१-४; हिब्रु ११:१३; युहन्ना ८:५६ ।
[162] गलाती ३:७-९, १४ ।
[163] कलस्सी २:१७ ।

**विधिहरू भने वचनको प्रचार, बप्तिस्मा र प्रभुभोज सम्पन्न गर्नु हुन् ।[164] यी विधिहरू झट्ट हेर्दा केही होइनन् भन्ने लाग्छ, यी ज्यादै सहज र सरल पनि छन् तर यिनको कार्यान्वयनको पक्ष भने आत्मिकरूपमा निकै अर्थपूर्ण, सिद्ध र गम्भीर हुन्छ ।[165] यी विधिहरू यहुदीहरू लगायत सबै जातिहरूका लागि दिइएका हुन् ।[166] त्यसैकारण यसलाई नयाँ करार भनिएको हो ।[167] यहाँ दुईओटा फरक करारहरू अब बाँकी छैनन् । अनुग्रहको करार एउटै हो, तापनि विभिन्न विधिहरू अन्तर्गत यो एकमात्र करार हो ।[168]**

यी खण्डहरूले निम्न कुरा सिकाउँछन् :

१. प्रारम्भदेखि नै अनुग्रहको यो नयाँ करार यसको कार्यान्वयनका सबैखाले बाह्य स्वरूपहरूमा देखिने विभिन्न विधिहरू भए पनि यसको खास शिक्षामा सधैँभरि एक समान रहिआएको छ ।

२. पुरानै विधिहरूलाई मान्यता दिँदादिँदै पनि यो करारको कार्यान्वयन पक्ष भने विभिन्न प्रकारका र साङ्केतिक विधिका रूपमा पालन गर्ने गरिएको देखिन्छ । यसले आउन लाग्नुभएका ख्रीष्टलाई अघिबाटै आव्हान गर्दै विधिहरू सम्पन्न गरिन्थे, तापनि यहुदी समुदायभन्दा बाहिर यसलाई जान नदिएर सीमित गरिएको थियो ।

३. यस करारको नयाँ कार्यान्वयन विधिलाई अत्यन्तै सामान्य र सरलीकरण गरिएको अर्थमा बुझ्नुपर्छ । यसलाई ज्यादै प्रस्टता, पूर्णता, निश्चियता र प्रयोगका दृष्टिले बृहत् र आत्मिक शक्तिमा सम्पन्न गर्न सकिन्छ ।

१. यस करारको कार्यान्वयन पक्षमा विभिन्न तरीकाहरू प्रयोगमा ल्याइएका भए पनि यसको शिक्षा र तात्पर्य आधारभूतरूपमा एउटै रहेको छ ।

---

164 मत्ती २८:१९-२०; १ कोरिन्थी ११:२३-२५ ।
165 हिब्रु १२: २२-२७; यर्मिया ३१:३३, ३४ ।
166 मत्ती २८:१९; एफिसि २:१५-१९ ।
167 लुका २२:२० ।
168 गलाती ३: १४, १६; प्रेरित १५:११; रोमी ३:२१-२३, ३०; भजनसंग्रह ३२:१; रोमी ४:३, ६, १६, १७, २३, २४; हिब्रु १३:८ ।

१) येशु ख्रीष्ट यस धर्तीमा आउनुभन्दा पहिल्यै सबै मानिसहरूका उद्धारकर्ता हुनुहुन्थ्यो । उहाँले तिनीहरूलाई त्यसबेला पनि अहिले बताइएकै सिद्धान्तअनुसार उद्धार गर्नुभएको हो । उहाँ "संसारको जग बसालिएकै समयदेखि उसो बलिदानको थुमा हुनुहुन्थ्यो" (प्रकाश १३:८) । उहाँ "बिगतका सबै पापको सिद्ध प्रायश्चित हुनुहुन्छ" (रोमी ३:२५; हिब्रू ९:१५) । आदमसित होस् वा अब्राहामसित संसारको उद्धार गर्नुहुने मुक्तिदाता भनि प्रतिज्ञा गरिएको ख्रीष्ट उहाँ नै हुनुहुन्थ्यो (उत्पत्ति ३:१५; १७:७; २२:१८) ।

उहाँको विषयमा साङ्केतिकरूपमा धेरै कुरा बताइएयो, खासगरी धार्मिक विधि र उत्सवहरूका लागि अगमवाणीद्वारा उहाँलाई नै देखाइयो र मन्दिरमा सम्पन्न हुने पवित्र विधि र बलिदानहरूमा पनि उहाँलाई देखाइयो (कलस्सी २:१७; हिब्रू १०:१–१०) । सबैजसो अगमवक्ताहरूले पाप–अपराधको दण्डबाट मोल तिरेर सबैलाई छुटाउनुहुने मसिहा भनि उहाँलाई चिनाए (प्रेरित १०:४३) ।

२) अहिले जसरी बुझिएको छ, ठिक त्यसरी नै पुरानो धार्मिक विधिहरूमा विश्वासलाई नै मुख्य सर्तका रूपमा लिइएको छ (हबकुक २:४; भजन २:१२) । अहिले नयाँ करारको बोलावटअनुसार चल्ने वा अभ्यास गर्ने सन्दर्भमा पुरानो करारका विश्वासीहरूले गरेको विश्वासलाई उदाहरणको रूपमा लिनुपर्ने भनि बताइएको छ (रोमी ४; हिब्रू ९) ।

३) आत्मिक अनुग्रह तथा अनन्त आशिष् पाउने कुराको कार्यान्वयन अहिले जसरी हुने गर्दछ, उसबेला पनि ठिक त्यसरी नै हुने गर् (तुलना गर्नुहोस् — उत्पत्ति १७:७ सँग मत्ती २२:३२; उत्पत्ति २२:१८ सँग गलाती ३:१६) । अझै थपेर हेर्नुहोस् — (यशैया ४३:२५; भजन १६; ५१; ६३:२४–२६; इजकिएल ३६:२७; अय्युब १९:२५–२७; दानिएल १२:२–३) ।

२. पुरानो विधिअनुसार अनुग्रहको करारको कार्यान्वयन गर्दा क्रमसः बढ्दो परिपूर्णता र स्पष्टतामा गरिएको थियो :

(१) आदमदेखि अब्राहामसम्मः खासगरी स्त्रीसँग गरिएको प्रतिज्ञामा यो कुरा देखिन्छ (उत्पत्ति ३:१५) । रगत बगाएर गरिने बलिदानहरू र यहोवा परमेश्वरले लगातारजसो उहाँका मानिसहरूसँग गर्नुभएको वार्तालापहरूमा पनि यो कुरा देख्न सकिन्छ ।

(२) अब्राहामदेखि मोसासम्मः अब्राहामलाई दिइएका प्रतिज्ञाहरू झनै प्रस्ट थिए (उत्पत्ति १७:७; २२:१८) । उसबेलाको मण्डलीलाई संसारबाट अलग गरिएको, मानिसहरूलाई विशेष करारअन्तरगत अँगालिएको र खतनाको विधिद्वारा छाप लगाएर अलग गरिएको जस्ता विषयहरू निकै प्रस्टसँग बताइएका छन् ।

(३) मोसादेखि ख्रीष्टसम्मः प्राचीन समय सुहाउँदो बलिदानको एउटा साधारण विधि विकसित भयो र त्यसैलाई अलि विस्तृत गर्दै लगेर मन्दिरमा हुने आराधना–सेवाहरूमा साङ्केतिक पवित्र विधिहरू स्थापित भए । यसरी करार आफै नै एउटा नयाँ र परिपक्व प्रतिज्ञामा परिणत भयो । अब नयाँ बिघ्नबाधाहरूको कारण मण्डली संसारबाट अलगिन थाल्यो र निस्तार (छुटकारा) को अतिरिक्त विधिद्वारा यसलाई छाप लगाइयो ।

३. अहिलेको करारको विधि पहिलेको भन्दा उच्च प्रकृतिको छः (१) किनभने पहिले मोसाद्वारा यस करारको विधि कार्यान्वयन गर्दा एउटा उनी एउटा सेवकको रूपमा सो काम गर्दैथिए तर पछिल्लो करार कायान्वयन गर्दा ख्रीष्ट आफैले आफ्नो पवित्र स्थानमा सम्पन्न गर्नुभयो (हिब्रू ३:५–६) । (२) पहिलेकोमा सबै सत्य उजागर गरिएको थिएन, केही सत्यहरू अझै पनि लुकाइएको थियो । पहिलेकोमा केही साङ्केतिक र सतही कुराहरू उसबेला बताइएका हुन्थे तर अहिलेकोमा भने बलिदानको सम्पूर्ण इतिहास र त्यसका धार्मिक अपेक्षाहरूसमेत प्रस्टै सिकाइएका छन् । (३) ख्रीष्टको देहधारण (परमेश्वर मानिस बनेर आउनुभएको) र पवित्र आत्माको कामद्वारा पहिलेभन्दा अहिले यस करारको प्रकाशमा प्रशस्त वृद्धि गरेर यसलाई साँच्चिकै प्रस्ट बनाइएको छ । (४) पहिले यसका विधिहरू ज्यादै बाध्यकारी र गहकिलो वा बोझिलो बनाइएका थिए, ती विधिहरू बडो होशियारीसाथ तलमाथि नगरी शारीरिकरूपमा पालन गर्नुपर्ने बनाइएका थिए, अहिलेको विधि केवल आत्मिक विधि हो । (५) पहिलेको करारका विधिहरू सबै नै एउटा अमूक जातिमा सीमित गरिएको थियो भने अहिले यसलाई सारा संसारका सबै मानिसहरूले, सारा पृथ्वीले नै अवलम्बन गर्न सक्ने बनाइएको छ । (६) पहिलेकोमा त्यसका कार्यान्वयन विधिहरू र हरेक क्रियाकलापहरू एउटा खास लक्ष्य हासिल गर्नका लागि गरिने तयारी थिए भने अहिलेको भने उक्त लक्ष्य

हासिल गरिसकेपछिको अवस्थाको हो । यो नै सबै पर्व र बलिदानहरूको परिपूर्णता हो र संसारले अवलम्बन गर्ने सवालमा यो सबैका लागि उपलब्ध र उपयुक्त हुने करार हो । तथापि यसले अनन्त करारको कार्यान्वयन गर्दछ, जसलाई थुमाले नयाँ पृथ्वी र नयाँ स्वर्गमा पूर्णता दिनुहुनेछ । त्यसबेला ख्रीष्टमा सबै एकीकृत बनेर भेला भएका हुनेछन्, स्वर्गमा र पृथ्वीमा भएकाहरू सबै नै उहाँको उपस्थितिमा ल्याइने छन् ।

## प्रश्नहरू

१. यस अध्यायको पहिलो र दोस्रो खण्डमा गरिएको प्रस्ताव वा अवधारणा के हो ?
२. यसमा सिकाइएको दोस्रो अवधारणा के हो ?
३. तेस्रोचाहिँ के नि त ?
४. चौथो अवधारणा वा विचार के हो ?
५. पाँचौँ विचार के हो ?
६. सृष्टिको सबैभन्दा बुद्धिमान प्राणीले आफ्ना सृष्टिकर्ताप्रतिको कर्तव्य अत्यन्तै अपरिहार्य छ, यो
कसैगरी पनि पन्छाउन नमिल्ने किसिमको छ भनि पुष्टि गर्नुहोस् ।
७. सृष्टिको प्राणीले सृष्टिकर्तामा आनन्द मनाउने कुरा प्राकृतिक अधिकार होइन, बरु यो त सृष्टिकर्ता
परमेश्वरले दिनुहुने अनुग्रहको परिणाम हो भनि पुष्टि गर्नुहोस् ।
८. यस विषयमा परमेश्वरले मानिससँग के बन्दोबस्त मिलाउनुभयो ?
९. परमेश्वरले आफै अग्रसर बनेर मिलाउनुभएको यस बन्दोबस्तलाई ठिक नाम दिनुपर्दा ‘करार’
भनिएको हो भनि पुष्टि गर्नुहोस् ।
१०. एउटा करारमा समावेश हुने विभिन्न पक्षहरू के के हुन् ?
११. सुरुको करारका दुई पक्षहरू के के थिए ?
१२. करारहरूलाई कसरी विभिन्न विधि र पद्धतिमा ढालिएको छ ?

१३. करारको खास प्रतिज्ञा 'जीवन' थियो भनि पुष्टि गर्नुहोस् ।
१४. प्रतिज्ञा गरिएको जीवनमा के के कुरा समावेश गरिएको थियो ?
१५. करारका सर्तहरू के के थिए ?
१६. ती सर्तहरू कसरी पूरा गर्नुपर्थ्यो ? बताउनुहोस् ।
१७. ती सर्तहरू पूरा नगर्दा के दण्ड दिइने थियो ? किन, पुष्टि गर्नुहोस् ।
१८. यदि परमेश्वरले पतन भएको मानिसलाई बचाउने उद्देश्य लिनुभएको हो भने त्यो काम गर्ने विधि वा
तरीका के थियो भनेर कसरी प्रस्ट गर्ने ?
१९. पतन भएको मानिसलाई उद्धार गर्ने परमेश्वरको योजनाको विषयमा आर्मेनियनहरूको खास
दृष्टिकोण के हो ?
२०. त्यस धारणाको सख्त विरोध कहाँ के भनेर गरिएको छ ?
२१. मानिसको उद्धारको विषयमा काल्भिनियनहरूले अघिसारेको दृष्टिकोण के हो ?
२२. "छुटकाराको करार" र "अनुग्रहको करार" का बिचमा काल्भिनियनहरूले प्रस्तुत गरेको खास
धारणा के हो ?
२३. हामीले स्वीकार गरेकोअनुसार यस पुस्तकको कुन अध्यायको कुन खण्डमा यो करारको विषयमा
लेखिएको छ ?
२४. बृहत् धार्मिकविधिको प्रश्नोत्तरमाला ३१ म यस करारको विषयमा के भनेर जोडदार टिप्पणी
गरिएको छ ? त्यसैगरी यस पुस्तकको सातौँ अध्यायको खण्ड – ३ र संक्षिप्त धार्मिकविधि, प्रश्नोत्तरमाला २० मा यस विषयमा के भनेर जोड दिइएको छ ?
२५. पिता र पुत्र परमेश्वरका बिचमा प्रस्ट सहमति भएको थियो भन्ने पुष्टि कुन बुँदाले गरेको छ ?

२६. धर्मशास्त्रबाट पुष्टि गर्नुहोस्, पिता र पुत्रका बिचमा एउटा यस्तै करार थियो ।

२७. धर्मशास्त्रबाटै प्रस्ट जवाफ दिनुहोस्, त्यस करारको खास प्रतिज्ञा के थियो ?

२८. धर्मशास्त्रबाट प्रस्ट जवाफ दिनुहोस्, त्यस करारका खास सर्तहरू के के थिए ?

२९. कामको करारसित अनुग्रहको करारले कस्तो सम्बन्ध कायम राख्छ ?

३०. अनुग्रहको करारको कार्यान्वयन कसद्वारा सम्पन्न गरियो ?

३१. त्यस करारबाट दिइने आशिषहरू ख्रीष्टले कसरी सबैलाई प्रदान गर्नुभयो ?

३२. उहाँले अहिले गर्नुहुने कामहरू कहाँ र किन करारसितै जोडिएका छन् ?

३३. पाँचौँ र छैठौँ खण्डमा सिकाइएको पहिलो विचार के हो ?

३४. त्यहाँ सिकाइएको दोस्रो विचार के हो ?

३५. तेस्रो विचार के हो ?

३६. अनुग्रहको करार जो–जसले कार्यान्वयन गरेको भए पनि यो जहिलेसुकै एउटै वा उही हो भनि पुष्टि
गर्नुहोस् ।

३७. पुरानो करारको विधिअनुसार यसको कार्यान्वयन कसरी हुन्थ्यो ?

३८. पुरानो करारभन्दा नयाँ करार के के अर्थमा उच्च प्रकृतिको र प्रस्ट छ ? बर्णन गर्नुहोस् ।

# अध्याय ८
# (CHAPTER VIII)
# ख्रीष्ट मध्यस्थकर्ता
# (OF CHRIST THE MEDIATOR)

**खण्ड – १ उहाँको अनन्त उद्देश्यका निम्ति प्रभु येशु ख्रीष्ट, उहाँका एकमात्र पुत्रलाई समस्त मानव जातिको उद्धारका लागि छनौट गरी त्यस कामको निम्ति अभिषेक गर्न परमेश्वरलाई खुशी लाग्यो । ख्रीष्टलाई परमेश्वर र मानिसको बिचमा मध्यस्थकता,[169] अगमवक्ता,[170] पूजाहारी,[171] राजा[172] र सम्पूर्ण मण्डलीका शिर[173] बनाइयो । सर्वशक्तिमान एकमात्र महिमित परमेश्वरमा उहाँलाई सबैथोकका उत्तराधिकारी[174] र संसारका न्यायकर्ता[175] बनाइयो । उहँमा नै संसारका सबै मानिसहरूलाई उहाँका निज प्रजा बनाइयो र उहाँ नै तिनीहरूका निम्ति अनन्तका मूल[176] बन्नुभयो । उहाँमा नै समयको उचित परिपूर्णतामा सम्पूर्ण सृष्टिले छुटकारा पायो, मुक्तिको लागि बोलावट पायो, धर्मी तुल्याइयो, पवित्र बनाइयो र महिमित पनि तुल्याइयो ।[177]**

हामीले यसअघि नै सिकिसकेका छौँ :

१. परमेश्वरले अनन्तकालदेखि नै आफ्नो सार्वभौम इच्छाअनुसार ख्रीष्टद्वारा प्रदान गरिने छुटकाराको माध्यमबाट पतित मानिसहरूको छनौँट निश्चित

[169] यशैया ४२:१; १ पत्रुस १:१९, २०; युहन्ना ३:१६; १ तिमोथी २:५ ।
[170] प्रेरित ३:२२ ।
[171] हिब्रु ५:५, ६ ।
[172] भजनसंग्रह २:६; लुका १:३३ ।
[173] एफिसी ५:२३ ।
[174] हिब्रु १:२ ।
[175] प्रेरित १७:३१ ।
[176] युहन्ना १७:६; भजनसंग्रह २२:३०; यशैया ५३:१० ।
[177] १ तिमोथी २:६; यशैया ५५:४, ५; १ कोरिन्थी १:३० ।

संख्यामा गर्नुभएको छ (अध्याय ३, खण्ड – ३–६) ।

२. परमेश्वरले अनन्तकालदेखि नै आफ्ना पुत्रसँग अनुग्रहको करार स्थापित गर्नुभएको छ, जसमा पिताले मानिसहरूका मुक्तिको मूल बनिदिनका लागि पुत्रलाई पठाउनुभयो र तिनीहरूलाई दिइने इनामको रूपमा उद्धार प्रदान गर्नुभयो । त्यस कार्यका लागि जे-जति दुःखकष्ट भोग्नु आवश्यक थियो ती सबै नै पुत्रले स्वतःस्फुर्त व्यहोरिदिनुभयो (अध्याय ७, खण्ड – ३–४) ।

यी तथ्यहरू ठिक हुन् भनेर पुष्टि गरिरहँदा यस खण्डले थप निम्न कुराहरू सिकाउँछ —

१. निकै गम्भीरतापूर्वक विचार गर्ने हो भने करारद्वारा पापमुक्त गरिएको मण्डलीको प्रमुख वा शिर परमेश्वरको वचन होइन, बरु मानव देहमा जन्मनुभएका परमेश्वर–मानिस प्रभु येशु ख्रीष्ट हुनुहुन्छ । उहाँले मात्रै परमेश्वर र मानिसका बिचमा मध्यस्थ बन्नका लागि ईश्वरीय अभिषेक पाउनुभएको छ ।

२. त्यस मध्यस्थकर्ताको जिम्मेवारीमा रहेर ख्रीष्टले हाम्रो उद्धारको सबै काम पूरा गरिदिनुभएको छ । उक्त जिम्मेवारीले उहाँले निर्वाह गर्नुहुने तीनओटा फरक दायित्त्व निभाएको देखिन्छः अगमवक्ताको, पूजाहारीको र राजाको ।

३. मध्यस्थकर्ताको रूपमा ख्रीष्ट मण्डलीको प्रमुख र उद्धारकर्ता हुनुहुन्छ, उहाँ नै सबैथोकका उत्तराधिकारी र संसारको न्यायकर्ता पनि हुनुहुन्छ ।

यसबाट निम्न कुराहरू अझै प्रस्ट हुनेछन् :

१. मध्यस्थकर्ता भनेको त्यो व्यक्ति हो, जसले दुई फरक विचार वा काममा प्रतिद्वन्द गरिरहेका पक्षहरूका बिचमा खडा भएर दुवैलाई मेलमिलापमा ल्याउनका लागि अधिकारसाथ हस्तक्षेपकारी भूमिका निभाउँछ । कहिलेकाहिँ मध्यस्थकर्ताले दुईओटा पक्षहरू वा एउटालाई अर्को चाहिन्न भनेझैँ फरक दिशातिर लागिरहेका र एउटाले अर्कोलाई हानी गर्न लागिपरेका पक्षहरूलाई मिलाउन विनम्रसाथ बिन्ती गर्दै दुवैलाई जुटाउने काम गर्छ । कहिलेचाहिँ पीडित मानिसहरूको पक्षमा शक्तिशाली मानिसका सामुन्ने गएर समस्या समाधानको लागि पैरवी गर्ने काम मध्यस्थकर्ताले गर्नुपर्छ । यस प्रकारको मध्यस्थकर्ताको उदाहरण मोसा हुन्, उनले आफ्ना मानिसहरूको पक्षमा मिश्रदेशको राजा 'फारो'का सामुन्ने उपस्थित भएर तिनीहरूको छुटकाराको लागि माग गरे ।

त्यतिमात्रै होइन, उनी समस्त इस्राएलीहरू र परमेश्वरको बिचमा खडा हुने मध्यस्थकर्ता पनि थिए (व्यवस्था ५:५; गलाती ३:१९) । कहिलेकाहिँ कमजोर पक्षलाई न्याय दिलाउनका लागि शासक वा शक्तिशाली पक्षसामु पैरवी गर्नका लागि मध्यस्थकर्ताको नियुक्ति पनि गरिन्छ ।

धर्मशास्त्रमा यस शब्दलाई ख्रीष्टका लागि प्रयोग गर्दा अन्य विषयहरूभन्दा निकै उच्च भावमा अर्थ्याएको छ । उहाँले मानिस र परमेश्वरको बिचमा हस्तक्षेपकारी भूमिका निभाउनुहुन्छ भनि सिकाउने गरिएको छ । उहाँले सामान्यरूपमा शान्ति स्थापनाका लागि विनम्रता देखाएर नै मध्यस्थता गर्नुहुन्छ भन्ने होइन, बरु उहाँको कामलाई एउटा अख्तियारप्राप्त राजदूतको रूपमा आफ्नो अधिकारमा शान्ति स्थापित गराउन आवश्यक सबै काम हुन्छ ।

यो लक्ष्य प्रापित्का लागि सबैभन्दा बढी खाँचो परेको कुरा गर्नका लागि यी दुईओटा तह निम्न मानिसहरूको निम्ति काम हुन्छ: (१) परमेश्वरलाई सबैकुरामा आदर गर्नेहरू र (२) मानिसलाई पनि आदर गर्नेहरू ।

(१) जसै यसले परमेश्वरलाई आदर मिल्छ : यो नितान्त आवश्यक कुरा हुनेछ, खासगरी परमेश्वरसित मिलापमा आउनका लागि मध्यस्थकर्ताले परमेश्वरसामु पापीका पापहरूको मोचन गराउनका लागि उहाँको सहानुभूति प्राप्त गरेको हुनुपर्छ । यसरी नै उहाँले हाम्रो पक्षमा मध्यस्थबिन्ती गर्नुहुन्छ । यति गरेपछि उहाँले पितासमक्ष हाम्रो व्यक्तित्त्व र हाम्रा कामहरूलाई स्वीकृत गराउने काम सम्पन्न गर्नुहुन्छ ।

२) जसै यसबाट मानिसलाई आदर मिल्छ यो पनि नितान्त आवश्यक कुरा हुनेछ, खासगरी मध्यस्थकर्ताले सबै मानिसहरूको सम्बन्ध परमेश्वरसँग जोड्ने सवालमा यी कामहरू गर्नुपर्छ । सेवाका लागि स्वीकृत हुने सर्तहरू पूरा गरिने छ । उहाँले तिनीहरूलाई बुझाउने र ग्रहण गर्न सक्षम बनाउने काम गर्नुहुन्छ र यसरी प्रकाश गरिएका सत्यहरू तिनीहरूले पालन गर्न सक्ने छन् । उहाँले तिनीहरूलाई निर्देशन दिँदै सो काममा लागिरहन सहायता गर्नुहुनेछ । उहाँले नै तिनीहरूलाई अधीनमा पार्ने बाहिरी प्रभावबाट मुक्त रहन नियन्त्रण गर्नुहुनेछ । यसरी पाप र सांसारिक दुष्ट्याइँका शक्तिहरूबाट उहाँले तिनीहरूलाई स्वतन्त्र गराउनु हुनेछ ।

२. जबकि मध्यस्थकर्ताको जिम्मेवारीमा तीनओटै मुख्य कार्यक्षेत्रहरू समावेश हुन्छन् :अगमवक्ता, पूजाहारी र राजाको जिम्मेवारी । ख्रीष्टले ती सबै काम आफैले गर्नुहुन्छ । उहाँले त्यो काम आफ्नो विनयता र उच्चता दुवै अवस्थामा गर्नुहुन्छ । यी तीनओटा काम आकस्मिकरूपमा एउटै कार्यस्थलमा भएको होइन, बरु एकै मध्यस्थकर्ताको जिम्मेवारीमा यी तीनवटै काम गर्नुहुन्छ । यी तीनओटै काम एउटा अति महत्त्वपूर्ण मध्यस्थकर्ताको चारित्रिक गुणबाट हुन्छन् । यसो भन्न सकिन्छ, जब उहाँ सिकाउन अघिसर्नुहुन्छ, उहाँले सिकाउने काम सधैँ जसो पूजाहारी तथा राजकीय रवाफमा अगमवक्ताले झैँ अधिकारसाथ गर्नुहुन्छ । जसै उहाँले पापको निम्ति बलिदान वा मध्यस्थबिन्ती गर्नुहुन्छ, उहाँको प्रस्तुति सधैँ नै अगमवाणीजन्य राजकीय पूजाहारीगिरीको रूपमा हुन्छ ।

(१) ख्रीष्ट अगमवक्ता हुनुहुन्छ । अगमवक्ता भनेको प्रवक्ताले गर्ने काम जस्तै हो । अगमवक्ताले परमेश्वरबाट पठाइएर मानिसहरूका बिचमा उहाँको ईश्वरीय इच्छा बताउने काम गर्ने हो । यस अर्थमा मोसा र सबैजसो आत्माको प्रेरणा पाएका मानिसहरू अगमवक्ता थिए । तर ख्रीष्टचाहिँ एउटा व्यक्ति भएर पनि 'परमेश्वरको वचन'को अवतार (देहधारण) हुनुहुन्थ्यो । उहाँ 'अनन्तदेखि नै पिताको काखमा' हुनुहुन्थ्यो । उहाँ आदिदेखि नै 'पितालाई जान्नुहुन्थ्यो' । त्यसैको परिणामस्वरूप उहाँ सुरुदेखि नै मध्यस्थ बनेर खडा हुने अगमवक्ता पनि हुनुहुन्थ्यो । यो नै सुरुदेखिकै प्रकाश हो, जोचाहिँ अरू धेरजसो अगमवक्ताहरूका लागि पनि प्रकाशको मूल बनिदिनुभयो । उहाँ सबै अगमवक्ताहरूका पनि अगमवक्ता हुनुहुन्छ, सबै शिक्षकहरूका पनि शिक्षक हुनुहुन्छ ।

उहाँले अगमवक्तका जिम्मेवारीहरूको कार्यान्वयन गर्नुहुन्छ । उहाँले मण्डलीहरूको विषयमा यही प्रकाश दिनुहुन्छ । यो काम उहाँले आत्मा र वचनद्वारा गर्नुहुन्छ । ती जिम्मेवारीहरूको कार्यान्वयको सवालमा उहाँले तिनीहरूको क्षमता, शिक्षा र उद्धारको काम गर्नुहुन्छ" (संक्षिप्त धार्मिकविधि, प्रश्नोत्तरमाला ४३) । यो प्रतिनिधित्वको विषय धर्मशास्त्रद्वारा पुष्टि भैसकेको कुरा सत्य हो — (क) उहाँलाई तोकेरै अगमवक्ता भनियो (तुलना गर्नुहोस्, व्यवस्था १८:१५, १८ र प्रेरित ३:२२; ७:३७; हिब्रू १:२) । (ख) देह धारण गर्नुभन्दा पहिले

उहाँले अगमवक्ताको काम सम्पन्न गर्नुभयो (यशैया ९:६; मलाकी ३:१; अय्युब ३३:२३; १पत्रुस १:११) । (ग) उहाँले देह धारण गर्नुभएपछि पनि अगमवक्ताको काम गर्नुभयो भनि सिकाइएको छ (मत्ती ११:२७; युहन्ना ३:२; ६:६८; प्रकाश ७:१७; २१:२३) ।

२) ख्रीष्ट पूजाहारी हुनुहुन्छ । एउटा पूजाहारी (क) मानिसहरूका बिचबाट चुनेर नियुक्त गरिएको, (ख) मानिसहरूको पक्षमा परमेश्वरको सामुन्ने हाजिर हुनका लागि नियुक्त भएको र (ग) मध्यस्थबिन्ती र पापमोचनको लागि बलिदान गर्नका लागि नियुक्त गरिएको व्यक्ति हो ।

पूजाहारी बनेर सेवा गर्नमा के कुरा हुनु जरुरी हुन्छ भन्ने कुरा यहाँ प्रस्ट गरिएको छ भने (क) सबै मानिसहरूको प्रतिनिधि भएर परमेश्वरसामू उपस्थित हुन छानिएको व्यक्ति पूजाहारी हो । हारुनले इस्राएलका बाह्रै कुलको नामको सम्झनास्वरूप आफ्नो छातीमा छातापाता भिर्ने गर्थे (प्रस्थान २८:९, १२, २१, २९) । (ख) उसलाई परमेश्वरले नै एउटा विशेष सम्पत्तिको रूपमा चुनेर बोलाउनुभएको हुनुपर्छ (गन्ती १६:५; हिब्रू ५:४) । (ग) ऊ शुद्ध–पवित्र र परमेश्वरको सेवामा अर्पण गरिएको हुनुपर्थ्यो (लेबी २१:६–८; प्रस्थान ३४:३०, ३१; भजन ११६:१६) । (घ) यहोवा परमेश्वरको नजिक जान र उहाँका मानिसहरूको निम्ति बलिदानको थुमा बलिदान गर्न तयार व्यक्ति ऊ हुनुपर्छ । (ङ) उसले स्वीकारयोग्य बलिदान अर्पण गर्नमा स्वीकृति पाएको हुनुपर्छ (हिब्रू ८:३) ।

यस मानेमा ख्रीष्ट साँचो पूजाहारी हुनुहुन्छ र उहाँले आफ्नो जिम्मेवारी “आफैलाई निस्खोट थुमाको रूपमा परमेश्वरसमक्षसदाको लागि एकैपटक बलिदान गर्नुभयो, उहाँमाथि विश्वास गर्ने सबै मानिसहरूको पापको खातिर क्षमा दिलाएर परमेश्वरमा मिलाप गराउनुभयो र तिनीहरूको पक्षमा निरन्तर मध्यस्थबिन्ती गरिदिने मध्यस्थकर्ता बन्नुभयो” (धार्मिकविधि, प्रश्नोत्तरमाला ४४) । यो कुरा धर्मशास्त्रमा बताइएअनुसार नै सत्य हो भनि पुष्टि भएको छ :

क) ख्रीष्टमा पूजाहारी हुने सबै गुण र योग्यताहरू यथेष्ट छन् । उहाँ त्यही उद्देश्य पूरा गर्नका लागि मानिस बनेर जन्मनुभएको हो (हिब्रू २:१६; ५:१५) । जसरी हारुनलाई परमेश्वरको पवित्र स्थानको प्रधान पूजाहारी बनेर सेवा गर्न चुनिएको थियो, त्यहीबमोजिम परमेश्वरबाट चुनिएको पूजाहारी ख्रीष्ट हुनुहुन्थ्यो

(हिब्रू ५:५, ६) । उहाँ सिद्धरूपमा पवित्र हुनुहुन्थ्यो र तत्कालै पिताकहाँ जानसक्ने पहुँच उहाँमा थियो (हिब्रू ८:२६) ।

ख) उहाँ नै प्रधान पूजाहारी हुनुहुनेछ भनि पुरानो करारमै घोषणा गरिएको थियो । पूजाहारीले पालन गर्नुपर्ने सबै नियमहरू तथा बलिदानका लागि पालन गर्न तोकिएका सबै विधिहरू उहाँकै लागि निश्चित गरिएको थियो (जकरिया ६:१३; यशैया ५३:१०; दानिएल ९:२४, २५) ।

ग) उहाँले पूजाहारीको सम्पूर्ण कर्तव्य पूरा गर्नुभएको थियो भनि सुसमाचारको इतिहासले पनि प्रस्ट पार्दछ । पापको बदलामा आइलाग्ने सबै दण्डहरू भोगिदिएर उहाँले पाप मोचन गराउने काम सम्पन्न गरिदिनुभयो (एफेसी ५:२; हिब्रू ९:२६; १युहन्ना २:२) । उहाँले अन्तर्बिन्ती गर्ने काम गर्नुभयो र उहाँ अनन्तसम्मै यही काम गरिरहनुहुन्छ (रोमी ८:३४; हिब्रू ७:२५) । ख्रीष्टले गर्नुहुने काम प्रधान पूजाहारीले महापवित्रस्थानमा प्रवेश गरेर गर्ने बलिदानका सबै विधिहरूको प्रारूप वा छायाँ थियो (कलस्सी २:१७) ।

उहाँले सम्पन्न गर्नुहुने पूजाहारीगिरीको जिम्मेवारी पक्कै पनि हारुनले गर्ने जस्तैगरी व्यवस्थामा तोकिएको विधिअनुसार थिएन, तथापि हारुन र अन्य पूजाहारीले गर्ने पूजाहारीगिरी ख्रीष्टकै प्रतिस्थापनमा गरिएका थिए । तिनीहरूका सबै जिम्मेवारीहरू धेरै वर्षपछि ख्रीष्टले सदाका लागि सम्पन्न गर्नुहुने बलिदानको प्रतिस्थापनको रूपमा गरिएका थिए । तैपनि तिनीहरूले पूर्णतः उहाँकै प्रतिनिधित्त्व गर्न सक्ने थिएनन् । मुख्यतः तिनीहरू यी कारणले गर्दा उहाँको सम्पूर्ण प्रतिनिधित्त्व गर्न सक्षम थिएनन् : क) उहाँको सर्वोच्च व्यक्तित्त्वसँग तिनीहरूको तुलना हुन सक्दैनथ्यो (युहन्ना १:१–४, १४) । ख) उहाँले सम्पन्न गर्नुहुने बलिदानको अनन्त महत्त्वसित तिनीहरूले चढाउने बलिदानको तुलना हुन सक्दैनथ्यो (हिब्रू १०:१–१४) । ग) पूजाहारीको जिम्मेवारीमा तिनीहरूलाई समर्पण गर्दाको तरीकासित उहाँको व्यक्तित्त्वको कुनै तुलना हुनसक्दैनथ्यो (हिब्रू ७:२०–२२) । घ) मरणशील मानिसको रूपमा तिनीहरू निरन्तर एकपछि अर्को हुँदै पूजाहारीको जिम्मेवारीमा नियुक्त हुँदै आएका थिए तर ख्रीष्ट एकैपटक सदाको लागि प्रधान पूजाहारीको रूपमा आउनुभयो (हिब्रू ७:२३–२४) । ङ) उहाँ आफै पवित्र स्थानभन्दा महान् धेरै सिद्ध र महान् हुनुहुन्थ्यो र उहाँको सेवाको सर्वोच्चता

अत्यन्तै अतुलनीय थियो (हिब्रू ४:११, २४) । च) तिनीहरू त सामान्य अर्थमा सीमित मानिसहरूका प्रतिनिधित्त्व गर्ने पूजाहारी थिए, तर उहाँचाहिँ अगमवाणीद्वारा स्थापित गराइनुभएका एकमात्र अनन्तका राजकीय पूजाहारी हुनुहुन्थ्यो (जकरिया ६:१३; रोमी ८:३४; हिब्रू ८:१, २) ।

ख्रीष्टको पूजाहारीगिरीलाई मल्किसेदेकले सम्पन्न गरेको विधिको रूपमा गणना गरिएको थियो । किनभने: (क) उहाँ मल्किसेदेक जत्तिकै राजकीय पूजाहारी हुनुहुन्थ्यो । ख) उहाँ मल्किसेदेकजस्तै उहाँभन्दा अघि अर्को कोही पूजाहारी थिएन र उहाँपछि पनि अर्को कोही हुने छैन । ग) उहाँ अनन्तका पूजाहारी हुनुहुन्थ्यो, "मल्किसेदेकको दर्जामा हुनुहुने सदासर्वदाका पूजाहारी तपाईंमात्रै हुनुहुन्छ" (हिब्रू ७:१७) ।

३) ख्रीष्ट उहाँको मण्डलीमाथि सबै कुरामा सार्वभौम अधिपति हुनुहुन्छ (एफेसी १:२२; ४:१५; कलस्सी १:१८; २:१९) । उहाँले राजाको रूपमा राजकीय जिम्मेवारी सम्पन्न गर्नुभयो : (क) उहाँले संसारका सबै मानिसहरूलाई आफूकहाँ बोलाउनुहुन्छ । उहाँले तिनीहरूलाई नेतृत्त्वका विभिन्न जिम्मेवारी दिनुहुन्छ । उहाँले व्यवस्था र अनुशासन दिनुहुन्छ र त्यसैद्वारा उहाँ सारा सृष्टिमाथि सदासर्वदै प्रत्यक्ष राज्य गर्नुहुन्छ । (ख) आफ्ना चुनिएकाहरूमाथि उद्धारको अनुग्रह खन्याउनुहुन्छ । उहाँले तिनीहरूका विश्वासअनुसारको इनाम दिनुहुन्छ र तिनीहरूका पापबाट तिनीहरूलाई छुटकारा दिएर तिनीहरूका चरित्र ठिक बनाउनुहुन्छ । उहाँले तिनीहरूलाई सबै किसिमका कष्ट र परीक्षाहरूबाट सुरक्षित राख्दै तिनीहरूलाई सहयोग गर्नुहुन्छ । (ग) तिनीहरूका सबै शत्रुहरूलाई परास्त गर्दै तिनीहरूलाई जोगाउने काम गर्नुहुन्छ र सबैथोकलाई तिनीहरूको भलाइ र आफ्नो महिमाको निम्ति आदेश दिनुहुन्छ । त्यसैगरी, (घ) जोजसले परमेश्वरलाई त्याग्छन्, उहाँलाई चिन्न र आराधना गर्न इन्कार गर्छन् र सुसमाचारको अटेर गर्छन्, तिनीहरूलाई बदला स्वरूप खण्ड – दिनुहुन्छ ।

उहाँले पाउनुभएको यो प्रभुत्व त्रीएक परमेश्वरमा प्राप्त अधिकारमध्ये अलग्गै र उच्च अधिकार हो । किनभने :

क) यो अधिकार उहाँको आज्ञाकारिता र उहाँले भोग्नुभएको कष्टको प्रतिफलका रूपमा पिताद्वारा दिइएको अधिकार हो (फिलिप्पी २:६–११) ।

ख) उहाँले राजाको रूपमा पाउनुभएको यो अख्तियारको प्रारूप र उद्देश्य खासगरी उद्धार पाएको उहाँको मण्डलीको गरिमा र अभिवृद्धिका लागि केन्द्रीत रहन्छ (एफेसी १:२२–२३) ।

ग) यो गौरव र अधिकार उहाँको ईश्वरत्त्व (परमेश्वर हुनुभएको आधारमा) को कारणले मात्रै होइन, बरु उहाँ आफै परमेश्वर–मानिस बन्नुभएको आधारमा प्राप्त भएको हो । ख्रीष्टको यो शक्ति र अख्तियार पहिल्यैदेखि उहाँको हातमा छँदैछ र यो सारा सृष्टिका सबै प्राणीमाथि विस्तार हुन्छ (मत्ती २८:१८; एफेसी १:१७–२३; फिलिप्पी २:९–११; यर्मिया २३:५; यशैया ९:६; प्रेरित २:२९–३६) । उहाँको राज्यको अन्त्य कहिल्यै हुनेछैन (दानिएल २:४४; यशैया ९:७) ।

यसरी ख्रीष्टलाई मध्यस्थकर्ताको रूपमा देखाइएको छ ।

३. मण्डलीका उद्धारकर्ता र शिर तथा सबै थोकका उत्तराधिकारी, सर्वशक्तिशाली शासक र सारा संसारका एकमात्र पालनहार भनि ख्रीष्टलाई भनिएको छ (एफेसी १:१०) । ख्रीष्टले राज्य गर्नुहुने खास अधिकार, जसको अभ्यास गर्दै उहाँले सबै मानिसहरूको र स्वर्गदूतहरूको समेत न्याय गर्नुहुन्छ भन्ने विषयमा हामीले अध्याय ३३ मा चर्चा गर्नेछौँ ।

**खण्ड – २ परमेश्वर पुत्र तथा त्रीएकत्त्वका दोस्रो नाम स्वयम् अनन्त परमेश्वर हुनुहुन्छ । उहाँ आफै परमेश्वर हुनुहुन्छ, जो हाम्रो सट्टामा बलिदान हुन आउनुभयो । जब समयको परिपूर्णता आयो, उहाँले मानिसको रूप स्वभाव धारण गर्नुभयो ।[178] सबै आवश्यक कुराहरूको सामना गर्दै उहाँले निस्पाप जीवन जिउनुभयो ।[179] पवित्र आत्माको शक्तिद्वारा उहाँ गर्भ कुमारी आमाको गर्भमा आउनुभयो र मानव रूपमा जन्मनुभयो ।[180] यसरी उहाँमा प्रस्ट मानिस र परमेश्वरको दुवै स्वभाव थियो । उहाँको एउटै व्यक्तिमा मानवता र ईश्वरत्त्व छुट्ट्याउनै नसकिनेगरी जडिएको थियो । त्यो स्वभाव उहाँमा आस्थाको परिवर्तनद्वारा वा कुनै अर्को संरचनाद्वारा वा कुनै**

[178] युहन्ना १:१, १४; १ युहन्ना ५:२०; फिलिप २:६; गलाती ४:४ ।

[179] हिब्रु २:१४, १६, १७; ४:१५ ।

[180] लुका १:२७, ३१, ३५; गलाती ४:४ ।

**द्विविधाद्वारा आएको थिएन ।[181] उहाँ आफै स्वयम् परमेश्वर र मानव हुनुहुन्थ्यो, एउटै ख्रीष्ट, परमेश्वर र मानिसबिचमा खडा भैदिनुहुने एकमात्र मध्यस्थकर्ता उहाँ हुनुहुन्थ्यो ।[182]**

यस खण्ड –को विषयवस्तु नै परमेश्वर–मानवका रूपमा बन्ने मध्यस्थकर्ता हो । हुन त यो विषय अध्याय २ को खण्ड – ३ मा नै पुष्टि भैसकेको छ। येशु ख्रीष्ट नै स्तुतियोग्य त्रीएक–परमेश्वरमा दोस्रो ईश्वरत्त्व हुनुहुन्छ र पिता समान हुनुहुन्छ । यस खण्डमा हामी यसै विषयमा थप चर्चा गर्नेछौँ ।

१. नासरतका येशु वास्तविक मानिस हुनुहुन्थ्यो, उहाँमा मानिसमा हुनुपर्ने सबै गुणहरू थिए । उहाँ पवित्र आत्माको शक्तिद्वारा कन्या मरियमको गर्भमा आउनुभएको थियो ।

२. उहाँका कहिँ कत्ति पनि पाप थिएन ।

३. उहाँ परमेश्वरभन्दा धेरै तलको हुनुहुन्नथ्यो; उहाँ अनन्त पिता परमेश्वरका पुत्र हुनुहुन्थ्यो ।

४. तथापि उनै परमेश्वर र मानिस एउटै व्यक्तिमा हुनुहुन्थ्यो ।

५. त्यो व्यक्तित्त्व अनन्त परमेश्वर पुत्रमा निहित थियो, जसले समय पूरा भएपछि मानव प्राण र शरीर धारण गर्नुभयो र त्यो आफैभित्रको व्यक्तिगत एकत्त्व थियो ।

६. ख्रीष्टमा एउटै व्यक्ति भए पनि ईश्वरीय र मानवीय दुवै पूर्ण स्वभावहरू थिए, ती छुट्टै स्वभावहरू मिसाइएको वा घोलेर एउटै बनाइएको थिएन तर ती दुवै स्वभाव फरक–फरक थिए र सधैँभरिका लागि एउटै शरीरमा समाहित भएका थिए ।

संसारभरि नै मण्डलीको सिद्धान्तका रूपमा स्वीकार गरिएको सबैभन्दा प्राचीन विश्वासको सार भनेकै ख्रीष्टाबाद ४५१ मा काल्सेण्डोनमा भेला भएका ६३० जना पवित्र मण्डली फादरहरूको उच्च परिषद्ले पारित गरेको दस्तावेज हो । त्यसमा यस्तो लेखिएको थियो, "हामी सबै नै एकै मनका भएर पवित्र पिताको

---

[181] लुका १:३५; कलस्सी २:९; रोमी ९:५; १ पत्रुस ३:१८; १ तिमोथी ३:१६ ।
[182] रोमी १:३, ४; १ तिमोथी २:५ ।

इच्छा शिरोपर गर्दै हरेक मानिसले एउटैमात्र पुत्रलाई स्वीकार गर्नुपर्छ भनि मान्दछौँ । येशु ख्रीष्ट नै त्रीएक परमेश्वरमा सिद्ध परमेश्वर हुनुहुन्छ र उहाँ वास्तवमा सिद्ध मानिस पनि हुनुहुन्छ भनेर हामी स्वीकार्दछौँ । उहाँ साँच्चिकै परमेश्वर र साँच्चिकै मानिस हुनुहुन्छ । उहाँको एउटा प्रत्यक्ष भौतिक शरीर र त्यसमा मानव प्राण थियो । त्रीएकत्त्वमा उहाँ पितासमान एक परमेश्वर हुनुहुन्छ र मानव जीवनमा उहाँ हामीजस्तै मानिस हुनुहुन्छ । उहाँ हरेक कुरामा हामीसमान हुनुहुन्छ, तापनि उहाँ पापरहित हुनुहुन्छ । सबै युगहरूभन्दा पहिले नै परमेश्वरत्त्वमा उहाँ पुत्रको रूपमा चिनिनुभएको थियो र यी आखिरी दिनहरूमा हाम्रा खातिर र हाम्रो उद्धारको खातिर उहाँ कन्या मरियमको कोखबाट जन्मिनुभयो । मानवीय दृष्टिले मरियम मानव–परमेश्वरकी कुमारी–आमा थिइन् । उनै ख्रीष्ट, पुत्र प्रभु, एकमात्र परमेश्वरलाई एउटै शरीरमा दुई फरक स्वभाव धारण गर्नुहुने परमेश्वर भनि हामी स्वीकार्दछौँ । उहाँका कुनै द्विविधा थिएन, उहाँमा कुनै बदलाव थिएन र उहाँमा खण्ड –न हुने वा अलग्ग गर्ने कुनै कुरा थिएन । उहाँमा भएको एकत्त्व कुनै कुराले बदल्न वा लुछेर लग्न सक्ने कुरा थिएन, उहाँ दुवै स्वभाव उहाँमा संचित गरेर राखियो । एउटै व्यक्ति र एकै अस्तित्त्व दुई व्यक्ति वा शरीरमा खण्ड लगाउन सकिन्नथ्यो । बरु उहाँ आफै एकमात्र जन्मिनुहुने पुत्र र वचन परमेश्वर हुनुहुन्छ । प्रभु येशु ख्रीष्ट, जसको विषयमा सुरुदेखि नै अगमवक्ताहरूले अगमवाणी गरेका थिए र हाम्रा प्रभु येशु ख्रीष्टले नै पनि हामीलाई यी कुरा सिकाउनुभयो । अनि त्यही शिक्षा नै हाम्रा पवित्र गुरूजनहरूको विश्वासको सार हामीसम्म आइपुग्यो ।”

अथानेसियनहरूले सार्वजनिक गरेको विश्वासको सारको विषय थप अध्ययन गर्न यस पुस्तकको पहिलो अध्यायको परिचय खण्डमा पढ्नुहोस् ।

१. नासरतका येशु वास्तविक मानिस हुनुहुन्थ्यो, उहाँमा मानिसमा हुनुपर्ने सबै गुणहरू थिए । उहाँ पवित्र आत्माको शक्तिद्वारा कन्या मरियमको गर्भमा आउनुभयो र प्रत्यक्षतः तिनको छोरो भएर जन्मिनुभयो । यस तथ्यमा अरू दुईओटा धारणाहरू जोडिएर आउँछन् ।

(१) येशु ख्रीष्ट वास्तविक र सबै गुणले युक्त मानिस हुनुहुन्थ्यो । एउटा मानिसमा हुनुपर्ने कुनै पनि गुणको कमी उहाँमा थिएन । उहाँलाई जहिल्यै येशु ख्रीष्टको रूपमा मानिस वा मानिसको पुत्र नै भनियो, त्यसमा कहिल्यै तलमाथि

गरिएको छैन (मत्ती ८:२०; १तिमोथी २:५) । उहाँमा साँचो शरीर थियो । उहाँले खाने, पिउने, बिश्राम गर्ने र शरीरको कदमा हुर्किने–बढ्ने सबै कामहरू भए (लुका २:५२) । बाँचुन्जेलसम्म नै उहाँले सार्वजनिकरूपमा धेरैसित र निजी तवरले केही मानिसहरूसँग निरन्तर उठबस गर्नुभयो । उहाँलाई सबैले साँचो अर्थमा मानिस नै भनेर चिने । उहाँले क्रुसमा कष्टपूर्ण मृत्यु वरण गर्नुभयो । उहाँको पार्थीव शरीरलाई चिहानमा गाडियो । मरेको तेस्रो दिनमा उहाँ मृत्युबाट पुनरूत्थान हुनुभयो र भौतिक चिन्ह र प्रमाणहरूद्वारा आफू जीवितै भएको कुरा उहाँले प्रमाणित गरेर देखाउनुभयो (लुका २४:३६–४४) । उहाँसित स्वाभाविक प्राण थियो, किनभने उहाँ बालकबाट किशोर र वयस्क बनेर हुर्किनुभयो । उहाँमा प्रेम र दयाले भरिएको हृदय थियो । उहाँ एउटा मानिसझैँ रुनुभयो र कष्टले छटपटिँनुभयो (युहन्ना ११:३३–३५; मत्ती २६:३६–४६) ।

(२) प्राकृतिकतवरले येशुको मानव स्वभाव सामान्यतः हामीमा जस्तो छुट्टै अस्तित्त्वमा रहन सक्ने किसिमको थिएन । उहाँको स्वभाव भने साधारण मानिसहरूको भन्दा फरक प्रकारले बाँच्नुपर्ने प्रकारले तय गरिएको थियो । उहाँको जन्म हाम्रोजस्तो थिएन, उहाँ पवित्र आत्माद्वारा कन्या केटीमा गर्भधारण भएर जन्मनुभयो । उहाँको स्वभाव स्वर्गदूतहरूको जस्तो पनि थिएन, तिनीहरू हामी मानवजस्तो पुस्तापुस्ताका हुँदैनन् । स्वर्गदूतहरू सबै एकै पुस्ताका र उमेरको हदभन्दा बाहिर भएका प्राणीहरू हुन्, येशु तिनीहरू जस्तो पनि हुनुहुन्नथ्यो । उहाँको विषयमा यो कुरा प्रस्टैसित जोड दिएर भनिएको छ, "उहाँले स्वर्गदूतहरूको जस्तो स्वभाव धारण गर्नुभएन, बरु उहाँ अब्राहामको सन्तानको रूपमा जन्मिएर मानिसको स्वभाव धारण गर्नुभयो" (हिब्रू २:१६) । उहाँ हव्वाको सन्तान हो (उत्पत्ति ३:१५), उहाँलाई दाउदको पुत्र पनि भनियो (रोमी १:३) । उहाँ स्त्रीबाट जन्मिनुभयो (गलाती ४:४); तिनले उहाँलाई आफ्नो गर्भमा धारण गरिन् (लुका १:३१; २:५–७) ।

२. यद्यपि येशुले हामीले जस्तै कष्ट र परीक्षाहरूको सामना गर्नुभयो, तर उहाँ बिल्कुलै पापरहित हुनुहुन्थ्यो भन्ने कुरा धर्मशास्त्रमा प्रस्ट गरिएको छ (हिब्रू ४:१५)। पत्रुसले पनि उहाँको विषयमा साक्षी दिँदै लेखेका छन्, "उहाँले एउटै पाप गर्नुभएन, न ता उहाँको मुखबाट कुनै दुर्वाच्य निस्कियो" (१पत्रुस २:२२) त्यसैगरी

युहन्नाले साक्षी दिएका छन्, "उहाँमा पाप छँदै थिएन" (१युहन्ना ३:५; हिब्रू ७:२६; लुका १:३५) । ठिक यही कुरा उहाँको अस्तित्त्व तथा वचनबाट देशधारण गर्नुभएको घटनाबाट पनि बुझ्न सकिन्छ । जुन काम गर्नका लागि उहाँ आउनुभएको थियो, त्यही कामको प्रकृतिबाट पनि यो कुरा प्रस्ट देख्न सकिन्छ । उहाँ मानिसका पाप क्षमा गर्न र तिनीहरूका सबै पापबाट तिनीहरूलाई मुक्त गर्न आउनुभयो । त्यसैगरी सुसमाचारका प्रचारकहरूले जोगाइराखेको उहाँको जीवनको अभिलेखबाट पनि यो कुरा पुष्टि हुन्छ । त्यसबेला र अहिलेका समेत उहाँको विरोधमा उठ्ने विद्रोहीहरूका साथै उहाँमाथि विश्वासगरी पछ्याउने ख्रीष्टियनहरू आफै नै त्यही महान् साक्षीका उदेकलाग्दा प्रमाणहरू हुन् ।

३. उहाँ परमेश्वर पिताभन्दा सानो हुनुहुन्न । उहाँ पिता परमेश्वरका अनन्त पुत्र हुनुहुन्छ । यो कुरा दोस्रो अध्यायको खण्ड – ३ मा यसअघि नै पुष्टि गरिएको छ ।

४. त्यसो भए तापनि परमेश्वर र मानिस एउटै व्यक्तिमा हुनुहुन्छ । यो कुरा पनि हरेक प्रकारले सत्य हो भनि पुष्टि भैसकेको छ । जस्तैः

१) उहाँ एउटै व्यक्ति हुनुहुन्न वा उहाँमा विभाजन हुन्छ भन्ने कुरा न ता उहाँका कामले देखाएको छ, न कतै एउटै शब्द लेखिएको छ, न ता कतै कसैले बताएको छ ।

२) उहाँको निम्ति प्रयोग भएका व्यक्तिवाचक सर्वनामहरू सबैले नै उहाँलाई एउटा व्यक्तिको रूपमा स्थापित गरेका छन् । एउटै विषय र सम्बन्धमा ईश्वरीय श्रेय तथा कामसँगै मानवीय श्रेय र कामहरू उहाँमा लागु गरिएको छ ।

३) यो विषयलाई अझै निश्चित र प्रस्ट गर्नका लागि धर्मशास्त्रका केही खण्ड –हरूलाई हेर्न सकिन्छ, जहाँ उहाँको ईश्वरीय गुणलाई मानव व्यक्तित्त्वमा प्रत्यक्ष देखाइएको छ, तापनि उहाँको गुण वा कामले उहाँलाई विशुद्ध रूपमा मानिसकै दर्जा दिएको छ । उदाहरणको लागि, "उहाँले आफ्नो रगतद्वारा परमेश्वरको मण्डलीलाई खरिद गर्नुभएको छ" (प्रेरित २०:२८) । (तिनीहरूले) महिमाका प्रभुलाई क्रुसमा टाँगेका छन्" (१कोरिन्थी २:८) ।

४) धर्मशास्त्रमा अरू पनि खण्ड –हरू छन्, जहाँ व्यक्तिको नामलाई पक्कागरी मानव स्वभावको भनि तोकिदिएको छ । तथापि गुण र कामहरूले भने उहाँको व्यक्तित्त्वलाई ईश्वरीय स्वभावको हो भनि बताएको छ । "स्वर्गमा हुनुहुने

मानिसको पुत्र" (युहन्ना ३:१३) । "यदि तिमीहरूले मानिसको पुत्रलाई ऊ पहिले भएकै ठाउँतिर उचालिँदै गरेको देख्यौ भने" (युहन्ना ६:६२) ।

५) उहाँको मानव तथा ईश्वरीय स्वभावलाई कुनै भेद नराखी लेखिएका खण्ड –हरू पनि धर्मशास्त्रमा पाइन्छन्, "उहाँका प्रिय पुत्रको राज्यमा कसले हामीलाई प्रवेश गराउने ? जसमा हामीले उहाँकै रगतद्वारा छुटकारा पाएका छौँ, हाम्रा पापको क्षमासमेत हामीले पाएका छौँ, जो अदृश्य परमेश्वरको स्वरूप हुनुहुन्छ, जो सारा सृष्टिमा ज्येष्ठ भएर जन्मिनु भएको छ, जसले आफ्नो क्रुसमा रगत बगाएर परमेश्वर र हामीबिचमा मिलाप गराउनुभएको छ" (कलस्सी १:१३–२०; हिब्रू १:३) ।

५. उहाँको यो व्यक्तित्त्व परमेश्वरका अनन्त पुत्रको थियो, जसले उचित समयमा मानवको प्राण र शरीर धारण गर्नुभयो र आफ्नो व्यक्तित्त्वमा एकता स्थापित हुनुभयो । उहाँको त्यो व्यक्तित्त्व कन्या मरियमको गर्भमा आएपछि भने रहन छाड्यो । किनभने उहाँ आफैले भन्नुभएको छ, "अब्राहामभन्दा अघि नै म थिएँ" (युहन्ना ८:५८) । अनि "वचन देहधारी भयो" (युहन्ना १:१४) । "परमेश्वरले आफ्ना एकमात्र पुत्रलाई संसारमा पठाउनुभयो" (१युहन्ना ४:९) । उहाँ "स्त्रीबाट जन्मिएर व्यवस्थाको अधीनमा आफैलाई राख्नुभयो" (गलाती ४:४)। "किनभने छोराछोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा मृत्युको शक्ति भएकोलाई उहाँले नष्ट गर्नुभयो" (हिब्रू २:१४; फिलिप्पी २:६–११) । जबकि ख्रीष्टको मानव शरीरमा ईश्वरत्त्वको स्वभाव थियो भन्ने कुरा स्वतः प्रस्ट भैसकेको छ। ख्रीष्टमा ईश्वरत्त्व थियो, मानवीय स्वभावमात्रै होइन । उहाँ अनन्त हुनुहुन्थ्यो — समयको पाबन्दीमा उहाँ हुनुहुन्नथ्यो । तर समय आएपछि त्यही ईश्वरीय व्यक्तित्त्वले मानव रूप र स्वभाव (प्राण र शरीर) आफूमा धारण गर्नुभयो । जसरी शरीर यसका अचम्मले काम गर्ने अंगहरू, ज्ञानेन्द्रियहरू, मनोभाव र यसको लगाव वा चाहनाद्वारा निर्माण हुन्छ, त्यसको आफ्नो व्यक्तित्त्व नभएर गर्भमा रहुन्जेलसम्म नै प्राणले निर्धारण गरेको व्यक्तित्त्व त्यसले धारण गर्दछ । त्यसैगरी ख्रीष्टको मानवीय स्वभावको पनि आफ्नो छुट्टै व्यक्तित्त्व कदापि थिएन । तर त्यो शरीरले गर्भधारण गर्दाकै क्षणदेखि उसो परमेश्वरका पुत्रको ईश्वरत्त्व स्वभावमा बढ्दै गएको थियो । त्यसकारण, ख्रीष्टमा

दुईओटा स्वभाव छन् तापनि एउटै व्यक्तित्त्व छ । उहाँको मानवीय व्यक्तित्त्व कन्याको गर्भदेखि नै अस्तित्त्वमा आएको हो, तर उहाँको त्यो व्यक्तित्त्व अनन्त कालदेखि नै रहिआएको हो । उहाँको ईश्वरीय स्वभाव नितान्त निजी हो, तर उहाँको मानवीय स्वभाव व्यक्तिरहित हो र उहाँको ईश्वरीय स्वभाव र मानवीय स्वभाव भने एउटै हुन् ।

६. उहाँ एउटै व्यक्ति हुनु भए तापनि ख्रीष्टमा निहित ईश्वरीय र मानवीय स्वभान आपसमा मिश्रित स्वभाव भने होइन । बरु ती दुवै स्वभाव आपसमा भिन्नभिन्नै र छुट्टै प्रकृतिमा रहिरहे । यसरी ईश्वरीय र मानवीय स्वभावले उहाँमा अनन्त व्यक्तित्त्व निर्माण गर्नसक्यो ।

आफैमा सचेत र बौद्धिकरूपमा सक्षम यी दुई स्वभावहरू, कुनै पनि कुरामा आफैले स्वतन्त्र किसिमले निर्णय गर्नसक्ने यी दुई स्वभावहरूले कसरी एउटै व्यक्तित्त्व बनाउन सक्छन् भनेर दार्शनिक भाषामा असम्भव लाग्छ । तैपनि येशुको व्यक्तित्त्वले स्थापित गरिदिएको इतिहासभरि नै उहाँको स्वभावका बारेमा प्रकट गरिदिएको संक्षिप्त विशेषता नै यही हो । यस विषयलाई अझै सरल बनाएर भन्नुपर्दा, कति झूटो शिक्षाको प्रचार गर्नेहरूले ख्रीष्टको व्यक्तिमा मानवीय प्राण थिएन, बरु उहाँको शरीरमा ईश्वरीय आत्माले मानीवय प्राणको ठाउँ लियो भनेका छन् । कतिले उहाँमा दुई फरक व्यक्तित्त्व र फरक स्वभाव थियो र परमेश्वर मानवबिच घनिष्ट एकता भएको थियो पनि भनेका छन् । अझै कतिले चाहिँ यी दुवै स्वभावलाई बेस्सरी जोडेर जसअनुसार उहाँमा न ईश्वरीय स्वभाव बाँकी रह्यो, न ता मानवीय स्वभाव नै उहाँमा थियो भनि बुझ्ने गरेका छन् । यी सबै अनुमानित धारणाको सट्टा हामीले माथि नै यसरी पुष्टि गरेका छौँ (१) ख्रीष्टसित वास्तविक मानवीय प्राण थियो र साथसाथै उहाँमा वास्तविक मानवीय शरीर थियो र (२) तथापि उहाँ एउटै शरीर र व्यक्तित्त्वमा परमेश्वर र मानिस दुवै हुनुहुन्थ्यो । त्यसमाथि अझै थपेर भन्नुपर्दा, 'ख्रीष्ट' हुनु भनेकै एउटा शरीरमा एकैसाथ दुई फरक स्वभावहरू रहन्छन्, तापनि ती एकापसमा को ठुलो वा सानो अथवा कसको अधीनमा को रहने भन्ने अलमलमा हुँदैनन्, बरु दुवैबिच बलियो एकता र सुस्पष्टता हुन्छ । यही कुरा धर्मशास्त्रमा प्रस्ट गरिएको छ, ख्रीष्ट सधैँभरि साँचो परमेश्वर र साँचो मानिस हुनुहुन्छ, त्यसबाहेक उहाँ अर्को रूपमा हुनुहुन्न ।

यहाँनेर ईश्वरीय स्वभावका सबै पक्षहरू मानवीय स्वभावमा पूरै सञ्चार गर्न सकिँदैन । किनभने मानवलाई सम्पूर्ण तवरले अनन्त परमेश्वर बनाउन सकिने कुरा होइन । अर्थात् मानव शरीरमा कोही पनि आफै इश्वर बन्दैन, कसैले पनि शरीरमा अमरत्त्व प्राप्त गर्दैन, कोही पूर्णतः सिद्ध बन्दैन । यदि मानव शरीरले यी सबै कुरा प्राप्त गर्न सक्थ्यो भने त्यो मानिस रहिरहन छाड्छ । किनभने परमेश्वर आफैले मानिसमा सम्पूर्ण ईश्वरत्त्व सिर्जना गरिदिनुहुन्न । यसरी भन्नुपर्ने हुन्छ, मानवीय स्वभावलाई इश्वर तुल्याउन सकिँदैन । यही कुरा ख्रीष्टको ईश्वरत्त्वमा पनि लागु हुन्छ । यदि त्यसो हुन्नथ्यो भने ता उहाँ वास्तविक मानव हुन छाड्नुहुन्थ्यो, अथवा मानवीय सीमामा आफूलाई ख्रीष्टले सीमित राख्नुभएको भए उहाँमा वास्तविक ईश्वरत्त्व पनि रहन छाड्ने थियो र परमेश्वर आफैले ईश्वरत्त्वलाई नष्ट गर्नुहुने थिएन । यसरी ख्रीष्ट परमेश्वर र मानिस दुवै हुनुभएको हुनाले पनि उहाँ दुवै स्वभावको मिश्रित रूप हुनुहुन्नथ्यो । धर्मशास्त्रमा एकोहोरो पुष्टि गरिएको कुरा के हो भने ख्रीष्टको एउटै व्यक्तित्त्व छ र यो नै सत्य हो । कुनै अपवाद बिना एउटा स्वभावले आफू अर्को स्वभावको स्वामित्त्वमा नरहेको कुरा स्वतः पुष्टि गर्छन् ।

भनिएको छ, परमेश्वर स्वयम्ले उहाँको मण्डलीको निम्ति आफ्नो रगत बहाउनुभयो, अर्थात् मानिसको स्वरूप धारण गर्नुभएका परमेश्वर— ख्रीष्ट मर्नुभयो । तथापि त्यस मृत्युमा उहाँको ईश्वरत्त्व मरेन, मरेको चाहिँ मानव शरीर हो । यसैगरी परमेश्वरको मानवीय स्वभाव स्वर्गबाट तल आएको थियो भनेर पनि कतै भनिएको छैन । स्वर्गबाट आएको ईश्वरीय गुणको व्यक्तित्त्व हो, जनु मानवीय गुण भएको शरीरमा रहनुभयो र सारा मानव जातिलाई अनन्त उद्धार उपलब्ध गराउनका लागि उहाँको मानवीय व्यक्तित्त्वले मृत्यु वरण गर्‍यो ।

**खण्ड – ३ प्रभु येशु आफ्नो मानव स्वभावमा यसरी उहाँको ईश्वरीय स्वभावमा एकीकृत हुनुभयो । उहाँ असीमितरूपमा मानव स्वभावमा शुद्ध गरिएको र पवित्र आत्मामा अभिषेक गरिएको ख्रीष्ट हुनुहुन्थ्यो ।[183] उहाँमा सम्पूर्ण बुद्धि र ज्ञान थियो;[184] उहाँमा पिता प्रसन्न हुनुभयो र उहाँलाई**

[183] भजनसंग्रह ४५:७; युहन्ना ३:३४ ।
[184] कलस्सी २:३ ।

**परिपूर्णतामा जिउन दिनुभयो ।[185] अन्त्यैसम्म उहाँ पवित्र हुनुहुन्थ्यो, उहाँमा कुनै दोष र पापको दाग लागेन र उहाँ सत्य र अनुग्रहले भरिपूर्ण रहनुभयो ।[186] यसै कारण उहाँ मध्यस्त र सबैका लागि सुरक्षाको ग्यारेण्टी गर्नसक्ने ख्रीष्टको रूपमा तम्मतयार रहनुभयो ।[187] त्यो जिम्मेवारी उहाँ आफैले लिनुभएको होइन, बरु त्यसका लागि उहाँका पिताले उहाँलाई बोलाउनु भएको थियो ।[188] पिताले नै उहाँको हातमा सबै अधिकार र न्याय गर्ने अख्तियारी दिएर ती सबै काम सम्पन्न गर्न आदेश दिनुभएको थियो ।[189]**

**खण्ड – ४ प्रभु येशुले बडो राजीखुशीसाथ यो जिम्मेवारी पूरा गर्नुभयो ।[190] उहाँले जेजति गर्नुभयो, ती सबै व्यवस्थाको विरुद्धमा थिएनन्,[191] बरु उहाँले व्यवस्थाले तोकेका सबै मागहरू सिद्धरूपमा पूरा गर्नुभयो ।[192] त्यस लगत्तै उहाँले आफ्नो प्राणमा अत्यन्तै दुःखकष्ट र सन्तापको सामना गर्दै सहन गर्नुभयो ।[193] उहाँले आफ्नो शरीरमा ज्यादै पीडा सहन गर्नुभयो ।[194] उहाँलाई क्रुसमा टाँगियो र उहाँले क्रुसमा नै आफ्नो प्राण त्याग्नुभयो ।[195] उहाँको मृत शरीर चिहानमा गाडियो र उहाँ मृत्युको अधीनमा तोकिएको समयसम्म रहनुभयो, तापनि उहाँको शरीर सडेन, उहाँमा कुनै कुरा रद्दि भएन ।[196] त्यसको तेस्रो दिनमा उहाँ त्यही शरीरमा मृत्युबाट पुनरूत्थान हुनुभयो,[197] जुन शरीरले कष्ट र मृत्युको सामना गरेको थियो**

---

185 कलस्सी १:१९ ।
186 हिब्रु ७:२६; यहुन्ना १:१४ ।
187 प्रेरित १०:३८; हिब्रु १२:२४; ७:२२ ।
188 हिब्रु ५:४, ५ ।
189 यहुन्ना ५:२२, २७; मत्ती २८:१८; प्रेरित २:३६ ।
190 भजनसंग्रह ४०:७, ८; हिब्रु १०:५-१०; यहुन्ना १०:१८; फिलिप्पी २:८ ।
191 गलाती ४:४ ।
192 मत्ती ३:१५; ५:१७ ।
193 मत्ती २६:३७, ३८; लुका २२:४४; मत्ती २७:४६ ।
194 मत्ती २६, २७ ।
195 फिलिप्पी २:८ ।
196 प्रेरित २:२३, २४, २७; प्रेरित १३:३७; रोमी ६:९ ।
197 १ कोरिन्थी १५:३-५ ।

**।[198] अनि त्यही शरीरमा उहाँ स्वर्गतिर उचालिएर जानुभयो र उहाँ स्वर्गमा पिताको दाहिने बाहुलीतर्फ बस्नुभएको छ ।[199] त्यहाँ बसेर उहाँले निरन्तर मध्यस्थबिन्ती गरिरहनुभएको छ ।[200] अनि संसारको अन्त्यमा उहाँ सबै मानव र स्वर्गदूतहरूको समेत न्याय गर्ने अधिकारसहित उहाँ फर्किआउनु हुनेछ ।[201]**

यी खण्डहरूले निम्न विषयमा प्रकाश पार्दछन् :

१. येशु ख्रीष्टको मानवीय स्वभावको त्रीएकत्त्व र एकताको प्रभावको विषयमा यसले बताएको छ । यसले उहाँको ईश्वरत्त्वकरण, उहाँलाई प्रशंसामा उचाले वा उहाँलाई उच्च महिमा दिएको बारेमा भने बताएको होइन ।

२. ख्रीष्ट मध्यस्थकर्ता हुनुहुन्छ, त्यस जिम्मेवारीमा गर्नुपर्ने सबै काम उहाँ गर्नुहुन्छ । उहाँले ती कामहरू गर्दा प्रभुको रूपमा होइन, न मानिसको रूपमा, बरु परमेश्वर–मानिसको रूपमा गर्नुहुन्छ ।

३. मत्यस जिम्मेवारीका लागि उहाँको नियुक्ति स्वयम् पिता–परमेश्वरबाट भएको थियो र उहाँले ती कामहरू पिताबाटै पाएको अख्तियारमा गर्नुभएको थियो ।

४. तापनि उहाँ आफैले त्यो जिम्मेवारी स्वीकार गर्नुभएको हो र उहाँले गर्ने सबै काम पूर्णतः स्वयंसेवकको रूपमा गर्नुभयो ।

५. उहाँले ती कामहरू आफ्ना विनम्रताको अवस्थामा गर्नुभयो, जसमा यी कुराहरू रहन्छन्; (१) उहाँले अत्यन्तै विनम्रतामा जन्म लिनुभएकोमा; (२) उहाँलाई व्यवस्थाको अधीनस्त तुल्याइयो र त्यसबमोजिम सिद्ध आज्ञा पालन गर्ने बनाइएकोमा; (३) यस मानव जीवनले भोग्नसक्ने भन्दा बढ्ता कष्टमा पारियो, परमेश्वरको क्रोध खन्याइयो र क्रुसमा एउटा श्रापितले भोग्नुपर्ने मृत्युमा

---

[198] यहुन्ना २०:२५, २७ ।
[199] मर्कुस १६:१९ ।
[200] रोमी ८:३४; हिब्रु ९:२४; ८:२५ ।
[201] रोमी १४:९, १०; प्रेरित १:११; १०:४२; मत्ती १३:४०-४२; यहुदा ६; २ पत्रुस २:४ ।

पुऱ्याइएकोमा; (४) उहाँलाई चिहानमा गाडिएकोमा र निश्चित समयसम्म मृत्युको शक्तिमा अधीनमा पर्न दिइएकोमा ।

६. स्वर्गतिर उचालिएर गएपछि पनि उहाँले मध्यस्थकर्ताको काम निरन्तर गरिरहनुभयो । उहाँको त्यस कार्यमा यी कुराहरू रहन्छन्; (१) मृत्यु भएको तेस्रो दिनमा उहाँलाई मृतकहरूबाट पुनरूत्थान गराइएकोमा; (२) उहाँलाई शरीर स्वर्गतिर उठाई लगिएकोमा; (३) परमेश्वर पिताको दाहिने बाहुलीतिर उहाँलाई बस्न दिइएकोमा, जहाँबाट उहाँ आफ्ना मानिसहरूको पक्षमा निरन्तर अन्तरबिन्ती गर्नुका साथै सबै थोकहरूमाथि राज्य गर्नुहुन्छ र (४) अन्त्यको दिनमा सबैका न्यायकर्ता बनेर हुने उहाँको दोस्रो आगमन निश्चित गरिएकोमा ।

यी बुँदाहरूलाई हामी बिस्तृतरुपमा हेरौँ :

१. येशु ख्रीष्टको मानवीय स्वभावको त्रीएकत्त्व र एकताको प्रभावको विषयमा यसले बताएको छ । यसले उहाँको ईश्वरत्वकरण, उहाँलाई प्रशंसामा उचाले वा उहाँलाई उच्च महिमा दिएको बारेमा भने बताएको होइन । उहाँमा कहिल्यै पनि अदलबदल हुँदैन । (१) येशुको मानवीय स्वभावलाई त्यो उच्च स्तरको गरीमा र आदरमा उचालियो, त्यो उच्चता अरू कुनै प्राणीले प्राप्त गर्नसकेको छैन । (२) अन्य कुनै पनि प्राणीले भन्दा बढ्ता बौद्धिक र नैतिक सिद्धता उहाँलाई नै दिइयो, पिताले उहाँलाई बिना नापको पवित्र आत्मा तथा आत्मिक दानबरदान दिनुभयो – युहन्ना ३:३४, “उहाँमा सबै परिपूर्णता राखिदिनमा पिता ज्यादै प्रसन्न हुनुभयो” (कलस्सी १:१९) ।

त्यसकारण उहाँको व्यक्तित्त्वले ईश्वरत्त्वमा हुनुपर्ने सबै गुणहरू प्राप्त गरेको थियो र उहाँमा निहित मानवीय स्वभाव अतुलनीयरूपमा उचालिएको थियो । यसरी उहाँले मध्यस्थकर्ता र सुरक्षा प्रदान गर्ने दुवै जिम्मेवारी सहजसाथ पूरा गर्नसक्नुहुने थियो ।

२. ख्रीष्ट मध्यस्थकर्ता हुनुभएर त्यसका लागि गर्नुपर्ने सबै जिम्मेवारीहरू पूरा गर्नुभयो । सो जिम्मेवारी उहाँले पूर्णतः परमेश्वरको रूपमा वा सिद्ध मानिसको रूपमा नभएर परमेश्वर–मानिसको रूपमा पूरा गर्नुभयो । यसै अध्यायको सातौँ खण्डमा यस विषयमा विस्तृत चर्चा गरिएको हुनाले, हामी यसबारे त्यहीँबाट सिक्नेछौँ ।

३. पिताद्वारा ख्रीष्टलाई यस जिम्मेवारीमा नियुक्त गरिएको थियो । उहाँले सो जिम्मेवारी पिताबाट प्राप्त गरिएकै अख्तियारीमा बहन गर्नुभयो । यो कुरा निकै प्रस्ट र जोडदाररूपमा धर्मशास्त्रमा उल्लेख गरिएको छ । "कुनै मानिसले पनि आफै त्यो गौरवको स्थान लिन सक्दैन, तर जसलाई हारुनलाई झैँ परमेश्वरद्वारा बोलाइएको छ, उसलेमात्रै त्यो जिम्मेवारी बहन गर्न सक्दछ । त्यसका साथै ख्रीष्टले आफैलाई प्रधान पूजाहारीको स्थानमा महिमित तुल्याउनुभएन, तर उहाँलाई मल्किसेदेकै दर्जामा प्रधान पूजाहारी बन्न परमेश्वरद्वारा बोलाइएको थियो" (हिब्रू ५:४–१०) । ख्रीष्टले घरिघरि आफूलाई पिताले पठाउनुभएको हो भनि प्रस्ट गर्नुभयो । पिताले आदेश गर्नुभएको अनुसार उहाँले काम गर्नुहुन्थ्यो । उहाँले बोलेको "वचन" पनि उहाँको आफ्नो हुँदैनथ्यो, बरु ती सबै पिताले बोल्नुभएअनुसार उहाँ बोल्नुहुन्थ्यो । "म केही कुरा पनि आफ्नो तर्फबाट बोल्दिनँ, म जे सुन्छु, त्यहीअनुसार न्याय गर्छु र मैले गरेको न्याय ठिक हुन्छ, किनभने भने म आफूलाई इच्छा लागेको कुरा गर्दिनँ तर मलाई पठाउनुहुने मेरा पिताको इच्छा म पालन गर्दछु" (युहन्ना ५:३०) । "येशुले त्यस मानिसलाई जवाफ दिँदै भन्नुभयो, 'मेरो शिक्षा मेरो आफ्नो होइन तर मलाई पठाउनुहुनेको शिक्षा म सिकाउँछु" (युहन्ना ७:१६) । "यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने त तिमीहरूले आनन्द मनाउने थियौँ, किनभने म पिताकहाँ गइरहेको छु । किनभने मेरा पिता मभन्दा महान् हुनुहुन्छ" (युहन्ना १४:२८, ३१; १०:१८; १२:४९; ४:३४) ।

अनन्त वचन उही स्वभाव र पहिचानको कारण शक्ति र महिमामा पितासँग बराबर हुन् र तर परमेश्वर–मानिसले आफ्नो आधिकारिक जिम्मेवारी र सम्बन्धमा बराबर हुनुहुन्छ, तापनि उहाँले जसरी प्रस्तुत गर्नुभयो त्यस आधारमा भन्ने हो भने पुत्रले भन्नुभएअनुसार उहाँ पिताभन्दा केही हदसम्म तल हुनुहुन्छ, उहाँको काम पनि पिताले अह्राउनुभएअनुसार गरिएका हुन् । उहाँलाई ती काम गर्न पिताले सबै अधिकार प्रदान गरेर पठाउनुभएको थियो । उहाँले सोहीबमोजिम पिताको लागि काम गर्नुभयो, उहाँकहाँ फर्किजानुभयो र सबै कुरामा उहाँले पितासमक्ष आफ्ना कामको लेखा लिनुभयो ।

४. तथापि ख्रीष्ट आफै स्वतस्फूर्त भएर सो सेवामा संलग्न हुनुभयो भन्ने कुरा प्रस्ट छ: (१) किनभने, त्यसो नभएको भए उहाँ आफै पूर्णरूपमा परमेश्वर भएको

कारण त्यस्तो जिम्मेवारी अरू कसैले उहाँमाथि थोपरिदिन मिल्ने कुरा थिए, (२) किनभने, त्यसो नभएको भए उहाँले प्रधानपूजाहारीको रूपमा सम्पन्न गर्नुहुने सबै विधिहरूका लागि गर्ने आज्ञा पालन र कष्ट सहने कुरा सम्भव हुने थिएन; (३) किनभने, त्यसो नभएको भए, उहाँमा सम्पूर्ण व्यवस्था पूरा हुने कुरा आपत्तिजनक र व्यवस्था विपरीत हुने थियो; (४) किनभने, यो कुरा पहिल्यैदेखि धर्मशास्त्रमा प्रस्टै बताइसकेको हुनाले हामीले मान्नुपर्ने हुन्छ । उहाँ आफ्नो विषयमा भन्नुहुन्छ, "मेरो जिम्मेवारी कसैले पनि मबाट खोसेर लिन सक्दैन, बरु म आफैले नै मेरो जीवन सबैका लागि समर्पण गर्नेछु र आखिरमा मेरो जीवन फिर्ता लिने अधिकार मसँग छ" (युहन्ना १०:१८) । उहाँले आफूलाई मृत्युसम्मै स्वीकार गरेर बलिदान हुन दिने एकमात्र अभिप्राय भनेको उहाँले आफ्ना मानिसहरूलाई गर्नुभएको प्रेमकै कारणले हो । यो कुरा "सबै ज्ञानभन्दा माथि छ" अर्थात्, उहाँले किन यति ठुलो बलिदान गर्नुभयो भन्ने कुरा हाम्रा ज्ञानले बुझ्न पनि सक्दैन (गलाती २:२०; एफेसी ३:१९; ५:२) ।

५. ख्रीष्टले आफूलाई ज्यादै विनयी बनाएर मध्यस्थकर्ताले गर्नुपर्ने सबै जिम्मेवारी सम्पन्न गर्नुभयो, जसमा यी कुराहरू समावेश हुन्छन् :

१) स्वर्गमा हुनुहुने परमेश्वर छँदाछँदै उहाँले आफूलाई मानिसको रूपमा जन्मन स्वीकार गर्नुभयो र 'कमराको रूप' धारण गर्नुभयो । व्यक्तिगत सम्बन्धको कुरा आउँदा ईश्वरीय स्वभावको सिद्धतामाथि मानवीय प्रयत्नले केही कुरा पनि थप्न सकिँदैन भन्ने कुरा स्वतः प्रमाणित भैसकेको छ । अर्कोतिर यो काम परमेश्वरको स्वरूपमा हुनुभएका येशुको तर्फबाट समष्टिमा सम्पन्न भैसकेको कुरा हो । उहाँको तर्फबाट सधैँको लागि असीम र अनन्त कामले सम्पूर्ण विवेकशील प्राणी (मानवमात्र)ले आवश्यक लाभ पुऱ्याइसकेको छ । यसरी पनि उहाँको शरीरमा परमेश्वरत्त्वको सम्पूर्ण गुणहरू रहेको प्रस्ट हुन्छ । अनि त्यही गुण उहाँको शरीरको सीमिततामा प्रकट भयो । यस किसिमले मात्रै भौतिक तथा लौकिक कुराले भ्याउन नसक्ने परमेश्वरको अनन्त र असीमिति स्वभावलाई "देख्न र बुझ्न", "अनभव गर्न र उपयोग गर्न" सम्भव हुने थियो । हो, यसरीमात्रै उहाँको "परिपूर्णता" र "अनुग्रहमाथि थपिएको अनुग्रह"लाई हामी सबैले ग्रहण गर्न सम्भव भएको छ (युहन्ना १:१६, १८; १युहन्ना १:१) ।

२) उहाँलाई व्यवस्थाको अधीनमा रहने तुल्याइएको र कत्ति पनि नबिराइकन व्यवस्थाको पक्का आज्ञा पालन गर्नुभएको विषयमा जति थपेर चर्चा गरे पनि अपुग हुन्छ । व्यवस्थाले उहाँबाट खोजेको आज्ञा उहाँको के स्वभाव थियो भन्ने आधारमा होइन, बरु उहाँ एउटा व्यक्ति भएको नाताले ती विधिहरू पालन गर्नुपर्ने थियो । ख्रीष्टको व्यक्तित्त्व ईश्वरीय र अनन्त स्वभावको थियो । उहाँको व्यक्तित्त्वकै आधारमा भन्नुपर्दा उहाँ आफै व्यवस्थाको सर्जक र प्रभु हुनुहुन्थ्यो, सबै व्यवस्था उहाँ आफैले दिनुभएको थियो । तथापि उहाँले स्थापित गर्नुभएको सम्पूर्ण व्यवस्था उहाँ आफैले र उहाँले सृष्टि गरेको सारा ब्रम्हाण्डले अनिवार्यरूपमा पालन गर्नुपर्ने गरी तोकिएको थियो । त्यसकारण उहाँले व्यवस्था पालनमा तलमाथि गर्नुभएन । यसरी व्यवस्था उहाँमा सिद्ध तुल्याइयो, व्यवस्था उहाँमा सिद्ध तुल्याइएको होइन ।

तर हामीले अध्याय ७ को खण्ड – ४ मा चर्चा गरेझैँ, अनुग्रहको करारमा ठ्यक्कै भन्ने को भने आदमलाई कामको निम्ति दिइएको पुरानो करारका भङ्ग गरिएका सबै सर्तहरूको खातिर उहाँका चुनिएकाहरूको पक्षमा मध्यस्थकर्ता प्रभुले आफूलाई उभ्याउनुभयो । त्यस करारमा आज्ञा पालन नभएको वा आज्ञा उल्लङ्घन भएको खण्डमा दण्ड दिइने र करारका सबै सर्त (आज्ञा) हरू पालन गरेका आशिषित जीवन पाइने कुरा घोषणा गरिएको थियो । त्यसकारण “दोस्रो आदम”ले आफ्नो प्राण आहुति गर्नेसम्मको आज्ञा पालन गर्नुपर्ने भएको थियो, ताकि उहाँका मानिसहरूले प्रतिज्ञा गरिएको इनाम प्राप्त गर्न सकून् । त्यसैगरी उहाँले तिनीहरूले गरेका सबै पापहरूको क्षमादान सम्भव तुल्याउन तिनीहरूका कष्ट र दुःख आफ्नो शिरमा बोक्नुपर्ने थियो । हामीले स्वीकार गरेको शिक्षाले सिकाउँछ, ख्रीष्टले भोग्नुभएको कष्टद्वारा उहाँले हाम्रा खातिर परमेश्वरसित मिलाप गराउने अवसर पक्का गर्नुभयो । त्यो पहुँच बनाइदिन उहाँले सबैभन्दा ठुलो मूल्य चुकाउनुभयो र हामीलाई उहाँले स्वर्गको राज्यमा अनन्त कालसम्म रहिरहने उत्तराधिकार प्रदान गरिदिनुभयो (हेर्नुहोस्, अध्याय ८, खण्ड – ५) ।

यसरी ख्रीष्टलाई “व्यवस्थामुनि” ल्याइयो (गलाती ४:४–५) :

क. धार्मिकताको शासन स्थापित गर्नेजस्तोगरी त होइन, बरु आशिष्का सर्तहरूको रूपमा ख्रीष्टलाई व्यवस्थाको अधीनमा ल्याइयो । अर्थात् उहाँले

धार्मिकताको शासन गरिहाल्न होइन, बरु विश्वास गर्नेहरू सबैलाई आफूमा आशिष् (पूर्णता वा प्रशस्तताको जीवन) दिने सर्तहरू पूरा गर्ने उद्देश्यले उहाँले आफैलाई व्यवस्थाको अधीनमा ल्याउनुभयो ।

ख. उहाँले आफ्नो महिमाको खातिर गर्नुभएको होइन, बरु हामी सबैका सिद्ध प्रतिनिधि (प्रतिस्थापन) बनिदिनका लागि आफूलाई व्यवस्थामुनि राख्नुभयो ।

ग. उहाँले विनम्रता साथ गर्नुभएको आज्ञा पालनले उहाँ पूजाहारीगिरीको जिम्मेवारी पूरा गर्दै हुनुहुन्थ्यो भन्ने कुरामाथि जोड दिन्छ । हाम्रा अनाज्ञाकारिताको सट्टामा उहाँले सो गर्नुभयो । "एकजनाको आज्ञा पालनद्वारा सबैजना धर्मी ठहर्‍याइउन्" (रोमी ५:१९) ।

३) उहाँले जीवनमा भोग्नुभएका सबै कष्टहरूले हाम्रो विरूद्धमा खनिएको परमेश्वरको क्रोधतिर सङ्केत गर्छन् । अर्थात् उहाँले हाम्रो सट्टामा त्यत्ति बिघ्न कष्ट सहँदै मृत्यु वरण गर्नुभयो । यसर्थ ख्रीष्ट उहाँका मानिसहरूको प्रतिनिधि हुनुहुन्थ्यो । उहाँले भोगेका कष्ट र उहाँको आज्ञा पालन दुवैले उहाँको पूजाहारीले गर्ने कामको अपरिहार्य जिम्मेवारीलाई दर्साउँथ्यो । यसरी उहाँको जन्म भएकै क्षणदेखि उसो उहाँले गर्नुपर्ने सबै सर्तहरू उहाँले विधिअनुसार नै पूरा गर्नुभयो । उहाँले यस पृथ्वी गर्नुभएका सबैथोक र कामहरूको निचोड नै मानिसका सबै पापहरू क्षमा गरिदिन परमेश्वरको महापवित्र स्थानसामु अर्पूण गरिएको थुमाझैँ बलिदानका लागि आफैलाई सुम्पिदिनु हो — उहाँले त्यस कामलाई तलमाथि नगरिकन पूरा गर्नुभयो । आज्ञाकारिताको सवालमा उहिल्यैको कराररले तोकेका सर्तहरू आना मानिसहरूले पालन नगरेको परिणाममा तिनीहरूबाट अलग्ग गरिएका सबै आशिषहरू फिर्ता गराउन तिनीहरूको सट्टामा आफूलाई बलिदान हुन दिनुभयो । यी दुईओटा कुराहरू वास्तवमा अलग भएका थिएनन् । ती दुवै कष्टपूर्ण आज्ञाकारिताका प्रस्तुत गरिएको जीवनका दुईओटा भिन्न पक्षहरू मात्रै थिए । ख्रीष्टले व्यहोर्नुभएको कष्टपूर्ण बलिदान खासगरी उहाँका मानिसहरूमाथि खन्याइने "परमेश्वरको क्रोध" लाई विधिपूर्वक छलिदिने काम थियो । त्यस घटनामा "यस जीवनका क्लेश र कष्टहरू" संलग्न भएका थिए । यी सबै कुराहरूको पराकाष्टा भने "क्रुसमा भएको श्रापित मृत्यु" को परिदृश्य थियो (उत्पत्ति २:१७; हिब्रू ९:२२) ।

४) उहाँलाई चिहानमा गाडिएको र केही समयसम्म मृत्युकै शक्तिको अधीनमा राखिएको सम्बन्धमा पनि यहाँ चर्चा गर्नुपर्छ । हामीले सधैँजसो स्वीकार गर्दैआएको कथनलाई प्रेरितहरूको विश्वासको सार भनिन्छ, जसलाई प्रायः सबै मण्डलीहरूले मानिलिएका छन् । त्यसको अन्तिम वाक्यमा ख्रीष्टले धारण गर्नुभएको विनम्र रूपको चित्रण गर्दै भनिएको छ, "उहाँ मृतलोकमा (नरकमा) ओर्लिजानुभयो ।" उहाँ जानुभएको ठाउँ एउटा अदृश्य स्थान हो । हाम्रो स्वीकारोक्तिले यसैलाई सही ठहऱ्याउँछ । येशुलाई पहानमा खोपेर बनाइएको चिहानमा राखिएको अवधिमा उहाँको प्राण शरीरबाट अलग्ग भयो र अदृश्य आत्मिक जगतमा प्रवेश गऱ्यो ।

पियर्सनले लेखेको विश्वारको सार (पृष्ठ ३३३–३७१) जस्ता कतिले क्रुसमा ख्रीष्टको बलिदानी मृत्युलाई मृत्युको नियम पूरा गर्दै पापीको सट्टामा मर्नुभएको थियो भनेका छन् । त्यसघडी उहाँको प्राण केहीबेरका लागि त्यस ठाउँमा गयो, जहाँ तिनीहरू आफ्नो पापको कारण मृत्युपछि गएका थिए । तिनीहरूको दोस्रो मृत्यु हुनुभन्दाअघि उहाँले तिनीहरूका लागि अनन्त उद्धारको सुसमाचार त्यहाँ सुनाउनुभयो ।

यही कुरालाई लुथरन सम्प्रदायमा के भनेर सिकाइन्छ भने परमेश्वर–मानिस शैतान र त्यसका दूतहरूमाथि विजयको उत्सव मनाउँदै नरकमा जानुभयो र उहाँले आफ्नो सर्वत्र राज्यमाथि शासन पुनस्र्थापित गर्नुभयो । त्यहीबेला स्वर्गारोहणभन्दा अघि भएको पहिलो उत्कर्षको महिमा उहाँले लिनुभयो (कंकर्ड दोस्रो खण्डको अध्याय ९ बाट) ।

त्यसैगरी रोमन क्याथोलिकहरू सिकाउँछन् — ख्रीष्टको मृत शरीर चिहानमा लडिराखेको समयमा उहाँ स्वर्ग नजिकै रहेको हेडस् भनिने एउटा अदृश्य ठाउँमा जानुभयो, त्यसलाई उनीहरू "लिम्बस पाट्रन" भन्ने गर्छन्, जुन उनीहरूले परिकल्पना गरेको एउटा यस्तो ठाउँ हो, जहाँ पुरानो करारका मरिगएका विश्वासीहरूलाई भेला गरेर राखिएको थियो । ख्रीष्ट त्यहाँ तिनीहरूलाई सुसमाचार सुनाउन र तिनीहरूका लागि तयार गरिराखेको स्वर्गमा लग्नका लागि जानुभयो ।

६. उहाँले आनो मध्यस्थकर्ताको जिम्मेवारी सम्पन्न गर्नुभयो । उहाँले स्वर्गारोहण भएपछि पनि त्यही काम गरिरहनुभएको छ, जसमा यी कुराहरू समावेश हुन्छन् :

(१) मृत्युको तेस्रो दिनमा भएको पुनरूत्थानमा उहाँले यो काम गर्नुभयो । उहाँको पुनरूत्थानको तथ्य यी कुराहरूले पुष्टि गर्छन्ः (क) यस विषयमा अघिबाटै पुरानो करारमा अगमवाणी गरिएको थियो (तुलना गर्नुहोस्— भजन १६:१० र प्रेरित २:२४–३१) । (ख) ख्रीष्ट आफैले पनि यसबारे भविष्यवाणी गर्नुभयो (मत्ती २०:१८–१९; युहन्ना १०:१७–१८) । (ग) एघार प्रेरितहरूले पनि यसबारे प्रत्यक्ष साक्षी दिएका छन् (प्रेरित १:३) । (घ) पावलको अलग्गै गवाहीबाट यो पुष्टि हुन्छ (१कोरिन्थी १५:८; गलाती १:१२; प्रेरित ९:३–८) । (ङ) पाँच हजार जति विश्वासीहरूले उहाँलाई एकसाथ देखेका थिए (१कोरिन्थी १५:६) । (च) त्यही तथ्यमा आधारित भएर चेलाहरूले प्रदर्शन गरेका आश्चर्यकर्महरूले पनि उहाँको पुनरूत्थानलाई प्रमाणित गर्छन् (हिब्रू २:४) । (छ) पवित्रआत्माले दिनुहुने साक्षीले पुनरूत्थानलाई सत्य साबित गर्छ (प्रेरित १०:३२) । (ज) सबाथको दिनलाई हप्ताको सातौँ दिनबाट पहिलो दिन मात्र थालिएको सत्यले पनि पुनरूत्थानलाई पुष्टि गर्छ ।

यस तथ्यले पुष्टि गरेको सत्य नै हाम्रो विश्वासका लागि महत्त्वपूर्ण आधार बनेको छ — (क) येशुको पुनरूत्थानले पुरानो र नयाँ दुवै करारका अगमवाणी र प्रतिज्ञाहरूलाई भरपर्दो र सत्य साबित गरेको छ । (ख) यसले उहाँलाई परमेश्वर प भनि प्रमाणित गरेको छ, किनभने यसले नै उहाँले गरेका सबै दावीहरूलाई साँचो ठहऱ्याइदिएको छ । उहाँ आफ्नो शक्तिमा पुनरूत्थान हुनुभयो (युहन्ना २:१९; १०:१७) । (ग) उहाँले पितासँग हाम्रा निम्ति मध्यस्थ बिन्ती गरिदिने काम गर्नुहुन्छ भन्ने कुरा सर्बत्र स्वीकार गरिएको छ (रोमी ४:२५) । (घ) यसरी पितासमक्ष हाम्रो पक्षमा सुनुवाइ गराउनुहुने अभिकर्ता हामीसँग हुनुहुन्छ (१युहन्ना २:१; रोमी ८:३४) । (ङ) त्यसर्थ “यदि ख्रीष्ट जीवित हुनुहुन्छ भने हामी पनि जीवित रहने छौँ” (युहन्ना १४:१९; १पत्रुस १:३–५; १कोरिन्थी १५:२१–२२) । (च) उहाँको पुनरूत्थानले हामीलाई सुरक्षित राख्दछ (रोमी ८:११; १कोरिन्थी ६:१५; १५:४९; फिलिप्पी ३:२१; १युहन्ना ३:२) ।

(२) उहाँको स्वर्गारोहणमा के भयो त ? उहाँको पुनरूत्थान भएको ठिक ४० औँ दिनमा उहाँ स्वर्गतिर उचालिएर जानुभयो । त्यो घटना बेथानी नजिकै पर्ने जैतुन पहाडमा भएको थियो । त्यो घटना उहाँका एघारैँ जना चेलाहरूको सामुन्नेमा घटेको थियो र सम्भवतः त्यहाँ अरू पनि थुप्रै मानिसहरू थिए । उहाँ त्यसरी उचालिँदै गर्दा एउटा पराक्रमी र उहाँका सबै शत्रुहरूमाथि विजेताको रूपमा उचालिनुभयो । उहाँका मानिसहरूका लागि भने उहाँले त्यसैघडी आफूलाई उपहारस्वरूप तिनीहरूको मध्यस्थकर्ताको रूपमा दिनुभयो (एफेसी ४:८–१२) । उहाँले आफ्ना मानिसहरूको लागि तिनीहरूभन्दा अघि भएको आधारमा पनि मध्यस्थ बिन्ती गरिदिने काम गर्नुहुन्छ (युहन्ना १४:२–३; हिब्रू ६:२०) । यसरी उहाँले सारा ब्रम्हाण्डमाथि आफ्नो शक्ति र अपार महिमाको प्रत्यक्ष प्रदर्शन गरिदिनुभयो (एफेसी ४:१०) ।

(३) परमेश्वर पिताको दाहिने बाहुलीतिर उहाँ बस्नुभएकोले पनि उहाँको यो कामलाई पुष्टि गर्छ । उहाँले आफ्ना मानिसहरूको निम्ति अन्तरबिन्ती गर्दै तिनीहरूको पक्षमा राज्य गर्नुहुन्छ । हाम्रा मध्यस्थकर्ता पिताको दाहिने बाहुलीतिर बस्नुहुन्छ र सो जिम्मेवारी बहन गर्नुहुन्छ भन्ने कुरा धर्मशास्त्रमा धेरै ठाउँमा उल्लेख गरिएको छ, जस्तै — भजन १६:११; ११०:१; दानिएल ७:१३–१४; मत्ती २६:६४; मर्कुस १६:१९; युहन्ना ५:२२; रोमी ८:३४; एफेसी १:२०, २२; फिलिप्पी २:९–११; कलस्सी ३:१; हिब्रू १:३–४; २:९; १०:१२; १पत्रुस ३:२२; प्रकाश ५:६) । परमेश्वरको दाहिने हाततिर हुनु भन्नाले मध्यस्थताको अन्तरबिन्ती गरिदिने सही स्थानलाई जनाउँछ । यसले मध्यस्थकर्तालाई उच्च महिमा, आदर र सारा जगतमा दिइएका सबै नाउँहरूमाथिको प्रभुत्व राज्य उहाँमा छ भन्ने जनाउँछ । त्यसका साथै त्यो एउटा तोकिएको स्थान हो, किनभने अभिषिक्त ख्रीष्टको प्राण र शरीर त्यही तोकिएको स्थानमा हुनु नै पर्दथ्यो । त्यहीँ उहाँको महिमा अझ बढी प्रकट भयो र उहाँले आफ्नो अख्तियारको प्रयोग अझ बढी गर्नुहुन्छ । त्यहाँ खडा भएर उहाँ आफ्ना मानिसहरूको पक्षमा अन्तरबिन्ती गर्नुहुन्छ, “प्रधान पूजाहारी आफ्नो महिमासनमा हुनुहुन्छ” (जकरिया ६:१३) । त्यहाँबाट पवित्र आत्माद्वारा आफ्ना मानिसहरूको निम्ति हुनुपर्ने काम के हो, त्यसलाई आवश्यक परिणाम दिनुहुन्छ

अर्थात् उहाँले आफ्नो विनम्र स्वरूपमा हाम्रा निम्ति अघिबाटै हासिल गर्नुभएको अनन्त उद्धारलाई प्रभावकारी र परिणाममुखी बनाउनुहुन्छ ।

सबै मानिसहरूको पाप क्षमाको खातिर उहाँले 'आफ्नो रगत महापवित्र स्थानसामु प्रस्तुत गरेर' उहाँको करारलाई आत्मसात गर्नेहरूको पक्षमा उहाँ मध्यस्थ भई बिन्ती गर्नुहुन्छ (हिब्रू ९:१२, २४) । उहाँले त्यो करारमा तोकिएका सर्तहरू आफ्नो विनम्र आज्ञाकारिता र कष्ट भोगाइद्वारा पूरा गर्नुभयो (युहन्ना १७:९; लुका २२:३२; पढ्नुहोस् – युहन्ना १७, येशुको प्रार्थना) । यसरी उहाँले गर्नुहुने अन्तरबिन्ती जहिल्यै प्रभावशाली र सफल हुन्छ (युहन्ना ११:४२; भजन २१:२) ।

(४) अन्त्यको दिनमा संसारलाई त्यसका सबै कामहरूको न्याय गर्न उहाँ फेरि आउनुहुने तथ्यले पनि उहाँको यस कामलाई प्रमाणित गर्छ । अध्याय ३३ मा यसै शीर्षकमा हामी विस्तृत चर्चा गर्नेछौँ ।

**खण्ड – ५ प्रभु येशुले आफ्नो सिद्ध आज्ञाकारिता र आफैलाई बलिदान हुन दिनुभएको कामद्वारा पिताको न्यायलाई सही तुल्याउनुभयो । उहाँले अनन्त पवित्र आत्माको सहायताद्वारा आफूलाई पिताको महापवित्र स्थानसमक्ष बलिदान हुन दिनुभयो ।[202] त्यही बलिदानद्वारा उहाँले आफ्ना मानिसहरूलाई परमेश्वरसित मिलाप गराउने हैसियतमात्रै किन्नुभएको होइन, बरु तिनीहरू, जसजसलाई पिताले उहाँको हातमा सुम्पिनुभएको थियो, ती सबैलाई स्वर्ग राज्यका आधिकारिक भागीदार (उत्तराधिकारी) बनाउनुभयो ।[203]**

**खण्ड – ६ कार्य ख्रीष्टले मानव देह धारण गर्नुभए पछिमात्रै वास्तवमा छुटकारा दिलाउने सम्पन्न भएको हो । तापनि खासमा सबै युगका चुनिएकाहरूका लागि उद्धारमा डोऱ्याइने कुरा पहिलेदेखि नै बताइएको हो । संसारको आरम्भदेखि नै त्यसैमा सबैले अनुग्रहको लाभ प्राप्त गर्न सके । उद्धारको त्यही प्रतिज्ञाद्वारा सबै किसिमका बलिदानहरूमा उहाँ प्रकट**

[202] रोमी ५:१९; हिब्रु ९:१४, १६; १०:१४; एफिसी ५:२; रोमी ३:२५, २६ ।
[203] दानिएल ९:२४, २६; कलस्सी १:१९, २०; एफिसी १:११, १४; यहुन्ना १७:२; हिब्रु ९:१२ ।

**हुनुभयो र तिनैमा उहाँले आफूलाई स्त्रीको सन्तानका रूपमा महिमित तुल्याउनुभयो, जसले सर्पको शिर कुच्याउनुहुने थियो । यसरी संसारमा व्यवस्था दिइएको सुरुदेखि नै बलिदानमा चढाइएको थुमा आज र सदासर्वदै एकै हो ।[204]**

अध्याय ११, खण्ड – ३ सित तुलना गरौँ: "ख्रीष्टले आफ्नो आज्ञाकारिता र मृत्युद्वारा जोजति उहाँमा धर्मी तुल्याइनुपर्ने थियो, ती सबैका पापको ज्याला चुक्ता गरिदिनुभयो । यसरी तिनीहरूको पक्षमा उहाँले पिताले ठहऱ्याउनुभएको न्यायका लागि ठिक, सही र पूर्ण जिम्मेवारी बहन गर्नुभयो ।

यी खण्डहरूले ख्रीष्टले यस धर्तीमा चुनिएकाहरूको निम्ति सम्पन्न गर्नुभएको मध्यस्थकर्ताको जिम्मेवारीबारे सिकाउने छन् :

१. ख्रीष्टले जोजसको प्रतिनिधित्त्व गर्नुपर्ने हो ती सबैको पक्षमा व्यवस्था पूरा गरिदिनुभयोः (१) आफ्नो पूर्ण आज्ञाकारिताद्वारा; (२) उहाँ आफैले गरिदिनुभएभएको बलिदानद्वारा ।

२. ख्रीष्टले जोजसको प्रतिनिधित्त्व गर्नुहुने हो, ती सबैको पक्षमा ईश्वरीय न्यायका लागि तोकिएका सबै सर्तहरू पक्कासँग पूरा गर्नुभयो ।

३. अनन्त करारका सबै सर्तहरू अनुसार आफूले प्रतिनिधित्त्व गरेका मानिसहरूको पाप क्षमा र ईश्वरीय क्रोधलाई शान्त गराउने काममात्रै गर्नुभएन, बरु तिनीहरूलाई स्वर्गको राज्यका अनन्त उत्तराधिकारी पनि बनाउनुभयो ।

४. उहाँले सिद्धरूपमा आज्ञा पालन गर्दै आफूलाई बलिदान हुन दिनुभएको कुरा उहाँ मानव देहमा जन्मिएपछि मात्रै प्रस्ट गरिएको हो । तरै पनि पवित्र आत्माद्वारा चुनिएका हरेक मानिसहरू र तिनका सबै सन्ततिहरूका लागि पनि मुक्तिको यो लाभ प्रदान गरिएको कुरा पाउन सकिन्छ । तिनीहरूलाई विभिन्न प्रकारले सत्यको सही ज्ञान दिने काम पनि पवित्र आत्माले नै गर्नुहुन्छ ।

यी बुँदाहरूलाई यसप्रकार विस्तृतरूपमा वर्णन गर्न सकिन्छ :

---

[204] गलाती ४:४, ५; उत्पत्ति ३:१५; प्रकाश १३:८; हिब्रू ८:८ ।

१. ख्रीष्टले जोजसको प्रतिनिधित्त्व गर्नुभएको हो, ती सबैका लागि आफ्नो सिद्ध आज्ञा पालन र आफ्नो बलिदान दुवैद्वारा व्यवस्था पूरा गर्नुभयो । यो विषय माथि अध्याय ७ को खण्ड – ३ मा प्रस्ट गरिएको छ । सबै जसो मण्डलीहरूमा विश्वासको सार वाचन गर्दा यो सत्य सिकाउने गरिएको छ । यही कुरा लुथरन र सुधारवादी (रिफम्र्ड) मण्डलीहरूमा पनि सिकाउने गरिन्छ । हेडल्बर्गको प्रश्नोत्तरमालामा रिफम्र्ड मण्डलीको शिक्षामा सामान्यरूपमा सिकाइएको मुख्य विषय पनि यही हो । त्यसको ६० औँ प्रश्नमा यसो भनिएको छ, "परमेश्वरले मबाट केही लाभ लिने कुरै थिएन, उल्टै उहाँले आफ्नो अनुग्रहले मलाई भर्नुभयो, मलाई आफ्नो पूरा सन्तुष्टिमा मलाई समाहित हुने सुअवसर प्रदान गर्नुभयो र ख्रीष्टको पवित्रता ममा हालिदिनुभयो मानौँ ख्रीष्टले मेरो निम्ति पूरा गर्नुभएका सबै सर्तहरू म आफैले पूरा गरेको थिएँ ।"

कन्कर्ड भनिने लुथरन विश्वासको स्वीकारोक्तिले देखाएरको ढाँचाअनुसार, "ख्रीष्ट मानिसमात्रै नभएर परमेश्वर र मानिसको रूपमा अवच्छिन्न एकत्त्व हुनु भएको हुनाले उहाँ व्यवस्थाको अधीनमा हुनुहुन्नथ्यो, न ता उहाँ आज्ञा पालन र बलिदानी मृत्यु व्यहोर्नै नपर्ने हुनुहुन्थ्यो । किनभने उहाँ आफै व्यवस्थाका पनि प्रभु हुनुहुन्थ्यो । त्यही आधारमा उहाँको आज्ञाकारिता हामीमाथि सारिएको छ ताकि त्यही सम्पूर्ण आज्ञा पालनको कारण परमेश्वरले हाम्रा पापहरू क्षमादान गरिदिनु भएको होस् । यही कुरा ख्रीष्टले आफ्नो आज्ञा पालन र कष्ट भोगद्वारा आफ्नो जीवन र मृत्युमा हाम्रा खातिर उहाँले स्वर्गमा हुनुहुने पिता समक्ष सबै अर्पण गर्नुभयो । यही कामद्वारा उहाँले हामीलाई अबउसो असल व्यक्तिको रूपमा स्वीकार गर्नुहुन्छ र अनन्त उद्धारमा डोऱ्याउनुहुन्छ ।

२. यसरी ख्रीष्टमा जोडदार उत्साह थियो । उहाँले जोजसको प्रतिनिधित्त्व गरिदिनुहुने हो, तिनीहरूका निम्ति ईश्वरीय न्यायले तोकेका सबै मागहरू पूरा गरिदिनुभयो । हामीले अध्याय २, खण्ड –हरू १ र २ मा हेरेझैँ ईश्वरीय न्यायको आधारभूत न्यायिक सिद्धान्तले पापको लागि दण्ड हुनैपर्ने आग्रह राख्दछ । यसले चुनिएकाहरूलाई इनाम दिने काम हुनुभन्दा पहिल्यै सुरुको 'कामको करार'मा तोकिएका सबै सर्तहरू पनि यसले मान्दछ । त्यही कुरा पछि ख्रीष्टले आफ्नो आज्ञा पालनद्वारा सम्पन्न गर्नुभयो । अघिल्लो करार अनुसार उहाँ दुःखकष्ट र

सन्तापपूर्ण कष्ट भोग्दै मृत्यु वरण गर्नुहुन्छ । ख्रीष्टले पापीको प्रतिनिधि बनेर कष्ट भोग्नुभयो । हाम्रा सबै पापहरू उहाँको शिरमा हालियो । उहाँले हामीलाई व्यवस्थाको श्रापबाट समेत छुटकारा दिनुभयो । उहाँले हाम्रै खातिर आफैलाई श्रापित तुल्याउनका लागि यो काम गर्नुभयो । उहाँ धर्मी छँदाछँदै अधर्मीहरूका खातिर मरिदिनुभयो । पापको क्षमादान गराउने उहाँ नै हुनुहुन्छ । उहाँले धेरैको उद्धारको निम्ति आफूलाई बलि हुन दिनुभयो । हामीलाई "मोल तिरेर किनियो" (गलाती ३:१३; १पत्रुस ३:१८; १युहन्ना २:२; मत्ती २०:२८; १कोरिन्थी ६:२०) ।

आफ्नो मानवीय प्राण र शरीरमा एकपल्टमात्रै ख्रीष्टले कष्ट सहनुभयो । तथापि उहाँको व्यक्तित्त्व भने सर्वव्यापी हुनसक्ने महिमा तथा परमेश्वरका एकमात्र पुत्रको रूपमा दिइएको थियो । परिणामस्वरूप समष्टिमा उहाँले भोग्नुभएका कष्टहरू तिनको प्रकार र तह दुवैमा बुझ्न सकिने थियो । परमेश्वरको धार्मिकता र बुद्धि कति असीम र अपार छ  उहाँको शक्ति कति धेरै उत्साहपूर्ण र सटीक छ। ¤ वैधानिकरूपमा व्यवस्थाले न्यायिक ठहऱ्याएका सर्तहरू पालन गर्ने सवालमा सबैमा उक्तिकै लागु हुनेगरी उहाँले व्यवस्था पालन गर्नुभयो र जसका लागि दुःख भोग्नुपर्ने हो, तिनीहरूको सट्टामा अनन्त कष्ट उहाँले भोगिदिनुभयो । सम्पूर्ण ख्रीष्टिय मण्डलीको मूल सिद्धान्त नै यही हो । मण्डली अफ इङ्ल्याण्डको अभिलेखको ३९औँ धारामा यस्तो लेखिएको छ, "ख्रीष्टले चढाउनुभएको बलिदान सदाका एकैपटक अर्पण गरिएको थियो, त्यसले नै सारा संसारले गरेका सबै पापहरूको सट्टामा सिद्ध छुटकारा ल्याउन र व्यवस्थाले तोकिदिएका आज्ञाहरू सिद्धरूपमा पालन गर्न यथेष्ट थियो, उहाँको बलिदान नै वास्तविक र सही दुवै थियो ।"

टेन्ट काउन्सिलले तयार गरेको प्रश्नोत्तरमाला २.५, ६३ मा लेखिएको छ, "हाम्रा पापहरूको पूरै क्षमादान प्राप्त गर्नका लागि हामीले परमेश्वरसमक्ष जे कुरा सम्पन्न गर्नुपर्ने हो सो गर्नैपर्छ । तथापि उहाँले आफ्नो न्यायको मापदण्डमा कत्ति पनि तलमाथि नगरी तोकिएअनुसार गर्नु नै हुनेछ त्यसका लागि हामी केवल ख्रीष्टमा अत्यन्तै कृतज्ञ बनेका छौँ, जसले क्रुसमा हाम्रा पापको सबै दण्ड चुकाउनुभयो, त्यसैले परमेश्वरको न्यायिक मापदण्डका सबै सर्तहरू पूरा गऱ्यो र उहाँलाई शान्त बनायो ।"

३. अनन्त करारका सबै सर्तहरूमा तोकिएअनुसार उहाँले यसरी गरिदिनु भएर चुनिएकाहरूको पक्षमा प्रतिनिधित्त्व गर्दै पाप क्षमा गराउने र ईश्वरीय क्रोधलाई शान्त गराउने काममात्रै होइन, बरु स्वर्गको महिमित राज्यमा तिनीहरूलाई अनन्त उत्तराधिकारी पनि बनाउनुभयो । यस प्रकारले ख्रीष्टको कष्ट र उहाँको सक्रिय आज्ञाकारिताले तिनीहरूका पापको दण्डलाई खारेज गरिदियो । यो काम आदमसित बाँधिएको करारका सर्तहरू बमोजिम भयो, जुन काम ख्रीष्टले आफै गरिदिनुभयो । उहाँले तिनीहरूका निम्ति जीवनको अधिकार र आशिष् खरिद गर्नुभयो । अर्को कुरा, उहाँले अनन्त जीवनको यो ग्यारेण्टी ती सबैका लागि खरिद गरिदिनु भएको होइन, जसले उहाँको यस बलिदानलाई स्वीकार गर्दैनन् । तर जसले उहाँलाई स्वीकार गर्छन्, ती चुनिएकाहरूका लागि उहाँले आफ्नो बलिदानबाट खरिद गर्नुभएको क्षमादान र आशिष् सम्भव तुल्याउनु भएको हो भनि धर्मशास्त्रमा पुष्टि गरिएको छ । यहाँ समान्य प्रकारले बताउने गरिएको छ — ख्रीष्टको खातिर "धर्मपुत्र ग्रहण" र "अनन्त जीवन" विश्वास गर्ने मानिसहरूलाई सित्तैमा प्रदान गरिएको छ । त्यो खरिद गरिने सम्पत्तिको लागि पवित्र आत्माले बैनाको रूपमा छाप लगाइदिनुभएको छ (एफेसी १:११–१४; रोमी ८:१५–१७; गलाती १:४; ४:४–५; एफेसी ५:२५¬–२७; तितस ३:५–६; प्रकाश १:५–६; ५:९–१०) ।

त्यसकारण, यसले पुष्टि गर्छ : (१) ख्रीष्ट ती मानिसहरूका निम्ति उद्धार सम्भव तुल्याउन भनेर सहजै मरिदिनुभएको होइन, जस्तैः तिनीहरूका उद्धारको निम्ति वैधानिक बाधाहरू हटाइदिन, बरु पहिल्यैदखि तय गरिएको योजनाअनुसार वास्तवमै तिनीहरूको उद्धार सुरक्षित बनाइदिन र तिनीहरू आफैले कुनै रीतिले प्राप्त गर्न नसक्ने स्वर्गमा प्रवेश गर्ने हैसियत प्रदान गर्न उहाँले आफ्नो प्राण अर्पण गरिदिनुभएको हो । (२) यस तथ्यले पुष्टि गर्ने दोस्रो कुरा के हो भने, ख्रीष्टको बलिदानी कष्ट र मृत्यु पहिल्यै योजनाबद्ध र प्रभावकारी बनाइएको थियो र अनन्त उद्धार दिलाउने उद्देश्यमा पनि पहिल्यै व्यक्तिगत र असीमित तुल्याइएको थियो । उहाँले जसका खातिर आफ्नो प्राण आहुति दिएर उद्धार खरिद गर्नुभयो, ती सबैले सो पाउने नै छन् । परमेश्वरसित मिलापको सम्भावना वा सुअवसरमात्रै यसले बनाएको होइन, बरु मिलापको ग्यारेण्टी नै गरिदिएको छ । त्यसैगरी यसले

परमेश्वरसित मिलाप गराएको मात्रै होइन, बरु अनन्त उत्तराधिकारको निम्ति तिनीहरूका लागि सुनिश्चितरूपमा खरिद गरिदिएको छ । यसलाई निम्न बुँदाहरूले अझै प्रस्ट गर्छन्: (क) ख्रीष्टले जोजसका लागि छुटकारा खरिद गर्नुभयो, ती सबैका लागि उहाँले यो विषय सुनिश्चित र प्रभावकारीरूपमा लागु गर्नु नै हुनेछ (हेर्नुहोस्, खण्ड – ८) । त्यसैगरी, (ख) जोजसले उहाँको अनुग्रह र उत्तराधिकारलाई कदापि स्वीकार गर्दैनन्, तिनीहरूका लागि उहाँले यो उद्धारको अवसर वरदान खरिद गर्नुभएको होइन ।

४. ख्रीष्टले व्यवस्था पूरा गरिदिएर परमेश्वरलाई सन्तुष्ट तुल्याउनुभएको कुरा उहाँले मानव देह धारण गर्नुभएपछि मात्रै हो, तापनि चुनिएकाहरूको जीवनमा उद्धारको त्यो लाभ प्राप्त हुने प्रावधान भने पवित्र आत्माद्वारा सुरुदेखि नै तय गरिसकिएको थियो । पहिलेदेखि नै तिनीहरूलाई पनि यो सत्य जान्ने अवसर प्रदान गरिएको थियो । यो विषयको विस्तृत चर्चा अध्याय ७ को खण्ड – ५ र ६ मा गरिएको छ ।

**खण्ड – ७ मध्यस्थकर्ताको काममा ख्रीष्टले मानव र परमेश्वर दुवै स्वभावद्वारा काम गर्नुभएको हो, उहाँले जुनचाहिँ स्वभाव त्यस कामको लागि महत्त्वपूर्ण थियो, त्यही स्वभावमा काम गर्नुभयो ।[205] उहाँमा सामेल भएका दुई फरक व्यक्तित्त्वको एकीकृत उपस्थिति र एकत्त्वद्वारा उहाँले आफ्नो काम सम्पन्न गर्नुभयो । कुनचाहिँ स्वभाव त्यस अवस्थाका लागि उपयुक्त हुन्थ्यो भन्ने कुराको निर्धारण पवित्र आत्माले गर्नुहुन्थ्यो । धर्मशास्त्रमा कुनचाहिँ स्वभावले तत्काल काम गर्ने भन्ने प्रश्नको जवाफ अर्को स्वभावले के गर्दैछ भन्ने बुझ्नमा पाइन्छ ।[206]**

यस अध्यायको खण्ड – २ मा हामीले हेर्‍यौँ :

१. नासरतका येशु साँच्चिकैको मानिस हुनुहुन्थ्यो ।

२. उहाँ साँच्चिकैको परमेश्वर हुनुहुन्थ्यो ।

---

[205] हिब्रु ९:१४; १ पत्रुस ३:१८ ।

[206] प्रेरित २०:२८; यहुन्ना ३:१३; १ यहुन्ना ३:१६ ।

३. तथापि उहाँ एउटा सिगो व्यक्ति हुनुहुन्थ्यो ।

४ उहाँको व्यक्तित्त्व अनन्तको र ईश्वरीय थियो, उहाँको ईश्वरीय स्वभाव पुत्र परमेश्वरको अनन्तदेखि नै अस्तित्त्वमा रहिरहेको थियो ।

५. उहाँका दुवै स्वभावहरू एउटै व्यक्तिमा मौजुद थिए, तापनि उहाँका दुवै स्वभावहरू एउटा अर्कोमा बिलिन भएनन्, उहाँको ईश्वरत्त्व र मनुष्यत्त्वका बिचमा कुनै उल्झन र अलमल थिएन ।

यो खण्ड – निम्न कुराहरू बताउँदै अघि बढ्छ :

१. येशुले सम्पन्न गर्नुहुने मध्यस्थकर्ताको काममा दुवै स्वभावले आपसमा मिल्दो काममात्रै गरे । जुन काम गर्नु उचित हुन्थ्यो, हरेक स्वभावले त्यहीअनुसारको योगदान दिए ।

१) येशुको ईश्वरीय स्वभाव उहाँलाई अगमवक्ता भनि दिइएको श्रेयबाट प्रस्फुटन भएर आउँछ । अरू अगमवक्ताहरूले त उहाँकै ज्योतिलाई प्रतिविम्बित गर्ने हुन् । तिनीहरूले जे उहाँबाट प्राप्त गर्थे त्यसैलाई आफूद्वारा प्रस्फुटन हुन दिने काम तिनीहरूले गर्ने गर्थे । सबै किसिमका ईश्वरीय ज्ञानको स्रोत उहाँ नै हुनुहुन्छ । त्यसैबेला उहाँको मानवीय स्वभाव पनि त्यो स्वरूप हो, जसबाट उहाँमा ईश्वरत्त्व छ भन्ने कुरा प्रकट हुन्छ । उहाँको मानवीय शरीरले त्यो ईश्वरीय ज्योति प्रज्वलित गर्नमा पर्दा हाल्ने काम गरेको थियो । तरै पनि उहाँको मानव रूप धारण गर्ने कामद्वारा ईश्वरत्त्व झल्काउने काम पनि सहजरूपमा हुन सक्यो । त्यही शरीरद्वारा नै सबै ईश्वरीय तथा अगमवाणीजन्य शिक्षाहरू प्रदान गरिए ।

त्यसका अलावा ख्रीष्टको शरीरले मानवीय स्वभाव पनि प्रस्टतः प्रकट गरेको हुनुपर्थ्यो, ताकि उहाँको सम्पूर्ण व्यक्तिले "व्यवस्थाको अधीनमा रहेर काम गर्न सकेको होस् ।" यसरी यो विषय उहाँको पूजाहारीगिरीको जिम्मेवारीद्वारा त्यो कष्टको अनुभव सम्पन्न भयो । उहाँको बलिदानी आज्ञाकारिता र हाम्रो प्रतिनिधित्त्व गर्दै प्रधानपूजाहारीले हाम्रै पापमोचनका लागि गर्ने सबै पवित्रहरू उहाँले आफ्नो शरीरमा सम्पन्न गर्नुभयो र त्यही रूपमा उहाँले हाम्रो पक्षमा अन्तरबिन्तीका प्रार्थना गरिदिने स्थान ग्रहण गर्नुभयो । त्यही समयमा, उहाँको ईश्वरीय व्यक्तित्त्वको अति उच्च गरीमामा उक्त काम सम्पन्न गरियो, जसले आफ्नो

कर्तव्यभन्दा पनि बढता स्वेच्छासाथ काम गर्ने कुरालाई पुष्टि गरिदियो । उहाँको उच्च गरीमाका साथै बलिदानी कष्ट केहीबेरका लागि प्रबल बन्यो र उहाँको मानव स्वभावले भने हदैसम्मको कष्ट भोग्यो । यसरी उहाँले मानिसका पापको सट्टामा बलिदान हुनुपर्ने खाँचोको उचित सम्बोधन गर्नुभयो र चुनिएकाहरूको खातिर पापको दण्ड भुक्तान गरिसकेको पुष्टि हुनेगरी व्यवस्था पूरा गरिदिनुभयो । अबउसो चुनिएका मानिसहरूले भने अनन्तसम्मै व्यवस्थाबमोजिम न्यायिक सजाय व्यहोरिदिएर परमेश्वरलाई सन्तुष्ट पार्नुभयो । यसरी उहाँको ईश्वरीय र मानवीय स्वभावका क्रियाकलापहरू ज्यादै सुन्दर किसिमले घुलमिल भएका थिए, उहाँले राजाको रूपमा गर्नुहुने प्रशासनिक गतिविधिहरूमा पनि यी दुवै स्वभावबाट हुनआएका कामहरू आपसमा घुलिएका थिए । उहाँलाई दोस्रो मानिस तथा अन्तिम आदम, उद्धार पाएकाहरूको शिर, महिमित पुस्ता, विश्वासको घरानामा ज्येष्ठ हुनुभएकोले मानवीय हृदयबाट गरिने सबै काम उहाँले ईश्वरीय बुद्धिको शक्तिमा गर्नुभयो । उहाँले आफ्नो प्रेमको उद्देश्य पूरा गर्नका लागि सबैथोकलाई आपसमा काम गर्ने बनाउनुभयो ।

उहाँले सम्पन्न गर्ने सबै मध्यस्थताका कामहरूलाई मानव बन्नुहुने मानिस–परमेश्वरले गर्नुभएको हो भनि श्रेय दिनु उचित हुन्छ । उहाँको सम्पूर्ण महिमित व्यक्तित्त्वलाई सबै स्वर्गदूतहरू र सबै मानिसहरूले मानिलिनु (आज्ञा पालन गर्नु) र उहाँकै आराधना गर्नुपर्ने हुन जान्छ ।

२) एउटै व्यक्तिमा फरक दुई स्वभावहरू एकैसाथ रहेको हुनाले त्यस व्यक्तिका अधीनमा भएको कुनै पनि स्वभाव प्रकट हुनु सही नै हुन्छ, र कहिलेकाहिँ धर्मशास्त्रमा बताइएअनुसार अर्को स्वभावलाई दखल नदिइकन नै कुनै एउटा स्वभावले आफ्नो काम गर्नु सही नै हुन्छ । यसरी माथि खण्ड – २ मा बताइएझैँ धर्मशास्त्रमा प्रायजसो भनिएको छ, परमेश्वर आफैले उहाँको मण्डलीका लागि आफ्नो रगत बहाउनुभयो, अथवा मानिसको पुत्र स्वर्गबाट ओर्लिआउनुभयो । जबकि धर्मशास्त्रमा ख्रीष्टको मानव स्वभाव स्वर्गबाट ओर्लिआयो भनेर कतै पनि भनिएको छैन । अथवा धर्मशास्त्रमा उहाँको मण्डलीको खातिर ख्रीष्टको ईश्वरीय स्वभावले कष्ट सह्यो पनि भनिएको छैन ।

**खण्ड – ८ जोजसका लागि ख्रीष्टले उद्धार खरिद गरिदिनुभयो, उहाँले त्यही कुरा तिनीहरूलाई बताउनुहुन्छ र तिनीहरूका जीवनमा सोही कुरा लागु पनि गर्नुहुन्छ ।[207] त्यो काम उहाँले तिनीहरूकै पक्षमा अन्तरबिन्ती गरिदिएर[208] र तिनीहरूसमक्ष उद्धारको रहस्यका कुरा वचनमा वा वचनद्वारा प्रकट पनि गरिदिनुहुन्छ ।[209] उहाँले आफ्ना पवित्र आत्माद्वारा तिनीहरूलाई प्रभावकारी ढङ्गले विश्वास गर्न र पालन गर्न तयार बनाउनुहुन्छ । उहाँले आफ्नो वचनद्वारा तिनीहरूका हृदयमाथि अधिकार गर्दै शासन गर्नुहुन्छ ।[210] उहाँले आफ्नो सर्वशक्तिशाली आत्मा र बुद्धिद्वारा तिनीहरूका शत्रुहरूमाथि विजय हासिल गरिदिनुहुन्छ । परमेश्वरले यी कामहरू उहाँको अचम्मको र असीम रहस्यमय लाग्ने ईश्वरीय अरनखटनद्वारा गरिदिनुहुन्छ ।[211]**

यस खण्डले निम्न कुराहरू सिकाउँछ :

१. यो दृष्टान्तले जोजसका लागि उहाँले प्रतिनिधित्त्व गर्नुभएको हो ती सबैका लागि जीवनमा उद्धारलाई प्रभावकारी बनाउने काम गर्छ । यो विषयमा हामीले अध्याय ७ को खण्ड – ४ र यसै अध्यायको खण्ड – १ र ४ मा पहिल्यै गहन चर्चा गरिसकेका छौँ । ती खण्ड –हरूमा हामीले ख्रीष्टलाई हाम्रा शिर र करारका संरक्षक तथा मध्यस्थकर्ता राजाको रूपमा ख्रीष्ट पिता परमेश्वरको दाहिने बाहुलीतिर बस्नुभएको छ । पिताको दाहिने बाहुलीतर्फ बसेर उहाँले गर्ने अन्तरबिन्ती गरिदिने मध्यस्तकर्ता राजाको रूपमा हेरेका छौँ ।

२. उहाँले छुटकाराका लागि गर्नुहुने काम निम्न उपायहरूमध्ये हरेकको प्रयोगद्वारा थाल्नुहुनेछ — (१) व्यक्ति व्यक्तिका चासोमा उहाँले अन्तरबिन्ती गरिदिएर; (२) उहाँको वचनमा भएको उद्धारको रहस्य तिनीहरूमा प्रकट गरिदिएर; (३) तिनीहरूका हृदयमा पवित्र आत्माका कामहरूलाई प्रभावकारी

---

[207] यहुन्ना ६:३७, ३९; १०:१५ ।
[208] १ यहुन्ना २:१-२; रोमी ८:३४ ।
[209] यहुन्ना १५:१३, १५; एफिसी १:७-९; यहुन्ना १७:६ ।
[210] यहुन्ना १४:१६; हिब्रू १२:२; १ कोरिन्थी ४:१३; रोमी ८:९, १४; १५:१५, १९; यहुन्ना १७:१७ ।
[211] भजनसंग्रह ११०:१; १ कोरिन्थी १५:२५, २६; मलाकी ४:२, ३; कलस्सी २:१५ ।

तुल्याएर; (४) सबै प्रावधानका लागि आवश्यक कामहरू गरिदिएर । यी बुँदाहरूलाई राम्ररी बुझ्नका लागि धर्मशास्त्रमा प्रयोग भएका यी शब्दावलीहरूमाथि विचार गर्नुपर्ने हुन्छ, जस्तैः "पवित्र धर्मशास्त्र", "प्रावधान", "मानिससँग परमेश्वरको करार", "मध्यस्थकर्ता ख्रीष्ट", "प्रभावकारी वा परिणाममुखी बोलावट", "धर्मीकरण", आदि ।

३. ख्रीष्टले जोजसका लागि उद्धार खदि गर्नुभएको हो, तिनीहरूमा निश्चय नै छुटकाराको यो विषय प्रस्ट गरिदिनु हुनेछ । यही कुरा हामीले अध्याय ३ को खण्ड – ६ मा चर्चा गर्‍यौँ, जहा यसो भनिएको थियो, "जसै परमेश्वरले चुनिएकाहरूलाई महिमाको निम्ति नियुक्त गर्नुभएको छ, उहाँले आफ्नो उद्देश्य पूरा गर्ने अनन्त र अत्यन्तै स्वतन्त्र इच्छाद्वारा त्यसका लागि पहिलेबाटै सबै साधनहरूलाई अभिषेक गरिदिनुभयो । जहाँ आदममा पतन भैसकेका चुनिएका मानिसहरू ख्रीष्टमा बचाइन्छन्, त्यसबाहेक अरू कसैलाई पनि ख्रीष्टद्वारा उद्धार गरिने छैन केवल चुनिएकाहरू मात्रै । यो कुरा यहाँ प्रस्टसँग पुष्टि गरिएको छ — (१) परमेश्वर पिताको अनन्त उद्देश्य पूरा गर्न ख्रीष्टले आफूलाई क्रुसमा बलिदान हुन दिनुभयो र उहाँका चुनिएकाहरूका लागि अनन्त उद्धार सम्भव तुल्याइदिनुभयो । (२) चुनिएकाहरू बाहेक अरू कसैलाई पनि बचाउने उद्देश्यले ख्रीष्ट क्रुसमा मर्नुभएको होइन ।

यसै अध्यायको खण्ड – ५ मा यस्तो लेखिएको छ, "प्रभु येशु ख्रीष्टले आफ्नो बफादारीपूर्ण आज्ञाकारिता र आफूलाई बलिदान हुन दिएर तिनीहरूलाई परमेश्वरसित मिलाप गराउने अवसर हात पार्नुभएको मात्रै होइन, बरु स्वर्गको राज्यमा तिनीहरूलाई अनन्त उत्तराधिकारी बन्ने हैसियतसमेत खरिद गरिदिनुभयो, जोजसलाई पिताले उहाँमा दिनुभएको छ ।" यहाँ यी कुराहरू प्रस्टसँग सिकाइएको छ — (१) ख्रीष्टलाई क्रुसमा मर्न दिइने योजनाले सबै मानिसहरूका लागि उद्धार सम्भव बनाइदिएको मात्रै होइन, बरु पिताले जोजतिलाई उहाँको हातमा दिनुभएको तिनीहरूका निम्ति उहाँसित मिलाप गराउने काम सम्पन्न गरिदियो । (२) तिनै व्यक्तिहरूका लागि ख्रीष्टले अनन्त उद्धार खरिद गरिदिनुभयो र तिनीहरूलाई कहिल्यै नष्ट हुन नदिनेगरी सुरक्षित बनाउनुभयो र स्वर्गमा अनन्त उत्तराधिकार प्रदान गर्नुभयो । यस अध्यायको

खण्ड – ८ मा भनिएको छ, "ख्रीष्टले जोजसका लागि उद्धार खरिद गरिदिनुएको छ, उहाँले तिनीहरूमा परिणाममुखी उपयोग गराउने र प्रभावकारी रूपमा प्रयोग गर्न दिने साथै सञ्चार गरिदिने कुरा तय भैसकेको छ (बृहत् प्रश्नोत्तरमाला, प्रश्न ५९) । अहिले पनि हामी त्यही कुरा भनिरहेका छौँ, जतिबेला यो बृहत् प्रश्नोत्तरमाला, त्यहाँ भनिएको छ, "छुटकाराको विषय तिनीहरूमा प्रस्टतः प्रयोग गरिएको र त्यसबारे बताइएको छ, जोजसका निम्ति ख्रीष्ट सो खरिद गर्नुभएको छ ।" जतिबेला यो विश्वासको स्वीकारोक्ति लेखियो, "छुटकारा खरिद गर्ने" भन्ने वाक्यांशको प्रयोग यस अर्थमा भएको थियो, जसलाई प्रस्ट गर्न हामी अहिले "पापको मूल्य चुकाउन बलिदान गर्नु" भन्ने शब्दावलीको प्रयोग गरिएको छ ।

यही कुराको प्रयोग बक्स्टरले आफ्नो पुस्तकमा गरेका छन्, "ख्रीष्ट येशु प्रभुद्वारा मानिसका लागि विश्वव्यापी उद्धार खरिद गरियो । त्यसैगरी डा. इसाक बारोले आफ्नो उपदेशको शीर्षक यस्तो राखेका छन्, "उद्धारको विश्वव्यापी सिद्धान्तबारे थप चर्चा र बयान ।" त्यसैगरी डा. हेनरी बी. स्मिथले उनले लेखेको भक्ति पाठ गर्ने पुस्तकमा यही कुरा लेखेका थिए (खण्ड २, पृष्ठ ३५६ र ३५७) । त्यहाँ उल्लेख गरिएको कुरा यही अर्थमा मिल्न आउँछ ।

हामीले स्वीकार गरेकै स्तरअनुसार यस विषयमा प्रकाश पार्न खोजिएको समग्र सत्यलाई सारांशमा निम्न प्रस्ताव वा विचारहरूमा अझै प्रस्ट गर्न सकिन्छ:

१) परमेश्वर प्रारम्भदेखि नै सक्रिय भएर काम गरिरहनुभएको छ । उहाँका सबै काममा सर्वत्र अपरिवर्तनीय तथा सहजै बुझ्न सकिने योजना प्रस्टै देखिन्छ । अत्यन्तै असीम बुद्धि र शक्ति उहाँमा भएको हुनाले उहाँले तय गर्नुभएको योजना सहजै पूर्णरूपमा कार्यान्वयन भयो । उहाँका कामहरू पनि विभिन्न घटनाहरूमा प्रस्ट हुनेगरी प्रकट हुँदै आए । त्यसकारण परमेश्वरले त्यस योजनालाई ख्रीष्टको बलिदानी अस्वीकार तथा कष्ट र आज्ञाकारिताद्वारा पूर्णता दिनुभयो । उहाँले गर्नुहुने कामलाई छोटकरीमा यति नै भन्न सकिन्छ, यसभन्दा बढी वा कम भनिरहनुपर्दैन ।

२) ख्रीष्टले व्यवस्थाका सबै विधिहरूलाई वैधानिकरूपमै पूरा गरिदिनुभएको कुरा सृष्टिमा हुन आउने सबै मानिसहरूका लागि पर्याप्त भयो ।

३) यो कुरा ठ्यक्कै वैधानिक (कानुनी) आधारमा ग्रहण गरियो, त्यो कुरा एउटा मानिसमा लागु भएझैँ बाँकी सबैमा पनि उत्तिकै लागु भयो ।

४) यसरी जसलाई परमेश्वरले बचाउने इच्छा गर्नुहुन्छ, त्यसलाई उद्धार दिनबाट रोक्ने सबै वैधानिक वा कानुनी बाधाहरूलाई पन्छाइयो ।

५) जोजसकहाँ सुसमाचार आइपुग्छ, तिनीहरूका लागि सित्तैमा र अधिकारयुक्त किसिमले असल विश्वासमा उद्धार प्रदान गरिन्छ ।

६) यसरी यो विषयलाई निम्न कुराहरूले अझै प्रष्ट्याउँछन् — (१) सुसमाचार ग्रहण गर्ने जोसुकैलाई आधिकारिक सम्पत्तिको रूपमा यो छुटकारा प्रदान गरिन्छ; (२) सुसमाचार सुन्ने हरेक मानिसका लागि छुटकारा लागिपरी (राजीखुशीसाथ) दिइएको छ, जसले "सुन्छ" भन्ने सर्तअनुसार अनन्त छुटकाराको अवसर हरेकका लागि उपलब्ध गराइएको छ ।

७) तर सबै मानिसहरू आ–आफ्ना पाप र अपराधमा मरेका हुनाले पवित्र आत्माले प्रभावकारी रूपमा जसमा यो ज्ञान वा प्रकाश लागु गरिदिनुहुन्छ, तिनीहरूले बाहेक अरू कसैले पनि उद्धारको अनुग्रहलाई ग्रहण गर्न सक्दैन ।

८) पिता र पुत्रले जसलाई उद्धारमा बोलाउन भनेर चुन्नुहुन्छ, तिनीहरूको जीवनमा मात्रै यो उद्धारले काम गर्छ ।

९) परमेश्वरका सबै उद्देश्यहरू अनन्त र कसैले चूप लगाउन नसकिने भएको हुँदा पिता र पुत्र परमेश्वरले जसको जीवनमा उद्धार हालिदिने योजना बनाउनुभएको छ, तिनीहरूका लागि ख्रीष्ट क्रुसमा टाँगिनुहुन्छ र सो सत्य स्वीकार गरेर उहाँलाई ग्रहण गर्नेहरूका लागि पहिल्यै तय गरेअनुसार उहाँले प्रदान गर्नुहुने उद्धार तिनीहरूले प्राप्त गर्न सक्नेछन् ।

१०) यसरी यो विषयलाई निम्न कुराहरूले अझै प्रष्ट्याउँछन् — (१) चुनिएका मानिसहरूको जीवनमा अनन्त उद्धार ल्याउनका लागि ख्रीष्ट मर्नुभयो; (२) उहाँले आफूलाई प्रायश्चितको बलिदानका रूपमा अर्पण गर्नुहुने कुरा अघिबाटै तय गरिएको थियो र त्यो काम खासगरी चुनिएका मानिसहरूका लागि उहाँले मुक्ति सम्भव तुल्याइदिनु हुन्छ, त्यसबाहेक अरूका लागि होइन; (३) उहाँले जोजसका लागि भनेर विधिअनुसार आफूलाई बलिदान हुन दिनुभयो, तिनीहरूले मात्रै उहाँमा यो अनन्त उद्धार प्राप्त गर्न सक्नेछन् । उहाँले तिनीहरूका लागि सहजै

उद्धार उपलब्ध गराउनु भएको मात्रै होइन, बरु तिनीहरूबाट अलग्याउन नमिल्ने विश्वास र पश्चातापद्वारा तिनीहरूका लागि वास्तविक मिलाप तथा धर्मपुत्रको रूपमा ग्रहण गरिने सुअवसर समेत खरिद गरिदिनुभयो; (४) तोकिएको समयमा उहाँले वास्तवमै प्रभावकारी र सुनिश्चित रूपमा तिनीहरूका लागि यो आशिष् उपलब्ध गराउनुभयो ।

## प्रश्नहरू

१. पहिलो खण्डमा पुनः प्रमाणित गरी सिकाइएको पहिलो धारणा वा विचार के हो ?
२. यसअघि सिकाइएको दोस्रो सत्यता के हो नि त ?
३. यस खण्डमा सिकाइएको अर्को थप उदाहरण के हो ?
४. यहाँ सिकाइएको दोस्रो विचारचाहिँ के हो नि त ?
५. तेस्रो शिक्षाचाहिँ के हो त ?
६. मध्यस्थकर्ता भनेको के हो ? अनि यो कुरालाई धेरथोर उपहारका रूपमा राखेर येशु ख्रीष्टमा
लागु गर्नु हो भने के फाइदा होला ?
७. एउटा मध्यस्थकर्ताले गरेजस्तै परमेश्वरसँग यसले के कति काम आफै गर्नुहुन्छ ?
८. त्यस्तै मानिससँग यसले के सरोकार राख्दछ ?
९. मध्यस्थकर्ताले निर्वाह गर्नुपर्ने जिम्मेवारी स्वीकार गर्दैगर्दा केकति कामहरू अपरिहार्य हुने
रहेछन् ?
१०. यी कार्यहरूले एकअर्काका लागि कस्तो सम्बन्ध कायम राख्छन् ?
११. अगमवक्ता भनेको के हो, र अगमवक्ताको रूपमा ख्रीष्टका गुणहरू के के हुन् ?
१२. उहाँले अगमवक्ताको जिम्मेवारीमा के कस्ता कामहरू गर्नुभयो त ?
१३. तपाईंले दिएको जवाफलाई सही साबित गर्नुहोस् ।

१४. एउटा पूजाहारीमा हुनुपर्ने मुख्य गुणहरू के के हुन् ?
१५. येशुले कसरी प्रधानपूजाहारीको काम सम्पन्न गर्नुभयो ?
१६. येशु नै साँचो पूजाहारी हुनुहुन्थ्यो भन्ने कुरा पुष्टि गर्नुहोस् ।
१७. उहाँको पूजाहारीगिरी के के आधारमा हारुनको भन्दा उच्च थियो ?
१८. उहाँ कुन अर्थमा मल्किसेदेककै दर्जाको पूजाहारी हुनुहुन्थ्यो ?
१९. येशुले कसरी राजाको जिम्मेवारी सम्हाल्नुहुन्छ ?
२०. स्वयम् परमेश्वरको रूपमा उहाँसँग भएको अख्तियारभन्दा उहाँले गर्नुहुने मध्यस्थकर्ता–राजाको सार्वभौम जिम्मेवारी कसरी फरक देखिन्छ ?
२१. उहाँ अहिले पनि सारा ब्रम्हाण्डभरि मध्यस्थकर्ताको अधिकार आफूमा राख्नुहुन्छ र सोही
अधिकारअनुसार अभ्यास पनि गर्नुहुन्छ भन्ने कुरा पुष्टि गर्नुहोस् ।
२२. तेस्रो खण्ड –को खास विषय के हो ?
२३. यहाँ प्रस्तुत गरिएको विचारले के कुरा सिकाउँछ ?
२४. यहाँ सिकाइएको दोस्रो विचारचाहिँ के हो त ?
२५. तेस्रो विचार के हो ?
२६. चौथो विचार के हो ?
२७. पाँचौँ विचार के हो ?
२८. छैठौँ विचार के हो ?
२९. नाइसिन विश्वासको सारमा यो कुरा कसरी उल्लेख भएको छ ?
३०. यही कुरा अथेन्सको विश्वासको सारमा कसरी उल्लेख भएको छ ?
३१. येशु साँचो मानिस हुनुहुन्थ्यो भन्ने कुरा पुष्टि गर्नुहोस् ।
३२. उहाँ आफ्नो आमाबाट भौतिक शरीरमा नै जन्मिनुभएको थियो भनि प्रस्ट गर्नुहोस् ।
३३. उहाँ सम्पूर्ण रीतिले पापरहित हुनुहुन्थ्यो भनि पुष्टि गर्नुहोस् ।
३४. उहाँ एउटा सिङ्गो व्यक्ति हुनुहुन्थ्यो भनि पुष्टि गर्नुहोस् ।
३५. धर्मशास्त्रले येशुमा कसरी मानवीय र ईश्वरीय नामहरू (गुणहरू) को प्रयोग गरेको छ ?
३६. येशुको व्यक्तित्त्व ईश्वरीय थियो कि मानवीय ?

३७. उहाँको व्यक्तित्त्व ईश्वरीय र अनन्तको हो भनि पुष्टि गर्नुहोस् ।
३८. उहाँको व्यक्तित्त्वको कुन सम्बन्धले उहाँको मानवीय स्वभाव पुष्टि गर्छ ?
३९. येशुको एउटै व्यक्तिमा भएका दुई भिन्न स्वभावहरूको विषयमा झूटो शिक्षा प्रचार
गर्नेहरूले कस्ता फरक कुराहरू सिकाएका छन् ?
४०.उहाँका दुई स्वभावहरू जहिल्यै एकापसमा घुलमिल नहुने र नबदलिने किसिमका छन्
भनि पुष्टि गर्नुहोस् ।
४१. तेस्रो र चौथो खण्डमा सिकाएको पहिलो विचार के हो ?
४२. यहाँ सिकाइएको दोस्रो विचार के हो ?
४३. तेस्रो विचार के हो ?
४४. चौथो विचार के हो नि त ?
४५. पाँचौँ विचार के हो ?
४६. यहाँ सिकाइएको छैठौँ विचार के हो ?
४७. त्रीएकत्त्वको सन्दर्भमा येशुको मानवीय स्वभावले के असर पारेको थियो ?
४८. येशुले गर्नुहुने मध्यस्थता परमेश्वरको रूपमा थियो कि मानिसको रूपमा ?
४९. उहाँको त्यस जिम्मेवारीमा कसले नियुक्ति दियो र कुन अख्तियारले उहाँले त्यो जिम्मेवारी
सम्पन्न गर्नुभयो ?
५०. के अर्थमा ख्रीष्टले पिताको अधीनमा रहेर काम गर्नुभयो ?
५१. ख्रीष्टले स्वेच्छापूर्वक आफ्नो जिम्मेवारी ग्रहण गर्नुभयो भनि पुष्टि गर्नुहोस् ।
५२.मध्यस्थकर्ताका जिम्मेवारी निर्वाह गर्दा ख्रीष्टले कुन दुईओटा फरक काम गर्नुभयो ?
५३. उहाँको जन्मलाई किन विनम्रताको रूपमा लिइएको होला ?

५४. के अर्थमा उहाँलाई व्यवस्थाको अधीनमा राखियो ? अनि उहाँले कुन अर्थमा सिद्ध
आज्ञाकारिता प्रदर्शन गर्नुभयो ?

५५. उहाँले जीवनमा भोग्नुपर्ने दुःखकष्टको योजना के–कसरी तय गरिएको थियो, जसमा
परमेश्वरको क्रोध र क्रुसमा उहाँको श्रापित मृत्यु उहाँले व्यहोर्नुपर्नेछ भनि तोएिको थियो ?
अनि त्यस योजनाको महत्त्व के हो ?

५६. उहाँ "नरकमा ओर्लिजानुभयो" भन्ने वाक्यांशको विषयमा गरिएका फरक व्याख्याहरू के
के हुन् ?

५७. सो विषयमा यस पुस्तकमा गरिएको व्याख्या के हो ?

५८. ख्रीष्टको पुनरूत्थानको तथ्य कसरी पुष्टि हुन्छ ?

५९. यो तथ्यलाई आधारभूत महत्त्वको किन मानिएको हो ?

६०. उहाँ कहिले, कसरी र के उद्देश्यले स्वर्गमा उठाइनुभयो ?

६१. उहाँ "पिताको दाहिने बाहुलीतर्फ बस्नुभएको छ" भन्नुको के अर्थ हुन्छ ?

६२. उहाँले कुन महान् उद्देश्य पूरा गर्नका लागि आफ्नो अधिकार लिनुभयो र त्यस अधिकारमा
काम गर्नुभयो ?

६३. उहाँ कसरी, किन, कसका लागि र कस्तो प्रभावकारी भूमिकामा अन्तरबिन्ती गरिदिनुहुन्छ
?

६४. खण्ड – ५ र ६ मा सिकाएको पहिलो विचार के हो ?

६५. यहाँ सिकाइएको दोस्रो विचार के हो ?

६६. तेस्रो विचार के हो ?

६७. चौथो विचार के हो नि त ?

६८. ख्रीष्टले हाम्रो खातिर व्यवस्था पूरा गरिदिने काम कुन दुई तरीकाले गरिदिनुभएको छ ?

६९. हेडेल्बर्गको प्रश्नोत्तरमाला र कंकोर्डको ढाँचामा यो सत्य कसरी उल्लेख गरिएको छ ?

७०. ख्रीष्टले आफ्नो विधिपूर्ण कामद्वारा परमेश्वरले तोक्नुभएको न्यायिक मापदण्ड पूरा गर्नुभयो
भनि पुष्टि गर्नुहोस् ।

# अध्याय ९
# (CHAPTER IX)
# स्वतन्त्र इच्छा
# (OF FREE WILL)

**खण्ड – १ एक प्रकारले प्राकृतिक स्वतन्त्रताका आधारमा परमेश्वरले मानिसका स्वतन्त्र इच्छाहरू सहन गर्नुहुन्छ । हुन त मानिसका इच्छा निर्माण गर्नमा प्रकृतिको खासै भूमिका हुँदैन, त्यसले न ता जोडबल लगाउँछ न कुनै कुराले बाध्य बनाउँछ । के कुरा असल कि खराब छ भनेर छान्न मानिसलाई कुनै पनि कुराले बाध्य बनाउन सक्दैन, परमेश्वरले पनि उसलाई बाध्य बनाउनु हुँदैन ।**[212]

यस खण्डले के कुरा सिकाउँछ भने हाम्रो चेतना र प्रकाशको लागि ज्यादै आधारभूत सत्य हो, जसले सम्भव भएसम्म मानिस सृष्टिको एउटा सत्य हो, उसमा आत्मनिर्णयको अविच्छिन्न चेतना आफूमा पाएको छ र के काम गर्ने वा नगर्ने भन्ने निर्णय लिने सामर्थ्य आफूमा राख्दछ अथवा उसले कुन समयमा कुन काम गर्नु वा नगर्नु सही हुन्छ भन्ने निक्र्योल गर्ने अधिकार आफूमा राखेको हुन्छ कुन काम गर्नु वा नगर्नु सही हुन्छ भन्ने निक्र्यौल गर्ने अधिकार आफूमा राखेको हुन्छ । उसले आफ्नो लागि एउटा नैतिक निर्देशन प्रवाह गर्छ, त्यसैद्वारा उसले आफ्नो लागि कुनै पनि समस्या, चाहना र परिस्थितिमा आवश्यक निर्णय लिन्छ । यस विषयमा सम्भवतः तीनओटा तात्विक भिन्नताहरू छन्:

१. बाहिरी परिस्थिति वा समयले सिर्जना गरेका खास अवस्थाहरूले मानिसलाई कुनै पनि काम गर्ने निर्णय लिन उक्साउँछन् । यस सवालमा निकै गरिएको 'आवश्यकताको नियम' भन्ने सिद्धान्तले पनि काम गर्दछ, जसले सबै किसिमका भौतिक तथा वस्तुगत पक्षहरूमाथि प्रभाव पार्दछ ।

---

212 मत्ती १७:१२; याकुब १:१४; व्यवस्था ३०:१९ ।

२. यसले आर्मेनियन र अरू पनि विचारहरूलाई प्रभाव पार्छ, जसले मानिसमा हुने इच्छा अथवा उसमा भएको विद्रोही स्वभाव के हो भन्ने कुरामा जोड दिन्छ । त्यसले आफै आत्मनिर्णय गर्न सक्ने रहस्यमय क्षमता राख्दछ । उसको समझले के कुरा सही हो भनेर निर्धारण गरेको छ वा उसको हृदयमा केकस्तो लगाव र चाहना छ भन्ने कुराको ख्याल नराखी न्याय गर्छ । यसरी यसले मानिसको प्राणको सम्पूर्ण अवस्थाको असल वा खराब बन्न प्रेरित गर्छ ।

३. यस खण्डमा जे कुरा सिकाइएको भए तापनि मानिसको प्राणको सवालमा त्यसका सबै कुराहरूलाई समेट्नुपर्दा उसले गर्ने सबै निर्णयहरू, जस्तै प्राणले हरेक सवालमा एउटा निर्णय लिन्छ र समग्रमा आफूलाई खुशी बनाउने कुराहरू अपनाउने निर्णय उसले गर्नसक्छ । त्यसकारण यस विषयमा सबैभन्दा पहिले भनिएका कुराहरू सबै सही हुन् भनेर पुष्टि गर्दछन्, जस्तैः

१) मानिसले चेतनाको विश्वव्यापी अवस्थाबाट तिनीहरूका आफ्नो कामहरूप्रति ख्याल गर्दै अरू मानिसहरूले गर्ने कामहरूको पनि उचित मूल्यांकन गर्नुपर्ने कुरा सिक्न सकिन्छ । हामीलाई थाहा छ,  बाहिरी प्रभावको ख्याल नराखी हाम्रो आफ्नो काम कस्तो हुने भन्ने निर्णय गर्ने क्षमता हामीसँग छ । लागिपरी छनौट गर्ने हरेक सवालमा हामीले चाहेको वा गर्नुपर्ने भन्दा विपरीत छनौँट गरेको भए पनि सो हामीलाई थाहा हुन्छ, त्यसो हुँदा पनि सबैखाले बाहिरी प्रभावहरू हाम्रो निम्ति जहाँको त्यही नै हुन्छन् — ती बदलिँदैनन् । हामीले देखेका छौँ, भौतिक वस्तुहरूले त्यतिबेला मात्रै काम गर्छन् जब तिनलाई कसैले चलाउँछ । त्यही कुरो हामी पनि लागु हुने होइन । अर्कोतिर, हामी आफैलाई झैँ हाम्रा मानिसहरूलाई हेर्छौं, उनीहरू आफै नै अग्रसर भएर काम गरिरहेका हुन्छन् । उनीहरू एउटै परिवेशमा पनि आफूले चाहेअनुसारको काम गरिरहेका हुन्छन् । त्यो काम असल वा खराब जे भए पनि त्यसको जिम्मेवारी उनीहरूकै हो । सोहीअनुसारको परिणाम उनीहरूले भोग्ने नै छन्, अर्को कुनै बाहाना रहँदैन । हामीसँग सम्बन्ध राख्ने कुराहरू र हामीले सामना गरिराखेको अवस्थाले हाम्रा निर्णयमा असर पार्छन् । वास्तवमा परिस्थिति भनेकै हाम्रा सम्बन्ध र हाम्रो अवस्थाको समष्टि रूप हो । यसैले हाम्रा काम गर्ने तौरतरिकालाई नियन्त्रण गर्दछ ।

२) मानिस उसको आफ्नो विवेकद्वारा र उसले जे काम गरेको छ सोका लागि परमेश्वरद्वारा उसलाई जिम्मेवार ठहऱ्याइन्छ भन्ने कुरा साँचो हो । तर उसले जस्तोसुकै परिस्थितिमा गरेको भए पनि "अवस्था त्यस्तै थियो र मैले गरेँ" भनेर उसले उम्किन पाउने छैन । कतिले परिस्थितिको प्रभावमा काम गरिरहेका हुन्छन् र उनीहरूको काम आफ्नो इच्छाद्वारा छनौँट गरिएको नहुन सक्छ, तापनि उसले परिस्थितिलाई दोष्याएर उम्किन पाउने छैन । यस विषयमा अर्को विचार के हो भने, कुनै मानिसले आफ्नो निक्र्यौल निर्णय बिनै कुनै पनि कुराको छनौट गर्न सक्छ भन्ने कुरा साँचो होइन । त्यसैगरी तेस्रो दृष्टिकोणले भन्छ, मानिसले आफूमा निहित रहेको छनौट गर्नसक्ने क्षमताकै आधारमा सही र असल भनि छनौट गरेअनुसार निर्णय लिन सक्दछ भन्ने कुराचाहिँ साँचो हो । यो कुरा निम्न बुँदाहरूमा प्रमाणित गरिएको छ:

(१) यदि हामी आफूले जानीजानी गर्ने छनौटहरूमा हामी सचेत हुनुपर्छ भनि विचार पुऱ्याउँछौँ भने ता हामीले गलत कुराको छनौट नै गर्ने थिएनौँ । त्यसो भैहाल्यो भने हामीलाई लाग्छ, हाम्रो छनौट "अर्कै" भैदिने हो भने सबै बाहिरी सर्तहरू पनि एउटै हुन आउने छन् । हामीले सधैँ विचार गर्ने गरेको कुरा के हो भने हाम्रो त्यो छनौट हामीमा भएका अन्य कुराहरूको निष्कर्ष हो, जस्तैः हाम्रो भावना वा अनुभति, र त्यही समयमा हामीमा भएको झुकाब । एउटा व्यक्ति आफूले चाहेको कुराको छनौट गर्न स्वतन्त्र छ । उसले स्वतन्त्र भएर छनौट गर्दैन र अन्यथा गर्दैछ । तर उसको चाहना र सेवा गर्ने स्थान दुवै कुराहरू त्यसबेला उसमा भएको भावनात्मक विचार तथा सम्पूर्ण बौद्धिक क्षमताको आधारमा तय हुन्छन् ।

(२) सबै किसिमका कारण र हृदयको चाहनामाथि जोड दिने दृष्टिकोणहरूका बाबजुद पनि यो तथ्य प्रस्ट हुन्छ, यदि मानिसको इच्छाले कुनै खराब कुरा गर्ने निर्णय लिन्छ भने त्यो मानिस ज्यादै दुःखलाग्दो तर्कहीन र अनैतिक चाहनाको दास बन्छ । तथापि त्यस छनौका निम्ति मानिसको स्वतन्त्र इच्छा नै प्रबल रहेको हुन्छ ।

(३) सबै मानिसहरूले निक्र्यौल गर्न सक्छन् । उनीहरूले लिने कुनै पनि निर्णयका पछाडि तर्कसंगत र नैतिक चरित्र जोडिएको हुन्छ र त्यसको परिणाम

पनि सोहीअनुसार हुन आउने छ । मानिसको मन र हृदयजस्ता आन्तरिक अवस्था कस्तो छ भन्ने कुरा पनि यहाँ महत्त्वपूर्ण हुन्छ, जसले उसको कामलाई उत्प्रेरित गर्दछ । यदि मानिस कुनै पनि अवस्थामा आफ्नो विवेकले उचित ठहर गरेको र आफूले झकाव राखेको विषयभन्दा विपरीत चाहना गर्न पुग्छ भने उसले लिने निर्णय प्रस्टतः नैतिक ठहर्छ, न तर्कसंगत नै । यसरी त्यो मानिस आफै पनि उसले गरेको कामकै आधारमा न ता स्वतन्त्र हुन सक्छ, न जिम्मेवार नै ।

(४) यदि मानिसको प्राण ऊभित्रका सबै आत्मबल तथा विवेक र भावनात्मक अवस्थालाई मिचेर कुनै काम गर्न अघिसर्छ भने त्यस्तो कामलाई परमेश्वरले न ता ख्याल गर्नुहुन्छ, न उसलाई नियन्त्रण गर्नुहुन्छ । त्यस्तो कामलाई अरू मानिसहरूले पनि प्रभाव पार्न सक्दैनन् र उसले गरेको त्यस्तो हिंसात्मक तवरले बल मिचेर गरेको कामको परिणाम आफैमा अत्यन्तै निस्फल र घातक हुन्छ । त्यस्तो निर्णयले जीवनका नैतिक पक्षहरूलाई कुनै रीतिले पनि जोगाएर राख्न सक्दैन । त्यस किसिमको चरित्रका विरुद्धमा ख्रीष्टले के शिक्षा दिनुभयो भने, मानिसले गर्ने काम उसमा निहित चरित्रले निर्धारण गरेअनुसारको हुन्छ, जसरी फल कस्तो हुने भन्ने कुरा रुखको अवस्थाले निर्धारण गरेको हुन्छ । त्यसकारण हामीले गर्ने कामको प्रकृति सही होस् भन्नका लागि हाम्रो नैतिक चरित्रलाई स्थायीरूपमा सही बनाउनुपर्छ र खराबीतिर झुकाव राख्ने हाम्रो पुरानो प्रवृत्तिलाई बदलेर ख्रीष्टमा हृदयको अवस्थालाई ठिक बनाउनुपर्छ (मत्ती ७:१६–२०) ।

**खण्ड – २ मानिस उसको अज्ञानता वा निर्दोषपनको अवस्थामा असल काम गर्ने इच्छा गर्नसक्ने शक्ति र स्वतन्त्रता आफूमा राख्दथ्यो । यसरी ऊ परमेश्वरलाई मनपर्ने काम गर्न सक्दथ्यो ।[213] तर ऊ त्यस अवस्थाबाट चूपचाप चुक्नसक्ने संभावना थियो ।[214]**

**खण्ड – ३ त्यस पतनद्वारा मानिस पापी भएको अवस्थामा धकेलियो । त्यसै हुनाले ऊ आत्मिकरूपमा असल गर्ने सबै क्षमताहरूबाट स्खलित भयो र**

[213] उपदेशक ७:२९; उत्पत्ति १:२६ ।
[214] उत्पत्ति २:१६, १७; ३:६ ।

**उद्धारको निम्ति हुनसक्ने कुनै पनि काम गर्न नसक्ने कमजोर बन्यो ।[215] त्यसकारण एउटा स्वाभाविक मानिसको ऊ सबै किसिमका असल कुराहरूबाट तर्केर जाने भयो ।[216] ऊ पापमा मऱ्यो ।[217] त्यसपछि, ऊ आफ्नो बलबुतामा आफूलाई सुधार्न, बदल्न अथवा आफूलाई कुनै पनि असल र कल्याणकारी महत्त्वका काम गर्नको लागि तयार पार्नसमेत नसक्ने बन्यो ।[218]**

**खण्ड – ४ जब परमेश्वरले एउटा पापीलाई बदल्नुहुन्छ र उसलाई अनुग्रह प्राप्त गर्ने पात्रको रूपमा पुऱ्याउनुहुन्छ, उहाँले उसलाई पापका सबै प्राकृतिक बन्धनहरूबाट मुक्त गराउनुहुन्छ ।[219] केवल उहाँको अनुग्रहद्वारा जे कुरो आत्मिकरूपमा असल छ, सो गर्न चाहने र गर्ने व्यक्ति ऊ बन्छ । त्यसो भए तापनि उसमा बाँकी रहेको भ्रष्ट स्वभावको कारण सिद्ध किसिमले ऊ बदलिँदैन[220], ऊ असल काम गर्ने व्यक्ति बन्न सक्दैन । उसको काम जहिले पनि खराबीतिर नै बहकिन जोज्दछ र सकेसम्म खराब काम गर्नमा ऊ खुशी देखिन्छ ।[221]**

**खण्ड – ५ मानिसको इच्छालाई सिद्ध र प्रबलरूपमा असलमात्रै गर्न सक्ने सामर्थ्यसहितको बनाइएको थियो र उसमा केवल महिमित अवस्था रहिरहन सक्दथ्यो ।[222]**

यी खण्डहरूले संक्षिप्तमा विभिन्न अवस्थाबारे स्पष्ट गर्दै तिनको बिचमा तुलना गरेका छन्, जसले मानिसका चारवटै अवस्थाहरूमा स्वतन्त्र इच्छाले कस्तो

---

215 रोमी ५:६; ८:७; यहुन्ना १५:५ ।
216 रोमी ३:१०, १२ ।
217 एफिसी २:१, ५; कलस्सी २:१३ ।
218 यहुन्ना ६:४४, ६५; एफिसी २:२-५; १ कोरिन्थी २:१४; तीतस ३: ३-५ ।
219 कलस्सी १:१३; यहुन्ना ८:३४, ३६ ।
220 फिलिप्पी २:१३; रोमी ६:१८, २२ ।
221 गलाती ५:१७; रोमी ७:१५, १८, १९, २१, २३ ।
222 एफिसी ४:१३; हिब्रू १२:२३; १ यहुन्ना ३:२; यहुदा २४ ।

भूमिका खेल्छ भन्ने व्याख्या गरेको छ । ती चारवटा अवस्थाहरू यी हुन्ः अनभिज्ञता वा निर्दोषपना, पैतृक वा वंशानुगत पाप, अनुग्रह वा कृपापूर्ण उद्धार र पवित्रता वा महिमित अवस्था ।

यी सबै अवस्थाहरूमा मानिस परिवर्तन नहुने किसिमले स्वतन्त्र र जिम्मेवार अभिकर्ता हो भनि मानिएको छ । यी सबै अवस्थाहरूमा कुनै पनि कुरालाई समग्रमा छान्न वा बहिस्कार गर्न सक्ने क्षमता उसमा निहित हुन्छ । उसले आफूलाई इच्छा लागेअनुसार

उसले कुनै कुरा अपनाउन वा नअपनाउन सक्छ । मानिसले जानीजानीकन गर्ने छनौट दिइएको कुनै पनि सवालमा त्यसलाई स्वीकार्न वा इन्कार गर्न सक्छ । उसमा निहित सामान्य वा स्थायी चाख, झुकाव र चरित्रमा कुँदिएको आदतका आधारमा उसले कुनै कुरालाई मानिलिने कि अस्वीकार गर्ने भनि दुईमा एउटा कुरा छान्ने क्षमता राख्छ ।

मानिस आफूले गर्ने इच्छाको निम्ति जिम्मेवार हुन्छ । किनभने ती कुराहरू उसको प्राणको स्वभाव वा त्यसका स्थायी गुणहरूले निर्धारण गर्ने विषयहरू हुन् । यसका निम्ति ऊ जिम्मेवार ठहऱ्याइएको छ, किनभने यी उसकै स्वभावका झुकाव र गुणहरू हुन् । यदि यी अनैतिक र खराब छन् भने उसले गर्ने कामहरू पनि अनैतिक र खराब नै हुन्छन् । त्यसका विपरीत, यदि यी असल र पवित्र छन् भने ऊ आफै र उसले गर्ने कामहरू पनि असल र पवित्र नै हुन्छन् ।

जब हामी मानिस स्वतन्त्र अभिकर्ता हो भन्छौँ, हामीले खासमा यी कुरा भन्न खोजेका हुन्छौँ — (१) उसमा काम गर्ने सामर्थ्य हुन्छ । त्यसका लागि ऊ आफै अग्रसर हुन्छ । ऊ त्यो काम गर्नका लागि बाहिरी प्रभाव वा दबाव बिना नै स्वतः गतिशील बन्न सक्छ । (२) ऊ कुनै कामको चाहना गर्न सक्छ । जब ऊ त्यसरी कुनै कामको इच्छा गर्छ, त्यस समयका लागि उक्त कामको चाहना गर्नु असलै हो भन्ने बुझाइमा उसमा हुन्छ । (३) सत्य र झुटो के हो भनेर खुट्ट्याउने क्षमताले मानिसलाई सजाइएको हुन्छ । ऊ सबै किसिमका असल र खराब कुराहरूको भेद राख्न सक्ने खुबी र ज्ञान भरिपूर्ण बनाइएको छ । उसका आफ्नो चाहना र प्रतिफल ल्याउने प्रकारका इच्छाहरू उसका लागि असल, तर्कसंङ्गत र धर्मी परिणाममा पुऱ्याउने किसिमका हुन्छन् भन्ने विश्वास उसले गरेको हुनसक्छ ।

तापनि उसले गर्ने इच्छा तर्कसंङ्ग त कि धर्मी हुने नै छ भन्ने ग्यारेण्टी गर्न सकिँदैन । तर उसका इच्छा र कामहरू कारण र विवेकको ज्ञानमा सिर्जना हुन्छन् । त्यसकारण उक्त चाहना र कामहरू कि ऊ आफैसित मेल खाने हुन्छन्, होइन भने ती उसको विवेकको खिलाफमा हुन्छन् । यी सबै कुरा उसमा विद्यमान स्थायी र आदतजन्य चाहनाअनुसार अथवा उसको प्राणको नैतिक स्वभावअनुसार नै हुन्छन् ।

१. आदम उसका निर्दोष अवस्थामा एउटा स्वतन्त्र व्यक्ति थिए । उनी पवित्र चाहना र नैतिक झुकाव सहितको व्यक्तिका रूपमा सृष्टि गरिएका थिए । पतनको घटनासम्मै सही वा असल भनेर प्रमाणित नभइसकेको भए तापनि उनलाई एउटा चरित्र दिइएको थियो । उनी आज्ञा पालन गर्न सक्ने क्षमतासहित बनाइएका थिए, तापनि बाहिरी प्रलोभन र परीक्षाद्वारा प्रभावित बन्न सक्ने स्वभाव उनमा थियो । त्यसैगरी उनमा पनि अन्य प्राणी वा जनावरकै जस्तो शारीरिक स्वभाव राखिएको हुनाले उनको चाहना वा काम उत्तेजना बढाउने किसिमको हुनसक्ने सम्भावना छ, तैपनि उनमा निहित निर्दोषिताको एउटा खास तह र दायित्त्व भने कायमै रहिरहेको हुन्छ । अर्थात् आफूले गरेको इच्छा र चाहनामा उनले असलै गरिरहेको छु भन्ने बुझाइ रहेको हुन्छ । उनको जस्तो पवित्र तर पतन उन्मुख स्वभाव हामीले अनुभव गरेको नहुन सक्छ भन्ने कुरा बुझिराख्नु निकै महत्त्वपूर्ण हुन्छ ।

२. मानिसको वर्तमान अवस्थाको विषयमा हामीले मानिलिएको स्वीकारोक्तिले यी कुरा सिकाउँछ — (१) मानिस अझै पनि स्वतन्त्र व्यक्ति हो र उसले जे इच्छा गर्न चाहेको हो, त्यो त्यसअनुसार काम गर्ने क्षमता उसमा रहेको छ । (२) त्यसैगरी मानिसले आफूमा भएको स्वभावजन्य निर्णयअनुसार काम गर्ने क्षमता आवश्यक पर्दा देखाउन सक्छ । उसले गर्ने त्यस्तो निर्णयले आफूसँग सम्बन्ध जोडिका वा आफू वरपर भएका अरू मानिसहरूलाई समेत प्रत्यक्ष असर पुऱ्याउँछ । (३) पतनपछि मानिस नैतिकरूपमा भ्रष्ट भएको छ, ऊ आत्मिकरूपमा मृत अवस्थामा पुगेको छ, उसको समझ पनि आत्मिक रीतिले नदेख्ने बनेको छ र उसको चाहना विकृत भैसकेको छ भन्ने तर्कका आधारमा ऊ "आफैमा रोगी, घायल, अपाङ्ग र हरेक किसिमले असल इच्छा वा काम गर्नै नसक्नेगरी विद्रोही भएको छ" (अध्याय ६, खण्ड – ४; अध्याय १६, खण्ड – ३;

बृहत् प्रश्नोत्तरमाला, प्रश्न २५) । यसरी मानिस "मानिसले आफूलाई मुक्तिसम्म डोहोऱ्याउन सक्ने कुनै पनि आत्मिक सत्कर्म गर्न सक्ने क्षमता गुमाएको छ ।" त्यसकारण, "मानिसे आफ्नो बलबुतामा आफूलाई बदल्न सक्दैन" अथवा "आफूलाई असल काम र उद्धारको निम्ति तयारसमेत गर्न सक्दैन" (अध्याय ९, खण्ड – ३) । सुधारवादी, प्रोटेष्टेण्ट वा लुथरन खेमाका मण्डलीहरूले पनि यही दृष्टिकोण सिकाएका छन् ।

मण्डली अफ इ·ल्याण्डको दस्तावेज, धारा ३९ मा यस्तो लेखिएको छः "आदमको पतन भएपश्चात मानिसको अवस्था कस्तो भयो भने ऊ आफैले आफूलाई मुक्तिको लागि तयार गर्नसमेत असमर्थ बन्यो, उसको आफ्नो स्वाभाविक शक्ति र असल कामहरूले मुक्ति पाउन असम्भव बन्यो । तर परमेश्वरले मुक्तिमा बोलाउनुहुने आव्हान र ख्रीष्टमाथिको विश्वासले भने उसका सबै असक्षमताहरू हटायो । त्यसकारण त परमेश्वरको अनुग्रह बेगर हामीले असल काम गर्ने पनि सामर्थ्य राख्दैनौँ । यसमा ख्रीष्टले हामीलाई खराबीबाट जोगाउने काम गरिदिनुहुन्छ, ताकि हामीमा असल गर्ने इच्छा होस् ।"

डोर्टको सिनोडमा लेखिएका विभिन्न धाराहरू (खण्ड – ३, धारा ३) मा लेखिएको छः "सबै मानिसहरू पापमा गर्भधारण गरिएका हुन् र तिनीहरू सबै क्रोधका सन्तान बनेर जन्मिएका छन् । तिनीहरू मुक्ति दिलाउने अनुग्रहबाट पनि अलग्गिएका छन् र दुष्टको सामुन्ने उदाङ्गो बनेका छन् । तिनीहरू पापमा मरेका र पापैका दास बनेका छन् । त्यसकारण पवित्रआत्माले पुनर्जीवनमा डोऱ्याउनुहुने अनुग्रह तिनीहरूले नपाउने हो भने तिनीहरूका लागि कुनै आशा बाँकी रहने थिएन । पवित्र आत्माले काम नगर्नु हुने हो भने तिनीहरूले न ता पश्चाताप गर्नेथिए, न परमेश्वरतिर फर्किने थिए । तिनीहरूको पतित स्वभावलाई सुधार्नका लागि र तिनीहरूमा भएको सबै भ्रष्ट प्रवृत्तिलाई सुधार्नका लागि पवित्रआत्माले पहिले तिनीहरूका मनमस्तिष्कमा काम गरिदिनुपर्ने हुन्छ ।"

कंकर्डको ढाँचा पृष्ठ ५७९ मा हेसेस (लुथरन) ले गरको सङ्कलनमा लेखिएको छः "यसकारण हामी के विश्वास गर्छौं भने, जसरी एउटा मरेको लाशले आफूलाई ब्युँताउन असम्भव हुन्छ अथवा जसरी एउटा पशुले आफैमाथि जीवन बोल्न सक्दैन, त्यसैगरी पापको कारण आत्मिकरूपमा मरेको एउटा मानिसले

आफूलाई जीवित बनाउन सक्दैन । पवित्र आत्माले सहायता गर्नुभएन भने मानिसले आफूमा आत्मिक जीवन आफै बचाउन सक्दैन" (ऐ. पृष्ठ ६५३) ।

हामी विश्वास गर्छौं, पवित्रआत्मा नुहुनु हुँदो हो त न बुद्धिले, न ता हृदयले, न ता नयाँ नतुल्याइएको मानिसले आफ्नो प्राकृतिक बल–बुँतामा यो कुरा बुझ्न, पत्याउन र त्यसपछि विश्वास गर्न, अस्वीकार गर्न सक्दछ । अझ भनौँ, पवित्रआत्माले काम नगर्दासम्म कुनै मानिसले येशुलाई प्रभु भनेर स्वीकार गर्न, उहाँमा आफ्नो विश्वासको यात्रा सुरु गर्न, उहाँमा आफूलाई सिद्ध तुल्याउने परिपक्वतामा बढ्न, विश्वासको काम प्रदर्शन गर्न र आत्माका कुराहरूलाई साथ दिन सक्दैन । पवित्र आत्माले काम नगर्नुभएसम्म मानिसको शरीरले ईश्वरीय तथा आत्मिक कुराहरू ग्रहण गर्दैन । मानिस असल काम–कुराहरूको सवालमा साँच्चिकै मरेको र भ्रष्ट भएको छ । पतनपछि र नयाँ जन्म पाउनुभन्दा अघि मानिसको स्वभावले आत्मिक बलको थोरै झल्को पनि ग्रहण गर्न सक्दैन, जहाँ रहेर उसले परमेश्वरको अगुग्रहका लागि आफूलाई तयार गर्न सकोस् अथवा अनुग्रह प्रदान गरिएको समयमा उसले त्यो ग्रहण गर्न सकोस् । उसले परमेश्वरको अनुग्रहको पूरै वा आधा अथवा त्यसको थोरै खण्ड पनि थेग्न सक्दैन । उसले आफैलाई सहज तुल्याउने वा सो अनुग्रहको उपयोग गर्ने सामर्थ्य राख्दैन — उसले आफ्नो बलबुताले उक्त अनुग्रहलाई अपनाउन, सोअनुसार काम गर्न वा अनुग्रहमा काम गर्नेहरूसित मिल्न वा आफ्नो उद्धारको लागि सानोतिनो योगदान गर्न नै सक्दछ ।

मानव प्राणले ख्रीष्टमा प्राप्त गर्ने स्वतन्त्रताको उपयोग गर्दै अलग गर्न नमिल्ने अधिकारमा मन लागेअनुसार नै अभ्यास गर्न सक्दछ । यस अर्थमा मानिस पतनभन्दा अघिजस्तै अहिले पनि स्वतन्त्र छ । त्यही क्षमताद्वारा हामी मानिलिन्छौँ भने, यस बेला प्राणले चाहना गरिराखेको वा खुबै मन पराएको जे हो त्यसका विरोधमा खडा हुने इच्छामा हामी खडा हुन सक्छौँ । अथवा आफैलाई केही कुराको चाहना गर्ने वा प्रेम गर्ने बनाउनका लागि सामान्य रूपमा हाम्रा इच्छाको प्रयोगद्वारा तत्कालै चाहना नगरिएको वा प्रेम नगरिएको कुरालाई पनि मनपराउने बन्न सक्छौँ । त्यसकारण स्वतन्त्रता भनेको हाम्रा प्राणको अभिन्न खण्ड हो भनेर हामी पुष्टि गर्छौं, तर यही अर्थमा क्षमता त्यस्तो कुरो होइन । एउटा मानिसले

आफूलाई मन लागेको कुरा सम्पूर्ण रीतिले प्राप्त गर्ने इच्छा गर्छ तर उसले आफैलाई मन लागेको भन्दा फरक प्रकारले आफूलाई खुशी तुल्याउन चाहेर पनि सक्दैछ । किनभने हृदयको नैतिक अवस्था कस्तो भन्ने कुराले उसले के इच्छा गर्ने भन्ने कुरा निश्चित गर्छ तर इच्छा लागेको काम गर्दैमा हृदयको नैतिक अवस्थालाई बदल्न भने सकिन्न ।

यहाँ असक्षमता भनेको के त ? (१) यो आफैमा सम्पूर्ण हुन्छ । मानिसले प्रत्यक्ष वा परोक्ष कुनै रीतिले पनि नैतिक नियम पूरा गर्ने क्षमता राख्दैन । उसले आफै ख्रीष्टलाई ग्रहण गर्न सक्दैन । आफ्नो शक्ति बढाउन भनेर उसले आफ्नो स्वभाव बदल्न सक्दैन । अनुग्रह नहुने हो भने उसले यसलाई सामान्य कर्तव्य पालनको रूपमा पनि गर्न सक्दैन । उसले आफूलाई अनुग्रह अस्वीकार गर्ने योग्यको पनि बनाउनसक्दैन । (२) यो कुरा विशुद्धरूपमा नैतिक छ, किनभने पतनको घटनादेखि नै सबै वैधानिक पक्षहरूका सामुन्ने मानिसलाई नैतिक बन्न सकेसम्म धेरै जोड दिइएको छ । तर उसलाई असल नैतिकतामा रहिरहन नसक्ने बनाउने कुराचाहिँ गलत नैतिकताको धरातलमा ऊ खडा भएको हुन्छ । त्यसकारण यो कुरा प्राणको दुष्ट–अनैतिकताको अवस्थाले गर्दा भएको हो । (३) यो आफैमा स्वाभाविक पनि छ, किनभने यो आकस्मिकरूपमा हुन आउने कुरा होइन, बरु प्राकृतिकरूपमा मानिसको प्राणको आन्तरिक र अति घनिष्ट सम्बन्धमा यो निकै परिवर्तनकारी हुन्छ । त्यसैभएर पनि पतनको समयदेखि नै यसको विषयमा प्राकृतिक तवरले यसको प्रचार हुँदै आएको छ । (४) यो परमेश्वरद्वारा नै सुरु भएको कारण मानव स्वभावको अधीनमा हुने हो कि होइन भन्ने अर्थमा भने यो प्राकृतिक कुरा होइन । अथवा कुनै पनि वैधानिक कमजोरीका कारण देखिने परिणामको रूपमा यो हुन आएको होइन । अथवा यो परमेश्वरद्वारा नै दिइएको हुनाले मानिसको नैतिक प्रयत्नको उपज पनि होइन ।

यो सिद्धान्त साँचो हो भनि यसरी पुष्टि भएको छः (१) धर्मशास्त्रमा प्रत्यक्ष गरिएको घोषणाबाट — "के कुशीले (इथियोपियनले) आफ्नो छालाको रङ्ग बदल्न सक्छ ? अथवा के चितुवाले आफ्नो रौँको रङ्गमा देखिने थोप्ला बदल्न सक्छ र ? त्यसैगरी दुष्ट्याइँ गर्न बानी परेको तैले आफै भलाइको काम गर्न सक्छस् ?" (यर्मिया १३:२३) "मलाई पठाउनुहुने पिताले खिच्नुभएन भने कोही पनि मकहाँ

आउन सक्दैन यसैकारण मैले तिमीहरूलाई भनेको हुँ, यदि पिताबाट दिइएको छैन भने कोही मानिस मकहाँ आउन सक्दैन" (युहन्ना ६:४४, ६५; रोमी ९:१६; १कोरिन्थी २:१४) । (२) मानिसको प्राकृतिक स्वभावको विषयमा धर्मशास्त्रले बताएको कुराबाट — मानिसको नैतिक अवस्थालाई "दृष्टिबिहिन", "अन्धकार" र "आत्मिक मृत्यु" भनिएको छ (एफेसी ४:१८; कलस्सी २:१३) । मानिसको नयाँ जन्म नपाएको अवस्थामा उसलाई "पापको दास" र "शैतानको अधीनस्थ" भनिएको छ (रोमी ६:१६, २०; २तिमोथी २:६; मत्ती १२:३३–३६) । (३) धर्मशास्त्रले मानिसले नयाँ जन्म पाउनुपर्ने खाँचोको व्यापकता र सम्पूर्णताको विषयबाट "नयाँगरी नजन्मिएसम्म ऊ स्वर्गको राज्यमा प्रवेश गर्न सक्दैन" (युहन्ना ३:३) । यसलाई नयाँ जन्म भनिएको छ, नयाँ सृष्टि, नयाँगरी जन्मलिनु, नयाँ हृदय प्राप्त गर्नु आदि (युहन्ना ३:३, ७; एफेसी २:१०; १युहन्ना ५:१८; इजकिएल ३५:२६) । नयाँगरी जन्मने सवालमा परमेश्वर काम गर्नुहुने हो — यो काम उहाँकै हो र यसमा उहाँले गर्नुहुने कामको मुख्य विषय मानिस हो । यो अत्यन्तै महान् काम हो, किनभने यसले परमेश्वरको "महान् शक्ति" खाँचो देख्छ (गलाती ५:२२, २३) । (४ हरेक ख्रीष्टियनको अनुभवबाट साँचो हृदयले प्रभुलाई पछ्याउने ख्रीष्टियनले गरेको अनुभवले पनि यो कुरा आफै प्रमाणित हुन्छ । (५) पापको दोषी महसुस गर्ने व्यक्तिमा आएको परिवर्तनबाट साँचो अर्थमा आफूले गरेका पापको निम्ति दोषी महसुस गरेर पश्चाताप गर्ने मानिसको जीवनमा देखिने परिवर्तनबाट यो तथ्य पुष्टि हुन्छ । साँचो रीतिले पापको दोषी ठहरिएपछि व्यक्तिमा एक किसिमको गह्रौँ भारी महसुस हुन्छ, त्यो भारी पाप गर्दाजस्तो हलुको हुँदैन । हृदयले अनुभव गर्ने पापमा मरेको अवस्था र कुनै पनि ईश्वरीय कुराबाट अलग्गिएको अवस्थामा हुनु भनेकै सबै किसिमका अपराध गर्न अग्रसर हुने अवस्था हो र त्यो अवस्थाबाट हामीले गर्न सक्ने जति कुनै पनि प्रयत्नले आफूलाई मुक्ति दिलाउन सक्दैनौँ । (६) मानव पुस्ताहरूले बटुलेका विश्वाव्यापी अनुभवबाट — यदि कुनै मानिसले स्वाभाविकरूपमा आत्मिक कर्तव्य पालन गर्ने क्षमता प्रदर्शन गर्न सक्दछ भन्ने हो भने पनि कोही–कसैले त्यस्तो काम गर्ने क्षमता आफूमा अवश्य पनि राख्दैन ।

३. यही अवस्थाको सन्दर्भमा नयाँ जन्म पाएकाहरूलाई अनुग्रहद्वारा चिनाइएको छ । हाम्रो विश्वासको मापदण्डले निम्न कुराहरू पुष्टि गर्छ — (१)

नयाँगरी जन्मिएको ख्रीष्टियन पहिलेझैँ स्वतन्त्र व्यक्ति नै रहिरहन्छ । ऊ सधैँभरि आफूले जस्तो हुने इच्छा गरेको हो त्यस्तै रहिरहन सक्छ । (२) नयाँ जन्म दिलाउने कार्यमा पवित्र आत्माले उसमा नयाँ आत्मिक सिद्धान्त, आदत, झुकाव वा प्राणको तीव्र चाहनासमेत हालिदिनुहुन्छ । आत्माले नै यी स्वभावहरूलाई हुर्काउनुहुन्छ । उसको जीवनमा भैदिएर पवित्र आत्माले नै निर्देशित गर्नुहुन्छ । उहाँले मानिसलाई उसका प्राकृतिक वा स्वभावजन्य आदतहरूबाट स्वतन्त्र गराउनुहुन्छ । उसलाई स्वतन्त्र भएर असल कामको निम्ति इच्छा गर्न सक्ने बनाइदिनुहुन्छ । त्यसो भए तापनि उसको जीवनमा आदत बनेर रहिरहेको प्राणको भ्रष्ट स्वभावको कारण असल कि खराब के गर्ने भन्ने विषयमा उसको अन्तरमनमा भयानक द्वन्द चरिरहने हुन्छ । त्यसकारण उसले असल काम गर्न चाहँदा चाहँदै पनि सिद्धतासाथ असल गर्न सक्दैन र नचाहँदा नचाहँदै पनि ऊ खराबै गरिरहेको भेट्टाइन्छ । यस विषयमा हामी अध्याय १० र १३ मा विस्तृत चर्चा गर्नेछौँ ।

४. स्वर्गमा महिमित तुल्याइएका मानिसहरूको सन्दर्भमा पनि चर्चा गर्नु उचित हुन्छ । हाम्रो स्वीकारोक्तिले के कुरा सिकाउँछ भने, मानिस पहिलेझैँ स्वतन्त्र प्राणीकै रूपमा काम गरिरहेको हुनसक्छ । तरै पनि उसमा रहेको पुरानो नैतिक भ्रष्टताको झुकावको जरा उखेल्ने काम भने निरन्तर भैरहन्छ । त्यसपछि उसको नयाँगरी जन्मिएको जीवनमा आत्माद्वारा परमेश्वरको अनुग्रह नसंचित गराउने काम सिद्ध हुँदैजान्छ । उसको सम्पूर्ण व्यक्तित्त्वलाई एउटा सिद्ध पुरुषोत्त्वमा ल्याउने र उसलाई ख्रीष्टकै महिमित मानवीय व्यक्तित्त्व समान बनाउने काम हुन्छ । यसरी नयाँ जन्म पाएका विश्वासीहरू सधैँभरि सिद्धरूपमा स्वतन्त्र र अपरिवर्तित स्वभावका र सिद्ध पवित्रता धारण गरेका व्यक्तिहरू बनाइन्छन् ।

आदम पवित्र थिए, तर उनी अधीर पनि थिए । नयाँ जन्म नपाएका मानिसहरू अपवित्र र स्थीर (खराबीमा लागिरहने स्वभावका) हुन्छन् । तिनीहरू अपवित्रतामा पक्कागरी जमेर बसेका हुन्छन् । अर्कोतिर, नयाँगरी जन्म पाएका मानिसहरूका हृदयमा के कुराले राज्य गरिरहेको छ भन्ने सवालमा तिनीहरूसँग दुई फरक र परस्पर विरोधी प्रवृत्तिको प्रभावमा परेका हुन्छन् । तिनीहरू भित्रभित्रै घमासान युद्ध गरिरहेका हुन्छन्, तर आखिरमा पवित्र आत्माले अनुग्रहसाथ राखिदिनुभएको

प्रवृत्ति वा स्वभावले विस्तारै विजय प्राप्त गरिछाड्छ र ख्रीष्टमा विश्वास गर्ने मानिस यसरी सिद्धताको यात्रामा निरन्तर अघि बढ्दै जान्छ । यसरी महिमित तुल्याइएका मानिसहरू सबै आत्मिक गुणहरूमा पवित्र र स्थीर हुन्छन् । त्यसकारण ख्रीष्टमा नयाँ जन्म पाएका ती सबै मानिसहरू स्वतन्त्र र जिम्मेवार बन्छन् ।

## प्रश्नहरू

१. यस अध्यायको पहिलो खण्डमा के सिकाइएको छ ?

२. यहाँ मानव स्वभावको विषयमा बताइएको पहिलो धारणा के हो ?

३. दोस्रो धारणा के हो ?

४. साँचो धारणाचाहिँ के हो त ?

५. यहाँ बताइएको पहिलो धारणा सही होइन भनि पुष्टि गर्नुहोस् ।

६. परस्पर विरोधी छनौटको विषयमा खास अर्थ र सीमाहरूका बारेमा हामीले के कुरा बुझेको
हुनुपर्छ ?

७. मानिसको इच्छा वा मानिस स्वयमले काम गर्ने सवालमा ऊ स्वतन्त्र थियो भन्ने विषयमा हाम्रो
चेतना (विवेक) ले के कुरा सिकाउँछ ?

८. केही गर्ने तीव्र चाहनाले कतिबेला उनीहरूका तार्किकता र नैतिकतालाई निर्देशित गर्छ ?

९. त्यसैघडी मानिसको मानसिक तथा भावनात्मक अवस्थाको पर्वाह नगरीकन उसमा भएको
तीव्र चाहना वा केही गरिछाड्ने प्रतिबद्धताले कस्तो नभई नछाड्ने परिणाममा पुऱ्याउँछ ?क

१०. यस अध्यायका दोस्रो, तेस्रो, चौथो र पाँचौँ खण्डहरूले के कुरा सिकाउँछन् ?

११. मानिस कहिले एउटा स्वतन्त्र अभिकर्ता बन्छ ?

१२. मानिस उसमा भएको तीव्र चाहनाले ल्याउने परिणामप्रति किन जवाफदेही बन्नुपर्छ ? यो
कुरा उसको प्राणका लागि किन एउटा स्थायी नैतिक अवस्था बन्छ ?
१३. मानिसलाई एउटा स्वतन्त्र अभिकर्ता (काम गर्ने) बनाउनका लागि के के तत्त्वहरूले
एकसाथ काम गर्नुपर्छ ?
१४. आदम स्वतन्त्र व्यक्ति थिए भन्नका लागि उनलाई त्यस्तो बनाउने कुराहरू के–के थिए ?
१५. पतनको घटनादेखि यता मानिसको नैतिक अवस्था कस्तो रहिआएको छ भन्ने विषयमा
हामीले स्वीकार गरेको सैद्धान्तिक मापदण्डले के कुरा सिकाएको छ ?
१६. हामीले स्वीकार गरेको सैद्धान्तिक मापदण्डका बारेमा धर्मशास्त्रको कुन वचन वा खण्डमा
सिकाइएको छ ?
१७. मण्डली अफ इ·ल्याण्डको दस्ताबेजको धारा ३९, डोर्थ सिनोडका विभिन्न धाराहरू र
लुथरन फरम अफ कंकोर्डमा के सिद्धान्त सिकाइएको छ ?
१८. "स्वतन्त्रता" र "क्षमता" को बिचमा के भिन्नता हुन्छ ? मानिसको अहिलेको अवस्थामा
नचाहिँ स्वीकार गरिएको छ र कुनचाहिँ अस्वीकार गरिएको छ ?
१९. यहाँ मानिसले गर्न नसक्ने असक्षमतालाई किन "सास्वत" वा सम्पूर्ण" भनिएको हो ?
२०. यसलाई किन "नैतिक" भनिएको हो ?
२१. यो के अर्थमा यसलाई प्राकृतिक र के अर्थमा यसलाई अप्राकृतिक भनिएको होला ?
२२. यस विषयमा धर्मशास्त्रबाट सोझैँ बताइएको सिद्धान्त के हो ? पुष्टि गर्नुहोस् ।

२३. प्राकृतिक अवस्थाको विषयमा धर्मशास्त्रले यही कुरा बताएको छ त ? प्रस्ट गर्नुहोस् ।

२४. नयाँ जन्म पाउनुपर्ने खाँचोका विषयमा धर्मशास्त्रबाट के कुरा सिकाइएको छ ?

२५. पापको दोषी ठहऱ्याइएका हरेक पापीहरूको विषयमा यहाँ के सिकाइएको छ ?

२६. प्रभुमा आफूलाई परिवर्तन गरेका मानिसहरूको अनुभवको विषयमा यहाँ के सिकाइएको
छ ?

२७. मानिसले विश्वव्यापीरूपमा गरेको अनुभवको विषयमा यहाँ के सिकाइएको छ ?

२८. हामीले स्वीकार गरेको सैद्धान्तिक मापदण्डले नयाँ जन्मद्वारा परिचित गराइएका
विश्वासीहरूको नैतिक स्वतन्त्रताका गुणहरूको विषयमा के कुरा सिकाएको छ ?

२९. त्यस नैतिक स्वतन्त्रताका गुणहरू मृत्युपछि महिमित हुन्छ भनि चिनाइएको मानिसको
विषयमा यहाँ के कुरा सिकाइएको छ ?

# अध्याय १०
# (CHAPTER X)
# परिणाममुखी बोलावट
# (OF EFFECTUAL CALLING)

**खण्ड – १ परमेश्वरले अघिबाटै जोजसका लागि अनन्त जीवन तोकिसक्नुभएको छ, ती सबैसँग मात्रै आफूले तय गरी स्वीकार गरेको समयका लागि उहाँ प्रसन्न हुनुहुन्छ । तिनीहरूलाई पाप र मृत्युको अवस्थाबाट उहाँ आफ्नो वचन र आत्माद्वारा[223] प्रभावकारी रूपमा बोलाउनुहुन्छ ।[224] त्यसअघि तिनीहरू सबै स्वाभाविक रूपमा नै पाप र मृत्युको बन्धनमा जकडिएका हुन्छन् र त्यसकारण तिनीहरूलाई येशु ख्रीष्टद्वारा उपलब्ध गराइने अनुग्रह र उद्धारको खाँचो पर्दछ ।[225] तिनीहरूका दिलोदिमागलाई आत्मिक तवरले प्रज्वलित गरेर उद्धारमा डोऱ्याउनु हुने भएको कारण तिनीहरूले परमेश्वरका कुराहरू बुझ्न सक्छन् ।[226] उहाँले नै तिनीहरूका ढुङ्गाको हृदयको साटोमा मासुको हृदय हालिदिनुहुन्छ ।[227] तिनीहरूका इच्छालाई नयाँ बनाइदिएर उहाँको सर्वशक्तिशालीद्वारा तिनीहरूलाई के कुरा ठिक वा असल हो भन्ने निर्णय गर्नसक्ने ज्ञान हालिदिएर[228] उहाँले तिनीहरूलाई प्रभावकारीरूपमा येशुतिर खिच्नुहुन्छ ।[229] तापनि तिनीहरू स्वभाविक तवरले स्वतन्त्ररूपमा नै आउँछन् र अनुग्रहद्वारा उहाँको सेवा गर्ने मन कसैगरी तिनीहरूमा हालिएकोमात्रै हुन्छ र सो काममा तिनीहरू लागिरहन सक्छन् ।[230]**

---

[223] रोमी ८:३०; ११:७; एफिसी १:१०, ११ ।
[224] २ थेसलोनिकी २:१३, १४; २ कोरिन्थी ३:३, ६ ।
[225] रोमी ८:२; एफिसी २:१-५; २ तिमोथी १;९, १० ।
[226] प्रेरित २६:१८; १ कोरिन्थी २:१०, १२; एफिसी १:१७, १८ ।
[227] इजकिएल ३६:२६ ।
[228] इजकिएल ११:१९; फिलिप्पी २:१३; व्यवस्था ३०:६; इजकिएल ३६:२७ ।
[229] एफिसी १:१९; यहुन्ना ६:४५, ४५ ।
[230] भजनसंग्रह ११०:३; यहुन्ना ६:३७; रोमी ६:१६-१८ ।

**खण्ड – २ परमेश्वरले मानिसहरूलाई आफ्नो सेवामा बोलाउनु हुने यो बोलावट आफैमा उहाँको एउटा विशेष र सित्तैमा दिइएको अनुग्रह हो । त्यो मानिस आफैले पहिले देखिराखेको वा गर्छु भनेर योजना बनाएको विषय होइन ।[231] पवित्र आत्माले उसको हृदयलाई नयाँ तुल्याइदिएर उसमा जागरूक हुने चाहनाको[232] नहालिदिएसम्म मानिस त बडो निस्क्रिय हुन्छ । मानिस उहाँको सेवा गर्ने उहाँको बोलावटअनुसार काम गर्न सबल बनाइन्छ । यसरी सो बोलावटसँगै दिइएको अनुग्रहलाई आत्मसात गर्न मानिस सक्षम हुन्छ ।[233]**

परमेश्वरको वचनले निस्किआउनू भनेर बोलाएका उदाहरणहरू छन् । यो बोलावट सुसमाचार प्रचार हुँदा सबै मानिसहरूकहाँ दिइएको हुन्छ । यस अध्यायको चौथो खण्डमा यसबारे चर्चा गरिएको छ । पहिलो र दोस्रो खण्डमा परमेश्वरका आत्माले दिनुहुने अनन्त बोलावटको विषयमा चर्चा गरिएको छ, त्यसले पुस्तापुस्तालाई प्रभाव पार्छ, जसको अनुभव प्रभुमा छानिएकाहरूले मात्रै गर्न पाउने छन् । यस आन्तरिक बोलावटको विषयमा निम्न बुँदाहरूले पुष्टि गर्नेछन्:

१. आन्तिरिकरूपमा दिइने बोलावट पनि हुन्छ र त्योचाहिँ उद्धारका लागि अपरिहार्य मानिन्छ ।

२. यसको खास विषयका आधारमा भन्नुपर्दा यस बोलावटले प्रभुमा छानिएका सबैले तर छानिएकाहरूले मात्रै यो बोलावट ग्रहण गर्न पाउँछन् ।

३. यही कुरा लागु गराउने प्रतिनिधिको रूपमा — (१) यसको मुख्य वा एकलो प्रतिनिधि पवित्र आत्मा हुनुहुन्छ । (२) उहाँको साधनका रूपमा प्रकट गरिएको सुसमाचारको सत्यको प्रयोग गरिएको हुन्छ । (३) यसले अघि सारेको विषय, जबकि तिनीहरूले पवित्र आत्माका सामान्य प्रभावहरूलाई अटेर गर्दै मनाही गरे । त्यो कुरा उनीहरूले आफू नयाँगरी जन्मिनुभन्दा पहिले अनुभव गरेका थिए,

---

[231] २ तिमोथी १:९; तीतस ३:४, ५; एफिसी २:४, ५, ८, ९; रोमी ९:११ ।

[232] १ कोरिन्थी २:१४; रोमी ८:७; एफिसी २:५ ।

[233] यहुन्ना ६:३७; इजकिएल ३६:२७; यहुन्ना ५:२५ ।

जुन कुरा पवित्र आत्माकै विशेष काम भए तापनि तिनीहरू सबै हुँदासम्म नै निस्क्रिय रहनेका पाइन्छन् । तथापि परिवर्तनले ल्याउने खास परिणामलाई हेर्दा ती सबै ध्वस्त पार्ने किसिमका हुन्छन् । तिनीहरूले बोलावट स्वीकार गर्छन् र त्यसका साथसाथै सिद्धताको दृष्टिले कम वा बढी जेजस्तो भए पनि अनुग्रहसित भरथेग गर्ने काम गर्छन् ।

४. यसको स्वभाव अनुसार नै पनि सामान्यतया पवित्र आत्माको सर्वशक्तिशाली उपस्थितिले तत्कालै काम गरेको हो पनि भनिएको छ । उहाँले परमेश्वरको अधीनमा समर्पित बनेर आएको प्राणमा काम गर्नुहुन्छ । त्यसको विषयमा सबै कुरा आफै निर्णय गरेर उहाँले प्रभावकारी रूपमा आफूतिर खिंच्नुहुन्छ । तापनि उहाँले त्यो काम आफ्नो स्वभावअनुसार पूर्ण सहमतिमा गर्नुहुन्छ । यसरी उहाँ स्वतन्त्ररूपमा आउनुहुन्छ र उहाँले गर्ने काम पनि स्वेच्छासाथ गर्नुहुन्छ ।

५. यसको प्रभावको विषयमा भन्नुपर्दा यसले निकै परिवर्तनकारी र स्थायीरूपमा गर्नुहुन्छ भनि सिकाइएको छ । उहाँको अधीनमा आएका मानिसहरूको सम्पूर्ण नैतिक स्वभावमा नै उहाँले सो काम गर्नुहुन्छ । तिनीहरूको मन–मस्तिष्कमा आत्मिक अन्तरज्ञान हालिदिएर, तिनीहरूका चाहनालाई शुद्धीकरण गरिदिएर, इच्छालाई नवीकरण गरिदिएर र तिनीहरूका कामलाई एउटा नयाँ गन्तव्य देखाइदिएर उहाँले प्रभावशाली बोलावटमा ल्याउने काम गर्नु हुन्छ ।

१) पवित्रआत्माले आन्तरिकरूपमा बोलाउने काम गर्नु नै हुन्छ । त्यो वचनद्वारा बाहिरी रूपमा बोलाएको भन्दा फरक हुन्छ । यस्तो बोलावट उद्धारको लागि अनिवार्य हुन्छ भन्ने कुरा प्रमाणित भएको छ:

(१) स्वाभाविक रूपमा मानिसको अवस्थाको विषयमा धर्मशास्त्रले सिकाएको कुरा हो, सबै मानिसहरू पापमा मरेका छन् । तिनीहरू आत्मिक रीतिले अन्धा, असंवेदनशील र कुनै आत्मिक असल वा भलाइको काम गर्न नसक्ने गरी शिथिल भैगएका छन् । यही कुरा अध्याय ४, खण्ड – ३ मा ज्यादै प्रस्टसाथ चर्चा गरिएको छ ।

(२) वचनको प्रभाव मात्रै नभएर आत्माको पनि प्रभाव रहन्छ भनि धर्मशास्त्रमा सिकाइएको छ (१कोरिन्थी २:१४–१५; ३:६; १थिस्सोलोनिकी १:५, ६) ।

(३) मानिसका सबै खराबीहरूलाई एकातिर मिल्काएर उसलाई आत्मिक सत्य ग्रहण गर्न सक्षम तुल्याउनका लागि आत्मिक प्रभावको खाँचो परेको हो भनि सिकाएको छ (युहन्ना ६:४५; प्रेरित १६:१४; एफेसी १:१७) ।

(४) मानिसको जीवनमा जेसुकै असल देखिएको होस्, त्यो सबै परमेश्वरकै कारणले हुन आएको हो भनि सुझाइएको छ, किनभने परमेश्वर नै सबै असल कुराहरूको रचयिता हुनुहुन्छ (एफेसी २:८; फिलिप्पी २:१३; २तिमोथी २:२५; हिब्रू १३:२१) ।

(५) पुनर्जन्म पाएका मानिसहरूको हृदयमा पवित्र आत्माले गर्नु हुने काम सामान्य तरीकाले सत्यलाई बुझ्नु र त्यसप्रति इच्छा देखाउनुभन्दा आफैमा प्रत्यक्ष, प्रभावकारी, शक्तिशाली र पर्याप्त हुन्छ भनिएको छ (एफेसी १:१९; ३:७) ।

(६) सामान्य सत्यको बुझाइले जे परिणाम ल्याउँछ, त्यसभन्दा पुनर्जन्ममा अनुभव गरिइने कुरा विल्कुलै फरक हुन्छ । यो आफैमा एउटा “नयाँ जन्म” हो, “नयाँ सृष्टि” हो (युहन्ना ३:३, ७; एफेसी ४:२४) ।

(७) यी दुईखाले बोलावटको बिचमा गहिरो भिन्नता छ भन्ने कुरा धर्मशास्त्रले प्रस्टै बताएको छ । यसको विषयमा के भनिएको छ भने, “बोलाइएका धेरै छन्, तर छानिएकाहरू थोरै हुनेछन्” (मत्ती २२:१४) । यसै विषयका अर्को ठाउँमा यसो पनि भनिएको छ, “उहाँले जसलाई बोलाउनुहुन्छ तिनीहरूलाई धर्मी तुल्याउने काम पनि उहाँले नै गर्नुहुनेछ” (रोमी ८:३०; हितोपदेश १:२४ र युहन्ना ६:४५) ।

यी सबै तर्कहरूले उद्धार पाउनका लागि मानिसलाई पवित्र आत्माको सकारात्मक प्रभाव पर्नु आवश्यक छ भन्ने कुरा विश्वास गर्न प्रेरित गर्दछन् । उद्धार पाउनका लागि पूरा गर्नुपर्ने अनिवार्य भनिएको सर्त जेसुकै होस् तर धर्मशास्त्रमा लेखिएको एउटै कुरा अपरिहार्य छ। “नयाँगरी जन्मिएन भने कसैले पनि परमेश्वरको राज्य देख्न पनि पाउने छैन” (युहन्ना ३:३) ।

२) आत्मिक बोलावटले टानिएकाहरू सबैलाई स्वीकार गर्दछ । यसरी उहाँद्वारा छानिएकाहरूले मात्रै यी कुराहरू प्रमाणित गरेर देखाउनेछन् :

(१) के कुराबाट तिनीहरूको उद्धार भएको हो भन्ने कुरा प्रस्ट गरिदिने, (क) यस पुस्तकको अध्याय ३, खण्ड – ३–५ मा प्रस्ट गरिएको छ, को कसलाई मुक्तिमा डोऱ्याउने भन्ने कुरा परमेश्वर अनन्त कालदेखि नै परमेश्वरले तय गरिसक्नु भएको छ र (ख) अध्याय ३ कै खण्ड – ६ मा परमेश्वरले "आफ्नो महिमाको खातिर छान्नु भएका प्राणहरूलाई नै उद्धारको निम्ति छान्नु भएको छ, त्यसकारण उहाँको अनन्त र स्वतन्त्र इच्छा र उद्देश्यद्वारा सबै कुराहरूलाई अघिबाटै सम्पूर्ण रीतिले तय गरिसक्नु भएको हुन्छ ।" त्यसर्थ प्रभावशाली वा बाध्यकारी बोलावटको कुरा गर्दा यो नै उद्धारको लागि अति वास्तविक माध्यम वा प्रवेशद्वार पनि हो । यसैबाट पापमा मरेको मानिसको मृत प्राणले जीवन पाउँछ, यी सबै हुन आउनमा परमेश्वर स्वयंले गर्नुहुने छुटकाराको रहस्यमय कामको महत्त्व पनि बुझ्नुपर्छ । त्यसर्थ यो उद्धारको प्रावधानमा को को समेटिन्छन् वा कोकति चाहिँ छाडिन्छन् भन्ने कुरा पनि यसैबाट निक्र्यौल हुनेछ ।

(२) यही कुरा धर्मशास्त्रले पनि पुष्टि गरिदिएको छ, जहाँ "बोलाइएका" लाई नै छानिएका र "छानिएका" लाई नै बोलाइएका भनि प्रस्तुत गरिएको छ (रोमी ८:२८, ३०) । जेजति स्वर्गमा ख्रीष्टसँग हुनेछन्, तिनीहरूलाई "बोलाइएका, छानिएका र विश्वासयोग्य" भनि चित्रण गरिएको छ (प्रकाश १७:१४) ।

(३) अझै अघि बढेर धर्मशास्त्रमा घोषणा गरिएको छ, जो–जतिलाई उहाँका हुन छानिएको हुन्छ, तिनैलाई नै बोलावट हुने हो । "जसले हामीलाई छुटकारा दिनुभयो, उहाँले नै हामीलाई महिमित र पवित्र बोलावटद्वारा बोलाउनुभयो । त्यो काम हाम्रा कामको प्रतिफल अनुसार होइन, बरु उहाँको आफ्नो पवित्र उद्देश्य र अनुग्रहमा बोलाउनुभयो, जुनकुरा यो संसार सुरु हुनुभन्दा अघिदेखि नै ख्रीष्ट येशुमा हामीलाई यो जिम्मेवारी लिइयो । (२तिमोथी १:९; २थिस्सलोनिकी २:१३–१४; रोमी ११:७) ।

(३) यस प्रभावशाली बोलावटको एकमात्र प्रतिनिधि पवित्र आत्मा स्वयं हुनुहुन्छ । सुसमाचारमा प्रकट गरिएका सत्यहरूलाई साधनको रूपमा प्रयोग गरेर उहाँले यो बोलावटको काम पूरा गर्नुहुन्छ । यसको अर्थ जबसम्म सबै पापीहरूले अनुग्रहको प्रभावलाई अस्वीकार गरेर पन्छाइरहेका हुन्छन्, तिनले त्यसै अवस्थादेखि नयाँ जन्म नपाएको अवस्थासम्म पवित्र आत्माले तिनीहरूलाई

आफ्नो प्रभावमा ल्याउने काम गरिरहनुहुन्छ । त्यसपछि सबै विश्वासीहरूले नयाँ जन्म पाएपछि पनि पवित्रीकरणको अनुग्रहलाई स्वीकार गरेर सोही अनुसार आफूलाई पवित्रताको बाटोमा हिँडाउन थालुन्जेल नै उहाँले काम गर्नुहुन्छ । तापनि भर्खरै नयाँ जन्म पाएको प्राण भने पवित्र आत्माको कामप्रति सुस्त वा निस्क्रिय पनि हुनसक्छ, त्यसो भए तापनि निम्न शीर्षकहरूले यसको पुष्टि गर्नेछन् :

(१) यस वर्तमान जीवनमा पनि पवित्र आत्माका खास प्रभावहरू रहिरहेका हुन्छन् । यो कुरा धेरथोर मात्रै हो तर प्रायजसो सबैमा यो लागु हुन्छ । त्यसले कित प्राणलाई सहज ढङ्गले सुस्तरी डोऱ्याउँछ, नभए पनि दखल दिएर काबूमा ल्याउँछ । मानिसको सुझबुझमा जे कुरा बढी जोड दिइएको छ, त्यसैलाई आधार मानेर उसको हृदय र विवेकलाई पनि प्रभावमा ल्याउने काम हुन्छ । तिनीहरू सिद्धान्त वा स्थायी अवधारणामाथि कत्ति पनि परिवर्तन ल्याउन दिँदैनन् । तर पापको दृष्टिले मानव भावना अलि चनाखो बन्दै आएपछि हृदयको स्वाभाविक अडानमा उभ्याउन सहज हुन्छ । यसले मानव प्राणको आफ्नो कर्तव्य र स्वेच्छातिर धकेल्ने काम गर्छ । निश्चय नै यी प्रभावहरूलाई नयाँ जन्म नपाएका प्राणहरूबाट भने बाधा हुन सक्छ अथवा खराब आदतको कारण नमान्ने वा पन्छाउने काम हुनसक्छ । तथ्य के हो भने मानिसहरूद्वारा हुने त्यस प्रकारको अटेर गर्ने वा पन्छाउने कामको अनुभवले यी कुराहरू प्रमाणित गर्छ — क) धर्मशास्त्रले नै यिनलाई बाधा दिइएको भनि पुष्टि गर्ने तथ्यहरू (उत्पत्ति ६:३; हिब्रू १०:२९) । ख) हरेक ख्रीष्टियनले अनुभव गरेको कुरा हो, ख्रीष्टलाई पछ्याउने निर्णय गर्नुअघि उनीहरूका अन्तरमनलाई कसरी पवित्र आत्माले प्रभाव पार्नुहुन्छ र त्यस प्रभावको गम्भीर सोचमा कसरी निर्णय गर्न पुगिन्छ भन्ने कुरा । आत्माले नै उसलाई पापको निम्ति कायल पार्नुहुन्छ र विस्तारै उसलाई येशु ख्रीष्टको आज्ञापालन गर्नतिर डोऱ्याउनुहुन्छ, जुन कुरा उसले केही बेरका लागि अटेर गरिरहेको वा आत्माको प्रभावमा डोऱ्याइन अस्वीकार गरेको हुनसक्छ । यस्तै कुरा ख्रीष्टमा नआएका अरू असंख्य मानिसहरूमा पनि साँच्चिकै देख्नसक्छौँ ।

(२) धर्म परिवर्तन गर्नु र नयाँगरी जन्म लिनुको बिचमा खास भिन्नता के हो भन्ने कुरा प्रस्टै छ । हामीले यही विषयमा अध्याय ९ मा विस्तृत छलफल गरेकाछौँ ।

हामीले के देख्यौँ भने मानव प्राणको स्वतःस्फूर्त काम कस्तो वा कसरी हुन्छ भन्ने कुरा तिनले तय गरेको स्वभावबाट आएको हुन्छ । तिनले असल गर्ने चाहना राखेको कुराबाटै तिनीहरूलाई असल गर्न सक्ने अवस्थामा राखेका छन् । त्यसकारण तिनीहरू आफ्ना नैतिक स्वभावसित स्थायीरूपमा बाँधिएर रहेका हुन्छन् । नयाँ जन्म नपाएका प्राणहरूमा भने यो स्थायी नैतिक स्वभाव तथा प्राणको दुष्ट स्वभावको प्रभावमा हुने गरेको काम पनि खराबै हुन्छ । तर नयाँगरी आत्मामा जन्म लिएपछि भने त्यो अवस्थामाथि उसले विजय पाएको हुनुपर्छ, जसबाट मात्रै उसको जीवनमा साँचो आत्मिक आज्ञा पालनको कुरा देखिन थाल्छ । परिणाममुखी बोलावटले त्यही अवस्थाबाट मुक्तिको लागि सहजीकरण गर्छ । त्यसकारण, प्रभावकारी बोलवटले हामीलाई एकपल्ट हाम्रै स्तरको जाँच गर्छ । त्यही कामद्वारा नयाँ जीवनका लागि पवित्र आत्माले नै काम हुन्छ । त्यसकारण नयाँजन्म प्राप्त गर्ने कुरा पवित्र आत्माले सिर्जना गरिदिनुहुने आशिष् पनि हो, जसमा हामीलाई निर्देशित गर्ने सिद्धान्त वा आत्मिक भावना वा दयाको काममा लागि रहने प्रेरणाका लागि तयार गर्नुहुन्छ । आस्थाको परिवर्तन हुँदैगर्दा प्राण आफैले पनि यही नयाँ सिद्धान्तको निर्देशन अनुसार काम गर्दछ । यसरी मानिस पापबाट फर्किएर प्रभु येशु खीष्टतर्फ डोऱ्याइन्छ । निकै सामान्य कुरा के पनि हो भने अनुग्रहको सिद्धान्त त्यसैमा काम गरेको भन्दा फरक पर्न जान्छ । त्यसैगरी कसैलाई ऊ आफैले उत्साहित भएर केही गरेको भन्दा अब फेरि आफैले आज्ञा पालन गर्ने पक्षमा काम गर्ने उत्साह दिन सकिन्छ । पहिलोचाहिँ विशुद्ध रूपमा यो परमेश्वरकै काम हो, दोस्रोचाहिँ मानिसले गरेको कामको परिणाम हो, जसका लागि पवित्र आत्मामाथि लगातार निर्भर भैरहनुपर्छ ।

नयाँ जन्मलाई प्रभावित गर्ने सवालमा परमेश्वर आफै त्यसको कारिन्दा बन्नुहुन्छ । यसमा प्रस्ट देखिने कुरा — (क) माथि बताइएअनुसार समस्याको खास प्रकृति के हो भन्ने कुराबाट, जस्तैः इच्छा नै नभएको मानिसलाई इच्छा गर्ने बनाउन मानिसको काम हुन सक्दैन । मानिसको बलले कसैलाई पनि जबरजस्ती गरेर हाम्रो कुरामा व्यग्र चाहना गर्ने बनाउन सकिँदैन । (ख) अध्याय ४, खण्ड – ३ बाट जे कुरा पुष्टि भएको छ, जस्तैः मानिसको आफ्नो क्षमता, योग्यता वा चाहनाले आफै आत्मिक कुरा आफूमा उत्पन्न गराउन सक्ने कुरा होइन । (ग) परिवर्तको

स्वभावका बारेमा धर्मशास्त्रले जे कुरा सिकाएको छ । तिनीहरू यसैलाई “नयाँ जन्म” भन्छन्, भर्खरै जन्मिनु, आत्मामा जागरूक हुनु, नयाँ सृष्टि बन्नु, आत्माद्वारा जन्मिएको हुनु, आदि कुराहरू यसैमा समावेश हुन्छन् । त्यसैले त हामी परिवर्तित स्वभावमा र निश्चयतामा “हामीले नयाँ जन्म पाएको वा हामी परमेश्वरको हातका सीपहरू भएको कुरा गर्वसाथ बताछौँ (युहन्ना ३:३, ५–७; १युहन्ना ५:१८; एफेसी २:१, ५, १०; अझै पढ्नुहोस्, इजकिइल ११:१९; भजन ५१:१०; एफेसी ४:२३; हिब्रू ८:१०) ।

नयाँ जन्म पाइसकेपछि त्यो भर्खरै जन्मिएको प्राणको आत्मिक यात्रा तुरुन्तै सुरु हुन्छ । यसले निरन्तरजसो आफूलाई शुद्ध गराउने अनुग्रहमा सहभागी हुँदै सकेसम्म परिपक्कता वा सकिनसकी कोसिस गर्दै अघि बढिरहेको हुन्छ । यो नै आफैमा आत्मिक वृद्धि र परिपक्कताका लागि हुने प्रयत्नको प्रमाण हो । विश्वास, पश्चाताप, प्रेम, सुकर्मजस्ता चरित्रसित जोडिएका कुराहरू सबै नै कुनै बेला एकमुष्ठमा “पवित्रआत्माका फलहरू” मानिन्छन् । यी मानिसको स्वेच्छाले हुन आउँछन् । हामी यिनै कुरामा निरन्तर चनाखो भएर बस्छौँ । त्यसभन्दा पनि ठुलो कुरा त हामी ईश्वरीय प्रभावको अधीनमा रहन मन पराउछौँ । तथापि त्यो आत्मिक प्रभावलाई हामीले पन्छाउन वा स्वीकार गरेर आफूलाई त्यही प्रवाहमा बग्न दिन सक्छौँ । किनभने आत्माको कामलाई मनले चाहेअनुसार ग्रहण गर्न वा अटेर गर्न हामी स्वतन्त्र छौँ । जबकि अनुग्रहको कारण हामी आत्माको यस प्रवाहलाई खुशीसाथ वा प्राथमिकतापूर्वक ग्रहण गर्न तम्तयार भएका हुन्छौँ ।

(३) पवित्रआत्माले “सत्य ”लाई मुख्य औजारको रूपमा प्रयोग गर्नुहुन्छ भन्ने कुरा परिणाममुखी बोलावटमा प्रस्ट देख्न सकिन्छ — (क) किनभने सत्यको ज्ञानकै मात्र खोजी भैरहेको ठाउँमा उहाँले त्यसरी नै काम गर्नुहुन्छ भन्ने छैन । (ख) किनभने हामीलाई सत्यद्वारा जन्माइएको हो भनेर धर्मशास्त्रले सिकाएको छ । हामीलाई सत्यले शुद्ध गर्न र सत्यमै हुर्किंदै–बढ्दै जान भनि अवसर दिइएको छ (युहन्ना १७:१९; याकुब १:१८; १पत्रस २:२) ।

(४) यो ईश्वरीय कार्य त्यसको स्वभावका आधारमा एकै समयमा आत्माको सर्वशक्तिशाली र निश्चय नै अति प्रभावकारी पनि हुन्छ । यो त्यत्तिकै मात्रामा मानिसको तर्कपूर्ण दृष्टि र स्वयंसेवकीय स्वभावमा सर्वसम्मति ल्याउने र तर्कपूर्ण

पनि छ । यो निश्चितरूपमा बुद्धिमानी र सर्वशक्तिमान परमेश्वरको काम हो । यसैद्वारा उहाँले आफ्नो निरन्तरता र सर्वशक्तिशाली स्वभाव प्रकट गर्नुहुन्छ । परमेश्वरले आफ्नो अपरिवर्तनी उद्देश्य पूरा गर्नका लागि केकस्तो हस्तक्षेप गर्नुहुन्छ होला ? त्यो आफैमा अति प्रवल र शक्तिशाली हुन्छ (एफेसी १:१८, १९) । यसरी उहाँले गर्नुहुने मुख्य कार्य भनेको हामीलाई उहाँको काममा चासो र इच्छा राख्ने बनाउनु हो, जुन उहाँले हामीमा गर्दै हुनुहुन्छ, जुनचाहिँ निःसङ्कोच भएर मानिलिनुपर्छ, हाम्रो उद्धारसितै त्यो काम जोडिएको हुन्छ (फिलिप्पी २:१३) । यो काम वास्तवमै मानव जीवनमा प्रभावशाली र भरपर्दो पनि हुन्छ (एफेसी ३:७, २०; ४:१६) ।

यस किसिमको ईश्वरीय प्रभाव हाम्रो स्वभावको निम्ति साँच्चिकै स्वीकारयोग्य हुन्छ, जस्तैः (१) यो सर्वज्ञानी सृष्टिकर्ताले आफ्नो हातको रचनामाथि गर्नुहुने प्रभाव हो भन्ने तथ्य बुझेको आधारमा यो सबैका लागि स्वीकार्य हुन्छ । सृष्टिलाई निरन्तर त्यसको गतिमा अघि बढ्दै जान दिनुहुने भएकोले परमेश्वरले आफ्नो सृष्टिमाथि तिनकै स्वभावअनुसार नियन्त्रण गर्न सक्नुहुन्न अथवा त्यसो गर्ने इच्छा नै उहाँमा छैन भन्ने अर्थमा यसो भनिएको होइन । (२) उहाँले प्रयोग गर्नुहुने प्रभावलाई धर्मशास्त्रमा "खिँच्ने" वा आफूतिर "आकर्षित" गर्ने, "शिक्षा दिने" वा "ज्ञान दिलाउने", आदि भनेर अर्थ्याएको छ (युहन्ना ६:४४, ४५; एफेसी १:१८) । (३) स्वभावैले पापद्वारा मानिसको मस्तिष्क वा सोचविचार नै अँध्यारो भएको छ, उसको भलो गर्ने चाहना वा करुणा बरालिएको छ, उसको चाहना खराबीको दास बनाइएको छ । पुनर्जीवन दिलाउने कुराले यी सबै पक्षको पुनस्थापना गरेर तिनको सिद्ध स्थानमा उभ्याउने काम गर्छ । यसलाई प्रकाश पार्ने कुरा कुनै स्वाभाविक तर्कसँग मिल्न जाने हुँदैन, न ता बन्धनबाट छुटाउने कुरामा स्वतन्त्र इच्छाकै केही सीप लाग्छ, किनभने "जहाँ परमप्रभुका आत्मा हुनुहुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ" (२कोरिन्थी ३:१७; फिलिप्पी २:१३; भजन ११०:३) । पुनर्जीवन पाएको हरेक मानिसको विवेकले — (क) कुनै पनि अङ्गले स्वचालित रूपमा गर्ने काममा कमी हुँदैन; साथै (ख) अर्कोतर्फ मानिसको कुनै पनि अङ्गले त्यसअघि कहिल्यै पनि आफ्नो स्वभावबमोजिम काम गरेको थिएन ।

(५) यो परिवर्तन आफैमा उग्र (नभई नछाड्ने) किसिमको छ । माथि बताइएअनुसार यो कुरा आफैमा पुष्टि भैसकेको छ । यसमा जीवनलाई निर्देशित गर्ने नयाँ सिद्धान्त जोडिएर आउँछ । यो “नयाँ जन्म” वा “नयाँ सृष्टि” हो भन्ने तथ्यबाट नै उद्धारको अनन्त उद्देश्य कार्यान्वयन गराउने परमेश्वरको महान् शक्ति हामीमा प्रदर्शन हुन्छ । अन्यथा सबैभन्दा नैतिकवान् तथा मित्रवत प्राणीले नैतिकतरूपमा त्यगिनका लागि यो नै अति आवश्यक व्यवस्था बन्छ ।

यो स्थायी परिवर्तन केकस्तो हुन्छ भन्ने कुराको चर्चा “सन्तजनहरूलाई जोगाइने” शीर्षक, २७औँ अध्यायमा गरिएको छ ।

यसले सम्पूर्ण व्यक्तिलाई प्रभाव पार्छ — उसको बुद्धि, लगाव, चाहना वा इच्छा सबै यसमा समावेश हुन्छ । जस्तैः (१) प्राणको अति महत्त्वपूर्ण एकाग्रताबाट यसको पुष्टि हुन्छ । यो अलग गर्न नसकिने तथ्य “म” हो, जसले विचार गर्छ, अनुभव गर्छ र इच्छा गर्छ । यदि प्राणको स्थायी नैतिक अवस्था भ्रष्ट छ भने त्यसले गर्ने सबै कामहरू पनि बिग्रिएको वा भ्रष्ट भएको हुन्छ । हामीले कुनै पनि कुरामा चाहना गर्न सक्दैनौँ, जबसम्म त्यसलाई हामीले मन पराउँदैनौँ । हो, प्यारो मानिएको चीजकै चाहना हामी गर्छौं । त्यस्तै, हाम्रा ज्ञानले पनि त्यस्तो वस्तुलाई चिन्दैन, जबसम्म हामीभित्रको लगावले त्यसको स्वादलाई मन पराएको हुँदैन । (२) पाप आधारभूत रूपमै छलपूर्ण हुन्छ भनेर धर्मशास्त्रले सोझैँ पुष्टि गरेको छ । त्यसैमा जोडिएर आउने छलले नैतिक अन्धोपना ल्याउँछ, यसरी एउटा स्वाभाविक मानिसले आत्मिक कुराहरू आफै ग्रहण गर्न सक्दैन (१कोरिन्थी २:१४; २कोरिन्थी ४:४; युहन्ना १६:३) । (३) त्यसैगरी “नयाँगरी जन्मिएका” सबै मानिसहरू आत्मिक प्रकाशका अधीनमा प्रदान गरिने समझ र लगावको नवीकरणमा समेत ल्याइनेछन् भनि धर्मशास्त्रले प्रस्टै बताएको छ (युहन्ना १७:३; १कोरिन्थी २:१२, १३; २कोरिन्थी ४:६; एफेसी १:१८; १युहन्ना ४:७, ५:२०) । (४) बाइबलमा “नयाँ हृदय हालिदिने” वाक्यांशको समान अर्थ दिने शब्दवलीहरू नयाँगरी जन्मिनु भन्ने पनि हो । त्यस्तै, “हृदय” शब्दले मानिसको आन्तरिक सबै पक्षलाई जनाउँछः बुद्धि, लगाव र चहना । यी वाक्यांशहरू हेर्नुहोस्ः “हृदयको सल्लाह” (१कोरिन्थी ४:५); “मनको कल्पना” (लुका १:५१); “हृदयको विचार र अभिप्राय” (हिब्रू ४:१२) ।

**खण्ड – ३ शिशु अवस्थामै मर्ने चुनिएका दुधे शिशुहरूलाई ख्रीष्टले आत्माद्वारा पुनर्जीवन तथा उद्धार गर्नुभएको हुन्छ,[234] जसले आफ्नो खशीअनुसार जहाँ, जसरी वा जहिले पनि यो काम गर्नुहुन्छ ।[235] त्यसैगरी चुनिएका अरू पनि व्यक्तिलाई उहाँले उद्धार दिनुहुन्छ, जो वचनको सेवाको लागि बाह्य उपायद्वारा बोलाइन असमर्थ हुन्छन् ।[236]**

परमेश्वरको वचनबाट आउने बाह्य बोलावट र "अनुग्रहका सबै उपायहरू" वर्तमान अवसरका लागि प्रदान गरिएका छन् । ती अवश्य नै जसले उहाँलाई ग्रहण गर्छन्, तिनीहरूले अघिबाटै उद्धारबारे केही कुरा थाहा पाएका हुन्छन् । परमेश्वरको इच्छा पनि तिनीहरूमाथि प्रकट हुन्छ, जसले थोरैमात्र भए पनि उहाँको उद्धारको योजनालाई बुझ्न सक्छन् र त्यस प्रकाशबाट आफूलाई लाभान्वित गराउन सक्छन् । उहाँको उद्देश्य न ता तिनीहरूको व्यक्तित्त्वमा निर्भर हुन्छ, न ता तिनीहरूको वर्गमा नै । त्यसकारण को कस्तो हो भन्ने नबाइएकै भए पनि उहाँको उद्धारमा सबै अँटाउन सक्छन् ।

यदि बालबालिकाहरू, शिशुहरू र यस्तै मनस्थिति कमजोर भएका मानिसहरू उद्धारको लागि प्रचार गरिने सुसमाचार सुनेर वा बुझेर परमेश्वरमा आउन असमर्थ छन् भने अन्य कुनै पनि माध्यमको प्रयोग नगरिकन नै तिनीहरूका निकट अविभावकहरूले प्रभुलाई ग्रहण गरेकै समयमा परमेश्वरले तिनीहरूको पनि उद्धार गर्नुहुनेछ । आदमलाई उनको कुनै प्रयास हुनुभन्दा पहिल्यै पवित्र प्राणीका रूपमा सृष्टि गर्नुहुने परमेश्वरले यस्तो अवस्थाका सबैलाई पवित्र र धर्मी तुल्याउनु हुनेछ । उहाँले विश्वास गर्नेहरूलाई पवित्र र धर्मी जन बनाउन सक्नुहुन्छ । त्यसका लागि अति सामान्य साधन विश्वासको प्रयोग मात्रै हो, त्यही विश्वास सबैले गर्न सक्छन् । यस अर्थमा शिशु वा कमजोर मनस्थितिका व्यक्तिहरूको उद्धार गर्नका लागि अर्को कुनै उपायको जरुरी पर्दैन । वास्तवमा शिशुहरूले नैतिक–अनैतिक कुराको थोरै मात्र ज्ञान थाहा पाउनुभन्दा अघि नै

---

[234] लुका १८:१५, १६; प्रेरित २:३८, ३९; यहुन्ना ३:३, ५; १ यहुन्ना ५:१२; रोमी ८:९ ।
[235] यहुन्ना ३:८ ।
[236] १ यहुन्ना ५:१२; प्रेरित ४:१२ ।

तिनीहरूको जीवनमा स्वभावगत पतन सुरु भैसकेको हुन्छ र त्यसले पवित्र आत्माको न्याय गर्ने क्षेत्राधिकारभित्र तिनीहरूलाई पनि उत्तिकै पर्दछ, जति वयस्क भैसकेका मानिसहरू दोषी ठहऱ्याइन्छन् । त्यसकारण, प्राणको अनुग्रही पुनस्र्थापना गरेर पवित्र आत्मासँग यसको नैतिक सम्बन्ध स्थापित गर्दाको अवस्थामा सबै खराबीहरूलाई सुधार्ने काम पनि हुन्छ । यहाँ प्रयोग गरिएको “चुनिएका शिशुहरू” शब्द आफैमा संक्षिप्तमा बुझ्न सकिने र उद्धारको यस उद्देश्यमा उपयुक्त पनि छ । यसको अर्थ कुनै पनि शिशुलाई चुनिएको छैन भन्न खोजिएको होइन, बरु सरलरूपमा यी तथ्यहरूलाई यहाँ औंल्याउन खोजिउको हो — (१) सबै शिशुहरूको जन्म धर्मीले पनि दण्डको आज्ञा पाउन सक्ने अवस्थामा भएको हुन्छ र (२) कुनै पनि शिशुले आफै उद्धार पाउने दावी गरिएको छैन । त्यसकारण (३) हरेक शिशुको उद्धार वयस्क व्यक्तिको जस्तै नै हो, जसमा परमेश्वरको सार्वभौम छनौटको आधारमा व्यक्तिको उद्धार हुनसक्दछ । सबै वयस्कहरूले उद्धार पाउने भएको भए त राम्रै हुन्थ्यो तर केही वयस्कहरूमात्रै उहाँको छनौटमा पर्दछन् । हो, यही कुरा शिशुहरूमा पनि लागु हुन्छ, तथापि सबै शिशुहरू उहाँको छनौटमा परेका छन् भन्ने विश्वास गर्नका लागि हामीसित राम्रा कारणहरू छन् । यस सवालमा हामीले गरेको स्वीकारोक्तिले यो तथ्य प्रस्टसँग प्रकट गरिएको मानिलिन्छ । चाहे वयस्क व्यक्ति होस् वा शिशु, कसैले पनि परमेश्वरको सार्वभौम छनौटको आधार बिना उद्धार पाउने छैनन् । यसको अर्थ, मानव जातिले प्राप्त गर्ने सम्पूर्ण उद्धार विशुद्धरूपमा परमेश्वरको अनुग्रह हो । सबै शिशुहरू चुनिएका छन् भनेर सकारात्मक प्रकारले प्रस्ट गरिएको छैन, बरु धेरै कारणले गर्दा त्यही कुरा नै सत्य हो भनेर आशा गर्न हामी बाध्य पारिएका छौँ । जे निश्चितरूपमा प्रकट गरिएको छ, स्वीकारोक्तिले त्यसैलाई पुष्टि गर्छ र जे कुरा प्रकट गर्न निश्चित गरिएको छैन, त्यसको एउटा वा अर्को पक्षको विषयमा सकारात्मक सल्लाह नदिईकन नै त्यसलाई त्यत्तिकै छाडिदिन्छ ।

**खण्ड – ४ अरूहरूलाई वचनको सेवाद्वारा बोलाइएकै भए पनि ती सबै चुनिएका होइनन् ।[237] तिनमा केही हदसम्म आत्माको सामान्य काम हुनसक्छ ।[238] तापनि ती साँच्चिकै ख्रीष्टमा नआउन सक्छन् र त्यसकारण तिनीहरूले उद्धार पाउन सक्ने छैनन् ।[239] ख्रीष्टियन आस्थालाई स्वीकार नगर्ने अत्यन्त थोरै मानिसहरूको उद्धार हुनसक्ला, त्यसका लागि अर्को कुनै उपाय तिनीहरूका लागि दिइएला पनि । तिनीहरूले आफ्नो जीवनलाई कुनै रीतिले परमेश्वरको वचनको आज्ञा पालनमा समर्पित गर्नुभन्दा अघि वा पछि ख्रीष्ट येशुलाई आफ्नो मुक्तिदाता मानिलिएर उहाँलाई स्वीकार गरेको भने हुनुपर्छ र त्यसैअनुसारको जीवनशैली जिएको हुनुपर्छ ।[240] त्यसबाहेक जोसुकै किन नहोस्, त्यो पापी र दुष्ट काम गर्न उद्दत मानिस हो, जसका लागि उद्धार त्यति सहज कुरो हुन सक्दैन ।[241]**

बृहत् धार्मिकविधिमा यही अर्थ खुलाउन लेखिएका केही खण्डहरूले यस विषयमा निम्न विचारको व्याख्या गरेका छन्ः

१. नचुनिएकाहरूले उद्धार पाउन सक्ने छैनन् । तिनीहरू मुक्ति प्राप्त गर्नबाट निश्चितरूपमा असफल हुनेछन् । सित्तैमा प्रदा नगरिएको यो मुक्ति तिनीहरूका निम्ति उपलब्ध नगराइएको कारणले गर्दा तिनीहरूले उद्धार पाउनबाट बञ्चित हुनुपर्छ भनिएको होइन । यदि तिनीहरूले ख्रीष्टलाई ग्रहण गरे भने कुरा फरक हुन्छ, तर तिनीहरूले उहाँलाई कहिल्यै स्वीकार नगरेको हुनाले तिनीहरूबाट अनन्त उद्धार लुकाइएको छ । तिनीहरूले उहाँलाई ग्रहण गर्न इन्कार गर्छन् । तिनीहरूलाई केही सामान्य कुरामा पवित्र आत्माले प्रभावमा पार्नु भएको र आत्माद्वारा उद्धारको निम्ति बोलाइएकै भए तापनि तिनीहरूले परमेश्वरका विरूद्धमा गरेको कठोर विद्रोहको कारण तिनीहरूले अनन्त उद्धार पाउने छैनन् । यो कुरा अघिबाटै खण्ड – १ र २ मा पुष्टि भैसकेको छ — परिणाम

[237] मत्ती २२:१४ ।
[238] मत्ती ७:२२; १३:२०, २१; हिब्रु ६:४, ५ ।
[239] यहुन्ना ६:६४-६६; ८:२४ ।
[240] प्रेरित ४:१२; यहुन्ना १४:६; एफिसी २:१२; यहुन्ना ४:२२; १७:३ ।
[241] २ यहुन्ना ९-११; १ कोरिन्थी १६:२२; गलाती १:६-८ ।

तोकिदिएर बोलाएको भए तापनि तिनीहरूको कठोर विद्रोहका बाबजुद उहाँको बोलावटले काम नगर्न पनि सक्छ । खण्ड – १ र २ मा यो कुरा अघिबाटै प्रस्ट भैसकेको छ, चुनिएकाहरूका निम्ति निश्चित गरिएको परिणाममुखी बोलावटले पनि त्यस विद्रोहलाई जित्न सक्दैन । तर चुनिएकाहरूले उहाँको मुक्ति पाउने नै छन्, त्यसैमा यस खण्डमा चर्चा गरिएको सत्यले निम्न कुरा पछ्याउने छ ।

२. शुद्ध ख्रीष्टियन आस्था बाहेक अन्य कुनै प्राकृतिक धर्मको साँचो स्वीकारोक्ति तथा इमान्दार अभ्यास गर्नाले कसैले पनि प्राणको उद्धार ग्रहण गर्न सक्ने छैन । यो कुरा सुसमाचारको आधारभूत सिद्धान्तबाटै प्रमाणि भएको कुरा हो । यदि कुनै व्यक्तिले आफूले जानेसम्म सबै आत्मिक सत्यताहरूको अभ्यास गर्छ, उसले आफ्नो जन्मैदेखि सबै असल र परोपकारी कामहरू गरिआएको छ र उसले आफूलाई उद्धारको खाँचो छैन भन्ने दावी गर्छ नै भने पनि उसका लागि ख्रीष्टको उद्धारले काम गर्ने छैन । किनभने सबै मानिस पतनमा जन्मिएका छन्, तिनीहरू जातीय पापको अधीनमा छन् र आफ्ना सबै प्रयत्नले धर्मी काम गर्न उसले प्रयास गरे तापनि ती सारा प्रयत्न उसको भ्रष्ट स्वभावबाट नै गरिएका हुनाले तिनले उसलाई बचाउने छैनन् । किनभने “सबैले पाप गरेका छन् र परमेश्वरको महिमाबाट चुकेका छन्” (रोमी ३:२३) । त्यसकारण एउटा सिद्ध प्रायश्चितको दरकार परेको हो । त्यसैको परिणामस्वरूप ख्रीष्टमा उद्धार पाउनुपर्नेमा व्यक्तिगत चाहना हुनु अति आवश्यक मानिएको हो — त्यही प्रायश्चितको खाँचो अनन्त उद्धारको लागि अपरिहार्य भएको हो । किनभने यदि कुनै व्यवस्थाबमोजिम गरिएको कामले जीवन प्रदान गर्न सक्थ्यो भने त्यसो हुन सम्भव पनि हुन्थ्यो, तर त्यसो हुँदो हो त ख्रीष्ट व्यर्थैमा मर्नुभयो (गलाती २:२१; ३:२१) । त्यसकारण कोही कसैले ख्रीष्ट बिना मानिसको अनन्त मुक्ति सम्भव हुन्छ भन्छ भने उसले ख्रीष्टलाई साँच्चिकै अस्वीकार गरिरहेको छ ।

३. यसरी कुनै पनि सही मानसिक अवस्थामा भएको व्यक्तिका लागि ख्रीष्टको ज्ञान र उहाँलाई आफै अग्रसर बनेर स्वीकार गर्ने कामले मात्रै उसमा उद्धार पाउने व्यक्तिगत चाहना छ भन्ने कुरा पुष्टि हुन्छः

(१) पावलले यस सवालमा निकै जोडदार तर्क अघिसारेका छन् । यदि कसैले प्रभुलाई पुकार्छ भने उसले उद्धार पाउने छ । तर उहाँलाई पुकार्नका लागि उसले

उहाँमाथि विश्वास गर्नुपर्छ । उहाँमाथि विश्वास गर्नका लागि उसले उहाँको बारेमा सत्य कुरा सुनेको हुनुपर्छ, त्यसका लागि उसले आफूसामुन्ने प्रचार गरिएको सुसमाचार सुनेको हुनुपर्छ । यसरी मात्रै स्थापित गरिएको क्रम पूरा हुन्छ — विश्वासद्वारा उद्धार आउँछ; सुनाइद्वारा, हो, परमेश्वरको वचन सुनाइद्वारा विश्वास आउँछ (रोमी १०:१३–१७; मत्ती ११:२७; युहन्ना १४:६; १७:३; प्रेरित ४:१२) ।

(२) परमेश्वरले कुनै हालतमा पनि सुसमाचार नसुन्ने र विश्वासै नगर्नेहरूका लागि मुक्ति दिने योजना कतै गर्नु भएको छैन । अर्थात्, कसैले मुक्ति पाउनका लागि उहाँका ख्रीष्टको सुसमाचार सुनेर विश्वास गर्नुपर्छ र सो विश्वासअनुसारको प्रत्युत्तर दिनुपर्छ । आफ्ना मानिसहरूले सुसमाचार सुनेर प्रत्युत्तर दिऊन् भन्ने परमेश्वर अपेक्षा गर्नुहुन्छ । त्यसकारण सुसमाचारको प्रचार पनि उत्तिकै यत्नसाथ गरिनुपर्छ, किनभने मानव प्राणको उद्धारको लागि तोकिएको माध्यम नै सुसमाचार हो । त्यसबाहेक जस्तोसुकै तर्क वा माध्यमको कुरा उठाए पनि ती सबै परमेश्वरले धर्मशास्त्रमा न ता कतै प्रकट गर्नुभएको छ, न प्रतिज्ञा गर्नुभएको छ न ता करारमा नै स्थापित गर्नुभएको छ ।

(३) उद्धार नपाएका असंख्य मानिसहरूको भीडसँग अनन्त मुक्तिका लागि एउटै पनि प्रस्ट वा प्रश्न उठाउन नमिल्ने माध्यम छैन । तिनीहरूले अनन्त उद्धार पाउन सक्छन् भन्ने कतै उल्लेख गरिएको छैन । तिनीहरू स्वभावतः परमेश्वरसँग अपरिचित मानिसहरू हुन् । अनि तिनीहरू उद्धारबिनै अनन्त मृत्युतिर ओरालो लागिरहेका छन् । ख्रीष्ट येशुको विषयमा कत्ति पनि ज्ञान नभईकन उद्धार पाउन सकिन्छ कि भन्ने पूर्वानुमान धर्मशास्त्रीहरूले नगरेका होइनन् । अठारौँ शताब्दितिर यस्तै अनुमानित तर्कहरू पेस गरिएको पाइन्छ, तर ख्रीष्टको सुसमाचारभन्दा बाहिर मानिसले उद्धार पाउन सक्दछ भन्ने विषयमा धर्मशास्त्रमा कतै पनि भरपर्दो उदाहरण उल्लेख गरिएको छैन ।

## प्रश्नहरू

१. धर्मशास्त्रमा कुन दुईओटा "बोलावट"को विषयमा चर्चा गरिएको छ ?

२. पहिलो र दोस्रो खण्डमा कुनचाहिँ "बोलावट" को विषयमा चर्चा गरिएको छ ?

३. पवित्रआत्माद्वारा आउने अनन्त बोलावटको विषयलाई पुष्टि गर्ने पहिलो प्रस्ताव के हो ?

४. यसको विषयवस्तुका रूपमा यहाँ के कुरा पुष्टि गरिएको छ ?

५. यसको प्रतिनिधि वा साधकको रूपमा के कुरा पुष्टि गरिएको छ ?

६. यसको प्रभावको रूपमा के कुरा पुष्टि गरिएको छ ?

७. यसको प्रकृति वा स्वभावको रूपमा के कुरा पुष्टि गरिएको छ ?

८. मानिसको अन्तरमन वा अन्तस्करणमा बोलावट हुन्छ भन्ने कुरा कसरी पुष्टि गर्न सकिन्छ ?

९. उद्धारका लागि यो बोलावट अत्यन्तै अपरिहार्य छ भनेर कसरी पुष्टि गर्न सकिन्छ ?

१०. यस बोलावटले सम्पूर्ण चुनिएकाहरू, चुनिएकाहरूलाई मात्रै समेट्दछ भनि पुष्टि गर्नुहोस् ।

११. पवित्र आत्माको सामान्य तथा पन्छाउन (नाइँ भन्न) सकिने प्रभावले मानिसका हृदयमा कति
धेरै जोडदार हुनसक्छ होला ? के मानिसले आत्माको प्रभावलाई अस्वीकार गरिदिन सक्छ
?

१२. सबै मानिसहरूले पवित्र आत्माद्वारा आउने "सामान्य" तथा "पन्छाउन मिल्ने" प्रभावको
अनुभव गर्न सक्दछन् भन्ने कुरा पुष्टि गर्नुहोस् ।

१३. प्रस्ट गर्नुहोस्, "नयाँगरी जन्मिनु" र "धर्म परिवर्तन गर्नु" का बिचमा के भिन्नता छ र कुनमा
विश्वास निस्क्रिय रहन सक्छ र कुनमा चाहिँ ऊ सक्रिय बन्छ ?

१४. कुनै मानिसको धर्म परिवर्तन हुनुभन्दा पहिले उसले नयाँ जन्म पाउनु जरुरी हुन्छ भनि
वर्णन गर्नुहोस् ।

१५. पुष्टि गर्नुहोस्, मानिसलाई नयाँ जन्मको अनुभवमा डोऱ्याउने काम परमेश्वरको हो । त्यो
काम गर्ने केवल परमेश्वर हुनुहुन्छ । उहाँले सक्रिय भएर सो काम गर्नु हुँदा मानिसले कुनै
सक्रियता देखाउनुपर्दैन ।

१६. पुष्टि गर्नुहोस्, उहाँले नयाँ जीवन दिनुभएका प्राणहरूले लगत्तै पवित्र आत्माको प्रभावमा
उहाँको इच्छाअनुसारको काम गर्न थाल्छन् ।

१७. नयाँ जीवन प्रदानगर्दा पवित्र आत्माले साधनको रूपमा "सत्य" को प्रयोग गर्नुहुन्छ भनि पुष्टि
गर्नुहोस् ।

१८. नयाँ जन्ममा पवित्र आत्माले पार्नुहुने प्रभाव हरेक व्यक्तिमा उक्तिकै प्रभावकारी हुन्छ भनि
पुष्टि गर्नुहोस् ।

१९. पुष्टि गर्नुहोस्, एउटा स्वतन्त्र व्यक्तिका रूपमा हरेक मानिसमा यो कुरा उत्तिकै सिद्ध
प्रकारले लागु हुन्छ ।

२०. यसले विश्वासीहरूमा एक प्रकारको "परिवर्तनकारी" प्रभाव पार्दछ भनि प्रस्ट गर्नुहोस् ।

२१. यसमा मानिसको सम्पूर्ण व्यक्तित्त्व, अर्थात् उसको बौद्धिकता, चाहना वा लगाव सबैथोकमा
प्रस्ट परिवर्तन आउँछ भनि प्रस्ट पार्नुहोस् ।

२२. बाह्य बोलावट दिइएका सबै मानिसहरूको पक्षमा अनुग्रहको माध्यमको विषय प्रस्टसँग
बताइएको हुन्छ भन्नेमा कस्तो पूर्वानुमान गरिएको छ ?

२३. कसको पक्षमा वा कसका लागि धर्मशास्त्रमा परमेश्वरको इच्छा जाहेर गरिएको होला ?

२४. बाह्य बोलावट ग्रहण गर्न असमर्थ शिशु वा बिकलाङ्ग व्यक्तिहरूलाई मानसिक रूपमा
सक्षम वयस्क मानिसहरूलाई जस्तो उपाय नलगाइकनै पनि परमेश्वरले उद्धार गर्न
सक्नुहुन्छ भनि प्रस्ट पार्नुहोस् ।
२५. तेस्रो खण्डमा "चुनिएका शिशुहरू" भन्ने शब्दावली किन प्रयोग गरिएको होला ? प्रस्ट
बयान गर्दै पुष्टि गर्नुहोस् ।
२६. चौथो खण्डमा सिकाइएको पहिलो प्रस्ताव वा विचार के हो ?
२७. यहाँ सिकाइएको दोस्रो विचार के हो ?
२८. यहाँ सिकाइएको तेस्रो विचार के हो ?
२९. "नचुनिएकाहरू" किन उद्धार पाउन असफल हुन्छन् ?
३०. तिनीहरूले साँच्चिकै उद्धार पाउन सक्दैनन् भनि पुष्टि गर्नुहोस् ।
३१. कुनै पनि प्राकृतिक धर्म वा ख्रीष्टियन मतभन्दा फरक कुनै पनि धर्मलाई इमान्दार बनेर
अवलम्बन र अभ्यास गरे पनि कोही मानिसले अनन्त उद्धार पाउन सक्दैन भनि पुष्टि
गर्नुहोस् ।
३२. मानसिकरूपमा सबल वा सक्षम सबै वयस्क मानिसहरूले अनन्त उद्धार प्राप्त गर्नका
लागि ख्रीष्टलाई व्यक्तिगत तवरले जान्नु र आफै अग्रसर बनेर उहाँलाई ग्रहण गर्नु अपरिहार्य
हुन्छ भनि पुष्टि गर्नुहोस् ।

# अध्याय ११
# (CHAPTER XI)
# धर्मी तुल्याइनु
# (OF JUSTIFICATION)

**खण्ड – १ जोजसलाई परमेश्वरले परिणाममुखी प्रकारले बोलाउनुभएको छ, उहाँले तिनीहरूलाई सित्तैमा धर्मी पनि तुल्याउनुभएको छ ।[242] तिनीहरूका शरीरमा डाक्टरले रगत हालिदिएजस्तो धार्मिकता हालिदिएर होइन, बरु तिनीहरूका पाप क्षमा गरिदिएर र तिनीहरूका व्यक्तित्त्वलाई धर्मी भनि मान्यता दिएर उहाँले तिनीहरूलाई धर्मी तुल्याउनुभएको छ । तिनीहरूलाई जबरजस्ती बटारेर कि दोब्र्याएर होइन वा तिनीहरूले गर्न सक्ने विशेष कामबाट प्रभावित बनेर होइन, बरु केवल येशु ख्रीष्टको खातिर, उहाँकै नाउँमा परमेश्वरले सबैलाई धर्मी तुल्याउने काम गर्नुभएको छ । यसका लागि उहाँले तिनीहरूमा विश्वास रोपिदिएर होइन, तिनीहरूलाई विश्वास गर्न करमा पारेर पनि होइन वा अन्य कुनै किसिमको प्रत्युत्तर गराएर पनि होइन, परमेश्वरले ख्रीष्टमा विश्वास गर्ने सबैलाई सामान्य रीतिले धर्मी तुल्याउनुभएको छ ।[243] उहाँले तिनीहरूमा सुसमाचारमाथिको सामान्य विश्वास गरिएको होस् भन्ने चाहनुभयो, तिनीहरूले ख्रीष्टको मृत्यु नै आफ्नो लागि उद्धारको पर्याप्त आधार हो भनि स्वीकार गरे पुग्ने बनाउनुभयो । यत्ति भएमा तिनीहरूले विश्वासद्वारा उहाँमा निर्भर हुन र उहाँको धार्मिकता ग्रहण गर्न सक्दछन् । तथापि, त्यही विश्वास पनि तिनीहरूको आफ्नो नभएर परमेश्वरले दिनुभएको वरदान हो ।[244]**

---

242 रोमी ८:३०; ३:२४ ।

243 रोमी ४:५-८; २ कोरिन्थी ५:१९, २१; रोमी ३:२२, २४, २५, २७, २८; तीतस ३:५, ७; एफिसी १:७; यर्मिया २३:६; १ कोरिन्थी १:३०, ३१; रोमी ५:१७-१९ ।

244 प्रेरित १०:४४; गलाती २:१६; फिलिप्पी ३:९; प्रेरित १३:३८, ३९; एफिसी २:७, ८ ।

**खण्ड – २ त्यसकारण विश्वास गर्नु भनेको येशुलाई ग्रहण गरेर उहाँमाथि र उहाँको धार्मिकतामाथि नै निर्भर हुनु हो । विश्वास नै धर्मी ठहरिने एकमात्र साधन पनि हो ।[245] तापनि व्यक्ति यसैमा मात्रै धर्मी ठहरिँदैन, बरु विश्वास सदासर्वदै उद्धारको अनुग्रहसँगै जोडिएर आउँछ । त्यसकारण यो विश्वास मृत अवस्थाको हुँदैन किनभने यसले प्रेममा निरन्तर काम गरिरहन्छ ।[246]**

यी खण्डहरूले निम्न कुरा सिकाउँछन् :

१. परमेश्वरले जोजसलाई खास परिणामका लागि बोलाउनुभएको छ, ती सबै र तिनीहरूमात्रैले उहाँद्वारा सित्तैमा प्रदान गरिने धार्मिकता ग्रहण गर्न पाउने छन् ।

२. धर्मी तुल्याइने यो काम विशुद्धरूपमा परमेश्वरले गर्नुहुने वैधानिक तथा न्यायिक कार्य हो । यस अर्थमा परमेश्वर आफै न्यायाधीस हुनुहुन्छ, जसले विश्वास गर्नेहरूका सबै पाप–अपराधहरू क्षमा गरिदिनुहुन्छ । तिनीहरूका नाममा रहेको सबै दण्ड उहाँले रद्द गरिदिनुहुन्छ । यसरी उहाँले विश्वास गर्ने व्यक्तिलाई स्वीकार गरेर उसलाई ईश्वरीय कानुनका नजरले हेर्दै एउटा धर्मीजनका रूपमा व्यवहार गर्नुहुन्छ ।

३. धर्मी ठहऱ्याउने यो कार्य धर्मी परमेश्वरद्वारा एउटा विश्वासी जनलाई धर्मी ठहऱ्याएर वा उसलाई धर्मीजनको श्रेय दिएर सुरु हुन्छ । उहाँले यो काम उनै महान् प्रतिनिधि तथा मानिसको स्वरूपमा आउनुहुने येशु ख्रीष्टद्वारा गर्नुहुन्छ ।

४. एउटा विश्वासीमा येशु ख्रीष्टको उक्त धार्मिकता हालिदिनका लागि तोकिएको एउटै मात्र आधारभूत सर्त भनेकै उसले येशु ख्रीष्टमाथि आफ्नो सम्पूर्ण आस्था राखेर उहाँको धार्मिकता ग्रहण गर्नु हो ।

५. यो विश्वास आफै परमेश्वरद्वारा दिइएको एउटा वरदान हो ।

६. धर्मी ठहऱ्याउने कामका लागि विश्वासले जस्तो अपरिहार्य सर्त वा साधनको रूपमा अर्को कुनै कुराले गर्न सक्दैन — न अनुग्रह, न ता प्रेम वा आशा वा आज्ञा पालनले मानिसलाई धर्मी ठहऱ्याउन सक्छ । तापनि धर्मी ठहऱ्याइएको व्यक्तिमा

---

[245] यहुन्ना १:१२; रोमी ३:२८; ५:१ ।
[246] याकुब २:१७, २२, २६; गलाती ५:६ ।

विश्वास मात्रै सबैथोक होइन, यसका लागि सधैँभरि ख्रीष्टियन अनुग्रह र यससित सम्बन्धित अन्य चरित्रहरू पनि जोडिएर आउँछन्, तथापि यी सर्बैको जरा विश्वासमा नै गडेको हुन्छ ।

१. परमेश्वरले जोजसलाई परिणाममुखी बोलावटद्वारा आफूमा ल्याउनुभएको छ, तिनीहरू सबै र तिनीहरूमात्रै उहाँमा धर्मी तुल्याइन्छन् । तिनीहरू सबै र तिनीहरूले मात्रै नयाँ जन्म पाउँछन् । यो कुरा यी बुँदाहरूमा पुष्टि हुन्छ :

१) धर्मशास्त्रको स्पष्ट घोषणाबाटः "जस–जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो र जस–जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले धर्मी पनि ठहऱ्याउनुभयो, र जस–जसलाई उहाँले धर्मी ठहऱ्याउनुभयो, तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो" (रोमी ८:३०) ।

२) उद्धारका लागि प्रभावकारी तथा परिणामुखी बोलावट र धर्मी तुल्याउने काम दुवै आवश्यक हुन्छन् भन्ने तथ्यका आधारमा यो कुरा पुष्टि हुन्छ । यी दुवै परमेश्वरले दिनुहुने अपरिवर्तनीय र सदा प्रभावकारी बोलावटका साथै चुनिएका मानिसहरूको अनन्त उद्धारको काम गर्ने सवालमा आधारभूत कदम हुन् ।

३) जोजतिले साँच्चिकै विश्वास गर्छन्, तिनीहरूमात्रै धर्मी तुल्याइने छन् भन्ने तथ्यका आधारमा यो कुरा पुष्टि हुन्छ । अनि जोजतिले उहाँमा नयाँ जीवन पाएका छन्, तिनीहरूले मात्रै यस प्रकारको साँचो विश्वास गर्नसक्दछन् ।

२. यसको स्वभावका निम्ति धर्मी तुल्याउने यो काम परमेश्वरले न्यायधीसको रूपमा गर्नुहुने काम हो, जहाँ परमेश्वरले विश्वासीहरूका सबै पापहरू क्षमा गरिदिनुहुन्छ । तिनीहरूका नाम वा खण्डमा परेको सबै दण्ड उहाँले रद्द गरिदिनुहुन्छ । यसरी उहाँले विश्वास गर्ने व्यक्तिलाई स्वीकार गरेर उउटा विश्वासी जनलाई ईश्वरीय कानुनका नजरले हेर्दै एउटा धर्मीजनका रूपमा व्यवहार गर्नुहुन्छ । यसमा तल दिइएका थप दुईओटा तथ्यहरू जोडिएर आउँछन् :

१) धर्मी तुल्याउने काम परमेश्वरले गर्नुहुने न्यायिक काम हो । जहाँ व्यवस्थाले माग गरेका सबै आदेशहरू हामीले पालन गरौँ भनि उहाँले बताउनुभएको छ । यो कुरा हाम्रो जीवनको लागि तोकिएको सर्तका रूपमा मानिलिनु आवश्यक हुन्छ । यो अनुग्रही बनेर शक्तिको प्रयोगद्वारा गरिएको काम होइन । हामीलाई पवित्र

तुल्याएर व्यवस्थाले तोकिदिएका सबै मापदण्डहरू पूरा गर्न सक्ने नैतिक चरित्रको व्यक्ति बनाइदिने काम पनि यो होइन । रोमन क्याथोलिकहरूले “धर्मीकरण” वा धर्मी तुल्याउने शब्दको प्रयोग गर्दा अत्यन्तै सतही र सामान्य अर्थमा गर्ने गरेका छन् । उनीहरूले यसलाई पाप क्षमा र अनुग्रह प्रवाह गरिएकै अर्थमा बुझ्ने–बुझाउने गरेका छन् । सोसेनियन र प्रायश्चितको नैतिक प्रभावको सिद्धान्त सिकाउनेहरूले धर्मी तुल्याउने कार्यलाई शुद्ध तुल्याउने कार्यकै अर्थमा सिकाउने गरेका छन् । त्यसको अर्थ मानिसलाई व्यक्तिगतरूपमा पवित्र तुल्याउन सकिन्छ भन्ने हो । जसै धर्मीकरणलाई विश्वाससित जोडेर बुझ्न खोजिन्छ, माथि बताइएझैँ, यसको साँचो अर्थ मार्टिन लुथरद्वारा प्रारम्भ गरिएको मण्डली पुनर्जागरणको महान् र विजयी सिद्धान्तको केन्द्रविन्दुमा राखेर बुझ्न अझै राम्रो हुन्छ । यसको सत्यता निम्न बुँदाहरूमा पुष्टि हुन्छ :

(क) सही साबित गर्नु ९वगकतषथ० भन्ने अंग्रेजी शब्दको अर्थबाट यसको सार्थकता प्रष्ट हुन्छ । त्यही शब्द नयाँ करारमा प्रयोग गरिएको ग्रीक शब्द Δικαιολογώ (म्ष्पबष्ययिन) कै अर्थमा लिइएको देखिन्छ । यी दुवैको प्रयोग उस्तै अर्थमा गरिएको पाइन्छ, जसअनुसार कुनै मानिसले आफूलाई व्यवस्था वा कानुनको दृष्टिमा सही साबित गर्नु भन्ने अर्थ हुन्छ । त्यसले मानिसलाई पवित्र तुल्याउने भन्ने अर्थ कतै दिएको छैन (गलाती २:१६; ३:११) ।

ख) धर्मशास्त्रमा धर्मीकरणको प्रयोग सधैँजसो दण्डको विपरीत अर्थमा गरिएको छ । अर्थात्, मानिसलाई उसका सबै जन्मसिद्ध पापको अनिवार्य दण्डबाट छुटकारा दिएको अर्थमा धर्मी तुल्याइने कुरा पुष्टि हुन्छ । “शुद्ध गर्नु”को विपरीत अर्थ “फोहर गर्नु” वा “प्रदुषण फैलाउनु” हो । तर “धर्मी तुल्याउनु”को विपरीतार्थ भने “दण्डित गर्नु” हो (रोमी ८:३०–३४; युहन्ना ३:१८) ।

ग) “धर्मी तुल्याउनु” शब्दावलीको सही तात्पर्य सो अर्थ बुझाउनेगरी धर्मशास्त्रमा प्रयोग गरिएका केही शब्दहरूबाट लिन सकिन्छ । उदाहरणको लागि, “काम बिनै धार्मिकता पहिऱ्याइएको” वा “पाप–अपराध क्षमा गरिएको” वा “पाप ढाकिदिनु”, आदि (रोमी ४:६–८) । यसको अर्थ “दण्डमा नपुऱ्याउनु” वा “दण्डबाट जोगाउनु” भन्ने पनि हो (युहन्ना ५:२४) ।

घ) धर्मशास्त्रका अरू पनि थुप्रै खण्ड –हरूमा तुल्याउनु भन्नेजस्तो बेतुकी अर्थलाई काट्ने शब्दावलीको प्रयोग गरिएको पाइन्छ । धर्मी तुल्याउनु भनेको कानुनी अर्थमा आममाफी दिएर दोषमुक्त गर्नुजस्तै हो । जस्तैः “किनभने व्यवस्थाबमोजिम गरिएको कामद्वारा कोही पनि धर्मी ठहरिँदैन” अथवा “यदि तिमीहरू व्यवस्थाद्वारा धर्मी ठहऱ्याइएको हौँ भने ता ख्रीष्ट तिमीहरूका निम्ति केही अर्थको पनि रहनुभएन” (गलाती २:१६; ५:४) ।

ङ) धर्मशास्त्रमा “धर्मी तुल्याइने” र “शुद्ध तुल्याइने” वाक्यांशहरूलाई भिन्नभिन्न अनुग्रहमा प्रयोग गरिएको पाइन्छ, तापनि यी दुवैलाई फरक अर्थमा छुट्याएर बुझ्नुपर्छ भन्ने छैन । यी दवै उस्तै अर्थ दिने शब्द हुन्, तापनि प्रकृति, आधार र उद्देश्यका द्दष्टिले यी दुवै फरक छन् (१कोरिन्थी ६:११) ।

२) धर्मी तुल्याइने विषयले क्षमादानको कुरामात्रै गर्दैन । वास्तावमै यसमा पाप क्षमा समावेश हुन्छ । त्यसका अलावा यसमा धर्मी तुल्याइएको एउटा व्यक्ति व्यवस्थाले तोकिदिएका सबै बन्धनहरू उन्मुक्त हुन्छ भन्ने प्रस्ट उद्घोष यसले गर्दछ । व्यवस्थाले तोकिदिएका सिद्ध आज्ञा पालनका मागहरू पूरा गर्न नसकेकोमा गुमेको सम्पूर्ण असल चरित्र, असल गर्ने आत्मबल र इनामहरू जीवनको करारद्वारा फिर्ता गराउने काम यसमा समावेश हुन्छ ।

यहाँ, क्षमादानले यी कुराहरू प्रस्ट गर्छ — क) व्यवस्थाका दावीहरूबाट उन्मुक्त रहनु, अथवा तोकिएको मुद्दा वा झमेलाबाट अलग्गै रहनु । ख) यो विशुद्ध रूपमा आफूले पाएका अधिकारहरूको उपभोग गर्न पाउने वैधानिक अवसर हो । ग) कृपा प्राप्त गरेको अनुभूतिमा अथवा प्रतिबन्धात्मक सार्वजनिक नीतिको पकडबाट उन्मुक्ति पाएको बुझाइमा यो सबैका लागि सित्तैमा उपलब्ध गराइएको छ । घ) यसले सहज रूपमा पापको दण्ड भोग्नबाट छुटाउँछ ।

अर्कोतर्फ, धर्मी तुल्याइने विषय — क) न्यायधिसले विधानबमोजिम गर्ने काम हो, सार्वभौम अख्तियारमा रहेको व्यक्तिले तजबिजका आधारमा गर्ने कामजस्तो यो होइन । ख) यो सोझो अर्थमा व्यवस्थाले स्थापित गरेको परिवेशमा र तथ्यमा खडा हुन्छ । यो सिद्ध धार्मिकता नभएको अवस्थामा असम्भव हुन्छ । ग) यसले व्यवस्थाको वकालत गर्छ, व्यवस्थाबाट छूट पाउने अवस्थाको होइन र व्यवस्थाका सबै मागहरू सम्पूर्ण रीतिले पूरा गरेको चाहन्छ । घ) यसले धर्मी तुल्याइएको

व्यक्ति यथेष्टरूपमा ती सबै कुराहरूको पुनः उपयोग गर्न योग्यको छ भन्ने बताउँछ, जुन कुरा उसले व्यवस्थाको सिद्ध पालन गर्न नसकेको कारण गुमाएको थियो ।

यसरी यो विचारको सत्यता पुष्टि हुन्छ :

क) "धर्मी तुल्याउनु" भन्ने शब्दको एकरूपता र प्रस्ट अर्थबाट यसको सत्यता पुष्टि हुन्छ । कुनै व्यक्तिले पाउने क्षमा र स्वयम् व्यक्तिका बिचमा धर्मी तुल्याउने कुरामा कसैले पनि अलमल वा अस्पष्ट हुनुपर्दैन ।

ख) हामीले अध्याय ८ को खण्ड – ५ मा हेरेझैँ "प्रभु येशुले आफ्नो सिद्ध आज्ञा पालन र बलिदानद्वारा उहाँका पिताको न्यायको योग्य काम गर्नुभयो । त्यसद्वारा उहाँले मिलापमा हामीलाई ल्याउने काममात्रै सम्पन्न गर्नुभएको होइन, बरु हाम्रा लागि स्वर्गको राज्यमा प्रवेश गर्न सक्नेगरी एउटा अनन्त पुत्राधिकार पनि कमाइदिनु भएको हो । उहाँले ती सबैका लागि यी कामहरू गरिदिनुभयो, जो–जसलाई पिताले पुत्रकहाँ ल्याउनुभएको छ । त्यसकारण धर्मी तुल्याउने कुरा "ईश्वरीय न्यायलाई पूरै शान्त वा सन्तुष्ट तुल्याइएको अवस्थामा निर्भर हुन्छ ।" यो एउटा न्यायिक घोषणा हो, जसद्वारा व्यवस्थामा लेखिएका सबै कुराहरूलाई सन्तुष्ट बनाइयो । परमेश्वरले सार्वभौम अधिकारको प्रयोग गरेर मानिसले पाउनुपर्ने दण्डहरू "अब पर्दैन" भन्दै पन्छाउनु भएको मात्रै होइन, उहाँले वास्तवमै ख्रीष्टले सम्पन्न गर्नुभएको बलिदानप्रति सन्तुष्ट बनेर यी सबै आशिष् दिनुभयो ।

ग) धर्मशास्त्रले बताएको छ, धर्मी तुल्याउने काम एउटा सिद्ध धार्मिकताका लागि भएको हो भनि धर्मशास्त्रले बताइएको छ । "किनभने विश्वास गर्ने धर्मी ठहरियोस् भनेर ख्रीष्ट नैँ व्यवस्थाको अन्त्य हुनुहुन्छ" (रोमी १०:४; हेर्नुहोस्, रोमी १०:३–९; १कोरिन्थी १:३०) । क्षमादानको खास आधारभूत कुराचाहिँ के हो भने यस्तो क्षमा पाएको मानिसले उत्ति नैँ बेला धार्मिकताले ढाकिएको हुन्छ भन्ने होइन । अर्थात्, पाप क्षमा पाउँदैमा कोही पनि धर्मी भैहाल्दैन । धर्मी तुल्याइनुको खास अर्थ पनि अब धर्मी ठहऱ्याइएको व्यक्तिले अब धार्मिकता ग्रहण गर्न सक्दछ भन्ने हो र त्यसबाट उसले व्यवस्थाले तोकिदिएका सबै मागहरू पूरा गरेको मानिन्छ । उसरी हामी "उहाँमा परमेश्वरका धर्मी जनहरू भनि कहलाइन्छौँ" (२कोरिन्थी

५:२१) । धर्मी तुल्याउने कामलाई अर्थ्याउदा "पापलाई बढ्ता श्रेय नदिइकनधर्मी तुल्याइएको" भन्ने गरिएको छ, जसरी "काम नभए पनि धार्मिता हालिदिएकोरू" भनिएको छ (रोमी ४:६–८) ।

घ) धर्मी तुल्याउने कामको प्रभाव क्षमा प्रदान गर्ने कामकोभन्दा ज्यादै प्रभावशाली हुन्छ । धर्मी तुल्याउने कामबाट "परमेश्वरसँग मिलाप" गराउँछ । यसले मुक्तिको निश्चयता दिन्छ (रोमी १०:१–१०) र पवित्र तुल्याइएका मानिसहरूसँगै यसले हामीलाई उहाँमा साझे हकवाला बनाउँछ (प्रेरित २५:१८) ।

३. परमेश्वरले नियुक्त गर्नुभएका महान् मुक्तिदाता तथा मानव प्राणीका एकमात्र रक्षक येशु ख्रीष्टद्वारा प्रदान गरिने अनन्त मुक्तिबाट धर्मीकरण गराउने कामको थालनी हुन्छ । बृहत् धार्मिकविधिको प्रश्नोत्तरमाला ७० मा यस्तो लेखिएको छः "धर्मीकरण भनेको परमेश्वरले पापी मानिसहरूमाथि अत्यन्तै उदार बनेर परमेश्वरले गरिदिनुहुने काम हो, जसमा उहाँले तिनीहरूका सबै पापहरू क्षमा गरिदिनुहुन्छ, उहाँले आफ्नो दृष्टिमा तिनीहरूलाई स्वीकार गर्दै तिनीहरूको गणना गर्नुहुन्छ वा महत्त्व दिनुहुन्छ । तिनहरूका अन्तरमनमा भएको पापी स्वभावलाई हटाउनुहुन्छ र तिनीहरूलाई आफ्नो दृष्टिमा धर्मी तुल्याउनुहुन्छ । तिनीहरूको जीवनलाई धर्मी काममा लगाएर होइन वा तिनीहरूलाई नै व्यवस्थाका सबै मागहरू पूरा गर्न लगाएर पनि होइन, बरु तिनीहरूका लागि ख्रीष्टले जे गरिदिनुभएको छ, त्यसैमा ख्रीष्टले देखाउनुभएको पूर्ण जिम्मेवारी, आज्ञाकारिता तथा उहाँले सम्पन्न तुल्याउनुभएका सबै कामहरूको आधारमा । परमेश्वरद्वारा नै सबै मानिसहरूका लागि धार्मिता दिइयो र उहाँले ती सबैमाथि धार्मिकता हालिदिनुभयो र सबैलाई तिनीहरूको विश्वासद्वारा आफूमा स्वीकार गर्नुभयो (तुलना गर्नुहोस्ः बृहत् धार्मिकविधि, प्रश्नोत्तरमाला ७७ र संक्षिप्त धार्मिकविधि, प्रश्नोत्तरमाला ३३) ।

आर्मेनियनहरू विचार गर्छन्, ख्रीष्टको खातिर व्यवस्थाले गरेका माग–दावीहरू कृपापूर्वक घटाइयो । विश्वास र सुसमाचारको प्रत्युत्तरमा गरिएको सिद्ध आज्ञा पालनलाई धर्मीकरणको लागि आधार मानियो । हामीले मानिआएको र सबैजसो रिफम्र्ड तथा लुथरन समुहको स्वीकारोत्तिमा सिकाइने शिक्षा के हो भने

धर्मीकरणको साँचो आधार ख्रीष्टको सिद्ध धार्मिकता हो – त्यो सक्रिय वा निस्क्रिय दुवै हुनसक्छ । त्यो धार्मिकता विश्वासीहरूमा राखिन्छ र विश्वासको कामद्वारा त्यसलाई स्वीकार गरिन्छ (संक्षिप्त धार्मिकविधि, प्रश्नोत्तरमाला ३३) यो कुरा निम्नानुसार पुष्टि हुन्छः

(१) किनभने धर्मशास्त्रले जहाँसुकै हामी आफ्ना कामद्वारा धर्मी तुल्याइँदैनौँ भनि जोड दिएको छ । यसले प्रायजसो सबै किसिमका कामहरूलाई जनाउँछ । स्वाभाविक वा कल्याणकारी, कुनै पनि कामलाई नछुट्टयाइकन यहाँ मानिसले गर्न सक्ने सबैखाले कामको कुरा गरिएको छ, ती कुनैले पनि कसैलाई अनन्त उद्धार प्रदान गर्नेछैनन् (रोमी ४:४–८; ६:६) ।

(२) किनभने जस्तोसुकै किसिमको भए पनि असल कामले धार्मिकताको लागि आधार तय गरिदिँदैनन्, बरु त्यस्ता असल कामहरू उद्धार पाएको वा धर्मी ठहऱ्याइएको परिणामका रूपमा गनिन सक्छन् । "अबउसो पापले तिनीहरूमाथि अधिकार नगरोस्, किनभने तिमीहरू अब व्यवस्थाको अधीनमा छैनौँ, बरु अनुग्रहको अधीनमा ल्याइएका छौँ" (रोमी ६:१४) । "अब हामीलाई व्यवस्थाबाट छुटकारा दिइएको छ, जहाँ हामी मरेतुल्य भएका थियौँ । अब हामी पुरानो विधानको अधीनमा छैनौँ बरु पवित्रआत्माको नयाँपनमा हामी सेवा गर्छौँ" (रोमी ७:६) ।

३) किनभने ख्रीष्टले व्यवस्थाको पूर्ण परिपालन गरेर त्यसको सिद्ध धार्मिकता र परिपूर्ति दुवै काम सम्पन नगरिदिनुभयो भनि धर्मशास्त्रले घोषणा गरेको छ । हाम्रो धार्मिकताको साँचो जग हाम्रा मुक्तिदाता ख्रीष्टले हामीलाई धर्मी बन्नका लागि व्यवस्थाले तोकिदिएका सबै कामहरू पूरा गरिदिनुभयोः "जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहऱ्याएर जीवन ल्याउँछ । किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरैजना पापी बनाइए, त्यसैगरी एकैजनाको आज्ञाकारिताद्वारा धरैजना धर्मी बनाइने छन्" (रोमी ५:१८–१९; १०:४; १कोरिन्थी १:३०; २कोरिन्थी ५:२१; फिलिप्पी ३:९) ।

४) किनभने धर्मी तुल्याउने काममा नै विश्वासीहरूमा धार्मिकता प्रदा नगरिएको छ भनि धर्मशास्त्रले पुष्टि गरेको छ । "पाप हालिदिने" वा "धार्मिकता

हालिदिने" जस्ता वाक्यांशहरूको आत्मिक प्रयोग कसैको व्यक्तिगत खातामा केही थपघट गरिदिनु वा कसैलाई ऋण बोकाउनु वा कसैमाथि दोष थोपर्नु वा असल कामको श्रेय दिनु, अथवा कसैको अपराध कानुनी प्रक्रियाले माफी गरिदिनु भन्ने अर्थमा गर्ने गरिएको छ । यहाँ बारम्बार भनिएको कुरा, हाम्रा सबै पाप–अपराधहरू ख्रीष्टमा सारिएका छन् (यशैया ५३:६, १२; गलाती ३:१३; हिब्रू ९:२८; १पत्रुस २:२४) । ती सबैका पापको लेखा उहाँको शिरमा राखियो र त्यसैअनुसारको दण्ड दिइयो र यसरी तिनीहरू सबैलाई भने न्यायपूर्ण छुटकारा मिल्यो । त्यसैगरी ख्रीष्टको धार्मिकता ती सबैमा सारियो, अथवा त्यस धार्मिकताको इनाम ती सबैका खातामा हालियो । यसरी हरेक विश्वासीमा ख्रीष्टको सिद्ध धार्मिकतामा उनीहरूका लागि करार बाँधेर प्रतिज्ञा गरिएका सबै आशिष् र इनामहरू यथोचित प्रकारले उनीहरूकै निम्ति उपलब्ध गराइयो (रोमी ४:४–८; २कोरिन्थी ५:१९–२१) । हिब्रू र ग्रीक भाषामा "सारिने" वा "श्रेय दिने" शब्दहरूको प्रयोग पनि ठिक यही अर्थ जनाउनेगरी भएको देखिन्छ (हेर्नुहोस्ः लेवी ७:१८; गन्ती १८:२७–३०; मर्कुस १५:२८; लुका २२:३७; रोमी २:२६; ४:३–९; २कोरिन्थी ५:१९) ।

हामीले स्वीकार गरेको सैद्धान्तिक बुझाइ सम्पूर्ण सुधारवादी (प्रोटेष्टेण्ट) मण्डलीहरूले मानिआएको सिद्धान्त हो । यही कुरा रिफम्र्ड र लुथरन मण्डलीहरूले पनि मानिअनएका छन् ।

काल्भिनले आफ्नो पुस्तक 'इन्ष्टिच्युटमा भनेका छन्, "एउटा व्यक्ति उसले गरेका धर्मी मार्गहरूद्वारा होइन, बरु विश्वासद्वारा धर्मी ठहऱ्याइन्छ, यसरी ऊ ख्रीष्टको धार्मिकताले पहिऱ्याइन्छ र ऊ अबउसो परमेश्वरको नजरमा पापी होइन, धर्मी व्यक्ति बनेर देखापर्छ" (काल्भिन, खण्ड – 'ख', ३; यस पुस्तकको अध्याय ११, खण्ड – २) ।

हेडल्बर्गको प्रश्नोत्तरमाला नं. ६० मा लेखिएको छ, "तिमी परमेश्वरको नजरमा कसरी धर्मी ठहरिन्छौ होला ? त्यो त येशु ख्रीष्टमा साँचो मनले विश्वास गरेर मात्रै हो, त्यसपछि तिम्रो विवेकले तिमीलाई समग्रमा पापी नै छौँ भनेर दोष्याए पनि, परमेश्वरका आज्ञाहरूमध्ये एउटै पनि अटेर गरेको भए तापनि र अझै पनि दुष्टतातिर नै मन लगाइरहेको भए तापनि, मैले गर्न सक्ने कुनै असल कार्यको कारण परमेश्वरलाई खुशी पार्न सकेकोले होइन, बरु उहाँको प्रशस्त अनुग्रहले

ममाथि सिद्ध धार्मिकता पहिऱ्याउनु भयो, उहाँले ख्रीष्टको धार्मिकता र पवित्रता ममाथि हालिदिनुभयो ।"

लुथरनहरू पनि सहमत छन्, "परमेश्वरका सामुन्ने धर्मीजन बनेर उभिनका लागि हाम्रा विश्वासमाथि उहाँको अनुग्रह राखिदिएर मात्रै सम्भव हुन्छ । अथवा उहाँमा विश्वास गर्नेहरूले मात्रै धार्मिकता पहिरिन सक्नेछन्, जसले येशु ख्रीष्टको आज्ञाकारिता, दुःखकष्ट र पुनरूत्थानमाथि विश्वासगरी आफ्ना पाप स्वीकार गरेर उहाँलाई आफ्नो मुक्तिदाता भनि ग्रहण गरेका छन् । त्यही कामद्वारा ख्रीष्टले हाम्रो खण्डमा परेका सबै दण्डहरू भोगिदिएर हाम्रा पापहरूलाई रद्ध गरिदिनुभयो । उहाँको त्यही कामद्वारा हामीले वैधानिकरूपमा छुटकारा पायौँ । उहाँले गर्नुभएको सम्पूर्ण आज्ञाकारिताको कारण त्यसैले परमेश्वर हाम्रा पापहरू मेटाइदिनु हुन्छ, हामीलाई असल र पवित्र व्यक्ति मान्नुहुन्छ र हामीलाई अनन्त उद्धार प्रदान गर्नुहुन्छ, हो परमेश्वर हामीलाई अबउसो धर्मीजनको रूपमा हेर्नुहुन्छ ।"

४. एउटा विश्वासीमाथि कृपा पूर्वक ख्रीष्टको धार्मिकता पहिऱ्याउने अति महत्त्वपूर्ण र एकमात्रै सर्त त्यहाँबाट सुरु हुन्छ, जसै उसले ख्रीष्टमा आफ्नो विश्वासको अभ्यास गर्न थाल्दछ । उसले धार्मिकता ग्रहण गर्ने अथवा उहाँमा स्वीकृत हुने र धर्मी तुल्याइने खास आधारको रूपमा साधारण विश्वासको अभ्यास गर्न थालेकै क्षणदेखि उसका धार्मिकता खन्याइने छ । यहाँ विश्वासलाई धार्मिकताको निम्ति "पूर्वसर्त" मानिएको छ, किनकि यो नै अति आधारभूत पूर्वसर्त हो । हुन त मानिसको प्राणलाई सधैँजसो स्वतन्त्र इच्छामा काम गर्ने अवसर दिइएको छ, तापनि उद्धारको निम्ति विश्वासलाई नै मुख्य माध्यम वा औजारको रूपमा लिइएको छ । यसले नै प्राणलाई ख्रीष्टको धार्मिकताका लागि योग्य ठहऱ्याउँछ । यो काम आफैमा एउटा विधि पूरा गरेझैँ व्यवस्थाले तोकिदिएका सबै दायित्त्वहरू कानुनीरूपमा पूरा गर्ने आधार बन्छ ।

ख्रीष्टमा गरिएको विश्वासबाहेक अर्को कुनै अनुग्रह चाहिन्न भनेर धर्मशास्त्रमा सबैतिर प्रस्ट गरिएको छ । धर्मशास्त्रमा विश्वासलाई नै उद्धार र धार्मिकता ग्रहण गर्नका लागि अपरिहार्य साधनका रूपमा लिइएको भनि पुष्टि भैसकेको छ (गलाती २:१६; रोमी ४:९; प्रेरित १६:३१) ।

विश्वास एउटा साधन हो, जसद्वारा मानिसको प्राणले ख्रीष्टको धार्मिकतामा धर्मी ठहरिने सही आधार पाउँछ । आर्मेनियनहरूले भन्ने गरेअनुसार त्यो धार्मिकता मानव प्राणको आफ्नो प्रयत्नले होइन भन्ने कुरा निम्न बुँदाहरूबाट पुष्टि हुन्छः

१) किनभने माथि देखाइएअनुसार ख्रीष्टले देखाउनुभएको पवित्र विधि पालनको आज्ञाकारिता र दुःखकष्ट नै मानिसले पाउने धार्मिकताको पर्याप्त आधार हो ।

२) किनभने विश्वास आफैमा एक प्रकारको "काम" हो । कुनै कामको आधारमा धार्मिकता प्राप्त गर्न असम्भव हुन्छ भनि पावलले प्रस्ट गरेका छन् (रोमी ३:२०–२८; गलाती २:१६) ।

३) किनभने विश्वासको स्वभाव नै आफै काम गर्ने नभएर केही कुरामाथि निर्भर हुने भएकोले धार्मिकताको लागि यसले ख्रीष्टमा विश्वास गर्नु अपरिहार्य छ । यसले आफैमा वैधानिक तवरले धार्मिकता प्राप्त गर्ने वा धर्मी ठहरिने क्षमता राख्दैन ।

४) किनभने हामीले विश्वास 'द्वारा' धार्मिकता प्राप्त गरेका छौँ भनि धर्मशास्त्रमा घरिघरि पुष्टि गरिएको छ । यहाँ प्रस्ट हुनुपर्ने कुरा के हो भने हामी विश्वासको माध्यमद्वारा धर्मी ठहरिएका हौँ, हामीसँग विश्वास भएकोले वा हाम्रो विश्वासका खातिर भनि कतै लेखिएको छैन अर्थात् हामीमा विश्वास भएकैले हाम्रो उद्धार भएको होइन, बरु त्यस विश्वासको प्रयोग गरेको कारण हामीले उहाँको धार्मिकता पाएका हौँ ।

५. यो विश्वास पनि हाम्रो आफ्नो होइन । यो त परमेश्वरले कृपागरी दिनुभएको वरदान हो (एफेसी २:७, ८; प्रेरित १४:२७) ।

६. जबकि अर्को कुनै पनि असल कार्य वा कृपासित नजोडिकन केवल विश्वासको प्रयोगले मात्रै हाम्रो उद्धार भएको हो, यो नै मानव प्राणको उद्धारका लागि पर्याप्त साधन हो, तापनि धर्मी तुल्याइएको व्यक्तिमा यही एउटामात्रै कुरा हुनुपर्छ भन्ने होइन । साँचो विश्वास जहिल्यै ख्रीष्टियन जीवनका अरू सबैखाले कृपापूर्ण कार्यहरूसित जोडिएर आउँछ । यसकारण पनि हामीले स्वीकार गरेको 'धर्मीकरणको सिद्धान्त' भने याकुब २:१४ लेखिएको प्रसिद्ध वचनसँग घरिघरि

फरक पर्न जान्छ । तर बुझ्नुपर्ने कुरा के हो भने पावल र याकुबले भिन्न प्रसङ्गमा लेखेका हुन् । पावलले फरिसीहरू र विधिवादीहरूसँग तर्क गरेका हुन् भने याकुबले चाहिँ उद्धार प्राप्त गरेपछि पनि विश्वास निस्काम छ भने त्यसबाट केही लाभ हुँदैन भनेका हुन् । याकुबले सिकाएका छन्, यदि विश्वास मरेतुल्य छ, त्यसले केही काम गर्दैन भने त्यो विश्वास केही कामको हुँदैन । पावलले विश्वासलाई धर्मी तुल्याउने सर्तको रूपमा प्रयोग गरेका छन्, उनका अनुसार विश्वास धर्मी ठहराइनका लागि पूर्वसर्त हो । अर्कोतिर याकुबले चाहिँ एउटा उद्धार पाएको व्यक्तिले विश्वास गरे अनुसारको काम गर्दैन भने त्यसले उसको 'विश्वास' पुष्टि हुन नसक्ने भनेका हुन् । तर दुवैले भनेको केचाहिँ सत्य हो भने विश्वासले व्यक्तिलाई धर्मी तुल्याउँछ र कामले उसको विश्वासलाई पुष्टि गर्छ ।

यसैगरी अर्थोडक्स धर्मशास्त्रीहरूले प्रायजसो मानिलिएको कुरा के हो भने जब विश्वासले मात्रै मानिसलाई धर्मी तुल्याउँछ भन्ने कुरा सही हो । यसमा विश्वास भए अरू केही पनि चाहिन्न, मानिसका अरू कुनै पनि योग्यताहरू उद्धार पाउनका लागि अपूरो हुन्छन् । उनीहरूले गर्ने असल वा कल्याणकारी कामहरू पनि उद्धारको सवालमा निस्फल हुन्छन् । ती केही कुराले पनि मानिसलाई धर्मी ठहऱ्याउन सक्ने छैनन् । मार्टिन लुथरले भनेका छन्, "जब मानिसलाई ख्रीष्टमा धर्मी तुल्याउने कुरा आउँछ, त्यसबेला उसले गरेका असल कामहरूको गन्ती गरिँदैन । तर साँचो विश्वासले त्यही कुरा प्राप्त गर्छ । बरु सूर्यले उज्यालो दिन छाड्ला, अनन्त उद्धार र धार्मिकता प्राप्त गर्नमा साँचो विश्वास कदापि असफल हुने छैन ।"

**खण्ड – ३ आफ्नो आज्ञाकारिता र मृत्युद्वारा ख्रीष्टले धर्मी तुल्याइएका सबैका पाप–अपराधहरूको मूल्य चुकाउनुभयो । उहाँले तिनहिरू पक्षमा पिताको न्यायको खातिर गर्नुपर्ने सबै विधि पूरा गरेर साँचो र वास्तविक धार्मिकता प्रदान गर्नुभयो ।[247] पिताले तिनीहरूलाई जेजति दिनुपर्थ्यो दिनुभयो ।[248] उहाँको आज्ञाकारिता र तिनीहरूको पक्षमा उहाँले पूरा गर्नुपर्ने सबै**

---

[247] रोमी ५:८-१०, १९; १ तिमोथी २:५, ६; हिब्रू १०:१०, १४; दानिएल ९:२४, २६; यशैया ५३:४-६, १०-१२ ।
[248] रोमी ८:३२ ।

**कामहरू स्वीकार गरियो ।[249] तिनीहरूबाट विश्वास बाहेक अरू केही कुराको दावी नगरिकन तिनीहरूलाई धर्मी तुल्याउने अनुग्रह सित्तैमा दिइयो ।[250] यसरी पापीलाई धर्मी तुल्याउने काममा परमेश्वरको अनुग्रहको प्रचुरता र पक्का गरिएको न्यायको कारण उहाँलाई नै महिमा भएको होस् ।[251]**

यस खण्डमा प्रवेश गराइएको पहिलो सत्य के हो भने, ख्रीष्टले आफ्नो आज्ञाकारिता र मृत्युद्वारा धर्मी तुल्याइएका सबैको पापको ज्याला पूरै चुक्ता गरिदिनुभयो । उहाँले तिनीहरूलाई पिताको सामुन्ने राखिएको न्यायका दृष्टिले तिनीहरूको पक्षमा मुक्तिका लागि गर्नुपर्ने जति सबै काम सम्पन्न गरिदिनुभयो । हामीले यस विषयमा अध्याय ८, खण्ड – ५ मा विस्तृत कुराकानी गरिसकेका छौँ ।

माथि चर्चा गरिएका विषयहरूसँगै जोडेर यहाँ सिकाइएको दोस्रो सत्यचाहिँ धर्मी तुल्याइएको व्यक्तिका लागि सुरुदेखि अन्तिमसम्मै सो कार्य परमेश्वरले सित्तैमा दिनुहुने अनुग्रहको अचम्मलाग्दो प्रकटीकरण हो ।

यसका लागि एकमात्रै तथ्य, ख्रीष्टको धार्मिकता नै हाम्रा लागि धर्मी ठहरिने एकमात्र आधार हो । उहाँको धार्मिकताले परमेश्वरको व्यवस्थाका सबै मागहरू यथोचित ढङ्गले पूरा गर्छ । सिद्धरूपमा दिइएको स्वतन्त्रता र धर्मीकरणमा प्राप्त हुने अनुग्रह एकै धारमा प्रवाहित हुनुको सट्टा यसले अनुग्रहलाई अत्यन्त बढता हुनेगरी प्रबल बनाउँछ । प्रस्ट होस्, परमेश्वरले कि त उहाँको व्यवस्थालाई बलिदान गर्नुहुन्थ्यो, होइन भने उहाँका चुनिएकाहरूलाई अथवा आफ्नो पुत्रलाई बलिदान हुन दिनुपर्ने थियो (गलाती २:२१; ३:२१) । हुन त यो कुरा बुझ्न त्यति सहज पनि नहोला, तर यो आफ्ना चुनिएका मानिसहरूलाई बचाउनका लागि प्रेमको अत्यन्त गहन प्रस्फुटन हो । उहाँले आफ्नो अति प्यारो पुत्रलाई बलि हुन दिएर चुनिएकाहरूलाई बचाउन उचित ठान्नुभयो । प्यारो पुत्रको बलिदान नभए उहाँको

---

[249] २ कोरिन्थी ५:२१; मत्ती ३:१७; एफिसी ५:२ ।
[250] रोमी ३:२४; एफिसी १:७ ।
[251] रोमी ३:२६; एफिसी २:७ ।

व्यवस्थाको बलिदान गरेर तिनै चुनिएकाहरूलाई बचाउन उहाँलाई उचित लाग्यो, होइन भने ता तिनीहरू नै आफ्ना पापको ज्याला स्वरूप पापैमा मर्ने नै थिए । त्यसका लागि उहाँले बलिदान गर्नै पर्थ्यो, होइन भने त चुनिएकाहरूलाई बचाउनु नै खाँचो थिएन ।

ख्रीष्ट टाँगिनु भएको काठको क्रुसले ईश्वरीय न्याय र अनुग्रह एकै ठाउँमा ल्याउने काम गरेको छ । हो, त्यहाँ स्वर्गबाट आउने न्याय र अनुग्रहको किरणहरू आपसमा मिल्न आउँछन् । ती दुवैको साँच्चिकै सिद्ध रूपमा क्रुसमा मिलाप हुन्छ । यो नै सारा संसारले देख्नेगरी न्याय र अनुग्रहको उच्चता प्रकट हुन आएको पहिलो घटना थियो । सबै मानिसका निम्ति न्यायको सर्वोच्चता त्यसघडी प्रकट भयो र ठिक त्यही समयमा अनुग्रह पनि देखियो । सारा मानवका पापहरूको क्षमादानका लागि गरिएको आँकलन त्यसबेला पूरा हुँदैथियो, जब परमेश्वरका अनन्त पुत्र आफै नै कदापि उल्लङ्घन नहुने न्यायको खातिर सर्वोच्च फैसलाको रूपमा समर्पित हुनुभयो । अनि त्यसै समयमा कहिल्यै अन्त्य नहुने प्रेम पनि प्रकट भयो । तोकिएकै दण्ड भोगिदिएर न्यायको सही फैसला त्यसैबेला सम्पन्न भयो । यसरी सित्तैमा प्रदा नगरिएको अनुग्रह प्रकट गरियो — (१) पवित्र विधि सम्पन्न गर्ने क्रममा बलिदानको थुमाले भोगेको कष्टद्वारा; (२) त्यस सेवाका लागि परमेश्वरका प्रिय पुत्रको बरदानद्वारा; (३) उहाँमार्फत प्रतिनिधित्त्व गरिइने व्यक्तिहरूको सार्वभौम छनौटद्वारा र (४) त्यही प्रतिनिधित्त्वले तोकिदिएको सर्तमा प्राप्त हुने महिमित इनामद्वारा ।

**खण्ड – ४ परमेश्वरले अनन्त कालदेखि नै सबै चुनिएकाहरूलाई धर्मी तुल्याइने छ भनि वचन दिनुभएको थियो ।[252] अनि समयको पूर्णतामा ख्रीष्टले सो काम पूरा गर्नुभयो । उहाँ तिनीहरूका पापको सट्टामा मर्नुभयो र तिनीहरूकै धार्मिकताको निम्ति उहाँ मृत्युबाट पुनरूत्थान हुनुभयो ।[253] त्यसो भए तापनि पवित्र आत्माले सही समयमा तिनीहरूका जीवनमा**

[252] गलाती ३:८; १ पत्रुस १:२, १९, २०; रोमी ८:३० ।
[253] गलाती ४:४; १ तिमोथी २:६; रोमी ४:२५ ।

## ख्रीष्टले सम्पन्न गरिदिनुभएको कामको प्रयोग नगर्दासम्म तिनीहरू धर्मी ठहऱ्याइने छैनन् ।[254]

केही आर्मेनियनहरू हाम्रा सिद्धान्तसँग बिमति राख्छन् । अरू केहीले भने यसका केही कुरामात्रै स्वीकार गरेको पनि पाइन्छ । त्यो विषय हो — यदि ख्रीष्टले यस पृथ्वीमा हुँदा नै परमेश्वरका चुनिएकाहरूको निम्ति अक्षरसः व्यवस्थाको आज्ञा पालन गर्दै दुःखकष्ट भोगिदिनु भएको हो भने त्यो दण्ड (ऋण) चुक्ता गरेकै क्षणदेखि तिनीहरू सबै धर्मी ठहऱ्याइएका हुन्छन् । तर यस कुरासँग धर्मशास्त्रमा बिमति छ । त्यसका साथै सबै ख्रीष्टियनहरूले गरेको अनुभवले पनि त्यो कुरासित मेल खाँदैन । किनभने परमेश्वरले कसैलाई उद्धारको लागि विश्वास नदिनुभएसम्म कोही पनि धर्मी ठहरिँदैन ।

ख्रीष्टले दण्ड भोगिदिनुभयो । त्यो पैसाले चुक्ता गर्ने जरिवाना जस्तो होइन । त्यो त सित्तैमा प्रदान गरिएको अनुग्रहको कुरा हो, त्यही आधारमा उहाँले हाम्रो सट्टामा आफूलाई उभ्याउनुभयो । त्यसकारण पूर्णतः विधि पूरा गर्ने सवालमा पैसाले ऋण तिरिदिएजस्तो कुरा यो थिएन, चलनअनुसार पापबाट स्वतन्त्र गराइएको होइन, बरु एउटै सर्त तोकेर वा परमेश्वरले पहिल्यै करारद्वारा सहमति जनाउनुभएकै सर्तमा टेकेर वास्तविक अपराधीलाई छुटकारा दिएझैँ हामीलाई छुटाउने काम सम्पन्न भयो । एक किसिमले उहाँकै सार्वभौम अनुग्रहमा ख्रीष्ट हाम्रा प्रतिनिधि र सट्टामा बलिदान भएर मरिदिनुभयो । यसरी हामी सबै, अर्थात् उहाँका सबै मानिसहरूका खातिर उहाँ आफै र पिताबिच बाँधिएको करारको कार्यान्वयन गर्ने काम सम्पन्न भयो र हामी सबैलाई अनन्तमा प्रवेश गर्न सक्ने हैसियत प्रदान गर्नुभयो । उहाँको मृत्युको प्रभाव यसरी प्रबल बन्न सक्यो र करारमा जे कुरा सर्तको रूपमा बाँधिएको थियो, त्यहीअनुसार सबै काम सम्पन्न भयो ।

254 कलस्सी १:२१, २२; गलाती २:१६; तीतस ३:४-७ ।

**खण्ड – ५ जोजतिलाई धर्मी तुल्याउने काम भयो, ती सबैका पापहरू परमेश्वरले निरन्तर क्षमा गरिरहनुभएको छ ।[255] तथापि तिनीहरू धर्मी ठहरिएको अवस्थाबाट गिर्ने छैनन्,[256] तिनीहरूले गर्ने पापले पिता परमेश्वरको हृदयमा चोट पुऱ्याउने काम त भैरहन्छ । तिनीहरूले आफूलाई विनम्र तुल्याएर आफ्ना पाप स्वीकार गर्दै क्षमा याचना गर्ने र आफूलाई फेरि नयाँ तुल्याउने काम गर्नका लागि साँचो पश्चाताप नगरेसम्म तिनीहरूको जीवनको ज्योति र त्यसको प्रभाव पुनस्र्थापित हुने छैन ।[257]**

धर्मी तुल्याइने कामले सम्बन्धमा भयङ्कर परिवर्तनकारी र स्थायी बदलाव ल्याउँछ भन्ने कुरा यी खण्डहरूले सिकाउँछन् । यसमा सो कामको दायरामा ल्याइएका मानिसहरूले परमेश्वर स्वयम् र उहाँलाई खशी बनाउने उपायका रूपमा दिइएको पवित्र व्यवस्थाले तोकिदिएका सर्तहरूको परिपालन हुनुपर्ने कुरामा जोड दिन्छ । धर्मी तुल्याइनुभन्दा पहिले परमेश्वर एउटा रिसाहा न्यायाधीस जस्तो हुनुहुन्थ्यो र तिनीहरूलाई बहिस्कार गर्न तम्तयार भएर उभिएको न्यायधीसको रूपमा उहाँ हुनुहुन्थ्यो र उहाँले त्यस व्यवस्थालाई तुच्छ ठानेर त्यसको विरोधमा खडा हुनेलाई पनि दण्डका योग्य तुल्याउनुभयो ।

धर्मी ठहऱ्याई सकेपछि व्यवस्थाले स्वतन्त्र गराउने कुरालाई तुच्छ ठान्दैन, बरु त्यस प्रावधानको अधीनमा आएका सबैलाई अनन्तको करारमा उल्लेख भएझैं पुत्रसरह सम्मानको स्थान दिनुपर्ने माग प्रस्तुत गर्दछ । यही कुरा माया गर्ने पिताको रूपमा परमेश्वरले अबउसो स्थापित भएका सबै सम्बन्धहरूलाई सुहाउँदिला कामहरू सिर्जना गर्दै सबैलाई कुनै न कुनै जिम्मेवारी तोकिदिन थाल्नुहुन्छ । यो कुराले निश्चय नै अनुशासन र सुधारको अपेक्षा राख्दछ । उहाँसितको सम्बन्धमा रहनका लागि हामी सबैले आफूला अनुशासमा राख्नुपर्छ, हामीबाट हुने कमीकमजोरीहरूको सुधार गर्नुपर्छ र यसका साथसाथै उहाँको निर्देशन पालन गर्ने र उहाँको इनाम ग्रहण गर्ने काम पनि हामीमा हुन्छ ।

---

255 मत्ती ६:१२; १ यहुन्ना १:७, ९; २:१, २ ।

256 लुका २२:३२; यहुन्ना १०:२८; हुब्रु १०:१४ ।

257 भजनसंग्रह ८९:३१-३३; ५१:५; मत्ती २६:७५; १ कोरिन्थी ११:३०, ३२; लुका १:२० ।

त्यसकारण सबैखाले दुःखकष्ट र क्लेशका अनुभवहरूलाई मानवीय दृष्टिकोणले मात्रै हेर्ने हो भने कि त सामान्य प्रकारले आइलाग्ने रोगव्याध वा महामारीको कारण हो भन्नुपर्छ, होइन भने पापको सट्टामा आइलाग्ने दण्डको रूपमा आइलागेको हो भन्न कर लाग्छ । त्यसो होइन भने सबैखाले कष्ट र बाधाहरू हामीलाई हाम्रा खराबीबाट फर्काउनका लागि चेतावनीको रूपमा लगाइएको छडी हो भनेर मान्नुपर्छ । तर छुटकारको लागि हुने विनिमयको वास्ता नगर्ने हो भने सबै किसिमका कष्ट र समस्याहरू अनन्त दण्डको झल्को दिने सुधारात्मक उपाय वा चेतावनीको रूपमा आएका हुन् भन्नु उचितै हुन्छ । त्यसकारण धर्मी तुल्याई सकिएका मानिसहरूले भोग्ने जस्तासुकै कष्टहरू पनि त्यसपछि भने पिताले ताडनाको रूपमा हालिदिनुभएका अनुशासनको छडी हो भनि मान्दा फरक पर्दैन । किनभने ती कष्टहरू तिनीहरूकै सुधार र आत्मिक उन्नतिका लागि दिइएका हुन् — खासगरी तिनीहरूलाई पापपूर्ण आदत वा काम कुराहरूबाट सुधार गर्दै अनुग्रहमा बढाउने उद्देश्यका लागि । यसर्थ जब त्यस्ता कष्टहरू आइलाग्छन्, पहिलो कुरा त धर्मी तुल्याइएका मानिसहरूले पश्चाताप गर्दै परमेश्वरमा आफूलाई सुधार्ने र ख्रीष्टमा भएको आफ्नो विश्वासलाई बलियो बनाउने प्रयास गर्नुपर्छ । हो, ख्रीष्टमा उद्धार पाइसकेका हरेकले नै जीवनमा दुःखकष्ट आइलाग्दा वा आफू उहाँबाट टाढा भएको वा उहाँको प्रत्यक्ष अनुग्रह (साथ) मा केही कमी हुँदैछ कि भन्ने महसुस हुना बित्तिकै पश्चाताप र विश्वासको अभ्यास गर्नु उचित हुन्छ र यसरी उहाँबाट क्षमा पाउने आशा र उहाँको उपस्थितिमा हामीलाई ल्याउनुभएको प्रस्ट अनुभव गर्न सकिन्छ । यस विषयमा हामी चर्चा गरेका कुराहरू एकपटक जाँचेर हेर्नुहोस् ।

## खण्ड – ६ यस विषयमा जसरी नयाँ करारका विश्वासीहरूलाई धर्मी तुल्याउने काम हुन्छ, ठिक त्यसरी नै पुरानो करारको व्यवस्था अन्तरगत विश्वासीहरूलाई धर्मी तुल्याउने काम हुने गर्दथ्यो ।[258]

---

[258] गलाती ३:९, १३, १४; रोमी ४:२२-२४; हिब्रु १३:८ ।

यो खण्डमा जे विषयमा चर्चा गरिइने हो, सो यसअघि नै प्रस्टसँग सिकाइएको छ (हेर्नुहोस् — अध्याय ७, खण्ड – ४–६; त्यसैगरी अध्याय ८, खण्ड – ६) ।

## प्रश्नहरू

१. यस अध्यायको पहिलो र दोस्रो खण्डमा सिकाइएको पहिलो विचार वा धारणा के हो ?
२. यहाँ सिकाइएको दोस्रो धारणा के हो ?
३. तेस्रो विचार के हो ?
४. चौथो विचार के हो ?
५. पाँचौँ विचार के हो ?
६. छैठौँ विचार के हो ?
७. परमेश्वले जोजसलाई पुनर्जीवन (नयाँ जन्म) दिनुभएको छ, तिनीहरूलाई मात्रै उहाँले धर्मी तुल्याउनु
हुन्छ भन्ने कुरा तपाईं कसरी प्रमाणित गर्नुहुन्छ ?
८. धर्मीकरण वा धर्मी तुल्याउने कामको प्रकृतिका बारेमा दिइएको पहिलो विचार के हो ?
९. यस विषयमा रोमन क्याथोलिकहरूको धारणा के रहेको छ ?
१०. प्रायश्चितमा नैतिक प्रभावको सिद्धान्त मान्नेहरूले कस्तो धारणा राख्ने गरेका छन् ?
११. यो सत्यको पहिलो पटक कहिले र कसले अडान लिँदै यसमा आवश्यक सुधार गऱ्यो ?
१२. परमेश्वरले आफ्नो अनुग्रहको शक्तिले कुनै पनि व्यक्तिलाई नैतिकरूपमा शुद्ध बनाउनु भएको
होइन, बरु वैधानिक (न्यायिक) रूपमा ऊ अबउसो धर्मी ठहरियो भनेर परमेश्वरले घोषणा गर्नुहुने
कामलाई नै धर्मीकरण भनिन्छ भन्ने तथ्यलाई पुष्टि गर्ने प्रमाण दिनुहोस् ।

१३. धर्मीकरणको प्रकृतिको व्याख्या गर्न प्रयोग गरिएको दोस्रो धारणा के हो ?

१४. सामान्यरूपमा गरिएको क्षमादानको आधार, प्रकृति र प्रभाव के हो ? बताउनुहोस् ।

१५. त्यसका विपरीत धर्मीकरणको आधार, प्रकृति र प्रभाव के हो ? बताउनुहोस् ।

१६. धर्मीकरण भनेको सामान्य प्रकारले गरिने क्षमा दान होइन भनि पुष्टि गर्नुहोस् ।

१७. धर्मी तुल्याउने काम कुन आधारमा सुरु हुन्छ ?

१८. धर्मीकरणको प्रकृति र आधारका बारेमा आर्मेनियनहरूले अघि सारेको विचार के हो ?

१९. त्यसका विपरीत सही विचारचाहिँ के हो त ? बताउनुहोस् ।

२०. ख्रीष्टको धार्मिकता विश्वासद्वारा मात्रै ग्रहण गर्न सकिन्छ र यो नै धर्मीकरणको साँचो आधार हो भन्ने
कुराको प्रमाण दिनुहोस् ।

२१. "पाप बोकिदिनु" भन्नुको आत्मिक प्रयोग के हो ? अनि "धार्मिकता पहिर्‍याई दिनु" भन्नुको आत्मिक
प्रयोग के हो नि ?

२२. धर्मीकरणको आधारको विषयमा जोहन काल्भिनले के कुरा सिकाएका छन् ?

२३. यस विषयमा हेडल्बर्ग प्रश्नोत्तरमालामा के सिकाइएको छ ?

२४. यसै विषयमा लुथरन "सहमति" मा के कुरा सिकाइएको छ ?

२५. धर्मकरणको प्रक्रियामा विश्वासको के सम्बन्ध हुन्छ ?

२६. धर्मीकरण सम्भव तुल्याउने एकमात्र साधन विश्वास हो भन्ने कुरा प्रमाणित गर्नुहोस् ।

२७. विश्वासको कुनचाहिँ काम धर्मी ठहर्‍याइनका लागि आवश्यक साधन बन्छ श्र

२८. यस शीर्षकमा हेडल्बर्ग प्रश्नोत्तरमालामा के सिकाइएको छ ?

२९. यसै विषयमा लुथरन "सहमति" मा के कुरा सिकाइएको छ ?

३०. यदि धर्मी ठहऱ्याइनका लागि विश्वासमात्रै माध्यम (साधन) हुन्थ्यो भने कुनै व्यक्तिले गरेको साँचो
विश्वासले उसलाई धर्मी ठहऱ्याउँछ त ?

३१. यो विषयमा याकुबले आफ्नो पत्रको दोस्रो अध्यायमा के कुरा सिकाएका छन् र पावलले यसै
विषयमा सिकाएको शिक्षा आपसमा मिल्छ कि मिल्दैन? प्रस्ट गर्नुहोस् ।

३२. यस विषयमा लुथरनहरू के भन्छन् ?

३३. तेस्रो खण्डमा सिकाइएको पहिलो सत्य के हो ?

३४. यहाँ पहिलोसँगै जोडिएर निकै महत्त्वपूर्ण सिद्धान्त के हो ?

३५. ख्रीष्टले अक्षरसः पूरा गर्नुभएको ईश्वरीय सन्तुष्टि (आज्ञाकारिता) ले सुसमाचारको अनुग्रहलाई
पन्छाउने होइन बरु अझै जोड दिन्छ भनि पुष्टि गर्नुहोस् ।

३६. चौथो खण्डमा के कुरा सिकाइएको छ ?

३७. यस सवालमा केही आर्मेनियनहरूले हाम्रा कुराहरूका प्रतिवाद के भनेर गरेका छन् ?

३८. हामी जन्मनुभन्दा पहिले नै हामीले भोग्नुपर्ने खण्ड – ख्रीष्टले तिरिसक्नुभयो र अझ भन्नुपर्दा हामीले
विश्वास गर्नुभन्दा पनि अघि नै हामीलाई धर्मी तुल्याउनु भयो भन्ने तथ्य प्रस्ट गर्नुहोस् ।

३९. पाँचौँ खण्डले हामीलाई के कुरा सिकाएको छ ?

४०. धर्मी तुल्याइएको व्यक्तिको सवालमा त्यस धर्मी तुल्याउने कुराले के कस्तो प्रभाव पार्छ ?

४१. सबै किसिमका कष्टहरूलाई कुनकुन तीनओटा खण्डमा बाँड्नसकिन्छ ?

४२. व्यवस्थाको अटेर गर्ने अराजकले भोग्ने कष्ट कस्तो किसिमको हुन्छ ?

४३. धर्मी तुल्याइएको व्यक्तिले भोग्ने कष्ट कस्तो किसिमको हुन्छ ?

४४. छैठौँ खण्डमा के कुरा सिकाइएको छ, अनि यसबारे त्यसभन्दा अघि कहाँ चर्चा गरिएको छ ?

# अध्याय १२
# (CHAPTER XII)
# धर्मपुत्र ग्रहण
# (OF ADOPTION)

**खण्ड – १ धर्मी तुल्याइएका मानिसहरू जोजति छन्, सबैलाई परमेश्वरले ख्रीष्टमा ग्रहण गरिसक्नुभएको छ । उहाँले आफ्ना एकमात्र पुत्र प्रभु येशु ख्रीष्टमा सबै काम सम्पन्न गराउनुभएको छ, उहाँले धर्मपुत्रको रूपमा ग्रहण गर्नुहुने प्रावधानमा तिनीहरूलाई सहभागी हुन दिइएको छ ।[259] यही प्रक्रियाद्वारा उहाँको राज्यमा तिनीहरूको गणना हुन्छ । यसरी तिनीहरूले उहाँका सन्तान भएकोमा सुबिधा र स्वतन्त्रतामा आनन्द गर्न पाउने छन् ।[260] उहाँ नाउँ तिनीहरूलाई दिइएको छ ।[261] ग्रहण गराउनु हुने आत्मालाई तिनीहरूले ग्रहण गरेका हुन्छन् ।[262] तिनीहरूले उहाँको सिंहासनसम्म साहससाथ प्रवेश गर्ने अधिकार पाएका हुन्छन् ।[263] तिनीहरूले परमेश्वरलाई अब्बा – पिता भनेर पुकार्न पाएका छन् ।[264] तिनीहरूले ज्यादै कृपा पाएका छन् ।[265] तिनीहरूको सुरक्षा निश्चित गरिएको छ ।[266] तिनीहरूका सबै खाँचो पूरा गरिएको छ ।[267] अनि तिनीहरूको उपस्थितिमा पिताले झैँ परमेश्वरले आनन्द लिनु भएको छ ।[268] तिनीहरूलाई मिल्काइएन ।[269] बरु उद्धारको दिनको निम्ति तिनीहरूलाई**

---

259 एफिसी १:५; गलाती ४:४, ५ ।
260 रोमी ८:१७; यहुन्ना १:१२ ।
261 यर्मिया १४:९; २ कोरिन्थी ६:१८; प्रकाश ३:१२ ।
262 रोमी ८:१५ ।
263 एफिसी ३:१२; रोमी ५:२ ।
264 गलाती ४:६ ।
265 भजनसंग्रह १०३:१३ ।
266 हितोपदेश १४:२६ ।
267 मत्ती ६:३०, ३२; १ पत्रुस ५:७ ।
268 हिब्रु १२:६ ।
269 विलाप ३:३१ ।

**छाप लगाइएको छ ।[270] तिनीहरू उहाँको प्रतिज्ञाका भागीदार भएका छन् ।[271] तिनीहरू अनन्त उद्धारका हकदार ठहऱ्याइएका छन् ।[272]**

विश्वासको अभ्यासद्वारा ख्रीष्टसितको एकतामा तत्काल आउने विश्वासीको जीवनमा उसैबेला अबिच्छिन्नरूपमा दुईओटा कुरा हुन्छन्ः (१) परमेश्वरसँगको सम्बन्धमा सम्पूर्ण भिन्नता वा परिवर्तन र उहाँको व्यवस्था जीवनकै करारको रूपमा स्थापित हुने; (२) उसको अन्तर–आत्मिक स्वभावमा आउने भिन्नता । सम्बन्धमा आउने भिन्नताले धर्मी तुल्याउने कार्यको प्रतिनिधित्त्व गर्छ । स्वभावमा आउने बदलावचाहिँ नयाँगरी जन्मिने प्रक्रियाको परिणाम हो । मानिसलाई नयाँ सृष्टि बनाउने काम परमेश्वरको हो । मानिसको प्राण र सम्पूर्ण जीवनलाई नै नयाँ तुल्याउने, प्राणलाई नवीकरण गर्ने उहाँ आफैले सुरु गर्नुहुने काम हो । उहाँले आफूकहाँ आएका सबै मानिसका हृदयमा नयाँ आत्मिक जीवन पुनसिर्जना गर्नुहुन्छ । यसरी आफूमा आएको नयाँपनको परिणामस्वरूप सिर्जना गरिएको नयाँ सृष्टिले गर्ने पहिलो र तत्कालै गर्ने कामचाहिँ विश्वास हो, उहाँमाथि विश्वास गर्नु र ख्रीष्टको व्यक्तित्त्व र काममाथि पूर्ण भरोसा गर्दै उहाँलाई अँगाल्नु हो । नयाँ तुल्याइएको प्राणद्वारा गरिने विश्वासको अभ्यासमा हुने परमेश्वर आफैले गर्नुहुने काम धर्मी तुल्याउने काम हो । त्यसरी प्रदान गरिएको सिद्ध धार्मिकतामा एउटा पापीको विश्वासले उसको पूरै जीवनलाई काबूमा ल्याउँछ र आफूलाई सबै किसिमका बन्धन वा दण्डहरूबाट स्वतन्त्र भएको घोषणा गर्छ । यसरी ख्रीष्टले मानिसको खातिर पूरा गर्नुभएको करारद्वारा उसको जीवनलाई परमेश्वरको सम्बन्धमा वैधानिक मान्यता दिलाउनुभएको छ भन्ने प्रमाणित हुन्छ । पवित्रीकरण वा शुद्ध तुल्याउने काम आफैमा सिद्ध परिपक्कतातिर निरन्तर सम्पन्न हुँदै जाने काम हो, जुन कुरा नयाँ गरिएको जीवनमा रोपिएको (सारिएको) हुन्छ । धर्मपुत्र ग्रहण गर्ने कार्यले उहाँको नयाँ सृष्टिलाई नयाँ सम्बन्धमा ल्याउने काम जनाउँछ । यसले मानिसलाई उहाँसित हृदयमा एउटा सुमधुर सम्बन्ध गाँस्ने काम गर्छ र

---

[270] एफिसी ४:३० ।
[271] हिब्रु ६:१२ ।
[272] १ पत्रुस १:३, ४; हिब्रु १:१४ ।

उहाँमाथि विश्वास गर्ने हरेकलाई एउटा न्यानो आत्मिक 'घर' प्रदान गरिन्छ । त्यस सम्बन्धले मानिसलाई उहाँको छत्रछायाँमा हुर्किने वातावरण जुटाउँछ र उहाँको आशीर्वादी मुकुट पहिरिन योग्यको बनाउँछ । यहाँ, धर्मीकरण वा धर्मी तुल्याउने कामले सम्बन्धलाई प्रभाव पार्ने काममात्रै गर्छ । नवीकरण गर्ने वा नयाँ सृष्टि तुल्याउने र शुद्ध बनाउने कामले चाहिँ प्राणको निहित र नैतिक अवस्थामाथि मात्रै प्रचाव पार्छ । तर धर्मपुत्र ग्रहण गर्ने कामले यी दुवैलाई समेट्छ । धर्मशास्त्रमा प्रस्ट गरिएअनुसार यसले एउटा मिश्रित अवधारणा प्रस्तुत गर्छ — भर्खरै नयाँगरी सृष्टि गरिएको प्राणीलाई एउटा नयाँ सम्बन्धमा जोडिन्छ, जसमा उसलाई धर्मी तुल्याउने कामद्वारा परिचित गराइन्छ ।

धर्मपुत्र तुल्याइने यही ईश्वरीय काम, जसमा विश्वासीलाई धर्मपुत्र ग्रहण (परिवारमा सन्तान भनि स्वीकार गर्ने) कामद्वारा चिनाइन्छ । यस कार्यमा हाम्रा लागि निकै लाभदायक निम्न कुराहरू मुख्यरूपमा उल्लेख गरिएका छन्ः

१. परमेश्वरबाट एउटा आत्मिक स्वभाव प्राप्त हुनेः "सांसारिक कुइच्छाबाट अलग्गिएर ईश्वरीय स्वभावमा सहभागी होओ" (२पत्रस १:४; युहन्ना १:१३; याकुब १:१८; १युहन्ना ५:१८) ।

२. परमेश्वरको स्वरूपमा जन्म हुने, उहाँकै प्रतिरूप धारण गर्नेः "सृष्टिकर्ता परमेश्वरको ज्ञानमा नयाँ हुँदै जाने नयाँ स्वभाव धारण गर" (कलस्सी ३:१०; रोमी ८:२९; २कोरिन्थी ३:१८) ।

३. उहाँको नाम धारण गर्ने (१युहन्ना ३:१; प्रकाश २:१७, ३:१२) ।

४. उहाँको खास प्रेमका पात्रहरू बनाइनेः "तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तै तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनि संसारले जानोस्" (युहन्ना १७:२३; रोमी ५:५–८) ।

५. उहाँका पुत्रका आत्मा हामीमा बास गर्नुहुने (गलाती ४:६) । उहाँका आत्माले नै हाम्रा आत्मालाई संवेदनशील बनाउनुहुन्छ, जसले हामीलाई आत्मामा परमेश्वरका सन्तान हौं भन्ने चेतना हालिदिनुहुन्छ र हामी उहाँका आज्ञाकारी सन्तान भएको दावी गर्न सक्छौँ (१पत्रस १:१४; २युहन्ना ६) । आत्माले नै हामीलाई सबै प्रकारका बन्धनहरू, पापको दोष र मृत्युको डरबाट मुक्त गराउनुहुन्छ (रोमी ८:१५–२१; गलाती ५:१; हिब्रू २:१५) । हामीलाई पवित्र साहस र राजकीय

आत्मसम्मानका योग्य बनाउने काम पनि गर्नुहुन्छ (हिब्रू १०:१९, २२; १ पत्रुस २:९; २कोरिन्थी १:४) ।

६. वर्तमानको सुरक्षा, सुबिधा र पर्याप्त आपूर्ति (भजन १२५:२; यशैया ६६:१३; लुका १२:२७–३२; युहन्ना १४:१८; १ कोरिन्थी ३:२१–२३; २ कोरिन्थी १:४) ।

७. हाम्रै लाभका लागि पिताबाट आउने वर्तमानको ताडना – आत्मिक तथा क्षणिक दुवैखाले कष्टहरू (भजन ५१:११, १२; हिब्रू १२:५–११) ।

८. हाम्रा पिताको महिमाको धनबाट प्राप्त हुने पैतृक सम्पत्ति, जस्तैः हामी परमेश्वरका हकवाला अंशीयार र ख्रीष्टका साझे हकवाला बनेका छौँ (रोमी ८:१७; याकुब २:५; १पत्रस १:४; ३:७) । यसमा हाम्रा शरीरलाई प्रभुसितको सङ्गतिका लागि उठाइलगिने कार्य समेत समावेश हुन्छ (रोमी ८:२३; फिलिप्पी ३:२१) ।

## प्रश्नहरू

१. यस अध्यायको खास विषय के हो ?

२. विश्वासले गर्ने कामको रूपमा के के दुईओटा परिवर्तन देखापर्छन् ?

३. पुनःउत्पन्न हुनु वा नयाँगरी जन्मिनु भनेको के हो ?

४. नयाँगरी जन्मिने सन्दर्भमा विश्वास र यसको सम्बन्ध के हो ?

५. धर्मी तुल्याइनु भनेको के हो र विश्वाससित यसको के सम्बन्ध छ ?

६. धर्म पुत्र ग्रहण गरिनु भनेको के हो ? नयाँगरी जन्मनु र धर्मी तुल्याइनुसँग यसको के सम्बन्ध छ ?

७. यस प्रकारले ईश्वरीय पुत्रत्त्व दिलाउने सवालमा मुख्यगरी के–कस्ता सिद्धान्तहरू अँगालिएको हुन्छ ?

८. यसमा सहभागी हुँदाका मुख्य फाइदाहरू के के हुन् ?

# अध्याय १३
# (CHAPTER XIII)
# शुद्धीकरण
# (OF JUSTIFICATION)

**खण्ड – १ प्रभावकारी रूपमा बोलाइएका र उहाँमा नयाँ जन्म पाएका मानिसहरूमा नयाँ हृदय सिर्जना गरिएको हुन्छ । तिनीहरूमा नयाँ आत्मा सृष्टि गरिएको हुन्छ । तिनीहरूलाई अझै शुद्ध–पवित्र तुल्याउने काम व्यक्तिगतरूपमा र वास्तवमा नै हुँदै जान्छ । तिनीहरूलाई शुद्ध तुल्याउने काम ख्रीष्टको मृत्यु र पुनरूत्थानको सत्यताद्वारा हुन्छ ।[273] उहाँको वचन र आत्मा तिनीहरूमा वास गर्ने भएकोले[274] तिनीहरूका सम्पूर्ण शरीरमा पापले गर्ने अधिकार नष्ट भएर जान्छ ।[275] तिनीहरूमा हुने अनेक थरीका अभिलाषाहरू कमजोर तुल्याइन्छन् र तिनलाई मार्ने काम पनि हुन्छ ।[276] तिनीहरूलाई अझ बढ्ता उद्धारको अनुग्रहमा सचेत र सबल बनाइन्छ ।[277] साँचो पवित्रताको अभ्यासका लागि यी सबै कामहरू गरिने छ । सत्य कुरो, पवित्रता बिना कसैले पनि परमेश्वरलाई देख्न सक्दैन ।[278]**

**खण्ड – २ शुद्ध–पवित्र तुल्याउने काम मानिसको सम्पूर्ण जीवनमा हुन्छ,[279] तथापि यो जीवनमा सिद्धता नआउन सक्छ । हाम्रो जीवनका हरेक पक्षमा कतै न कतै अझै पनि भ्रष्टताको तूस बाँकी रहेको हुन सक्छ ।[280] हामीभित्र त्यसैकारण लगातार सम्झौता गर्नै नसकिन युद्ध चलिरहेको हुन्छ । हो,**

---

[273] १ कोरिन्थी ६:११; प्रेरित २०:३२; फिलिप्पी ३:१०; रोमी ६:५, ६ ।
[274] यहुन्ना १७:१७; एफिसी ५:२६; २ थेसलोनिकि २:१३ ।
[275] रोमी ६:६, १४ ।
[276] गलाती ५:२४; रोमी ८:१३ ।
[277] कलस्सी १:११; एफिसी ३:१६-१९ ।
[278] २ कोरिन्थी ७:१; हिब्रु १२:१४ ।
[279] १ थेसलोनिकि ५:२३ ।
[280] १ यहुन्ना १:१०; रोमी ७:१८, २३; फिलिप्पी ३:१२ ।

**हामीभित्र आत्माले शरीरको अभिलाषासित युद्ध गरिरहेको हुन्छ र शरीरले आत्माको पवित्रतासित ।[281]**

**खण्ड – ३ आत्मा र शरीरको यही युद्धमा कुनैबेला हामीमा हुने भ्रष्टता ज्यादै ठुलो हुन्छ ।[282] तरै पनि हामीलाई शुद्ध गर्नुहुने ख्रीष्टका आत्माले त्यस भ्रष्ट स्वभावलाई जित्नका लागि निरन्तर शक्ति प्रदान गर्नुहुन्छ र नयाँ तुल्याइएको पक्षले विजय हासिल गर्छ ।[283] यसरी सन्तजनहरू अनुग्रहमा बढ्दै जान्छन् ।[284] परमेश्वरको भयमा रहेर उनीहरूले पवित्रताको एउटा सिद्ध अवस्था प्राप्त गर्नेछन् ।[285]**

यस अध्यायले निम्न विचारहरूमा प्रस्ट पार्दछ :

१. परमेश्वरले जोजसमा नयाँ जीवन दिएर नयाँ आत्मिक स्वभाव सिर्जना गर्नुभएको छ, तिनीहरूमा उहाँले आफ्नो अनुग्रही प्रभावमा पारेर निरन्तर सो काम गर्नुभएको छ । उहाँको वचन र आत्मा तिनीहरूमा राखिदिनुहुन्छ । त्यसमाथि उहाँले आफ्नो अनुग्रह राखिदिनुहुन्छ र तिनीहरूलाई अझ बढी बढाउँदै लग्नुहुन्छ ।

२. शुद्धीकरण गर्ने उहाँको काममा पापको पुरानो शरीर क्रमश नष्ट हुँदै जान्छ र नयाँ व्यक्तित्त्वका लागि आवश्यक पर्ने सबै अनुग्रहमा उहाँले हामीलाई सचेत र सबल तुल्याउनुहुन्छ । यसरी नै हाम्रा भित्री हृदय र मस्तिष्कलाई पवित्र तुल्याएर हामीद्वारा पवित्र काम वा गतिविधि गराउनुहुन्छ ।

३. शुद्धीकरण गर्ने काममा सम्पूर्ण व्यक्तिलाई सहभागी गराइन्छ, जस्तै उसको बौद्धिकता, चाहना र इच्छा, उसको प्राण र शरीर ।

---

281 गलाती ५:१७; १ पत्रुस २:११ ।

282 रोमी ७:२३ ।

283 रोमी ६:१४; १ यहुन्ना ५:४; एफिसी ४:१५-१६ ।

284 २ पत्रुस ३:१८; २ कोरिन्थी ३:१८ ।

285 २ कोरिन्थी ७:१ ।

४. यो जीवनमा सबै कुरा सिद्ध हुनेछैन तर हरेक सवालमा पावलले भनेझैँ हामीमा धेरथोर "पुरानो मनुष्यत्त्व"ले हामीले पालन गर्नुपर्ने नियमसित युद्ध गरिरहन्छ ।

५. शुद्धीकरण गर्नुहुने ख्रीष्टका पवित्र आत्माले लगातार प्रदान गर्नुहुने शक्ति प्राप्त हुने भए तापनि विश्वास गर्ने व्यक्तिमा अनुग्रहको स्वभाव प्रबल देखिन्छ र यसरी नै उसको मृत्युमा उसलाई सिद्ध नतुल्याएसम्म नै ऊ क्रमस बढ्दै जान्छ ।

परमेश्वरले नयाँ जीवन दिएर मानिसमा एउटा नयाँ आत्मिक स्वभाव सिर्जना गर्नुभएको छ, तिनीहरूमा उहाँले आफ्नो अनुग्रही प्रभावमा पारेर निरन्तर सो काम गर्नुभएको छ । यो कामले सधैँभरि नै एउटा सिद्धान्त निर्माण गर्छ र त्यसैलाई हुर्काउने काम गर्छ । तिनीहरूमा उहाँको वचन र आत्मा राखिदिएर पूरै सिद्धता प्राप्त नहोउन्जेलसम्म उहाँले यो काम निरन्तर गरिरहनुहुन्छ ।

"शुद्ध तुल्याउनु" भन्ने शब्दलाई धर्मशास्त्रमा दुई फरक अर्थमा प्रयोग गरिएको छः

(१) अर्पण गर्नु, पवित्र प्रयोजनको लागि साधारण संसर्गबाट अलग्ग गर्नु (युहन्ना १०:३६; मत्ती २३:१७) ।

(२) नैतिकरूपमा शुद्ध वा पवित्र बन्नु वा हुनदिनु (१कोरिन्थी ६:११; हिब्रू १३:१२) । वचनको दोस्रोचाहिँ अर्थमा नयाँ जीवन दिने काम शुद्धीकरण गर्ने कामको प्रारम्भिक चरण हो । अर्थात् नयाँ जन्ममा जुन काम सुरु भएको छ, त्यसलाई शुद्धीकरणले पूर्णता दिन्छ । जसरी नयाँ जन्म दिलाउने काम परमेश्वरले सित्तैमा दिनुहुने अनुग्रहको काम हो, त्यसैगरी पवित्रीकरणको काम पनि अनुग्रही परमेश्वरकै काम हो, र त्यत्तिकै महत्त्वका साथ भन्नुपर्दा त्यो काम अनुग्रही पवित्र आत्माको पनि काम हो । त्यसकारण यस कामको सम्पूर्ण श्रेय परमेश्वर पितालाई (१थिस्सलोनिकी ५:२३); पुत्र परमेश्वरलाई (एफेसी ५:२५–२६) र पवित्र आत्मा परमेश्वरलाई दिनुपर्छ (२थिस्सलोनिकी २:१३) । अनन्त उद्धारका लागि परमेश्वरले गर्नुहुने सम्पूर्ण कारोबार विशेषगरी ख्रीष्ट येशुले मध्यस्थता गर्नुहुने कामले अनुग्रह उपलब्ध गराइदिएर सुरु हुन्छ । पवित्रीकरण गराउने कामको साधनहरू खासगरी दुई पक्षबाट हुने गर्छन् — (क) आन्तरिक र (ख) बाह्य ।

पवित्रीकरणका लागि प्रयोग हुने भित्री साधन विश्वास हो । विश्वास नै हाम्रो धर्मीकरणको पनि माध्यम हो — सबै पाप–अपराधको दण्डबाट मुक्त गराएर परमेश्वरसितको अनन्त सङ्गतीमा ल्याउने माध्यम । विश्वासद्वारा नै ख्रीष्टसँग हाम्रो एकता र उहाँका आत्मासँग हाम्रो सङ्गतीहुन्छ । त्यसमाथि विश्वास नयाँगरी जन्म प्राप्त गर्नमा हाम्रा तर्फबाट अपरिहार्य गनिएको माध्यम पनि हो । त्यसपछि, नयाँगरी जन्मिएको प्राणले गर्ने काम, जसले सत्यको शक्ति बुझ्दछ र अनुभव पनि गर्छ र त्यही सत्यको आज्ञाकारितामा अन्तरहृदयको अनुभव र बाह्यरूपमा प्रकट हुने काम प्रस्तुत हुन्छ ।

पवित्रीकरणका लागि प्रयोग हुने बाह्य साधनहरू :

(१) धर्मशास्त्रद्वारा प्रेरणा भएको सत्य प्रकाश हुनेः "तपाईंको सत्यले तिनीहरूलाई शुद्ध गर्नुहोस्" (युहन्ना १७:१७, १९) । "भर्खरै जन्मिएका बालकझैँ वचनको शुद्ध दूध सेवन गर्ने चाहना गर र यसरी तिमीहरू उहाँमा हुर्किंदै जानसक" (१पत्रस १:२२) ।

(२) पवित्रीकरणको बाहिरी साधनको रूपमा यसको भित्री साधन भनिएको विश्वासकै हाराहारीमा देखापर्छ । यस तथ्यको विषयमा यस पुस्तकको अध्याय १४, खण्ड – २ मा यस्तो भनिएको छः "धर्मशास्त्रका यसबारे लेखिएका प्रत्येक खण्ड –हरूमा यही विश्वासले गर्ने कामहरूको चर्चा गरिएको छ । खासगरी परमेश्वरको आज्ञा पालनमा पूरै समर्पणता, उहाँले दिनुभएका चेतावनीहरूमा भयभीत हुने, साथै यो जीवन र आउन लागेको जीवनका लागि समेत परमेश्वरले गर्नुभएका प्रतिज्ञाहरूलाई आत्मसातौँगरी अँगाल्ने ।" यसरी सत्यले नयाँ जन्मिएको प्राणमा हालिएको अनुग्रहका सिद्धान्तहरूको अभ्यास गराउँदै विश्वासलाई बलियो बनाउने काम हुन्छ ।

(३) पवित्र विधिहरूमा सहभागी हुने कुरा पनि यसपछि सुरु हुन्छ (मत्ती ३:११; १कोरिन्थी १२:१३; १पत्रस ३:२१) ।

(४) शुद्धीकरणको साधन प्रार्थना पनि हो — (क) प्राणले परमेश्वरसितको सञ्चारमा सहभागी हुन पाउने माध्यमका रूपमा, र (ख) विश्वाससाथ गरिएको प्रार्थनाको जवाफको रूपमा पवित्र आत्माका दानबरदानहरू सित्तैमा प्रदान गरिदिने प्रतिज्ञा गरिएको हुनाले (युहन्ना १४:१३–१४) ।

(५) परमेश्वरले दिनुहुने सबै प्रावधानहरूमा अनुग्रहपूर्वक अनुशासनमा रहने काम (युहन्ना १५:२; रोमी ५:३–४; हिब्रू १२:५–११) ।

ध्यान दिनुपर्ने कुरा के हो भने, जब ईश्वरीय अनुग्रहको कामका बारेमा बताउनुपर्दा कर्मवाची वाक्यको प्रयोग गरिएको हुन्छ, मानिसको प्राणलाई नयाँ तुल्याइदिने काम गरिएको हुन्छ र नयाँ तुल्याइएको प्राणले शुद्धीकरण गर्ने कार्यका लागि पवित्र आत्मासित सहकार्य गर्दछ । पवित्र आत्माले अनुग्रह दिनुहुन्छ र यसको उचित अभ्यास होस् भनेर सङ्केत र निर्देशन पनि दिनुहुन्छ । यसरी प्राणले अनुग्रहको अभ्यास गर्छ । जबकि पवित्र तुल्याउने काम आफैमा अनुग्रहको काम हो, साथमा यो हामीले (नयाँगरी जन्मिएको प्राणले) पालन गर्नुपर्ने कर्तव्य पनि हो । यस किसिमले हाम्रो प्राण अनुग्रहको उपयोग गर्न बाध्य र उत्साहित पनि हुन्छ । नयाँ तुल्याइएको प्राणले कर्तव्य निर्वाह गर्दा इमानदारितामा र पवित्र आत्माको निर्भरतामा गर्नुपर्छ । आत्मिक उत्थान गर्नका लागि सबै उपायहरू प्रयोग गर्दै खराब आदतलाई हटाउने र असल व्यवहार गर्नमा अभ्यस्त गराउने काम आवश्यक पर्छ, जुन कुरा शुद्धीकरण गरिएको प्राणमा हुनुपर्ने हुन्छ । शुद्धीकरणको परिणाममा देखापर्ने फल असल कार्य हो । कुनै पनि काम असल हुनका लागि त्यो काम असलै गर्ने मनको शुद्ध चाहना हुनुपर्छ, यसमा परमेश्वरको पवित्र सिद्धान्त र उहाँको वचनको व्यवस्थाअनुसार त्यो भएको हुनुपर्छ । तथापि हामीले उद्धार पाउने आधार असल काम होइन, अथवा उद्धार पाउनका लागि असल काम गर्नैपर्छ भन्ने होइन । बरु उद्धार पाउनुको आवश्यक परिणामको रूपमा असल काम हुनुपर्छ, जसमा प्राणको विनयता र ईश्वरीय व्यवस्थाले तोकिदिएको निरन्तरता दुवै जोडिएर आउँछन् (गलाती ५:२२–२३; एफेसी २:१०; युहन्ना १४:२१) ।

२. शुद्ध–पवित्रीकरणको यस प्रक्रियामा पुरानो मनुष्यत्त्व र त्यसको पापी स्वभावलाई मार्ने कुरा आउँछ । यसका साथै पवित्रीकरणमा भर्खरै नयाँ जन्ममा हालिएको अनुग्रहको स्वभावलाई बढाउने काम पनि हुन आउँछ । यो काम पहिले हाम्रा आन्तरिक तथा आत्मिक मनुष्यत्त्वमा हुन्छ र त्यसपछि हाम्रा बाह्य स्वभाव तथा व्यवहारिक पक्षमा हुन्छ ।

रोमी ६ र ७ अध्यायमा हाम्रो मरणशील मनुष्यत्त्व नयाँ जन्म पाउना बित्तिकै नष्ट भैजाँदैन भन्ने कुरा प्रस्टसँग सिकाइएको छ । यो सत्य बाइबलका थुप्रै पात्रहरूका अनुभवको विषयमा उल्लेख भएको छ । त्यसैगरी अहिलेसम्म नै विश्वासीहरूले गरेको वश्वव्यापी अनुभवले पनि यही सत्य प्रस्ट गरेको छ । त्यसकारण हामीमा अनुग्रहसाथ हालिएको र कायम राखिएको नयाँ स्वभावसित पहिल्यैदेखि हामीमा रहिआएको पुरानो स्वभावले निरन्तरजसो युद्ध गरिरहन्छ । यी दुई स्वभावहरू आपसमा घमासान युद्ध गर्दै बाँचिरहेका हुन्छन् । यसर्थ कुनै एउटाले अर्कोमाथि अधिकार गर्ने सम्भावना रहन्छ र जित्न नसक्नेचाहिँ पराजित हुन्छ । "जोजति ख्रीष्टमा छन्, तिनले आफ्नो पुरानो मनुष्यत्त्वलाई ख्रीष्टसँग क्रुसमा टाँगेका छन् (गलाती ५:२४) । "त्यसकारण यस पार्थीव शरीरमा भएका सबै पापमय स्वभाव, त्यसका अभिलाषा र गलत चाहनालाई मार" (कलस्सी ३:५) ।

यो कमा हृदयको खास अवस्थाबाट सुरु हुन्छ र अघिबाटै हृदयमा पकड जमाएर सम्पूर्ण शरीरमाथि अधिकार गर्छ । यो कुरा आफैमा प्रस्ट छ —

१) मानिसको स्वाभाविक नैतिक चरित्रका रूपमा हेरिएको आन्तरिक स्वभाव, जसबाट सबै किसिमका खराब लालशाहरू र पापजन्य फोहोरी आदतहरू ।

२) ठिक त्यही कुरा धर्मशास्त्रमा उल्लेख गरिएको छ (लुका ६:४५) । रूख कस्तो छ भन्ने कुराले त्यसको फल कस्तो भन्ने निश्चित हुन्छ । त्यस्तै, मानिसले कस्तो नैतिक चरित्र प्रदर्शन गर्छ भन्ने कुरा उसको अन्तरमनमा के छ भन्ने कुराले निर्धारण गर्छ । त्यसकारण, "कि त रूखलाई उपचार गरेर ठिक बनाओ र त्यसले फल पनि राम्रै फलाउँछ, होइन भने रूखलाई त्यत्तिकै छाडिदेओ र त्यसको फल पनि खराबै हुन्छ (मत्ती १२:३३) ।

३) साँच्चै हो, ख्रीष्टसँगै एकतामा जोडिएर रहेको हृदयलेमात्रै असल चरित्र प्रदर्शन गर्न र असलै काम गर्न सक्छ । "जसरी हाँगो आफैले कुनै फल फलाउन सक्दैन, तिमीहरू पनि मबाट अलग रहेर असल काम गर्न सक्दैनौँ । त्यसकारण ममा रहो र तिमीहरूले असल फल फलाउनेछौँ" (युहन्ना १५:४)।

३. शुद्धीकरण गर्ने यो कार्यमा मानिसको जीवनका सम्पूर्ण पक्षहरू सामेल हुन्छन्ः अन्तस्करण, बुद्धि, चाहना, भावना, इच्छा र शरीर । यो कुरा निम्न बुँदाहरूले प्रस्ट पार्छन्ः

(१) विषयको गाम्भीरताको आधारमा यो कुरा पुष्टि हुन्छ । हाम्रो प्राकृतिक पापी अवस्थामा हामी मनैदेखि कति अन्धा छौँ भन्ने देखाउँछ । हामी स्वभावैले हृदयदेखि भ्रष्ट भैगएका छौँ ।

(२) हामीलाई सत्यले शुद्ध गरेको हो भन्ने तथ्य स्वीकार गर्दा पनि यो कुरा छर्ल· हुन्छ ।

(३) पवित्रीकरणमा आत्मिक प्रकाश दिइएको हुन्छ भन्ने कुरा धर्मशास्त्रमा प्रस्टै लेखिएको छ, "हाम्रा प्रभु येशु ख्रीष्टका परमेश्वर, सारा महिमाका पिताले नै तिमीहरूलाई उहाँको विषयमा प्रस्ट जानकारी गराउने वा उहाँलाई राम्ररी चिन्ने बुद्धिका आत्मा र प्रकाश दिऊन् । तिमीहरूले समझका दृष्टि पाउन सक, तिमीहरूले ज्ञान पाउन सक र उहाँलाई चिन्न सक" (एफेसी १:१७, १८; कलस्सी ३:१०; २कोरिन्थी ४:६; १थिस्सलोनिकी ५:२३) ।

जसरी हाम्रो शरीर हाम्रा सबै अङ्गहरूको एकीकृत स्वरूप हो, शरीरका यी अङ्गहरूको लगाव र अभिलाषाहरूले त्यत्ति नै चाँडो प्राणको चाहनालाई बढाउने काम गर्छ । त्यसकारण यिनलाई पवित्रीकरण गरिएको इच्छाको अधीन र नियन्त्रणमा ल्याउनुपर्छ । यसरीमात्रै प्राणको अभिलाषासित बढ्तै सरोकार राख्ने शरीरका सबै अङ्गहरूलाई हाम्रा पवित्र परमेश्वरको धार्मिकताका अङ्गहरू बनाउन सकिन्छ (रोमी ६:१३; १थिस्सलोनिकी ४:४) ।

४. शुद्धीकरणको यो प्रक्रिया यही जीवनमा सुरुमै सिद्ध भैहाल्दैन । सिद्धतावादीहरूका विभिन्न समुहहरूले यस जीवनमा सिद्धता प्राप्त हुन्छ भनेर दावी गर्ने गरेका छन् । उनीहरूका अनुसार विभिन्न अर्थमा हाम्रो जीवनमा सिद्धता सम्भव हुन्छ । तीमध्ये "पालेजियनहरू"ले दावी गरेको कुरा यस्तो छ —

(१) परमेश्वरको व्यवस्थाले स्वेच्छाले गरिएको अभ्यास र कामहरूलाई मात्रै सम्बोधन गरेको हुन्छ, जसमा प्राणको तत्कालिन अवस्था कस्तो भन्ने कुराको केही पनि सरोकार हुँदैन ।

(२) धेरै हदसम्म यो बाध्यता व्यक्तिको क्षमतासँग सीमित हुन्छ, त्यसकारण परमेश्वरको व्यवस्थाले उहाँमा विश्वास गर्नेहरूले सक्नेभन्दा ज्यादा माग गर्दैन । त्यसकारण उहाँले जहिले चाहनुहुन्छ, उहाँमा विश्वास गर्ने व्यक्ति सिद्ध हुन सक्छ ।

(३) आर्मेनियन र रोमन क्याथोलिक शिक्षाका सिद्धतावादीहरूले यसो भन्ने गरेका छन् — (१) ईश्वरीय अनुग्रह बेगर कुनै मानिसले पनि नैतिकरूपमा सही काम गर्न सक्दैन, (२) उसले त्यो अनुग्रह पायो नै भने पनि आदमको समयमा जस्तो पूरै सिद्ध तुल्याउने व्यवस्थाअनुसार जीवन सम्भव हुने छैन । तापनि ख्रीष्टले पूरा गरिदिनुभएको सबै बलिदानको कारण परमेश्वरले बडो अनुग्रही भएर तिनीहरूका लागि व्यवस्थाले तोकेका धेरैजसो मापदण्डहरू घटाइदिनुहुन्छ । खासगरी विश्वासको सिद्धता हुनैपर्छ भन्ने र साथसाथै सुसमाचारको दायित्त्व पूरा गर्नैपर्छ भन्ने जीवनशैलीको मापदण्ड घटाइदिएर एउटा विश्वासीलाई सिद्ध तुल्याउनुहुन्छ । तिनीहरू मानिलिन्छन्, सबै मानिसहरूका लागि यो एउटा सुअवसर र दायित्त्व पनि हो — सबैले मानिसले यसै जीवनमा प्रेमको सिद्धता र सुसचारले स्थापित गरिदिएको व्यवस्थाप्रतिको साँचो आज्ञापालन गर्न सक्छन् । उनीहरूले यसलाई ‘अनुग्रह’ वा ‘ख्रीष्टियन सिद्धता’ भन्ने गरेका हुन् ।

क्याथोलिकहरूले थाहा पाइरहेको कुनै पनि व्यवस्था जानीजानी उल्लङ्घन गर्नु र लालच गर्नु अवथा नयाँ जन्मिएको व्यक्तिमा अझै रहिआएको भ्रष्टताले अनिच्छित गर्ने पापका बिचमा प्रस्ट भेद देखाएका छन् । पछिमात्रै तिनीहरूले पाप स्वभावलाई चिनेर ठिक प्रकारले इन्कार गर्नेछन् । जोहन वेस्लीले पनि यही कुरा सिकाएका छन् (मेथोडिष्ट सिद्धान्तका पर्चाहरू, पृष्ठ २९४–३१२) ।

तर नयाँ जन्मिएको व्यक्तिका हृदयमा हुने त्यस प्रकारको लालच, दुराचार वा सुरुको दुष्ट चाहनाप्रतिको झुकाव भनेकै पापको खास स्वभाव हो । यस विषयमा हामीले ठ्यक्कै तोकेर आफ्नो मापदण्डअनुसार बताउने गरेका छौँ (अध्याय ६, खण्ड – ५) । यो कुरा सत्य हो भन्ने कुरा पुष्टि पनि भैसकेको छ —

(१) सबै मानिसले आफ्नो सही नैतिकतामा रहेर कुनै खराबीलाई निश्चितरूपमा खराबै हो भनेको वा भन्न मन गरेको अवस्थामा पनि ऊ यदि पुरानै पाप स्वभावमा छ भने पनि उसले खराबलाई खराब भन्नुको केही अर्थ हुँदैन । वास्तवमा त्यही स्वभाव नै सबै खराबीको खास स्रोत हो ।

(२) प्रत्येक ख्रीष्टियनले गर्ने अनुभवमा एकै प्रकारको व्यवहारिक न्याय समावेश हुन्छ । मानिसमा हुने पापको निम्ति वास्तवमै दोषी ठहरिनुपर्ने मुख्य कारक तत्त्वहरू सोझै उसको विचार, बोलीवचन वा भावना गलत भएकोले मात्रै

होइन, बरु त्यसभन्दा धेरै तल झरेर गरिने क्रियाकलापहरू, नितिविधि उल्लङ्घन वा हिंसाजस्ता कुराहरू हुन दिने स्वभाव नै सामान्यतया भ्रष्ट भएकोले गर्दा हो । यो नै उसको ईश्वरीय कुराहरूप्रतिको मृत्यु हो — अन्धोपन, कठोरता, परमेश्वरलाई केही नठान्ने विचार, आदि । यस्ता कुराहरू उसले आफै बदल्न सक्दैन । पापको अनुभूति भएको कारण खासगरी त्यसैको निम्ति दोषी महसुस गरिरहेको व्यक्तिले आफैलाई कुनै रीतिले मुक्त गर्न सक्दैन । केही हदसम्म धेरैजसो मानिसहरू त्यही दोषी भावना मृत्युसम्मै लिएर जान्छन् ।

(३) नैतिक व्यवस्थाका लागि यो नभई नहुने कुरा हो, जुन कुरा हरतरहले पूरा भएको होस् भन्ने कुरा लालची अभिप्रायले माग गरेको हुन्छ । ऊ नैतिक मापदण्डबाट चिप्लिएको हरेक व्यक्तिले गर्ने सबै कामहरू नै पापकै स्वभावमा गरेको ठहरिन्छ । त्यसकारण आदमको सिद्ध पवित्रताको व्यवस्थामा पुष्टि हुने त्यस्तो कुनै कारण हामीसँग छैन, जसको आधारमा हामीले आफूलाई पापरहित सिद्धताको दावी गर्न वा यस्तै अर्को संज्ञा दिएर आफूलाई सिद्ध देखाउन सक्छौँ ।

(४) वेस्लियनहरू र आफूलाई एक प्रकारले सिद्धतावादी भन्न रुचाउने सुसमाचारीय विश्वासका मण्डलीहरूका सबैजसो प्रार्थनाका आलेखहरू, भजनहरू र भक्ति साहित्यहरू (दैनिक उपासनाका लागि लेखिएका पुस्तक–पुस्तिकाहरू) ले विश्वासीहरूमा पापको तूस बाँकी रहेको हुन्छ भन्ने स्वीकार गरेका छन् । 'ख्रीष्टियन सिद्धतावादका सिद्धान्तहरू' का लेखक डाक्टर पिकले स्वीकार गरेका छन्, सिद्ध भनिएको ख्रीष्टियनकै हृदयमा पनि लालच वा कामुकता अथवा पाप गर्नतिर सहजै बहकिने पुरानो खराब स्वभाव रहिरहेको हुनसक्छ । यो कुराको ज्ञान भएकोले नै आफै अघिसरेर पाप स्वीकार गर्ने वा पापबाट आफूलाई अलग्याउन प्रयास गर्ने एउटा समयको उचित पहिचान गर्ने अवसर पाउँछ । हो यसैबेला मानिसलाई क्षमाको खाँचो महसुस हुनुका साथै येशुले दिनुभएको प्रायश्चितपूर्ण बलिदानको निरन्तर उपयोग गर्न उसले सक्दछ । त्यसकारण हामी यस विषयमा समहत हुन्छौं र यसैलाई आफूमा कायम राख्छौँ — हरेक ख्रीष्टियनमा बाँकी रहने यही भ्रष्ट विचार वा लालसा वा पापको स्वभावको कारणले गर्दा यही जीवनमा बाँचेका कोही पनि सिद्ध भैहाल्ने होइनन् ।

(५) कामुकता वा लालचलाई पावलले प्रस्ट शब्दमा 'पाप' भनेका छन्ः "तैले लोभ नगर्नू नभनेको भए ता पाप भनेको के हो भन्ने मलाई थाहै हुने थिएन । किनभने व्यवस्थाले पाप हो नभनेको भए लालच वा लोभी हुनुलाई मैले पाप हो भन्ने कुरै आउने थिएन" (रोमी ७:७) । पापले पावलको जीवनमा पनि परमेश्वरको विरुद्धमा काम गर्ने रहेछ । यसरी उनलाई हरतरहले लोभमा फँसाएर पाप गर्न लगाउने रहेछ (रोमी ७:१४–२५) । तरै पनि यो खराब प्रवृत्ति वा खराबीतिर बरालिएको मनले हाम्रो शरीरका हरेक अ·मा आत्माको व्यवस्था भङ्ग गर्दै आत्मासित घमासान युद्ध चलाउँछ । पावलले यही कुरा प्रस्ट पार्दै यसलाई "पाप" भनेका हुन् । धर्मशास्त्रका अन्य खण्डमा यसलाई "पुरानो मनुष्यत्त्व" अथवा "पापको शरीर" भनिएको छ (कलस्सी २:११; ३:९) ।

(६) धर्मशास्त्रमा उल्लेख भएका सबैजसो बाइबल–पापहरू, जसका जीवनी वा तिनीहरूका साक्षी बताइएको छ, ती सबैको जीवनलाई हरेर पनि कोही कसैको जीवनमा पूर्ण सिद्धता आउँदैन भन्ने कुरामा सहमत हुन सकिन्छ । प्रस्ट हुन्छ, कोही पनि बिल्कुलै पापरहित सिद्ध व्यक्ति थियो वा छ भनेर दावी गर्न सकिँदैन । पावलले यही कुरामा सहमति जनाएका छन् (रोमी ७:१४–२५; फिसलप्पी ३:१२–१४) । त्यसैगरी युहन्नाले पनि आफैमा र सबै ख्रीष्टियन विश्वासी जनमा सिद्धता नहुने कुरामा सहमति जनाएका छन् (१युहन्ना १:८) ।

धर्मशास्त्रका केही विशेष पात्रहरूमा "सिद्ध" शब्दको प्रयोग नभएको भने होइन । तापनि यो तिनीहरूको सम्पूर्ण जीवन सिद्ध थियो भन्ने बताउनका लागि प्रयोग भएको होइन, बरु तिनीहरूसँग अरू कसैको तुलना गर्नुपर्दा वा तिनीहरूले प्रदर्शन गरेको साँचो विश्वासको हिँडाइ वा कामको विषयमा बताउनुपर्दा गरिएको हो । केही साँचिकै प्रेरणादायी पात्रहरूको विषयमा चर्चा गर्दा "सिद्ध" थिए भनि बताइएको पाइन्छ, जस्तैः दाउद (प्रेरित १३:२२); नोआ (उत्पत्ति ६:९); अय्युब (अय्युब १:१) । तरै पनि यी पात्रहरूको समग्र जीवनी हेर्दा तिनीहरू पापरहित सिद्ध थिए भन्ने दावी गर्न सकिँदैन ।

(७) यो "सिद्धतावाद" भन्ने कुराले विश्वव्यापी परमेश्वरका जनहरूको अनुभवसित कतै पनि मेल खाँदैन । कोहीकसैले आफू "सिद्ध" छु भनेर कतै दावी

गऱ्यो भने पनि उसको मानसिक अवस्था वा नैतिक इमानदारिता कस्तो भनेर उसका सबै क्रियाकलापहरूमाथि शङ्कास्पद दृष्टिले जाँच गर्न लगाउँछ ।

५. तथापि ख्रीष्टका आत्माले निरन्तर गर्नुहुने शुद्धीकरणका लागि आवश्यक शक्ति प्राप्त भैरहनेछ, विश्वासीहरूको स्वभावमा अनुग्रही तत्त्व सम्पूर्ण रीतिले अझै प्रबल बन्नेछ र शरीरमा उसको निधन नहोउन्जेलसम्म त्यो क्रमस पवित्रतामा सिद्धतातिर बढ्दै जानेछ । यो अमूल्य सत्यले “पवित्रीकरण गराउने काम स्वयं परमेश्वरले गर्नुहुन्छ” भन्ने अविवार्य तथ्यलाई पछ्याइरहेको हुन्छ । उहाँले गर्ने काम सित्तैमा प्रदान गरिएको अनुग्रहमा हुन्छ, जुन कुरा उहाँले अनन्त उद्धारको योजना पूरा गर्ने उद्देश्यका लागि प्रयोग गर्नुहुन्छ । जसकारण हामी भन्न सक्छौँ, “हामीलाई यो दृढ विश्वास छ, जसले जसले हामीमा  एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशु ख्रीष्टको दिनमा त्यो पूरा गर्नु हुनेछ” (फिलिप्पी १:६) । यस विषयको निश्चयताको लागि हामी यसपछिको अध्याय १७ मा थप चर्चा गर्नेछौँ ।

## प्रश्नहरू

१. यस अध्यायमा सिकाइएको पहिलो शिक्षा के हो ?
२. यस अध्यायमा सिकाइएको दोस्रो शिक्षा के हो ?
३. तेस्रो शिक्षा के हो ?
४. चौथो शिक्षा के हो ?
५. पाँचौँ शिक्षा के हो ?
६. धर्मशास्त्रमा “शुद्ध” वा “पवित्र” तुल्याउनु भन्ने शब्दलाई के कति अर्थमा बताइएको छ ?
७. नयाँगरी जन्मने कार्यसँग शुद्ध वा पवित्र तुल्याउने कामको के सम्बन्ध छ ?
८. शुद्धीकरणको खास कर्ता हो ?
९. शुद्धीकरणको भित्री वा आन्तरिक साधन के हो ?
१०. शुद्धीकरणका बाहिरी वा बाह्य साधनहरू के के हुन् ?
११. के अर्थमा शुद्धीकरण दायित्त्वका साथसाथै अनुग्रह पनि हो ?

१२. शुद्धीकरणका फल वा परिणामहरू के के हुन् ?
१३. पुष्टि गर्नुहोस् — शुद्धीकरणमा पुरानो मनुष्यत्त्व बिस्तारै मर्दै जान्छ र त्यही अनुपातमा नयाँ जन्ममा
प्राप्त भएको अनुग्रह भने क्रमस बढ्दै जान्छ ।
१४. शुद्धीकरणमा प्राणको आन्तरिक स्थायी स्वभाव परिवर्तन हुँदै जान्छ र यो प्रक्रियाद्वारा मात्रै एउटा
व्यक्तिले जीवनबाट पवित्र कामहरू गर्न सक्दछ भन्ने कुरा पुष्टि गर्नुहोस् ।
१५. शुद्धीकरणको काममा र त्यसपछि पनि प्राणका सबै तत्त्व वा पक्षहरू समावेश हुन्छन् भन्ने कुरा
प्रमाणित गर्नुहोस् ।
१६. विश्वासीहरूका पूरै शरीरसमेत शुद्ध गरिन्छ भन्ने कुरालाई के अर्थमा बुझ्न सकिन्छ ?
१७. यस जीवनमा सिद्धता प्राप्त गर्न सकिन्छ भन्ने पालाजियन सिद्धान्तको प्रकार र आधार के हो ?
१८. यही विषयमा आर्मेनियन र रोमन क्याथोलिक अवधारणा के हो नि त ?
१९. लोभलालचको स्वभावको सन्दर्भमा आर्मेनियन र क्याथोलिक सिद्धान्तहरूले के भन्छन् ?
२०. लोभलालचको खास अर्थचाहिँ के हो नि ?
२१. यस विषयमा हामीले निर्धारण गरेको मापदण्डबाट लिनुपर्ने सिद्धान्तचाहिँ के हो त ?
२२. मानिसको सामान्य न्याय तथा हाम्रा धार्मिक अनुभवका आधारमा बनाइएको धारणाको पुष्टि के हो ?
२३. सत्यको आधारभूत स्वभाव र नैतिक व्यवस्थाको प्रकृतिका आधारमा हामीले पुष्टि गर्न खोजेको
धारणाको पुष्टि के हो ?
२४. त्यस्तै, सुसमाचारीय आर्मेनियन सिद्धान्तले अँगालेको विचार वा तर्क र भक्तिपाठहरूले पुष्टि गर्न

खोजेकने धारणाको पुष्टि के हो ?

२५. त्यही कुरा धर्मशास्त्रका पात्रहरू र आर्मेनियनहरूले बताएका जीवनीहरूमा कसरी पुष्टि हुन्छ ?

२६. धर्मशास्त्रमा मानिसका लागि "सिद्ध" भन्न सकिने उपमा वा अवस्था के हो ?

२७. "सिद्धतावाद"ले के कुराको प्रतिवाद गर्छ ?

२८. "शरीरका अङ्गहरूको व्यवस्था" र "मनभित्रको आत्मिक व्यवस्था" का बिचमा निरन्तर युद्ध
भैरहनुपर्नाका खास कारणहरू के के हुन् ?

२९. परिणाममा, यी सबैको निश्चयताको खास खडा हुने आधारचाहिँ के हो नि त ?

# अध्याय १४
# (CHAPTER XIV)
# उद्धार दिलाउने विश्वास
# (OF SAVING FAITH)

**खण्ड – १ अनुग्रहको विश्वासमा चुनिएकाहरूलाई आफ्नो प्राण[286] बचाउनका लागि सक्षम बनाइन्छ, जो वास्तवमै तिनीहरूका हृदयमा[287] हुने ख्रीष्टका आत्माको काम हो — यो काम वचन[288] को सेवकाइ हुने क्रममा यो सामान्य प्रक्रिया हो । पवित्र विधि र प्रार्थनाद्वारा यो वृद्धि हुन्छ । यही बुझाइमा उद्धारमा डोऱ्याउने विश्वासलाई बलियो[289] बनाइन्छ ।**

विश्वास – वचनको अति सामान्य अर्थमा यस्तो एउटा अवस्था हो, जसमा माथि उठेर भर्खरैसम्म मनले नमानेको सत्यलाई साँचो हो भनि ठहर गरिन्छ । त्यसका अलावा ज्ञान भनेको चाहिँ भर्खरसम्म मनले मानिराखेको सत्यलाई नै स्वीकार गरिएको हुन्छ । तथापि ज्ञानले झैँ विश्वासले पनि पक्का हो भनि प्रमाणित हुने कुरामाथि नै आफूलाई उभ्याउँछ । तर्कले कुनै पनि बेतुक वा असान्दिर्भिक कुरासँग बिमति राखेजस्तो विश्वासले कुनै कारणसँग बिमति राख्दैन, या त ज्ञानले नै पहिल्यै पुष्टि भैसकेको तर अहिलेसम्म लेखाजोखा नगरिएको अनुमानका कुरासँग बिमति राख्छ । ज्ञानले झैँ विश्वासले पनि प्रमाणको खोजी गर्छ र विभिन्न सवालहरूमा लगभग सम्भावित भनिएका कुराहरू निश्चित हुनसक्छन् भनि पक्का गरिएका कुराहरू मानिलिन्छ । अहिले हाम्रा हातमा भएको पुस्तकले हाम्रो ज्ञानलाई सोझै सार्थक बनाउन सक्छ र अनिश्चयता बाँकी रहेका केही खण्डहरू भरिदिन सक्छ । यसरी निकै शक्तिशाली दुर्बिनले टाढाको तारालाई नियाल्न सकेजस्तै धेरै परका कुराहरूलाई पनि हामीमा भएको विश्वासले त्यसलाई

286 हिब्रु १०:३९ ।

287 २ कोरिन्थी ४:१३; एफिसी १:१७-१९; २;८ ।

288 रोमी १०:१४, १७ ।

289 १ पत्रुस २:२; प्रेरित २०:३२; रोमी ४:११; लुका १७:५; रोमी १:१६-१७ ।

हदैसम्म असीमित बनाइदिन सक्छ । यहाँ हामीले mचर्चा गरेको विषय एउटा विश्वास हो र अर्कोचाहिँ ज्ञान हो । जसरी ज्ञान कुनै कुरामा सुनिश्चित हुनसक्छ, त्यसैगरी विश्वास पनि टाढै भएका कुराहरूमा निश्चित बन्न सक्छ । हामी अहिले जुन शहरमा बसेका छौँ, यसको अस्तित्त्व र महत्त्व के हो भन्ने कुरा हामीलाई थाहा छ । चाहे एथेन्सजस्तो अति प्राचीन शहर होस् वा भर्खरै विकास भैरहेको हेटौंडा, ती दुवैको विषयमा मानिसहरूले हामीलाई जेजति कुराहरू बताए, तिनै कुरा पत्याएर हामी यी दुवै शहरको अस्तित्त्व र महत्त्व स्वीकार गर्दछौँ । ठिक त्यसैगरी, मानवीय स्वभावको महत्त्व हामी जान्दछौँ । परमेश्वरको त्रीएकत्त्वको विषयमा हामीले जेजस्ता कुरा परमेश्वरको साक्षी सुनेर–पढेर थाहा पायौँ, हामीले उहाँमाथि विश्वास गर्ने आधार पनि त्यही अनुसार पायौँ । यी सबै प्रसङ्गहरूमा ज्ञान जसरी पुष्टि भएका कुराहरूमा भरपर्छ, त्यसैगरी विश्वास पनि सबै कुरामा तर्कसम्मत बन्छ ।

हजारौँ प्रकारका सन्दर्भहरूमा सबै मानिसहरूले एकैसाथ उपयोग गरेको विषय नै विश्वास हो । बिनाविश्वास कुनै विचार वा मानवीय कृयाकलापको अति साधारण प्रकृयामा पनि मानिस एकलैले वा समुहले केही गर्न असम्भव हुन्छ । जब विश्वासले कुनै वैधानिक प्रमाणमा जरो गाड्छ, यसले सास्वत् सुनिश्चिततातिर डोऱ्याउँछ । त्यसर्थ, विश्वासको जरा कारण वा पुष्टि हुने कुरामा गडेको हुन्छ । त्यसै हुनाले हो भनि मानिएका कुरामा विश्वास आफैमा सुनिश्चित भैदिन सक्छ । तर विश्वास कारणहरूभन्दा पनि पर पुग्ने गर्छ र हाम्रो मन वा चेतनालाई सर्वोच्च (परमेश्वर) तथा अति आदर्श मानिएको सत्यलाई बुझ्ने तहसम्म उचाल्दछ ।

“धार्मिक विश्वास”को विषयमा अति सामान्य बुझाइ के हो भने यसले धर्मसम्बन्धी सत्यता बुझ्न हाम्रो मगजलाई अलि माथि उचाल्छ । उदाहरणको लागि यसले परमेश्वरको अस्तित्त्व र स्वभावबारे धेरथोर जानकारी गराउँछ र कुनै पनि साँचो वा झूटो कुराले मानिसलाई धर्मको खास रीतिविधिको नैतिक बन्धनमा पार्छ । यही कुरा सबै धर्महरूमा लागु हुन्छ । यो धार्मिक विश्वास हाम्रो आफ्नो धार्मिक आस्था र अभ्यासको आधारमा निर्माण हुन्छ, जब कि अर्कोतर्फ हामीले यस विश्वासको स्वीकारोक्ति विषयमा पाठमा चर्चा गर्दै गरेको “उद्धार गराउने विश्वास” भने सही कुरा के हो भन्ने छुट्टयाउने आत्मिक क्षमता र ईश्वरीय सत्य पनि हो,

जसलाई हाम्रा हृदयमा न्यानोगरी अँगालिएको र पवित्र आत्माद्वारा हाम्रा हृदयमा कुँदिएको छ ।

यस पाठमा हामी उद्धार गराउने विश्वासको विषयमा निम्न कुराहरू मानिलिन्छौँ:

१. यो हाम्रा हृदयमा पवित्र आत्माद्वारा खोपिएको वा छाप लगाइएको छ ।

२. यो परमेश्वरको वचन वा ईश्वरीय सत्यताद्वारा सामान्य प्रकारले लेखिएको वा बनाइएको छ ।

३. यो प्रार्थना र पवित्र विधिद्वारा सबल तुल्याइको छ ।

यी बुँदाहरूको व्याख्या हामी यसपछि हेर्दै जानेछौँ:

१. प्रभावकारी बोलावट शीर्षक अन्तरगत हामीले यसअघि नै हामीमा भएको विश्वास पवित्र आत्माको कामद्वारा बनाइएको हो भनि चर्चा गरिसकेका छौँ । त्यसमाथि पनि यस विषयमा यसरी तर्क अघिसार्न सकिन्छः (क) उद्धारमा डोऱ्याउने विश्वास साँच्चिकै एउटा नैतिक काम हुनुपर्छ र सत्यतामा विश्वासीको ज्ञानमा आधारित भएर यसले आत्मिक धरातलमा काम गरेको हुनुपर्छ । अविश्वासलाई बौद्धिक कमजोरीको परिणाम भन्दा पनि प्रायजसो यसलाई पापकै रूपमा बहिस्कार गरिन्छ । विद्वान भनिएका मानिसहरू हुन् वा अनपढ भनिएका कमै जान्नेसुन्नेहरू दुवैथरीलाई एकै मापदण्डमा राखेर धर्मशास्त्रले उनीहरूबाट विश्वासको माग गरेको छ । (ख) स्वाभाविकरूपमा मानिसहरू आत्मिक रीतिले देख्न नसक्ने दृष्टिबिहिन तुल्याइएका छन् । उनीहरू आत्मिक कुराहरू के हुन् भनेर छुट्टयाउन नसक्ने बनाइएका छन् (१कोरिन्थी २:१४, २ कोरिन्थी ४:४)। उद्धारमा पुऱ्याउने विश्वासका लागि अति आवश्यक तत्त्व मानिएको यस किसिमको आत्मिक समझ पवित्र आत्माद्वारा मानिसका प्राणमा रोपएको हुनुपर्छ । (ग) परमेश्वरको विषयमा केही कुरा सिकाइएको हुनाले मानिसहरू परमेश्वरमाथि विश्वास गर्दछन् (युहन्ना ४:४४, ४५), उनीहरूलाई आत्माका कुराहरू छुट्ट्याउन सक्ने ज्ञान दिइएको हुन्छ (प्रेरित १३:४८, २ कोरिन्थी ४:६, एफेसी १:१७–१८)। विश्वास परमेश्वरद्वारा प्रदा नगरिएको वरदान हो (एफेसी २:८) ।

२. वचनको सेवाको कारणले पवित्र आत्माद्वारा विश्वासलाई सामान्य किसिमले हाम्रा हृदयमा राखिएको हो भन्ने कुरा प्रस्ट गरिएको छ : (क) धर्मशास्त्रमा जे लेखिएको छ, त्यसैअनुसार तर मानिसहरूले उहाँमाथि विश्वास गर्नुभन्दा पहिले उहाँको सुसमाचार सुन्नुपर्छ, अनि प्रचार गर्ने कोही छैन भने कसले उनीहरूलाई सुसमाचार सुनाउने ? त्यसकारण विश्वास सुनाइबाट आउँछ, त्यो परमेश्वरको वचन सुनाइबाट आउँछ (रोमी १०:१३–१७) । (ख) सुसमाचारको प्रचार हुनुपर्ने कुरा एउटा सामान्य प्रक्रिया हो, जसद्वारा मानिसका हृदय र विवेकमा परमेश्वरको सत्यता रोप्न सकिन्छ । विश्वास पुनःजागृत गराइएको प्राणको काम हो । यही कुरा हामीले चर्चा गर्दै आएका छौँ । मानिसको प्राणलाई पुनःजागृत गराउन पवित्र आत्माले परमेश्वरको वचनलाई एउटा साधनझैँ प्रयोग गर्नुहुन्छ । त्यसैद्वारा मानिस पुनःजीवित र पवित्र तुल्याइएर परमेश्वरमा फर्किआउँछ । त्यसो नहुँदो हो त एउटा समझदार मानिसले ख्रीष्टको उद्धारमा प्राप्त हुने फाइदाहरूको अनुभव कहिल्यै गर्न पाउने थिएन — वास्तवमै उसले ख्रीष्टको व्यक्तित्त्व र कामका बारेमा थाहा पाउन अत्यन्तै उत्कट चाहना राखेर पनि सो मौका पाउने उसले थिएन ।

३. मानिसलाई शुद्ध–पवित्र तुल्याउने प्रगतिशील काम पवित्र आत्माको हो भन्ने कुरा हामीले यसअघि अध्याय ८ मा पनि चर्चा गरेकाछौँ । त्यही कामको परिणामअनुसार नै हाम्रा अन्तरमनमा विश्वासको बीउ रोपिन्छ र त्यो बढेर आउँछ । अनि त्यसले फलाउने फलको रूपमा हामी त्यस मानिसले आफ्नो चालचलनमा विश्वास, सत्यता, प्रार्थना, पवित्र विधिहरू र ईश्वरीय प्रावधानमा उदार अनुशानको जीवन प्रदर्शन गर्न सक्दछ । त्यसकारण जे कुराले पवित्रीकरणको विषय बताउन इच्छा जगाउँछ, त्यसले विश्वासको सबलपक्षको विषयमा चर्चा गरेको हुनुपर्छ । किनभने त्यही नै विश्वासको मुख्य जरो पनि हो । त्यसकारण विश्वासलाई सत्य, प्रार्थना। पवित्र विधि पालन, र अनुग्रह प्रकट गर्ने जुनसुकै उपायले विश्वासलाई हुर्काउने बढाउने काम गरेको हुनुपर्छ ।

**खण्ड – २ यही विश्वासद्वारा नै एउटा ख्रीष्टियनले वचनमा प्रकट गरिएका सबै कुराको पत्यार गर्छ । किनभने परमेश्वरले आफ्नो अख्तियारीमा[290] वचन बोल्नुभएको हो । धर्मशास्त्रको हरेक खण्डमा जे बोलिएको छ, त्यसैमा रहेर प्रत्येकले काम गर्दछ । हरेकले परमेश्वरका आज्ञाहरू पालन गर्ने समर्पणता देखाउँछ ।[291] वचनमा सचेत गराइएका कुराहरू उल्लङ्घन गर्नमा डराउँछ ।[292] यो जीवन र यसपछि अनन्तसम्मैका लागि दिइएका परमेश्वरका प्रतिज्ञाहरू[293] अँगाल्दछ तर उद्धारमा डोऱ्याउने विश्वासले गर्ने मुख्य कामहरूचाहिँ अनुग्रहको करार मार्फत धर्मी तुल्याइन, पवित्र बनाइन र अनन्त जीवन दिलाउने कार्यहरूलाई स्वीकार गर्न, ग्रहण गर्न र केवल ख्रीष्टमाथि निर्भर गर्न डोऱ्याउनु हो ।[294]**

यस खण्डले सिकाउने कुराहरूः

१. परमेश्वरले बोल्नुभएको वचनको सत्यताको साक्षीमा उद्धारमा डोऱ्याउने विश्वास निर्भर हुन्छ ।

२. उद्धारमा डोऱ्याउने विश्वासले कुनै सर्त बिना सम्पूर्ण रीतिले परमेश्वरको वचनमा लेखिएका सबै कुराको आदर गर्छ ।

३. मानिसको मनको जटिलता जस्तो छ त्यही अवस्थामा भने परमेश्वरको वचनको खासखास खण्डमा उद्धार गर्ने विश्वासकै उद्देश्यमा प्रयोग हुने धर्मशास्त्रका वचनहरू फरक पर्न सक्दछन् ।

४. हामीलाई ख्रीष्टको एकतामा ल्याउन प्रयोग हुने यो विश्वास आफैमा मानिसलाई ख्रीष्टमा धर्मी तुल्याउने मुख्य सर्त वा साधन हो, जसमा खासगरी दुईवटा आधारभूत कुराहरू संलग्न हुन्छन्ः क) ख्रीष्टको व्यक्तित्त्व, दायित्त्व र कामका विषयमा धर्मशास्त्रले बताएका

[290] यहुन्ना ४:४२; १ थेसलोनिकि २:१३; १ यहुन्ना ५:१०; प्रेरित २४:१४ ।
[291] रोमी १६:२६ ।
[292] यशैया ५६:२ ।
[293] हिब्रु ११:१३; १ तिमोथी ४:८ ।
[294] यहुन्ना १:१२; प्रेरित १६:३१; गलाती २:२०; प्रेरित १५:११ ।

कुराहरूको बुझाइ, र ख) भरोसा वा केवल ख्रीष्टमा पूर्णतः आश्रित हुनु । वास्तवमा यिनै कुराहरू सम्पूर्ण तुल्याइएको उद्धारमा समावेश हुन्छन् ।

अब हामी माथिका यी चारवटै बुँदाहरूको चर्चा गरौँ :

१. परमेश्वरले बोल्नुभएको वचनको सत्यताको साक्षीमा उद्धारमा डोऱ्याउने विश्वास निर्भर हुन्छ । सम्पूर्ण पुरानो तथा नयाँ करारमा लेखिएको धर्मशास्त्र पवित्र आत्माको प्रेरणाद्वारा दिइएको हो । यस अर्थमा धर्मशास्त्र विशुद्ध र प्रस्टरूपमा हाम्रा निम्ति दिइएको परमेश्वरको वचन हो । बाइबल धर्मशास्त्र यसको अकाट्य सत्यता र सर्वोच्च अख्तियारका दृष्टिले निसन्देह ईश्वरीय वचन हो । पिताको साक्षीद्वारा ख्रीष्टले यस पृथ्वीमा हुँदा आफूलाई मसिहाको रूपमा निर्धक्कसाथ दावी गर्नुभयो (युहन्ना ५:३१–३७)। "जसले उहाँको गवाही ग्रहण गरेको छ, त्यसले परमेश्वर सत्य हुनुहुन्छ भन्ने कुराको प्रमाण दिन्छ" (युहन्ना ३:३३)। "जसले परमेश्वरका पुत्रमा विश्वास गर्छ, त्यसको हृदयमा यस कुराको गवाही हुन्छ । परमेश्वरमा विश्वास नगर्नेले उहाँलाई झूटा तुल्याएको हुन्छ । किनकि परमेश्वरले आफ्ना पुत्रको विषयमा दिनुभएको गवाहीमा त्यसले विश्वास गरेको हुँदैन" (१युहन्ना ५:१०)। "यही नै परमेश्वरको गवाही हो । जुन गवाही उहाँले आफ्ना पुत्रको विषयमा दिनुभएको छ" (१युहन्ना ५:९)। कोरिन्थीहरूलाई प्रचार गरेको सुसमाचारमा पावलले "परमेश्वरको गवाही" भनि लेखेका छन् (१कोरिन्थी २:१)। प्रेरितले प्रचार गरेको शिक्षालाई परमेश्वरले "चिन्ह, चमत्कारको गवाहीद्वारा सत्य ठहराउनुभयो" (हिब्रू २:४)। पवित्र आत्माले विश्वासीको जीवनमा सोझै प्राणलाई गवाही दिनुहुन्छ (रोमी ८:१६, हिब्रू १०:१५)।

२. उद्धारमा डोऱ्याउने विश्वासले कुनै सर्त बिना सम्पूर्ण रीतिले परमेश्वरको वचनमा लेखिएका सबै कुराको आदर गर्छ । धर्मशास्त्रको कुनचाहिँ पुस्तक पवित्र आत्माको प्रेरणामा लेखिएको हो भनि धर्मशास्त्रीय मान्यता दिइएको छ कि छैन, वा कुन पुस्तकको सक्कली पाण्डुलिपि कहाँ पाइयो कि पाइएन, अथवा कुन पुस्तकको पुरै कि थोरैमात्र खण्डलाई स्वयं परमेश्वरको वचनको रूपमा धर्मशास्त्रीय मान्यता दिइएको छ कि छैन भन्नेजस्ता आधारभूत प्रश्नमाथि हामीले एउटा सहमति बनाइसकेपछि यो विषयमा चर्चा गर्नु राम्रो हुन्छ । उही प्रकाश वा ज्ञानमा लिइएको सुझबुझ तथा धर्मशास्त्रले आफूमा पारेको असरले हाम्रो प्राणको

निम्ति विश्वासको एउटा जग स्थापित गर्छ । त्यसमा परमेश्वरको गवाहीको थोरैमात्र भए पनि प्रभाव हुन्छ र त्यही प्रभावका आधारमा हाम्रो उद्धारको विश्वासको थोरैखण्ड भए पनि क्रियाशील भएको हुनुपर्छ । त्यसकारण परमेश्वरको सम्पूर्ण वचन नै सकेसम्म व्यक्तिगत, सबै परम्परा तथा मानिसका सिद्धान्तहरूबाट अलग्ग, निजी प्रकाशको रूपमा मानिलिएको सत्यसमेत उद्धारमा डोऱ्याउने विश्वासको उद्देश्य हो ।

३. मानिसको मनको जटिलता जस्तो छ त्यही अवस्थामा भने परमेश्वरको वचनको खासखास खण्डमा उद्धार गर्ने "विश्वास"कै उद्देश्यमा प्रयोग हुने धर्मशास्त्रका वचनहरू फरक पर्न सक्दछन् । मानिसको मनको हालतका बारेमा उस्तैउस्तै अवस्था जनाउने सामान्य गुणहरूको विषयमा एउटै कारणको प्रयोग हुनसक्छ । यी सबै फरक दिमागी हालतका लागि न्यानो सहमतिमा प्रस्तुत गरिएको सत्यको सही ज्ञान प्राप्त गर्न सकिन्छ । तर निकै चुनौतिपूर्ण सत्यको पूरै जानकारी पाएको दिमागी अवस्था भने कुनै हदसम्म प्रतिज्ञा गरिएको सत्य बुझेको मनको अवस्था जत्तिकै प्रस्ट नहुन सक्छ । येशु ख्रीष्टको मुहारमा झल्किएकै परमेश्वरको महिमाको सत्य चाल पाएको अवस्थासित सामान्य दायित्त्वका रूपमा विश्वास गरिएको वा ऐतिहासिक तथ्यलाई मानिलिएको मनको अवस्थालाई एकैप्रकारको अनुभव मान्न सकिँदैन ।

एकताका उद्धारमा डोऱ्याउने विश्वासमा भरोसा वा सुनिश्चयता समावेश हुन्छ कि हुँदैन भन्ने विषयमा रोमनवादी र सुधारवादीहरूका बिचमा घमासान बहस चलेको थियो ।  यसको सही जवाफ, उद्धारमा डोऱ्याउने विश्वासका प्रत्येक कदममा (ख्रीष्टमाथि गरिने) भरोसा वा निश्चयता भन्ने कुरा अपरिहार्य तथा अलग गर्नै नमिल्ने तत्त्वका समावेश भएको हुन्छ । यसमा विश्वास गरिनुको उद्देश्यकै रूपमा भरोसाले काम गरेको हुन्छ । यो कुरा प्रस्ट होस्, धर्मशास्त्रका थुप्रै विषयवस्तुहरू भरोसाका लागि प्रस्ट गरिएका छैनन् । यी सबैजसो सवालहरूमा विश्वाससँगै सत्यको सही पहिचान, स्वीकृति, सहमति, समपर्णता भन्ने कुराहरू स्वतः समावेश भएका हुन्छन् । तर सबै सवालमा विश्वास गरिएको सत्यको स्वभावले भरोसाको अनुभवलाई सही साबित गराउँछ । अनि यही खास अवस्थामा उद्धारमा डोऱ्याउने विश्वासको कामलाई धर्मी तुल्याउने विश्वास पनि

भनिन्छ जसले ख्रीष्टसँगको एकतामा ल्याउँछ । त्यो विश्वास सम्पूर्ण आत्मिक जीवनको जरो वा मूल खण्ड हो । यसरी भरोसा पनि सत्यलाई बुझ्ने मनको सही अवस्था हो, जसलाई धर्मशास्त्र स्वीकार गर्ने विश्वासका रूपमा बुझ्न सकिन्छ । यो विषय यसपछि चर्चा गरिने शीर्षकमा अझै पुष्टि हुनेछ ।

४. हामीलाई ख्रीष्टको एकतामा ल्याउन प्रयोग हुने यो विश्वास आफैमा मानिसलाई ख्रीष्टमा धर्मी तुल्याउने मुख्य सर्त वा साधन हो, जसमा खासगरी दुईवटा आधारभूत कुराहरू संलग्न हुन्छन् :

क) ख्रीष्टको व्यक्तित्त्व, दायित्त्व र कामका विषयमा धर्मशास्त्रले बताएका कुराहरूको स्वीकारोक्तिः

१. ख्रीष्टलाई केन्द्रित गरिएको विश्वासद्वारा हामी धर्मी तुल्याइएका छौँ भनि धर्मशास्त्रले प्रस्टै भनेको छ (रोमी ३:२२, २५, गलाती २:१६, फिलिप्पी ३:९) ।

२. ख्रीष्टलाई इन्कार गर्नुलाई धर्मशास्त्रमा सबै निन्दाको जगको रूपमा बताइएको छ (युहन्ना ३:१८, १९, ८:२४) ।

स्वीकारोक्तिमा बौद्धिक पहिचानसँगै जे स्वीकार गर्न खोजिएको हो, त्यसलाई सौहार्दतामा अँगाल्ने कुरा पनि हुन्छ भन्ने कुरा जोडिएर आउँछ । यो आफैमा एउटा सम्पूर्ण व्यक्तिको काम हो — उसको मानसिक, बौद्धिक, सहानुभूति र सदिच्छासहित सो सत्यको अनुकरण गर्ने । ख्रीष्टमा गरिने विश्वासको यो विशेष कामले उद्धार हासिल गर्छ । यसलाई लगातार जसो केही विशेष वाक्यांशहरूमा बताउने गरिएको छ । जस्तैः "ख्रीष्टमा आउनु" (युहन्ना ६:३५), "उहाँलाई हेर्नु" (यशैया ४५:२२), "उहाँलाई ग्रहण गर्नु" (युहन्ना १:१२), "भाग्दै उहाँको शरणमा जानु" (हिब्रू ६:१८)। यी सबै वाक्यांशहरूले उद्धारको निम्ति सक्रिय स्वीकारोक्ति वा न्यानोगरी अँगाल्ने कामलाई बताउँछन् । यसैमा वचनको सत्यलाई बौद्धिक रूपमा पहिचान गर्ने कुरा पनि समावेश हुन्छ ।

ख) उद्धारमा डोऱ्याउने विश्वासमा समावेश हुने दोस्रो तत्त्व प्राणलाई उद्धार गर्ने भरोसा हो । यसको अर्थ भरोसा वा केवल ख्रीष्टमा पूर्णतः आश्रित हुनु हो । यी सबै कुरा उद्धारको पूर्णतामा सामेल हुन्छन्, जस्तैः

१. उद्धारका लागि धर्मशास्त्रमा आज्ञा गरिएको एउटैमात्र सर्त भनेकै हामीले "ख्रीष्टमा विश्वास गरौँ" भन्ने हो । यदि यो आज्ञा पालन गरियो भने उद्धार पूर्णरूपमा

प्रदान गरिने प्रतिज्ञा गरिएको छ (युहन्ना ७:३८, प्रेरित १०:४८, १६:३१, गलाती २:१६)। व्यक्ति (येशु) मा वा माथि विश्वास गर्नका लागि पत्यार वा भरोसा चाहिन्छ ।

२. ख्रीष्टमा वा ख्रीष्टमाथि विश्वास गरेर उद्धार प्राप्त गर्नुपर्छ भनि हामीलाई लगातार भनिएको छ (प्रेरित २६:१८, गलाती ३:२६, २तिमोथी ३:१५)। "विश्वासचाहिँ आशा गरिएको कुराको भरोसा हो" (हिब्रू ११:१)। भरोसा आशा गरिएका कुराको जगमाथि खडा हुन्छ । आशा त्यो विषयवस्तुसम्म पुग्छ, जसमा इच्छा र चाहना पूरा हुन्छन् । त्यसकारण, आशा भरोमाथि भरपर्छ, भरोसाले आशालाई जन्माउँछ, त्यसो हुँदा विश्वासले आशा गरिएका कुराहरू प्राप्त हुने निश्चयतामा हुन आउने वास्तविकतालाई जन्माउँछ ।

३. यही कुरा प्राप्त हुन आउने परिणाम वा विश्वासको फलले प्रमाणित गर्छ । ख्रीष्टियन आस्था वा जीवनको सन्दर्भमा भनिएको छ, विश्वासद्वारा नै ऊ "प्रतिज्ञा गरिएको कुरा प्राप्त गर्न" सुनिश्चित भएर लागिपर्ने छ । एउटा विश्वासीले परमेश्वरका "प्रतिज्ञाहरू प्राप्त गर्न", "अपनाउन", "राज्यहरूमाथि अधिकार गर्न", "धार्मिकताका कामहरू गर्न", "सिंहका मुखहरू बन्द गराउन" सक्छ (हिब्रू ११ अध्याय)। यी सबै कुराहरूबाट के पुष्टि हुन्छ भने विश्वास भनेको धर्मशास्त्रमा प्रकट गरिएका सत्यहरूलाई जस्ताको तस्तै थपक्कै मानिलिने होइन बरु साँचो हृदयले ख्रीष्टलाई स्वीकार गर्ने, उहाँका अचम्मका कामहरूप्रति धन्यवादी हुने, साथै उहाँका कृपापूर्ण प्रतिज्ञाहरू स्वीकार गर्दै उहाँलाई प्रभु भनि मानिलिने कुराको अनुमान लगाउनु हो भनि मान्न सकिन्छ ।

**खण्ड – ३ कमजोर वा बलियो हुने आधारमा विश्वासको मात्रा फरक पर्छ ।[295] अर्थात् सबै मानिसले एकै मात्रा वा स्तरको विश्वास गर्न सक्दैनन् । विश्वास विभिन्न कारणले बलियो वा कमजोर बन्न सक्छ । तर उद्धारको सन्दर्भमा मानिसले गरेको विश्वास जतिसुकै बलियो होस् कि फितलो नै किन नहोस्, त्यो विश्वास विजयी हुन्छ ।[296] हरेक मानिसमा भएको विश्वास**

[295] हिब्रु ५:१३, १४; रोमी ४:१९-२०; मत्ती ६:३०; ८:१० ।
[296] लुका २२:३१, ३२; एफिसी ६:१६; १ यहुन्ना ५:४, ५ ।

**ख्रीष्ट येशुको पूर्णता[297] प्राप्त नगरून्जेल बढ्दै जान्छ । यहाँ मानिसको हृदयमा विश्वास सुरु र पूर्ण गराउने ख्रीष्ट येशु नै हुनुहुन्छ भनेर बुझ्नु असल हुनेछ ।[298]**

यस खण्डमा पुष्टि गरिएका कुराहरूः

१. विश्वास भन्ने बित्तिकै उस्तै सुनिने भए तापनि यो एउटै व्यक्ति– फरक समयमा वा फरकफरक व्यक्तिमा फरकफरक मात्रा वा घटी–बढी हुने गर्दछ ।

२. विश्वासको अवस्था (विश्वास गरेको छ–छैन भन्ने कुरा) धेरै हदसम्म शत्रुलाई जानकारी भैसकेको हुन्छ, तर धेरैजसो यो बलियो वा कमजोर पनि हुनसक्छ, तर अन्त्यमा यसैको जीत सुनिश्चित गरिएको छ ।

३. यो विश्वास धेरैजसो मानिसहरूमा ख्रीष्टकै पूर्णताको नापसम्म बढ्दै जान्छ ।

यस पुस्तकको अठारौँ अध्याय "अनुग्रह र उद्धारको निश्चयता" शीर्षकमा यही विषयमा अझै विस्तृत विवरणसहित चर्चा गरिइने भए तापनि सो अध्यायमा नपुगून्जेल हामीले चर्चा गर्नुपर्ने सबै कुराहरूलाई यहाँबाट थाँति राख्नेछौँ ।

## प्रश्नहरू

१. "विश्वास" शब्दको सबैभन्दा उपयुक्त र सामान्य अर्थ के होला ?
२. ज्ञान भनेको के हो ? अनि विश्वाससित यो के–कति कारणले भिन्न भएको हो ?
३. विश्वास तर्कसम्मत हुँदैन बरु यो तर्कसम्मत कुराहरूमाथि निर्भर हुन्छ भनेर पुष्टि गर्नुहोस् ।
४. हरेकले नै विश्वासको अभ्यास गर्नसक्छन् भनेर देखाउनुहोस् । किनकि यो कुनै पनि प्रमाणमा भरपर्दछ ।
५. धार्मिक विश्वास भनेको के हो ?

[297] हिब्रू ६:११, १२; १०:२२; कलस्सी २:२ ।
[298] हिब्रू १२:२ ।

६. "उद्धारतिर डोऱ्याउने विश्वास" भन्नाले के बुझ्नुपर्छ ? अनि यो विश्वास "धार्मिक विश्वास" सँग कसरी भिन्न हुनसक्छ ।
७. यस खण्डमा उद्धारमा डोऱ्याउने विश्वासको विषयमा गरिएको पहिलो सत्य के हो, सो बताउनुहोस् ।
८. दोस्रो सत्य के हो, सो बताउनुहोस् ।
९. तेस्रो सत्य बताउनुहोस् ।
१०. उद्धारमा डोऱ्याउने विश्वास आफैमा पवित्र आत्माको काम हो भनि पुष्टि गर्नुहोस् ।
११. यो विश्वास अति सामान्य प्रकारले वचनको सेवाद्वारा पवित्र आत्माले स्थापित गरिदिनुभएको हो भनि पुष्टि गर्नुहोस् ।
१२. यो विश्वास निरन्तर बढ्दै जान्छ र यसलाई पवित्र विधि तथा प्रार्थनाद्वारा सबल बनाइन्छ भन्ने कुराको
पुष्टि दिनुहोस् ।
१३. तेस्रो खण्डमा उद्धारतिर डोऱ्याउने विश्वासको विषयमा बताइएको पहिलो सत्य के हो ?
१४. दोस्रो सत्यचाहिँ के हो नि ?
१५. अनि तेस्रो सत्य के हो ?
१६. चौथो सत्यचाहिँ के हो त ?
१७. वचनमा व्यक्त गरिएको परमेश्वरको गवाहीमा यो उद्धारतिर डोऱ्याउने विश्वास अडिन्छ भनेर पुष्टि गर्नुहोस् ।
१८. उद्धारमा डोऱ्याउने विश्वासले बिना कुनै बाहना परमेश्वरको वचनका सबै कुरा ग्रहण गर्छ भन्ने पुष्टि गर्नुहोस् ।
१९. मानिसको जटिल मनको अवस्थामा धर्मशास्त्रको भिन्न सन्दर्भमा जसरी परमेश्वरको वचन बोलिएको हो त्यसैको आधारमा उद्धार गर्ने विश्वासको मात्रा पनि भिन्नभिन्न हुनसक्छ भन्ने कुरा पुष्टि गर्नुहोस् ।
२०. के सत्य उद्धार गर्ने विश्वासको सम्बन्धमा आफैमा अभिन्न तत्त्व हो ?

२१. उद्धारमा डोऱ्याउने विश्वासले गर्ने विशेष कामको खास उद्देश्य के हो ? यो कसरी धर्मी तुल्याउने एकमात्र साधन बन्यो र त्यसकारण यो उद्धारको निम्ति एकमात्र सर्त कसरी भयो ?
२२. त्यो विशेष विश्वासमा सधैँजसो समावेश हुने पहिलो तत्त्व के हो ?
२३. त्यसमा समावेश हुने दोस्रो कुरा के हो ?
२४. यसमा स्वीकारोक्ति समावेश भएको हुनैपर्छ भनि पुष्टि गर्नुहोस् ।
२५. यसमा भरोसा भन्ने कुरा समावेश भएकै हुनुपर्छ भनि पुष्टि गर्नुहोस् ।
२६. विश्वास, आशा र भरोसाको बिचमा कस्तो अन्तरसम्बन्ध छ र यी कसरी एकअर्काका पूरक हुन्?
२७. तेस्रो खण्डमा उद्धारमा डोऱ्याउने विश्वासको बारेमा सिकाइएको पहिलो सत्य के हो ?
२८. यहाँ यस विश्वासको विषयमा सिकाइउको दोस्रो सत्य के हो ?
२९. यसमा सिकाइएको तेस्रो सत्य के हो ?

# अध्याय १५
# (CHAPTER XV)
# जीवनका लागि पश्चाताप
# (OF REPENTANCE UNTO LIFE)

**खण्ड – १ जीवनका लागि गरिने पश्चाताप सुसमाचारको निम्ति आवश्यक मानिएको अनुग्रह[299] हो । यसका लागि स्थापित सिद्धान्त चाहिँ सुसमाचारका हरेक सेवकहरूले यस पश्चातापको प्रचार गर्नुपर्छ भन्ने हो । त्यसका साथसाथै यो ख्रीष्टमा गरिने विश्वासको आधार पनि हो ।[300]**

**खण्ड – २ यही पश्चातापद्वारा एउटा पापीले आफ्ना आँखाले देखेको वा दिमागले सोचेकोभन्दा पर, पापले ल्याउने जोखिममात्रै होइन बरू अशुद्ध र खराबीहरू समेतबाट अलग्गिएर परमेश्वरको कृपा पाएर आफूलाई बचाउन सक्छ । उसले परमेश्वरको व्यवस्थाको पवित्र र धर्मी स्वभाव धारण गर्दै र ख्रीष्ट येशुको कृपा प्राप्त गर्दै आफ्ना सबै खराबीबाट पछुतो गर्दै फर्किने उपाय पश्चातापद्वारा पाउँछ । यसरी उसले आफ्ना पापको निम्ति शोकित बनेर र त्यसलाई अबउसो घृणा गरेर परमेश्वरतिर फर्किन निर्णय लिन्छ[301] । त्यसपछि ख्रीष्टलाई पछ्याउने र उहाँका सबै आज्ञाहरू पालन गर्ने उदेश्यमा ऊ अघि बढ्छ ।[302]**

यी खण्डहरूले निम्न सत्यहरू सिकाउँछन्ः

१. सुसमाचारीय चलनअनुसार पापीको तर्फबाट गरिने साँचो पश्चाताप यी कुराहरूमा आधारित हुन्छः

---

[299] जकरिया १२:१०; प्रेरित ११:१८ ।

[300] लुका २४:४७; मर्कुस १:१५; प्रेरित २०:२१ ।

[301] इजकिएल १८:३०, ३१; ३६:३१; यशैया ३०:२२; भजनसंग्रह ५१:४; यर्मिया ३१:१८, १९; योएल २:१२, १३; आमोस ५:१५; भजनसंग्रह ११९:१२८; २ कोरिन्थी ७:११ ।

[302] भजनसंग्रह ११९:६, ५९, १०६; लुका १:६; १ राजा २३:२५ ।

(क) जीवनमा आफू दोषी, प्रदूषित र पापको शक्तिको अधीनमा परेको छु र आफ्ना पापकर्मको कारण दोषी छु भन्ने वास्तविक अनुभूति हुने,

(ख) ख्रीष्टमा परमेश्वरको अनुग्रह वास्तवमै प्राप्त गर्ने ।

२. आधारभूत रूपमा नै पश्चातापमा यी कुराहरू निहित हुन्छन्ः

(क) पापलाई साँचो अर्थमा घृणा गर्दै आफ्ना पापको खातिर सन्ताप गर्ने,

(ख) ती सबै पापहरूबाट साँचो अर्थमा फर्किएर परमेश्वरतिर फर्किने,

(ग) इमान्दार उद्देश्यसहित परमेश्वरलाई र उहाँका आज्ञाहरूअनुसार जिउने साँचो प्रयत्न गर्ने ।

३. सुसमाचारीय परिभाषा अनुसार नै पश्चाताप पनि विश्वासजस्तै ख्रीष्टको खातिर परमेश्वरद्वारा दिइने सित्तैको वरदान हो । यो अन्य जिम्मेवारी पालन गरिएझैँ बाध्यकारी हुन्छ । किनभने उद्धारको लागि अनिवार्य सर्त नै पश्चाताप हो ।

४. त्यसकारण पश्चातापको विषयमा सुसमाचारका हरेक सेवकहरूद्वारा मण्डलीको वेदीबाट बडो यत्नसाथ प्रचार गरिनुपर्छ ।

१. पश्चातापको आधार

क) पापको साँचो अनुभूति - पुनर्जीवन प्राप्त हुने क्रममा आत्मिक प्रकाश तथा लगावको नवीकरणको प्रभावले विश्वासीहरूलाई व्यवस्था र सुसमाचार प्रकट भएजस्तै परमेश्वरको पवित्रता देख्ने र खुसीसाथ ग्रहण गर्ने बनाउँछ (रोमी ३३:२०, अय्युब ४२:५–६) । त्यही प्रकाशले पाप स्वभावको कारण ज्यादै बढेर जान सक्ने प्रभावलाई देख्न र अनुभव गर्न सक्ने बनाउँछ । यसरी मानिसले आफ्ना पाप स्वभाव र काम–व्यवहारको खास के परिणाम आउँछ भन्ने बुझ्न सक्छ । पापलाई साँचो अर्थमा बुझ्ने यही चेतनाले जीवनको वास्तविक अवस्था बुझ्न सक्ने बनाउँछ । यसरी मात्रै परमेश्वरले उसलाई जस्तो देख्न चाहनुभएको हो त्यस्तै रूपमा आफूलाई मानिसले देख्न सक्दछ । यसमा यी कुराहरू समावेश हुन्छन्ः १. दोषको चेतना, जस्तैः परमेश्वरको विरुद्धमा उभिँदा दण्ड भोग्नुपर्ने अवस्थाको अनुभूति हुनु (भजन ५१:४, ९) । २. प्रदूषितणको चेतना, जस्तैः परमेश्वरको पवित्रताको विपरीत जानु (भजन ५१:५, ७, १०) । ३. असहाय हुनुको चेतना (भजन ५१:११, १०९:२१–२२) ।

ख) पश्चातापको अर्को आधारचाहिँ ख्रीष्टमा परमेश्वरको अनुग्रह छर्लङ्ग बुझ्ने हुनु हो । साँचो पश्चातापमा आउनका लागि यो आवश्यक हुन्छ - १. किनभने झल्यास्स ब्युँझिएको चेतनाले परमेश्वरको व्यवस्थालाई सजिलै बुझ्नसक्छ र ईश्वरीय न्याय पाउनका लागि अनिवार्य बनाइएको सर्त (भाकल, बलिदान वा भेटी) भन्दा कम नहुनेगरी उहाँलाई रिझाउने काम यही चेतनाले गर्नसक्छ । यसले ख्रीष्टमा विश्वास गरेपछि हुने फाइदा हुनुभन्दा अघिको अवस्थाबारे अथवा उहाँलाई नमान्दाको परिणामस्वरूप नष्ट हुन जाने प्राणको अवस्थाबारे सही जानकारी गराउँछ । २. किनभने ख्रीष्टभन्दा बाहिर हुँदा परमेश्वर 'भष्म पार्ने आगो' हुनुहुन्छ र पापले भरिएको प्राणका विरुद्धमा उर्लिने उहाँको क्रोध कहिल्यै ननिभ्ने आगो हो (व्यवस्था ९:२४, हिब्रू १२:२९) । ३. पश्चातापले उहाँको पुत्रमा हामीलाई दिइएको वरदानमा परमेश्वर असाध्यै भलो हुनुहुन्छ भन्ने थाहा पाउने साँचो चेतना ल्याउँछ । उहाँ भलो हुनुहुन्छ भन्ने जानेर पनि उहाँप्रति कृतज्ञ बन्न नसक्ने हाम्रो अवस्थाले परमेश्वरकै विरुद्धमा खडा भएको ठहर्छ यथार्थ थाहा पाएर सो अवस्थाबाट फर्किने चेतनाले साँचो अर्थमा पश्चाताप हो (भजन ५१:४) । ४. धर्मशास्त्रमा उल्लेख गरिएका पश्चातापका थुप्रै उदाहरणहरूले यो कुरा पुष्टि गरिसकेको छ (भजन ५१:१, १३०:४) । अहिले विश्वव्यापीरूमा  ख्रीष्टियनहरूले गरिरहेको अनुभवद्वारा पनि यो कुरा प्रमाणित भएको छ ।

२. वास्तविक आधारमा साँचो पश्चातापले यी कुराहरू समेट्दछः

क. पापलाई साँचो हृदयले घृणा गर्ने र आफूले गरेका पापकर्महरूको निम्ति सन्ताप गर्ने (भजन ११९: १२८, १३६) । ईश्वरीय पवित्रताको दृष्टिले पाप त्यसको पापपूर्ण प्रवृत्तिमा झनै खराबीतिर लागिरहेको देखिन्छ । त्यो परमेश्वरको व्यवस्था र खासगरी ख्रीष्टको क्रुसद्वारा हेर्दा पाप आफैमा नसुध्रिने अवस्थामा पुगिसकेको देखिन्छ । हामी जति धेरै ख्रीष्टको मुहारमा परमेश्वरलाई देख्न सक्ने हुन्छौँ, त्यति नै हामी आफैलाई पछुतोमा उभ्याउँछौँ र धुलो वा खरानी शरीरमा घसेर पश्चाताप गर्न तयार हुन्छौँ (अय्युब १७:५–६, इजकिएल ३६:३१) । "किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चाताप उत्पन्न गर्छ र त्यसमा पछुतो हुँदैन तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ" (२कोरिन्थी ७:१०) । "व्यवस्थाको ज्ञानले पापको ज्ञान

बढाउँछ” (रोमी ३:२०) । अनि त्यसकारण “व्यवस्था हामीलाई ख्रीष्टतिर डोऱ्याउने शिक्षक हो” (गलाती ३:२४) ।

ख. पश्चातापको चेतनामा यी कुराहरू समेटिन्छन् - हाम्रा सबै पाप स्वभावहरूबाट परमेश्वरतिर साँच्चिकै फर्किने । यो फर्काइ आफैमा व्यवहारिक हुन्छ र यसैलाई पापबाट “मनको परिवर्तन” गरी परमेश्वरतिर फर्किनु भनिन्छ । हाम्रो जीवनलाई पुनर्जीवित गराउने क्रममा यो कुरा अपरिहार्य र तत्काल हुनुपर्ने परिणामको रूपमा आउँछ । यसले पापलाई मनैदेखि त्यागेको देखाउँछ । यो कामले पापलाई घृणित र दुष्ट मानेर त्यसप्रति दुःखी र विनम्र हुँदै पाप स्वीकार गरिकन आफ्ना पिता परमेश्वरतिर मेलमिलाप गर्न फर्किएको प्रस्ट गर्छ । यो काम गर्नमा ख्रीष्टको अनुग्रहको सहायता र एक प्रकारको प्रतिबद्ध विश्वासको भूमिका रहन्छ । पवित्र आत्माले पश्चातापको विषयमा बताउन प्रयोग गर्नुभएको ग्रीक शब्दको सही अर्थ स्मरण हुन्छ अर्थात् “मनको परिवर्तन” जसमा प्रस्टतः विचार, अनुभूति, उद्देश्य र चाहनासमेत बदलेर परमेश्वरका सन्तानको रूपमा हामीले धारण गर्नुपर्ने नयाँ चरित्र वा स्वभाव हुनुपर्ने कुराहरू जोडिएर आउँछन् । यदि यो कार्य साँचो मनले गरिएको हो भने यसले पश्चातापको व्यवहारिक अर्थमा डोऱ्याउँछ ।

ग. एउटा नयाँ आज्ञाकारिताको पछ्याउनमा प्रयत्नशील रहने उद्देश्यतिर लागिरहने साँचो प्रतिबद्धता (प्रेरित २६:२०) । यी सबै कुराहरूले जीवनतिर फर्किन गरिने पश्चातापको काममा के कस्ता चरणहरू लागु हुन्छन् भन्ने प्रष्ट्याउँछन् - पवित्र आत्माद्वारा पुनर्जीवन दिइएको परिणामस्वरूप हाम्रा प्राणले साँचो अर्थमा पश्चाताप गर्न सक्छ । परमेश्वरले पुनर्जीवन दिनुहुन्छ र हामीलाई दिइएको नयाँ अनुग्रहको अभ्यास गर्ने साँचो क्षमतामा पश्चाताप गर्न सकिन्छ । त्यसकारण हो, पश्चाताप र मनको परिवर्तन भन्ने कुरा प्रायजसो एउटै कृपापूर्ण अनुभवद्वारा प्रयोग हुन्छन् । दुई फरक सन्दर्भमा धर्मशास्त्रले यसलाई फरक शब्दको प्रयोग गरेको छः १. आस्था वा मनको परिवर्तन भन्ने शब्द धेरैजसो प्रयोग गरिएको छ । यसमा हामीले नयाँ ईश्वरीय जीवनको थालनी गर्दैगर्दा यस्ता धेरै शब्दहरूको प्रयोग पनि हुने गर्छ । तथापि यसले जोड दिने विशेष कुराचाहिँ परमेश्वरतिर फर्किआउनु भन्ने नै हो । पश्चाताप आफैमा प्रस्ट छ, यसले खासगरी

हाम्रो विवेकले ठहऱ्याएको सही–गलत छुट्याउने नियममाथि जोड दिन्छ । यसरी पश्चातापले नयाँ जन्म पाएको अनुभवमा पापबाट तर्किएर आएको भन्ने प्रस्ट गर्छ । २. आस्थाको परिवर्तनलाई प्रायजसो एउटा धार्मिक जीवनको सुरुआतमा गरिने प्राथमिक कार्यहरूको रूपमा अत्थ्याउने गरिएको पाइन्छ । अथवा यसो पनि हुनसक्छ, परमेश्वरबाट टाढिएको कुनै मानिस उहाँतिर फेरि फर्किआउने पहिलो चरणका कामहरू भन्ने पनि आस्था परिवर्तनको सवालमा बुझ्ने गरिएको छ (लुका २२:३२) । तरै पनि ख्रीष्टियनले आफ्नो हृदय वा जीवनमा निरन्तरजसो पापसित संघर्ष गर्नुपरिरहेका मानिसहरूले त्यो अवस्था कायम रहुन्जेल पश्चाताप भन्ने कुरा दिनदिनै अनुभव गर्नुपर्ने कामको रूपमा बुझ्न सकिन्छ (भजन १९:१२, १३, लुका ९:२३, गलाती ६:१४, ५:२४) ।

कति अवस्थामा पुनर्जीवन पाउनुभन्दा पहिले नक्कली पश्चाताप गरिएको पनि हुनसक्छ । त्यसो हुँदा ती मानिसहरूले वास्तवमै नयाँ जीवन पाएका हुँदैनन् । यो कुरा मानवीय विवेकको स्वाभाविक अवस्थामा सत्य र आत्माको सामान्य कामबाट सुरु हुन्छ । गलत र दुस्कार्यको दोष तथा हृदय प्रदूषित भएको अनुभूति थाहा पाएर उत्साहित हुने प्रतिक्रियाले पश्चातापमा डोऱ्याउँछ । त्यसो नहुने हो भने पश्चातापले न ता मानिसलाई पापको घृणाको चेतमा पुऱ्याउँछ, न परमेश्वरको कृपा पाउनुपर्छ भन्ने तथ्य सम्झाउँछ, न ता व्यवहारिकरूपमा पापबाट फर्किएर परमेश्वरकहाँ आउने कुरा नै कारण बन्छ । यी कुराले साँचो पश्चातापको सदीक्षा पुष्टि गर्छन्ः क) धर्मशास्त्रका शिक्षा र तोकिदिएका जिम्मेवारीहरू सिद्धरूपमा पूरा गर्ने प्रतिबद्धता र ख) यसले ल्याउने परिणामहरू । त्यसकारण यदि साँच्चिकै ‘पश्चाताप’ गरिएको हो भने यो पुनर्जीवन प्राप्त गरेको अनुभवबाट उत्पन्न हुन्छ र यसले अनन्त जीवनतिर डोऱ्याउँछ ।

३. सुसमाचारीय परिभाषा अनुसार नै पश्चाताप पनि विश्वासजस्तै ख्रीष्टको खातिर परमेश्वरद्वारा दिइने सित्तैको वरदान हो । यो अन्य जिम्मेवारी पालन गरिएझैं बाध्यकारी हुन्छ । किनभने उद्धारको लागि अनिवार्य सर्त नै पश्चाताप हो । पश्चातापको विषयमा यहाँ जे भनिएको छ, सो पुनर्जीवित गराइने र शुद्धीकरण गरिने प्रक्रियाको सही अनुभवको प्रकृतिसँग मिल्छ । ख्रीष्ट दाखको बोट हुनुहुन्छ र हामीचाहिँ त्यसका हाँगाहरू हौँ । त्यसका साथसाथै हामी स्वतन्त्र र उत्तरदायी

मानिसहरू पनि हौँ । त्यसकारण हरेक ख्रीष्टियनको दायित्व अनुग्रह नै हो । किनभने ख्रीष्टमा नहुने हो भने हामी कोही पनि होइनौँ र केही पनि गर्न सक्दैनौँ (युहन्ना १५:५) । त्यही सारमा हरेक ख्रीष्टियन अनुग्रह आफैमा एउटा दायित्व हो । किनभने हामीलाई केही गर्ने अनुग्रह दिइएको हुन्छ, अनि त्यो दायित्व पूरा गर्दैगर्दा नै अनुग्रहको वास्तविक परिणाम देखाउँछ । यसरी नै परमेश्वरको वरदानहरूको पुष्टि हुन्छः

क. यसको आफ्नो स्वभावबाट यसको पुष्टि हुन्छ । यसमा पापको साँचो खेद समावेश हुन्छ । पापप्रतिको एउटा पवित्र घृणा यसमा आउँछ । त्यसका साथै प्रभु येशु र उहाँका काममा निसङ्कोच विश्वास प्रकट हुन्छ, जुन विश्वास परमेश्वरको वरदान हो (गलाती ५:२२, एफेसी २:८) ।

ख. यसले धर्मशास्त्रसित सोझै सम्मति जनाउँछ (जकरिया १२:१०, प्रेरित ५:३१, ६:१८, २तिमोथी २:२५) ।

४. त्यसकारण पश्चातापको विषयमा सुसमाचारका हरेक सेवकहरूद्वारा मण्डलीको वेदीबाट बडो यत्नसाथ प्रचार गरिनुपर्छ । यसको तात्पर्यः

क. हामीले पूरा गर्नुपर्ने भनिएको दायित्वसित स्वतः जोडिएको तथ्य हो, सुसमाचारका हरेक सेवकले पश्चातापको प्रचार गर्नुपर्छ ।

ख. किनभने हरेक प्रचारमा पश्चातापको विषय हुनुपर्ने कुरा ख्रीष्टले प्रेरितहरूलाई दिनुभएको महान् आदेशमा समावेश गरिएको छ (लुका २४:४७, ४८) ।

ग. किनभने यही कुरा प्रेरितहरूको उदाहरणमा समावेश भएको छ (प्रेरित २२:२१) ।

**खण्ड – ३ तथापि पापको पूर्ण सन्तुष्टिको रूपमा पश्चाताप गरिनुहुँदैन । कुनै खास पापको क्षमा प्राप्त गर्नेमात्रै अभिप्रायले पनि पश्चाताप हुँदैन ।[303] त्यो त ख्रीष्ट येशुमा परमेश्वरले दिनुहुने सित्तैको अनुग्रहको काम हो ।[304] तापनि**

[303] इजकिएल ३६:३१, ३२; १६:६१-६३ ।
[304] होशे १४:२, ४; रोमी ३;२४; एफिसी १:७ ।

**यो सबै पापीहरूका लागि अपरिहार्य छ । कसैले पनि पश्चाताप बेगर पापको क्षमादान पाउन सक्दैन ।[305]**

**खण्ड – ४ पाप सानो भन्ने हुँदैन, तापनि पापले सर्वनाश निम्त्याउँछ ।[306] त्यसैगरी पाप अत्यन्त ठुलो भन्ने पनि हुँदैन, तापनि साँचो मनले पश्चाताप गर्नेहरूमाथि पनि दण्ड आइलाग्ने होइन ।[307]**

**खण्ड – ५ सामान्य पश्चाताप गरिसकेपछि कसैले पनि त्यत्तिमै सन्तुष्ट भएर बस्नुहुँदैन । तर खास पापको निम्ति खास रीतिले पश्चाताप गर्नु उसको कर्तव्य हो ।[308]**

यी खण्डहरूले निम्न सत्यहरू सिकाउँछन्ः

१. पापको सन्तुष्टिका लागि वा कुनै खास पापको क्षमा प्राप्त गर्नैका लागि मात्र पनि पश्चाताप गरिनुहुँदैन ।

२. अवस्था जेसुकै होस्, पश्चातापलाई क्षमादानबाट अलग्याएर बुझ्न नमिल्ने भएकाले पश्चाताप नगर्ने सकैले पनि क्षमा पाउने छैन ।

३. जबकि अति सानो पापले पनि दण्ड पाउने नै छ, जतिसुकै ठुलो पाप भए तापनि त्यसको क्षमाका लागि ख्रीष्टको त्यति नै अनुग्रह पर्याप्त हुन्छ ।

४. सामान्य अर्थमा मानिसले आफ्नो जीवनमा भए–गरिएका सबै पापको र पाप स्वभावको निम्ति पश्चाताप गर्नुपर्छ । त्यसैगरी उसले थाहा पाए जति प्रत्येक पापको निम्ति पनि पश्चाताप गर्नुपर्छ ।

१. सुसमाचारीय चलनअनुसार पापीको तर्फबाट गरिने साँचो पश्चाताप यी कुराहरूमा आधारित हुन्छ । यो कुराले प्रायश्चितको समयमा “नैतिक प्रभावको सिद्धान्त” ले काम गर्छ भन्ने सोसिनियन्सको विचारसित सोझै विवाद गर्छ ।

305 लुका १३:३, ५; प्रेरित १७:३०, ३१ ।
306 रोमी ६:२३; ५:१२; मत्ती १२:३६ ।
307 यशैया ५५:७; रोमी ८:१; यशैया १;१६, १८ ।
308 भजनसंग्रह १९:१३; लुका १९:८; १ तिमोथी १:१३, १५ ।

त्यसैगरी व्यवस्थाले माग गरेबमोजिम कुनै खास पापको क्षमा पाउनका लागि विशेष किसिमको पश्चाताप गर्नुपर्छ भन्ने केही तर्कशास्त्रीहरूसित पनि यो विचार मिल्दैन । तथापि यस विषयमा पापको पूरै क्षमादान पाउन र पुनर्जीवन प्राप्त गरेर ईश्वरीय स्वीकृति पाउनका लागि परमेश्वरले तोकिदिनुभएको एउटै मात्र न्युनतम सर्त पश्चाताप हो ।

यो विषय रामन क्याथोलिक मण्डलीले चलाएको स्वेच्छिक दण्ड भोग्ने नियमसँग पनि मेला खाँदैन ।

(१) यथार्थमा यो आन्तरिक हुन्छ, पापको निम्ति सन्ताप गर्ने र पापबाट परमेश्वरतिर फर्किने काम यसमा संलग्न हुन्छ । (२) पवित्र विधिको रूपमा, जुन चाहिँ अन्तरमनको अवस्थालाई सार्वजनिकरूपमा प्रकट गर्नु हो । यस विधिका यी कुराहरू हुन्छन्ः (क) पछुतो - अर्थात् अबउसो कुनै हालतमा पनि पाप नगर्ने उद्देश्यले विगतमा गरेका पापहरूको निम्ति पछुतो गर्दै त्यसलाई घृणा गर्नु । (ख) पाप स्वीकार - अर्थात् कुनै धर्मगुरू वा अगुवाको सामुन्ने गएर आफै आफ्ना पाप स्वीकार्नु । (ग) न्यायालय वा अख्तियारवालाको अगाडि खडा भएर साबिती बयान दिएझैँ धर्मगुरू वा सम्बन्धित मानिसहरूको सामुन्ने अपराध कबोल गर्नु – खास पाप गरेको भनि स्वघोषणा गर्नु । तिनीहरूले भन्ने गरेको कुरा के हो भने यसरी खास पापको निम्ति पश्चाताप गर्दा तोकिएको गल्ती–अपराध मेटिन्छ र त्यसबाट पश्चाताप गर्नेलाई साँचो सन्तुष्टि मिल्छ । त्यो नै क्षमादानको लागि हुनुपर्ने कुरा पर्याप्त हुन्छ । यसो गरे पुग्यो - खासगरी बप्तिस्मा लिई सकेपछि पनि गरिएका पापको क्षमा याचना यसरी गरे भयो । ९ऋबत। च्यm।, उबचत क्ष्क्ष्, अज। ख्, त्तक। ज्ञद्द, ज्ञघ०

धर्मशास्त्रले सिकाएअनुसार पापको क्षमादान पुष्टि हुने जुनसुकै पाप भए पनि त्यसले पश्चाताप उत्पन्न गराउने होइन - (१) परमेश्वरको न्यायको निम्ति, जसले हरेक पापको निम्ति कुनै हालतमा पनि दण्डको माग गर्छ । (२) परमेश्वरको व्यवस्था र न्यायले माग गरेअनुसार दायित्व पूरा गरिदिएको रूपमा पनि पश्चाताप हुन्छ तर त्यही क्षमादान पनि ख्रीष्टले मृत्युसम्मै आज्ञाकारी भएर दुःखकष्ट भोगिदिएको कारण सम्भव तुल्याइएको हो । (३) सत्य के हो भने येशुले जोजसका लागि प्राण दिनुभएको हो, ती सबैको पूर्ण सन्तुष्टि उपलब्ध गराइएको छ । (४)

कुनै पनि मानिसले कुनै असल कामद्वारा आफूलाई धर्मी तुल्याउने भन्ने कुरा प्रायः असम्भव छ । र (५) कुनै पनि विश्वासीले ख्रीष्टको धार्मिकताको आधारमा मात्रै पाप क्षमा प्राप्त गर्न सक्छ, उहाँबाट उपलब्ध गराइएको अनुग्रह उसले विश्वासद्वारा ग्रहण गरेपछि यो कुरा सम्भव हुन्छ ।

यी सबै विषयमा बुँदागत ढङ्गले यसअघि नै हामीले चर्चा गरिसकेका छौँ । ती हरेक विषय आफैमा पर्याप्तसँग पुष्टि भइसकेका छन् - (क) फरक फरक रीतिले क्षमादान हासिल गर्न सकिन्छ । (ख) रोमन क्याथोलिक मण्डलीमा स्वेच्छाले कुनै पापको दण्ड आफैले घोषणा गर्ने र आफै दण्ड भोग्नेजस्तो ख्रीष्टको अनुग्रहभन्दा बाहिर गएर प्राप्त गर्न खोजिने क्षमादान भने ख्रीष्टको सिद्ध बलिदानको उपहास गर्ने दुस्साहस हो । (ग) जब अन्तरमनले साँच्चिकै पश्चाताप गरिन्छ, त्यो आफैमा परमेश्वरले अनुग्रही भई दिनुभएको उपहार हो । स्वयम्मा कुनै लाभ नहेरीकन ख्रीष्टको अनुग्रह आफ्ना प्राणमा लागु गर्ने सदिच्छाबाट यो उत्पन्न हुन्छ र यसले हाम्रा प्राणमा उनै ख्रीष्टको अनुग्रह लागु गराउँछ ।

२. जे भए तापनि पश्चाताप यस्तो अपरिहार्य विषय हो । पश्चाताप नगरिकन कुनै पनि पापीले आफ्ना पापको क्षमादान पाउन सक्दैनन् । यो स्पष्ट छ - (१) किनभने पापको पश्चाताप नगर्ने पापीलाई क्षमादान गरिदिनु भनेको उसका पापलाई जायज मानिदिनु हो, उसलाई पापी अवस्थामा नै ठिक ठहऱ्याउनु हो र यसरी अरूलाई पनि पाप गर्न उत्साहित गर्नु हो । हुन त मानिसको आफ्नो नैतिक मान्यता र धर्मशास्त्रले समेत कुनै पापको निम्ति पश्चाताप गर्ने बित्तिकै पूरै क्षमादान भइहाल्न सक्दैन कि भन्ने विचार कायमै राखिरहेको हुन्छ । कति ठुलो पाप पनि त्यस बराबरको दण्ड सजाय नपाइकन कसरी शुद्ध होला त भन्ने एक प्रकारको अविश्वास हामीमा रहिरहन सक्छ । असल नैतिकतामा बाँचिरहेको व्यक्ति र अघोरै अपराध गर्ने व्यक्ति दुबैलाई कसरी एकसमान व्यवहार हुनसक्छ र साधारण पश्चाताप गरेकै भरमा कसरी उत्तिकै क्षमादान हुनसक्छ भन्ने प्रश्न मनमा आउनु पनि स्वभाविक हुन्छ । तर यो अनुग्रहमा सम्पन्न गरिएको आत्मिक विधि हो र सबैले ख्रीष्टको अनुग्रहमा क्षमादान प्राप्त गरेर धार्मिकता ग्रहण गर्न सक्छन् । (२) पश्चाताप मानव प्राणलाई पुनर्जीवित गराउने अनुग्रहको लगत्तै पछि आउने स्वाभाविक प्रतिफल हो । यसले ख्रीष्टमा विश्वास गर्ने एउटा असाधारण तत्त्वलाई

अँगालेको हुन्छ । यो मानिसलाई धर्मी तुल्याउने साधनकै रूपमा हामीमा सक्रिय हुन्छ । त्यसै भएर विश्वासमा पश्चाताप हुने गर्छ । त्यसकारण विश्वास गर्नेले पश्चाताप गर्छ, अनि विश्वास नगर्नेले पश्चाताप गर्दैन र विश्वास नगर्ने व्यक्ति धर्मी बन्दैन । यस अर्थमा हाम्रा प्राणलाई पुनर्जीवित गराउने र हामीलाई धर्मी तुल्याइने कामलाई एकअर्काबाट अलग्याउनु हुँदैन । (३) ख्रीष्टले गर्ने कामको ढाँचा नै "आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउने" हो (मत्ती १:२१) । क्षमा गरिदिएर उहाँले ती मानिसहरूलाई पापको दोषबाट छुटकारा दिनुहुन्छ र पश्चातापद्वारा तिनीहरूलाई पापको शक्तिबाट उन्मुक्त र दोषी भावनाबाट शुद्ध गराउनुहुन्छ । त्यसकारण "परमेश्वरले उहाँलाई उच्च तुल्याउनुभयो इस्राएललाई पश्चातापमा डोहोऱ्याउन र पापको क्षमादान उपलब्ध गराउन" (प्रेरित ५:३१) । (४) विश्वासजस्तै पश्चाताप पनि अनुग्रहसँगै दायित्व पनि हो । त्यसकारण सुसमाचारका सेवकहरूलाई क्षमा प्राप्त गर्नका लागि पश्चाताप अति आवश्यक हुन्छ भनेर प्रचार गर्नू भनि आज्ञा गरिएको छ (लुका २४:४७, प्रेरित २०:२१) ।

३. सानोभन्दा सानो पापको लागि पनि दण्ड हुन्छ भन्ने कुरा प्रस्ट छ । नैतिक नियम भनेको हरेक सन्दर्भमा नैतिक नियम नै हो । यसै हुनाले यो नैतिकरूपमा बाध्यकारी हुन्छ र यसको उलङ्घन गर्नु भनेको लज्जाजनक ढङ्गले दोषी ठहरिनु हो । त्यसकारण "सम्पूर्ण व्यवस्था पालन गरेर पनि त्यसको सानोभन्दा सानो बुँदा उलङ्घन हुँदा सम्पूर्ण व्यवस्था नमानेको दोष लाग्दछ" (याकुब २:१०) । तर साँचो हृदयले पश्चाताप गर्ने व्यक्तिको पक्षमा जतिसुकै ठुलो पाप भए पनि त्यसको दण्डको आज्ञा हुने छैन भन्ने कुरा प्रस्ट गरिएको छ । किनभने हामीले यसअघि चर्चा गरेझैँ साँचो पश्चाताप नयाँ जीवन वा पुनर्जीवनको प्रतिफल हो । त्यसै हुनाले धर्मी नतुल्याइएको कोही पनि नयाँगरी जन्मेको निश्चयतामा पुग्न सक्दैन । त्यसका अलावा, साँचो पश्चातापमा विश्वास समावेश हुन्छ, त्यो विश्वास ख्रीष्टमा एकीकृत हुन्छ र उहाँबाट प्राप्त हुने धार्मिकता आफूमा निश्चित गर्छ । यसरी निश्चितरूपमा ख्रीष्टको धार्मिकताले सम्भावित सबै पापहरूलाई रद्द गरिदिन्छ (रोमी ८:१, ५:२०) ।

४. मानिसले आफ्नो जीवनको पाप स्वभाव तथा हृदयको भ्रष्टताको निम्ति मात्रै पश्चाताप गर्ने होइन, बरू सकेसम्म आफूले बिगतमा गरेका सबै खराबीहरू

स्वीकार गर्दै पश्चाताप गर्नुपर्छ । यसपछि सम्भव भएसम्म भएगरिएका सबै खराबीहरूलाई व्यवहारिकरूपमै सुधार्ने काम गर्दै जानुपर्छ । यो काम स्वाभाविक चेतना र धर्मशास्त्रले उस्तैगरी भनेको अनुसार नै गर्नुपर्छ (लुका १९:८, १यूहन्ना १:९) । कुनै मानिसले पनि समग्रमा पापलाई घृणा गर्छु भनेर पुग्दैन, जबसम्म उसले खास समयमा हुन गएको खास पापलाई साँच्चिकै घृणा गर्दैन । कुनै मानिसले पनि आफ्ना सबै पापको खातिर एकमुस्टमा पछुतो गरेको मानिँदैन, जबसम्म उसले खास समयमा गरेको खास पापको निम्ति दुःखी हुँदै पछुतो गर्दै त्यसलाई इन्कार गर्दै, आफै फँस्न पुगेका खासखास पापको निम्ति दुःख मनाउँदैन ।

**खण्ड – ६ हरेक मानिसले आफ्ना व्यक्तिगत पापको निम्ति परमेश्वरसामु व्यक्तिगत रूपमै स्वीकार गर्न बाध्य पारिएझैँ उसले हरेक पापको क्षमाको निम्ति प्रार्थना[309] गर्नुपर्छ । त्यही प्रार्थनामाथि निर्भर भएर उसले सबै पापलाई त्याग्नुपर्छ तबमात्रै उसले कृपा पाउँछ ।[310] यसरी ऊ आफ्नो भाइ वा ख्रीष्टको मण्डलीका सदस्यहरूलाई दोष देखाइदिन सक्ने हुन्छ । यसका लागि ऊ आफै इच्छुक बन्नुपर्छ र व्यक्तिगत वा सार्वजनिक रूपमा पाप स्वीकार गरेर आफ्ना पापको खातिर दुःख मनाउनुपर्छ र आफूले पाप गरेकोमा त्यसबाट प्रताडित भएका सबैसँग[311] क्षमा माग्नुपर्छ । ती मानिसहरू अब उसित मिलापमा आउने छन् र उसले तिनीहरूलाई प्रेममा स्वीकार गर्नुपर्छ ।[312]**

यस खण्डले निम्न कुराहरू सिकाउँछः

१. हरेक मानिसले परमेश्वरसामु व्यक्तिगत रूपमा आफ्ना पाप स्वीकार गर्नुपर्छ । यसरी, जसै उसले साँचो मनले आफ्ना पापको निम्ति दुःख मनाउँदै

[309] भजनसंग्रह २:४, ५, ७, ९, १४; ३२:५, ६ ।
[310] हितोपदेश २८:१३; १ यहुन्ना १:९ ।
[311] याकुब ५:१६; लुका १७:३, ४; यहोसु ७:१९; भजनसंग्रह ५१ ।
[312] २ कोरिन्थी २:८ ।

त्यसलाई दुत्कारिएको भए परमेश्वरले निश्चय नै उसलाई क्षमा गरिदिनुहुनेछ । यसअघि नै चर्चा गरिएझैँ पाप स्वीकार गर्ने काममा साँचो पश्चातापको प्रभाव र स्वभाव दुबै समावेश भएको हुन्छ । हो, यही कुरा धर्मशास्त्रमा घोषणा गरिएको छः “यदि हामीले आफ्ना पाप स्वीकार गर्‍यौँ भने उहाँ (परमेश्वर) हामीलाई क्षमा गर्न र हाम्रा सबै अधार्मिकताबाट शुद्ध गर्न विश्वासयोग्य र धर्मी हुनुहुन्छ” (१युहन्ना १:९) ।

२. जब एउटा ख्रीष्टियनले व्यक्तिगतरूपमा आफ्नो भाइलाई घाइते बनायो भने अथवा आफ्नो गैरख्रीष्टियन व्यवहारद्वारा प्रभुको शरीर (मण्डली) लाई चोट पुर्‍यायो वा बदनाम गर्ने काम गर्‍यो भने त्यो खराबीको प्रकृतिअनुसार नै उसले व्यक्तिगत वा सार्वजनिकरूपमा क्षमा याचना गर्न इच्छुक बन्नुपर्छ । आफ्ना दुस्कार्यबाट प्रभावित वा प्रताडित भएका मानिसहरूका सामुन्ने धर्मशास्त्रमा लेखिएझैँ उसले आफ्नो पाप कबोल गरी क्षमा याचना गर्नुपर्छ । यदि हामीले खराबी गरेको भए त्यो गलत थियो भन्ने बिस्मातसहित हामीले आफ्नो धारण बनाउनुपर्छ, मानिसहरूले बुझ्नेगरी त्यसको कबोल वा स्वीकार गर्नुपर्छ र सकेसम्म त्यसलाई सुधारेर बदलामा असल काम गरिदिएर त्यसको क्षतिपूर्ति गरिदिनुपर्छ । यसरीमात्रै हामीले आफूलाई सुधारेर सही स्थानमा उभ्याउन सक्छौँ । जसको विरुद्धमा गल्ती भएको वा खराबी भएको हो त्यस्तो गल्ती गर्ने मानिसले आफ्ना सबै गल्ती सुधारेर क्षतिपूर्ति गरिदिनुपर्छ । खराबीबाट प्रभावित वा प्रताडित भएको मानिसको विचार र भावनामा सुधार ल्याउनुपर्छ । हो, यसरी पाप स्वीकार गर्ने, पाप त्याग्ने, सुधार गर्ने र क्षतिपूर्तिसमेत गरिदिने कामले साँचो सिद्धान्त स्थापित गरिदिन्छ र यो समग्रमा ख्रीष्टियन समुदायका लागि ज्यादै चासोको विषय बन्छ । यो नै हरेक विश्वासीको कर्तव्य हो, जसको विषयमा धर्मशास्त्रले प्रस्ट निर्देशन दिइएको छ (मत्ती ५:२३–२४, याकुब ५:१६, मत्ती १८:१५–१८) ।

३. यो आफैमा दाजुभाइ वा मण्डलीप्रतिको उत्तरदायित्व हो । जब कोही कसैसित रिसानी वा चित्त दुखाइ हुन्छ, पीडक पक्षलाई क्षमा गरिदिएर उसका सबै दुर्व्यवहारको निम्ति सम्पूर्ण रीतिले पश्चातापमा ल्याएर मिलाप गराउनुपर्छ । यसो गर्नुको अर्थ विवेकको स्वभाविक प्रतिक्रिया साथसाथै धर्मशास्त्रको

सिद्धान्तअनुसार पाप कबोल गरी क्षमा याचना गर्नु पनि हो । सबै आदरणीय मानिसहरू धर्मशास्त्रको यो सिद्धान्त पालन गर्न बाध्य बनाइन्छन् । त्यसका अलावा, ख्रीष्टियन विश्वासीलाई भने क्षमा गरिदिनै पर्ने बाध्यतामा पारिएको हुन्छ, जसरी उसले प्रभु येशु ख्रीष्टमा असीम क्षमादान पाएको हुन्छ । प्रभुले हामीलाई हाम्रा खास पापको क्षमामात्रै गरिदिनुभएन, बरू उहाँ आफै अपश्चातापी भएकै अवस्थामा हाम्रा सबै पापको मोल चुकाउना खातिर क्रुसमा मर्नुभयो । सार्वजनिक बुझाइअनुसार मण्डलीले सबैका पापको क्षमा गरिदिनुपर्छ, जसरी ख्रीष्टले हामीलाई क्षमा गरिदिनुभयो । जसरी साँचो पश्चाताप ख्रीष्टको वरदान हो भनिएको छ, त्यसैगरी साङ्केतिकरूपमै भए पनि जसले क्षमाशील व्यवहार अभ्यास गर्छ र ख्रीष्टकै क्षमाको अभ्यासमा ऊ बाँचिरहेको छ भने ऊ ख्रीष्टियन भाइ हो (लुका १७:३–४, २कोरिन्थी २:७–८, मत्ती ६:१२) ।

स्वेच्छिक तबरले आफैलाई दण्ड दिने काम र साँचो पश्चातापको प्रमाणको रूपमा विश्वासीले कुनै पनि कुरा नलुकाइकन आफ्ना पापको सम्पूर्ण विवरण र त्यसलाई पुष्टि गर्ने सबै परिस्थितिहरूसमेत न्यायासनमा बसेका पूजाहारी समक्ष क्षमायाचना गर्नुपर्छ भनि रोमन क्याथोलिक मण्डलीले सिकाउने गरेको छ । यदि कुनै पनि मृत्युसम्म पुऱ्याउने पाप स्वीकार गरिएन भने त्यसको क्षमा पाइन्न । यदि कुनै पापलाई जानाजान छाडियो (पन्छाइयो) भने अझ भयानक दोष आइलाग्छ । ९ऋबत। च्यm।, उबचत क्ष्क्ष्, अज। ख्, त्तक। घघ, घद्ध, द्धद्द०। यसरी पूजाहारीले न्यायासनबाट पाप क्षमा गरिएको घोषणा नगरे तापनि सबै दण्डनीय परिणाममा पुऱ्याउने पाप कबोल गरेपछि ख्रीष्टको अधिकारद्वारा क्षमादान हुन्छ ।

यो धर्मशास्त्रमा पाप स्वीकार गर्नू भनि दिइएको आज्ञालाई जानाजान उलङ्घन गरेजस्तो हो । धर्मशास्त्रले त हामीलाई आ–आफ्ना गल्तीहरू आपसमा स्वीकार गर भनि अह्राएको छ । पूजाहारीकहाँ गएर पाप स्वीकार गरी क्षमा माग्नुपर्छ भनि बाइबलमा कतै पनि भनिएको छैन । त्यसका विपरीत विश्वासीहरूले त सोझै ख्रीष्टकहाँ प्रवेश पाउँछन् । उनीहरूले ख्रीष्टद्वारा परमेश्वरमा प्रवेश पाउँछन् (१तिमोथी २:५, युहन्ना १४:६, ५:४०, मत्ती ११:२८) । कुनै पनि पापको तत्कालै क्षमा माग्न विश्वासीलाई आज्ञा गरिएको छ (१युहन्ना १:९) । नयाँ कारारको मण्डलीका ख्रीष्टियनहरूलाई कतै पनि पूजाहारीको जिम्मेवारी दिइएको छैन । पाप क्षमा

गरिदिने आखिरी अधिकार परमेश्वरमा मात्रै निहित हुन्छ (मत्ती ९:२–६) । उक्त अधिकार कसैमा पनि हस्तान्तरण गरिएको छैन र वास्तवमै भन्नुपर्दा कुनै पनि दर्जाको मानिस किन नहोस्, पाप क्षमा गरिदिने अधिकार कसैसँग बाँडिएको छैन । ख्रीष्टले आफ्नो मण्डलीका लागि प्रदान गरिदिनुभएको बाँध्ने कि फुकाउने अधिकारका बारेमा प्रेरितहरूलाई प्रष्टै जानकारी थियो । उनीहरूको अभ्यासमा पनि त्यो प्रष्टै देखिन्थ्यो । उनीहरूले साधारण रीतिले पाप क्षमा गरिदिने उक्त अधिकार परमेश्वरमा जाहेर गरिदिन सक्छन् । त्यही घोषणाको आधारमा मानिसहरूले प्राप्त गरेको अभिषेकमा के कति कुराहरू समावेश हुने कि नहुने भन्ने कुराहरू प्रस्ट हुन्छन् ।

## प्रश्नहरू

१. पहिलो र दोस्रो खण्डमा सिकाइएको पहिलो सत्य के हो ?
२. त्यहाँ सिकाइएको दोस्रो सत्य के हो ?
३. तेस्रो सत्य के हो ?
४. चौथो सत्य के हो ?
५. पापको साँचो अर्थमा के कुरा समावेश हुन्छ ?
६. त्यसले कसरी पश्चातापतिर डोऱ्याउँछ भन्ने कुरा बताउनुहोस् ।
७. साँचो पश्चातापमा पुग्नका लागि परमेश्वरको अनुग्रहको सही बुझाइ आवश्यक पर्छ भनि विस्ताररूपमा
बताउनुहोस् ।
८. साँचो पश्चातापमा कुन कुन तीनओटा तत्त्वहरू समावेश हुन्छन् ?
९. यसमा हाम्रा पापको साँचो घृणा र हाम्रा आफ्नो पापको निम्ति साँचो सन्ताप कसरी हुन्छ भनि
बताउनुहोस् ।
१०. यसमा सबै पापहरूदेखि फर्किएर परमेश्वरतिर आउँने काम हुन्छ भन्ने प्रस्ट गर्नुहोस् ।

११. यसमा नयाँ आज्ञाकारितामा लागि रहनका लागि इमान्दार उद्देश्यसहित परमेश्वरलाई पछ्याउने प्रयत्न
समावेश हुन्छ भनि पुष्टि गर्नुहोस् ।

१२. धर्मशास्त्रमा "मनको परिवर्तन" र "पश्चाताप" शब्दको कसरी फरक ढङ्गले अर्थ लगाइएको छ ?

१३. झुटो पश्चाताप के हो ? साँचो पश्चातापलाई त्यसबाट कसरी छुट्याएर बुझ्न सकिन्छ ?

१४. ख्रीष्टियन विश्वासीले हरेकपटक पूरा गर्ने दायित्वका लागि अनुग्रहको खाँचो पर्छ भन्ने कुरा कसरी पुष्टि
हुन्छ ?

१५. पश्चाताप भनेको सुसमाचारीय अनुग्रह हो भन्ने कुरा पुष्टि गर्नुहोस् ।

१६. पश्चातापको विषयमा किन इमान्दारितापूर्वक प्रचार गर्नुपर्छ ?

१७. खण्ड – ३ मा कुन कुन दुईओटा प्रस्तावहरूको विषयमा सिकाइएको छ ?

१८. खण्ड – ४ मा यसबारे के सिकाइएको छ ?

१९. त्यसैगरी खण्ड – ५ मा के सिकाइएको छ ?

२०. सोसिनियन सम्झौतावादीहरू र तर्कशास्त्रीहरूले पाप क्षमाको विषयमा पश्चातापको प्रयोगबारे कस्तो
सिद्धान्त अघिसारेका छन् ?

२१. स्वेच्छिकरूपमा आफैलाई दण्ड दिने सिद्धान्तका बारेमा रोमन क्याथोलिक मण्डलीले के सिकाउने
गरेको छ ?

२२. स्वेच्छिक दण्डको बाह्य प्रभावबारे यहाँ सिकाइएका तीनओटा कुराहरू के के हुन् ?

२३. पापको क्षमा भइसकेपछि पश्चातापको प्रभाव रहँदैन भन्ने कुरा पुष्टि गर्नुहोस् ।

२४. पापको पश्चाताप गर्दै नगर्ने कसैलाई पनि क्षमा हुने छैन भन्ने कुरा पुष्टि गर्नुहोस् ।

२५. सानोभन्दा सानो पापकै लागि पनि दण्ड भोग्नैपर्छ भन्ने कुरा पुष्टि गर्नुहोस् ।
२६. साँचो हृदयले पश्चाताप भइसकेपछि त्यही पापको दण्ड फेरि भोग्नुपर्दैन भन्ने कुरा पुष्टि गर्नुहोस् ।
२७. सामान्यतया मानिसले आफ्ना सम्बन्धित पापको लागि र पापपूर्ण व्यवहारको लागि पश्चाताप गर्नुपर्छ
भन्ने कुरा पुष्टि गर्नुहोस् ।
२८. खण्ड – ६ मा प्रमाणित गरिएको पहिलो बुँदा के हो ?
२९. यहाँ प्रमाणित गरिएको दोस्रो बुँदा के हो ?
३०. यहाँ प्रमाणित गरिएको तेस्रो बुँदा के हो ?
३१. पापको पश्चाताप गर्ने विषयमा रोमन क्याथोलिक मण्डलीले के सिकाउँछ ?
३२. पापबाट पूरै शुद्ध भएर अलग्गै बस्न सकिने विषयमा उक्त मण्डलीले के सिकाउँछ ?
३३. पश्चातापको विधि प्रयोग गर्ने सवालमा रोमन क्याथोलिक मण्डली गलत छ भन्ने कुरा पुष्टि गर्नुहोस् ।
३४. पूजाहारीले पापबाट कसैलाई शुद्ध गरिदिने सो मण्डलीको प्रचलन गलत छ भन्ने कुरा पुष्टि गर्नुहोस् ।

# अध्याय १६
# (CHAPTER XVI)
# असल कार्यहरू
# (OF GOOD WORKS)

**खण्ड – १ परमेश्वरले गर्ने कामहरू उहाँले आफ्नो पवित्र वचनद्वारा[313] आज्ञा गर्नु भएअनुसार मात्रै गरिएका हुन् भन्ने बुझिन्छ । त्यसबाहेक जेजस्तो व्याख्या गरिएको भए तापनि बाँकी कुराहरू मानिसले नै योजना बनाएअनुसार भएका हुन् - मानिसका आफ्नो अन्धजोशको कारण अथवा अन्य कुनै असल अभिप्रायअनुसार[314] त्यस्ता योजनाहरू बनाइएका हुनसक्छन् ।**

**खण्ड – २ यी असल कामहरू यदि परमेश्वरका आज्ञाहरू पालन गरिएबमोजिम गरिएका हुन् भने ती जीवित विश्वास[315] र सत्यमा गरिएका कामहरूका परिणाम हुन् । यिनै कामद्वारा विश्वासी जनहरूले आफ्नो हृदयबाट कृतज्ञता जाहेर गर्दछन् ।[316] उनीहरूले आफ्नो निश्चयतालाई बलियो बनाउँछन्[317], विश्वासका दाजुभाइ दिदीबहिनीहरूलाई धार्मिकतामा भरथेग गर्छन्[318], सुसमाचारको कामलाई सुसज्जित तुल्याउँछन्[319], बिरोधीहरूका मुखलाई बन्द गराउँछन्[320] र यी सबैद्वारा परमेश्वरलाई महिमित बनाउँछन् ।[321] किनकि उनीहरू स्वयम् परमेश्वरकै**

---

313 मिका ६:८; रोमी १२:२; हिब्रु १३:२१ ।
314 मत्ती १५:९; यशैया २९:१३; १ पत्रुस १:१८; रोमी १०:२; यहुन्ना १६:२; १ समुएल १५:२१-२३ ।
315 याकुब २:१८, २२ ।
316 भजनसंग्रह ११६:१२, १३; १ पत्रुस २:९ ।
317 १ यहुन्ना २:३, ५; २ पत्रुस १:५-१० ।
318 २ कोरिन्थी ९:२; मत्ती ५:१६ ।
319 तीतस २:५, ९-१२; १ तिमोथी ६:१ ।
320 १ पत्रुस २:१५ ।
321 १ पत्रुस २:१२; फिलिप्पी १:११; यहुन्ना १५:८ ।

**हातका सीपबाट बनिएका हुन्, ख्रीष्ट येशुमा सृष्टि गरिएका[322], पवित्रतामा फल फलाउने भएका र अनन्त जीवनको सुनिश्चितता भएका मानिसहरू हुन् ।[323]**

यी खण्डले निम्न विचारहरू सिकाउँछन्ः

१. मानिसले गर्ने कुनै पनि काम असल बन्नका लागि त्यसमा यस्ता केही गुणहरू हुनु जरुरी हुन्छः

क) यो कुनै किसिमले सोझै वा प्रत्यक्षतः परमेश्वरले आज्ञा गर्नुभए अनुसार गरिएको हुनुपर्छ ।

ख) यो अन्तर हृदयमा भएको विश्वास र प्रेमको सिद्धान्तबाट प्रस्फुटन भएको हुनुपर्छ । सामान्यतया परमेश्वरले आज्ञा नगर्नु भएका तर मानिसले आफै नै अग्रसर बनेर थालिएका वा उदारतापूर्वक गरिएका सबैजसो कामहरू स्वतः नै नैतिक चरित्रका दृष्टिले प्रश्न उठाउन सकिने खालका हुन्छन् । त्यस्तो काम आज्ञापालनमा नै गरिएको भए तापनि ती आफैमा शुद्ध र सिद्ध हुने छैनन् ।

२. ख्रीष्टियन जीवनमा असल कामको प्रभाव धेरै किसिमको हुन्छ । ती मध्ये केही यस्ता हुन्छन्ः

(क) यी कामले विश्वासीको कृतज्ञता जाहेर गर्दछन् । यिनले विश्वासीको जीवनमा परमेश्वरको अनुग्रह प्रकट

गराउँछन् । यसरी सुसमाचारको कामको महत्त्व बढाउँछन् ।

(ख) यी कामले परमेश्वरलाई महिमित तुल्याउँछन् ।

(ग) यी कामको अभ्यासद्वारा अनुग्रहलाई बढाउने काम गर्छन् र यसरी विश्वासीको जीवनमा निश्चयता

बलियो बनाउँछन् ।

(घ) यी कामले विश्वासका दाजुभाइ दिदीबहिनीहरूलाई सुधारको निम्ति हौसला दिन्छन् ।

(ङ) यी कामले विश्वास नगर्ने विरोधीहरूका मुख बन्द गराउँछन् ।

---

[322] एफिसी २:१० ।

[323] रोमी ६:२२ ।

(च) अनन्त जीवनको प्राप्तिलाई निश्चित गराउन यी कामहरूको खाँचो पर्छ ।

१. काम असल होस् भन्ने उद्देश्यलेः

(क) त्यो परमेश्वरद्वारा प्रकट गरिएको उहाँको इच्छाअनुसार भएको हुनुपर्छ । विशुद्ध नैतिक चाहना प्रकट होस् भन्ने नियम, जसको अधीनमा हामी बाँधिनुपर्छ भन्ने होइन । त्यो त हामी आफैले बनाएको कारण र सुझबुझको कुरा हो । तर उहाँको इच्छामा होस् भनिएको कामले भने परमेश्वरको सर्वसिद्ध धार्मिकताको नियम स्थापित गर्छ । यो नियम परमेश्वरको अनन्त स्वभावमा गडिएको हुन्छ र यसको प्रकटीकरण साथै हामीलाई बाध्य तुल्याउने सामर्थ्यचाहिँ उहाँकै ईश्वरीय चाहनामा निहित हुन्छ । स्वनिर्मित होइन, कुनै आदर्श परिणामको चाहनाले पनि होइन, बरू हामीमाथिको कुनै व्यक्तिगत अधिकार नहुने हो भने त्यो प्रस्टतः कुनै तर्क, स्वविवेक र धर्मशास्त्रले नै माग गरेअनुसार हुने कुरा हो । असल व्यक्ति भनेकै आज्ञाकारी व्यक्ति हो । हरेक दृष्टिले पापमा फँसेको छ भनिएको व्यक्ति सर्वोच्च नियामक परमेश्वरप्रतिको अनाज्ञाकारी भएको कुरामा दोषी ठहरिन्छ । दाउदले आफ्नो पश्चातापको प्रार्थनामा भनेका छन्, "तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु । मैले गरेको अपराध मेरै आँखामा घृणित बनेको छ" (भजन ५१:४) । परमेश्वरले आत्माद्वारा प्रेरणा गरिएको धर्मशास्त्रमा विश्वास र अभ्यासको सिद्ध नियम प्रदान गर्नुभएको छ । त्यसकारण प्रत्येक सिद्धान्त, प्रत्येक अभिप्राय र सही कामको प्रत्येक प्रतिफल परमेश्वरकै सिद्ध चाहना बमोजिम हुन्छ । उहाँको आराधना गर्न चाहने हरेक व्यक्तिले यो तथ्य सहजै सिक्न सकून् । परमेश्वर आफ्नो मण्डलीलाई भन्नुहुन्छ, "मैले तिमीलाई जेजति कुराहरू आज्ञा गरेको छु, ती पालन गर । त्यसमाथि केही कुरा नथप्नू र त्यसबाट केही कुरा पनि नघटाउनू" (व्यवस्था १२:३२, प्रकाश २२:१८–१९) । यसरी परमेश्वर अत्यन्तै रवाफिलो भएर आफूले आज्ञा नगरेका कुराहरू मनपर्दो हुनेछैनन् भनि घोषणा गर्नुहुन्छ । त्यसकारण कसैले पनि आफै अग्रसर बनेर बडो विनम्रतामा र उहाँकै आराधना गरेझैँ गरी गरिएका कामहरूको मतलवै गर्नुहुन्न (यशैया १:११–१२, कलस्सी २:१६–२८) ।

ख) त्यो काम साँच्चिकै असल होस् भन्ने मनशायले गरिएको भए तापनि त्यो हृदयमा गढेर रहेको विश्वास र प्रेमको सिद्धान्तमा आधारित भएको हुनुपर्छ ।

सबैले बुझेको हुनुपर्छ, नैतिक चरित्रबाट गरिएको काम जहिल्यै असल गर्न सिकाउने सिद्धान्त तथा असल अभिप्रायले हुनुपर्ने कामले निर्धारण गर्छ । विश्वासमा नयाँ नभइसकेको मानिसले धेरै कामहरू गरेर देखाउला, त्यो उसितको बाहिरी सम्बन्धमा रहेका मानिसहरूसितको व्यवहारले फरक पार्छ । तथापि परमेश्वरलाई गरिएको प्रेम नै यस कुराको आधारभूत सिद्धान्तमा पर्छ, जसमाथि सबैखाले नैतिक जिम्मेवारी आधारित भएको हुन्छ । यसर्थ, परमेश्वरसितको हाम्रो सम्बन्ध नै हामीले पालन गर्नुपर्ने बाँकी सबै नैतिक सम्बन्ध र आज्ञाहरू यसैमा आधारित हुन्छन् । यदि कुनै मानिस परमेश्वरबाट अलग्ग गराइयो भने अथवा यदि कोही उहाँमाथि निर्भर हुनुपर्ने भरोसा र उहँको प्रेमको अभ्यास तथा विश्वासको अडानबाट पछिहट्यो भने उहाँले गर्ने सबै कामहरू उसले गर्नसक्ने कुनै पनि काममा उसलाई विश्वासयोग्य बनाउने आधारभूत नियम एवं अभ्यासमा केही नपुगेको जस्तो अनुभूति हुन्छ, जसले कुनैपनि व्यक्तिलाई साँचो आज्ञाकारी बनाउन सक्नेछ । धर्मशास्त्रअनुसार तय गरिएको असल काम नै शुद्धीकरणका खास प्रतिफल हुन्, जसको खास जरोचाहिँ नयाँ जीवन प्रदान गर्ने कुरामा निहित हुन्छः "किनभने हामी असल कामहरूका निम्ति ख्रीष्ट येशुमा सिर्जना गरिएका उहाँका हातका सीपहरू हौँ, यसरी परमेश्वरले हाम्रा लागि ठहऱ्याउनु भएको जीवनमा हामी जिउन सकौँ" (एफेसी २:१०) । हामीमा भएको विश्वास हामीले गर्ने कामहरूबाट देखिन्छ भनि याकुबले भनेका छन् । उनले भनेको त्यो काम, जसले विश्वास प्रदर्शन गर्छ, त्यो विश्वासीको हृदयबाट प्रस्फुटन भएर आउँछ (याकुब २:१८, २२) ।

२. ख्रीष्टियन जीवनमा असल कामको प्रभाव धेरै किसिमको हुन्छ । असल प्रभाव पार्ने केही असल कामहरू यी हुन्ः

क) यी कामले विश्वासीको कृतज्ञता जाहेर गर्दछन् । यिनले विश्वासीको जीवनमा परमेश्वरको अनुग्रह प्रकट गराउँछन् । यसरी सुसमाचारको कामको महत्त्व बढाउँछन् । "विश्वासले प्रेमद्वारा आफ्नो काम गर्छ" (गलाती ५:६) । यो आफैमा सुसमाचारको काम गर्ने लगाव हो । हामीले उहाँका आज्ञाहरू पालन गरेर हामी उहाँलाई प्रेम गर्छौं भन्ने कुरा पुष्टि गर्नुपर्छ भनि ख्रीष्ट भन्नुहुन्छ (युहन्ना

१५:२३) । विश्वास र प्रेम दुबै पवित्र आत्माका फल हुन्, तिनले पवित्र आत्माको अति उत्कृष्ट कामलाई प्रस्ट बनाउँछन् (१तिमोथी २:१०, तीतस २:१०) ।

ख) यी कामले परमेश्वरलाई महिमित तुल्याउँछन् । परमेश्वर स्वयं विश्वासीहरूको सिर्जनहार हुनुभएको (एफेसी २:१०) हुनाले उनीहरूले उहाँको अनुग्रहको उत्कृष्टता प्रकट गर्दछन् । उहाँमाथि विश्वास गर्ने सबैलाई बडो उत्साहित भएर उहाँको महिमाको घोषणा गर्न अग्रसर हुन्छन् (मत्ती ५:१६, १पत्रुस २:१२) ।

ग) जसरी यी अनुग्रहबाट उत्पन्न भएर आउँछन्, स्वाभाविक रूपमा यिनले अनुग्रहको अभ्यासमा काम गर्छन् । यसरी जुन काम भएको छ, त्यसैको प्रकृतिअनुसार अनुग्रहको प्रदर्शन पनि हुन्छ । यसरी विश्वमा आफै स्थापित भएको आचरणको नियम बमोजिम अनुग्रह पनि वृद्धि हुँदै जान्छ । अनि हाम्रो आफ्नो उपकारी अवस्थामा यो शक्तिशाली बनेर बढ्दै जान्छ र उक्त अनुग्रहको प्रमाण पनि देखापर्दै जान्छ, जसमा उद्धारको प्रतिज्ञा समावेश भएको हुन्छ ।

घ) यी कामले विश्वासका दाजुभाइ दिदीबहिनीहरूलाई सुधार्ने काम गर्छन् । असल कामले अरूलाई सुधार्छ । ख्रीष्टियन आस्थाको साँचो निश्चयता साथसाथै ईश्वरी अनुग्रहको शक्ति समेतलाई असल कामहरूले पुष्टि गर्छन् । यसरी यिनले मानिसलाई असलै काम गर्दै रहन एकप्रकारले बाध्य बनाउने काम हुन्छ (१थिस्सलोलिकी १:७, १तिमोथी ४:१२, १पत्रुस ५:३)।

ङ) उही कारणका लागि असल कामले खराक मानिसहरूका बाधाविरोध तथा गलत तर्कमा उचालिएका मित्थाका सवालहरूलाई रद्दी तुल्याइदिन्छन् (१पत्रुस २:१५) ।

च) असल कामहरू उद्धार प्राप्तिको सही तरिका हो भन्ने प्रमाणित गर्नका लागि अति आवश्यक हुन्छन् । तथापि उद्धार पाउन वा धर्मी तुल्याइन असल काम गर्नुपर्छ अथवा असल कामले धर्मी तुल्याउँछ भन्न खोजिएको होइन, न ता विश्वासीले कुनै पनि समयमा परमेश्वरको बढता ध्यानाकर्षण गराउनका लागि असल काम गर्नुपर्छ भनिएको हो तर यो उद्धारकै एउटा अभिन्न खण्ड हो । यसले उद्धारसँग जोडिएर आउने परिणाम देखाउँछ र यो आफैमा धर्मी तुल्याइने तथा

महिमातिर अघि बढ्दै जाने माध्यम भइदिन्छ । उद्धार पाएको प्राण पवित्र तुल्याइएको प्राण हो र पवित्र प्राणका सबै तत्त्वहरू स्वतः प्रेमिलो आज्ञाकारितामा समाहित हुन्छन् । असल कामको परिणाम नदेखिने हो भने अनुग्रहको खासै अर्थ लाग्ने थिएन । अर्थात् असल कामले अनुग्रहलाई थप प्रबल बनाउँछ । अनुग्रह वृद्धि नभइकन असल कामको अस्तित्व रहन सक्दैन, किनभने असल काममै अनुग्रहको काम भइरहेको हुन्छ । यसो पनि भन्न सकिन्छ, पवित्र प्राणहरू आपसी मेलमिलापमा प्रेमको व्यवस्था पालन गर्दै असल काम गर्नमा एकचित्तले नलाग्ने हो भने स्वर्गको पनि अस्तित्व रहने थिएन (एफेसी ५:२५–२७, १थेस्सलोनिकी ४:६–७, प्रकाश २१:२७) ।

**खण्ड – ३ विश्वासीहरूले आफ्नो क्षमताको कारण असल काम गर्न सकेका होइनन्, बरू त्यो क्षमता त सम्पूर्ण रीतिले पवित्र आत्माबाट आएको हो ।[324] तिनीहरू सो कामको निम्ति सक्षम तुल्याइएका हुनसक्छन्, तिनीहरूले अघिबाटै प्राप्त गरिसकेको अनुग्रहको अलावा पनि असल र भलाइको काम सोच्न र गर्नका लागि तिनीहरूले पवित्र आत्मा स्वयंको साँचो प्रभावमा परेरमात्रै गर्नसक्छन् ।[325] तथापि पवित्र आत्माको विशेष प्रभावमा नपर्दा कुनै विश्वासी बेपर्वाही बन्छ र उसले खराब काम नै गरिरहन्छ वा उसले आफ्नो दायित्व पूरा गर्न सक्दैन भन्ने होइन तर उनीहरू आफ्ना हृदयमा राखिएको परमेश्वरको अनुग्रहको चलायमान हुँदा झनै दत्तचित्तले असल काम गर्न सक्ने हुन्छन् ।[326]**

हामीले अध्याय १० मा चर्चा गरेझैँ हाम्रो आत्मालाई पुनर्जीवित गर्ने क्रममा नै पवित्र आत्माले हाम्रो प्राणमा एउटा स्थायी पवित्र सिद्धान्त वा आदत रोपिदिनुहुन्छ । त्यही प्राणबाट हामी सधैँजसो दयाले भरिएको प्रतिक्रिया जनाउन र शुद्ध

---

[324] यहुन्ना १५:४-६; इजकिएल ३६:२६, २७ ।
[325] फिलिप्पी २:१३; ४:१३; २ कोरिन्थी ३:५ ।
[326] फिलिप्पी २:१२; हिब्रु ६;११, १२; २ पत्रुस १:३, ५, १०, ११; यशैया ६४:७; २ तिमोथी १:६; प्रेरित २६:६, ७; यहुदा २०, २१ ।

क्रियाकलापहरू गर्नमा लागिरहन्छौँ । पवित्र आत्माद्वारा हामीमा यो पवित्र सिद्धान्त रोपियोस् भनेर नै हाम्रो प्राण निस्क्रिय बनिदिन्छ । तर त्यसको लगत्तै यो नयाँ नैतिक स्वभाव हाम्रो प्राणमा गड्छ । त्यही कारणले गर्दा हाम्रो नैतिक चरित्र र त्यसले गर्ने व्यवहार सोहीअनुसार बदलिन्छ । यसरी हाम्रो प्राण असल कार्यका लागि सक्रिय बन्छ, जबकि पहिले यही मन सधैँजसो खराबीतिर लागिरहन्थ्यो । हामीले अध्याय १३ मा पनि यस्तै विषयमा चर्चा गरेका छौँ । पवित्र तुल्याउने काम परमेश्वरको सित्तैमा दिइएको अनुग्रहले गर्ने काम हो । शुद्धीकरणको कामलाई कायम राख्न र यसलाई सबल बनाउँदै लैजानका लागि उहाँले बडो उदारतासाथ हामीमा निरन्तर अनुग्रह राखिदिनुहुन्छ । हामीमा पुनर्जीवन प्रदान गर्नुहुँदा नै अनुग्रहको यही स्थायी आदतको अभ्यास हाम्रो जीवनमा भइरहन सकोस् भनि उहाँले निर्देशित गर्नुहुन्छ । यसरी आत्माको नवीकरण गरिएको व्यक्ति परमेश्वरका आत्माले हामीमा निरन्तर बास गर्नुभएको छ भन्ने कुरामा निर्भर भइरहन्छ । पवित्र आत्माको उत्प्रेरणा र स्थायीत्व तथा सबल बनाउने पवित्र आत्माको शक्तिमा भइरहेको हुन्छ । अनुग्रहको पालना गर्दा हुने सबैजसो आज्ञापालनका कामहरू भइरहन सक्छन् । सेवाको कामको लागि उहाँले उत्प्रेरित गर्दै अनुग्रहको अभ्यास गर्न तिर डोऱ्याउनुहुन्छ । त्यसर्थ उहाँको अनुग्रह र सबलीकरणको खोजी गर्दैगर्दा हामीले पवित्र आत्मासित बलियोगरी सहकार्य गर्नुपर्छ । यी कुराहरू सबैसँग भरथेग हुने प्रकारले गर्नुपर्छ । यतिबेला पवित्र आत्माको काममा हामीले स्वतन्त्ररूपमा आफ्नो जिम्मेवारी सम्झेर असल कामको निम्ति लालायित भएर लाग्नुपर्छ । यसरी यस खण्डमा हामी निम्न कुराहरूको चर्चा गर्नेछौँ -

१. एउटा ख्रीष्टियनले असल कार्य गर्ने सम्पूर्ण क्षमता उसको आफ्नो होइन, बरू त्यो सम्पूर्ण रीतिले ख्रीष्टका आत्माबाट आएको हो ।

२. त्यसमाथि पनि हाम्रो आत्मालाई पुनर्जीवित बनाउने क्रममा हाम्रो नवीकरण गरिएको प्राणका सबै पक्षहरूमा पवित्र आत्माको निरन्तरको प्रभाव भइरहनु आवश्य हुन्छ । यसरीमात्रै एउटा ख्रीष्टियनले सधैँभरि सबैका लागि भलो चिताउन र असल कार्य गर्न सक्दछ ।

३. हाम्रो प्राणले प्रभुमा सम्पूर्ण रीतिले निर्भर भइरहने सिद्धान्त भनेकै कुनै पनि परिस्थिति वा आलस्यतिर नबरालिनु हो । हामीमा हुने कुनै पनि व्यक्तिगत बाध्यतातिर लहसिनु हुँदैन । परमेश्वरको लिखित वचनमा हाम्रा लागि उहाँले के इच्छा गर्नुभएको छ भन्ने कुरा प्रष्टै देखिएको छ । स्वयंसेवी बनेर आज्ञा पालन गर्न अग्रसर हुने हामीभित्रको बाध्यताले हाम्रो विवेकलाई बाँध्छ । पवित्र आत्माले वचनभन्दा बाहिर गएर केही पनि गर्नुहुन्न । उहाँले सबै काम वचनअनुसार नै गर्नुहुन्छ । उहाँले हाम्रा आग्रह वा तार्किक अडान । स्वतन्त्र इच्छा वा विवेकका विरुद्धमा गएर पनि केही गर्नुहुन्न । उहाँले काम गर्ने भनेको हाम्रै चाहना वा सदिच्छाअनुसार नै हो । यस अर्थमा हामीले पवित्र आत्मालाई ममाथि जबर्जस्ती गर्नुहोस् भनेर पर्खिनु ठिक हुँदैन । उहाँकै तरीकामा चल्छु भन्दै उहाँलाई पर्खी बसेर पनि हामीले उहाँलाई चाहिँदो आदर गरेको ठहर्दैन । बरू उहाँसँगै वा उहाँको आत्मिक अगुवाइ बुझ्दै हामीले सहकार्य गर्नुपर्छ । उहाँको बहाव वा सहायतामा अनुग्रहको सम्पूर्ण स्रोतसाधन र हाम्रो सम्पूर्ण बलबुँता लगाएर हामीले परमेश्वरको व्यवस्थाले मागेअनुसार नै जिउने र गर्ने अठोट लिनुपर्छ । हामीले उहाँको अनुग्रह पर्खी बस्ने होइन तर सक्रियतासाथ उहाँको अनुग्रहको खोजी गर्ने र उहाँकै वचनले बताएअनुसार गर्ने मानिसहरू बन्नुपर्छ । यसो भएमा परमेश्वरले हाम्रा सबै प्रयत्नहरूको पुष्टि गरिदिनु हुनेछ (लुका ११:९–१३, याकुब १:२२–२३) ।

**खण्ड – ४ जोजतिले आफ्नो आज्ञाकारितामा अत्यन्तै उच्च कुराहरू प्राप्त गर्छन्, जुन कुरा यही जीवन सम्भव पनि छ, चाहेको भन्दा पनि ज्यादै बढता प्राप्त गर्न सक्छ वा परमेश्वरले अह्राउनुभएको भन्दा बढी गर्न सक्छ, तापनि हरेक व्यक्ति असल गर्नबाट चुक्ने नै छ, जुन कुरा गर्न बाध्य बनेको वा बनाइएको हुन्छ ।[327]**

**खण्ड – ५ हामी हाम्रा असल कार्यहरूद्वारा पापको क्षमा वा अनन्त जीवन प्राप्त गर्न (वा कमाउन) सक्दैनौँ । यो त कुनै भेदभाव बेगर परमेश्वरको हात**

[327] लुका १७:१०; नहम्याह १३:२२; अय्युब ९:२, ३; गलाती ५:१७ ।

**छ । पापको क्षमा वा अनन्त जीवनको प्राप्ति भन्ने कुरा परमेश्वरको अनुग्रहमा सम्भव हुन्छ, उहाँले आफ्नो महिमाका खातिर त्यो अनुग्रह हामीमा खन्याउनुहुन्छ । अनुग्रहकै कारण हामी र परमेश्वरको बिचमा भएको अभेद्य दूरी पनि नजिकमा ल्याइन्छ । त्यसो नहुँदो त हामीले आफ्नो अथक प्रयत्नले पनि उहाँमा जीवन प्राप्त गर्ने कुरो असम्भव हुने थियो । किनभने हाम्रा मानवीय प्रयत्नले परमेश्वरलाई न ता रिझाउन सकिन्थ्यो वा हाम्रै मुक्तिका लागि केही सन्तोषजनक उपलब्धि हुन सक्थ्यो ।[328] तर जसै हामीले सक्ने जति सबैथोक गऱ्यौँ, त्यो त हामीले पूरा गरिदिएको जिम्मेवारी जस्तो मात्रै भयो, त्यसबाट हामीलाई केही पनि लाभ प्राप्त हुने छैन ।[329] यसरी ती कार्यहरू पवित्र आत्माबाट हुन आएका हुनालेमात्रै ती असल भनिएका हुन् ।[330] ती कार्यहरू हामीद्वारा नै गरिएको हुँदा पनि तिनले ल्याउने प्रतिफल भनेको खराबी नै हुन्छ, ती अशुद्ध छन् र अत्यन्त धेरै खराबी र असिद्ध कुराहरूसँग मिसिएका हुन्छन् । त्यसकारण ती परमेश्वरको न्यायका सामुन्ने कसैगरी पनि टिक्दैनन् ।[331]**

**खण्ड – ६ तरै पनि विश्वास गरेको आधारमा विश्वासीको व्यक्तित्वलाई ख्रीष्टमा ग्रहण गरिएको हुन्छ । उनीहरूले गर्ने असल कार्यहरू पनि उहाँमा ग्रहण गरिएकै हुन्छन् ।[332] तथापि ती कुनै रीतिले पनि जीवनमा निर्दोष ठहऱ्याउने अथवा परमेश्वरको दृष्टिमा खोटरहित तभने हुनसक्दैनन् ।[333] धेरै कमजोरी र अपूर्णतामा गरिएका यस्ता कामहरूलाई उहाँले आफ्ना पुत्रमा हेरेर स्वीकार गर्नुहुन्छ र जुनचाहिँ साँच्चिकै इमानदारितामा गरिएको छ, त्यसलाई इनाम पनि दिनुहुन्छ ।[334]**

---

328 रोमी ३:२०; ४:२, ४ ६; एफिसी २:८,९; तीतस ३:५-७; रोमी ८:१८; भजनसंग्रह १६:२; अय्युब २२:२, ३; ३५:७, ८ ।

329 लुका १७:१० ।

330 गलाती ५:२२, २३ ।

331 यशैया ६४:६; गलाती ५:१७; रोमी ७:१५, १८; भजनसंग्रह १४३:२; १३०:३ ।

332 एफिसी १:६; १ पत्रुस २:५; प्रस्थान २८:३८; उत्पत्ति ४:४; हिब्रु ११:४ ।

333 अय्युब ९:२०; भजनसंग्रह १४३:२ ।

334 हिब्रु १३:२०, २१; २ कोरिन्थी ८:१२; हिब्रु ६:१०; मत्ती १५:२१, २३ ।

यी खण्डहरूले निम्न कुराहरू सिकाउँछन्ः

१. क्षणभंगुर जीवनबाट हुने कामहरू आफैमा अनन्त सम्भावनाबाट अत्याधिक टाढा हुन्छन्, भलै त्यस्तो काम नाउँ चलेका सन्तहरूले नै गरेको किन नहोस् । यो जीवनमा पूरै शुद्धीकरण प्राप्त गरेको निकै परिपक्क भनिएकै मानिसले जतिसुकै पवित्रतामा सकारात्मक प्रभाव पार्नेगरी गरेको भए तापनि त्यो कामले अनन्त जीवनमा पुऱ्याउन सम्भव हुँदैन ।

२. थुप्रै कारणहरू बताइएका हुन्, विश्वासीले गर्ने सबैभन्दा राम्रो कामहरू उनीहरूको व्यक्तित्वजस्तै आफैमा अपपिक्क, अपूर्ण र बेकामका ठहरिने छन् । त्यस्ता कामले सोझै परमेश्वरको हातबाट क्षमा वा अनन्त जीवन कमाउन सक्दैन ।

३. ख्रीष्ट येशुमा उनीहरूलाई स्वीकार गरिएको कारण र उहाँको खातिर उनीहरूलाई परमेश्वरमा मिलाप गराइएको कारण उनीहरूले गर्ने काम अपरिपक्क र अपूरा नै भए तापनि सच्चा विश्वासीहरूले गरेका कामहरू स्वीकृत हुन्छन् ।

क) "अत्याधिक" शब्दको अर्थ आवश्यकताभन्दा बढी चाह गर्नु भन्ने हुन्छ । अत्यधिक रुचाइएको कामको आफ्नो प्रकृति अनुसार पनि त्यो परमेश्वरको नैतिक व्यवस्था अन्तरगत अपूरो हुन्छ । मानिसको वर्तमान अवस्थामा खुबै नाम चलेको सक्षम अगुवाले आफ्नो सम्पूर्ण सीप र क्षमता लगाएर गरेको काम नै किन नहोस्, त्यो सिद्ध हुनेछैन । रोमन क्याथोलिक मण्डलीहरूले अर्मेनियन सिद्धान्तमा बताइने सिद्धतावादी सिद्धान्त सिकाउने गरेका छन् । उनीहरूले सिकाउने गल्ती र यस्ता भ्रामक कुराहरू यी हुन्ः (१) बप्तिस्मापछि गरिइने कुनै पनि असल कार्यले थप अनुग्रह र त्यसबाट आनन्द बढाउन सकिन्छ (ट्रेन्टको, पाठ ६, अध्याय १६ को २४ र ३२ औँ बुँदा) । (२) उनीहरूले ख्रीष्टको वचनलाई आज्ञा र सल्लाह भनि छुट्टयाउने गरेका छन् । पहिलो बुँदाले सबै विश्वासीहरूलाई बाध्यकारी बनाउँछ, सबै वर्ग र तहका मानिसहरूमा यो लागु हुन्छ र सबैले उद्धार पाउनका लागि असल कार्य गर्नुपर्ने कुरामा जोड दिइन्छ । पछिल्लोले धर्मशास्त्रका केही वचनलाई आज्ञाको रूपमा मान्ने पर्ने होइनन् भनि मान्दछ र ती जोजसले आफूलाई खास सल्लाह पालन गर्ने निर्णय लिन्छन् उनीहरूका लागिमात्रै

बाध्यकारी हुन्छन्, जस्तैः विवाह नगर्ने, राजीखुसीले गरीब भएर जिउँने, सन्त बनेर विभिन्न ठाउँमा जानेजस्ता मण्डलीमा चलाइएका नियमहरूको आज्ञापालन गर्ने, यसबाट उच्चकोटीको सिद्धता र धेरै उच्च आदरको इनाम पाउने चाहना गरिन्छ ।

पापरहित सिद्धताको अवस्था कुनै पनि ख्रीष्टियनले यस जीवनमा कदापि प्राप्त गर्नेछैन भन्ने कुरा हामीले यसअघि नै अध्याय १३ मा चर्चा गरिसकेका छौँ । त्यसै हुनाले पनि असल कामद्वारा उद्धार र थप अनुग्रह प्राप्त गर्न सकिन्छ भन्ने कुरा वचनको आज्ञा नभएर मानिसहरूले आफै थपेको विचार हो ।

त्यसकारण ख्रीष्टियन जीवनको निम्ति अत्यधिक माग गरिने कुरा सधैँजसो कुनै पनि व्यक्ति वा प्राणीले कहिल्यै गर्नसक्दैन । अर्थात्, असल कार्यद्वारा परमेश्वरको धेरै अनुग्रह पाउन सकिन्छ भन्ने कुरा स्वतः असम्भव सिद्ध हुन्छ । जस्तैः (१) नैतिक नियमको आफ्नो प्रकृतिका आधारमा । त्यो कुनै पनि सम्बन्धमा रहँदा सो सम्बन्धप्रति चुकाउनुपर्ने दायित्व आन्तिरिक तबरले बाध्यकारी हुन्छ भन्ने कुरा सही देखिन्छ । यदि त्यो सम्बन्ध नैतिक छ भने त्यो स्वभावैले बाध्यकारी पनि हुन्छ । यदि त्यो बाध्यकारी छैन भने त्यो नैतिक हुँदैन । अनि यदि त्यो नैतिक छैन भने अवश्य नै त्यसमा न नैतिक मूल्यमान्यता रहन्छ, न ता त्यसबाट कसैलाई केही लाभ नै हुन्छ । त्यसैगरी यदि त्यो सम्बन्ध बाध्यकारी छैन भने त्यसले कसैबाट अत्यधिकरूपमा केही गर्ने वा प्राप्त गर्ने भन्ने गुन्जाइस रहँदैन । जब मासिले केही कुरा आफ्नो कर्तव्य ठानेर नै गरिरहेको हुन्छ भने त्यो कामबाट थप केही परिणामको चाहना गर्नु बेकारको कुरा हो (लुका १७:१०) ।

(२) परमेश्वरले मानिसका लागि कर्तव्य नठहऱ्याउनु भएको काम अघिसरेर गर्नु, चाहे त्यो आराधना गर्दा विशेष जोड गरिएको होस् वा आफूमाथिको कसैले अह्राएको काम गरेर होस्, अत्यधिक बनाएर गरिएको कामको केही अर्थ छैन, परमेश्वरले त त्यस्ता कामहरूलाई घृणा गर्छु भन्नुहुन्छ (कलस्सी २:१८–२३, १तिमोथी ४:३, मत्ती १५:९) । (३) ख्रीष्टले आफ्ना आज्ञाहरूभन्दा फरक ढङ्गले कसैलाई सल्लाह–सुझाव दिनुभएको छैन । परमेश्वरलाई आफ्नो सारा प्राणले प्रेम गर्नू र आफ्ना छिमेकीलाई आफैलाई झैँ प्रेम गर्नु भन्ने ख्रीष्टको विश्वव्यापि र सिद्ध आज्ञाबाहेक अरू कुनै आज्ञा वा सल्लाह दिइएको छैन । उहाँका यिनै दुई "महान्"

आज्ञाले धर्मशास्त्रका प्रायजसो सबै आज्ञाहरू समेट्दछन् र यी आज्ञाहरू नै पृथ्वीमा रहेर स्वर्गका परमेश्वरको आज्ञाकारी बन्न सहायता गर्दछ (मत्ती २२:३७–४०) । (४) बढ्दो अनुग्रह र अनन्त जीवनको आनन्द हरेक विश्वासीलाई चाहिने र मनपर्ने कुरा पनि हुन सक्लान्, उनीहरूले यी सबैथोक प्राप्त गर्न पनि सक्लान् तर यी सबैथोक ख्रीष्टमा अघिबाटै सम्भव तुल्याइएका र उहाँको रगतद्वारा उपलब्ध गराइएका छन् । यी सबै कुरा अहिले कि त उहाँको अनुग्रहमा निशुल्क उपलब्ध गराइएका छन्, होइन भने पनि ख्रीष्ट येशुसित साझे हकवाला भएको आधारमा विश्वासीहरूले स्वर्गमा पनि प्राप्त गर्नेछन् । (५) परमेश्वरको (मण्डलीको) सेवामा जीवनभर विवाह नगरीकन ब्रम्हचार्य बन्नुपर्ने, स्वेच्छाले आफ्ना धनसम्पत्ति बाँडिदिएर गरीब जीवन जिउने र सन्त रूप धारण गरेर साधुझैँ बाँच्ने रोमन क्याथोलिक परम्पराको पालना साँचो मनले गरे तापनि मानिसले गरेका यी सबै कुराले स्वर्गको ग्यारेण्टी गर्दैन । बरू उल्टै यस्ता जीवनशैली धारण गर्नेहरू नै आखिरमा सबैभन्दा बढी अशुद्ध, आडम्बरी र अनैतिक बनेका भेट्टाइन्छन् ।

ख. एउटा विश्वासीले पापको क्षमा र अनन्त जीवन प्राप्त गर्नका लागि गरिने सबैभन्दा राम्रो कामले पनि फाइदा गर्दैन, यस्ता कामहरू उहाँको न्याय आसनको सामुन्ने टिक्न सक्दैनन् । यसो भन्नुको खास कारण चाहिँः (१) माथि भनिएझैँ यो नैतिक जीवनको स्वाभाविक प्रकृतिबाट ल्याइएको हुन्छ । यसका खास कारणचाहिँ जे कुरा बाध्यकारी छैन, त्यो नैतिक छैन भनियो र जे कुरा नैतिक छैन, त्यसले नैतिक प्रतिफल पनि ल्याउन सक्दैन । (२) मानिसले गर्न सक्ने सबैभन्दा नैतिक कार्यहरू पनि परमेश्वरको गरिमासित त्यसको तुलना गर्ने हो भने त्यो आफैमा अयोग्य ठहर्छ । त्यसैगरी परमेश्वरले ल्याउनुहुने विशेष इनामको भागीदार हुने अभिप्रायबाट गरिएको कुनै पनि असल कार्यले परमेश्वरको मनलाई बढ्ता आकर्षित गर्न सक्दैन । (३) हामीमाथि रहेको परमेश्वरको असीम सर्वोच्चता र हामीलाई बनाउनुहुने सृष्टिकर्ताको रूपमा उहाँले आफूलाई ज्यादै प्रभावित बनाउनुहुने छैन । हामीले आफ्नो नैतिक जीवनमा उहाँमाथि देखाएको प्रतिबद्धताले मात्रै पनि उहाँको हातबाट 'गतिलो इनाम पाउँछु' भन्नु बेकार हुन्छ । समग्रमा, हामीले गर्ने कुनै पनि कामले परमेश्वरलाई हामीप्रति ज्यादा आकर्षित गराउने वा उहाँलाई हाम्रानिम्ति कुनै कुरामा बाध्य बनाउन सक्दैन । हामीले दाबी

गर्न सकिने सबै असल थोकको लागि उहाँले पहिलेबाटै सबै काम गरिसक्नुभयो, त्यसकारण अब जे हुन्छ, ती सबैथोकककको निम्ति पनि हामी अघिबाटै हाम्रा सिर्जनाहार, तारणहारको रूपमा हामी उहाँप्रति ऋणी बनिसकेका हुन्छौँ । जब हामी आफूले चाहेको कुरा प्राप्त गर्न निकै मेहिनत गर्छौं, त्यसले हामीलाई असल सेवक मात्रै बनाउन सक्छ । हामी कोही पनि बढी ज्याला पाउने र कम ज्याला पाउने मानिसहरू होइनौँ । त्यसमाथि पनि कुनै बेला अलि बढ्तै आज्ञापालन गरिदिने र केही बेरपछि अनाज्ञाकारी बन्न सक्ने स्वभाव हामीमा छ । (४) यसअघिको अध्याय १३ मा पुष्टि गरेझैँ यस जीवनमा हामीले गरेका कामहरू सिद्ध नै भए पनि तिनले हाम्रो पवित्रीकरणमा केही माने राख्दैनन्, किनभने बाँचुन्जेल जेजति गरिने हो, सबै असिद्ध र अपूर्ण हुने नै छन् । त्यसकारण पनि ती कार्यहरूमा सबैभन्दा उत्कृष्टका लागि पनि रगतद्वारा शुद्ध तुल्याइएको हुनुपर्छ । हरेकलाई ख्रीष्टद्वारा अर्पण गरिने अन्तरबिन्तीबाट परमेश्वर पितामा स्वीकार्य बनाइएको हुनुपर्छ ।

ग. जसै भए तापनि विश्वासीहरू आफैमा सिद्धता प्राप्त गर्न नसक्ने हुँदाहुँदै पनि उनीहरूको व्यक्तित्व जत्तिकै सफा छन् भने उनीहरू ख्रीष्टमा एकीकृत भइसकेको कारण इमानदार विश्वासीहरूले गर्ने असल कामहरू स्वीकृत हुन सक्नेछन् र ती कामहरूको इनाम उहाँकै खातिर उनीहरूले पाउन सक्नेछन् । यसर्थ हामीले परमेश्वरतिर बढाएका सबै किसिमका प्रयासहरू ख्रीष्ट येशुमार्फत हुनु जरुरी छ । उहाँद्वारा मात्रै पवित्र आत्मामा भएर हामीले पिताकहाँ प्रवेश पाउँन सक्छौँ (एफेसी २:१८) । हामीले “वचन र काममा” जेसुकै गरे तापनि हामीलाई “सबै काम–कुरा येशुको नाउँमा गर्नू” भनि आदेश दिइएको छ (कलस्सी ३:१७) ।

असल काम र त्यसबापत प्राप्न हुनसक्ने इनामको सम्बन्धमा निम्न कुराहरू ख्याल गर्नुपर्छः

(१) “लाभ” वा फाइदा जनाउने शब्दको ठिक अर्थ हेर्दा सबै काम वा सेवा गरे वापतको सामान्य गुणस्तरअनुसारकै इनाम पनि प्राप्त हुन्छ । यस्तो काम वा सेवाको सही जाँचबुझ वा न्याय र त्यसमा निहित रहेको मूल्य वा महत्त्वका आधारमा केकस्तो इनाम पाउने भन्ने हुन्छ । प्रस्ट होस्, यही बुझाइमा कुनै प्राणीले गर्ने कुनै पनि कामद्वारा परमेश्वरलाई चकित पार्ने वा उहाँलाई बढ्तै प्रभावित

बनाउने होइन । किनभनेः (क) मानिस वा कुनै प्राणीको शरीरमा भएका सबै अङ्गप्रत्यङ्गहरू वा उसका सबै योग्यता क्षमताहरू परमेश्वर आफैले प्रदान गर्नुभएको र तिनलाई उहाँले नै निरन्तर कायम रहन दिनुभएको हो । त्यसकारण ऊ अघिबाटै परमेश्वरमा ऋणी छ, उसले परमेश्वरलाई कुनै रीतिले ऋण लगाउन सक्दैन । (ख) कुनै प्राणीले परमेश्वरका लागि केही गरिदिन सक्दैन भन्नुको तात्पर्य उहाँले गर्नुहुने अतुलनीय अनुग्रह र सो अनुग्रहको परिणाम बराबरी हुन सक्दैन भन्ने पनि हो ।

(२) यस शब्दको अर्को पनि अर्थ छ, जसमा यसको पुष्टि हुनसक्दछ । यसो भनौँ न, यदि आदमले आफूलाई सुरुमा अह्राइएअनुसार नै परमेश्वरको आज्ञापालन गरिदिएका भए, उनले पालन गरेको आज्ञाको गुण वा महत्त्वका आधारमा होइन, बरू तोकिएको सर्त अनुसार भने उनले "लाभ" प्राप्त गर्ने थिए । फेरि, त्यो उनले गरेको कामको मूल्यका आधारमा होइन तर परमेश्वरले बडो अनुग्रही बनेर उनीमार्फत् स्थापित गर्न लाग्नुभएको करार पालन गरेको सर्तका आधारमा उनले इनाम पनि पाउने थिए । स्वभावतः सृष्टि गरिएको प्राणीले सृष्टिकर्ताको आज्ञा पालन गर्नुपर्ने नै हो । तर आफैले स्थापित गर्नुभएको करारको कारण सृष्टिकर्ता आफै नै सिद्ध आज्ञापालनको सर्त पूरा हुनसकोस् भनेर आफूलाई स्वेच्छिक बन्धनमा पार्नुभयो ।

स्पष्ट होस्, माथि चर्चा गरिएझैँ परमेश्वरका जनहरूले यस जीवनमा गर्ने असल कामहरूद्वारा आफूलाई लाभ गराउन सक्ने छैनन् । उनीहरूले असल काम गरेर त्यसको निहित परिणामस्वरूप लाभदायक प्रतिफल पाउने छैनन् । किनभने ती सबै कमजोर वा असिद्ध छन् । यस अर्थमा तिनीहरूले इनमा त होइन आफैमाथि दण्ड ल्याउने सम्भावन बढी हुन्छ । तिनीहरूले करारको पालना गरेको आधारमा पनि परमेश्वरबाट केही सहुलियत पनि पाउने छैनन् । किनभने तिनीहरू कोही पनि परमेश्वरसितको करारमा उहाँतर्फ खडा भएका छैनन्, जो जति उहाँतर्फ छन्, ती सबै उहाँकै अनुग्रहको कारण छन्, विश्वासद्वारा ख्रीष्टको धार्मिकता ग्रहण गर्न सकेको कारणले मात्रै तिनीहरूले परमेश्वरको दृष्टिमा कृपा पाएका हुन् । यही तथ्यको धरातलमा हामीले प्राप्त गरेको उद्धारको लाभ हामी पाएका हौँ र यही

उद्धारको कारण सबै गतिविधिहरूमा उहाँको सामुन्ने हामीले ख्रीष्टको खातिर स्वीकृति पाएका छौँ (धर्मी तुल्याइएको, अध्याय ११ हेर्नुहोस्) ।

सुसमाचार फैलाउने काममा विश्वासीले बडो उदारतासाथ लागिपर्‍यो र उसले परमेश्वरबाट कृपापूर्ण इनाम पायो भने त्यो अनुग्रहकै एउटा खण्डको रूपमा आएको हो भनि बुझ्नुपर्छ । अर्थात् उद्धारको निम्ति दिइएको अनुग्रह मुख्य जरो हो भने सुसमाचारको काममा विश्वासीले देखाएको उदारता र त्यसबापत उसले परमेश्वरबाट पाउने इनाम दुबै त्यही मूल अनुग्रहका हाँगाहरू हुन् । अनुग्रहको त्यही करारले मानिसका हृदयमा अचानक नै परमेश्वरको अनुकम्पाको अनुभूति दिलाउँछ । त्यसकै आधारमा जीवनमा अनुग्रहको प्रयोग हुन्छ र त्यसको प्रयोग जसरी भएको छ, त्यहीअनुसार इनामको अनुग्रह पनि प्रयोग हुनेछ । यो सबै कुरा अनुग्रहकै हो — इनाममा दिइने अनुग्रहलाई नै असल कामको निम्ति दिइने अनुग्रह भनिन्छ । यी कारणले गर्दा एउटा अनुग्रहको सवालमा अर्को अनुग्रह ठिक विपरीत पनि देखिने गरेको पाइन्छ, जस्तैः (क) कुनै खास जिम्मेवारी पूरा गर्नका लागि हामीलाई चाहिने ठिक्कको अनुग्रह । जे कुरा जिम्मेवारीकै रूपमा तोकिएको छ, सो काम सम्पन्न गर्दा जसरी एउटा पिताले आफ्नो सन्तानको लागि इनाम दिने प्रतिज्ञा गर्छ, त्यसरी नै परमेश्वरले पनि विश्वासीहरूका लागि गतिलो इनाम दिने मन गर्नुभएको छ । त्यसबाट वास्तवमै सबैका लागि लाभदायक हुनसकोस् भनेर उहाँले अनुग्रह दिनुभएको छ । (ख) किनभने अनुग्रहको एउटा खास ठाउँ वा अवस्थामा अनुग्रहको अर्थ फरक ढङ्गले बुझाउन खोजिएको छ । इनामका लागि दिइएको अनुग्रह र हृदय र जीवनको पवित्र कामका लागि दिइएको अनुग्रहका बिचमा केही फरक स्वभाव स्थापित गरिएको छ । तर यी दुबै ख्रीष्टकै खातिर उस्तैगरी दिइएका हुन् । यो खण्ड स्थापित भइसकेको छ — आज्ञाकारिताको लागि जति बढी अनुग्रह चाहिन्छ, इनामका लागि पनि त्यति नै चाहिँछ — पृथ्वीमा जति बढी अनुग्रह दिइएको हुन्छ, स्वर्गमा त्यति नै बढी महिमा हुन्छ — किनभने परमेश्वरले इच्छा गर्नुभएको पनि यही हो । यसरी आज्ञा पालन गर्नका लागि जति अनुग्रह दिइएको हुन्छ, सो अनुपातमा प्राणलाई इनाम पाउन योग्यको बन्नका लागि अझै बढी तयार पार्छ (मत्ती १६:२७, १कोरिन्थी ३:८, २कोरिन्थी ४:१७) ।

**खण्ड – ७** पुनर्जीवन प्राप्त नगरेको मानिसले धेरै असल कामहरू गरेर देखाऊला, ती परमेश्वरले चाहनुभएकै कामहरू हुनसक्छन् र तिनले आफैलाई र अरूलाई पनि फाइदा नै गर्छन् ।[335] भने पनि ती वचनबमोजि भए–गरिएका होइनन्, ती विश्वासद्वारा पवित्र तुल्याइएको हृदयबाट भएका होइनन् ।[336] त्यसकारण ती पाप स्वभावका हुन्छन् र तिनले परमेश्वरलाई रिझाउने[337] भन्ने कुरै हुँदैन, न ता मानिसलाई परमेश्वरको अनुग्रह ग्रहण गर्ने योग्यको बनाउँछन् ।[338] तरै पनि तिनले बेवास्ता गरेका कुराहरू पापपूर्ण हुन्छन्[339] र तिनले परमेश्वरको थप निगाह वा उहाँलाई खुसी बनाउन सक्दैनन् ।[340]

यस खण्डले निम्न कुराहरू सिकाउँछः

१. पुनर्जीवन प्राप्त नगरेको मानिसले धेरै असल कामहरू गरेर देखाऊला, ती परमेश्वरले चाहनुभएकै कामहरू हुनसक्छन् र तिनले आफैलाई र अरूलाई पनि फाइदा नै गर्छन् । यो सत्य धेरै मानिसहरूका काम र अनुभवले सही प्रमाणित भइसकेको छ । अनि हामी विश्वास गर्छौं, कसैले पनि यस विषयमा प्रश्न खडा गर्ने छैनन् ।

२. त्यसै भए तापनि ती कामलाई जतिसुकै असल भनिएको होस् तर नैतिक दृष्टिमा ती अपूर्ण वा अपरिपक्व काम हुन् र धार्मिक दृष्टिमा ती कामहरू ईश्वरहीन ठहरिन्छन् । त्यसैकारण तिनलाई धर्मशास्त्रमा असल कार्य भनि कतै स्थान दिइएको छैन, न ता तिनले परमेश्वरको माग पूरा गर्न सक्छन्, न तिनले अनुग्रह आफ्नो खण्डमा पार्न सक्छन्, न हाम्रा प्राणले अनुग्रह ग्रहण गर्नका लागि तोकिएको मापदण्ड पूरा गर्न सक्छन् ।

कुनै कामलाई जस्तो भनि विचार गरिएको छ र त्यो काम गर्ने अभिप्राय वा उद्देश्य के हुने भनि विचार गरिएको छ, त्यस बिचमा प्रस्ट फरक पाइन्छ ।

---

335 २ राजा १०:३०, ३१; १ राजा २१:२७, २९; फिलिप्पी १:१५, १६, १८ ।
336 उत्पत्ति ४:५; हिब्रू ११:४, ६ ।
337 १ कोरिन्थी १३:३; यशैया १:१२ ।
338 मत्ती ६:२, ५, १६ ।
339 हाग्गै २: १४; तीतस १:१५; आमोश ५:२१, २२; होशे १:४; रोमी ९:१६; तीतस ३:५ ।
340 भजनसंग्रह १४:४; ३६:३; अय्युब २१:१४, १५; मत्ती २५:४१-४३, ४५; २३:२३ ।

साँच्चिकै असल काम त्यो हो, जुन ईश्वरीय प्रेमको मूल सिद्धान्तबाट उत्पन्न हुन्छ र जसको उद्देश्य परमेश्वरलाई महिमा दिने रहेको हुन्छ र अघिबाटै प्रकट गरिएको परमेश्वरको नियम अनुसार यो गरिएको हुन्छ । त्यसकारण नयाँ जीवन नपाएको मानिसले गर्ने कुनै पनि काममा यी स्वभाव देख्न पाइँदैन ।

त्यसैगरी धेरै व्यवधान भोग्दै गरिएको भनि हेरिएको कुनै काम र सो काम गर्ने व्यक्तिको अभिप्राय र उसको सम्बन्धमा जोडिएका अन्य मानिसहरूसमेतको सम्बन्ध कस्तो भन्ने कुरा पनि विचारणीय हुन्छ । सर्वोच्च परमेश्वरकै विरुद्धमा खडाभएको मानिसले धेरैवटा असल कार्यहरू गरेको हामीले देखेका भए तापनि उसले गर्ने धेरैजसो कामहरू ऊ खास कोसित जोडिएर गरिरहेको छ भन्ने कुराले निर्धारण गर्छ । यो कदाचित सत्य हुँदैन, एउटा विद्रोही मान्छे, उसले विद्रोह गरिरहँदासम्म सर्वोच्च अख्तियार (परमेश्वर) को विरुद्धमा उसले गरेका कामहरू क्षण–क्षणमै हरेक प्रयत्नले पवित्र विधिहरूलाई अशुद्ध तुल्याउँछ । यस अर्थमा "दुष्टले जोतेको खेतमा पाप वा दुष्टता नै फल्छ" (हितोपदेश २१:४) । यसरी जबसम्म मानिस ख्रीष्टभन्दा टाढा रहन खोज्छ र परमेश्वरको धार्मिकतामा समाहित हुन इन्कार गर्छ, उसले प्रयोग गर्ने सबै उपायहरू, परमेश्वरको धार्मिकतामा सहभागिता पाउन सक्दैन भन्ने कुरा बुझ्नुपर्छ । यसबाहेक जेजति कुराहरू उसले गर्छ, चाहे जतिसुकै असल काम उसले गरेको भए तापनि परमेश्वरको दृष्टिमा ती सबै पापै हुन् ।

३. नयाँ जीवन नपाएको मानिसले गर्ने जतिसुकै असल काम वा उहाँकै आज्ञा पालन गरेकै भए तापनि त्यो कामले उहाँलाई नै बेवास्ता गरेको हुँदा उहाँलाई झनै मन नपर्ने हुन्छ । किनभने उसले अझै पनि पापीकै रूपमा काम गरिरहेको ठहर्छ । दुष्ट मानिसले गरेको असल कामको के परिणाम हुने र ? ती त उसले आफ्नो कर्तव्य पूरा गरेजस्तो मात्रै हो । त्यसकारण परमेश्वरले अह्राएकै काम गरेको भए तापनि नयाँ जीवन नपाएको मानिसले गरेका कामहरूले उहाँलाई खुसी पार्ने छैनन् ।

तिनीहरूले जे गर्छन्, त्यसमा तिनीहरूको पाप रहिरहेको हुन्छ । तिनीहरूको व्यक्तिगत विद्रोही प्रवृत्ति र असल काम गर्नाको अभिप्राय र सो कामको उद्देश्य सबैमा तिनीहरूले गर्ने काम असल ठहरिन सक्दैन । यसो भनौँ, तिनले असल

काम गर्ने कुराकै बेवास्ता गरे भने पनि त्यो बेपर्वाहीपन अर्को तहमा गएर दण्डको योग्य ठहर्छ । त्यसर्थ उनीहरूले गर्ने सबै असल कार्यको लागि पूर्वसर्त भनेकै सर्वप्रथम तिनीहरू आफैचाहिँ प्रभुमा नयाँगरी जिउनु हो । यो तिनीहरूले गर्नुपर्ने हुन्छ तर व्यवस्थामा उल्लेख गरिएको महत्त्वपूर्ण कुराचाहिँ नगरीकन बस्न मिल्दैन । विद्रोही स्वभावको मानिसले गरेको असल र सह्राहनीय काममा विद्रोही तत्त्व समावेश हुन्छ नै, त्यसकारण पनि उसले असल गरेको होस् कि खराब, सबै काम दण्डको योग्य नै रहिरहने छ ।

## प्रश्नहरू

१. वास्तवमै असल कार्य हुनको लागि त्यसमा केकस्ता गुणहरू हुनुपर्छ भनि खण्ड – १ र २ मा के भनिएको छ ?

२. असल कार्यको प्रभाव र उपयोगिताको विषयमा हामीलाई के कुरा सिकाइएको छ ?

३. कुनै पनि काम साँच्चिकै असल हुनका लागि त्यो वचनमा प्रकट गरिएको परमेश्वरको इच्छाअनुसार गरिएको हुनुपर्छ भनि नैतिक नियमबाटै ल्याइएको पुष्टिका बारेमा बताउनुहोस् ।

४. सबै सत्यता आज्ञापालन हो र सबै पाप परमेश्वरको आज्ञा उलङ्घन हो भन्ने पुष्टि गर्नुहोस् ।

५. "आफ्नो इच्छाले गरेको आराधना" र आज्ञा नगरिएको सेवालाई परमेश्वर मनै पराउनुहुन्न भन्ने कुरा पुष्टि गर्नुहोस् ।

६. कुनै काम साँच्चिकै असल काम हुनका लागि त्यो हृदयभित्रको प्रेम र विश्वासको सिद्धान्तबाट उत्पन्न भएको हुनुपर्छ भनि पुष्टि गर्नुहोस् ।

७. असल कामले कसरी कृतज्ञता दर्साउँछ, अनुग्रह प्रकट गर्छ र ख्रीष्टियन विश्वासको प्रशंसा गर्छ भन्ने
कुरा बताउनुहोस् ।
८. असल कामले परमेश्वरलाई महिमित तुल्याउँछन् भनि प्रमाणित गर्नुहोस् ।
९. पुष्टि गर्नुहोस्, असल कार्य जहाँबाट प्रस्फुटन हुन्छ, त्यहाँ अनुग्रह अझै बढाउने काम हुन्छ र असल
काम गर्नेहरूको पक्षमा आशाको सुनिश्चितता बढाउँछ ।
१०. असल कार्यले विश्वासका दाजुभाइ–दिनीबहिनीहरूलाई सुधार्छ भन्ने कुरा प्रमाणित गर्नुहोस् ।
११. यसले विरोधीहरूको मुख बन्द गराउँछ भन्ने देखाउनुहोस् ।
१२. कुन आधारमा यो उद्धार प्राप्त गर्नका लागि आवश्यक छ भनिएको हो, प्रस्ट गर्नुहोस् ।
१३. खण्ड – ३ मा सिकाइएको पहिलो अवधारण के हो ?
१४. त्यहाँ सिकाइएको दोस्रो अवधारण के हो ?
१५. नयाँ जीवन वा पुनर्जीवित गराउँदै गर्दा विश्वासीलाई चाहिने अनुग्रह बाहेक उसले असल कार्य गर्नका
लागि र पवित्र आत्माको प्रभाव बढाउन र तत्कालै उसलाई निर्देशित गर्दै विश्वासमा कायम रहन
सहायता गर्न थप अनुग्रह आवश्यक पर्छ भनि प्रमाणित गर्नुहोस् ।
१६. खण्ड – ३ मा सिकाइएको तेस्रो प्रस्ताव के हो ?
१७. ख्रीष्टियनलाई उसको सामान्य कर्तव्य पालन गर्नका लागि पवित्र आत्माको विशेष निर्देशन चाहिँदैन,
बरू आत्मामा निरन्तर भर पर्नका लागि र परमेश्वरको वचनमा प्रकट गरिएको उहाँको इच्छा पालन
गर्न, उसलाई अघिबाटै दिइएको अनुग्रहको प्रयोग लगनशील भएर गर्न र आवश्यकता अनुसार अझै
बढी आत्माको चाह गर्दै उहाँमा समर्पित भइरहन पवित्र आत्माको निरन्तर उपस्थिति चाहिन्छ भनि

पुष्टि गर्नु होस् ।

१८. खण्ड – ४ देखि ६ मा सिकाइएको पहिलो प्रस्ताव के हो ?

१९. यी खण्ड –हरूमा सिकाइएको दोस्रो प्रस्ताव के हो ?

२०. तेस्रो प्रस्तावचाहिँ के हो ?

२१. "अत्याधिक माग गरिएका कामहरू" के के हुन् ?

२२. असल कार्यका फाइदाहरू तथा अत्याधिन चाहना गरिएका कामहरूको विषयमा रोमन क्याथोलिक
मण्डलीले सिकाउने सिद्धान्त के हो ?

२३. नैतिक नियमको स्वभावका बारेमा परमेश्वरको वचनबाट र रोमन क्याथोलिक प्रचलनको व्यवहारिक
पक्षबाट अत्याधिक माग गरिएको भन्ने सिद्धान्त आफैमा अनैतिक धरातलमा हुन्छ भनि पुष्टि गर्नुहोस्
।

२४. ख्रीष्टियनले गर्न सक्ने सबैभन्दा असल कार्यले पनि परमेश्वरको धर्मी न्यायको गम्भीरतालाई प्रभावमा
पार्न सक्दैन भन्ने कुरा पुष्टि गर्नुहोस् ।

२५. विश्वासीहरूले गर्ने असल कामहरू के आधारमा परमेश्वरमा स्वीकृत हुन्छन् ?

२६. "फाइदाजनक" वा लाभदायी शब्दको सटीक अर्थ के हो ?

२७. सृष्टि गरिएको कुनै प्राणीले असल कार्य गरेर सृष्टिकर्ताको हातबाट कुनै हालतमा पनि त्यो लाभ वा
फाइदा फुत्काउन सक्दैन ।

२८. वचनमा प्रयोग गरिएअनुसार यसको दोस्रो अर्थ के हो ?

२९. ख्रीष्टियनले नै पनि यस अर्थका कुनै पनि शब्दको सही प्रयोग गर्न सक्दैन भन्ने कुरा पुष्टि गर्नुहोस् ।

३०. त्यसो भए, असल काम र इनामका बिचमा धर्मशास्त्रले खास के भिन्नता वा सम्बन्ध देखाएको छ त ?

३१. परमेश्वरले दिनुभएका विशुद्ध र कृपापूर्ण वरदानलाई किन “इनाम” भनिएको होला ?

३२. खण्ड – ७ मा सिकाइएको पहिलो प्रस्ताव के हो ?

३३. प्रमाणित गर्नुहोस् — नयाँ जीवन नपाएको कुनै व्यक्तिले गरेका उत्कृष्ट वा अति असल कामहरू पनि
नैतिकरूपमा अपूर्ण र धार्मिक रीतिले पनि ईश्वरहीन हुन्छन् ।

३४. यी दायित्वहरू पूरा गर्दा भन्दा पनि परमेश्वरलाई वा उहाँको वचनलाई बेवास्ता गरेर तिनीहरूले झनै
ठुलो पाप गर्छन् भन्ने कुरा पुष्टि गर्नुहोस् ।

३५. परमेश्वर र उहाँका ख्रीष्टको विरुद्धमा विद्रोही बनेका मानिसहरूले पालन गर्नुपर्ने पहिलो र बाध्यकारी
कर्तव्य के हो ?

# अध्याय १७
# (CHAPTER XVII)
# सन्तहरूको लगनशीलता
# (OF THE PERSEVERANCE OF THE SAINTS)

**खण्ड – १ परमेश्वरले जसलाई उहाँका प्रिय पुत्रमा स्वीकार गर्नुभएको छ, तिनीहरूलाई प्रभावकारीरूपमा बोलाउनुभयो र आत्माद्वारा शुद्ध गर्नुभयो, तिनीहरू कुनै हालतमा पनि अनुग्रह प्राप्त गरेको अवस्थाबाट गिर्ने छैनन् । तिनीहरू अनन्तसम्मै बचाइने छन् ।[341] तर पनि तिनीहरूले जीवन रहेसम्म लगनशील बनेर जिउनुपर्छ ।**

**खण्ड – २ सन्तहरूले लगनशील भएर परमेश्वरलाई पछ्याउने कुरा तिनीहरूको आफ्नो इच्छा वा बलबुँताले नभएर परमेश्वरको चुप गराउनै नसकिने चुनाव (छनौँट) को नियमको कारण परमेश्वर पिताबाट स्वतहः बहने सित्तैको र कहिल्यै नबदलिइने प्रेमको[342] कारणले गर्दा हो । अनन्त उद्धारबाट प्राप्त गरिएको लाभ र स्वयम् प्रभु येशु ख्रीष्टले गरिदिनुहुने अन्तरबिन्तीको कारण[343] विश्वासीले धर्मी जीवन जिउन सहज हुन्छ । त्यसका साथै पवित्र आत्मामा बाँधिएर र परमेश्वरको स्वभाव तिनीहरूमा रोपिएको भएर[344] उनीहरूलाई विश्वासी जीवन लगनशीलतासाथ जिउन सजिलो हुन्छ । त्यो काम अनुग्रहको करारको स्वभावले[345] गर्दा पनि सहज हुन्छ । यी सबै कुराबाट जीवनको सुनिश्चितता र अटलता बलियो बन्दै जान्छ ।[346]**

---

341 फिलिप्पी १:६; २ पत्रुस १:१०; यहुन्ना १०:२८, २९; १ यहुन्ना ३:९; १ पत्रुस १:५, ९ ।
342 २ तिमोथी २:१८, १९; यर्मिया ३१:३ ।
343 हिब्रु १०:१०, १४; १३:२०, २१; ९:१२-१५; रोमी ८:३३-३९; यहुन्ना १७:११, २४; लुका २२:३२; हिब्रु ७:२५ ।
344 यहुन्ना १४:१६, १७; १ यहुन्ना २:२७; ३:९ ।
345 यर्मिया ३२:४० ।
346 यहुन्ना १०:२८; २ थेसलोनिकि ३:३; १ यहुन्ना २:१९ ।

**खण्ड – ३ तथापि शैतान र संसारले ल्याउने परीक्षा तथा तिनमा भएको भ्रष्ट प्रचलन र आफूलाई बचाउने प्रावधानको बेवास्ता गरेको कारण ती आफै दुःखद पापमा गिरेका छन् ।[347] त्यसो भए तापनि समय त निरिन्तर घर्किंदै जान्छ ।[348] त्यसैबाट परमेश्वरलाई झनै मन नपर्ने कुरा हुन जान्छ[349] र पवित्र आत्मालाई दुखित तुल्याउने काम हुनेछ ।[350] त्यसको आधारमा तिनीहरूले प्राप्त गरेको अनुग्रह र सुविधाको खास मापदण्डबाट ती चुकेका हुनेछन् ।[351] तिनीहरूका हृदय कठोर बनेका छन् ।[352] तिनीहरूका चेतना पनि घायल बनेको छ ।[353] एउटाले अर्कोलाई बदनाम गर्ने र चोट पुऱ्याउने काम बढेको हुन्छ ।[354] यसरी मानिसहरूले आफैमाथि क्षणिक न्याय र दण्ड ल्याउने छन् ।[355]**

यस अध्यायले निम्न विचारहरू सिकाउने छः

१. एकपटक परमेश्वरद्वारा नयाँ जन्म पाइसकेको र सबै अपराधबाट मुक्त गरिएको एकजना साँचो विश्वासी कुनै पनि हालतमा पापमा गिर्न सक्दैन, ऊ अनुग्रहबाट पूरै पतन हुन र पतन भएर जान सक्दैन । बरू अन्त्यसम्मै ऊ विश्वासी जीवनको गरिमा कायम राख्दै अघि बढिरहन्छ ।

२. आखिरीसम्मै लगातार अघि बढ्दै जानुपर्छ भन्ने मान्यता कुनै विश्वासीले आफ्नो ज्ञानबुद्धिमा मात्रै पूरा गर्न सक्ने होइन — (१) अनन्तका लागि रोकतोक गर्न नसकिने अपरिवर्तनीय छनौटको प्रावधान पैतृक सम्पत्तिको रूपमा प्रदान नगरिइने, (२) अनन्त करारको अनुग्रहको प्रावधानमा, (३) ख्रीष्टमा प्राप्त हुने लाभ तथा उहाँले निरन्तर गरिदिनुहुने अन्तरबिन्तीको प्रार्थनामा र (४) पवित्र आत्मा

347 मत्ती २६:७०, ७२, ७४ ।
348 भजनसंग्रह ५१:१४ ।
349 यशैया ६४:५, ७, ९; २ समुएल ११:२७ ।
350 एफिसी ४:३० ।
351 भजनसंग्रह ५१:८, १०, १२; प्रकाश २:४ ।
352 यशैया ६३:१७; मर्कुस ६:५२; १६:१४ ।
353 भजनसंग्रह ३२:३, ४; ५१:८ ।
354 २ समुएल १२:१४ ।
355 भजनसंग्रह ८९:३१, ३२; १ कोरिन्थी ११:३२ ।

हामीमा निरन्तर बास गर्नु हुने र विश्वासिलो भएर जिउनका लागि चाहिने आत्माको शक्ति हामीलाई निरन्तर दिइने ।

३. साँचो विश्वासीसमय बित्दै जाँदा दुःखलाग्दो पापमा फँस्न सक्ने सम्भावन कमै हुनेछ । तापनि पापमा पतन हुनसक्ने अवस्थाहरू यी हुनसक्छन् — (१) संसारले ल्याउने परीक्षा, (२) शैतानले ल्याउने बाधा–व्यवधान, (३) उसमा निहित बाँकी रहेको भ्रष्ट स्वभाव, (४) अनुग्रहको उपायलाई बेवास्ता गर्ने विचार । यस प्रकारले आइलाग्ने पतनका प्रभावहरू यी हुनेछन्ः (क) परमेश्वरलाई मन नपर्ने र पवित्र आत्मालाई दुःखी तुल्याउने, (ख) तिनीहरू आफैले प्राप्त गरेको अनुग्रह र सुविधाको खास मापदण्डबाट चुक्ने, तिनीहरूका हृदय कठोर हुने र तिनीहरूका विवेक पनि बोधो र घायल हुनेछ र तिनीहरूको आफ्नो व्यक्तित्वमाथि केही बेरसम्म दण्ड निम्त्याउने छन् । (ग) तिनीहरूलाई देख्ने–हेर्ने सबैका लागि तिनीहरूको काम–व्यवहार पूरै बाधा हाल्ने किसिमका हुनेछन् । तिनीहरू त्यस्तो अवस्था देखेका अरू विश्वासीहरूले तिनीहरूका लागि दुःखमनाउ गर्दै विलाप गर्नुपर्नेछ ।

अर्मेनियन र काल्भिन विचारका समर्थकहरूले यस प्रश्नको पक्ष र विपक्षमा फरक पङ्तिमा आफूलाई उभ्याउँछन् भन्ने कुरा छर्लङ्ग छ । हामीले बुझेअनुसार आर्मेनियनहरूले यस्तो विचार अँगाल्दछन्

(१) मानिसहरूले आफै अग्रसर भएर उहाँको अनुग्रहलाई विश्वाससाथ ग्रहण गरेर प्राप्त गरेको मुक्तिअनुसार मृत्यु नभएसम्म सोही विश्वासमा लागि रहने सर्तमा मात्रै परमेश्वरले दिनुहुने अनन्त जीवन पाउँछन् । (२) ख्रीष्ट सबै मानिसहरूका लागि मर्नुभएको हो भन्ने कुरा सबैमा उत्तिकै सम्भव हुन्छ, उहाँ कुनै मानिसले गरेको पापको बदलामा मर्नुभएको होइन । उहाँको यही मृत्युबाट सबैका सुनिश्चित गरिएको पापको दण्डबाट छुटकारा दिलाएर नयाँ करारका सबै इनामहरू पाउन सबैलाई योग्य ठहऱ्याइयो । (३) सबै मानिसहरूका लागि उही पवित्र आत्माको अनुग्रहले समानरूपमा काम गरेको छ । अनि त्यही कारणले गर्दा कोही एउटाले विश्वास गर्छ र नयाँ जीवन पाउँछ, अनि अर्कोले तीरस्कार गर्छ र त्यही चालमा ऊ लागि रहन्छ । अघिल्लोले स्वेच्छासाथ पवित्र आत्माको काममा सघाउँछ भने पछिल्लोले उहाँको कामलाई इन्कार गर्छ । यसरी

व्यक्तिगत छुटकाराको प्रयोगको सवालमा अर्मेनियनहरू सबैथोक प्राणी (मानिस) को स्वतन्त्र इच्छामा निर्भर हुन्छ भन्छन् । कुनै करकाप बेगर मानिसको आफ्नो इच्छाले उहाँको अनुग्रह ग्रहण गरिसकेपछि न परमेश्वरको अर्को आज्ञा, न ख्रीष्टको प्रायश्चित न ता पवित्र आत्माको अनुग्रहले कुनै व्यक्तिको उद्धार हुने नहुने भन्ने कुराको निर्धारण गर्छ । प्रायश्चितको प्रयोग र त्यसको प्रभाव साथसाथै प्राणको नवीकरण र शुद्धीकरणमा आत्माको प्रभाव अवस्थाअनुसार फरक पर्न सक्छ । उनीहरूको दृष्टिमा हरेक मानिसको स्वतन्त्र इच्छा भन्ने कुरा उसकै चाहना वा प्रतिबद्धतामाथि निर्भर हुन्छ । तापनि अनन्त उद्धारको अनुग्रहलाई एकपटक ग्रहण गरिसकेपछि त्यसैमा लागिरहनु आवश्वक हुन्छ र जीवनभरि नै त्यो सम्पूर्ण रीतिले उसकै स्वइच्छामा भर पर्छ ।

मानवीय इच्छा आफैमा कुनै पनि क्षणमा तलमाथि हुने वा बदलिने सम्भावना भएकोले, यस जीवनमा अनेकौँ लोभलालच वा उक्साहट आइलाग्ने र तिनलाई मानिसले कुनै पनि बेला पछ्याउन सक्ने भएकोले त्यस्तो अवस्थामा निश्चिय नै एउटा विश्वासीले सधैँजसो आफ्नो धर्म त्याग्न सक्ने सम्भावना रहिरन्छ । अनि ऊ त्यही हालतमा मऱ्यो भने उसको सर्बथा विनाश हुन्छ । यसर्थ त्यही अर्मेनियन सिद्धान्त पालन गर्ने रोमन क्याथोलिक मण्डलीमा एउटा आधिकारिक मापदण्ड तोकिएको छः “यदि कसैले उद्धार पाइसकेको व्यक्तिले आफ्नो उद्धार गुमाउने छैन र यदि उद्धार पाइसकेको व्यक्ति फेरि पापमा फँस्छ भने त्यसअघि उसको उद्धार भएकै थिएन भनि मान्दछ भने त्यो श्रापित होस्” (ट्रेण्टको परिषद्, खण्ड – ६, बुँदा २३) ।

प्रोटेस्टेन्ट आर्मेनियनहरू के पनि मान्दछन् भने कुनै व्यक्तिले साँच्चिकै नयाँ जन्म प्राप्त गर्छ तर अनुग्रहलाई लत्याएर र पवित्र आत्मालाई सन्ताप दिएर पाप गर्दै उसले पाएको उद्धार पनि गुमाउँछ । यसरी ऊ एकताका अनुग्रह पाएको व्यक्ति भए तापनि आखिरमा अनन्त विनाशमा पुग्छ (रेमोन्स्ट्रान्टको परिषद् खण्ड – ६, बुँदा ७) ।

अर्कोतिर काल्भिनी सिद्धान्तले यस अध्यायमा हामीले स्वीकारोक्तिको विषयमा चर्चा गरेझैँ हरेक सच्चा विश्वासीहरूका निम्ति परमेश्वरले आफ्नो कृपामा यो कुरा प्रकट गरिदिनु भएको छ, उसले जीवनभरि नै विश्वास र आज्ञाकारितामा

अनन्त उद्धार पाएको जीवन गम्भीरतासाथ जिउनुपर्छ । यसरी उसलाई यस अनुग्रहबाट पतन हुन कसैगरे पनि अनुमति दिइने छैन । त्यसकारण ऊ आफ्नो उद्धारबाट च्यूत हुने छैन ।

यही भनाइबाट पनि  यो कुरा प्रस्ट हुन्छ, प्रायजसो जुन कुरा यही भनाइको विरुद्धमा बोलिन्छन्, त्यसको प्रतिवाद यसले गरिरहँदैन । (१) मानिसको स्वतन्त्र इच्छा आफैमा अस्थीर हुँदैन भन्नु बेतुकी कुरा हुन जान्छ । जसरी परमेश्वरले मानिसलाई उसको स्वतन्त्र इच्छा विपरीत लतारेर (जबरजस्ती) ख्रीष्टतिर फर्काउने काम गर्नुहुन्न । बरू मानिसले उहाँलाई बडो इच्छुक बनेर विश्वास गरोस् र उहाँलाई पछ्याउने काम गरोस् भनि अनुग्रह गरिदिनुहुन्छ । सम्पूर्ण सत्य यही हो । मानव जीवनको उद्धारको सन्दर्भमा प्रकट गरिएको वास्तवमै अमूल्य सत्य हो । यो कुरामा गहिरिएर हेर्दा आर्मेनियन ख्रीष्टियनहरूले काल्भिनीहरूको भन्दा बढ्ता त्याग गर्न सक्दैनन् । परमेश्वरले मात्रै यो काम गर्नुहुन्छ, गर्न सक्नुहुन्छ, उहाँले आफ्ना मानिसहरूको स्वतन्त्र इच्छालाई समेत खास परिधिभित्र रहेर उनीहरूको स्वतन्त्रतालाई नघटाइकन नियन्त्रण गर्न सक्नुहुन्छ । उहाँले तिनीहरूलाई "उहाँको शक्ति प्रदर्शन हुने" दिनका निम्ति तयार रहने इच्छामा छाडिदिन सक्नुहुन्छ । उहाँले तिनीहरूलाई "असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुबै तुल्याउन परमेश्वर काम गर्नुहुन्छ" (भजन ११०:३, फिलिप्पी २:१३) । अर्मेनियनहरू आफै विश्वास गर्छन्, सन्तहरू स्वर्ग पुगेपछि कुनै रीतिले अनुग्रहबाट पतन नहुनेगरी सुरक्षित गरिएका हुन्छन् । तथापि उनीहरू पूर्णरूपले आफ्नो इच्छाबमोजिम चल्न स्वतन्त्र रहन्छन् । यदि यी दुबै स्वर्गमा तालमेलमा निरन्तर रहिरहन्छन् भने ती हरतरहले पृथ्वीमा पनि त्यसैगरी एकै मतका रहनेछन् ।

(२) यो सिद्धान्त भौतिक शरीरको सुरक्षा निश्चित गर्ने सन्दर्भमा लागु हुने होइन । जब हामी अनुग्रहमा छौँ भन्ने सुनिश्चित हुन्छ, त्यो अवसर हामीबाट गुम्दैन, तापनि हामी आफूलाई मन लागेको कुरा खुसीसाथ गर्न स्वतन्त्र छौँ । यो कुरा ख्याल राखियोस् — (क) हामीले एकपल्ट विश्वास गर्‍यौँ भन्दैमा उद्धार पाइहाल्छौँ भन्ने सिद्धान्त सही होइन । तर साँच्चिकै विश्वास गरेर हामीले पवित्रतामा लगनशील भएर पछ्यायौँ भने त्यो हाम्रा लागि सम्भव हुन्छ । (ख) एउटा व्यक्तिको उद्धारको

सम्भाव्यता होइन, बरू उसले कसरी पवित्रतामा उहाँको अनुग्रहमा जिउने लगनशीलता देखाएको छ भन्ने तथ्यले उसको उद्धारको निश्चयता प्रमाणित हुन्छ । चनाखो बनेर सुबिस्तासाथ रहने तर अनुग्रहमा बद्दैजान झुकाव त सबैमा हुन्छ नै । किनभने साँचो विश्वासीले पूरै पतन भएर जान पाउने छैन भन्ने सिद्धान्तले हामी अनुग्रह पाइरहेको अवस्था छैनौँ भन्ने प्रस्ट देखाउँछ । यसरी परमेश्वरको व्यवस्थामाथि धावा बोल्दै र सुसमाचारको पक्षमा उद्घोष गर्दै आएका यस्ता सिद्धान्तले सन्तहरूलाई पवित्रतामा लगनशील भएर जिउन उत्साह दिँदैनन् । यी कुराहरू हाम्रो सम्बन्धमा पनि विशेष सत्यको रूपमा लागु हुन्छन् ।

(ग) यो सिद्धान्तले के सिकाउँछ भने हामीले बडो जोडदार बनेर लगनशील हुनुपर्छ भन्ने कुरा त्यति जरुरी होइन तर यस प्रकारको प्रयत्नले हामीलाई सफलतासम्म पुऱ्याउन भने सक्छ । तर आफ्नो खुसीका लागि हामीलाई असल इच्छा गर्ने र काम गर्ने बनाउनका लागि परमेश्वर आफैले हामीमा काम गर्नुहुन्छ (फिलिप्पी २:१३) ।

१. यो निश्चित प्रतिबद्ध लगनशीलताको तथ्यबारे धर्मशास्त्रमा प्रस्टसँग बताइएको छ । धर्मशास्त्रमा त विश्वासीहरूलाई "आखिरी समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौँ" भनिएको छ (१पत्रुस १:५) । पावल पनि जसले विश्वासीहरूमा असल काम थाल्नुभयो, उहाँले नै त्यो ख्रीष्ट येशुको दिन प्रकट नहुँदासम्म पूरा गर्नुहुनेछ भन्ने कुरामा ढुक्क थिए (फिलिप्पी १:६) । येशुले भन्नुभयो "म तिनीहरूलाई अनन्त जीवन दिन्छु, तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, न ता कसैले तिनीहरूलाई मेरा हातबाट खोसेर लैजान सक्नेछ (युहन्ना १०:२८, रोमी ११:२९) ।

२. विश्वासमा सुनिश्चित र लगनशील भएर प्रभुलाई पछ्याउने कुराको आधार सन्तहरूको स्वेच्छामा नै हो भन्ने होइन, बरू समग्रमा योः (१) अनन्त उद्धारका लागि परमेश्वरले मानिसको छनौँट गर्नुहुने कुरामा अन्तरनिहित हुन्छ । सबैका उद्धारमा यो कुरा जहिल्यै लागु हुन्छ र यसमा कहिल्यै तलमाथि हुँदैन । हामीले अध्याय ३ मा नै यस विषयमा मण्डली गरिसकेका छौँ, छनौँटका लागि परमेश्वरले तोकिदिनुभएको नियम — (क) व्यक्तिलाई ऊ जोजस्तो छ त्यही रूपमा आदर दिने, (ख) उद्धारको निम्ति छनौँट गर्ने र त्यसका लागि चाहिने सबै कुरा उपलब्ध

गराउने, (ग) तिनीहरूले के कस्तो अनुग्रह पाउने छन् भन्ने कुरा परमेश्वरले अघिबाटै थाहा पाउनुहुन्छ भन्ने कुराले होइन बरू उनीहरूको आफ्नो स्वतन्त्र इच्छाले अनन्त मुक्तिको छनौँट सम्भव हुन्छ, (घ) यो अपरिवर्तनीय र अत्यन्तै प्रभावकारी हुन्छ । यसरी जोजति मानिसहरू अनुग्रहद्वारा उद्धारको निम्ति छानिएका हुन्छन्, तिनले अनुग्रहमै सो उद्धारको निम्ति लगनशीलता प्रदर्शन गर्नुपर्छ ।

(२) सन्तहरूले सुनिश्चित भएर प्रभुको पछि लागिरहने कुराको आधार अनुग्रहको अनन्त करारको प्रावधानमाथि पनि निर्भर हुन्छ । हामीले अध्याय ७ मा चर्चा गरिसकेका छौँ — अनन्त कालदेखि नै पिता र पुत्रका बिचमा एउटा व्यक्तिगत तथा दुबै पक्षले पालन गर्ने भनि तय गरिएको एउटा करार थियो, त्यसकै आधारमा अनन्त उद्धारको निम्ति छानिएका सन्तहरूको मुक्ति सुनिश्चित हुन्छ । (क) जोजसले उद्धार पाउनुपर्थ्यो; (ख) तिनीहरूलाई मुक्तिमा डोहोर्‍याउनका लागि येशुले जस्तो दुःख भोग्न लाग्नुभएको थियो; (ग) कहिले र कस्तो अवस्थामा तिनीहरूको व्यक्तिगत जीवनमा येशुले दिनुहुने छुटकारा लागु हुन्थ्यो; (घ) तिनीहरूको उद्धारले ल्याउने जेजति फाइदाहरू छन् ती सबै व्यक्तिगतरूपमा अँगाल्न सकिन्थे । यसर्थ करारद्वारा कबोल गरिएका सबै फाइदाहरू स्वतः लागु हुन्छन् र तिनका कुनै पनि कुराहरू अनावश्यक वा खेर जाने हुँदैनन् । "मेरा पिताले ती मलाई दिनुभएको छ, उहाँ सबैभन्दा महान् हुनुहुन्छ । पिताको हातबाट कसैले पनि तिनीहरूलाई खोसेर लैजान सक्दैन" (युहन्ना १०:२९) ।

(३) ख्रीष्टले गर्नुहुने मध्यस्थ बिन्ती र उहाँको उद्धारमा प्राप्त हुने लाभका कुराहरूमा यो निश्चतयता खडा भएको हुन्छ । हामीले अध्याय ८ मा यही कुराको चर्चा गरेका छौँ । धर्मशास्त्रले सिकाएको खास कुरा, आफ्ना अनेकौँ आज्ञापालन र सबैका पापको खातिर प्रतिनिधिझैँ बनेर गरिदिनुहुने मध्यस्थ बिन्तीद्वारा ख्रीष्टले तिनीहरूको पापको सट्टामा सिद्ध धार्मिकता ल्याइदिनुभयो । यहाँले यो काम ती सबै मानिसहरूका खातिर गरिदिनुभयो, जो व्यक्तिगत र निश्चितरूपमा उहाँकै देखासिकी गरेर अनन्त उद्धारको करारमा समेटिएका हुनेछन् । यसैकारण उहाँले तिनैका खातिरमात्रै स्वर्गमा निरन्तरजसो मध्यस्थ बिन्ती गरिदिनुहुन्छ, जसका खातिर उहाँले छुटकाराको मोल चुकाउनुभयो । यसरी, न उहाँको यो

मध्यस्थ बिन्ती न ता उहाँले प्रदान गर्नुभएको छुटकारा व्यर्थ हुन जान्छ । किनभने उद्धार पाउनेहरू सबैका लागि यही कुरा दिइएको छ । त्यसकारण जसको सट्टामा येशुले आफूलाई बलिदान हुनदिनुभयो, जसका लागि उहाँले सिद्ध धार्मिकता हासिल गर्नुभयो अनि जसका लागि उहाँ प्रभावकारी अन्तरबिन्ती गरिरहनुहुन्छ, ती कोहीपनि अन्त हुने छैनन् ।

(४) पवित्र आत्मा निरन्तर रहिदिनु भएको आधारमा सन्तहरूले उहाँलाई अनुग्रहमा सुनिश्चित भएर पछ्याउने भन्ने विचारमाथि यो कुरा स्थापित हुन्छ । पवित्र शास्त्रको नियम पूर्ण रीतिले पालन गर्दै उहाँले यो काम गर्नु हुनेछ, यसमा नैतिक र तार्किक दुबै विषयहरूको उत्तिकै भूमिका हुन्छ । यसरी नयाँ आत्मिक सिद्धान्त परिपालन गर्ने र नयाँ जीवन प्राप्त गर्ने क्रममा हालिदिएको लगावमाथि अन्तिम विजय हासिल हुनेछ (युहन्ना १४:१६–१७; १युहन्ना ३:९) ।

३. यस अध्यायमा दिइएको तेस्रो महत्त्वपूर्ण प्रस्तावमाथि निकै गम्भीर खोजबिन हुनुपर्छ । यसलाई रहेभएका धेरैजसो लिखित त्रुटीहरूसित जोडेर पनि खोजबिन गर्नुपर्छ । यसको खासै उदाहरण खोजी बस्नु जरुरी छ भन्ने त होइन । बरू यी सबै कुराको खास अर्थ के हुने भन्ने विषयमा खोजी गर्नुपर्छ । यसको साधारण अर्थ सर्वव्यापी अनुभव दुबै कुरा यसमा जोडिएर आउँछन् । दाउदको घटनालाई हेरौ (२सामुएल ११:२–४; भजन ५१) । पत्रुसको घटना (लुका २२:५४–६२) । विश्वासीहरूले उहाँलाई अनुग्रहमा पछ्याउने भन्ने कुरा पवित्र आत्माद्वारा स्थापित गरिएको हो, तथापि यो मानिसको स्वेच्छाको विपरीत गरिएको होइन । त्यसकारण हाम्रा लागि यो अनुग्रहका साथसाथै कर्तव्य पनि हो । यसको अर्थ खासगरी उद्धारका लागि अति अपरिहार्य भएकोले हामीले आफ्नो कर्तव्य ठानेर अल्छीहरूलाई झक्झकाउँदै र उद्धारको यस खाँचोका बारेमा सबैलाई बुझ्न सहज बनाउँदै साँचो मनले उहाँलाई पछ्याउने हरेकका लागि उत्साह होस भनेर यस अनुग्रहको विषयमा प्रचार गर्नुपर्छ ।

## प्रश्नहरू

१. यस अध्यायमा सिकाइएको पहिलो प्रस्ताव के हो ?

२. पूर्णरूपमा गिर्नु वा पतन हुनु र अन्ततः पतन हुनुको बिचमा के भिन्नता छ ?

३. यस प्रश्नमा अर्मेनियन र काल्भिनीहरूले किन बिल्कुलै भिन्न मत राख्ने गरेका ?

४. छनौँटको विषयमा आर्मेनियनहरूको सद्धान्त के हो ?

५. ख्रीष्टको मृत्युको प्रक्रियाका बारेमा उनीहरूको सिद्धान्त के हो ?

६. कुनै पापीले ख्रीष्टमा नयाँ जीवन पाउने क्रममा उसको स्वतन्त्र इच्छामा पवित्र आत्माको अनुग्रही प्रभाव
रहन्छ भन्ने विषयमा उनीहरूको सिद्धान्तले के भन्छ ?

७. एउटा साँचो भनिएको विश्वासी पनि पूर्णतः तथा अन्ततः अनुग्रहबाट पतनमा नष्ट हुनसक्छ भन्ने
उनीहरूको अडानमा यी कुराहरूको प्रभाव कस्तो हुनसक्छ भनि देखाउनुहोस् ।

८. यस सवालमा रोमन क्याथोलिक मण्डलीको सिद्धान्त के हो ? बताउनुहोस् ।

९. के प्रोटेष्टेण्ट आर्मेनियनहरूकै जस्तो सिद्धान्त उनीहरूले पनि मानिलिन्छन् ?

१०. यस विषयमा काल्भिन सिद्धान्त मान्नेहरू के भन्छन् ? बताउनुहोस् ।

११. यस सिद्धान्तले मानिसको स्वतन्त्र इच्छाको भूमिकालाई रद्ध वा इन्कार गर्दैन भनि प्रस्ट गर्नुहोस् ।

१२. आफ्ना भौतिक तथा शारीरिक सुरक्षाका लागिमात्रै ख्रीष्टमा विश्वास गर्नेभनिएका मानिसहरूको
विचारलाई यो सिद्धान्तले पक्षपोषण गर्दैन भनि प्रस्ट गर्नुहोस् ।

१३. साँचो विश्वासीहरूलाई पूर्णतः तथा अन्ततः पतनमा पुग्न अनुमति छैन भन्ने कुरा धर्मशास्त्रले सिकाएको
छ भनि प्रस्ट गर्नुहोस् ।

१४. सुनिश्चितताको यो आधार विश्वासीहरूको स्वतन्त्र इच्छामा निर्भर हुँदैन भनि प्रस्ट गर्नुहोस् ।

१५. धर्मशास्त्रले छनौँटको नियमका विषयमा सिकाएको शिक्षालाई नै यसले पछ्याउँछ भनि प्रस्ट गर्नुहोस् ।

१६. यही कुरा धर्मशास्त्रले सिकाउने अनन्त अगुग्रहको विषयमा पनि हुन्छ भनि प्रस्ट गर्नुहोस् ।

१७. यही कुरा ख्रीष्टको मृत्युको प्रक्रिया र उहाँको उद्धारमा उपलब्ध हुने लाभका साथै उहाँले सन्तहरूका
लागि गरिदिनुहुने मध्यस्थ बिन्तीको विषयमा पनि यही कुरा धर्मशास्त्रले सिकाएको छ भनि प्रस्ट
गर्नुहोस् ।

१८. पवित्र आत्मा विश्वासीहरूमा बास गर्नुहुने विषयमा पनि धर्मशास्त्रले यसैगरी सिकाएको छ भनि प्रस्ट
गर्नुहोस् ।

१९. यस अध्यायमा सिकाइएको तेस्रो प्रस्ताव के हो ?

२०. एउटा साँचो विश्वासी गिर्न सक्ने मुख्य धराप तथा अवसरहरूका स्रोतहरू के के हुनसक्छन् भनि यहाँ
चर्चा गरिएको छ ?

२१. यी कुराहरूबाट आउनसक्ने खासखास प्रभावहरू के के हुन् ?

# अध्याय १८
# (CHAPTER XVIII)
# अनुग्रह र उद्धारको निश्चयता
# (OF ASSURANCE OF GRACE AND SALVATION)

**खण्ड – १ कतिपय छद्मभेषी, कपटी र साँच्चिकै नयाँ जन्म नभएका मानिसहरूले आफैलाई व्यर्थमा झुक्याउने काम गर्लान् । तिनीहरूले परमेश्वरको कृपा र उद्धार पाएको अवस्थामा हुन ।[356] पाऊँला भन्ने शारीरिक अभिलाषा र निरर्थक आशा सोध्ने मनसायसहित आफूलाई झुक्याउन सक्लान् । तिनीहरूको त्यस्तो आशा नष्ट हुन्छ ।[357] तर येशु ख्रीष्टमा साँचो विश्वास गर्ने, उहाँलाई इमान्दार भएर प्रेम गर्ने, उहाँको सामुन्ने सम्पूर्ण रीतिले लगनशील बनेर जिउँने हो भने यस जीवनमा उद्धारको अनुग्रह पाएको निश्चयतामा तिनीहरू अवश्य नै रहनेछन् ।[358] यस अवस्थामा उनीहरू परमेश्वरको महिमाको आशामा रमाउन सक्छन् । त्यो आशाले तिनीहरूलाई कदापि लाजमा पर्न दिने छैनन् ।[359]**

**खण्ड – २ यो अवश्य पनि सामान्य अनुमानित विचार होइन, यो अनुमान लगाएर ठिकै हुने आशामा पछ्याउँदै जाने कुरा होइन । यो निरर्थक भएर जाने आशामा अडिएजस्तो पनि होइन ।[360] यो त व्यर्थ भएर नजाने विश्वासको सुनिश्चितता हो यो — ईश्वरीय सत्यमा स्थापित उद्धारको प्रतिज्ञा हो ।[361] यो अनुग्रह मानिसको अन्तरमनमा विश्वासद्वारा पुष्टि हुन्छ, जसमाथि प्रतिज्ञा गरिएको हो ।[362] हामी अबउसो परमेश्वरका सन्तान हौँ[363]**

---

[356] अय्युब ८:१३,१४; मिका ३:११; व्यवस्था २९:१९; यहुन्ना ८:४१ ।
[357] मत्ती ७:२२, २३ ।
[358] १ यहुन्ना २:३; ३:१४, १८, १९, २१, २४; ५:१३ ।
[359] रोमी ५: २, ५ ।
[360] हिब्रु ६:११, १९ ।
[361] हिब्रु ६:१७, १८ ।
[362] २ पत्रुस १:४, ५, १०, ११; १ यहुन्ना २:२; ३:१४; २ कोरिन्थी १:१२ ।
[363] रोमी ८:१५, १६ ।

**भन्ने कुराको गवाही धर्मपुत्र ग्रहण गर्नुहुने पवित्र आत्माले हाम्रो आत्मालाई दिनुहुन्छ । हामीले परमेश्वरमा उत्तराधिकारको रूपमा पाउने आत्मा नै पवित्र आत्मा हुनुहुन्छ र उहाँमा नै हामीले उद्धारको दिनको निम्ति छाप लगाइएको छ ।**[364]

यी खण्डहरूले निम्न विचारहरू सिकाउँछन् :

१. उद्धारको विषयमा झुटो आश्वासन हुन्छ, जसमा नयाँगरी जन्म नपाएका मानिसहरू कहिलेकाहिँ आसक्त बनेर लागिरहन सक्छन् । त्यसमा उनीहरू धोका खान्छन् र आखिरमा तिनीहरूले नमीठोगरी पछुतो गर्नुपर्ने हुन्छ ।

२. अर्कोतर्फ, उद्धारको विषयमा साँचो निश्चतया पनि हुन्छ, जसमा मानिसहरूले झुटो नठहरिने निश्चयता पाउँछन् । त्यसले कसैलाई आखिरमा झुक्याउने वा पछुतोमा पुऱ्याउने छैन ।

३. विश्वासको यो साँचो र टिकाउ निश्चयता निम्न कुराहरूमा अडिन्छ — (१) उद्धारको निम्ति गरिएका प्रतिज्ञाहरूको ईश्वरीय सत्यतामाथि यो अडिन्छ । (२) यी प्रतिज्ञाहरू स्थापित गरिएकै सत्यको जगमा अनुग्रहको त्यो प्रमाण आन्तरिक रीतिले पक्का गरिन्छ । (३) धर्मपुत्र ग्रहण गर्नुहुने आत्माको साक्षीमा यो अडिन्छ, जसमा हामी परमेश्वरका सन्तान हौँ भनि पवित्र आत्माले हाम्रा अन्तस्करणमा गवाही दिनुहुन्छ ।

१. नयाँगरी जन्म नपाएका मानिसहरू खुसी प्राप्त गर्ने स्वाभाविक इच्छामा डोऱ्याइएर धोका खान्छन् । उनीहरू आफैलाई प्रेम गर्ने कुरामा अचाक्लीसाथ केन्द्रित हुन्छन् । उनीहरू झुटो धार्मिकता र आत्मकेन्द्रित आत्माले डोऱ्याइएका हुन्छन् । उनीहरू आफैले आफ्नो सुबिस्ता हेरी बनाएका सर्तहरूमा लहसिइन्छन् । उनीहरू आफ्नो अलमल वा अनिर्णित सर्तहरूमाथि घरिघरि भर पर्छन् । तर यो कुरा हामीले बुझेको मानव स्वभावका आधारमा सामान्यतया उल्टो पर्न सक्छ । अनि यही कुरा हरेक ख्रीष्टियनहरूको सामान्य बुझाइ र धर्मशमस्त्रले घोषणा गरिदिएको तथ्यमा रहन्छ (मीका ३:११, अय्युब ८:१३–१४) ।

---

364 एफिसी १:१३, १४; ४:३०; २ कोरिन्थी १:२१, २२ ।

साँचो निश्चयता हो कि होइन भन्ने कुराको जाँच हुनुपर्छ र यो जाँच यी बुँदाहरूमा पूरा हुन्छ — (१) साँचो निश्चयताले दोष्याउन नसकिने विनम्रता निर्माण गर्छ । त्यसैगरी झुटो निश्चयताले आत्मिक घमण्डीपनलाई जन्माउँछ (१कोरिन्थी १५:१०, गलाती ६:१४) । (२) साँचो चाहिँले बढ्दो लगनशीलतामा पवित्रताको अभ्यासतिर डोऱ्याउँछ  तर झुटोले भने आलस्य र आत्मरत्तितिर डोऱ्याउँछ (भजन ५१:१२–१३,१९) । (३) साँचोले विश्वासीलाई आफ्ना चालचलनको जाँच गर्न र सबै कमीकमजोरी परमेश्वरद्वारा सुधार गर्न दिने मनको तत्परतातिर डोऱ्याउँछ भने जे पायो त्यसैमा सन्तुष्ट रहन र मनदेखि खोज अनुसन्धान गर्ने कुरालाई पन्छाउँछ (भजन १३९:२३–२४) । (४) साँचो निश्चयताले परमेश्वरसित अझै घनिष्ट सम्बन्धमा रहेर निरन्तर उत्प्रेरणा प्राप्त गर्न तिर डोऱ्याउँछ  (१युहन्ना ३:२–३) ।

२. सच्चा विश्वासीहरूले यसै जीवनमा ख्रीष्ट येशुसितको आफ्नो व्यक्तिगत सम्बन्धको आधारमा निश्चयता प्राप्त गर्नेछन् । यो निश्चयता फगत अनुमानका आधारमा होइन, यो केहीबेरमा बेकामको ठहरिने आशामाथि टिकेको पनि होइन, बरू कहिल्यै नटल्ने वा झुटो नठहरिने पक्का विश्वासमाथि अडिएको हुन्छ । यो कुरा यी तथ्यहरूद्वारा प्रमाणित हुन्छन् — (१) यो धर्मशास्त्रद्वारा सोझै पुष्टि गरिएको हुन्छः "पवित्र आत्मा आफैले हामी परमेश्वरका सन्तान हौँ भनि हाम्रा आत्मासित गवाही दिनुहुन्छ" (रोमी ८:१६) । "यसरी हामीले उहाँका आज्ञाहरू पालन गर्छौं भने ता हामी उहाँलाई चिन्दछौँ" (१युहन्ना ३:१४) । (२) यो निश्चयताको प्राप्ति गर्नु भनेको धर्मशास्त्रमा हामीलाई अह्राइएकै आज्ञा पालन गर्ने दायित्व निभाउनु हो । हामीलाई उत्साह दिइएको छ, "तिमीहरू प्रत्येकले आफ्नो जीवनभरि यस्तै प्रयत्न गर्दै जाओ भन्ने हामी चाहन्छौँ, यसरी तिमीहरूको आशा पूर्ण होओस्" (हिब्रू ६:११) । त्यसैगरी, "हाम्रो छनौँट र बोलावटलाई सुनिश्चित गर्न प्रयत्नशील बनेर लागिरहौँ र यदि हामीले यसै गरिरह्यौँ भने हामी कदापि असफल हुनेछैनौँ" (२पत्रुस १:१०) । (३) प्राचीन समयका विश्वासीहरूले यही निश्चयता प्राप्त गरेका केही उदाहरणहरू धर्मशास्त्रमा लेखिएका छन् । त्यसैकारण पावल भन्छन्, "मैले कसमाथि विश्वास गरेको छु सो मलाई थाहा छ र उहाँ सबै कुरामा सक्षम हुनुहुन्छ भनि म उहाँको पछि लागिको छु ।" "मैले विश्वासको उत्तम लडाइँ लडेको छु, ... मैले मेरो विश्वास जोगाइराखेको छु, त्यसैअनुसार म आफ्ना लागि

राखिएको मुकुट पाउन अघि बढिरहेको छु" (२तिमोथी १:१२, ४:७–८, १युहन्ना २:३, ४:१६) । (४) वर्तमान समयमा यस्ता थुप्रै प्रश्नै गर्न नमिल्ने उदाहरणहरू छन्, जसअनुसार सच्चा विश्वासीहरूले आफ्नो उद्धारको पूरा निश्चयतामा आनन्द मनाउन पाएका छन्, जसमा उनीहरूको विश्वासको इमानदारितामा जीवनभरिको सुस्पष्टता स्थापित गरिएको छ । प्रोटेस्टेण्ट सुधारवादीहरू आफै एउटा वर्गको रूपमा यो निश्चयता प्राप्त गर्नेमा बलियो उदाहरण कहलिएका छन् । यही अनुग्रहको असीमित नापमा परमेश्वर आफैले तिनीहरूका महान् कामहरूलाई पुरस्कृत गर्नुभएको छ । रोमन क्याथोलिक आस्थाका मानिसहरूसित देखिएको फरक सिद्धान्तका आधारमा पनि उनीहरूले उद्धारको निश्चयता प्राप्त गर्नुपर्नेमा विशेष जोड दिएका हुन्छन् । त्यसभन्दा पनि पर पुगेर उनीहरूले निश्चयतालाई विश्वाससितै बुझेका छन् र यसलाई उद्धारका लागि नभई नहुने तथ्यका रूपमा मानिलिएका छन् । रोमन क्याथोलिकहरू विश्वासलाई अति साधारण प्रकारले सत्यलाई बुझ्ने सामान्य बौद्धिकताकै रूपमा स्वीकार्दछन् । त्यसमा भरोसा गर्नुपर्ने कुरा उनीहरू मान्दैनन् । त्यही आधारमा उनीहरू कुनै व्यक्तिले प्राप्त गर्ने उद्धारको लागि विश्वासको कत्ति पनि भूमिका हुँदैन भन्छन् । त्यसर्थ, उनीहरूकै मान्यताअनुसार भन्ने हो भने यस जीवनमा अलौकिक किसिमको प्रकाश नपाइकन कसैले पनि उद्धारको पूर्ण निश्चयता पाउन सक्दैन (ट्रेण्टको परिषद्, खण्ड ६, अध्याय ९) । अर्कोतिर सुधारवादीहरू भने कुनै पनि व्यक्तिलाई धर्मी तुल्याउन सक्ने विश्वासको खास उद्देश्य भनेको ख्रीष्टको खातिर परमेश्वरले हामीलाई गरिदिने पक्षपोषण हो । यही कुरा मार्टिन लुथर, मेलान्थोन र काल्भिनजस्ता सुधारवादी अभियानका अग्रज व्यक्तिहरूले सिकाए । अक्सबरी कन्फेसन र हैडेलबर्ग काटाकिजममा सिकाइएको सिद्धान्त पनि यही थयो । तथापि, यो सिद्धान्त अरू कुनै पनि सुधारवादी स्वीकारोक्तिमा सिकाइएन, त्यसैकारण यो हाम्रा लागि अपरिहार्य बनाइएको सिद्धान्त होइन । हामी यस विषयमा तल थप चर्चा गर्नेछौँ ।

३. यो विश्वासको अचुक निश्चयता यी कुराहरूमाथि अडिन्छः (१) उद्धारका निम्ति गरिएको ईश्वरीय प्रतिज्ञाहरूमाथि । यद्यपि दिइएको प्रतिज्ञा सत्य हो भनेर ढुक्क हुन एउटा कुरा हो भने अर्कोचाहिँ हाम्रो आफ्नो व्यक्तिगत चाख वा

चाहनामाथि सुनिश्चित हुनु हो । तापनि प्रतिज्ञा गरिएको सत्यको सुनिश्चयताले हामी व्यक्तिगतरूपमा के कुरामाथि भरपरिरहेका छौँ भन्ने विचार गर्दछ र यसैले हाम्रो निश्चित गरिएको आशा पूरा गर्ने सवालमा हाम्रो विश्वासलाई पनि बलियो बनाउँछ । यसरी परमेश्वरले आफ्नो प्रतिज्ञाहरू पूरा गर्ने वचन दिनुहुन्छः "यी दुई कुराहरू बदलिँइने छैनन् (उहाँको प्रतिज्ञा र सो पूरा गर्ने उहाँको वचनबद्धता), जहाँ परमेश्वरले झुटो बोल्नु असम्भव कुरा हो, हामी यसैमा बलियोगरी आड लिन सक्छौँ, सुसमाचारमा बताइएको आशा प्राप्त गर्न हामी परमेश्वरको शरणमा आउन सकौँ" (हिब्रू ६:१८) । त्यसकारण विश्वासमा भरोसा सामेल हुन्छ । भरोसा प्रतिज्ञाको ईश्वरीय सत्यमाथि अडिन्छ र फलस्वरूप आशालाई भरथेग गर्छ । यसरी आशाको पूर्णताको रूपमा निश्चियता प्राप्त हुन्छ । यो निश्चयता (२) अनुग्रहका ती आन्तरिक प्रमाणमाथि अडिन्छ, जसमाथि प्रतिज्ञाहरू स्थापित गरिएका हुन्छन् । यसरी धर्मशास्त्रले पनि विश्वास गर्ने हरेकले अनन्त जीवन पाउने छन् भनि प्रतिज्ञा गरेको छ । जसको विश्वास बलियो र बुद्धिमानी हुन्छ, उसको आफ्नो सुझबुझमा पनि जसमाथि विश्वास गरिएको हो, सो विश्वास अझ बढी दृढ, स्वाभाविक र सुनिश्चित हुन्छ । यसरी निष्कर्षमा, उसले गरेको विश्वासको कारण उसले अनन्त जीवन पाएको स्पष्ट हुन्छ । त्यही प्रतिज्ञा ती सबैका लागि पनि दिइएको छ — जसले परमेश्वरलाई प्रेम गर्छन्, जसले उहाँका आज्ञाहरू पालन गर्छन्, जसले विश्वासका दाजुभाइ–दिदीबहिनीहरूलाई प्रेम गर्छन्, जसका हृदय शुद्ध छन्, जो धार्मिकताको निम्ति भोकाउँछन् र तिर्खाउँछन् । त्यसो भए, परिणाम तत्काल र प्रबल हुन्छ । जसै यो अनुग्रह एउटा स्तर, शक्ति र पवित्रतामा क्रियाशील हुन्छ, त्यसले आफैमा सहज र शुद्ध विवेकसहित काम गर्छ र त्यसले ल्याउने परिणाम पनि तत्काल र प्रबल हुन्छ, किनभने हामी ख्रीष्टसँगै एकीकृत भएका हुन्छौँ र हामी आफै नै उहाँका प्रतिज्ञाहरू हात पार्न सक्ने हुन्छौँ । (३) यो निश्चयता हामीलाई धर्मपुत्र ग्रहण गर्नुहुने आत्माको गवाहीमा आधारित हुन्छ । यो भाषा रोमी ८:१६ बाट लिइएको हो । पवित्र आत्माले हाम्रा आत्मासित गवाही दिने यो ज्ञानको विषयमा धेरै धर्मशास्त्रविदहरूका बिचमा बहस चलेको विषय पनि हो भनेर बुझिराख्नु उचित हुन्छ ।

कसैकसैले हामी परमेश्वरका सन्तान भएको कारण पवित्र आत्माले हाम्रा आत्मासँग सोझैँ रहस्यका कुराहरू प्रकट गरिदिनुहुन्छ भन्ने मान्यता राखेको पाइन्छ । एउटा व्यक्तिले अर्कोसँग सोझै कुराकानी गरेझैँ पवित्र आत्माले हामीलाई प्रकट गरिदिनुहुने छ भन्ने मान्यता हो यो । यस मान्यताको विरुद्धमा केही विचारहरू छन्, जस्तैः कुनै पनि सूचना कसैका मस्तिस्कमा घुसारिदिन सकिँदैन, त्यसमाथि ख्रीष्टियनहरूका लागि त यो हुने कुरै होइन, हामी त्यस्तो गर्न सक्दैनौँ । हाम्रा मनमा नभएको कुरा कसैले पनि घुसार्न सक्दैन । अनि जहाँसम्म पवित्र आत्माले गवाही दिने भन्ने कुरा छ, त्यो पनि साँच्चिकै पवित्र आत्माबाट आएको हो वा हाम्रो आफ्नो कल्पना वा मनले ठहऱ्याएको कुरा हो भन्ने कुरा छुट्ट्याउन पनि सकिँदैन । यस किसिमको सोझो वार्तालाप वा सञ्चार हुन्छ भन्ने कुरा त हाम्रा मनमा चाख जगाउने वा केवल अनुमान लगाएर बोल्ने गरिएको हो । त्यसैगरी अरू कतिले भने यसको ठिक विपरीत कुरामा अडान राखेको पाइन्छ । उनीहरूका अनुसार पवित्र आत्माले हाम्रा आत्मासित अप्रत्यक्ष रूपमा मात्रै कुराकानी गर्नुहुन्छ । उहाँले हामीमा सिर्जना गरिदिनुभएको अनुग्रहद्वारा हामीसित कुनै घटनामार्फत परोक्ष तबरले बोल्नुहुन्छ । जसै भए तापनि पवित्र आत्माले हाम्रा आत्मासित बोल्नुहुने कुराको विषयमा साँचो मान्यताचाहिँ हामी परमेश्वरका सन्तान हौँ भन्ने कुराले धेरै प्रमाण आफै जुटाउँछन्, अनि यी सबै पवित्र आत्माकै पक्षमा उहाँले गर्नुहुने कामसँगै जोडिएर आउँछन् । (१) पवित्र आत्मा धर्मशास्त्रमा जेजति प्रतिज्ञाहरू लेखिएका छन्, ती सबैको लेखक हुनुहुन्छ । उहाँले नै ती प्रतिज्ञाहरू जोजसमा लागु हुने हो तिनै मानिसहरूलाई ती दिने प्रस्ट सङ्केत उहाँ आफै गर्नुहुन्छ । (२) सन्तहरूलाई दिइने सबै अनुग्रहको सर्जक पनि पवित्र आत्मा नै हुनुहुन्छ । उहाँले नै हाम्रो स्वभाव वा चरित्र कस्तो हुनुपर्ने भनि मापदण्डहरू तोकिदिनु भएको छ । (३) पवित्र आत्माले सही विश्वासीहरूलाई आत्मिक प्रकाश दिनुहुन्छ, खासगरी तिनीहरूलाई, जो साँच्चिकै होसियार र विश्वासयोग्य भएर लागेका छन् भन्ने कुरा ख्रीष्टियनहरूका बिचमा चिनिएका हुन्छन् । यसो हुँदा तिनीहरूले आफ्नो चरित्रमाति चाखपूर्ण सावधानी अपनाएका हुन्छन्, आफूले पाएको अनुग्रहलाई साँच्चिकै उच्च आदरसाथ नियालेका हुन्छन्, आफ्नो स्वभाव र जीवनशैली धर्मशास्त्रले तोकिदिएको परिधिभित्र रहनुपर्छ भनि

ठिकसँग व्याख्या गर्ने गरेका हुन्छन् । अर्थात् जसले आफ्नो बाहिरी व्यवहारको स्तरलाई भित्री बर्ताव वा निहित चरित्रले हासिल गरेको अनुभवसित सही प्रकारले तुलना गर्दै आफ्नो चरित्रको विषयमा कसैले प्रश्न उठाउन नसकिने व्यक्ति बनाउन आफूलाई आवश्यक सुधार गरेका छन्, तिनीहरूले नै पवित्र आत्माबाट सोझै आउने उक्त प्रकाश प्राप्त गर्नेछन् । (४) पवित्र आत्मा मानिसहरूले जेजति मात्रामा विश्वास गर्ने भए पनि त्यो विश्वासको सर्जक हुनुहुन्छ । त्यसैगरी मानिसमा हुने प्रेम र आशा सिर्जना गरिदिनुहुने पनि उहाँ नै हुनुहुन्छ । त्यसकारण पूर्ण निश्चयता भनेको हाम्रो मनको त्यो अवस्था हो, जुन पवित्र आत्माले हाम्रा हृदयमा राखिदिनु भएको हुन्छ । यहाँ, पूर्ण निश्चयता हुनु भनेको पूरा विश्वासमाथि पूरै आशा गरिएको अवस्था हो — यो पवित्र आत्माले हामीमा गरिदिनुहुने काम हो । अनि माथि उल्लेख गरिएको चरित्र हामीमा छ छैन भन्ने सम्बन्धमा उहाँले यो काम गरिदिनुहुन्छ । यहाँले यो काम हामीमा गरिदिएर उहाँको इच्छाअनुसार असल चाहना गर्ने र काम गर्ने बनाउनुहुन्छ (फिलिप्पी २:१३) । अथवा उहाँले हाम्रा हृदयमा परमेश्वरको प्रेम खन्याइदिनुहुन्छ (रोमी ५:५) । अथवा यहाँले नयाँ आशामा हामीलाई फेरि जन्माउनुहुन्छ (१पत्रुस १:३) । यसरी उहाँले हामीमा पूर्ण निश्चयताको अनुग्रह उत्पन्न गराउनुहुन्छ — हामीले अन्धविश्वास वा संयोगका रूपमा पाउने होइन । त्यसको सट्टा सही प्रमाणका आधारमा जीवनपर्यन्त र निशंकोच लागिरहने प्रतिबद्धता हामीमा हुन्छ । (५) ख्रीष्टको छुटकारा प्राप्त गर्दा हामीले पाउने पहिलो लाभांश पवित्र आत्माको उपस्थिति मात्रै हो, जसले उहाँको उद्धार ग्रहण गरेका छन्, तिनैले बैनाको रूपमा पवित्र आत्माको उपस्थिति पाउने छन् । त्यसपछि उचित समयमा क्रमशः पूर्ण उद्धार पाउँदै जानेछन् । त्यसकारण पावल एफेसीको मण्डलीलाई भन्छन्, "तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ र उहाँमा विश्वास गर्‍यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो । परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ" (एफेसी १:१३–१४, ४:३०, १युहन्ना २:२०,२७, २कोरिन्थी १:२२, ५:५) ।

**खण्ड – ३ यो अचुक निश्चयता विश्वासको अपरिहार्यतामा पर्दैन तर साँचो विश्वासीले यो निश्चयता प्राप्त गर्न लामो समयसम्म पर्खिनु परोस्, यसमा सहभागी बन्नका लागि उसले धेरै कठिनाइ र संघर्ष गर्नुपरोस् ।[365] तापनि पवित्र आत्माद्वारा आफूलाई परमेश्वरद्वारा सित्तैमा दिइने कुराहरू थाहा पाउन ऊ सक्षम बन्नसक्छ । कुनै अस्वाभाविक प्रकाश बेगर नै सामान्य साधनहरूको सही प्रयोगद्वारा नै पवित्र आत्माको उपस्थिति विश्वासीले पाउनेछन् ।[366] त्यसकारण पनि सबै विश्वासीहरूले उहाँको बोलावट र छनौँटलाई आफ्नो तुल्याउने जिम्मेवारी ठान्नुपर्छ ।[367] त्यसकारण पवित्र आत्माको शान्ति र आनन्द ग्रहण गर्नेगरी विश्वासीको हृदय फराकिलो हुनुपर्छ, परमेश्वरप्रति प्रेम र कृतज्ञताले हृदय भरिएको हुनुपर्छ र आज्ञा पालनको कर्तव्यमा सहर्ष र सबल हुनुपर्छ ।[368] यो नै निश्चयताको सही प्रतिफल हो — उहाँको स्वतन्त्रतामा झुकाउ राख्ने मानिसहरूले पाउने निश्चयता पनि हो ।[369]**

**खण्ड – ४ सच्चा विश्वासीहरूले आफ्नो उद्धारको निश्चयता गुमाउने थुप्रै आधार हुनसक्छन् । कति कुराहरू बुझ्नबाट टक्टकिएर, विषयलाई घटाएर र अपूरो गराएर भए पनि यसलाई जोगाइराख्ने काममा बेवास्ता गरिदिएर, कुनै विशेष पापमा आफै फँसेर पनि उद्धारको निश्चयता मानिसहरूमा नहुन सक्छ । यी सबै क्रियाकलापबाट आफ्नो विवेकलाई खोटो बनाउने र पवित्र आत्मालाई सन्ताप दिने काम हुन्छ । कहिलेकाहिँ अचानक र लागिपरी आइलाग्ने परीक्षाद्वारा वा परमेश्वर स्वयंले आफ्नो ज्योति हामीबाट हटाइदिनु भएर वा उहाँको अनावश्यक डर मानेर उल्टै अध्यारोमा हिँड्ने**

[365] १ यहुन्ना ५:१३; यशैया १:१०; मर्कुस ९:२४; भजनसंग्रह ८८; ७८:१-१२ ।
[366] १ कोरिन्थी २:१२; १ यहुन्ना ४:१३; हिब्रु ६:११, १२; एफिसी ३:१७-१९ ।
[367] २ पत्रुस १:१० ।
[368] रोमी ५:१, २, ५; १४:१७; १५:१३; एफिसी १:३, ४; भजनसंग्रह ४:६, ७; ११९:३२ ।
[369] १ यहुन्ना २:१, २; रोमी ६:१, २; तीतस २:११, १२, १४; २ कोरिन्थी ७:१; रोमी ८:१, १२; १ यहुन्ना ३:२, ३; भजनसंग्रह १३०:४; १ यहुन्ना १:६, ७ ।

**भएर वा आफूमा कुनै उज्यालो नभएर[370] पनि मानिसले उद्धारको निश्चयता गुमाउन सक्छ । तथापि परमेश्वरबाट आउने निश्चयताबाट ती कदापि बताउन सकिनेगरी उजाडिने छैनन् । त्यसैगरी विश्वासको जीवन, ख्रीष्ट र विश्वासका दाजुभाइ दिदीबहिनीहरूको प्रेम, हृदयको इमानदारिता, कर्तव्य पालन गर्ने चेतनाबाट ती बिल्कुलै बञ्चित हुने छैनन् । त्यसबाहेक पवित्र आत्माले गर्नुहुने कामद्वारा यो निश्चयता तोकिएको समयमा पुनः प्राप्त गर्न सकिन्छ ।[371] तापनि केही बेरका लागि ती बताउन सकिने निराशाबाट गुज्रिने छन् ।[372]**

यी खण्डहरूले निम्न विचारहरू सिकाउँछन्ः

१. यो अचुक निश्चयता विश्वासको आधार होइन । त्यसका विपरीत एउटा मानिस प्रभुमा साँचो विश्वासी हुनसक्छ तरै पनि यो निश्चयताको अभावमा ऊ रहिरहेको हुन सक्छ ।

२. तथापि अघिल्लो खण्डमा चर्चा गरिएझैँ कुनै विशेष प्रकाश बेगर नै सामान्य उपयोगद्वारा जीवनमा यी कुरा प्राप्त गर्न सकिन्छन् । यो परिणामस्वरूप हरेकको कर्तव्य मानिन्छ, उसको बोलावट र छनौँटलाई सुनिश्चित गर्न सकिन्छ । किनभने मानिसहरूको आफ्नो बेपर्वाही लगावको कारण यो निश्चयता सही प्रकारले वृद्धि हुँदै जाने हुन्छ — (१) आत्मिक शान्ति र आनन्द, (२) प्ररमेश्वरप्रतिको प्रेम र कृतज्ञता र (३) आज्ञाकारिताको काम गर्नमा साहस, बल र खुसी ।

३. यो निश्चयता पाइसकेपछि सच्चा विश्वासीहरू पनि अनुग्रह प्राप्त गर्नबाट टक्टकिएर, कम गरेर र बेवास्ता गरेर बस्न सक्छन् । त्यसका कारण वा परिस्थिति यी हुनसक्छन्ः (१) अनुग्रहको पूरा अभ्यास गर्ने काममा लागिरहन बेवास्ता गरेर, (२) जानीजानीकन कुनै खास पापमा फँसेर, (३) कुनै प्रकारले अचानक आइलाग्ने

[370] भजनसंग्रह ५१:८, १२, १४; एफिसी ४:३०, ३१; भजनसंग्रह ७७:१-१०; मत्ती २६:६९-७२; भजनसंग्रह ३१:२२; ८८; यशैया १:१० ।

[371] १ यहुन्ना ३:९; लुका २२:३२; अय्युब १३:१५; भजनसंग्रह ७३:१५; ५१:८, १२; यशैया ५०:१० ।

[372] मिका ७:७-९; यर्मिया ३२:४०; यशैया ५४:७-१०; भजनसंग्रह २२:१; ८८ ।

वा जानजानीकन परीक्षामा परेर र (४) केहीबेरका लागि परमेश्वरले आफ्नो प्रकारश उनीहरूको जीवनबाट हटाइदिएर ।

४. जे होस्, अध्याय १७ मा चर्चा गरिएझैँ, कुनै पनि सच्चा विश्वासी सधैँका लागि अनुग्रहबाट पतन भएर जान पाउने छैन । उसलाई परमेश्वरको कृपापात्र हुनबाट सदाको लागि अलग गराइने छैन । विश्वासको जरो रहिरहन्छ र यो निश्चयता ठिक समयमा पुनः जागृत हुन्छ ।

१. यो टलेर नजाने निश्चयता उद्धारमा डोर्‍याउने विश्वासका लागि नभई नहुने विषय होइन भन्ने कुरामा घरिघरि हामीले सहमति जनाउँदै आएका छौँ, यो कुरा सत्य हो । कुनै एउटा वा अर्को स्तरमा निश्चयता विश्वासको लागि चाहिने कुरा नै हो । किनभने हाम्रो विश्वासको बल जति हो, त्यति नै मात्रामा हामीले त्यसलाई सत्य हो भनि विश्वास गर्‍यौँ । तर साँचो विश्वास जस्तोसुकै अवस्थामा वा जतिसुकै मात्रामा गरिएको भए तापनि त्यो रहन्छ, रहन्छ । र यसको अभ्यासमा घटीबढी हुनसक्ने भएकोले विश्वाससितै जोडिएर आउने भए तापनि त्यो पूर्ण निश्चयता मानिन्छ (विश्वासको स्वीकारोक्ति, अभ्यास १४) ।

यसका अलावा यस अध्यायमा प्रयोग गरिएको पूर्ण वा "अचुक निश्चयता" शब्दावली हाम्रो विश्वासको निश्चयतासँग सम्बन्धित छैन । अथवा हाम्रो विश्वास जुन कुरामा अडिन्छ, त्यही सत्यमाथि हाम्रो भरोसा हुन्छ । ख्रीष्टमा प्राप्त हुने उद्धारको ईश्वरीय प्रतिज्ञा हो यो । अझ भन्नुपर्दा यो ख्रीष्टसँगको नाता तथा अनन्त उद्धारको विषयमा हाम्रो आशाको वा विश्वासको निश्चयता हो । यसरी निश्चयताका साथसाथै यो एक हदसम्म साँचो विश्वासको अपरिहार्य आधार मानिन्छ । तापनि ख्रीष्टको परिपूर्णतामा र प्रतिज्ञाको सत्यतामा त्यो साँचो विश्वासको आधार हुने होइन । यसरी विश्वासीले सत्यतालाई अँगालेर जिउनुपर्छ । यो कुरा उसले आफ्नो अनुभव र सुरक्षाको अवस्थाअनुसार पालन गर्नुपर्छ । परिणामस्वरूप धर्मशास्त्रविदहरूले विश्वासको निश्चयता र आशाको निश्चयताका बिचमा प्रस्ट भेद देखाएका छन् (हिब्रू १०:२२; ६:११) । यसको अर्थ ख्रीष्टको सत्य मानिलिने बलियो विश्वास अँगाल्नु र साँचो विश्वासीको रूपमा आफै खडा भएर अनन्तसम्मै सुरक्षित रहन सकिन्छ भन्ने बलियो आशामा बाँच्नु हो । आशालाई समझको निश्चयता पनि भनिन्छ, किनभने हाम्रा प्राणको आफ्नो आत्मिक अनुभवको यथार्थमा यो आधारित हुन्छ ।

विश्वासको अपरिहार्यता पहिलो कुरा हो, यो ख्रीष्ट तथा उहाँको प्रतिज्ञाको प्राप्तिसँगै यो आफै सेलाएर जान्छ । त्यसै हुनाले यसलाई विश्वासको प्रत्यक्ष काम भनिएको छ । पछिल्लो, अर्थात् आशाको निश्चयता विश्वासको लागि अपरिहार्य कुरा होइन, बरू यो आत्माको फलचाहिँ हो । यसलाई स्वाभाविक रूपमा गरिने विश्वासको काम मानिन्छ, किनभने यसलाई आत्माको अनुग्रहमा गरिएको अनुभवबाट लिइएको हुन्छ, त्यसको आफ्नो आत्मिक अवचेतनमा यसलाई बुझिएको हुन्छ । जोजसले विश्वास गर्छन्, तिनले अनन्त उद्धार पाउने छन् भनि धर्मशास्त्रमा बताइएको छ । यो नै विश्वास गर्नुको खास उद्धेश्य हो । जस्तैः म विश्वास गर्छु भन्नुको अर्थ मैले विश्वास गर्दाको परिणाम के हुन आउँछ भनि जानिबुझी नै गरिएको अनुभव हो । त्यसकारण नै यो प्रमाणित अनुभव तथा पूर्ण निश्चयताको प्रभाव हो ।

हाम्रो आफ्नो कृपाको अवस्था सुनिश्चित हुनु नै उद्धारमा डोऱ्याउने विश्वासको अपरिहार्यता पुष्टि भएको होइन — (१) ख्रीष्टमा उद्धार प्रदान गरिएको खाका धर्मशास्त्रमा उल्लेख गरिएको छ, जुन उद्धारमा डोऱ्याउने विश्वासको खास उद्देश्य होः "येशु ख्रीष्टमा विश्वास गर र तिमीले उद्धार पाउने छौ"; त्यसैगरी "जोजतिले विश्वास गर्छन्, तिनले उद्धार पाउनेछन्"; "जो मकहाँ आउँछ, त्यसलाई म कुनै रीतिले त्याग्ने छैनँ" (प्रेरित १६:३१; प्रकाश २२:१७; युहन्ना ६:३७) । एउटा मानिसको उद्धार कसरी वा के गर्दा हुन्छ भन्ने तथ्य प्रकट गरिएको छ । त्यही कारण सत्यलाई विश्वासद्वारा स्वीकार गरिएको छ । यो कुरा परमेश्वर मसित मिलापमा आउनुभयो भन्ने नभएर ख्रीष्टमा मलाई परमेश्वरसितको मिलापमा डोऱ्याइयो भनि बुझ्नुपर्छ । सत्यको जगका रूपमा ख्रीष्टलाई मेरो सामुन्ने प्रस्तुत गरियो । यस सत्यमा मैले साँच्चिकै भरोसा गरेँ भने यही सत्यले मलाई उद्धारमा पुऱ्याउँछ । यो कुरा पनि प्रस्ट होस्, निश्चितरूपमा म उहाँमाथि भरोसा गर्छु भन्नु धर्मशास्त्रले बताएको भरोसा भन्दा केही फरक अर्थको भए तापनि हामीले गरेको भरोसा सही प्रकारको भरोसा हो । (२) बाइबलमा उल्लेख गरिएका सबैजसो प्रतिज्ञाहरू विभिन्न तहका छन् — विश्वासीहरू वा सन्तहरूका लागि फरक प्रतिज्ञा दिइएका छन्, सबै मानिसहरूका लागि एउटै प्रतिज्ञा एकै प्रकारका लागु हुँदैनन् । (३) पावल आफै पनि प्रभुमा साँचो विश्वासी हुनुभन्दा पहिले त्यही विश्वासमाथि शङ्का गर्ने व्यक्ति

थिए । (४) हामीले माथि चर्चा गरिसकेका छौँ, बाइबलमा विश्वासीहरूका लागि असंख्य आदेशहरू दिइएका छन्, ती पालन गरेर उनीहरूले अनुग्रहको पूर्ण निश्चयता प्राप्त गर्न सक्नेछन्, जुन कुरा उनीहरूले अहिल्यै प्राप्त गरिहाल्न सक्ने थिएनन् । अर्थात् बाइबलका आदेशहरू पालन गर्दैजाँदा विश्वासीजनहरूले क्रमशः उद्धारको निश्चयता पाउनेछन् (हिब्रू १०:२२; ६:११; २पत्रुस १:१०) । (५) आधुनिक समयमा सक्रिय रहेको परमेश्वरका मानिसहरूको विश्वव्यापी 'शरीर' (मण्डली) ले पनि यही कुरा अनुभव गरिरहेको छ ।

२. यो अचुक निश्चयता आफैमा विश्वासको अपरिहार्य सर्त नभएको हुनाले, सामान्य प्रयत्नबाट पनि यस जीवनमा यो प्राप्त गर्न सकिने भएको हुनाले र यसका लागि अति असाधरण प्रयास जरुरी नपर्ने भएको हुनाले यो विश्वासको प्रतिफल हो र यसको प्राप्तिका लागि विश्वासको कर्तव्य पालन गर्दै जानुपर्छ । यो कर्तव्य पूरा गर्ने प्रतिबद्धतासँगै अनुग्रहबाट प्राप्त हुने अवस्था हो । यो जीवनमै एउटा उत्कृष्ट ईश्वरीय उपलब्धि पनि हो । यसको प्राप्तिमा बाधा पुऱ्याउन सक्ने सबैथोकलाई हामीले पन्छाउँदै अघि बढ्नुपर्छ । साँचो निश्चयताले बन्धनहरू र फरक विचारको बाध्यताबाट स्वतन्त्र गराउने होइन । यसले अनुग्रहलाई आफू अनुकुल बनाउन र धार्मिक कर्तव्य पालन गर्न पनि स्वतन्त्र गराउँदैन । किनभने यसको अस्तित्वले नै यी कुराहरूको माग गर्छ — (१) यी कर्तव्य पालनका क्रममा लगनशील भएर लागिरहने र हामी सच्चा विश्वासी भएको कारण अनुग्रहबाट प्राप्त हुने साहस वा बलको प्रयोग गर्ने र (२) हामीलाई परमेश्वरमा सही ठहऱ्याउने पवित्र आत्माको गवाहीमाथि निर्भर हुने । माथि खण्ड – १ र २ मा चर्चा गरिएझैँ कुनै झुटा र पूर्वानुमान गरिएको अपेक्षालाई इमानदारिता, सही र व्यवहारिक प्रयत्नद्वारा साँचो निश्चयताभन्दा अलग हो भनेर देख्नु–बुझ्नुपर्छ । त्यसका विपरीत साँचो निश्चयताले स्वाभाविकरूपमा धर्मशास्त्र अनुकुल र वैधानिक तबरले हामीमा शान्ति र आनन्दको अनुभूति हुनेगरी र परमेश्वरप्रतिको प्रेम र कृतज्ञतातिर डोऱ्याउँछ । यो कुरा हामी अस्तित्वमा रहने नियमअनुसार नै हुन्छ र हामीले गर्ने सबैखाले कर्तव्य पालनमा उच्चकोटीको आनन्द, साहस र शान्तिमा हामी तैरिन सक्ने हुन्छौँ । यसरी हामीमा लागु हुने स्वइच्छाका सबै नियमहरू र उहाँको आज्ञा पालनमा बाध्य गराउने सबै आदेशहरू हामी ख्रीष्टियन भएकै आधारमा हुन्छन् ।

यसले हामीलाई बडो लगनशील बनेर उहाँको सम्पूर्ण अनुग्रह प्राप्त गर्न र त्यसमा खुबै आनन्द मनाउन उत्साह प्रदान गर्दछ ।

३. निश्चयता अनुग्रहपूर्ण अनुभवमाथि र पवित्र आत्माको गवाहीमाथि अडिने भएको हुनाले सच्चा ख्रीष्टियनहरू पनि केहीबेरको लागि, सधैँभरिका लागि त होइन, अनुग्रहको उपयोग गर्नबाट तल झर्न सक्छन् । यस विषयमा हामीले अघिल्ला अध्यायहरू १३ र १७ मा हेरिसकेका छौँ । त्यसैगरी यस जीवनमा यस्तो अभ्यास आफै कहिल्यै सिद्ध नहुने र हाम्रा अभिलाषाहरूबाट विशुद्धरूपमा अलग्गै हुन नसक्ने हुनाले पनि त्यही अवस्थामा अडेको निश्चयता पनि विभिन्न कारणले गर्दा कमजोर, घट्दो र क्षणिक हुने सम्भावनामा हुन्छ । (१) यो आफैमा कर्तव्य पालन र साथसाथै अनुग्रह पाउने कुरा भएको हुँदा अनुग्रहको पूरा उपयोग गर्न चाहने जोसुकैका समझ वा चेतनामा निर्भर हुने कुरा हो । (२) यो अनुग्रहको कृपापूर्ण जानकारी पाएर गरिएको काममा निर्भर हुने भएकोले यसबाट क्षमाको खाँचोलाई ढाकछोप गर्ने र अनुग्रहको प्रमाणलाई निरर्थक बनाइदिने दुस्साहस पनि यसमा हुनसक्छ । यसलाई मेटाइदिनुपर्छ, होइन भने पनि घटाएर व्यर्थको बनाइदिनुपर्छ । अन्यथा कुनै पनि प्रत्यक्ष पापमा फँस्ने र पवित्र आत्मालाई सन्ताप दिने वा हाम्रा आफ्नो विवेकलाई घाइते बनाउने काम हुन्छ । यसले क्षमाको बुझाइलाई कुहिरोमा उडाइदिने (ढाकछोप गर्ने) र अनुग्रहलाई बेकामे बनाएर पन्छिने प्रवृत्तिको विकास हुन्छ । (३) यस्तै कुराहरू आफू लागिपरीकन परीक्षामा पर्न दिने प्रवृत्तिको प्रभावको कारण हुनसक्छ । (४) परमेश्वरले आफ्नो ज्योति हामीबाट हटाइदिनुहुँदा पनि यस्तै कुरा हुन आउँछ । उहाँले पिताको रूपमा विश्वासीहरूलाई ताडना दिनुहुँदा, अनुशासनमा राख्नुहुँदा, हाम्रो विश्वासको जाँच गर्ने उद्देश्यले केहीबेरसम्म हामीलाई अप्ठ्यारोमा पार्नुहुँदा, उहाँको सर्वसम्पन्न अनुग्रहमाथि निर्भर हुन हामीलाई विश्वास दिलाउनुहुँदा पनि यही परिणाम देख्न सकिन्छ ।

४. यस खण्डमा चर्चा गरिएझैँ साँचो विश्वासी पनि पापमा फँस्न सक्ने सम्भावना हुने भएको कारण उसले पूर्ण निश्चियतामा काम गर्ने अवसर गुमाउन सक्छ । तर यो सधैँभरिका लागि हुने होइन । तर यो जहाँबाट उत्पन्न भएर आएको हो त्यही सिद्धान्तलाई उसले उमाउन सक्ने छैन । उचित प्रकारले यसको प्रयोग गर्ने हो

भने परमेश्वरको आशिष प्राप्त गर्न सकिन्छ । कमजोर भएको बेला यसलाई सबल बनाउन र केहीगरी गुमाएकै भए पनि फेरि हातपार्न सम्भव हुन्छ ।

## प्रश्नहरू

१. पहिलो र दोस्रो खण्डमा सिकाइएको पहिलो प्रस्ताव के हो ?
२. त्यहाँ सिकाइएको तेस्रो प्रस्ताव के हो ?
३. तेस्रो प्रस्तावचाहिँ के हो नि ?
४. नयाँ जीवन नपाएको व्यक्तिलाई निश्चयताको निम्ति उत्साहित गर्न सकिन्छ भनेर हामीले विश्वास गर्नुपर्ने कारणहरू के हुन् ?
५. साँचो निश्चयताबाट उत्साहित गर्ने कुरालाई के कुराको आधारमा अलग्ग गर्न सकिन्छ र यो कुरा हामी विश्वासीहरूले कसरी चालपाउने ?
६. प्राप्त गर्न सकिने यो निश्चयता हात पार्न केकस्ता मापदण्ड पूरा गर्नुपर्छ होला ?
७. टलेर नजाने यो निश्चयता प्राप्त गर्न सकिन्छ भन्ने कुरा तपाई कसरी पुष्टि गर्नुहुन्छ ?
८. यस सवालमा प्रोटेष्टेण्ट सुधारवादी अभियानका अगुवाहरूको धारणा र अनुभव कस्तो थियो ?
९. उनीहरूको विरुद्धमा उभिएको रोमन क्याथोलिक मण्डलीको धारणाचाहिँ यस सवालमा के थियो ?
१०. यो निश्चयता स्थापित हुने पहिलो आधार भनेर केलाई भनिएको छ ?
११. उद्धारको प्रतिज्ञाको लागि प्रस्तुत गरिएको ईश्वरीय सत्यको परिणामबाट यो कुरा कसरी पुष्टि हुन्छ भनि प्रस्ट गर्नुहोस् ?
१२. यो निश्चयता स्थापित हुने दोस्रो आधार के हो भनेर उल्लेख गरिकएको छ ?
१३. अनुग्रहको भित्री पुष्टिबाट यो कसरी उत्पन्न हुन्छ भनि देखाउनुहोस् ।
१४. यो निश्चयता स्थापित हुने तेस्रो आधार भनेर केलाई भनिएको छ ?

१५. पवित्र आत्माले हाम्रा हृदयमा दिनुहुने साक्षीको प्रकृतिका बारेमा धर्मशास्त्रमा बताइएका फरकफरक विचारहरू के के हुन् ?
१६. पवित्र आत्माले हाम्रा आत्मामा गवाही दिनुहुने सबै तरिका वा उपायबारे बताउनुहोस् ।
१७. खण्ड – ३ र ४ मा सिकाइएको पहिलो प्रस्ताव के थियो ?
१८. यहाँ सिकाइएको दोस्रो प्रस्ताव के थियो ?
१९. यहाँ सिकाइएको तेस्रो प्रस्ताव के थियो ?
२०. यहाँ सिकाइएका चौथो प्रस्ताव के थियो ?
२१. विश्वासको अभिन्न खण्ड हुनेगरी केही हदसम्म निश्चयता स्थापित भएको हुन्छ भनि पुष्टि गर्नुहोस् ।
२२. यस अध्यायमा निश्चयताको विषयमा बोलिएका कुराहरू के कुरामा जोडिन्छन् ?
२३. विश्वासको निश्चयता र आशाको निश्चयताका बिचमा के भिन्नता छ वर्णन गर्नुहोस् ।
२४. यसलाई नै पछिबाट किन सुझबुझको निश्चियता भनिएको होला ?
२५. यसलाई किन विश्वासको कामको परावर्तन भनिएको हो ?
२६. हाम्रो आफ्नो कृपापूर्ण अवस्थामा उद्धारमा डोऱ्याउने विश्वासको अपरिहार्य सर्तको रूपमा पूर्ण निश्चयतालाई बुझ्नुपर्न भनि पुष्टि गर्नुहोस् ।
२७. यो निश्चयता प्राप्त गर्ने कुरा हाम्रो आफ्नो कर्तव्यका साथसाथै अनुग्रहको निश्चयता पनि हो भनि पुष्टि गर्नुहोस् ।
२८. साँचो निश्चयताले आत्मिक आलस्यपन वा आफ्नो कर्तव्यको बेवास्ता गर्न सक्दैन भनि प्रस्ट गर्नुहोस् ।
२९. त्यसका विपरीत किन यसको उपयोग वा अभ्यास गर्ने कुराले आनन्द, कृतज्ञता र लगनशीलतातिर डोऱ्याउँछ  भनि देखाउनुहोस् ।
३०. यो निश्चयतालाई घटाउँदै वा समाप्त गर्दै लैजाने सबै उपायहरू यहाँ प्रस्ट गर्नुहोस् ।

३१. पुनस्थास्पना भइसकेपछि यो निश्चयता कसैगरे पनि नष्ट हुँदैन भनि प्रस्ट गर्नुहोस् ।

# अध्याय १९
# (CHAPTER XIX)
# परमेश्वरको व्यवस्था
# (OF THE LAW OF GOD)

**खण्ड – १ परमेश्वरले आदमलाई एउटा व्यवस्था दिनुभयो — काम वा जिम्मेवारीको एउटा करार, जसमा ऊ उसपछि आउँने सबै पुस्ताहरू बाँधिएका थिए । त्यो करार नितान्त व्यक्तिगत, विस्तृत, सटीक र आज्ञा पालनका लागि निरन्तर लागु भइरहने किसिमको थियो । आज्ञा पालनद्वारा यो करारका सर्तहरू पूरा गरेको खण्डमा जीवनको प्रतिज्ञा गरिएको थियो भने करार भङ्ग गरेको खण्डमा मृत्युको घोषणा गरिएको थियो । यो करार पूरा गर्न आदमलाई चाहिने सबै शक्ति र अधिकार पनि दिइएको थियो ।[373]**

**खण्ड – २ आदम असफल भएपछि पनि यो व्यवस्था धार्मिकताका लागि एउटा सिद्ध नियमका रूपमा निरन्तर चलिरहेको छ । यसैको निरन्तरताको रूपमा सिनै पर्वतमा दस आज्ञा दिइयो र ती आज्ञाहरूलाई ढुङ्गाका दुईओटा पाटीमा लेखिएको थियो ।[374] दस आज्ञाहरूमध्ये पहिला चारओटा आज्ञाहरूले परमेश्वरप्रति हाम्रो दायित्व के हुन्छ भनि बताएका छन् र बाँकी छओटाले मानिसहरूप्रति हाम्रो उत्तरदायित्व देखाएका छन् ।[375]**

यी खण्डहरूले निम्न विचारहरू सिकाउँछन्ः

१. सारा ब्रह्माण्डमाथि नैतिक व्यवस्था स्थापित गरिदिनुहुने सर्वोच्च निकाय परमेश्वर हुनुहुन्छ । उहाँले त्यही हैसियतमा एउटा नैतिक प्राणीकारूपमा सम्पूर्ण मानव पुस्ताहरूको अस्तित्व तोकिदिनुभयो । उहाँको यो व्यवस्था पन्छाउन

---

[373] उत्पत्ति १:२६, २७; २:१७; रोमी २:१४, १५; १०:५; ५:१२, १९; गलाती ३:१०, १२; उपदेशक ७:२९; अय्युब २८:२८ ।

[374] याकुब १:२५; २:८, १०-१२; रोमी १३:८, ९; व्यवस्था ५:३२; १०:४; प्रस्थान ३४:१ ।

[375] मत्ती २२:३७-४० ।

नमिल्ने र निरन्तर कायम रहने किसिमको छ र यसले मानिसलाई सिद्ध अनुशासनको नैतिक दायरामा ल्याएको छ । यो नै नैतिक व्यवस्था हो । यसले नै हरतरहले मानिसको विवेकलाई एउटा बन्धन राख्छ र सिद्ध आज्ञा पालनका लागि आज्ञा गरेको छ ।

२. सम्पूर्ण मानव पुस्ताको अविभावकको रूपमा परमेश्वर आफैले सम्पूर्ण मानव पुस्ताको शिर आदमसँग एउटा विशेष करार बाँध्नुभयो । उहाँले आदमलाई सम्पूर्ण मानव जातिको जिम्मेवार पिता ठहऱ्याउनुभयो । उक्त करारको सर्तको रूपमा परमेश्वरले आदम र उसपछि आउने सबै पुस्ताबाट सम्पूर्ण रीतिले आज्ञा पालन गर्नुपर्ने सर्त तोक्नुभयो । ती सर्तहरू पालन गरेको परिणामस्वरूप आदम र उसपछिका सबै पुस्ताहरूले जीवनमा पवित्रता र अनन्त आनन्द पाउने कुरा निश्चत गरियो । त्यसविपरीत ती सर्त वा आज्ञाहरू उलङ्घन गरेको परिणामस्वरूप तिनीहरूले दण्डको रूपमा उहाँको क्रोध र श्रापको सामना गर्नुपर्नेछ भनि चेतावनी दिइयो ।

३. आदमको पतनपछि मसिह ख्रीष्टद्वारा उद्धार प्रदान गरिने कुरा अर्को व्यवस्था परमेश्वरले दिनुभयो, त्यसमा पनि मानिसको तर्फबाट आज्ञा पालनको माग गरिएको छ । आज्ञा पालनको माग मेटिएन, त्यो निरन्तर रहिरहन्छ । यसैबाट परमेश्वरको इच्छा प्रकट हुन्छ, जसअनुसार सम्पूर्ण मानव जातिको विचार वा विवेकलाई जीवनको व्यवस्थामा ल्याइएको छ ।

४. हामीले कसरी जीवन यापन गर्नुपर्ने भनि निर्देशन दिइएको यस नैतिक नियमको सामान्य सिद्धान्तहरूलाई हामी सारांशमा बुझ्न सक्छौँ । मानिसले मानिससित र परमेश्वरसित के कस्तो विचार राख्नुपर्ने वा व्यवहार गर्नुपर्ने भन्ने सामान्य नियम यसमा हुन्छ, जुनकुरा पछि गएर दस आज्ञामा दोहोऱ्याइयो । दस आज्ञा सिनै पर्वतमा परमेश्वरकै आवाजद्वारा दिइयो, उहाँद्वारा नै ढुङ्गाका दुईओटा पाटीमा लेखियो । यो घटना प्रस्थानको पुस्तकमा उल्लेख गरिएको छ । यसका पहिला चारओटा आज्ञाहरू हामीले परमेश्वरसित गर्ने र बाँकी छओटा आज्ञाहरू हामीले मानिसहरूसित गर्ने व्यवहारलाई अनुशासित, मर्यादित र सम्मानजनक बनाउनुपर्ने भनि दिइएका छन् ।

१. परमेश्वरले सृष्टिकै समयमा मानिसलाई एउटा नैतिक प्राणीका रूपमा लिनुभयो — यो कुरा नैतिक नियमको पन्छाउन नमिल्ने र तत्कालदेखि पालन गर्नुपर्ने व्यवस्थाअन्तरगत स्थापित गरिएको थियो । यही नियमले मानिसको विवेकलाई बाँध्दछ र सिद्ध आज्ञापालनको अपेक्षा गर्दछ । यो कुरा एउटा नैतिक बन्धन स्थापित गर्नुहुने स्वयम् परमेश्वरकै स्वभावअनुसार छ र परमेश्वर आफै नैतिक नियमको प्रबर्दक हुनुभएकोले यो व्यवस्थाले उहाँको यही स्वभावलाई पछ्याउँछ । अनि मानिसलाई सो नैतिक बन्धनमा राखिएको हुनाले सोहीअनुसार उसको स्वभाव पनि निर्धारण गरिएको छ । यस नियमका बारेमा हामीले यस्तो टिप्पणी गरेकाछौँ -

(१) यो व्यवस्था परमेश्वरको कहिल्यै नबदलिने र सम्पूर्ण रीतिले सिद्ध नैतिक स्वभावमा आधारित छ । जसै हामी परमेश्वर पवित्र हुनुहुन्छ भनि सहमत जनाउँछौँ, उहाँले सहीलाई सही बनाउने इच्छा गर्नुहुन्छ भन्दैनौँ, बरू उहाँले सही मान्नुभएको हुनाले सबै कुराहरू सही हुनुपर्छ भनि मान्छौँ । त्यसकारण परमेश्वरको पवित्रताकै स्तरअनुसारको धार्मिकता हुनुपर्छ । धार्मिकताका लागि तोकिएको यही मापदण्ड आफैमा ईश्वरीय स्वभाव हो । धार्मिकताको खोटरहित वा गल्ती गर्नै नसक्ने न्यायकर्ता ईश्वरीय बुद्धि हो । प्राणी जगतमा धार्मिकताको शासन तथा सम्पूर्ण रीतिले सिद्ध ठहरिने शासनचाहिँ ईश्वरीय इच्छा हो । हामीले कस्तो दायित्व निर्वाह गर्दैछौँ भन्ने कुरा हामी परमेश्वर र मानिसहरूसित कस्तो वा कुनखाले सम्बन्धमा रहेका छौँ भन्ने कुराबाट उत्पन्न भएर आउँछ । सदाकाल एकसमान रहिरने कर्तव्य पालनको सिद्धान्त जुन जगमाथि स्थापित भएको छ र जसले हामीलाई तलमाथि नगरीकन आज्ञापालन गरियोस् भन्ने चाहन्छ, त्यसले नै नैतिक नियम पालनका लागि बाध्य तुल्याउँछ । यसको जरा कहिल्यै परिवर्तन नहुने परमेश्वरको स्वभावमा गाडिएको हुन्छ, जसद्वारा उहाँको इच्छा बाहिरिन्छ (सबैमा जाहेर हुन्छ) । यसरी यी सबै ईश्वरीय नियमहरू तल दिइएकामध्ये एउटा वा सबैमा लागु भएका हुन्छन् ।

(क) यी नियमहरू ईश्वरीय स्वभावको सिद्धतामा जरा गाडिएका हुन्छन् । त्यसकारण यी स्वयम् परमेश्वरले पनि यिनलाई बेकामको तुल्याउने र हटाउने काम गर्नुहुन्न । यिनको पालन गर्नु नै परमेश्वरलाई प्रेम र उहाँको आज्ञाकारी बन्नु

हो, यसका साथसाथै हाम्रो प्राणी जगतप्रति हामीमा सुमधुर सम्बन्ध र सत्यतामा प्रेम गर्नु पनि हो । अथवा,

(ख) उस्तैगरी यी नियमहरूको आधार मानिसकाहरूका आपसी सम्बन्ध र स्थायी स्वभावमा पनि रहेको हुन्छ । धनसम्पत्तिको सुरक्षा गर्ने र यौनसम्बन्धलाई नियमित बनाउने नियमहरूलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । यी नियमहरू त्यसबेलासम्मै निरन्तर अपरिवर्तनीय रहिरहन्छन्, जबसम्म प्रकृतिको अहिलेको नियम कायम रहिरहन्छ । त्यसर्थ यी सारा जगतभरि नै लागु हुने र सबैका लागि बाध्यकारी मानिन्छन् । यिनको स्वभाविक र न्यायिक प्रकृतिलाई परमेश्वरको इच्छा जाहेर भएकै हाराहारीमा लिइएको छ । तथापि परमेश्वर स्वयम् नै प्रकृतिलाई सिर्जना गरिदिने सृष्टिकर्ता हुनुहुन्छ । उहाँले आफ्नो स्वेच्छामा कुनै पनि नियम लागु हुनबाट हटाउन पनि सक्नुहुन्छ, जुनकुरा उहाँले प्राचीन यहुदी समाजले प्रचलनमा ल्याएको बहुपत्नी प्रथाको सवालमा हुनदिनुभयो । अथवा,

(ग) यी नियमहरूले तत्काल कुनै व्यक्ति वा समुदायको सम्बन्धमा पनि जरा गाडिराखेको हुन्छ । यसै सन्दर्भमा ठुलो मात्रमा प्राचीन यहुदी समुदायका नागरिक तथा न्यायिक कानुनहरू लागु गरिएका थिए । तिनले खास परिस्थितिमा परमेश्वरकै इच्छा जाहेर गर्छन् भनि मानिन्थे । त्यसकारण त्यस्ता नियमहरूलाई खास परिस्थितिमा यथोचित रहुन्जेल उत्तिकै बाध्यकारी रहिरन्छन् भनि मानिन्थ्यो । अथवा,

(घ) यी सबै नियमहरू समग्रमा परमेश्वरका सकारात्मक आज्ञाहरूमाथि निर्भर हुन्छन् र सोही आधारमा हाम्रा निम्ति पनि बाध्यकारी बन्छन्, किनभने यी उहाँका आज्ञाहरूबाट आएका हुन् । तापनि यी सारा ब्रह्माण्डभरि लागु हुने होइनन्, न सदासर्वदै लागु हुने हुन्छन् । अर्थात् यी खास समयका खास व्यक्ति वा समुदायमाथि लागु हुन्छन्, जसलाई सोझै परमेश्वरले अह्राउनु भएको छ र उहाँको आज्ञा कोकसमाथि कहिलेसम्म लागु हुने भनिएको छ, त्यही हदसम्म यी लागु हुन्छन् । यो वर्गका नियमहरू खासगरी विशेष रीतिस्थिति, पर्व वा उत्सवहरूका लागि तोकेरै लागु गरिएका हुन्छन् ।

(२) दोस्रो तहमा आएर हामीले मानेका छौँ, यसका आफ्नो सिद्धान्तहरूमा कम्तीमा पनि अथवा कुनै व्यक्तिलाई उसको निर्दोषिताको अवस्थाका लागि भए

पनि यो नैतिक नियम मानिसको स्वभावको विधिमा प्रकट हुन्छ । पापको कारण यसको महत्त्व अत्यन्तै न्युन बनाइएको भए तापनि परमेश्वरलाई कहिल्यै नचिनेका मानिसहरूका लागि पनि यो उत्तिकै प्रस्ट लागु हुन्छ — परमेश्वरलाई चिनेको थिइनँ भन्ने बहाना कसैले पाउने छैन । यो साँच्चिकै निश्चित गरिएको छ, किनभनेः (क) यो नियमको बारेमा पावलले निकै जोड दिएर तर्क गरेका छन् (रोमी १:१९–२०; २:१४–१५); (ख) परमेश्वरलाई नचिन्ने हरेक मानिसमा असल–खराबको चेतना हुन्छ र त्यहीअनुसार उसले काम गर्छ, ऊ नैतिकतामा रहेर अरूप्रति जवाफदेही बन्छ, तथापि ऊ विभिन्न समयमा आफूले निभाउने नैतिक दायित्व एकै किसिमले पालन नगर्ने हुनसक्छ, किनभने उसलाई यस नैतिक नियमको मापदण्ड के हो भन्ने थाह हुँदैन । मानिसका हृदयमा लेखिएको यो नैतिक नियम सुरुदेखि नै आदमबाटै सर्दैआएको गुण हो, जुन उसको सृष्टि हुँदा नै उसको हृदयमा हालिएको थियो (अध्याय ४ को खण्ड – २ मा हामीले यस विषयमा चर्चा गरिसकेका छौँ) ।

(३) परमेश्वरबाट सोझै आएको यस नैतिक नियमको विषयमा हामीले बुझेका छौँ — यो मानिसका लागि अपरिहार्य नियम बनाइएको छ । मानिस कुनै पनि पापमा फँस्नुभन्दा पहिले उसलाई त्यसो नहोस् भन्ना खातिर चेतावनी दिनमा यो पर्याप्त छ । प्राकृतिक सम्बन्धमा पनि मानिस यही नियमको कारण आफ्ना सृष्टिकर्तासित रहिरहन सक्छ । तर कहिलेकाहिँ उसको आफ्नो परिस्थितिको कारण उसले यो नियम पालन गरिराख्न कठीन देख्छ र यसले उसलाई बचाउन सक्दैन भन्ने लाग्छ (अध्याय १ को खण्ड – १ मा हामीले यही विषय हेर्‍यौँ) । त्यसर्थ समग्रमा पवित्र आत्माको प्रेरणाद्वारा लेखिएको वचनमा परमेश्वरले आफ्ना नियमको अझै स्पष्ट, व्यवहारिक र निर्दिष्ट प्रकाश दिन उचित ठान्नुभयो ।

(४) चौथो स्थानमा हामी विश्वास र व्यवहारको लागि धर्मशास्त्रको वचनमात्रै विकल्परहित र पूर्ण नियम हो भनि सहमत हुन सक्छौँ । जे कुरा धर्मशास्त्रमा परमेश्वरको इच्छाको रूपमा प्रकट भएको छ, त्यो नै एउटा ख्रीष्टियनका लागि नैतिक नियम हो । त्यसैगरी त्यहाँ सोझै वा पालन गर्नुपर्ने भनि देखाएर जे कुरा परमेश्वरको इच्छाको रूपमा प्रकट गरिएको छैन, त्यो कुनै रीतिले पनि हाम्रा लागि नैतिकरूपमा बाध्यकारी नियम होइन (हेर्नुहोस्, अध्याय १६, खण्ड – १ र २) ।

२. परमेश्वरले आदमसँग सम्पूर्ण मानव जीवनको शिर तथा योग्य प्रतिनिधिका रूपमा सृष्टिकालमै एउटा करारको सम्बन्ध बाँध्नुभयो । त्यो आफैमा एउटा नियम थियो । एउटा खास समयावधिका लागि त्यो अनिवार्य तथा सिद्ध प्रकारले पालन गर्नुपर्ने सर्तका रूपमा दिइयो । त्यसमा आदमको स्वभाव र उसको नियति दुबै निश्चित गरिएको थियो (यस विषयमा हामीले अध्याय ६ को खण्ड – १ र २ मा चर्चा गरिसकेका छौँ) । आदम त्यस सर्तबाट चिप्लिएपछि ऊ र उसको सम्पूर्ण वंश नै उक्त करारका सर्तहरू पालन गर्नमा असमर्थ र अयोग्य साबित भयो । त्यसै हुनाले परमेश्वरले आफ्ना पुत्रलाई यस संसार (आदम र उसको पूरै वंश) को पापका खातिर बलिदान हुन पठाउनुभयो । यसरी पुत्रलाई व्यवस्थाको अधीनमा ल्याइयो । एउटी कन्याबाट जन्मिएर दोस्रो आदमको रूपमा पुत्रले उक्त वैधानिक करारले तोकेका सबै सर्तहरू पूरा गरिदिनुभयो । पुत्रले त्यो काम आफ्ना छानिएकाहरूका खातिर गरिदिनुभयो । यसरी हामीले अध्याय ८ मा चर्चा गरेझैँ उहाँले तिनीहरूका लागि भनेर यी सबैथोक सुरक्षित बनाइदिनुभयो ।

३. जब त्यो व्यवस्था कामको करारका दृष्टिले मानिसहरूद्वारा निश्चितरूपमा पूरा गरिएको हुन्छ, त्यही कारण उनीहरू व्यवस्थाको अधीनमा नरहेर अनुग्रहको अधीनमा ल्याइन्छन् । अर्थात, उक्त करार पालन गरिएकै कारण उनीहरू अबउसो व्यवस्थाको अधीनमा रहने छैनन् (रोमी ६:१४) । त्यसो भए तापनि काममा लगाउने र चरित्रको मापदण्ड तोक्ने नियमका रूपमा यो व्यर्थ हुनै सक्दैन, त्यसमा कोही पनि उसको व्यक्तिगत सम्बन्धमा ढुक्क रहन सक्दैन र कसैले पनि आफूलाई त्यसबाट अलग राखेर निर्दोष बनिरहन सक्दैन । ख्रीष्टले हाम्रा खातिर प्रधान पूजाहारीको भूमिका निर्वाह गरिदिएर उद्धारको पूर्वसर्तका रूपमा यी सबै व्यवस्था पूरा गरिदिनुभयो । यही आधारमा हामीले धार्मिकता ग्रहण गर्न पायौँ । तर कसैले पनि पूजाहारीको पवित्र विधिअनुसार गरिदिएर हाम्रा लागि अनुशासनको आचार संहिता तथा क्रियाकलापका लागि तोकिने नियम वा नैतिक चरित्रलाई सही तुल्याउन सक्दैन । त्यसकारण जब ख्रीष्टले हाम्रा खातिर सबै व्यवस्था पूरा गरिदिनुभयो, पवित्र आत्माले त्यही नियम हामीमा पूरा गरिदिनुहुन्छ । यसरी मात्रै ख्रीष्टको बलिदानमा हामीलाई ख्रीष्टमा धर्मी तुल्याउने काम सम्पन्न गर्नुहुन्छ । यसरी यो व्यवस्था पालन गरिएको फलस्वरूप गरिने सबै

असल कार्यहरू विश्वासी जनले आत्माका फलको रूपमा प्रकट गर्नेछ तर त्यो उद्धारका लागि उसले अघिबाटै गर्नैपर्ने भनि तोकिएको सर्त होइन ।

४. यो नैतिक नियम सारांशमा सबैले बुझ्न सकिने प्रकृतिको छ । मानिसहरूले करार लेखिएका दुईओटा ढुङ्गाका पाटी हेरेर पनि यही कुरा बुझेका थिए । यसलाई हामीले दस आज्ञा भन्ने गरेका छौँ । यो तथ्यमाथि कसैले पनि असहमति जनाउने छैन । यसो भन्दै गर्दा, परमेश्वरले प्रत्येक ख्रीष्टियन व्यक्तिलाई अहिले पनि जे कुरा अह्राउनुभएको छ, त्यो सम्भवतः सोझै दस आज्ञाबाट लिइएको हुनसक्छ तर अनन्त व्यवस्थाको सामान्य सिद्धान्त भने नैतिक सिद्धताको रूपमा अपेक्षा गरिएको छ । यही नियममा मानिसले परमेश्वरसित राख्ने र आपसमा मानिस–मानिसबिचको सम्बन्ध कायम राख्ने कुराको छनक पाउन सकिन्छ । यो साँच्चिकै निश्चित छ, किनभने —

(१) करारका दुबै पाटीहरूलाई कृपा आसनको मुन्तिर राखिएको थियो । कृपा आसनलाई स्वयम् परमेश्वरको सिंहासन मानिन्थ्यो । त्यसको सामुन्ने प्रधान पूजाहारी खडा हुन्थे र मानिसका पापका विरुद्धमा परमेश्वरको साक्षीको चर्चा गर्थे । करारको सन्दुक (बाकस) माथि राखिएका तिनै ढुङ्गाका पाटी वा कृपा आसनमा पर्नेगरी प्रधान पूजाहारी पापबलिको रगत छर्किन्थे (व्यवस्था १०:१–५; प्रस्थान ३०:६; ३१:१८; लेवी १६:१४–१५) । यसरी यी कुराहरूले धार्मिकताको सिद्ध नियमको प्रतिनिधित्व गर्दथे, जुनचाहिँ परमेश्वरको सिंहासनको जग हो, जुन मानव पापको विरुद्धमा परमेश्वरले दिनुहुने साक्षी हो, जुनचाहिँ ख्रीष्टको प्रायश्चितपूर्ण बलिदानद्वारा साम्य गराइएको थियो भन्ने सिद्धान्त हो ।

(२) दस आज्ञाहरूले परमेश्वर र मानिस दुबैलाई प्रेम गर्नुपर्छ भनि सिकाउँछन् । हाम्रा मुक्तिदाताले भन्नुभएअनुसार यसैमा सबै व्यवस्था र अगमवक्ताहरूको शिक्षा अडिएको छ (मत्ती २२:३७–४०) ।

(३) ख्रीष्टले भन्नुभयो, जसले उहाँको व्यवस्था पालन गर्छ, त्यो बाँच्ने छ (लुका १०:२५–२८) ।

(४) धर्मशास्त्रले सिकाउने कुनै वा सबै आज्ञाहरू प्रस्टतः पूरै वा आंशिकरूपमा भए पनि दस आज्ञामा सिकाइएका सामान्य धारणाबाटै लिइएका हुन् ।

यी दस आज्ञाहरू वास्तवमा दुईओटा ढुङ्गाका पाटीमा स्वयम् परमेश्वरको औँलाद्वारा लेखिएको थियो । यसका पहिला चारओटा आज्ञाहरू मानिसले परमेश्वरसित गर्ने व्यवहारमा केन्द्रित छन् । यिनले एउटा मानिसले परमेश्वरलाई रिझाउनुपर्ने वा उहाँको सम्बन्धमा ध्यान दिनुपर्ने कुरा सिकाउँछन् भने दोस्रोमा बाँकी छओटा आज्ञाहरूले चाहिँ एउटा मानिसले अर्को मानिससित गर्ने प्रेम र आदरपूर्ण व्यवहारलाई निर्देशित गरेका छन् । रोमन क्याथोलिक मण्डलीले पहिलो पाटीमा तीनओटा मात्रै आज्ञाहरू थिए भन्ने कुरा सिकाएका छन्, बाँकी सातओटा आज्ञाहरू भने दोस्रो पाटीमा लेखिएका थिए भनि सिकाएका छन् । तापनि ती मण्डलीहरूले पहिलो र दोस्रो समूहका दुबै आज्ञाहरूलाई एकै ठाउँमा समेटेका थिए । यसबाट परमेश्वरको सट्टामा अन्य कुनै पनि नाउँलाई नढोग्न वा आराधना नगर्न प्रतिबन्ध लगाइएको छ । जबकि वास्तविक परमेश्वरको र उहाँका पवित्र सन्तहरूको तस्वीर वा प्रतिमा बनाउन हुने कुरा पनि उक्त मण्डलीले सिकाउँदै आएको छ । त्यसमाथि दसौँ आज्ञालाई टुक्र्याएर दुईओटा बनाएर अघिल्लोलाई नवौँ आज्ञा र बाँकी सबैलाई दसौँ आज्ञा बनाइएको छ ।

दस आज्ञाको व्याख्या गर्दा पालन गर्नुपर्ने अति महत्त्वपूर्ण नियम भनेको यी सबै स्वयम् परमेश्वरकै आज्ञाहरू हुन् भन्ने कुरा हामीले मनमा हेक्का राख्नुपर्छ । यी मानिसले दिएका आज्ञाहरू होइनन् । यी आज्ञाहरूबाट मानिसले आफ्ना हृदयमा र काममा सोझै परमेश्वरको नियमनकारी हस्तक्षेप रहन्छ भन्ने बुझेर सोहीअनुसार पालन गर्नुपर्छ । हरेक आज्ञामा सामान्य नैतिक सिद्धान्त समावेश हुन्छ, खास सर्तमा यी सबै आज्ञाहरू सर्वत्र लागु हुन्छन् । हामीले गर्ने हरेक कामको अभिप्राय र उद्देश्यलाई मुख्य मानेर यी आज्ञाहरूको अनुशरण गरिनुपर्छ । यी आज्ञाहरूको व्याख्या गर्ने नियमलाई निम्न आधारमा तोकिएको छः

(१) यो नियम सिद्ध छ र यसले सिद्ध आज्ञा पालनको माग गर्दछ, यसलाई थोरैमात्र पनि तलमाथि गरिएको पाइएमा पाप गरेको दोष लाग्दछ ।

(२) यो आत्मिक कुरा हो, यसले मानिसका भित्री विचार, अभिप्राय, अनुभूति र हृदयको खास अवस्थाका साथसाथै उसले गर्ने कामलाई विशेषगरी ध्यान दिएको हुन्छ ।

(३) हरेक आज्ञामा खास काम–कुरालाई निषेध गरिएको छ, हरेक निषेधमा एउटा खास प्रतिज्ञा दिइएको छ, अनि हरेक प्रतिज्ञामा एउटा खास चेतावनी पनि दिइएको छ । त्यसैगरी हरेक चेतावनीमा त्यही अनुसारको प्रतिज्ञा दिएको छ ।

(४) एउटा खास पाप वा कर्तव्यमा त्यही प्रकृतिका सबै कामहरूलाई निषेध गरिएको वा गर्नुपर्छ भनि आदेश दिइएको हुन्छ । यी सबैकुरा साथसाथै आउँछन् र ती प्रत्यक्ष वा परोक्षरूपमा दण्ड कि इनामका कारण वा अवसर बन्नेछन् ।

(५) हामी आफैले मात्र यी आज्ञाहरू पालन गर्न बाध्य बनाइएका होइनौँ, बरू हामीले अरूलाई पनि त्यसैगरी पालन गर्न सकेसम्म सघाउनुपर्छ ।

**खण्ड – ३ नियम वा व्यवस्थालाई सामान्य अर्थमा नीति वा नैतिकता पालन गर्नुपर्ने भनि बुझिएको छ । दस आज्ञाजस्ता धेरै आज्ञाहरूका अलावा परमेश्वरले इस्राएलीहरू र त्यसपछि ख्रीष्टमा स्थापित हुने मण्डलीका लागि केही खास पर्व वा उत्सव मनाउने नियमहरू पनि दिनुभयो । उक्त व्यवस्थामा उहाँले थुप्रै विधिहरू पनि तोकिदिनुभयो । यी विधिहरूमा केही मात्रामा ख्रीष्टलाई बुझ्ने, उहाँको अनुग्रह, काम, उहाँले भोग्ने दुःखकष्ट र उहाँले दिनुहुने आशिषलाई बुझेर आराधना गर्ने कुरा समावेश हुन्छन् ।[376] त्यसैगरी यी विधिहरूमा थप मात्रा भने नैतिक कर्तव्य पालन गर्नका लागि प्रेरित वा बाध्य तुल्याउने आग्रह समावेश गरिएका हुन्छन् ।[377] चाडपर्व मान्नका लागि दिइएका यी सबै विधिहरू नयाँ करार अन्तरगत अहिले पालन गर्नु नपर्ने तुल्याइएका छन् ।[378]**

**खण्ड – ४ परमेश्वरले तिनीहरूका लागि विभिन्न किसिमका न्यायिक व्यवस्था (कानुन) पनि तोकिदिनुभयो । ती नियमहरू समुदायका सबैले पालन गर्नुपर्ने, एकअर्काप्रति उत्तरदायी बन्नुपर्ने भनि बाध्यकारी बनाइएका थिए । तर ती कानुनहरू पुरानो करारको युगको अन्त्य भएसँगै वा ती**

---

[376] हिब्रु ९; १०:१; गलाती ४:१-३; कलस्सी २:१७ ।
[377] १ कोरिन्थी ५:७; २ कोरिन्थी ६:१७; यहुदा २३ ।
[378] कलस्सी २:१४, १६, १७; दानिएल ९:२७; एफिसी २:१५, १६ ।

**मानिहरूको उक्त अवस्था नरहेपछि स्वतः निष्क्रिय भएर गए वा पूरा गरिए । अहिले ती नियमको खासै अर्थ रहँदैन र हामीले पालन गरिरहनु पनि पर्दैन । त्यसपछि यी कुनै पनि नियम पालन गर्नुपर्ने खाँचो बाँकी रहँदैन ।**[379]

**खण्ड – ५ नैतिक नियमले सबैलाई एउटा अनुशासनको दायराभित्र राख्छ । हामी सबै नै अरूझैँ आज्ञाकारिताका लागि धर्मी तुल्याइएका व्यक्तिहरू हौँ ।**[380] **यसमा जे लेखिएको छ, त्यतिकै लागि मात्र होइन, बरू हाम्रा सृष्टिकर्ता परमेश्वरको अख्तियारप्रति सम्मान जनाउन हामी उहाँका नियमहरू पालन गर्छौं, जसले ती नियमहरू बनाउनुभयो ।**[381] **यी नियमहरूलाई ख्रीष्टले पनि रद्द तुल्याउनुभएन । सुसमाचारमा पनि यी व्यवस्था रद्द भए भनिएको छैन । बरू यी नियमहरूकै आधारमा नैतिक जीवनका लागि अझ प्रबल आज्ञाहरू दिइएको छ ।**[382]

यी खण्डहरूले निम्न विचारहरू सिकाउँछन्ः

१. दस आज्ञामा संक्षिप्तमा वर्णन गरिएको नैतिक नियमका अलावा परमेश्वरले यहुदीहरूलाई धार्मिक विधिका नियमहरू दिनुभयो । यी नियमहरूले भविष्यमा हुन आउने विभिन्न प्रकार र सङ्केतमा केही कुरा प्रस्ट गर्दथे, जस्तैः (१) ख्रीष्ट र उहाँका कामहरू के के हुन्छन् र (२) केही खास नैतिक सत्यताहरू समावेश गरिन्छन् ।

२. उहाँले यहुदीहरूलाई सामुदायिक नियम तथा न्यायिक व्यवस्था पनि दिनुभयो ।

३. यहुदीहरूलाई दिइएका ती व्यवस्थाहरू अहिलेको ख्रीष्टियन सामाजिक व्यवस्थामा लागु हुन छाडेको छ । अर्थात् धर्मशास्त्र अनुसार नै ख्रीष्टियनहरूका लागि यहुदीहरूलाई दिइएको त्यो व्यवस्था लागु हुँदैन ।

---

[379] प्रस्थान २१; २२:१-२९; उत्पत्ति ४४:१०; १ पत्रुस २:१३, १४; मत्ती ५:१७, ३८, ३९; १ कोरिन्थी ९:८-१० ।

[380] रोमी १३:८-१०; एफिसी ६:२; १ यहुन्ना २:३, ४, ७, ८ ।

[381] याकुब २:१०, ११ ।

[382] मत्ती ५:१७-१९; याकुब २:८; रोमी ३:३१ ।

४. अर्कोतर्फ परमेश्वरले तोकिदिनुभएका धेरैजसो नैतिक नियमहरू अहिले पनि सबैका लागि उत्तिकै बाध्यकारी नै छन् । ती पालन गर्नैपर्ने देखिएकै कारणले मात्रै होइन, बरू परमेश्वरको अख्तियारमा आफूलाई समर्पण गर्न पनि हामी नैतिक नियमहरू पालन गर्छौं । उहाँले निरन्तर यी नियमहरू लागु गरिरहनुभएको छ । त्यसैगरी ख्रीष्टले पनि ती नियमहरूको महत्त्व कम गर्नुको साटो ती पालन गर्नुपर्छ भनि सिकाउनुभयो । उहाँले यी नियमहरूको वैधतामाथि महत्त्व दिँदै ती पालन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

परमेश्वरकै अपरिहार्य स्वभाव वा सदासर्वदा यस्तै हुनुपर्छ भनि तोकिएको नैतिक विधानका आधार वा कारणले दिइएका सबैजसो आज्ञाहरूलाई ख्रीष्टियनहरूका लागि तोकिएको नैतिक नियमहरूबाट हटाइएको वा घटाइएको छैन । उहाँले तोक्नुभएका कुनै पनि नैतिक नियमहरू खारेज गरिएको वा अमान्य तुल्याइएको छैन । त्यसका विपरीत यो उसै बेलादेखि नै मानिसका विचार, चालचलन र व्यवहारलाई सही तुल्याउने सिद्ध नैतिक नियम थियो । यही आधारमा ख्रीष्टले हामी सबैको प्रतिनिधित्व गर्दै महापूजारीको रूपमा पूरा गरिदिनुभयो, "किनभने विश्वास गर्ने धर्मी ठहरियोस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ" (रोमी १०:४) । ख्रीष्टले आफ्ना मानिसहरूलाई सबै प्रकारका "अधर्म"हरूबाट पनि छुटकारा दिनुभयो, ताकि तिनीहरू "असल कामका लागि जोशिला" होऊन् (तीतस २:१४) । हामीले अध्याय १६ मा चर्चा गरेजस्तै नैतिक व्यवस्थाको अधीनमा रहेर गरिएका असल कामहरू मात्रै यहाँ समावेश हुनसक्छन् । ख्रीष्टले आफ्ना मानिसहरूलाई सबै अधर्मबाट छुटकारा दिएर आज्ञाकारी बन्नुपर्ने त्यसभन्दा उच्च स्तरको नैतिक कर्तव्यमा ल्याउनुभएको छ । उहाँले नयाँ अभिप्रायहरूलाई अझै परिस्कृत र आकर्षक बनाउनुहुन्छ । यसरी नयाँ जन्म दिलाउने र शुद्धीकरण गर्ने उहाँको अनुग्रहमा मानिसहरूका प्राणमा नयाँ शक्ति र उत्साह प्रदान गर्नुहुन्छ । यी पुरानाहरूमध्ये केही नियमहरू केही त्यस्ता विधानमा स्थापित गरिएका थिए, परमेश्वरले ढुक्कसाथ मोसाद्वारा निकै स्तरीय ढङ्गले व्यवस्था दिनुभयो । विवाह र सम्बन्धबिच्छेदको सवालमा तर ती हरेक सुरुआती व्यवस्थाहरूलाई खारेज गर्नुको साटो ख्रीष्ट र उहाँका प्रेरितहरूद्वारा विशुद्ध र गहन प्रकारले पुनस्थापित गरियो । मत्ती ५, ६ र ७

अध्यायमा उल्लेख गरिएको डाँडाको उपदेश आफैमा एउटा उत्कृष्ट उदाहरण हो — जसमा ख्रीष्टियन आत्माले त्यस व्यवस्थाका शब्द–शब्दहरूलाई अझ बढी फैलाउने र उचाल्ने काम गर्दछ । त्यो स्वीकृति पहिल्यै पाएको प्रकाशभन्दा धेरै फरक र प्रबल हुन्छ ।

पुरानो करारको व्यवस्थामा लागु गरिएको कुनचाहिँ नियम खारेज भयो र नयाँ करारको व्यवस्थामा कुनचाहिँ नियम अझै पूर्णरूपमा लागु भइरहेको छ भनेर खुट्याउने सिद्धान्त निम्नअनुसार हेर्न सकिन्छः

(१) जब कुनै पनि आज्ञालाई अझै निरन्तरता दिइएको छ वा नयाँ करारमा खास प्रकारले मान्यता दिइएको छ भन्ने कुराले नयाँ करारमा आएर पनि पुरानो करारका कुन कुन व्यवस्था बदलिए वा कुाचाहिँ बदलिएका छैनन् भन्ने प्रस्ट हुन्छ । यसरी नैतिक नियमका सर्त तथा प्रावधानहरूलाई नयाँ करारमा लगातार सम्बोधन गरिएको पाइन्छ । अर्कोतर्फ जब लागु गरिएको व्यवस्थालाई पूरै खारेज गर्ने वा नयाँ करारमा सिकाइएको शिक्षाद्वारा यसमा परिमार्जन गर्ने काम हुन्छ, त्यो कुरा पनि सहज र प्रस्ट गरिएको हुन्छ ।

(२) नयाँ करारबाट बटुल्नुपर्ने प्रश्नहरूका बारेमा प्रत्यक्ष सूचना पाइएको छैन भने सो व्यवस्था लागु गर्नुपर्ने कारणको होसियारीसाथ परीक्षण गर्ने कार्यले सो व्यवस्था कहिलेसम्म क्रियाशील हुन्छ भनेर जाँच गर्ने एउटा राम्रो आधार दिन्छ । यदि यो व्यवस्था लागु गर्नुपर्ने कारण विश्वव्यापी र स्थायी छ भने र व्यवस्थालाई खास कारणले अमान्य तुल्याइएको छैन भने त्यो अहिले पनि उत्तिकै लागु भइरहेको छ ।

मोसाको नेतृत्वमा संस्थागत गरिएको व्यवस्थालाई निम्न तीन फरक दृष्टिले व्याख्या गर्न सकिन्छः

(१) राष्ट्रिय तथा राजनीतिक करारको रूपमा मोसाको व्यवस्थालाई हेर्न सकिन्छ, किनभने स्वयम् परमेश्वरकै ईश्वरीय सरकारमा रहनेगरी इस्राएलीहरूलाई यहोवे परमेश्वरका मानिसहरू भनिएको थियो । उहाँ आफै तिनीहरूका राजा बन्नुभएको थियो । त्यही आधारमा मण्डली र राज्यलाई एकअर्कामा उस्तै हुन् भनि बुझ्ने प्रचलन चलाइयो ।

(२) अर्को प्रसङ्गमा यो कानुनी करार जस्तो थियो । किनभने नैतिक नियम नै आदमसित बाँधिएको करारमा जीवन जिउने सर्तको रूपमा दिइएको थियो । त्यही नियमलाई दस आज्ञामा आएर उहाँका मानिसहरूसितको नयाँ करारको रूपमा अझै बलियोगरी स्थापित गरियो । चाडपर्व र उत्सव मनाउने विधिहरूका लागि दिइएको व्यवस्थामा पनि यो सामान्यतः अक्षरस पालन गर्नुपर्ने बनाइएको छ र यसका विधिवत पक्ष बाहेक आफैमा यो कामको नियम हो । अन्यथा व्यवस्थाका सबै नियमहरू पालन नगर्ने मानिस श्रापित होस् (व्यवस्था २७:२६) ।

(३) यसमा अझै विस्तृत सङ्केतहरू पनि समावेश गरिएको छ, जबकि आत्मिक सत्यताहरू महत्त्वका साथ प्रत्यक्ष देखिनेगरी चिन्हहरूमा पनि प्रकट भइरहन सक्छन् । त्यस प्रकारका धेरैजसो चिन्हहरू, अथवा अगमवाणीजन्य चिन्हहरूले ख्रीष्टको व्यक्तित्व र कामहरूका साथै उहाँले प्रदान गर्नुहुने छुटकाराले ल्याउने दिने फाइदाहरूतिर पनि सङ्केत गर्छन् ।

मोसाद्वारा सार्वजनिक गरिएका धार्मिक विधि तथा पर्वहरू मान्ने विधिहरूले नयाँ करारभरि ख्रीष्ट र उहाँका कामहरूलाई नै सङ्केत गर्ने थिए । ती विधिहरूको अर्थ खासगरी हिब्रूहरूलाई लेखिएको पत्रमा अझै प्रस्टसाथ खुलाइएको छ । सो व्यवस्थालाई यस्तो हुने भनि पहिल्यै घोषणा गरिएको थियो, "यीचाहिँ आउने कुराका छायाँमात्र हुन् तर वास्तविकताचाहिँ ख्रीष्टमा आउनेछ ।" पवित्र स्थान र त्यहाँ हुने सबै सेवाका गतिविधिहरूलाई "स्वर्गमा हुने कुराहरूको प्रतीक" को रूपमा बताइएको छ । वास्तविक पवित्र स्थानका सबैजसो ढाँचा र प्रतिढाँचाहरू ती हुन्, जहाँ अहिले ख्रीष्ट हाम्रा निम्ति प्रवेश गर्नुभएको छ (कलस्सी २:१७; हिब्रू ९:२३,२४) । भनिएको छ, ख्रीष्टले आफैलाई बलिदानको रूपमा अर्पण गर्नुभएर र आफैले प्रधान पूजाहारीको भूमिका निर्वाह गरिदिएर हाम्रो उद्धारलाई सम्भव तुल्याइदिनुभयो (एफेसी ५:२; हिब्रू ९:११–१२, २६,२८; १३:११–१२) । ख्रीष्टको आगमनले चाडपर्वका सबै विधिहरूलाई पूर्णता दिइयो, किनभने ती विधिहरूले कुनै न कुनै अर्थमा ख्रीष्टकै स्वरूप थिए । सबैजसो ती पर्वहरू ख्रीष्टको पूर्वसङ्केत थिए । ख्रीष्ट भौतिकरूपमा हुन आउनुभयो भनि ती सबै विधिहरू उहाँको छायाँ थिए । उहाँले गर्ने कामद्वारा पूरा हुनुपर्ने सबै खाँचोहरू पूर्ति भइसकेको परिणामस्वरूप ती ख्रीष्टमा नै तिनका सबै उद्देश्य र ढाँचाहरूले पूर्णता पाउन

सके । यसरी उहाँको खास कामको सन्तुष्टिले पूर्णता पायो । लेवी कुलका पूजाहारीहरूले गर्ने पूजाआजाभन्दा ख्रीष्टले सम्पन्न गर्नुभएको बलिदान अत्यन्तै अतुलनीय हुन्छ भनि देखाइएको छ । अर्थात् ख्रीष्टले छोटो समयमा गर्नुभएको बलिदानी कथाले यहुदीहरूका लागि दिइएका सबै विधिहरूलाई पूर्णता दिएको छ । यो आफैमा पुष्टि भइसकेको तथ्य हो । ती विधिहरू उहाँका स्वरूप थिए, ती आउन लाग्नुभएका ख्रीष्टै छायाँमात्रै थिए । ती नियमका सबै उद्देश्य, ढाँचा र प्रक्रियाहरू ख्रीष्टको आगमन र उहाँले सम्पन्न गर्नुभएका सन्तुष्टि तुल्याउने सिद्ध कामहरूद्वारा अबउसो निस्क्रिय भए । धर्मशास्त्रमा यो विषय सत्य हो भनेर सिकाइएको मात्रै होइन, बरू यो त पन्छाउनै नसकिने ऐतिहासिक तथ्य पनि हो । ख्रीष्टले पूजाहारीका रूपमा गर्नुभएको कामले तत्काल लेवी कुलका पूजाहारीहरूले वर्षौंदेखि गर्दै आएका कामहरूलाई जितेर सधैँ–सबैका लागि अनन्त उद्धारको काम सम्पन्न गर्नुभयो (हिब्रू १०:१–१४; कलस्सी २:१४–१७; एफेसी २:१५–१६) । गलगथाको डाँडामा ख्रीष्टको मृत्यु हुँदैगर्दा नै यरुशलेमको मन्दिरमा सर्वसाधारण मानिसहरू र “परमेश्वरलाई अलग गर्नका लागि टाँगिएको पर्दा माथिबाट तलसम्मै च्यातियो” (मत्ती २७:५०,५१) । यसरी ख्रीष्टले सबैका लागि महापवित्र स्थानसम्म प्रवेश गर्ने बाटो खुल्ला गराएर पूजाहारीहरूको भूमिका तथा पापमोचनका लागि गर्दै आएको सबै विधिहरू सदाको निम्ति प्रतिस्थापन गरिदिनुभयो ।

त्यसैगरी यहुदीहरूका वैधानिक कानुनहरूले पनि अब हामीलाई बाँध्न छाडिसकेका छन् । यही तथ्यबाट अबउसो त्यो व्यवस्थाले स्प्रष्टतः मानिसहरू र परमेश्वरका बिचमा रहेको अनौठो सम्बन्धलाई पनि सुधारेर उहाँलाई ईश्वरीय शासन व्यवस्था लागु गर्नुहुने राजाको रूपमा लिइएको छ । पुरानो करारको मण्डली–राज्यका सदस्यहरूको नाताले मानिस–मानिसबिचको सम्बन्धलाई पनि यसले सुधार गरेको छ । पुराना ती कानुनहरू यतिमै केन्द्रित हुन्थे भने अब त्यो अवस्था रहिरहने छैन ।

## खण्ड – ६ तथापि साँचो विश्वासीले कामको करारले स्थापित गरेको नियममा बाँधिनु पर्दैन, नभए ता त्यस नियमका आधारमा उसको कामलाई

**जाँचिने र उसलाई दण्डको आज्ञा दिइने थियो ।[383] तापनि त्यो तिनीहरू र अरूअरूका लागि पनि निकै प्रयोग भइरहेको हुन्छ । यसैमा जीवनको एउटा नियमको रूपमा परमेश्वरको इच्छा के हो भनि तिनीहरूलाई जानकारी गराउने र तिनीहरूका जिम्मेवारी बताइदिने काम हुनुपर्छ । यसले तिनीहरूलाई सोहीबमोजिम जिउनुपर्ने भनि एकप्रकारको बन्धनमा पार्छ ।[384] तिनीहरू हृदय, स्वभाव र जीवनमा फैलिएको पापको प्रदूषितण कति धेरै भयानक छ भन्ने पनि थाह गराउँछ ।[385] यसरी आफैलाई जाँच गरेर आफू कति दोषी रहेछु भन्ने पक्का गर्न र त्यसका खातिर पछुतो गर्दै पापलाई घृणा गर्ने अवस्थासम्म फर्किन सक्छन् ।[386] समग्रमा यो ज्ञानले तिनीहरूलाई ख्रीष्ट येशुमा हुनुपर्छ भन्ने कुरा प्रस्टगरी देख्ने र उहाँको आज्ञा पालन गर्नमा सिद्धता चाहने व्यक्ति बनाउँछ ।[387] त्यसैगरी नयाँ जीवनमा सरिजाने र आफ्ना भ्रष्ट चालचलनबाट अलग्गिने जस्ता कुरामा पाप गर्नबाट बर्जित हुने कुरा आउँछ ।[388] पाप गर्नबाट पछि सर्नुपर्ने र आफूले गरेको पापको परिणाममा कति ठुलो मूल्य चुक्ता गर्नुपर्छ भन्ने कुरामा चेतावनी लिने र यस जीवनमा कस्तो दुःख भोग्नुपर्ने रहेछ भन्ने कुरा बुझ्नेसमेत यसैमा जोडिएर आउँछ ।[389] यसबाट व्यवस्थामा सचेत गराइएको पापको दण्डबाट उम्किनुपर्ने तथ्यले मानिसलाई घच्चचाउँछ । त्यही कार्यशैली वा तौर–तरिकाअनुसारको प्रतिफल प्राप्त हुने प्रतिज्ञा अघिबाटै गरिएको छ, त्यसैबमोजिम परमेश्वरको आज्ञा पालन गरेवापत पाउने उन्मुक्ति यसमा जोडिन्छ । यस किसिमले जीवन यापन गर्दै आएकोमा तिनीहरूले धेरै आशिषको अपेक्षा गर्न सक्दछन् ।[390] तथापि कामको लागि तोकिएको**

[383] रोमी ६:१४; गलाती २:१६; ३:१३; ४:४, ५; प्रेरित १३:३९; रोमी ८:१ ।
[384] रोमी ७:१२, २२, २५; भजनसंग्रह ११९:४-६; १ कोरिन्थी ७:१९; गलाती ४:१४, १६, १८-२३ ।
[385] रोमी ७:७; ३:२० ।
[386] याकुब १:२३-२५; रोमी ७:९, १४, २४ ।
[387] गलाती ३:२४; रोमी ७:२४, २५; ८:३, ४ ।
[388] याकुब २:११; भजनसंग्रह ११९:१०१, १०४, १२८ ।
[389] एज्रा ९:१३, १४; भजनसंग्रह ८९:३०-३४ ।
[390] लेवी २६:१-१४; २ कोरिन्थी ६:१६; एफिसी ६:२, ३; भजनसंग्रह ३७:११; मत्ती ५:५; भजनसंग्रह १९:११ ।

**करारको रूपमा मानिसले पूरा गर्नैपर्ने भने यो होइन ।[391] यसरी मानिसले असल काम गर्नुपर्ने र गलत वा खराबीबाट अलग्गिनुपर्ने हुन्छ । किनभने व्यवस्थाले एउटालाई निकै राम्रोसँग अघि बढ्न हौसला दिन्छ र त्यस्तै अर्कोबाट हतोत्साहित पनि गर्छ । त्यसो हुँदा पनि ऊ व्यवस्थाको अधीनमा नै रहेको छ भन्ने प्रमाण यसले दिँदैन न ता अनुग्रहको अधीनमा नै ऊ हुन्छ ।[392]**

**खण्ड – ७ माथि उल्लेख गरिएका कुनै पनि व्यवस्थाको प्रयोगले अनुग्रहको सुसमाचारसँग बिमति राख्दैनन्, बरू ती सबै ज्यादै सहज प्रकारले सुसमाचारको सन्देशसित सहमत भइदिन्छन् ।[393] ख्रीष्टका आत्माले मानिसलाई आफ्नो अधीनमा राख्दै उसका इच्छालाई प्रबल बनाउँदै राजीखुसी र आनन्दसाथ असल इच्छा गर्न र काम गर्न सक्ने तुल्याउनुहुन्छ, जुन कुरा परमेश्वरको व्यवस्थामा आग्रहकै रूपमा उल्लेख गरिएको छ ।[394]**

यी खण्ड –हरूमा निम्न विचारहरूको पुष्टि गरिएको छः

१. अदममा मानव जातिको पतन भइसकेपछि धेरैले अनेकौँ कोशिस गरेर पनि व्यवस्थाको आज्ञा पालन गरेर कसैले पनि परमेश्वरको धार्मिकता र अनन्त जीवन प्राप्त गर्न सकेको छैन । यो प्रश्न गर्न नै धेरै परको कुरा भएको छ, किनभने सबैले पाप गरेका छन्, किनभन मानिसको स्वभाव नै भ्रष्ट छ, किनभने व्यवस्थाले सिद्ध र अटुटरूपमा आज्ञा पालन गर्नुपर्ने माग राख्दछ । अनि, किनभने “यदि धार्मिकता व्यवस्थाद्वारा आउँथ्यो भने ख्रीष्ट व्यर्थैमा मर्नुभयो” (गलाती २:२१) ।

२. जोजतिले ख्रीष्टको सुसमाचारलाई अँगालेका छन्, ती कोही पनि जीवनको करारको रूपमा व्यवस्थाको अधीनमा छैनन्, बरू सबै नै अनुग्रहको अधीनमा छन् ।

[391] गलाती २;१६; लुका १७:१० ।
[392] रोमी ६: १२, १४; १ पत्रुस ३:८-१२; भजनसंग्रह ३४:१२-१६; हिब्रु १२:२८, २९ ।
[393] गलाती ३:२१ ।
[394] इजकिएल ३६:२७; हिब्रु ८:१०; यर्मिया ३१:३३ ।

३. तथापि सुसमाचारको कारण छुटकाराको निम्ति क्षमादान पाएका र त्यही सिद्धान्तमा पूर्ण सहमतिमा रहेका मानिसहरूका सबै वर्गमा व्यवस्थाको विभिन्न प्रयोग हुनसक्छ । अर्थात् उद्धार पाइसकेका भए तापनि फरक अवस्था र परिस्थितिका मानिसहरूमा व्यवस्थाका केही कुराहरू लागु भइरहेको हुनसक्छ, खासगरी निम्न सवालहरूमा यस्तो हुने सम्भावना रहन्छः

(१) सबै मानिसहरूका लागि व्यवस्था भनेको समान्य अर्थमा परमेश्वरको स्वभाव र इच्छा प्रकट गर्ने माध्यम हो । यो उत्कृष्ट नैतिक जीवनशैलीका लागि मापदण्ड पनि हो । यसले नै मानिसका क्रियाकलापहरूलाई निश्चित विधि वा नियममा बाँध्दछ ।

(२) सुसमाचारको सम्बन्धमा विश्वार गर्दा नयाँ जीवन नपाएको मानिसका लागि व्यवस्थाको प्रयोग उनीहरूलाई परमेश्वरको पवित्रता र न्यायबारे विश्वस्त बनाउनका लागि हुन्छ । तिनीहरूका आफ्नो अशुद्धता र दोषी भावना तथा व्यवस्थाले तोकिदिएका नियमहरू पालन गर्नमा तिनीहरूको असमर्थताका बाबजुद पनि तिनीहरूलाई विश्वस्त बनाएर एउटा शिक्षकले विद्यार्थीलाई डोऱ्याएझैँ गलत बाटोबाट ख्रीष्टसम्म फर्काइल्याउने काम पनि यसले गर्छ (रोमी ७:७–१३; गलाती ३:२४) ।

(३) सुधार गर्नै असम्भव ठानिएका पापीहरूको सवालमा व्यवस्थाको प्रयोग तिनीहरूका दुष्ट चाहनातिर भड्किएर जानबाट तानिल्याउने, तिनीहरूले लागिपरी आज्ञा उलङ्घन गरेका कुराबाट कुनै बाहाना नबनाइकन स्वीकार गर्न लगाउने, तिनीहरूमाथि आइलागेको दोष र दण्डित हुनुपर्ने अवस्थामा परमेश्वरको न्यायबाट मुक्त गराउने र आफूमाथिका सबै मुद्दा वा सवालहरूको चर्चा गरेर अरूलाई तिनै पापमा फँस्नबाट जोगाउने काम यहाँ हुन्छ (१तिमोथी १:९; रोमी १:२०; २:१५; युहन्ना ३:१८, ३६) ।

(४) नयाँ जीवन पाइसकेका मानिसहरूको सम्बन्धमा पवित्र आत्माले प्रयोग गर्नुहुने साधनको रूपमा तिनीहरूलाई उद्धार र छुटकारा दिलाउँदै गर्दा यो व्यवस्था तिनीहरूको पवित्रीकरणमा निरन्तर रहिरहन्छ । यो तिनीहरूमा कुनै किसिमले लचिलो हुननसक्ने धार्मिकताको मापदण्डमा पवित्र आत्माले काम गर्नुहुन्छ । जसमा तिनीहरूको स्वभाव र काम आपसमा अन्तरक्रिया गरिरहेका

हुनसक्छन् । यसले के देखाउँछ भने तिनीहरू ख्रीष्टको आज्ञा पालन गर्नमा निकै उत्सुक छन् । यसले देखाउँछ, उनीहरूले निकै बृहत्‌रूपमा ख्रीष्टको सेवा गर्नमा बाध्य छन् । अनि तिनीहरू कति हदसम्म ख्रीष्ट येशुमा असल कामका लागि बाध्य तुल्याइएका छन् । त्यसकारण यसले पापको दोषी महसुस भएको अवस्थाबाट आफ्नो आनीबानीलाई नयाँ बनाउन र पश्चाताप गर्ने र विश्वास गर्ने कामका लाग्र प्रयास गर्दछ । यो निकै भयानक वा धम्कीपूर्ण पनि छ तर साथमा यसले पापबाट फर्किआउने र अनुग्रह पाउने अभिप्राय प्रकट गर्ने प्रतिज्ञा गर्छ । यसरी मानिसका प्राणलाई अनुग्रह प्राप्तिको अत्यन्तै सुखद अवस्थातिर डोऱ्याउँछ, जहाँ परमेश्वरको अधिकारमा लागु गरिएको व्यवस्था उसैघडी हाम्रा आत्माको नियम बन्छ र यसरी याकुबले लेखेझैँ त्यो हाम्रा लागि स्वतन्त्र गराउने व्यवस्थाको राजकीय नियम बन्छ (याकुब १:२५; २:८,१२) ।

## प्रश्नहरू

१. प्रथम दुईओटा खण्डमा सिकाइएको पहिलो विचार के हो ?
२. त्यहाँ सिकाइएको दोस्रोचाहिँ विचार के हो ?
३. तेस्रोचाहिँ के हो त ?
४. त्यहाँ सिकाइएको चौथो विचार के हो ?
५. सृष्टिको समयमा परमेश्वरले मानव जातिमाथि पन्छाउन नमिल्ने अटुटरूपमा आज्ञाकारिताको कर्तव्य पालन गर्नुपर्ने नैतिक बाध्यता किन थपिदिनुभयो ?
६. सबै व्यवस्थाहरूको आखिरी आधार र नियम के हो ?
७. ईश्वरीय इच्छामा उहाँको ईश्वरीय स्वभाव टिकाइराख्न के कुराले उत्प्रेरित गर्ने होला ?
८. ईश्वरीय नियमलाई कतिओटा वर्गहरूमा लागु गर्न सकिन्छ ?
९. पहिलो वर्गको चारित्रिक चालचलन बारेमा बताउनुहोस् ।
१०. दोस्रो वर्गका लागि के कुरा उस्तै होलान् ?
११. तेस्रो वर्गले पनि के कुरा उस्तै गर्ला ।

१२. चौथो वर्गले कसरी उस्तै कुरा गर्ला ।

१३. पहिलो पटक प्रकट हुँदा यो नैतिक व्यवस्था कस्तो हुँदै थियो ?

१४. तपाईंको जवाफका केही प्रमाण वा पुष्टि गर्नुहोस् ।

१५. पतन भएपछि मानिसका खाँचो टार्नमा यो नियम प्रशस्त हुन सक्ला त ?

१६. परमेश्वरको इच्छाको पूर्ण प्रकाश मानिसको जीवनको निम्ति पूर्ण रूपमा कहिले आउने होला ?

१७. धर्मशास्त्रमात्रै विश्वासको अभ्यास र पूर्णताका लागि दिइएको नियम हो भन्ने तथ्यमा कस्तो व्यवहारिक निष्कर्ष निकाल्न सकिन्छ ?

१८. सृष्टिको प्रथम चरणमा मानिसलाई कुन खास प्रकाशको सम्बन्धमा व्यवस्था दिइयो ?

१९. त्यस व्यवस्थापनमा देखिएको खास समस्या के थियो ?

२०. आदमद्वारा गुमेको त्यस करारको स्थान कसले लियो ?

२१. हाम्रो जीवनका हरेक सम्बन्धमा व्यवस्थाले दाबी गरेअनुसार चुनिएकाहरूलाई छुटकारा दिलाइएको
थियो ? यदि होइन भने के सवालका व्यवस्था बाध्यकारी रहिरहन्छ त ?

२२. सबैखाले नैतिक व्यवस्थाहरू दस आज्ञाकै सहज बुझाइका आधारमा बताइएको छ भन्नुको खास अर्थ के हो, पुष्टि गर्नुहोस् ?

२३. यो तथ्य नै सबै नैतिक नियममा लागु हुन्छ भनि पुष्टि गर्नुहोस् ।

२४. रोमन क्याथोलिक मण्डलीले दस आज्ञामाथि के उद्देश्यले र कसरी खेलबाड (हलुका बनाएर) गरेको छ ?

२५. दस आज्ञाको व्याख्या गर्दा हामीले हेक्का राख्नुपर्ने मुख्य सिद्धान्त के हो ?

२६. दस आज्ञाबाट लिइएको पहिलो सिद्धान्त के हो ?

२७. यसैबाट लिइएका दोस्रो, तेस्रो, चौथो र पाँचौँ सिद्धान्तहरू के के हुन् ?

२८. यस अध्यायका तेस्रो, चौथो र पाँचौँ खण्डमा सिकाइएका खास विचार वा अवधारणाहरू के के हुन् ?

२९. यहाँ सिकाइएको दोस्रो विचार के हो ?

३०. तेस्रो विचार के हो ?

३१. चौथो विचारचाहिँ के हो ?
३२. ख्रीष्टियनहरूका लागि जीवनका नियमहरू बन्दैगर्दा पहिलेका कुनचाहिँ व्यवस्था वा नियमहरूलाई संशोधन वा खारेज गरिएको छैन ?
३३. नैतिक नियमहरू कुनै पनि खारेज गरिएको छैन भन्ने कुरा पुष्टि गर्नुहोस् ।
३४. कुन सिद्धान्तका आधारमा हामी कुनचाहिँ व्यवस्था स्थायी (कहिल्यै नबदलिने) हुन् र कुनचाहिँ खास समय अवधिका लागि मात्रै हुन् भनेर बताउन सक्छौँ ?
३५. मोसाद्वारा दिइएको व्यवस्थालाई कुन कुन फरक आधारमा बुझ्नुपर्छ ?
३६. मोसाद्वारा दिइएका धार्मिक विधि (बलिदान तथा चाडपर्व मनाउने) हरू येशु ख्रीष्टको जीवन र उहाँका कामहरूको प्रतीक थिए भनि पुष्टि गर्नुहोस् ।
३७. व्यवस्थाका प्रतीक र प्रकारका बिच के भिन्नता छ ? प्रस्ट गर्नुहोस् ।
३८. धार्मिक विधिका नियमहरू, अर्थात् बलिदान र चाडपर्वहरूसम्बन्धि व्यवस्था ख्रीष्टद्वारा पूरा गरिए भनि पुष्टि गर्नुहोस् ।
३९. यहुदीहरूका लागि दिइएको न्यायिक व्यवस्था (सामान्य कानुनहरू) अबउसो बाध्यकारी हुने छैनन् भन्ने पुष्टि गर्नुहोस् ।
४०. छैठौँ र सातौँ खण्डमा सिकाएको पहिलो विचार के हो ?
४१. त्यहाँ सिकाएको दोस्रो विचार के हो ?
४२. तेस्रो विचार के हो ?
४३. सुसमाचारले ल्याउने उन्मुक्तिपछि सामान्य अर्थमा पहिलेका व्यवस्थाहरूको उपयोग के हुन्छ ?
४४. सुसमाचारमा प्रदान गरिएको अनुग्रहका दृष्टिले नयाँ जीवन नपाएका मानिसहरूमा उक्त व्यवस्थाको उपयोग के हुन्छ ?
४५. सुधार गर्नै नसकिने पापीहरूका विषयमा व्यवस्थाको उपयोग के हुन्छ ?
४६. नयाँ जीवन पाएका मानिसहरूका विषयमा व्यवस्थाको उपयोग के हुन्छ ?

# अध्याय २०
# (CHAPTER XX)
# ख्रीष्टियनहरूको स्वतन्त्रता र विवेकको स्वतन्त्रता
# (OF CHRISTIAN LIBERTY AND LIBERTY OF CONSCIENCE)

**खण्ड – १  सुसमाचारको प्रावधान अनुसार ख्रीष्टले विश्वासीहरूका लागि किन्नुभएको स्वतन्त्रतामा उनीहरू पापको दोषी भावना र भष्म गर्ने परमेश्वरको क्रोधबाट उन्मुक्त हुने कुरा समावेश हुन्छ । साथै नैतिक व्यवस्थाको श्रापबाट मुक्त गराउने काम पनि यही स्वतन्त्रताले गर्छ ।[395] यस वर्तमान संसारको दुष्टता, शैतानको बन्धन र पापको अधिकारबाट छुटकारा दिलाउने काम यसै स्वतन्त्रताले गराउँछ ।[396] त्यसैगरी दुःखकष्टको दुश्चक्र, मृत्युको दुर्गन्धि र चिहानमाथि र अनन्तसम्मै दण्डित हुने परिणाममाथि विजयी हुने स्वतन्त्रता पनि यसैमा जोडिएर आउँछ ।[397] यसले नै विश्वासीहरूलाई सहजै परमेश्वरसम्म पहुँचमा लैजान्छ ।[398] अनि उहाँमा समर्पित भएर गरिने आज्ञापालनको निम्ति तयार गराउँछ, दासत्वको भावना वा जबरजस्तीमा परेको महसुस गर्दै होइन बरू सन्तान बनेको अनुभूतिमा बालकलेझैं प्रेममा बाँधिएर राजीखुसीले आज्ञाकारी बन्न प्रेरित गर्छ ।[399] यी सबै कुरा विश्वासीहरूका लागि व्यवस्थाको अधीनमा सामान्य नै हुन्छन् ।[400] तर नयाँ करारको अधीनमा विश्वासीहरूले प्राप्त गर्ने स्वतन्त्रता निकै बृहत हुन्छ, त्यो विधि पालनको व्यवस्थाको जुवाबाट**

395 तीतस २:१४; १ थेसलोनिकि १:१०; गलाती ३:१३ ।
396 गलाती १:४; कलस्सी १:१३; प्रेरित २६:१८; रोमी ६:१४ ।
397 रोमी ८:२८, भजनसंग्रह ११९:७१; १ कोरिन्थी १५:५४-५७; रोमी ८:१ ।
398 रोमी ५:१, २ ।
399 रोमी ८:१४, १५; १ यहुन्ना ४:१८ ।
400 गलाती ३:९, १४ ।

**उन्मुक्त हुन्छ, जसको अधीनमा यहुदी (मण्डली) समुदाय रहेको थियो ।[401] योचाहिँ अत्यन्तै साहससाथ परमेश्वरको अनुग्रहको सिंहासनसामु पुग्दछ ।[402] यसरी व्यवस्थाको अधीनमा हुने विश्वासीहरूले लिने समान्य सहभागिताभन्दा बढी परमेश्वरका स्वतन्त्र आत्मासित पूरा सम्बाद गर्न सम्भव हुन्छ ।[403]**

यस अध्यायको विषयवस्तु नै ख्रीष्टमा प्राप्त हुने स्वतन्त्रताले उहाँका मानिसहरूलाई धेरै अर्थमा फुक्का गराउँछ भन्ने हो । यो विषय हामीले अध्याय ९ मा चर्चा गरेको स्वतन्त्र इच्छा भन्ने विषयसित निकै फरक छ । हामीले त्यहाँ चर्चा गरेको स्वतन्त्र इच्छा आफैमा मानव प्राणको अपरिहार्य तथा वैधानिक क्षेत्र हो, जसले आफ्नो मनले चाहेअनुसार र आफैलाई खुसी तुल्याउने प्रयासमा आफ्नो इच्छाको उपयोग गर्छ । इच्छाको यस स्वतन्त्रता चाहनाहरूलाई उन्मुक्त गराउन स्वतन्त्र हुन्छ र यो असल वा खराब सबैखाले चाहनाले भरिएको हुन्छ, अथवा यसलाई कुनै रीतिले उत्तरदायी बनाउन सकिँदैन । अर्कोतर्फ ख्रीष्टियन स्वतन्त्रताले दुईवटा कुराहरूमा जोड दिन्छ — (१) परमेश्वरको व्यवस्थाअनुसार इच्छा गर्ने र काम गर्ने दुबै तुल्याउन मानव प्राणको आन्तरिक आत्मिक अवस्थालाई पूरै सबल बनाउँछ; (२) परमेश्वरसितको यस्तो सम्बन्धमा ल्याउँछ, जसले डरको अवस्थाबाट छुटकारा दिलाएर प्रेमको कोमलता र दीगो आशामा डोऱ्याउँछ । त्यसका साथै यसले शैतान र दुष्ट मानिसहरूसितको सम्बन्ध पनि झल्काउँछ, जसको प्रलोभनमा पार्ने प्रभावबाट छुटकारा दिलाउँछ । यसबाट आफूलाई परमेश्वरको निम्ति उपलब्ध गराएपछि के कस्तो लाभ प्राप्त हुन्छ भन्ने ज्ञान पनि उसलाई हुन्छ । यस स्वतन्त्रतामा नयाँ जीवन पाउँदा देखापर्ने परिवर्तनको प्रभाव र शुद्धीकरण हुँदा सिद्ध तुल्याइने प्रक्रिया साथै सम्बन्धमा आउने बदलाउ धर्मी तुल्याइने काममा प्रकट हुन्छ । धर्मपुत्र ग्रहणको अनुग्रहका लागि र परमेश्वरका सन्तानहरूले प्राप्त गर्ने लाभका लागि यो मुख्य विषय पनि

---

[401] गलाती ४:१-३, ६, ७; ५:१; प्रेरित १५:१०, ११ ।

[402] हिब्रू ४:१४, १६; १०:१९-२२ ।

[403] यहुन्ना ७:३८, ३९; २ कोरिन्थी ३:१३, १७, १८ ।

हो (रोमी ८:१४–१५) । यो हाम्रा लागि ख्रीष्टद्वारा खरिद गरिएको थियो, त्यसर्थ यसका लागि सबै श्रेय उहाँलाई नै दिइन्छ (गलाती ५:१) । पवित्र आत्माद्वारा हामीमा यो प्रयोग गरिएको हुन्छ । यसो पनि भन्न सकिन्छ, पवित्र आत्माले नै यो कुरा हाम्रा हृदयमा लेखिदिनु हुन्छ र त्यसकारण यसको श्रेय उसैगरी पवित्र आत्मालाई दिइन्छ (२कोरिन्थी ३:१७) ।

यस खण्डले ख्रीष्टियनहरू (अथवा विश्वास गर्ने मानिसहरू) का लागि उपलब्ध गराइने अमूल्य र विस्तृत अनुग्रहको विषयमा निम्न कुरा प्रस्तुत गरेको छः पहिलो, सबै समयका सबै विश्वासहरूका लागि यो एकदमै सामान्य कुरा हो । दोस्रो, धर्मशास्त्रको पुरानो व्याख्याको विपरीत नयाँ व्याख्यामा आधारित भएर हेर्दा प्रस्ट हुन्छ, यसको भरपूर आनन्द विश्वासीहरूले लिन पाएका छन् ।

१. ख्रीष्टियन स्वतन्त्रता सबै समयका सबै विश्वासीहरूमा उत्तिकै लागु हुने भएको हुँदा यो खासगरी निम्न अवस्थामा क्रियाशील रहन्छः (१) यो स्वतन्त्रता पापको दोष तथा नैतिक व्यवस्थाको श्राप अनुभूति भएको अवस्थाबाट लिइएको हुन्छ । हामीले यस पुस्तकको अध्याय ६ मा यो विषयको चर्चा गरिसकेका छौँ । जसै विश्वासीलाई धर्मी तुल्याउने काम हुन्छ, त्यसैघडी यसले पाउनुपर्ने न्यायप्रतिको कठोरता रद्द गरिन्छ । यसरी येशु ख्रीष्टको सिद्ध धार्मिकताले विश्वासीको जीवनमा रहेभएका सबै अपराधजन्य सोचविचार र अनुभूतिहरू उहाँको थाप्लोमा सारिन्छन् । उसको जीवनमा भएको पापको सम्पूर्ण दोषी भावना अबउसो निमिट्यान्न बनाइन्छन्, व्यवस्थाले पापको सट्टामा जेसुकै माग गर्ने भए पनि ती सबै शान्त तुल्याइन्छन् । अबउसो पापको बन्धनले उसलाई कत्तिपनि बाँधिराख्न सक्नेछैन । "परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लगाउने ? धर्मी ठहऱ्याउने परमेश्वर नै हुनुहुन्छ भने दण्डको आज्ञा दिने को हो ?" (रोमी ८:३३–३४) ।

(२) यिनै कुरा पापको बन्धनबाट पनि आएका हुन्छन्, जब तिनलाई पापकै अन्तरिनिहित स्वभावको सामान्य सिद्धान्तको रूपमा हेरिन्छ । व्यक्तिले नयाँ जन्म पाउँदै गर्दा यो छुटकारा सुरु हुन्छ, जन कुरा व्यक्तिको शुद्धीकरणको क्षणसम्म कायमै रहन्छ । यस विषयमा हामीले अध्याय १० र १३ मा चर्चा गरिसकेका छौँ । तिनीहरूका मनमा व्यवस्थाका विरुद्धमा संघर्ष गरिरहेको

शरीरका कुनै पनि अङ्गमा त्यो अझै पनि रहिरहेको हुन्छ, जसले पापको व्यवस्थाको अधीनमा पार्न प्रयास गरिरहेको हुन्थ्यो (रोमी ७:२३) । तथापि पवित्र आत्मा आफ्नो बासस्थानमा बसेर तिनीहरूमा असल इच्छा गर्ने र काम गर्ने बनाउनुहुन्छ । यसरी तिनीहरूलाई सम्पूर्ण रीतिले विजयमा डोऱ्याउनुहुन्छ (थप अध्ययनका लागि अध्याय १७ हेर्नुहोस्) ।

(३) तिनीहरूसित त्यसकारण परमेश्वरको शान्ति हुन्छ । यस शान्तिमा हाम्रा लागि दुईओटा फाइदा समावेश हुन्छन्ः हाम्रा प्रधान पूजाहारी प्रभु येशु ख्रीष्टले चढाउनुभएको प्रायश्चितको बलिदानद्वारा परमेश्वरसँग हामीलाई दिइएको अमूल्य मिलाप र पवित्र आत्माले गरिदिनुहुने कामद्वारा हामीले उहाँसँग हुने मिलाप । यसो भएकोले हामीलाई बिस्तारै सिध्याउने र बन्धनमा कैद गर्ने डरको आत्माबाट हामीले छुटकारा पाएका छौँ । तर हाम्रा हृदयमा निर्धक्क तुल्याउने उहाँको प्रबल प्रेम खन्याइएको कारण हामी उहाँको सामुन्ने सानो बालकझैँ समर्पित भएर जान सक्छौँ (१युहन्ना ४:१८) । पवित्र आत्मा स्वयम् पनि हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ । उहाँले हाम्रा हृदयमा हामी परमेश्वरका सन्तान हौँ भनि गवाही दिनुहुन्छ (रोमी ८:१६) । यसर्थ परमेश्वरको यो ठुलो घरानामाथि प्रधान पूजाहारी समेत हामीसँग भइदिनु भएको हुनाले स्वयम् उहाँको पवित्रतामा हामीलाई प्रवेश गर्ने हिम्मत मिलेको छ । त्यही पवित्र स्थानमा हामीले ख्रीष्ट येशुद्वारा देखाइएको जीवन्त मार्गमा प्रवेश पाएका छौँ । परमेश्वरले दिनु हुने अनुग्रहको विषयमा प्रस्ट प्रकाश दिँदै उहाँका प्रिय पात्रहरू (हामी) सित सञ्चार गर्नुहुन्छ ।

(४) तिनीहरूलाई शैतानको दासत्व र वर्तमान युगका खराब कुराहरूको बन्धनबाट छुटकारा दिइएको छ । यस “संसार” र “दुष्ट” को शक्ति हाम्रो शरीर अथवा हाम्रो हृदयको भ्रष्टतामा लागु हुन्छ । तर ख्रीष्ट “यी सबै कुरामा परीक्षित हुनुभयो, उहाँ हामीजस्तै हुनुहुन्थ्यो र पनि उहाँ निष्कलङ्क ठहरिनुभयो” (हिब्रू ४:१५) । धमी तुल्याउने कामले विश्वासीहरूलाई परमेश्वरको पवित्रतामा अर्पण गरिन्छ । अनि शुद्धीकरण (पवित्र तुल्याउने) कामले परीक्षातिर घिसार्ने शक्तिलाई परास्त गर्छ । हरेक सवालहरूमा परमेश्वरले कि त अत्यन्तै अनुग्रही बनेर हामीलाई ती परीक्षाहरूसित लड्ने र विजयी हुने सामर्थ्य दिनुहुन्छ अथवा हामीलाई त्यस परीक्षाबाट उम्केर भाग्न सक्षम बनाउनुहुन्छ (१कोरिन्थी १०:१३) ।

यसरी शैतान पनि परमेश्वरको शक्तिको अधीनमा हुन्छ, उहाँले हामीलाई शैतानको सामना गर्न सहायता गर्नुहुन्छ, हामीलाई बहकाउन सक्ने त्यसको शक्तिबाट उहाँले नै हामीलाई बिरोध गर्ने र सामना गर्न सक्ने तुल्याउनुहुन्छ ।

(५) तिनीहरूलाई दुष्टताको क्लेश र सन्ताप साथै मृत्युको दुर्गन्धबाट छुटकारा दिइएको छ । मृत्युको दुर्गन्ध भनेको पाप हो । पापको शक्ति व्यवस्थामा हुन्छ । तर ख्रीष्टले आफै श्राप बनिदिएर तिनीहरूलाई व्यवस्थाको श्रापबाट समेत छुटकारा दिलाउनु भएको छ । धर्मी तुल्याउने प्रक्रियामा विश्वासीको व्यवस्थासितको सम्बन्ध पूरै फेरिन्छ । अब व्यवस्था तिनीहरूको उद्धारका लागि कुनै रीतिले मापदण्ड बन्दैन । अर्थात् विश्वासीले व्यवस्था पालन गरेर उद्धार पाउने होइन । त्यसैगरी पापको परिणामस्वरूप यस जीवनमा आइलाग्ने सबै दुखद घटनाहरू र मृत्यु पापकै दण्डको रूपमा मानिसले चुकाउनुपर्ने ऋण ख्रीष्टले आफै चुक्ता गरिदिनु भएको कारण अनन्त उद्धार सम्भव भएको हो । यो परमेश्वरले हामी मानिसहरूका खातिर प्रदान नगरिदिनु भएको अनुग्रह हो । यसैद्वारा सबै मानिसको प्रगति सम्भव तुल्याइएको छ (हिब्रू १२:६–११) । येशुको मृत्युद्वारा विश्वासीहरू मृत्युको डरबाट मुक्त गरिएका छन् ।

(६) तिनीहरूलाई चिहानको विजय र अनन्त दण्डबाट पनि छुटकारा दिइएको छ । एउटा विश्वासीले अनुभव गर्न सक्ने उहाँले प्रदान गर्नुहुने उद्धारको पहिलो प्रभाव भनेको उसले आफ्ना पापको क्षमा पाएको प्रस्ट अनुभव हो । उदि पापहरू क्षमा गरिएका छन् भने पापकै परिणामको रूपमा भोग्नुपर्ने सबै दण्डहरू हटाइएको हुन्छ । "त्यसकारण ख्रीष्टमा भएकाहरूलाई अबउसो दण्डको आज्ञा छैन" (रोमी ८:१) । यसरी मृत्युभन्दा परसम्म अब डरको गुन्जायसै रहँदैन । हाम्रो मरणशील शरीर पनि ख्रीष्टको देहका अङ्ग र पवित्र आत्माको मन्दिर बनेको छ । आत्माले नै हाम्रा शरीरलाई बदलेर हाम्रा महिमित उद्धारकर्ताकै रूप समान बनाउनुहुन्छ (१कोरिन्थी ६:१५,१९; रोमी ८:११; फिलिप्पी ३:२१) ।

२. पुरानो करारका विश्वासीहरूले पाउने स्वतन्त्रताभन्दा नयाँ करारका विश्वासीहरू पाउने स्वतन्त्रता निकै उच्चकोटीको हुन्छ । उसबेलाको भन्दा

अहिलेका विश्वासीहरूले सुसमाचारले ल्याउने स्वतन्त्रतामा अत्यन्त बढी आनन्द मनाउन सक्दछन् ।

(१) नयाँ करारको विश्वासीलाई रीतिविधि पालन गर्नुपर्ने व्यवस्थाको बन्धनबाट मुक्त गरिएको छ । यस्तो व्यवस्था त पुरानो करारका विश्वासीहरूका लागि लागु गरिएको थियो, जसमा परमेश्वरका पुत्र आउनुहुने कुराको प्रकाश मात्रै दिइएको थियो । त्यसकारण त्यो अनुमान लगाइएको भन्दा फरक आशीष् थियो । तर त्यो आफैमा नयाँ करारसित ठ्याक्कै तुलना गर्न नसकिने, बरू खास भौतिक कुराको सङ्केत र विधि पालनको कुरा थियो । यसैकारण यो अलि बढ्तै बाध्यकारी र जबरजस्ती गर्ने किसिमको पनि थियो । त्यसै हुनाले प्रेरितले यसलाई "सांसारिक तत्त्व" भनेका हुन् । त्यही व्यवस्थाको अधीनमा सबै यहुदीहरू थिए (गलाती ४:३) । त्यो "बन्धनमा राख्ने जुवा" (गलाती ५:१) थियो । त्यसैगरी त्यो धेरैका लागि "उद्धारको समय नआउञ्जेलसम्म शारीरिक इच्छा–चाहना पूरा गर्नका लागि पालन गर्नैपर्ने" नैतिक बन्धन थियो (हिब्रू ९:१०) । यसका अतिरिक्त उनले गलातियाको मण्डलीलाई पनि लेखेका छन्, "स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र गर्नुभएको छ । यसकारण दह्रा भएर खडा होओ र फेरि दासत्वको जुवामुनि नपर" (गलाती ५:१) । हामी उनै व्यक्तिले प्रकाश पारिदिनुभएको प्रस्ट उज्यालोमा छौँ, अति प्रशंसनीय उद्धारक उनै व्यक्तिमा हाम्रा निम्ति उद्धारको काम सम्पन्न भयो । हामीसँग भएको ज्योति बाल्ने नभएर उहाँबाट प्रकाश भएको ज्योतिलाई हामी सोझै परावर्तन गर्छौं — पवित्रस्थानको बाहिरी खण्डमा भएको वेदीमा ज्यादै कष्टसाथ पूजाहारीको मध्यस्थतामार्फत् नभएर सोझै र तत्कालै पितासम्म पुग्ने अधिकार पाएका छौँ ।

(२) यससित सम्बन्धमा रहेर अहिलेको वर्गीकृत विचारमा विश्वासीजनले अझ बढी साहससाथ परमेश्वरकहाँ पुग्न र उहाँका आत्मासित सम्पूर्ण वार्तालाप गर्ने प्रयास गर्नसक्छ । अहिलेको यो झनै गतिलो साहसको प्रत्यक्ष प्रमाणको परिणामस्वरूप आनन्द मनाउँदै गर्दा र सम्पूर्ण प्रकाशमा जीवन यापन गर्दैगर्दा छुटकाराको परिपूर्णता र पवित्र आत्मासितको सम्पूर्ण वार्तालाप पनि सँगै लिएर आउँछ । हामी जान्दछौँ, उनै ईश्वरीय व्यक्तित्वले पुरानो करारका सन्तहरूलाई प्रेरणा दिनुभएको थियो । तथापि यो नयाँ वर्गीकरण अति प्रस्ट छ भनि निकै

मुक्तकण्ठले प्रशंसा गरिएको छ, त्यो स्पष्टता पवित्र आत्माको काममा आदरसाथ प्रकट गरिएको छ र त्यो पूर्णतामा उहाँको प्रभावको व्यख्या गरिएको छ ।

ख्रीष्टले आफू स्वर्गमा जानुभएपछि उहाँको अघिबाटै पूर्वानुमान लगाइएकै नापबमोजिम पवित्र आत्माको वरदान दिनेछु भनि प्रतिज्ञा गर्नुभयो (युहन्ना १५:२६) । त्यसअघि यसो भनिएको थियो, "येशु महिमामा गइनसक्नु भएकोले पवित्र आत्मा अझै दिइएको थिएन" (युहन्ना ७:३९) । उहाँ स्वर्ग जानु भएपछि पेन्तिकोस पर्वको त्यस महान् अवसरमा पुरानो करारमा गरिएका अगमवाणीहरू र येशुले गर्नुभएको प्रतिज्ञा पनि पूरा भए भन्दै पत्रुसले प्रचार गरे (यशैया ४४:३; इजकिएल ३६:२७; योएल २:२८–२९) । "यिनै येशुलाई परमेश्वरले जीवित पार्नुभयो । यस कुराका हामी सबै साक्षी छौँ । यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो" (प्रेरित २:३२; २:१६,१७) ।

**खण्ड – २ परमेश्वर आफै सबै ज्ञान र चेतनाका प्रभु हुनुहुन्छ ।[404] उहाँको वचनको विपरीत देखिएका मानिसका कुनै पनि तर्क, सिद्धान्त र आदेशहरूलाई त्यत्तिकै स्वतन्त्र छाडिदिनुभयो । त्यसका अतिरिक्त विश्वास र आराधनाको सवालमा पनि जेजति कुराहरू वचनसँग मिल्दैनथे,[405] ती सबैलाई उहाँले त्यत्तिकै छाडिदिनुभयो । त्यसर्थ यस्ता सिद्धान्तहरू मानिलिनु वा विवेकले सही नठहऱ्याउँदा नठहऱ्याउँदै पनि यस्ता सिद्धान्तहरू मात्रै कुरालाई उहाँले त्यसै छाडिदिनुभयो । त्यसकारण विवेकभन्दा बाहिरबाट आएका यस्ता सिद्धान्त, आज्ञा वा तर्कहरू पत्याउनुको अर्थ स्वतन्त्र तुल्याउने पवित्र आत्माको विचारलाई अस्वीकार गर्नु हो ।[406] यसका साथै कुनै खास विशबासको खोजी गर्नु वा चुपचाप**

---

404 याकुब ४:१२; रोमी १४:४ ।

405 प्रेरित ४:१९; ५:२९; १ कोरिन्थी ७:२३; मत्ती २३:८-१०; २ कोरिन्थी १:२४; मत्ती १५:९ ।

406 कलस्सी २:२०, २२, २३; गलाती १:१०; २:४, ५; ५:१ ।

**अन्धभक्त बनेर आज्ञा पालन गर्नु भनेको पनि स्वतन्त्र तुल्याउने महान् विवेक वा तर्कलाई रद्धी बनाउन खोज्नु हो ।[407]**

**खण्ड – ३ ख्रीष्टियन स्वतन्त्रताको बहानामा कति मानिसहरूले पाप गरिराख्ने वा कुनै अभिलाषामा रमाइलो गरिरहेका हुन सक्छन् । यसरी तिनीहरूले आखिरमा आफ्नो ख्रीष्टियन स्वतन्त्रता नष्ट गर्नेछन् । हुन त यो स्वतन्त्रताको खास अर्थ शत्रुका हातबाट छुटकारा पाउनु भन्ने पनि हो । यो स्वतन्त्रता पाइसकेपछि हामी परमेश्वरको सेवा बिना डर गर्न सक्छौँ । हामी उहाँलाई पवित्रता र धार्मिकतामा हाम्रा हरेक दिन स्वेच्छाले सेवा गर्न सक्छौँ ।[408]**

**खण्ड – ४ परमेश्वरले अभिषेकको रूपमा दिनुभएको शक्तिको र ख्रीष्टले हाम्रा लागि खरिद गर्नुभएको स्वतन्त्रताको कारण यो स्वतन्त्रता नष्ट होस् भन्ने परमेश्वर पटक्कै चाहनुहुन्न । बरू यसलाई परमेश्वर र हामी दुबै पक्ष मिलेर जोगाउन सकौँ, यो उहाँको चाहना हो । जोजसले यस स्वतन्त्रताको बाहनामा अचाहिँदो काम गर्छन्, तिनलाई वैधानिक शक्तिको प्रयोगद्वारा विरोध गर्नुपर्छ । त्यस्ता विचार र गतिविधिहरूको विरोध व्यवस्थासम्मत काम गरेर गर्न सकिन्छ । नागरिक समाजको प्रयत्नबाट होस् वा धार्मिक (मण्डली) समुदायको सक्रियतामा होस्, हामीले परमेश्वरले दिनुभएका नियमहरूका आधारमा त्यस्ता क्रियाकलापको विरोध गर्नुपर्छ ।[409] अनि तिनीहरूले यस सवालमा सार्वजनिक गरेका विचारहरू वा स्वतन्त्रताको विषयमा गरिएको हेलचेक्र्याईको विरोध हुने नै छ । त्यो कुरा विश्वासको सवालमा होस् कि आराधना वा वार्तालाप गर्दिँदा उठाइएको सवालमा होस् अथवा ईश्वरीय चरित्रबाट आउने शक्ति होस्, त्यस्तो गलत बुझाइ वा खराब**

[407] रोमी १०:१७; १४:२३; यशैया ८:२०; प्रेरित १७:११; यहुन्ना ४:२२; होशे ५:११; प्रकाश १३:१२, १६, १७; यर्मिया ८:९ ।

[408] गलाती ४:१३; १ पत्रुस २:१६; २ पत्रुस २:१९; यहुन्ना ८:३४; लुका १:७४, ७५ ।

[409] मत्ती १२:२५; १ पत्रुस २;१३, १४, १६; रोमी १३:१-८; हिब्रु १३:१७ ।

**अभ्यास होस्, त्यसको आफ्नो स्वभावमा होस् वा त्यसलाई सार्वजनिक गर्ने वा आफैले लागु गर्ने कुरा किन नहोस्, तिनले हामीमा भएको बाहिरी शान्तिका निम्ति घातक हुन्छन् । त्यही कुरा ख्रीष्टले शुद्धताको लागि मण्डलीमा स्थापित गरिदिनुभएको छ । त्यसकारण तिनीहरूलाई व्यवस्था अनुसार नै ख्रीष्टिमा उत्तरदायी बन्न उत्साहित गरिएको छ । उनीहरूलाई परै उत्तरदायी हुन बोलाइएको छ । यसरी यो विषय मण्डलीको गम्भीर विषय बनेको छ र यसैबाट मण्डलीलाई हदैसम्म निन्दाको पात्र तुल्याउने काम पनि भएको छ ।**[410]

यी खण्डहरूले निम्न विचारहरू सिकाउने छन्ः

१. परमेश्वरमात्रै मानव चेतनाको परमेश्वर हुनुहुन्छ, जुनचाहिँ उहाँको अख्तियारप्रति उत्तरदायी रहन्छ ।

२. परमेश्वरले मानव चेतनामाथि उहाँको मात्रै अधिकार रहने कुरा आफ्नो व्यवस्थामा प्रस्ट उल्लेख गर्नुभएको छ । मानव जीवनका लागि प्रकट गरिएको सिद्ध प्रकाश पवित्र आत्माद्वारा प्रेरित गरिएको धर्मशास्त्रमा मात्रै छ । त्यसर्थ परमेश्वरले मानिसको विवेकलाई परमेश्वरको वचनको शिक्षा भन्दा फरक वा विपरीत हुने सबै किसिमका सिद्धान्त वा मानवीय आज्ञाहरूमाथि विश्वास र आज्ञापालन गर्नुपर्ने बाध्यताबाट समेत उन्मुक्ति दिनुहुन्छ ।

३. यसर्थ विवेकले नै उचित मानेर यस्ता सिद्धान्तहरूमाथि विश्वास गर्नु र ती आज्ञाहरू पालन गर्नु भनेको एकमात्र प्रभुप्रतिको बफादारिताका विरुद्ध उहाँमा प्राप्त स्वतन्त्रतालाई लत्याएर गएको पापको दोषी हुनु हो । त्यसैगरी उहाँको व्यवस्था बाहेक अरू नै आज्ञाहरू पालन गर्नुको अर्थ परमेश्वरको विशेषाधिकारलाई लत्याएर उहाँबाट मानिसलाई दिइएको अति मूल्यवान स्वतन्त्रतालाई नष्ट गर्नु हो ।

४. तथापि यो ख्रीष्टियन स्वतन्त्रता सास्वत भने होइन । यसको आफ्नो सीमा र दायरा छ । यसको आखिरी लक्ष्य भनेको हरेक व्यक्तिले कसैको रोकतोक

---

[410] रोमी १;३२; १ कोरिन्थी ५:१, ५, ११, १३; २ यहुन्ना १०, ११; २ थेसलोनिकि ३:१४; १ तिमोथी ६:३-५; तीतस १:१०, ११, १३; ३:१०; मत्ती १७:१५-१७; १ तिमोथी १;१९, २०; प्रकाश २:२, १४, १५, २०; ३:९ ।

बेगर नै परमेश्वरले चाहनु भएअनुसार उहाँको सेवा गर्ने अवसर पाऊन् भन्ने हो । यस स्वतन्त्रताका दायरा भने दुईथरी छन्ः (क) हाम्रो विवेकका प्रभु, परमेश्वरको अख्तियार र (ख) हामी बास गर्ने संगठित समाजका हाम्रा सँगी मानिसहरूको समान स्वतन्त्रता र अधिकार ।

५. परमेश्वरले मण्डली र राज्य दुबैलाई स्थापित गर्नुभएको कारण आफूलाई दिइएको अधिकारको अभ्यास गर्दै वैधानिक राज्यका उच्च निकाय तथा सरकारको आज्ञा पालन गर्नु पनि परमेश्वरकै आज्ञा पालन गरेर सरह हुन्छ ।

६. प्राकृतिक प्रकाश (ज्ञान), धर्मशास्त्रको सिद्धान्त तथा ख्रीष्टियन समुदायले कायम राखेको शान्ति र कल्याणकारी कर्तव्यका विरुद्धमा सोझै प्रस्तुत हुने विचार वा प्रयोग हुने क्रियाकलापका खिलाफमा खडा हुने अधिकार मण्डलीले परमेश्वरबाट पाएको छ ।

१. अति उच्च र केवल एकमात्र सास्वत चेतनामा मानव जातिको विवेक तथा ज्ञानबुद्धिको परमेश्वर एकमात्र प्रभु हुनुहुन्छ भन्ने कुरा कदापि अस्वीकार गरिएको छैन । रोमन क्याथोलिक मण्डलीले एउटा वास्तविक प्रश्न खडा गरेको छ, आफ्ना मानिसहरूका विवेकलाई बाँध्ने र फुकाउने अधिकारको प्रयोग गर्ने सवालमा परमेश्वरले हामीलाई जे कुरा उहाँको इच्छाको रूपमा दिनुभएको छ र जुन उपायले उहाँ सो इच्छालाई लागु गर्न चाहनुहुन्छ, त्यससित सम्बन्धित हुन्छ । यस संसारमा परमेश्वरको साँचो इच्छाको मापदण्ड र प्रत्यक्ष संस्था उहाँकै प्रेरणाद्वारा स्थापना भएको कहिल्यै नचुक्ने वा गल्ती नगर्ने मण्डली नै हो भनि क्याथोलिकहरूको बलियो मान्यता रहिआएको छ, जसलाई प्रेरितहरूबाट सोझै विधिपूर्वक अभिषेक गरिएका बिशपहरूको समितिले र सामान्यतया सोझै रोमको भ्याटिकनबाट (पोपको) पवित्र दृष्टिले सञ्चालन गर्ने गर्दछ । उनीहरू मान्दछन्, मण्डलीले नै परमेश्वरको नाउँमा उहाँका व्यवस्थाहरूको व्याख्या गर्ने र लागु गर्ने अधिकार पाएको छ । मण्डलीले मानिसका विवेकलाई नैतिक सीमा तोकिदिएर अनुशासित तुल्याउने अधिकार राख्दछ । यसले यी व्यवस्था लागु गर्नमा आवश्यक सबै बाध्यात्मक नियमहरू सक्रिय गराउने अधिकारको प्रयोग गर्छ र कसैलाई परमेश्वरको नाउँमा दण्ड तोक्ने वा स्वर्गको लागि मुक्ति दिने काम गर्न सक्नेछ । यसरी मानिसका विवेकलाई स्वर्गको निम्ति बाँध्ने वा फुकाउने मात्रै

होइन मानिसका लागि स्वर्गको ढोका खोल्ने कि बन्द गर्न सक्नेसम्मको अधिकार मण्डलीमा हुन्छ भन्ने कुरा क्याथोलिकहरूमा बलियो मान्यता रहिआएको छ । यसै मान्यतामा उनीहरूले सर्वसाधारण मानिसहरूलाई कुनै पनि नैतिक बन्धनमा बाँध्न वा फुकाउन, स्वर्ग वा नरक पठाउन र मण्डलीको दण्ड तोकिदिने गरेका छन् । रोमको मण्डलीले जे कुरा लागु गर्दै आएको छ, त्यसकै बृहत खण्डको रूपमा विश्वास र अभ्यासको तौरतरिका अहिले पनि मण्डलीको परम्पराबाट लिइएका हुन्, जुन प्रस्टतः धर्मशास्त्रको अपव्याख्या हो ।

जर्मनी र बेलायती इराष्टियन परिवेसमा हुर्केका मण्डलीहरूले प्रायजसो विश्वासको अनुशरण र आराधना गर्ने सवालमा बाहिरी एकरूपता हुनुपर्नेमा जोड दिएका छन् । यी कुरा त्यहाँका असल भनिएका नागरिकहरूका भीडमा विवेकको कुरूपता हुँदाहुँदै पनि मण्डली सम्बन्धि अधिकार र कर्तव्य उपयोग गर्ने विषयमा अपील गर्नुपर्ने ठाउँमा राज्य तथा सार्वजनिक सेवाका हाकिमहरूले मण्डलीलाई निर्देषित गर्ने प्रचलन लागु गरेको पाइन्छ ।

२. सुधारवादी (प्रोटेष्टेण्ट) मण्डलीहरूले भने यी सबैको प्रतिवाद गर्नुपर्ने कुरामाथि जोड दिएका छन् । परमेश्वरले आत्माको प्रेरणाद्वारा लेखिएको धर्मशास्त्रमा बाहेक अन्यत्र कतै पनि विश्वास र व्यवहारको निम्ति अर्को नियम वा व्यवस्था दिनुभएको छैन । वास्तवमा उहाँले दिनुभएको व्यवस्था बाहेक अर्को सिद्ध वा पूर्ण व्यवस्था छँदा पनि छैन । त्यसकारण उहाँले मानिसको विवेकलाई सबै किसिमका मानवीय व्यवस्था र बन्धनहरूबाट मुक्त गर्नुभयो । उहाँले वचनको शिक्षा विपरीत मानिसद्वारा लागु गरिएका कुनै पनि बाध्यात्मक नियम, सिद्धान्त तथा आज्ञाहरूमाथि विश्वास गर्न र तिनको पालन गर्नबाट समेत हामीलाई मुक्ति दिलाउनुभएको छ ।

हामीले अध्याय १ को खण्ड – ६, ७, ९ र १० मा यो कुरा प्रस्ट गरिसकेका छौँ, हाम्रो विश्वास र अभ्यासको सन्दर्भमा धर्मशास्त्र नै सदाका लागि ज्यादै सुस्पष्ट र पूर्ण नियम हो । यस विषयमा देखापर्ने सबै किसिमका विवादहरूको फैसला गर्ने न्यायकर्ता पनि धर्म हस्तान्तरण नै हो । यो आफैमा सिद्ध हुनेगरी प्रस्तुत भएको छ — (१) धर्मशास्त्रसित बेमेल नराख्ने कुराहरू सत्य हुन सक्छन्; (२) धर्मशास्त्रमा जे कुरा आज्ञाको रूपमा प्रकट गरिएको छ, त्यसबाहेक अन्य कुनै पनि कुराले

मानिसको विवेकलाई बन्धनमा राख्न सक्दैन; (३) धर्मशास्त्र आफैमा अमूल्य धार्मिक दस्ताबेज भएको हुनाले प्रत्येक विश्वासीलाई व्यक्तिगत रूपमा नै धर्मशास्त्रको व्याख्या गर्न र सो आधारमा सम्पूर्ण मानवीय सिद्धान्तहरू तथा आज्ञाहरू के कस्ता हुन् भनि जाँच गर्न जिम्मेवार ठहऱ्याइएको छ । यस जिम्मेवारीले अझै अघि सरेर निम्न कुराहरू पुष्टि गर्छ —

(क) किनभने कि त सबै मानिसहरूलाई एकैसाथ धर्मशास्त्रमा सम्बोध गरिएको छ, होइन भने विश्वासीहरूको समूह (मण्डली वा सिङ्गो समुदाय) लाई सम्बोधन गरिएको छ, उदाहरणका लागि व्यवस्था ६:४–९; लुका १:३; रोमी १:७; १कोरिन्थी १:२; गलाती १:२ ।

(ख) धर्मशास्त्रमा सही कुराको खोजी गर्नू भनि सबै ख्रीष्टियनहरूलाई अह्राइएको छ (युहन्ना ५:३९; प्रेरित १७:११; २तिमोथी ३:१५–१७) । उनीहरूलाई आफूले येशुमा विश्वास गर्नुको खास कारण पनि बताउनुपर्छ भनिएको छ (१पत्रुस ३:१५) । यसरी उनीहरूले मण्डलीकै आधिकारिक व्यक्ति वा अगुवाले नै दिइएको आज्ञा भए पनि यदि त्यो बाइबलसम्मत छैन भने मान्नै पर्छ भन्ने छैन, जसले सम्पूर्ण मानव जगताका परप्रभु, हाम्रो विवेकमाथि अधिकार राख्नुहुने परमप्रभु परमेश्वरले दिनुभएको आज्ञाभन्दा फरक रीतिस्थिति बसाल्ने दुस्साहस गरेका छन् (प्रेरित ४:१९–२०) ।

(ग) ख्रीष्ट येशुले स्थापना गर्छु भन्नुभएको, उहाँले डोऱ्याउनुहुने र सबै परिस्थितिमा भयानक गल्ती हुनबाट जोगाउने प्रतिज्ञा गर्नुभएको मण्डलीचाहिँ संसास्थागत पदीय संरचना (ठुलो–सानो पद) वा अभिषिक्त जनहरूको संस्था होइन । यो त सर्वधासरण विश्वासी तथा उहाँद्वारा बोलाइएका मानिसहरूको समुदाय हो (१युहन्ना २:२०, २७; १तिमोथी ३:१५; मत्ती १६:१८; एफेसी ५:२७; १पत्रुस २:५, कलस्सी १:१८, २४) ।

घ) जसले आफूलाई प्रेरितहरूका उत्तराधिकारी हौँ भनि दाबी गरिरहेका हुन्छन्, वास्तवमा त्यो अधिकारको अभ्यास गर्नका लागि तिनीहरूसँग प्रेरितमा हुनुपर्ने साधारण गुण पनि हुँदैन (२कोरिन्थी १२:१२; १कोरिन्थी ९:१; गलाती १:१, १२; प्रेरित १:२१, २२) । मण्डलीमा डिकन र एल्डरहरूको नियमित जिम्मेवारी तोक्दैगर्दा खासमा भन्ने हो भने प्रेरितको स्थायी जिम्मेवारीको कुरा गरिएको छैन

(१तिमोथी ३:१–१३) । त्यसकारण प्रेरितको जिम्मेवारीका लागि मण्डलीले उस्तो श्रेय दिनुपर्ने देखिँदैन ।

सार्वजनिक प्रशासनमा रहेको स्थानीय प्रशासक (गाउँपालिकाको सचिवसरह) ले मण्डलीको धार्मिक गतिविधिलाई नियमन गर्ने कामको लागि अधिकार के–कति पाएको हुन्छ भन्ने कुरा हामी यसपछि आउने अध्याय २३, खण्ड – ३ मा हेर्नेछौँ । यस जिम्मेवारीको विषयमा निम्न कुराहरू हुनआउने छन् —

३. मानव जातिकै विरुद्धमा विद्रोह र अपमान गर्ने कार्यमा संलग्न हुनु आफैमा पापकर्म हो । कुनै मानिस वा समुदायले परमेश्वरको विशेषाधिकारमाथि अहङ्कार गर्नु र आफूसँगै भएका मानिसहरूको विवेकलाई हस्तक्षेप गरी बन्धनमा राख्नु, अनि यस्ता कार्यका लागि परमेश्वरले वा उहाँको वचनले नभनेका कुरालाई नियम बनाएर अनावश्यक भारी बोकाउने काम भनेको वास्तवमै पापकर्म हो । सँगसँगै यो परमेश्वरप्रति बफादार नभएर गरेको कामको पाप पनि हो । त्यसैगरी नैतिक एवं तार्किक प्राणी भएको नाताले यस्तो काम गर्नु भनेको आफ्नो स्वभावमाथि विद्रोह गर्नु हो । यस्ता सबैखाले प्रभावतिर झुकाव राख्दा र धर्मशास्त्रमा आधिकारिक तवरले नसिकाइएका साँच्चिकै परमेश्वरको आज्ञापानमा बाध्यकारी नमानिएका नियमहरू पालन गर्ने प्राथमिकताले हामीलाई क्रमशः उहाँको विद्रोही बनाउँछ ।

४. यो कुरा अति उच्च महत्त्वको हो तर अर्कोतिर प्रस्टतः यो सामान्य अर्थमा बुझ्नुपर्ने कुरा पनि हो । किनकि ख्रीष्टियन स्वतन्त्रताले हामीलाई मनलागे जति सबैथोक गर्ने छुट दिँदैन, बरू कुनै मानिसको बाधा बेगर नै परमेश्वरको आज्ञाकारी बन्ने अवसर, साहस र निश्चयता यसले प्रदान गर्छ । यो मानीवय प्रयासबाट लागिएको बाध्यकारी व्यवस्थाबाटको स्वतन्त्रता हो, ताकि हामी अझै बढी एकमात्र नियामक परमेश्वरको अधीनमा सिद्ध प्रकारले जान सकौँ । त्यसकारण यसको खासै अर्थ छैन, अर्थात् मानिसले धर्मशास्त्र विपरीत बनाएका नियम मान्नुको औचित्य हुँदैन, बरू यो दुष्टताले भरिएको हुन्छ । एउटा मानिस आफूले पाएको ख्रीष्टियन स्वतन्त्रताको उपयोग केवल परमेश्वरको आज्ञापालनका लागि मात्रै गर्छ भने त्यसको अर्थ कहिलेकाहिँ उहाँको आज्ञा पालन नगर्ने बाहना

पनि बन्न सक्छ । उसले प्राकृतिक अधिकारका कुनै पनि सिद्धान्तहरू उलङ्घन गरेको अवस्थामा परमेश्वरका यी नियमहरू लागु हुन्छन् अथवा उसले परमेश्वरको कहिल्यै नबदलिइने इच्छा पालन नगरेको हुनसक्छ । जसै मानिसले प्राकृतिक अधिकारका सिद्धान्तहरू उलङ्घन गर्छ अथवा नबदलिने स्वभाव जनाउन प्रकट गरिएको सत्य तथा परमेश्वरको सिद्ध इच्छाको विरुद्धमा ऊ जान्छ, यी सबै क्रियाकलापले उसलाई पापमा फँसाउँछन् । मानिसलाई उहाँको त्यस सिद्ध इच्छाबाट अलग्याउने कुनै पनि अवस्था साँचो स्वतन्त्रता होइन । त्यसकारण हाम्रा निम्ति उहाँको इच्छामा रहनुचाहिँ साँचो स्वतन्त्रता हो । हामीलाई शुद्ध गराउने उहाँको इच्छाले हामीलाई उहाँको स्वतन्त्रतामा ल्याउँछ (१थेस्सलोनिकी ४:३०) ।

ख्रीष्टियन स्वतन्त्रतालाई अझै परसम्म सीमित अर्थमा बुझ्न सकिन्छ, त्यो कुरा हामीले आपसमा एउटा–अर्कोप्रति जिम्मेवारी निभाउँने क्रममा प्रस्ट हुन्छ । मूर्तिलाई चढाएको पशुको मासु खाने विषयलाई उदाहरणको रूपमा लिन सकिन्छ, जबकि धर्मशास्त्रमा त्यो नखानू भनेर बर्जित गरिएको छैन तर खानेले अरूको विश्वासमा बाधा नपुर्‍याउनू भनिएको छ । त्यसकारण एउटा ख्रीष्टियनलाई खाने स्वतन्त्रता वा नखाने स्वतन्त्रता छ । तर पावलले कोरिन्थीहरूलाई आदेश दिएका छन् "तर होसियार होओ, तिमीहरूको यो स्वतन्त्रता दुर्बलहरूका निम्ति ठोकरको कारण नबनोस्" (१कोरिन्थी ८:९) । यसरी कसैका लागि बाधा वा ठोकरको कारण बन्नु पाप हो । त्यसकारण ख्रीष्टियनहरू खानका लागि स्वतन्त्र छन् वा नखान । तर उनीहरू आफूलाई मन लागेअनुसार गर्न र आफ्नो कामद्वारा सँगीविश्वासीको विश्वासलाई चोट पुर्‍याउन स्वतन्त्र छैनन् । त्यसो हुन पाउने भए स्वतन्त्रता स्वतन्त्रता रहने छैन, बरू त्यो स्वेच्छाचारिताको लागि छुट हुनेछ । जब यसले परमेश्वरको व्यवस्थालाई मात्र छाड्छ र त्यसले अरूका अधिकारलाई सोझै मिच्ने काम गर्छ ।

५. मण्डली र राज्य दुबै परमेश्वरद्वारा नै समर्थन गरिएका संस्थाहरू हुन् । त्यस अर्थमा दुबै ईश्वरीय संस्था हुन् । यी दुबै अनिवार्यरूपमा आ–आफ्नो अगुवा (अधिकृत) हरूको अधिकार, नेतृत्व तथा निर्देशनमा चल्छन् । तिनीहरूले पाएको जिम्मेवारी अनुसार वैधानिक नेतृत्व वहन गर्दा तिनीहरूले स्वयम् परमेश्वरको अख्तियारकै प्रतिनिधित्व गर्छन् र त्यही आधारमा सो अधिकारमुनि रहेका सबैको

विवेकलाई पकडमा राख्छन् । यही वैधानिक नेतृत्वको कारण सबै मानिसहरू पनि उनीहरूको आज्ञा पालन गर्न राजी हुन्छन् । यिनैले न्यायिक प्रशासन पनि चलाउन सक्छन् । सार्वजनिक सेवा वा सरकारी प्रशासनमा हुनेहरू र मण्डलीको नेतृत्व तथा प्रशासनमा हुनेहरू यही आधारमा उस्तै मानिन्छन् । दुबैसित खास नियमहरू बनाउने र लागु गर्ने वैधानिक अधिकार हुन्छ र मानिसहरूलाई तोकिएको अनुशासनमा रहन बाध्य बनाउने काम पनि हुन्छ । यसपछिका अध्यायहरू २३, २४ र ३० मा हामी यही विषयमा थप चर्चा गर्दै जानेछौँ ।

## प्रश्नहरू

१. यस अध्यायको खास विषय के हो ?
२. यो विषय अध्याय ९ को विषयसँग के कति फरक छ ?
३. ख्रीष्टियन स्वतन्त्रतामा के के कुरा लागु हुने रहेछन् ?
४. यस अध्यायमा ख्रीष्टियन स्वतन्त्रताका के के दुई पक्षहरूबारे चर्चा गरिएको छ ?
५. सबै विश्वासीहरूका लागि साधारणतया लागु हुने के के कुराहरू यस अध्यायमा समेटिएका छन् ?
६. पापको दोष र नैतिक नियमको श्रापबाट ख्रीष्टियनहरू कसरी स्वतन्त्र हुन्छन् ?
७. पापको बन्धनबाट तिनीहरूले कसरी स्वतन्त्रता पाए ?
८. के अर्थमा तिनीहरूले परमेश्वरसित शान्ति कायम राख्न सके ?
९. शैतान र संसारको अधीनबाट ख्रीष्टियनहरूले कसरी स्वतन्त्रता (छुटकारा) प्राप्त गरे ?
१०. दुष्टको सतावट र कष्ट अनि पापको दुर्गन्धबाट तिनीहरूले कसरी छुटकारा पाए ?
११. चिहान र दोस्रो मृत्युको विजयबाट तिनीहरूलाई कसरी उन्मुक्ति दिइयो ?

१२. व्यवस्थाको अधीनमा भएका विश्वासीहरूले भन्दा सुसमाचारको अधीनमा बाँचेका विश्वासीहरूले के
आधारमा बढ्ता स्वतन्त्रता उपभोग गर्न पाएका छन् ?
१३. पुराना चाडपर्व मनाउने तथा बलिदान चढाउने विधिहरूको बाध्यकारी व्यवस्थाबाट स्वतन्त्र गराइएका विश्वासीहरू अहिलेको सुसमाचारको अनुशासनमा बाँच्न पाउँदा केकति कारणले रमाइरहेका छन् ?
१४. अहिलेका विश्वासीहरूले परमेश्वरसम्म पुग्न अझ बढी साहस र उहाँका आत्मासँग जति पनि सञ्चार गर्नसक्ने छुट किन पाए ?
१५. यस अध्यायको दोस्रो, तेस्रो र चौथो खण्डमा सिकाइएको पहिलो प्रस्तावको विचार के हो ?
१६. यसमा सिकाइएको दोस्रो प्रस्ताव के हो ?
१७. तेस्रो प्रस्ताव के हो ?
१८. चौथो प्रस्तावचाहिँ के हो नि त ?
१९. पाँचौँ प्रस्ताव के हो ?
२०. यहाँ सिकाइएको छैठौँ प्रस्तावचाहिँ के हो त ?
२१. मानव चेतनाका एकमात्रै प्रभु परमेश्वर हुनुहुन्छ भन्ने कुरामा धर्ममा आस्था राख्ने  आस्तिक) ले कहिल्यै अस्वीकार गरेको छ ?
२२. यस विषयमा रोमन क्याथोलिक मण्डलीको अडान के हो ?
२३. युरोपमा इसाष्टियन मण्डलीको अडानचाहिँ के हो नि ?
२४. त्यसको विपरीत सम्पूर्ण मानव चेतनाको सवालमा प्रोटेष्टेण्ट (सुधारवादी) मण्डलीले परमेश्वरको सिद्ध
इच्छा जान्ने साधारण मापदण्ड के कुरामा राखिआएको छ ?
२५. यस पुस्तकको कुनचाहिँ खण्डमा यो विषयको चर्चा गरिएको छ ?
२६. यदि विश्वास र अभ्यासका लागि धर्मशास्त्र नै पूर्ण र प्रस्ट नियम हो भने त्यसपछि के आउँछ ?
२७. धर्मशास्त्रले सबै मानिसहरू, खासमा ख्रीष्टियनहरूका विषयमा प्रस्ट सम्बोध नगरिएको छ भन्ने
देखाउनुहोस् ।

२८. हरेक विश्वासीले सर्वप्रथम धर्मशास्त्रमा नै सबै कुराको खोजी गर्नुपर्छ र सोही मापदण्डका आधारमा
कुनै पनि कुराको जाँच गर्नुपर्छ । यो किन भनेको ? प्रस्ट गर्नुहोस् ।

२९. ख्रीष्टले मण्डलीसित सबै ज्ञानको सत्यतामा डोऱ्याउने छु भनि प्रतिज्ञा गर्नुभएको विषय एकजना
धर्मगुरू वा पूजाहारीका लागि मात्रै होइन, बरू त्यो त सबै विश्वासी जनहरूको समुदाय हो ।

३०. रोमन क्याथोकि मण्डलीमा हुने गरेको नेतृत्व संरचना (ज्ष्मचबचअजथ), हुने ठुलो–सानोको भेद रहने
कुरालाई धर्मशास्त्रले कतै पनि समर्थन गरेको छैन भनि पुष्टि गर्नुहोस् ।

३१. सार्वजनिक प्रशासनमा हुनेहरूले आम मानिसको विवेकमाथि शासन गर्ने सवालमा कहाँ मण्डली गरिएको छ ।

३२. अरू मानिसहरूको विवेकमाथि अधिकार जमाउन खोज्ने तिनीहरूका पापको स्वभाव कस्तो हुन्छ ?

३३. अरूको अधिकारमा आफ्नो विवेकलाई सुम्पिदिने मानिसको पापको स्वभाव कस्तो हुन्छ ?

३४. ख्रीष्टियन स्वतन्त्रताको पहिलो सीमा के हो ?

३५. ख्रीष्टियन स्वतन्त्रताको खोस्रो सीमा के हो ?

३६. दुबैका लागि यसरी नै सीमित वा नियन्त्रित हुन्छ भन्ने कुरा देखाउनुहोस् ।

३७. सार्वजनिक प्रशासनको अधिकार र मण्डलीका विश्वासीजनहरूको अधिकारको सम्बन्धमा कहाँ चर्चा
गरिएको छ ?

# अध्याय २१
# (CHAPTER XXI)
# धार्मिक आराधना तथा विश्राम दिन
# (OF RELIGIOUS WORSHIP AND THE SABBATH-DAY)

**खण्ड – १ प्रकृतिको प्रकाशले परमेश्वर हुनुहुन्छ भनि देखाउँछ, जसको प्रभुत्व र सर्वाधिकार सम्पूर्ण ब्रह्माण्ड र यसमा भएका यावत् थोकहरूमाथि छ । उहाँको त्यस प्रभुत्व आफैमा असल छ र सबैका लागि त्यसले असलै गर्छ । त्यसकारण उहाँको यस प्रभुत्वको हामीले भय मान्नुपर्छ, हामीले यसलाई प्रेम र आदर गर्नुपर्छ । यसको प्रशंसा र पुकारा गर्नुपर्छ । यसमा हामीले भरोसा गर्नुपर्छ । उहाँको सार्वभौमिकता बुझेर हामीले आफ्नो सम्पूर्ण हृदयले, सम्पूर्ण प्राणले र सम्पूर्ण बलले उहाँको सेवा गर्नुपर्छ ।[411] तर कसरी आराधना गर्दा परमेश्वरलाई स्वीकारयोग्य हुन्छ भन्ने कुरा उहाँ आफैले तय गर्नुभएको हो । त्यसकारण उहाँको सेवा–आराधना कसरी गर्ने भन्ने कुरा उहाँको इच्छामा सीमित गरिएको छ । यसको अर्थ, उहाँको आराधना गर्ने कुरा मानिसको आफ्नो परिकल्पना वा संसाधनको प्रयोगद्वारा, शैतानले सुझाएका युक्तिहरूद्वारा वा कुनै पनि प्रत्यक्ष कि परोक्ष प्रतिनिधिद्वारा अथवा पवित्र धर्मशास्त्रले सिकाएकोभन्दा फरक प्रयत्नद्वारा हुनै सक्दैन ।[412]**

**खण्ड – २ धार्मिक आराधना परमेश्वरलाई — पिता, पुत्र र पवित्र आत्मालाई अर्पण गरिएको हुनुपर्छ । आराधना भन्ने कुरा परमेश्वरलाई मात्रै दिइन्छ ।[413]**

---

[411] रोमी १;२०; प्रेरित १७:२४; भजनसंग्रह ११९:६८; यर्मिया १०:७; भजनसंग्रह ३१:२३; १८:३; रोमी १०:१२; भजनसंग्रह ६२:८; यहोशु २४:१४; मर्कुस १२:३३ ।

[412] व्यवस्था १२:३२; मत्ती १५:९; प्रेरित १७:२५; मत्ती १४:९, १०; व्यवस्ता १५:१-२०; प्रस्थान २०:४-६; कलस्सी २:२३ ।

[413] मत्ती ४:१०; यहुन्ना ५:२३; २ कोरिन्थी १३:१४ ।

**यो कुनै स्वर्गदूतलाई, सन्तहरूलाई अथवा अन्य कुनै प्राणीलाई दिइन्न ।[414] मानिसको पतनपछि आराधनाको लागि ख्रीष्टबाहेक अन्य कुनै मध्यस्थकर्तामार्फत पनि सिद्ध आराधना गरिएको छैन । परमेश्वरले त्यस्तो आराधना कतै–कसैबाट होस् भन्ने चाहनुभएको पनि छैन ।[415]**

यी खण्डहरूले निम्न विचारहरू सिकाउँछन्ः

१. अति उच्च आराधना र समर्पित सेवा परमेश्वरलाई चढाउनुपर्छ भन्ने कुरा प्रकृतिले दिनहुँ बताइरहेको

हुन्छ र साथसाथै प्रकाशको आफ्नो सिद्धान्तले बताइरहृका हुन्छ ।

२. हामीले कसरी परमेश्वरको चाहनाअनुसारको र उहाँलाई स्वीकार्य हुने प्रकारले आराधना गर्नुपर्छ भन्ने

कुरा उहाँको वचनमा उल्लेख गरिएको छ । त्यसकारण उहाँले बताउनु भएअनुसार आराधना वा सेवा

गर्न बेवास्ता गर्नु अथवा उहाँले बताएकोभन्दा अर्कै प्रकारले सेवा–आराधना गर्नु उहाँलाई मन नपर्ने

काम वा पाप हुन जान्छ ।

३. हामीले आराधना गर्ने एकमात्र परमेश्वर केवल पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ । मानिसको पतनपछि

परमेश्वरको आराधना सिद्ध मध्यस्थकर्तामार्फत् मात्रै आराधना गर्ने व्यवस्था गरिएको थियो, त्यही कुरो

येशुको मात्रै मध्यस्थता स्वीकार्य बन्यो ।

४. धार्मिक आराधनामा कुनै किसिमको छलछाम हुनुहुँदैन, त्यसकारण स्वर्गदूतहरू वा सन्तहरू वा सृष्टि

गरिएका कुनै पनि प्राणीलाई आराधना गर्ने कुरा बर्जित गरिएको छ ।

१. प्राकृतिक कारण तथा हाम्रा विवेकले ठहऱ्याएअनुसार परमेश्वर एकमात्रै असीम र अति सिद्ध हुनुहुन्छ । उहाँ नै यावत् थोकका सिर्जनहार, तारणहार र

---

[414] कलस्सी २:१८; प्रकाश १९:१०; रोमी १:२५ ।

[415] यहुन्ना १४:६; १ तिमोथी २:५; एफिसी २:१८; कलस्सी ३:१७ ।

मालिक हुनुहुन्छ । उहाँ सबै प्राणीहरूका लागि समृद्ध लाभकारी हुनुहुन्छ । उहाँ नै सम्पूर्ण नैतिक जगतका लागि नीतिगत रूपमा शासन गर्नुहुने महाराजा हुनुहुन्छ । उहाँलाई नै प्रशंसा, आदर, स्तुति, भक्ति, प्रार्थना, धन्यवाद र आज्ञाकारिता अर्पण गरिनुपर्छ । उहाँकै सेवा–आराधना हामीले गर्नुपर्छ । यो कुरा आफैमा पुष्टि हुने कुरा हो । सामान्यतयाः यसैमा सबै युगका सबै जातिका मानिसहरूले पूर्ण सहमति जनाउन र उहाँको मात्रै आराधना गर्न सक्दछन् । उहाँको मात्रै आराधना गर्नुका सहज कारण यी हुन् — (१) उहाँ आफैमा अति सिद्ध हुनुभएकोले, (२) हामीमाथि उहाँको सर्वोच्चता असीमित भएकोले, (३) हामीसित उहाँको सम्बन्ध हाम्रा सृष्टिकर्ता, संरक्षक, नैतिक मालिक हुनुभएकोले, (४) सबै असल परिणामका लागि उहाँमाथि हामीले भरोसा गर्न सकिने र उहाँ स्वयम् हामीप्रति असीमितरूपमा भलो गरिदिनुहुने हुनुभएकोले, (५) हामीले कर्तव्यको रूपमा पालन गर्नुपर्ने उहाँका आज्ञाहरू हाम्रै हातमा भएकोले, (६) हामीमा अन्तरनिहित स्वभाव नै धर्मी हुने भएको र हामी स्वयम् पनि नैतिकरूपमा जिम्मेवार प्राणी भएका हुनाले, (७) हाम्रो चेतना, विवेक, स्वभाव वा मनको चाहना नै उच्चमा पुग्ने वा प्रगतिशील बन्ने भएको र हाम्रो सम्पूर्ण जीवनले नै सर्वोच्च परमेश्वरको सेवा–आराधना गर्ने एउटा विकसित र आशिषित अवस्थाको चाहना गर्ने भएको हुनाले ।

२. हामीले पहिलो अध्यायमा चर्चा गरिसकेका छौँ, परमेश्वरले पवित्र धर्मशास्त्रमा हामीलाई विश्वास र अभ्यासका लागि एउटा अचुक, पूर्ण र अमूल्य नियम दिनुभएको छ । परमेश्वरले आफ्नो महिमाको लागि आवश्यक ठानेर सबैकुरामा दिनुभएको सम्पूर्ण सल्लाह वा उपदेश र मानिसको उद्धार, विश्वास र जीवनको विषय कि त धर्मशास्त्रमा प्रष्टैगरी स्थापित गरिएको छ, होइन भने कुनै पनि असल कार्य, भलाइ वा जीवनमा गरिएका कुनै पनि कामको परिणाम भन्ने कुरा धर्मशास्त्रबाटै हटाइदिए भयो । त्यसैकारण परमेश्वरले उहाँलाई ग्रहणयोग्य हुनेगरी हामीले कसरी उहाँको सेवा–आराधना गर्नुपर्छ भन्ने विषयमा प्रस्ट निर्देशनहरू दिनुभयो । उहाँले तोकिदिनु भएकोभन्दा फरक तरीकाले वा हामीलाई जस्तो मन लाग्छ, त्यस्तै गर्छु भन्ने हो भने त्यो आफैमा उहाँको वचन बेवास्ता गरेको पाप ठहरिने छ । यो कुरा मानिसको स्वभावमा राम्रोसित लागु भई

आएको छ । खासगरी परमेश्वरसितको नैतिक सम्बन्धमा यो लागु हुन्छ, जुन आधारमा मानिस पतन हुनुभन्दा पहिले खडा हुन सकेको थियो । परमेश्वरलाई सोझै सेवा–आराधना चढाउने दायित्व उसको आफ्नो स्वभावबाट उत्पन्न हुने कारण वा तर्क, उसको विवेक र उसमा निहित धर्मको चेतना जस्ता कुराहरू विखण्ड –न भए । यसरी उसको मानवीय नैतिकता नराम्ररी ध्वस्त भयो र उसको अन्तस्करणमा भएको धर्मी चेतना बिग्रियो र पापद्वारा परमेश्वरसितको उसको सुमधुर सम्बन्ध पनि तोडियो । त्यसकारण पनि एक प्रकारको प्रस्ट, सरल र सकारात्मक प्रकाश जरुरी पर्छ । यो कुरा परमेश्वरले आखिरमा आराधना ग्रहण गर्नुहुन्छ भन्ने कुरा मानिसलाई बताउनका लागि मात्रै होइन, बरू कुनचाहिँ तरीकाले उहाँको आराधना र सेवा गर्नुपर्दछ भन्ने सिद्धान्त सिकाउनका लागि पनि यो जरुरी छ । धर्मशास्त्रमा पहिल्यै बताइएको अनुसार मानिसले आदेश दिएका कुनै पनि सिद्धान्तहरू सिकाउनका लागि होइन, बरू स्वेच्छिक आराधनाका तौरतरिकाहरू, स्वेच्छामा छानिएका आराधनाका विधिहरू उहाँका लागि कसरी घृणित हुन्छन् भन्ने बताउन पनि जरुरी छ । अवश्य नै, त्यही समयमा मानिसका क्रियाकलापहरू र समाजिक गतिविधिहरू स्वीकारोक्तिमा व्यक्त गरिएजस्तै हुँदैनन्, तापनि परमेश्वरको सेवा आराधना गर्ने तथा मण्डली प्रशासनले निर्धारित गर्ने परिस्थिति सधैँ उस्तै हुँदैन (अध्याय १, खण्ड – ६) । प्रकृतिले दिने प्रकाश (ज्ञान) र ख्रीष्टियन अनुशासन वचनको सामान्य नियमबमोजिम नै हुन्छन् । सिद्धान्तको प्रयोजनसँग यो कुरा जोडिन्छ, जुन "सामान्य नियम" को रूपमा धर्मशास्त्रमा राखिएको छ । आराधना र मण्डलीको प्रशासनका विषयमा हामीलाई निर्देशन दिनका लागि यो यथेष्ट छ । फरक समय र परिस्थितिले ल्याउने कुराहरू त हाम्रा हातमा छँदैछन् । तर हामीसँग कुनै हालतमा पनि धर्मशास्त्रमा दिइएको चेतावनीको अटेर गर्दै हद नाघेर आफ्नो चाहना, स्वाद, ढर्रा, नक्कल गर्ने छुट छैन ।

३. ईश्वरीय आराधनामा पिता, पुत्र र पवित्र आत्मालाई समान रूपमा सम्बोध गरिनुपर्छ । यो विषयमा अध्याय २ को खण्ड – ३ मा हामीले चर्चा गरेका छौँ । पिता, पुत्र र पवित्र आत्मा प्रस्टतः छुट्टै व्यक्तित्व देखिनुहुने भए तापनि तीनैजना उही, उस्तै र एकै हुनुहुन्छ । उहाँहरू एक समान, उही सास्वत बुझाइमा र एउटै

सर्वोच्च परमेश्वर हुनुहुन्छ । उनै परमेश्वरकहाँ हामी अहिले स्वीकारयोग्य बनेर एकजना मध्यस्थकर्तामार्फत् जान सक्छौँ भनि अघिबाटै पुष्टि गरिसकेका छौँ — (१) मानिसको आफ्नो पाप स्वभाव र त्यसको दोषी भएकोले र आदतजन्य तरीकाले खराबीमा लागिरहेको परिणामको लागि; (२) परमेश्वरको न्यायको लागि र (३) परमेश्वरले अनन्तदेखि नै मानिससित व्यवहार गर्ने निश्चय गर्नुभएको तथ्य पूरा गर्नका लागि, एकजना मध्यस्थकर्ताद्वारा उसलाई छुटकाराको विषयवस्तु बनाएर । हाम्रा प्रधान पूजाहारीको रूपमा ख्रीष्टले चुनिकएकाहरूलाई साँचो रीतिले पिताको सामुन्ने प्रस्तुत गर्नु हुने हो भने, तिनीहरूकै सट्टामा बलिदानको थुमा बन्न आज्ञाकारी भइदिएर दुःख भोग्दै र तिनीहरूकै पक्षमा अन्तरबिन्ती गरिदिएर मध्यस्थकर्ताको भूमिका सम्पन्न गरिदिनुभयो । उहाँ मानव जातिका सबै पुस्ताहरूका निम्ति परमेश्वरको तर्फबाट सबै असल थोकहरू ल्याउनका लागि मध्यस्थकर्ता बन्नुभएको हो । यदि त्यसो हो भने त हामीले परमेश्वरसम्म पुग्नका लागि जेजति प्रयास गर्नुपर्छ, ती सबै मध्यस्थकर्ता येशुद्वारा गनुपर्छ । यसरी परमेश्वर एकमात्रै आराधना गर्नका लागि चाहिएको लक्ष्य वा गन्तव्य उहाँद्वारा नै बनेको हुनुपर्छ । त्यसैगरी ख्रीष्टमात्रै हामीले परमेश्वरसम्म पुग्नका लागि गर्नुपर्ने सबै प्रयासका मध्यस्थकर्ता हुनुहुन्छ । हामी यस विषयमा यसपछिको खण्डमा चर्चा गर्नेछौँ ।

४. कुनै हालतमा पनि स्वर्गदूतहरूलाई वा कुनै सन्तलाई वा अरू कुनै सिर्जित प्राणीलाई धार्मिक आराधना गरिँदैन । ख्रीष्ट येशुबाहेक अर्को कुनै नामको मध्यस्थकताद्वारा पनि परमेश्वरको आराधना गरिँदैन ।

रोमको मण्डलीको उच्च अख्तियारको तहबाट सिकाउने गरिएको छ — (१) येशुकी आमा – कन्या मरियम, येशुका चेला – सन्तहरू र स्वर्गदूतहरूलाई तिनीहरूको तहअनुसार नै साँचो आराधना गर्नुपर्छ । (२) हाम्रा खाँचोमा तिनीहरूसँग सहायताको निम्ति गुहार माग्नुपर्छ । (३) तिनीहरूलाई हाम्रो पक्षमा परमेश्वर वा येशु ख्रीष्टसँग बिन्ती गरिदिन गुहार माग्नुपर्छ । (४) उनीहरूले अति नै आधिकारिक भनेर सिफारिस गरेका आराधना शिर्षकका पुस्तकहरूले हामीले गुहार माग्नुपर्ने भनिएका सन्तहरूले जीवनमा गरेका असल कार्यहरूको मात्राअनुसार हाम्रो बचाउ र सहायताको लागि परमेश्वरसँग बिन्ती गर्न सकिन्छ

भनि सिकाएका छन् । (५) सन्तहरू वा शहीदहरूका तस्वीर, मूर्ति र प्रतिमाहरू मण्डली वा आराधना गरिने ठाउँमा राख्नु र तिनलाई पुज्नुपर्छ ।

यस्ता गतिविधिमा सहभागी हुँदा मूर्तिपूजा गरेको आरोपबाट पछि हट्नका लागि उनीहरू यी दुईओटा कुरामा भेद राख्छन्, जस्तैः (क) लाट्रिया अर्थात् उच्चकोटिको धार्मिक आराधना, जुन सोझै परमेश्वरको मात्र आराधना गर्नमा लक्षित हुन्छ । र (ख) दौलिया अर्थात् निम्नकोटिको धार्मिक आराधना, जुन परमेश्वरभन्दा तल्लो तहका स्वर्गदूतहरू वा सन्तजन तथा शहीदहरूलाई तिनीहरूको स्तरअनुसार नै सर्वसाधारण विश्वासीहरूले गर्ने आराधना हो । कसैकसैले यी दुईका बिचमा अर्को मध्यम स्तरको आराधना पनि हुन्छ भनेका छन्, जस्तैः हाइपरदौलिया अर्थात् कन्या मरियमलाई चढाइने आराधना, जुन परमेश्वरलाई गरिने अराधना अलि कम स्तरको र मरिगएका सन्तजन वा शहीदहरूलाई गरिने आराधनाभन्दा अलि उच्च स्तरको हुन्छ । तिनीहरूले यी दुई प्रयत्नका बिचमा पनि भेद देखाएका छन् — (क) परमेश्वर, कन्या मरियम, सन्त वा स्वर्गदूतहरू सोझै चढाइने आराधना र (ख) आराधकले आफ्नो आराधनाको सोझो विषयवस्तुलाई बिचमा छेक्ने कुनै पनि चित्र, तस्वीर, प्रतिमा, आदिलाई चढाइने आराधना ।

यस निर्देशनको प्रतिवादमा निम्न कुराहरू अघिसारिएका छन् —

(१) यो निर्देशनको लागि धर्मशास्त्रमा कहिँकतै बोलिएको छैन, यस किसिमको आराधना गर्नुपर्ने कुरा परमेश्वरको वचनमा लेखिएको त केही छनकसम्म पनि दिइएको छैन ।

(२) परमेश्वरको आराधना गर्ने भन्नासाथ अरू कुनै पनि नाम वा शक्तिको आराधना गर्नु हुँदैन भन्ने अर्थ धर्मशास्त्रमा सिकाइएको छ । यो कारण र प्रकाश धर्मशास्त्रभरि एकै किसिमले जोड दिइएको छ र आराधना गर्नेहरू सबैलाई पनि यसले उहाँमा एउटै बनाउँछ । किनभने परमेश्वरमात्रै अपार रूपमा सिद्ध हुनुहुन्छ, उहाँमात्रै हाम्रा सिर्जनहार, पालनहार र तारणहार हुनुहुन्छ, उहाँ नैतिक शासक हुनुहुन्छ र कुनै पनि वस्तुद्वारा उहाँको प्रतिनिधित्व हुनुहुन्न । त्यसकारण हामीले चढाउने आराधनाको लागि कुनै वर्ग वा तह हुनुहुँदैन ।

(३) अन्य देवताहरू वा स्वर्गदूतलाई पूज्ने कुरालाई पाप भनिएको छ र त्यस्तो कार्यलाई बर्जित गरिएको छ (प्रस्थान २०:३, ५; कलस्सी २:१८) । लिस्त्राका मानिसहरूले सन्त पावल र वरनाबासलाई पूज्न खोजेका थिए, त्यस घटनाको विषयमा धर्मशास्त्रमा यस्तो लेखिएको छ, (जब उनीहरूले) यो कुरा सुने, तब आफ्नो वस्त्र च्याती यसो भन्दै कराएर मानिसहरूका बिचमा दौडिँदै गएर भने, "मानिसहरू हो, तपाईंहरू किन यस्तो काम गर्नुहुन्छ ? हामी पनि त तपाईंहरूजस्तै दुःख–सुख भोग्ने मानिसहरू हौँ र तपाईंहरूलाई यी व्यर्थका कुराहरूबाट जीवित परमेश्वरतर्फ फर्काउनलाई सुसमाचार सुनाउँछौँ, जुन परमेश्वरले स्वर्ग, पृथ्वी, समुद्र र तिनमा भएका यावत् थोक बनाउनुभयो" (प्रेरित १४:१४–१५) ।

(४) परमेश्वरको, ख्रीष्टको वा सन्तहरूको, जोसुकैको किन नहोस्, कसैको मूर्तिका अगाडि निहुरिएर दण्डवत गर्नु वा पूजा–आराधना गर्ने कामलाई दोस्रो आज्ञामा सख्त मनाही गरिएको छ (प्रस्थान २०:४–५) ।

(५) तिनीहरूले परमेश्वरलाई चढाउने आराधना र अन्य पवित्र भनिएका जीवातहरूलाई पुज्ने कुराका बिचमा एउटा भेद देखाउने गरेका छन्, खासगरी विभिन्न स्तरको आराधना हुन्छ भन्ने मान्यता तिनीहरूले बताउने गरेका छन् । तिनीहरू कुनै प्राणीका तस्वीर वा मूर्तिहरूमा पुगेर टुङ्गिने आराधना र प्रतिनिधित्व गर्ने कुनै व्यक्तिमा पुगेर टुङ्गिने आराधनाको बिचमा पनि खास भेद हुन्छ भन्छन् । यस्तो आराधना तिनीहरूले आफ्नो लागि ठहऱ्याएको निजी तरीका नहोला, तर निकै शिक्षित भए पनि मूर्तिपूजकहरूको समुदायमा यस्तै सोच एवं प्रचलन रहिआएको छ । यस विषयमा सुसमाचार नसुनेका मानिसहरूकहाँ पुग्ने प्रायः जसो सबै मिसनरीहरू जानकार छन् । यदि रोमन क्याथोलिकहरू मूर्तिपूजक नभएका भए दस आज्ञाको दोस्रो आज्ञाले बर्जित गरेको पाप कमै मानिसहरूले गर्ने थिए होलान् ।

(६) सन्तहरूलाई पुकार्ने कुरा साँच्चिकै व्यर्थको कुरा हो । किनभने ती सर्वव्यापी तथा सर्वज्ञानी भइदिएका भए पो त, तिनीहरूले जीवित मानिसहरूको पुकारा सुन्न सक्ने कुरा कल्पना पनि गर्न मिल्दैन । हरेक सवालमा तिनीहरू सर्वशक्तिशाली पनि होइनन्, त्यसैले हामीलाई चाहिएको बेला सहायता गर्न पनि

सक्दैनन् । रोमन क्याथोलिक मण्डलीले व्याख्या गरेको छ, सायद परमेश्वरले चाहिँ सन्तहरूलाई हामीले के प्रार्थना गर्ने भनि बताउनुहुन्छ ताकि सन्तहरूले त्यही कुरा परमेश्वरलाई सुनाउन सकून् । तर यस्तो होइन, यस सिद्धान्तले व्याख्या गर्ने कुरो नै खासमा केही छैन ।

(७) सन्तहरू र स्वर्गदूतहरू परमेश्वर र हामी अथवा ख्रीष्ट र हामीबिच मध्यस्थकर्ता पनि हुन सक्दैनन् । (क) किनभने परमेश्वर र मानिसका बिचमा एकमात्र मध्यस्थकर्ता येशु ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा धर्मशास्त्रमा प्रष्टै बताइएको छ (१तिमोथी २:५) । (ख) येशु ख्रीष्टले स्वर्ग र पृथ्वीमा मध्यस्थकर्तामा हुनुपर्ने सबै योग्यता र गर्नुपर्ने सबै कामहरू पूरा गर्नुभएको छ (हिब्रू ९:१२, २४; ७:२५; १०:१४) । (ग) किनभने हामी ख्रीष्टमा "यथेष्टरूपमा पूर्ण" बनाइएका छौँ, यही योग्यताको कारण हामी ख्रीष्टद्वारा तत्कालै परमेश्वरसामु आउन सक्ने भएका छौँ । यसरी उहाँमा आउँदा पूरै स्वतन्त्रता र अवर्णनीय साहससाथ आउन सक्ने भएका छौँ (कलस्सी २:१०; एफेसी २:१८; ३:१२; हिब्रू ४:१५–१६; १०:१९–२२) । त्यसकारण ख्रीष्ट येशुको सट्टामा अर्कै मध्यस्थकर्ता उभ्याउनुलाई उहाँले गरेका सबै कामहरू बेकार थिए भन्नु र उहाँसित अनन्तसम्मका लागि बैमनस्यता बनाउनु हो भनि बुझ्नुपर्छ । (घ) ख्रीष्ट र हाम्रा बिचमा अन्तरबिन्ती गरिदिनका लागि कोही पनि मध्यस्थकर्ता बन्ने भन्ने कुरा कतै छैन । किनभने उहाँ नै हाम्रा हिमायती दाजु हुनुहुन्छ (मत्ती ११:२८) । किनभने मानिसहरूलाई ख्रीष्टतिर डोऱ्याउने कुरा पवित्र आत्माको काम हो (युहन्ना ६:४४; १६:१३, १४) । (ङ) मध्यस्थकर्ता चाहिने नै भए पनि मरिगएका सन्तहरू हाम्रा लागि त्यस काममा योग्य हुन सक्दैनन् । तिनीहरू हामीसँग हुनसक्दैनन्, अर्थात् तिनीहरू हाम्रो साथमा छैनन् । हामीले कराएर अर्जबिन्ती गऱ्यौँ भने तापनि तिनीहरूले सुन्ने छैनन् । तिनीहरू आफै परनिर्भर छन्, त्यसकारण हामीलाई मदत गर्न तिनीहरू सक्दैनन् । हामीले अघि नै चर्चा गरिसक्यौँ, तिनीहरूले हामीलाई उच्चकोटिको लाभ दिलाउन पनि सक्दैनन् । त्यसकारण तिनीहरूले हाम्रा लागि परमेश्वरमा स्वीकृत हुने कुनै पनि जग बसाल्न सक्ने छैनन् । बरू तिनीहरू आफै ख्रीष्टको आराधनामा मग्न र आनन्दित भइरहेका छन् । त्यसो हुनाले तिनीहरूसँग न ता समय छ, न कुनै अवसर छ, न

ता तिनीहरूले संसारिक प्रचलनहरूलाई व्यवस्थित गर्ने सामर्थ्य राख्दछन् ।

**खण्ड – ३ धन्यवाद सहितको प्रार्थना धार्मिक आराधनाको एउटा विशेष खण्ड हो,[416] त्यही किसिमको प्रार्थना सबै मानिसहरूले गरून् भन्ने परमेश्वरले अपेक्षा गर्नुभएको छ ।[417] यो प्रार्थना पुत्र परमेश्वरमा गरिनुपर्छ, जुनचाहिँ पवित्र आत्माको सहयतामा हुन्छ[418] र त्यही प्रार्थनाचाहिँ उहाँको इच्छाअनुसार हुने[419] भएकोले पिता परमेश्वरमा स्वीकारयोग्य बन्छ ।[420] यस्तो प्रार्थना उहाँको अनुग्रहलाई बुझेर, भय र विनम्रतासाथ, विश्वासमा खुरन्धार लागेर, प्रेममा निरन्तर भइरहनुपर्छ ।[421] यदि यस्तो प्रार्थना सबैले सुन्नेगरी हो भने मानिसले बुझ्ने भाषामा गर्नुपर्छ ।[422]**

**खण्ड – ४ प्रार्थना नियमसम्मत भएर गर्नुपर्छ ।[423] धर्मशास्त्रको कुनै पनि नियम अटेर गरेर प्रार्थना हुनसक्दैन । मानिसले जीविकोपार्जन गर्नका लागि आवश्यक पर्ने स्रोतसाधनहमानिसले जीविकोपार्जन गर्नका लागि आवश्यक पर्ने स्रोतको खाँचो टार्न वा त्यसपछि जसरी नि जीवितहरूका लागि प्रार्थना गर्नुपर्छ ।[424] मृतकहरूका लागि त होइन ।[425] तिनीहरूका लागि पनि होइन, जसले मृत्युमा पुऱ्याउने पाप गरिरहेका हुन्छन्, न त तिनीहरूका लागि जसले मृत्युमा पुऱ्याउने पाप गरेका छन् भन्ने थाहा भएको छ ।[426]**

---

[416] फिलिप्पी ४:६ ।
[417] भजनसंग्रह ६५:२ ।
[418] यहुन्ना १४:१३, १४; १ पत्रुस २:५ ।
[419] रोमी ८:२६ ।
[420] १ यहुन्ना ५:१४ ।
[421] भजनसंग्रह ४७:७; उपदेशक ५:१, २; हिब्रु १२:२८; उत्पत्ति १८:२७; याकुब ५:१६; १:६, ७; मर्कुस ११:२४; मत्ती ६:१२, १४, १५; कलस्सी ४:२; एफीसी ६:१८ ।
[422] १ कोरिन्थी १४:१४ ।
[423] १ यहुन्ना ५:१४ ।
[424] १ तिमोथी २:१, २; यहुन्ना १७:२०; १ समुएल ७:२९; रूथ ४:१२ ।
[425] २ समुएल १२:२१-२३; लुका १६:२५, २६; प्रकाश १४:१३ ।
[426] १ यहुन्ना ५:१६ ।

हामीले पापस्वीकार गर्ने चलनलाई धार्मिक आराधनाकै सामान्य सत्यको रूपमा मानिलिएका छौँ । आराधना यसरी नै गर्नुपर्छ । आराधनाको प्रकृति र सही तरीकालाई बुझ्ने ज्ञानको स्रोतका रूपमा यसलाई मानिलिनु असल हुन्छ । अब हामी यस विषयमा धर्मशास्त्रले सिकाएका खास कुराहरूमा अझै विस्तृत चर्चा गर्न तिर लाग्नेछौँ ।

यी खण्डले निम्न विचारहरू सिकाउँछन्ः

१. धार्मिक आराधनाको अति महत्त्वपूर्ण र मुख्य खण्ड प्रार्थना हो । यो शब्द "प्रार्थना" लाई हदैसम्म सामान्य अर्थमा र निकै प्रस्ट र निर्दिष्ट अर्थमा लिने गरिएको छ । विशेष अर्थमा प्रार्थनाले भित्री प्राणदेखिको अन्तरबिन्ती गर्दै साँचो हृदयले परमेश्वरसमक्ष जानु र बिन्ती गर्नेको पक्षमा आवश्यक पर्ने सबै चाहना र खाँचोहरू पूरा गरिदिनुहोस् भन्दै परमेश्वरसँग पुकारा गर्नु भन्ने बुझाउँछ । यसको सामान्य अर्थमा चाहिँ खास यी तत्त्वहरू जोडिएर आउँछन् — (१) बढाइ, (२) स्वीकार (३) बिन्ती, (४) मध्यस्थबिन्ती, (५) कृतज्ञता आदि । यस अर्थमा, प्रार्थना गर्ने भन्नासाथ आराधनाका यी सबै कुराहरू समावेश हुन्छन् । त्यसमाथि भजन–गीत गाउने र बाजा बजाएर लय हाल्ने कार्यहरू पनि प्रार्थनामा नै गाभिएर आउँछन् ।

२. यसमा जनाइएको सामान्य स्वीकृति के हो भने, सबै मानिसहरूले प्रार्थना गर्नुपर्छ । यो कुरा वास्तवमै साँचो ठहरिन्छ, परमेश्वरलाई चिन्दै नचिनेका मानिसहरूले पनि प्रार्थना गर्छन् – गर्नुपर्छ । जसले ख्रीष्टमा नयाँ जन्म पाएका छैनन्, जो नैतिकरूपमा नै प्रार्थना गर्न अयोग्य छन्, ती मानिसहरूले पनि प्रार्थना गर्नुपर्छ । जसले परमेश्वरलाई के भनेर वा कसरी प्रार्थना गर्नुपर्छ भन्ने जानेका हुँदैनन्, तिनले पनि प्रार्थना गर्नुपर्छ । किनभने मानिसले गर्नुपर्ने कर्तव्यको ज्ञानले अथवा के कुरा सही छ भन्ने जानेर सो कर्तव्य निभाउने ज्ञानले मात्रै प्रार्थना गर्न सक्छ भन्ने होइन । प्रार्थना गर्नुपर्छ भन्ने कर्तव्य भनेको हाम्रो हृदयबाट उत्पन्न हुने परमेश्वरको खोजीले निर्माण गर्छ र स्वाभाविक तवरले जानीनजानी मानिसले परमेश्वरसँग उचित सम्बन्ध बनाउने प्रयास गर्दै उहाँलाई पुकार्छ । यो कुरा हाम्रा विवेकले स्वाभाविकरूपमा जनाउने प्रतिक्रिया हो । त्यसकारण कुनै प्रकारको भेद नराखीकन सबै मानिसहरूले आफ्ना विवेकद्वारा धर्मशास्त्रसँग सम्बन्ध राख्ने

चाहना गर्छन् र सोहीअनुसारको प्रार्थना गर्छन् (१थेस्सलोनिकी ५:१७; प्रेरित ८:२२–२३; लुका ११:९–१३) । हामीले पवित्र आत्मा पाइसकेपछि मात्रै प्रार्थना गर्नुपर्छ भनि कतै बताइएको छैन । बरू पवित्र आत्मा पाउन सकूँ भनि प्रार्थना गर भनिएको छ ।

३. प्रार्थना परमेश्वरमा ग्रहणयोग्य होस् र त्यसले अपेक्षित जवाफ ल्याओस् भन्नाखातिर यी कुराहरू हुनु आवश्यक छ भनि बताइएको छ — (१) प्रार्थना येशु ख्रीष्टको मध्यस्थतामा गरिनुपर्छ । यस अध्यायको खण्ड – १ र २ मा सबै धार्मिक आराधना येशु ख्रीष्टमार्फत प्रस्तुत गरेको हुनुपर्छ भनि सिकाइएको छ । यसको अर्थ हामीले ख्रीष्ट येशुले हामीलाई प्रदान गर्नुभएको लाभ ग्रहण गर्दै उहाँको व्यक्तिगत मध्यस्थबिन्ती गर्ने नियमित कार्यमाथि निर्भर हुनुपर्छ । प्रार्थना आफैमा एक प्रकारको धार्मिक कार्य हो । त्यसकारण हामीले प्रार्थनामा सामेल हुने यावत् कुरालाई साँचो मानेर आराधनाको अनुशासन कायम राख्नुपर्छ । त्यससँगै हामीलाई ख्रीष्टले प्रदान गरिदिनुभएको छुटकाराले प्रकट गरेको सत्यमा प्रार्थना अझै सबल र प्रभावकारी हुन्छ, जुन कुरा धर्मशास्त्रमा सोझो प्रकारले सिकाइएको छ (युहन्ना १४:१३–१४; १६:२३–२४) । (२) प्रार्थना पवित्र आत्माको सहयोगमा नै हुनुपर्छ । ग्रीक भाषको एउटै शब्द "पाराक्लेट" ख्रीष्ट येशु र पवित्र आत्माको लागि प्रयोग गरिएको छ । ख्रीष्टको नामसित जोडिएर आउँदा यसलाई अधिवक्ता भनि अत्थ्याउन खोजिएको छ, जसको पर्यास बारे, अभिकर्ता वा पक्षमा बोलिदिने व्यक्ति पनि हुनसक्छ (१युहन्ना २:१) । त्यसगरी पवित्र आत्माको नाउँसँग जोडिएर आउँदा यसलाई सान्त्वना दिने वा आडभरोसा दिने व्यक्ति अथवा शान्तिदाता भनेर पनि अर्थ लगाइएको छ (युहन्ना १४:१६) । यसरी अधिवक्ताको रूपमा येशु हाम्रो पक्षमा मध्यस्थबिन्ती गरिदिनुहुन्छ, जसले स्वर्गमा हाम्रो पक्षमा अहिले पनि अन्तरबिन्ती गरिरहनुभएको छ (रोमी ८:३४) । पवित्र आत्माले हामीमा अन्तरबिन्ती गर्नुहुन्छ । हाम्रो प्रार्थना तयार (लेखेर) पारिदिँदै, परमेश्वरको इच्छाअनुसार गर्नका लागि हाम्रा हृदयमा त्यो प्रबल चाहना हालिदिएर पवित्र आत्माले यी कामहरू गरिदिनु हुन्छ । पवित्र आत्माले नै ख्रीष्टबाट माथि स्वर्गतिर जाने अन्तरबिन्तीहरू निरन्तर उहाँको इच्छासँग तालमेल गराएर उस्तै बनाइदिनुहुन्छ । यहाँ, ख्रीष्टलाई माथि स्वर्ग र यस पृथ्वीमा उहाँको मण्डलीका

शिर हुनुहुन्छ भनिएको छ (रोमी ८:२६–२७) (३) प्रार्थना ग्रहणयोग्य होस् भन्नाखातिर यो हुनु जरुरी छ किनभने आराधना गर्ने व्यक्तिको हृदय ठिक अवस्थामा रहेको हुनुपर्छ । यसरी उसको प्रार्थना अति वैभवशाली महाराजाको नैतिक सिद्धताको भय मानेर चढाइएको होस् । हामी कमजोर, अशुद्ध र पापी छौँ भन्ने अनुभूतिमा विनम्रतासाथ प्रार्थना चढाइएको होस् । उहाँको इच्छा पालन गर्न समर्पित भएर प्रार्थना गरियोस् । पवित्र आत्माले नै करारद्वारा स्थापित गरिएको अनुग्रह प्रशस्त दिएर हाम्रा दुर्बलतामा सहायता गर्नुहुन्छ र यसो गर्न उहाँ चाहनुहुन्छ भन्ने पूर्ण निश्चयतामा हामीले प्रार्थना गर्नुपर्छ । त्यसमाथि परमेश्वर र हामीबिच के सम्बन्ध छ भन्ने थाहा पाएर प्रार्थना गर्नुपर्छ । हामीले सहभागिता जनाउँदै आएको सेवाको प्रकृति र हामीले चढाउने प्रार्थनाको खास अर्थ के हो भन्ने थाहा पाएर चढाइएको प्रार्थनाको महत्त्व धेरै असल हुन्छ । त्यसैगरी कुन विषयमा र के उद्देश्यका लागि प्रार्थना गरिनुपर्छ भन्ने कुरा झनै महत्त्वपूर्ण हुन्छ । साथै प्रार्थना गर्नमा हृदयको सोझोपन र खुरन्धारपनले अर्थ राख्छ, प्रस्ट शब्दमा हाम्रो प्रार्थना जाहेर हुनुपर्छ (लुका १८:१–८) । जब दुई वा सोभन्दा धेरैजनाले सँगै बसेर प्रार्थना गरिन्छ, यो आफैमा प्रस्ट हुनुपर्ने कुरा हो — उनीहरूले बोल्ने भाषा एकापसमा बुझिने हुनु जरूरी हुन्छ, होइन भने ता प्रार्थना गर्नेहरूले के भनेर प्रार्थना गरिरहेका छौँ भन्ने कुरा बुझ्न सक्दैनन् । उदाहरणको लागि रोमन क्याथोलिक मण्डलीले धेरै शताब्दिसम्म सार्वजनिक भेलामा गर्नुपर्ने प्रार्थनामा समेत ल्याटिन भाषाको प्रयोग गर्ने चलन चलाएको थियो, जुन त्यहाँ भेला हुने अधिकांशका लागि त्यो नजानिएको भाषा वा ‘अन्यभाषा’ थियो । यस्तो प्रर्थना हुनुहुँदैन भनि प्रस्ट भाषामा मनाही गरिएको छ (१कोरिन्थी १४:१–३३) ।

४. प्रार्थनाको खास लक्ष्य वा प्रार्थना गरेपछि के पाउन खोजिएको हो भन्ने विषयमा हामीलाई सिकाइएको छ, त्यो सबैले विधिसम्मत किसिमले चाहना गरेको आधारमा हुनुपर्छ । यो आफैमा पुष्टि हुने कुरा हो — किनभने सबैथोकमा हामी परमेश्वमाथि निर्भर बन्छौँ । त्यसकारण हामी सबै कुराको लागि परमेश्वरमा एकै सोरले बिन्ती गर्न सक्छौँ । त्यसकारण त हामीले भनेका हौँ, हामीलाई चाहिने सबैथोक जुटाइदिनुहोस् माग्न सक्छौँ । तथापि हामीले सबै असल थोक प्राप्त गर्ने चाहना राख्नुभन्दा अघि वचनमा लेखिएको यो कुरा ध्यान दिनुपर्छ — “पहिले

परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर र यी (खानेलाउने लगायत) कुराहरू तिमीहरूका निम्ति दिइने छन्" (१कोरिन्थी १२:३१; मत्ती ६:३३) । विधि विपरीत केही गर्न तम्सिने चाहना वास्तवमै गैरकानुनी चाहना हो । त्यस्तो चाहना हामीमा कतै भए त्यसलाई पन्छाउनु र परमेश्वरसमक्ष पश्चाताप गरेर फर्किनुपर्छ । सामान्य दृष्टिले हाम्रा विचारमा ठिकै लागेका कतिपय चाहनाहरू पनि ती हामीले चाहेजस्तै गरी वा चाहेकै समयमा प्राप्त गर्न खोज्नुमा त्यो परमेश्वरको इच्छाअनुसार हो कि होइन भन्ने प्रस्ट नभए केहीबेर पर्खिनु र सही–गलत छुट्ट्याउनुपर्छ । होइन भने त्यसले पनि हामीलाई पापतिर घिसार्न सक्छ । यस्ता हरेक सवालमा हामीले आफ्नो प्रार्थनालाई ससक्त बनाउनुपर्छ र मैले प्रार्थनामा परमेश्वरसँग मागेको कुरा यदि उहाँको इच्छाअनुसार हो भने पूरा गरिदिनुहोस् भन्नु यथोचित हुन्छ । हाम्रा धन्यका प्रभु येशुले गेतस्मनीको बगैचामा गर्नुभएको प्रार्थनाले यही उदाहरण प्रस्तुत गरेको छ (लूका २२:४२; १युहन्ना ५:१४) ।

हामीले चढाउने अन्तरबिन्तीको सन्दर्भमा सबै जीवित मानिसहरूको निम्ति वा उनीहरूको जीवन सहज र सफल होस् भनेर प्रार्थना गर्नुपर्छ (१तिमोथी २:१–२; युहन्ना १७:२०) । तर मरिगएका मानिसहरूका लागि प्रार्थना गर्नू भनि हामीलाई कतै सिकाइएको छैन । त्यसैगरी जानीजानीकन पाप गर्दैछ भन्ने कुरा जगजाहेर छ, त्यस्तो मानिसका निम्ति पनि प्रार्थना गर्नू भनिएको छैन ।

मरिगएका मानिसहरूका लागि प्रार्थना गर्ने सवालमा रोमन क्याथोलिक मण्डलीले लागु गरेको प्रचलन मृत्युपछि मान्छेको प्राण कुन अवस्थामा हुन्छ भन्ने सिद्धान्तमा आधारित छ । उनीहरूले मान्ने गरेका छन्, मर्ने बेलासम्मा मान्छेले सिद्ध जीवन बाँचिरहेको रहेछ भने ऊ सोझै स्वर्गमा लगिन्छ, त्यस विपरीत ऊ ज्यादै पापपूर्ण वा अनैतिक अवस्थामा बाँचेको भए ऊ सोझै नरकमा पुऱ्याइन्छ । तर असिद्ध जीवन बाँचिरहेको असंख्य ख्रीष्टियनहरू भने मरेपछि लगत्तै पोर्गाटोरी भन्ने छुट्टै ठाउँमा लगिन्छन् । त्यहाँ तिनीहरूलाई स्वर्ग जानको लागि योग्य नबनुञ्जेल राखिन्छ । पोर्गाटोरी भन्ने यस ठाउँको विषयमा सो मण्डलीले यस्तो सिकाउने गरेको छ — (१) ख्यालख्यालको ख्रीष्टियन जीवन बाँचेका ख्रीष्टियनहरूलाई शुद्ध गर्ने आगो त्यहाँ दन्काइएको हुन्छ र तिनीहरूको प्राणले त्यस आगोबाट भएर जानुपर्छ । (२) त्यो आगोको तापमा जल्दै गरेका प्राणहरूको

निम्ति यहाँ पृथ्वीमा बाँचिरहेका तिनीहरूका आफन्तहरूले एकलै वा ठुला भेला (मण्डली) मा जुटेर गरेको प्रार्थनाले प्रत्यक्ष सहुलियत प्रदान गर्दछ । यसरी मरिगएका ख्रीष्टियन विश्वासीहरूका लागि प्रार्थना तिनीहरूको प्राणले पोर्गाटोरीमा लामो सन्ताप बेगर छिट्टै नै मुक्ति पाउँछन् (ट्रेण्टको परिषद्‌ले, खण्ड – २५) ।

तर यस पुस्तकको अध्याय ३२ मा चर्चा गरिएझैँ यदि पोर्गाटोरी भन्ने कुनै ठाउँ छँदैछैन भने त मरिगएका मानिसहरूका लागि प्रार्थना गर्नुको औचित्य नै रहँदैन । किनभने जोजतिले स्वर्गमा प्रवेश पाइसकेका छन्, तिनका लागि प्रार्थना गरिरहनु परेन, अनि जोजति नरकमा पुगिसकेका छन्, तिनलाई त्यहाँका कसैले नि छुटाउन सक्दैन । त्यसकारण मानिसको मृत्युपछि उसको निम्ति प्रार्थना गरेर उसका लागि भलो हुन्छ भन्नु कहिल्यै पूरा नहुने रित्तो कल्पना मात्रै हो । त्यस्तो प्रार्थना गरेर परमेश्वरको सिंहासनमाथि प्रभाव पार्न सकिन्छ भन्नु उहाँको वचनको विरुद्धमा गरिएको विद्रोहमात्रै हो, "जब घरका मालिकले ढोका बन्द गर्नुहुन्छ" तब सबै कुरा सकिन्छ (लुका ८:२५) । मृत्युपश्चात केवल दुईओटा अवस्थामात्रै हुन्छन् भनि धर्मशास्त्रमा सिकाइएको छ र ती दुई अवस्थाका बिचमा भयानक र कसैगरी नाघ्न नसकिने खाडल छ (लुका १६:२५–२६) । त्यसबाहेक मरिगएका मान्छेहरूको निम्ति प्रार्थना गर्ने कुरा धर्मशास्त्रमा प्रत्यक्ष वा परोक्ष अर्थ लाग्नेगरी कतै पनि लेखिएको छैन ।

**खण्ड – ५ परमेश्वरको डर मानेर धर्मशास्त्रको अध्ययन गर्नु,[427] धर्मशास्त्रकै विषयमा सही प्रचार गर्नु[428] र बडो ध्यान दिएर वचन सुन्नु, प्रस्ट समझ, पक्का विश्वास र भयसाथ परमेश्वरको आज्ञा पालन गर्नमा प्रतिबद्ध हुनु,[429] अनुग्रहले भरिएर हृदयदेखि प्रशंसाका भजन गाउनु[430] सबै नै धार्मिकतामा हुने आराधनाकै विशेष गतिविधिहरू हुन् । त्यसैगरी ख्रीष्टले प्रतिस्थापन**

[427] प्रेरित १५:२१; प्रकाश १:३ ।
[428] २ तिमोथी ४:२ ।
[429] याकुब १:२२; प्रेरित १०:३३; मत्ती १३:१९; हिब्रु ४:२; यशैया ६६:२ ।
[430] कलस्सी ३:१६; एफिसी ५:१९; याकुब ५:१३ ।

गरिदिनुभएका पवित्र विधिहरू पालन गर्नु–गराउनु पनि सामान्य धार्मिक आराधना परमेश्वरमा अर्पण गर्नुकै खण्ड हो ।[431] यी धेरै क्रियाकलापका अतिरिक्त धार्मिक आशयले हुने–गरिने शपथ[432] वा भाकल[433] गर्नु, समर्पित उपवास बस्नु[434] र विशेष अवसरमा कृतज्ञता व्यक्त गर्नु ।[435] विभिन्न समय र अवसरहरूमा हुने–गरिने यी सबै क्रियाकलापहरू अवश्य पनि धार्मिक आराधनाकै विशेष पक्ष तथा प्रकारहरू हुन् ।[436]

**खण्ड – ६ न ता प्रार्थना न धार्मिक आराधनाका अरू क्रियाकलापहरूका लागि चलाएका व्यवस्थाहरू अबउसो सुसमाचारले स्थापित गरिदिएको व्यवस्थाको अधीनमा छैनन् ।** पहिले जुन ठाउँ र जुन समयमा आराधना गरिन्थ्यो, ती ठाउँ वा तिथिमितिको पनि अब कुनै अर्थ बाँकी रहेको छैन ।[437] अर्थात् पहिलेको व्यवस्थामा तोकिएका विधि, स्थान वा मितिमा नै आराधना गर्दामात्रै परमेश्वरमा ग्रहणयोग्य हुन्छ, त्यसकारण त्यसै गर्नुपर्छ भन्ने बाध्यता अब बाँकी रहेन ।[438] बरू परमेश्वरलाई जहाँसुकै र जहिलेसुकै आराधना गर्न सकिन्छ[439] र हामीले आत्मामा र सत्यतामा[440] त्यसै गर्नुपर्छ । त्यसैगरी उहाँको आराधना जोसुकैको पारिवारिक आराधनामा पनि यही कुरा हुनसक्छ ।[441] उहाँको आराधना दैनिकरूपमा गर्नुपर्छ ।[442] त्यसैगरी कसैले आफै र व्यक्तिगतरूपमा निजी किसिमले आराधना गर्न सकिन्छ

---

431 मत्ती २८:१९; १ कोरिन्थी ११:२३-२९; प्रेरित २:४२ ।
432 व्यवस्था ६:१३; नहेम्याह १०:२९ ।
433 यशैया १९:२१; उपदेशक ५:४, ५ ।
434 योएल २:१२; एस्तर ४:१६; मत्ती ९:१५; १ कोरिन्थी ७:५ ।
435 भजनसंग्रह १०७; एस्तर ९:२२ ।
436 हिब्रू १२:२८ ।
437 यहुन्ना ४:२१ ।
438 मलाकी १:११; १ तिमोथी २:८ ।
439 यहुन्ना ४:२३, २४ ।
440 यर्मिया १०:२५; व्यवस्था ६:६, ७; अय्युब १:५; २ समुएल ६:१८, २०; १ पत्रुस ३:७; प्रेरित १०:२ ।
441 मत्ती ६:११ ।
442 मत्ती ६:६; एफिसी ६:१८ ।

**।[443] अझ बढी सामूहिक भेलाहरूमा उहाँको आराधना हुनसक्छ । त्यस्ता कुराहरू बेपर्वाही भएर वा जानीजानीकन बेवास्ता गरिदिएर होइन, खासगरी, जब परमेश्वरले आफ्नो वचनमा र इच्छामा हामीलाई आराधना गर्न आव्हान गर्नुहुन्छ ।**

यी खण्डले निम्न विचारहरू सिकाउँछन् :

१. धार्मिक आराधनाका लागि धर्मशास्त्रमा अहिले हाम्रा लागि दिइएको जेजति कुराहरू माग गरिएको छ, ती विभिन्न तरीकाहरूबारे प्रस्ट हुने प्रयास यहाँ हुनेछ । यी नियमित हुने र कहिलेकाहिँ हुने आराधनाका कार्यहरू हुनेछन् । परमेश्वरलाई नियमितरूपमा आराधना गर्ने कुरा प्रायजसो सामूहिक भेलाहरूमा हुने गर्छ र निजीरूपमा हुने आराधना परिवारमा र व्यक्तिले एकलै गुप्तमा गर्ने किसिमको हुन सक्छ । सामूहिक भेलामा हुने परमेश्वरको आराधनामा प्रायजसो परमेश्वरको वचन पढ्ने, प्रचार गर्ने र सुन्ने काम हुन्छ । त्यसगरी प्रार्थना गर्ने, भजनहरू गाउने, सेवा सञ्चालन गर्ने र उहाँले निर्देशन दिनुभएअनुसार पवित्र विधिहरू ग्रहण गर्ने काम पनि हुन्छ । वचनको कुरा गर्दा सबैले सुन्नेगरी पढ्न वा होसियारीसाथ त्यसको व्याख्या गर्दै प्रचार गर्ने काम हुन्छ, सोही कामद्वारा परमेश्वर हामीसित बोल्नुहुन्छ, वचन सुनेर हामी आदर र कम्पसाथ उहाँको आराधना गर्छौं । हामी सकेसम्म सम्पूर्ण मनले उहाँमा ध्यान केन्द्रित गर्छौं र वचनले दिएको शिक्षा पालन गर्न स्वेच्छासाथ आज्ञाकारी बन्छौँ । प्रार्थना र स्तुति प्रशंसा गर्दा हामी आफूमा भएको पवित्र चाहना परमेश्वरमा व्यक्त गर्छौं, हाम्रो लगाव र इच्छा उहाँसमक्ष प्रकट गर्छौं र पवित्र आत्माले प्रेरणा दिनुभएको अनुसार हामी उहाँलाई धन्यवाद अर्पण गर्छौं । पवित्र विधिमा परमेश्वर आफ्नो सम्पूर्ण करारद्वारा  आफूलाई हाम्रा प्राणसित एकाकार गराउनुहुन्छ र हामी पनि एकाकार हुँदै उहाँमा प्रवेश हुन्छौँ । अनि यस प्रकारको आराधना विधिको पछिलाग्ने केही विधिवादीहरूले कल्पना गरेजस्तो उहाँमा ग्रहणयोग्य भइहाल्छ भन्ने छैन । यसमा आराधना गर्दै गरेको ठाउँको शुद्धता अथवा कसरी गर्नुपर्छ

[443] यशैया ५६:६, ७; हिब्रू १०:२५; हितोपदेश १:२०, २१, २४; ८:३४; प्रेरित १३:४२; लुका ४:१६; प्रेरित २:४२ ।

भनि दिइएको निर्देशनले पनि आराधना यहाँमा ग्रहणयोग्य हुनेछ भनि पक्कापक्की गर्दैन । आराधनालाई साँघुरो वा सीमित बनाएर लागु गरिएको व्यवस्थाले वास्तवमा पवित्र ठानिएको एउटा खास स्थान, व्यक्ति र समयमा पुऱ्याएर बिस्तारै सिध्याउँछ । यस्तो आराधना हाम्रा प्रभुबाट अलग्गै बनाएर गरिने हुनसक्छ । हामीले यस विषयमा अध्याय ७ र १९ मा मण्डली गरिसकेका छौँ । ख्रीष्टले सामरी स्त्रीसित यही विषयमा वार्तालाप गर्नुभयो (युहन्ना ४:२३–२४) । तथापि यसको ग्रहणयोग्यता यी कुराहरूमा निर्भर हुन्छः (१) यो परमेश्वरको वचनमा कत्तिपनि तलमाथि नगरिकन विशुद्ध प्रकारले स्थापित भएको हुनुपर्छ । (२) यो पवित्र आत्माको फल तथा वचनद्वारा ज्ञान प्राप्त गरेको, भययुक्त आदरको र अचुक रहिरहने प्रेमको परिणाम हुनुपर्छ । (३) यो सम्पूर्ण रीतिले प्रभु येशुको मध्यस्थताद्वारा भएको हुनुपर्छ ।

समुदायको रूपमा भेला भएर गरिने आराधना बाहेक घरमा परिवार मिलेर वा एकलै व्यक्तिगत रूपमा पनि आराधना गर्नु हरेक विश्वासीका लागि अनिवार्य कर्तव्य हो, उसले मण्डलीमा आराधना गरिसकेको छु भनेर यो कर्तव्यबाट पन्छिन मिल्दैन ।

व्यक्तिगत र गुप्तरूपमा एकलैले गर्ने आराधनामा प्रायजसो आराधना गर्ने व्यक्ति प्रभु येशुबिच सात्क्षात्कार हुन्छ । त्यस्तो आराधनामा प्रभु आफै सामेल भइदिनुहुन्छ (मत्ती ६:६; एफेसी ६:१८) । यस कर्तव्यमा हरेक जनाले नै उहाँको उपस्थितिमा हुनुभन्दा अघि धर्मशास्त्र अध्ययन गर्न, प्रार्थना गर्न, पवित्र आत्माको आह्वान गर्दै अन्तरध्यान वा मनन गर्न र आफूलाई गम्भीर प्रकारले जाँच्न समय बिताउनुपर्छ । यो कर्तव्य निर्वाह गर्दै गर्दा धेरै फाइदाहरू प्राप्त हुनेछ, त्यो सचेत अवस्थाबाट माथि उठेर यी जिम्मेवारीहरू विश्वासयोग्य भएर पूरा गर्ने दृढता बढ्दै जानेछ ।

सामान्यरूपमा एकाबिहानै र साँझपख पारिवारिक आराधना हरेक ख्रीष्टियन परिवारले गर्नु नै पर्ने हो । यस आराधनामा पनि तिनी गतिविधिहरू समावेश हुन्छन्, जस्तैः भजन–गीत गाउने, स्तुति चढाउने, धर्मशास्त्रबाट अध्ययन गर्ने, आदि ।

परिवारको मुली मान्छेले यो आराधनाको अगुवाइ गर्नुपर्छ । घरमा भएका सबै सदस्यहरूलाई खुसीसाथ समहाभगी गराउनुपर्छ र कोही पनि पारिवारिक आराधनाको कुनै पनि खण्डबाट पछि नसरोस् भनेर चनाखो पनि हुनुपर्छ । धर्मशास्त्रबाट पढ्दै गर्दा हरेकले आ–आफ्ना चासोका कामहरू छाडेर ध्यान दिएर सहभागी हुनुपर्छ । सबैले ध्यानमग्न भएर वचन अध्ययन गर्नु असल हुन्छ, जसरी भजन गाउँदा वा प्रार्थना गर्दा हुने गर्दछ ।

"घरमुलीले परिवारका सबै सदस्यहरूलाई सेवाको लागि उत्साह दिने काम गरेको हुनुपर्छ । होसियारीसाथ आफ्ना बालबालिकाहरूसहित सम्पूर्ण परिवारलाई धर्मको सिद्धान्तअनुसार आराधनामा सहभागी गराउनुपर्छ । आराधनाका लागि धर्मशास्त्रमा दिइएका ठिक निर्देशनहरू अँगालेर हरेक महत्त्वपूर्ण अवसरहरूको उपयोग गर्नुपर्छ । तर विश्राम दिन वा तोकिएको अर्को कुनै अवसरमा मात्रै परमेश्वरको आराधना गर्नुपर्छ भन्ने शिक्षालाई उस्तो महत्त्व दिँदैनौँ । भनौँ न विश्राम दिनको साँझ अथवा सामूहिक आराधना गरिसकेपछिको समयमा फेरि परिवार जुटेर आराधना गर्नुपर्दैन भन्नेजस्ता शिक्षालाई मान्नु जरुरी छैन । अथवा त्यस्तो समय अर्कोभन्दा विशेष र पवित्र हुन्छ भन्ने होइन । त्यसकारण कुनै दिनलाई प्रभुको दिन मानेर तोकिएको ठाउँमा पुग्नैपर्ने भन्नेजस्ता शिक्षालाई हामी जोडदाररूपमा अस्वीकार गर्छौं । हामीले कुनै समय जुराएर गुप्तमा परमेश्वरलाई भेट्न जानुपर्दैन, उहाँलाई सधैँभरि सबै ठाउँमा उस्तैगरी उपस्थित हुनुहुन्छ । त्यसकारण परमेश्वरलाई भेट्टाउन कतै जाने वा कोही अपरिचित व्यक्ति वा विचारलाई परिवारमा ल्याउने काम गर्नुपर्दैन । अथवा सुसमाचारको उद्देश्य राखेर कसैलाई परिवारको आराधनामा बोलाउने वा कोही अपरिचितलाई सहायता गर्नुपर्ने अवस्था बाहेक परिवारको आराधनामा बाहिरको मानिसलाई ल्याउनुपर्दैन । तिनीहरूको पक्षमा जेजस्तो भलाइको काम गर्नुपर्छ, त्यसलाई नै महत्त्व दिएर आवश्यक जिम्मेवारी निर्वाह गर्न सकिन्छ ।" (आराधनाको निम्ति (अमेरिकीहरूका लागि निर्देशिका, अध्याय १५) ।

विशेष अवसरमा परमेश्वरलाई आराधना गर्ने खास किसिमको झुकाव राख्न सकिन्छ, जस्तै धार्मिक शपथ वा भाकल पूरा गर्ने समय, उपवास बसेर प्रार्थना गरेको समय वा विशेष कुराको निम्ति धन्यवाद चढाउने समय । भाकल र

शपथको विषयमा हामी अध्याय २२ मा अझ बढी चर्चा गर्नेछौँ । त्यसबाहेक, उपवास तथा धन्यवाद ज्ञापनका विशेष अवसरहरूको विषयमा भने परमेश्वरको वचनमा प्रशस्तै उदाहरणहरू दिइएका छन् (भजन १०७; मत्ती ९:१५) । त्यसैगरी अहिलेको आधुनिक मण्डलीले आराधनामा बटुलेको अनुभवले आशङ्का गर्नुपर्ने कुनै ठाउँ राख्दैन ।

**खण्ड – ७ प्राकृतिक नियमकै रूपमा भए पनि सामान्य रीतिले परमेश्वरको आराधनाका लागि पर्याप्त समय हामीले छुट्ट्याउनुपर्ने हो । त्यही कुरा उहाँको वचनमा लेखिएको छ । उहाँले आराधना गर्नुपर्ने विषयमा उहाँले सकारात्मक, नैतिक र अत्यावश्यक आज्ञा दिनुभएको छ । यो आज्ञा सबै उमेरका सबै मानिसहरूले पालन गर्नुपर्ने बाध्यात्मक छ । उहाँले हप्ताको एक दिन आराधनाकै निम्ति विश्राम दिन भनेर तोक्नुभएको छ र त्यो दिन उहाँका निम्ति पवित्र मान्नुपर्ने भनिएको छ ।[444] त्यो संसारको प्रारम्भदेखि येशु ख्रीष्टको पुनरूत्थान भएको दिनसम्म विश्राम दिनलाई हप्ताको अन्तिम दिनका रूपमा मान्ने गरिएको थियो र उहाँको पुनरूत्थान भएपछि त्यसलाई परिवर्तन गरेर हप्ताको पहिलो दिनलाई विश्रामको दिन मात्र थालिएको छ ।[445] यस दिनलाई धर्मशास्त्रमा प्रभुको दिन भनिएको छ ।[446] यो प्रचलनलाई ख्रीष्टियनहरूको विश्राम दिनको रूपमा संसारको अन्त्यसम्मै निरन्तरता दिनुपर्छ ।[447]**

**खण्ड – ८ त्यसपछि विश्राम दिनलाई परमप्रभुमा पवित्र मानिएको छ । जब मानिसले आराधनाको निम्ति आफ्ना हृदयमा पूरै तयारी गर्छ, त्यसभन्दा अघि नै यसले आफ्ना सबै कामकुराहरू 'ठिक' बनाउँछ । उसले दिनभरि नै केही काम नगरिकन आराम गरेर बस्नेमात्रै होइन, आफ्ना संसारिक**

[444] प्रस्थान २०:८, १०, ११; यशैया ५६:२, ४, ६, ७ ।
[445] उत्पत्ति २:२, ३; १ कोरिन्थी १६:१, २; प्रेरित २०:७ ।
[446] प्रकाश १:१० ।
[447] प्रस्थान २०:८, १०; मत्ती ५:१७, १८ ।

**विचार र चालचलनबाट अलग्ग बस्नेमात्रै पनि होइन र विश्राम गर्ने बाहनामा आमोदप्रमोद वा रमाइलो गर्दै बस्ने पनि होइन, बरू उसले आफूलाई परमेश्वरमा ग्रहणयोग्य बनाउने उद्देश्यले मनदेखि गम्भीर र चोखोनितो बनाउँछ ।[448] उसले सम्पूर्ण दिनभरि नै सामूहिक वा निजी आराधना कसरी अझै शुद्ध हृदयले गर्न सकिन्छ भन्ने र त्यसका साथै कसरी गर्नैपर्ने कर्तव्य पालन वा अरूमाथि कृपालु हुनुपर्ने कुरामा विशेष ध्यान दिन्छ ।[449]**

अध्याय १९ अन्तरगत हामीले परमेश्वरका विभिन्न व्यवस्थाहरूको विषयमा चर्चा गऱ्यौँ । ती व्यवस्थाहरूलाई तिनका फरक प्रकृति र कारणहरूका आधारमा वर्गीकरण गर्ने हो भने जम्माजम्मी चार खण्डमा बाँड्न सकिन्छ — (१) तिनकोस्वभावमा स्थापित ईश्वरीय आधारमा विश्वव्यापी तथा स्थायी प्रकृतिका व्यवस्थाहरू यस वर्गमा राखिएका छन् । (२) तत्काल लागु हुनेगरी, जसलाई भनेर तोकिएको थियो, तिनैका लागि मात्रै कायम रहने सामान्य प्रकृतिका व्यवस्थाहरू, जुन त्यो तोकिएको पुस्तापछिका मानिसहरूमाथि बाध्यकारी हुँदैनन् । त्यसकारण तिनलाई सकारात्मक नियमहरू पनि भनिएको छ । (३) क्षणिक परिस्थितिका लागि लागु हुनेगरी दिइएका व्यवस्थाहरू, जसको आधार र कारणहरू सोही समयका लागि लागु हुनेगरी तोकिएका त्यही अवस्थामा मात्रै लागु हुने प्रकृतिका छन् । त्यस्ता परिस्थिति अब नदोहोरिने र त्यो अहिले कसैका लागि बाध्यकारी पनि नहुने भएकोले ती व्यवस्थाहरूको औचित्य पनि समाप्त भइसकेको छ । (४) ती व्यवस्थाहरू, जसको जग विश्वव्यापी तथा स्थायी प्रकृतिका छन् र जसले यस संसारसित मानिसको सम्बन्धको कुरा गर्छन्, ती अझै पनि लागु भइरहेका र सबै मानिसका लागि बाध्यकारी छन् । यसरी संसारसित मानिसको सम्बन्ध रहेसम्म ती व्यवस्थाहरू अस्तित्वमा रहन्छन् र मानव जीवनमा ती क्रियाशील रहिरहन्छन् ।

[448] प्रस्थान २०:८; १६:२३, २५, २६, २९, ३०; ३१:१५-१७; यशैया ५८:१३; नहेम्याह १३:१५-१९, २१, २२ ।
[449] यशैया ५८:१३; मत्ती १२:१-१३ ।

यस अर्थमा धर्मशास्त्रले पुष्टि गर्ने व्यवस्थाको कुरा गर्दा सबाथ वा विश्राम दिन मान्ने व्यवस्था केही हदसम्म चौथो र केही हदसम्म दोस्रो वर्ग वा बुँदामा पर्न आउने देखिन्छ ।

१. सबाथ दिन मनाउने व्यवस्था केही हदसम्म विश्वव्यापि तथा मानिसको स्थायी खाँचोको सम्बन्धमा  स्थापित गरिएका छन् । त्यो पनि खासगरी उसको छुटकाराको सवालमा यो व्यवस्थाको खाँचो महसुस गरिएको हो । यसको संरचना यस्तो छ — (१) परमेश्वरले सारा ब्रह्माण्ड र यसमा भएका यावत् कुराहरू सृष्टि गर्नुभएको हो भन्ने स्मरण गर्नका लागि (उत्पत्ति २:२, ३; प्रस्थान २०:११), यो सबैजसो धर्मशास्त्रमा उल्लेख गरिएको तथ्य हो, जुन प्राकृतिक वा प्रकटित दुबै हुनसक्छ । (२) हप्ताको पहिलो दिनका रूपमा मनाउने भनि पररिवर्तन गरिएकोले आइतबारलाई मुक्तिदाता प्रभु येशु मृत्युबाट पुनरूत्थान हुनुभएर स्वर्गमा उचालिई जानुभएको सम्झनामा विश्राम दिन मनाउन थालिएको हो । यसरी हप्ताको पहिलो दिन स्वर्गमा उचालिनुभएर सम्पूर्ण शक्ति र अधिकारको दाहिने बाहुलीतर्फ खडा हुनुहुने ख्रीष्टले स्थापना गर्नुभएको महान् धर्म (ख्रीष्टियन आस्थाको अभ्यास) का रूपमा सम्झना गर्ने दिन हो । (३) सन्तहरूका लागि सदासर्वदै चलिरहने अनन्त सबाथका रूपमा यसलाई मानिएको छ (हिब्रू ४:३–११) । (४) सबै मानिसहरूले सहजै मनाउन सकिने गरिएको पनि हो, जसमा सार्वजनिक सेवा–आराधनाका लागि मानिसहरू सहजै भेला हुन सक्छन् र यसलाई आफूहरूले पालन गर्नुपर्ने धार्मि आराधनाको मुख्य दिनका रूपमा मान्दै निजी तवरले (एकलै) पनि मनाउन सकिने भएर पनि हो । (५) हप्ताभरिको कठोर परिश्रमले लखतरान भएको शरीरलाई विश्राम दिने उपयुक्त एउटा दिन भएर पनि यसलाई सबाथकै रूपमा मानिएको हो, जसलाई शारीरिक तथा नैतिकरूपमा पनि आरामको समय अथवा मानवीय स्वभावको अहिलेको अवस्थामा आवश्यक विश्रामको एउटा दिन तथा यस संसारको झमेलाबाट मुक्त भएर परमेश्वरको आराधनामा समर्पित हुने एउटा दिनको रूपमा लिइएको छ ।

सबाथको परिकल्पना र स्थापनाका लागि यी सबै कारणहरू जायज देखिन्छन्, अनि यी सबैको आधार भने मानव स्वभावमै टेकिएको छ । त्यही भएर हो, यसलाई जुनसुकै धर्म मान्ने भए पनि सबै देशका सबै मानिसहरूमा पूर्णतः

लागु गरिएको छ । सबै तहका बौद्धिक स्तर वा विकासको स्तरमा भएका देशहरूमा पनि विश्राम दिनको यो थिति बसालिएको पाइन्छ । तथापि सबाथलाई एउटा ईश्वरीय संरचनाको रूपमा सारा जगतको सृष्टि गर्दा नै प्रस्तुत गरिएको थियो । त्यसपछि यसलाई मानिसका पुस्ता–दरपुस्तासम्म सामान्य रीतिले र निरन्तर – अनन्तसम्मै हुनेगरी स्थापित गरिएको थियो (उत्पत्ति २:२–३) । त्यही आधारमा सुरुदेखि नै यहुदीहरूले र त्यसपछि क्रमशः मिश्रीहरू, अरबीहरू, भारतीयहरू र अरूहरू समेतले समयको गणनालाई सात दिनको हप्ता बनाए (उत्पत्ति ७:१०; ८:१०; २४:२७–२८; अय्युब २:१३) ।

यसरी पनि सबाथको महत्त्व बताइएको छ, किनभने व्यवस्था दिनुभन्दा धेरै अघिदेखि हिब्रूहरूलाई सबाथको पालना गर्न लगाइएको थियो (प्रस्थान १६:२३) । पछि आएर मोसाद्वारा दिइएको (यहुदी) व्यवस्थामा सबाथ दिन मान्नुपर्ने विधि समावेश गरियो र यसलाई दसआज्ञामध्ये एउटा आज्ञाको रूपमा महत्त्वपूर्ण बनाएर स्थापित गरियो । यसअघि नै चर्चा गरिएजस्तै दस आज्ञामा पहिलो खण्डले परमेश्वरसितको सम्बन्धमा जोड दिन्छ र दोस्रोले मानिसहरूबिचको सम्बन्धमा जोड दिन्छ । ती दुबै खण्ड –लाई सबाथको आज्ञाले समेटेको छ, किनभने यस आज्ञाले आफूसँग हुने सबै मानिसहरूसँग भेला भएर परमेश्वरलाई आराधना गर्ने दायित्व सुम्पेको छ । यसले मानिसको नैतिक अवस्थाको जाँच गर्छ, साथसाथै सँगी मानिसहरूसँगको सम्बन्धमाथि जोड दिन्छ । यसरी यो आज्ञा सबै आज्ञाहरूलाई समेट्ने सामान्य र संक्षिप्त रूप हो । यो आज्ञा पनि परमेश्वरले आफ्नो औँलाले ढुङ्गाका पाटीमा लेखिदिनुभएको थियो । हामीलाई 'परमेश्वरलाई प्रेम गर्नू र उहाँको नाउँको आदर गर्नू' भन्ने आज्ञाको हाराहारीमा सबाथको व्यवस्था दिइएको थियो, जसमा व्यभिचारबाट अलग रहनू र हत्या नगर्नू भन्नेजस्ता आज्ञाहरू सँगसँगै आएका छन् । यसलाई 'कृपा आसन' मुनि राखिएको 'परमेश्वरको साक्षीपत्र' मा समेटिएको थियो । अर्थात् उहाँको सिंहासनकै जगमा यो व्यवस्था राखिएको थियो । यसै आधारमा जब महान् आज्ञा दिइयो, परमेश्वरले "म तिमीहरूका लागि एउटा सबाथ दिन तोकिदिन्छु" भन्नुभएन । त्यसको साटो उहाँले भन्नुभयो, "सबाथ दिनको सम्झना गर्नू, त्यसलाई पवित्र राख्नू" — प्रस्ट हुन्छ, उहाँले यहुदी र अन्यजातिहरूका माझमा पहिल्यै स्थापित भइसकेको र

सबैलाई थाहा भएको रीतिको विषयमा भनिरहनुभएको थियो । यसरी यहुदीहरूका लागि व्यवस्थाको कार्यान्वयन गराउने कुरा तिनीहरूका इतिहासमा अनौठो हुँदै होइन, बरू परमेश्वरले तिनीहरूका पुस्तापुस्तासम्म आफ्नो सम्बन्ध कायमै राख्नु भयो भन्ने तथ्य यसबाट प्रस्ट हुन्छ । वास्तवमै उहाँले दिनुभएको पहिलो व्यवस्था नै सबाथ दिन पालन गर्नू भन्ने थियो भने त्यसको वर्षौंवर्षपछि मात्रै अरू व्यवस्थाहरू परमेश्वरले दिनुभएको हो — "किनभने छ दिनसम्म परमप्रभुले आकाश र पृथ्वी र समुद्र अनि त्यसमा भएका सबैथोक बनाउनुभयो" (प्रस्थान २०:८–११) । त्यही कारण ख्रीष्टले भन्नुभयो, "सबाथ दिन मानिसका लागि तोकिएको हो ।" उहाँले भन्नुभएको यही हो, सबाथ दिनका लागि मानिसलाई बनाइएको होइन, बरू मानिसका लागि सबाथ दिन बनाइएको हो (मर्कुस २:२७) ।

(२) वास्तवमा सबाथको व्यवस्था सकारात्मक आज्ञा पनि हो । परमप्रभु सर्वोच्च परमेश्वरको इच्छामा आधारित आज्ञा हो यो । यसले समयको खास खण्ड परमेश्वरको आराधनाको लागि छुट्ट्याउनु पर्छ भनेको हो । मानिसले पालन गर्नुपर्ने कारण सहितको धार्मिक नियम यसमा तोकिएको छ । यसले प्रस्ट गरेको छ, कामबाट विश्राम लिन निश्चित समय अलग गर्नुपर्छ, अनुभवका आधारमा पनि महत्त्वपूर्ण देखिन्छ । त्यसैगरी मनोविज्ञान र नैतिक आधारमा भने यसको खाँचो झनै बढी ठानिएको छ । संसारको सृष्टिका केही विशेष स्तम्भहरू र साथमा ख्रीष्टको पुनरूत्थानसँग जोडिएका अति विशिष्ट क्षणहरू, अनि स्वर्गको झल्को स्थायीरूपमा र घरिघरि देखाउने अवसरहरू यसमा सामेल हुनुपर्ने हो । यी कुरा मानिसका अन्तरमनदेखिका चाहना हुन् । किनभने मानिसलाई मात्रै धार्मिक प्राणी मानिएको छ । तर यी सबै निष्कर्षहरूलाई एउटै व्यवस्थामा बटुलेर र सम्हालेर राख्नुपर्छ । यसरी साताको एउटा पूरै दिन यस उद्देश्यका लागि अलग गर्नुपर्छ । यही साताको एक दिन पहिले सातौँ र त्यसपछि पहिलो दिनका रूपमा छुट्ट्याउन थालिएको छ । यो सबै हुनुमा व्यवस्थाको सकारात्म क्रियाशीलताले गर्दा हो । यही रीतिले जबसम्म ईश्वरीय इच्छा प्रकट भइरहेको छ भन्ने सङ्केत रहिरन्छ, तबसम्मै यसले हामीलाई आराधनाको निम्ति एक किसिमको बाध्यात्मक कर्तव्य सिर्जना गरिदिन्छ ।

आराधना मनाउने समय साताको सातौँ दिनबाट पहिलो दिनलाई मात्र थालियो भन्ने कुरा हामीले अघि नै चर्चा गरिसक्यौँ । सुरुमै प्रभु येशुमा प्रेरितहरूले पहिलो दिनलाई महत्त्व दिए, त्यसैलाई "प्रभुको दिन" (प्रकाश १:१०) भनेर सामूहिक आराधनाको दिनका रूपमा मान्यता दिए । त्यसपछि उसो सातौँ दिनमा मनाइने प्राचीन सबाथको सट्टामा पहिलो दिनमा मनाउन थालियो । त्यसपछिको अधिकांश मण्डलीहरूले हप्ताको पहिलो दिनलाई नै सबाथको रूपमा मनाउन थालेको देखिन्छ । यो प्रचलन हामीसम्म आइपुग्दा हामीले पनि त्यसैगरी स्वीकार गर्‍यौँ र त्यसैलाई परमेश्वरको इच्छाको रूपमा बदलिएको हो भनेर हामीले पनि मानिलियौँ — (१) भिनभने यसको सुरुआत प्रेरितहरूबाट गरियो । (२) किनभने ख्रीष्ट येशुको पुनरूत्थानको विषयमा सबैलाई बताउने सहज प्रसङ्ग यो हुन आयो, जुन कुरा स्वयम् परमेश्वरले सारा जगतको सृष्टि गर्नुभएको प्रसङ्गसितै जोडियो । यही कुरा ख्रीष्टियनहरूको आस्थाको जग बन्यो । (३) किनभने सबै पुस्ता र सम्प्रदायका ख्रीष्टियनहरूका लागि विश्वव्यापी सहमति तथा तिनीहरूमा बास गर्नुहुने पवित्र आत्माको सम्मति यस प्रसङ्गमा जहिल्यै मिल्न आउँछ ।

ख्रीष्टियन सबाथ मनाउने व्यक्ति भएको नाताले यसलाई मनाउने सामान्य नियमहरू प्रस्टतः यी हुनेछन् — (१) व्यवस्था पालनकै ध्येयमा होइन, जसलाई ख्रीष्टले रद्द गर्नुभएको छ (मत्ती १२:१; लुका १३:१५), बरू सुसमाचारको पवित्र र स्वतन्त्र ध्येयमा मनाउनुपर्ने । (२) यो जुन उद्देश्यले लागु गरियो, त्यही लक्ष्य पहिल्याउने र सबैभन्दा माथि यसलाई उच्च मान्यता दिनुपर्ने ।

परमेश्वरले सातामा एक दिन सबाथ हुने भनि तोक्नुभएको हुनाले हामीले त्यो पूरै दिन समर्पण गर्नुपर्छ, त्यसमा कति पनि थपघट वा मेटाउने काम नगरीकन, जुन उद्देश्यले यसको सिर्जना गरिएको थियो, त्यसैमा लागिरहनुपर्छ । यसको अर्थ, सांसारिक एवं शारीरिक परिश्रमबाट एक दिन पूरै विश्राम लिएर परमेश्वरको आराधना गर्नुपर्छ र त्यसका साथै हाम्रा सँगी मानिसहरूका लागि दिइएको धार्मिक विधिहरू पनि पालन गर्नपर्छ । यिनै उद्देश्य लागिरहनका लागि हामी समर्पित हुनुपर्छ, साँचो मनले पूरै दिन बिताउनुपर्छ । यसरी विश्राम दिन परै पालन गरेर प्राप्त हुने लाभ हामी आफैले लिन र हाम्रा सँगी मानिसहरूलाई पनि सोही लाभ दिलाउनमा आइलाग्ने सबै किसिमका बिघ्नबाधाहरूलाई हामीले

पन्छाउनुपर्छ । जुन उद्देश्यका लागि यो लागु गरिएको हो सो पूरा गर्न हामीले सामूहिक आराधना–भेला वा व्यक्तिगतरूपमा सबाथको पालना गर्नुपर्छ । यसरी उक्त दिनलाई परमप्रभुको निम्ति भनेर अर्पण गरिसकेपछि केही कुराले पनि बाधा वा हस्तक्षेप गर्न पाउनुहुँदैन । कुनै खास घटना वा कारण वा हाम्रो आफ्नो जरुरी चासोको विषय जेहोस्, साथै हाम्रा सँगी मानिसहरूले तत्काल भोग्नुपरेका अन्य अवस्थाहरूप्रति कृपालु हुँदै, अनि हाम्रो स्वामित्वमा निर्भर रहेका पशुपंछी तथा वस्तुभाउहरू समेतमाथि सबाथको यो व्यवस्था लागु गरिएको छ ।

## प्रश्नहरू

१. यस अध्यायको पहिलो र दोस्रो खण्डमा सिकाइएको पहिलो विचार वा धारण के हो ?

२. त्यहाँ सिकाइएको दोस्रो विचार के हो ?

३. तेस्रो विचार के हो नि त ?

४. चौथो चाहिँ के हो ?

५. मानिसको स्वाभाविक चेतनामा नै परमेश्वरलाई आराधना गर्नुपर्छ भन्ने सत्य गढेको छ भन्ने कुरा प्रस्ट
गर्नुहोस् ।

६. व्यवस्था पालन गर्नुपर्ने बाध्यता सिर्जना हुने आधारहरू के के हुन् ?

७. परमेश्वर आफैले निर्देशन दिनुभएको तरीकाले मात्रै उहाँको आराधना गर्न हामीले आफूलाई समर्पित
गर्नुपर्छ, किन होला ? यसो गर्नुमा उचित कारणहरू के के हुन् ?

८. हाम्रो स्वीकारोक्तिको आधारमा हाम्रो आफ्नो हृदयले उचित ठानेअनुसार कति परसम्म हामीलाई
आफ्नो तरीकाले परमेश्वरको आराधना गर्न छुट होला ? प्रस्ट गर्नुहोस् ।

९. आराधनाको लागि एकमात्रै सही उद्देश्य के हो ? बताउनुहोस् ।

१०. मानिसको पतनदेखि यता मानिसले कुनै एकजना मध्यस्थकर्ता मार्फत् मात्रै परमेश्वरलाई रिझाउन

सक्छ भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

११. रोमन क्याथोलिक मण्डलीले आराधना र प्रार्थना गर्दा कन्या मरियम, सन्तहरू र स्वर्गदूतहरूको
विषयमा कस्तो मापदण्ड सिकाएको छ ?

१२. तिनीहरूले परमेश्वर र सृष्टिका यावत् थोकहरूको पूजा–आराधना गर्नुको बिचमा के–कस्तो भेद
छुट्ट्याउने गरेका छन् ?

१३. तिनीहरूले कुनै तस्वीर, चित्र, प्रतिमा वा मूर्तिका लागि र प्रतिनिधित्व गर्ने कुनै व्यक्तिको पूजा–
आराधना गर्नुको बिचमा के–कस्तो भेद छुट्ट्याउने गरेका छन् ?

१४. कुनै पनि कारणले सन्तहरू र स्वर्गदूतहरूको आराधना गर्नू भनि कतै आज्ञा गरिएको छैन, बरू
त्यस्तो कार्य धर्मशास्त्रमा बर्जित गरिएको छ भन्ने पुष्टि गर्नुहोस् ।

१५. के त्यही कुरा चित्र, प्रतिमा, आदिलाई पुज्ने कुरामा लागु गरिएको छ ?

१६. रोमन क्याथोलिकहरू यस सवालमा अन्य पूर्तिपूजकहरूभन्दा फरक छैनन् भनि पुष्टि गर्नुहोस् ।

१७. मरिगएका सन्तहरूलाई पुकारा गर्नु कसरी हास्यास्पद हुन्छ ? प्रस्ट गर्नुहोस् ।

१८. पुष्टि गर्नुहोस्ः मरिगएका सन्तहरू र स्वर्गदूतहरू परमेश्वर र हाम्रो बिचमा मध्यस्थकर्ता हुनै सक्दैनन् ।

१९. यस अध्यायको तेस्रो र चौथो खण्डमा "पाप स्वीकार" गर्ने प्रसङ्गले कतातिर डोऱ्याउँछ ? प्रस्ट गर्नुहोस् ।

२०. यसमा सिकाइएको पहिलो विचार के हो ?

२१. "प्रार्थना" शब्दमा प्रयोग भएका कुन दुईओटा कुराहरू विपरीत ध्रुवमा देखिएका छन् ?

२२. यस शब्दको वृहत्तर अर्थमा के कस्ता तत्त्वहरू अँगालिएका छन् ?

२३. स्वीकारोक्तिका आधारमा भन्नुपर्दा कसले प्रार्थना गर्नुपर्ने रहेछ ?

२४. नयाँगरी नजन्मिएका मानिसहरूले समेत प्रार्थना गनुपर्छ, किन ? प्रस्ट गर्नुहोस् ।
२५. हामीले गर्ने प्रार्थना परमेश्वरमा स्वीकारयोग्य बन्नका लागि त्यो ख्रीष्ट येशुद्वारा चढाइएको हुनुपर्छ भन्ने
कुरा पुष्टि गर्नुहोस् ।
२६. यो कुरा पवित्र आत्माद्वारा दिइएको हुनुपर्छ भन्ने प्रस्ट गर्नुहोस् ।
२७. प्रार्थनाद्वारा परमेश्वरसमक्ष जानका लागि हाम्रो मनको अवस्था कस्तो हुनुपर्छ ?
२८. सामूहिकरूपमा गरिने प्रार्थनामा किन सबैले बुझिने भाषामा बोलिनुपर्छ, किन भनेको ?
२९. हामीले गर्ने प्रार्थनाको लक्षित विषयवस्तु के हुनुपर्छ भनि धर्मशास्त्रमा भनिएको छ ?
३०. व्यवस्थासम्मत कुराहरूको विषयमा हामीले गर्ने प्रार्थनामा के कुरा अघिसारिएको हुनुपर्छ ?
३१. हाम्रो प्रार्थनामा हामीले चाहने कुरामा के परमेश्वरको इच्छाअनुसार कायम रहन सक्छन् ?
३२. हामीले कसको लागि अन्तरबिन्ती गर्नुपर्छ ?
३३. अहिलेसम्म नजन्मिएकाहरूको निम्ति प्रार्थना गर्नु ठिक हुन्छ भनि पुष्टि गर्नुहोस् ।
३४. स्वर्ग र नरकका बिचमा भर्खरै मृत्यु भएकाहरूलाई राखिने एउटा मध्यवर्ती क्षेत्र छ र त्यहाँ पुगेका
मृतकहरूको निम्ति प्रार्थना गर्नुपर्छ भनि रोमन क्याथोलिक मण्डलीले के सिकाएको छ ?
३५. तिनीहरूको यो सिद्धान्त झुटो छ भनि पुष्टि गर्नुहोस् ।
३६. आराधनाको कार्यका लागि दुईओटा वर्ग छन् भनि खण्ड – ५ र ६ मा के के कुरा सिकाइएको छ ?
३७. परमेश्वरलाई नियमित आराधना कार्यमा कुन दुईओटा वर्ग सिर्जना गरिएका छन् ?

३८. सार्वजनिकरूपमा परमेश्वरलाई आराधना गर्ने सवालमा खास कुन कुन दुईओटा तत्त्वहरू समावेश
गरिएका छन् ?

३९. कुन खास कुरामाथि आराधना गर्नुपर्ने जिम्मेवारी सबैका लागि निर्भर हुँदैन ?

४०. खास कुन कुरामा यो निर्भर हुन्छ त ?

४१. हामीलाई दिइएको आराधनाको निर्देशिकाले चोखो आराधना गर्नुपर्ने भनि के कुरा सिकाएको छ ?

४२. पारिवारिक आराधनाको विषयका के कुरा सिकाइएको छ ?

४३. आराधना गर्न सन्दर्भमा हाम्रो परिवारमा भएका बालबालिकाहरू, घरको काम गर्ने मानिसहरू साथै
यो जिम्मेवारी बोकिदिने मानिसहरू, जसमाथि यो बाध्यकारी व्यवस्था बन्छ, कुन समयमा चाहिँ यो
सबैका लागि बाध्यकारी हुन्छ ?

४४. परमेश्वरलाई बेला–मौकामा आराधना चढाउने सवालमा कस्ता कामहरूले आराधनालाई विभिन्न
वर्गमा बाँढ्न सक्छन् ?

४५. परमेश्वरका भिन्नभिन्न दिनुभएका व्यवस्थाहरूलाई कति खण्डमा बाँढ्न सकिन्छ ?

४६. सबाथको व्यवस्था कुन वर्गको कुन सम्बन्धमा पर्दछ ?

४७. सबाथको व्यवस्थाले कुन कुन उद्देश्य पूरा गर्ने काम गर्छ ?

४८. यी उद्देश्यहरूको स्वभाव वा प्रकृति अबिच्छिन्न र विश्वव्यापी हुनेगरी तय गरिएको छ भनि प्रस्ट
गर्नुहोस् ।

४९. सबाथको व्यवस्था सामान्य अर्थमा सुरुदेखि नै मानव जातिको काम–व्यवहारसँग जोडेर दिइएको
थियो, त्यसकारण यो यहुदी जातिको काम–व्यवहारमा मात्रै सीमित हुनुहुँदैन भनि पुष्टि गर्नुहोस् ।

५०. यही कुरा इतिहासदेखि नै लेखियो, लागु गरियो र पालन हुँदै आयो भन्ने प्रस्ट गर्नुहोस् ।

५१. सबाथको व्यवस्थाका कुन कुन कुराहरू विशुद्धरूपमा सकारात्मक छन् ?

५२. सबाथ मनाउने दिन हप्ताको सातौँ दिनबाट कहिलेदेखि र किन हप्ताको पहिलो दिनका रूपमा
मनाउन थालियो ?

५३. यो पविर्तनको कारण हाम्रो विश्वाससित परमेश्वरको इच्छासित सरोकार राख्छ भनि पुष्टि गर्नुहोस् ।

५४. सबाथको पहिलो सामान्य सिद्धान्तको विषयमा बताउनुहोस्, जसले सबाथ मनाउने तौर तरीकाबारे
सिकाउँछ ।

५५. सबाथको दोस्रो सामान्य सिद्धान्तको विषयमा बताउनुहोस्, जसले माथिको कुरालाई निर्धारण गरेको
छ ।

५६. सबाथको पूर्णताको लागि सम्पूर्ण दिन नै किन अलग गर्नुपर्छ ?

५७. सबाथको विषयमा दिइएको एउटैमात्र छुट के हो ? बताउनुहोस् ।

# अध्याय २२
# (CHAPTER XXII)
# व्यवस्थाअनुसार भाकल गर्नु वा कसम खानु
# (OF LAWFUL OATHS AND VOWS)

**खण्ड – १ व्यवस्थाले भनेअनुसार वा विधिसम्मत ढङ्गले भाकल गर्नु भनेको धमार्मिक आराधनाकै एउटा खण्ड हो ।[450] कुनै खास अवसरमा मानिसले परमेश्वरलाई पुकारा गर्दै गरेको भाकलले उसले के कुरा उहाँलाई चढाउने प्रतिज्ञा गर्न खोजेको हो भन्ने देखाउँछ । उसले जे प्रतिज्ञा गरी कसम खाएको छ, त्यसमा ऊ आफै इमानदार छ–छैन भन्ने कुराको जाँच हुनसक्छ ।[451]**

**खण्ड – २ शपथ खाने मानिसले परमेश्वर स्वयंको नाउँमा लिएको हुन्छ र त्यसकारण शपथ भन्ने कुरा अत्यन्तै पवित्र भय र आदरमा हुनुपर्छ ।[452] त्यसकारण व्यर्थमा कसम खानु वा उहाँको अति पवित्र र भयानक नाउँलाई हलुका बनाएर नचाहिँदो कुरामा शपथ हाल्नु अथवा अन्य कुनै पनि कुरामा कसम खानुलाई पापकर्म भनिएको छ, त्यसर्थ त्यो घृणित कर्म हो ।[453] तथापि शपथको महत्त्व, वजन तथा अवसरको सवालमा पुरानो करारमात्रै होइन नयाँ करार अन्तरगत पनि परमेश्वरको वचनबाट चेतावनी दिइएको छ ।[454] त्यसकारण व्यवस्थासम्मत ढङ्गले लिइएको शपथलाई वैधानिक अधिकार वा नेतृत्वबाट स्वीकृत गरिएको छ भने यस्ता सपथ वा भाकलहरूलाई जायज मान्न सकिन्छ ।[455]**

---

450 व्यवस्था १०:२० ।
451 प्रस्थान २०:७; लेवी १९:१२; २ कोरिन्थी १:२३; २ इतिहास ६:२२, २३ ।
452 व्यवस्था ६:१३ ।
453 प्रस्थान २०:७; यर्मिया ५:७; मत्ती ५:३४, ३७; याकुब ५:१२ ।
454 हिब्रु ६:१६; २ कोरिन्थी १:२३; यशैया ६५:१६ ।
455 १ राजा ८:३१; नहेम्याह १३:२५; एज्रा १०:५ ।

**खण्ड – ३ शपथ लिने जोसुकै भए पनि उसले त्यसको विशुद्धता र बडो महत्त्वको (वजनदार) काम मानेको हुनुपर्छ । सो शपथलाई सत्य मानेर आफ्नो कसम बचाउन उसले हरप्रयास गरेको हुनुपर्छ ।[456] त्यसो नहुने हो त, कोही मानिसले पनि आफूलाई त्यस वाचा वा भाकलमा बाँधिराख्दैन र आफूलाई असल लागेको काममा ऊ लागिरहन्छ, ऊ जे विश्वास गर्छ, त्यही काम गर्छ र ऊ जे गर्न सक्षम छ, गर्नसक्ने पनि त्यति नै हो ।[457] तापनि कुनै पवित्र चिजलाई छोएर वा पवित्र नाम लिएर शपथ लिन मनाही गरिएको छ, जुन कुरा वैधानिक नेतृत्व वा अख्तियारले लागु गरेको हुन्छ ।[458]**

**खण्ड – ४ शपथ लिँदा सामान्य अर्थ र सरल शब्दमा लिनुपर्छ । क्लिष्ट वा आफैले नबुझिने भाषाको प्रयोग गरेर वा कसैको दबावमा परेर वा मनले नमान्दानमान्दै शपथ लिनु हुँदैन ।[459] कुनै पनि शपथ वा भाकलले पाप गर्न बाध्य बनाउनु हुँदैन । त्यसैगरी कुनै क्रियाकलाप वा विचार आफैमा पाप गर्न लगाउने प्रकारको पनि हुनुहुँदैन । शपथ लिइसकेपछि त्यसले सोहीअनुसारको काम गर्न बाध्य पार्नेछ ।[460] कति अवस्थामा शपथ भन्ने कुरा सहज हुँदैन, त्यसले मानिसलाई चोट पुऱ्याउन पनि सक्छ । कति शपथहरूले झुटो शिक्षा वा विद्रोहतिर लैजान सक्लान्, तापनि त्यसलाई उलङ्घन गर्नु हुँदैन ।[461]**

यस खण्डमा चर्चा गरिने विषयहरू यी हुन् —

१. वैधानिक एवं धर्मशास्त्रले दिएको शिक्षा अनुसार गरिने भाकल ।

२. शपथ लिनका लागि प्रयोग हुनपर्ने एउटै मात्र नाम छ ।

३. शपथ लिनुको औचित्य र खास समय वा अवस्था ।

---

456 प्रस्थान २०:७; यर्मिया ४:२ ।

457 उत्पत्ति २४:२, ३, ५, ६, ८, ९ ।

458 गन्ती ५:१९, २१; नहेम्याह ५:१२; प्रस्थान २२:७-११ ।

459 यर्मिया ४:२; भजनसंग्रह २४:४ ।

460 १ समुएल २५:२२, ३२-३४; भजनसंग्रह १५:४ ।

461 इजकिएल १७:१६, १८, १९; यहोशु ९:१८, १९; २ शमुएल २१:१ ।

४. त्यस शपथको व्याख्या गर्नका लागि यथोचित सुझबुझ ।

५. यसले बाध्य तुल्याउने आधार र विस्तृत विवरण ।

१. विधिवत शपथले परमेश्वरको पुकारा गर्ने काममा जोड दिन्छ । त्यस्तो शपथ लिँदाको बखत निकै

चुनौतीपूर्ण, गम्भीर र महत्त्वपूर्ण हुन्छ । जे कुरो सत्य हो, त्यसलाई साँचो हो भनेर साक्षी दिँदा पनि शपथ खाने गरिएको हुन्छ । त्यसका साथै भविष्यमा केही असल काम गर्नेछु भनि स्वेच्छासाथ प्रतिबद्धता जनाउँदा शपथ खाएर बोलिएको हुनसक्छ । तर शपथ खाएर पनि त्यसप्रति बेइमानी गर्ने, सो अनुसार नगर्ने वा शपथ नै झुटो थियो भनेर पन्छिने कुरालाई परमेश्वर घृणा गर्नुहुन्छ । यो पछिल्लो कारणमाथि अलि बढी महत्त्व दिएर नै शपथ लिने प्रचलनको सुरुआत भएको थियो, तापनि असल गर्ने, असल जीवन जिउने र भनेजस्तै असल हुन परमेश्वरले दिनुभयो भने खास भेटी वा बलिदान उहाँलाई चढाउँछु भन्ने कुराहरूमा शपथ लिने गरेको पाइन्छ, "त्यसकारण परमेश्वर, मलाई सहायता गर्नुहोस् ।" अनि यस्तै मैले साँचो भनेको छु, त्यसकारण परमेश्वरले मलाई सहायता गर्नुहुनेछ र मेरो प्रतिज्ञा म पालन गर्नेछु, पूरा गर्नेछु ।

यसरी शपथ लिने कुरा धार्मिक आराधनाको अति उच्च कार्य हो । किनभने यस कार्यले अति सर्वशक्तिमान, सार्वभौम, अन्तरयामी तथा सर्वज्ञानी परमेश्वरलाई चिनेर स्वीकार गरेको हुन्छ । परमेश्वरलाई उचित प्रकारले चिन्नु पनि आफैमा महत्त्वपूर्ण कुरा हुन्छ, किनभने कोसँग वा कसको नाउँमा शपथ खाएको हो भन्ने थाहा पाएर र आखिरमा कसको न्यायको माग गरिएको छ भनि जानेर शपथ लिनु झनै राम्रो काम हो ।

२. यसले एकमात्र सिद्ध जीवित परमेश्वरलाई छाडेर अन्य देवताहरूको नाउँमा शपथ खाँदाको परिणाम कसरी पाप हुन जान्छ भन्ने तथ्य देखाउँछ । त्यसैगरी सत्य परमेश्वरको नामसितै जोडेर कुनै वस्तु वा चिज (पवित्र स्थान वा वेदी, आदि) लाई छोएर वा त्यसको नाउँमा शपथ लिनु पनि मूर्तिपूजा गर्नुसरह हो भन्ने तथ्य प्रस्ट हुन्छ । भनिएको छ, जसले आफ्ना हात उचालेर शपथ खान्छ, त्यसले आफैलाई बनाउनुहुने सृष्टिकर्ता, उद्धारकर्ता तथा संरक्षक महान् परमेश्वरतिर फर्किएर शपथ खान्छ — यसलाई पनि मूर्तिपूजाको पापसितै तुलना

गरिने छ । कुरो प्रस्ट होस्, साँचो परमेश्वरलाई चिनेर उहाँलाई पछ्याउने जोसुकै होस्, उसले अन्य झुटा देवताहरूको नाउँमा शपथ खानु पनि पापै हो । त्यस्तै बाइबललाई छोएर वा चुम्बन गरेर कसम खाँदै असत्य कुराको पक्ष लिनु झनै भयानक पापमा फँस्नु हो, त्यो आफूलाई सच्चरित्रताबाट गिराउने र झुटा देवताको नाममा शपथ लिएको जस्तै पाप हो । यो कुनै नास्तिक हुँ भन्ने व्यक्तिका लागि पनि कुनै नाउँमा शपथ खानु बेइमानी कुरा हुन जान्छ अथवा कुनै धर्मद्रोहीले बाइबलमाथि हात राखेर कसम खाएजस्तो त्यो हुन जान्छ । त्यसकारण अस्तित्वमा नै नभएको कुनै देवताको नाममा शपथ खानु भनेको सत्य परमेश्वरमाथि सोझै अपमानको हिलो छ्याप्नु सरह हो ।

यो सिद्धान्तलाई धर्मशास्त्रमा राम्रोसित पहिचान गरिएको छ । हामीलाई सत्य परमेश्वरमा शपथ लिन सकिने ठाउँ दिइएको छः "मेरो सामुन्ने सबै घुँडाहरू टेकिने छन् र हरेका जिब्राले मेरो नाउँ काढेर पुकारा गर्नेछन्" (यशैया ४५:२३) । "यस देश (पृथ्वी) मा शपथ खानेले सत्यका परमेश्वरको नाउँमा खानेछ" (यशैया ६५:१६) । "तिमीहरूले तिमीहरूका परमेश्वरकै डर मान्नू, उहाँकै सेवा गर्नू, उहाँकै नाउँमा शपथ खानू" (व्यवस्था ६:१३) । हामीलाई झुटा देवताहरूको नाउँमा शपथ नखानू भनि मनाही गरिएको छ, "तिनीहरूका बिचमा रहेका जातिहरूसँग नमिसिनू, तिनीहरूका देवताहरूको नाउँ नलिनू, तिनीहरूका नाउँमा शपथ नखानू, तिनीहरूको सेवा नगर्नू र तिनीहरूलाई दण्डवत नगर्नू" भनि मैले तिमीहरूलाई दिएको आदेश पालन गरेनौं त "मैले तिमीहरूलाई किन क्षमा गर्ने ? तिमीहरूका छोराछोरीहरूले मलाई त्यागेका छन् र तिनीहरू ती ईश्वरको नाउँमा शपथ खान्छन्, जो ईश्वर नै होइनन्" (व्यवस्था २३:७; यर्मिया ५:७) ।

३. दस आज्ञामा तेस्रो आज्ञाको शाब्दिक अर्थ "तैले तेरा परमप्रभु परमेश्वरको नाउँ अन्य झुटा देवताहरूकै जस्तो गरी व्यर्थमा नलिनू" भन्ने हो । यसको अर्थ कुनै पनि असत्य कुरालाई साँचो नबनाउनू भनेको हो । अर्थात् झुटो कुरामा कसम नखानू भनेर आज्ञा गरिएको हो । कुनै पनि कुरा त्यसबेला अनिश्चित छ भन्ने लाग्दालाग्दै ठोकुवा गरेर शपथ नहाल्नू । तर सही समयमा साँचो कुरा बोल्न पर्दा परमेश्वरको नाउँमा बोल्न सकिन्छ र त्यस्तो कुरा उहाँको नाउँ लिएर शपथ हाल्नै परे पनि त्यसो गर्न अनुमति छ । यस रीतिले पुरानो करारमा शपथ खाने कुरालाई

धार्मिक विधिकै रूपमा स्वीकार गरिएको देखिन्छ (व्यवस्था ६:१३; १०:२०) । ख्रीष्ट स्वयंले पनि येहुदीहरूको प्रचनलमा भए अनुसार शपथ लिनुभएको र त्यसबारे प्रश्न उठाउँदा सहजै जवाफ दिनुभएको उदाहरण छ (मत्ती २४:६३–६४) । पावलले पनि आफूले बोलेका कुरा सत्य हुन् भन्नाखातिर घरिघरि परमेश्वरको हवाला दिएका छन् । उनी भन्छन्, "परमेश्वर मेरा साक्षी हुनुहुन्छ;" "मेरो प्राणको लेखा लिनुहोस् भनेर म परमेश्वरलाई पुकार्छु" (रोमी १:९; २कोरिन्थी १:२३) । हिब्रू ६:१३–१८ मा परमेश्वरले "आफ्नो प्रतिज्ञाका हकदारहरूलाई बदलिन नसक्ने उहाँको अभिप्राय पक्का गरी देखाउनका लागि शपथ खाएर त्यो निश्चय गरिदिनुभयो", उहाँले "आफूभन्दा ठुलो अरू कोही नभएकोले आफ्नो नाउँमा शपथ खाएर आफ्नो प्रतिज्ञा स्थापित गर्नुभयो" भनि पावलले प्रस्ट गरेका छन् ।

त्यसकारण यहाँ हाम्रा मुक्तिदाताको वचन स्वतः पुष्टि हुन्छ (मत्ती ५:३३–३७), "तैले झुटो शपथ नखानू तर परमप्रभुका निम्ति गरिएको शपथ तैले पूरा गर ।" हपथ खाँदैनखानू भनेको होइन, बरू कुन अभिप्रायले शपथ खाएको हो भन्ने कुरा मुख्य हो र शपथ खाएपछि त्यो जसरी नि पूरा गर्नुपर्छ भन्ने पनि हो । त्यसकारण विशेष अवसरमा परमेश्वरलाई साक्षी राखेर शपथ खान मनाही गरिएको छैन, बरू कुनै पनि असामान्य अवस्थामा अन्य नामहरूलाई ईश्वरको दर्जा दिएर शपथ नखानू भन्ने आज्ञा हो यो, जसलाई मनाही गरिएको छ ।

सही अवस्थामा लिन सकिने शपथको लागि उचित समय, गम्भीरता र सिद्धरूपमा विधिसम्मत चाहनासहित लिनुपर्ने हुन्छ । त्यसमा तोकिएको लक्ष्य प्राप्तिका लागि परमेश्वरको साक्षीको निम्ति अपील गर्नु अनुचित होइन (हिब्रू ६:१६) । त्यसैगरी जबजब शपथ लिइन्छ, त्यसमाथि हुने अख्तियारले सो विषयलाई पुष्टि गर्दछ । पछिल्लो अवस्थामा स्वीकारोक्तिले शपथ लिनुलाई कर्तव्य मानेको छ भने त्यसो नगर्दा पाप हुन्छ ।

त्यसकारण शपथ लिँदा अवश्य नै यसको स्वभाव र कार्य स्वयंमा ईश्वरीय भक्तिमा गरिने आराधनाको रूपमा आउँछ । साथै, यसद्वारा जे कुरा प्राप्त गरिने हो त्यसको संरचना पनि सिद्ध हुन्छ, जस्तै — मानिसहरूका बिचमा स्थापना गरिने दृढता वा निश्चयतालाई सधैँजसो भयसाथ स्वीकार गर्ने र सोहीअनुसार त्यसको उपयोग गर्ने काम हुनुपर्छ । त्यसका लागि जे कुराहरू बाहिर प्रकट

हुन्छन्, जस्तैः हात उचाल्ने, धर्मशास्त्रमाथि हात राख्ने वा चुम्बन गर्ने । यसरी सबैले सामान्यरूपमा बुझ्ने कुरा हुन्छ । जुन कुरा सबै वा दुबै पक्ष र साक्षीहरूले परमेश्वरलाई पुकारिएको कुरामाथि महत्त्व दिएका हुन्छन् । यसरी सृष्टिकर्ता, पालनहार तथा ख्रीष्टियनहरूका ज्ञानमा चिनिनुहुने सत्य परमेश्वरमाथि त्यो शपथ पुष्टि हुन्छ ।

४. शपथको व्याख्या गर्ने र त्यसलाई शुद्ध मनले परिपालन गर्ने काम प्रायजसो शपथ लिने व्यक्तिले नै गर्नुपर्छ । त्यो शपथमाथि ऊ आफैले विश्वास गरेको छ भनि सबैले मानेका हुन्छन् । यो आफैमा पुष्टि हुने कुरा हो, जब सरकार, अदालत, स्थानीय प्रशासन वा सर्वसाधरण व्यक्ति समेतले उसको चित्त बुझाउनका लागि हामीलाई शपथ खान लगाउँछ र हामी परमेश्वरको नाउँमा भनेपछि तिनीहरूले पत्याइहाल्छन् भन्ने विचारले शपथ खान्छौँ र सोबारे आफैचाहिँ पक्का छैनौँ भने हामीले तिनीहरूलाई झुक्याएका छौँ । जानीजानीकन यसरी कसैलाई झुक्याउनु पाप हो । अर्थात् हामीले झूटको पक्ष लिइरहेको बेला परमेश्वरको नाउँमा शपथ हाल्दै त्यो झूटलाई सत्य बनानउने प्रयास गर्नु झूटै हुनु हो र त्यसबाट हामीले पाप गरिरहेका हुनेछौँ ।

५. शपथ खाएर केही कुरा बोल्नुपर्ने बाध्यता पनि आउन सक्छ, जब — (१) आफूले साँचो, सही र वास्तविक कुरा बोल्नुपर्ने, विश्वासलाई कायम राख्नुपर्ने र सबै कुरामा इमान्दार भएर व्यवहार गर्नुपर्ने अवस्थामा शपथ खानुपर्ने हुनसक्छ । (२) त्यसका अलावा हामीले परमेश्वरलाई आदर दिनुपर्ने बाध्यता र उहाँलाई अनादर गरेर उहाँको विषयमा गलत कुरा नबोल्नका लागि पनि शपथ खानु आवश्यक हुनसक्छ । (३) हामीले परमेश्वरमा राखेको आशा र भरोसालाई गलत साबित गर्न कोही लागिपरेको अवस्थामा हामीले आफ्नो विश्वासको बचाउको लागि शपथ खानुपर्ने हुनसक्छ ।

कुनै पनि शपथ आफैमा वैधानिक छैन भने त्यसले कसैलाई पनि बाँध्दैन । किनभने व्यवस्थामा बताइएको बाध्यकारी आज्ञा स्वयम् परमेश्वरको इच्छाअनुसार हामीलाई दिइएको हो । त्यसकारण मानिसको इच्छा वा आफ्नो चाहनाले हामीलाई केही बोल्न वा गर्न बाध्यतामा पार्ने कुरा परमेश्वरको इच्छाद्वारा आएकोभन्दा सधैँ तल पर्छ । यसरी तल परेको व्यवस्था वा पालन गर्नुपर्ने

बाध्यताले उच्चबाट आएको जस्तैगरी हामीलाई करमा पार्न सक्दैन । अवैधानिक वा व्यवस्था विपरीत काम गर्ने चाहनाले खाएको शपथले पापमा पुऱ्याउँछ । यस्तो चाहनाले नराम्रा वा परमेश्वरको इच्छाभन्दा बाहिरबाट लागु गरिएका कुराहरूले हामीमा भएको पाप स्वभावलाई ध्वस्त पार्दैनन्, त्यसकारण पनि यी पालन गर्न कोही पनि बाध्य छैन । त्यसैले आफूले आजीवन सन्त बनेर हिड्ने छु भनि पहिले गरेको प्रतिज्ञा भङ्ग गर्दा पनि मार्टिन लुथरलाई पापी ठहर गरिएन । त्यसर्थ कुनै पनि शपथले मानिसलाई बाध्य पार्न सक्दैन यदि त्यसलाई परमेश्वरको सामान्य इच्छाभन्दा विपरीत स्थापित गर्न खोजिएको छ भने ।

आफैमा सही भएको शपथले गर्न भाहेको कुरा पनि सही नै हुनेछ । त्यसलाई व्यवहारिक रूपमा लागु गर्दा थप बाध्यता स्थापित गर्न खोज्ने कुरा हुनसक्छ । तथापि व्यवस्था वा कानुनद्वारा नै लागु गरिएको वा हामी आफैले स्वेच्छासाथ ग्रहण गरिएको शपथ भने बाध्यकारी हुन्छ, त्यसलाई होइन भनेर टार्न मिल्दैन । यसरी व्यवस्थाअनुसार दिइएको शपथले भने सत्यको खातिर र परमेश्वरको खातिर पनि हामीलाई बाँध्न सक्छ । त्यसकारण —

(१) यो बाध्यताले शपथ लिने व्यक्तिमाथि हुन आउने असल वा खराब कुराको निर्धारण गर्दैन । कुनै एउटा धर्म विरोधी वा झुटा कुरा फैलाउन लागिपरेको व्यक्तिमाथि यो जति बाध्यकारी हुन्छ, त्यति नै यो ख्रीष्टमा मुक्ति पाएका विश्वासीहरूमाथि पनि बाध्यकारी हुन्छ । रोमन क्याथोलिक मण्डलीमा विधर्मी र झुटा शिक्षामा लागेको व्यक्तिलाई व्यवस्था सम्मत खाएको शपथबाट पनि छुटाउने चलन चलाइएको हुन्छ । उक्त मण्डलीसित विवाद परिरहेको कुनै पनि व्यक्तिमाथि भएको शपथ वा विश्वास रद्द गरिदिन सक्ने अधिकार छ भन्ने गरिन्छ । यस मागका आधारमा व्यवस्था विपरीत लिइएको शपथले बाँध्न सक्दैन वा अघिल्लो शपथबाट छुटाउन सक्दैन भनि विश्वास गरिन्छ । त्यसैगरी सबैभन्दा उच्चकोटीको शपथलाई भने मण्डलीले आफ्नो सम्पूर्ण इच्छामा लागु गराउन सक्छ भनिएको छ । तर तिनीहरूले भङ्ग गर्नकै लागि भनेर जानीबुझीकन नै शपथ लिएका हुन् भने त त्यसबाट परमेश्वरको पवित्र नाउँलाई तिनीहरूले झुटा ठहऱ्याएका हुन्, तिनीहरूले उहाँलाई बदना गर्न चाहेका हुन् भन्ने अर्थ लाग्छ । त्यसबाहेक मण्डलीको विचार वा चाहना नै सबैखाले शपथहरूलाई काट्ने शक्ति

भएको सबैले मानिदिनु पर्ने उच्च व्यवस्था होइन । बरू सकारात्मक उद्देश्यका लागि परमेश्वरको नाउँमा लिएको शपथमा प्रस्टतः उहाँको इच्छा झल्किन्छ ।

(२) आफूमाथि बरू ठुलै खराबी आओस् भनेर "होइन" भने पनि खाएको शपथले मानिसलाई बाँध्छ (भजन १५:४) ।

(३) शपथलाई जानाजान उलङ्घन गरेको वा झुटा तुल्याएर रद्द तुल्याएको भए तापनि त्यसको बाध्यता टलेर जाँदैन । त्यसकारण शपथ खानु–खुवाउनु भनेको युद्धमा जित्नेले बाध्य तुल्याएर केही गर्न लगाएको जस्तो हो, यहाँ जित्नेले हार्नेलाई दासत्वमा राखेजस्तै । किनभने शपथ खानेले सोहीअनुसार आफै अग्रसर भएर तोकिएको कुरा पूरा गर्नुपर्छ । त्यसबाहेक अर्को काम उसको प्राथमिकतामा पर्दैनन् । उदाहरणको लागि यहोसुले खाएको शपथलाई हेर्न सकिन्छ, जहाँ गिब्बोनीहरूले धोकापूर्वक झुटा कसम खाएकोमा यहोसुलाई पनि सामेल गराएका थिए (यहोसु ९:३–२७) ।

**खण्ड – ५ भाकल गर्नुको अर्थ प्रतिज्ञा गरेर शपथ खाएको सरह हो र त्यसलाई धार्मिक मान्यता दिएर नै पूरा गर्नुपर्ने हुन्छ । यस किसिमका कुनै पनि शपथ वा भाकलहरू विश्वासयोग्य भएर नै पूरा गर्नुपर्छ ।**[462]

**खण्ड – ६ सृष्टि गरिएका कुनै पनि प्राणीको नाउँमा होइन बरू परमेश्वरको नाउँमा मात्रै शपथ खाइन्छ ।**[463] **यसरी मात्रै त्यो भाकल वा शपथ स्वीकार्य हुन्छ । यो व्यक्तिले स्वेच्छासाथ लिएको हुनुपर्छ, कसैको करमा परेर होइन । अविश्वास गर्दागर्दै वा कुनै कर्तव्यले बाँधिएर पनि होइन, बरू प्राप्त गरेको कृपाको निम्ति धन्यवादी भएको कारणले वा अब के प्राप्त गर्ने इच्छा हो, सोका लागि भाकल गरिन्छ । त्यसो भएमा सोही भाकलमा व्यक्ति अझै नैतिक कर्तव्यमा र अरू पनि कुराहरूमा बाँधिन्छ ।**[464]

---

[462] यशैया १९:२१; उपदेशक ५:४-६; भजनसंग्रह ६१:८; ६६:१३, १४ ।

[463] भजनसंग्रह ७६:११; यर्मिया ४४:२५, २६ ।

[464] व्यवस्था २३:२१-२३; भजनसंग्रह ५०:१४; उत्पत्ति २८:२०-२२; १ शमुएल १:११; भजनसंग्रह ६६:१३, १४; भजनसंग्रह १३२:२-५ ।

**खण्ड – ७ परमेश्वरको वचनमा नभनिएको वा मनाही गरिएको कुनै पनि काम वा उहाँले अज्ञा गर्नुभएका काम गर्नमा बाधा पुऱ्याउने कुरा गर्छु भनेर कसैले कसम खाँदैन । त्यस्तै उसको सामर्थ्यले नभ्याउने वा आफूले सक्दै नसक्ने काम गर्छु भनेर शपथ हाल्दैन । शपथ हालेर गर्छु भनिएको कामका लागि परमेश्वरबाट कुनै पनि क्षमता आउँदैन भने पनि कसम खानुको खास औचित्य हुँदैन ।[465] यही आधारमा आजीवन विवाह नगरीकन परमप्रभुको सेवामा लाग्छु भनेर पोप प्रचलनमा मानिसहरूले शपथ हालेका हुन्छन् । मानिसहरूले आजन्म विपन्नतामा बाँच्ने, नियमित उहाँको आज्ञाकारी हुने, उच्च सिद्धता भेट्टाउने प्रयासमा जिउँने भनेर खाने कसमहरू पनि यसैमा पर्छन् । तर यस्ता शपथहरू भ्रमपूर्ण, अन्धविश्वास र पापपूर्ण छलबाट आएका हुन्, जसमा ख्रीष्टियनहरू आफै पासोमा परेझैँ बाँधिएका भेट्टाइन्छन् ।[466]**

शपथ खानु भनेको परमेश्वरसित प्रतिज्ञा गर्नु हो । शपथमा खाने र खुवाउने दुबैथरी मानिस नै हुन्छन् र परमेश्वरलाई त्यसको साक्षी बनाइन्छ । तर प्रतिज्ञा गरिएको भाकलमा एउटा पक्ष परमेश्वर आफै बन्नुहुन्छ । स्वाभाविक रूपमा यो पनि शपथजस्तै देखिन्छ, किनभने हामीले यी दुबै नै उत्तिकै गम्भीरतासाथ पूरा गर्नुपर्छ । सत्य पालन गर्नमा हामीले आफैलाई बाध्य तुल्याएको कारण – परमेश्वरको आदर गर्नमा हामीले आफैलाई प्रतिबद्ध बनाएको कारण गरिएका बाचा–प्रतिज्ञा र खाएका शपथहरू हामीले पूरा गर्नु नै पर्छ । अप्ठ्यारो परिस्थिति आइलागेको देखेर हल्कारूपमा भाकल गर्नु भनेको परमेश्वरको बदनाम गर्न उभिनुजस्तै हो ।

शपथको सवालमा जस्तै भाकलको विषयमा पनि हामीलाई थुप्रै आत्मिक पुष्टिहरू दिइएको छ (उपदेशक ५:४; भजन ७६:११; १सामुएल १:११) । त्यसैगरी पावलको जीवनमा पनि यस्तो भएको थियो (प्रेरित १८:१८) । बप्तिस्माको विधि ग्रहण गर्दा होस् वा प्रभुभोजमा सरिक हुँदा हामीले परमेश्वरसित अति नै चोखो

---

465 प्रेरित २३:१२, १४; मर्कुस ६:२६; गन्ती ३०:५,८,१२, १३ ।

466 मत्ती १९:११, १२; १ कोरिन्थी ७:२, ९; एफिसी ४:२८; १ पत्रुस ४:२; १ कोरिन्थी ७:२३ ।

शपथ हालिरहेका हुन्छौँ र त्यस शपथमा हामीले आफैलाई बाँधिरहेका हुन्छौँ । त्यही कुरा हामीले प्राथर्ना गर्दा हरेकपल्ट नै दोहोऱ्याइरहेका हुन्छौँ । त्यस्तो प्रतिज्ञा लिखित वा मौखिक, औपचारिक वा अनौपचारिक दुबै हुनसक्छ, हरेक प्रार्थना वा अन्य पवित्र विधिको समयमा हामीले परमेश्वरसित नवीकरण गरिरहेका हुन्छौँ । यस प्रकारले अन्य कुनै प्रतिज्ञाझैँ एउटा भाकलले पनि सामान्य रीतिले कुनै खास काम गर्नमा परमेश्वरको आज्ञापालन गर्ने बफादारिता हामीले कायम राख्नुपर्छ ।

कुनै भाकलले व्यवस्थाले बर्जित गरेको वा परमेश्वरको आज्ञा पालन नहुने काम गर्न बाध्य बनाउन सक्दैन । शपथको सम्बन्धमा पनि यस्तै कारणको व्याख्या गरिएको छ । अर्कोले गरिदिएको वा हाम्रो अधिकारमा रहेको व्यक्तिले वा हाम्रा छोराछोरीले गरेको भाकल पूरा गर्न पनि हामीलाई बाध्यता हुने छैन । यस्ता बाचा वा प्रतिज्ञाहरूले हाम्रो इच्छालाई नियन्त्रण गर्न वा सो पूरा गर्न बाध्य बनाउने छैनन् (गन्ती ३०:१–८) । हाम्रा आत्मिक चाहनासित मिल्दै नमिल्ने विषयहरूमा पनि यस्ता बाचा वा प्रतिज्ञाहरू हाम्रा निम्ति बाध्यकारी हुने छैनन् । त्यसको अर्थ परमेश्वरले हामीबाट त्यस्तो चाहना राख्नु भएको छैन भन्ने कुरा निश्चित हुन्छ । यसर्थ कुनै प्रतिज्ञाले कसैलाई बन्धनमा राख्दैन, जब त्यसको कुनै एउटा पक्ष त्यो पालन गर्ने चाहना गर्दैन ।

जब भाकलको विषयवस्तु नियमसंगत हुँदैन तापनि साधारणतया त्यो नैतिकरूपमा गलत छैन भने त्यस्तो भाकल पूरा गर्नु बाध्यात्मक देखिन्छ । तर धैरैजसो अनुभवले के कुरा सिद्ध गरेको छ भने, त्यस्ता बाचा वा प्रतिज्ञाहरू पूरा गर्न तम्सिँनु भनेको निकै जोखिम उठाउन तयार हुनु पनि हो । धर्मशास्त्रमा लेखिएको परमेश्वरको वचनले यस्ता कुनै पनि प्रतिज्ञाहरूको पुष्टि गरेको छ भने त्यो उहाँकै इच्छाअनुसार दिइएको हो अथवा हाम्रै फाइदाका लागि हामीले पूरा गर्नुपर्छ भनि मान्नुपर्छ । तर त्यसका विपरीत हामी आफैले बढाइचढाइ गरेर आफैमाथि अनेक किसिमका बाचाहरू थोपर्नु पनि परमेश्वरको अनादर गरेको ठहर्छ । त्यस्ता कुराले हामीलाई तनावमा पार्छ र परमेश्वरबाट हुने हाम्रो सुरक्षालाई नराम्रोसित खल्बल्याउँछ । त्यसकारण भाकललाई हाम्रो स्वेच्छासित जोडेर बुझ्नु असल हुन्छ । त्यसैगरी ईश्वरीय अनुग्रहको सहायतामा प्रतिज्ञाहरू पालन गर्नुपर्छ

। अनि हामीले पालन गर्नुपर्ने कर्तव्यचाहिँ परमेश्वरद्वारा व्यक्त गरिएका छन् र ती धर्मशास्त्रमा प्रष्टै बताइएका छन् ।

## प्रश्नहरू

१. यस अध्यायका पहिला चारओटा खण्डमा कुन कुन विषयहरूको चर्चा गरिएको छ ?
२. व्यवस्था वा विधिसम्मत शपथ भनेको के हो ?
३. यसमा के कुराको प्रयोग भएको छ र सामान्यतया यसको व्याख्या कसरी गरिएको छ ?
४. शपथ खाने काम धार्मिक आराधनाको एउटा खण्ड हो भनि प्रस्ट गर्नुहोस् ।
५. सम्भव भएसम्म सबै शपथहरू कसको नाउँमा दिनुपर्छ ? त्यस विपरीत अन्य कुनै पनि नाउँमा लिइएको
शपथ विधिसम्मत हुँदैन र त्यो पापजनित कार्य हुन्छ भन्ने कुरा प्रस्ट गर्नुहोस् ।
६. कसले सत्य परमेश्वरको नाउँमा लगातार कसम खाने काम कसले गर्नुहुन्छ र कसले गर्नु हुँदैन ?
७. झुटा देवता वा ईश्वरहरूको नाउँमा शपथ खानु गलत हो भनेर धर्मशास्त्रमा कहाँ भनिएको छ ?
८. कुनै खास अवसरमा परमेश्वरको नाउँमा शपथ खानु सही हुन्छ भनेर धर्मशास्त्रबाट पुष्टि गर्नुहोस् ।
९. यस विषयमा पावल र स्वयम्  ख्रीष्टको उदाहरण के हो ?
१०. हाम्रा मुक्तिदाताले "कसम खाँदै नखाओ" भनेर कुन अर्थमा भन्नुभएको थियो ? (मत्ती ५:३३–३७) ।
११. कस्तो अवरसरमा र कुन उद्देश्यका लागि कसम खानु उचित हुन्छ ?
१२. कसरी र कस्तो प्रकारको कसम खानुचाहिँ धर्मशास्त्र अनुसार ठिक हुन्छ ?

१३. के अर्थमा शपथको विषयको व्याख्या गरेको हुनुपर्छ, किन ?
१४. शपथ पूरा गर्नुपर्ने बाध्यता कहाँबाट सिर्जना हुन्छ ?
१५. कस्तो परिस्थितिमा चाहिँ शपथ पालन गर्नैपर्ने बाध्यतामा हामी पर्दैनौँ ?
१६. यदि शपथको विषय नै कर्तव्य पालन गर्नुपर्ने बाध्यतासित जोडिएको छ भने के त्यस सपथले अघिबाटै
रहिरहेको बाध्यात्मक अवस्था थपिदिने हो र ? किन ?
१७. के शपथ पूरा गर्नुपर्ने बाध्यता त्यो शपथमा संलग्न दुबै वा एउटा पक्षको चरित्र वा स्वाभावमाथि निर्भर
हुन्छ र ?
१८. कुन सिद्धान्तका आधारमा रोमन क्याथोलिक मण्डलीले शपथको स्वेच्छाचारी उलङ्घन गरेको भए
पनि त्यसको दोष आफ्ना सदस्यहरूमाथि आइलाग्दैन र तिनीहरूलाई कुनै पनि शपथ पूरा नगरेको
दोषबाट मुक्त गर्न सकिन्छ भन्ने शिक्षा दिएका हुन् ?
१९. कुनै मानिस उसको आफ्नो हित विपरीत खाएका शपथहरू पूरा गर्न बाध्य हुँदैन, हो ?
२०. छलकपट वा विधि विपरीत गरेर लिन बाध्य पारिएको शपथ पूरा गर्न कसैलाई पनि कर छैन, हो ?
किन होला ?
२१. भाकल के हो ? अनि भाकल शपथभन्दा कसरी फरक कुरो हो ?
२२. भाकल पूरा गर्नुपर्ने बाध्यता कुन सिद्धान्तमाथि निर्भर रहन्छ ?
२३. सही समय वा ठिक अवसरमा भाकल गर्नु उचित हुन्छ भन्ने कुरा धर्मशास्त्रबाट प्रस्ट गर्नुहोस् ।
२४. भाकल कतिबेला असफल हुन्छ ? अनि कतिबेला भाकलले हामीलाई बाध्य बनाउन छाड्छ ?
२५. पटकपटक वा जथाभावी अनेक प्रकारका भाकल गर्नु नहुने रहेछ भन्ने विषयमा अनुभवले के कुरा
सिकाएको छ ?

२६. सामान्य अर्थमा हामीले खाएका कसम वा गरेका भाकलहरू हामीसँग असम्बद्ध वा अघिबाटै
रहिआएको कर्तव्यका रूपमा बाध्यकारी हुनसक्छन् भनेर प्रस्ट गर्नुहोस् । उदाहरणका लागि हाम्रो
आफ्नो इच्छा होइन, बरू परमेश्वरको इच्छाद्वारा हामीलाई दिइएका विषयहरू ।

# अध्याय २३
# (CHAPTER XXIII)
# सार्वजनिक प्रशासन
# (OF THE CIVIL MAGISTRATE)

**खण्ड – १ सारा जगतका सर्वोच्च प्रभु र महाराजा परमेश्वर आफैले सार्वजनिक प्रशासन वा सरकारको नियुक्ति गर्नुभएको हो । त्यो उहाँको अधीनमा हुन्छ र उहाँका मानिसहरूमाथि त्यसले शासन गर्छ । उहाँले नै आफ्नो महिमाको लागि त्यसको नियुक्ति गर्नुभएको हो । त्यसले मानिसहरूमाथि सुशासन गर्छ भन्ने विश्वासमा उहाँले त्यसलाई स्थापित गर्नुभएको हो । उहाँले त्यसलाई वैधानिकरूपमा शक्तिशाली बनाएर मानिसहरूमाथि अधिकार गर्ने तरवार (अख्तियार वा शक्ति) दिनुभयो । त्यो शक्ति आम मानिसहरूको सुरक्षाको लागि हो – असल गर्नेहरूलाई अझ उत्साह दिनका लागि र खराब गर्नेहरूलाई दण्ड दिनका लागि ।[467]**

**खण्ड – २ ख्रीष्टियनहरूले सरकार वा प्रशासनमा रहेर काम गर्नु अवैधानिक होइन । परमेश्वरले यस सेवाको निम्ति बोलाउनु भएको हो भने उनीहरूले प्रशासनिक कार्यालय सञ्चालन गर्नु उचित हुन्छ ।[468] उनीहरूले त्यो जिम्मेवारीमा रहँदा शुद्धता, न्याय, शान्ति र तोकिएको नियम कानुनअनुसार सबै मानिसहरूका लागि लोककल्याणकारी काम गर्नुपर्छ ।[469] त्यस उद्देश्यका लागि उनीहरू अबउसो कानुनसम्मत ढङ्गले नयाँ करारको व्यवस्था अधीन हुन्छन् र स्वाभाविक रूपमा न्यायसंगत र जरुरी अवस्थामा युद्ध गर्नुपर्ने जिम्मेवारी लिन पनि उनीहरूलाई बाधा पुगेको मानिदैन ।[470]**

---

467 रोमी १३:१-४; १ पत्रुस २:१३, १४ ।
468 हितोपदेश ८:१५, १६; रोमी १३:१, २, ४ ।
469 भजनसंग्रह २:१०-१२; १ तिमोथी २:२; भजनसंग्रह ८२:३, ४; २ शमुएल २३:३; १ पत्रुस २:१३ ।
470 लुका ३:१४; रोमी १३:४; मत्ती ८:९, १०; प्रेरित १०:१, २; प्रकाश १७:१४, १६ ।

यस खण्डहरूले निम्न कुरा सिकाउँछन् —

१. सार्वजनिक प्रशासन तथा सरकार परमेश्वरद्वारा नै स्थापित गरिएको संस्था हो । त्यसकारण हामीमाथि वैधानिक शासकहरूको अधीनमा वा आज्ञाकारितामा बस्नु हामी सबैको दायित्व हो । यो दायित्व परमेश्वरमा बाँधिएको करार जत्तिकै बाध्यकारी हुन्छ । त्यसकारण सरकारले लागु गरेको व्यवस्था पालन गर्नु परमेश्वर र मानिसहरू प्रतिको करारमा रहनुजस्तो हो । कति मानिसहरूले मानिलिएका छन्, मानवीय सरकारको अधिकार र वैधानिकता भन्ने कुराको जग हामीले स्वीकार गरेको व्यवस्थामा रहेको हुन्छ । त्यो अधिकार तथा वैधानिकता "असीम अख्तियारको अधीनमा बस्नु", "बहुसंख्यकको इच्छामा जिउनु" अथवा कुनै किसिमको "सामाजिक दायित्व" मा बाँधिनु हो । यो व्यवस्था हाम्रा पितापुर्खाहरूले सुरु गरेका थिए भन्ने प्रस्ट छ, जहिलेदेखि सामाजिक जनजीवनको पद्दति विकास भयो । यो आफैमा सिद्ध हुने कुरा हो, सबैजसो सरकारको वैधानिकता वा शक्तिको स्रोत परमेश्वरको इच्छाबाटै सुरु भएको थियो । सर्वसाधारण मानिसहरूले उहाँको त्यही इच्छाको रूपमा राज्यको व्यवस्था पालन गर्न थाले । सबै प्रकारका सामाजिक नैतिकता पालन गर्ने तत्परता यसै आधारमा सबैबाट माग गरियो । यसरी मानवीय सरकारको व्यवस्था पालन गर्नुपर्ने कुरालाई स्वयम् परमेश्वरको इच्छा पालन गरेको अर्थमा बाध्यकारी बनाइयो । यो कुरा निश्चित छ — (१) किनभने परमेश्वर स्वयम् नै सारा जगतको सृष्टिकर्ता र सम्पूर्ण मानव जीवन एक परमप्रभु र मालिक हुनुहुन्छ, (२) किनभने तिनीहरूलाई बुद्धिमान, नैतिकरूपमा जिम्मेवार, स्वतन्त्र भए पनि उत्तरदायी बनाउने उद्देश्यले आवश्यक नीतिनियम र संविधान उहाँ आफैले सिर्जना गरिदिनुभएकोले र उहाँ नै सबैका अन्तरस्करणमा प्रभुका रूपमा चिनिनुहुन्छ, (३) सबै नैतिकवान पक्षहरूमाथिका सर्वोच्च नैतिक प्रशासक उहाँ नै हुनुहुन्छ । उहाँको सास्वत् र सिद्ध व्यवस्थाले सबै मानिसहरू नैतिकवान बनून् भन्ने चाहना राख्छ, उनीहरू सबै नै नैतिकरूपमा सही बनून् र अनैतिक हुने सबैखाले व्यवहारबाट अलग्गै रहून् भन्ने चाहना हो यो । त्यसकारण हरेक परिस्थितिमा सबैखाले नैतिक बाध्यता भनेको परमेश्वरको भय मान्ने कर्तव्य पालन गर्नु हो । (४)

किनभने परमेश्वरले मानिसको सृष्टि गर्दा नै उसलाई सामाजिक प्राणीको रूपमा बनाउनुभएको छ । उहाँले मानिसलाई परिवार र समाजमा क्रमशः जिम्मेवार तुल्याउँदै ल्याउनु भएको छ, त्यसकारण उसका लागि वास्तवमै सरकारको पनि खाँचो पर्दछ । (५) किनभने सारा ब्रह्माण्डका शासक (महाराजा) आफैले नागरिक तहमा सरकारको सिर्जना गरिदिनुभएको छ, त्यसकारण उहाँले यस संसारमा स्थापना हुन लागेको आफ्नो अधिराज्यको पूर्व तयारीका लागि यही सरकारलाई प्रयोग गर्दै हुनुहुन्छ । (६) किनभने यो कुरा धर्मशास्त्रमा प्रस्टगरी निश्चित गरिएको छः "हरेक व्यक्ति शासन गर्ने शासकको अधीनमा बसोस् । परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन । जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन्" (रोमी १३:१–२) । संसारको शासकको विषयमा लेखिएको राम्रो कुरा के भने ऊ "असल कार्यको निम्ति परमेश्वरबाट नियुक्त भएको" व्यक्ति हो र खराबी वा दुष्टताको सवालमा "तिनले तरबार व्यर्थमा भिर्दैनन्, खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन्" (रोमी १३:४) ।

अवश्य नै परमेश्वरले खराब चरित्रको सरकारको निरंकुशता बढेर जाओस् भन्ने चाहना परमेश्वरको होइन । त्यस्तो सरकारमा सबै मानिसहरूको संलग्नता हुनुपर्छ पनि भनिएको होइन । उहाँले सामान्य जग बसाल्नुभएको छ, खासगरी सबै मानिसहरूको आफ्नो विवेकको र समाजमा उनीहरूको सक्रिय भूमिकाको खातिर सरकारको खाँचो र त्यसप्रति पालन गर्नुपर्ने दायित्व दुबै बताइएको छ । सरकारको खाँचो समुदायको कुनै परिस्थितिमा उत्तिकै रहन्छ । तथापि परमेश्वरले सबै मानिसहरू आ–आफ्नो परिवेश, सन्दर्भ वा आवश्यकताअनुसारको सरकार बनाउन स्वतन्त्र छाडिदिनुभएको छ । मानिसहरूले हासिल गरेको सभ्यताको स्तरअनुसार तिनीहरूको सामाजिक तथा राजनीतिक अवस्थाको आधारमा कस्तो सरकार बन्छ भन्ने कुराको छिनोफानो हुन्छ । त्यसमा तिनीहरूको ऐतिहासिक घटनाक्रम र वचनले तिनीहरूलाई के भनेर चिनाएको छ भन्ने आधारमा पनि सरकारको स्वरूप तय हुन्छ । जसरी होस्, उहाँले कुनै पनि सरकारलाई डोऱ्याउने र टिकाउने काम पनि सोहीअनुसार नै गर्नुहुनेछ ।

यस अर्थमा सृष्टिकर्ता परमेश्वरले प्रकृतिको स्वभाव बुझ्ने ज्ञानअनुसार सुरुदेखि नै मानिसहरूका बिचमा नागरिक संलग्नता सहितको सरकार बनाउन दिनुभयो । सबै मानिसहरू र देशहरूका बिचमा, सबै पुस्ताहरू समयका अन्तरालहरूमा उहाँले सरकार स्थापना गर्ने र त्यसलाई टिकाउने काम गर्दै आउनुभयो । तर सबै मानिसहरूलाई छुटकारा दिने उहाँको योजना प्रस्तुत गर्दैगर्दा हाम्रा उद्धारकर्ताको राजकीय मध्यस्थता प्रबल बनेर आयो (मत्ती २८:१८; फिलिप्पी २:९–११; एफेसी १:१७–२३) । जसरी सारा ब्रह्माण्डले स्वर्ग र पृथ्वीको उचित नियमनका लागि भौतिक र नैतिक नियमहरू लागु गरेको हुन्छ, त्यसमा परमेश्वरको शिर्षनेतृत्व वा नियमनकारी भूमिका स्वाभाविकरूपमा जरुरी पऱ्यो र मध्यस्थकर्ता परमप्रभुले सर्वत्र आफ्नो उपस्थिति पुऱ्याउनुपर्ने र सबै क्षेत्रमाथि शासन गर्नुपर्ने खाँचो पनि पूरा भयो । यसरी सबैथोक मिलेर भलाइ उत्पन्न गराउनका लागि उहाँका मानिसहरू र उहाँको महिमाले उहाँका सबै शत्रुहरूमाथि नियन्त्रण हुनुपर्छ, तिनलाई पराजीत गर्नुपर्छ र आखिरमा न्यायगरी दण्ड दिइनुपर्छ । यसरी परमेश्वर पिताले तय गर्नुभएझैँ सृष्टिका सबै प्राणीहरूले उहाँको आराधना गर्नेछन् (रोमी ८:२८; १कोरिन्थी १५:२५; हिब्रू १०:१३, १:६; प्रकाश ५:९–१३) । यसरी अहिलेको भौतिक संसारमा जुटाइएको सरकार तथा "जातिहरूमाथिका शासक" हाम्रा प्रभु नासरतका येशु ख्रीष्ट हुनुहुन्छ । उहाँ यहुदीहरूका राजा हुनुहुन्छ, उहाँमा नै सबै नियम कानुन र व्यवस्थाहरू पुष्टि हुनुपर्छ । उहाँलाई नै सबै जातिहरू र मानिसहरूमाथिका शासकहरू स्वीकार गर्दै सबैले उहाँको सेवा गर्नुपर्छ । प्रकाश १९:१६ मा "उहाँका पोसाक र तिघ्रामा राजाहरूका राजा र प्रभुहरूका प्रभु" लेखिएको छ ।

२. संसारको अन्त्यतिरका लागि परमेश्वरले सार्वजनिक कल्याणको प्रवर्धनका लागि सरकार र प्रशासनहरू हुन दिनुभएको हो । त्यसमाथि उहाँले गर्नुहुने आखिरी प्रवर्धनचाहिँ उहाँकै महिमा हो । यो कुरा साँच्चिकै महिमा प्रकट हुने तथ्यलाई पछ्याएर आउँछ । अथवा सबै कुराको अन्तिम लक्ष्यचाहिँ उहाँले संसारको रीतिविधिमा (सामाजिक, राजनीतिक तथा प्रशासनिक क्षेत्र) स्थापित गर्नुभएको सामान्य प्रचलन वा तौरतरीकाबाट प्रकट हुने सृष्टिकर्ताको सर्वोच्चता हो । यसबाटै अन्तिम र सर्वोच्च लक्ष्यचाहिँ परमेश्वरको बौद्धिकताले तय

गरेअनुसार हुन आउने छ (रोमी ९:२२–२३; ११:३६; कलस्सी १:१६; एफेसी १:५–६; १पत्रुस ४:११) । यदि हरेक मानिसको मुख्य गन्तव्य नै परमेश्वरको महिमा हो भने त्यही कुरा उत्तिकै महत्त्वपूर्ण रूपमा सबै राज्य, सरकार वा समुदायको पनि लक्ष्य हुनुपर्ने हो । यही विषयलाई सबैले र सबैको चासोको विषय बनाउनुपर्ने हो, त्यसैलाई आधिकारिक उद्देश्य बनाएर हरेक व्यक्तिका सबै नातासम्बन्धहरू, उसका कामहरू चाहे ती सामूहिक वा व्यक्तिगत हुन्, अथवा नितान्त निजी वा पारिवारिक चासोका किन नहोऊन्, सबैको आखिरी लक्ष्य परमेश्वरको महिमातिर बढ्दैजाने किसिमको हुनुपर्छ । त्यसैगरी परमेश्वरको महिमा नै मुख्य लक्ष्य हो भने ता अन्य सबै गतिविधिका लागि बनाइने योजनाहरू त्यसैको प्राप्तिका लागि समर्पित हुनुपर्ने हुन्छ । सार्वजनिक प्रशासनको तर्फबाट आम मानिसहरूको कल्याणको प्रवर्धनका लागि समर्पित भएर काम गर्दै परमेश्वरको महिमा विस्तार गर्ने लक्ष्यमा अघि बढ्नुपर्छ (रोमी १३:४) । छोटो समयका लागि भन्ने हो भने शैक्षिक, नैतिक एवम् भौतिक समृद्धिका लागि व्यक्तिको जीवन र सम्पत्तिको सुरक्षा तथा अमनचयन कायम राख्ने कुरा नै सरकारको मुख्य दायित्व बन्छ ।

३. ख्रीष्टियन आस्थाका प्रशासकहरूले भने पनि आफ्नो पदीय जिम्मेवारीको प्रभावको उपयोग गर्दै देशमा शान्ति, सुव्यवस्था र जीवनको शुद्धता वा धार्मिकताको प्रवर्धन गर्नुपर्छ (१तिमोथी २:१–२) । यस्तो काममा लाग्दा उनीहरूले मण्डलीले गर्ने काम गरेर होइन, मण्डलीलाई नै नियन्त्रणमा लिन सरकारी अधिकारको दुरुपयोग गरेर पनि होइन, बरू व्यक्तिगतरूपमा उदाहरण बनेर र सरकारी हैसियतमा सबैप्रति निष्पक्ष भई सुरक्षा प्रदान गरेर मण्डलीका कामहरूमा हुन सक्ने जति सबै सुविधा जुटाइदिएर सेवा गर्नुपर्छ । यसो गर्दा उनीहरूले परमेश्वर पिता र प्रभु येशु ख्रीष्टलाई निर्धक्कसित उच्च महिमा दिएर आफ्नो काम गर्नुपर्छ । परमेश्वर "सबै जातिहरूका महाराजा" हुनुहुन्छ भन्ने हेक्का राखेर सुसमाचारमाथि साँचो अर्थमा विश्वास गरेको कारणले प्राप्त गरेको कल्याणकारी अभिप्रायमा रहेर नियम कानुन बनाउने र लागु गर्ने काम उनीहरूले गर्नुपर्छ । धर्मशास्त्रले परमेश्वरको खास इच्छाका रूपमा जाहेर गरेका कतिपय तथ्यहरूका आधारमा सामान्य सिद्धान्तहरू लागु गर्ने, अनि खासगरी सबाथ दिन, शपथ वा भाकल, विवाह, सम्बन्धबिच्छेद, भौतिक कार्वाही वा दण्डजरिवाना आदि

विषयसित जोडिएका प्रश्नहरूका आधारमा पनि निष्पक्ष र न्यायपूर्ण सेवा पुऱ्याउनुपर्छ ।

४. ख्रीष्टिय व्यक्तिले प्रशासकको जिम्मेवारी लिनु र सोअनुसार शासनको काम गर्नु परमेश्वरको व्यवस्थासँग नमिल्ने कुरा होइन । यो आफैमा प्रस्ट भसकेको कुरा पनि हो । वास्तवमै भन्ने हो भने त ख्रीष्टियनले नै सार्वजनिक तथा सरकारी कामको जिम्मेवारी लिनुपर्ने हो, त्यसका विपरीत, अरू कुनै मानिसले उक्त जिम्मेवारी बोक्नु भनेको उहाँका वचन उलङ्घन गर्नुसरह हो । जति धेरै संख्या हुन्छ र मानिसले स्वीकार गरेको सम्बन्धको महत्त्व जति धेरै हुन्छ, त्यति नै बढी ख्रीष्टियनले नै यी कामहरू गर्नुपर्ने हो भन्ने बाध्यता महसुस हुने गर्छ । परमेश्वरको महिमाको निम्ति यी सबै जिम्मेवारी पूरा गर्नमा ऊ हरेक दृष्टिले योग्य र सबैको लागि उत्तिकै भलाईं चिताउने वा कल्याणकारी काम गर्नमा अग्रसर हुनुपर्छ ।

५. नयाँ करारमा ख्रीष्टियन प्रशासकहरूले विधिसम्मत ढङ्गले न्याय, धर्म तथा अति आवश्यक पर्दा युद्धमा सहभागी बन्न सक्दछन् । आत्मसुरक्षाका अधिकार र कर्तव्यको नियम परमेश्वरको वचनको शिक्षा, मानवीय स्वभाव, स्वविवेक तथा जीवनको रक्षा गर्नुपर्ने कारण आदि विषयहरू विश्वव्यापी रूपमा नै मानवीय स्वभावअन्तर्गत पर्दछन् । यदि कसैले आफ्नो सुरक्षा गर्नुपर्ने कारण अरू कसैको ज्यान लिनु जायज हुन्छ भने त्यही सिद्धान्तका आरधारमा सिङ्गो समुदायकै लागि पनि सो कुरा लागु हुन्छ ।

केही खास सवालहरूमा के गर्नु उचित हुन्छ भनि निर्णय दिनु निकै गाह्रो हुन्छ, जब एउटा ख्रीष्टियनद्वारा प्रशासित देशले युद्धमा खण्ड लिनुपर्ने अवस्था आइलाग्छ । तर यो प्रश्नमा हामीले बढ्दो चासो देखाउनु र विचारविमर्श गरिबस्नु पनि खासै जरुरी परेको होइन । तथापि यस विषयमा यहाँ दिइएका सिद्धान्तहरू निकै सरल र निश्चित छन् — युद्ध भनेको आफैमा एउटा अनगिन्ती विनाश ल्याउन सक्ने घटना हो । यसले जीवनलाई तहसनहस बनाइदिने भएको हुनाले र त्यसले खन्याइदिने क्लेश र कष्टकर समय अत्यन्तै खराब हुन्छ र त्यसले सबैतिर ज्यादै नराम्रो असर पार्छ । पराजय र विजयको सवालमा कुनै एउटा पक्षले सही र अर्कोले गलत गरिरहेको हुनसक्छ । यसो पनि भनौँ, कुनै पनि युद्धमा वा युद्ध

सिर्जना गर्नमा कुनै एउटा पक्ष गलत हुन्छ नै । त्यसमाथि त्यो पक्ष अति नै दोषी हुन्छ, खासगरी कारणै प्रष्ट्याउन नसकिने युद्ध छेड्न अघिसरेको पक्षले सबै दोषको भागीदार हुनुपर्छ । त्यसबाट प्रभावित अत्यन्त ठुलो जनसंख्या गलत कुराको पक्ष कसैले लिएको कारण अनाहकमै प्रताडित हुन्छ । यसरी कुनै पनि आदर, महिमा वा वृद्धिक्रम, नीति वा लाभदायक प्रयत्न, ज्यादै कममात्रै जायज ठहऱ्याउन सकिने बाहना, आदि, जेसुकै भए पनि युद्धजस्तो कुराले असल परिणाम ल्याउने छैन । यी कुनै पनि कुरा अपरिहार्य होइनन्, तथापि राष्ट्रिय सुरक्षा वा अस्मिताको विषयलाई कारण बनाएर युद्ध छेएिको नै किन नहोस् । परमेश्वरको नजरमा युद्धलाई सही साबित गर्नका लागि हाम्रो शत्रुले हामीमाथि खराबी ल्याउने उद्देश्यले प्रहार गर्न खोजेको छ त्यसैले युद्ध गर्नैपऱ्यो भनेर पुग्दैन । तर के पनि साँचो हो भने (१) त्यसले खराबी ल्याउनका लागि शत्रुले गरेका सबै प्रयत्नहरूले हामीमाथि सोझै प्रहार गर्ने र हाम्रो राष्ट्रिय जीवनमाथि चुनौति दिएको छ भने र (२) सबै खराबीबाट उम्किन वा खराबी आउन नदिनकै लागि युद्ध गरिएको हो भने । यस्तो हुँदाहुँदै पनि न्याय सुनिश्चित गर्न र राष्ट्रिय सुरक्षा कायम राख्नका लागि युद्धलाई सही साबित गरिएको होला तापनि त्यो कुरा अन्तिम कारण बनेको होस् । युद्ध विशुद्धरूपमा आत्मरक्षाको उद्देश्य पूरा गर्नका छेडिएको हुनसक्छ र त्यसको स्वभाव र प्रस्तुतिमा त्यो निकै व्यग्रतापूर्ण पनि देखिनसक्छ । तर पनि युद्ध लड्नु सही हो कि होइन भन्ने कुरा त्यो गर्न पाउने–नपाउने भन्ने अधिकारको प्रश्नमा आधारित हुन्छ । त्यो प्रश्न जुन उद्देश्यका लागि युद्ध छेडिएको हो वा आदेश पालनको लागि भएको हो भन्ने कुरा झल्किनुपर्छ ।

**खण्ड – ३ सार्वजनिक प्रशासनमा रहेको व्यक्तिले मण्डलीको वेदीमा प्रचारिने वचन र पवित्र विधिहरूको सेवामा संलग्न नहुनु राम्रो हो ।[471] तिनीहरूले स्वर्गको राज्यका विशेष अधिकारहरूको प्रयोग गर्नुहुँदैन ।[472] अथवा कम्तीमा पनि प्रभुमाथिको विश्वासमा सोझैँ दखल पुऱ्याउने काममा**

471 २ इतिहास २६:१८ ।
472 मत्ती १६:१९ ।

सरिक हुनुहुँदैन ।[473] तापनि समग्र समाजको अविभावक भएको नाताले तिनीहरूले मण्डलीको हित र सबैका परमप्रभु हाम्रा परमेश्वरको महिमा गर्ने विषयमा ध्यान दिनुपर्छ । यसो गर्दा उनीहरूले एउटा धार्मिक सम्प्रदायलाई अर्कोभन्दा तल वा माथि नगरीकन सबैलाई बराबरी हुने व्यवहार गर्नुपर्छ । यसरी ख्रीष्टियन प्रशासकहरूले सबै मण्डलीका सबै मानिसहरूलाई आफ्नो आस्थाको स्वतन्त्र अभ्यास गर्न, खुसीसाथ र बिनाप्रश्न आफ्नो धार्मिक कार्यमा लागिरहन स्वतन्त्रता दिनुपर्छ ।[474] उनीहरूका पवित्र विधिहरू पालन गर्नमा बाधाविरोध वा हिंसाको सामना गरिरहनु नपर्ने अवस्थाको ग्यारेन्टी हुनुपर्छ । जसरी प्रभु येशुले एउटा सामान्य सरकारको नियुक्ति गर्नुभएको छ र आफ्नो मण्डलीलाई अनुशासनमा राख्नुभएको छ, त्यसको गम्भीर परिपालन गरिने हो भने कुनै पनि देशमा भएका ऐन कानुनले कुनै पनि ख्रीष्टियन सम्प्रदायका नियमित गतिविधिहरूलाई बाधा पुऱ्याउँदैनन् । त्यसकारण स्वतस्फुर्त ढङ्गले कुनै पनि सम्प्रदायसँग सम्बद्ध मण्डलीले आफ्नो आस्था र परम्पराअनुसार गर्नुपर्ने धार्मिक अभ्यासहरूमाथि सरकारले अंकूश लगाउँदैन ।[475] सार्वजनिक प्रशासनमा भएको मानिसले गर्नुपर्ने सबैभन्दा प्राथमिक दायित्व भनेको मानिसको जीवनको सुरक्षा र सबै मानिसहरूको सुस्वास्थ्य र अमनचयन कायम राख्नु हो । यस्तो प्रभावकारी शासन व्यवस्था हुने हो भने कोहीकसैले पनि दुःखकष्ट भोग्ने छैन । त्यस्तो सरकारले धर्म र पहिचानको विषयमा कुनै नक्कली काम पनि गर्ने छैन । कुनै प्रकारले कसैको स्वाभिमानमाथि चोट पुऱ्याउने, हिंसा फैल्याउने, शोषण गर्ने र कसैलाई घायल बनाउने काम पनि हुन सक्दैन । यसो हुँदा सबै धार्मिक अनुष्ठान, भेला तथा सभासम्मेलनहरू बिना रोकतोक र बिघ्नबाधा सम्पन्न हुन पाउनेछन् ।[476]

---

[473] यहुन्ना १८:३६ ।
[474] यशैया ४४:२३ ।
[475] भजनसंग्रह १०५:१५ ।
[476] २ शमूएल २३:३; १ तिमोथी २:१, २; रोमी १३:४ ।

**खण्ड – ४ सबै मानिसहरूले आफ्नो सरकारमा हुनेहरूको लागि प्रार्थना गरिदिनु तिनीहरूको कर्तव्य हो ।[477] आफ्नो विवेकले असल ठहऱ्याएर[478] शासकहरूलाई उचित आदर गर्नु,[479] चाहिएको आदरसत्कार गर्नु,[480] तिनीहरूबाट आउने कानुनसम्मत आदेश वा निर्देशनहरू पालन गर्नु र तिनीहरूको अधिकार स्वीकार गरेर अधीनमा बस्नु हरेक व्यक्तिले पालन गर्नुपर्ने कर्तव्य मानिएको छ । सरकारको द्रोहमा लाग्नु वा अर्कै धार्मिक आस्थाको कारण यी कुराहरूमा असमत हुनुले प्रशासकको न्यायिक र वैधानिक कार्यलाई बेकम्मा तुल्याउँदैन, न ता तिनीहरूले उसको निर्देशन पालन गर्नुपर्ने बाध्यताबाट मानिसहरू उन्मुक्त नै हुन्छन् ।[481] त्यसबाट मण्डलीको जिम्मेवारीमा रहेका मानिसहरू पनि अलग्गै रहन सक्दैनन् ।[482] सरकारी अधिकारीहरूको कार्यक्षेत्रभित्र रहेका पोपहरू नै पनि राज्यको कानुनको अधीनमा हुन्छन् । त्यसकारण मण्डलीका पोपहरूले आफ्नो सेवाक्षेत्र अन्तर्गत रहेका विश्वासी जनहरूलाई अधीनमा राखेर आफूखुसी काममा लगाउन वा कानुनी परिधिभन्दा माथि गएर अधिकार जमाउन र धर्मशास्त्रले तोकेकोभन्दा बाहिरको बढ्ता काबुमा राख्न पाउँदैनन्, तिनीहरूले कानुनको व्याख्या गर्ने र दण्डजरिवाना तोक्ने काम गर्न सक्दैनन् र अन्य कुनै रीतिले मानिसहरूको जीवनमाथि अधिकार जँताउन सक्दैनन्, यदि त्यो गर्ने चेष्टा गरेमा तिनीहरूको गैरधार्मिक तथा झुटा शिक्षा त्यसैबाट पुष्टि हुन्छ ।[483]**

यी खण्डहरूले निम्न कुरा सिकाउँछन् -

मण्डली र राज्य दुबै ईश्वरीय पहलमा स्थापना भएका संस्थाहरू हुन् । दुबैका

[477] १ तिमोथी २:१, २ ।
[478] १ पत्रुस २:१७ ।
[479] रोमी १३:६-७ ।
[480] रोमी १३:५; तीतस ३:१ ।
[481] १ पत्रुस २:१३, १४, १६ ।
[482] रोमी १३: १; १ राजा २:३५; प्रेरित २५:१९-११; २ पत्रुस २:१, १०, ११; यहुदा ८-११ ।
[483] २ थेसलोनिकि २:४; प्रकाश १३:१५-१७ ।

उद्देश्यहरू र काम गर्ने क्षेत्रहरू फरक छन् । यिनका प्रशासनिक कार्यहरू र नेतृत्वको संरचना पनि भिन्नभिन्न छन् । दुबैलाई एकसाथ हेर्ने र दुबैको भलाइको कुरा गर्ने हो भने पनि यी दुबै एकअर्कबाट स्वतन्त्र संस्थाहरू हुन् । तर यो विचार निम्न कुराहरूको समर्थनमा छैन —

१. मण्डली र राज्यको सम्बन्धका बारेमा पोपहरूले चलाएको प्रचलनसित यो कुरा मिल्दैन । अल्ट्रामोन्टेनको अति नै तार्किक दृष्टिकोणका आधारमा भन्ने हो भने सारा संसारका सबै राष्ट्रहरू विश्वव्यापी मण्डलीका अङ्गहरू हुन् । उनीहरूले तर्क गरेका छन्, सबै सार्वजनिक संघसंस्थाहरू मण्डलीको अधीनमा मण्डलीकै आखिरी र महान् उद्देश्य प्राप्त गर्नका लागि अस्तित्वमा आएका हुन् । तिनले अन्ततः मण्डलीद्वारा दिइएको अधिकार प्रयोग गर्दै सेवा वा शासनको जिम्मेवारी पूरा गर्छन् । यसरी जब पोपले आफ्नो अख्तियारको पुष्टि गर्दै कुनै फैसला सुनाउँछन्, वा मण्डलीलाई कुनै खास कार्यको लागि उर्दी जारि गर्छन्, उनले वास्तवमै धर्मशास्त्रमा नदिइएको बनावटी अधिकार जँताएर मानिसहरूलाई परमेश्वरप्रतिको निष्ठाबाट अलग्याएर राज्यको अनीस्थ गराउने काम गरिरहेको हुन्छन् । यसरी परमेश्वरका जनहरू उहाँको वचनको भन्दा पनि देशको सार्वजनिक ऐनकानुनको बन्धनमा बाँधिइन्छन् । हामीले गरिआएको स्वीकारोक्तिले के सिकाउँछ भने राज्य उसको ठाउँमा मण्डलीभन्दा बिल्कुलै स्वतन्त्र हुन्छ र मण्डलीसँग सबन्धित सबै मानिसहरूमाथि राज्यको कानुन लाग्छ र त्यो कानुन जुनसुकै वर्ग वा क्षेत्रको मानिसमाथि उत्तिकै लागु हुन्छ ।

२. मण्डलीको अवस्था वा सार्वजनिक हैसियतको सवालमा पनि यो कुरा इराष्टियन सिद्धान्तसँग समेत मेल खाँदैन, जुन कुरा सबै देशहरू र खासगरी सारा युरोपेली देशका मण्डलीहरूमाथि प्रभावकारी ढङ्गले लागु हुन्छ । यो सिद्धान्तले राज्यलाई ईस्वरीय संस्था नै मान्दछ । यसअनुसार मानिसहरूका सबै आवश्यकताहरू पूरा गरिदिनका लागि राज्यको गठन भएको हो । मानिसका आत्मिक आवश्यकता सँगसँगै अन्य क्षणिक खाँचो पनि राज्यले टारिदिनुपर्छ । फलस्वरूप, यस सिद्धान्तले राज्यलाई मण्डलीका पवित्र विधिहरू पालन गर्ने–गराउने काममा पनि भूमिका निर्वाह गर्नुपर्छ, मण्डलीको प्रशासनलाई सघाउँदै राज्यले सबैमाथि समानताको व्यवहार गर्नुपर्छ र सबैलाई उचित शासन र

अनुशासनमा समेट्नुपर्छ । सार्वजनिक प्रशासनमा रहेको प्रशासकले निर्वाह गर्नुपर्ने मुख्य जिम्मेवारी यही हो । त्यसकारण मण्डलीले राज्यका कामकार्वाहीहरूमा आवश्यक सहायता गर्न, त्यसमा योग्य अधिकारी (अगुवा) हरू नियुक्ति गर्न, राज्यको कानुनको व्याख्या गर्न र तिनीहरूले गरेका प्रशासनिक कामहरूको निरीक्षण गर्ने काम गर्न सक्दछ । यसरी जर्मनी र बेलायतमा भएका राष्ट्रिय तहका मण्डलीहरूमा त्यहाँको सर्वोच्च अगुवा नै राज्यको पनि मुख्य कार्यकारी शासक हुने प्रचलन रहिआएको छ । त्यसैगरी सार्वजनिक प्रशासनमा रहेर शासन गर्ने अधिकारीलाई उसको विश्वासका आधारमा छनौटगरी नियुक्ति दिइन्छ । उसैले त्यहाँको मण्डलीमाथि सरकारको विधिपद्दति वा नियमकानुन लागु गर्ने, सेवा–आराधनाको समय वा कार्यतालिका तोक्ने, मण्डलीले आन्तरिक वा बाह्य रूपमा गर्ने सबैजसो कामकुराहरूको नियमन गर्ने कामसमेत गर्दछ ।

यसका विपरीत हामीले स्वीकार गरेको विश्वास र स्वीकारले धार्मिक स्वतन्त्रतालाई मानव मात्रको जीवनबाट कुनै हालतमा पनि छोट्याउन वा हटाउन नमिल्ले जनअधिकार हो (हेर्नुहोस्, अध्याय २०) । यसमा मानिसले सेवा–आराधना गर्न पाउने असीमित अधिकार जोडिएर आउँछ, जसमा उसको आफ्नो विवेकले उचित ठहऱ्याए अनुसार काम गर्न उसले तत्परता देखाउँछ । त्यसो हुनाले मण्डलीसँग सम्बन्धित सबै अगुवा वा अधिकारीहरूलाई जतिसुकै ठुलो वा प्रशस्त अधिकार दिइएकै भए पनि कुनै पनि कठोर कानुन वा नियमहरू लागु गरिदिएर नागरिकलाई दुःख दिने छुट तिनीहरूलाई दिइएको छैन । अर्थात मण्डलीको प्रशासन हेर्ने अगुवाहरूले अभिषेकको रूपमा शक्ति प्राप्त गरेकै भए तापनि तिनीहरूले दुःखी, पीडित, प्रताडित मानिसहरूमाथि कठोर शासन गर्न पाउने छैनन् । त्यसैगरी सार्वजनिक प्रशासनमा रहेका अगुवाहरू मण्डली र त्यसमा हुने गरेका रीतिविधि र संस्थाका काम कार्वाहीहरूको सुरक्षा गर्नमा बाध्य तुल्याइएका हुन्छन्, तिनीहरूले कानुनी दृष्टिले पाउनुपर्ने स्वतन्त्रता र विशेष अधिकार वा छुट दिएर तिनीहरूका आफ्ना धार्मिक कार्यहरू गर्ने स्वतन्त्रता दिएको हुनुपर्छ । तापनि मण्डलीको आफ्नो धार्मिक गतिविधि सुचारु राख्नमा सार्वजनिक प्रशासकले कुनै प्रकारको नियन्त्रण गर्नु हुँदैन । एउटै व्यक्ति सार्वजनिक

प्रशासनमा भएर पनि मण्डलीको सदस्य हुनसक्छ । एकातिर ऊ शासक हो र अर्कोतिर ऊ कसैको अधीनमा रहेको व्यक्ति वा सर्वसाधारण जनता पनि हो । त्यसैगरी एउटा व्यक्ति शासक हुनसक्छ र त्यही समायमा ऊ मण्डलीको सेवक पनि हुनसक्छ र उसले मण्डलीमाथिको प्रशासन पनि चलाइरहेको हुनसक्छ । एउटा मानिसले राज्य र मण्डली दुबै ठाउँमा एकसाथ सेवा पुऱ्याइरहेको हुनसक्छ । तर उसले ती दुबै ठाउँमा एकै किसिमको न्यायिक कर्तव्य निभाउन सक्दैन, किनभने ऊ कुनै एउटाबाट पूरै मुक्त भएर काम गर्न असमर्थ हुन्छ, उसको कामको कार्यक्षेत्र, उद्देश्य, तौरतरीका र विषयवस्तु एकअर्कासित मिल्दैनन् ।

यी खण्डहरूले सार्वजनिक प्रशासनमा रहेर काम गर्ने व्यक्तिको आज्ञापालन सबैले गर्नुपर्छ भनेर पनि सिकाएका छन् । जब राज्यको क्षेत्राधिकारभित्र लागु हुनेगरी कुनै कानुन बनाइन्छ, त्यस क्षेत्रका सबैका लागि सरकारको उक्त कानुन पालन गर्नुपर्ने नै हुन्छ र मण्डलीले त्यस कानुनलाई परमेश्वरको अख्तियारबाट आएको हो भन्ने विश्वाससाथ पालन गर्नुपर्छ । तर त्यस्तो कानुन राज्यमा कुनै व्यक्ति, समुदाय वा वर्गको अहितमा विभेद, अन्याय र मौलिक हक अधिकारहरूको उपभोग गर्नबाट बञ्चित गराउने उद्देश्यले बनाइएको वा लागु गरिएको छ भने त्यसको भद्र अवज्ञा गर्नु स्वभाविक हुन आउँछ । तापनि यो कुरा यसअघि चर्चा गरिएझैँ सोझै तथ्यपूर्ण कुराहरूबाट आउँछ — राज्यको सरकार परमेश्वरबाटै तय गरिएको संस्था हो, खास उद्देश्य पूरा गर्नका लागि त्यसले उपयोग गर्ने शक्ति र अख्तियारको स्रोत परमेश्वर नै हुनुहुन्छ । त्यसकारण सरकारको आज्ञा पालन गर्नु परमेश्वरकै आज्ञा पालन गर्नुजस्तै हो । यसले अपेक्षा गर्ने कुराहरू यी हुन् — (१) यो आज्ञाकारिता हृदयदेखि आएको र विवेकका खातिर गरिएको हुनुपर्छ, बाध्यता ठानेर वा करमा परेर होइन । त्यसकारण हामी हाम्रा शासकहरूका लागि प्रार्थना गरिदिन्छौँ र स्वतस्फुर्त ढङ्गले सकेको सहायता गर्न अग्रसर हुन्छौँ । यस मानेमा हामी उसको निकै गम्भीर प्रकारले आज्ञा पालन गर्छौं । (२) सत्य, न्याय, जीवन रक्षाको निम्ति उभिनेपर्ने अवस्था बाहेक सरकारको विरोधी बन्नु वा बिद्रोह गर्नु परमेश्वरकै विरुद्धमा हात उठाउनु सरहको पाप मानिन्छ । सरकारको विरोधमा खडा हुने भएकै कारणले गर्दा पनि हाम्रो समाज तथा हाम्रा मानिसहरूमा एक प्रकारको नैतिक पतन र भौतिक विनाशजस्ता

कुराहरू हामीले देख्नु परिरहेको छ । सरकारको अवज्ञा गर्ने समय पनि आउन सक्छ, जब त्यो परमेश्वरको आज्ञापालन गर्नुको ठिक विपरीत बन्छ अर्थात् सरकारको आज्ञा पालन गर्दा त्यसभन्दा माथि हुनुहुने सर्वोच्च अख्तियार आफूमा राख्नुहुनेको आज्ञा उलङ्घन गर्नुपर्ने अवस्था सिर्जना हुनजान्छ (प्रेरित ४:१९; ५:२९) । त्यस्तै जब सरकार अत्यन्तै एकाधिकारवादी र निरंकुश बनेर जान्छ, सुधार्नै नसकिनेगरी भ्रष्ट हुन्छ र कल्याणकारी बन्नुपर्ने जुन कर्तव्यका लागि त्यसको स्थापना भएको हो, त्यसैविपरीत काम गर्न थाल्छ भने, त्यो सीमा पारगरिसकेको सरकारको निम्ति प्रार्थना गर्ने कि त्यसको आज्ञाकारी भएरै सास्ती भोग्ने काम पनि निको हुँदैन, त्यस्तो परिस्थितिमा विद्रोह गर्नुपर्ने हुनसक्छ । तथापि मण्डलीको तर्फबाट सरकारलाई हुने कुनै पनि अवज्ञा वा विद्रोश अत्यन्त सालिन, शान्तिपूर्ण र भद्र अवज्ञा हुनुपर्छ । जब सरकारको कर्तव्य उपर प्रश्नै उठाउन नमिल्ने बन्छ, जब लोककल्याणको काम गर्न स्रोतसाधनको चरम अभाव बन्छ तर सीमित मानिसहरूले आफ्नो कल्याण गर्नमा राज्यमाथि लुट मच्चाउँन थाल्छन्, जब भएको सरकारलाई केही सुधार गरेर नैतिक दायरामा ल्याउने प्रयास असफल बन्छ, त्यस्तो अवस्था बदल्नका लागि कतिपय अवसरमा जनताको क्रान्ति (अहिंसात्मक आन्दोलन) को खाँचो देखिन्छ । यस्तो अवस्था आइलागेमा ख्रीष्टियनहरूले सक्रिय बनी सरकार बदल्ने काममा खण्ड लिनु–सघाउनु हुँदैन, सकेसम्म शान्तिपूर्ण र केहीजोर नलागे शक्तिको प्रदर्शन वा प्रयोग गर्नुपर्ने अवस्था पनि आइलाग्न सक्छ – जानाजान रक्तपात मच्चाउने होइन ।

## प्रश्नहरू

१. यस अध्यायको पहिलो र दोस्रो खण्डमा कुन विषय सिकाइएको छ ?

२. केही मानिसहरूले सार्वजनिक प्रशासन वा सरकारको अति आधारभूत जग कहाँ हुन्छ भनि अनुमान
लगाएका छन् ?

३. संसारसित परमेश्वर सम्बन्ध राख्नुहुन्छ भन्ने कुराको सामान्य प्रमाण नै राज्य हो । त्यहाँ बसोबास गर्ने

मानिसहरूसँग परमेश्वरको सम्बन्ध छ भन्नुपर्दा पनि कुन–कहाँको राज्य भन्ने कुरा आउँछ । के
सार्वजनिक प्रशासन साँच्चिकै परमेश्वरले नै स्थापित गर्नुभएको हो त ?
४. प्रश्न नं. ३ को कुरा धर्मशास्त्रबाट पुष्टि गर्नुहोस् ।
५. कुनै पनि व्यक्तिबाट खास प्रकारको सरकार गठन होस् भनेर निर्णय गर्ने जिम्मा परमेश्वरले कसको
हातमा जिम्मेवारी दिनुभयो ?
६. छनौट गर्ने सवालमा तिनीहरूले कस्तो परिस्थितिमा कस्तो शासन निर्धारण गर्न सक्छन् ?
७. सृष्टिकर्ता अथवा उद्धारकर्ता परमेश्वरको रूपमा परमेश्वरले कस्तो खालको सरकार जुटाउनुभयो ?
८. अहिलेको संसारमा भएका सबै सरकारहरूको शिरको रूपमा कुनचाहिँ ईश्वरीय व्यक्तिले शासन
गरिरहेको छ ?
९. तपाईंले जे जवाफ दिनुभयो, त्यसको पुष्टि गर्नुहोस् ।
१०. सार्वजनिक प्रशासनमा नियुक्त भएको व्यक्तिले अन्ततः प्रचारप्रसार र प्रवर्धन गर्नुपर्ने प्राथमिक कुरा
के हो ?
११. तपाईंको जवाफलाई पुष्टि गर्नुहोस् ।
१२. एउटा (ख्रीष्टियन) शासकले लगभगमा पूरा गर्न चाहेको लक्ष्य के होला ? उसले त्यसको प्रवर्धन कसरी
गर्नसक्छ ?
१३. उसले कस्तो अवसर वा कुन विशेष क्षेत्रमा मानिसहरूको निम्ति कल्याणकारी काम गरिदिन सक्छ
?
१४. ख्रीष्टियन प्रशासकले के के गरेर लोककल्याणकारी प्रयत्नद्वारा आफ्नो कार्यक्षेत्रमा धार्मिकता, शान्ति र
न्याय कायम राख्न सक्छ ?

१५. एउटा ख्रीष्टियनले सरकारी सेवामा हात हाल्नु वचनसम्मत हुन्छ भनि पुष्टि गर्नुहोस् ।

१६. आत्मरक्षा वा देशको सुरक्षाको खातिर युद्ध गर्नु जायज हुन्छ भन्ने कुरा धर्मशास्त्रको कुन सिद्धान्तमा
आधारित छ ?

१७. युद्धमा सहभागी हुनका लागि एउटैमात्र सही बाहना के हो ?

१८. हरेक ख्रीष्टियनले युद्धमा सामेल हुन बाध्य पारिनुभन्दा पहिले खासमा के के गर्नुपर्छ ?

१९. यस अध्यायका तेस्रो र चौथो खण्डले खासमा के कुरा सिकाएका छन् ?

२०. मण्डली र राज्यको सवालमा पोपहरूले सिकाउने खास शिक्षा के हो ?

२१. त्यसको विपरीत हामीले स्वीकार गरिआएको सिद्धान्तले के सिकाउँछ ?

२२. मण्डली र राज्यको सम्बन्धका बारेमा इराष्टियन सिद्धान्तले सिकाउने कुरो के हो ?

२३. त्यस सिद्धान्तका आधारमा कहाँका कुनचाहिँ मण्डलीहरूलाई संगठित गरिएको छ ?

२४. त्यस सिद्धान्तले सिकाएको भन्दा के फरक कुरा हामीले स्वीकार गरेको शिक्षाले
सिकाउँछ ?

२५. मण्डलीलाई आवश्यक श्रेय दिने सन्दर्भमा सार्वजनिक प्रशासनमा रहेको व्यक्तिले के गर्नुपर्छ ?

२६. राज्य तथा सरकारको सवालमा मण्डलीले पालन गर्नुपर्ने कर्तव्य के हो ?

२७. के कस्तो परिस्थितिमा मण्डलीले आफूमाथि अख्तियारीमा रहेको सरकारको आज्ञा पालन गर्नु जरुरी
हुन्छ भनिएको छ ?

२८. तिनीहरूले कस्तो किसिमको आज्ञाकारिताको माग गरेका हुन्छन् ?

२९. वैधानिक रूपमा आफूमाथि शासन गर्ने सरकारको विद्रोह गर्नु किन अपराध गरेसरह हुन्छ भनिएको

होला ?

३०. सार्वजनिक प्रशासनको भद्र अवज्ञा गर्नु कस्तो अवस्थामा चाहिँ जायज ठहर्छ भनिएको हो ?

# अध्याय २४
# (CHAPTER XXIV)
# विवाह र सम्बन्धविच्छेदका बारेमा
# (OF MARRIAGE AND DIVORCE)

**खण्ड – १ विवाह एउटै पुरुष र एउटै महिला बिच हुनुपर्दछ । कुनै पुरुषले एकभन्दा बढी पत्नी राख्नु वैधानिक हुँदैन । न त कुनै महिलाले एकै समयमा एकभन्दा बढी पति राख्नु नै वैधानिक हुन्छ ।[484]**

**खण्ड – २ विवाह पति र पत्नी बिच आपसी सहयोगका लागि;[485] एउटा तर्कसंगत मानवजातिको वृद्धिका लागि, एक पवित्र बिउसहितको मण्डलीका निम्ति[486] र अशुद्धतालाई रोकथाम गर्नका निम्ति स्थापना गरिएको थियो ।[487]**

**खण्ड – ३ आफ्नो निर्णयमा सहमति दिन सक्षम सबै प्रकारका मानिसहरूलाई विवाह गर्न न्यायसंगत छ ;[488] तापनि प्रभुमा रहेर मात्र विवाह गर्नु विश्वासीहरूको कर्तव्य हो ।[489] र यसैले साँचो सुधारिएको धर्मको दावी गर्नेहरुले अविश्वासीहरू, क्याथोलिकहरू, वा अन्य मूर्तिपूजकहरूसँग विवाह गर्नु हुँदैन: न त त्यसता व्यक्तिहरु जो ईश्वरीय छन्, आफ्नो जीवनमा खुलेआम रूपका दुष्टतामा जिउने , वा नर्क-योग्य**

---

484 उत्पत्ति २:२४; मत्ती १९:५,६; हितोपदेश २:१७ ।
485 उत्पत्ति २:१८ ।
486 मलाकी २:१५ ।
487 १ कोरिन्थी ७:२,९ ।
488 हिब्रू १३:४; १ तिमोथी ४:३; १ कोरिन्थी ७:३६-३८; उत्पत्ति २४:५७,५८ ।
489 १ कोरिन्थी ७:३९ ।

## अपधर्महरूलाई कायम राख्ने व्यक्तिहरुसँग असमान रूपमा एउटै हलोमा जोडिनु हुँदैन ।[490]

यी खण्डहरूमा यी कुराहरू सिकाइन्छः

१) विवाह परमेश्वरबाट स्थापित भएको पवित्र विधि थियो । त्यसैले यो एक ईश्वरीय व्यवस्था हो, जसमा एक धार्मिक साथै नागरिक करार समावेश गरिएको हुन्छ ।

२) विवाहद्वारा प्रवर्द्धन गरिने अन्तिम आशयलाई उल्लेख गरिएको छ ।

३) विवाहको व्यवस्थाले एक पुरुष र एक महिला बिच मात्र करार बाध्न अनुमति दिँदछ । एक पुरुषले एउटी पत्नी र एक महिलाले एकै समयमा एक पति राख्न सक्ने कुरालाई पुष्टि गरिएको छ ।

४) अविवाहित जीवनको पूर्व-प्रतिष्ठित पवित्रतालाई अस्वीकार गरिएको छ र सबै वर्गका व्यक्तिहरूका लागि विवाहको वैधानिकतालाई पुष्टि गरिएको छ ।

१. ५) विभिन्न धर्मका व्यक्तिहरूले अन्तरविवाह गर्नु हुँदैन र साँचो विश्वासीहरूले अधर्मीहरूसँग असमान रूपमा एउटै हलोमा जोडिनु हुँदैन भन्ने कुरा सिकाइएको छ । विवाह परमेश्वरबाट स्थापित भएको थियो र त्यसैले यो एक ईश्वरीय व्यवस्था हो । यो हुनुको कारण – (१) परमेश्वरले मानिसलाई नर र नारीको रूपमा सृष्टि गर्नुभयो र तिनीहरूलाई शारीरिक र नैतिक रूपमा निर्माण गर्नुभयो, ताकि उनीहरू एकअर्काको लागि अनुकूल हुनसकून् र विवाहको व्यवस्था अन्तर्गत एकअर्काका लागि सहयोगी हुनसकून् र त्यसबाहेक अरू कुराका लागि होइनन् र (२) किनभने विवाहको व्यवस्था, यस करारका सर्तहरू, निरन्तरता र विघटनका कुराहरू परमेश्वरको वचनमा निर्धारित गरिएको छ ।

[490] उत्पत्ति ३४:१४; प्रस्थान ३४:१६; व्यवस्था ७:३,४; १ राजा ११:४; नहेम्याह १३:२५-२७; मलाकी २:११,१२; २ कोरिन्थी ६:१४ ।

त्यसैले विवाह एक धार्मिक र नागरिक करार स्वतः हुँदछ । कुनै पनि राज्यमा विवाहको व्यवस्था वा सर्तहरू जस अन्तर्गत विवाहलाई वैधानिक रूपमा गठन गर्न वा विघठन गर्न सकिन्छन् तर बाइबल अनुसार ती परिवर्तन गर्ने अधिकार छैन किनभने यी कुराहरू परमेश्वरद्वारा स्थापना गरिएका हुन् । न त कुनै पनि पुरुष वा महिलालाई परमेश्वरले विवाहको रूपमा स्थापना गर्नु भएको यसका गुण वा अवधिका कुनै पनि सम्बन्धित विषयमा फरक सम्झौता गर्ने अधिकार नै छ । तसर्थ विवाह ईश्वरीय व्यवस्थाको सीमा र अनुमोदन अन्तर्गत मानवीय करार हो र करार गर्ने पक्षहरूले सत्य र स्थिरताको आफ्नो वाचा परमेश्वर साथसाथै एकअर्का र समाजलाई पनि दिँदछन् ।

तर यो एउटा नागरिक सम्झौता पनि हो । किनकि प्रत्येक राज्यको सामाजिक व्यवस्थालाई सुरक्षित राख्ने आधारहरूको रक्षा गर्ने जिम्मेवारी हुन्छ र प्रत्येक विवाहमा धेरै स्पष्ट नागरिक दायित्वहरू समावेश हुन्छन् । यसले सम्पत्ति, बालबालिकाहरूको संरक्षण आदि सम्बन्धित धेरै नागरिक परिणामहरूमा प्रभाव पार्दछ । त्यसैले राज्यले विवाहको प्रकृति र नागरिक प्रभावहरू परिभाषित गर्नुपर्दछ र यसलाई सार्वजनिक रूपमा स्वीकार गर्ने र अनुमोदन वा विघठन गर्ने सर्तहरू र तरिकाहरू निर्धारित गर्नु पदर्छ । राज्यको व्यवस्थाले यस विषयमा परमेश्वरको व्यवस्थाको विरुद्धमा नभई सम्पूर्ण हिसाबमा त्यसलाई त्यस समानरूपको बनाउनु सबैभन्दा महत्त्वपूर्ण कुरा हो । यस्ता मतभिन्नताका सबै अवस्थाहरूमा विश्वासीहरू र विश्वासी सेवकहरूले मानिसहरूभन्दा पनि परमेश्वरको आज्ञा मान्नुपर्दछ । बेलायतमा यस मामिलामा नागरिक अधिकारीहरूले, विशेष गरी परमेश्वरको दृष्टिमा वास्तवमै बाँधिने विवाहहरूलाई, कुन समय वा को व्यक्तिहरूले त्यस विवाह विधि दियो भन्ने केही सामान्य कानूनी त्रुटीका कारण शून्य वा रित्तो (abinitio), भएको घोषणा गरेर परमेश्वरको अख्तियारलाई उल्लङ्घन गरेका छन् ।

यस देश [अमेरिका] मा परमेश्वरको वचनमा मान्य नभएका धेरै कारणहरूका लागि वैवाहिक बन्धनलाई भङ्ग गर्न अनुमति दिने सन्दर्भमा प्राय पाप गरिन्छ । परमेश्वरको महान् व्यवस्थाको विरुद्धमा नभएको अवस्थामा देशको कानुनलाई विवेकको खातिर पालना गर्नु पर्दछ। जब त्यसले प्रष्ट रूपमा त्यो गदर्छ, तब विश्वासी व्यक्तिहरू र मण्डली सभाहरूले आफैले कार्य गर्नुपर्दछ र अरूहरू प्रति अधर्मी मानवीय कानुनको कुनै अस्तित्व नभएझैँ व्यवहार गर्नुपर्दछ र त्यसपछि त्यसको परिणामहरू भोग्नुपदर्छ ।

१. विवाहद्वारा प्रवर्द्धन गर्न रचिएका प्रमुख अन्तिम आशयहरूलाई यसरी वर्णन गरिएको छ – (१) पति र पत्नीबिच आपसी सहयोग । (२) एउटा तर्कसंगत विषयसहितको मानवजातिको वृद्धि । (३) एउटा पवित्र बिउसहितको ख्रीष्टको मण्डली (देह) को वृद्धि । (४) अशुद्धताको रोकथाम ।

२. परमेश्वरको व्यवस्थाले विवाहलाई एक पुरुष र एक महिलाबिचको जीवनभरका निम्ति एउटा करार बनाउँदछ । यसको प्रमाण यसप्रकार छ -

(१.)परमेश्वरले सुरुमा एउटा पुरुष र एउटी महिलाबिच विवाहको स्थापना गर्नुभयो ।

(२.)उहाँले सबै युगहरूमा र सबै राष्ट्रहरूमा प्रत्येक लिङ्गको समान संख्यामा जन्महरूलाई संरक्षित गर्नुभएको छ ।

(३.)शारीरिक, आर्थिक र नैतिक रूपमा बहुविवाहले विवाहका लागि रचिएको सबै आशयहरूलाई पराजित गरेको र मानवीय स्वभाव र लिङ्गहरूको सम्बन्धमा असंगत भएको अनुभवले देखाउँदछ । जबकि एउटै पुरुष वा स्त्रीसँगको विवाहले भने ती आशयहरूलाई उच्चतम रूपमा प्रभाव पारेको प्रमाणित भएको छ ।

(४.)परमेश्वर र प्रकृतिको यो मौलिक व्यवस्था निस्सन्देह व्यवस्था-दाताद्वारा विशेष मामिलाहरूमा र असाधारण परिस्थितिहरूमा निष्क्रिय हुँदछ; अनि जहिले पनि र जुनसुकै हदसम्म, यसरी निष्क्रिय गरिएको अवस्थामा

यो बाध्यकारी हुन बन्द हुन्छ र यसको पालना नगर्दा पाप गरिने कुरा बन्द हुन्छ । यसरी मोशाले, परमेश्वरको प्रतिनिधिको रूपमा, इस्राएलीहरूका पुर्खाहरूका बिच बेवास्ता गरिएको एकल-विवाहको यो नियम निष्क्रिय हुने व्यवस्थालाई अनुमति दिनुभयो, "तर सुरुवातदेखि नै त्यस्तो भने थिएन ।" मत्ती १९:८ ।

(५.)ख्रीष्टले यो व्यवस्थालाई स्पष्ट रूपमा फिर्ता लिनुहुन्छ र विवाहको नियमलाई यसको मूल आधारमा पुनर्स्थापित गर्नुहुन्छः "जसले आफ्नी पत्नीलाई व्यभिचारको लागि बाहेक छोड्छ र अर्कोसँग विवाह गर्छ, उसले व्यभिचार गर्छ र जसले त्यागिएकीलाई विवाह गर्छ उसले व्यभिचार गर्दछ ।" मत्ती १९:९ ।

एउटी पत्नीलाई अनुचित रूपमा त्याग्नु नभई उसको मृत्यु अघि अर्को विवाह गर्ने कार्य, यो चाहि व्यभिचार हो भन्ने कुरा स्पष्ट छ । स्त्रीको हक तथा अधिकारमा व्यभिचार त्यागिएको कुरामा नभई उसको पति जीवितै रहँदा अर्को पुरुषसँग विवाह गर्नुमा हुन्छ । तसर्थ, माथि उल्लिखित अपवादहरू बाहेक, सम्बन्धविच्छेद भए वा नभएता पनि एकै समयमा एक पुरुषले दुई पत्नीहरू वा एक महिलाले दुई पतिहरूसँगै बस्नु व्यभिचार हो ।

४. सहमति जनाउनका लागि पर्याप्त चेतना भएका सबै प्रकारका मानिसहरूका लागि विवाह वैध छ भन्ने हाम्रो स्वीकारोक्तिले सिकाउँदछ । रोमन मण्डलीले पुरुषहरूको बृहत् जमातका लागि शरीरको कमजोरीका कारण छुटको रूपमा विवाह वैध छ भनेर अनुमति दिँदछ, तर अविवाहित जीवन दुवै प्रशंसायोग्य र आध्यात्मिक उचाइको लागि अनुकूल छ भन्ने कुरालाई कायम राख्दछ । यसैले अविवाहित जीवन ख्रीष्टले उहाँको सुसमाचारीय सल्लाहहरूमध्येमा एक सल्लाहको रूपमा दिनुभएको छ (मत्ती १९:१०-१२), जसको पालना गरेर आवश्यकता भन्दा बढी श्रेष्ठता प्राप्त गर्न सकिन्छ भनि उनीहरू भन्छन्; त्यसैले रोमन मण्डलीले यसलाई विश्वव्यापी र अनिवार्य दायित्वको रूपमा आफ्ना पादरीहरूमा लागु गर्दछन् ।

यी सबै कुराहरू प्रोटेस्टेन्टहरूले निम्न कारणहरूले अस्वीकार गर्छन् :

(१) परमेश्वरले नर र नारी सृष्टि गर्नुभयो र लिङ्ग बिचको सम्बन्धलाई स्थापना गर्नुभयो र अदनमा जब मानिस निर्दोष थियो तब विवाहको स्थापना गर्नुभयो । विवाह त्यसैले विशुद्ध रूपमा असल हुनुपर्छ र मान्छेद्वारा यसलाई गरिने दुर्व्यवहार बाहेक यो आफैँमा असल कुराको माध्यम हो ।

(२) यस सम्बन्धलाई महान् स्वर्गीय तथ्यको सबैभन्दा उच्च संसारिक प्रकारको रूपमा चुनेर सम्मान गरिएको छ अर्थात् उहाँको दुलही मण्डलीसँग अनन्त वचनको अद्‌भुत मिलन । एफेसी २:८; ३:२ ।

(३) मानव प्रवृत्तिको उत्कृष्ट नैतिक प्रवृत्ति र गुणहरूलाई प्रकट गर्न र शिक्षा दिनको लागि सम्बन्ध सबैभन्दा असल कल्पनीय अवस्था हो भनेर देखाउनमा तर्क र अनुभव एकबद्ध हुन्छन् । पुरानो र नयाँ संसारका उत्कृष्ट र महान् पुरुषहरू परिवारमा सृजिएका हुन् ।

(४) रोमन मण्डलीका पूजाहारिपन र आश्रमहरूको विषयमा अविवाहित-जीवनमा भएको व्यापक परीक्षणले विपरीत प्रणालीको दरिद्रता र बदनाम प्रवृत्तिलाई देखाएर हाम्रो विचारलाई प्रमाणित गर्छ । हाम्रो मुक्तिदाताद्वारा मत्ती १९:१०-१२ मा र पावलद्वारा १ कोरन्थी ७:१-४० मा सिकाएको कुराको साँचो अर्थ यो हो कि अविवाहितहरू विवाहितहरूभन्दा सांसारिक हेरचाहमा कम उजागर हुँदछन्; जसका कारण सतावट वा सार्वजनिक खतराको समयमा र कुनै विशेष प्रकारको सेवामा परमेश्वरले कुनै व्यक्तिलाई बोलाउनुभएको सन्दर्भमा, विवाह नगर्नु उसको रुचि र कर्तव्य दुवै हुन सक्छ । हाम्रा जवान सेवकहरूले विवाहलाई नितान्त आवश्यकभन्दा कम महत्त्वपूर्ण कुराको रूपमा हेर्न सहमत भएमा दुवै देश वा विदेशमा हुने केही प्रकारका मिसनरी सेवाहरू परमेश्वरको महिमा र मानिसहरूको भलाइको लागि अझ प्रभावकारी रूपमा सम्पन्न हुन सक्ने वर्तमान युगमा पनि स्पष्ट देखिन्छ र यस हिसाबले पनि "ईश्वरको राज्य र उहाँको धार्मिकतालाई पहिले खोजी गर ... ।"

५. सत्यतालाई घोषणा गर्नेहरूले झुटा धर्मलाई घोषणा गर्नेहरूसँग अन्तरविवाह गर्नु हुँदैन र साँचो विश्वासीहरूले अधर्मीहरूसँग अन्तरविवाह गर्नु हुँदैन भन्ने सिद्धान्त विवाहको मान्यताका लागि आवश्यक हुने कुरासँग जोडिँदैन, तर जुन यसको पूर्णतासँग सम्बन्धित छ र विवाह स्थापित हुँदाको यथार्थतालाई

नभई त्यसलाई स्थापना गर्ने औचित्यलाई यसले प्रश्नमा ल्याउँदछ । यदि अघिल्लो विवाहका पक्षहरूमध्ये एक विश्वासी बन्यो र अर्को अन्यजाति नै रह्यो भने, त्यस विश्वासी दाजुभाइ वा दिदीबहिनी जबसम्म अन्य पक्षले स्वेच्छाले तिनीहरूलाई त्याग्दैनन् र यसरी सम्बन्धविच्छेद गर्दैनन् अनि बाँधिएको अवस्थामा हुँदैनन् भने तबसम्म उनीहरू पहिलेको जस्तै वैवाहिक बन्धनमा बाँधिनै रहन्छन् भनि पावलले सिकाउँछन् । १ कोरिन्थी ७:१२-१५ । यही सिद्धान्तमा वर्तमानमा सामान्य रूपमा पाइने परिवर्तन भएका र परिवर्तन नभएकाहरू बिचको विवाहहरू निस्सन्देह वैधानिक छन् र त्यही रूपमा सम्मान गर्नुपदर्छ ।

तरै पनि यो यथार्थ रहिनै रहन्छ कि साँचो विश्वासीहरूले त्यस्ता मिलापहरूमा सम्झौता नगर्न दुवै ख्रीष्ट र तिनीहरूका आफ्नै आत्माप्रति ऋणी छन् । किनभने ख्रीष्टको मन र आत्मा प्राप्त गरेको व्यक्तिले, जसको लगाव माथिका व्यावहारिक सत्य कुराहरूमा स्थापित छ, जसको मनसाय, लक्ष्य र आकाङ्क्षा स्वर्गीय छन्, अपराध र पापमा मरेको आत्मासँग कसरी ऊ एक शरीर र हृदय बन्न सक्छ, सबै सम्भावित संगतिको सबैभन्दा घनिष्ठतामा बस्न सक्छ (२ कोरन्थी ६:१४-१८ हेर्नुहोस्)। यदि यस्तो मिलनको स्थापना हुन्छ भने, कि त विवाहको पवित्र करारलाई शरीरको मिलनले अपमानित गर्दछ जहाँ हृदयको मिलन हुँदैन वा दुई आत्मा बिचको घनिष्ठ संगतिमा आफ्नो भित्री आत्मिक जीवनमा विश्वासी धेरै नै निराश हुनेछ र संसारमा आफ्नो मालिकको सेवा गर्ने प्रयासमा ठुलो अवरोध अनुभव गर्नेछ । १ कोरिन्थी ७:३९ ।

**खण्ड – ४ विवाह वचनद्वारा निषेध गरिएको पारिवारिक सम्बन्ध वा सामिप्यताको सीमाभित्र हुनु हुँदैन;[491] न त यस्ता हाडनाताका विवाहहरूलाई मानिसका कुनै पनि व्यवस्था वा पक्षहरूको सहमतिले वैधानिक बनाउन सकिन्छ जसले गर्दा ती व्यक्तिहरू पति र पत्नीको रूपमा सँगै बस्न पाउँदछन् ।[492] पुरुषले आफ्नो जस्तै आफ्नी पत्नीको कुनै पनि**

---

491 लेवी १८; १ कोरिन्थी ५:१; आमोस २:७ ।
492 मर्कुस ६:१८; लेवी १८:२४-२८ ।

**रगतको नाता पर्ने नजिकका आफन्तहरूसँग विवाह गर्न मिल्दैन र पत्नीले पनि आफ्नो जस्तै पतिको कुनै पनि रगतको नाता पर्ने नजिकका आफन्तहरूसँग विवाह गर्न मिल्दैन ।** [493]

**खण्ड – ५ एउटा करारपछि व्यभिचार वा वैवाहिक सम्बन्धभन्दा बाहिरका शारीरिक सम्बन्धबारेमा विवाह अघि पत्ता लागेमा निर्दोष पक्षलाई त्यस सम्झौता भंग गर्न उचित अवसर दिइन्छ ।** [494] **विवाहपछि व्यभिचारको मामिलामा निर्दोष पक्षका लागि सम्बन्धविच्छेदका लागि निवेदन दिन** [495] **र सम्बन्धविच्छेदपछि अर्को विवाह गर्न, यदि दोषी पक्ष मरेको थियो भने वैधानिक छ ।** [496]

**खण्ड – ६ यद्यपि मानिसहरूको भ्रष्टता तर्फको झुकाबले गर्दा परमेश्वरले विवाहमा एक गर्नु भएकाहरूलाई अलग गर्नका लागि अक्सर तिनीहरूले अनावश्यक तर्कहरू अध्ययन गर्न उचित ठान्छन्: मण्डली वा कानुनी अधिकारीहरूले समाधान गर्न नसक्ने व्यभिचार वा त्यस्ता स्व-इच्छाका त्यागहरू बाहेक विवाह बन्धनलाई भङ्ग गर्ने अरू केही पनि पर्याप्त वैधानिक कारणहरू छैनन्;**[497] **जसमा सार्वजनिक र व्यवस्थित प्रक्रिया अनुसरण गर्नुपर्ने हुन्छ र यसमा संलग्न व्यक्तिहरूलाई उनीहरूको आफ्नो मामिलामा आफ्नै इच्छा वा विवेकमा छोड्नु हुँदैन ।**[498]

यी खण्डहरूले हाडनाता करणी र सम्बन्धविच्छेदबारेमा विवाहको ईश्वरीय व्यवस्थाको विषयमा सिकाउँछन् ।

---

[493] लेवी २०:१९-२१ ।
[494] मत्ती १:१८-२० ।
[495] मत्ती ५:३१,३२ ।
[496] मत्ती १९:९; रोमी ७:२,३ ।
[497] मत्ती १९:८,९; १ कोरिन्थी ७:१५; मत्ती १९:६ ।
[498] व्यवस्था २४:१-४ ।

१. हाडनाता करणीमा सम्बन्धका कारण ईश्वरीय व्यवस्थाले विवाह गर्न निषेध गरेका पक्षहरू बिच यौनसम्पर्क हुने कुरा समावेश हुन्छ । यी पक्षहरू बिच विवाह असम्भव छ र मानवीय कानुनको प्रावधान वा मानवीय न्यायालयका निर्णयहरू जेसुकै भए तापनि, त्यस्ता झूठा विवाहहरू सुरुदेखि नै अवैध मानिन्छन् --- निचोडमा अमान्य साथै अनुचित र हानिकारक हुन्छन् । सम्बन्धका श्रेणीहरूमा निकटताको आधारमा विवाहको बहिष्कार फरक हुने भएको कारण हाडनाता करणीको अपराध यी विविध उच्चतमदेखि न्यूनतमसम्मका अपराधिक श्रेणीहरूको मापन अनुसार फरक हुँदछ । नजिकको रगतका नातेदारहरू बिचको अन्तरविवाहबाट जोगिने दायित्व प्रकृतिको साथै परमेश्वरको वचनको आज्ञा हो । धर्मशास्त्रमा यस विषयमा एउटै नियम लेवी १८:६–२३; २०:१०–२१ मा लेखिएका लेवीहरूलाई दिइएको व्यवस्था हो । यदि यो व्यवस्था अझैँ पनि बाध्यकारी छ भने, एउटा पुरुषले आफ्नी मृतक पत्नीको रगतमा नजिकको कुनै पनि सम्बन्धसँग सहवास गर्नु उसको आफ्नै रगतमा नजिकको समबन्धसँग सहवास गरेझैँ वैधानिक हुँदैन जुन हाडनाता करणी हुँदछ भन्ने सिद्धान्त यसले कायम राख्दछ । यदि यो नियम अहिले बाध्यकारी छैन भने, प्रकृतिको नियम बाहेक हाडनाता करणीको विषयमा परमेश्वरको अर्को कुनै व्यवस्था बाँकी छैन ।

यस व्यवस्थाको प्रयोजन स्थिर सम्बन्धहरूमा आधारित भएको हुनाले र यहूदीहरू बिचको समाजमा असाधारण कुनै पनि विशेष परिस्थितिहरूमा आधारित नभएको कारण यस व्यवस्था अझैँ पनि बाध्यकारी छ भन्ने कुरामा ग्रीक र रोमन क्याथोलिक मण्डलीहरू सहमत छन् । प्रोटेस्टेन्ट मण्डलीका सबै शाखाहरू - एपिस्कोपल, लुथरिन र प्रेस्बिटेरियले तिनीहरूको विश्वासको स्वीकारोक्ति वा अनुशासनका सिद्धान्तहरूमा समान सिद्धान्त कायम राखेका छन् । यो हाम्रो स्वीकारोक्तिको यी खण्डहरूमा दावीका साथ राखिएका छन् । तर यस विषयमा हाम्रा [अमेरिकी] मण्डलीका विभिन्न क्षेत्रहरूमा विचार-भावना

र अभ्यासको ठुलो विविधता प्रबल छन् र धेरैजसो यस व्यवस्थाको कार्यान्वयन प्रत्येक स्थानीय मण्डलीको न्यायलयको बहुमतको निर्णयमा छोडिएको छ । सन् १८२६ र १८२७ र १८४३, १८४५ र १८४७ मा यस अध्यायको यो खण्डलाई परिवर्तन गर्न धेरै प्रयासहरू गरियो, तर कुनै प्रभावमा आएन ।

२. सम्बन्धविच्छेदको विषयमा ईश्वरीय नियम यो हो कि सम्पूर्ण जीवनको लागि विवाह एक पुरुष र एक महिला बिचको एक करार हो र वास्तबमै ipso facto यो मृत्युद्वारा मात्र विघटन हुँदछ (रोमी ७:२,३) र कुनै पनि नागरिक अख्तियारले परमेश्वरले एकसाथ जोड्नुभएकाहरूको मिलनलाई यी कारणहरू (क) व्यभिचार, (ख) स्व-इच्छा, कारणविहीन र मिलाउन नसकिने त्यागका कारण मात्र विघटन गर्न सक्दछ ।

(१) सम्बन्धविच्छेदको अनुमतिका लागि वैधानिक कारणहरू यी मात्र हुन् - (क) व्यभिचार; यो स्पष्ट रूपमा ख्रीष्टद्वारा अनुमति दिइएको छ (मत्ती ५: ३१, ३२; १९:९) र (ख) स्व-इच्छा, कारणविहीन र मिलाउन नसकिने त्याग । यो पावलद्वारा विश्वासी पति वा पत्नीलाई उनीहरूको अविश्वासी सँगीले त्यागेको अवस्थामा अनुमति दिइएको छ । १ कोरिन्थी ७:१५ । यस सन्दर्भको कारण पनि आफैमा स्पष्ट छ किनभने त्यस किसिमको त्याग, पूर्ण रूपमा मिलाउन नसकिने भएको हुनाले सम्पूर्ण यथार्थमा शून्य भई विवाहलाई रित्तो र नामधारीको मात्र बनाउँदछ । यसले कुनै उदेश्य नभएर त्यागिएको पक्षलाई सामना गर्ने अधिकार बिना छोड्दछ ।

(२) तथापि त्यस्ता कारणहरूले ipso facto वास्तवमा वैवाहिक बन्धनलाई भङ्ग गर्दैनन् तर यदि निर्दोष पक्षले रोजेको खण्डमा उचित प्रमाणद्वारा त्यसलाई भङ्ग गर्ने माग गर्ने अधिकार उनीहरूलाई मात्र प्रदान गरिँछ । यदि उनीहरूले विघटनको माग गर्छन् भने त्यस मामिलामा उनीहरूलाई उनीहरूको आफ्नै विवेकमा छोडिँदैन तर उनीहरूले सरकारी अधिकारीहरूको हातमा र त्यस ठाउँको कानुन अनुसार आफ्नो अधिकारको उचित न्याय खोज्नुपर्छ ।

(३) यद्यपि नागरिक व्यवस्थालाई माथि परिभाषित गरेझैँ परमेश्वरको व्यवस्थाले अनुमति दिएको आधारमा बाहेक अरू कुनै पनि आधारमा सम्बन्धविच्छेद गराउने अधिकार छैन । जब नागरिक अख्तियारवालाहरूले

त्यस्तो गर्नेछन्, जुन वास्तवमा बारम्बार गरिएझैँ, तिनीहरूले यस मामिलामा आफैँलाई परमेश्वरको व्यवस्थासित प्रत्यक्ष द्वन्द्वमा पार्ने छन् । त्यसैले सबै इसाईहरू र मण्डली न्यायालयहरू त्यस्ता मामिलाहरूमा नागरिक अख्तियारको निर्णयलाई बेवास्ता गर्न र त्यस्ता अवैधानिक सम्बन्धविच्छेदहरूलाई रित्तो वा शून्यको रूपमा मान्न र व्यवहार गर्न बाध्य हुन्छन् । यदि विघटन भएको विवाहका पक्षहरूले अधर्मी रूपमा पूनः विवाह गरेमा उनीहरूलाई परमेश्वरको भय मान्नेहरूले ती नयाँ विवाहहरूमा व्यभिचारको पापमा बाँचेको रूपमा मान्नु र व्यवहार गर्नुपदर्छ । मत्ती १९:८,९; प्रेरित ४:१९; ५:२९ ।

## प्रश्नहरू

१. यस अध्यायको पहिलो तीन खण्डमा सिकाइएको पहिलो प्रस्ताव के हो ?
२. त्यहाँ दोस्रो प्रस्ताव के सिकाइएको छ ?
३. त्यहाँ सिकाइएको तेस्रो प्रस्ताव के हो ?
४. त्यहाँ सिकाइएको चौथो प्रस्ताव के हो ?
५. त्यहाँ सिकाइएको पाँचौँ प्रस्ताव के हो ?
६. विवाह एक ईश्वरीय व्यवस्था हो भनि प्रमाणित गर्नुहोस् ।
७. यो धार्मिक साथै नागरिक करार हो भन्नुमा के कुरा समावेश हुन्छ र त्यसपछिको परिणाम के हुन्छ ?
८. यो पनि नागरिक करार हो भन्नुमा के समावेश छ र त्यसपछिको परिणाम के हुन्छ ?
९. कसलाई केले नियन्त्रण गर्नुपर्छ - विवाहको ईश्वरीय व्यवस्था वा मानवीय व्यवस्था ? र टकरावको अवस्थामा कुनलाई प्राथमिकता दिनुपर्छ ?
१०. कुन सन्दर्भमा बेलायतमा विवाहको नागरिक व्यवस्थाहरू प्रायः जसो गल्ती गर्दछन् ?
११. कुन सन्दर्भमा तिनीहरूले मुख्य रूपमा अमेरिकामा गल्ती गर्दछन् ?
१२. विवाहद्वारा प्रवर्द्धन गर्न सृजिएका प्रमुख आशयहरू के के हुन् ?

१३. विवाहको मौलिक व्यवस्थाको आधारमा बहुविवाह वैधानिक छैन भनेर प्रमाणित गर्नुहोस् ।
१४. पूर्खाहरूमा बहुविवाह प्रथा कसरी सही हुन सक्छ ?
१५. ख्रीष्टले स्पष्ट रूपमा त्यस अनुमतिलाई फिर्ता लिनुभएको देखाउनुहोस् ।
१६. केको आधारमा रोमनवादीहरूले अविवाहित जीवनको उच्च पवित्रतालाई कायम राख्छन् र आफ्ना सबै पादरीहरूलाई यो आदेश दिन्छन् ?
१७. केको आधारमा सबै प्रोटेस्टेन्टहरूले विपरीत धारणा राख्छन् ?
१८. ख्रीष्टको शिक्षाको साँचो अर्थ के हो, मत्ती १९:१०-१२ र पावलको, १ कोरिन्थी ७:१-४० ?
१९. यी दिनहरूमा विश्वासीहरूको जिम्मेवारीहरूमा यी शिक्षाहरूले कस्तो व्यावहारिक असर पारेको छ ?
२०. के धर्मको भिन्नताले वैवाहिक बन्धनलाई रद्द गर्छ ?
२१. साँचो विश्वासीहरू अधर्मीहरूसँग असमान रूपमा एकै हलोमा जोडिनु हुँदैन भन्ने कुरालाई प्रमाणित गर्नुहोस् ।
२२. चौथो खण्डको विषय के हो ?
२३. विवाह भनेको के हो ?
२४. निषेधित सम्बन्ध भित्र विवाह असम्भव छ भन्ने कुरा देखाउनुहोस् ?
२५. हाडनाता करणीको बाइबलीय व्यवस्था कहाँ पाइन्छ ?
२६. त्यस व्यवस्थाले त्यसता आत्मीयता साथै सम्बन्धका अवस्थालाई बन्देज गर्नका लागि के सिकाउँछ ?
२७. लेवीहरूलाई दिइएको व्यवस्थाको निरन्तर दायित्वको रूपमा ऐतिहासिक रूपमा इसाई मण्डलीको के न्याय भएको छ ?
२८. हालको समयमा अमेरिकी प्रेस्बिटेरियनहरूको प्रचलित विचार र अभ्यास के हो ?
२९. कुन एउटै घटनाले वास्तवमै ipso facto विवाहलाई विघटन गर्छ ?

३०. मानव न्याय अधिकारवालाहरूले विवाहलाई विघटन गर्न के कारणहरू मात्र न्याय संगत छ ?

३१. अन्य कुनै कारणहरू सम्बन्धविच्छेद गर्नका लागि छैनन् भनि प्रमाणित गर्नुहोस् ।

३२. यी न्याय संगत आधारहरूमा सम्बन्धविच्छेद कसरी गर्नुपर्छ ?

३३. परमेश्वरको व्यवस्थाले अनुमति नदिनुभएका सम्बन्धविच्छेदहरू र नयाँ विवाहहरूलाई नागरिक अख्तियारहरूले अनुमति दिएको अवस्थाहरूमा इसाईहरू र मण्डली प्रशासनले कसरी लिनुपर्छ ?

३४. तपाइँको उत्तरको सत्यतालाई प्रमाणित गर्नुहोस् ।

# अध्याय २५
# (CHAPTER XXV)
# मण्डलीका बारेमा
# (OF THE CHURCH)

**खण्ड – १ क्याथोलिक वा विश्वव्यापी मण्डली जुन अदृश्य छ, यसमा ख्रीष्ट जो शिर हुनुहुन्छ उहाँमा नै एकीकृत रूपमा सम्पूर्ण संख्यामा चुनिएकाहरू जो भेला भएका छन्, हुँदैछन् र हुनेवाला छन्, ती समावेश हुन्छन् र यो ख्रीष्टको दुलाही, शरीर तथा सबैलाई समग्रमा संलग्न गर्ने उहाँको पूर्णता हो ।[499]**

**खण्ड – २ दृश्य मण्डली पनि सुसमाचार अन्तर्गत क्याथोलिक वा विश्वव्यापी मण्डली नै हो (पहिलेको जस्तो व्यवस्था अन्तर्गत एउटा राष्ट्रमा सीमित छैन), त्यसमा आफ्ना सन्तानहरूसहित [500] साँचो धर्मको घोषणा गर्ने संसारभरिका सबै [501] समावेश हुन्छन् र यो प्रभु येशु ख्रीष्टको राज्य [502] परमेश्वरको वासस्थान र परिवार हो[503] जसबाहेक उद्धारको अरू कुनै कुराबाट सम्भव छैन ।[504]**

**खण्ड – ३ यस दृश्य क्याथोलिक मण्डलीलाई ख्रीष्टले यस जीवनमा संसारको अन्त्यसम्म सन्तहरूलाई भेला गर्न र सिद्ध गर्नका लागि परमेश्वरको सेवकाई, वाणीहरू र विधिहरू दिनुभएको छ र यो उहाँले**

---

499 एफेसी १:१०,२२,२३;५:२३,२७,३२; कलस्सी १:१८ ।

500 १ कोरिन्थी १:२;१२,१३; भजगसंग्रह २:८; प्रकाश ७:९;१५:९-१२ ।

501 १ कोरिन्थी ७:१४; प्रेरित २:३९; इजकिएल १४:२०,२१; रोमी: १६; उत्पत्ति ३:१५; १७:७ ।

502 मत्ती ८:४७; यशैया ९:७ ।

503 एफेसी २:१९; ३:१५ ।

504 प्रेरित २:७ ।

**उहाँको प्रतिज्ञा अनुसार तिनीहरूलाई प्रभावकारी बनाउँदै उहाँको आफ्नै उपस्थिति र आत्माद्वारा गर्नुहुन्छ ।**[505]

क्याथोलिक शब्दको अर्थ विश्वव्यापी हो त्यसैले यो ख्रीष्टको साँचो मण्डलीको उचित उपाधि हो जुन विभिन्न ठाउँहरूमा र विभिन्न समयमा अवस्थित धेरै सदस्यहरू मिलेर बनेको एक शरीरको रूपमा हेरिएको छ । परिणामस्वरूप त्यो भ्रष्ट र विभेदकारी निकाय, रोमन मण्डलीमा धेरै अनुचित ढंगले प्रयोग गरिएको छ ।

अङ्ग्रेजी शब्द Church मण्डलीसँग मिल्दोजुल्दो नयाँ करारको शब्द Ecclesia (Ekklesia) एक्लेसिया हो; यो शब्द Calein (Kalein) केल्येइनबाट आएको हो जुन डाक्नु वा बोलाउनु हो । त्यसैले एउटा अलग शरीरको रूपमा यसलाई स्थापित गरिन्छ जुन शब्द पवित्र आत्माको प्रभावकारी आह्वानलाई अभिव्यक्त गर्न प्रयोग गरिँदछ । त्यसद्वारा उहाँले मृत आत्माहरूलाई पुनरूत्थानको संसारमा जीवन दिनुहुन्छ । रोमी ८:२८-३०; १ पत्रुस २:९-१० । त्यसैले "मण्डली" वा मण्डली भन्ने शब्द एक सामूहिक शब्द हो जसमा क्लेटोइ (Kletoi)  "बोलाइएका" वा एक्लेक्टोई (Eklektoi) "चुनिएका" "विश्वासीहरू" को सम्पूर्ण शरीर समावेश छ । प्रकाश १७:१४; १ कोरिन्थी १:२, २४ । यस मण्डलीलाई वा "प्रभावकारी रूपमा बोलाइएकाहरू"को सामूहिक शरीरलाई सुसमाचारका सबै प्रतिज्ञाहरू सम्बोधन गरिएको छ । यसलाई "सत्यको खम्बा र आधार" (१ तिमोथी ३, १५); "शरीर" र "ख्रीष्टको पूर्णता" (एफेसी १:२२-२३); "दुलही, थुमाको पत्नी" (प्रकाश १९:२, ९) भनिन्छ र "नरकका ढोकाहरू यसको विरुद्धमा विजयी हुने छैनन्" भनेर पुष्टि गरिएको छ  (मत्ती १६: १८) ।

यस सम्पूर्ण शरीरको प्रत्येक खण्डमा पूर्णताको साझा स्वभाव भएकोले यस सामान्य शब्द "मण्डली" स्वभाविक रूपमा कहिलेकाहीँ सम्पूर्ण शरीरको सन्दर्भमा, सबै राष्ट्रहरू र उमेरहरू, एक निकायको रूपमा परिकल्पना भई लागु हुन्छ (कलस्सी १:१८) र कहिलेकाहीँ कुनै प्रान्त वा सहरको एक मण्डलीलाई,

---

505 १ कोरिन्थी ७:२८; एफेसी ४:११-१२; मत्ती २८:१९,२०; यशैया ९:२१ ।

"थेसलोनिकीहरूको मण्डली" वा "एफेससको मण्डली" (२ थेस्सलोनिकी १; प्रकाश २:१); वा बहुवचनमा एउटा प्रान्तका धेरै व्यक्तिगत मण्डलीहरूका लागि, "एसियाका मण्डलीहरू" वा "म्यासिडोनियाका मण्डलीहरू" वा "गलातिया" (१ कोरिन्थी १६:१; २ कोरिन्थी ८:१; प्रकाश १:४) र कहिलेकाहीँ केही ख्रीष्टियन परिवारलाई "प्रिस्किला र अक्किलाको घरमा रहेको मण्डली" भनेर सम्बोधन गर्नका लागि यो शब्द प्रयोग गरिएको छ । रोमी १६:५; कलस्सी ४:१५; फिलेमोन २ ।

यी खण्डहरूमा हाम्रो स्वीकारोक्तिले निम्न कुराहरू सिकाउँछ किः

1. सबै राष्ट्रहरू, पुस्ताहरू र सबै परमेश्वरमा चुनिएकाहरू मिलेर बनेको एउटा सामूहिक शरीर छ जसलाई अदृश्य मण्डली भनिन्छ । आदमदेखि लिएर हरेक युग र राष्ट्रका सबै जसले ख्रीष्टलाई ग्रहण गरेका छन् र उहाँको मुक्तिको शक्तिको अनुभव गरेका छन्, उनीहरूले उद्धार पाउनेछन् । तर उहाँलाई अस्वीकार गर्ने सबै नष्ट हुनेछन् भनि विश्वास गर्ने प्रत्येकले यस्तो शरीर छ भन्ने यथार्थलाई विश्वास गर्नुपर्छ । यो सम्पूर्ण शरीर आफ्नो आदर्शित पूर्णतामा छ जसमा कुनै पनि साँचो सदस्यले कुनै पनि झूटो सदस्यद्वारा यसको समरूपतालाई बिगारेको चाहँदैनन् । यो अनन्तकालदेखि परमेश्वरको मनमा निरन्तर उपस्थित छ भन्ने कुरालाई ईश्वरीय पूर्वज्ञान वा पूर्व नियुक्ति वा दुवैलाई स्वीकार गर्ने प्रत्येक व्यक्तिहरूले विश्वास गर्नुपर्छ ।

यसरी परमेश्वरले अनन्तकालदेखि देख्नुभएको यस शरीरको पूर्णता र शिद्धता अन्तिममा संसारलाई यसको पूर्णता र महिमामा प्रकट गरिनेछ जसको कारण परमेश्वरको अन्य सबै कामहरू भन्दा देखिने उत्कृष्टतामा यो बढि सर्वश्रेष्ठ हुनेछ । अहिलेको यो क्रमिक युगहरूमा भेला भएकाहरूमा आंशिक रूपमा हामीले त्यो देख्दछौँ किनभने यसका प्रत्येक सदस्य त्यस्ता पुरुष वा महिलाहरू हुन् जो संसार र आत्मिक जीवनमा बाँचिरहेका छन् र कार्यशील भइरहेका छन् जसद्वारा तिनीहरू मण्डलीमा नियुक्ति पाएका सदस्यहरू हुन् भन्ने कुरा त्यसको फलबाट प्रकट हुन्छ । (१) कुनै पनि समय वा स्थानमा दृश्यमान यसका अंशहरू, सबै राष्ट्र र पुस्ताका सन्तहरूको समग्र शरीरको परिपूरकको पूर्णताको तुलनामा असीमित रूपमा सानो भएको कारण र (२) हामीले देख्न सक्ने यस शरीरका

खण्डहरूमा पनि यसका रूपरेखाहरू धेरै अनिश्चित भएता पनि यस मण्डलीलाई "अदृश्य" भनिन्छ । यसको धेरै अंशको रूपमा प्रकट भएता पनि वास्तवमा यसको सदस्य हुँदैनन् र धेरैको यससँगको एकता प्रकट नभएता पनि वास्तवमा यसको सदस्य हुनसक्छ । मण्डली र संसार बिचका विशुद्धताको कुनै पनि धरातलमा मानवीय दृष्टिकोणका लागि ती रेखाहरू कोरिएका होइनन् । यस बिचमा साँचो मण्डली अझैँ पूर्ण रूपमा विकसित र प्रकट भएको छैन । हुर्किंदै गरेको मकैको दाना त्यसको छिल्कामा लुकेझैँ यो अद्भूत मण्डलीमा लुकेको छ । यस अर्थमा यो अदृश्य छ । यस मण्डलीको भावलाई स्थापित गर्ने कुरा दृश्यमान घोषणा वा सफलता नभई नदेखिने ईश्वरीय जीवन जीवाइ हो जसबाट घोषणा र सफलता अघि बढ्छ ।

२. एउटा दृश्यगत क्याथोलिक वा विश्वव्यापी मण्डली पनि छ जसमा आफ्ना छोराछोरीहरू सहित साँचो धर्मको घोषणा गर्ने प्रत्येक राष्ट्रका मानिसहरू संलग्न छन् भन्ने कुरा यी खण्डहरूले सिकाउँछन् । यो भनाईमा यी कुराहरू समावेश छन् (१) साँचो मण्डली जुन व्यक्तिहरू मिलेर बनेको छ, यसको एउटा खण्ड सधैँ जीवित रहिरन्छ र धेरै वा थोरै विश्वासयोग्यतामा पनि पवित्रताको दृश्यमान फलहरू संसारमा ल्याउँछ भन्ने सत्यता निस्सन्देह सधैँ आंशिक रूपमा र अधिक वा कम स्पष्टतामा दृश्यमान हुन्छ । त्यसैले सार्वभौमिक दृश्यमान मण्डली जुन भर्खरै अदृश्य छ भनि वर्णन गरिएको थियो, त्यस भन्दा फरक मण्डली होइन । यो त्यही शरीर हो जसको क्रमिक पुस्ताहरू आफ्नो क्रम अनुसार टल्दछन् र बाँकी मानवजातीबाट उनीहरूको मानवीय नजरद्वारा अपूर्ण रूपमा पक्षपात हुँदछन् । (२) परमेश्वरले आफ्ना मानिसहरूलाई व्यवस्था, आज्ञाहरू र अख्तियारहरू, मोहरहरू, विधिहरू र अनुशासनका साथ पृथक दृश्यमान मण्डली समुदायहरूमा व्यवस्थित हुन आदेश दिनुभएको छ । यो सत्यता आफ्नो राज्यलाई दृश्यता दिन महान् उद्देश्यका लागि, त्यस राज्यको सुसमाचारको प्रचार गर्नका लागि र त्यसका सबै चुनिएका प्रजाहरूमा भेला गर्नका लागि हो । महान् राजाप्रति विश्वसनीय प्रत्येक पृथक संगठित समुदायहरू दृश्यमान मण्डलीको अभिन्न अंग हो र सबै नाउँहरू र राष्ट्रहरू सबै मिलेर क्याथोलिक वा विश्वव्यापी दृश्यमान मण्डली स्थापित गर्दछन् । मानव जीवनको अवस्थाले, चाहे भौतिक,

राजनीतिक वा सामाजिक होस् र इसाईहरूको अपूर्णताले यी सबै संगठित शरीरहरूको व्यावहारिक जैविक मिलनलाई असम्भव बनाउँदछ । यद्यपि तिनीहरू सबै साँचो आत्मिक वा अदृश्य मण्डलीका देखिने खण्डहरू हुन् जुन "ख्रीष्टको शरीर" भएकाले कहिल्यै पनि विभाजित हुन सक्दैनन् भन्ने यथार्थद्वारा तिनीहरू सबै एउटै दृश्यमान मण्डली हुन् भन्ने कुरा स्व-स्पष्ट हुन्छ । (३) सत्य यो पनि हो कि मण्डली यसका सदस्यहरूको घोषणा र बाहिरी आज्ञाकारिताद्वारा दृश्यात्मक रूपमा प्रस्तुत गरिएको छ । अनि कुनै पनि वर्गका मानिसहरूलाई पूर्ण सटीकताका साथ इसाई विशेषताहरूका यथार्थतासँग पक्षपात गर्ने शक्ति कहिल्यै प्राप्त हुँदैन । यसले अनिवार्य रूपमा यो पनि जनाउँछ कि एक विश्वसनीय घोषणाले वास्तविक धर्मको अनुमानित प्रमाणको रूपमा एक व्यक्तिलाई दृश्यमान मण्डलीको सदस्य बनाउँदछ । विश्वसनीय घोषणा भनेको साँचो धर्मको घोषणा हो जुन पर्याप्तरूपमा बौद्धिक हुन्छ र घोषणा गर्नेको दैनिक जीवनले प्रमाणित गरेको हुन्छ । यस्तो प्रत्येक घोषणा कुनै व्यक्ति साँचो मण्डलीको सदस्य हो भन्ने धारणाको लागि आधार हो र फलस्वरूप उसलाई यसले दृश्यमान मण्डलीको सदस्य बनाउँछ र अन्य सबै इसाईहरूमा उसलाई त्यसअनुरूप आदर र व्यवहार गर्ने दायित्व राखिदिन्छ । यो दृश्यमान मण्डलीलाई संसारमा "स्वर्गको राज्य" भनिन्छ र यसको प्रकृति र प्रगति "बीउ छर्ने व्यक्ति र बीउ," "गहुँ र सामा," "रायोको दाना," "खमीर," " समुद्रमा हानेको एउटा ठुलो जाल जसमा हर किसिमका माछाहरू परेको" आदि जस्ता दृष्टान्तहरूमा प्रस्तुत गरिएको छ । मत्ती १३ । (४) यो पनि सत्य हो कि त्यसकारणले गर्दा सबै साँचो धर्मका घोषणा गर्नेहरूका सन्तानहरू आफ्ना आमाबाबु सहित दृश्यमान मण्डलीका सह-सदस्यहरू हुन् । यस महत्त्वपूर्ण सिद्धान्त १३ अध्याय अन्तर्गत छलफल र प्रमाणका लागि उपयुक्त रूपमा आउनेछ । *f*४ ।

३. परमेश्वरले यस विश्वव्यापी दृश्यमान मण्डलीलाई यसका सबै हाँगाहरू र मौलिक तत्त्वहरूमा यी कुराहरू दिनुभएको छ भनि यी खण्डहरूले सिकाउँछन् - (१) अभिप्रेरित धर्मशास्त्र त्रुटिरहित वचन र विश्वास र अभ्यासको नियमको रूपमा; (२) सुसमाचारको सेवकाइ – एउटा नियुक्ति जुन मानिसका कामहरूद्वारा नभई पवित्र-आत्माको वरदान र अनुग्रहद्वारा योग्य ठहरिएको वा

सङ्केत गरिएको; (३) विधिहरू, जस्तै प्रचार, प्रार्थना, स्तुतिगान र बप्तिस्माको पवित्र संस्कार र प्रभुभोज र अनुशासन र (४) यो वरदानद्वारा पूरा गर्नको लागि सृजिएका महान् परिणाम भनेको (क) मण्डलीका सन्तानहरू वा संसारबाट चुनिएकाहरूलाई भेला गर्नु हो र (ख) सन्तहरू जब यसरी भेला हुन्छन् त्यो चाहिँ उनीहरूको शिद्धता हो । एफेसी ४:११-१३ । (५) यो परिणामहरू प्राप्त गर्नमा यी निकायहरूको सफलता सम्भवतः तिनीहरूको साथमा रहने र तिनीहरूलाई संसारको अन्त्यसम्म प्रभावकारी बनाउने ख्रीष्टको प्रतिज्ञाद्वारा सुरक्षित गरिएको छ । मत्ती २८:२० ।

४. यस विश्वव्यापी दृश्यमान मण्डलीको सीमाबाहिर मुक्तिको कुनै सामान्य सम्भावना छैन भनि यी खण्डहरूले सिकाउँछन् । यो प्रस्ताव हाम्रो मण्डली र अन्य सबै सु-समासचारीय इसाईहरूले दृश्यमान

मण्डलीको प्रभावबाहिर भएका वयस्कहरूलाई मात्र लागु गर्ने विश्वास गर्छन् । बाल्यावस्थामा मर्ने मानव जातिका सबै सदस्यहरू ख्रीष्टको असल कार्यहरूद्वारा बचाइएको विश्वास गरिन्छ । त्यसैले त्यसबेलादेखि विश्वव्यापी दृश्यमान मण्डलीमा समावेश गरिएका संसारका सबै साँचो धर्म घोषणागर्नेहरू यसबाट सामान्यतया मुक्तिको सम्भावना छैन भनि भन्नु भनेको यी कुराहरू मात्र हो - (१) कि परमेश्वरले ख्रीष्टबारे व्यक्तिगत ज्ञानको कमिभएको कुनै पनि विवेकी वयस्क व्यक्तिलाई बचाउने आफ्नो मनसाय कहिल्यै प्रकट गर्नुभएको छैन । (२) कि अन्य मूर्तिपूजक भूमिहरूमा पाएको एउटा असाधारण अनुभवले हामीलाई यस्तो अवस्थामा कोही पनि बाँच्दैन भन्ने विश्वासमा डोऱ्याउँछ । (३) कि मानिसहरूको अगाडि उहाँको पुत्रलाई अस्वीकार गर्नेहरूले मुक्ति पाउने छैनन् भनि परमेश्वरले धेरै जोड दिएर घोषणा गर्नुभएको छ । मत्ती १०:३३ । (४) कि सुसमाचार सुन्ने हरेक मानिसलाई मानिसहरूको सामु ख्रीष्टलाई स्वीकार गर्ने आज्ञा दिइएको छ – अर्थात् साँचो धर्मको सार्वजनिक, दृश्यमान घोषणा गर्ने व्यक्ति बन्नु । मत्ती १०:३२ । रोमी १०:९-१० मा राखिएको मुक्तिको सर्तहरू यी हुन्-"यदि तिमीले येशुलाई प्रभु हो भनि आफ्नो मुखले स्वीकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनि आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ । किनकि मानिसले आफ्नो हृदयले

विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ ।" ख्रीष्टलाई सार्वजनिक रूपमा स्वीकार र घोषणा गर्न सकिने प्रष्ट रूपमा विभिन्न तरिकाहरू छन् । कुनै न कुनै रूपमा आफ्नो हृदयमा ख्रीष्टको प्रेम भएका हरेक व्यक्तिले उहाँलाई स्वीकार गर्ने नै छ । तर सामान्य रूपमा जहाँ ज्ञान र अवसर छ ख्रीष्टलाई प्रेम गर्ने प्रत्येक व्यक्तिले आफ्ना मानिसहरूको समुदायमा सामेल हुँदै र उहाँको पवित्र चेलापनका प्रतिनिधिहरू बन्दै उहाँलाई निरन्तर रूपमा स्वीकार गरेको परमेश्वर चाहनुहुन्छ भनि हाम्रो स्वीकारोक्तिले यी खण्डहरूमा थप सिकाउन चाहन्छ । अध्याय २७-२९ अन्तर्गत यो आज्ञा गरिएको देखाइनेछ जब ईश्वरीय प्रावधानको रूपमा यो सम्भव हुन्छ हरेक विश्वासीको हृदय यस मामिलामा आज्ञाकारी हुन उत्प्रेरित हुन्छ भन्ने कुरा स्वयं स्पष्ट छ । जब लाज वा सतावटाको डर वाधक गर्ने कारक हुँदछ तब आज्ञापालन गर्न असफल हुनु ख्रीष्टको सकारात्मक किसिमको अस्वीकार बराबर हुन्छ किनभने उहाँलाई अस्वीकार गर्दा उहाँको सार्वजनिक रूपमा स्वीकार्दा आउने परिणामहरूबाट बच्नको लागि सार्वजनिक रूपमा गरिने बहाना हो ।

**खण्ड – ४ यस विश्वव्यापी मण्डली कहिले धेरै त कहिले थोरै दृश्यमान हुने गरेको छ ।[506] र कुनै यस्ता मण्डलीहरू जुन यसका अंश हुन्, सुसमाचारका सिद्धान्तहरू कत्तिको शुद्ध रूपमा सिकाइन्छ र अँगालेको छ, विधिहरू प्रशासित गरिन्छ र तिनीहरूमा सार्वजनिक आराधना गरिन्छ भन्ने आधारमा धेरै वा थोरै शुद्ध हुन्छन् ।[507]**

**खण्ड – ५ स्वर्ग मुनिको सबैभन्दा शुद्ध मण्डलीहरू पनि मिश्रण र त्रुटि दुवैको अधीनमा छन्[508] र कतिपय यति पतन भएका छन्, कि ख्रीष्टका मण्डलीहरू नभई शैतानका सभाघरहरू बन्न पुगेका छन् ।[509] तरैपनि,**

506 रोमी ११:३,४; प्रकाश १२:६,१४ ।
507 प्रकाश २,३; १ कोरिन्थी ५:६,७ ।
508 १ कोरिन्थी ८:१२; प्रकाश २,३; मत्ती १३:२४-३०,४७ ।
509 प्रकाश १८:२; रोमी ११:१८-२२ ।

**पृथ्वीमा सधैँ एउटा मण्डली रहनेछ जसले परमेश्वरको इच्छा अनुसार उहाँको आराधना गर्दछ ।[510]**

**खण्ड – ६ मण्डलीमा प्रभु येशु ख्रीष्ट बाहेक अरू कोही पनि शिर छैनन् ।[511] न त रोमको पोप कुनै पनि अर्थमा यसको शिर हुन सक्छ;[512] तर त्यो ख्रीष्ट विरोधी हो, त्यो पापको मानिस र विनाशको पुत्र जसले मण्डलीमा ख्रीष्ट र परमेश्वर मानिने सबैको विरुद्धमा आफैलाई शिर तुल्याउँछ ।**

यी खण्डहरूमा सिकाइएका सबै कुराहरू माथिको दृश्यमान मण्डलीको स्वभावको रूपमा हामीले सूचित गरेका कुराहरूबाट अनिवार्य रूपमा हुँदछ:

१. क्याथोलिक वा विश्वव्यापी दृष्यमान मण्डलीमा संसारका साँचो धर्मका सबै घोषणा गर्नेहरू र यसको शिर प्रति विश्वसनीय रहने र सिद्धान्तहरू अनिवार्य रूपमा सहि कायम राख्ने सबै विशेष मण्डलीका संगठनहरू समावेश भएको हुनाले सम्पूर्ण रूपमा मण्डली कुनै पनि युगमा धेरै वा थोरै दृष्यमान हुन्छ र कुनै पनि विशेष मौलिक मण्डली त्यस अनुपातमा धेरै वा थोरै शुद्ध हुन्छ भन्ने कुरा मण्डलीले अनिवार्य रूपमा पालन गर्नुपर्छ । (१) तिनीहरूले दाबी गर्ने सिद्धान्त र तिनीहरूले कायम राख्ने आराधनाको शुद्धतामा; (३) तिनीहरूको जोश र आत्मिक चरित्र र ऊर्जामा र (३) अनुशासनद्वारा कायम राखिएको आफ्नो सदस्यताको शुद्धताका लागि । जुन अनुपातमा यी सबै कुराहरू शिद्धतामा उन्नत छन् र सामान्यतया सम्पूर्ण शरीरमा व्यापक छन्, उही अवस्थामा सम्पूर्ण मण्डली संसारबाट पक्षपात गरिएको अधिक रूपमा दृष्यमान हुनेछ र उनको सम्पूर्ण रूपरेखामा प्रकट हुनेछ । साथै त्यही मापन अनुसार प्रत्येक मण्डलीका सम्बन्धित संगठनहरू पनि शुद्ध हुनेछ अर्थात् विषम् तत्त्वहरूबाट मुक्त हुनेछ र यो रचिएको अन्तिम उपलब्धिको लागि पवित्र हुनेछ ।

---

510 मत्ती १४:१८; भजनसंग्रह ७३:१७; १०२:२८; मत्ती २८:१९,२० ।

511 कलस्सी १:१८; एफेसी १:२२ ।

512 मत्ती २८:८-१०; २ थेसलोनिकी २:३,४,८,९; प्रकाश १३:६ ।

२. यस प्रकारले दृश्यमान मण्डलीको स्वभाव र संसारमा यसको अवस्था अनुसार यसको शुद्धता गहन विषयको कुरा हो जुन विभिन्न समयमा र विभिन्न काल खण्डहरूमा फरक हुँदछ । वर्तमान व्यवस्था अन्तर्गत परमेश्वरको राज्यको प्रकृतिले (मत्ती ८), मानिसको स्वभाव जुन अपूर्ण रूपमा पवित्रीकरण गरिएको अवस्थाले र मण्डलीहरूको विश्वव्यापी अनुभवले सबैभन्दा शुद्ध मण्डलीहरू अझैँ पनि धेरै अपूर्ण छन् र अन्तसम्म नै अपूर्ण रहिरहनेछ अनि केही मण्डलीहरू यति भ्रष्ट हुनेछन् कि ख्रीष्टको साँचो मण्डलीहरूको रूपमा आफ्नो चरित्रलाई पूर्ण रूपमा गुमाउनेछन् भन्ने निष्कर्षमा हामीलाई पुऱ्याउँदछ । यो आहाबको शासनकालमा प्राचीन  मण्डलीको अवस्था थियो जब इजरायलका सन्तानहरूले साँचो परमेश्वरको सेवालाई यति हदसम्म त्यागेका थिए कि एलियाले केवल आफू मात्रै विश्वासयोग्य बाँकी रहेको भन्ने ठाने । त्यस्तो अवस्थामा पनि परमप्रभुले, "तापनि सात हजार जनालाई म इस्राएलमा बचाइराख्छु— ती सबै जसले बालको सामुन्ने आफ्ना घुँडा टेकेका छैनन् र जसका ओठले त्यसलाई चुम्बन गरेका छैनन् ।" १ राजा १९:१८ भनि घोषणा गर्नुभयो । पूर्वमा प्रेरितहरू र उत्तरी अफ्रिकामा उनीहरूपछिका अनुयायीहरूले स्थापना गरेका सबैभन्दा मण्डलीहरूमा झन् पूर्ण रूपमा गिरावट आएको छ । रोमका विशपको सर्वोच्चतालाई स्वीकार गर्ने मण्डलीहरूले विश्वासलाई त्यागेका छन् र आफ्नो प्रभुको महिमालाई एकतर्फि रूपमा धमिलो पारेका छन् भने अर्कोतर्फ धेरै प्रोटेस्टेन्ट मण्डलीहरू - अङ्ग्रेजी र अमेरिकी सोसिनिवादीहरू र जर्मन तर्कवादीहरूले – समान किसिमले धर्मत्याग गरेका छन् ।

रोमको मण्डली ख्रीष्टको प्रतिज्ञाले संसारको अन्त्यसम्म प्रेरितीय रूपमा नियुक्त विशपहरूको अधीनमा रहेको दृश्यमान संगठनको त्रुटिरहितको निष्ठा र शुद्धतालाई सुरक्षित गर्दछ भन्ने विश्वास राख्दछ । तर मण्डली जसको त्रुटिरहितको निष्ठा र शुद्धता ईश्वरीय प्रतिज्ञाद्वारा सुनिश्चित गरिएको छ त्यो कुनै बाहिरी देखिने संगठन वा विशप वा प्राचीन हरूको उत्तराधिकार भने होइनन् । यो कुनै राष्ट्र वा पुस्ताको मात्रै मण्डली नभई चुनिएकाहरू वा सबै राष्ट्र र युगका साँचो विश्वासीहरूको वास्तविक अदृश्य शरीर हो । यी कुराहरूद्वारा यो प्रमाणित भएको छ- (१) अठार सय वर्षदेखि त्यस प्रतिज्ञा हामीले परिभाषित गरेका अर्थमा

पूरा भएको छ तर रोमन मण्डलीले माग गरेको अर्थमा भने कहिल्यै पूरा भएको छैन भन्ने तथ्यबाट यो प्रमाणित भएको छ । तिनीहरू आफैले प्रेरितीय मण्डलीको विश्वास र अभ्यासलाई त्यागेर गएका छन् र रोमनवादीहरू र प्रोटेस्टेन्टहरूबिच समान रूपमा दृश्यमान मण्डली सम्बन्धित संगठनहरूले निरन्तर रूपमा तिनीहरूको चरित्र र सम्बन्धहरूलाई सत्यतामा परिवर्तन गर्दैछन् । (२) धेरैजसो पत्रहरूले "मण्डली" लाई सम्बोधन गरेका छन् र ती पत्रहरूका अभिवादनहरूले "बोलाइएकाहरू," "सन्तहरू" आदि जस्ता वाक्यांशहरूद्वारा त्यसलाई व्याख्या गरेका छन् । पहिलो र दोस्रो कोरिन्थीहरू, एफेसीहरू, कलस्सीहरू, पहिलो र दोस्रो पत्रुस र यहुदामा भएका अभिवादनहरूलाई हेर्नुहोस् । पत्रहरूको मुख्य खण्डमा साँचो मण्डलीका सदस्यहरूलाई एउटै गुणहरू दिइएको छ । १ कोरिन्थी १:३०; ३:१६; ६:११; एफेसी २:३-८; १९:२२; कलस्सी १:२१-२२; २:१०; १ पत्रुस २:९ । (३) साँचो मण्डलीलाई वर्णन गरिएका विशेषताहरूले यो प्रमाणित गर्दछ कि यो एक बाहिरी क्रमिक रूपमा जारी रहने संगठित उत्तराधिकार नभई आत्मिक र एक अर्थमा व्याख्या गरिए अनुसार अदृश्य छ । एफेसी ५:२७; १ पत्रुस २:२, ५; युहन्ना १०:२७; कलस्सी १:१८, २४ ।

३. तरैपनि यस प्रकारले दृश्यमान मण्डलीले अदृश्य मण्डलीसँग कायम राखेको सम्बन्धका कारण ईश्वरीय प्रतिज्ञा अनुसार संसारमा पछि आउने मण्डली कहिल्यै पूर्ण रूपमा असफल हुनसक्दैन (मत्ती १६:१८)। त्यसै गरी, त्यो पहिलेकाहरू झुटा सिद्धान्तहरूका कारण अज्ञानी हुन सक्छन् वा बदलिएका कुराहरूद्वारा कम हुन सक्छन् तर पूर्णरूपमा अनुपस्थित भने हुन सक्दैनन् । जहाँ साँचो मण्डली छ त्यो धेरै वा थोरै देखिँदछ । यद्यपि, संगठनको आकार वा झुटा दावी जसमा यो सम्बन्धित हुन सक्छ त्यस अनुपातमा देख्न नसकिएला तर यसको विश्वासको शुद्धता र सदस्यताको आत्मिक गतिविधि र फलदायीको अनुपातमा भने धेरै वा थोरै देखिँदछ ।

४. प्रभु येशु ख्रीष्ट मात्र मण्डलीको पूर्ण र सर्वोच्चका शिर हुनुहुन्छ भन्ने कुरा स्व-स्पष्ट छ र यो धर्मशास्त्रमा प्रशस्तै जोड दिइएको छ (कलस्सी १:१८ र सपन्याह १:२०-२३) र यसलाई कुनै पनि इसाईहरूले कहिल्यै अस्वीकार गरेका छैनन् ।

यद्यपि, जसरी पृथ्वीमा दृश्यमान मण्डलीको प्रशासन र व्यवस्थाहरू छन् र ती देखिने अधिकारवालाहरूद्वारा प्रशासित हुनुपर्ने भएका कारण मण्डलीको पार्थिव दृश्यात्मक शिर हुनुपर्छ जो ख्रीष्टद्वारा नियुक्ति गरिएको अख्तियार अनुसार काम गर्छ र उहाँको प्रतिनिधि हो भन्ने कुरालाई धेरैले मानेका छन् । रोमको मण्डलीले भने पोपको लागि यो दाबी गर्दछ: "जसरी ख्रीष्ट जो उहाँको मण्डलीको शिर र दुलाहा हुनुहुन्छ, जसलाई उहाँले आफ्नो भित्री आत्माद्वारा शासन गर्नुहुन्छ त्यसरी नै एउटा व्यक्ति आफ्नो शक्तिको प्रतिनिधि र सेवक हुनुपर्छ  किनभने एउटा दृश्यमान मण्डलीका लागि दृश्यमान शिर चाहिन्छ  जो हाम्रा मुक्तिदाताले पत्रुसलाई सबै विश्वासनीयहरूको शिर र पास्टरका रूपमा नियुक्त गर्नुभएको छ ।" प्रश्नउत्तर माला, रोम, खण्ड १ अध्याय १०, प्रश्न. ११.

जर्मनी र ग्रेट ब्रिटेनका इरास्टियन राज्यका मण्डलीहरूले मण्डली र राज्यको सर्वोच्च-प्रमुखको रूपमा आ-आफ्ना शासकहरूलाई मान्ने गरेका छन् । हेनरी ८ " चर्च अफ इङ्ग्ल्याण्डको सर्वोच्च-प्रमुख"का रूपमा स्वीकार गरिएको थियो र "राजा, उनका उत्तराधिकारीहरू आदि लगायतका व्यक्तिहरूलाई पृथ्वीमा चर्च अफ इङ्ग्ल्याण्ड जसलाई एङ्ग्लिकाना एक्लेसिया भनिन्छ । त्यसको एकमात्र सर्वोच्च-प्रमुखका रूपमा मानिनेछ, स्वीकार गरिनेछ र सम्मान गरिनेछ । अनि यस क्षेत्रका शाही मुकुटमा संलग्नता र एकताबद्धता,

साथै यसको शैली र उपाधि, सबै सम्मान, मर्यादा, उन्मुक्ति, लाभ र वस्तुहरू सर्वोच्च-प्रमुखको गरिमामा रहनुहुनेले राख्नु हुनेछ र भोग गर्नुहुनेछ । मण्डलीको सम्बन्ध र सरोकारको विषयमा पनि ।" भन्ने कानुन बनाइएको थियो । २६ हेनरी ८, क्याप १ । मण्डलीमाथि शासन गर्ने सार्वभौमसत्ताको यो सर्वोच्चतालाई विश्वासको एक लेखमा पनि उतारिएको छ जुन  चर्च अफ इङ्ग्ल्याण्डको ३७ औँ अनुच्छेदमा समावेश गरिएको छ: "बेलायतको यस क्षेत्रमा र अन्य उपनिवेशहरूमा बडा-महारानीको प्रमुख शक्ति छ ।  जुन यस क्षेत्रका सबै सम्पदायहरूको मुख्य प्रशासनहरू, चाहे मण्डलीको होस् वा नागरिकको, सबै कुराहरूसँग सम्बन्धित छ ।" यी दुवै अवस्थाहरूमा र मण्डलीको सर्वोच्चताको दावीको सम्पूर्ण अवस्थाहरूमा, यो केवल यथार्थ र प्रमाणको मात्र प्रश्न हुँदछ । यदि  वास्तवमै ख्रीष्टले आफ्नो अख्तियार या त पोप वा राष्ट्रका सार्वभौमहरूलाई

सुम्पनुभएको हो र उनीहरूलाई आफ्नो उत्तराधिकारी र आफ्नो मण्डलीको दृश्यमान प्रमुखहरू बनाउनुभएको हो भने हामीले उनीहरूको आज्ञापालन गर्नुपर्छ र हाम्रो अनाज्ञाकारिता ख्रीष्टप्रतिको विश्वासघात हुँदछ । यसको विपरीत यदि उनीहरूसँग त्यस्तो अधिकार छैन र निर्विवाद प्रमाणहरूद्वारा आफ्नो दाबी प्रमाणित गर्न असमर्थ छन् भने तिनीहरूको यस्तो शक्तिको धारणा ईश्वरीय विशेष अधिकारहरूमा निन्दनीय अतिक्रमण र मानव जातिप्रतिको विश्वासघात हो । यो प्रष्ट छ कि कुनै पनि पक्षले आफ्नो दावीको लागि कुनै व्यावहारिक आधार देखाउन सक्दैनन् र थोरै सोधपुछ गर्दा नै तिनीहरू आफ्नै भारमा लड्दछन् ।

मण्डलीका कुनै पनि विधिगतरूपमा मान्यता प्राप्त दृश्यमान प्रमुखको अनुपस्थितिमा, व्यवस्था र त्यसको प्रशासनको प्रत्यक्ष निर्भरताको साथसाथै मुक्तिका लागि हामी महान् अदृश्य शिरतर्फ फर्किन बाध्य हुन्छौँ । उहाँले आफ्नो मण्डलीको शिर बन्नुहुन्छ र  त्यसमाथि शासन गर्नुहुन्छ — (१) उहाँको उत्प्रेरित वचन मार्फत जुन हामीले त्रुटिरहित, पूर्ण र विश्वास र अभ्यासका लागि स्पष्ट नियमको रूपमा देखेका छौँ । (२) सेवकाइ, संस्कारहरू, विधिहरू, इत्यादिको रूपमा हामीलाई हस्तान्तरण गरिएका प्रेरितीय व्यवस्थाहरू मार्फत । एफेसी ४:११ र (३) उहाँको आफ्नै आत्मिक उपस्थिति मार्फत जुन उहाँका सबै सदस्यहरूमा फैलिएको छ र संसारको अन्त्यसम्म रहिरहनेछ । मत्ती १८:२०; २२:२० ।

नयाँ नियमको १ युहन्ना २:१८, २२; ४:३; २ युहन्ना ७ मा "ख्रीष्ट विरोधी" भन्ने शब्द पाइन्छ । २ थेसोलोनिकी २:३-४ मा "पापको मानिस," "विनाशको पुत्र" को आगमनको भविष्यवाणी गरिएको छ । बाइबल विद्हरू यी वाक्यांशहरूले प्रभुको व्यक्तिगत प्रतिद्वन्द्वीलाई वा उहाँ र उहाँको अभिप्रायको विरोध गर्ने सिद्धान्तहरू र प्रणालीहरूलाई लक्षित गरेका हुन् भन्ने विषयमा फरक मतभेद राख्दछन् । हाम्रा कन्फेसनका लेखकहरूले लामो समयदेखिको पदीय परम्पराका प्रत्येक पोप व्यक्तिगत ख्रीष्ट विरोधी हुन् भनि घोषणा गर्ने सायदै अभिप्राय राखेका हुनसक्छन् र उनीहरूले सम्भवत पोप-प्रणाली आत्मामा, स्वरूपमा र प्रभावमा सम्पूर्ण तवरले अ-इसाई छ र धर्मशास्त्रमा पहिलै थाहा भएको र भविष्यवाणी गरिएको प्रेरितीय इसाईपनबाट यो विमुख भएको चिन्ह हो

भनि बताउन खोजेकाचाहिँ एक्लेक्टोई हुनसक्छ । जुन सब तिनीहरूको समयमा र हाम्रो समयमा पनि सत्य छ । तरैपनि हामीले यो याद राख्नु आवश्यक छ कि दुष्टका रूपहरू परिवर्तन हुँदै जाँदा र घटनाहरूको विकाससँगै ख्रीष्टको राज्यको जटिलताहरू शैतानको भन्दा फरक हुन्छन्, "अहिले पनि धेरै ख्रीष्ट विरोधीहरू छन् ।" १ युहन्ना २:१८।

## प्रश्नहरू

१. "क्याथोलिक" शब्दको साँचो अर्थ र सही प्रयोग के हो ?
२. नयाँ नियममा अनुवाद गरिएको "मण्डली" शब्दको उत्पत्ति र प्रयोग के हो ?
३. अदृश्य आत्मिक मण्डलीलाई सुसमाचारका प्रतिज्ञाहरू सम्बोधन गरिएको छ भन्ने कुरालाई प्रमाणित गर्नुहोस् ।
४. "मण्डली" र "मण्डलीहरू" जस्ता शब्दहरू कुन सामान्य र विशेष अर्थमा प्रयोग गएको छ ?
५. विश्वव्यापी अदृश्य मण्डलीको विषयमा हाम्रो प्रश्नउत्तरले के सिकाउँछ ?
६. यस मण्डलीलाई किन "अदृश्य" भनिन्छ ?
७. यसको पूर्णता र उघारिएको महिमा कहिले देखिने छ ?
८. विश्वव्यापी दृश्यमान मण्डलीले अदृश्य मण्डलीसँग कस्तो सम्बन्ध राख्दछ ?
९. यस व्यवस्थाको यथार्थले मण्डलीको दृश्यतालाई कसरी असर गदर्छ ?
१०. विद्यमान सबै फरक फरक मण्डली संगठनहरू एउटै मण्डली हो भनि कि कसरी प्रमाणित गर्न सक्नुहुन्छ ?
११. दृश्यमान मण्डलीका सदस्यहरू को को हुन् ?
१२. साँचो धार्मिकता स्वीकारको यथार्थले मात्र किन एउटा व्यक्तिलाई दृश्यमान मण्डलीको सदस्य बनाउँदछ ?
१३. साँचो स्वीकारोक्ति भनेको के हो ?

१४. धर्मशास्त्रमा दृश्यमान मण्डली-यसको स्वभाव र वृद्धि कुन आंकडाहरू अनुरूप तय गरिएको छ ?
१५. साँचो धर्मका स्वीकार गर्नेहरूबाहेक अरू को को दृश्यमान मण्डलीका सदस्यहरू हुन् ?
१६. परमेश्वरले दृश्यमान मण्डलीलाई विशेष रूपमा कुन वरदानहरू दिनुभएको छ ?
१७. यी वरदानहरू कुन उद्देश्यका साथ दिइएको थियो ?
१८. दृश्यमान मण्डलीको सीमा बाहिर मुक्तिको कुनै सम्भावना छैन भनि दाबी गर्नुको अर्थ के हो ?
१९. रोमी १०:९-१० मा लेखिएका मुक्तिको सर्तहरू के के हुन् ?
२०. मानिसहरूले कसरी ख्रीष्टलाई स्वीकार गर्नुपर्छ ?
२१. कुन अर्थमा मुक्तिको लागि मानिसहरूले दृश्यमान मण्डलीसँग जोडिएर ख्रीष्टलाई स्वीकार गर्नु आवश्यक हुन्छ ?
२२. चौथो, पाँचौँ र छैठौँ खण्डमा सिकाइएको पहिलो प्रस्ताव के हो ?
२३. दृश्यमान मण्डलीको प्रकृति र सम्बन्धको रूपमामाथि सिकाइएको कुराबाट यस प्रस्तावको सत्यता कसरी उत्पन्न हुँदछ ?
२४. विभिन्न युगहरूमा र खण्डहरूमा दृश्यमान मण्डलीको शुद्धता भिन्न हुन्छ भनि कसरी देखाउन सकिन्छ ?
२५. मण्डली विकृतिका केही ऐतिहासिक उदाहरणहरू दिनुहोस् ।
२६. रोमको मण्डलीले कुन आधारमा आफू सैद्धान्तिक वा नैतिक रूपमा पतित हुन असक्षम छ भनि भन्न सक्दछ ?
२७. धर्मशास्त्रका यी प्रतिज्ञाहरू कुनै देखिने संगठन वा उत्तराधिकारलाई नभई परमेश्वरले चुन्नुभएका सबै उमेर र राष्ट्रहरूका ठुलो जमातलाई सम्बोधन गरिएको हो भनि तपाइँले कसरी देखाउन सक्नुहुन्छ ?
२८. पृथ्वीमा कुनै न कुनै रूपमा देखिने मण्डलीको नरोकिने निरन्तरताको विषयमा कसरी तर्क गर्न सकिन्छ ?
२९. प्रभु येशुलाई मण्डलीको सर्वोच्च शिरको रूपमा कसले स्वीकार गर्दछ ?
३०. रोमन मण्डलीले पोपको प्रधानताबारे के सिकाउँछ ?

३१. सार्वभौम-प्रधानताबारे चर्च अफ इङ्ग्ल्याण्डको सिद्धान्त के हो ?

३२. यस्ता सबै दावीहरूको कुन आधारमा निर्धारण गरिएको छ ?

३३. यदि ती दावीहरू प्रमाणित हुन असफल भएमा ती दावीहरू कुन रूपका हुन्छन् ?

३४. दावी गर्नेहरू वा ती दाबीहरूलाई अस्वीकार गर्नेहरू कुन पक्षको प्रमाणमा बढी वजन छ ?

३५. दृश्यमान प्रमुखको अनुपस्थितिमा ख्रीष्टले सम्पूर्ण मण्डलीको साँचो शिरको रूपमा कसरी काम गर्नुहुन्छ ?

३६. धर्मशास्त्रका कुन खण्डहरूमा ख्रीष्ट विरोधीको सिद्धान्त सिकाइएको छ ?

३७. ख्रीष्ट विरोधी पोपकोबारेमा घोषणा भन्नु अर्थ के हो ?

# अध्याय २६
# (CHAPTER XXVI)
# सन्तहरूको सम्मिलनबारे
# (OF COMMUNION OF SAINTS)

**खण्ड – १ सबै सन्तहरू जो उनीहरूका शिर येशु ख्रीष्टमा उहाँको आत्माद्वारा र विश्वासद्वारा एकताबद्ध छन्, उनीहरू उहाँको अनुग्रह, दुःख, मृत्यु, पुनरूत्थान र महिमामा उहाँसँगको सङ्गतिमा छन्[513] र एक-अर्कामा एकताबद्ध भएर प्रेममा, तिनीहरू एक-अर्काको दानहरूमा र अनुग्रहमा सम्मिलित हुन्छन्[514] अनि सार्वजनिक र निजी रूपमा, दुवै भित्री र बाहिरी मानवीय अवस्थामा तिनीहरूको एक-आपसको पारस्परिक भलाइका लागि प्रेरणा दिने जस्ता कर्तव्यहरू प्रदर्शन गर्न आभारी हुन्छन् ।[515]**

**खण्ड – २ स्वीकारोक्तिद्वारा सन्त भएकाहरूले ईश्वरको आराधनामा पवित्र सङ्गति र मेलमिलाप कायम राख्न आभारी हुन्छन् र उनीहरूको एक-आपसको पारस्परिक उन्नतिमा लाग्ने अन्य आत्मिक सेवाहरू दिन आभारी हुन्छन्;[516] साथै बाहिरी कुराहरूमा पनि तिनीहरूको विभिन्न क्षमता र आवश्यकताहरू अनुसार एकअर्कालाई राहत दिनमा पनि कटिबद्ध हुन्छन् । जुनसुकै सम्मिलन होस् जसलाई परमेश्वरले अवसर दिनुभएको हुन्छ, जो हरेक ठाउँमा प्रभु येशुको नाम पुकार्छन् ती सबैमा फैलाउनु पर्दछ ।[517]**

513 १ युहन्ना १:३; एफेसी ३:१६-१७; युहन्ना १:१६; एफेसी २:५,६; फिलिप्पी ३:१०; रोमी ६:५,६; २ तिमोथी २:२१ ।

514 एफेसी ४:१५,१६; १ कोरिन्थी ७:७; ३:२१-२३; कलस्सी २:१९ ।

515 १ थेसलोनिकी ५:११; रोमी १:११,१२,१४; १ युहन्ना ३:१६-१८; गलाती ६:१० ।

516 हिब्रू १०:२४,२५; प्रेरित २:४२,४६; यशैया २:३; १ कोरिन्थी ११:२० ।

517 प्रेरित २:४४,४५; १ युहन्ना ३:१७; २ कोरिन्थी ८,९; प्रेरित २९,३० ।

**खण्ड - ३ सन्तहरूको ख्रीष्टसँग भएको यस सम्मिलनले उनीहरूलाई उहाँको ईश्वरत्वको तत्वमा कुनै पनि प्रकारले साझेदार बनाउँदैन वा कुनै पनि सन्दर्भमा ख्रीष्टसँग बराबर हुन सक्दैन: जसमध्ये कुनै पनि पुष्टि गर्नु अधर्मी र निन्दनीय हुन्छ ।[518] न त सन्तहरूको रूपमा तिनीहरूको एक-अर्कासँगको सम्मिलनले तिनीहरूको उपाधि वा औचित्य जुन प्रत्येक व्यक्तिको धन र प्राप्तिमा हुन्छ, त्यसलाई खोस्दैन वा उल्लङ्घन गर्दैन ।[519]**

सम्मिलन विभिन्न पक्षहरू बिचको सेवकाइहरूको आपसी आदानप्रदान हो जुन एक साझा सिद्धान्तबाट प्रवाह भएको हुन्छ, त्यसमा तिनीहरू एकबद्ध भएका हुन्छन् । सम्मिलनको प्रकृति र घनिष्टता एकताको प्रकृति र घनिष्टतामा निर्भर हुन्छ जसबाट यो अघि बढ्छ ।

यस अध्यायले यी कुराहरू सिकाउँछन्:

१. ख्रीष्ट र उहाँका मानिसहरूको एकताकोबारेमा ।

२. उहाँ र तिनीहरू बिचको सङ्गति र त्यस पश्चातको परिणामकोबारेमा ।

३. ख्रीष्टका साँचो मानिसहरू बिचको एकता जो उहाँसँगको एकताबाट हुर्किँदै जान्छन् भन्ने विषयमा ।

४. एकअर्कासँगको मिलनबाट हुर्किँदै गरेका सन्तहरूको सम्मिलनकोबारेमा ।

५. सबैजना जो आफूलाई सन्त भनि स्वीकार गर्छन् उनीहरूको आफूझैं स्वीकार गर्ने मित्रहरूप्रतिको पारस्परिक कर्तव्यबारे ।

१. सबै सन्तहरू प्रभु येशुमा एकतामा छन् । हामीले यो एकताको आधार र यसको प्रकृति के हो र यो कसरी स्थापित हुन्छ भनि जान्न आवश्यक हुन्छ ।

(१) साँचो विश्वासी र प्रभु येशुको बिचमा रहेको एकताको जगकोबारेमा धर्मशास्त्रले यो त्रिएक परमेश्वरको अनन्त उद्देश्यमा आधारित छ भनि सिकाउँदछ जुन चुनाउको निर्णयमा व्यक्त गरिएको थियो ("संसारको उत्पत्तिभन्दा अघिबाटै

---

518 कलस्सी १:१८,१९; १ कोरिन्थी ८:६; यशैया ८:८; १ तिमोथी ६:१५,१६; भजनसंग्रह १४:७; हिब्रू १:८,९ ।

519 प्रस्थान २०:१५; एफेसी: ४,२८; प्रेरित ५:४ ।

उहाँले हामीलाई चुन्नुभयो," एफेसी १:४) । अनि अनुग्रहको अनन्त करार पिता र उहाँको वचन बिच उहाँका मानिसहरूको मध्यस्थताको शिरको रूपमा गठन भयो । सदस्यहरूका लागि शिरसँग र शिरमा रहेका सदस्यहरूसँग मध्यस्थ गर्दै र उहाँमा तिनीहरूको मुक्ति प्रदान गर्दै करार स्थापित गरिनेछ । युहन्ना १७:२,६ ।

(२) ख्रीष्टसँग विश्वासीको यो एकताको प्रकृतिको रूपमा, धर्मशास्त्रले यी कुराहरू सिकाउँछ - (क) यो संयुक्त र प्रतिनिधित्व हो, जसद्वारा ख्रीष्टले हाम्रो साटो र हाम्रो भलाईका खातिर संयुक्त शिरको रूपमा सबै कुरामा कार्य गर्नुहुन्छ । तसर्थ हाम्रो वैधानिक हैसियत उहाँद्वारा निर्धारण हुन्छ र उहाँको अधिकार, इज्जत, सम्बन्ध सबै उहाँसँगको सह-साझेदारीमा बनाइन्छ । (ख) कि यो एक महत्त्वपूर्ण र आत्मिक एकता हो । यसको वास्तविक स्रोत र मेल शिरको आत्मा हुनुहुन्छ जो सदस्यहरूमा बास गर्नुहुन्छ र काम गर्नुहुन्छ (१ कोरिन्थी ७:१७; ७:१३; १ युहन्ना ३:२४; ४:१३) । यसैले हाम्रो आत्मिक जीवन उहाँबाट व्युत्पन्न हुन्छ र उहाँको जीवनद्वारा स्थिर र निर्धारित हुन्छ । जसलाई हामी साझा रूपमा बाँढ्दछौँ (गलाती २:२०) । (ग) कि यो हाम्रो सम्पूर्ण व्यक्तिहरू र ख्रीष्ट बिचको एकता हो र त्यही कारण यसले हाम्रो आत्मा मार्फत हाम्रो शरीरलाई समावेश गर्दछ (१ कोरिन्थी ७:१५, १९) ।

(३) जुन तरिकाले यो एकता स्थापित भएको छ, धर्मशास्त्रले सिकाउँछ कि चुनिएकाहरू अनन्तकालदेखि ख्रीष्टको नेतृत्वमा रहेर ईश्वरीय विचारलाई बुझेर वास्तवमा उहाँसँग एकीकृत हुन्छन् - (क) उहाँको आत्माको शक्तिशाली कार्य जसद्वारा तिनीहरू "ख्रीष्टसँगै जीवित छन्" (एफेसी २:५); जुन आत्मा सधैँ तिनीहरूमा ख्रीष्टको उपस्थितिको अंगको रूपमा तिनीहरूमा बास गर्नुहुन्छ । असीम माध्यम जसद्वारा उहाँको प्रेम र जीवनको पूर्णता र उहाँको रगतद्वारा खरिद गरिएका सबै भलाईहरू शिरद्वारा सदस्यहरूमा स्वतन्त्र रूपमा जादँछ । (ख) तिनीहरूको तर्फबाट विश्वासको कार्यहरू जसद्वारा तिनीहरूले ख्रीष्टलाई बुझ्दछन् र उहाँलाई र उहाँको अनुग्रहलाई आफूमा उचित ठान्दछन् र जसद्वारा तिनीहरू सधैँ उहाँमा निरन्तर जिउन र उहाँबाट आफ्ना प्रबन्धहरू लिँदछन् (एफेसी ३:१७) ।

धर्मशास्त्रमा यस मिलनलाई यसको जग र यसको संरचनाबिचको विद्यमान सम्बन्धद्वारा चित्रण गरिएको छ (१ पत्रुस ४:६); एउटा रूख र त्यसका हाँगाहरू (युहन्ना १५:५); शिर र शरीरका अंगहरू (एफेसी ४:१५-१६); एक पति र पत्नी (एफेसी ५:३१-३२); आदम र तिनका सन्तानहरू  (रोमी ५:१२-१९) ।

यस मिलनलाई ईश्वर-शास्त्रीहरूले "रहस्यमय" मिलन भनि भनेका छन् किनभने यो परमेश्वर आफैले प्रकट नगर्नु भएको भए कहिल्यै थाहाँ हुन सक्दैन थियो र यो यति अतुलनीय रूपमा घनिष्ठ र उत्कृष्ट छ कि यसले हामीले अनुभव गरेका अन्य सबै मिलनहरूलाई साथ दिँदछ । तर जे होस्, यो ख्रीष्ट र हाम्रो बिचको व्यक्तित्वमा कुनै पनि भ्रम समावेश गर्ने अर्थमा रहस्यमय छैन । न त यसले हामीलाई उहाँको ईश्वरत्वमा कुनै पनि तवरको साझेदार वा कुनै पनि सन्दर्भमा उहाँसँग बराबरी बनाउँदछ । यो व्यक्तिहरू बिचको मिलन हो जसमा प्रत्येकले आफ्नो छुट्टै पहिचान कायम राख्छ र जसमा विश्वासी यद्यपि असीमित रूपमा उच्च र आशिषित भएतापनि आफ्नो प्रभुमा सम्पूर्ण रूपमा अधीनमा छ र निर्भर रहन्छ ।

२. यस मिलनको आधारमा विश्वासीहरू र ख्रीष्टको बिचमा सबैभन्दा घनिष्ट संगति वा एक-अर्का बिचको पारस्परिक सेवकाइहरूको आदानप्रदान सधैँ जारी रहिरहन्छ । (१) यी कुराहरूमा तिनीहरूको ख्रीष्टसँग सङ्गति छ । (क) उहाँको सम्पूर्ण करार गुणहरूमा सक्रिय र निष्क्रिय आज्ञाकारितामा तिनीहरूको ख्रीष्टसँग सङ्गति छ । वैद्यानिक रूपमा तिनीहरू "उहाँमा पूर्ण छन् ।" कलस्सी २:१० । उहाँका पिता, उहाँको उत्तराधिकार, उहाँको सिंहासन, उहाँको मुकुट नै तिनीहरूका हुन् । तिनीहरूको मध्यस्थ शिरको रूपमा उहाँले भविष्यवक्ता, प्राचीन  र राजाको रूपमा काम गर्नुहुन्छ । उहाँसँगको मिलनमा तिनीहरू पनि अगमवक्ताहरू, प्राचीनहरू र राजाहरू हुन् । १ युहन्ना २:२७; १ पत्रुस २:५; प्रकाश ३:२१; ५:१० । यी कुरामा पनि  तिनीहरूको ख्रीष्टसँग पनि सङ्गति छ (ख) उहाँको जीवनको रूपान्तरण, आत्मसात गर्ने शक्तिमा । "उहाँका अनुग्रहको पूर्णताबाट हामीले एउटा अनुग्रहमाथि अर्को अनुग्रह पाएका छौँ ।" युहन्ना १:१६ । यसरी तिनीहरूसँग ख्रीष्टको "आत्मा" र "मन" हुन्छ र उहाँको "प्रतिरूप" वा "स्वरूप" धारण गरेका छन् । रोमी ८:९; फिलिपी २:५; १ युहन्ना २: २ । यसमा

पवित्र आत्माको मन्दिर बनाउँदै शरीरहरू पनि समावेश हुन्छन्; र पुनरूत्थानमा हाम्रा महिमित शरीरहरू उहाँको जस्तै हुनेछन् । १ कोरिन्थी ६:१९; १५:४३, ४९ (ग) सबै भित्री र बाहिरी अनुभवहरूमा, तिनीहरूको आनन्द र विजयहरूमा, तिनीहरूको श्रम, कष्ट, परीक्षाहरू र मृत्युमा तिनीहरूको ख्रीष्टसँग सङ्गति छ । रोमी ८:३७; २ कोरिन्थी ९:९; गलाती ६:१७; फिलिपी ३:१०; हिब्रू १२:३; १ पत्रुस ४:१३ ।

(२) तिनीहरूसँग ख्रीष्टको सङ्गति छ । तिनीहरू उहाँको रगतले किनिएको रूपमा उहाँका हुन् । तिनीहरू उहाँको सेवामा समर्पित छन् । तिनीहरू उहाँसँगै उहाँको राज्य निर्माणमा सहकर्मीहरू हुन् । तिनीहरूले उहाँको प्रशंसाको फल फलाउँछन् र उहाँको मुकुटमा ताराहरू जस्तै चम्कन्छन् । तिनीहरूको हृदय, तिनीहरूको जीवन, तिनीहरूका सम्पत्तिहरू, सबै उहाँमा समर्पित छन् र तिनीहरू उहाँको लागि भरोसामा राखिएको छ । उपदेशक १९:१७; रोमी १६:८; १ कोरिन्थी ६:१९-२० ।

३. सबै साँचो विश्वासीहरू यसरी सम्पूर्ण शरीरको साझा शिर र साझा जीवनको स्रोतको रूपमा ख्रीष्टसँग घनिष्ट रूपमा एकताबद्ध भएको हुनाले तिनीहरू एकसाथ एकतामा हुनुपर्छ। यदि तिनीहरूसँग एउटै शिर छ र सबै एउटै शरीरका सदस्यहरू हुन् भने तिनीहरूको साझा जीवन हुनुपर्छ र सबै एक अर्काका सदस्यहरू हुनुपर्दछ । व्यक्तिहरू संस्कार मार्फत मण्डलीमा र मण्डली मार्फत ख्रीष्टमा एकताबद्ध हुन्छन् भन्ने रोमन र अनुष्ठानवादी दृष्टिकोण हो । व्यक्ति पवित्र आत्मा र विश्वासद्वारा ख्रीष्ट जो शिर हुनुहुन्छ उहाँसँग एकताबद्ध हुन्छन् भन्ने चाहिँ साँचो दृष्टिकोण हो र ख्रीष्टमा एकताबद्ध भएर मात्रै यथार्थमा कोही सबै सदस्यहरूसित एकताबद्ध हुनुहुन्छ जसलाई मण्डली भनिन्छ । पवित्र विश्वव्यापी मण्डली पवित्र आत्माको फल हो । जहाँ आत्मा हुनुहुन्छ त्यहाँ मण्डली हुन्छ । आत्माको उपस्थिति उहाँका फलहरूबाट थाहा हुन्छ जुन "प्रेम, आनन्द, शान्ति" इत्यादि हुन् । गलाती ५:२२-२३ एउटै आत्मा प्राप्त गर्ने सबै विश्वासीहरूले उहाँद्वारा "एउटै शरीर" मा बप्तिस्मा लिन्छन् । र यसरी तिनीहरू सबै "धेरै अंगहरू भएतापनि" तर "एउटै शरीर," "ख्रीष्टको शरीर" र "विशेष अंगहरू" बन्दछन् । १ कोरिन्थी १२:१३-२७ ।

४. त्यसैले साँचो विश्वासीहरू सबै एउटै जीवित शरीरमा एकताबद्ध भएर धेरै घनिष्ठ सम्बन्धहरू कायम राख्छन् र एकअर्काको लागि धेरै महत्त्वपूर्ण सेवाकाइहरू निर्वाह गर्छन् जसलाई सामान्य रूपमा "सन्तहरूको सम्मिलन" भनि व्याख्या गरिन्छ ।

(१) तिनीहरूको साझा शिर हुनुहुन्छ र उहाँलाई आदर गर्ने साझा कर्तव्यहरू; साझा स्वीकारोक्ति, कायम रहिरहने विश्वासको साझा प्रणाली, प्रचार गर्नुपर्ने साझा सु-समाचार, कायम रहिरहने साझा आराधना र सेवा हुन् ।

(२) तिनीहरूको साझा जीवन छ र जसमा पवित्र आत्मा वास गर्नुहुन्छ र जसले सम्पूर्ण शरीरलाई एकसाथ बाँध्नु भएको छ । त्यसैले तिनीहरू सहानुभूतिको सम्बन्धमा र इच्छाको पहिचानमा संलग्न छन् । उसँगै सबैको उन्नति नभई कोहीले उन्नति पाउन सक्दैन – ऊ सँगै सबैलाई पीडा नदिइ कोहीले दुःख पाउन सक्दैन ।

(३) जसरी संसारको नजरमा तिनीहरू एउटै शरीरको रूपमा रचिएका छन्, तिनीहरूको साझा प्रतिष्ठा छ र सबै विभिन्न र सामूहिक रूपमा सम्मानित वा एकअर्कासहित अपमानित हुन्छन् । तसर्थ शरीरमा भएका सबै विभेदहरू, हानिकारक विवादहरू, इसाईहरूद्वारा इसाईहरूलाई घात-प्रतिघात गर्न अगुवाइ गर्ने कार्य तथा आफैँलाई बदनाम गर्ने कार्यहरू आफैमा दुष्ट हुन् ।

(४) यस सन्दर्भमा पनि सन्तहरूको शरीर प्राकृतिक शरीर जस्तै हो । एक शरीर भएता पनि प्रत्येक विभिन्न अंगहरू एक विशेष कार्यको निम्ति पवित्र आत्माको अंग हो र यसको योग्यताको र फलस्वरूप जिम्मेवारीको आफ्नै व्यक्तिगत भिन्नता हुन्छ । तसर्थ शरीरको क्रियाकलापमा प्रत्येक सदस्यले आफ्नो विशेष कार्य र आफ्नो विशेष अनुग्रह वा सुन्दरताद्वारा योगदान दिनुपर्दछ र आफ्नो पालोमा बाँकी सबैका लागि आफ्ना वरदानहरूद्वारा र अरूहरूलाई परिपूरक गर्ने अनुग्रहद्वारा संगति गर्नुपर्छ । एफेसी ४:११-१६; १ कोरिन्थी १२: ४-२१ यो स्वर्गमा पूर्ण रूपमा सिद्ध हुनेछ । युहन्ना १०:१६; १७:२२ ।

(५) यो प्रभु र एकअर्कासँग सबै साँचो विश्वासीहरूको मिलन भएको हुनाले फलस्वरूप "सन्तहरूको सम्मिलन" जुन धेरै घनिष्ठततामा साँचो विश्वासीहरूको बिचमा उनीहरूको ज्ञान र उनीहरूको अनुग्रहमा प्रगतिको अनुपातमा पोषण

दिने भएकाले परिणाम स्वरूप दृश्यमान मण्डलीका सम्पूर्ण शाखाहरू र यसका प्रत्येक सदस्यहरूले साँचो धर्मको घोषणा गर्ने सबैसँगको सम्बन्धमा "सन्तहरूको सम्मिलन" को सिद्धान्तमा आफ्नो शक्तिले भ्याएसम्मको सबै कार्य गर्न गर्नुपर्छ । यदि "मण्डली" एक हो भने सबै मण्डलीहरू एक हुन् । यदि सबै सन्तहरू एक हुन र यस पवित्र "सम्मिलन"लाई अँगालेका छन् भने सबै जसले सन्त हुँ भनि घोषणा गर्छन्, आफ्ना सबै आफुझैँ घोषणा गर्ने मित्रहरूलाई सन्त र "जीवनको अनुग्रहका उत्तराधिकारीहरू" हुन् भन्ने धारणामा आदर र व्यवहार गर्नुपर्छ । यसरी सोच्नुहोस् ! सबै विवाद र ईर्ष्याहरूको बाबजुद परमेश्वरको अनन्त चुनाउको प्रेममा एक ! - ख्रीष्टको बलिदानको रगतले किनिएर एक ! पवित्र आत्माको सुन्दर बासस्थानमा एक ! महिमाको अनन्त उत्तराधिकारमा एक ! साच्चै हामी सबै परोपकार, सहानुभूति र सम्भावित सहयोगी सेवकाइहरूमा, संसारिक यात्राका छोटो र खराब दिनहरूमा एक हुनुपर्दछ । यी एक-अर्कामा पारस्परिक जिम्मेवारीहरू निस्सन्देह केही सार्वजनिक हुन्छन्-जस्तै विभिन्न सु-समाचारिय मण्डलीहरू बिच र केही निजी र व्यक्तिगत हुन सक्छन् । तिहरूमध्ये धेरै आत्माहरूसँग सम्बन्धित छन् र धेरै सन्तहरूको शरीरसँग पनि सम्बन्धित छन् । एउटै नियम चाहिँ यो हो कि हृदयमा प्रेमको नियम र धर्मशास्त्रमा लेखिएका सन्तहरूको सिद्धान्त र उदाहरणहरू प्रत्येक व्यक्तिको विशेष परिस्थितिहरूमा लागु हुन्छ । तर यी एक-अर्का बिचका पारस्परिक सम्बन्ध र सन्तहरूको सेवकाइहरू पवित्र बनाउने क्रममा तिनीहरू मानव समाजको आधारभूत सिद्धान्तहरू, धनसम्पत्ति र पारिवारिक सम्बन्धको अधिकारलाई पुनःस्थापित गर्न रचिएका भने होइनन् ।

## प्रश्नहरू

१. सम्मिलन भनेको के हो र यसले के अनुमान गर्दछ ?
२. यी खण्डहरूमा सिकाएको पहिलो विषय के हो ?
३. यहाँ सिकाइएको दोस्रो विषय के हो ?
४. तेस्रो विषय के हो ?

५. चौथो विषय के हो ?
६. पाँचौँ विषय के हो ?
७. विश्वासी र ख्रीष्टको एकताको आधार के हो ?
८. एकताको प्रकृतिको रूपमा यहाँ कुन तीनवटा बुँदाहरू सिकाइएको छ ?
९. संयुक्त हो भन्नुको अर्थ के हो ?
१०. यो महत्त्वपूर्ण र आत्मिक छ भनेर के भन्न खोजेको हो ?
११. यसले सम्पूर्ण व्यक्तिलाई समावेश गर्छ भनेर के भन्न खोजेको हो ?
१२. यो एकता मिलन कसरी पूरा हुन्छ ?
१३. यस सन्दर्भमा पवित्र आत्माको सेवकाइ के हो ?
१४. यस सन्दर्भमा विश्वासको सेवकाइ के हो ?
१५. यो मिलन कुन समानताहरूद्वारा चित्रण गरिएको छ ?
१६. यो मिलनलाई किन "रहस्यमय" भनिएको छ ?
१७. कुन अर्थमा यो रहस्यमय होइन र यसमा के समावेश छैन ?
१८. ख्रीष्टसँगको हाम्रो एकताको ठुलो व्यावहारिक परिणाम के हो ?
१९. विश्वासीको ख्रिष्टसँग कुन सन्दर्भमा सङ्गति हुन्छ ?
२०. विश्वासीको अरू विश्वासीसँग के-कस्ता कुराहरूमा सङ्गति हुन्छ ?
२१. सबै विश्वासीहरू एउटै ख्रीष्टमा एकताबद्ध भएमा के हुन्छ ?
२२. रोमन र अनुष्ठानवादी दृष्टिकोण के हो र प्रत्येक सदस्यहरू ख्रीष्ट र संसारमा कुन रूपमा एकताबद्ध हुन्छन् भन्नेबारे साँचो दृष्टिकोण के हो ?
२३. पवित्र आत्माको उपस्थिति कसरी निर्धारण गर्न सकिन्छ ?
२४. "एउटै शरीर" मा सबै सन्तहरूको मिलनबाट प्रवाह हुने महान् व्यावहारिक परिणाम के हो ?
२५. "सन्तहरूको सम्मिलन"मा संलग्न हुने मुख्य सिद्धान्तहरू बताउनुहोस् ।
२६. दृश्यमान मण्डलीको प्रत्येक शाखाको अरू हरेक शाखाको सन्दर्भमा के व्यावहारिक जिम्मेवारीहरू छन् ?
२७. साँचो धर्मका प्रत्येक घोषणा गर्नेहरूको आफ्ना सबै आफूझैँ घोषणा गर्ने मित्रहरूको सन्दर्भमा के व्यावहारिक जिम्मेवारीहरू छन् ?
२८. यस्ता मामिलामा हाम्रो निर्देशनको लागि के नियम छ ?

२९. यस सिद्धान्तले के नतिजाहरू दोऱ्याउँदैन ?

]

# अध्याय २७
# (CHAPTER XXVII)
# विधिहरूका बारेमा
# (OF THE SACRAMENTS)

**खण्ड - १ विधिहरू पवित्र चिन्हहरू र अनुग्रहको करारका छापहरू हुन्[520] जुन ख्रीष्ट र उहाँमा पाउने लाभहरूको प्रतिनिधि गर्न र उहाँमा हाम्रो चासो पुष्टि गर्न:[521] साथै मण्डली र बाँकी संसारका बिचमा देखिने भिन्नतालाई स्थापना गर्न[522] र उहाँको वचन अनुसार[523] ख्रीष्टमा परमेश्वरको सेवामा उनीहरूलाई गम्भीर रूपमा संलग्न गराउन परमेश्वरले तुरुन्तै स्थापना गर्नुभयो ।[524]**

**खण्ड - २ प्रत्येक धार्मिक विधिमा चिन्ह र चिन्ह लगाइएको वस्तुको बिचमा आत्मिक सम्बन्ध वा विधिगत एकता हुन्छ जुन तवरले यो हुँदछ, यसले एउटाको नामकरणहरू र प्रभावहरू अर्कोमा सार्दछ ।[525]**

ठुलो प्रश्नोउत्तरको प्रश्न १६३ अनुसार  विधिका खण्डहरू के के हुन् ? विधिका दुई खण्डहरू छन्; एक बाहिरी र महसुस गर्न सकिने चिन्ह जुन ख्रीष्टको आफ्नै नियुक्तिमा प्रयोग गरिएको थियो । अर्को भित्री र आत्मिक खण्ड जुन अनुग्रहद्वारा प्रकट हुँदछ ।[526]

धर्मशास्त्रमा "धार्मिक विधि" शब्द पाइँदैन । सबैभन्दा प्रयोगमा यसले कुनै

---

520 रोमी ४:११; उत्पत्ति १७:७,१० ।

521 १ कोरिन्थी १०:१६;११:२५,२६; गलाती ३:२७,१७ ।

522 रोमी १५:८; प्रस्थान १२:४८; उत्पत्ति ३४:१४ ।

523 रोमी ६:३,४; १ कोरिन्थी १०:१६,२१ ।

524 मत्ती २८:१९; १ कोरिन्थी ११:२३ ।

525 उत्पत्ति १७:१०; मत्ती २६:२७,२८; तितस ३:५ ।

526 मत्ती ३:११; १ पत्रुस ३:२१; रोमी २:२८,२९ ।

पनि कुराहरू जसले बन्धनमा बाँध्दछ वा ल्याउँदछ जस्तै प्रतिज्ञामा दिइएको रकम वा शपथ र विशेष गरी सैन्य निष्ठाको शपथ, त्यस्ता कुरालाई जनाउँछ ।

यो शब्द मण्डली-सम्बन्धित प्रयोगमा कुनै पनि कुरालाई पवित्रतामा बाध्ने आफ्नो सामान्य अर्थलाई कायम राख्दै प्रारम्भिक युगमा ग्रीक शब्द 'रहस्य' (मस्टरियन) को ल्याटिन समकक्षको रूपमा प्रयोग गरिएको थियो, जसको अर्थ प्रकट नभएसम्म अज्ञात रहिरहनु हो र त्यसैले कुनै पनि चिन्ह, प्रकार वा धार्मिक विधिको प्रकट नगरिएको आत्मिक अर्थ हुन्छ । त्यसैले यो शब्द स्वाभाविक रूपमा बप्तिस्मा र प्रभुभोजको इसाई नियमहरूमा र रीतिहरूसहित अन्य धेरै धार्मिक सिद्धान्तहरू र नियमहरूमा पनि सामान्य र अस्पष्ट अर्थमा लागु भयो ।

तसर्थ सहर्स रूपमा "विधि" शब्दको व्युत्पत्ति वा प्रयोगबाट विधिहरूको प्रकृति वा संख्यालाई निर्धारण गर्न असम्भव छ । हामी यसको पूर्ण परिभाषा चाहन्छौँ, केवल नाम मात्रको होइन । यो हामीले बप्तिस्मा र प्रभुभोज लिएर मात्रै यसलाई प्राप्त गर्न सक्छौँ जुन सबै मानिसहरूले वास्तविक विधि हो भनि स्वीकार गर्छन् र ती कुराहरूको उत्पत्ति, प्रकृति र प्रयोगहरूको कडा जाँच गरेर यी कुराहरूलाई निर्धारण गर्दछन् । (क) नियमहरूको वर्गको वास्तविक चरित्र जससँग तिनीहरू सम्बन्धित छन् र (ख) अन्य कुनै विधिहरू समान वर्गका हुन् वा होइनन् । यस तरिकाले हाम्रो मापदण्डमा दिइएको विधिको परिभाषा बनाइयो । यस परिभाषामा निम्न बुँदाहरू समावेश गरिएको छ:

१. धार्मिक विधि भनेको ख्रीष्टले तत्कालै स्थापना गर्नुभएको व्यवस्था हो । ठुलो प्रश्नउत्तरमाला १६२ र सानो प्रश्नउत्तर ९२ ।

२. धार्मिक विधिका सधैँ दुई तत्त्वहरू हुन्छन् - (1) एउटा बाहिरी महसुस गर्ने चिन्ह र (2) एउटा भित्री, आत्मिक अनुग्रहद्वारा महसुस गरिने चिन्ह ।

३. प्रत्येक धार्मिक विधिको चिन्ह पवित्र रूपमा यसलाई सङ्केत गर्ने अनुग्रहसँग एक हुन्छ र यस एकताबाट धर्मशास्त्रीय प्रयोगले त्यस चिन्हलाई सङ्केत गर्ने कुन कुराहरू सही हो भन्ने कुरा उठाउँदछ ।

४. धार्मिक विधिहरू विश्वासीहरूमा ख्रीष्ट र नयाँ करारका लाभहरूलाई प्रतिनिधित्व गर्न, मोहर लगाउन र प्रयोगमा ल्याउन बनाइएको थियो । सानो प्रश्नउत्तर ९२ ।

५. ती ख्रीष्टप्रति हाम्रो निष्ठाको प्रतिज्ञाको रूपमा बनाइएको थियो जसले हामीलाई उहाँको सेवामा बाँध्दछ र त्यसै घडी स्वीकार गर्नेहरूको सामूहिक शरीरमा देखिने छाप लगाउँदै र संसारबाट अलग गर्दै हाम्रो स्वीकारोक्तिमा मोहर लगाउँदछ ।

१. धार्मिक विधि एउटा व्यवस्था हो जुन "परमेश्वरद्वारा ख्रीष्टको प्रतिनिधित्व गर्न तुरुन्तै स्थापना गरिएको" जस्ता कुरा यस अध्यायको पहिलो खण्डले बताउँछ । पुरानो करारको खतना र निस्तार चाडलाई पनि समावेश गर्न यसको सामान्यतय अर्थमा "धार्मिक विधि" भन्ने शब्द प्रयोग गरिन्छ भने यो ठीक हो । तर बप्तिस्मा र प्रभुभोजको नयाँ करारको विधिमा भने यो एउटा महत्त्वपूर्ण भिन्नता हो किनभने ती दुबै ख्रीष्ट आफैले तत्कालै स्थापना गर्नुभएको थियो । त्यसैले ठुला (प्रश्न १६२) र सानो (प्रश्न ९२) दुवै प्रश्नोत्तरहरूमा, "एउटा धार्मिक विधि एउटा पवित्र व्यवस्था हो जुन ख्रीष्टले उहाँको मण्डलीमा स्थापना गर्नुभएको हो" भन्ने पाइनेछ । यसलाई याद राख्नुपर्छ किनभने यसले रोमन मण्डलीका धेरैजसो बनावटी धार्मिक विधिहरूलाई इसाई व्यवस्थाहरूको श्रेणीमा कुनै पनि स्थान ओगट्ने अधिकारबाट बहिष्कार गर्दछ ।

२. प्रत्येक धार्मिक विधिमा दुई तत्त्वहरू हुन्छन् - (1) बाहिरी महसुस गर्न सकिने चिन्ह र (२) भित्री आत्मिक अनुग्रहद्वारा महसुस गरिने चिन्ह । बप्तिस्मा बाहिरीरूपमा महसुस गरिने चिन्ह हो - (१) पानी र (२) बप्तिस्मा लिने विषयको व्यक्तिलाई त्रिएक ईश्वरको नाममा प्रयोग गरिने पानी । भित्री आत्मिक अनुग्रहद्वारा महसुस गरिने चिन्ह चाहिँ - (१) मुख्यतया, आत्मामा रहनुहुने पवित्र आत्माको व्यक्तिगत शक्तिद्वारा तत्काले गरिने आत्मिकी शुद्धीकरण र प्ररिणाम स्वरूप, (२) पवित्र आत्माको बास, जसका कारण बप्तिस्मा ख्रीष्टसँगको एकता जसका कारण नयाँ जन्म, न्यायीकरण, पवित्रीकरण, अन्तसम्म रहिरने द्दढता, महिमा इत्यादि हुन् अर्थात् नयाँ करारका सबै लाभहरू । प्रभुभोजमा, बाहिरी, महसुस गरिने चिन्हहरूचाहिँ यी हुन् - (१) रोटी र दाखमद्य (2) अभिषेक गरिनु र रोटी भाँचिनु र दाखमद्य खन्याइनु, बाँडिनु र लिनु र सहभागी हुनेहरूले खानु र पिउनु । भित्री आत्मिक अनुग्रहद्वारा महसुस गरिने चिन्ह चाहिँ - (१) मुख्यतया, ख्रीष्ट हाम्रो लागि क्रुसमा टाँगिनुभयो (उहाँको शरीर र रगत) र नयाँ जीवनको

सिद्धान्तको रूपमा आत्मिक रूपमा ग्रहण गर्न र आत्मसात गर्नको लागि आफैलाई दिनुभयो र त्यसैलै, (२) दोस्रो, ख्रीष्टसँगको एकता, पवित्र आत्माको बास, नयाँ जन्म, न्यायीकरण, पवित्रीकरण इत्यादि अर्थात् ख्रीष्टको बलिदानपूर्ण मृत्युद्वारा सुरक्षित भएका सबै लाभहरू ।

३. "हरेक धार्मिक विधिमा चिन्ह र चिन्हित वस्तु बिच आत्मिक सम्बन्ध वा विधिगत मिलन हुन्छ ।" चिन्ह र अनुग्रह बिचको यो संस्कारात्मक सम्मिलन जसलाई यसले सङ्केत गर्दछ, रोमन र लुथरन मण्डलीहरूले प्रभुभोजको सन्दर्भमा भने यसलाई शाब्दिक पहिचान भएको बुझ्दछन् । त्यसैले जब ख्रीष्टले रोटी लिनुभयो र भन्नुभयो, "यो मेरो शरीर हो" तिनीहरूले यसको मतलब रोटी उहाँको शरीर हो भन्ने कुरालाई जोड दिन्छन् । "यो रोटीले मेरो शरीरलाई धार्मिक रूपमा प्रतिनिधित्व गर्छ" भन्ने अर्थमा अन्य सबै इसाईहरूले यस वाक्यांशलाई बुझ्छन् ।

यसैले चिन्ह र चिन्हित वस्तुको बिच यो संस्कारात्मक मिलन (१) साङ्केतिक र प्रतिनिधि गर्ने कुरा हो – यसले एउटाले अर्कोलाई सङ्केत र प्रतिनिधित्व गर्दछ र (२) सहयोगी हुन्छ किनभने ईश्वरीय नियुक्तिद्वारा चिन्हको सही प्रयोगद्वारा अनुग्रहलाई यसले साँच्चै अभिव्यक्त गर्दछ ।

यस धार्मिक मिलनको आधारहरू - (१) अनुग्रहको प्रतीकलाई सङ्केत गर्ने चिन्हको स्वभाविक अनुरूपता जुन पवित्र आत्माद्वारा आत्मिक शुद्धिकरणको प्रतीकको रूपमा पानीले पखालीनु हो । (२) यी चिन्हहरू सहीरूपमा प्रयोग गरेमा साँच्चै तिनीहरूले सङ्केत गरेको अनुग्रहलाई प्रतिनिधित्व र व्यक्त गर्छ भन्ने ख्रीष्टको आख्तियारीपुर्ण नियुक्ति । (३) ग्रहण गर्ने विश्वासीको आत्मिक विश्वास जो ख्रीष्टको आत्माको वरदान हो त्यसद्वारा चिन्हको उचित प्रयोगमा उसले "प्रभुको शरीरलाई बुझ्न" सक्षम बन्नु हो । १ कोरिन्थी ११:२९ ।

यस आत्मिक सम्बन्ध वा चिन्ह र अनुग्रह बिचको धार्मिक विधिको एकताको सङ्केतबाट हामीले जसरी भाषाको स्वभाविक र वैधानिक प्रयोगद्वारा व्याख्या गरेका छौं जुन एक-अर्काका लागि राखिएको छ र जुन चिन्हित अनुग्रहको विषयमा साँचो छ, त्यसलाई सङ्केत गर्ने चिन्हले त्यसमा जोड दिँदछ । यस तरिकाले प्रभुभोजमा रोटी खानु र दाखमद्य पिउनु भनेको ख्रीष्टको शरीर खानु र

रगत पिउनु हो अर्थात् उहाँको मृत्युको बलिदानपूर्ण असल कार्यमा सहभागी हुनु हो । अनि पवित्र आत्माको बप्तिस्मामा जे कुरा सत्य छ त्यो पानीको बप्तिस्मासित सम्बन्धित छ । हननियाले पावललाई भने, "उठ्नुहोस् र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकारा गरेर आफ्ना पाप धुनुहोस् ।" प्रेरित २२:१६ । "यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून् ।" एफेसी ५:२६ । “पश्चात्ताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशु ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउने छौँ ।" प्रेरित २:३८ । यसैले रोमनवादी र रितिवादीहरूले चिन्हलाई चिन्हित अनुग्रहबाट अविभाज्य छन् र यी आत्मिक प्रभावहरू बाहिरी व्यवस्थाका कारण हुन् भन्ने निष्कर्ष निकालेका छन् । यसैले बप्तिस्माद्वारा नयाँ जन्मको सिद्धान्त निस्किएको हो । सबैले यस कुरामा ध्यान दिनु पर्छ कि धर्मशास्त्रले पानीको बप्तिस्माका यी आत्मिक गुणहरूलाई आफैँमा दाबी गर्दैन तर पवित्र आत्माद्वारा बप्तिस्माको चिन्ह वा प्रतीकको रूपमा पानीको बप्तिस्मालाई जनाउँदछ । यी आत्मिक गुणहरू आत्माबाटको बप्तिस्मामा मात्र पाइन्छ र चिन्हित कुराहरूलाई चिन्हले साथ दिएको अवस्थामा मात्रै यी कुराहरू चिन्हसँग हुँदछ । तथापि यो चिन्ह अनुग्रहबाट अविभाज्य छ भनेर जनाउँदैन । अनुग्रह सार्वभौम हो र अनुभवले हामीलाई सिकाएको छ कि यो प्रायः चिन्हबाट अनुपस्थित हुन्छ र जब यो चिन्ह आफैँमा एकदमै प्रष्ट रूपमा निर्भर हुन्छ त्यो धेरै कमरूपमा बारमबार अनुग्रहको उपस्थितिले सम्मानित हुन्छ ।

४. धार्मिक विधिहरू यी कुराहरूका निम्ति बनाइएका थिए:

(१) ख्रीष्ट र नयाँ करारका लाभहरूलाई प्रतिनिधित्व गर्न । ती तिनीहरूले प्रतिनिधित्व गर्ने सत्यताहरूको सङ्केत वा चित्रणहरू हुन् र सोही कारण वचनको प्रचार जुन तिनीहरूलाई सुनाइन्छ त्यही अनुरूप ती सत्यताहरूलाई प्रापकहरूको आँखा र अन्य इन्द्रियहरूमा प्रस्तुत गरिन्छ । यो तिनीहरूको बाहिरी, महसुस गरिने चिन्हहरू, भित्री र आत्मिक अनुग्रहको रूपमा देखाइएको कुराहरूबाट आउँदछ ।

(२) तिनीहरू नयाँ करारका लाभहरूका "मोहर" हुन बनाइएका थिए । सुसमाचारलाई करारको रूप अन्तर्गत प्रस्तुत गरिएको छ । मुक्ति र ख्रीष्टको

छुटकाराका सबै लाभहरू विश्वासको सर्तमा प्रस्तावित गरिएका छन् । यदि हामीले विश्वास र आज्ञापालन गर्यौँ भने धार्मिक विधिहरूमा परमेश्वरले व्यवहारिक र अख्तियारीपूर्ण रूपमा आफूलाई यो अनुग्रहको साथ प्रदान गर्ने वाचा गर्नुहुन्छ । धार्मिक विधि प्राप्त गर्दा हामी सुसमाचारमा निहित सबै दायित्वहरूलाई सक्रिय रूपमा ग्रहण गर्छौं र ती पूरा गर्न आफैलाई त्यसमा बाँध्छौँ । पावल भन्छन्, "खतना विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह हो" रोमी ४:११ र बप्तिस्मालाई "ख्रीष्टको खतना" भनि घोषणा गरिएको छ । कलस्सी २:११-१२ । हामीहरू वास्तवमा "बप्तिस्माद्वारा ख्रीष्टसँग गाडिएका छौँ" भनि बताइएको छ (रोमी ६:४) अर्थात् उहाँको मृत्युमा उहाँसँग एक भएका छौँ । येशुले भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो ।" (लुका २२:२०) । "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो" भन्नाले, यो कचौराले मेरो रगतलाई प्रतिनिधित्व गर्दछ जसद्वारा नयाँ करारलाई अनुमोदन गरिएको छ र त्यसैले यो करारको दृश्यमान पुष्टि हो किनभने यो रगतको एक दृश्यमान प्रतिनिधित्व हो । यदि कुनै मानिसको खतना गरिएको थियो भने ऊ "सम्पूर्ण व्यवस्था गर्न बाध्य थियो" गलाती ५:३ । "किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ ।" गलाती ३:२७ ।

(३) धार्मिक विधिहरू "प्रयोग" गर्नका लागि बनाइएको थियो – अर्थात् विश्वासीहरूलाई नयाँ करारका लाभहरूबारे वास्तवमा व्यक्त गर्नको लागि । यदि ती करारका "मोहरहरू" हुन् भने त्यसले निसन्देह वैधानिक तवरले धार्मिक विधिको रूपमा वास्तवमै जो जससित सम्बन्धित छ तिनीहरूलाई प्रतिनिधित्व गर्ने अनुग्रहलाई व्यक्त गर्नुपर्छ । यसरी यस कार्यले एउटा घरधनीले भाडामा लिने व्यक्तिलाई विभिन्न साक्षीहरूको उपस्थितिमा आफ्नो घर जग्गा वा साँचो हस्तान्तरण गरि त्यसको स्वामित्व प्रदान गरेको अवस्थालाई चित्रण गर्दछ । हाम्रो स्विकारोक्ति यस विषयमा स्पष्ट र निश्चित छ । पुरानो अङ्ग्रेजी शब्द "exhibit" "प्रदर्शन" त्यसमा प्रयोग गरिएको छ जसको अर्थ खासमा देखाउनु होइन तर ल्याटिन शब्द ‘exhibere’ जसबाट यो व्युत्पन्न भएको हो त्यस अर्थमा प्रयोग गर्नु वा लागु गर्नु हो । यी निम्न वाक्यहरूलाई तुलना गर्नुहोस् । "एउटा धार्मिक विधि ख्रीष्टद्वारा स्थापित एक पवित्र व्यवस्था हो; जसमा महसुस गर्न सक्ने चिन्हहरूद्वारा

ख्रीष्ट र नयाँ करारका लाभहरू विश्वासीहरूमा प्रतिनिधित्व गरिएको छ, मोहर लगाइएको छ र लागु गरिएको छ ।" प्रश्नउत्तर ९२ । "एउटा धार्मिक विधि एक पवित्र व्यवस्था हो जुन अनुग्रहको करार भित्र रहेकाहरूलाई सङ्केत गर्न, मोहर लगाउन र प्रदर्शन गर्न ख्रीष्टले उहाँको मण्डलीमा स्थापना गर्नुभयो, जुन उहाँको मध्यस्थताका लाभहरू हुन् ।" ठुलो प्रश्नउत्तर १६२ । "अनुग्रह जुन धार्मिक विधिमा वा धार्मिक विधिहरूद्वारा प्रदर्शित हुन्छन्, जब ती सही रूपमा प्रयोग हुन्छन् धार्मिक विधिहरू भित्रका कुनै पनि अन्तर्निहित शक्तिबाट ती परिचालित हुँदैनन् ।" विश्वासको स्वीकारोक्ति पाठ २७ खण्ड ३ "बप्तिस्माको प्रभावकारिता समयको त्यो क्षणसँग जोडिएको छैन जुन बेला यो प्रभाकारी हुन्छ; यद्यपि यस व्यवस्थाको सही प्रयोगद्वारा प्रतिज्ञा गरिएको अनुग्रह मात्र प्रदान गरिएको छैन तर वास्तवमा पवित्र आत्माद्वारा प्रदर्शित र प्रदान गरिएको छ" इत्यादि । विश्वासको स्वीकारोक्ति पाठ २३ खण्ड ६ । यस अध्यायको तेस्रो खण्डमा यस स्वीकारोक्तिले धार्मिक विधिहरूमा कुनै पनि अन्तर्निहित शक्ति वा सद्‌गुण हुँदैन तर धार्मिक विधिको सही प्रयोग भनेको ईश्वरीय नियुक्ति हो जुन क्षणमा पवित्र आत्माले ती व्यक्तिहरू जससँग यो सम्बन्धित छ उनीहरूलाई अनुग्रह दिनुहुन्छ भन्ने देखाउँदै यसलाई सावधानीपूर्वक सुरक्षित राख्दछ । यो अनुग्रह प्रदान गर्ने सद्‌गुण दुई चीजहरूमा निर्भर हुन्छन्: (१) पवित्र आत्माको सार्वभौम इच्छा र शक्ति । (२) प्रापकको जीवन्त विश्वास । धार्मिक विधि एक साधन मात्र हो तर यो ईश्वरीय नियुक्तिको एक साधन हो ।

५. धार्मिक विधिहरू अनुग्रहको करारको मोहरहरू भएका कारण एकैचोटि हामीप्रति परमेश्वरको विश्वासयोग्यता र उहाँप्रतिको हाम्रो दायित्वको प्रतिज्ञा दिँदछः ती धार्मिक विधिहरूले अवश्य पनि (१) हामीलाई ईश्वरीय सम्पत्तिको रूपमा छाप लगाउँछन् र हाम्रो कर्तव्यको कार्यमा बाँध्छन्; त्यसैले (२) ती हाम्रो स्वीकारोक्तिका मोहरहरू हुन् र धार्मिक विधिहरूले मण्डली र बाँकी संसार बिच एक दृश्यमान भिन्नता राख्दै मण्डलीलाई दृश्यता दिन्छ र यसका सदस्यहरूलाई संसारबाट अलग गर्दछ ।

**खण्ड - ३ उचित रूपमा प्रयोग गरिएका धार्मिक विधिहरूद्वारा प्रकट गरिएको अनुग्रह ती विधिहरूमा भएका कुनै शक्तिद्वारा प्राप्त हुँदैनन् न त धार्मिक विधिहरूको प्रभावकारिता त्यसको धार्मिकता वा मनसायमा ती निर्भर हुन्छन् जसले यसलाई प्रशासित गर्दछः[527] बरु यो आत्माको कार्यमा निर्भर हुँदछ[528] बरु यो आत्माको कार्यमा निर्भर हुँदछ ।[529]**

धार्मिक विधिहरूले वास्तवमै योग्य प्राप्तकर्ताहरूलाई अनुग्रह प्रदान गरेर प्रतिनिधि गर्छ भनि दाबी गरेपछि यस खण्डमा हाम्रो स्वीकारोक्तिले यो महत्त्वपूर्ण सत्यतालाई दुरुपयोगबाट जोगाउन अग्रसर हुन्छ । यसले होशियारीपूर्वक धार्मिक विधिहरूको प्रभावकारिता कुन कुरामा आधारित छैन र केमा आधारित छ भनि व्याख्या गर्छ ।

१. यो अनुग्रह स्वयम् धार्मिक विधिहरूमा समावेश छैनन् । न त यो "तिनीहरूमा कुनै शक्तिद्वारा प्रदान गरिएको छ ।" रोमन र रीतिवादी दृष्टिकोणका अनुसार चिन्हित अनुग्रह धार्मिक विधिमा नै समावेश हुन्छन् जसै ती पदार्थहरूमा ती गुणहरू निहित हुन्छन् र यो एक वास्तविक, वस्तुपरक अर्थमा बाहिरी चिन्हसँगै प्रत्येक प्राप्तकर्ताहरू चाहे विश्वासी वा अविश्वासी होस् उनीहरूलाई प्रस्तुत गरिन्छ । धार्मिक विधिले प्रत्येक प्राप्तकर्तालाई जो सक्रिय रूपमा यसको प्रतिरोध गर्दैनन् । उनीहरूलाई "ओपस अपरेटम" को रूपमा (धार्मिक विधिका कार्यमा अनुग्रह प्रदान गर्ने अन्तर्निहित शक्ति हुन्छ भन्ने अर्थमा) जसरी तातो फलाममा अतिरिक्त प्रयासको आवश्यकता बिना जल्ने अन्तर्निहित शक्ति हुन्छ त्यसरी अनुग्रह प्रदान गर्दछ भन्ने कुरामा पनि तिनीहरू विश्वास गर्छन् ।[530]

527 रोमी २:२८-२९; १ पत्रुस ३:२१ ।
528 मत्ती ३:११;१ कोरन्थी १२:१३ ।
529 मत्ती २६:२७,२८; २८:१९,२० ।
530 कन्कोर त्राइडेन्ट, सत्र ७, क्यान्स ६ र ८ ।

यो सम्पूर्ण दृष्टिकोण स्पष्ट रूपमा हाम्रो स्वीकारोक्तिद्वारा गलत भनि अस्वीकार गरिएको छ र धार्मिक विधिको सम्पूर्ण प्रभावकारिता यसको कुनै पनि खण्डमा, अलग-अलग होस् वा सम्पूर्ण रूपमा निर्भर नभई पवित्र आत्माको सार्वभौम शक्तिमा निर्भर हुन्छ, जो सधा उपस्थित हुनुहुन्छ र धार्मिक विधिलाई आफ्नो साधन र माध्यमको रूपमा प्रयोग गर्नुहुन्छ ।

२. धार्मिक विधिहरूको प्रभावकारिता या त व्यक्तिगत धार्मिकता वा तिनीहरूलाई व्यवस्थापन गर्ने व्यक्तिको "अभिप्राय" मा निर्भर हुँदैन ।

विधिको प्रभावकारिता प्रशासकको व्यक्तिगत धार्मिकतामा निर्भर हुँदैन भनि रोमनवादीहरूले स्वीकार गर्छन् तर ती यी कुराहरूमा निर्भर हुन्छन् भनि तिनीहरूले जोड दिन्छन् - (१) यस तथ्यमा कि प्रशासकहरलाई वैधानिक अधिकार छ; (२) यस तथ्यमा कि प्रशासकले प्रशासनको क्षणमा गोप्य "अभिप्राय" को अभ्यास गर्दा मण्डलीले धार्मिक विधिको परिभाषा अनुरूप जे गर्न चाहन्छ त्यही गर्छ ।[531] प्राचीनले बाहिरी रूपमा विधिमा तोकिएको प्रत्येक शब्द उच्चारण गर्न र प्रत्येक कार्य गर्न सक्छ होला र प्राप्तकर्ताले पनि उसलाई आवश्यक पर्ने सबै सर्तहरू पूरा गर्न सक्छ होला तर यदि धार्मिक विधि मार्फत अनुग्रह प्रदान गर्ने गुप्त उद्देश्यमा पूजाहारी असफल भएमा प्राचीनले स्पष्ट रूपमा दिलाउने दाबी गरे तापनि प्राप्तकर्ता आफूले पाउनु पर्ने अनुग्रहविहीन नै हुन्छ ।

३. तर धार्मिक विधिहरूको प्रभावकारिता यी कुराहरूमा निर्भर हुन्छन्- (१) तिनीहरूको ईश्वरीय नियुक्तिमा अनुग्रहको माध्यम र प्रणालीहरूको रूपमा, ती नैतिक प्रभाव उत्पन्न गर्नको लागि आफैमा उपयुक्त हुने गरि कुनै व्यक्तिले बनाएका थिएनन् । तर ती परमेश्वरद्वारा नियुक्त भएका थिए र हामीलाई ती अनुग्रहको माध्यमको रूपमा प्रयोग गर्न आज्ञा दिइएको छ । यसैले परमेश्वरले प्रत्येक आत्मासँग मिल्ने प्रतिज्ञा गर्नुहुन्छ जसले ती धार्मिक विधिहरूलाई सही रूपमा प्रयोग गर्दछ । ख्रीष्टले तीद्वारा आफ्नो अनुग्रही करारलाई छाप लगाउनुहुन्छ र त्यसैले ती विधिहरूको प्रयोगमा करारको अनुग्रह प्रत्येक आत्मामा समावेश हुँदछ जससँग यो सम्बन्धित छ । (२) धार्मिक विधिको

[531] आइविड, सत्र ७, क्यान ११ डेन्स, पुस्तक ५, पाना १२७

प्रभावकारिता पवित्र आत्माको सार्वभौम र सदा-उपस्थित व्यक्तिगत माध्यममा रहन्छ जसले धार्मिक विधिहरूलाई उहाँको औजार र परिचालनमा आउने साधनको रूपमा प्रयोग गर्नुहुन्छ । आत्माले परमेश्वरको इच्छा पूरा गर्नुहुन्छ । उहाँले ख्रीष्टका कुराहरूलाई लिनुहुन्छ र हामीलाई देखाउनुहुन्छ । उहाँमार्फत येशुको मानवता पनि सर्वव्यापी छ र उहाँको बलिदानद्वारा सुरक्षित भएका सबै लाभहरू प्रकट र लागु हुन्छन् ।

**खण्ड - ४ सुसमाचारमा हाम्रा प्रभु ख्रीष्टद्वारा नियुक्त गरिएका दुईवटा मात्र धार्मिक विधिहरू छन्; त्यो बप्तिस्मा र प्रभुभोज हो, यी दुवैलाई वचनद्वारा वैधानिक रूपमा नियुक्त गरिएको सेवकद्वारा बाहेक अरू कसैले दिन सक्दैन ।[532]**

हामीले देख्यौँ, सबैभन्दा मण्डलीमा "धार्मिक विधि" शब्दलाई धेरै अनिश्चित रूपमा प्रयोग गरिएको थियो जसमा कुनै पनि धार्मिक विधिलाई समावेश गर्नको लागि अप्रत्यक्ष आत्मिक अर्थ हुन्थ्यो । आफैमा अलग वर्गको भएका कारण बप्तिस्मा र प्रभुभोजलाई सधैँ उच्च महत्त्व दिइन्थ्यो तर धार्मिक रीवाजहरूको संख्या जसमा "धार्मिक विधि" शब्द लागु गरिएको थियो । समय र स्थानको आधारमा दुईदेखि बाह्रसम्म थिए । अन्ततः बाह्रौँ शताब्दीमा अङ्क सात प्रस्तावित गरियो र आधिकारिक रूपमा १४३९ मा फ्लोरेन्स काउन्सिल र १५६२ मा ट्रेन्ट काउन्सिलद्वारा निर्धारण गरियो । यी बप्तिस्मा, पुष्टीकरण, प्रभुभोज, प्रायश्चित चरम रूपमा हुने तेलको अभिषेक, नियुक्ति र विवाह हुन् । "सुसमाचारमा हाम्रा प्रभु ख्रीष्टद्वारा नियुक्त गरिएका दुईवटा धार्मिक विधिहरू मात्र हुन् - बप्तिस्मा र प्रभुभोज" भनेर प्रमाणित गर्नको लागि हामीले रोमनवादीहरूद्वारा मान्यता पाएका अन्य पाँच धार्मिक विधिहरू बप्तिस्मा र प्रभुभोज जस्तै एकै वर्गका होइनन् भनि देखाउनु मात्रै पर्छ ।

---

532 मत्ती २८:१९; १ कोरन्थी ११:२०,२३; ४:१; हिब्रू ५:४ ।

र यो हामी माथि दिइएको धार्मिक विधिको परिभाषालाई प्रयोग गरेर गर्दछौँ । तसर्थ - प्रायश्चित, पुष्टीकरण र चरम रूपमा हुने तेलको अभिषेक कुनै पनि अर्थमा ईश्वरीय व्यवस्था होइनन् ।

विवाह ख्रीष्टद्वारा नभई परमेश्वरद्वारा स्थापित भएको थियो । र नियुक्तिहरू ख्रीष्टद्वारा स्थापित गरिएको थिए  तर यीमध्ये कुनै पनि व्यवस्थाले (क) भित्री आत्मिक अनुग्रहलाई जनाउँदै बाहिरी दृश्यमान चिन्हलाई समावेश गर्दैन न त (ख) तिनीहरू मध्ये कुनै पनिले "ख्रीष्ट र नयाँ करारका प्रतिनिधित्व, मोहर वा लाभहरूलाई प्रदान गर्दछ ।"

हाम्रो स्वीकारोक्तिले यो पनि बताउँछ कि वैधानिक रूपमा नियुक्ति पाएका सेवकहरू बाहेक अरू कसैलाई पनि धार्मिक विधिहरू दिने अधिकार छैन । यो सेवकाइको पुजारीपनको सिद्धान्तमा कुनै पनि विश्वासलाई समर्थन गर्न भनिएको होइन, जस्तै अनुग्रह वा अनुग्रह प्रदान गर्ने शक्तिका गुणहरू प्रेरितहरूबाट क्रमबद्ध नियुक्त भएका व्यक्तिहरूमा सर्दै आएको छ भन्ने कुरा । तर मण्डली एक संगठित समाज भएकाले नियमित रूपमा नियुक्ति पाएका अधिकार प्राप्त व्यक्तिहरूद्वारा कार्यान्वयन गरिएको व्यवस्था अन्तर्गत यो स्पष्ट छ कि धार्मिक विधिहरूले जुन मण्डलीको सदस्यताका चिन्हहरू हुन्, प्रवेश बिन्दुहरू हुन्, अनुशासनका माध्यमहरू हुन् र मण्डलीको महान् शिरद्वारा उहाँका जीवित सदस्यहरूसँग बनाउनुभएका करारका चिन्हहरू हुन् । यी कुराहरूले मण्डलीका महान् प्रमुख आफ्ना जीवित सदस्यहरूसँग-यी कुराहरू मण्डलीका सर्वोच्च वैधानिक अधिकार प्राप्त व्यक्तिहरूले मात्र सही रूपमा व्यवस्थापन गर्न सक्छन् जो ख्रीष्टको नाममा मानिसहरूसँग व्यवहार गर्नका लागि राजदूतको रूपमा नियुक्ति पाएका छन् । १ कोरिन्थी ४:१; २ कोरिन्थी ५:२० ।

## खण्ड - ५ पुरानो करारका धार्मिक विधिहरू, आत्मिक रूपमा प्रतिनिधित्व र प्रकटीकरणमा नयाँ नियममा भएका जस्तै छन् ।[533]

533 १ कोरन्थी १०:१-४

अध्याय ७, खण्ड ५ र ६ अन्तर्गत पुरानो र नयाँ व्यवस्थाहरू केवल दुई भिन्न प्रकारका थिए जसमा एक परिवर्तनहीन करारको अनुग्रह परिचालित गरियो र त्यसका आशिष्हरू वितरण गरियो भनि हामीले देख्यौँ । त्यसकारण करारको धार्मिक विधिहरूका छापहरू अनिवार्य रूपमा पहिले र अहिले एकै समानको हुनुपर्छ । भिन्नता चाहिँ यो हो - (१) विगतमा, बढी तिनीहरू आउने कुराहरूलाई हेर्ने र प्रतीकको रूपमा सेवा गर्ने बारे थिए, जबकि अब तिनीहरू बढी सम्झनाका लागि हुन् । तिनीहरूले तब प्रकट हुने अनुग्रहलाई सङ्केत गरे । अहिले तिनीहरूले पहिले नै प्रकट भएको अनुग्रहलाई सङ्केत गर्दछ । (२) विगतमा तिनीहरू आफ्नो बाह्य रूपमा बढी भौतिक र सांसारिक थिए, अहिले तिनीहरू आत्मिक पक्षमा बढी केन्द्रित छन् ।

यसरी बप्तिस्माले अब खतनाको प्रतिस्थापन गर्ने विधिको रूपमा कार्य गर्दछ । ती दुवैले आत्मिक पुनर्जन्मलाई सङ्केत गर्दछ । व्यवस्था १०:१६; ३०:६ खतना यहुदी बप्तिस्मा थियो र बप्तिस्मा इसाई खतना हो । गलाती ३:२७-२९; कलस्सी २:१०-१२ ।

यसरी प्रभुभोज निस्तार चाडबाट सुरू भयो । उहाँले पुरानो रोटी र पुरानो कचौरा लिनुभयो र तिनीहरूलाई नयाँ अभिषेक र नयाँ अर्थ दिनुभयो । मत्ती २६:२६-२९; "हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ ।" १ कोरिन्थी ५:७ ।

## प्रश्नहरू

१. धार्मिक विधि शब्दको सबैभन्दा पहिलो प्रयोग के थियो ?

२. यस शब्दको प्रारम्भिक मण्डलीको प्रयोग के थियो ?

३. त्यसैले हामीले कुन सिद्धान्तहरूमा रहेर एउटा धार्मिक विधिको परिभाषा बनाउनु पर्छ ?

४. हामीलाई दिइएका मापदण्ड अनुरूप धार्मिक विधिको परिभाषामा समावेश गरिएको प्रथम बुँदा के हो ?

५. यसमा संलग्न दोस्रो बुँदा के हो ?

६. तेस्रो बुँदामा के समावेश गरिएको छ ?
७. चौथो बुँदामा के समावेश गरिएको छ ?
८. पाँचौँ बुँदामा के समावेश गरिएको छ ?
९. हाम्रो नयाँ नियमका धार्मिक विधिहरू तुरुन्तै नियुक्त गर्ने व्यक्तिको बारेमा हाम्रो स्वीकारोक्तिले के सिकाउँछ ?
१०. प्रत्येक धार्मिक विधिमा कुन-कुन दुई खण्डहरू हुन्छन् ?
११. बप्तिस्माको सन्दर्भमा बाहिर देखिने चिन्ह के हो ?
१२. बप्तिस्माको सन्दर्भमा भित्री आत्मिक अनुग्रहलाई सङ्केत गर्ने चिन्ह के हो ?
१३. प्रभुभोजको मामिलामा महसुस गर्न सकिने चिन्ह के हो ?
१४. त्यस अवस्थामा भित्री आत्मिक अनुग्रहको सङ्केत  को अर्थ के हो ?
१५. रोमन र लुथरन मण्डलीहरूले चिन्ह र अनुग्रहको बिचमा रहने "संस्कारात्मक संघ" को प्रकृतिको रूपमा केलाई मान्छन् ?
१६. साँचो सिद्धान्त अनुसार संस्कारात्मक संघमा वा चिन्ह र चिन्हित अनुग्रह बिचको सम्बन्धमा के समावेश हुन्छ ?
१७. त्यो सम्बन्धमा आधारित साँचो आधारहरू के हुन् ?
१८. धार्मिक विधिको चिन्ह वा देखिने खण्डको चिन्हित अनुग्रहलाई जारी राख्ने सम्बन्धमा कुन रूपमा बोल्ने तरिका विकसित भएको छ ?
संक्षणको प्रतिक वा दृश्य खण्डको वाणीलाई कसरी बदलेको छ जसले संक्षणको दर्शन गर्नेहरूको सङ्ख्या  बढेको छ ?
१९. प्रत्येक धार्मिक विधिको सन्दर्भमा धर्मशास्त्रमा यस किसिमको बोल्ने तरिकाका उदाहरणहरूलाई उद्धृत गर्नुहोस् ।
२०. यस प्रकारको बोल्ने तरिकाबाट रोमनवादी र रीतिवादीहरूले कस्ता झुटा निष्कर्ष निकाल्छन् ?
२१. यसको विपरीत प्रयोगको वास्तविक व्याख्या के हो ?
२२. धार्मिक विधिको बनावट वा खाका के हो ?
२३. ती कुराहरूले कसरी ख्रीष्ट र नयाँ करारका लाभहरूलाई "प्रतिनिधित्व" गर्छन् ?

२४. ती कुराहरू अनुग्रहको करारको "मोहर" हुन् भन्नुको अर्थ के हो ?
२५. तिनीहरू त्यस्ता छन् भनि प्रमाणित गर्नुहोस् ।
२६. कुन अर्थमा हाम्रा मापनहरूले यस सम्बन्धमा "प्रकट" शब्द प्रयोग गर्छन् ?
२७. हाम्रा मापनहरूले धार्मिक विधिहरूले वास्तवमा तिनीहरूले सङ्केत गरेको अनुग्रहलाई व्यक्त गर्छन् भनि सिकाउने कुरालाई प्रमाणित गर्नुहोस् ।
२८. कुन अर्थमा तिनीहरूले यसलाई पुष्टि गर्छन् र तिनीहरूले यो अनुग्रह वहन गर्ने प्रभावकारिताबारे के सिकाउँछन् ?
२९. धार्मिक विधिहरू कसरी हाम्रो स्वीकारोक्तिको चिन्ह बन्छन् ?
३०. यस अध्यायको तेस्रो खण्डको उद्देश्य के हो ?
३१. धार्मिक विधिहरूले "समावेश" र "अनुग्रह" प्रदान गर्ने तरिकाको बारे रोमन सिद्धान्त के हो ?
३२. यस खण्डले यसको विरोधमा के सिकाउँछ ?
३३. रोमनहरूले तिनीहरूको प्रभावकारिता निर्धारण गर्ने धार्मिक विधिहरू व्यवस्थापन गर्ने व्यक्तिको तर्फमा आवश्यकताहरू के के हुन् भनि सिकाउँछन् ?
३४. धार्मिक विधिको प्रभावकारिता कसरी यसको ईश्वरीय नियुक्तिमा निर्भर हुँदछ ?
३५. यो कसरी पवित्र आत्माको सार्वभौम इच्छा र शक्तिमा निर्भर हुन्छ ?
३६. सबैभन्दा मण्डलीमा धार्मिक विधिहरूको संख्या बारे के सिकाइन्थ्यो ?
३७. सात संख्या आधिकारिक रूपमा कहिले स्थापित भयो ?
३८. रोमनवादीहरूले स्वीकार गरेका सात धार्मिक विधिहरू के के हुन् ?
३९. बप्तिस्मा र प्रभुभोज आफैले एउटा तह निर्माण गर्छ भनेर कसरी प्रमाणित गर्न सकिन्छ ?
४०. धार्मिक विधिको परिभाषा बाँकीमा लागु हुँदैन भनि देखाउनुहोस् ।
४१. विधिवत रूपमा नियुक्त गरिएका सेवकहरूद्वारा मात्र धार्मिक विधिहरू किन सञ्चालन गर्न सकिन्छ ?

४२. पुरानो व्यवस्था अन्तर्गत अनुग्रहको करारको संस्कारात्मक चिन्हहरू के थिए ?

४३. कुन बप्तिस्मासँग र कुन कुरा प्रभुभोजसँग मेल खान्छ ?

४४. कुन सन्दर्भमा तिनीहरू फरक छन् र तिनीहरू लगभग समान छन् भनि देखाउनुहोस् ।

# अध्याय २८
# (CHAPTER XXVIII)
# बप्तिस्माको बारेमा
# (OF BAPTISM)

**खण्ड - १ बप्तिस्मा नयाँ करारको एउटा धार्मिक विधि हो जुन येशु ख्रीष्टले नियुक्त गर्नुभएको हो ।[534] यो उहाँले केवल बप्तिस्मा लिएको पक्षलाई दृश्यमान मण्डलीमा प्रवेश गराउनका लागि मात्र नभई[535] उहाँसामु अनुग्रहको करारको चिन्ह र छाप हुनका लागि ख्रीष्टमा उहाँसँग कलमी बाँध्नका लागि[536] ख्रीष्टमा उहाँसँग कलमी बाँध्नका लागि[537] नयाँ जन्मको लागि[538] पापहरूको क्षमाको लागि[539] र येशु ख्रीष्टद्वारा परमेश्वरमा समर्पित भएर उहाँले दान दिनुभएको जीवनको नयाँपनमा हिँड्नको लागि नियुक्त गर्नुभयो ।[540] जुन धार्मिक विधि ख्रीष्टको आफ्नै नियुक्तिद्वारा संसारको अन्त्यसम्म उहाँको मण्डलीमा जारी रहनेछ ।[541]**

**खण्ड - २ यस धार्मिक विधिमा प्रयोग गरिने बाहिरी तत्त्व पानी हो जसद्वारा कुनै व्यक्तिले पिता, पुत्र र पवित्र आत्माको नाउँमा सुसमाचारका सेवकद्वारा विधिपूर्वक रूपमा बोलाइएकाबाट बप्तिस्मा लिनुपर्छ ।[542]**

---

[534] मत्ती २८:१९; मर्कुस १६:१६ ।
[535] १ कोरिन्थी १२:१३; गलाती ३:२७, २८ ।
[536] रोमी ४:११; कलस्सी २:११, १२ ।
[537] गलाती ३:२७; रोमी ६:५ ।
[538] तीतस ३:५ ।
[539] प्रेरित २:३८; २२:१६; मर्कुस १:४ ।
[540] रोमी ६:३, ४ ।
[541] मत्ती २८:१९, २० ।
[542] मत्ती ३:११; यहुन्ना १:३३; मत्ती २८:१९, २० ।

## खण्ड - ३ व्यक्तिलाई पानीमै डुबाउनुपर्छ भन्ने आवश्यक छैन तर बप्तिस्मा सही रूपमा व्यक्तिमाथि पानी खन्याएर वा छर्केर पनि दिइन्छ ।[543]

छोटो प्रश्नउत्तर माला ९४ – बप्तिस्मा भनेको के हो ? बप्तिस्मा एक धार्मिक विधि हो जसमा पिता, पुत्र र पवित्र आत्माको नाउँमा पानीले धोएर ख्रीष्टमा हाम्रो एकीकरणलाई सङ्केत गर्दछ[544] र छाप लगाउँदछ अनि अनुग्रहको करारका लाभहरूमा सहभागि बनाउँछ र प्रभुको हुनका लागि हामीलाई संलग्न गराउँछ ।[545]

यी खण्डहरूमा हामीलाई निम्न प्रस्तावहरू सिकाइन्छ:

१. बप्तिस्मा नयाँ करारको एक धार्मिक विधि हो जुन ख्रीष्टद्वारा तुरुन्तै स्थापना गरिएको थियो र उहाँको अधिकारद्वारा संसारको अन्त्यसम्म मण्डलीमा जारी रहिरहन्छ ।

२. जुन कार्यको बप्तिस्मा हुँदछ, त्यो पिता, पुत्र र पवित्र आत्माको नाममा एउटा विधिपूर्वक नियुक्ति पाएका सेवकद्वारा कुनै व्यक्तिलाई पानीले धुनु हो (नुहाएझैँ गरि गर्न अत्यावश्यक छैन) ।

३. यो ख्रीष्टमा हामीलाई कलमी बाँध्न, उहाँको करारका लाभहरूमा सहभागी हुन र उहाँको हुनको लागि हाम्रो संलग्नतालाई चिन्हित गर्ने र मोहर लगाउने ढाँचा र प्रभावमा गरिन्छ ।

१. इसाई बप्तिस्मा ख्रीष्ट आफैले तुरुन्तै स्थापना गर्नुभएको व्यवस्था हो र संसारको अन्त्यसम्म मण्डलीमा पालना गर्नका लागि रचिएको हो । आत्मिकी शुद्धीकरण र अभिषेकको प्रतिनिधित्व गर्न शरीरलाई पानीले धुने कार्य एउटा साधारण प्रतीक थियो जुन सबै प्राचीन पूर्वी राष्ट्रहरूमा जस्तै फारसीहरू, हिन्दूहरू, मिश्रीहरू, ग्रीकहरू र रोमीहरू र विषेश गरिकन यहुदीहरूमा प्रचलित थियो । पावलले संक्षिप्त रूपमा प्राचीन समारोहमा "मासु र पेय

---

[543] हिब्रु ९:१०, १९-२०; प्रेरित २:४१; १६:३३; मर्कुस ७:४ ।
[544] मत्ती २८:१९ ।
[545] रोमी ६:४; गलाती ३:२७ ।

पदार्थहरू र डुबाउने बप्तिस्माहरू" समावेश हुन्थ्यो भनि वर्णन गर्छन् हिब्रू ९:१० । येशुको अग्रदूत युहन्ना पनि बप्तिस्मा दिन आए । तर यो इसाई बप्तिस्मा थिएन किनभने - (१) युहन्ना पुरानो करारका अन्तिम अगमवक्ता थिए र नयाँ करारका प्रेरित थिएनन् (लुका १); (२) उनले पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिएनन्; (३) युहन्नाको बप्तिस्मा पश्चात्तापको लागि थियो, ख्रीष्टको विश्वासमा थिएन; (४) जसरी प्रेरितहरूले पेन्टिकोस्टमा गरेका थिए, युहन्नाले बप्तिस्माद्वारा मानिसहरूलाई इसाई मण्डलीको संगतिमा प्रवेश गराएनन् (प्रेरित २: ४१-४७); (५) युहन्नाले बप्तिस्मा दिएकाहरू इसाई मण्डलीमा प्रवेश गर्दा प्रेरितहरूले फेरि बप्तिस्मा दिए (प्रेरित १८:२४-२८; १९:१-५) । यस प्रकारका कारणहरूले गर्दा हामी विश्वास गर्छौं कि प्रभु क्रुसमा टाँगिनु अघि उहाँका चेलाहरूले दिनुभएको बप्तिस्मा (युहन्ना ३:२२; ४:१-२) कुनै व्यक्तिलाई त्रिएकत्त्वमा विश्वास र आज्ञाकारितामा बाँध्ने र इसाई मण्डलीमा प्रवेश दिलाउने स्थायी इसाई धार्मिक विधि थिएन तर यसको विपरीत पश्चात्ताप गर्न बाध्यकारी र आउने राज्यको लागि मार्ग तयार गर्ने युहन्नाको बप्तिस्मा जस्तै यो एक शुद्ध धार्मिक विधि थियो ।

यो निश्चित छ कि हामीसँग मत्ती २८:१८-२० अनुसार मण्डली प्रमुखको ओठबाट इसाई धार्मिक विधिको रूपमा बप्तिस्माको वास्तविक आज्ञा छ, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ । मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु । आमेन ।"

केही जोक्कर जस्ता व्यक्तिहरूले यो आज्ञाले यस व्यवस्थाको निरन्तर पालना गर्नु पर्ने दायित्वलाई कायम राखेको छ भनि बुझेका छैनन् । ख्रीष्टको दोस्रो आगमन नभएसम्म यसलाई निरन्तर पालना गरिरहनु पर्छ भनि यी कुराद्वारा प्रष्ट रूपमा दर्साएको छ - (१) सार्वभौमिक नीतिबाट प्रत्येक व्यवस्था रद्द नभएसम्म वा यसको कारण बन्द नभएसम्म यो अनिवार्य रहिरहन्छ । तर यो आज्ञा कहिल्यै फिर्ता लिइएको छैन र यो आज्ञा दिइँदा यसलाई पालन गर्नुपर्ने कारण जे थियो त्यो अझै पनि यथावत नै छ । (२) आदेशको स्पष्ट सर्तहरू (क) सबै राष्ट्रहरूमा पुगेको

छ र (ख) यस संसारको अन्त्यसम्म रहिरहन्छ (aion) (एयोन) । (३) प्रेरितहरूको उदाहरण प्रेरित २:३८; १६:३३ । (४) इसाई मण्डलीका सबै हाँगाहरूको सुरुदेखि वर्तमान समयसम्म यसको निरन्तर अभ्यास भइरहेको छ ।

२ जुन कार्यको बप्तिस्मा हुँदछ, बप्तिस्मा भनेको विधिपूर्वक नियुक्ति पाएका सेवकद्वारा पिता, पुत्र र पवित्र आत्माको नाउँमा पानीले धुनु हो (कुन प्रकारले धुने भन्ने मान्यता राख्दैन) । बप्तिस्मा वैधानिक रूपमा नियुक्ति पाएको सेवकले मात्र दिनु पर्ने कारण अन्तिम अध्यायमा बताएको छ ।

यस स्वीकारोक्तिले बप्तिस्मा गर्ने आज्ञा त्रिएकत्त्वको नाउँमा पानीले धुने आज्ञा हो भनि सिकाउँछ । तर बप्तिस्माको सन्दर्भमा हाम्रा ब्याप्टिस्ट दाजु-भाइहरू र बाँकी इसाई मण्डलीहरू बिचको विवाद केवल कुन तरिकाले यो दिने भन्ने प्रश्न हो भनि प्रायः गल्तीवस बुझ्छन्; जसमा एक मात्र सही तरिका भनेको डुबाउनु हो भनि उनीहरूले मान्छन् – अनि सबैभन्दा राम्रो तरिका छर्किनु हो भनि हामी मान्छौँ । यो एकदम गलत हो । वास्तविक ब्याप्टिस्ट विचार-जुन डा. अलेक्ज्याण्डर कार्सन (पृ. ५५) ले भनेका अनुसार-बप्तिस्मा गर्ने आज्ञा भनेको विश्वासीको ख्रीष्टसँगको मृत्यु, गाडिने कार्य र पुनरूत्थानको प्रतीकको रूपमा डुबाउने सरल र एउटै आज्ञा हो । अन्य इसाईहरूले बनाएको साँचो विचार चाहिँ बप्तिस्मा पवित्र आत्माद्वारा गरिने शुद्धीकरणको प्रतीकको रूपमा पानीले धुने सरल र एउटै आदेश हो । त्यसैले धोइने तरिकासँग यसको कुनै सरोकार छैन । यो अनिवार्य रूपमा पूर्ण तवरले तटस्थ छ ताकि यो उपयुक्त हुन सकोस् । हाम्रो विचार अनुसार आवश्यक कुरा भनेको पानी हो र त्रिएकत्त्वको नाउँमा पानीको प्रयोग हो । उनीहरूको धारणा अनुसार अति आवश्यक कुरा भनेको बालुवामा गाडिएझैँ गरि पानीमा पूर्णरूपमा डुवाउनु हो ।

ख्रीष्टको मण्डलीको विशाल बहुमतले मानेको दृष्टिकोणको सत्यताका प्रमाण निम्नानुसार छ :

(१) Baptizo (ब्याप्टिजो) शब्दको प्राचीन प्रयोगमा यसको अर्थ डुबाउनु, भिजाउनु, शुद्ध गर्नु, धुनु हो । डा. कार्सनले स्वीकार्छन् कि उनीसँग सबै शब्दकोषहरू विरोधाभास छन् ।

(२) सेप्टुजिन्टमा, बाप्टो र ब्याप्टिजो पाँच पटक पाइन्छ । यसरी, दानिएल ४:३३, नबुकद्‌नेसरलाई स्वर्गको शीतले भिजायो (बप्तिस्मा) भनि बताइएको छ । एक्लस ३४:३० "जो-जसले मृत शरीरलाई छोएपछि आफैलाई बप्तिस्मा दिन्छ ।" तर यो शुद्धीकरण छर्केर गरिएको थियो । गन्ती १९:९, १३, २०; २ राजा ५:१४ र जुडिथ १२:७ पनि हेर्नुहोस् ।

(३) नयाँ करारमा, ब्याप्टिजोलाई निप्टोको साटो पनि प्रयोग गरिन्छ, जसको अर्थ धुनु नै हो । मर्कुस ७:३-४; लुका ११:३८; मत्ती १५:२-२० तुलना गर्नुहोस् र यी कुराहरूलाई अवलोकन गर्नुहोस् - (क) कि त्यहाँ बप्तिस्मा शब्दलाई धुने शब्दसँग समान रूपमा प्रयोग गरिएको छ । (ख) धुने कार्यले शुद्धीकरणलाई प्रभावमा ल्याउँदछ किनभने बप्तिस्मा नगरिएका हातहरूलाई नधोइएका र अशुद्ध हातहरू भनिन्छ । (ग) ती राष्ट्रहरूमा हात धुने सामान्य तरिका भने त्यसमा पानी खन्याउनु हो । धनीहरूका हातमा पानी खन्याउने सेवकहरू हुन्छन् । गरिबहरूले आफ्नै हातमा पानी खन्याउँछन् ।

(४) जब युहन्नाका चेलाहरूले बप्तिस्माको बारेमा विवाद गरे, यो स्पष्ट रूपमा शुद्धीकरणको विषयमा विवाद भएको भनिन्छ । युहन्ना ३:२५, ४:२ ।

(५) नयाँ करारमा बप्तिस्मा वा बप्तिस्माहरू भन्ने शब्दले एउटै विचार व्यक्त गरेको छ । मर्कुस ७:२-८ मा हामी कचौरा, भाँडा, काँसाका भाँडाहरू र टेबलहरूको (बस्ने कुराहरू जसमा धेरै व्यक्तिहरू टेबलमा ढेसिएर बस्दथे) बप्तिस्मा बारे पढ्छौँ । यी चीजहरू डुबाउन सक्दैनन् र डुबाएका थिएनन् । सेवाकाइका यी सम्पूर्ण वस्तुहरूको दफन नभई शुद्धीकरण थियो । हिब्रू ९ र १० मा पावलले भन्छन्, पहिलो भेट हुने पाल "केवल खाने, पिउने र विभिन्न विधिका स्नानहरूमा मात्रै "स्थापित थिए" र त्यस पछिका पदहरू १३, १९, २१ मा उनले यीमध्ये केही विभिन्न विधिका स्नानहरूलाई विस्तृत रूपमा विवरण दिन्छन् - "बोका र साँढ़ेहरूको रगत र कोरलीको खरानी अशुद्ध मानिसहरूमाथि छर्कदा तिनीहरूको शरीर शुद्ध हुन्छ भने" र "मोशाले व्यवस्थाको हरेक आज्ञा मानिसहरूलाई सुनाइसके तब उनले बाछा र बोकाहरूको रगत, पानी, रातो ऊन र हिसपका स्याउलासहित, व्यवस्थाको पुस्तकमाथि र सबै मानिसहरूमाथि छर्के ।"

(६) पानीको साथ बप्तिस्मा पवित्र आत्माद्वारा बप्तिस्माको प्रतीक हो जसको उद्देश्य आत्मिक शुद्धीकरण हो । मत्ती ३:११; मर्कुस १:८;  लुका ३:१६; युहन्ना १:२६-३३; प्रेरित १:५; ११, १६ । आत्मिक बप्तिस्मालाई "पुर्नजीवनको स्नान र पवित्र आत्माद्वारा भएको नवीकरण" भनिन्छ । तितस ३:५ मा पानीको बप्तिस्माले पवित्र आत्माबाटको बप्तिस्मालाई सङ्केत गर्दछ । तर पवित्र आत्माबाटको बप्तिस्माले हामीलाई ख्रीष्टमा एक बनाउँदछ र उहाँको मृत्युमा, उहाँको पुनरूत्थानमा, परमेश्वरसँगको नयाँ जीवनमा, उहाँको धार्मिकता, उहाँको उत्तराधिकारिता, आदि कुराहरूमा हामीलाई उहाँसँग एक बनाउँछ । आत्मिक बप्तिस्माले यी सबै परिणामहरू समावेश गर्दछ र पानीको बप्तिस्माले आत्मिक बप्तिस्मालाई प्रतिनिधित्व गर्दछ । त्यसकारण हामीलाई ख्रीष्टमा, उहाँको मृत्युमा र एउटै शरीरमा बप्तिस्मा लिइएको भनिन्छ । उहाँसँगै गाडिन, उहाँसँगै उठाइन, उहाँसँगै जीवनको नयाँ पनमा हिँड्न — ख्रीष्टलाई धारण गर्न (लुगा लगाएझैँ), उहाँसँगै रोपिनु (बोटको रूपमा), आदि । यीमध्ये कुनै कुराको पनि बप्तिस्माको तरिकासँग कुनै सरोकार छैन किनभने एउटै कार्यले एउटै समयमा गाड्ने, लुगा लगाउने र बोटहरू रोप्ने जस्ता फरक फरक कुराहरूलाई प्रतिकात्मक गर्न सक्छ भनेर मान्नु हास्यास्पद मात्र हुन्छ । वास्तविक काम यो हो । पानीले धुनु भनेको आत्माको धुलाईलाई प्रतिनिधित्व गर्दछ । आत्माको धुलाईले ख्रीष्टमा एक हुन्छ; ख्रीष्टसँगको एकतामा माथि उल्लेख गरिएका सबै परिणामहरू समावेश हुन्छन् ।

(७) पवित्र आत्माको बप्तिस्मा जसमा पानीको बप्तिस्माको प्रतीक हो त्यसलाई धर्मशास्त्रमा कहिल्यै "डुब्नु" भनि उल्लेख गरिएको छैन तर सधैँ "खन्याउने" र "छर्किने" रूपमा उल्लेख गरेको छ । प्रेरित २:१-४, ३२-३३; १०:४४-४८; ११:१५-१६ ।  पवित्र आत्माको वरदानको विषयमा, उहाँ "स्वर्गबाट आउनुभयो," "भरिनुभयो," " निस्किनुभयो," "तिनीहरूमा आउनुभयो" जस्ता भनाइहरू बताइए का छन् ।" यशैया ४४:३; "म तेरो वंशमाथि मेरो आत्मा खन्याउनेछु ।" यशैया ५२:१५; "त्यसरी नै उसले धेरै जातिहरूमाथि छर्कनेछ ।" इजकिएल ३६:२५ -२७; "म तिमीहरूमाथि शुद्ध पानी छर्किदिनेछु र तिमीहरू शुद्ध हुनेछौ" आदि । योएल २:२८-२९ " त्यसपछि म मेरा आत्मा सबै मानिसमाथि खन्याउनेछु ।"

(८) यहुदीहरूमा शुद्धीकरणको धार्मिक विधिलाई प्रभाव पार्ने विश्वव्यापी रूपमा प्रचलित तरिका–जस अनुरूप इसाई बप्तिस्मा बनाइएको थियो–त्यो छर्केर थियो, विसर्जन गरेर होइन । पुजारीहरूका हात र खुट्टाहरू काँसाको भाँडामा धुनुपर्थ्यो जहाँ फोहोरा वा टुटीहरूमार्फत पानी खन्याइन्थ्यो । प्रस्थान ३०:१८ - २१; २ इतिहास ४:६; १ राजा ७:२७-३९; लेवी ८:३०; १४:७, ५१; प्रस्थान १४:५-८; गन्ती ८:६-७; हिब्रू ९:१२-२२ पनि हेर्नुहोस् ।

(९) १ कोरिन्थीको १०:१-२ मा इस्राएलीहरूले "बादल र समुद्रमा मोशासामु बप्तिस्मा पाए" भनेर बताएको छ । प्रस्थान १४:१९-३१ सँग तुलना गर्नुहोस् । तर डुबेका मिश्रीहरूले बप्तिस्मा लिएनन् र बप्तिस्मा लिने इस्राएलीहरू डुबेका थिएनन् । डा. कार्सनले (पृ. ४१३) भन्छन् कि मोशाले "सुक्खा डुबाएर" पाए ! १ पत्रुस ३:२०-२१ मा यो बप्तिस्मा जहाजमा आठ प्राणले पाएको मुक्तिको विपरीत रूप हो भनिन्छ । तैपनि तिनीहरूको मुक्तिको मुल आशय तिनीहरूलाई डुब्न नदिनुमा सामिल थियो ।

(१०) बप्तिस्मा दिने युहन्ना र प्रेरितहरूद्वारा गरिएका बप्तिस्माका सबै विवरणमा राखिएका उदाहरणहरूमध्ये कुनै पनि डुबाइको भनि दाबी गरिएको छैन । अनि त्यहाँ धेरै यस्ता विवरणहरू छन् जसमा त्यो गर्न अत्यन्तै असम्भव थियो - (क) किनभने बप्तिस्मा दिने प्रेरितहरू र प्रारम्भिक रूपान्तरित बप्तिस्मा लिनेहरू सबै यहुदीहरू थिए जसको खन्याएर र छर्केर शुद्ध पार्ने प्रकारका अभ्यासहरू थिए । (ख) एकै समयमा बप्तिस्मा लिनेको विशाल भीड भएको कारण र यरूशलेममा पानीको ज्ञात अभाव र सामान्यतया बताइएका परिस्थितिहरूका कारण । नपुंसकले मरुभूमिमा बाटो छेउ बप्तिस्मा लिए । प्रेरित ८:२६-३९ ट्याङ्की र कुण्डमा जम्मा भएको वर्षाको पानीमा भर पर्ने सुक्खा सहर यरूसलेममा एकै दिनमा तीन हजारले बप्तिस्मा लिए । प्रेरित २:३७-४१ विशाल भीड युहन्ना कहाँ गए । मत्ती ३:५-६ झ्यालखानाका हाकिमले मध्यरातमा बप्तिस्मा लिएका थिए प्रेरित १६:२५-३३ पावलले आफ्नो ओछ्यानमा हननियाबाट बप्तिस्मा लिए । हननियाले भने, "उभिएर बप्तिस्मा लिनुहोस्" र "उभिएर पावलले बप्तिस्मा लिए ।" प्रेरित ९:१८; २२:१६ । (ग) दोस्रो वा तेस्रो शताब्दीका बप्तिस्माको प्रारम्भिक चित्रात्मक प्रस्तुतिले सबैले बप्तिस्मा लिने व्यक्तिको शरीरमा पानी

खन्याएर प्रयोग गर्ने तरिकालाई सङ्केत गर्दछ । (घ) यो वर्तमान समयमा पूर्वी इसाईहरूले विश्वव्यापी रूपमा त्यही प्रकारले गर्छन् ।

बप्तिस्माको धुवाई पिता, पुत्र र पवित्र आत्माको नाममा गरिनु आवश्यक छ भन्ने स्पष्ट छ- (१) व्यवस्थाका वचनहरूमा व्यक्त गरिएको प्रभावपूर्ण स्पष्ट आदेशबाट । मत्ती २८:१८- २०; (२) बप्तिस्मा अनुग्रहको करारको छाप र इसाई मण्डलीमा ईश्वरीय रूपमा नियुक्त धार्मिक विधि भएको तथ्यले बप्तिस्मा लिनेहरूलाई यसले करारमा र साँचो परमेश्वर जो पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ र उहाँबाहेक अरू कोही परमेश्वर छैन भन्ने सार्वजनिक स्वीकरोक्तिमा प्रवेश गराउँदछ ।

३. बप्तिस्माको ढाँचा यी हुन्- (१) ख्रीष्टको छुटकाराको लाभहरू जुन तिनीहरूसँग सम्बन्धित छन् उनीहरूलाई सङ्केत गर्न, छाप लगाउन र ती प्रदान गर्न । जसद्वारा- (क) यसले "नयाँ जन्मको धुलाई र पवित्र आत्माको नवीकरण" लाई सङ्केत गर्छ वा प्रतीक हुन्छ । जसद्वारा हामी ख्रीष्टमा एकबद्ध हुन्छौँ र उहाँको सबै छुटकाराको अनुग्रहमा सहभागी बनाइन्छौँ । (ख) ख्रीष्टले यहाँ आफ्नो करारको सत्यतालाई छाप लगाउनुहुन्छ र यसरी त्यो करारका सबै लाभार्थीहरूका लागि अभिप्रेरित अनुग्रहको सन्देश दिनुहुन्छ । बप्तिस्माको ढाँचा यो हो, (२) कि यो प्रभुको र उहाँको सेवामा समर्पित हुने हाम्रो करारको दृश्यमान चिन्ह हो । त्यसैले यो हाम्रो विश्वासको सार्वजनिक स्वीकारोक्ति र हाम्रो निष्ठाको चिन्ह हो र त्यसैले यो इसाई मण्डलीमा हाम्रो औपचारिक प्रारम्भको र हाम्रा सङ्गी इसाईहरूसँगको एकताको प्रतीक हो । १ कोरिन्थी १२:१३ ।

## खण्ड - ४ वास्तवमा ख्रीष्टमा विश्वास र आज्ञाकारिताको दावी गर्नेहरूले मात्र होइन[546] तर विश्वास गर्ने एउटा होस् वा दुवै आमाबाबुका शिशुहरूले पनि बप्तिस्मा लिनुपर्छ ।[547]

[546] मर्कुस १६:१५, १६; प्रेरित ८:३७, ३८ ।

[547] उत्पत्ति १७:७, ९; गलाती ३:९, १४; कलस्सी २:११, १२; प्रेरित २:३८, ३९; रोमी ४:११, १२; १ कोरिन्थी ७:१४; मत्ती २८:१९; मर्कुस १०:१३-१६; लुका १८:१५ ।

बप्तिस्माको विषयहरूमा हाम्रा मापनहरूले यी कुराहरू सिकाउँछन्:

१.वयस्कहरूका लागि:"दृश्यमान मण्डलीबाट बाहिर भएकाहरूलाई र प्रतिज्ञाको करारबाट अपरिचितहरूलाई जबसम्म तिनीहरूले ख्रीष्टमा आफ्नो विश्वास र उहाँप्रति आज्ञाकारिताको दाबी गर्दैनन् तब सम्म बप्तिस्मा दिनु हुँदैन।" ठुलो प्रश्नउत्तर माला १६६ र सानो प्रश्नउत्तर माला ९५ ।

यो पक्कै पनि स्वयं स्पष्ट छ किनकि बप्तिस्माको बौद्धिक र इमानदार प्राप्तिमा स्पष्ट रूपमा ख्रीष्टमा विश्वास र उहाँप्रतिको आज्ञाकारिताको यस स्वीकारोक्ति समावेश हुन्छ र यसलाई सुरक्षित गर्नको लागि प्रेरस्बिटेरियन मण्डलीको प्रयोगमा पाष्टर र मण्डली सत्रले आवेदकलाई सूचित गर्नुपर्छ कि केवल एक व्यक्ति जसले नयाँ जन्मको अनुग्रहलाई अनुभव गरेको छ र फलस्वरूप पापबाट साँच्चै पश्चात्ताप गरेको छ र ख्रीष्टमा विश्वास गर्ने व्यक्तिले मात्र बप्तिस्मा लिँदा गर्नु पर्ने सबै कुरा उसले इमानदारी साथ गर्छन् । र त्यसको अन्तसम्म पास्टर र सत्रलाई आवेदकको यी प्रमाणहरूको आवश्यकता पर्दछ (१) इसाई धर्मका आधारभूत सत्यहरू र बप्तिस्माको प्रकृति र बाध्यकारी दायित्वको सुक्ष्म ज्ञान; (२) उसले आफ्नो व्यक्तिगत प्रयोगात्मक विश्वास र प्रभुको आज्ञाकारिताको प्रतिज्ञा र मण्डलीका गठन गरिएका अधिकारीहरूको उचित अधीनतालाई निरन्तर यस तथ्यले स्वीकार गर्छ; (३) उसको बाहिरी जीवन जीवाई र कुराकानीले उसको स्वीकारोक्तिलाई झुटा साबित गर्दैन भन्ने तथ्य । त्यसपछि यस कदमको सम्पूर्ण जिम्मेवारी त्यसलाई घोषणा गर्ने व्यक्तिको काँधमा हुनुपर्छ । मण्डलीका अधिकारीहरूलाई उसको इसाई चरित्रको वास्तविकतामा न्याय गर्ने अधिकार छैन किनभने परमेश्वरले कुनै पनि वर्गका व्यक्तिहरूलाई त्यस्ता मामिलाहरूमा सही न्याय गर्ने क्षमता दिनुभएको छैन । केही मण्डलीहरू जस्तै उदाहरणका लागि हाम्रा कोभेनेन्टिङ प्रेस्बिटेरियनका दाजु-भाइहरू वयस्क बप्तिसमाका लागि आधारभूत सुसमाचारका सत्यताहरूमा आफ्नो विश्वास मात्र नभई आधारभूत नभएका मौलिक सांप्रदायिक विशेषताहरू समावेश गर्ने केही "गवाहीहरू" लाई पछ्याउन आवश्यक छ भन्ने सर्तहरू राख्दछन् । यो हामी पूर्णरूपमा अनाधिकृत हो भन्ने विश्वास गर्छौं । मण्डली ख्रीष्टको गोठ हो जुन

उहाँका सबै भेडाहरूको लागि बनाइएको हो । बप्तिस्मा र प्रभुभोज सबै प्रभुका जनहरूको साझा अधिकार हो । यदि कोही मानिसले सुसमाचारको आधारभूत कुराहरू धारण गर्छ र हाम्रो साझा प्रभुप्रति निष्ठा राख्छ र निरन्तर त्यस अनुरूप कार्य गर्छ भने हामीसँग उसलाई उसको पिताको घरबाट बहिष्कार गर्ने कुनै अधिकार छैन । सम्मिलनका लागि येशुले स्थापना नगर्नुभएका आवश्यकताहरू सृजना गर्नु उहाँ नचाहेको मुक्तिको लागि सर्तहरू थुपारे जस्तै गरी अहङ्कार हुनु हो ।[1]

२. शिशुहरूको हकमा हाम्रो मापदण्डहरूले कुनै शिशु जसको एउटा वा दुवै आमाबाबु विश्वासी छन् (विश्वासको स्वीकारोक्ति पाठ २८ खण्ड ४) - अर्थात् जसका एक वा दुवै आमाबाबुले ख्रीष्टमा विश्वास गर्छन् र उहाँको आज्ञापालन (ठुलो प्रश्नोत्तर माला १६६) – भने उसलाई बप्तिस्मा दिनु पर्छ भनि सिकाउँछ । यस सत्यताको धर्मशास्त्रीय प्रमाणको प्रस्तुत रूपरेखा प्रचुरमात्रामा निम्नानुसार बताउन सकिन्छ:

(१) मानव प्रकृति र आमाबाबुबाट शिशुहरूको प्रजनन् उत्पत्तिलाई बनाउनुहुँदा परमेश्वरले सबै हिसाबले शिशुलाई आमाबाबुमा निर्भर हुने स्थितिमा बनाउनुभयो । आमाबाबुको पापले बच्चालाई परमेश्वरबाट टाढा लैजान्छ; त्यसैले अभिभावकको विश्वासले बच्चालाई परमेश्वरको नजिक ल्याउँछ ।

(२) परमेश्वरले मानिस जातिसँग बनाउनुभएको हरेक करारले शिशुलाई आमाबाबुसँग समावेश गरेको छ, जस्तै-आदमसँगका करारहरू; नोहासँगका करारहरू, उत्पत्ति ९:९-१७; अब्राहामसँगका करारहरू, उत्पत्ति १२:१-३; १७:७; मोशामार्फत इस्राएलीहरूसँगका करारहरू, प्रस्थान २०:५ र पुनः व्यवस्था २९:१०-१३ र नयाँ करारको प्रारम्भमा दिइएको वचनमा पुरुषहरूलाई पश्चात्ताप गर्न र विश्वास गर्न आग्रह गरिएको छ, "किनकि प्रतिज्ञा तिमीहरूका निम्ति र तिमीहरूका सन्तानको निम्ति हो" आदि । प्रेरित २:३८-३९ ।

(३) पुरानो करारको मण्डली नयाँ नियम इसाई मण्डली जस्तै हो । (क) पावल भन्छन् (गलाती ३:८) कि अब्राहामसँग (उत्पत्ति १७:७) गरिएको करार "सुसमाचार हो" र पुरानो नियमको विधिले ख्रीष्टको व्यक्तित्व र कामलाई प्रस्तुत गरेको थियो भनेर हिब्रूहरूको सम्पूर्ण पत्रमा उनले देखाएका छन् । माथि हेर्नुहोस्,

अध्याय ७ अन्तर्गत । (ख) विश्वास त्यतिबेला र अहिले पनि मुक्तिको सर्त हो । "अब्राहामले परमेश्‍वरमाथि विश्‍वास गरे र त्यो उनको निम्ति धार्मिकता गनियो" (रोमी ४:३); त्यसैले उनी महान् विशिष्ट विश्वासी थिए "विश्वास गर्ने सबैका पिता" (रोमी ४:११) र ख्रीष्टमा विश्वास गर्ने सबै "अब्राहामका सन्तान हुन् र प्रतिज्ञा अनुसार उत्तराधिकारीहरू हुन् ।" गलाती ३:२९ । हिब्रू पत्रको एघारौँ अध्याय पनि हेर्नुहोस् । सबै इस्राएलीहरू, तिनीहरू जो केवल "शरीरमा मात्र इस्राएली हुन्", उनीहरूले पनि विश्वास गरेको स्वीकार गरे र सबै "साँचो" इस्राएलीहरूले विश्वास गरे । "बाहिरी रूपले मात्र यहुदी हुनेचाहिँ साँचो यहुदी होइन, त्यसरी नै साँचो खतना पनि बाहिरी र शारीरिक कुरा होइन ।[29] यहुदी त्यो हो, जो भित्री रूपले यहुदी हो र साँचो खतनाचाहिँ हृदयको कुरो हो, यो आत्मिक कुरा हो, लिखित व्यवस्थाको कुरा होइन । यस्तो मानिसको प्रशंसा मानिसहरूबाट होइन तर परमेश्‍वरबाट हुन्छ ।" रोमी २:२८-२९ । (ग) खतना ठीक बप्तिस्माकै अर्थमा र त्यसै हदमा एक आत्मिक अनुग्रहको प्रतीक हो र आत्मिक स्वीकारोक्तिमा आबद्ध छ । यो पूरानो करारमा साक्षीको रूपमा सिकाइएको छ । व्यवस्था १०:१६; ३०:६ । यो अब्राहामसँगको करारको छाप थियो जसलाई पावलले यो सुसमाचार हो भनि बताउँछन् । उत्पत्ति १२:३; १७:७, १०; गलाती ३:८ । यो विश्वासको धार्मिकताको छाप थियो । रोमी २:२८-२९; ४:११ । साँचो खतनाले ख्रीष्टमा एकताबद्ध गराउँछ र उहाँको छुटकाराका सबै लाभहरूलाई सुरक्षित गर्दछ । कलस्सी २:१०-११ । र बप्तिस्माले अब खतनाको ठाउँलाई ओगटेको छः "किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौँ । यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ । "गलाती ३:२७-२९ । (घ) यो मण्डली नयाँ नियम मण्डली दुरूस्तै छ । यसको एउटै आधार छ; सदस्यता, विश्वास र आज्ञाकारिताको एउटै सर्त; एउटै आत्मिक महत्त्व र बाध्यकारी शक्तिको धार्मिक विधिहरू । त्यही पुरानो मण्डलीलाई फैलाइनेछ, परिवर्तन गरिने छैन भनि पुरानो भविष्यवाणीहरूले घोषणा गर्दछ । यशैया । ४९:१३ -२३; ६०:१-१४ पुरानो करार, जुन मण्डलीको आधारभूत घोषणापत्र थियो, यसमा "धेरै राष्ट्रहरू" (उत्पत्ति १७:४; रोमी ४:१७-१८; गलाती ३:८) सम्मिलित थिए जुन नयाँ नियमको व्यवस्थामा

मण्डलीको विस्तार नभएसम्म पूरा भएन । पावल भन्छन् कि यहुदी मण्डली रद्द हुनुको साटो सबै परिवर्तनहरूमा उस्तै रहिरहन्छ - यहुदी हाँगाहरू काटियो, अन्यजाति हाँगाहरू कलमी गरियो र त्यसपछि यहुदीहरू नयाँ मण्डलीमा होइन तर "आफ्नै जैतुनको रूखमा" फेरि पुनर्स्थापित हुनेछन् । रोमी, ११:१८-२४; एफेसी २:११-२२ पनि हेर्नुहोस् ।

(४) शिशुहरू तिनीहरूका आमाबाबुको विश्वासमा खतना गरिएको कारण सुरुदेखि नै पुरानो नियम अन्तर्गत मण्डलीका सदस्यहरू थिए । अब, जसरी मण्डली एउटै मण्डली हो; सदस्यताका सर्तहरू त्यतिबेला पनि अहिले जस्तै थिए; खतनाले चिन्हित र बाध्ने कार्य गरेझैँ बप्तिस्माले हुबहु त्यसतै गर्छ र बप्तिस्माले खतनाको स्थान लिएको कारण - यसले स्वीकार गर्नेहरूका छोराछोरीहरूको मण्डली सदस्यतालाई त्यसबेलाझैँ अहिले पनि मान्यता दिनुपर्दछ र उनीहरूलाई बप्तिस्मा दिनुपर्छ । यो निष्कर्षलाई हटाउन सक्ने एउटै आधार भनेको एउटै सुसमाचारमा ख्रीष्टले स्पष्ट रूपमा तिनीहरूलाई मण्डलीमा उनीहरूको पुरानो जन्म-अधिकारबाट बाहिर निकाल्नुभयो भने मात्र हुन्छ ।

(५) यसको विपरीत ख्रीष्ट र उहाँका प्रेरितहरूले समान रूपमा कुनै अपवाद बिना बालबालिकाहरूले मण्डलीको सम्बन्धमा ओगटेको स्थानमा सधैँ रहिरहन्छन् भन्ने धारणा अनुरूप उनीहरूबारे बोल्नुहुन्छ र व्यवहार गर्नुहुन्छ । ख्रीष्टले यहुदी प्रेरितहरू जसले आफ्नो सम्पूर्ण जीवन पुरानो शिशुहरूको बप्तिस्मा दिने मण्डली (पाडोब्याप्टिस्ट मण्डली) बाहेक अरू कुनै बारे कहिल्यै सुनेका थिएनन्, जसमा तिनीहरू आफैँ पनि जन्मिए र खतना भए (र तिनीहरूको शिशुको खतना तिनीहरूले प्राप्त गरेको एकमात्र बप्तिस्मा थियो) उनीहरूसँग बोल्नुहुँदा तिनीहरूलाई यो कुरा अब परिवर्तन भएको छ भनि कहिल्यै चेतावनी दिनुभएन । उहाँले यसको विपरीत भन्नुहुन्छ, "स्वर्गको राज्य यस्तैहरूको हो" (अर्थात पुरानो मण्डलीको नयाँ व्यवस्था) । मत्ती १९:१४; लुका १८:१६ । उहाँले पत्रुसलाई पाठाहरूलाई साथै बगालका भेडाहरू खुवाउन नियुक्त गर्नुभयो (युहन्ना २१:१५-१७) र सबै प्रेरितहरूलाई पहिले बप्तिस्मा दिएर र त्यसपछि तिनीहरूलाई "सबै राष्ट्रहरूलाई चेला बनाउन" सिकाएर नियुक्त गर्नुभयो । मत्ती २८:१८-१९ । यदि आमाबाबुमध्ये एक जना मात्र इसाई हुन् भने बालकहरूलाई

"पवित्र" वा "सन्तहरू" भनिन्छ । जुन नयाँ नियममा मण्डलीका सदस्यहरूको साझा पद हो । १ कोरिन्थी ७:१४ । पुरानो यहुदी मण्डलीमा अन्यजातिहरूबाट प्रत्येक धर्म परिवर्तन गर्नेहरूले आफ्ना छोराछोरीहरूलाई आफूसँगै मण्डलीमा ल्याए । यहुदी प्रेरितहरूले आफ्ना मिसनरी कार्यको संक्षिप्त इतिहास जसरी सबै आधुनिक पाडोब्याप्टिस्ट मिसनरीहरूले झैँ सटीक रूपमा लेखेका छन् जुन कुनै पनि ब्याप्टिस्ट मिसनरीले उनीहरूको सम्प्रदायको पहिलो उदयदेखि लेखेका थिएनन् । प्रेरितका पत्रहरूमा बप्तिस्माबारे केवल एघार वटा घटनाहरूको विवरण दिइएको छ । यीमध्ये दुई, पावल र इथियोपियाली नपुंसकको विषयमा दिइएको छ जसमा बप्तिस्मा लिने बालकहरू थिएनन् । पाँचवटा घटनाहरूमा ठुला भीडहरू थिए । "धेरै कोरिन्थीहरू" बिचको भीडसँगै स्टेफनसले बप्तिस्मा लिएपछि पावलले आफ्नो परिवारलाई बप्तिस्मा दिए । लिडिया, झ्यालखानाका हाकिम, क्रिस्पस र सायद कर्नेलियसका परिवारहरूले पनि बप्तिस्मा लिएका थिए । यसरी घरपरिवार भएको हरेक अवस्थामा बप्तिस्मा दिइएको छ र सामान्य तथ्य, एक घटनामा बाहेक घरको प्रमुखको विश्वास उल्लेख गरिएको छ तर घरपरिवारका बारेमा बताइएको छैन । प्रेरितहरूले बालबालिकाहरूलाई पनि मण्डलीका सदस्यहरूको रूपमा सम्बोधन गर्छन् । एफेसी १:१ लाई एफेसी ४:१-३ सँग र कलस्सी १:१-२ लाई कलस्सी ३:२० सँग तुलना गर्नुहोस् ।

(६) यो शुरूदेखि नै धेरैजसो परमेश्वरका जनहरूको विश्वास र अभ्यास रहेको छ । प्रारम्भिक मण्डलीले प्रेरितहरूको दिनदेखिको निरन्तरतामा यस विषयमा तिनीहरूको विधिको गवाही दिन्छ । ग्रीक र रोमन अनि लुथरन र सुधारवादी मण्डलीका सबै शाखाहरू यस आधारभूत कुरामा सहमत छन् । ब्याप्टिस्ट सम्प्रदाय जसले यस मामिलामा संसारभरिका सम्पूर्ण इसाईको विरोध गर्दछ, यो एक धेरै आधुनिक सम्प्रदाय हो जुन जर्मनीको एनाब्याप्टिस्टहरूबाट ई.स. १६८७ मा शुरू भएको थियो ।

प्रभुको टेबुलमा पुग्ने अवस्थाका लागि जुन आवश्यकताहरू बनाइएका छन् त्यही अनुसार आमाबाबुको हकमा आफ्ना बालबालिकाहरूलाई बप्तिस्मा दिनका लागि सर्तहरू बनाइएको छ भनि हाम्रा मापदण्डहरूले सिकाउँछन् । सानो प्रश्नउत्तर माला ९५ : "दृश्यमान मण्डलीका त्यस्ता सदस्यहरूका

शिशुहरूलाई बप्तिस्मा दिनुपर्छ ।" ठुलो प्रश्नउत्तर माला माला १६६: मा यो व्याख्या गरिएको छ "अभिभावकहरू जो दुवै वा तिनीहरूमध्ये एक जसले ख्रीष्टमा विश्वासको दाबी गर्छ तिनीहरूबाट आएका शिशुहरू" र विश्वासको स्वीकारोक्ति पाठ २८, खण्ड ४ मा यो व्याख्या गरिएको छ: "एक वा दुवै विश्वासी आमाबाबुका शिशुहरू" आराधनाका लागि दिइएको [अमेरिकी] निर्देशिकामा, पाठ ७ मा सेवकले अन्य कुराहरूभन्दा आमाबाबुले "उनीहरूले बालबालिकाहरूको साथमा र उनीहरूको लागि प्रार्थना गर्नुपर्छ; तिनीहरूले उनीहरूको अगाडि धार्मिकता र भक्तिको उदाहरण राख्नुपर्छ र आफ्नो बच्चालाई प्रभुको पालनपोषण र सल्लाहमा हुर्काउनको लागि परमेश्वरको नियुक्तिको सबै माध्यमबाट प्रयास गर्नुपर्छ" भन्ने कुरामा जोड दिएको छ । १७९४ मा [अमेरिकी] महासभाले, यस विषयमा एक प्रस्तावको जवाफमा, निर्देशिकामा माथिको खण्डलाई सेवकले आवश्यक भएअनुसार अभिभावकलाई तत्काल गर्नुपर्ने कार्य अन्तर्गत ल्याएको भनेर बुझ्नुपर्छ भनि घोषणा गर्‍यो ।

कतिले यो पनि बुझ्छन् कि बालबालिकाको मण्डली-सदस्यता आमाबाबुबाट पाउने हुनाले, बाल्यकालमा बप्तिस्माद्वारा मण्डलीमा प्रवेश गराइएका प्रत्येक व्यक्तिको आफ्ना छोराछोरीहरूलाई बप्तिस्मा गराउने अपरिहार्य अधिकार हुन्छ, चाहे उसले ख्रीष्टमा व्यक्तिगत विश्वासबारे स्वीकार गरोस् या नगरोस् । तर यो प्रष्ट रूपमा हास्यास्पद छ- (क) किनकि मण्डलीका सबै सदस्यहरूलाई मण्डली-सदस्यताका सबै विशेषाधिकारहरूको अधिकार छैन । यसरी बप्तिस्मा प्राप्त सदस्यहरूलाई तिनीहरूले व्यक्तिगत विश्वासको स्वीकार नगरेसम्म प्रभुभोजमा आउने कुनै अधिकार छैन । जबसम्म उनीहरूले यो गर्दैनन् उनीहरू कम उमेरका नागरिकहरू जस्तै हुन्छन्, उनीहरूको अधिकार निलम्बनमा राखिएको हुन्छ, उनीहरूलाई विश्वास गर्न अस्वीकार गरेको कारण न्यायपूर्ण सजाय पाएझैँ गरी यी निलम्बित अधिकारहरू प्रभुभोजमा सम्मिलित हुने र आफ्ना बालबालिकाहरूलाई बप्तिस्मा गराउने अधिकारहरू हुन् । (ख) व्यक्तिगत विश्वासको अभाव भएको व्यक्तिले गम्भीर स्वीकारोक्तिहरूलाई र बप्तिस्माको करारमा संलग्न दायित्वहरूलाई झुटा साक्षी दिएर र अपवित्र कार्य गर्न मात्र सक्छ

। यो गर्नु उसको लागि पाप हो र सेवकले पनि उसलाई यो गर्न मद्दत गर्नु पाप हो ।

**खण्ड - ५ यद्यपि यो विधिको निन्दा वा बेवास्ता गर्नु ठुलो पाप भएतापनि,[548] अनुग्रह र मुक्ति यसमा अविभाज्य रूपमा जोडिएको छैन भन्नाले यो बिना कुनै पनि व्यक्तिको पुनरूत्थान वा उद्धार पनि हुन सक्दैन[549] वा बप्तिस्मा लिने सबै निस्सन्देह पुर्नजीवित हुन्छन् भन्ने हुँदैन ।[550]**

**खण्ड - ६ बप्तिस्माको प्रभावकारिता त्यो भएको क्षणसँग जोडिएको छैन[551] तैपनि, यस धार्मिक विधिको सही प्रयोगद्वारा प्रतिज्ञा गरिएको अनुग्रह प्रस्तावित मात्र नभई वास्तवमा पवित्र आत्माद्वारा प्रदर्शित र प्रदान गरिएको हुन्छ जुन अनुग्रहको हो (जुनै उमेरको वा शिशुहरू भएता पनि) । त्यो अनुग्रह परमेश्वरको आफ्नै इच्छाको सल्लाह अनुसार, उहाँको तोकिएको समयमा दिनुहुन्छ ।[552]**

**खण्ड - ७ बप्तिस्माको धार्मिक विधि कुनै पनि व्यक्तिलाई एक पटक मात्र दिइन्छ ।[553]**

यी खण्डहरूले यी कुराहरू सिकाउँछन् :

१. त्यो अनुग्रह र मुक्ति बप्तिस्मामा अविभाज्य रूपमा एकताबद्ध छैन जसले गर्दा केवल बप्तिस्मा लिनेहरूले मात्र मुक्ति पाउँछन् वा सबै बप्तिस्मा लिनेहरू बचाइन्छन् भन्न् छैन ।

---

[548] लुका ७:३०; प्रस्थान ४:२४-२६ ।
[549] रोमी ४:११; प्रेरित १०:२, ४, २२, ३१, ४५, ४७ ।
[550] प्रेरित ८:१३, २३ ।
[551] यहुन्ना ३:५, ८ ।
[552] गलाती ३:२७; तीतस ३:५; एफिसी ५:२५, २६; प्रेरित २:३८, ४१ ।
[553] तीतस ३:५ ।

२. यद्यपि, यो धार्मिक विधिको निन्दा वा बेवास्ता गर्नु ठुलो पाप हो; यसलाई पालना गर्नका लागि आज्ञा गरिएको छ र यसको सही प्रयोगमा प्रतिज्ञा गरिएको अनुग्रह मात्र प्रस्तावित गरिएको छैन तर वास्तवमै पवित्र आत्माद्वारा त्यस्ता जुनसुकै उमेरको होस् वा शिशुहरू होस् उनीहरूको अनुग्रहलाई प्रदर्शन र उनीहरूमा प्रदान गरेको छ ।

३. बप्तिस्माको प्रभावकारिता चिन्हित अनुग्रहलाई साँच्चै अभिव्यक्त गरिएको अवस्थामा पनि त्यस क्षणमा बाँधिदैन जुन बेला धार्मिक विधि दिइएको हुन्छ तर प्राप्तकर्तालाई परमेश्वरले आफ्नै इच्छाको सल्लाह अनुसार उहाँको आफ्नै तोकिएको समयमा सूचित गर्नुहुन्छ ।

४. बप्तिस्माको धार्मिक विधि कुनै पनि व्यक्तिलाई एक पटक मात्र दिनुपर्छ । यहाँ दिइएको आधार दुई चरम अतिवाद दृष्टिकोणहरू बिचको मध्यवर्ति दृष्टिकोण हो -

(१) पोप-समर्थक र रीतिवादीहरूद्वारा स्वीकार गरिएको बप्तिस्माबाटको पुनरूत्थानको अतिवाद । (क) यो धर्मशास्त्रमा सिकाइएको छैन । यो प्रमाणित गर्नको लागि भर परेको भाषा (युहन्ना ३:५; प्रेरित २:३८) यो सिद्धान्तमा सजिलै व्याख्या गरिएको छ । जसले यो भन्छ कि चिन्ह र अनुग्रह बिचको धार्मिक एकताको आधारमा एउटामा जे सत्य छ त्यो अर्कोको रूपकको रूपमा सङ्केत गरिन्छ ।

त्यहाँ बप्तिस्माको प्रभाव बारे केही भनिएको छैन जुन सत्यको प्रभावकारिताको बारे पनि केही भनिएको छैन । याकुब १:१८; युहन्ना १७:१९; पत्रुस १:२८ । तर सत्यताको सुनुवाइले मात्र कसैलाई बचाउँदैन । (ख) बप्तिस्मा नयाँ जन्मको एक मात्र वा सामान्य माध्यम हुन सक्दैन किनभने विश्वास र पश्चात्ताप नयाँ जन्मको फलहरू हुन् तर बप्तिस्माको भने पूर्व सर्तहरू हुन् । प्रेरित २:३८; ८:३७; १०:४-७ । (ग) रोमनवादी र रीतिवादी समुदायहरूको विश्वव्यापी अनुभवमा बप्तिस्मा लिनेहरूमा सामान्यतया नयाँ जन्म हुँदैन भनेर प्रमाणित गर्छन् । हाम्रा मुक्तिदाताले भन्नुहुन्छ, "यसरी तिनीहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ ।" मत्ती ७:२० (२) बप्तिस्मा इसाई स्वीकारोक्तिको अनुग्रह र चिन्हको

प्रतीक मात्र हो भन्ने अर्को अतिवादको हाम्रो मापनले विरोध गर्दछ । तिनीहरूको सिद्धान्त यो हो -

क. बप्तिस्माले केवल सङ्केत मात्र गर्दैन तर वास्तवमै र साँच्चै यो करारमा रहने सबैमा अर्थात् चुनिएकाहरूलाई अनुग्रह दिलाउँछ र मोहर लगाउँछ ।

ख. तर वास्तवमै दिएको अनुग्रहमा मोहर लगाइने क्षण धार्मिक विधिको रूपमा प्रयोग गरिने क्षणसँग जोडिएको हुँदैन तर अनुग्रहको अनन्त करारमा पूर्वनिर्धारित समय र परिस्थितिको रूपमा निश्चित प्रावधानहरू अनुसार बनाइएको हुन्छ । त्यसैले सम्पत्तिमा मोहर लगाएर एउटा नाबालकलाई कुनै कार्य मार्फत त्यो हस्तान्तरण गर्न सकिन्छ तर नाबालकले वास्तवमा आफ्नो बुबाको इच्छामा पूर्वनिर्धारित समय र सर्तहरूमा बाहेक अरू अवस्थामा त्यसलाई उपभोग गर्न सक्दैन ।

ग. यस धार्मिक विधिको प्रभावकारिता पानीमा भए कुनै आत्मिक वा चमत्कारी गुणको कारण होइन ।

घ. तर यो प्रभावकारिता (१) सत्यताको नैतिक शक्तिबाट उत्पन्न हुन्छ जुन धार्मिक विधिको प्रतीक हो । (२) यो अनुग्रहको करारको छाप हो भन्ने तथ्यबाट र त्यसमा प्रतिज्ञा गरिएको अनुग्रहको करारमा अंगालिएका व्यक्तिहरूलाई हुर्काउने विधिगत रूप हो । (३) पवित्र आत्माको व्यक्तिगत उपस्थिति र सार्वभौम अनुग्रही कार्यबाट जसले धार्मिक विधिलाई आफ्नो साधन र माध्यमको रूपमा प्रयोग गर्नुहुन्छ ।

ङ. यी माध्यमहरू मार्फत सङ्केत गरिएको अनुग्रह साँचो रूपमा मानिसहरूलाई दिइएको छ जससँग ईश्वरीय सल्लाह अनुसार वैधानिक रूपमा सम्बन्धित छ । तर अनुग्रह र पवित्र आत्माको प्रभावहरू धार्मिक विधिसँग त्यति बाँधिएका छैनन् । जसका कारण तिनीहरू कहिल्यै पनि वा कहिलेकाहिँ पनि कुनै पनि अन्य तरिकामा अभिव्यक्त हुँदैनन् । धार्मिक विधिद्वारा अभिव्यक्त भएको अनुग्रह बप्तिस्माको लागि एक पूर्व सर्तको रूपमा वयस्क व्यक्तिबाटको स्वामित्वमा हुनुपर्दछ र प्राय: पछि अन्य माध्यमहरूमार्फत यसलाई अनुभव गरिन्छ ।

च. त्यसैले बप्तिस्मा लिनु आवश्यक छ (१) ईश्वरीय आज्ञाबाट, जहाँ ज्ञान छ त्यहाँ आज्ञाकारिता अवश्य पनि आवश्यक हुन्छ (२) यो ख्रीष्टप्रति विश्वास र निष्ठाको स्वीकारोक्ति बनाउनका लागि उचित र एक मात्र प्रभावकारी विधि वा माध्यम हो । (३) यो अनुग्रहको माध्यमको रूपमा विशेष रूपमा उपयोगी हुन्छ ।

बप्तिस्मा कुनै पनि व्यक्तिलाई एक पटकभन्दा बढी दिनु हुँदैन (१) धार्मिक विधिको साङ्केतिक महत्त्वबाट । यसले आत्मिक पुर्नजन्मलाई जनाउँछ - ईश्वरीय जीवनको उद्घाटन । निःसन्देह, यसको एउटै मात्र प्रारम्भ हुन सक्छ । (२) यो इसाई मण्डलीमा प्रारम्भको धार्मिक विधि हो र मण्डलीमा एक पटक प्रवेश गरिसकेपछि निस्किने कुनै प्रावधान छैन । त्यस्तै यो एक पटकभन्दा बढी पटक आउने कुनै प्रावधान नै छैन । (३) प्रेरितहरूले प्रत्येक व्यक्तिलाई एक पटक मात्र बप्तिस्मा दिए ।

## प्रश्नहरू

१. यस अध्यायको पहिलो तीन खण्डमा सिकाइएको पहिलो प्रस्ताव के हो ?
२. त्यहाँ सिकाइएको दोस्रो प्रस्ताव के हो ?
३. त्यहाँ सिकाइएको तेस्रो प्रस्ताव के हो ?
४. विधिगत धुलाईको उत्पत्ति के थियो र यसको पालना कत्तिको फैलिएको थियो ?
५. युहन्नाको बप्तिस्मा किन बप्तिस्मा थिएन भन्ने प्रमाणहरू बताउनुहोस् ।
६. ख्रीष्टका चेलाहरूले उहाँको पुनरूत्थान हुनुभन्दा अघि गरेका बप्तिस्माहरू स्थायी इसाई विधिसँग समान थिएनन् भनि विश्वास गर्ने आफ्नो कारण दिनुहोस् ।
७. हामीले यस व्यवस्थाको वास्तविक कार्य र यस धार्मिक विधिको अधिकार कहाँ पाउँछौँ ?

८. यो हाम्रो प्रभुको दोस्रो आगमन सम्म सधैँभरि पालना गर्न बनाइएको हो भन्ने प्रमाण दिनुहोस् ।
९. बप्तिस्मा दिने आज्ञा गर्दा उल्लेख गरिएको स्पष्ट कारण के हो ?
१०. विधिगत रूपमा नियुक्त सेवकहरूले मात्र किन बप्तिस्मा दिन सक्छन् ?
११. बप्तिस्मा दिने आज्ञामा अभिप्रेरित कार्यको सन्दर्भमा ब्याप्टिस्टहरूको वास्तविक भनाई के हो ?
१२. यस विषयमा हाम्रो दृष्टिकोणको सही भनाई के हो ?
१३. तिनीहरूको दृष्टिकोण अनुसार के आवश्यक छ र हाम्रो दृष्टिकोण अनुसार के आवश्यक छ ?
१४. ब्याप्टिजो शब्दको प्राचीन प्रयोग के हो ?
१५. पुरानो नियमको सेप्टुजिन्ट अनुवादमा यो कति पटक र कुन अर्थमा प्रयोग गरिएको पाउँछौँ ?
१६. नयाँ करारमा बप्तिस्मालाई कुन अर्थमा प्रयोग गरिएको छ ?
१७. युहन्नाका चेलाहरूले बप्तिस्मा भन्ने शब्दलाई कुन अर्थमा प्रयोग गरेका थिए ?
१८. नयाँ नियममा "बप्तिस्मा" वा "बप्तिस्माहरू" शब्दलाई कुन अर्थमा प्रयोग गरिएको छ ?
१९. पानीको बप्तिस्मा के को प्रतीक हो ?
२०. पवित्र आत्माद्वारा बप्तिस्मा लिनुको प्ररिणाम के हुन्छ ?
२१. हामीलाई किन "बप्तिस्मामा ख्रीष्टसँग गाडिएको" जस्ता भनाईहरू भनिएको छ ?
२२. पवित्र आत्माद्वारा बप्तिस्मालाई धर्मशास्त्रमा कुन शब्दहरूमा व्यक्त गरिएको छ ? डुवाउने रूपमा वा "खन्याउने" अथवा "छिड्काउने" रूपमा ?
२३. यहुदीहरूमा शुद्धीकरणको धार्मिक विधिलाई प्रभाव पार्ने सामान्यतया प्रचलित तरिका के थियो ?
२४. १ कोरिन्थी १०:१-२ र १ पत्रुस ३:२०-२१ ले यस विषयमा के प्रकाश पार्छ ?

२५. बप्तिस्मा दिने युहन्ना वा ख्रीष्टका प्रेरितहरूले डुबाएर बप्तिस्मा दिएका थिए भनि के यो कहिल्यै भनिएको छ ?

२६. धेरै बप्तिस्माहरूका सबै विवरणमा राखिएका अवस्थाहरूलाई आधार मानेर कुन पक्षमा र कुन हदसम्म सम्भावनालाई सन्तुलन गर्नुपर्छ ?

२७. पिता र पुत्र र पवित्र आत्माको नाममा यो विधि पालन गर्नु किन आवश्यक छ ?

२८. बप्तिस्माको पहिलो रचना के हो ?

२९. बप्तिस्माको दोस्रो रचना के हो ?

३०. हाम्रा मापनहरूले वयस्कहरूको विषयमा बप्तिस्माको लागि आवश्यक सर्तहरू के हुन् भनि सिकाउँछन् ?

३१. पास्टर र मण्डली सत्र के कुरामा न्याय गर्न आवश्यक र सक्षम छन् ?

३२. जिम्मेवारी अन्ततः कसमाथि रहनुपर्छ ?

३३. इसाई धर्मको एक विश्वसनीय स्वीकारोक्तिको अतिरिक्त केही मण्डलीहरूलाई बप्तिस्माको लागि आवेदकहरूबाट के चाहिन्छ ?

३४. त्यस्ता आवश्यकताहरू अयोग्य छन् भनि तपाईं कसरी देखाउन सक्नुहुन्छ ?

३५. हाम्रा मापनहरूले बप्तिस्माको लागि शिशुहरूको अधिकारका बारेमा के सिकाउँछन् ?

३६. मानव स्वभावको व्यवस्था र परमेश्वरको सामान्य प्रावधानबाट व्युत्पन्न भएको तर्कलाई बताउनुहोस् ।

३७. मानिसजातिसँग परमेश्वरका सबै करारहरूमा आमाबाबुसँग बालबालिकाहरू समावेश छन् भन्ने तथ्यबाट पनि त्यस्तै गर्नुहोस् ।

३८. पुरानो नियम अन्तर्गत सुसमाचारीय मण्डली अस्तित्वमा थियो भनेर प्रमाणित गर्नुहोस् ।

३९. त्यसबेला अहिले जस्तै विश्वास नै मुक्तिको अवस्था थियो भनि प्रमाणित गर्नुहोस् ।

४०. खतनाको बप्तिस्माको अहिले जस्तै आत्मिक अर्थ थियो भनेर प्रमाणित गर्नुहोस् ।

४१. बप्तिस्माले खतनाको स्थान लिएको छ भनि प्रमाणित गर्नुहोस् ।
४२. नयाँ व्यवस्था अन्तर्गतको मण्डली पुरानो व्यवस्था अन्तर्गतको मण्डलीसँग समान छ भनि प्रमाणित गर्नुहोस् ।
४३. प्रमाणित गर्नुहोस् कि शिशुहरूलाई प्राचीन मण्डलीको सदस्यको रूपमा यसको सुरुदेखि नै मान्यता दिइएको थियो र कसरी शिशुको बप्तिस्मा आवश्यक परिणामको रूपमा पछ्याउँछ भनेर देखाउनुहोस् ।
४४. ख्रीष्ट र उहाँका प्रेरितहरूले सधैँ उहाँहरूको मण्डलीको सदस्य भएको धारणामा बालबालिकाहरूको बारेमा कुरा गर्नुहुन्थ्यो र व्यवहार गर्नुहुन्थ्यो भनि देखाउनुहोस् ।
४५. प्रेरितहरूले सधैँ विश्वासीहरूको परिवारलाई बप्तिस्मा दिए जहाँ तिनीहरू अवस्थित थिए भन्ने कुरालाई विवरणहरूबाट देखाउनुहोस् ।
४६. इसाई मण्डलीको विश्वास र अभ्यास के भएको छ र त्यो तर्कको प्रभाव के हो ?
४७. हाम्रो मापन अनुसार क-कसका छोराछोरीले बप्तिस्मा लिनुपर्छ ?
४८. (अमेरिकी) आराधनाको निर्देशिको अभिभावकहरूलाई आफ्ना छोराछोरीलाई बप्तिस्माको लागि अग्रसर गराउनको लागि के चाहिन्छ भनि भन्दछ र यसले के निष्कर्षलाई पछ्याउँछ ?
४९. बाल्यकालमा बप्तिस्मा लिएर ख्रीष्टमा व्यक्तिगत विश्वास नगर्ने वयस्कहरूको स्थिति र अधिकार कस्तो हुन्छ ?
५०. यस्ता पक्षहरूलाई किन आफ्ना छोराछोरीलाई बप्तिस्मा गराउने सुअवसरबाट वञ्चित गर्नुपर्छ ?
५१. पाचौँ, छैटौँ र सातौँ खण्डमा सिकाइएको पहिलो प्रस्ताव के हो ?
५२. त्यहाँ सिकाइएको दोस्रो प्रस्ताव के हो ?
५३. तेस्रो प्रस्ताव के हो ?
५४. चौथो के हो ?
५५. हाम्रो मण्डलीद्वारा आयोजित धार्मिक विधिको प्रभावकारिताको सिद्धान्त कुन दुई चरम बिचमा छ ?
५६. बुँदामा रोमन र रीतिवादी सिद्धान्त के हो ?

५७. बप्तिस्मामा नयाँ जन्मको सिद्धान्त सत्य हुन सक्दैन भनि देखाउनुहोस् ।

५८. धार्मिक विधिको प्रभावकारिताको रूपमा हाम्रो मापनको सिद्धान्तमा संलग्न विभिन्न बँदाहरूलाई बताउनुहोस् ।

५९. यो प्रभावकारिता कुन स्रोतहरूबाट आउँछ ?

६०. बप्तिस्माले अनुग्रहलाई अनुमान साथसाथै व्यक्त पनि गर्दछ र आवश्यक परिणाम निकाल्छ भनि देखाउनुहोस् ।

६१. के आधारमा र कुन हदसम्म बप्तिस्मा आवश्यक छ ?

६२. बप्तिस्मा एउटै व्यक्तिलाई जीवनमा एक पटक मात्र दिनुपर्छ भन्ने कुरालाई देखाउनुहोस् ।

# अध्याय २९
# (CHAPTER XXIX)
# प्रभु भोजका बारेमा
# (OF THE LORD’S SUPPER)

**खण्ड - १ हाम्रा प्रभु येशुलाई जुन रात धोका दिइयो त्यस रात उहाँले उहाँको शरीर र रगतको धार्मिक विधिलाई स्थापना गर्नुभयो जसलाई प्रभुभोज भनिन्छ । यो उहाँको मण्डलीमा, संसारको अन्त्यसम्म, उहाँको बलिदानी मृत्युको अनन्त सम्झनाको लागि पालना गर्नुपर्छ । यसमा साँचो विश्वासीहरूलाई त्यसका सबै लाभहरू, उहाँमा उनीहरूको आत्मिक पोषण र वृद्धि, तिनीहरूको थप संलग्नता, उहाँप्रति ऋणी सबै कर्तव्यहरूमा छाप लगाउने र उहाँ र एक-अर्कासँग उहाँको रहस्यमय शरीरको सदस्यहरूको रूपमा उनीहरूलाई सहभागितामा बाध्ने प्रतिज्ञा छ ।[554]**

यस खण्डले हामीलाई यी कुराहरू सिकाउँछ:

१. कुन समय र कसद्वारा प्रभुभोजको स्थापना भएको थियो ।[२] यसलाई निरन्तर पालना गर्नुपर्ने दायित्व ।[३] यसको बनावट र प्रभाव । यो हाम्रो प्रभुलाई जुन रात धोका दिइयो त्यस रात उहाँले व्यक्तिगत रूपमा यसलाई स्थापना गर्नुभएको हो भन्ने कुरामा कुनै शङ्का छैन । यो तथ्य तीन जना प्रचारकहरू (मत्ती २६:२६-२९; मर्कुस १४:२२-२५; लुका २२:१९-२०) र पावलद्वारा (१ कोरिन्थी ११:२३-२५) स्पष्ट रूपमा घोषणा गरिएको छ र यो आजसम्म सुसमाचारको इतिहासको सत्यको स्मारक बनेको छ जससँग यो सम्बन्धित छ ।

२. यो संसारको अन्तसम्म सधैँभरि पालना गर्न बनाइएको थियो भन्ने स्पष्ट छ- (१) यस व्यवस्थाका शब्दहरूले भन्छ, "यो मेरो सम्झनामा गर्ने गर," लुका २२:१९ र फेरि, "मेरो सम्झनामा जतिबेला तिमीले यसलाई पिउँछौ र यो गर्छौ ।" १

---

554 १ कोरिन्थी ११:२३-२६; १०:१६, १७, २१; १२:१३ ।

कोरिन्थी ११:25 । (२) प्रेरितीय उदाहरण । प्रेरित २:४२ । (३) यस धार्मिक विधि सन्दर्भहरू जुन बारम्बार प्रेरितीय लेखहरूमा देखा पर्दछ र जसमा सबैले यो निरन्तर पालना गर्नुपर्ने दायित्व हो भनेर सङ्केत गर्दछ । (४) इसाई मण्डलीमा र सबै शाखाहरूमा, यसको सुरुदेखि नै एकरूपता र विश्वव्यापी अभ्यास भइरहेको छ ।

३. प्रभुभोजको बनावटबारे हाम्रो स्तरको शिक्षालाई निम्न शीर्षकहरूमा प्रस्तुत गर्न सकिन्छ:

(१) प्रभुभोज ख्रीष्टको मृत्युको स्मरण हो । यी तथ्यबाट यो स्पष्ट छ कि- (क) रोटी उहाँको शरीरको भाँचिएको प्रतीक हो र दाखमद्य उहाँको रगतको प्रतीक जुन हाम्रो लागि क्रुसमा बगेको थियो । मत्ती २६:२६-२८; लुका २२:१९-२० । (ख) रोटी खाने र दाखमद्य पिउने कार्यलाई ख्रीष्ट र पावल दुवैद्वारा ख्रीष्टको "स्मरणमा" र "उहाँ नआउञ्जेल उहाँको मृत्यु देखाउन" घोषणा गरिएको छ भन्ने तथ्यबाट स्पष्ट हुन्छ । लुका २२:१९; १ कोरिन्थी ११:२६ ।

(२) यो सुसमाचारको करारको छाप हो, जसमा नयाँ करारका सबै लाभहरूलाई सङ्केत गरिएको छ, छाप लगाइएको छ र विश्वासीहरूमा लागु गरिएको छ । विश्वासको स्वीकारोक्ति पाठ २९ खण्ड १ ठुलो प्रश्नउत्तर माला १६२; सानो प्रश्नउत्तर माला ९२ । ख्रीष्ट भन्नुहुन्छ "यो कचौरा मेरो रगतमा भएको नयाँ करार (वाचा) हो, जुन तिमीहरूका लागि बगाइएको छ" (लुका २२:२०) अर्थात् मेरो रगत अनुग्रहको करारको छाप हो र यो कचौरा मेरो रगतको प्रतीक हो र जसरी तिमीहरूलाई दिइएको छ । यसको प्रयोगमा ख्रीष्टले हामीलाई विश्वासको अवस्थामा बचाउन र उहाँको उद्धारका सबै लाभहरू प्रदान गर्ने आफ्नो प्रतिज्ञालाई अनुमोदन अनुमोदन गर्नुहुन्छ । हामीले यो प्रतिज्ञा लिँदा आफैलाई पूर्ण आत्म पवित्रतामा र ख्रीष्टको सुसमाचारको आवश्यकताहरूमा संलग्न सबै कुरामा गम्भीरतापूर्वक बाँध्नुपर्छ । त्यसलाई हामीले बुझेझैँ गरि होइन तर उहाँले तिनीहरूलाई जस्तो चाहनु भएको छ त्यस रूपमा आफैलाई बाँध्नुपर्छ । यो एक सार्वभौमिक सिद्धान्त हो कि सबै शपथहरू लागु गर्ने व्यक्तिहरूले बुझेका अर्थ अनुसार बाँधिन्छन् ।

(३) यसैले यो इसाई स्वीकारोक्तिको चिन्ह हो, स्वर्गको राज्यको नागरिकको आज्ञाकारिताको चिन्ह ।

(४) यो ख्रीष्टसँगको हाम्रो सम्बन्धलाई, उहाँको व्यक्तित्वमा, उहाँका सेवकाइहरूमा र तिनीहरूका बहुमूल्य फलहरूलाई सङ्केत गर्न र प्रभाव पार्न बनाइएका थिए । पावल भन्छन् (१ कोरिन्थी १०:१६), "आशिष्को त्यो कचौरा जसको निम्ति हामी आशिष् माग्छौँ, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता (कोइनोनिया) होइन ? त्यो रोटी, जुन हामी भाँच्छौँ, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन ? "ठुलो प्रश्नउत्तर माला १७० "त्यसोभए तिनीहरू जसले प्रभुभोजको धार्मिक विधिमा योग्यताकासाथ खण्ड लिन्छन् त्यहाँ ख्रीष्टको शरीर र रगतलाई खान्छन् र पिउँछन् । शारीरिक र संसारिक रूपमा होइन तर आत्मिक रूपमा तर साँच्चै र वास्तवमै विश्वासद्वारा तिनीहरूले क्रुसमा टाँगिएका ख्रीष्ट र उहाँको मृत्युका सबै लाभहरू प्राप्त गर्छन् र आफैमा लागु गर्छन् ।" रोटीले उहाँको शरीरलाई बुझाउँछ र दाखमद्यले उहाँको रगतलाई प्रतिनिधित्व गर्छ । शारीरिक रूपमा हामी हाम्रो मुखद्वरा यस चिन्हलाई प्राप्त गर्छौं; हामीले विश्वासको प्रतीक शरीर र रगत प्राप्त गर्छौं तर वास्तवमा "मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, किनभने मेरो देह साँच्चै खानेकुरो हो र मेरो रगत साँच्चै पिउने कुरो हो ।" युहन्ना ६:५४-५५ ।

(५) यो एउटै शरीर र एउटै रगतको सदस्यको रूपमा एकअर्कासँग विश्वासीहरूको पारस्परिक सम्बन्धलाई देखाउन र प्रभाव पार्नलाई बनाइएको थियो । १ कोरिन्थी १०:१ "किनभने रोटी एउटै हो, हामी धेरै भए तापनि एउटै शरीर हौँ, किनकि हामी सबै एउटै रोटीबाट खान्छौँ ।" साझा शिरसँगको मिलनले शिरमा एकअर्कासँगको सम्बन्धलाई आवश्यक रूपमा जनाउँछ ।

## खण्ड - २ यस धार्मिक विधिमा ख्रीष्टलाई उहाँको पितामा अर्पण गरिएको छैन; न त कुनै पनि वास्तविक बलिदान छिटो पापको क्षमाको लागि वा मृतकहरूको पापको क्षमाको लागि दिइएको छ[555] तर केवल एक पटकको

[555] हिब्रु ९:२२, २५, २६, २८ ।

**आफैद्वारा क्रुसमा सबैको लागि अर्पण गरेको त्यो बलिदानको स्मरण गर्न र परमेश्वरसामु सम्भावित सबै प्रशंसाको आत्मिक अर्पण गर्नका लागि यो दिइएको छ ।[556] जसले गर्दा पोपद्वारा मासको बलिदान (उनीहरूले यसलाई त्यही भन्छन्) ख्रीष्टको एक मात्र बलिदानका लागि सबैभन्दा हानिकारक छ जुन उहाँका चुनिएकाहरूको सबै पापहरूका लागि एउटै पापमोचन थियो ।[557]**

**खण्ड - ३ प्रभु येशुले यस धार्मिक विधिमा मानिसहरूलाई आफ्नो व्यवस्थाको वचन घोषणा गर्न आफ्ना सेवकहरूलाई नियुक्त गर्नुभएको छ; साथै प्रार्थना गर्न र रोटी र दाखमद्यका तत्त्वहरूलाई आशिष् दिन र यसरी तिनीहरूलाई सामान्य कुराहरूबाट पवित्र प्रयोगको लागि अलग गर्न; अनि त्यस रोटी लिएर भाँच्न र कचौरा लिएर (तिनीहरू आफै पनि त्यसमा सम्मिलित हुँदै) ती दुवै प्रभुभोजमा सहभागि हुनेहरूलाई दिन[558] तर मण्डलीमा उपस्थित नभएकाहरूलाई त्यो नदिन पनि परमेश्वरले उनीहरूलाई नियुक्त गर्नुभएको छ ।[559]**

**खण्ड - ४ निजी मानिसहरूको समूह वा एक पुजारीद्वारा वा कुनै अन्य तरिकामा एक्लै यो धार्मिक विधिप्राप्त गर्न,[560] त्यसै गरी मानिसहरूलाई त्यस कचौरा दिन अस्वीकार गर्ने[561] त्यस तत्त्वहरूको आराधना गर्न, तिनीहरूलाई आराधनाको लागि उचाल्न वा उठाउन र कुनै पनि बनावटी धार्मिक प्रयोगको लागि तिनीहरूलाई जोगाइ राख्न; यी सबै कार्यहरू यस धार्मिक विधिको प्रकृति र ख्रीष्टको व्यवस्थाका विपरीत छन् ।[562]**

---

[556] १ कोरिन्थी ११:२४-२६; मत्ती २६:२६-२७ ।
[557] हिब्रु ७:२३, २४, २७; १०:११, १२, १४, १८ ।
[558] मत्ती २६:२६-२८; मर्कुस १४:२२-२४; लुका २२:१९, २०; १ कोरिन्थी ११:२३-२६ ।
[559] प्रेरित २०:७; १ कोरिन्थी ११:२० ।
[560] १ कोरिन्थी १०:६ ।
[561] मर्कुस १४:२३; १ कोरिन्थी २१:२५-२९ ।
[562] मत्ती १५:९ ।

**खण्ड - ५ यस धार्मिक विधिमा, ख्रीष्टद्वारा स्थापित नियुक्त गरिएका प्रयोगहरूका लागि पवित्र गरिएका भौतिक तत्त्वहरूको उहाँको क्रुसमा टाँगिएको घटनासँग सम्बन्धित छ । तिनीहरूलाई कहिलेकाहीँ उनीहरूले प्रतिनिधित्व गर्ने कुराहरूको नामले बोलाउँछन् । तिनीहरूलाई कहिलेकाहीँ ख्रीष्टको विवेक, शरीर र रगत भनिन्छ ।[563] यद्यपि तिनीहरूलाई प्रतिकात्मक र धार्मिक तरिकामा उल्लेख गरिएता पनि तिनीहरू अझै पनि पहिलेको जस्तै केवल रोटी र दाखमद्य मात्रै हुन् ।[564]**

**खण्ड - ६ रोटी र दाखमद्य पादरीको अभिषेक वा अन्य कुनै माध्यमबाट ख्रीष्टको वास्तविक शरीर र रगतमा परिवर्तन हुन्छ भन्ने सिद्धान्त (जसलाई प्रायः ट्रान्सबस्टेन्टिएसन भनिन्छ), धर्मशास्त्रको मात्र घृणित नभई सामान्य ज्ञान र तर्कको विरुद्धमा पनि जान्छ । यसले धार्मिक विधिको वास्तविक अर्थलाई विकृत बनाएकोछ र धेरै अन्धविश्वास र गम्भीर मूर्तिपूजाको नेतृत्व गरेको छ ।[565]**

यी खण्डहरूमा भनिएका भनाईहरू लेखिएको तरिका सकारात्मकभन्दा पनि नकारात्मक छ । यसले साँचो धार्मिक विधिको सिद्धान्तको सामान्य बयान प्रस्तुत गर्नुको साटो निश्चित रोमन क्याथोलिक र रीतिवादी त्रुटिहरूको विरोध व्यक्त गर्नमा बढी केन्द्रित छ ।

यहाँ विरोध गरिएका त्रुटिहरू यी हुन्: (१) ट्रान्सबस्ट्यान्टिएसनको सिद्धान्त वा रोटी र दाखमद्यको सम्पूर्ण पदार्थ शरीर, रगत, प्राण र प्रभु येशुको देहमा परिवर्तन । (२) मासको बलिदान । (३) आराधना गर्ने कार्य र कथित धार्मिक उद्देश्यका लागि तत्त्वहरूलाई अलग राख्ने कार्य । (४) सामान्य विश्वास गरेका मानिसहरूलाई कप दिन अस्वीकार गर्ने । (५) केवल पूजाहारीको निजी भेटघाट वा अध्यादेशको प्रशासनमा उपस्थित नभएका व्यक्तिहरूलाई यी तत्त्वहरू,

---

563 मत्ती २६:२६-२८ ।

564 १ कोरिन्थी ११:२६-२८; मत्ती २६:२९ ।

565 प्रेरित ३:२१; १ कोरिन्थी ११:२४-२६; लुका २४:६, ३९ ।

पादरीले एकान्तमा एक्लै प्रभुभोज लिने वा धार्मिक विधिको समयमा उपस्थित नभएका मानिसहरूलाई ती तत्त्वहरू पठाउने ।

यी खण्डहरूको भनाईहरूलाई स्पष्ट बनाउनको लागि हामी यी विषयहरूमा पहिले साँचो सिद्धान्तहरू बताउने छौँ - (१) धार्मिक विधिको लागि कुन तत्त्व र कार्यहरू आवश्यक छन् र (२) चिन्ह र चिन्हित अनुग्रह बिचको वास्तविक सम्बन्धबारे दोस्रो, माथि उल्लिखित बुँदाहरूमा पोप सम्बन्धित त्रुटिहरूको विरोधलाई प्रस्तुत गर्न ।

१. साँचो सिद्धान्तका (१) तत्त्वहरूको विषय यी हुन् - (क) रोटी, यो आवश्यक छ किनभने यो आज्ञामा छ र रोटी शरीरको लागि जीवनको आधारभूत वस्तु भएको कारण त्यो आत्मिक भोजनको उचित प्रतीक हो जसले आत्मालाई पोषण दिन्छ । ख्रीष्टले निस्तार चाडमा भोजको स्थापना गर्नुभयो जसमा उनीहरूसँग अखमिरी रोटी थियो । प्राचीन मण्डलीले सधैँ दैनिक जीवनमा उपभोग गर्ने सादा रोटी प्रयोग गर्थे । रोमन र लुथरन मण्डलीहरूले अखमिरी रोटी प्रयोग गर्नुपर्छ भन्ने धारणा राख्छन् । सुधारवाद मण्डलीहरूले निरन्तर रूपमा विश्वास गरेका छन् कि धार्मिक विधि लागि सबैभन्दा उपयुक्त र प्रतीकको रूपमा पनि उपयुक्त रोटी भनेको साधारण रोटी हो जुन मानिसहरूले आफ्नो दैनिक जीवनमा प्रयोग गर्छन् । हाम्रा धेरै पुराना मण्डलीहरूमा प्रयोग गरिने मीठो केक भने होइन । (ख) दाखमद्य; जसको अर्थ 'ओइनोस' हो जसले अङ्गुरको नवीकृत रसलाई बुझाउँछ । मत्ती ९:१७; युहन्ना २:३-१०; रोमी १४:२१; एफेसी ५:१८; १ तिमोथी ३:८; ५:२३; तीतस २-३ । यो ख्रीष्टको आज्ञा र उदाहरणद्वारा र सुरुदेखिनै इसाई मण्डलीको एकरूप चलनद्वारा आवश्यक बनाइएको छ ।

(२) यस धार्मिक विधिको लागि आवश्यक कार्यहरू तथा विधिहरूका बारेमा

(क) अभिषेक

धार्मिक विधिमा खण्ड लिनेहरूसहित उनीहरूका लागि ईश्वरीय आशिषको प्रार्थनाको साथ यसलाई व्यवस्था गर्नुहुँदाको समयमा ख्रीष्टले बोल्नुभएको शब्दहरू दोहोऱ्याइने कार्य यसमा समावेश हुन्छ । थप रूपमा, तत्त्वहरूको एक खण्ड पवित्र गरिएको छ । तिनीहरूलाई सामान्यबाट पवित्र प्रयोगमा परिवर्तन गर्दै लगिन्छ । साथै, धार्मिक विधिको प्रयोगको तत्त्वहरूको एक खण्ड

तिनीहरूलाई तिनीहरूको सामान्य प्रयोगबाट अलग गर्दै र तिनीहरूलाई पवित्र बनाउनका लागि छुट्याइएको छ (यस अध्यायको खण्ड ३ लाई हेर्नुहोस्) । धर्मशास्त्रमा यसलाई अभिव्यक्त गर्ने शब्दहरू युक्यारिट्यो –(Eucharisteo) लुका २२:१९ र युलोजियो (Eulogeo) हुन् । मत्ती २६:२६ र १ कोरिन्थी १०:१६ ।

(ख) रोटी तोड्नु

यो क्रुसमा ख्रीष्टको शरीरको साङ्केतिक रूप हो र सबै प्रभुभोजमा समावेश हुनेहरू धेरै जमातमा एउटै ख्रीष्टलाई एउटै रोटीमा खाँदछन् । यो विशेष गरी प्रचारकहरूले व्यवस्थाको प्रत्येक विवरणमा उल्लेख गरेका छन् । मत्ती २६:२६; मर्कुस १४:२२; लुका २२:१९; १ कोरिन्थी ११:२४ । १ कोरिन्थी १०:१६ लाई हेर्नुहोस् । प्रेरित २:४२ मा सम्पूर्ण धार्मिक विधि यस तत्त्वको कार्यबाट नियुक्त गरिएको छ ।

(ग) तत्त्वहरूको वितरण र स्वागत

यो एक अत्यावश्यक धार्मिक विधिको अंश हो जसमा तत्त्वहरूको साझेदारी र प्राप्ति महत्त्वपूर्ण हुन्छ । सेवकले तत्त्वहरूलाई अभिषेक गरेपछि यो प्रक्रिया समाप्त हुँदैन । यो तब मात्र पूरा हुन्छ जब मानिसहरूले वास्तवमा तिनीहरूलाई प्राप्त गर्छन् र उपभोग गर्छन् । ख्रीष्ट भन्नुहुन्छ, "यो मेरो सम्झनामा गर ।" पावल भन्छन्; "किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ ।" लुका २२:१९; १ कोरिन्थी ११:२६ ।  ताकि धार्मिक विधिको मूल आशय खाने र पिउने कार्यमा निहित छ ।

२. यी खण्डहरूमा निन्दा गरिएका पाप सम्बन्धित त्रुटिहरू - (१) तिनीहरूको ट्रान्स सबस्ट्यान्टिएसनको वा पदार्थको रूपान्तरणको सिद्धान्त । काउन्सिल अफ ट्रेन्टले सिकाउँछ (सेसन १३, क्यानन १-४) कि रोटीको सम्पूर्ण पदार्थ शाब्दिक रूपमा नै शरीरमा परिवर्तन हुन्छ र दाखमद्यको सम्पूर्ण तत्त्व ख्रीष्टको शाब्दिक रगतमा परिवर्तन हुन्छ; ताकि जे उपस्थित छन् त्यो रोटी र दाखमद्यका दृश्यात्मक गुणहरू मात्र हुन् जुन हाम्रो प्रभुको वास्तविक शरीर र रगत, आत्मा र ईश्वरत्वका वास्तविक तत्त्वहरू हुन् । र यसरी उसलाई वस्तुगत रूपमा प्रस्तुत गरिएको छ र प्रत्येक प्राप्तकर्ता, विश्वासी र अविश्वासीले बेवास्तापूर्वक खाएको र

पिएको छ र यसरी, प्रभुभोज अघि र पछि दुवै, उहाँको वास्तविक शरीर र रगत, ईश्वरीय स्वभाव र मानवीय स्वभाव, एक भाँडामा बन्द गरिन्छन्, वरिपरि बोकिन्छन्, उचालिन्छन् र अन्य वस्तुहरू बिच पुजिन्छन् ।

जब अभिषेक गर्ने शब्दहरू बोलिन्छन् रोटी र दाखमद्यमा ख्रीष्टको वास्तविक शरीर र रगत यद्यपि अदृष्य भएपनि साँच्चै त्यसभित्र, त्यससँगै, रोटी र दाखमद्यमा उपस्थित हुन्छ भनि लुथरनहरूले विश्वास गर्छन् ।

यस सिद्धान्तको एक मात्र आधार भनेको हाम्रो प्रभुको वचन हो, "यो मेरो शरीर हो ।" तिनीहरूले "हो" भन्ने शब्दलाई शाब्दिक रूपमा लिन्छन्; सबै सुधारवाद मण्डलीहरूले यसको अर्थ "प्रतिनिधित्व," "साङ्केतिक" हुनुपर्छ भन्ने धारणा राख्छन् । यो धर्मशास्त्रमा बारम्बार प्रयोग गरिएको शब्द पनि हो । "ती सात वटा खुब सप्रेका मोटा-मोटा गाईहरू सात वर्ष र ती सात वटा असल बालाहरू पनि सात वर्ष नै हुन् । सपना एउटै हो । तिनका पछि-पछि आउने हड्डी र छाला मात्र भएका दुब्ला गाईहरू सात वर्ष हुन् र ती सात वटा पूर्वीय बतासले हानेका सेप्रा बालाहरू पनि अनिकालका सात वर्ष हुन् ।" उत्पत्ति ४१:२६-२७; इजकिएल ३७:११; दानिएल ७:२४; लुका १२:१; प्रकाश १:२० । यसबाहेक, जब हाम्रा प्रभुले यी शब्दहरू बोल्नुभयो र तिनीहरूलाई खानको लागि रोटी दिनुभयो, अनि उहाँ त्यहाँ तिनीहरू सँग-सँगै खाना बाँड्दै पूर्ण रूपमा र अविभाजित शारीरमा बसिरहनुभएको थियो ।

यो सिद्धान्त, त्यसोभए, गलत छ (क) किनभने यो धर्मशास्त्रमा सिकाइएको छैन । (ख) किनभने यसले चिन्हलाई यसले चिन्हित कुरासँग समान बनाएर धर्मिक विधिको विचारलाई नै भ्रमित गर्छ (ग) यसले हाम्रो इन्द्रियहरूलाई खण्डन गर्दछ किनभने हामीले रोटी र दाखमद्य देख्छौँ, सुघ्छौँ, स्वाद पाउँछौँ र महसुस गर्छौं तर शरीर र रगत कहिले पनि देख्दैनौँ, सुघ्दैनौँ, स्वाद पाउँदैनौँ वा महसुस पनि गर्दैनौँ । (घ) यसले तर्कको विरोध गर्दछ; तर्कले यो सिकाउँछ कि गुणहरू तब मात्र उपस्थिति हुन सक्छन् जब तिनीहरू कुनै तत्त्वको अंश हुन्छन् र कुनै पनि तत्त्वले यसको गुणबिना केही चिन्ह वा कार्य गर्न सक्दैन । तर यस सिद्धान्तले यो सुझाव दिन्छ कि रोटी र दाखमका गुणहरू कुनै पनि अन्तर्निहित पदार्थबिना रहन्छ र शरीर र रगतको तत्त्व कुनै गुण बिना नै रहन्छ । (ङ) यो बेअर्थको र असम्भव छ;

किनकि ख्रीष्टको महिमित शरीर अझै भौतिक रूपमा नै छ र त्यसैले सीमित छ र त्यसैले पृथ्वीमा सबै ठाउँहरूमा सर्वव्यापी छैन तर स्वर्गमा परमेश्वरको दाहिने हातमा उपस्थित छ ।

(२) मासको बलिदानको रूपमा उनीहरूको सिद्धान्त । काउन्सिल अफ ट्रेन्टले यो सिकाउँछ (सेसन २२, क्यानन १-३) कि युक्यारिष्ट (Eucharist) एकधार्मिक विधिर बलिदान हो । धार्मिक विधिको रूपमा एक व्यक्तिको आत्मा ख्रीष्टको वास्तविक शरीर, रगत, आत्मा र ईश्वरत्वको सेवन गरेर आत्मिक रूपमा पोषण पाउँछ जसलाई उसले वेफर खाए जसरी खान्छ । बलिदानको रूपमा, यो "परमेश्वरलाई अर्पण गरिएको ख्रीष्टको शरीर र रगतको बाहिरी बलिदान हो । जुन उहाँको सर्वोच्च प्रभुत्वको मान्यतामा रोटी र दाखमद्यको उपस्थिति अन्तर्गत एक विधिगत रूपमा नियुक्त गरिएको सेवकद्वारा मण्डलीद्वारा अनिवार्य गरिएको विशेष प्रार्थना र विधिहरूसहित त्यसलाई दृश्यात्मक बनाउँछ जसद्वारा परमेश्वरको आराधना र मण्डलीको आत्मिक वृद्धि गर्दछ ।"[1] यो क्रुसमा एउटा बलिदानको साङ्केतिक स्मरण मात्र होइन तर निरन्तर दोहोरिने वास्तविक यद्यपि रगतविहीन प्रायश्चित बलिदान, पापहरूको प्रायश्चित र परमेश्वरसँग मेलमिलापको लागि गरिने कार्य हो । (काउन्स ट्रेन्ट; सेस २२; क्यान ३) ।

यो सिद्धान्त गलत छ, किनभने- (क) यो धर्मशास्त्रमा कतै पनि सिकाइएको छैन । (ख) इसाई सेवकाइलाई कहिल्यै पूजाहारीको रूपमा बोलावट दिइएको छैन तर "शिक्षक" र " प्रशासकहरू" भनेर बोलावट दिइएको छ । (ग) क्रुसमा ख्रीष्टको त्यो एउटै बलिदान सिद्ध थियो र अरू कुनै आवश्यक छैन । हिब्रू ९:२५-२८; १०:१०-२७ (घ) एउटै व्यवस्था दुवै धार्मिक विधि र बलिदान हुनै सक्दैन ।

ख्रीष्टले भन्नुहुन्छ कि हामीले यसलाई खाएर र पिएर "उहाँको मृत्युको घोषणा गर्नु" र "उहाँको सम्झनामा यसको पालन गर्नुपर्छ ।" एउटै कार्यले विगतको बलिदानको स्मरणको रूपमा काम गर्न सक्दैन र आफैमा पापहरू प्रायश्चित गर्ने शक्तिको साथ एक स्वतन्त्र, प्रभावकारी बलिदान पनि हुन सक्दैन ।

(३) पोपलाई मान्नेहरूले यो विश्वास गर्छन् कि रोटी र दाखमद्यको सम्पूर्ण तत्त्व स्थायी रूपमा ख्रीष्टको शरीर, रगत, आत्मा र ईश्वरत्वमा परिवर्तन हुन्छ । त्यसैले कि जब अभिषेक शब्दहरू बोलिन्छ तब ती तत्त्वहरू रूपान्तरित हुन्छन् र

धार्मिक विधिको प्राथमिक उद्देश्य पूरा हुन्छ भनि तिनीहरू तर्क गर्छन् । तिनीहरूले त्यस वस्तुहरूलाई पिक्स भनिने भाडामा सावधानिपूर्वक राख्छन् र यसलाई श्रद्धाको लागि माथि उचाल्छन् र त्यसलाई जन्तिझैँ वरिपरि लैजान्छन् । यी अभ्यासहरूको वैधता ट्रान्सबस्टेन्टिएसनको सिद्धान्तमा निर्भर हुन्छ जुन पहिले नै खण्डन गरिएको थियो ।

(४) ट्रान्सबस्टेन्टिएसनको सिद्धान्तको स्थापनापछि, त्यहाँ प्रभुको पवित्र उपस्थितिको केही अंश रोटीको टुक्रा वा दाखमद्य फैलिएर बिग्रेने वा हराउने हो कि भन्ने स्वाभाविक चिन्ता उत्पन्न भयो । त्यसकारण रोटीलाई सानो वेफरको रूपमा तयार गरियो जुन आफै टुक्रिन सक्दैन र कचौरा पूजाहारीहरूमा सीमित गरेर सामान्यहरूलाई अस्वीकार गरिन्छ ।

मण्डलीका साधारण व्यक्तिहरूलाई आश्वस्त पार्न तिनीहरू यसरी सिकाउँछन् कि जसरी रगत शरीरमा हुन्छ, आत्मा शरीरमा हुन्छ र जसरी ईश्वरीयता ख्रीष्टको आत्मामा छ, ख्रीष्टको पूर्ण उपस्थिति-उहाँको शरीर, रगत, आत्मा र देवत्त्वसहित-रोटीको प्रत्येक टुक्रामा समान रूपमा उपस्थित हुन्छ । यसरी, जब कसैले रोटी खान्छ, तिनीहरूले ख्रीष्टको सम्पूर्णता प्राप्त गर्छन् । (काउन्सट्रेन्टसेस. २१; क्यानन १-३) ।

(५) रोमनवादीहरूमाझ प्रचलित यस धार्मिक विधिको धेरै दुरुपयोगहरूको विरोधमा हाम्रा स्तरहरू सुधारवाद मण्डलीहरूको प्रचलित निर्णयसँग समान छन् । यसले यो सिकाउँछ कि प्रभुभोज मुख्यतः सम्मिलनको एक रूप हो । यस कार्यमा विश्वासीहरूले एउटै रोटी र एउटै कचौराबाट सेवन गर्दै साझेदार भइकन ख्रीष्ट र एक-अर्कासँगको आफ्नो सङ्गतिलाई प्रस्तुत गर्दछन् ।

यो पछ्याउँछ कि यो प्रशासनमा उपस्थित नभएका व्यक्तिहरूलाई पठाइनु हुँदैन, न त स्वयंलाई मात्र कार्यकर्ता पूजाहारीद्वारा प्रशासित, विशेष अवस्थामा, तथापि, यो निजी घरहरूमा प्रशासित हुन सक्छ, लामो समयदेखि बिरामी परेका इसाईहरूको फाइदाको लागि, अध्यादेशको वास्तविक चरित्रलाई संरक्षण गर्न अधिकारीहरू र मण्डलीका पर्याप्त संख्यामा सदस्यहरू उपस्थित भएमा र मेलमिलाप ।

फलस्वरूप, यो दिइने समयमा शारीरिक रूपमा उपस्थित नभएका व्यक्तिहरूलाई प्रभुभोज दिन उपयुक्त हुँदैन । त्यसैगरी, कार्यरत पूजाहारीले मात्र यसमा खण्ड लिनु हुँदैन । यद्यपि, केही परिस्थितिहरूमा, जस्तै एउटा इसाई गम्भीर रूपमा बिरामी भएको छ र लामो समयसम्म घरमै बसिरहको छ भने यो त्यस व्यक्तिको घर गएर दिन भने सकिन्छ । अनि यस्तो अवस्थामा धार्मिक विधिको वास्तविक प्रकृतिलाई प्रभुभोजको रूपमा कायम राख्न मण्डलीका सेवकहरू र पर्याप्त संख्यामा मण्डलीका सदस्यहरू उपस्थित छन् भन्ने कुरालाई सुनिश्चित गर्न महत्त्वपूर्ण छ ।

**खण्ड - ७ योग्य प्रापकहरू, जब तिनीहरूले यस धार्मिक विधिमा दृश्यमान तत्त्वहरूमा बाहिरी रूपमा खण्ड लिन्छन् तब[566] भित्री विश्वासद्वारा, साँच्चै र पक्का गरी, यद्यपि शारीरिक वा शारीरिक रूपमा नभई आत्मिक रूपमा, क्रुसमा टाँगिनुभएको ख्रीष्टको मृत्युका सबै लाभहरूलाई प्राप्त गर्छन् र सेवन गर्छन् । त्यस समयमा ख्रीष्टको शरीर र रगत शारीरिक वा भौतिक रूपमा रोटी र दाखमद्यमा, भित्र वा साथ उपस्थित हुँदैन; तैपनि, वास्तवमा तर आध्यात्मिक रूपमा, त्यो अध्यादेशमा विश्वासीहरूको विश्वासको लागि प्रस्तुत गर्नुहोस्, यी तत्त्वहरू आफै तिनीहरूको बाह्य इन्द्रियहरूमा छन् । यद्यपि, तिनीहरू वास्तवमै आत्मिक अर्थमा त्यो पवित्र विधिमा विश्वास गर्नेहरूको विश्वासमा उपस्थित हुन्छन् जसै दृश्यमान तत्त्वहरू तिनीहरूको बाहिरी इन्द्रियहरूमा स्पष्ट छन् ।[567]**

**खण्ड - ८ यद्यपि अज्ञानी र दुष्ट मानिसहरूले यस धार्मिक विधिमा बाहिरी तत्त्वहरूलाई प्राप्त गरेता पनि, तिनीहरूले त्यसद्वारा चिन्हित गरिएको कुरालाई भने प्राप्त गर्दैनन् । तर तिनीहरूको अयोग्य रूपमा आउँदा प्रभुको शरीर र रगतको दोषी हुन्छन् र दण्डको भागिदार हुन्छन् । तसर्थ, ज्ञान र ईश्वरभक्तिको कमी भएका सबै उहाँसँग संगतिमा खण्ड लिन**

---

[566] १ कोरिन्थी ११:२८ ।
[567] १ कोरिन्थी १०:१६ ।

**उपयुक्त छैनन् र त्यसैले प्रभुको टेबुलमा खण्ड लिन अयोग्य मानिन्छन् । र यी पवित्र विधिहरूमा खण्ड लिनु[568] वा तिनीहरूलाई प्रवेश प्रदान गर्नु अज्ञानता र अधर्मको स्थितिमा रहनेहरूका लागि यो ख्रीष्टको विरूद्ध गम्भीर अपराध हो ।[569]**

यी खण्डहरूले प्रभुभोजमा चिन्ह र अनुग्रह बिच रहने सम्बन्धको रूपमा सुधारवाद सिद्धान्तलाई सिकाउँछन्, जुन धार्मिक विधिमा ख्रीष्टको उपस्थितिको प्रकृति र जसको फलस्वरूप यो लिन योग्यकाहरूलाई प्रभुको शरीर र रगतमा खुवाउने भनिएको छ, त्यस अर्थमा ती हुन् । यस सुधारवाद सिद्धान्तलाई निम्नानुसार वर्णन गर्न सकिन्छ:

१. रोटी र दाखमद्य–कुनै परिवर्तन बिना सधैँभरि रोटी र दाखमद्य नै रहिरहन्छ–जुन ईश्वरीय नियुक्तिद्वारा पापको बलिदानको रूपमा उद्धारकर्ताको शरीर र रगतको प्रतिनिधित्व गर्दछ । रोटी र दाखमद्य र शरीर र रगत बिचको सम्बन्ध विशुद्ध नैतिकवान् प्रतिनिधि हो ।

२. शरीर र रगत एक आत्मिक अर्थमा उपस्थित छन्, अर्थात् क्रुसमा उद्धारकर्ताको शरीरको बलिदानका गुणहरू र प्रभावहरू यसमा उपस्थित हुन्छन् र पवित्र आत्माको माध्यममार्फत योग्य प्राप्तकर्तालाई साँच्चै नै यो प्रदान गरिन्छ । पवित्र आत्माले आफ्नो सार्वभौम अभिप्राय अनुसार धार्मिक विधिलाई आफ्नो साधनको रूपमा प्रयोग गर्नुहुन्छ ।

३. जब यो भनिन्छ, जब विश्वासीहरूले ख्रीष्टको शरीर र रगतलाई ग्रहण गर्छन् र खान्छन्, यसको मतलब तिनीहरूले मुखले होइन तर विश्वासद्वारा, क्रुसमा ख्रीष्टको बलिदानको मृत्युबाट सुरक्षित भएका फाइदाहरू प्राप्त गर्छन् । कि ख्रीष्टलाई खुवाउने यो पूर्णतया आध्यात्मिक हो, पवित्र आत्माको स्वतन्त्र र सार्वभौम एजेन्सी मार्फत र साधनको माध्यमबाट र केवल विश्वासको अभ्यासमा पूरा हुन्छ; ताकि कुनै पनि हालतमा यो अविश्वासद्वारा गरिएको छैन ।

---

[568] १ कोरिन्थी ११:२७-२९; २ कोरिन्थी ६:१४-१६ ।

[569] १ कोरिन्थी ५:६, ७, १३; २ थेसलोनिकि ३:६, १४, १५; मत्ती ७:६ ।

त्यसैले, जब यो भनिन्छ कि विश्वासीहरूले ख्रीष्टको शरीर र रगत ग्रहण गर्छन् र सेवन गर्छन् यसले तिनीहरूले शारीरिक उपभोगद्वारा नभई विश्वासद्वारा क्रुसमा ख्रीष्टको बलिदानको मृत्युद्वारा पाएका आशिष्हरूलाई प्राप्त गर्ने सङ्केत गर्दछ । ख्रीष्टलाई सेवन गर्ने यो कार्य पूर्ण रूपमा आत्मिक हो जुन पवित्र आत्माको स्वैच्छिक र सार्वभौम कार्यद्वारा गरिन्छ र विश्वासको साधन अभ्यासद्वारा मार्फत मात्र यो हुन्छ । यो नोट गर्न महत्त्वपूर्ण छ कि अविश्वासीहरू यस प्रक्रियामा कहिल्यै संलग्न हुँदैनन् । तसर्थ, जब एक अविश्वासीले बाहिरी रूपमा चिन्हित तत्त्वहरूलाई आफ्नो मुखले लिन्छन् तर आफ्नो आत्मामा भित्री आत्मिक अनुग्रह प्राप्त गर्दैन, तिनीहरूले आफ्नो दण्डलाई मात्र बढाउँछन् र आफ्नो हृदयलाई यस कार्यद्वारा थप कठोर बनाउँछन् ।

तसर्थ, अविश्वासी भनेर चिनिने व्यक्तिहरू र जसको जीवनमा अविश्वास या त अज्ञानता वा भक्तिहिनता प्रकट भएको छ, ती सबैलाई तिनीहरूकै र मण्डलीको खातिर तिनीहरूको हृदयमा विश्वासको विश्वसनीय स्वीकारोक्ति नभईन्जेल प्रभुको टेबुलमा आउनबाट बन्देज गर्नुपर्छ ।

४. यसैले पनि यसको अर्थ यो हो कि फलस्वरूप विश्वासीहरूले समान रूपमा, अन्य समयमा ख्रीष्टको शरीर र रगतलाई धार्मिक विधि प्रयोग नगरी अनुग्रहका अन्य माध्यमहरूको प्रयोग गर्दै - जस्तै प्रार्थना गर्दै, वचनमा ध्यान दिँदै, इत्यादि जस्ता कार्यहरूद्वारा पनि पाउन र सेवन गर्न सक्छन् ।

## प्रश्नहरू

१. पहिलो खण्डमा कुन विषयहरू छलफल गरिएका छन् ?
२. यो धार्मिक विधि व्यक्तिगत रूपमा प्रभुद्वारा तुरुन्तै स्थापित गर्नु भएको प्रमाणहरू दिनुहोस् ।
३. ख्रीष्टको दोस्रो आगमन सम्म यो मण्डलीमा सधैँभरि पालन गर्न रचिएको थियो भन्ने कुराको प्रमाण दिनुहोस् ।
४. प्रभुभोजको बनावटको बारेमा हाम्रो स्तरहरूमा सिकाइएको पहिलो बुँदा के हो ?

५. यस बुदालाई केले समर्थन गर्दछ प्रमाण दिनुहोस् ।
६. यसको बनावटको बारेमा सिकाइएको दोस्रो बुँदा के हो ?
७. यस विचारधारा सही छ भनि प्रमाणित गर्नुहोस् ।
८. यस विधिको बनावट बारे सिकाइएको तेस्रो बुँदा के हो ?
९. सिकाइएको चौथो बुँदा के हो ?
१०. यस विचारधारा सही छ भनि प्रमाणित गर्नुहोस् ।
११. प्रभु भोजको बनावट बारे सिकाइएको पाँचौँ बुँदा के हो ?
१२. यस अध्यायको दोस्रो, तेस्रो, चौथो, पाँचौँ र छैठौँ खण्डमा दिइएको भनाईहरूलाई कुन रूपमा प्रस्तुत गरिएको छ ?
१३. प्रभुभोजको सन्दर्भमा त्यहाँ अस्वीकार गरिएका पाँच रोमन त्रुटिहरू के के हुन् ?
१४. साँचो सिद्धान्त अनुसार यस विधिका लागि आवश्यक तत्वहरू के हुन् ?
१५. कस्तो प्रकारको रोटी उपयुक्त हुन्छ र त्यसको कारण दिनुहोस् ।
१६. रोटी यस विधिको लागि आवश्यक छ भनेर प्रमाणित गर्नुहोस् र कारण प्रष्ट्याउनुहोस् ।
१७. प्रमाणित गर्नुहोस् कि "दाखमद्य" अङ्गरको नवकृत रस हो र यसको प्रयोग किन आवश्यक छ भन्ने कारण प्रष्ट्याउनुहोस् ।
१८. तत्त्वहरू कसरी पवित्र हुन्छन् र यसको प्रयोगमा त्यो शब्दको उद्देश्य के हो ?
१९. "रोटी तोड्नु" को चिन्ह कँहाबाट आएको हो ? अनि यो आवश्यक संस्कारात्मक कार्यहरू मध्ये एक हो भनि प्रमाणित गर्नुहोस् ।
२०. तत्त्वहरूको वितरण र प्रभुभोजमा खण्ड लिनेहरूले तिनीहरलाई स्वीकार्ने विधिको अभिन्न र आवश्यक खण्डहरू हुन् भनि प्रमाणित गर्नुहोस् ।
२१. ट्रान्ससब्सट्यानसुएसन "transubstantiation" शब्दको अर्थ के हो ?
२२. रोटी र दाखमद्य ख्रीष्टको शरिर, रगत, प्राण र ईश्वरिएता परिवर्तन हुने रोमन सिद्धान्तलाई बताउनुहोस् ।

२३. यस विषयमा लुथरन सिद्धान्त के हो र यो रोमन सिद्धान्तसँग कत्तिको सहमत छ र कत्तिको भिन्न छ ?

२४. यस सिद्धान्तको लागि तिनीहरूको एक मात्र बाइबलीय आधार के हो ?

२५. "यो मेरो शरीर हो" भन्ने व्यवस्थाको शब्दमा "हो" भन्ने शब्दको सही अर्थ के हो ? र आफ्नो जवाफलाई प्रमाणित गर्नुहोस् ।

२६. यो सिद्धान्त धर्मशास्त्रले समर्थन गरेको छैन भनी देखाउनुहोस् र यसले इन्द्रिय र तर्कलाई कसरी विरोध गर्दछ देखाउनुहोस् ।

२७. यो किन बेअर्थको र असम्भव छ भनेर देखाउनुहोस् ।

२८. तिनीहरूले युकेरिस्टको दोहोरो चरित्रको बारेमा के भिन्नता राख्छन् ?

२९. मासको बलिदानको बारेमा तिनीहरूको सिद्धान्त के हो ?

३०. यो सिद्धान्त मौलिक रूपमानै गलत र हानिकारक छ भनेर प्रमाणित गर्नुहोस् ।

३१. प्रभुभोजको टेबुललाई वेदी र सेवकहरूलाई पुजारी भन्नमा के गम्भीर आपत्तिहरू छन् ?

३२. तत्त्वहरूको वितरण र ग्रहण यस विधिको अत्यावश्यक अङ्ग होइन भनेर रोमनवादीहरू किन मान्छन् र तिनीहरूले पवित्र तत्त्वहरूलाई कसरी व्यवहार गर्छन् ?

३३. तिनीहरूले किन सर्वसाधारणलाई कचौराबाट बन्देज गर्छन् र के आधारमा तिनीहरूले विधिको लागि कचौरा रोटी जति आवश्यक छैन भनि दाबी गर्छन् ?

३४. यी खण्डहरूमा निजी पापवादी र रितीवादी प्रभुभोजको बारेमा के त्रुटिको विरोध गरिएको छ र कुन आधारमा विरोध गरिएको छ ?

३५. कुन परिस्थितिमा र कुन तरिकामा निजी घरहरूमा प्रभुभोजको उचित व्यवस्थापन गर्न सकिन्छ ?

३६. यस अध्यायको सातौँ र आठौँ खण्डमा के-कस्ता विषयहरू छलफल गरिएको छ ?

३७. पहिलो प्रस्ताव के सिकाइन्छ ?

३८. चिन्ह र अनुग्रहको बिचमा रहेको सम्बन्धको वास्तविक प्रकृति के हो ?

३९. कुन अर्थमा ख्रीष्टको शरीर र रगत धार्मिक विधिमा उपस्थित छन् ?

४०. कुन अर्थमा विश्वासीलाई "ख्रीष्टको शरीर र रगत" लाई सेवन गर्ने भनिएको छ ?

४१. कसको माध्यमले यो एक्लै पूरा गरेको हो ?

४२. पवित्र आत्माको धार्मिक विधिसँग के सम्बन्ध छ र यसद्वारा के आशिष् मिल्दछ ?

४३. प्राप्तकर्ताको विश्वासले प्रतिनिधित्व गर्ने र दिइएको आशिष्सँग कसरी सम्बन्धित छ ?

४४. यो विधिको अविश्वासी प्रति कस्तो असर छ ?

४५. यस सन्दर्भमा अज्ञानी वा अयोग्य भनेर चिनिनेहरूलाई कसरी व्यवहार गरिन्छ ?

४६. के विश्वासीहरूले धार्मिक विधिको प्रयोग बिना नै समान किसिमको अनुग्रह प्राप्त गर्छन् र कसरी ?

# अध्याय ३०
# (CHAPTER XXX)
# मण्डली अनुशासनहरूका बारेमा
# (OF CHURCH CENSURES)

**खण्ड - १ प्रभु येशु, जो उहाँको मण्डलीको राजा र अगुवा हुनुहुन्छ, उहाँले यसभित्र नेतृत्त्वको प्रणाली स्थापना गर्नुभएको छ जुन उहाँले मण्डलीका सेवकहरूलाई दिनुभएको छ । यो नेतृत्त्वमा जनप्रतिनिधिको रूपमा नेतृत्त्वमा गर्ने तरिका भन्दा भिन्न छ ।**[570]

पुरानो युगका सबै राज्यद्वारा सन्चालित मण्डलीहरूमा व्यावहारिक रूपमा अंगालिएको सिद्धान्त इरास्टियनवादमा) Erastianism( निम्न तत्त्वहरू समावेश छन्: १. यी सामान्य कार्यहरू पूरा गर्नका लागि मण्डली राज्यको एउटा अङ्ग हो र फलस्वरूप राज्य भन्दा स्वतन्त्र मण्डलीको कुनै नेतृत्त्वको प्रणाली छैन । तर यसको सेवकहरू, यसका व्यवस्थाहरू र ति कुराहरूका प्रशासन देखि लिएर सबै कुराहरू नागरिक सरकारको अधिनमा छन् । २. राज्यका सबै मानिसहरू स्वतः मण्डलीका सदस्य मानिन्छन् र यसका सबै धार्मिक विधिहरूका हकदार मानिन्छन् । ३. मण्डलीका सेवकहरूको कर्तव्य र विशेषाधिकारहरूमा केवल धार्मिक विधिहरू सिकाउने र सन्चालन गर्ने समावेश छन् र तिनीहरूले अनुशासन लागु गर्ने अधिकार समावेश गर्दैनन्, किनकि यस दृष्टिकोणका अनुसार विश्वास गर्दछ कि कसैलाई मण्डलीको धार्मिक विधिहरूबाट बहिष्कृत गर्नु भनेको नागरिकको हैसियतमा उसलाई उसको नागरिक अधिकारहरू अस्वीकार गर्नु हो ।

यस सिद्धान्तको विपरीत, यस खण्डमा हाम्रो स्वीकारोक्ति यी कुराहरू सिकाउँछः

---

[570] यशैया ४:६, ७; १ तिमोथी ५:१७; १ थेसलोनिकि ५:१२; प्रेरित २०:१७-१८; हिब्रु १३:७, १७, २४; १ कोरिन्थी १२:२८; मत्ती २८:१८-२० ।

१. हाम्रा प्रभु येशु ख्रीष्ट, मध्यस्थकर्ता र राजाको रूपमा, उहाँले मणडलीको लागि नेतृत्त्व प्रणाली स्थापना गर्नुभएको छ ।

२. यो मण्डलीको नेतृत्त्व प्रणाली सबै हिसाबले जनसरकार भन्दा फरक छ ।

१. ख्रीष्ट जो परमेश्वर र मानव दुवै हुनुहुन्छ, मध्यस्थ राजाको रूपमा, उहाँका प्रेरणा पाएका प्रेरितहरू र तिनीहरूका लेखहरूद्वारा उहाँको मण्डलीको लागि नेतृत्त्व प्रणाली नियुक्त गर्नुभयो र उहाँको प्रबन्ध र आत्माद्वारा कृपा पूर्वक समयको अन्त्यसम्म यसको व्यवस्थापन जारी राख्नुहुनेछ । यसैले मण्डली एक ईश्वर-शासित राज्य हो । सबै अधिकार र शक्ति उच्च स्रोतबाट तल आउँछन् तर माथि जाँदैन । पास्टर र एल्डरहरूले परमेश्वरको नाममा सिकाउँछन् र अगुवाई गर्छन्, मानिसको नाममा होइन । सेवकले भिर्ने र काम गर्ने अधिकार ख्रीष्टको आज्ञाबाट आउँछ, मण्डलीबाट होइन । मण्डलीले मात्र यस आज्ञाको वास्तविकताको साक्षी दिन्छ र

यसको वाहकद्वारा विश्वासनीय रूपमा यसलाई शिरोपर गरेको छ या छैन हेर्छ । त्यसैले मण्डली सेवकहरूको सबै शक्ति या त तिनीहरूको धेरै वा सामूहिक क्षमतामा, सेवकाइ सम्बन्धि र घोषणात्मक हुन्छ ।

त्यसकारण, मण्डलीका सेवकहरूको सबै शक्ति, चाहे व्यक्तिगत क्षमतामा होस् वा सामूहिक क्षमतामा होस्, यो सेवकाई र घोषणात्मक प्रकृतिको हुन्छ ।

तिनीहरूले केवल ख्रीष्टले उहाँको इच्छा र उहाँको नाममा सिकाउनुभएको कुरालाई परिभाषित गर्नुपर्छ, त्यस शिक्षालाई सबै मानिसहरूमा पुऱ्याउनुपर्छ र उहाँले दिनुभएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नुपर्छ र उहाँले तोक्नुभएको सजायहरूलाई लागु गर्नुपर्छ ।

२. ख्रीष्टले स्थापना गर्नुभएको मण्डलीको यो ईश्वर-शासित नेतृत्त्व प्रणाली जनसरकारबाट पूर्ण रूपमा स्वतन्त्र छ । दुईवटा स्वतन्त्र नेतृत्त्वहरूले एकै समयमा एउटै व्यक्तिहरूमा निरन्तर टक्कर बिना कार्यक्षेत्राधिकार प्रयोग गर्न सक्छन् भन्ने विश्वास गर्न युरोपमा धेरै मानिसहरूलाई गाह्रो थियो । यद्यपि, बेलायतका असहमत समूहहरू र स्वतन्त्र मण्डलीहरू साथै अमेरिकाका सबै मण्डलीहरूको अनुभवले प्रचुर मात्रामा प्रमाणित गर्छ कि मण्डली र राज्य दुवै आफ्नो जिम्मेवारी क्षेत्रहरूमा सीमित रहँदा हस्तक्षेपको कुनै जोखिम हुँदैन ।

मण्डलीको नेतृत्त्व प्रणालीको अख्तियार अन्तरगत रहेका व्यक्तिहरू राज्य सरकारको अख्तियार अन्तरगत पनि छन् ।

तर दुवैको अन्त्य, कानुन, विधि र प्रतिबन्ध यति फरक छन् कि एकले कहिल्यै हस्तक्षेप गर्न सक्दैन र रंगका तरंगहरूले ध्वनिको कम्पनमा हस्तक्षेप गर्न सक्छ । तर यी दुईका उद्देश्य, नियम, विधि र प्रतिबन्धहरू यति फरक छन् कि जसरी रंगका लहरहरूले ध्वनिका स्पन्दनहरूमा हस्तक्षेप गर्न सक्दैनन्, त्यसरी तिनीहरू एक-अर्कालाई कहिल्यै हस्तक्षेप गर्न सक्दैनन् ।

इरास्टियनहरू बाहेक अधिकांश इसाईहरू, यस खण्डमा यहाँ उल्लेख गरिएका दुई सिद्धान्तहरूसँग सहमत भएता पनि यो शक्ति धारण गर्न र उहाँका योजनाहरू पूरा गर्न ख्रीष्टद्वारा चुनिएका मानव माध्यमहरू जसलाई उहाँले आफ्नो उपकरणको रूपमा प्रयोग गर्नुहुन्छ त्यस सन्दर्भमा भने तिनीहरूको विचारहरू फरक छन् । यस विषयमा चारवटा आमूल भिन्न सिद्धान्तहरू छन्: (१) पोप सम्बन्धि सिद्धान्तले जब ख्रीष्ट, प्रेरितहरू र विश्वासीहरू पृथ्वीमा हुनुहुनथ्यो, उहाँहरूले मण्डली स्थापना गर्नुभयो र यो व्यवस्था सदाकाल रहनको लागि बनाइएको थियो भन्ने मान्छन् । हाम्रा प्रभुको स्वर्गारोहण पछि, पत्रुस उहाँको प्रतिनिधि vicar बने र मण्डलीको दृश्यमान प्रमुखको रूपमा आफ्नो स्थान लिए ।

विश्वव्यापी बिशपको रूपमा पत्रुसको यो प्रधानता उनी पछिको उत्तराधिकारीहरू, रोमका विशपहरूमा जारी छ र प्रेरित हुने भूमिका prelates प्रिलेटको भनिने अगुवापनको क्रमहरू मार्फत जारी छ । प्राचीन मण्डलीमा जो ख्रीष्टको र प्रेरितहरूको अधीनमा थिएनन् ति कोही पनि इसाई हुन सक्दैन थियो, त्यसरी नै अब जो कोहि पोपको र प्रिलेटको अधीनमा हुदैनन् ति कोही पनि इसाई हुन सक्दैनन् । यो मण्डलीको रोमन सिद्धान्त हो: ख्रीष्टको एक भिकार (प्रतिनिधि), एउटा

प्रेरितहरूको रहिरहेको समूह र ति मानिसहरू जो तिनीहरूको गल्ति रहित नियन्त्रणको अधीनमा छन् ।

(२) प्रीलेटिकल Prelatical सिद्धान्तले विश्वास गर्छ कि प्रेरितहरूको अधिकार मण्डलीमा अनिश्चित कालसम्म जारी रहन्छ जसमा साँचो धर्मको दाबी

गर्ने र प्रेरित-विशपहरूको अधीनमा रहेनेहरू यसमा समावेश हुन्छन् । यो सिद्धान्तको एङ्गलिकन वा उच्च मण्डलीको रूप हो । यसको साना मण्डलीको रूपमा प्रीलेटिकल सिद्धान्तले मात्र सिकाउँछ कि विगतमा सेवकाईमा अगुवापनको तीन स्तरहरू थिए र यी स्तरहरू आज पनि रहिरहनुपर्छ । यद्यपि, व्यवस्थाको यो तरिका आवश्यक छ भनेर दावी गर्दैन ।

(३) स्वतन्त्र वा सामूहिक मण्डलीको सिद्धान्तले दुईवटा सिद्धान्तहरू समावेश गर्दछ: पहिलो, मण्डलीमा अख्तियारी र कार्यकारी शक्ति भ्रातृत्त्वमा हुन्छ । र दोस्रो, मण्डली संघको आराधकहरूको प्रत्येक भेला जुन एक अर्काबाट स्वतन्त्र छ त्यसबाट पूर्ण हुन्छ ।

(४) चौथो सिद्धान्त प्रेस्बिटेरियन हो । यसमा निम्न सकारात्मक भनाईहरू समावेश छन्:

(क) मण्डलीको नेतृत्त्वमा मानिसहरूले खण्ड लिने मौलिक अधिकार छ । (ख) प्रेस्बिटरहरू, जसले वचन र सिद्धान्तमा परिश्रम गर्छन्, उनीहरू मण्डलीका सर्वोच्च स्थायी सेवकहरू हुन् र सबै एउटै क्रमका हुन् । (ग) बाहिरी र दृष्यमान मण्डली भनेको एक हो । र सानो खण्ड ठुलोको अधीनमा छ र ठुलो सम्पूर्णको अधीनमा छ भन्ने यस अर्थमा यो एकै हुनुपर्छ । प्रेस्बिटेरियन हुनु भनेको यी मध्ये कुनै एउटा सिद्धान्तमा विश्वास गर्नु मात्र होइन; यो ती सबैलाई अँगाल्ने बारे हो ।

वास्तवमा ख्रीष्टले सम्पूर्ण रूपमा मण्डलीमा सबै मण्डलीको शक्ति निहित गर्नुभएको छ, यसका कुनै पनि सदस्यलाई बहिष्कृत गरिएको छैन तर मण्डलीमा भने होइन । एक भीड तर सदस्यहरू, तिनीहरूका प्रतिनिधि शासक एल्डरहरू र मन्त्रिहरू वा विशपहरू मिलेर एक संगठित निकायको रूपमा ।

ख्रीष्टले वास्तवमा कसैलाई पनि नछोडिकन सम्पूर्ण मण्डलीलाई सबै धार्मिक अख्तियार दिनुभएको छ । यद्यपि, यो अधिकार मण्डली जो अव्यवस्थित समूहको झैँ छ त्यसको लागि नभएर संरचित शरीरको रूपमा जसमा सदस्यहरू, उनीहरूलाई प्रतिनिधित्व गर्ने नेतृत्त्वमा रहेका एल्डरहरू, सेवकहरू वा विशपहरू मिलेर बनेको छ त्यसको लागि हो ।

एल्डरहरू वा विशपहरू प्रेरितहरूद्वारा नियुक्त भएका थिए जो मण्डलीमा सधैँ निरन्तर रूपमा भइरहेका छन् र मण्डलीमा सेवकहरूको उच्चतम वर्गको

रूपमा स्थिर हुनका लागि स्थापना गरिएको थियो । १ तमोथी ३:१; एफेसी ४:११-१२ । त्यसैले मण्डलीको सबै शक्ति सेवकहरू र सामान्यहरू बिच साझा गरिएको छ ।

"नेतत्त्वमा रहेका एल्डरहरू उचित रूपमा मानिसहरूद्वारा चुनिएका प्रतिनिधिहरू हुन् । उनीहरूले एल्डरहरूलाई पास्टर वा सेवकहरूसँगको संयोजनमा नेतत्त्व र अनुशासनको अभ्यास गर्ने उद्देश्यका लागि चुनिएका हुन् ।"[1] "त्यसैले हाम्रा नेतृत्त्वका एल्डरहरूले प्रयोग गर्ने अधिकार मण्डलीका नियमित सदस्यहरूको अधिकार हो । तिनीहरूलाई मण्डलीको नेतृत्त्वमा तिनीहरूको खातिर काम गर्नका लागि तिनीहरूले चुनेका हुन् । प्रतिनिधि भनेको अरूले उनीहरूको खातिर आफूले गर्नु पर्ने काम गर्नका लागि चुनेको व्यक्ति हो । वा अर्को शब्दमा भन्नु पर्दा, उनीहरूलाई मौलिक रूपमा उनीहरूले प्रतिनिधित्व गर्ने मानिसहरूसँग सम्बन्धित शक्तिहरू सञ्चालन गर्ने अधिकार दिइएको छ । उदाहरणका लागि, राज्य व्यवस्थापनका वा संसदका सदस्यहरूले उनीहरूले प्रतिनिधित्व गर्ने जनतामा निहित अख्तियारीलाई मात्र प्रयोग गर्न सक्छन् ।"[1]

**खण्ड- २ यी सेवकहरूलाई स्वर्गको राज्यको साँचो सुम्पिएको छ । यसको मतलब तिनीहरूसँग पापहरू क्षमा गर्ने र जवाफदेही बनाउने अधिकार छ । तिनीहरूले वचन र अनुशासन दुवै प्रयोग गरेर पश्चात्ताप नगर्नेहरूका लागि स्वर्गका ढोकाहरू बन्द गर्न सक्छन् । तिनीहरूले पश्चात्ताप गर्नेहरूका लागि सुसमाचारको प्रचार गरेर र आवश्यकता परे अनुशासनहरूबाट व्यक्तिहरूलाई मुक्त गरेर स्वर्गको बाटो पनि खोल्न सक्छन् ।[571]**

**खण्ड - ३ मण्डलीको अनुशासन यी कुराहरूका लागि आवश्यक छन्, गल्ती गरेका भाइहरूको पुन: दावी गर्न र फिर्ता ल्याउन, अरूलाई यस्तै गलत कामहरू गर्नबाट निरुत्साहित गर्न, त्यो सम्पूर्ण समुदायलाई संक्रमित**

---

[571] मत्ती १६:१९; १८:१७, १८; यहुन्ना २०:२१-२३; २ कोरिन्थी २:६-८ ।

**गर्न सक्ने खराब प्रभावहरू हटाउँन, ख्रीष्टको सम्मान र सुसमाचारको पवित्र विश्वासको रक्षा गर्न र परमेश्वरको धार्मिक क्रोधबाट जोगिन जुन मण्डलीमा न्यायसंगत रूपमा पर्न सक्छ यदि तिनीहरूले आफ्नो करार र यसका पवित्र प्रतीकहरूलाई निरन्तर र खुला रूपमा बदनाम र जिद्दी मानिसहरूद्वारा अपवित्र र अवहेलना गर्न दिए भने ।[572]**

**खण्ड - ४ यी लक्ष्यहरूलाई अझ प्रभावकारी रूपमा प्राप्त गर्न मण्डलीका अगुवाहरूले यी चरणहरू पालना गर्नुपर्छ: तिनीहरूले चेतावनी दिनु पर्छ; केही समय प्रभुभोजमा खण्ड लिनबाट रोक्नु पर्छ र यदि आवश्यक भएमा त्यस व्यक्तिलाई मण्डलीबाट निष्कासन गर्नुपर्छ । गरिएको कारबाहीको गम्भीरता अपराधको गम्भीरता र व्यक्तिको गल्ती अनुसारको हुनुपर्छ ।[573]**

यी खण्डहरूले यी कुराहरू सिकाउँछन् -

१. यसले सदस्यहरूलाई स्वीकार वा अस्वीकार गर्न र उनीहरूलाई अनुशासनमा राख्नका लागि मण्डलीलाई दिइएको अधिकार र दायरासँग सम्बन्धित छ ।

२. यस अनुशासनको उद्देश्यको बारेमा ।

३. कसको माध्यमबाट यो लागु हुनुपर्छ ।

१. मण्डली भित्रका सबै अख्तियारहरू यस विशेष भूमिकाको लागि सदस्यहरूद्वारा स्वतन्त्र रूपमा चयन गरिएका माथि उल्लेख गरिएका सेवकहरू मार्फत व्यवस्थित रूपमा प्रयोग गरिनुपर्छ र यो  यी कुराहरूसँग सम्बन्धित छन्" (१) सिद्धान्तका मामिलाहरूमा । उनीसँग (मण्डली) उनले विश्वास गर्ने सत्यताहरूलाई सार्वजनिक रूपमा घोषणा गर्ने अधिकार छ र यसलाई उनको सङ्गतीमा प्रवेश गर्ने सबैद्वारा स्वीकार गर्नुपर्छ । यसको मतलब, उनीसँग सत्यको गवाही र त्रुटिको विरोधको रूपमा आफ्नो आस्था वा विश्वासको स्वीकारोक्तिलाई निर्माण गर्ने अधिकार छ । र उनलाई सबै राष्ट्रका मानिसहरूलाई सिकाउने

[572] १ कोरिन्थी ५; १ तिमोथी ५:२०; मत्ती ७:६; १ तिमोथी १:२०; १ कोरिन्थी ११: २७-३४, यहुदा २३ ।
[573] १ थेसलोनिकि ५:१२; २ थेसलोनिकि ३:६, १४, १५; १ कोरिन्थी ५:४, ५, १३; मत्ती १८:१७; तीतस ३:१० ।

जिम्मेवारी दिइएको हुनाले ऊसँग शिक्षक छनोट गर्ने, तिनीहरूको योग्यताको मूल्याङ्कन गर्ने, आधिकारिक रूपमा नियुक्ति गर्ने र कार्यमा पठाउने र तिनीहरू अविश्वासी साबित भए आवश्यक परेमा तिनीहरूलाई फिर्ता ल्याउने र तिनीहरूको भूमिकाबाट हटाउने अधिकार पनि छ । (२) मण्डलीसँग सार्वजनिक आरधना व्यवस्था गर्नको लागि नियमहरू नियुक्त गर्ने अधिकार छ । (३) उनीसँग आफ्नै नेतृत्त्व प्रणालीका लागि नियमहरू बनाउने अधिकार छ । जस्तै हरेक मण्डलीको अनुशासन, व्यवस्था वा क्यानन्स आदि आफ्नै पुस्तकमा पाइन्छ । (४) उनीसँग संगतीमा प्राप्त गर्ने र अयोग्यहरूलाई आफ्नै सम्मिलनबाट बहिष्कार गर्ने अधिकार छ ।"

यो अन्तिम अधिकार प्रायः "साचाँहरूको अधिकार" भनेर चिनिन्छ । यसको अर्थ मण्डलीलाई नियन्त्रण र व्यवस्थापन गर्ने, महत्त्वपूर्ण धार्मिक समारोहहरूमा खण्ड लिन अनुमति दिन वा निषेध गर्ने र विश्वासका केही पक्षहरूमा पहुँचलाई अनुमति दिन वा अस्वीकार गर्ने क्षमता हुनु हो । मत्ती १६:.१९ । दुई निर्विवाद सत्यहरूलाई विचार गर्दैः (क) पापहरू क्षमा गर्नु परमेश्वर र ख्रीष्टको एक विशेष गुण हो । (ख) परमेश्वरले मानिसहरूको कुनै समूहलाई राम्रो र नराम्रो बिच मा पूर्ण रूपमा छुट्याउन सक्ने क्षमता प्रदान गर्नुभएको छैन – यसको अर्थ मत्ती १६:१९ र यस अध्यायको दोस्रो खण्डमा उल्लेख गरिएझैँ मण्डली खोल्ने र बन्द गर्ने, बाँध्ने र खोल्ने अधिकार सेवाकाइ र घोषणा गर्ने उद्देश्यका लागि मात्र हो । मण्डलीका अनुशासनहरूले सामान्य रूपमा भन्नु पर्दा उनीहरूको बुझाइको आधारमा मण्डलीका सेवकहरू प्रतिको मान्यतामा रहेर यस विषयमा ख्रीष्टको मन र इच्छाको बुझाइ के हो भनेर व्यक्त गर्ने घोषणा गर्दछ । र तब मात्र यी अनुशासनहरूले प्रत्यक्ष बाध्यकारी प्रभाव पार्छ जब दृश्यमान मण्डलीसँग अनुशासनमा रहेको व्यक्ति सम्बन्धित हुन्छ । यी अनुशासनहरूले अनुशासन राखिएको व्यक्तिको परमेश्वर र ख्रीष्ट बिचको सम्बन्धलाई तब सम्म प्रभाव पार्न सक्छ जबसम्म तिनीहरूले यस विषयमा ख्रीष्टको इच्छालाई प्रतिनिधित्व गर्छन् । र तिनीहरूले त्यसो गरेका कारण

2. मण्डली अनुशासनको अन्त्य घोषणा गरिएको छ । (१) मण्डलीको शुद्धता, र यसैले परमेश्वरको महिमा र अनुमोदन । (2) गल्ती गर्ने भाइको पुन: प्राप्ति । (३)

अरूलाई जस्तै पापबाट रोक्नको लागि उदाहरणको बल । (४) सिद्धान्तको लागि धार्मिकता र निष्ठाको प्रदर्शनी बिना संसारमा प्रस्तुत ।

मण्डली अनुशासनका उद्देश्यहरू यी कुराहरूका लागि घोषणा गरिएको छन्: (१) मण्डलीको शुद्धता कायम राख्न जसले गर्दा परमेश्वरको महिमा र अनुमोदनलाई प्रतिबिम्बित हुन्छ । (२) गल्ती गर्ने भाइलाई सुधार गर्न । (३) अरूलाई यस्ता पापहरू गर्नबाट निरुत्साहित गर्ने उदाहरण दिन । (४) बाहिरी संसारमा प्रकट गर्ने सिद्धान्तहरूमा धार्मिकता र वफादारी प्रदर्शन गर्न ।

३. यी सबै लक्ष्यहरू अझ राम्रो प्राप्त गर्न, जसको लागि अनुशासन बनाइएको हो, मण्डली सेवकहरूले -

(१) अनुशासन लागु गर्न व्यवस्थित क्रमको पालना गर्दै उनीहरूको चरित्र अनुसार नैतिक मार्गदर्शनको साथ सुरु गरी पूर्ण रूपमा बहिष्कार गर्न भन्दा अघि, ती व्यक्तिहरूलाई सुधार गर्ने सबै उपलब्ध विधिहरू प्रयोग गर्नुपर्छ । सबै परिस्थितिहरूमा प्रक्रियाको उचित विधि "अनुशासनको पुस्तक" मा स्पष्ट रूपमा बताइएको छ, जुन हाम्रो मण्डलीको विश्वासको स्वीकारोक्तिको खण्ड हो ।

त्यहाँ अनुशासनका क्रमिक चरणहरू बताइइकाछन् - (१) व्यक्तिगत सल्लाह, (२) सार्वजनिक चेतावनी, (३) निलम्बन, (४) बहिष्कार ।

(२) अनुशासन बुद्धिमानी र न्यायसंगत रूपमा "पापको प्रकृति र व्यक्तिको कमजोरी" अनुसार हुनुपर्छ ।

## प्रश्नहरू

१. राज्य द्वारा सञ्चालीत मण्डलीको सम्बन्धको इरास्टियन सिद्धान्तमा समावेश भएको पहिलो बुँदा के हो ?

२. दोस्रो बुँदामा के समावेश छ ?

३. तेस्रो के हो ?

४. यस अध्यायको पहिलो खण्डमा ईश्वर निन्दाको विरूद्ध सिकाइएको पहिलो बुँदा के हो ?

५. त्यहाँ सिकाइएको दोस्रो बुँदा के हो ?

६. सबै मण्डलीको अधिकारको स्रोत के हो ?
७. त्यसोभए, मानव माध्यमले प्रयोग गर्ने सबै मण्डली अधिकारको स्वभाव के हो ?
८. मण्डलीले स्वतन्त्र रूपमा शासन गर्ने विचारले युरोपका मानिसहरूलाई किन सधैँ असहज र शङ्कास्पद बनायो ?
९. यो असहजतालाई कसरी आधारहिन देखाइएको छ ?
१०. किन र कुन अवस्थामा, नेतृत्त्वका दुई तहहरू बिच हस्तक्षेपको खतरा छैन ? र त्यसलाई सुनिश्चित गर्ने अवस्था के छ ?
११. ख्रीष्टले यो अधिकार दिनुभएको मानव माध्यमहरूको यस सम्बन्धमा कस्तो मतभेद छ ?
१२. पोप सम्बन्धि सिद्धान्तका मुख्य के हुन् तत्त्वहरू बताउनुहोस् ।
१३. प्रीलेटिकल सिद्धान्तका मुख्य तत्त्वहरू के हुन् बताउनुहोस् ।
१४. सामूहिक वा स्वतन्त्र सिद्धान्तको सन्दर्भमा पनि त्यस्तै गर्नुहोस् ।
१५. प्रेस्बिटेरियनवाद सिद्धान्तको सन्दर्भमा पनि त्यस्तै गर्नुहोस् ।
१६. मण्डली सेवकहरूको दुई क्रमहरू के के हुन् जसप्रति मण्डलीको नेतृत्त्व प्रतिबद्ध छ ?
१७. एल्डरहरू वा विशपहरू भनेको के हो ?
१८. नेतृत्त्वमा रहेका एल्डरहरूको सेवकाईको चरित्र कस्तो हुन्छ ?
१९. तिनीहरूले कसलाई प्रतिनिधित्व गर्छन् र कुन-कुन पक्षहरूले तिनीहरू मार्फत आफ्नो अन्तर्निहित अधिकारहरू प्रयोग गर्छन् ?
२०. दोस्रो, तेस्रो र चौथो खण्डमा उल्लेख गरिएका तीनवटा विषयहरू के हुन् ?
२१. मण्डलीको सम्पूर्ण अधिकार कसरी प्रयोग गरिनुपर्छ ?
२२. मण्डलीको अधिकारको पहिलो प्रमुख कार्य कुन हो ?
२३. दोस्रो कार्य के हो ?
२४. तेस्रो के हो ?
२५. चौथो के हो ?
२६. अनुशासनको अधिकारलाई के भनिन्छ ?

२७. यो केवल सेवकाई सम्बन्धि र घोषणात्मक हो भन्नुको अर्थ के हो ?

२८. यो त्यस्तै हो भनि प्रमाणित गर्नुहोस् ।

२९. मण्डलीको अनुशासनलाई प्रभाव पार्नको लागि बनाइएका विभिन्न पक्षहरू के के हुन् बताउनुहोस् ।

३०. अनुशासनको उचित लागु गर्ने कार्यमा ध्यान दिनु पर्ने पहिलो कुरा के हो ?

३१. प्रेरस्बिटेरियन मण्डलीमा अनुशासन नियमन गर्ने नियमहरू कहाँ दिइएका छन् ?

३२. ध्यान दिनुपर्ने दोस्रो कुरा के हो ?

[१] "प्रेरस्बिटेरियनवाद भनेको के हो ?" रेभ. सी. होज, डीडी: प्रेस । बोर्ड अफ पब ।

[२] "नेतृत्त्वको रूप," अध्याय ३; खण्ड २; अध्याय ५ ।

[३] "प्रेरस्बिटेरियनवाद भनेको के हो ?" रेभ. सी. होज, डी.डी.

# अध्याय ३१
# (CHAPTER XXXI)

# धार्मिक सभा र परिषद्हरूका बारेमा
# (OF SYNODS AND COUNCILS)

**खण्ड - १ राम्रो नेतृत्त्व र मण्डलीको थप सुधारको लागि त्यस्ता सम्मेलनहरू गर्नुपर्छ जसलाई सामान्यतया धार्मिक सभा वा परिषद्हरू भनिन्छ ।[574] अनि यस्ता सम्मेलनहरूको आयोजना गर्नु मण्डलीहरूका निरीक्षकहरू र अन्य अगुवाहरूको कर्तव्य हो । तिनीहरूले आफ्नो सेवकाइको भूमिकामा रहेर विनाश गर्ने नभई निर्माण गर्ने र ख्रीष्टले तिनीहरूलाई दिनुभएको अख्तियारीको आधारमा रहेर यी सभाहरू आयोजना गर्नुपर्छ[575] र तिनीहरूले जति पटक मण्डलीको लाभको लागि यो उपयुक्त ठान्छन् त्यति नै पटक एक साथ यसमा सामेल हुनुपर्छ ।[576]**

सम्पूर्ण मण्डलीको अधिकार ख्रीष्टद्वारा सम्पूर्ण रूपमा मण्डलीमा निहित छ भन्ने कुरा हामीले पछिल्लो अध्यायमा देख्यौँ, अव्यवस्थित भीडको रूपमा नभई तर एक संगठित शरीरको रूपमा । एक संगठित शरीरको रूपमा, मण्डलीमा प्रेस्विस्टरहरू (Presbyters) वा विशपहरू र मानिसहरू र साधारण वा नेतृत्त्व गर्ने एल्डरहरूद्वारा प्रतिनिधित्व गरिएका व्यक्तिहरू समावेश हुन्छन् । यसले नेतृत्त्वमा रहेका एल्डरहरू वा मण्डलीका प्रतिनिधिहरूको साथमा विशप वा पास्टर समावेश भएको सभा वा स्थानीय परिषद्लाई आवश्यक रूपमा स्थापना गर्दछन् । यस निकायमा सम्पूर्ण मण्डलीको सबै अधिकारनिहित छ । यो परिषद्ले महत्त्वपूर्ण धार्मिक विधिहरूमा नयाँ व्यक्तिहरूलाई प्रवेश गराउँदछ,

---

574 प्रेरित १५:२, ४, ६ ।
575 प्रेरित १५ ।
576 प्रेरित १५:२२, २३, २५ ।

सदस्यहरूको पाष्टरीय हेरचाह र अनुशासनको अभ्यास गर्दछ, बगाललाई शिक्षा प्रदान गर्दछ र सार्वजनिक आराधनालाई नियमित रूपमा पालन गर्दछ ।

एपिस्कोपल मण्डलीमा यो नेतृत्तव गर्ने अधिकार रेक्टर (rector) सँग निहित हुन्छ । सामूहिक मण्डलीहरूमा यो तुरुन्तै व्यक्तिगत रूपमा भातृत्वको सम्पूर्ण शरीरद्वारा अभ्यास गरिन्छ । प्रेस्बिटेरियन मण्डलीमा यो पास्टर र मण्डलीका मानिसहरूसँग निहित हुन्छ - तथापि, ती व्यक्तिहरूले केवल तिनीहरूका स्थायी प्रतिनिधिहरू, नेतृत्त्व गर्ने एल्डरहरू मार्फत मात्र कार्य गर्दछन् ।

तर प्रेस्बिटेरियनवादको तेस्रो महान् सिद्धान्त, अघिल्लो अध्यायमा उल्लेख गरिए अनुसार, पृथ्वीमा ख्रीष्टको सम्पूर्ण मण्डली यस अर्थमा एक हो कि एउटा सानो खण्ड ठुलोको अधीनमा छ र ठुलो सम्पूर्णको अधीनमा छ । यसमा एउटै प्रभु, एउटै विश्वास, एउटै बप्तिस्मा छ । धर्मशास्त्रमा उल्लेख गरिएका नेतृत्त्वका सिद्धान्तहरूले सम्पूर्ण मण्डलीलाई बाँध्छ । मण्डलीमा प्रवेशका सर्तहरू र बहिष्कारको वैधानिक आधारहरू सबै ठाँउमा समान छन् । पवित्र सेवकाइमा प्रवेश पाउनका लागि सबै ठाउँमा एउटै योग्यताको माग गरिन्छ र हटाउनका लागि पनि समान आधारहरू चाहिन्छन् । प्रत्येक मानिस जसलाई कुनै एक मण्डलीको सदस्यको रूपमा सही प्रकारले ग्रहण गरिन्छ भने ऊ विश्वव्यापी मण्डलीको सदस्य हुन्छ; कुनै एक मण्डलीबाट उचित रूपमा बहिष्कृत प्रत्येकलाई सम्पूर्ण मण्डलीबाट बहिष्कृत गरिन्छ । एक मण्डलीमा सेवकाइमा उचित रूपमा नियुक्त भएका सबै विश्वव्यापी मण्डलीको सेवक हुन् र जब एकमा सही तवरले त्यस जिम्मेवारीबाट हटाइएमा ऊ सबै क्षेत्रमा सेवक हुन छोड्छ । तसर्थ, प्रत्येक विशेष मण्डलीलाई आफ्नै मामिलाहरू व्यवस्थित गर्ने र आफ्नै अनुशासन व्यवस्थापन गर्ने अधिकार छ तर त्यो अधिकारको प्रयोगमा यो स्वतन्त्र र गैरजिम्मेवार हुन पाउँदैन । यसको सदस्यको रूपमा मण्डलीका सदस्यहरू विश्वव्यापी हुन् र जसलाई यसले बहिष्कार गर्छ तिनीहरू धर्मशास्त्रीय सिद्धान्त अनुसार शैतानमा सुम्पिएका छन् र सन्तहरूको संगतिबाट अलग गरिएका छन् । कुनै एक मण्डलीको कार्यहरू सम्पूर्ण मण्डलीको कार्यहरू हुन्छन् र त्यसैले तिनीहरूले ख्रीष्टको व्यवस्था अनुसार चलेका छन् भनी हेर्ने अधिकार सम्पूर्णलाई

छ । तसर्थ, एकतर्फ पुनरावेदनको अधिकार र अर्कोतर्फ समीक्षा र नियन्त्रणको अधिकार ।

माथिको भनाईमा आधारित सिद्धान्त निश्चित रूपमा प्रेरितीय युगमा कार्यरत थियो र यसलाई व्यावहारिक रूपमा मान्यता स्वीकारिएको छ र पहिलेदेखि नै इसाई मण्डलीका सबै शाखाहरूमा

"मोशालाई दिइएको व्यवस्थाबारे एन्टिओकको मण्डलीमा विवाद उत्पन्न भएको थियो । यसलाई एक स्वतन्त्र निकायको रूपमा आफैले समाधान गर्नुको साटो उनीहरूले यस मामिलालाई यरूशलेमका प्रेरितहरू र एल्डरहरूमा पठाइयो र त्यहाँ आधिकारिक रूपमा निर्णय गरियो ( केवल प्रेरितहरूले मात्र नभई प्रेरितहरू र एल्डरहरूद्वारा, सम्पूर्ण मण्डलीसहित,' प्रेरित १५:२२) – त्यस मण्डली (एन्टिओक) को लागि मात्र नभई  अरू सबैको लागि । त्यसैले पावल, आफ्नो अर्को मिसनरी यात्रामा, विभिन्न सहरहरूबाट भएर जादा, 'तिनीहरूलाई सुम्पिएको' भनिएको छ, 'राख्नका लागि आदेशहरू दिएको छ, जुन यरूशलेममा भएका प्रेरितहरू र एल्डरहरूले बनाएका थिए (प्रेरित १४:४) ।" जस्ता भनाईहरू भनिएकाछन् ।

तसर्थ, यी सिद्धान्तहरूलाई प्रभावकारी रूपमा लइजानका लागि प्रेस्बिटेरियन मण्डलीको[i1] विधानले नियमित रूपमा प्राप्त भएका मण्डलीका परिषद्हरूको निर्माण र सञ्चालनको व्यवस्था गरेको छ ।

१. हामीले देख्यौँ, प्रत्येक व्यक्तिगत मण्डलीको नेतृत्त्व सभा वा स्थानीय परिषद् अन्तरगत हुन्छ जसमा पास्टर र मण्डलीका मानिसहरूको प्रतिनिधिहरूको रूपमा नेतृत्त्व गर्ने एल्डरहरू समावेश हुन्छन् । कुनै मण्डलीलाई नेतृत्त्व गर्ने सम्पूर्ण अधिकार यस सभामा निहित छ र यसका सदस्यहरू मध्ये कसैलाई पनि अनुशासनमा राख्नु परे सबै सुनवाईहरू त्यहिबाटै प्रारम्भ हुनुपर्छ । उचित पुनरावेदन प्रक्रिया पछि यस भन्दा उच्च न्यायालयले खारेज नगरेसम्म यसका निर्णयहरू यसको नियन्त्रणमा रहेका मामिलाहरूका बारेमा अन्तिम हुन्छन् ।

२. त्यहाँ पारम्परिक प्रेस्बिटेरी छ जसमा सबै पास्टरहरू वा विशपहरू र शहरमा वा छिमेकमा भएका मण्डलीहरू समावेश हुन्छन् जो सजिलै भेला हुन र

मण्डली नेतृत्त्वको अभ्यासमा एकजुट हुनसक्छन् । मण्डलीहरूलाई प्रेस्बिटेरीमा विशेष मण्डलीहरूको सभाहरूबाट छानिएका प्रतिनिधिहरूद्वारा प्रतिनिधित्व गरिन्छ । यी प्रतिनिधिहरूलाई यसरी संगठित गरिएको छ कि साधारण प्रतिनिधिहरूको संख्या पास्टरहरूको संख्या बराबर हुन्छ । सबै पक्षहरूमा मण्डलीका यी प्रतिनिधिहरूले पास्टरहरूले जस्तै अधिकार प्रयोग गर्छन् । यी निकायहरूको सबै अधिकारहरू अलग-अलग सदस्यहरूमा नभई तिनीहरूमा शरीरको रूपमा निहित हुन्छन् । तिनीहरूले निर्णय गर्ने वा कार्यान्वयन गर्ने सक्षम भएका कुनै पनि कुराहरू संयुक्त रूपमा सदस्यहरूले त्यसबेला मात्रै पूरा गर्न सक्छन् जब तिनीहरू व्यक्तिगत रूपमा वा अन्य कुनै रूपमा नभई सामूहिक रूपमा सभामा भेला हुन्छन् ।

नियुक्ति पाएका सेवकहरू कुनै मण्डलीका सदस्यहरू नभई पहिला प्रेस्बिटेरीसँग सम्बन्धित हुन्छन् । त्यसैले प्रारम्भमा प्रेस्बिटेरीले सेवकाइमा प्रवेश गर्नेहरूको योग्यतालाई मूल्याङ्कन र निर्धारण गर्छन, तिनीहरूलाई इजाजतपत्र प्रदान गर्छन् र तिनीहरूलाई नियुक्ति दिन्छन् । जब एक सेवकलाई अनुशासन गर्ने कुरा आउँछ, प्रक्रिया प्रेस्बिटेरी भित्रबाटै सुरु हुन्छ जसमा पाष्टर एक्लै यसको लागि प्रत्यक्ष जवाफदेही हुन्छ । एक इजाजतपत्र प्राप्त व्यक्ति कुनै अर्थमा एक सेवक भने होइन । ऊ विशुद्ध रूपमा एक सामान्य मानिस हो  अर्थात्  कुनै एक मण्डलीको एक व्यक्तिगत सदस्य – जो परीक्षण अवधिको लागि प्रेस्बिटेरीको निगरानीमा लगिन्छ । अनि उसको जाँच वा परीक्षणहरूको एक खण्डको रूपमा अस्थायी मण्डलीको सामुमा उसलाई प्रचार गर्न अनुमति दिइन्छ, ताकि मानिसहरूले सेवकाइको लागि सम्भावित उम्मेद्वारको रूपमा उसको योग्यता र स्वीकार्यताको आधारमा अन्तिम मूल्याङ्कन गर्न सकून् ।

३. धार्मिक सभाहरू ठुला प्रेस्बिटेरीहरू मात्र हुन् जसमा एक प्रान्तका सबै प्रेस्बिटेरीहरू समावेश हुन्छन् ।

४. सम्पूर्ण मण्डलीको साधारणसभा अन्य सबै निकायहरू जस्तै- समान संख्यामा पास्टरहरू र मण्डलीका प्रतिनिधिहरू मिलेर बनेको हुन्छ । यसमा सम्पूर्ण प्रेस्बिटेरीहरूको साटो आवश्यक रूपमा प्रतिनिधिहरू गर्ने प्रेस्बिटेरीहरू मात्र समावेश गरिएको हुन्छ । पुनारवेदनको सिद्धान्तको नैतिकताको आधारमा

मण्डली सभा वा कुनै पनि तल्लो तहको न्यायालयमा आउने कुनै पनि विषयलाई महासभामा नपुगेसम्म सम्पूर्ण पदानुक्रममा चरणबद्ध रूपमा विस्तार गर्न सकिन्छ । महासभाले निर्णय गरेपछि त्यो अन्तिम र निर्णायक निर्णय हुन्छ ।

समीक्षा र नियन्त्रणको सिद्धान्त नैतिकताको आधारमा, मण्डली सभाभन्दा माथिको प्रत्येक मण्डली न्यायलयमा "तल्लो न्यायलयले गर्ने कारवाहीको विवरण" लाई समीक्षा गर्ने अधिकार र दायित्व छ । पक्कै पनि तिनीहरूले ती कारबाहीहरूको मूल्याङ्कन गर्न सक्छन् र तिनीहरूमा त्रुटिहरू भेटिएमा आवश्यक सुधारहरू गर्न सक्छन् । अनि प्रत्येक न्यायालय मण्डली सभासहित एउटा कार्यकारी र न्यायिक निकाय हो; फलस्वरूप यससँग अधिकार क्षेत्रको अधीनमा रहेको यसको सम्पूर्ण क्षेत्रलाई निरीक्षण र नेतृत्त्व गर्ने अन्तर्निहित अधिकार छ । तसर्थ, एक तल्लो दर्जाको न्यायपालिकाले आफ्नो क्षेत्राधिकार अन्तर्गत पर्ने कुनै मामिलामा उपयुक्त कारबाही गर्न असफल भए उच्च दर्जाको न्यायपालिकालाई आफ्नो अधिकार क्षेत्र भित्रको कुनै पनि व्यक्तिको मामिलामा तत्कालै अनुसन्धान सुचारू गर्ने र अनुशासन लागु गर्ने अधिकार छ ।

**खण्ड - २ धार्मिक सभा र परिषद्हरूको विश्वास र विवेकका मामिलाहरू सम्बन्धित विवादहरू समाधान गर्ने सेवकाइको जिम्मेवारी हुन्छ; परमेश्वरको सार्वजनिक आराधना र उहाँको मण्डलीको नेतृत्त्वको उचित व्यवस्थाको लागि नियम र निर्देशनहरू स्थापित गर्न; दुर्व्यवहारको मामिलामा गुनासोहरू प्राप्त गर्न र आधिकारिक रूपमा त्यस्ता मामिलामा निर्णायक निर्णय लिन, जुन आज्ञा र निर्णयहरू यदि परमेश्वरको अनुरूप छन् भने आदर र समर्पणताका साथ यसलाई पालना गर्नुपर्छ । वचनसँगको सहमतिमा मात्र नभई उहाँको वचनमा नियुक्त गरिएका परमेश्वरको धार्मिक व्यक्तिका रूपमा तिनीहरूलाई बनाउने शक्तिको खातिर पनि यसलाई पालना गर्नुपर्छ ।[577]**

[577] प्रेरित १५:१५, १९, २४, २७-३१; १६:४; मत्ती १८:१७-२० ।

**खण्ड - ३ प्रेरितहरूको समयदेखि नै सबै धार्मिक सभाहरू वा परिषद्हरू चाहे सामान्य होस् वा कुनै विशेष होस्, गल्ती गर्न सक्षम छन् र वास्तवमा भन्ने हो भने धेरैले गल्तीहरू गरेका पनि छन् । त्यसैलै तिनीहरूलाई विश्वास वा आचरणको लागि अन्तिम मापनको रूपमा स्थापित गर्नु हुँदैन; बरु दुवै क्षेत्रमा सहयोगको माध्यमको रूपमा प्रयोग गर्नुपर्छ ।[578]**

**खण्ड - ४ धार्मिक सभा र परिषद्हरूले केवल मण्डलीसँग सम्बन्धित मामिलाहरूलाई सम्बोधन गर्नुपर्दछ र नागरिक अधिकारीहरूद्वारा असाधारण परिस्थितिहरूमा राज्य सम्बन्धित मामिलाहरूबारे सम्बोधन गर्न विनम्र अनुरोध पेश गरेको खण्डमा विवेकको सन्तुष्टिका खातिर सल्लाह दिनुबाहेक अरू कुराहरूमा व्यवस्थापन (प्रशासन) सँग आफूलाई संलग्न गराउनु हुँदैन ।[579]**

यी खण्डहरू यी कुराहरू बारे बताउँछन्- १. विभिन्न विषयहरू जुन यी मण्डलीका न्यायालयहरूमा निर्णयको लागि आउँछन् । २. जसको आधार र सर्तहरू अन्तर्गत तिनीहरूका निर्णयहरूलाई समर्पणताको आवश्यकता भएको रूपमा लिइन्छ र कुन हदसम्म समर्पणता पालना गर्ने भनि बताउछ ।

२. नकारात्मक रूपमा धार्मिक सभा र परिषद्हरूलाई राज्य सम्बन्धित कुनै पनि मामिलामा हस्तक्षेप गर्ने कुनै अधिकार छैन र तिनीहरूसँग दुईवटा अवस्था बाहेक नागरिक अधिकारीहरूको भूमिकामा सरकारी अधिकारीहरूलाई सल्लाह दिने वा प्रभाव पार्ने प्रयास गर्ने अधिकार छैन:

(१) मण्डलीको हितमा प्रत्यक्ष असर पर्ने असाधारण अवस्थामा, तिनीहरूले नम्र आवेदन दिन सक्छन् । (२) नागरिक अधिकारीले त्यसो गर्न अनुरोध गरेको खण्डमा तिनीहरूले विवेकको मामिलाहरूको लागि सल्लाह दिन सक्छन् ।

२. नकारात्मक रूपमा धार्मिक सभा र परिषद्हरूको अधिकारहरू विशुद्ध रूपमा सेवकाइ सम्बन्धि र घोषणात्मक छन्; अर्थात् केवल ख्रीष्टको इच्छाको

[578] एफिसी २: २०; प्रेरित १७:११; १ कोरिन्थी २:५; २ कोरिन्थी १:२४ ।
[579] लुका १२:१३, १४; यहुन्ना १८:३६ ।

घोषणा र कार्यान्वयनसँग सम्बन्धित । त्यसैले तिनीहरूको भूमिका पूर्णतया न्यायिक र कार्यकारी हो र तिनीहरूसँग कुनै पनि परिस्थितिमा विधायकको अधिकार हुँदैन ।

३. सकारात्मक रूपमा यो उचित समयमा धार्मिक सभा र परिषद्हरूसँग सम्बन्धित छ (१) विश्वासको मान्यता र स्वीकारोक्तिहरू गठन गर्न र मण्डलीको नेतृत्त्वको लागि व्यवस्थालाई अपनाउन । (२) विश्वास र अन्तस्करणका मामिलाहरूको कुनै विवादहरू निर्धारण गर्न । (३) परमेश्वरको सार्वजनिक आराधना र मण्डलीको नेतृत्त्वको लागि नियमहरू तोक्न । (४) अनुशासनका सबै मामिलाहरूलाई हेर्न र जारी गर्ने र उच्च न्यायालयको हकमा, व्यक्तिगत अधिकारी वा मातहतका न्यायालयहरूको मामलामा कुप्रशासनका सबै मामिलाहरूमा पुनरावेदन र गुनासोहरू प्राप्त गर्न र आधिकारिक रूपमा त्यसलाई निर्धारण गर्न ।

४. सकारात्मक रूपमा मण्डलीका न्यायालयहरूलाई नागरिक अधिकारीको अख्तियारको क्षेत्रसँग सम्बन्धित मामिलाहरूमा खण्ड लिने वा सल्लाह दिने अधिकार नभएता पनि तिनीहरूसँग प्रष्ट रूपमा मण्डलीका सदस्यहरूलाई जन-अधिकारहरूको सन्दर्भमा उनीहरूको कर्तव्य सिकाउने र लागु गर्ने एक धार्मिक दायित्वको रूपमा कार्यन्वयन गर्ने अविभाज्य अधिकार छ । "हरेक व्यक्ति शासन गर्ने प्रशासकहरूका अधीनमा बसोस् । परमेश्‍वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन । आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर ।" रोमी १३:१-७ । अर्थात्, नागरिक अधिकारीहरूको आज्ञाकारिता एक धार्मिक कर्तव्य हो र मण्डली न्यायालयहरूले यसलाई मण्डलीका सदस्यहरूलाई सिकाउन र उनीहरूमा लागु गर्न सक्छन् ।

५. नकारात्मक रूपमा प्रेरितहरूको समयदेखि नै सबै धार्मिक सभाहरू वा परिषद्हरू चाहे सामान्य होस् वा कुनै विशेष होस्, गल्ती गर्न सक्षम छन् र वास्तवमै भन्नु पर्दा धेरैले गल्तीहरू गरेका छन् पनि । त्यसैले तिनीहरूलाई विश्वास वा आचरणको लागि अन्तिम मापनको रूपमा स्थापित गर्नु हुँदैन; बरु दुवै क्षेत्रमा सहयोगको माध्यमको रूपमा प्रयोग गर्नुपर्छ । अर्थात, यी धार्मिक सभाहरू र परिषद्हरू, प्रेरणा नभएका मानिसहरू मिलेर विवेकलाई बाध्य पार्ने कुनै

अधिकार हुँदैन र तिनीहरूको अख्तियारले व्यक्तिगत निर्णयको अधिकारलाई बहिष्कार गर्न सक्दैन न त दायित्वलाई क्षमा गर्न सक्छ ।

यदि तिनीहरूका निर्णयहरू मूर्ख छन् तर प्रत्यक्ष रूपमा परमेश्वरको इच्छाको विरोध गर्दैनन्, निजी सदस्य

शान्तिको लागि पेश गर्नुपर्छ । यदि तिनीहरूका निर्णयहरू स्पष्ट रूपमा परमेश्वरको वचनको विरोधमा छन् भने, निजी सदस्यले तिनीहरूलाई बेवास्ता गर्नुपर्छ र दण्ड लिनुपर्छ ।

यदि तिनीहरूका निर्णयहरू मूर्खतापूर्ण छन् तर परमेश्वरको इच्छासँग प्रत्यक्ष रूपमा विरोधाभाष छैनन् भने व्यक्तिगत सदस्यहरूले शान्ति कायम राख्नको लागि तिनीहरूलाई स्विकारनुपर्छ । यदि तिनीहरूका निर्णयहरू स्पष्ट रूपमा परमेश्वरको वचनको विरोधमा छन् भने व्यक्तिगत सदस्यहरूले तिनीहरूलाई बेवास्ता गर्नुपर्छ र दण्ड भोग्नुपर्छ ।

६. सकारात्मक रूपमा तर जब प्रत्येक मामिलामा मण्डलीका न्यायालयहरूका निर्णयहरू बाइबलका शिक्षाहरूसँग मेल खान्छन् तब तिनीहरूको अख्तियारी अन्तरगर्त रहेका सबैले त्यसलाई स्वीकार गर्नुपर्छ । यो स्वीकार परमेश्वरको वचनसँग ति सहमत भएको तथ्यको कारणले गर्दा मात्र नभई येशु ख्रीष्टद्वारा नियुक्त भएको उहाँको न्यायालयको रूपमा यसको उचित अख्तियारीको कारण पनि हो, जसले उहाँलाई यसको सबै वैधानिक कार्यहरूको सेवकाइद्वारा प्रतिनिधित्व गर्छ ।

## प्रश्नहरू

१. ख्रीष्टले मण्डलीको सम्पूर्ण अधिकार कसलाई दिनुभएको छ ?

२. मण्डलीमा मानिसहरूले आफूभित्र निहित अधिकार को प्रयोग कसको माध्यम मार्फत गर्छन् ?

३. यसले कुन निकायलाई आवश्यक रूपमा जन्म दिन्छ ?

४. एपिस्कोपल प्रणाली अनुसार प्रत्येक मण्डलीमा नेतृत्त्व गर्ने अधिकार कसको हातमा हुन्छ ?

५. मण्डलीको व्यवस्था अनुसार यो कसको हातमा हुन्छ ?
६. प्रेस्बिटेरियनवाद प्रणाली अनुसार यो कुन निकायमा निहित हुन्छ ?
७. पछिल्लो पाठ अन्तर्गत बताइएको भनाई अनुसार प्रेस्बिटेरियनवादको तेस्रो आधारभूत सिद्धान्त के हो ?
८. कुन अर्थमा मण्डलीको उसले आफ्नो बाहिरी संघमा एकतालाई व्यक्त गरेको हुनुपर्छ ?
९. किन मण्डलीको प्रत्येक सानो खण्ड ठुलोको अधीनमा हुनुपर्छ, र प्रत्येक ठुलो खण्ड सम्पूर्णको अधीनमा हुनुपर्छ ?
१०. प्रमाणित गर्नुहोस् कि यो सिद्धान्त प्रेरितीय युगामा कायम थियो ।
११. प्रमाणित गर्नुहोस् कि यो धेरथोर स्थिरताका साथ सबै मण्डलीहरूमा कायम गरिएको छ ।
१२. प्रेस्बिटेरियनवाद प्रणाली अनुसार सबैभन्दा सानो मण्डली न्यायालय के हो ?
१३. मण्डली सभामा कस्ता सदस्यहरू हुन्छन् र यसका कार्यहरू के के हुन् ?
१४. प्राचिन प्रेस्बिटेरीमा कुन सदस्यहरू समावेश हुन्छन् र यसको कार्यहरू के हुन् ?
१५. कुन अर्थमा यी मण्डली न्यायालयका सदस्यहरूका सबै अधिकारहरू धेरै नभई संयुक्त छन् ?
१६. सेवक तुरुन्त कुन निकायमा आबद्ध हुन्छन् र उनले तुरुन्तै कुन निकायमा जिम्मेवारि पाउछन् ?
१७. त्यसैले कुन निकायले सेवकहरूको योग्यताको जाँच गर्छ र निर्णय गर्छ र उनीहरूलाई त्यस जिम्मेवारीबाट हटाउँछ वा स्वीकार गर्छ ?
१८. इजाजतपत्रदाताहरूको स्थिति के हो ?
१९. कुन निकायको अधिकार क्षेत्र अन्तर्गत इजाजतपत्रदाताहरू तुरून्तै इसाईको रूपमा खडा हुन्छन् ?
२०. प्रान्तिय धार्मिक सभा कसले बोलाउछ र यसको कार्यहरू के के हुन् ?
२१. साधारणसभा कसले बोलाउछ र यसको कार्यहरू के के हुन् ?

२२. हाल प्रेस्बिटेरियन मण्डलीमा पुनरावेदन गर्ने अधिकार कुन हदसम्म चलाउन सकिन्छ ?

२३. "समीक्षा र नियत्रण" को सिद्धान्त के हो र यसलाई कसरी मण्डली न्यायालयहरूद्वारा व्यवहारिक रूपमा अभ्यास गरिन्छ ?

२४. यस अध्यायको दोस्रो, तेस्रो र चौथो खण्डमा कुन विषयहरूलाई परिभाषित गरिएको छ ?

२५. नागरिक अधिकारीहरूको अख्तियारीको क्षेत्रसँग सम्बन्धित मामिलाहरूको सन्दर्भमा धार्मिक सभा र परिषद्हरूलाई के अधिकारहरूअस्वीकार गरिन्छ ?

२६. त्यो प्रतिबन्धमा के अपवादहरू छन् ?

२७. सबै मण्डली न्यायालयहरूले ख्रीष्टसँग कस्तो सम्बन्ध कायम राख्छन् र तिनीहरूको सरकारी निकाय कुन कार्यहरूमा सीमित हुनुपर्छ ?

२८. मण्डली न्यायालयहरूले वैधानिक रूपमा विचार गर्न र निर्धारण गर्न सक्ने विभिन्न वर्गका विषयहरू बताउनुहोस् ।

२९. इसाईहरूले नागरिक अधिकारी प्रति गर्नु पर्ने दायित्वहरूको सम्बन्धमा मण्डली न्यायालयहरूको अधिकार भित्रका व्यक्तिहरूलाई निर्देशन दिनु र मण्डलीको उचित माध्यमबाट यी दायित्वहरूको पालना गराउनु मण्डली न्यायालयहरूको को जिम्मेवारी छ भनि देखाउनुहोस् ।

३०. मण्डली न्यायालयहरूको गल्तीको जिम्मेवारीको सन्दर्भमा हाम्रो मापनहरूले के सिकाउँछ ?

३१. त्यस तथ्यबाट के व्यावहारिक नतिजा आउन आवश्यक छ ?

३२. यस मामिलामा व्यक्तिगत निर्णयको वास्तविक स्थिति के हो ?

३३. परिषद्को निर्णय मूर्खतापूर्ण भएता पनि ख्रीष्टको प्रकटित इच्छाको प्रत्क्षय रूपमा विरोध नगरेको अवस्थामा इसाईले के गर्नुपर्छ ?

३४. त्यो निर्णय ख्रीष्टको वचनको प्रत्क्षय रूपमा विरोध भएको अवस्थामा उसले के गर्नुपर्छ ?

३५. कुन आधारमा प्रत्येक इसाईले उहाँको वचनसँग मिल्दोजुल्दो परमेश्वरको भवनको न्यायालयका निर्णयहरूको अधीनमा बस्नु र पालना गर्नुपर्छ ?

# अध्याय ३२
# (CHAPTER XXXII)
# मृत्युपछि मानिसहरूको अवस्था र मृतकहरूको पुनरूत्थानका बारेमा
# (OF OF THE STATE OF MEN AFTER DEATH, AND OF THE RESURRECTION OF THE DEAD)

**खण्ड – १ मानिसहरूको शरीर मृत्युपछि, माटोमा फर्कन्छ र सड्दछ । तर तिनीहरूका आत्माहरू, जो न त मर्छन् न त सुत्छन् ।[580] तिनीहरूको आत्माको अविनाशी अस्तित्त्व भएको कारण तुरुन्तै तिनीहरू परमेश्वरमा फर्किन्छन् जसले उनीहरूलाई ती दिनुभयो ।[581] धर्मीहरूको आत्माहरू, त्यसपछि पवित्रतामा सिद्ध बनाइएपछि, उच्चतम स्वर्गीय स्थानमा स्वीकारिन्छन् जहाँ तिनीहरूले आफ्नो शरीरको पूर्ण उद्धारको लागि पर्खिरहेका प्रकाश र महिमामा परमेश्वरको अनुहार देख्छन् ।[582] अनि दुष्टका आत्माहरूलाई भने नरकमा फालिन्छ  जहाँ महान् दिनको न्याय नभईन्जेलसम्म तिनीहरू पीडा र पूर्ण अन्धकारमा रहन्छन् ।[583] आफ्नो शरीरबाट अलग भएका आत्माहरूको लागि यी दुई गन्तव्यबाहेक, धर्मशास्त्रले अरू कुनै गन्तव्यहरूका बारेमा उल्लेख गर्दैन ।**

यो खण्डले यी कुराहरू सिकाउँछन्

१. मानिसमा दुई भिन्न तत्त्वहरू हुन्छन्, जब आत्मा र शरीरको मृत्यु हुन्छ तब यी दुई तत्त्वहरू स्थायी रूपमा अलग हुन्छन् ।

---

580 उत्पत्ति ३:१९; प्रेरित १३:३६ ।

581 लुका २३:४३; उपदेशक १२:७ ।

582 हिब्रु १२:२३; २ कोरिन्थी ५:१, ६, ८; फिलिप्पी १:२३; प्रेरित ३:२१; एफिसी ४:१० ।

583 लुका १६:२३, २४; प्रेरित १:२५; यहुदा ६, ७; १ पत्रुस ३:१९ ।

२. जब एक व्यक्तिको शरीर यसको आधारभूत रासायनिक तत्त्वहरूमा विभाजित हुन्छ, विश्वासीको आत्माले निम्न कुराहरूलाई अनुभव गर्दछ:

(१) यो पवित्रतामा तुरुन्तै सिद्ध हुन्छ; (२) मृत्यु र पुनरूत्थान बिचको सम्पूर्ण अवधिमा यो सचेत, सक्रिय र आनन्दित रहन्छ र (३) यो ख्रीष्टको उपस्थितिमा अवस्थित छ, जो उहाँको स्वर्गारोहणपछि परमेश्वरको दाहिने हातमा विराजमान हुनुहुन्छ ।

३. त्यस्तै गरी दुष्टका आत्माहरू पनि यस अन्तिम चरणमा सचेत र सक्रिय रहन्छन् तर तिनीहरूले अन्तिम न्यायको दिनको पर्खाइमा दण्ड र पीडाको अवस्था सहन्छ ।

४. यी सर्तहरू, अन्तिम नभए पनि, अपरिवर्तनीय छन् - अर्थात् जो ख्रीष्टसँग छन् तिनीहरू कहिल्यै हराउने छैनन् र यातनामा परेकाहरूमध्ये कोहीले पनि कहिल्यै मुक्ति पाउने छैनन् ।

५. धर्मशास्त्रले रोमन क्याथोलिक सिद्धान्तको लागि कुनै आधार प्रदान गर्दैन जसमा उनीहरूले माथि उल्लिखित दुई गन्तव्यबाहेक मृतकले बसोबास गर्ने अन्य गन्तव्यहरू वा अवस्थाहरू छन् भनि विश्वास गर्छन् ।

१. धर्मशास्त्रले प्रायः मानव प्रकृतिको द्वित्वियतालाई स्वीकार गर्दछ र निरन्तर रूपमा सङ्केत गर्दछ । जसमा एक व्यक्ति दुई भिन्न र छुट्याउन सकिने खण्डहरू मिलेर बनेको हुन्छ । आत्मा र शरीर । यी दुई तत्त्वका आ–आफ्नै विशिष्ट स्वतन्त्र विशेषताहरू छन् । यसरी परमेश्वरले पृथ्वीको धुलोबाट शरीर बनाउनुभयो र त्यसमा जीवनको सास फुकिदिनुभयो "र मानिस जीवित प्राणी भयो ।" उत्पत्ति २:७ । ख्रीष्टले हामीलाई "बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ ।" भनि आज्ञा दिनुहुन्छ (मत्ती १०:२८) । र उपदेशक १२:७ मा मृत्युलाई व्यक्ति बन्ने दुई तत्त्वहरू अर्थात् आत्मा र शरीरको विभाजनको रूपमा वर्णन गरिएको छ; किनभने यो लेखिएको छ, "जमिनबाट आएको धुलो जमिनमै फर्कन अघि, तथा आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा जान अघि उहाँको नै सम्झना गर ।" त्यसैगरी, २ कोरिन्थी ५:८ र फिलिप्पी १:२२-२४ मा पावलका लेखहरू अनुसार, मृत्युलाई पुनरूत्थान, ख्रीष्टसँग भएको

अवस्था, भौतिक शरीरमा बसाइको समाप्ति र शरीरबाट सचेत व्यक्तिगत आत्माको अनुपस्थितिको रूपमा परिभाषित गरिएको छ, ।

२. हामी जान्दछौँ कि जब आत्माले शरीरलाई छोड्दछ, यसको मूल रासायनिक तत्त्वहरूमा समाहित हुन्छन् जुन बिस्तारै पृथ्वीको सतहमा निरन्तर परिवर्तन हुने भौतिक प्रक्रियाहरूको हिस्सा बन्छन् । धर्मशास्त्रले हामीलाई यो सिकाउँछ कि, तिनीहरूको भौतिक तत्त्वहरूको परिवर्तनको बाबजुद पनि, हाम्रो शरीरले तिनीहरूको वास्तविक पहिचान सुरक्षित राख्छ र त्यो ख्रीष्टका सदस्यहरूको रूपमा तिनीहरूका लागि आवश्यक सबै कुरा अन्ततः सुरक्षित गरिनेछ र महिमित पुनरूत्थानमा ल्याइनेछ ।

कुनै व्यक्तिको मृत्यु र सबै शरीरहरूको सामूहिक र एकै साथ पुनरूत्थानको बिचको अवधिमा मानव आत्माहरूको अवस्था र स्थानको सन्दर्भमा, धर्मशास्त्रले हामीलाई के सिकाउँछ त्यसलाई निम्न शीर्षकहरूमा संक्षेप गर्न सकिन्छ :

(१) दुवै विश्वासी अविश्वासीको आत्माहरू मृत्युपछि सचेत र सक्रिय रहन्छन्, यद्यपि तिनीहरूको पुनरूत्थान नभएसम्म तिनीहरूको शरीरबाट अलग रहन्छन् ।

(२) विश्वासीहरूको आत्माहरू तिनीहरूको मृत्युमा पवित्रतामा सिद्ध हुन्छन् ।

(३) विश्वासीहरूका आत्माहरू, यसरी सिद्ध बनाइएर तुरुन्तै ख्रीष्टको उपस्थितिमा प्रस्तुत हुन्छन् र निरन्तर रूपमा परमेश्वरको उज्ज्वल प्रकाशहरू र पवित्र स्वर्गदूतहरूको संगतको आनन्द लिन्छन् ।

(४) अविश्वासीहरूका आत्माहरू तुरुन्तै शैतान र तिनका स्वर्गदूतहरूको लागि तोकिएको स्थानमा राखिन्छन् जहाँ तिनीहरूले वर्णन गर्न नसकिने पीडा सहन्छन् ।

(५) दुवै वर्गको यो अवस्थाले कुनै आदानप्रदान वा स्थानान्तरणको लागि अनुमति दिँदैन । तर यसको सट्टा, तिनीहरूको वर्तमान अवस्थाले विपरीत

दिशामा अपरिहार्य प्रगतिको सुरुवात गर्दछ । यद्यपि, यो अर्थमा भने मध्यवर्ती छ कि :

(क) आत्मा र शरीर अलग भए मानिस अधुरो रहन्छ ।

(ख) बचाइएकाहरूको पूर्ण उद्धार र हराएकाहरूको अन्तिम विनाश अझै भएको छैन ।

(ग) त्यो सम्भवतः हराएको विशेष गरी सम्भावित छुटकारा पाएकाहरूका लागि, तिनीहरूको हालको स्थानहरू अन्तिम न्यायपछिको स्थायी रूपमा बस्ने स्थानहरू जस्तै छैनन् ।

(६) अविश्वासीहरूको आत्माले पीडा भोग्ने ठाउँको स्थानको सम्बन्धमा, धर्मशास्त्रले कुनै विशेष जानकारी प्रदान गर्दैन । यहुदा, पद ६ मा यसरी भनिएको छ, "आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठुलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ ।" मत्ती २५:४१ मा अन्तिम दिनमा न्यायकर्ताले देब्रेपट्टिका मानिसहरूलाई भन्नुहुनेछ, "श्रापित मानिसहरू हो ! मबाट दूर होओ र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ ।" धनी मानिसले "नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो," जबकि उसका भाइहरू पृथ्वीमा जीवित थिए । लुका १६:२३ । तर यी ठाउँहरू कहाँ छन् र अहिलेको सतावटको स्थान न्यायपछिको पीडाको ठाउँ जस्तै हो या होइन भन्ने कुरा कुनै मानिसले भन्न सक्दैन । किनभने परमेश्वरले यसका बारेमा जानकारी प्रकट गर्नुभएको छैन । निसन्देह, त्यस्ता मामिलाहरूको सन्दर्भमा प्रयोग गरिएको "माथि," "तल," "मुनि," जस्ता शब्दहरूलाई रूपकको रूपमा बुझ्नुपर्छ र पृथ्वी जस्तै घुम्ने र त्यसमा भएका बासिन्दाहरूलाई सम्बोधन गर्दा तिनीहरूले पूर्ण रूपमा दिशालाई जनाउन सक्दैनन् ।

(७) उद्धार गरिएकाहरू हाल भेला भएका स्थानबारे ख्रीष्टको महिमित मानवीय उपस्थितिबाहेक धर्मशास्त्रले अरू कुनै पनि विवरणहरू प्रकट गरेको छैन । तिनीहरू उहाँसँग छन् र उहाँको महिमालाई देख्दछन् । २ कोरिन्थी ५:१-८ । अनत्यको समयमा प्रकट गरिएका सबै घटनाहरूलाई पनि हेर्नुहोस् र ख्रीष्ट उहाँको स्वर्गारोहणमा "परमेश्वरको दाहिने हात" र "उच्चमा महामहिमको दाहिने

हात" मा विराजमान हुनुभयो । मर्कुस १६:१९; रोमी ८:३४; हिब्रू १:३; १०:१२ आदि । यो उपस्थितिले वास्तवमा एक विशिष्ट स्थानलाई सङ्केत गर्नु पर्दछ, किनकि ख्रीष्टको मानवता सीमित छ । यद्यपि, "परमेश्वरको दाहिने हात" भन्ने अभिव्यक्तिले मुख्य रूपमा सम्मान र अधिकारको अवस्थालाई जनाउँछ जसमा ख्रीष्टलाई मध्यस्थ राजाको रूपमा माथि उठाइएको छ । स्थानको सन्दर्भमा ख्रीष्ट र उहाँका महिमित दुलहीले अनन्तकालको लागि आफ्नो विशेष बासस्थानको रूपमा हाम्रो वर्तमानको संसारलाई नै बनाउन सक्नुहुन्छ भन्ने बलियो सम्भावना छ । यो आगोद्वारा शुद्धीकरण हुन सक्छ र त्यसपछि महिमित रूपमा नवीकरण हुन सक्छ । रोमी ८:१९-२३; २ पत्रुस ३:५-१३; प्रकाश २०:१ लाई हेर्नुहोस् ।

माथि उल्लिखित मुख्य बुँदाहरूलाई समर्थन गर्ने प्रमाणहरू - अर्थात् आत्माहरूको मध्यवर्ती अवस्थाले सचेत गतिविधि समावेश गर्दछ जसमा छुटकारा पाएकाहरू ख्रीष्टसँग पूर्ण रूपमा पवित्र र आनन्दित हुन्छन् जबकि दोषीहरू शैतान र उसका दूतहरूसँग पीडामा हुन्छन् र यी अवस्थाहरू स्थायी रूपमा हुन्छन् । अपरिवर्तनीय - व्यक्तिगत रूपमा भन्दा समग्र रूपमा विचार गर्दा थप प्रभावकारी रूपमा प्रस्तुत गर्न सकिन्छ । आफ्ना सबै क्षमताहरू प्रयोग गर्दै शाऊलले एन्दोरको मन्त्रतन्त्र गर्ने स्त्रीद्वारा शमुएललाई बोलाएपछि उनी पूर्ण रूपमा सचेत अवस्थामा देखा परे । (१ शमुएल २८:७-२०); उच्च पहाडमा ख्रीष्टको रूप परिवर्तनमा मोशा र एलियासको उपस्थिति (मत्ती १७:३); क्रुसमा चोरलाई ख्रीष्टको सम्बोधन - "आजै तिमी मसँग स्वर्गमा हुने छौ" (लुका २३:43); धनी मानिस र लाजरसको दृष्टान्त (लुका १६:२३-२४) - जसमा लाजरस अब्राहामको काखमा सचेत र सक्रिय अवस्थामा छ भने धनी मानिसचाहिँ नरक (हेडिज / Hades) मा सचेत यातनामा छ । जबकि उनका भाइहरू भने अझै पनि शरीरमै बाँचिरहेका छन् । स्तिफनसको मृत्युको बारेमा यो घोषणा गरिएको छ (प्रेरित ७:५५-५९) कि, पवित्र आत्माले भरिएर उनले स्वर्ग उघारिएको देखे र येशु ख्रीष्ट परमेश्वरको दाहिने हातमा उभिनु भएको देखे । अनि उनले त्यो देखेर "हे प्रभु येशु, मेरो आत्मालाई ग्रहण गर्नुहोस्" भनि कराएर आफ्नो प्राण त्याग गरे ।

२ कोरिन्थी ५:१-८ मा पावलले "शरीरमा हुनु" भनेको "प्रभुबाट टाढा हुनु" र "शरीरबाट टाढा हुनु" भनेको विश्वासी "प्रभुसँग उपस्थित" हुनु हो भनि बताउँछन्

। र त्यसैले उनी भन्छन् (फिलिप्पी १:२१-२४) कि उनको लागि "मर्नु लाभ हो" र उनी भन्छन्, "म त दोधारमा परेको छु । बरु बिदा भएर ख्रीष्टको साथमा हुने इच्छा छ, किनभने यो धेरै नै असल छ तर शरीरमा रहन तिमीहरूका खातिर झन् आवश्यक छ ।" १ थेसलोनिकी ५:१० मा पावलले भन्छन् कि मृत्युको निन्द्रा "ख्रीष्टसँग मिलेर बस्नु" झैँ हो । एफेसी ३:१५ मा यो घोषणा गरिएको छ कि मण्डली एक संयुक्त परिवार हो जसको एक खण्ड वर्तमानमा स्वर्गमा र अर्को खण्ड पृथ्वीमा छ । हिब्रू ६:१२-२० मा (र अन्य प्राचीन सन्तहरूले) "धैर्य धारण गरेर अब्राहामले प्रतिज्ञा प्राप्त गरे" भनेर घोषणा गरिएको छ । यी प्रतिज्ञाहरू हामीले बुझेझैँ आत्मिक र स्वर्गीय महत्त्वको थियो । प्रेरित १:२५ मा यहुदा "आफ्नो ठाउँमा" गएको उल्लेख गरिएको छ । यहुदा ६ र ७ मा, हराएका स्वर्गदूतहरूलाई "पातालको अन्धकारमा न्यायको त्यस ठुलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ, तिनीहरू अनन्त अग्निको दण्ड भोगेर उदाहरण बनेका छन्" भनि बताइएको छ । हिब्रू १२:२३ मा, धर्मीहरूका आत्माहरू "सिद्ध बनाइएका" छन् र स्वर्गमा स्वर्गदूतहरूसँग आनन्दसाथ एकताबद्ध छन् भनि यो वर्णन गरिएको छ । प्रकाश ६:९-११ मा शहीदहरूका आत्माहरू पृथ्वीमा आफ्ना विगतमा सताउनेहरूको न्यायको लागि प्रार्थना गर्दै स्वर्गीय वेदी मुनि छन् भनि चित्रण गरिएको छ जुन पक्कै पुनरूत्थान अघि हुनुपर्छ । प्रकाश ५:९, ७:९ र १४:१-३ मा विश्वासीहरूको आत्माहरू वर्तमानमा ख्रीष्ट र पवित्र स्वर्गदूतहरूसँग छन् भनि चित्रण गरिएको छ ।

३. हाम्रो मापदण्डले बताउँछ कि मृतकहरूको मध्यवर्ती अवस्थाको सम्बन्धमा रोमन सिद्धान्तको लागि धर्मशास्त्रमा कुनै आधार छैन । पोपलाई मान्नेहरू विश्वास गर्छन् कि हेडिज वा नर्कले विभिन्न क्षेत्रहरूलाई समावेश गर्दछ जसमा मानव आत्माहरूको विभिन्न वर्गहरूलाई निम्नानुसारका स्थानहरू तोकिएको छ: (१) बप्तिस्मा नगरेका शिशुहरूको आत्माहरू "लिम्बस इन्फ्यान्टम (Limbus Infantum)" भनिने ठाउँमा जान्छन्, जहाँ तिनीहरू पीडाबिना अवस्थित हुन्छन् तर परमेश्वरको दर्शनबिना रहन्छन् । (२) पुरानो करारका विश्वासीहरू "लिम्बस प्याट्रम (Limbus Patrurm)" भनेर चिनिने क्षेत्रमा भेला हुन्छन् । यहाँ तिनीहरू पीडाबिना र परमेश्वरको दर्शनबिना अवस्थित छन्,

जसलाई "कारागारमा रहेका आत्माहरू" भनिन्छ । जबसम्म ख्रीष्ट तीन दिनसम्म मृत्युको अवस्थामा रहनुभयो, उहाँ गएर तिनीहरूलाई मुक्त गर्नुभयो (१ पत्रुस ३:१९-२०) । (३) बप्तिस्मा नगरेका वयस्कहरू, साथै बप्तिस्माको अनुग्रह गुमाएका र मण्डलीमा मेलमिलाप नगरी मर्नेहरू तुरुन्तै स्थायी नरकमा जाने विश्वास गरिन्छ । (४) पूर्णताको अवस्था प्राप्त गरेका सबै इसाईहरू तुरुन्तै स्वर्ग जान्छन् । (५) आंशिक रूपमा पवित्र क्रिस्चियनहरू जो मण्डलीसँग संगत गर्दा मर्छन् तर अझै पनि असिद्धताहरूको बोझले दबिएका छन्, उनीहरूलाई पर्गाटरी भनिने ठाउँमा जान्छन् भनि मानिन्छ (रोमन प्रश्नउत्तर खण्ड १ पाठ ६) ।

शुद्धीकरणको बारेमा, ट्रेन्ट काउन्सिलले सिकाउँछः (क) त्यहाँ एक शुद्ध आगो छ जसबाट त्रुटिपूर्ण इसाईहरू जानुपर्छ । (ख) ती आत्माहरूलाई शुद्धीकरणमा पृथ्वीमा तिनीहरूको तर्फबाट प्रदान गरिएको प्रार्थना र जनसमूहले फाइदा लिन सक्छ । (काउन्स ट्रेन्ट, सेस.२५)

पर्गाटरीको (purgatory) सन्दर्भमा, ट्रेन्टको परिषद्ले निम्न कुराहरू सिकाउँछन्: (क) त्यहाँ एक शुद्ध आगो छ जुन त्रुटिपूर्ण इसाईहरूले पार गर्नुपर्छ । (ख) पर्गाटरीमा भएका आत्माहरूले पृथ्वीमा जीवितहरूद्वारा तिनीहरूको तर्फबाट प्रस्तावित प्रार्थना र जनसमूहबाट लाभ उठाउन सक्छन् । (ट्रेन्टको परिषद् सत्र २५)

यो सिद्धान्त गलत छ, किनकि - (१) यो धर्मशास्त्रमा कतै सिकाइएको छैन । (२) यो माथि देखाइए अनुसार मध्यवर्ती अवस्थाको सम्बन्धमा धर्मशास्त्रको शिक्षासँग विरोधाभासपूर्ण छ । (३) यो ख्रीष्टको क्षमाको प्रभाव जसमा पाप सफा गर्न र आत्मालाई शुद्ध पार्न अस्थायी पीडाको प्रभाव, मास समारोहको बलिदान र मृतकको लागि प्रार्थना गर्ने अभ्यास, आदि जस्ता गैर-इसाई विश्वासहरूमा आधारित छ ।

**खण्ड - २ भविष्यमा अन्तिम दिनमा, जो अझै जीवित छन्, तिनीहरूले मृत्युको अनुभव गर्ने छैनन् तर परिवर्तनबाट गुज्रने छन् ।[584] र सबै**

---

[584] १ थेसलोनिकि ४:१७; १ कोरिन्थी १५:५१, ५२ ।

**बितिसकेकाहरू पुनरूत्थान हुनेछन्, उही भौतिक शरीरहरूका साथ जुन तिनीहरूसँग पहिले थियो (यद्यपि तिनीहरूका गुणहरूमा केही परिवर्तनसहित त्यो हुनेछ) र यी शरीरहरू सधैँका लागि तिनीहरूका आत्माहरूसँग पुनर्मिलन हुनेछन् ।[585]**

## खण्ड - ३ अन्यायीहरूका शरीरहरू, ख्रीष्टको शक्तिद्वारा, अपमानको लागि उठ्नेछन्: धर्मीहरूको शरीर, उहाँको आत्माद्वारा, सम्मानको लागि र उहाँको आफ्नै महिमित शरीरको अनुरूप बनाइयोस् ।[586]

ख्रीष्टको शक्तिको माध्यमबाट अधर्मीहरूका शरीरहरू अपमानको सामना गर्न बौरी उठाइने छन्, जबकि धर्मीहरूको शरीर ख्रीष्टको आत्माको प्रभावद्वारा सम्मानको लागि उठाइने छन् । तिनीहरू ख्रीष्टको महिमित शरीरसँग मिल्दोजुल्दो रूपमा रूपान्तरित हुने छन् ।

यी खण्डहरूले यी कुराहरू सिकाउँछन् :

१. त्यो अन्तिम दिनमा सबै मृतकहरूको एकैसाथ पुनरूत्थान हुनेछ, दुवै धर्मी र अधर्मीहरू ।

२. तब पृथ्वीमा बाँच्नेहरू मर्ने छैनन् तर परिवर्तित हुने छन् ।

३. पृथ्वीमा गाडिएका शरीरहरू बौरी उठाइएर तिनीहरूको आत्मासँग पुनर्मिलन हुने छन् । यद्यपि तिनीहरूका गुणहरू परिवर्तन हुनेछन्, तिनीहरूको पहिचान सुरक्षित हुने छ ।

४. विश्वासीहरूको शरीर ख्रीष्टको महिमित शरीर जस्तै बनाइने छ - "एक आत्मिक शरीर ।"

५. अधर्मीहरूको शरीर अपमानको लागि उठाइने छ ।

१. त्यो अन्तिम दिनमा सबै मृतकहरूको एकैसाथ पुनरूत्थान हुने छ, दुवै धर्मी र अधर्मीहरू: " पृथ्वीको धुलोमा सुतेका भीडहरू उठ्ने छन्, केही अनन्त जीवनको लागि र अरूहरू चाहिँ शर्म र अनन्त तिरस्कारको लागि । "दानिएल

---

[585] अय्युब १९:२६, २७; १ कोरिन्थी १५:४२-४४ ।
[586] प्रेरित २४:१५; यहुन्ना ५:२८-२९; १ कोरिन्थी १५:४३; फिलिप्पी ३:२१ ।

१२:२ ।" "यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्ने छन् र बाहिर निस्कि आउने छन्: सुकर्म गर्नेहरू जीवनको पुनरूत्थानको निम्ति र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरूत्थानको निम्ति ।" युहन्ना ५:२८-२९ । दुबै समूहहरूले एकै समयमा न्यायको सामना गर्ने छन्, तिनीहरूको पुनरूत्थानपछि, जब प्रभु दोस्रो पटक फर्कनु हुन्छ । धर्मीहरूलाई दायाँपट्टि राखिने छ, भेडाको रूपमा चिन्ह लगाइने छ, जबकि दुष्टहरूलाई बाख्राको रूपमा चित्रण गरिने छ ।" "तब यिनीहरू अनन्त दण्डको भागी हुने छन् तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्ने छन् ।" मत्ती २५:३१-४६; रोमी २:६-१६; २ थेसलोनिकी १:६-१०; प्रकाश २०:११-१५ ।

२. जो जीवित छन् र प्रभुको आगमन सम्म रहिरहनेहरू पहिले नै सुतिरहेकाहरू भन्दा अगाडि हुने छैनन् । प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौँ र प्रभुको पुनरागमनसम्म बाँचिरहनेछौँ, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्ने छैनौँ ।[16] किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुने छ र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्ने छन् ।[17] तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिने छौँ र यसरी हामी सधैँ प्रभुसँग रहने छौँ ।" १ थेसलोनिकी ४:१५-१७ । "हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौँ तर हामी सबैको परिवर्तन हुने छ, एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा । किनभने, तुरही बज्ने छ र मृतकहरू अविनाशी भएर जीवित हुने छन् । अनि हाम्रोचाहिँ परिवर्तन हुने छ ।" १ कोरिन्थी १५:५१-५२ ।

३. पृथ्वीमा गाडिएका शरीरहरू बौरी उठाइने छन् र तिनीहरूको आत्मामा पुन: मिलाइने छ - तिनीहरूको पहिचान सुरक्षित रहने छ, यद्यपि तिनीहरूका केही गुणहरू परिवर्तित हुने छन् । यो स्पष्टसँग धर्मशास्त्रमा घोषणा गरिएको छ ।" हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुने छ ।" फिलिप्पी ३:२१ । "यस विनाशी स्वभावले अविनाशी र यस मरणशील शरीरले अमरत्त्व धारण गर्नुपर्छ ।" १ कोरिन्थी १५:५३-५४ "चिहानमा

हुनेहरू सबैले उसको सोर सुन्ने छन्, " युहन्ना ५:२८ । "तिनीहरू जो सुतेका छन्, ख्रीष्टमा मरेकाहरू बौरी उठ्ने छन् ।" १ थेसलोनिकी ४:१३-१७ । हाम्रा शरीरहरू अब ख्रीष्टका सदस्यहरू हुन् र तिनीहरू उहाँको पुनरूत्थानसँग मिल्दोजुल्दो रूपमा उठाइनेछन्, जुन किल्ला र भालाको चोटद्वारा उहाँको समान शरीर भएको हो भनि हामीलाई थाहा छ । चालीस दिनसम्मको अन्तरालमा यो देखियो र भोगीयो जसले यो तथ्यलाई पुष्टि गऱ्यो । लुका २४:३९; प्रेरित १:३; १ कोरिन्थी १५:४ ।

जन्म र मृत्युको बिचमा मानव शरीरको भौतिक तत्त्व र स्वरूपमा धेरै परिवर्तनहरू हुन्छन् । यद्यपि, यो निर्विवाद छ कि यो सम्पूर्ण अवधिमा शरीर एउटै अस्तित्त्वमा रहन्छ । परमेश्वरको वचनको अख्तियार अनुसार यो स्वीकार गर्न गाह्रो छैन कि समय बित्दै जाँदा र यसले अनुभव गरेको वस्तु वा रूपमा भएका सबै परिवर्तनहरूको बाबजुद पुनरूत्थान भएको शरीर मृत्युको शरीरसँग जस्तै हुने छ जुन जन्मदाको शरीर जस्तै हुने छ ।

४. यी परिवर्तनहरू निसन्देह धेरै महान् हुनेछन् । विश्वासीको शरीर "ख्रीष्टको महिमित शरीर जस्तै" बनाइन्छ । फिलिप्पी ३:२१ मानिसको शरीर अब "एक प्राणीको शरीर" हो । हालको मानव शरीरलाई प्रायः "पशु शरीर" भनिन्छ, जुन दु:खलाग्दो "प्राकृतिक शरीर" को रूपमा अनुवाद गरिएको छ (१ कोरिन्थी १५:४४) । यो मानिसको वर्तमान चाहना अनुरूप छ; बौद्धिक, नैतिक, सामाजिक र आत्मिक विकासको वर्तमान अवस्थाहरू अनुरूप र ऊ बसोबास गर्ने संसारको भौतिक अवस्थाहरू अनुरूप छ । तर "शरीर र रगत" - हड्डी, मांसपेशी र स्नायु - "स्वर्गका राज्यको हकदार हुन सक्दैन न त विनाश अविनाशको हकदार हुन सक्छ ।" १ कोरिन्थी १५:५० । तर यो "परिवर्तित हुनेछ ।" यो पुरानो शरीरलाई नयाँसँग बदल्ने नभई पुरानोलाई नयाँमा रूपान्तरण गर्ने रूपमा । जसरी एउटा बीउले नयाँ जीवलाई जन्म दिन्छ, त्यसैगरी नाशवानले पनि अविनाशीलाई जन्म दिन्छ । किनभने "त्यहाँ प्राणीको छ र त्यहाँ आत्मिक शरीर छ ।" आत्मिक शरीर अझै पनि भौतिक शरीर र बिलकुल समान हुनेछ जुन कुनै समय प्राणीको रूपमा थियो । तर यो "मानिसहरूको आत्माले सिद्ध बनाएको" नयाँ आवश्यकताहरूमा उपयुक्त हुनेछ; तिनीहरूको विकासको नयाँ चरणमा जुन बौद्धिक र आत्मिक

हो; तिनीहरूको सामाजिक सम्बन्धमा र "नयाँ स्वर्ग र नयाँ पृथ्वी, जसमा धार्मिकताले वास गर्छ ।" यसको भौतिक अवस्थाहरूमा । २ पत्रुस ३:१२-१३।

५. अधर्मीहरूको शरीरलाई अपमानको लागि उठाइनेछ । "चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन् र बाहिर निस्किआउनेछन् । सुकर्म गर्नेहरू जीवनको पुनरूत्थानको निम्ति र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरूत्थानको निम्ति ।" युहन्ना ५:२८-२९ ।

## प्रश्नहरू

१. पहिलो खण्डमा सिकाइएको पहिलो प्रस्ताव के हो ?

२. त्यहाँ सिकाइएको दोस्रो प्रस्ताव के हो ?

३. त्यहाँ सिकाइएको तेस्रो प्रस्ताव के हो ?

४. त्यहाँ सिकाइएको चौथो प्रस्ताव के हो ?

५. त्यहाँ सिकाइएको पाँचौँ प्रस्ताव के हो ?

६. धर्मशास्त्रले मानव स्वभावको द्वितीयतालाई हल्का रूपमा लिन्छ भनेर प्रमाणित गर्नुहोस् ।

७. तिनीहरूले मृत्युलाई कसरी परिभाषित गर्छन् ?

8. मृत्युपछि शरीरको के हुन्छ ?

९. यस विषयमा धर्मशास्त्रले के प्रकाश पार्छ ?

१०. विश्वासीहरूको मृत्युपछि तुरुन्तै तिनीहरूको आत्मामा कस्तो प्रमुख परिवर्तन हुन्छ ?

११. मृत्यु र पुनरूत्थानको बिचमा विश्वासी र अविश्वासी दुवैको आत्मा कुन अवस्थामा रहन्छ ?

१२. विश्वासीहरू मृत्युपछि तुरुन्तै जाने ठाउँको बारेमा हामीलाई के सिकाइएको छ ?

१३. मृत्युपछि अविश्वासीहरू जाने ठाउँको बारेमा हामीलाई के सिकाइएको छ ?

१४. यी मध्ये कुनै पनि वर्गको अवस्था उल्टाइने वा आदानप्रदान हुने छ ?

१५. कुन सन्दर्भमा यी राज्यहरू अन्तिम होइनन् तर मध्यवर्ती हुन् ?
१६. विश्वासीहरूका आत्माहरू मृत्यु र पुनरूत्थानको बीचमा सचेत, सक्रिय, खुसी र ख्रीष्टसँग छन् भनि धर्मशास्त्रमा दिइएको प्रमाण बताउनुहोस् ।
१७. अविश्वासीका आत्माहरू चेतनशील, सक्रिय, यातनामा र मृत्यु पछि तुरुन्तै नरकमा शैतानहरूसँग छन् भन्ने प्रमाणहरू बताउनुहोस् ।
१८. पीडापूर्ण स्थानको रूपमा धर्मशास्त्रले के सिकाउँछ ?
१९. यस सम्बन्धमा "माथि" र "तल", "मुनि" र "माथि" शब्दहरूले के बुझ्नुपर्छ ?
२०. ख्रीष्ट र बितेक धन्यका व्यक्तिहरू भेला हुने वर्तमान स्थानको बारेमा तिनीहरूले के सिकाउँछन् ?
२१. भावी स्थानमा आनन्दको चित्रणका रूपमा तिनीहरूले के सिकाउँछन् ? र यस विषयसँग सम्बन्धित खण्डहरू बताउनुहोस् ।
२२. रोमन मण्डलीले ‘लिम्बस प्याट्रम’ र ‘लिम्बस इन्फ्यान्टम’ बारे के सिकाउँछ ?
२३. तिनीहरूले को को तुरुन्तै नरकमा जान्छन् र को को तुरुन्तै स्वर्गमा जान्छन् भनि सिकाउँछन् ?
२४. तिनीहरूले पर्गाटरी बारे के सिकाउँछन् ?
२५. यस विषयमा उनीहरूको सिद्धान्तलाई अस्वीकार गर्ने कारणहरू बताउनुहोस् ।
२६. खण्ड २ र ३ मा सिकाइएको पहिलो प्रस्ताव के हो ?
२७. त्यहाँ सिकाइएको दोस्रो प्रस्ताव के हो ?
२८. तेस्रो प्रस्ताव के हो ?
२९. चौथो प्रस्ताव के हो ?
३०. पाँचौँ प्रस्ताव के हो ?
३१. धर्मी र अधर्मीहरूको पुनरूत्थान एक साथ हुनेछ भनि धर्मशास्त्रबाट प्रमाणित गर्नुहोस् ।
३२. ख्रीष्टको दोस्रो आगमनको समयमा बाँच्नेहरू र मर्ने छैनन् तर "परिवर्तित" हुने छन् भनि प्रमाणित गर्नुहोस् ।

३३. कि पृथ्वीमा राखिएको शरीर फेरि बौरी उठ्नेछ भनि धर्मशास्त्रबाट प्रमाणित गर्नुहोस् ।

३४. प्रमाणित गर्नुहोस् कि ख्रीष्ट त्यही आफ्नै शरीरमा बौरि उठ्नुभयो ।

३५. शारीरिक रूप र भौतिक तत्त्वहरूको रूपमा परिवर्तनले यसको वास्तविक पहिचानलाई हानी गर्दैन भनेर प्रमाणित गर्नुहोस् ।

३६. पुनरूत्थान भएको शरीरको प्रकृति कस्तो हुनेछ ?

३७. यो ख्रीष्टको महिमित शरीर जस्तै बनाइनेछ भनि प्रमाणित गर्नुहोस् ।

३८. "प्राकृतिक शरीर" र "आत्मिक शरीर" शब्दहरूको अर्थ के हो ?

३९. अविश्वासीहरूको शरीर अपमानको लागि बौरी उठाइने छ भनि प्रमाणित गर्नुहोस् ।

# अध्याय ३३
# (CHAPTER XXXIII)
# अन्तिम न्यायका बारेमा
# (OF THE LAST JUDGEMENT)

**खण्ड - १ परमेश्वरले एक दिन तोक्नुभएको छ जसमा उहाँले धार्मिकतामा येशु ख्रीष्टद्वारा संसारको न्याय गर्नुहुनेछ ।[587] जसलाई पिताबाट सबै अधिकार र न्यायको भूमिका दिइएको छ ।[588] यस दिन, विद्रोही स्वर्गदूतहरूको मात्र न्याय हुनेछैन[589] तर पृथ्वीमा बस्ने सबै मानिसहरू पनि ख्रीष्टको न्यायको आसनको अगाडि खडा हुने छन् । तिनीहरूले आफ्ना विचारहरू, शब्दहरू र कार्यहरूको लेखा दिनुपर्नेछ र तिनीहरूको शरीरमा रहँदा जे गरे त्यसको आधारमा न्याय पाउने छन्, चाहे ती कार्यहरू असल हुन् वा खराब हुन् ।[590]**

**खण्ड - २ परमेश्वरले यो दिन तय गर्नुको कारण चुनिएकाहरूको अनन्त मुक्तिको माध्यमबाट उहाँको कृपामय महिमा प्रकट गर्नु हो र दुष्ट र अनज्ञाकारी अधर्मीहरूलाई नरकको भागिदार बनाएर उहाँको न्याय प्रदर्शन गर्नु हो । किनकि तब धर्मीहरू अनन्त जीवनमा प्रवेश गर्नेछन् र प्रभुको उपस्थितिमा पूर्ण आनन्द र नवीकरणको अनुभव गर्नेछन् । तर दुष्टहरू जसले परमेश्वरलाई चिन्दैनन् र येशु ख्रीष्टको सुसमाचारलाई पालन गर्दैनन्, तिनीहरूलाई अनन्तको यातनाहरूमा फ्याँकिने छ र तिनीहरूलाई अनन्त विनाशको सजाय दिइने छ, प्रभुको उपस्थितिबाट हटाइने छ र उहाँको शक्तिशाली महिमाबाट अलग गरिने छ ।[591]**

---

[587] प्रेरित १७:३१ ।
[588] यहुन्ना ५:२२, २७ ।
[589] १ कोरिन्थी ६:३; यहुदा ६; २ पत्रुस २:४ ।
[590] २ कोरिन्थी ५:१०; उपदेशक १२:१४; रोमी २:१६; १४:१०, १२; मत्ती १२:३६, ३७ ।
[591] मत्ती २५:२१; प्रेरित ३:१९; २ थेसलोनिकी १:७-१० ।

यी खण्डहरूले यी कुराहरू सिकाउँछन् -

१. सार्वभौमिक न्यायको लागि परमेश्वरले एक दिन तोक्नुभएको छ ।

२. उहाँले यो न्यायलाई ईश्वर-मानवको हातमा सुम्पनुभएको छ जो आफ्नो चरित्रमा मध्यस्थकर्ताको रूपमा हुनुहुन्छ ।

३. न्याय गरिनु पर्ने व्यक्तिहरूमा पतित स्वर्गदूतहरू र धर्मी र दुष्टहरूसहित सम्पूर्ण मानवजाति नै समावेश छन् ।

४. यी व्यक्तिहरूलाई तिनीहरूका सम्पूर्ण विचार, शब्द र कामको आधारमा न्याय गरिने छ ।

५. यस दिनलाई नियुक्त गर्नुमा अधर्मीहरूको सजायमार्फत उहाँको महिमित न्यायलाई प्रकट गर्ने र विश्वासीहरूको महिमित गरेर उहाँको महिमित अनुग्रहलाई प्रदर्शन गर्ने उहाँको महान् उद्देश्य छ ।

६. धर्मीहरूले प्रभुको उपस्थितिमा प्रवेश गर्ने विशेषाधिकार प्राप्त गर्ने छन्, जहाँ तिनीहरूले सचेत रूपमा अनन्त पवित्रता, आनन्द र सम्मानको अनुभव गर्ने छन् ।

७. अधर्मीहरूलाई शैतान र उसका दूतहरूसँग एक ठाउँ तोकिएको छ जहाँ तिनीहरूले सचेत अवस्थामा अनन्तकालको लागि पीडा र लाज सहनुपर्ने छ ।

१. यो स्वभाविक कारण र अन्तस्करणमा आधारित एक आधारभूत विश्वास हो, कि कुनै तरिकामा, औपचारिक वा अनौपचारिक रूपमा, व्यक्तिगत वा सामूहिक रूपमा, परमेश्वरले आफ्नो नैतिक अख्तियारमा रहेका सबैलाई उनीहरूको चरित्र र कार्यहरूको लागि जवाफदेही बनाउनुहुनेछ । यो स्पष्ट छ - भजनसंग्रह ७३ का लेखकले घोषणा गरेझैँ र अन्य धेरै अन्योलमा परेका आत्माहरू सोचेझैँ – यो संसारमै रहँदा मानिसहरूमाथि न्याय हुँदैन । यी सबै कुराले भविष्यमा परमेश्वरले बिग्रिएको सन्तुलनलाई मिलाउनुहुने छ र सबै मानिसहरूलाई कडा रूपमा आफ्नो लेखा दिनको लागि बोलाउनुहुनेछ भन्ने सम्भावनालाई सङ्केत गर्दछ । तर्क र विवेकको यो अनुमानलाई परमेश्वरको वचनमा एक वास्तविकताको रूपमा पुष्टि गरिएको छ र स्थापित गरिएको छ । यसबाहेक, यो व्याख्या गरिएको छ कि मानिस र स्वर्गदूत दुवैको यो न्याय विश्वव्यापी हुनेछ र एकै समयमा हुनेछ, सबै भविष्यमा एक निश्चित पूर्व निर्धारित

दिनमा यो कार्य गरिने छ । "यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ । किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नु हुनेछ । उनलाई मृतकबाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ ।" प्ररित १७:३०-३१; रोमी २:१६; मत्ती २५:३१-४६ ।

२. यस महत्त्वपूर्ण समयमा न्यायकर्ता पूर्ण रूपमा परमेश्वर मात्र नभई उहाँको सेवकाइमा मध्यस्थ राजाको रूपमा ईश्वर-मानव हुनुहुन्छ । यो भनिएको छ कि सबै न्याय उहाँको स्वामित्वमा नभई पिताले उहाँलाई सुम्पनुभएको हो । युहन्ना ५:२२-२७ । न्यायाधीशको रूपमा उहाँलाई "मानिसको पुत्र" र " परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति" भनिएको छ । मत्ती ३५:३१-३२; प्रेरित १७:३१ । उहाँले "राजा" र शिरको रूपमा पृथ्वीमा बसेका उहाँका सदस्यहरूको न्याय गर्नुहुन्छ । "किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ । म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्ने छन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ ।' मत्ती २५:३५-४० । र यसरी मध्यस्थ राजाको रूपमा उहाँले आफ्ना शत्रुहरूको विनाश गर्नुहुनेछ, आफ्ना मित्रहरूको पूर्ण उद्धार गर्नुहुनेछ र "सबै कुराको पुनर्स्थापना" गर्दै आफ्नो काम पूरा गर्नुहुनेछ । २ थेसलोनिकी १:७-१०; प्रकाश १:७; प्रेरित ३:२१ ।

३. न्याय गरिने व्यक्तिहरूमा हरेक पुस्ताका सबै मानिसहरू समावेश हुने छन् । प्रत्येक व्यक्ति तिनीहरूको पुनरूत्थानपछि, तिनीहरूको आत्मा र शरीर दुवै समावेश गरी पूर्ण रूपमा पुनर्स्थापित गरी देखा पर्नेछ । मरेकाहरूका सबै पुस्ताहरू बौरी उठ्ने छन् र त्यसपछि जीवितहरू "परिवर्तित" हुनेछन् । "उहाँको सामु सबै राष्ट्रहरू भेला हुने छन् ।" "हामी सबै सुत्दैनौँ तर हामी सबैको परिवर्तन हुनेछ; तुरही बज्नेछ र मृतकहरू अविनाशी भएर जीवित हुने छन् । अनि हाम्रोचाहिँ परिवर्तन हुने छ ।" "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा

खराब प्रतिफल पाउने छ ।" "मैले ठुला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखेँ । समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले । तिनीहरू प्रत्येकको आ-आफ्ना कामअनुसार इन्साफ भयो । मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए ।" मत्ती २५:३१-४०; १ कोरिन्थी १५:५१-५२; २ कोरिन्थी ५:१०; १ थेसलोनीकी ४:१६; प्रकाश २०:११-१५ । सबै दुष्ट स्वर्गदूतहरू पनि यस न्यायमा उपस्थित हुनुपर्ने छ ।" आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठुलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ" यहुदा ६:२ पत्रुस २:४ । असल स्वर्गदूतहरू सेवकहरूको रूपमा यसमा संलग्न हुने छन् । मत्ती १३:४१-४२; २ थेसलोनीकी १:७-८ ।

४. न्याय बाहिरी उपस्थिति, गवाही, तथ्यहरूको सीमित ज्ञान, व्यवस्थाको प्राविधिक कुराहरूको आधारमा, हृदयको अवस्थाबाट अलग गरिएको विशेष कार्यहरू र तिनीहरूलाई प्रेरित गर्ने उद्देश्यहरूमा भर पर्दैन । व्यवस्थाविना पाप गर्ने अविश्वासीहरूलाई "व्यवस्थाविना न्याय गरिनेछ" अर्थात, अलौकिक रूपमा प्रकट भएको व्यवस्था नभई हृदयमा लेखिएको व्यवस्थाद्वारा, जसले गर्दा तिनीहरू आफ्ना निम्ति आफै व्यवस्था हुन्छन् । लुका ७:४७-४८; रोमी २:१२-१५ । यहुदीको सन्दर्भमा "व्यवस्थामुनि रहेर पनि पाप गर्नेहरूको इन्साफ व्यवस्थाद्वारा नै हुनेछ (रोमी २:१२) ।" सुसमाचारको प्रबन्धमा बाँचेका प्रत्येक व्यक्तिलाई सुसमाचारको अनुसार नै न्याय गरिने छ (हिब्रू २:२-३; १०:२८-२९) । हामीलाई बाहिरी रूप अनुसार न्याय नगर्न भनिएको छ (युहन्ना ७:२४) र यसैले "तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख । उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुने छ र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुने छ । तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउने छ (१ कोरिन्थी ४:५; उपदेशक १२:१४) । "कुनै कुरा लुकाएर राख्न सकिँदैन जो प्रकट हुँदैन, अनि कुनै कुरा गुप्तमा रहँदैन जो थाहा लाग्दैन वा प्रकाशमा आउँदैन (लुका ८:१७; १२:२-३; मर्कुस ४:२२) ।" यो उहाँका शत्रुहरूको

दण्डमा परमेश्वरको धार्मिकता र उहाँका मानिसहरूको पवित्रीकरणमा उहाँको महिमित अनुग्रह प्रकट गर्नको लागि गरिने छ ।

सन्तहरू न्यायको दिनमा तिनीहरूको आफ्नै असल कामहरूको आधारमा निर्दोष हुनेछैनन् तर तिनीहरूको नाम "जीवनको पुस्तकमा लेखिएको" वा परमेश्वरको चुनिएको प्रेमको पुस्तक र ख्रीष्टको धार्मिकतामा तिनीहरूको सहभागिताको आधारमा पाइन्छ । तिनीहरूको असल कामहरू ख्रीष्टसँगको तिनीहरूको एकताको प्रमाणको रूपमा सार्वजनिक रूपमा स्वीकार गरिने छ । तिनीहरूको ख्रीष्टसँगको एकता तिनीहरूको न्यायको आधार हो । तिनीहरूको ख्रीष्टसँगमा भएको विश्वास तिनीहरूको एकताको माध्यम हो र तिनीहरूको विश्वास, प्रेरित याकुबले भनेझैँ, तिनीहरूका कामहरूद्वारा देखिने छ (फिलप्पी ४:३; प्रकाश ३:५; १३:८; २०:१२-१५) ।

५. लुकेका सत्यहरूको यो प्रकटीकरण र चरित्रको प्रदर्शनमा परमेश्वरको प्राथमिक उद्देश्य, विशेष गरी उहाँको सृष्टिको बारेमा उहाँको अन्तिम निर्णयको सन्दर्भमा, नैतिक शासक र उद्धारकर्ताको रूपमा उहाँको आफ्नै उत्कृष्ट गुणहरूलाई प्रकट गर्नु हो । छुटकारा पाएकाहरू सदासर्वदाको लागि "कृपाका पात्रहरू" हुन्  ताकि तिनीहरूमा "उहाँको महिमाको सम्पत्तिहरू प्रकट हुन सकून्" भनेर तिनीहरू पहिले नै तयार पारिएका छन् ।  र त्यसरी नै अधर्मीलाई उहाँको धार्मिक क्रोध देखाउन र "उहाँको शक्ति प्रकट गर्न" "क्रोधका पात्रहरू" को रूपमा प्रदर्शन गरिन्छ । रोमी ९:२२-२३ । सृष्टिको प्रारम्भिक कार्यमा परमेश्वरको मुख्य उद्देश्य उहाँको आफ्नै उत्कृष्ट गुणहरू प्रकट गर्नु थियो भनि अध्याय ४, खण्ड १ अन्तर्गत पहिले नै प्रमाणित भइसकेको छ । यदि सृष्टिको मौलिक कार्यमा उहाँको यो उद्देश्य थियो भने पक्कै पनि यो पछि आउने प्रत्येक चरणको कार्यहरूमा उहाँको उद्देश्य यही नै रहिरहन्छ ।

६. न्यायको अन्त्यमा तुरुन्तै धर्मीहरू, सम्मानजनक रूपमा निर्दोष भई प्रभुको उपस्थितिमा प्रवेश पाउने छन्, जससँग तिनीहरू सधैँ सचेत र उच्च आनन्द, उत्कृष्टता र सम्मानको अवस्थामा निरन्तर अनन्त र कहिल्यै अन्त्य नहुने अनन्तकाल भरिका लागि रहिरहने छन् । धर्मशास्त्रले सन्तहरूको धन्य अवस्थाको बारेमा यी कुराहरू सिकाउँछन्: (१) तिनीहरू आशिष् पाएका छन्,

किनभने तिनीहरू पापबाट पूर्ण रूपमा मुक्त छन् र तिनीहरू परमेश्वर र ख्रीष्टसँग छन् र  संयुक्त उत्तराधिकारीको रूपमा ख्रीष्टको महिमामा साझेदारी हुने छन् (युहन्ना १७:२४; रोमी १७; १ थेसलोनिकी ४:१७; प्रकाश २१:३) । (२) यो राज्य सबै प्रकारका दुष्टताबाट मुक्त हुने छ (प्रकाश २१:४), कल्पनाभन्दा बाहिरको अविश्वसनीय रूपमा उच्च स्तरको आशिष् यसमा समावेश हुने छ (१ कोरिन्थी २:९) र यो उच्च प्रकृतिको हुने छ (कलस्सी १:१२) । (३) यो सदाकालका लागि कहिल्यै समाप्त नहुने गरी रहिरहने छ । यसलाई "अनन्त जीवन," "सदाकालको जीवन", "महिमामय अनन्तता," "अनन्तको मुक्ति," "एक अनन्तको राज्य" र " एक अनन्तको उत्तराधिकार" भनि भनिएको छ (मत्ती १९:१६; २९; २५:४६; रोमी २:७; २ कोरिन्थी ४:१७; हिब्रू ५:९; २ पत्रुस १:११; १ पत्रुस १:४; हिब्रू ९:१५) ।

रोमी ८:१९-२३, २ पत्रुस ३:५-१३ र प्रकाश २१:१ जस्ता खण्डहरूलाई आधार मानेर हेर्दा धर्मशास्त्रमा वर्णन गरिएझैँ पृथ्वीले र यसमा भएका सबै प्राणीहरूले ठुलो आगोको विनाशलाई अनुभव गरेपछि न्यायको समयमा यो "नयाँ स्वर्ग" र "नयाँ पृथ्वी" को रूप नवीकरण हुने सम्भावना देखिन्छ र यो नवीकरण गरिएको संसार, ख्रीष्ट र उहाँको मण्डलीको लागि सदाकालको महिमित बासस्थानको रूपमा परिणत हुने छ ।

७. दोषीलाई तुरुन्तै शैतान र त्यसका स्वर्गदूतहरूको लागि तयार गरिएको ठाउँमा लगिनेछ (मत्ती २५:४१) र त्यहाँ एक बिल्कुल अनन्त अनन्तको लागि पीडा र लाज को सचेत सहनशीलता मा जारी छ ।

अधर्मीहरू तुरुन्तै शैतान र त्यसका स्वर्गदूतहरूको लागि तयार गरिएको ठाउँमा पठाइने छ (मत्ती २५:४१) र त्यहाँ तिनीहरूले अनन्तकालका लागि कहिल्यै नसकिने पीडा र शर्म सहने छन् ।

नयाँ नियममा, सबैभन्दा शक्तिशाली ग्रीक शब्दहरू हराएकाहरूको सजाय र पीडाको कहिल्यै अन्त्य नहुने प्रकृतिलाई व्यक्त गर्न प्रयोग गरिएको छ । ग्रीक शब्दहरू (aion, aionios र aidios) एयन, एयनियोस र एइडियोस दुबै परमेश्वर (१ तिमोथी १:१७; रोमी १:२०; रोमी १६:२६), ख्रीष्ट (प्रकाश १:१८) र पवित्र आत्माको (हिब्रू ९:१४) अनन्त अस्तित्व साथै सन्तहरूको अनन्त आनन्द (युहन्ना ६:५८; मत्ती १९:२९; मत्ती २५:३०, आदि )  र हराएको पीडाको अनन्त अवधिलाई वर्णन गर्न

प्रयोग गरिएको छ । (मत्ती २५:४६; यहुदा ६) । यसबाहेक "निभाउन नसकिने आगो," "ननिभ्ने आगो," "कहिल्यै नमर्ने कीरा," "अनन्तको खाडल", " एक-एक पैसा चुक्ता नगरुञ्जेल उम्कने छैनौँ" र " यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहने छ" जस्ता वाक्यांशहरू प्रयोग गरेर उनीहरूको अवस्थालाई निरन्तर रूपमा वर्णन गरिएको छ । लुका ३:१७; मर्कुस ९:४५,४६; प्रकाश ९:१; मत्ती ५:२६; प्रकाश १४:१०, ११ । क्षमा गर्न नसकिने पापको बारेमा ख्रीष्टले, "न त यस युगमा न त आउनेवाला युगमा" यसलाई क्षमा दिइनेछ भनि भन्नुभयो । मत्ती १२: ३२ ।

सम्पूर्ण इसाई मण्डली, चाहे ग्रीक होस् वा रोमन अथवा लुथरन होस् वा सुधारवाद मण्डली,  निन्दनिय दण्ड र पीडा अनन्तसम्म रहिरहनेछ भन्ने विश्वासलाई सर्वसम्मतिले पुष्टि गरेको छ ।

तथापि, केही व्यक्तिहरू र ईश्वर निन्दा गर्ने समूहहरूले यस विश्वासलाई अस्वीकार गरेका छन् र यसको ठाउँमा निम्न वैकल्पिक अवधारणाहरू प्रतिस्थापन गरेका छन्:

(१) प्रकाश २०:१४ मा उल्लेख गरिएको "दोस्रो मृत्यु" जसमा दुष्टहरू तिनीहरूको न्याय पछि, अधीनमा ल्याइन्छन् भनिएको छ, कतिले त्यसलाई तिनीहरू पूर्ण रूपमा र सदाका लागि विनाश हुन्छन्, भनि विश्वास गर्छन्, अर्थात सर्वनाश annihilation हुन्छ भनि मान्दछन् । तर धर्मशास्त्रले हराएकाहरूको भविष्य बारे सधैँ निरन्तर रूपमा सदाकालको लागि सचेत पीडादायक अवस्थामा हुन्छन् भन्ने कुरा गर्छ । "कीरा मर्दैन,"  "अनन्तको आगो," "निभाउन नसकिने आगो", "रुवाई र दारा किटाई", " यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ र तिनीहरूलाई न त दिनमा आराम मिल्छ न त रातमा ।"

(२) अर्को अवधारणाले यो मान्छ कि ढिलो होस् वा चाँडो, परमेश्वरले सबै पापीहरूको पश्चात्ताप र परिणामस्वरूप सुधार र पुनर्स्थापनालाई सुरक्षित गर्नुहुनेछ, यति कि शैतानको पनि । यो नतिजा या त लामो तर अस्थायी पीडाको शुद्धिकरणको प्रभावहरू मार्फत वा अन्य नैतिक प्रभावहरू मार्फत प्राप्त हुने आशा गरिन्छ जुन परमेश्वरले उनीहरूलाई अर्को संसारमा तिनीहरूमा लागु गर्नुहुनेछ । तर याद गर्नुहोस् - (क) मानौँ त्यो पीडाले दोषबाट मुक्त गराएता पनि त्यसले आत्मालाई अशुद्धताबाट शुद्ध गर्नसक्दैन वा आत्मिक जीवनलाई पुनः

प्रज्वलित गर्नसक्दैन । (ख) ख्रीष्टको प्रायश्चित र उहाँको आत्माको पवित्र शक्ति नै मानिसहरूलाई पश्चात्तापमा ल्याउने एकमात्र नियुक्त गरिएको माध्यम हो  र वास्तवमै त्यस उद्देश्यको लागि सबै भन्दा सम्भाव्य माध्यम यही नै हो । अधर्मीहरूको मामिलामा यसलाई अन्ततः अस्वीकार गरिएको छ र यसैले "पापको निम्ति अब उसो अरू कुनै बलिदान रहँदैन तर इन्साफको डरलाग्दो प्रतीक्षा र विरोधीहरूलाई भस्म गर्ने क्रोधको अग्नि मात्र रहनेछ (हिब्रू १०:२६-२७) ।"  (ग) धर्मशास्त्रले यस्तो अन्तिम पुनर्स्थापनाको कुनै पनि सङ्केत प्रदान गर्दैन, चाहे यसको उद्देश्यमा, प्रयोग गरिएका विधिहरू वा प्राप्त परिणामहरू होस् । बरु धर्मशास्त्रले यसको ठीक विपरीत कुरा चाहिँ सत्य हो भनेर सकारात्मक रूपमा पुष्टि गरेको हामीले देख्यौँ ।

**खण्ड - ३ ख्रीष्टले हामीलाई भविष्यको न्यायको दिनको निश्चितातामा दृढ विश्वास गरेको चाहनु हुन्छ । मानिसहरूलाई पाप गर्नबाट निरुत्साहित गर्न र कठिनाइको समयमा धर्मीहरूलाई थप सान्त्वना प्रदान गर्न ।[592]  ख्रीष्टले यो दिनको समय मानिस जातीलाई अज्ञात राख्नुभएको छ ताकि मानिसहरूले आफैलाई सांसारिक सुरक्षाबाट टाँढा राख्न सकुन्, सधैँ सजग रहन सकुन् र प्रभुको आगमन कहिले हुनेछ भन्ने थाहा नभएकोले तम-तयारीमा साथ रहन सकून् । र सधैँ तयारीका साथ यो भन्नको सकून् कि, "आउनुहोस्  प्रभु येशु, छिटै आउनुहोस्, आमेन ।[593]**

यो खण्डले यी कुराहरू सिकाउँछन् -

१. परमेश्वरले भविष्यमा न्याय हुनेछ भन्ने तथ्यलाई पूर्ण रूपमा निश्चित गर्नुभएको छ; ताकि यस ज्ञानले सबै मानिसहरूलाई ठीक उद्देश्य दिएर पाप गर्नबाट रोक्नको सकोस् । र त्यसै समय यसले तिनीहरूको कठिनाइको बिचमा ईश्वरीय मानिसहरूलाई सान्त्वना दिन सकून् । पहिलो विषय-वस्तुको सन्दर्भमा, पावल भन्छन्, "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खडा

---

[592] २ पत्रुस ३:११, १४; २ कोरिन्थी ५:१०,११; २ थेसलोनिकि १:५-७; लुका २१:२७-२८; रोमी ८:२३-२५ ।
[593] मत्ती २४:३६, ४२-४४; मर्कुस १३:३५-३७; लुका १२:३५, ३६; प्रकाश २२:२० ।

हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ । यसकारण प्रभुको भय थाहा गरेर हामी मानिसहरूलाई मनाउँछौँ । तर हामी जस्तो छौँ परमेश्वरले जान्नुहुन्छ र म आशा गर्दछु, त्यो तिमीहरूका विवेकमा पनि प्रष्टै होला ।" २ कोरिन्थी ४:१०-११; अनि पत्रुसले भन्छन्, "यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ ? तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन् र तत्त्वहरू आगोको रापमा पग्लनेछन् (२ पत्रुस ३:११-१२) ।" दोस्रो विषय-वस्तुको सन्दर्भमा, पावल भन्छन्, "परमेश्वर न्यायी हुनुहुन्छ, उहाँले तिमीहरूलाई दुःख दिनेहरूलाई दुःख दिनुहुन्छ र ती कष्ट पाएकाहरूलाई हामीहरूसँगै आराम दिनुहुन्छ । यो तब हुन्छ, जब प्रभु येशु आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ (२ थेसलोनीकी १:६-७) ।"

२. अर्कोतर्फ, यो महान् घटना कुन समयमा हुनेछ भन्ने सम्बन्धमा परमेश्वरले हामीलाई पूर्ण रूपमा अनिश्चिततामा छोडिदिनुभएको छ; ताकि संसारिक सुरक्षा नखोज्नका लागि र उहाँका मानिसहरूलाई सधैँ सतर्क र निरन्तर रूपमा तम-तयार राख्नको लागि । त्यो समयलाई जानाजानी नै अज्ञात राखिएको हो भनेर धर्मशास्त्रमा बारम्बार स्पष्ट रूपमा पुष्टि गरिएको छ । "तर त्यस दिन र घडीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न पुत्रले (मर्कूस १३:३२; मत्ती २४:३६) ।" " तिमीहरू पनि तयार रहो, किनकि तिमीहरूले नचिताएको बेलामा मानिसको पुत्र आउनेछ (लुका १२:४०) ।" "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन (प्रेरित १:७) ।" "प्रभुको दिन त रातमा चोर आएझैँ आउनेछ (१ थेसलोनीकी ५:२; २ पत्रुस ३:१०) ।" "हेर, म चोरजस्तै आउनेछु । त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ । नत्रता त्यो नाङ्गै हिँड्नेछ र त्यसको नग्नता देखिनेछ (प्रकाश १६:१५) ।" दोस्रो आगमनको समय र सन्तहरूलाई राखिएको सामान्य निर्णयको सन्दर्भमा अनिश्चितताको मनोवृत्तिको डिजाइन गरिएको प्रभाव यो हो, कि

तिनीहरूले यसलाई कुनै पनि क्षणमा हुन सक्ने कुराको रूपमा निरन्तर हेर्नुपर्छ । कि तिनीहरूले यसको साथ हेर्नु पर्छ ।

गम्भीर विषय र अझै आनन्दित आत्माविश्वास सँग र यसलाई ध्यानमा राख्दै, कर्तव्यको पालना र पवित्रता प्राप्त गर्न उत्प्रेरित गर्नुहोस् र दुःख मा सान्त्वना दिनुहोस् ।

सन्तहरूलाई दोस्रो आगमन र अन्तिम निर्णयको समयको बारेमा अनिश्चितताको स्थितिमा राख्नुको उद्देश्य तिनीहरूले यसलाई कुनै पनि क्षणमा हुन सक्ने कुराको रूपमा निरन्तर हेरून् अर्थात तिनीहरूले त्यस दिनलाई गम्भीर भएर आनन्दित आत्मविश्वासका साथ पर्खिनु पर्छ । र यसरी हेर्दा उनीहरूलाई आफ्ना जिम्मेवारीहरू पूरा गर्न, पवित्रता प्राप्त गर्न र दुःखको समयमा सान्त्वना पाउन प्रेरणा मिल्दछ । फिलिप्पी ३:२०; कलस्सी ३:४-५; याकुब ५:७ । हाम्रो प्रभुको आगमनलाई प्रेम गर्नु, हेर्नु, पर्खनु र उत्सुकतापूर्वक त्यसको आशा गर्नु तिनीहरूको कर्तव्य पनि हो (लुका १२:३५-३७; १ कोरिन्थी १:७-८; १ थेसलोनिकी १:९-१०; २ तिमोथी ४:८; २ पत्रुस ३:१२; प्रकाश २२:२० ) ।

## प्रश्नहरू

१. यस अध्यायको पहिलो र दोस्रो खण्डमा सिकाइएको पहिलो प्रस्ताव के हो ?
२. त्यहाँ सिकाइएको दोस्रो प्रस्ताव के हो ?
३. त्यहाँ सिकाइएको तेस्रो प्रस्ताव के हो ?
४. चौथो प्रस्ताव के हो ?
५. पाँचौँ प्रस्ताव के हो ?
६. छैठौँ प्रस्ताव के हो ?
७. सातौँ प्रस्ताव के हो ?
८. तर्क र हाम्रो अन्तस्करणले हामीलाई भावी न्यायको उच्च सम्भावनाको रूपमा पर्खननका लागि डोर्‍याउँछ भनि देखाउनुहोस् ।

९. धर्मशास्त्रबाट प्रमाणित गर्नुहोस् कि परमेश्वरले मानिसहरू र स्वर्गदूतहरूको सार्वभौम न्यायको लागि एक निश्चित दिन तोक्नुभएको छ ।
१०. न्यायकर्ता को र कुन चरित्रमा हुनु पर्छ ?
११. माथिको जवाफलाई प्रमाणित गर्नुहोस् ।
१२. न्याय गरिने व्यक्तिहरू को हुन ?
१३. आफ्नो जवाफलाई प्रमाणित गर्नुहोस् ।
१४. असल स्वर्गदूतहरू यस मामिलामा संलग्न छन् ?
१५. कुन व्यवस्थाद्वारा मानिसहरूलाई न्याय गरिन्छ ?
१६. त्यो दिनको जाँच र न्याय कुन हद सम्म गरिन्छ ? कार्यहरूको मात्र जाँच र न्याय हुन्छ, कि मनसाय, भावना र विचारहरूको पनि ?
१७. आफ्नो जवाफलाई प्रमाणित गर्नुहोस् ।
१८. सन्तहरू कुन आधारमा निर्दोष ठहरिनेछन् ?
१९. "जीवनको पुस्तक" के हो ?
२०. अधर्मीहरूसँगको व्यवहारमा र उहाँका सन्तहरूसँगको व्यवहारमा परमेश्वरको महान उद्देश्य के हो ?
२१. आफ्नो जवाफलाई प्रमाणित गर्नुहोस् ।
२२. न्याय पछि तुरुन्तै धर्मीहरू कहाँ जान्छन् ?
२३. तिनीहरू सधैँ ख्रीष्टसँग हुनेछन् भनि प्रमाणित गर्नुहोस् ।
२४. तिनीहरूले पाउने आशिष्को गुण कस्तो हुन्छ र कुन हद सम्म हुन्छ ?
२५. यो सधैँभरि रहिरहने हो भनि प्रमाणित गर्नुहोस् ।
२६. ख्रीष्ट र उहाँका जनहरू अन्तमा कहाँ रहने सम्भावना छ ?
२७. न्याय पछि तुरुन्तै अधर्मीहरू, शैतान र त्यसका दूतहरूको लागि तयार गरिएको ठाउँमा जान्छन् भनि प्रमाणित गर्नुहोस् ।
२८. परमेश्वरको अनन्तता र सन्तहरूको सदाकालको लागि रहिरहने आनन्द व्यक्त गर्न प्रयोग गरिने समान शब्दहरू हराएकाहरूको निरन्तर सचेत पीडा व्यक्त गर्न प्रयोग गरिन्छ भनि प्रमाणित गर्नुहोस् ।

२९. हराएकोहरू अवस्था भनेको कहिल्यै नसकिने अनन्तकालको लागि सचेत पीडा र शर्मको हो भनि अन्य धर्मशास्त्रीय प्रमाणहरूद्वारा बताउनुहोस् ।
३०. यो सिद्धान्त सामान्यतया मण्डलीमा कसरी हेरिन्छ ?
३१. विनाश annihilation विरोधी अवधारणाबारे बताउनुहोस् ।
३२. यसलाई अस्वीकार गर्नुहोस् ।
३३. पुनर्स्थापनाको विरोधी अवधारणा बताउनुहोस् ।
३४. यसलाई अस्वीकार गर्नुहोस् ।
३५. कुन उद्देश्यसाथ परमेश्वरले भविष्यको न्यायको निश्चित तथ्यलाई थाहा दिनुभएको छ ?
३६. धर्मशास्त्रका खण्डहरूद्वारा तपाईको जवाफको तथ्यलाई चित्रण गर्नुहोस् ।
३७. भविष्यको न्यायको समय जानाजान नै खुलासा गरिएको छैन, भनि धर्मशास्त्रबाट प्रमाणित गर्नुहोस् ।
३८. कुन उद्देश्यका लागि मानिसहरूलाई यस विषयमा अनिश्चित राखिएकाछन् ?
३९. विश्वासीहरूले त्यो दिनलाई कुन रूपमा हेर्नुपर्छ ? यसको निरन्तर पर्खाईले उनीहरूलाई कसरी असर गर्नुपर्छ ? र तिनीहरूले त्यस आगमनलाई कसरी पर्खिनुपर्छ ?

सन् १८६८ मा अल्बानीमा भएमा आयोजित महासभाको क्रममालेखकले त्यस सहरको स्टेट स्ट्रिट मण्डलीका पास्टर रेभ. जि. सि. हेकम्यान (डि.डि.) बाट निमन्त्रणा पाएँप्रत्येक आइतबार दिउँसो मण्डलीमा सञ्चालन गरिने एउटा ठूलो र बुद्धिमान् कक्षाको भ्रमण गर्ने निमन्त्रणा प्रापत गरें । त्यो कक्षालाई आदरणीय एल्डर तथा सुसमाचारमा सहकर्मी इ. पी. डुरान्ट, स्काइरले विश्वासको स्वीकारोक्ति सिकाउने गर्नुहुन्थ्यो । ढाँचा तथा सफलता दुवैमा यो अभ्यास विश्वव्यापी रूपमा अनुकरणको योग्य देखियो ।

त्यो कक्षाको उद्देश्य सम्पूर्ण मण्डलीमा परमेश्वरका कुराहरूको अझै उच्च ज्ञान फैलाउनु, अनि हाम्रो आफ्नै सम्प्रदायको धर्मशिक्षा तथा सैद्धान्तिक मानकहरूको अझै जोसिलो र बुद्धिमान् बुझाइ विस्तार गर्नु साथै प्रशासक एल्डर, सबाथ स्कुल र बाइबल कक्षाका शिक्षक र साधारण प्रचारक आदिको महत्त्वपूर्ण जिम्मेवारीका लागि प्रत्येक युगमा यसका उत्तम सदस्यहरूलाई शिक्षित गर्नु रहेको थियो । सदस्यहरूको संख्या, चरित्र, बुद्धिमान् चासो र नियमित उपस्थितिले यसको सफलताको प्रमाण दिएका छन् जुन निकै अद्भुत तथा आनन्ददायी रहिआएको छ ।

त्यही समयमा विश्वासको स्वीकारोक्ति माथिको यो "व्याख्यात्मक टिप्पणी" तयार पार्ने योजना बनेको थियो । यसमा प्रमाणहरू र दृष्टान्तहरूसहित यसका अध्यायहरू र खण्डहरूको विश्लेषण समावेश गरिएको छन् अनि विद्यार्थी र शिक्षक दुवैको सुविधाको लागि प्रश्नहरू पनि दिइएका छन् ।

यो कुनै पनि अर्थमा विवादास्पद छैन । यसले पाठको स्वाभाविक, स्पष्ट र आम रूपमा स्वीकृत अर्थ खोल्ने लक्ष्य राख्छ । यसको उद्देश्य बाइबल कक्षाका विद्वानहरू, ईश्वरशास्त्रका विद्यार्थीहरू, प्रशासक एल्डरहरू र सेवकहरूका माझमा यो ख्रीष्टियन सत्यताको उत्कृष्ठ सँगालोको अध्ययनलाई प्रेरित गर्नु र सहजीकरण गर्नु नै हो । उहाँहरू सबैको निम्ति यो पुस्तक समर्पित गरिन्छ ।

ए. ए. होज

परमेश्वरको वचन... अटल छ
RTF-USA

**www.rtf-usa.com**
**rtfdirector@gmail.com**